मानवअधिकार वर्ष पुस्तक १९९६

यस वर्षको उल्लेख्य - माओवादी जनयुद्ध र मानवअधिकार

मानवअधिकार वर्ष पुस्तक १९९६

(०५२ पुस १७ गतेदेखि ०५३ पुस १६ गतेसम्मका घटनाहरूको संकलन)

With best compliment
from INSEC

इन्सेक
insec
मानवअधिकार र सामाजिक न्यायका निम्ति
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
कलंकी, स्युचाटार
पोष्ट बक्स २७२६, काठमाडौं, नेपाल
फोन नं. २७०७७०, २७८७७०
फ्याक्स : २७०५५१
e-mail: info@insec.wlink.com.np

इन्सेक कार्य समिति

अध्यक्ष
सुशील प्याकुरेल

महासचिव
डा. राजेश गौतम

कोषाध्यक्ष
दिपक काफ्ले

सदस्य
बद्रीप्रसाद खतिवडा
विद्यासागर घिमिरे
सुबोधराज प्याकुरेल
पवनकुमार ओझा

मानवअधिकार वर्ष पुस्तक १९९६

वर्ष पुस्तक समिति

डा. राजेश गौतम

सुबोधराज प्याकुरेल

सम्पादक

नरनाथ लुइँटेल

सम्पादन सहयोगी

कृष्ण गौतम

लेखनाथ भण्डारी

माधव पन्थी

मानवअधिकार वर्ष पुस्तक १९९६

प्रकाशन मिति
०५३ चैत २७ गते

संख्या : तीन हजार प्रति

प्रकाशक :
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

सर्वाधिकार :
इन्सेकमा सुरक्षित

(यस पुस्तकमा प्रकाशित सामाग्री इन्सेकको अनुमति
लिएर श्रोत उल्लेख गरी पुनर्मुद्रण गर्न सकिनेछ)

टाइप सेटिङ :
किरण माली
गोविन्द त्रिपाठी

मूल्य : रु. १५०/-

मुद्रक :
इन्द्रेणी अफसेट प्रेस
बागबजार, फोन २२५९५४

विषय सूची

पृष्ठ संख्या

भूमिका

परिच्छेद

परिच्छेद १	न्यायपालिका र मानवअधिकार १९९६	१
परिच्छेद २	श्री ५ को सरकार र मानवअधिकार १९९६	९
परिच्छेद ३	संसद र मानवअधिकार १९९६	१५
परिच्छेद ४	मानवअधिकार स्थितिको समग्र मूल्यांकन र सुझाव १९९६	३५
परिच्छेद ५	मानवअधिकार उल्लंघन तथ्यांक (१९९२-१९९६)	४१
परिच्छेद ६	वर्ष पुस्तक भित्र यस्ता घटनाहरू पनि छन्	६१

अनुसूची

अनुसूची १	यस वर्षको उल्लेख्य : माओवादी जनयुद्ध र मानवअधिकार	७५
अनुसूची २	यस वर्षको प्रमुख घटना : नेपाल र भारत बीच सम्पन्न महाकाली सन्धि	११५
अनुसूची ३	नेपालका जेलहरू	१३३
अनुसूची ४	मानवअधिकार वर्ष पुस्तकको आफ्नै समीक्षा (१९९२-१९९५)	१५३
अनुसूची ५	केही महत्वपूर्ण सवालहरूको पाँच वर्षीय समीक्षा	१६३
(क)	शैक्षिक आन्दोलन र मानवअधिकार (१९९२-१९९६)	१६५
(ख)	आम संचार र मानवअधिकार (१९९२-१९९६)	१७७
(ग)	नेपालको ट्रेड यूनियन आन्दोलन (१९९२-१९९६)	१८९
(घ)	नेपाली महिला र मानवअधिकार (१९९२-१९९६)	१९५
(ङ)	नेपालमा बाल अधिकारको स्थिति (१९९२- १९९६)	२०७
(च)	नेपालमा यातना (१९९२-१९९६)	२१५

अनुसूची ६	सन् १९९६ मा मानवअधिकार स्थितिबारे राजनीतिक पार्टीहरूको धारणा	२१९
अनुसूची ७	सन् १९९६ र मानवअधिकार उल्लंघनका तथ्यहरू	
	१. पूर्वाञ्चल	२३१
	२. मध्यमाञ्चल	२८७
	३. पश्चिमाञ्चल	३६७
	४. मध्यपश्चिमाञ्चल	४१७
	५. सुदूर पश्चिमाञ्चल	४६३
■ अनुसूची ८	क्रिया / प्रतिक्रिया	४८५
■ अनुसूची ९	चिठी पत्र र कागजात	४९७
■ अनुसूची १०	वर्ष पुस्तक १९९६ तयारीका क्रममा संलग्न व्यक्तिहरू	५०९
■ अनुसूची ११	मानवअधिकार उल्लंघन पात्रो १९९६	५१३

जिल्लागत विषय-सूची

१. पूर्वाञ्चल

१.१ झापा २३१
१.२ इलाम २३६
१.३ पाँचथर २४०
१.४ ताप्लेजुङ्ग २४३
१.५ मोरङ्ग २४५
१.६ सुनसरी २५१
१.७ धनकुटा २५६
१.८ तेह्रथुम २५९
१.९ भोजपुर २६२
१.१० संखुवासभा २६४
१.११ सप्तरी २६६
१.१२ सिराहा २७०
१.१३ उदयपुर २७३
१.१४ खोटाङ्ग २७८
१.१५ ओखलढुंगा २८०
१.१६ सोलुखुम्बु २८३

२. मध्यमाञ्चल

२.१ धनुषा २८७
२.२ महोत्तरी २९१
२.३ सर्लाही २९४
२.४ सिन्धुली २९८
२.५ रामेछाप ३०१
२.६ दोलखा ३०४
२.७ रौतहट ३०८
२.८ बारा ३१०
२.९ पर्सा ३१४
२.१० चितवन ३१९
२.११ मकवानपुर ३२३
२.१२ ललितपुर ३२७
२.१३ काभ्रेपलान्चोक ३३०
२.१४ भक्तपुर ३३४
२.१५ काठमाडौं ३३७
२.१६ धादिङ्ग ३५०
२.१७ सिन्धुपाल्चोक ३५३
२.१८ नुवाकोट ३६१
२.१९ रसुवा ३६३

३. पश्चिमाञ्चल

३.१ तनहुँ ३६७
३.२ गोरखा ३७१
३.३ लमजुङ्ग ३७४
३.४ स्याङ्जा ३७७
३.५ कास्की ३७९
३.६ मनाङ्ग ३८२
३.७ नवलपरासी ३८४
३.८ रूपन्देही ३८७
३.९ पाल्पा ३९०
३.१० कपिलवस्तु ३९३
३.११ अर्घाखाँची ३९८
३.१२ गुल्मी ४००
३.१३ बाग्लुङ्ग ४०३
३.१४ पर्वत ४०६
३.१५ म्याग्दी ४०९
३.१६ मुस्ताङ्ग ४१२

४. मध्यपश्चिमाञ्चल

४.१ दाङ्ग ४१७
४.२ प्युठान ४२१
४.३ रोल्पा ४२३
४.४ सल्यान ४२८
४.५ रूकुम ४३१
४.६ बाँके ४३५
४.७ बर्दिया ४३८
४.८ सुर्खेत ४४१
४.९ जाजरकोट ४४३
४.१० दैलेख ४४६
४.११ डोल्पा ४४९
४.१२ जुम्ला ४५१
४.१३ कालिकोट ४५३
४.१४ मुगु ४५५
४.१५ हुम्ला ४५८

५. सुदूरपश्चिमाञ्चल

५.१ कैलाली ४६३
५.२ अछाम ४६७
५.३ डोटी ४६९
५.४ बाजुरा ४७१
५.५ बझाङ्ग ४७३
५.६ कञ्चनपुर ४७५
५.७ डडेलधुरा ४७८
५.८ बैतडी ४८०
५.९ कञ्चनपुर ४८२

अरूको मानवअधिकार उल्लंघनमा चासो देखाए मात्र आफ्नो अधिकारको रक्षा गर्न सकिन्छ।

हामी मानवअधिकार वर्ष पुस्तकलाई मानवअधिकार उल्लंघनका सूचनाहरूको प्रामाणिक दस्तावेज बनाउन क्रियाशील छौं। तपाईंहरूलाई वर्ष पुस्तकमा अझ पनि कुनै सूचना छुटेको जस्तो लागेमा हामीलाई सूचित गरी सहयोग गरी दिनु हुन अनुरोध गर्दछौं। हामीले सबै पक्षबाट मानवअधिकार उल्लंघन सम्बन्धी जानकारीको अपेक्षा गरेका छौं। घटनाहरूको संकलनका लागि पचहत्तरै जिल्लामा हाम्रा स्वयंसेवकहरू क्रियाशील हुनुहुन्छ। मानवअधिकार उल्लंघन सम्बन्धी जानकारी लिखित वा मौखिक रूपमा हामीलाई उपलब्ध गराई सहयोग गरी दिनु भए हाम्रो अभियान अझ सशक्त बन्न सक्नेछ। याद गर्नु पर्ने कुरो हो अरूको मानवअधिकार उल्लंघनमा चासो देखाउन सकियो भने मात्र आफ्नो मानवअधिकारको पनि रक्षा गर्न सकिन्छ।

हाम्रा ठेगानाहरू :

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
केन्द्रीय कार्यालय
कलंकी, स्युचाटार
पोष्ट वक्स नं. २७२६, काठमाडौं
फोन नं. २७०७७०, २७८७७०
फ्याक्स २७०५५१
e-mail: info@insec.wlink.com.np

पूर्वाञ्चल क्षेत्रीय कार्यालय
जनपथटोल, विराटनगर
फोन नं. २७१६४
e-mail: info@insecbrt.wlink.com.np

पश्चिमाञ्चल क्षेत्रीय कार्यालय
सृजनाचोक, पोखरा
फोन नं. २२९५६
e-mail: info@insecpkr.wlink.com.np

मध्यपश्चिमाञ्चल क्षेत्रीय कार्यालय
नगरपालिका पछाडि, नेपालगञ्ज
फोन नं. २१९६५
e-mail: info@insecnpj.wlink.com.np

भूमिका

मानवअधिकार वर्ष पुस्तकको यो पाँचौं श्रृङ्खला हो। सन् १९९२ देखि हामी वर्ष पुस्तकको प्रकाशनलाई निरन्तरता दिन सफल भएका छौं। यो अभिलेखको सफलताको श्रेय सर्वप्रथम वर्ष पुस्तक प्रकाशनका योजनाकार, हाम्रा संस्थापक प्रकाश काफ्ले र हामीलाई पहिलो खुड्किलोमा अभिप्रेरणा दिने डा. क्लेयरेन्स जे. डायसलाई जान्छ। त्यस्तै हामीलाई वर्ष पुस्तकको शुरूआतदेखि नै सहयोग गर्ने दातृ संस्था नोराड धन्यवादको पात्र छ। वर्ष पुस्तकका आधार स्तम्भ भनेका हाम्रा ती जिल्ला प्रतिनिधि साथीहरू हुन्, जो देशका ७५ वटै जिल्लामा मानवअधिकारको स्थिति, घटना र प्रभावको निरन्तर संकलन एवं अनुगमनका लागि अप्ठ्यारो परिस्थितिमा कार्यरत छन्।

सार्क क्षेत्रमा नै मानवअधिकार वर्ष पुस्तकको प्रकाशन गर्ने हाम्रो देश पहिलो हुन सकेकोमा हामीलाई खुशी लागेको छ। यथेष्ट जानकारी र सामान्य अनुभव समेत नभएको अवस्थाबाट थालनी गरेर आज हामी यो कामको किशोर अवस्थामा आइपुगेको अनुभूति भएको छ। सरकारी निकायहरू, न्यायालय, अर्धन्यायिक क्षेत्र, कारागार प्रशासन तथा मानवअधिकारको विविध क्षेत्रमा क्रियाशील अनेकन गैरसरकारी संस्थाहरूले हामीलाई सहयोग गरिरहेका छन्। नेपालका प्रमुख राजनीतिक दलहरू र वर्गीय एवं पेशागत संघ - संस्थाहरू सबैप्रति आफ्नो मुल्यांकनको यस घडीमा आभार व्यक्त गर्नु हाम्रो कर्तव्य हो।

मानवअधिकार वर्ष पुस्तक नेपालीले, नेपाली जनताका लागि, नेपालमै सिर्जना गरेको आधारभूत रचना हो। यसलाई यो ठाउँसम्म ल्याई पुऱ्याउनमा सिङ्गै इन्सेक परिवारको योगदान रहेको छ। हामी मानवअधिकार र सामाजिक न्यायका लागि क्रियाशील इन्सेक अभियानका सबै औपचारिक-अनौपचारिक सहभागी, शुभेच्छुकहरूसंग धन्यवाद साटासाट गर्न चाहन्छौं।

९० प्रतिशत जनता गरीब किसानको रूपमा रहेका र ६० प्रतिशत जनता निरक्षर रहेको हाम्रो वास्तविकतालाई मध्यनजर राखेर हामीले यो कामको थालनी गऱ्यौं। सैद्धान्तिक एवं गम्भीर विषयलाई रूची पूर्वक अध्ययन गर्ने मानिसहरूको संख्या हाम्रो देशमा अत्यन्त न्यून छ। सर्वाधिक लोकप्रिय पत्रिकाको पाठक संख्या हामी कहाँ १५ हजार नाघ्दैन। आधाभन्दा बढी जनता गरीबीको रेखामुनि रहेका विकटतम् परिस्थिति र संचेतनाको ठूलो अभाव रहेको कठिनाइलाई हाम्रो बुताले भ्याएसम्म राम्ररी अध्ययन गऱ्यौं। यो अध्ययनबाट प्राप्त निचोडका आधारमा निम्न १५ आधारभूत सिद्धान्त तय गरेर निष्पक्ष अभिलेखका रूपमा मानवअधिकार वर्ष पुस्तकको प्रकाशन गर्ने निर्णय गऱ्यौं।

- मानवअधिकारको विश्वव्यापी घोषणापत्रलाई आधार मान्ने।
- मानवअधिकार उल्लंघनका तथ्य तथ्यांकलाई अन्तर्राष्ट्रिय प्रचलनमा ल्याइएको मानवअधिकार अभिलेख (ह्युरिडक्स फर्म्याट) फारमलाई मुख्य आधार मानेर संकलन गर्ने।
- मानवअधिकार आन्दोलनसंग प्रत्यक्ष सम्बन्धित विषयहरूलाई निरन्तर र क्रमबद्ध दुई श्रेणीमा विभाजन गरेर ठाउँ दिने।
- मानवअधिकारको आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारसंग सम्बन्धित विषयहरूको पनि अभिलेख गर्ने तर्फ पाइला चाल्ने।
- देशै भरि कडा मेहनतसाथ खट्ने कार्यकर्ताहरूले आधारभूत तहका जनताको पीडासंग सम्बन्धित जे-जति समस्या बटुल्छन् ती सबैको संग्रह गर्ने। मानवअधिकार वर्ष पुस्तकको माध्यमबाट जनताको सबै प्रकारका समस्याहरूलाई चिन्ने प्रयास गर्ने।
- मानवअधिकार वर्ष पुस्तकलाई अत्यधिक रोचक र जानकारी मूलक दस्तावेजको रूपमा प्रस्तुत गर्ने। सर्वसाधारणसंग मानवअधिकार वर्ष पुस्तकको बारेमा सैद्धान्तिक वहस गर्नुभन्दा पनि रोचकता र जानकारीको दस्तावेज भित्रैबाट उनीहरूले मानवअधिकारको चेतना प्राप्त गर्न सक्ने तवरले सूचनाहरूको विश्लेषण गर्ने।

- प्रत्यक्षतः मानवअधिकारसंग सम्बन्ध नभएका विषयलाई जानकारीका लागि प्रस्तुत गर्ने। तर तथ्यांकमा गणना नगर्ने। आत्महत्या, प्राकृतिक विपत्ति र दुर्घटना जस्ता घटनाहरू जानकारीका लागि प्रस्तुत गर्ने। ती घटनाका कारणहरूको थप अनुसन्धान गर्ने र तत् सम्बन्धी संचेतना बढाउन प्रयास गर्ने।
- मानवअधिकार उल्लंघनका घटनाहरू समाजका ठालुहरू र राजनीति तथा प्रशासनमा प्रभाव एवं पहुँच हुनेहरूबाट हुने गर्छ। हाम्रो देशमा एउटै घटनामा थुप्रै मानिसहरू पीडित हुने गर्दछन्। अर्थात् यो आम स्तरको हुने गर्छ। प्रहरी प्रशासनको अप्रत्यक्ष पुठ पाएर धेरैजसो अत्याचार हुने गर्छ। त्यसकारण राजनीतिक, सामाजिक, प्रशासनिक वा व्यक्तिगत सबै स्तरबाट भएका मानवअधिकार उल्लंघनका घटनालाई दर्ज गर्ने।
- पछिल्ला वर्षका पुस्तकहरूमा क्रमशः मुख्य घटनाहरूको मात्र उल्लेख गर्ने र व्यक्तिगत कारणबाट भएका मानवअधिकार उल्लंघनका घटनाहरूलाई समष्टिकरण गर्दै जाने। तिनको तथ्यांक मात्र उल्लेख गर्ने। परिच्छेदमा नियमित शीर्षकहरू राख्ने। अनुसूचीमा परिवर्तन गर्ने। प्रजातन्त्र र मानवअधिकारको आन्दोलनसंग सम्बन्धित सम्पूर्ण क्रियाकलापहरूलाई क्रमशः समेटेर प्रकाशन गर्दै जाने।
- हरेक वर्ष उल्लेख्य र प्रमुख घटनाका रूपमा मानवअधिकारको दृष्टिकोण र राष्ट्रिय सरोकारका मुख्य विषय बारे विस्तृत जानकारी दिने।
- वर्षमा एकैचोटी वर्ष पुस्तक मार्फत् मात्र जानकारी सार्वजनिक गर्दा ढिलो हुन जान्छ। अतः त्रैमासिक वा सम्भव भएसम्म छिटो अन्तरालमा मानवअधिकार स्थिति सूचक प्रकाशित गर्ने।
- केन्द्रीय र क्षेत्रीय स्तरमा संचार जगतमा प्रकाशित सामग्रीको अनुगमन गर्ने। तिनको अभिलेख राख्ने। ती सूचनाहरू सम्बन्धीत ठाउँमा पठाउने। वास्तविकता खुट्याएर, सूचना प्रेषण गर्ने जिल्ला प्रतिनिधिबाट प्रतिवेदन प्राप्त भएपछि मात्र प्रकाशन गर्ने।
- देशका पाँचै विकास क्षेत्रमा रहेका इन्सेकका क्षेत्रीय कार्यालयहरूलाई मानवअधिकारको क्षेत्रीय अभिलेख केन्द्रको रूपमा विकास गर्ने।
- मानवअधिकार सम्बन्धी सूचनाको आधारमा मानवअधिकार उल्लंघन विरूद्ध जनतालाई सचेत र संगठित बनाउन प्रयास गर्ने। मानवअधिकार संगठन- मानवअधिकार नेतृत्व र मानवअधिकार संचारको अवधारणाको विकास गर्ने।
- वर्ष पुस्तकको मूल्यांकन ७५ जिल्ला, पाँचै विकास क्षेत्र र केन्द्रीय स्तरमा समेत गर्ने। त्यसैमा आधारित हुँदै आवश्यक परिमार्जन गर्ने। समय-समयमा आफ्ना धारणा सार्वजनिक गर्ने र त्यसको प्रतिक्रियाको अनुगमन गर्ने।

माथिका उद्देश्यहरूबाट के कुरा प्रष्ट हुन्छ भने मानवअधिकार वर्ष पुस्तक अन्तर्राष्ट्रिय स्तरमा मात्र, मानवअधिकार प्रतिवेदन प्रस्तुत गर्ने उद्देश्यले तयार गरिएको दस्तावेज होइन। यसको लक्ष्य सुस्पष्ट रूपमा नेपाली जनता मात्र हुन्। तथापि यो पुस्तक र यसका सम्बद्ध प्रकाशनहरू त्यस्ता प्रतिवेदनका लागि आधारभूमि वा भरपर्दो स्रोत सामग्री चाहिं हुन्।

अधिकार भनेको उपभोग कर्ता र कर्तव्य निर्वाहक बीचको सम्बन्धको नाम हो। मानवअधिकार भनेको जनता र राज्य बीचको सम्बन्ध हो। जनता र राज्य (उपभोगकर्ता र कर्तव्य निर्वाहक) बीचको सम्बन्धको प्रकृतिले नै मानवअधिकारको विषय वस्तुलाई निर्धारण गर्दछ। मानवअधिकारलाई (क) जनता (उपभोगकर्ता), (ख) कर्तव्य निर्वाहक (राज्य) र (ग) मानवअधिकारका विषय वस्तुको आधारमा परिभाषित गर्न सकिन्छ।

मानवअधिकारको विषयवस्तु जत्तिकै कर्तव्य निर्वाहकका रूपमा राज्यको दायित्वप्रति पनि विचार गर्नु सान्दर्भिक हुन्छ। राज्यको दायित्वको क्षेत्र भित्र (क) सम्मान गर्ने दायित्व, (ख) संरक्षण गर्ने दायित्व र (ग) परिपूर्ति गर्ने दायित्व पर्दछन्। राज्यले यी दायित्व पूरा गर्दा अविभेद (कसैलाई भेदभाव नगर्ने) नीति अख्तियार गर्नु गरेको हुनु पर्छ।

मानवअधिकार हननको तथ्यांक संकलन गर्दा हामीले राज्यले आफ्ना दायित्वहरू पूरा गरेको नगरेको पनि हेर्नु जरूरी छ। राज्यले आफ्नो भूमिका निर्वाह नगरेको कारणले व्यक्ति वा समुदायको आधारभूत मानवीय स्थितिमा प्रतिकूल प्रभाव पर्दछ। भेदभावपूर्ण नीति र त्यसको कार्यान्वयनको कारणले मानवअधिकार उल्लंघन हुने गर्दछ।

व्यक्तिले व्यक्तिको सम्मान पूर्वक बाँच्न पाउने हकको उल्लंघन गरेका थुप्रै घटनाहरू वर्ष पुस्तकमा समावेश

गरिएको छ। हाम्रो देशमा अर्काको हकप्रतिको सहिष्णुता कस्तो रहेछ भनेर दर्शाउनु पनि हाम्रो एउटा लक्ष्य रह्यो। यस पटक कुटपिटका मुख्य घटनाहरूको मात्र विवरण दिइएको छ। अन्यको तथ्यांक मात्र दिइएको छ। आगामी दिनमा हत्या र गोली शीर्षकलाई पनि यसै गरी प्रस्तुत गर्ने प्रयास गर्ने छौं। मानवअधिकार उल्लंघनका विरूद्ध आधारभुत तहमा संचेतना बढोस् भन्ने उद्देश्यका साथ सूचनाहरूको अभिलेख गर्दा यस्तो प्रारूप बन्न गयो। तर मानवअधिकार उल्लंघन तथ्यांक शीर्षकको परिच्छेदमा तथ्यांकहरूको विश्लेषण गर्दा यथासम्भव अन्तर्राष्ट्रिय प्रचनलाई ख्याल गरिएको छ। मुलकका जनताको संचेतनाको बृद्धि संगै हाम्रो प्रस्तुती पनि रूपान्तरित हुँदै जानेछ। तथापि, एउटा कमजोरी यस पटक पनि देखिएको कुरालाई हामीले स्वीकार गर्नै पर्छ। घटनाहरूको विवरण प्रशस्त छन्, तर तिनको अध्यावधिक स्थितिको प्रतिवेदन भने अपूर्ण छ। क्षमता सम्पन्न सूचना प्रेषकहरूको अभाव र सूचना-संचारको दुरूह स्थितिका कारण यो समस्या अध्यापि कायम रहन गएको हो।

सन् १९९० मा प्रजातन्त्रको पुनर्स्थापनाको लागि भएको आन्दोलनको प्रत्यक्ष नेतृत्व गर्ने नेताहरू र प्रजातन्त्रका सबैजसो योद्धाहरूले भोग्नु परेको जेल जीवनको गाथा नेपालको मानवअधिकार आन्दोलनको पर्यायवाची बनेको छ। नेपालका जेलहरूको अवस्था अहिले पनि लगभग एकतन्त्रीय राणाकालको जस्तो निर्दयी प्रकारको छ। अतः नेपाली जेलहरू बारे फेरी एक पटक खोजवीन गरेर अनुसूचीमा समावेश गरेका छौं।

विगतमा हामीले प्रकाशन गरेका मुख्य सामग्रीहरूको पाँच वर्षे प्रतिवेदनका रूपमा यस वर्षका अनुसूचीहरूमा केही विषयहरू समावेश गरेका छौं। शैक्षिक जगतको आन्दोलन, निजी क्षेत्रको आमसंचार, ट्रेड युनियन आन्दोलन, महिला आन्दोलन, वाल अधिकार र यातना विरूद्धको हक नेपाली जनताले सम्मान गरेका क्षेत्रहरू हुन्। नेपालका दुई प्रमुख राजनीतिक घटक नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टीका नेताहरू विश्वेश्वरप्रसाद कोइराला र मनमोहन अधिकारी दुवै नेपाली ट्रेड युनियन आन्दोलनकै उपज हुन्। नेपाली किसानहरूको आन्दोलनको आफ्नै वीर गाथा छ। जसको प्रत्यक्ष नेतृत्व भीमदत्त पन्त र कम्युनिष्ट नेता तुलसीलाल अमात्यले गर्नु भएको थियो। जनआन्दोलन यताका वर्षहरूमा किसान आन्दोलनले कुनै गति लिन सकेको छैन। ९० प्रतिशत जनता किसान भएको मुलुकमा यसलाई पनि एउटा विडम्बना नै मान्नुपर्छ। त्यसैले यो वर्ष माथि उल्लेखित नेपाली जनताका सबै सम्मानित आन्दोलनहरूको सन् १९९२ देखि १९९६ सम्मको पाँच वर्षे समीक्षा प्रस्तुत गर्दा पनि किसान आन्दोलनको समीक्षा प्रस्तुत गर्न सकिएन।

हाम्रो मूल्यांकन हामी निष्पक्ष ढंगले गर्ने कोसिस गर्छौं। अतः वर्ष पुस्तकको आफ्नै समीक्षा (१९९२-१९९५) पनि यस पटक प्रस्तुत गरेका छौं। प्रमुख घटनाको प्रमुख चरित्रलाई मात्र तथ्यांकमा समावेश गरिएको छ। संसद र मानवअधिकारको परिच्छेदमा संसदीय गतिविधिको निष्कर्ष मात्र प्रस्तुत गर्ने अभिप्राय यस पटक पनि पूरा गर्न सकिएन। यो परिच्छेद यस पटक पनि विवरणात्मक मात्र बनेको छ। आम संचार र मानवअधिकारको अनुसूचीलाई विश्लेषणमूलक बनाउने प्रयास गरेका छौं। कार्यविधि र तयारीका क्रममा देखिएका समस्याहरू बिगतमा जस्तै भएकोले यो वर्ष त्यो अनुसूची हटाइएको छ।

हामीलाई सयौं सुझावहरू प्राप्त हुने गर्छन्। वातावरण, आर्थिक शोषण, सामाजिक कूचलन लगायत सबै क्षेत्रमा वर्ष पुस्तकले हात हालोस् भन्ने अभिप्राय राख्ने गरिन्छ। एउटै पुस्तकले राष्ट्रको परिचय, इतिहास, अर्थतन्त्र र संस्कृतिका सबै क्षेत्र समेटी दिए हुन्थ्यो भन्ने जोडदार माग गरिन्छ। अर्कातिर हाम्रा अन्तर्राष्ट्रिय मित्रहरू यो पुस्तकले राज्य यन्त्र प्रत्यक्ष संलग्न भएको र राज्ययन्त्रको प्रत्यक्ष जिम्मेवारी भित्र रहने घटनाहरूलाई मात्र अन्तर्राष्ट्रिय स्तरको मानवअधिकार प्रतिवेदनका रूपमा प्रस्तुत गरोस्, तथ्यांक पनि छोटकरी र सटिक होस् भन्ने चाहनु हुन्छ। हामी यस्तै वास्तविकता र अपेक्षाको द्वन्दमा परेका छौं। नेपाली जनताले मानवअधिकार वर्ष पुस्तकमा कुनै विपत्तिले गर्दा आफ्नो ठाउँमा आम संहार भएर मारिएका बन्यजन्तुहरूको कथा समेत खोज्ने गर्छन्। मानवअधिकार वर्ष पुस्तक नेपालमा सूचना र विश्लेषणको वृहत्तर प्रकाशन भएको पहिलो पुस्तक हो। अधिराज्यका ४० जति जिल्लाहरूमा कुनै पनि पत्रपत्रिका प्रकाशित भएको सरदर १५ दिन भन्दा ढिलो मात्र पुग्ने गर्छ। त्यसैले मान्छेहरू खोजेजति कुरा पाइने ज्ञान भण्डार (इन्साइक्लोपीडिया) जस्तो पुस्तक चाहन्छन्। यिनै र यस्तै वास्तविकता र चाहनाको द्वन्दका बीचमा अब हामी एउटा मोडमा आइपुगेका छौं।

विगतमा हामीले एउटा सन्देश दियौं। राष्ट्रमा मानवअधिकार संस्कृतिको विकास गर्ने समस्या एउटा ठूलो चुनौति बनेर खडा भएको छ। जनआन्दोलन १९९० को मर्म, त्यस आन्दोलनका अगुवा राजनीतिक दलहरूले नै बिर्सन थालेका छन्। उनीहरूले विगत डेढ वर्षदेखि त आफ्ना निर्वाचनका घोषणापत्रलाई समेत बिर्सने संस्कृतिको निर्माण गरेका छन्। सांसदहरू आफूलाई कुनै कानूनले नछुने गरी राष्ट्रिय अर्थतन्त्रको दुरूपयोग गर्ने कानून बनाउन थालेका

छन्। वर्षमा तीन महिना पनि दुई छाक खान नपाउने जनताका प्रतिनिधिहरूले ३०-३५ लाख पर्ने गाडी भन्सार-राजश्वमा भारी छुट सहित झिकाउन पाउने सुविधा यसको ज्वलन्त प्रमाण हो।

· मानवअधिकार आयोग ऐन, यातनाको क्षतिपूर्ति विधेयक, महिला मन्त्रालयको स्थापना र ट्रेड युनियन तथा वालवालिकाको क्षेत्रमा अन्तर्राष्ट्रिय दस्तावेजहरूको सम्मिलन यस वर्षका उपलब्धी हुन्। तर माओवादी जनयुद्धलाई दमन गर्ने नाममा जसरी सरकारले प्रजातान्त्रिक मूल्य र मान्यतालाई समेत बिर्सेर जनता माथि क्रुरतापूर्ण दमन गऱ्यो त्यसले हामीलाई दुखी तुल्याएको छ। त्यसैले यो उल्लेख्य विषय सम्बन्धी सबै पक्षको विश्लेषण गर्न माओवादी जनयुद्धले दिएको राष्ट्रिय पीडालाई मानवअधिकारको दृष्टिकोणले व्याख्या गर्ने प्रयत्न गरेका छौं। यस वर्ष एउटा घटना घट्यो। त्यसले सबै राजनीतिक दलहरूलाई गुट र उपगुटहरूमा विभाजित गरिदियो। यही गुटबन्दीका कारण राजनीतिक दलहरू खण्डित र कमजोर बने। त्यस घटना अर्थात् महाकाली सन्धिलाई यस वर्षको प्रमुख घटनाको रूपमा विश्लेषण गरेका छौं।

केही परिच्छेद र अनुसूचीहरूका शब्द विन्यास र भाषामा हामीले चाहे जति सरलता र मिठास थप्न सकेका छैनौं। आगामी दिनमा नयाँपन थप्ने हाम्रो प्रयास जारी रहने छ।

यो पुस्तकलाई आफ्ना बहुमुल्य रचनाहरू दिएर विद्वान लेखक र क्रियाशील साथीहरूले गुन लगाउनु भएको छ। विषयहरूलाई वर्ष पुस्तक परिवारले सामूहिक रूपमा पारित गरेको स्वरूपमा मात्र प्रकाशित गर्ने चलन भएकोले प्राप्त स्वरूपमै हु-बहु प्रकाशन भएको छैन।

अन्त्यमा, दिनरात नभनी हाम्रो यो अभियानमा संलग्न सबैलाई इन्सेक परिवार धन्यवाद दिन चाहन्छ। हामीलाई आर्थिक, भौतिक र नैतिक सहयोग गर्ने सबैलाई धन्यवाद दिँदै वर्ष पुस्तक बारे आफ्नो धारणा निर्धक्क र सु-स्पष्ट रूपमा पठाई सहयोग गर्नु हुन सबैमा हार्दिक अनुरोध गर्दछु।

०५३ चैत २७ गते

सुशील प्याकुरेल
अध्यक्ष
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

परिच्छेद

परिच्छेद १

न्यायपालिका र मानवअधिकार १९९६

प्रत्येक प्रजातान्त्रिक समाजमा मानव अधिकारको अन्तिम संरक्षकको रूपमा न्यायपालिका रहेको हुन्छ। यदि न्यायपालिकाबाट कानूनी शासनको मान्यतालाई प्रभावकारी रूपमा क्रियाशील गराउन सकिएन, संविधानको सर्वोच्चतालाई बचाउन सकिएन र मानवअधिकारको संरक्षण गर्न सकिएन भने समाजमा शान्ति र सुव्यवस्था कायम हुन सक्तैन। यसै तथ्यलाई हृदयंगम गरी नेपाल अधिराज्यको संविधान, २०४७ ले प्रत्येक नेपाली नागरिकको मानवअधिकारको विषय र सक्षम एवं स्वतन्त्र न्यायप्रणालीको मान्यता जस्ता कुराहरूलाई संविधानको आधारभूत संरचनाको रूपमा स्वीकार गरी असंशोधनीय विषयको रूपमा प्रत्याभूत गरेको छ। संविधानको भाग ३ मा नागरिकका विभिन्न प्रकृतिका मौलिक हकहरूलाई सुनिश्चित गरिएको छ भने भाग ११ द्वारा मौलिक हकको संरक्षण गर्न तथा प्रभावकारी रूपमा न्याय प्रदान गर्न स्वतन्त्र एवं सक्षम न्याय प्रणालीको संरचनालाई स्वीकार गरिएको छ। नेपाल अधिराज्यको संविधान, २०४७ अनुसार नेपाली जनतालाई चिरकाल पर्यन्त सामाजिक, राजनैतिक एवम् आर्थिक न्याय उपलब्ध गराउने राज्यको उद्देश्य अनुरूप नेपाली नागरिकको आधारभूत मानवअधिकार सुरक्षित गर्ने विभिन्न राज्यगत संयन्त्रहरूमध्ये न्यायपालिकाको विशेष महत्वपूर्ण स्थान रहेको छ।

नेपाल अधिराज्यको संविधान, २०४७ अन्तरगत गठित सर्वोच्च अदालतले संवैधानिक उपचारको सम्बन्धमा, समानताको हकको प्रचलनमा, फौजदारी न्याय सम्बन्धी हकको संरक्षणका विषयमा, स्वतन्त्रताको हकको सुनिश्चितताको प्रश्नमा, सूचनाको हकको सम्बन्धमा, स्वेच्छाचारीपूर्ण प्रशासकीय निर्णयलाई नियन्त्रण गर्ने जस्ता विषयहरूमा केही सकारात्मक निर्णयहरू गरी मानवअधिकार प्रतिको सम्मानलाई उजागर गरेको छ। संवैधानिक उपचारको विषयमा व्याख्या गर्दै मौलिक हक उपर अनुचित बन्देज लगाएको अवस्थामा सर्वोच्च अदालतले उपचारात्मक आदेश जारी गर्ने सिद्धान्तलाई आत्मसात गरेको छ। "कानूनको अगाडि समानता" र "कानूनको समान संरक्षण" को सिद्धान्तका आधारमा समानताको हकलाई प्रचलन गराउने तर्फ केही महत्वपूर्ण निर्णयहरू भएका छन्। स्वतन्त्रताको हकको संरक्षण गर्ने सन्दर्भमा जीवनको अधिकारको प्रश्नमा प्रदुषित वातावरणले मानव जीवन खतरामा पार्ने हुँदा वातावरणको संरक्षण गर्न श्री ५ को सरकारका नाउँमा विभिन्न आदेशहरू जारी गरेको छ। पेशा र रोजगारको हकको संरक्षण गर्ने प्रश्नमा तजविजी तथा स्वविवेकीय अधिकार स्वेच्छाचारी प्रयोग गर्दा आधार र कारण नखोली श्री ५ को सरकारले कुनै राष्ट्र सेवकलाई सेवाबाट वर्खास्त गरेकोमा पेशा र रोजगारको हकमा कुठाराघात हुन्छ भन्ने निर्णय गरी पेशा र रोजगारको हकलाई संरक्षित गरेको छ।

सार्वजनिक महत्वका सूचनाहरू नागरिकको मागदावी विना पनि सार्वजनिक जानकारीका निम्ति प्रवाह गर्नु पर्ने सरकारी दायित्व रहेको कुरालाई विभिन्न मुद्दाहरूमा स्पष्ट गरेको छ। स्वेच्छाचारी प्रशासकीय निर्णयलाई नियन्त्रण गर्ने सम्बन्धमा केही सकारात्मक व्याख्याहरू भएका छन्। उदाहरणका लागि फौजदारी मुद्दा फिर्ता लिने विषय। यस सम्बन्धमा सर्वोच्च अदालतले "अपराधको परिणामस्वरूप सम्बन्धित व्यक्ति, परिवार र समाजलाई परेको पीडा र क्षतिलाई तुच्छ ठानी वा त्यसको उपेक्षा गरी विना कुनै उचित कारण मुद्दा वापस लिने अधिकारको प्रयोग गर्न खोज्नु अधिकारको दुरूपयोग गर्नु हो। यसरी दुरूपयोग गर्नका लागि कानूनले कसैलाई अधिकार दिँदैन। त्यसैले मुद्दा वापस लिने अधिकार पनि उचित कारणको लागि सदनियतले प्रयोग हुनु पर्दछ" भन्ने निर्णय गरी जुनसुकै अपराधको जे जस्तो स्थिति र अवस्थामा पनि सरकारले मुद्दा फिर्ता लिन नहुने दृष्टिकोण व्यक्त गरेको छ। यसैगरी सर्वोच्च अदालतले "शाही नेपाली सेनाको प्राड विभागलाई अंश नाता कायम जस्तो सामान्य क्षेत्राधिकार भित्र पर्ने मुद्दा मामिला वा विवादको विषयमा प्रभाव पर्ने गरी निर्णय गर्ने वा गैर सैनिक व्यक्तिलाई कागज गराउने अधिकार सैनिक ऐन, २०१६ ले दिएको नदेखिंदा क्षेत्राधिकार विहिन काम कारवाही वा कागजको कानूनी प्रभाव शून्य हुने" भन्ने जस्ता निर्णय गरी स्वेच्छाचारी प्रशासकीय निर्णयहरूलाई नियन्त्रण गर्ने तर्फ केही महत्वपूर्ण फैसलाहरू गरेको देखिन्छ।

छिटो, छरितो र सर्वसुलभ किसिमले न्याय प्राप्त गर्ने नागरिकको अधिकारलाई राज्यले प्रभावकारी रूपमा प्रचलनमा ल्याउन सकेको छैन। यसको जिम्मेवारी न्यायपालिकाको मात्र नभई सरकार समेत हो। सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन (२०५२) को अध्ययन गर्दा सर्वोच्च अदालतमा मुद्दाको कूल दायरी संख्याको अनुपातमा ३१.६ प्रतिशत मात्र फछ्र्यौट हुन सकेको तथ्य देखा पर्दछ। पुनरावेदन अदालतहरूको स्थितिलाई हेर्दा ४४.९४ प्रतिशत मुद्दा

फछ्र्यौट भएको देखिन्छ। यसै गरी जिल्ला अदालतहरूमा केवल १५.४७ प्रतिशत मात्र मुद्दाहरू फछ्र्यौट भएको तथ्यांक देखिन्छ। पुनरावेदन अदालतहरूको संख्या राजनैतिक स्वार्थमा निर्णय हुन पुग्ने प्रवृत्तिको विकासले सन् १९९६ मा जिल्ला अदालतका न्यायाधीशहरूको संख्या भन्दा पुनरावेदन अदालतका न्यायाधीशहरूको संख्या बढी रह्यो। पुनरावेदन अदालतका केही न्यायाधीशहरूको नियुक्तिको सम्बन्धमा न्याय परिषदको सिफारिश समेत टिप्पणी र आलोचनाकै विषय बन्यो।

मानवअधिकारसंग प्रत्यक्षत सरोकार रहेका केही मुद्दाहरू सन् १९९६ को यस वर्षमा पनि सर्वोच्च अदालतबाट निर्णय हुन सकेनन्। उदाहरणका निम्ति दास ढुङ्गा दुर्घटनाको विषयलाई लिएर भएको आन्दोलनमा गिरफ्तार भएका प्रभाकर सुवेदीको २०५०-६-१५ सम्बन्धमा सर्वोच्च अदालतमा दर्ता भएको बन्दीप्रत्यक्षीकरण रिट निवेदन यस वर्ष पनि टुङ्गो लाग्न सकेन। यस मुद्दामा अदालतबाट देहायका विभिन्न मितिमा देहाय बमोजिमका आदेशहरू भई हालसम्म उक्त मुद्दा अनिर्णित अवस्थामा रहेको छ।

२०५०-१२-७ : "यसमा निवेदकबाट पेश भएका यसैसाथ संलग्न फोटोमा देखिएका घिसार्दै लाने प्रहरी जवानहरू को को हुन् ? निजहरूको नाम नामेसी र तिनीहरू हाल कहाँ कार्यरत छन् ? सो समेत स्पष्ट रूपमा खुलाई पठाउनु भनी प्रहरी प्रधान कार्यालयलाई लेखी पठाई जवाफ आएपछि पेश गर्नु"।

२०५१-१-५ : "मिति २०५०-१२-१५ को पत्रमा उल्लेख भई आएका प्रहरी कर्मचारीहरूको बयान गराउन तारेख तोकी निजहरूलाई महान्यायाधिवक्ताको कार्यालय मार्फत झिकाई बयान गराउन पेश गर्नु"।

२०५१-२-१५ : "मिति २०५१-२-१५ को पत्रानुसार पहिचान भएका तीनजना प्रहरी कर्मचारी मध्ये प्र.ज. राजकिशोर तिवारी २०५१-२-७ गतेदेखि दिन १५ घर विदामा बसेकोले प्र.नि. हरिशचन्द खनाल र प्र.ह. श्यामलाल श्रेष्ठलाई मात्र यस अदालतका आदेशानुसार बयानका लागि उपस्थित गराएको भनी लेखी आएको देखियो। पूर्व आदेश बमोजिमका चारै जना प्रहरी कर्मचारीहरूको एकैसाथ बयान गराउनु उपयुक्त हुने हुँदा विदामा बसेका प्रहरी कर्मचारी सो विदाबाट फर्की हाजिर भएपछि र पहिचान हुन बाँकी प्रहरी कर्मचारीको पहिचान भएको भए निजलाई समेत बयानका लागि उपस्थित गराई पेश गर्नु"।

२०५१-३-५ : "मिति २०५०-१२-१५ को पत्रमा फोटोमा देखिएका घिसार्दै लाने ४ जना प्रहरी कर्मचारीहरू मध्ये तीनजनाको पहिचान भइसकेको र बाँकी एक जनाको पहिचानको कार्य जारी नै रहेको हुँदा सो समेतको पहिचानको कार्य भइसकेपछि सो समेत खुलाई पठाइने व्यहोरा समेत उल्लेख भएको पाइन्छ। अतः पहिचानको कार्य एक महिना भित्र सम्पन्न गरी यस अदालतलाई जानकारी दिनु र सो जानकारी आएपछि पहिचान भए निज समेतलाई एकैसाथ बयान गर्न पठाई दिनु।"

२०५१-१२-१४ : "यसमा एकजना प्रहरी कर्मचारीको हकमा पहिचान गराउने तर्फ शिघ्रताका साथ कार्य भइरहेको, पहिचान हुनासाथ जानकारी गराइने भनी मध्यक्षेत्र प्रहरी कार्यालयबाट मिति २०५१-१०-२७ मा लेखी आएकोले प्रभाकरलाई घिसार्दै लाने प्रहरीहरूमध्ये पहिचान भएका प्रहरीहरूको बयान गराउन उपस्थित हुनु भनी लेखी पठाई बयान गराउन पेश गर्नु"।

२०५२-२-१७ : "यसमा प्र.नि. हरिश्चन्द्र खनाल, प्र.ह. श्यामलाल श्रेष्ठ र प्र.ज. राम किशोर तिवारीलाई यस अदालतमा बयान गर्न हाजिर गराउनु पर्नेमा प्र.नि. हरिश्चन्द्र खनाल र प्र.ह. श्यामलाल श्रेष्ठलाई मात्र हाजिर गराई प्र.ज. रामकिशोर तिवारीलाई हाजिर गराएको पाइन्न। प्र.ज. रामकिशोर तिवारी, प्र.नि. हरिश्चन्द्र खनाल र प्र.ह. श्यामलाल श्रेष्ठ तीनै जनालाई बयान गर्नको लागि २०५२-२-२४ गते यस अदालतमा हाजिर गराउन लेखी कानून बमोजिम पेश गर्नु"।

२०५२-३-१३ : "यसमा अदालतमा आई बयान गर्ने प्रहरी इन्स्पेक्टर हरिश्चन्द खनालले बयान गर्दा फोटोमा देखाइएका घाइते व्यक्तिलाई रत्नपार्क नजिक रहेको कमाण्डपोष्ट हालको ट्राफिक पोष्ट भित्र लगी बुझाइयो र सो कमाण्ड पोष्टमा मध्य क्षेत्रबाट खटिएका प्रहरी इन्सपेक्टर, अ.स.इ. र जवानहरू थिए, सो प्रहरी अधिकृत तथा जवानहरूको नाम खटाउने प्लानर्सहरूलाई मात्र थाहा हुने भनी लेखाई दिएको देखिएकोले सो कमाण्ड पोष्टमा उक्त घटना घटेको समय इन्चार्ज प्रहरी अधिकृत वा जवानहरू को को थिए सोको नामावली पठाई दिनु भनी मध्यक्षेत्र प्रहरी इकाई कार्यालयमा लेखी जवाफ आएपछि पेश गर्नु"।

२०५२-९-४ : "यसमा तत्कालीन ट्राफिक इन्चार्ज प्र.ना.उ. शारदाभक्त रजितकार थिए भन्ने म.क्षे.प्र.का. बाट लेखी आएको र निज हाइटी गएको भन्ने हुँदा कहिलेसम्म फर्किने हुन् जवाफ लिने र फर्की आइसकेको भए बयान गर्न यस अदालतमा झिकाई पेश गर्नु।"

२०५३-२-४ : "यसमा प्र.नि. हरिश्चन्द्रको बयानबाट सूर्य मासिकमा प्रकाशित फोटोमा देखिएको घाइते व्यक्तिलाई कमाण्ड पोष्टमा उपचारको लागि बुझाएको भन्ने देखिन्छ र प्र.ह. श्यामलाल र प्र.ज. राजकिशोर तिवारी समेतले यसरी बुझाएको लेखी दिएकोले उक्त बुझाइएको व्यक्ति उपचारको लागि कहिं पठाएको भए सो कुरा र उक्त व्यक्ति को हो ? रेकर्डबाट देखिएको नाम नामेसी खोली पठाउन म.क्षे.प्र.मा बुझी पेश गर्नु"।

२०५३-८-३ : "यसमा दिवाकर सुवेदीको २०५०-३-२७ को निवेदन अनुसार जिल्ला प्रहरी कार्यालय काठमाडौं मातहतका प्रहरी कार्यालयहरू तथा जिल्ला प्रहरी कार्यालय बुटवल, चितवन तथा रूपन्देही समेतमा खोजतलासको लागि पत्राचार गरी खोजतलास भएको

भनी लिखित जवाफमा उल्लेख भएको देखिंदा हालसम्म खोजनलासीको कार्यमा के कस्तो प्रगति भयो सो विषयमा अध्यावधिक प्रगति विवरण झिकाई पेश गर्नु"।

यसरी प्रभाकर सुवेदीका सम्बन्धमा २०५० सालमा दर्ता भएको बन्दीप्रत्यक्षीकरणको रिट निवेदनमा उपर्युक्त किसिमबाट आदेशहरू भई अझसम्म उक्त मुद्दा निरूपित हुन सकेको छैन। संभवत बन्दीप्रत्यक्षीकरण रिट टुङ्गो लाग्न यतिका वर्ष लागेको यो नै ऐतिहासिक मुद्दा हुनेछ।

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १२ को उपधारा (१) मा व्यवस्थित "... मृत्युदण्डको सजाय हुने गरी कुनै कानून बनाइने छैन" भन्ने संवैधानिक प्रत्याभूतको प्रतिकूल सैनिक ऐन, २०१६ को दफा १५२ मा राजगद्दी उत्तराधिकार सम्बन्धी ऐन, २०४४ को दफा १३ र राज्य विरूद्धको अपराध र सजाय ऐन, २०४६ को दफा २ मा रहेको मृत्यु दण्डको व्यवस्था हाल पनि विद्यमान हुँदा संविधानको धारा १३१ को समेन संरक्षण प्राप्त अवधि समाप्त भइसकेको हुँदा उक्त मृत्युदण्डको व्यवस्थाहरू वदर गरी पाउँ भनी २०५०-८-४ मा दर्ता भएको कृष्णप्रसाद सिवाकोटी विरूद्ध श्री ५ को सरकार, मन्त्रीपरिषद् समेत भएको रिट निवेदन यस वर्ष पनि टुङ्गो लाग्न सकेन। यस मुद्दामा श्री ५ को सरकारको तर्फबाट अदालतमा प्रस्तुत गरिएको जवाफमा "... मृत्युदण्डको सजाय हुने गरी कानून बनाइने छैन" भन्नु र मृत्यु दण्डको सजाय खारेज गरिएको भन्नु विलकूल बेग्लै बेग्लै कुरा हुन्। मत्युदण्ड खारेजको व्यवस्था संविधानले नगरेको हुँदा रिट निवेदन खारेज गरी पाउँ" भन्ने प्रतिवाद गरेको देखिन्छ। प्रस्तुत मुद्दा २०५२-७-१६ मा सर्वोच्च अदालतका तीनजना न्यायाधीशहरूको विशेष इजलाशबाट "... संविधानको भाग ३ धारा १२ को उपधारा (१) मा व्यवस्थित "मृत्युदण्डको सजाय हुने गरी कुनै कानून बनाइने छैन" भन्ने वाक्यांशको संवैधानिक व्याख्या सम्बन्धी महत्वपूर्ण प्रश्न समावेश भएकोले वृहत इजलाशबाट हेरिनु पर्ने" भन्ने आदेश भई यो वर्ष उक्त मुद्दा वृहत न्यायाधीशहरूको इजलाशमा प्रस्तुत भई हेर्दा हेर्दैको अवस्थामा रह्यो।

यसैगरी उपभोक्ताको हक हितको प्रश्न निहित भएको अधिवक्ता प्रकाश मणि शर्मा विरूद्ध नेपाल खानेपानी संस्थान समेतको रिट निवेदन २०४७ साल माघ महिनामा दायर भएकोमा यो वर्ष पनि निर्णय हुन सकेन। यस मुद्दामा खानेपानी संस्थानले दूषित एवं खान नहुने पानी वितरण गरी उल्टै सेवा वापत भनी शुल्कमा वृद्धि गरेको कार्य संविधान प्रदत्त मौलिक हकको धारा १२ (१) र धारा १७ को हकमा प्रतिकूल आघात पर्न गएको भन्ने प्रश्न समावेश भएको छ। यसैगरी दासत्व उन्मूलन सम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय महासन्धिहरूको नेपाल पक्षधर भइसकेको यस पृष्ठभूमिमा नेपालको पश्चिमी क्षेत्र कैलाली र कञ्चनपुर जिल्लाहरूमा वर्धुंवा मजदुर प्रथा (कमैया प्रथा) कायमै रहेकोले यस्तो प्रथा मानवअधिकारको मान्यता समेतको प्रतिकूल रहेकोले यसलाई उन्मूलन गर्ने सम्बन्धमा श्री ५ को सरकारको नाउँमा उपयुक्त आदेश जारी गरी पाउँ भनी २०५० सालमा सर्वोच्च अदालतमा दायर भएको सुशीलराज प्याकुरेल विरूद्ध श्री ५ को सरकार, मन्त्रीपरिषद् सचिवालय समेतको रिट निवेदन यस वर्ष पनि टुङ्गो लाग्न सकेन।

न्याय सम्पादनको कार्यमा ढिलाई भएको यथार्थतालाई महशूस गरी सर्वोच्च अदालतका न्यायाधीशहरू तथा पुनरावेदन अदालतका मुख्य न्यायाधीशहरूको चौथो सम्मेलन, २०५३ ले न्याय छिटो, छरितो सम्पादन गर्ने सम्बन्धमा विभिन्न प्रस्तावहरू पारित गरेको छ। जसमा मुद्दाको संख्या न्यून गर्ने सन्दर्भमा नियमित रेखदेख र जाँचबुझ हुनु पर्ने, म्याद तामेलीमा प्रभावकारिता हुनु पर्ने, कानून व्यवसायीबाट मुद्दा स्थगित गर्ने प्रवृत्तिलाई निरूत्साहित गर्ने, मुद्दामा बुझ्नु पर्ने प्रमाणहरू एकैचोटी बुझ्नु पर्ने जस्ता प्रस्तावहरू पारित गरिएको छ। यसैगरी परिवारका सदस्य-सदस्य बीच हुने पारिवारिक झगडाहरूको निप्टाराको लागि अन्य मुलुकमा भए सरह "पारिवारिक अदालत" को स्थापना गर्नु पर्ने, विवाद समाधानका वैकल्पिक उपायहरूको व्यवस्था हुनु पर्ने, पुनरावेदन अदालतको स्थापना र क्षेत्राधिकारको निर्धारण र परिवर्तन गर्ने कार्य मन्त्रीपरिषद्को सिफारिसमा नगरी सर्वोच्च अदालतको पूर्ण बैठकको सिफारिसको आधारमा हुनु पर्ने जस्ता प्रस्तावहरू पारित गरेको देखिन्छ।

सर्वोच्च अदालतले सन् १९९६ को यस वर्षमा केही महत्वपूर्ण संवैधानिक प्रश्नहरूको निरूपण गरेको छ भने मानवअधिकारसंग प्रत्यक्ष सरोकार भएका केही विषयहरूमा महत्वपूर्ण निर्णयहरू गरेको छ, जो उदाहरणका निम्ति देहायमा प्रस्तुत गरिएको छ।

विना कारण कसैलाई पनि गिरफ्तार गर्न नहुने वा थुनामा राख्न नहुने, यदि कानून बमोजिमको कसूरमा थुनामा राख्दा पनि थुना कानून सम्मत र कानूनद्वारा निर्धारित कार्यविधि पूरा गरेको हुनु पर्ने सिद्धान्तलाई सर्वोच्च अदालतले माया पाठक विरूद्ध श्री ५ को सरकार, गृह मन्त्रालय समेतको बन्दी प्रत्यक्षीकरण मुद्दा (निर्णय मिनि २०५२-११-२३) र रूद्रसिंह ठकुरी विरूद्ध श्री ५ को सरकार, गृह मन्त्रालय समेतको बन्दी प्रत्यक्षीकरण मुद्दामा (नि.मि. २०५२-१२-१२) समेत स्थापित गरेको छ। माया पाठकको मुद्दामा - अभियोग लागेको व्यक्तिलाई अनुसन्धान तहकिकातको प्रयोजनका लागि बढीमा २५ दिनसम्म मुद्दा हेर्ने अधिकारीको अनुमतिले प्रहरीद्वारा हिरासतमा राख्ने कानूनी व्यवस्था भए पनि केवल अनुसन्धान गर्नको लागि मात्र थुनामा राख्न पाउने नभई थुनामा नराख्ने हो भने अनुसन्धान नै अवरूद्ध हुने जस्तो कुनै कारण वा अवस्था आफ्नो पर्चामा वा अनुमति दिंदाको आदेशमा खुलाएको हुनु पर्दछ, अन्यथा कानूनको म्याद भित्र छ भन्दै थुनामा राखी राख्नु गैरकानूनी हुने भन्ने ठहर गरेको छ। यसैगरी रूद्रसिंह ठकुरीको मुद्दामा अनुसन्धान कार्य गर्दा गर्दै अनुसन्धानको कार्य समाप्त नभएको अवस्थामा मात्र कानूनले तोकेको म्याद थप गर्नु पर्ने हुन्छ, अन्य शान्ति सुरक्षाको काम

व्यस्तताले गर्दा अनुसन्धान पूरा नभएको अवस्थामा म्याद थप हुन सक्तैन. यसैले अनुसन्धान तहमा थुनामा राख्दा पुऱ्याउनु पर्ने रीत नपुऱ्याई राखेको देखिएकोले थुनाबाट मुक्त गरी दिनु भनी बन्दी प्रत्यक्षीकरणको आदेश जारी गरिएको छ। यहाँ स्मरणीय कुरा के छ भने नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १४ को उपधारा (६) मा "पक्राउ गरिएको र थुनामा राखिएको प्रत्येक व्यक्तिलाई पक्राउ भएको ठाउँबाट बाटाको म्याद बाहेक चौबीस घण्टाभित्र मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराउनु पर्दछ र कुनै पनि व्यक्तिलाई त्यस्तो अधिकारीको आदेशले बाहेक सो अवधिभन्दा बढी थुनामा राखिने छैन" भन्ने व्यवस्था गरी स्वेच्छाचारी पक्राउ र गैरकानूनी थुना विरूद्धको हकलाई संविधानद्वारा संरक्षित गरिएको छ।

संविधानको सर्वोच्चतालाई अतिक्रमण हुने गरी संसदले कानून बनाएमा त्यस्तो कानून अमान्य र वदर हुने सिद्धान्तलाई सर्वोच्च अदालतले अधिवक्ता बालकृष्ण नेउपाने विरूद्ध अख्तियार दुरूपयोग अनुसन्धान आयोग समेतको मुद्दामा (नि.मि. २०५३-६-८) प्रयोग गरी ऐनका केही दफाहरू अमान्य र शून्य घोषित गर्न पुगेको छ। सर्वोच्च अदालतले उक्त मुद्दामा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको क्षेत्राधिकार सम्बन्धी संवैधानिक व्यवस्था र अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ अन्तरगतका व्यवस्थाहरूका बीचमा रहेका असमान्जस्यताहरूको निरूपण गरी देहायका सिद्धान्तहरू स्थापित गरेको छ :

१. अख्तियार दुरूपयोग अनुसन्धान आयोगको काम कर्तव्यहरूका सम्बन्धमा संविधानमा भइराखेको व्यवस्थाको उद्देश्य परिपूर्तिको लागि विधायिकाद्वारा अधिकारक्षेत्र थप्न सक्ने भए पनि संविधानद्वारा व्यवस्थित काम कर्तव्य र अधिकारलाई कटौती गर्न अथवा सीमित गर्न अथवा कुनै किसिमले नियन्त्रण गर्न सकिन्न।

२. संविधानले सार्वजनिक पद धारण गर्ने व्यक्तिले अनुचित कार्य वा भ्रष्टाचार जस्तो अपराध गरेको सम्बन्धमा कारवाही गर्ने व्यापक व्यवस्था गरेकोमा त्यस्तो दायरा संकुचित गरी अपराध गर्ने व्यक्तिहरूलाई छुटको दायरा फराकिलो पारी सार्वजनिक अधिकारको प्रयोगमा शुद्धता र नियमितता ल्याउने संविधानको उद्देश्य नै विफल हुने स्थिति सिर्जना गरी कुनै पनि ऐनको निर्माण र संशोधन गर्न सकिन्न। तसर्थ ऐनको पहिलो संशोधनद्वारा अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २ को खण्ड (घ) मा "सार्वजनिक पद धारण गरेको व्यक्ति" को परिभाषामा थप गरेको वाक्यांशले संविधानद्वारा परीलक्षित सार्वजनिक पद धारण गरेको व्यक्तिको अवधारणालाई संकुचित अर्थ हुने गरी परिभाषित गरेकोबाट संविधान प्रदत्त आयोगको अधिकार सीमित गरेको देखिन आएकोले सोही कारणबाट त्यस्तो परिभाषामा उक्त संशोधनद्वारा समावेश गरेको वाक्यांश (दफा ४ को उपदफा १ मा उल्लेखित व्यक्ति) संविधान अनुकूल भएको नदेखिंदा उक्त संशोधित व्यवस्था अमान्य र वदर हुन्छ।

३. सार्वजनिक पद धारण गर्ने संविधानले अपवादित गरे बाहेकका जुनसुकै सार्वजनिक पद धारण गर्ने व्यक्ति पनि आयोगको क्षेत्राधिकार भित्र पर्न आउने भई अनुचित कार्य तथा भ्रष्टाचारको विषयमा अनुसन्धान तहकिकात गर्ने सम्बन्धमा आयोगको अधिकारलाई नियन्त्रित वा संकुचित गर्न नसक्ने हुँदा अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ४ को उपदफा ५ (जाँचबुझ आयोग ऐन, २०२६ अन्तरगत न्यायिक जाँचबुझ गर्न सुम्पिएको विषय लगायत तोकिएका अन्य विषयमा आयोगको क्षेत्राधिकार नहुने भनी बन्देज लगाइएको व्यवस्था), दफा १२ को प्रतिवन्धात्मक वाक्यांश (मन्त्री उपरको उजूरीको हकमा कार्वाहीको लागि आयोगले प्रधानमन्त्रीलाई लेखी पठाउने भन्ने व्यवस्था), दफा १९ को उपदफा १२ (राजनीतिक नियुक्ति हुने पदमा वहाल रहेको व्यक्तिको हकमा प्रधानमन्त्रीबाट र संसदको हकमा सम्बन्धित सभामुख वा अध्यक्षबाट कारवाही गर्न लेखी आएमा आयोगले सम्बन्धित व्यक्ति उपर कारवाही गर्न सक्ने भन्ने व्यवस्था) समेत नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९८ को उपधारा (१), (२), (३) संग स्पष्टतः बाझिएको र समग्रमा सार्वजनिक पद धारण गरेको व्यक्तिबाट ओहदाको आडमा गरिने अख्तियारको दुरूपयोग सम्बन्धमा अनुसन्धान तहकिकात र अन्य कारवाही गर्ने गरी अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई संविधानको भाग १२ द्वारा जुन प्रयोजनको लागि प्रभावकारी संस्था स्थापना गर्ने उद्देश्य सहित सो संस्थाको काम, कर्तव्य र अधिकारको व्यवस्था रहेको हो, सो को सामान्यतया प्रतिकूल हुने गरी उपरोक्त दफाहरूको व्यवस्था हुँदा नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १ को उपधारा (१) बमोजिम अमान्य र बदर हुने ठहर्छ।

सर्वोच्च अदालतको उपर्युक्त निर्णयले अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई संविधानले तोकेको काम गर्न कुनै कानूनी बन्देज लगाई रोक्न नसक्ने गरी अधिकार सम्पन्न बनाएको छ।

श्री ५ को सरकारको स्वेच्छाचारितापूर्ण निर्णयलाई वदर गरी कानूनी राज्यको अवधारणालाई मूर्तरूप दिने सम्बन्धमा योगी नरहरीनाथ समेत विरूद्ध शिक्षा मन्त्री गोविन्दराज जोशी समेत सो मुद्दामा सर्वोच्च अदालतले २०५३-१-१७ मा महत्वपूर्ण निर्णय गर्न पुगेको छ। यस मुद्दाको तथ्य र निर्णय यस प्रकारको छ :

१. निवेदकको माग दावी :

(क) चितवन जिल्लाको नारायणघाट बजार उत्तर तर्फ तथा धर्मस्थल देवघाट धाम पश्चिम घना जंगल घेरिएको यो जग्गा धार्मिक दृष्टिले अति पवित्र मानिन्छ, यस क्षेत्रमा उत्खनन हुँदा हजारौं पुराना मूर्तिहरू फेला पर्नुको साथै दुर्लभ जडीबुटीहरू समेत पाइने क्षेत्र हुँदा यो स्थान धार्मिक, वन्यजन्तु र जडीबुटी पाउने कारणले समेत यस ठाउँलाई सार्वजनिक सम्पदाको रूपमा यस भेगका जनता र श्री ५ को सरकारले समेत संरक्षण प्रदान गरी सुरक्षित रहेको स्थानलाई अन्तर्राष्ट्रिय चिकित्सा शास्त्र अध्ययन केन्द्रलाई जुन विदेशी राष्ट्र भारतीयले संचालन गर्न लागेकोलाई श्री ५ को सरकारले उक्त क्षेत्रको ४२ विगाहा जग्गा जमिन सित्तैमा दिने निर्णय गरेको भन्ने कुरा बुझिन आएको हुँदा श्री ५ को सरकारमा रहेका केही व्यक्तिहरूको निजी स्वार्थ पूर्ति गर्न निजी क्याम्पसलाई जग्गा दिने निर्णय गर्नु संविधानको धारा १९ (२) को प्रतिकूल छ।

(ख) निजी रूपमा खुलेका कुनै पनि कलेजलाई श्री ५ को सरकारले जमिन उपलब्ध गराएको छैन। राजनैतिक व्यक्ति र कलेजका व्यक्तिको अनुचित मिलोमतोबाट राष्ट्रलाई नोक्सानी हुने काम गरिएको छ। जि.वि.स. चितवनको बैठकले समेत सो जंगलभित्रको जग्गा क्याम्पसलाई दिन मिल्दैन भन्ने निर्णय गरी श्री ५ को सरकारलाई जानकारी गराउँदा गराउँदै पनि विपक्षीहरूको अनुचित मिलेमतोबाट निजी स्वार्थ पूर्ति गर्न व्यापारिक उद्देश्यको विदेशीहरूको निजी क्याम्पसलाई जग्गा दिने अधिकार श्री ५ को सरकारलाई कुनै कानूनले पनि अख्तियार प्रदान गरेको छैन।

(ग) प्रत्यर्थी श्री ५ को सरकारको उल्लेखित काम कारवाही र निर्णयले संविधानको धारा ११ (१), १६, १९ (२) ले प्रदत्त गरेको हक हनन भएकोले गैर कानूनी किसिमबाट निजी क्याम्पसलाई जग्गा जिम्मा लगाउने गरेको कार्य संविधान र कानूनको विपरित भएकोले धारा २३ र ८८ (२) बमोजिम उत्प्रेषणको आदेशद्वारा वदर गरी पाउँ भन्ने व्यहोराको माग दावी।

२. प्रत्यर्थीको जवाफ :

(क) आफ्नो स्वामित्वमा भएको जग्गा कसलाई के कस्तो शर्तमा उपलब्ध गराउने भन्ने सम्बन्धमा निर्णय गर्ने पूर्ण अधिकार श्री ५ को सरकारमा नै रहने हुँदा रिट निवेदकहरूले लिनु भएको जिकिर आधारहीन छ।

(ख) नेपालमा चिकित्सा विज्ञानको अध्ययन, अध्यापनको विकास गरी दक्ष जनशक्तिको विकास र जनसाधारणलाई चिकित्सा सेवामा अपेक्षित मात्रामा सुविधा होस् भन्ने दृष्टिकोणले सरकारले यस तर्फ विशेष ध्यान दिई कार्य गरी रहेको सन्दर्भमा उक्त कलेज स्थापना गर्न स्वीकृति दिएकोबाट धार्मिक तथा वातावरणीय दृष्टिले प्रतिकूल असर परेको छैन। उक्त कलेज स्थापना गर्ने स्वीकृत दिने निर्णय भएकोबाट रीट निवेदकहरूको संविधानको धारा १९ अन्तरगतको धार्मिक स्वतन्त्रतामा कुनै आघात पुग्न गएको छैन।

(ग) श्री ५ को सरकारको निर्णयबाट निवेदकहरूको कुनै पनि संवैधानिक हकको हनन नभएको हुँदा रिट निवेदन खारेज गरी पाउँ भन्ने समेत व्यहोराको लिखित जवाफ।

३. अदालतको ठहर

(क) वातावरण संरक्षण र पुरातात्विक महत्वको स्थानको परिप्रेक्ष्यमा प्रस्तुत निवेदन परेको प्रस्तुत विषय सार्वजनिक सरोकारको विषय देखिन आएको हुँदा निवेदकहरूलाई मुद्दा गर्ने हकदैया भएको नै देखिन्छ।

(ख) श्री ५ को सरकारले भाडामा दिएको उक्त ठाउँ धार्मिक, प्राकृतिक र जलस्रोतको दृष्टिकोणले राष्ट्रिय महत्वको रहेको देखिन्छ। राष्ट्रिय महत्वको विषयहरूमा श्री ५ को सरकारले निर्णय गर्दा राष्ट्रिय हितलाई ध्यानमा राखेर संविधान तथा कानून विपरित नहुने गरी निर्णय गर्नु पर्दछ।

(ग) श्री ५ को सरकारले वन जंगल भएको जग्गा ४९ वर्षको लागि भाडामा दिएबाट जंगलको नास हुने कुरामा दुइमत हुन सक्दैन। उक्त क्षेत्र कलेजलाई हस्तान्तरण गर्दा वन तथा वातावरणमा समेत प्रत्यक्ष असर पर्न जाने हुनाले हस्तान्तरण नगर्न वन विभागले २०५०-१२-२० मा शिक्षा तथा संस्कृति मन्त्रालयलाई पत्र लेखेको देखिन्छ। यसैगरी सप्तगण्डकी आयोजना स्थलमा बन्न लागेको मेडिकल कलेज स्थापना पश्चात पर्न सक्ने संभावनाहरूको बारेमा अध्ययन गरी सप्तगण्डकी आयोजनाको मुख्य नहर उक्त कलेजलाई दिएको जग्गाबाट जान सक्ने र विद्युत उत्पादन गर्दा बनाउनु पर्ने संरचनाहरू उक्त जमिनमा पर्न सक्ने छ, उक्त क्षेत्र कलेजलाई हस्तान्तरण योग्य नभएको भन्ने व्यहोराको जानकारी जलस्रोत मन्त्रालयले गराएको देखिन्छ। यसरी श्री ५ को सरकारले उक्त कलेजलाई भाडामा उपलब्ध गराएको जग्गामा सालका रूखहरू समेत भएको जंगल भएको, सरकारी जग्गा अन्यत्र पनि हुँदा हुँदै त्यस क्षेत्रको वातावरणमा असर पर्ने गरी मेडिकल कलेज खोल्नको लागि दिनु पर्ने कारण के पर्‍यो त्यसको कुनै आधार कारण पनि खोलेको समेत पाइँदैन। पुरातात्विक महत्वका वस्तु र

सम्पदाको हेर विचार र संरक्षण गर्नु सरकारको प्रमुख दायित्व हो।

(घ) पुरातात्विक चीज वस्तुहरू रहेको धार्मिक ठाउँमा उत्खनन हुन नपाउँदैको अवस्थामा कलेज बनाई दिंदा त्यहाँ रहेका प्राचीन मन्दिर तथा पुरातात्विक चीज वस्तुहरू नष्ट हुँदैनन् भन्न सकिदैन। प्राकृतिक, धार्मिक एवं परातात्विक दृष्टिकोणले महत्वपूर्ण भएको वन जंगलले घेरिएको देवघाट क्षेत्रको जग्गालाई श्री ५ को सरकारले कलेज बनाउन दिने गरेको निर्णयमा उक्त क्षेत्रको जग्गा नै दिनु पर्ने विशेष कारण र आधार खुलाउन सकेको नदेखिंदा श्री ५ को सरकारको मिति २०५०-११-१६ को उक्त निर्णय स्वेच्छाचारितापूर्ण मान्नु पर्ने हुँदा श्री ५ को सरकारले अन्तर्राष्ट्रिय चिकित्साशास्त्र अध्ययन केन्द्रलाई चितवन-भरतपुर-नारायणघाट उत्तर तर्फको ४२ विगाहा जग्गा दिने गरेको उक्त निर्णय उत्प्रेषणको आदेशद्वारा वदर हुने ठहर्छ" भन्ने निर्णय।

४. टिप्पणी

सर्वोच्च अदालतको यस निर्णयले वातावरण मानव जीवनको अभिन्न अंगको रूपमा रहेको कुरालाई स्वीकार्दै राष्ट्रिय महत्वको विषयहरूमा श्री ५ को सरकारले निर्णय गर्दा राष्ट्रिय हितलाई ध्यानमा राखेर गर्नु पर्ने कुरालाई निर्दिष्ट गरेको छ।

प्रशासकीय निर्णयमा मुनासिव आधार र कारण खुलाउन नसकेमा त्यस्तो निर्णय स्वेच्छाचारितापूर्ण भई वदर योग्य हुने सिद्धान्तलाई सर्वोच्च अदालतले स्थापित गरेको छ।

संविधानद्वारा प्रत्याभूत गरिएको सूचनाको हक सम्बन्धी मौलिक हकका सम्वन्धमा सर्वोच्च अदालतले काशी दाहाल विरूद्ध श्री ५ को सरकार, मन्त्रीपरिषद् समेतको मुद्दामा महत्वपूर्ण सिद्धान्त स्थापित गर्न पुगेको छ (निर्णय मिति २०५३-७-२४-४)। यस मुद्दाको तथ्य र निर्णय यस प्रकार रहेको छ।

१. मुद्दाको संक्षिप्त तथ्य

नेपालका विभूति, एशियाका ज्योति, विश्वका शान्तिदूत गौतम वुद्धको जन्मस्थल लुम्बिनी क्षेत्रको विकास र पुननिर्माणका नाउँमा सरकारी पक्षबाट गौतम वुद्ध जन्मेको लुम्बिनीको ऐतिहासिक पवित्र विशाल वृक्ष काटी मासी अवैध व्यापार गरिएको र त्यस क्षेत्रको अन्य पुरातात्विक वस्तुहरू समेत लोप गर्ने समेतका कार्यहरू हुन गएका तथ्यहरू प्रकाशमा आएकोले यी विषयहरू सार्वजनिक महत्व तथा सार्वजनिक सरोकार र चासोको भएकोले लुम्बिनी क्षेत्रको विकास र निर्माणका नाउँमा ऐतिहासिक तथा पुरातात्विक वस्तुहरूको संरक्षण गर्दै लुम्बिनी क्षेत्रको विकास तथा पुननिर्माण गर्नु गराउनु भन्ने लुम्बिनी कोष समेतका नाउँमा उपर्युक्त आदेश जारी गरी पाउन देहायका कुराहरू उल्लेख गरी रिट निवेदन प्रस्तुत गरिएको थियो :

(क) इसापूर्व ६२३ बैशाख पूर्णिमाका दिन तत्कालिन कपिलवस्तु राज्यका शाक्यवंशका राजा सुद्धोधनकी रानी मायादेवी आफ्नो माइतीघर जाँदै गरेको अवस्थामा लुम्बिनी कुञ्जको विशाल वृक्ष (जुन हाल काटी मासेको) मा राजकुमार सिद्धार्थ (गौतम वुद्ध) को जन्म भएको ऐतिहासिक तथ्यहरू स्थापित छन्। मौर्य सम्राट अशोकले इसापूर्व २५५ मा कनकमुनि वुद्धको जन्मभूमिमा तीर्थ यात्रा गरी लुम्बिनीमा शाक्यमुनि गौतम वुद्ध जन्मेका थिए भनी ढुङ्गाको शिलास्तम्भ निर्माण गरेको तथ्य र चिनिया यात्री "फहियान" र "हुयानसाङ्ग" ले क्रमशः पाँचौं शताव्दी र सातौं शताव्दीमा लुम्बिनी भ्रमण गरी यही शिलास्तम्भ भएको ठाउँमा नै गौतम वुद्धको जन्मस्थल हो, सो स्थान हालको रूपन्देही जिल्लास्थित लुम्बिनी नै हो भन्ने कुरा स्थापित हुँदा हुँदै पनि भारतीय पक्षबाट वुद्धको तत्कालिन कपिलवस्तु राज्य भारत उत्तरप्रदेशको वस्ती जिल्ला अन्तरगत "पिपरहवा" भन्ने समेतका मिथ्या कुराहरूको श्रृजना गरी ऐतिहासिक स्थापित तथ्यहरूलाई विखण्डित गर्ने दुष्प्रयासहरू केही समयदेखि भइरहेको यस पृष्ठभूमिमा हाम्रा ऐतिहासिक प्रमाणहरू लोप गराउने दुष्प्रयासहरू भइरहेको छ।

(ख) वुद्धको जन्मस्थल र उनको जीवनसंग सम्बन्धित ऐतिहासिक तथा पुरातात्विक महत्वका वस्तुहरूको संरक्षण र सम्बर्द्धन गर्नु आवश्यकीय कुरा हो। केही समयदेखि लुम्बिनी क्षेत्रको विकासको नाउँमा ऐतिहासिक वस्तुहरू नास्ने मास्ने, लोप गर्ने, वुद्ध जन्मेको वृक्ष काटी अवैध रूपमा विदेशमा सो रूखको पिर्का बनाई व्यापार गर्ने, हाल सो रूख नभएको भन्ने जस्ता स्थितिले सम्बन्धित सबै चिन्तित बन्न पुगेका छन्।

(ग) गौतम वुद्धसंग सम्बन्धित ऐतिहासिक तथा पुरातात्विक वस्तु तथा क्षेत्रहरूको संरक्षण गर्न प्रत्यर्थी सरकारी पक्षहरूले विशेष ध्यान दिनु पर्नेमा त्यसतर्फ संवेदनशील नभएकोले ऐतिहासिक वृक्ष काटी नासी अवैध रूपमा व्यापार भएको तथ्यहरू प्रकाशमा आएको देखिंदा छानवीन गरी दोषी उपर आवश्यक कारवाही गर्नु गराउनु भनी श्री ५ को सरकारको नाउँमा आदेश गर्नुका साथै के कसको के कुन मितिको के कस्तो निर्णयबाट गौतम वुद्ध जन्मिएको ऐतिहासिक वृक्षलाई काटी नष्ट गरिएको हो, सो विषय सार्वजनिक सरोकारको बनेकोले सर्वसाधारण जनताको जानकारीको लागि वास्तविक सूचना प्रवाह गर्नु गराउनु भनी श्री ५ को सरकारको नाउँमा आदेश जारी गरी पाउँ भन्ने समेत व्यहोराको रिट निवेदन।

२. प्रत्यर्थीको जवाफ

(क) लुम्बिनीको मौलिकता नष्ट हुने कुनै कार्य गरिएको छैन। लुम्बिनी क्षेत्रको विकास र पुनर्निर्माणको क्रममा गौतम वृद्धको जन्मस्थल र जीवनसंग सम्बन्धित कुनै पनि ऐतिहासिक तथा पुरातात्विक वस्तुहरूको विनाश गरिएको छैन। अशोकस्तम्भ र मायादेवीको मन्दीरलाई कुनै क्षति नहुने गरी पिपलको रूख काटी हटाइएको हो। मायादेवी मन्दीर र अशोक स्तम्भलाई क्षतिग्रस्त हुन नदिन र सोको संरक्षणको खातिर असल नियतबाटै उक्त रूख काटिएको हो। उक्त पिपलको रूख काटी मासी विदेशमा अवैध व्यापार गरेको होइन, हामीबाट त्यस्तो कुनै पनि किसिमको अवैध व्यापार भए गरेको छैन भन्ने समेत व्यहोराको पुरातत्व विभाग र लुम्बिनी कोषको लिखित जवाफ।

(ख) श्री ५ को सरकार (कार्य विभाजन) नियमावली, २०४७ अनुसार युवा खेलकुद तथा संस्कृति मन्त्रालयको कार्य क्षेत्र भित्र पर्ने प्रस्तुत विषय हो भन्ने व्यहोराको श्री ५ को सरकार मन्त्री परिषद् सचिवालयको जवाफ। तर प्रत्यर्थी युवा खेलकुद तथा संस्कृति मन्त्रालयले अदालतबाट पठाएको म्याद बुझी लिखित जवाफ नदिएको।

३. अदालतको ठहर

(क) महान विभुती गौतम वृद्धको जन्मस्थल लुम्बिनीको विकास निर्माणको रूपमा जन्मस्थलस्थित मायादेवीका मन्दीरको पुनः निर्माणको सिलसिलामा भएको उत्खनन र अन्वेषणको कार्य सार्वजनिक महत्व तथा चासोको विषय रही आएको छ। गौतम वृद्धको जन्मस्थल लुम्बिनी ऐतिहासिक, सांस्कृतिक तथा पुरातात्विक महत्वको स्थल हुनाका साथै र यस प्रति गहिरो धार्मिक भावनात्मक सम्बन्ध पनि रही आएको छ। गौतम वुद्धको जन्मस्थल लुम्बिनी स्थित मायादेवी मन्दीरमा अवस्थित पिपलको वृक्षले मायादेवी मन्दीरको भौतिक स्थिनिमा गाँसिएर जन्मस्थलको एक हिस्साको रूपमा पहिचान राख्दै आएको छ भन्ने धारणा रहेको अवस्थामा जन्मस्थल प्रति रहेको दृष्टिकोण तथा गहिरो भावनात्मक सम्वन्ध हुर्किएको र जरा गाड्दै फिजाउँदै गएको यस वृक्ष प्रति पनि हुन जानुलाई स्वभाविक मान्न सकिन्छ।

(ख) पिपलको रूख काटी हटाइएको छ भन्ने कुरामा विवाद छैन। यस्तो वृक्ष हटाउने र मायादेवी मन्दीरमा रहेका मूर्तिहरू सारिने कार्य संवेदनशील हुन जाने र चासो लिइनु अस्वभाविक पनि देखिँदैन। यस्तो अवस्थामा सार्वजनिक महत्वका मायादेवी मन्दीर पुनर्निर्माणको क्रममा मन्दीर अवस्थित ऐतिहासिक र पुरातात्विक महत्व राख्ने वस्तुहरू हटाउन र पिपल वृक्ष काटी हटाउन परेको कार्यको पछाडि रहेको कारण तथा अवस्था बारे जानकारी राख्ने कुरा सार्वजनिक सरोकारकै विषय हुँदा निवेदक समेतका नेपाली नागरिकलाई जानकारीको लागि सूचना माग्ने तथा पाउने हक नभएको भन्न मिलेन।

(ग) प्रत्यर्थीहरूको लिखित जवाफमा यस सम्बन्धमा सूचना प्रवाह पटक पटक गरेको भनेता पनि त्यसको प्रमाण दिन नसकेकोले सूचना प्रवाह गरेका भनी मान्न नमिल्ने हुँदा निवेदन माग बमोजिम मायादेवी मन्दीरका मूर्तिहरू सार्नु परेको तथा पिपलको वृक्ष काटी हटाउनु परेको कारण सहित वास्तविक सूचना सार्वजनिक रूपमा प्रवाह गर्नु भन्ने श्री ५ को सरकार पुरातत्व विभाग, लुम्बिनी विकास कोषका नाउँमा नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ८८ (२) बमोजिम परमादेश जारी हुने ठहर्छ" भन्ने व्यहोराको आदेश सर्वोच्च अदालतबाट जारी भएको देखिन्छ।

४. टिप्पणी

उपर्युक्त मुद्दामा गरिएको सर्वोच्च अदालतको व्याख्याले सार्वजनिक सरोकार तथा चासोको विषयको सूचना सार्वजनिक रूपमा प्रवाह गर्नु पर्ने सरकारको दायित्वलाई निर्दिष्ट गरेको छ। सार्वजनिक महत्वको कुराको सूचना पाउने हकका लागि प्रथमतः निवेदकले सम्बन्धित ठाउँमा सूचना माग गरेको हुनु पर्नेमा निवेदक त्यसरी सूचना प्राप्त गर्नको लागि गएको नदेखिंदा रिट निवेदन खारेज हुनु पर्ने तर्क र जिकिरहरू प्रत्यर्थीहरूबाट प्रस्तुत गरिएको भए पनि प्रत्यर्थीहरूको यस जिकीरप्रति अदालतले असहमति जनाउँदै नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ८८ (२) अन्तरगत सार्वजनिक सरोकारको विषयमा नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १६ अन्तरगतको सूचनाको हकको व्यापकतालाई आत्मसात गर्दै सार्वजनिक सरोकार तथा चासोको विषयको सूचना सार्वजनिक रूपमा प्रवाह गर्नु पर्ने सरकारको दायित्व रहेको भन्ने व्याख्याले सूचनाको हकको प्रचलनमा महत्वपूर्ण ऐतिहासिक निर्णय सर्वोच्च अदालतबाट भएको मानिएको छ।

यस वर्ष सर्वोच्च अदालतबाट भएका निर्णयहरू मध्ये केही मुद्दाहरूमा सर्वोच्च अदालतको व्याख्या अनुदार भएको भन्ने टिप्पणीहरू समेत रहेका छन्। उदाहरणका निम्ति अधिवक्ता त्रिलोचन गौतम विरूद्ध श्री ५ को सरकार, अर्थ मन्त्रालय समेत (नि.मि. २०५३-२-३ र अधिवक्ता प्रविण कुमार कार्की विरूद्ध डा. रामशरण महत समेत (नि.मि. २०५३-७-१६) आदि। त्रिलोचन गौतमको मुद्दामा सांसदहरू समेतलाई भन्सार सुविधा दिएको श्री ५ को सरकारको निर्णय स्वेच्छाचारी भएको, सांसदको सुविधा संविधान बमोजिम विशेष कानूनद्वारा तोकिनु पर्नेमा श्री ५ को सरकारको निर्णयद्वारा पाउने व्यवस्था हुनु उपयुक्त नभएको र सो

सुविधाको छुटले देशको अर्थतन्त्रमा प्रभाव पार्ने हुँदा सो निर्णय बदर गरी पाउँ भनी परेको रिट निवेदनमा सर्वोच्च अदालतले कानूनको अख्तियारी अन्तरगत नै रही श्री ५ को सरकारले सुविधा दिएको देखिंदा ऐनको वैधता कायम रहेसम्म त्यस्तो ऐनद्वारा प्रदत्त अधिकार प्रयोग गरी गरिएको निर्णय अवैध घोषित गर्न नमिल्ने निर्णय गर्न पुग्यो। देशको अर्थतन्त्रमा गाडी मगाउने भन्सार छुटको सुविधाले ठूलो नकारात्मक प्रभाव पुऱ्याउने स्थिति भएको हुँदा अदालतले सक्रियताको भूमिका निर्वाह गर्नु पर्दथ्यो भन्ने अभिमत देखा पऱ्यो। यसै गरी प्रविणकुमार कार्कीको मुद्दामा अर्थ मन्त्री डा. रामशरण महतले अमेरिका स्थित केमिकल बैंकमा खाता खोली पैसा जम्मा गरेको सम्बन्धमा राष्ट्र बैंकलाई सूचना गरी इजाजत लिनु पर्नेमा सो नगरी विदेशी विनिमय (नियमित गर्ने) ऐनको दफा ४ (१) र दफा १६ (१) अनुसार आर्थिक अपराध गरेकोमा निजलाई कानून बमोजिम कारवाहीका निम्ति मुद्दा चलाउनु पर्नेमा मुद्दा नचलाउने गरी राजस्व अनुसन्धान विभागबाट भएको निर्णय संविधानको धारा ११ (१), ११ (२) को संवैधानिक प्रत्याभूति विपरीत भएकोले मुद्दा नचलाउने भन्ने निर्णय बदर गरी पुनः अनुसन्धान गरी मुद्दा चलाउनु भन्ने आदेश जारी गरी पाउँ भन्ने दावी लिएकोमा सर्वोच्च अदालतका प्रधान न्यायाधीश सुरेन्द्रप्रसाद सिंहको एक न्यायाधीशको इजलाशले प्रस्तुत मुद्दाको विषय वस्तु सार्वजनिक हक वा सरोकार रहेको भन्ने देखाउन नसकेको र निवेदकको मुद्दा गर्ने हकदैया नै नभएको भन्ने आधारमा लिखित जवाफ नै नमगाई रिट खारेज गरियो। जबकी पूर्व कृषि मन्त्री पदमसुन्दर लावतीलाई संसदमा मतदान गर्नबाट वञ्चित गरियोस् भनी दायर गरेको रिट निवेदनमा सोही इजलाशबाट हकदैया भएको ठहर गरी कारण देखाउ आदेश जारी गरियो। यसै गरी श्री ५ को सरकारले फौजदारी मुद्दाहरू फिर्ता लिएको कार्य बेरित र स्वेच्छाचारी भयो भनी दर्ता गरेका रिट निवेदनहरूमा हकदैयाको प्रश्न नउठी कारण देखाउ आदेश जारी भएका छन्।

सन् १९९६ को यस वर्षमा संवैधानिक प्रश्नहरूको निरूपणका निम्ति सर्वोच्च अदालतमा केही महत्वपूर्ण रिट निवेदनहरू दर्ता भई यो वर्ष अनिर्णित नै रहे। जसमा नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ४ को उपधारा (२) को खण्ड (क) अनुसार "यो संविधान प्रारम्भ हुँदाका बखतको क्षेत्र नेपाल अधिराज्यको क्षेत्र हुने" संवैधानिक व्यवस्था भइरहेकामा श्री ५ को सरकारको सहमतिद्वारा मेची सीमानामा भारतीय पक्षबाट अतिक्रमण गरी नेपालको करिब ८०० हेक्टर भूमि हाल भारतमा गाभिन पुगेको हुँदा नेपाल अधिराज्यको प्रादेशिक अखण्डता कायम गर्न गराउन अधिवक्ता रामजी विष्ट समेत विरूद्ध परराष्ट्र मन्त्री प्रकाशचन्द्र लोहनी समेतका उपर सर्वोच्च अदालतमा २०५३ कार्तिक १९ गते रिट दायर गरियो। यसै गरी २०५३ पुस ९ गते प्रधानमन्त्री शेरबहादुर देउवा विरूद्ध प्रतिनिधिसभामा प्रस्तुत अविश्वास प्रस्तावमाथि मतदान हुँदा उक्त प्रस्तावको पक्षमा १०१ र विपक्षमा ८४ मत प्राप्त भएकोले तत्काल रहेको प्रतिनिधि सभाको जम्मा सदस्य संख्या २०० मध्ये १०१ प्रस्तावको पक्षमा भएकोले संविधानको धारा ५९ (३) अनुसार अविश्वासको प्रस्ताव पारित भएको घोषणा गर्नु पर्नेमा सभामुख रामचन्द्र पौडेलले सरकार टिकाउने आफ्नो पार्टीको निर्णयमा हस्ताक्षर गरी सभामुखको पदीय आचरण विरूद्ध कार्य गरेकोले सभामुखको सो घोषणा बदर गरी पाउँ भनी अधिवक्ता योगराज सुवेदी समेतले सर्वोच्च अदालतमा रिट दायर गरे। यस्तै महाकाली सन्धि संसदबाट पारित भएको विषयहरूमा समेत संवैधानिक प्रश्नहरू उठाई सर्वोच्च अदालतमा मुद्दाहरू दायर हुन पुगे। संसदको काम कारवाहीमा हिन्दी भाषालाई समेत मान्यता दिएकोमा संविधान सम्मत नभएको भनी सर्वोच्च अदालतमा दायर गरेको रिट निवेदनमा अदालतबाट सभामुख रामचन्द्र पौडेल समेतका नाउँमा कारण देखाउ आदेश जारी भई विचाराधीन छ। यसरी सन् १९९६ को वर्षमा मानवअधिकारका प्रश्नहरू र संवैधानिक प्रश्नहरू उठाई सर्वोच्च अदालतमा विभिन्न प्रकृतिका मुद्दाहरू दायर भएका देखिन्छन् जसमध्ये केही मुद्दाहरूको निरूपण भइसकेका छन् भने केही मुद्दाहरू विचाराधीनको अवस्थामा छन्।

■

परिच्छेद २

श्री ५ को सरकार र मानवअधिकार १९९६

मानवअधिकार प्रत्येक व्यक्तिको जीवनको अधिकार हो। मान्छेको जीवनको कुनै पनि अधिकारको हनन हुनुलाई मानवअधिकार हननको रूपमा लिनु पर्दछ। मानवअधिकारको रक्षाका लागि मानव समुदायका प्रत्येक व्यक्ति र हरेक पक्षले एक अर्काको अधिकारको सम्मान गर्न पनि सक्नु पर्दछ। मानवअधिकारको सम्मानका लागि प्रत्येक व्यक्तिको जिम्मेवारी आवश्यक रहन्छ। तथापि कुनै पनि मुलुकमा मानवअधिकारको रक्षा गर्ने, त्यसको सम्मान गर्ने र मानवअधिकार उल्लंघन कर्तालाई कारवाही चलाउने मूल जिम्मेवारी भनेको त्यस मुलुकको सरकारमा नै रहेको हुन्छ। सरकार आफ्नो त्यो जिम्मेवारीलाई पूरा गर्नुको सट्टा आफै मानवअधिकार उल्लंघनमा अग्रसर भयो भने त्यस मुलुकमा मानवअधिकारको रक्षा र सम्मान कदापि सम्भव हुँदैन।

सन् १९४८ मा मानवअधिकारको विश्वव्यापी घोषणापत्र जारी भएपछि नै मानवअधिकार आन्दोलनको शुरूवात भएको हो। यो आन्दोलन क्रमशः फैलिने र विश्वव्यापी बन्दै जाने क्रममा आन्दोलनको स्वरूपलाई लिएर मतमतान्तर पनि देखा पर्दै आएको पाइन्छ। मानवअधिकार आन्दोलन मानव जीवनको स्वतन्त्रतापूर्वक बाँच्न पाउनुको साथै गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य आदि जस्ता मुलभूत अधिकारहरूसंग समेत सम्बन्धित रहेकाले राजनीतिक, आर्थिक, सामाजिक एवं सांस्कृतिक आन्दोलनहरूसंग पनि यसको सहसम्बन्ध रहने कुरालाई कसैले पनि नकार्न मिल्दैन। मान्छेको जीवन र उसको एउटै मात्र पनि अधिकारलाई पन्छाएर वा बेवास्ता गरेर मानवअधिकार आन्दोलनलाई अगाडि बढाउन सकिदैन। त्यसैले मनवअधिकार आन्दोलनलाई सार्थक ढंगले अगाडि बढाउने हो भने मान्छेका यावत् अधिकारहरूलाई यसै अन्तर्गत राखेर हेर्नु जरूरी हुन्छ।

प्रजातन्त्र र मानवअधिकार एक अर्काका पर्याय मानिन्छन्। प्रजातन्त्र विना मानवअधिकार सम्भव नहुने र मानवअधिकार विना प्रजातन्त्र नरहने भन्ने कुरालाई स्वीकार गर्नै पर्छ। तर कतिपय मुलुकमा त्यहाँका सरकारले मानवअधिकारलाई सत्ता संचालनको एउटा आवरणको रूपमा मात्र लिएको पनि पाइन्छ। सत्तामा वसेर मानवअधिकारको नारा भट्याउने अनि व्यवहारमा चाहि त्यसको खुल्लमखुल्ला उल्लंघन गर्ने गरेका घटनाहरू विश्वमा प्रशस्तै देखा पर्दै आएका छन्। वास्तवमा त्यस्ता घटनाहरूलाई हेर्दाखेरि सैनिक तानाशाहीले चलाएको निरंकुशताबाट हुने गरेको मानवअधिकार उल्लंघन र प्रजातन्त्रको नाममा त्यसका शासकहरूबाट हुने गरेको मानवअधिकार उल्लंघनमा कुनै भिन्नता देखिदैन।

नेपालमा वि.सं. ०४६ सालको जनआन्दोलनको सफलताबाट बहुदलीय व्यवस्थाको स्थापना हुनु अघि निर्दलीय निरंकुश शासन कायम थियो। त्यस समयमा नागरिकहरूले सामान्य न्यायिक अधिकारका बारेमा आवाज उठाउन समेत पाउँदैन थिए। मानवअधिकार दिवस मनाइरहेको ठाउँमा समेत प्रहरी हस्तक्षेप गराएर मानवअधिकार कार्यकर्ताहरूलाई गिरफ्तार गर्ने काम पंचायती शासकहरूले गरेका थिए।

बहुदलीय व्यवस्थाको स्थापनापछि मानवअधिकारका क्षेत्रमा केही सकारात्मक कामहरू हुन थाले। नेपाली कांग्रेस र संयुक्त वाममोर्चा सम्मिलित अन्तरिम सरकारको कार्यकालमा मानवअधिकारका क्षेत्रमा केही उल्लेख्य कार्यहरू भए। अन्तर्राष्ट्रिय मानवअधिकार सम्बन्धी सन् १९६६ का दुईवटा सहायक अनुबन्ध र ऐच्छिक प्रोटोकल, यातना, क्रूर सजाय तथा अमानवीय सजाय एवं व्यवहार सम्बन्धी सन् १९५६ को अभिसन्धिका साथै वालअधिकार सम्बन्धी सन् १९९० को अभिसन्धिलाई नेपालले अनुमोदन गर्‍यो। तर त्यसपछिको समयमा अनुमोदन गरिएका अभिसन्धिहरूको पालना गर्ने काम श्री ५ को सरकारबाट हुन सकेन। अभिसन्धिहरूको अनुमोदन कागजी रूपमा मात्र रह्यो, व्यवहारमा देखा परेन। पहिलो आम निर्वाचनबाट बनेको नेपाली कांग्रेसको सरकारले प्रजातन्त्र र मानवअधिकारलाई आफ्नो मुलभूत मान्यता ठानेको घोषणा गरे पनि व्यवहारमा त्यस घोषणाको प्रतिबिम्ब देखा परेन। मानवअधिकार उल्लंघनका गम्भीर घटनाहरू भए। ती घटनाहरूबाट सरकार आफै मानवअधिकारप्रति सचेष्ट नरहेको आभास मिल्यो।

मध्यावधि निर्वाचनपछि सत्तासीन हुन पुगेको नेपाल कम्युनिष्ट पार्टी (एमाले) को सरकारले सत्तासीन हुने वित्तिकै मानवअधिकार आयोगको स्थापना गर्ने, बाँधाश्रम प्रणालीको अन्त्य गर्ने, यातना विरूद्ध क्षतिपूर्ति ऐनको निर्माण गर्ने, मल्लिक आयोग र वेपत्ता पारिएका मानिसहरू बारे तथ्य पत्ता लगाउने समितिको प्रतिवेदन सार्वजनिक गर्ने घोषणा गर्‍यो। जसअनुसार मल्लिक आयोग र वेपत्ता पारिएका मानिसहरू बारे तथ्य पत्ता लगाउने समितिको प्रतिवेदनलाई सार्वजनिक गरियो भने मानवअधिकार आयोग र यातना विरूद्ध क्षतिपूर्ति

ऐनको निर्माण प्रक्रिया शुरू गरियो। बाँधाश्रम प्रणाली उन्मूलन गर्ने कार्यक्रम पनि लागु गरियो। मानवअधिकार आयोग र यातना विरूद्ध क्षतिपूर्ति ऐनको मस्यौदा तयार गरेर त्यसलाई पारित गराउने प्रक्रिया अगाडि बढिरहेको बेला एमालेको सरकार सत्ताच्युत हुन पुग्यो।

०५२ साल भदौ २६ गते नेपाली कांग्रेसको नेतृत्वमा राष्ट्रिय प्रजातन्त्र पार्टी र नेपाल सद्‌भावना पार्टीको संयुक्त सरकार गठन भयो। यो सरकारको करीब १८ महिनाको शासन अवधिमा मानवअधिकारका क्षेत्रमा केही सकारात्मक काम भएको छ भने मानवअधिकार उल्लंघनका थुप्रै गम्भीर घटनाहरू पनि देखा परेका छन्। तर यहाँ संयुक्त सरकारको कार्यकाल मध्ये सन् १९९६ को वर्ष अर्थात् ०५२ साल पुस १७ गतेदेखि ०५३ साल पुस १६ गतेसम्मको एक वर्षका बीचमा देखा परेको मानवअधिकारको स्थितिका बारेमा मात्र चर्चा गरिने छ।

नेपाली कांग्रेस, राष्ट्रिय प्रजातन्त्र पार्टी र नेपाल सद्‌भावना पार्टीको संयुक्त सरकारले मानवअधिकारका क्षेत्रमा गरेका दुईवटा कामलाई सकारात्मक रूपमा लिनु पर्दछ। नेकपा (एमाले) को सरकारले अगाडि बढाएको र वर्तमान सरकारले सम्पन्न गरेका ती दुई सकारात्मक काममा मानवअधिकार आयोग विधेयक-०५२ को निर्माण र यातना सम्बन्धी क्षतिपूर्ति विधेयक- ०५२ को निर्माण रहेका छन्। यद्यपि यी दुवै विधेयकमा कमजोरीहरू भने नरहेका होइनन्।

नेपालमा बहुदलीय व्यवस्थाको स्थापनाको लगत्तै मानवअधिकार आयोगको स्थापना हुनु पर्ने माग उठेको थियो। त्यही मागलाई लिएर नेकपा (एमाले) का सांसद सुवास नेम्वाङ्गले ०४९ साल फागुन ३ गते नेपालको संसदमा पहिलो पटक मानवअधिकार आयोग सम्बन्धी एक राष्ट्रिय संकल्प प्रस्ताव प्रस्तुत गर्नु भएको थियो। त्यतिबेला नेपाली कांग्रेसका सांसदहरूले मानवअधिकार आयोगको आवश्यकता नरहेको बताउँदै प्रस्तावलाई अस्वीकार गरेका थिए। पछि सर्वोच्च अदालत र पुनरावेदन अदालतका न्यायाधीशहरूको सम्मेलनले मानवअधिकार आयोगको स्थापना हुनु पर्ने प्रस्ताव पारित गर्‍यो। अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), बाल मजदूर सरोकार केन्द्र (सिविन), यातना पीडित सरोकार केन्द्र (सिभिक्ट), मानवअधिकार संरक्षण मंच (मासम), नेपाल मानवअधिकार संगठन, इन्हुरेड इन्टरन्याशनल लगायतका मानवअधिकार संस्थाहरूले पनि मानवअधिकार आयोगको गठन सम्बन्धी मागलाई देशव्यापी बनाए। सबैतिरबाट उठिरहेको मागप्रति सकारात्मक धारणाका साथ नेकपा (एमाले) को सरकारले आयोग गठन सम्बन्धी प्रक्रिया अगाडि बढाएर प्रारम्भिक मस्यौदा समेत तयार गर्‍यो। पछि नेपाली कांग्रेसका सांसद महेश आचार्यले संसदको दशौं अधिवेशनमा गैर सरकारी विधेयकका रूपमा पेश गरेको मानवअधिकार आयोग गठन सम्बन्धी विधेयकलाई नै संसदले पारित गर्‍यो।

मानवअधिकार आयोग- ०५२ मा व्यवस्था भएअनुसार सेवा निवृत्त भएको सर्वोच्च अदालतको प्रधानन्यायाधीश, न्यायाधीश वा सर्वोच्च अदालतको न्यायाधीश हुने योग्यता पुगेको व्यक्ति मध्ये एक अध्यक्ष रहने गरी ३ सदस्यीय आयोग बन्ने छ। आयोगका अन्य दुई सदस्यमा संविधान तथा कानूनका क्षेत्रमा महत्वपूर्ण योगदान पुर्‍याएका कानूनविद, मानवअधिकार वा सामाजिक क्षेत्रमा महत्वपूर्ण योगदान पुर्‍याएका व्यक्ति अथवा संचार तथा पत्रकारिता क्षेत्रमा काम गरी महत्वपूर्ण योगदान पुर्‍याएका व्यक्ति मध्ये एक र संवैधानिक अंगको पद वा श्री ५ को सरकारको विशिष्ट श्रेणीको पदमा कार्य गरी सेवा निवृत्त भएको व्यक्ति मध्ये एक रहने व्यवस्था गरिएको छ। आयोगका सदस्यहरूको नियुक्तिको सिफारिश गर्न प्रधानमन्त्री र प्रधानन्यायाधीश एवं प्रतिनिधि सभामा विपक्षी दलका नेता सदस्य रहने गरी सिफारिश समितिको व्यवस्था पनि विधेयकमा रहेको छ।

फराकिलो सोचाइका साथ मानवअधिकार आयोगको गठन हुनु पर्ने माग उठिरहेको बेलामा आयोगको कार्यक्षेत्र निकै नै साँघुरो रहेको कुरा विधेयकबाट स्पष्ट हुन्छ। प्रतिनिधि सभाको मानवअधिकार समितिको दुई तिहाई बहुमतले हटाउने प्रस्ताव प्रतिनिधि सभाको बैठकमा प्रस्तुत गरी पारित भएमा आयोगको कुनै पनि सदस्य पदमुक्त हुने व्यवस्था विधेयकले गरेको छ। त्यस्तै श्री ५ को सरकारको महान्यायाधिवक्ता एवं मुख्य सचिवले आयोगको अधिकारमा व्यवधान उत्पन्न गराउन सक्ने स्थिति पनि विधेयकमा विद्यमान देखिन्छ। विधेयकमा कतिपय स्थितिमा आयोगले मुख्य सचिव एवं महान्यायाधिवक्ताको स्वीकृति लिएर मात्र कार्य गर्न सक्ने कुरा उल्लेख छ। सैनिक ऐनको क्षेत्राधिकारको विषयलाई आयोगले हेर्न नपाउने किटान गरिएको छ। यस्ता प्रावधानहरूका अगाडि मानवअधिकार आयोग मानवअधिकारकै नाराका खातिर मात्र देखाउने दाँत त हुने हैन भन्ने प्रश्न पनि उठ्न सक्ने देखिन्छ।

कुनै पनि पक्षबाट भएको मानवअधिकार उल्लंघनको घटनामा स्वतन्त्र र निष्पक्ष रूपले छानवीन गरी दोषी उपर कारवाही समेत गर्न पाउने उच्चस्तरीय अधिकार सम्पन्न आयोगको व्यवस्था नै अहिलेको आवश्यकता थियो। तर त्यस्तो विधेयकको निर्माण भएको देखिएन। तथापि मानवअधिकारको क्षेत्रमा एउटा आयोग बन्नु नकारात्मक कुरा हुन सक्दैन। यसलाई सकारात्मक रूपमा लिनु पर्दछ र आयोगका कामकारवाहीलाई हेरेर पछि मूल्यांकन गर्नु वेस हुनेछ।

मानवअधिकार आयोग संगसंगै यातना सम्बन्धी क्षतिपूर्ति विधेयक-०५२ पनि संसदको दशौं अधिवेशनबाट पारित भएको छ। यो विधेयक व्यवहारमा कार्यान्वियन हुने कुरामा नै विभिन्न आशंकाहरू उत्पन्न हुन पुगेका छन्। यो विधेयक पारित भैसकेपछि पनि प्रहरी यातनामा मृत्युका घटनाहरू भइरहेका छन्। तर पीडकमाथि कारवाही चलाइएका घटनाहरू देखा परेका छैनन्। यही यथार्थले पनि उक्त ऐनको कार्यान्वयनमा शंका उत्पन्न गराइसकेको छ। ऐनको कार्यान्वयन व्यवहारमा देखा पर्न सकेमा मात्र

मानवअधिकारको रक्षामा बल पुग्न सक्दछ। अन्यथा यो ऐन पनि देखाउने एउटा दाँत मात्र बन्न पुग्नेछ।

मानवअधिकार आयोग र यातना सम्बन्धी क्षतिपूर्ति विधेयकको निर्माण यस वर्ष श्री ५ को सरकारको सकारात्मक काम रह्यो भने नकारात्मक काम पनि त्यत्तिकै चर्चामा रहन पुगेका छन्। यो वर्ष हत्या, गिरफ्तारी, बलात्कार र यातनाका घटनाहरूमा अझै बृद्धि हुन पुगेको छ। सरकार मनवअधिकारप्रति सचेत नरहेको कारण हजारौं नागरिक सरकार पक्षबाटै पीडित बन्न पुगे। सन् १९९६ मा राजनीतिक अपराधीकरणका घटनाहरू, माओवादी जनयुद्धका क्रममा देखा परेका घटनाहरू र प्रहरी हिरासतमा भएका मृत्यु सम्बन्धी घटनाहरू सर्वाधिक चर्चामा रहे।

यो वर्षको ०५२ चैत र ०५३ पुस ९ गतेको संयुक्त सरकार विरूद्धको अविश्वास प्रस्तावको मतदानका क्रममा सरकारबाटै राजनीतिमा अपराधीकरणलाई भित्र्याउने काम भयो। अविश्वास प्रस्तावको पक्षमा रहेको भनिएका सांसदहरूलाई संसदमा अनुपस्थित गराउने र अपहरण गर्ने जस्ता कार्यहरू पनि भए। राप्रपाका सांसद खोभारी रायले ०५३ पुस २५ र २६ गते राजधानीबाट प्रकाशित समाचार पत्रहरूमा व्यक्त गर्नु भएका धारणाहरूबाट त्यही कुराको पुष्टि हुन पुगेको छ। यहाँसम्म कि सरकारका पाँच-पाँचजना मन्त्री स्वयं नै विरामी परेको निहुँमा एकै पटक बैंकक पुगेको घटना समेत देखा पर्‍यो। भारतीय विधायक पप्पु यादव सरकारलाई सहयोग गर्न राजधानी काठमाडौंमा सक्रिय रहेको चर्चा पत्रपत्रिकाले व्यापक रूपमै गरे।

नेकपा (माओवादी) ले ०५२ फागुन १ गतेदेखि शुरू गरेको भनिएको "जनयुद्ध" का क्रममा यो वर्ष भरिमा ७१ जना माओवादीको हत्या भएको, थुप्रै घाइते भएको र ९ सय ८३ लाई गिरफ्तार गरेर अमानवीय यातना दिएको जानकारी जनयुद्धसंग सम्बद्ध पक्षले गराएको छ। तर सरकारी पक्षले जानकारी गराए अनुसार यो वर्ष भरिमा "जनयुद्ध" का क्रममा ७४ जनाको मृत्यु भएको छ। तिनमा प्रहरी कारवाहीबाट ४९ जना माओवादीको मृत्यु भएको छ भने माओवादीको आक्रमणबाट ४ जना प्रहरी र २१ जना अन्य नागरिक रहेको दावी सरकारी पक्षको छ। त्यस्तै १ हजार ३ सय ५८ जना माओवादी गिरफ्तारीमा परेको र ती मध्ये ७ सय ६६ जनालाई छाडिसकेको जानकारी पनि सरकार पक्षले गराएको छ।

माओवादीहरूले हिंसात्मक गतिविधिलाई अगाडि बढाउनु र त्यसलाई नियन्त्रण गर्ने नाममा सरकारले त्योभन्दा चर्को प्रतिहिंसात्मक कारवाही चलाउनुले धेरै नागरिकको ज्यान गएको छ। समस्या समाधानको शान्तिपूर्ण बाटो खोज्नुको सट्टा हिंसामाथि प्रतिहिंसा चलाउनुले मानवअधिकारलाई नै चुनौति दिने काम हुन पुगेको छ।

यो वर्ष प्रहरी हिरासतमा भएका मृत्युका घटनाहरू पनि निकै नै चर्चामा रहे। सन् १९९६ भरिमा प्रहरी हिरासतमा २१ जनाको मृत्यु भयो। बहुदलीय व्यवस्थाको स्थापनापछि छोटो समयमै प्रहरी हिरासतमा भएको यातनाका कारण सबैभन्दा बढी मृत्युका घटनाहरू यसै वर्ष देखा परे। तिनमा हिरासतमै यातनाका कारण मृत्यु भएका ५ वटा, पक्राउपछि प्रहरीको गोलीद्वारा मृत्यु भएका १० वटा, पक्राउ गरी प्रहरीले नै भीरबाट खसालेपछि मृत्यु भएका ३ वटा र यातनाका कारण हिरासतबाट मुक्त भएपछि मृत्यु भएका २ वटा घटना रहेका छन्। त्यस्तै वन कार्यालयको हिरासतमा १ जनाको मृत्यु भएको छ।

सरकारले मानवअधिकारको उल्लंघन विभिन्न ढंगले गरेको पाइएको छ। विभिन्न घटनाहरूका आधारमा नै मानवअधिकार उल्लंघनका प्रवृत्तिहरूलाई बुझ्नु पर्ने हुन्छ। सरकारबाट भएको मानवअधिकार उल्लंघनका प्रवृत्तिगत केही घटनाहरूलाई यहाँ प्रस्तुत गरिएको छ।

रूकुमको प्याङ गाविस-१ स्थित लिरेखोलामा सुतिरहेका नागरिकहरूमाथि ०५३ जेठ १७ गते प्रहरीले गोली प्रहार गर्दा प्याङ गाविस-१ का १९ वर्षीय हर्कबहादुर पुनको घटनास्थलमै मृत्यु भयो। सोही ठाउँका नरहरि पुन, हसमान पुन, कर्णबहादुर पुन लगायत ६ जनालाई गिरफ्तार गरियो। उनीहरूलाई माओवादी भएको आरोप लगाई यो कारवाही चलाइएको थियो। सारो (दुम्सी) मार्न बनाइएको निगालाको सोलालाई माओवादीहरूको हतियार बताउँदै प्रहरीबाट नागरिकको ज्यान लिने र गिरफ्तार गर्ने काम भएको थियो। रूकुमका केही ठाउँमा बारीको आलु खाने सारो (दुम्सी) लाई मार्न निगालाको सोला बनाइएको पाइन्छ।

जाजरकोटको नायकवाडा गाविस-३ का शिक्षक कालिवहादुर बस्नेत र सोही गाविस-२ का रतिलाल रावतमाथि ०५३ असार ८ गते प्रहरीले गोली प्रहार गर्दा दुवैको मृत्यु भयो। सोही ठाउँका दीपबहादुर सिंहको घर तोडफोड गरेको भन्ने आरोपमा शिक्षक कालीबहादुर बस्नेतलाई वारेन्ट काटिएको थियो।

काभ्रेपलाञ्चोकको सालधारा गाविस-७ का राजनीतिक कार्यकर्ता सन्तबहादुर भुलुनको ०५३ मंसीर १३ गते प्रहरीको गोलीद्वारा मृत्यु भयो। उनी नेकपा (एमाले) को सालधारा गाउँ पार्टी कमिटीका सदस्य थिए। त्यस दिन मृतक सन्तबहादुर नालदुंगाको बजारबाट सामान खरिद गरी एमाले गाउँ कमिटीकै अन्य सदस्यहरू रामबहादुर भुलुन, नरेन्द्र भुलुन र काजी पौडेलका साथ घर फर्किंदै थिए। एमालेकै कार्यकर्ता एवं मृतक सन्तबहादुरका दाजु रामबहादुर भुलुन प्रहरीको गोलीबाट घाइते भएका थिए। उनीहरूमाथि प्रहरी सहायक निरीक्षक चन्द्रबहादुर अधिकारीको नेतृत्वमा गएको प्रहरी टोलीका प्रहरी जवान विश्वेश्वरप्रसाद कोइरालाले गोली चलाएका थिए। प्रहरीको साथमा नेपाली कांग्रेस पार्टीका कार्यकर्ताहरू पदमबहादुर बल, बुद्धबहादुर बल, कुमार बल, थीरबहादुर वाइवा, नेत्रबहादुर बल र रेशमबहादुर बल पनि थिए। मृतक सन्तबहादुर भुलुन ०५३ असोज ६ गते आफ्नो आस्था परिवर्तन गरी नेपाली कांग्रेस पार्टीबाट नेकपा (एमाले) मा प्रवेश गरेका थिए।

काठमाडौं महानगरपालिका-७ चावहिल, चुच्चेपाटी

निवासी १९ वर्षीय दर्पणबहादुर बर्माको ०५३ असौज ३० गते प्रहरी हिरासतमै मृत्यु भयो। स्थानीय गोपीकृष्ण सिनेमा हल नजिक लंगुरबुर्जा खेल्दा विवाद उत्पन्न भई दिउँसो साँढे दुई बजे प्रहरीद्वारा पक्राउ गरिएका बर्मालाई सोही दिन साँझ साँढे पाँच बजे मृत अवस्थामा प्रहरीले नै वीर अस्पताल पुऱ्याएको थियो। प्रहरीका अनुसार भने मृतक बर्मालाई बेलुकी ५ बजेतिर घटनास्थलमा अचेत अवस्थामा नै फेला पारेपछि अस्पताल लगिएको थियो। तर प्रत्यक्षदर्शी र मृतकको परिवारका सदस्यहरूको भनाइ अनुसार मृतक दर्पणलाई दिउँसो २.३० बजेतिर नै गिरफ्तार गरेर लगी गौशाला थानामा निर्मम यातना दिइएको थियो। मृतकको कपाल जरैदेखि उखेलिएको थियो र त्यहाँबाट रगत आइरहेको थियो। दुवै हात गोडामा डोरीले बाँधेको डाम देखिन्थ्यो। शरीरभरि निलडामहरू थिए। एउटा हात भाँचिएको थियो। दायाँ कानको छेउमा तीखो हतियार रोपिएको प्वाल देखिन्थ्यो। लाशको प्रकृति हेर्दा निर्मम यातनाकै कारण दर्पणबहादुर बर्माको मृत्यु भएको स्पष्ट हुन्थ्यो।

जाजरकोटको खलंगा गाविस-८ जयबहादुर रानाको घरमा ०५२ फागुन १७ गते राती सशस्त्र प्रहरीले छापा मारी विष्णुमाया राना, ८ वर्षीय छोरी चुरा राना र ६ वर्षीय छोरी गुलाफी रानालाई पक्राउ गी निर्मम यातना दियो। गर्भवती विष्णुमायालाई सबै कपडा खोल्न लगाई नाङ्गो बनाएर उत्तानो पारी लठ्ठीले निर्घात पिटिएको थियो। नावालिका छोरीहरूले भोक लागेर खान माग्दा उनीहरूलाई प्रहरीले माटो खान भनेका थिए। पीडितहरू माओवादी भएको आरोप प्रहरीले लगाएको थियो।

जाजरकोटकै जक्तिपुर-१ को गणेश प्राथमिक विद्यालयका शिक्षक खड्गविक्रम शाहलाई विद्यालयको काममा जिल्ला सदरमुकाम गएको बेला ०५२ फागुन ८ गते प्रहरीले पक्राउ गऱ्यो। उनलाई २७ दिनसम्म हिरासतमा राख्दा पनि पक्राउ वा थुनुवा पुर्जी दिइएन।

रोल्पा जिल्ला विकास समितिका सभापति झक्कुप्रसाद सुवेदीलाई माओवादीको आरोपमा ०५२ फागुन ३ गते गिरफ्तार गरी क्रूर यातना दिइयो। यातनाबाट उहाँका दुईवटै खुट्टा नचल्ने भएका थिए।

काठमाडौंमा ०५३ जेठ ११ गते निस्किएको नेत्रहीनहरूको जुलुसमाथि प्रहरीले लाठी चार्ज गर्दा केही घाइते भए र ३५ जनालाई गिरफ्तार गरियो। नेत्रहीनहरू १५ सूत्रीय माग राखी प्रधानमन्त्रीलाई ज्ञापनपत्र दिन जाने क्रममा सिंहदरबार अगाडि पुगेपछि प्रहरीले उनीहरूमाथि लाठीचार्ज गर्दै गिरफ्तार गरेको थियो। यसैगरी ०५३ जेठ १४ गते अपाङ्ग संघको आह्वानमा निस्किएको जुलुसलाई पनि प्रहरीले दमन गऱ्यो। ३४ सूत्रीय माग राखी ज्ञापनपत्र दिन प्रधानमन्त्री कार्यालयतर्फ गैरहेको अपाङ्गहरूको शान्तिपूर्ण जुलुसमा प्रहरीले लाठी चार्ज गर्दा १६ जना अपाङ्गहरू घाइते भए भने ४२ जनालाई गिरफ्तार गरिएको थियो।

नेपाल राष्ट्रिय शिक्षक संगठनले २१ सूत्रीय माग राखी ०५३ जेठ २९ गते शिक्षा मन्त्रालयमा धर्ना दिइरहेको बेला लाठी चार्ज गरी ३५ जनालाई गिरफ्तार गरियो। गिरफ्तारीमा पर्नेहरूमा संगठनका अध्यक्ष सुशीलचन्द्र अमात्य, महासचिव विष्णुपुकार श्रेष्ठ लगायतका शिक्षकहरू थिए।

मोरङ्गको लेटाङ्ग गाविसका धनबहादुर पुलामी मगरको ०५२ साल पुस २९ गते जिल्ला प्रहरी कार्यालय मोरंगमा थुनामा रहेकै अवस्थामा मृत्यु भयो। पुस २६ गतेदेखि ३ दिनसम्म यातना सहित प्रहरी हिरासतमा राखेपछि २९ गते विहानैदेखि धनबहादुरले रगत वान्ता गर्न थालेका थिए। दिउँसो उनलाई बेहोस अवस्थामा नै अस्पताल पुऱ्याइयो। डाक्टरले धनबहादुरको मृत्यु भैसकेको बताए। उनलाई वाली सम्बन्धी विवादमा स्थानीय पृथ्वीनारायण श्रेष्ठले जिल्ला प्रशासन कार्यालयमा ठाडो उजुरी गरेपछि प्रमुख जिल्ला अधिकारी रामप्रसाद खतिवडाको आदेशमा एस.पी. कृष्णबहादुर रानाले गिरफ्तार गरेका थिए।

महोत्तरीको किसानगर गाविस-४ का कर्णजंग कटुवालकी पत्नी ५५ वर्षीय महामाया कटुवाललाई ०५३ साउन २९ गते राती आफ्नै घरबाट अपहरण गरी बेपत्ता पारियो। उनलाई रामेछाप घर भई सो ठाउँमा अस्थायी बसोबास गर्ने ३२ वर्षीय जगदीश राउतले मुख थुनेर पूर्वतर्फ पुऱ्याएको कुरा पीडितका छोरा कृष्णबहादुर कटुवाल बताउँछन्। पीडक जगदीश राउतलाई बचाउन राजनीतिक संरक्षण दिइएको भनाइ पनि पीडित पक्षको छ।

मकवानपुरको हेटौंडा नगरपालिका-१ राप्ती रोड स्थित हिमाल लजमा कोठा लिएर बास बसेकी नुवाकोट जिल्लाकी एक २४ वर्षीय महिलालाई ०५३ भदौ २२ गते प्रहरीहरू दिलबहादुर लामा, वीरबहादुर अमिल लगायत ४ जनाले सामूहिक बलात्कार गरे। बलात्कारीहरू लजको ढोका फोडेर पीडित महिलाको कोठामा प्रवेश गरेका थिए। पीडकमध्ये दिलबहादुर लामालाई कारवाही चलाइएको छ भने अन्य पीडकहरू फरार छन्।

बाराको मलुही भरपलीया गाविस-६ का जगरूप दासकी पत्नी ३५ वर्षीय रामकलीया देवीलाई बोक्सीको आरोप लगाई ०५३ भदौ ३० गते अमानवीय व्यवहार गरियो। उनलाई कुटपिट गरिनुका साथै चारपाटे मुडेर, चुनाको टीका लगाई, अर्धनग्न पारी बाँकी कपालमा बेल झुण्ड्याएर गाउ घुमाइएको थियो।

रूकुम जिल्लाको पिपल गाविसको मेलगैरी भन्ने ठाउँमा ०५२ फागुन १५ गते प्रहरी जवानहरूको एक समूहले १४ वर्षीय, १७ वर्षीय र १८ वर्षीय तीन वटी स्थानीय युवतीलाई बलात्कार गऱ्यो। ती युवतीहरू माओवादी समर्थक भएको बताइन्छ।

महाकाली सन्धिको विरोधमा राष्ट्रिय जनतान्त्रिक मोर्चाले ०५३ साल भदौ १८ गते आह्वान गरेको नेपाल बन्द कार्यक्रममा १ सय १३ जनालाई गिरफ्तार गरियो। गिरफ्तारीमा पर्नेहरूमा लिलामणि पोखरेल, अमिक शेरचन, चित्रबहादुर के.सी. लगायतका नेता तथा कार्यकर्ताहरू थिए।

झापाको काँकडभिट्टा गाविस-७ स्थित नक्कलवन्दा टी इस्टेटमा कार्यरत मजदूर कुलबहादुर राईलाई राम्रोसंग काम नगरेको भन्ने आरोपमा स्थानीय झुस्के कुँवर र ज्ञानबहादुर टेवकोटा लगायतका व्यक्तिहरूले ०५३ साउन २८ गते कुटपिट गरी सख्त घाइते बनाए। कुटपिटबाट पीडितको आन्द्रा नै चुँडिएको थियो। बगानका मालिकको निर्देशनमा यो घटना भएको बताइन्छ।

मकवानपुरको पद्मपोखरी गाविस-१ की १७ वर्षीय तारामाया स्याङ्बोलाई नामटार गाविस-४ का शंकर मुक्तान र पद्मपोखरी, रमणटारमा २९ वर्षीय सञ्चमान जिम्माले ०५३ वैशाख २९ गते भारतको वेश्यालयमा पुऱ्याई बिक्री गरे। उनीहरूले पीडित महिलालाई विवाह गर्ने भनेर झुक्याई बिक्री गरेका थिए।

सप्तरीको हनुमाननगर गाविस-१ की ६० वर्षीय विधवा पारोदेवी मुखियालाई बोक्सीको आरोपमा ०५३ जेठ १४ गते स्थानीय वासिन्दाहरूले सार्वजनिक स्थलमा मान्छेको दिसा खुवाएर अमानवीय व्यवहार गरे। स्थानीय हिटर मुखियाकी ७ वर्षीय छोरीको मृत्यु पारोदेवीकै टुनामुनाबाट भएको आरोप लगाई त्यस किसिमको अमानवीय व्यवहार गरिएको थियो।

यस वर्षका मानवअधिकार उल्लंघनका समग्र घटनाहरूलाई हेर्दा धेरै नागरिकहरू सम्मानित रूपले बाँच्न पाउने अधिकारबाट बंचित रहे। राज्यको बल प्रयोगद्वारा नै झण्डै १ सय नागरिकको ज्यान गएको पाइन्छ। राजनीतिक प्रतिशोधका दृष्टिले समेत यो वर्ष सरकार पक्षबाट भएको कारवाही उल्लेख्य रहन पुगेको छ। गिरफ्तारी र यातनाका घटनाहरू पनि चर्चित रहन पुगेका छन्। माओवादीहरूको नाममा चलाइएको दमन र उनीहरूलाई दिइएको यातनाले प्रजातन्त्र र मानवअधिकारकै धज्जी उडाएको आभास मिल्छ। कतिपय ठाउँमा माओवादीहरूले चलाएको हिंसात्मक कारवाहीले पनि मानवअधिकारको धज्जी उडाउने काम गरेको छ।

जेल सुधार र बन्दीहरूको सुविधाका दृष्टिले यो वर्ष पनि कुनै काम हुन सकेन। जीर्ण जेलको चिसो भुइँमा सुत्न अधिकांश बन्दी तथा थुनुवाहरू विवश रहे। राजनीतिक बन्दीहरूलाई छोड्ने काम भएन। अहिले पनि नेपालका विभिन्न जेलहरूमा विभिन्न मुद्दामा फसाइएका १२ जना राजनीतिक बन्दीहरू कष्टकर जीवन भोगिरहेका छन्। तिनमा पाल्पा जेलका रामबहादुर तिवारी, केन्द्रीय कारागार काठमाडौंका झकबहादुर जी.सी., महेन्द्र राई, वीरबहादुर बस्नेत, नख्खु जेलका प्रकाश घिमिरे, दाङ जेलका शालिकराम उपाध्याय, मेघराज गिरी, वैकुण्ठबहादुर के.सी., नेपालगंज जेलका डब्बलसिं के.सी., सिन्धुली जेलका छैडुप लामा र हरि श्रेष्ठ राजनीतिक बन्दीको रूपमा रहेका छन्। थुनामा भएका मृत्युका घटनाहरूले मानवअधिकारप्रति सरकार अलिकति मात्र पनि सचेत नरहेको संकेत दिएका छन्।

नेपाल अधिराज्यको संविधान ०४७ ले नागरिकहरूलाई अभिव्यक्ति एवं सभा संगठनको अधिकार प्रदान गरेको छ। तर जुलुस निकाल्ने र आमसभा गर्ने विषयमा यो वर्ष पनि सरकारले विभिन्न ठाउँमा विभिन्न ढंगले व्यवधान पुऱ्यायो। जुलुस र सभामै लाठीचार्ज गर्ने र जुलुस प्रदर्शन गर्न नदिएर नागरिकहरूलाई गिरफ्तार गर्ने जस्ता घटनाहरू भए। नागरिकहरूको मौलिक अधिकारलाई संरक्षण प्रदान गर्ने काम यो वर्ष पनि हुन सकेन।

छोरीले पनि छोरा सरह अंश पाउनु पर्ने माग यो वर्ष देशव्यापी रूपमा उठ्यो। मुलुकी ऐन अंशवण्डाको महलमा छोरा र छोरीले पाउने अंश सम्बन्धमा भेदभाव गर्ने कानूनलाई अन्त्य गरेर छोरा सरह छोरीलाई पनि अंश दिने कानूनको निर्माण गरिने आश्वासन महिला तथा समाज कल्याण मन्त्री श्रीमती लीला कोइरालाले दिनु त भयो, तर त्यस सम्बन्धी प्रक्रिया अगाडि बढाउने काम भएन। संविधानले छोरा र छोरीमा समान हक स्थापित गरिसकेको र सर्वोच्च अदालतले समेत संविधानसंग बाझिने ऐनहरूको निरूपण गर्न एक वर्ष भित्र संसदमा उपयुक्त विधेयक प्रस्तुत गर्न श्री ५ को सरकारलाई निर्देशनात्मक आदेश जारी गरेको १ वर्ष बितिसक्दा पनि सरकार मौन बस्नु दुःखको कुरा हो। यसबाट सरकार महिला अधिकारप्रति प्रतिबद्ध नभएको पुष्टी मिल्छ भने महिला बेचबिखन र बलात्कारलाई नियन्त्रण गर्ने कुरामा पनि विशेष चासो देखाएको पाइएन।

बाल मजदूरहरूको संख्या यो वर्ष पनि बढ्दो क्रममै रहेको महसूस गरिएको छ। पढ्ने, लेख्ने र स्वास्थ्यको अधिकारबाट बहुसंख्यक बालबालिका वंचित नै रहे। श्रमिकहरूको हक अधिकार सुनिश्चित गर्ने माग तीव्र रूपमा उठे पनि सरकारले त्यसतर्फ ध्यान दिएन। मालिकको जग्गामा सपरिवार विना पारिश्रमिक काम गर्ने दास प्रथाजन्य स्थिति कायमै रह्यो। कमैया प्रथा उन्मूलन गर्नेतर्फ सोच्ने फुर्सद सरकारलाई भएन। कानूनले निषेध गरे पनि जातीय छुवाछूतका घटनाहरू समाजमा देखा परि नै रहे। बाल विवाह र बहुविवाहका घटनालाई कानूनको कार्यान्वयनद्वारा निरूत्साहित गर्ने कुरामा पनि सरकार अग्रसर भएको देखिएन।

निष्कर्षमा भन्नु पर्दा सन् १९९६ को वर्ष श्री ५ को सरकारको काम सत्तामा टिक्नुमा मात्र सीमित रह्यो। अघिल्लो सरकारकै समयमा प्रक्रिया पूरा भैसकेका दुईवटा विधेयकलाई पारित गराउनु बाहेक मानवअधिकारका अन्य विषयहरूमा सरकारबाट थोरै मात्र पनि सकारात्मक काम हुन सकेन। प्रजातन्त्रको नाममा मानवअधिकारलाई बेवास्ता गरेर र उल्टै नागरिकहरूमाथि हिंसात्मक कारवाही चलाएर सरकार स्वयं नै मानवअधिकार उल्लंघनकर्ताको रूपमा देखा पऱ्यो। एकातिर आफै मानवअधिकार आयोग एवं यातना सम्बन्धी क्षतिपूर्ति विधेयक पारित गराउने र अर्कोतिर आफैं मानवअधिकारको खुल्लमखुल्ला उल्लंघन गर्ने स्थिति देखा परेपछि मानवअधिकारलाई खोज्न कहाँ जाने? आगामी दिनहरूमा यो कुरालाई श्री ५ को सरकारले बुझ्न सक्यो भने राम्रो होला।

■

परिच्छेद ३

संसद र मानवअधिकार १९९६

संसद र मानवअधिकार १९९६

सन् १९९६ को वर्ष संसदीय इतिहास तथा मानवअधिकारको क्षेत्रमा महत्वपूर्ण उपलब्धी हासिल भएको वर्षको रूपमा रहन गएको छ। यस वर्ष पनि संसदमा नयाँ-नया अभ्यास भए। दुई विशेष अधिवेशन आह्वान तथा अविश्वासको प्रस्ताव प्रस्तुत भए। दुबैपटक अविश्वासको प्रस्ताव असफल भएर टुंगिए। साथै नियमित दशौं अधिवेशनमा संसदीय अभ्यासका नयाँ भई परिपक्कता हासिल गरेकोले यस वर्षको विशेष महत्व भएको मूल्यांकन गरिएको हो।

प्रतिनिधि सभाको विशेष अधिवेशन

प्रतिनिधि सभाको सर्वोच्च अदालतवाट पुनर्स्थापना भएपछि प्रतिनिधि सभाको विशेष अधिवेशन बोलाइ नेकपा (एमाले) को अल्पमतको सरकार अविश्वासको प्रस्तावबाट हटेको ६ महिना पछिनै नेकपा (एमाले) ले नेपाली कांग्रेस, राप्रपा र सद्भावना पार्टीबाट बनेको संयुक्त सरकारमाथि अविश्वासको प्रस्ताव ल्याउन ०५२ साल फागुन २८ गते श्री ५ मा प्रतिनिधि सभाको विशेष अधिवेशनको लागि समावेदन चढायो। राष्ट्रिय प्रजातन्त्र पार्टीको फागुन २६-२८ गते बसेको केन्द्रीय समितिको बैठकमा अधिकांश सदस्यले राप्रपा सरकारबाट हटी नेकपा (एमाले) मिलेर सरकार बनाउनु पर्छ भनी अभिव्यक्ति आएपछि राप्रपाका नेता लोकेन्द्रबहादुर चन्दको प्रधानमन्त्रीत्वमा सरकार बनाउन दुवै पार्टी बीच अनौपचारिक सहमती भएपछि उत्साहित भएर नेकपा (एमाले) ले संघर्षको निर्धारित कार्यक्रम रोकी नेकपा (एमाले) का ८६ जना सांसदहरूले नेपाल अधिराज्यको संविधान ०४७ को धारा ५३(३) बमोजिम प्रतिनिधि सभाको विशेष अधिवेशनको लागि श्री ५ मा समावेदन चढाए। समावेदनमा प्रधानमन्त्री शेरबहादुर देउवाको नेतृत्वमा गठित सरकारले मुलुकलाई सबै क्षेत्रमा तहस-नहस पारेको, शान्ति सुरक्षा कायम गर्न नसकेको तथा मानवअधिकारको समेत व्यापक उल्लंघन भएको आरोप लगाई सरकारप्रति प्रतिनिधिसभाको विश्वास नभएकोले अविश्वासको प्रस्ताव उपर छलफल गर्नका लागि प्रतिनिधि सभाको विशेष अधिवेशनको माग गरिएको थियो।

श्री ५ मा समावेदन चढाएपछि श्री ५ बाट प्रतिनिधि सभाको विशेष अधिवेशन नेपाल अधिराज्यको संविधान ०४७ को धारा ५३ (३) बमोजिम ०५२ साल चैत ७ गते बुधवार दिनको १ बजे संसद भवन सिंहदरबारमा फागुन २९ गते आह्वान गरिबक्स्यो। अधिवेशन आह्वान भएपछि फागुन २९ गतेका दिन नेकपा (एमाले) ले नेपाल अधिराज्यको संविधानको धारा ५९ (२) बमोजिम ८८ जना सांसदहरूको हस्ताक्षर सहित संयुक्त सरकारका प्रधानमन्त्री शेरबहादुर देउवामाथि विश्वास छैन भनी अविश्वासको प्रस्ताव संसद सचिवालयमा दर्ता गरायो।

आह्वान गरिए अनुसार ०५२ साल चैत ७ गते प्रतिनिधि सभाको विशेष अधिवेशन प्रारम्भ भयो। सोही बैठकमा सरकार विरूद्ध प्रतिनिधि सभामा अविश्वासको प्रस्ताव प्रस्तुत गर्नु पर्ने औचित्यता प्रस्तुत गर्ने क्रममा नेकपा (एमाले) का अध्यक्ष तथा प्रमुख प्रतिपक्षी दलका नेता मनमोहन अधिकारीले संयुक्त सरकार सत्तामा रहिरहेमा मुलुकको कल्याणको सट्टा दुर्दशा हुने स्थिति देउवाको नेतृत्वमा गठित सरकारले मुलुकमा न्यूनतम स्थिरता, शान्ति सुरक्षा तथा प्रशासनिक निस्पक्षता पनि कायम गर्न सकेको छैन, यो सरकारलाई अझ चल्न दिंदा आर्थिक क्षेत्रमा, परराष्ट मामलामा तथा विकास कार्यक्रममा अवरोध आउने निष्कर्ष निकालेको तर्क दिनु भयो। श्री अधिकारीले प्रशासनमा राजनीतिकरण, पार्टीकरण र हुँदाहुँदै मन्त्रीकरण भएको, नियुक्ती तथा ठेक्कपट्टामा भ्रष्टाचार र कमिशनखोरलाई प्रोत्साहन दिइएको, मानवअधिकार तथा प्राज्ञिक क्षेत्रलाई समेत क्षतविक्षत तुल्याइएको, अर्थतन्त्र तहसनहस पारिएको, सुकुम्बासी समस्यामा आँखा चिम्लेको, भूमिसुधार आयोगको प्रतिवेदन लागू नगरिएको, संचार क्षेत्रलाई स्वतन्त्रता नदिइएको, रोल्पा र रूकुम लगायतमा दमन कार्य गरेको र राजनीतिक समाधानको कार्य थालनी नगरिएको पनि तर्क दिई अविश्वासको प्रस्तावको औचित्यता स्पष्ट गर्नु भयो।

प्रतिनिधि सभाको विशेष अधिवेशनको दोस्रो दिनको चैत ९ गते बसेको बैठकमा प्रतिपक्ष दलका नेता तथा नेकपा (एमाले) का अध्यक्ष मनमोहन अधिकारीले प्रधानमन्त्री शेरबहादुर देउवामाथि प्रतिनिधि सभाको विश्वास छैन भनी अविश्वासको प्रस्ताव औपचारिक रूपमा पेश गर्नु भयो। अविश्वासको प्रस्ताव पेश गर्दै श्री अधिकारीले प्रधानमन्त्री शेरबहादुर देउवाको शासन कालमा मुलुकको शान्ति सुरक्षाको स्थिति खलबलिएको, आर्थिक अनुशासन नभएको, राजनीतिक स्थिति अन्यौल भएको, दर्जनौं हत्या भएको, सार्वजनिक अपराध सम्बन्धी ऐनको दुरूपयोग भएको, मानवअधिकार आयोग गठन गर्ने काममा सरकारी आयोग गठन गर्ने प्रयास

भएको, प्रशासनिक इमान्दारी र क्रियाशीलताको सट्टा कांग्रेसीकरण भएको, नेकपा (एमाले) का कार्यकालमा कर्मचारी सरूवा बढुवा र नियुक्ती बदर गर्ने र प्रतिशोधपूर्ण तरिकाले अवकास, सरूवा र बढुवा गर्ने काम भएको आरोप लगाउनु भयो। साथै सर्वोच्च अदालतद्वारा प्रतिनिधि सभाको पुनर्वहाली हुँदाका मितिसम्म तत्कालीन सरकारले गरेका सम्पूर्ण काम-कारवाही वैध हुने भनी गरिएको आदेश समेतलाई सरकारले उल्लंघन गरेको, त्रि.वि. आयोग, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् र कर्मचारी स्थगनका सम्बन्धमा सर्वोच्च अदालतद्वारा भएको आदेशको अपहेलना गरिएको, प्रजातान्त्रिक सिद्धान्तलाई लत्याएर विधिसम्मत रूपमा भएको नीति निर्णयहरूलाई उल्ट्याएको, गृह, अर्थ, शिक्षा, स्वास्थ्य, निर्माण तथा यातायात, संचार, पर्यटन, वन, आपूर्ति, युवा तथा खेलकुद लगायतका मन्त्रालय अन्तरगत ६ हजारभन्दा बढी व्यक्तिहरूलाई तोक आदेशमा भर्ति गरिएको, विना दरबन्दी समेत नियुक्त गरिएको, पाँच हजारभन्दा बढी कर्मचारीलाई पूर्वाग्रहबाट सरूवा गरिएको, संस्थानलाई भर्तिकेन्द्र बनाइएको, कर्मचारीहरूलाई आतंकित गर्ने काम गरिएको, भ्रष्टकर्मचारीहरूलाई बढुवा गरिएको, तीन हजारभन्दा बढी शिक्षकहरूलाई अवकास दिई नियम विपरित अस्थायी कर्मचारी भर्ना गरिएको आरोप पनि लगाउनु भयो।

श्री अधिकारीले मूल्य बृद्धि गरिएको, एमाले सरकारले शुरू गरेको गरीबी निवारण, बेरोजगारको अन्त्य, दिगो विकासको कार्यक्रम खारेज गरिएको, भूटानी शरणार्थी समस्या समाधान गर्ने तर्फ प्रभावकारी कदम चाल्न नसकेको र समग्रमा देउवा सरकारले संविधान, प्रजातन्त्र र संसदीय व्यवस्थामा आघात पुऱ्याउने, राष्ट्रियनामाथि आँच पुऱ्याउने, अर्थतन्त्र तहसनहस पार्ने, मानवअधिकारको उल्लंघन गर्ने र जनजीवनलाई कष्टकर बनाउने काम गरेकोले अविश्वासको प्रस्ताव राखिएको तर्क दिनु भयो।

अविश्वासको प्रस्ताव प्रस्तुत भएपछि चैत्र ९ र १० गते अविश्वासको प्रस्तावमाथि छलफल भयो। छलफलमा नेकपा (एमाले) र नेकपा (मसाल) का सांसदहरूले अविश्वासको प्रस्तावको पक्षमा तर्क प्रस्तुत गर्ने क्रममा मानवअधिकारको घोर उल्लंघन भएको र शान्ति सुरक्षा कायम हुन नसकेको तर्क दिनु भयो। नेपाली कांग्रेस र राप्रपाका सांसदहरूले अविश्वासको प्रस्ताव औचित्यहीन तथा अवास्तविकतामा आधारित झूठो र तर्कहीन भएको, मानवअधिकारको संरक्षण भएको तथा शान्ति सुव्यवस्था कायम भएको कुरामा तर्क दिनु भयो। अविश्वासको प्रस्तावमा लगाइएको आरोपलाई खण्डन गर्ने क्रममा प्रधानमन्त्री देउवाले भन्नुभयो- प्रजातन्त्रमा मानवअधिकार अविभाज्य हुन्छ र म एउटा प्रजातान्त्रिक देशको प्रजातान्त्रिक विधिले रोजिएको प्रधानमन्त्री हुँ, मलाई प्रजातन्त्रप्रति गौरव छ, त्यसैले त्यो गौरवलाई सुरक्षित राख्ने कर्तव्यबाट विमुख हुन सक्दिन, मैले सहमतिमूलक एक जिम्मेवार सरकार दिएको छु र हरेक समस्याको निदान वार्ताको टेवुलबाट हुनु पर्छ भनेर त्यहीं कार्यविधिको अनुशरण गरिरहेको छु। प्रधानमन्त्री देउवाले अनैतिक राजनैतिक गठबन्धनले जन्माउने भ्रष्टाचार, गैर राजनीतिक अवसरवादले परिपोषित गर्ने भ्रष्टाचार र राजनैतिक गतिविधि र आर्थिक अपराधको साठगाँठले निरन्तरता दिने, भ्रष्टाचार नियन्त्रण गर्न दूरगामी उपचारको खोजीमा रहेको, संयुक्त सरकारको बेलामा संचार संयन्त्र निस्पक्ष भएको, राजश्व बढेको, उत्साहवर्द्धक रूपमा वैदेशिक सहायता बढेको, वास्तविक सुकुम्बासी पहिचान गरी जग्गा दिने अवधारणा रहेको, नागरिकता समस्याप्रति गम्भीरतापूर्वक ध्यान दिइएको र छिमेकी मित्र राष्ट्र बीच आपसी विश्वास र समझदारी बढेको कुरा स्पष्ट गर्नु भयो।

प्रधानमन्त्री शेरबहादुर देउवाले छलफलमा उठेका प्रश्नको जवाफ दिएपछि भएको मतदानमा अविश्वासको प्रस्तावको पक्षमा ९० मत र विपक्षमा १०६ मत परेकोले प्रतिनिधि सभाको बहुमतद्वारा अविश्वासको प्रस्ताव अस्वीकृत भयो। प्रतिनिधि सभाको विशेष अधिवेशन श्री ५ बाट नेपाल अधिराज्यको संविधान ०४७ को धारा ५३ (३) बमोजिम आह्वान गरिबक्सी चालु रहेको अधिवेशन धारा ५३ (२) बमोजिम चैत ११ गते साँझ ७ बजे अन्त गरिबक्स्यो। वास्तवमा यो विशेष अधिवेशनका अवधिमा संसदीय राजनीतिका सबै किसिमका उहापोह र दाउपेचहरू अख्तियार गरियो। यस अधिवेशनमा २०५ जना रहेको प्रतिनिधि सभामा खाली ३ वटा सिट रहेको पार्टी नेमकिपाको हातमा अन्तिम चावी रह्यो।

संसदको दशौं अधिवेशन :

नेपाल अधिराज्यको संविधान ०४७ को धारा ५३ (१) बमोजिम श्री ५ बाट आह्वान गरिबक्से अनुरूप संसदको दशौं अधिवेशन ०५३ साल असार १२ गते अपरान्ह प्रारम्भ भयो। प्रतिनिधि सभाको बैठक आरम्भ हुनासाथ प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले) का सांसद के.पी. शर्मा ओलीले निर्वाचन आयोगद्वारा संकलन गरेको मतदाता नामावली त्रुटीपूर्ण रहेको, मतदाता नामावलीबाट बिगत निर्वाचनहरूमा अस्थायी ठेगाना उल्लेख भएका मतदाताको नाम विनाकारण र विनास्पष्टीकरण हटाइएकोले नेपाली नागरिकहरूलाई मतदान गर्ने वैधानिक हकबाट बंचित गरिएको कुरा उल्लेख गर्नु भयो।

राष्ट्रिय सभाको असार १२ गते प्रारम्भ भएको बैठकलाई सम्बोधन गर्दै अध्यक्ष बेनीबहादुर कार्कीले जनताका प्रत्यक्ष सरोकार र राष्ट्रिय चासोका विषयहरूमा संसद सदस्यहरूको सचेतता र गम्भीर चिन्तनशीलताले सभालाई गौरवान्वित तुल्याउने छ भने जनताको पीरमर्का र समस्याहरूलाई पनि यथार्थ रूपमा सदनमा प्रस्तुत गर्ने छ, प्रजातान्त्रिक परिपाटीका जनप्रतिनिधिबाट जनताको भावनाको प्रतिनिधित्व हुने हुँदा जनताका समस्याहरूको समाधान गर्ने उपयुक्त ठाउँ पनि संसद नै हुने गर्दछ भन्नुभयो। बैठकमा नेकपा (एमाले) का सुवासचन्द्र नेम्वाङले निर्वाचन आयोगद्वारा मतदाता नामावलीमा भएका त्रुटी सच्याउनु पर्ने र लाखौं

मतदाताहरूलाई मतदान गर्ने अधिकारबाट वञ्चित गरिनु नहुने कुरा स्पष्ट गर्नु भयो। यसपछि मतदाता नामावलीमा भएको त्रुटीलाई लिएर लगातार प्रतिपक्षी सांसदहरूले प्रतिनिधि सभा र राष्ट्रिय सभामा माग गर्दै रहेका थिए।

राष्ट्रिय सभाको असार १३ गतेको बैठकमा उद्योगमन्त्री ढुण्डीराज शास्त्रीले औद्योगिक व्यवसाय विकास प्रतिष्ठान विधेयक ०५२, पर्यटन तथा नागरिक उड्डयनमन्त्री चक्रप्रसाद वास्तोलाले गैर सैनिक हवाई उडान (सिभिल एभिएशन) (चौथो संशोधन) विधेयक ०५२ र नेपाल नागरिक उड्डयन प्राधिकरण विधेयक ०५२ माथि विचार गरियोस् भनी प्रस्तुत गर्नु भएको विधेयकलाई स्वीकृत गर्‍यो। विधेयक प्रस्तुत गर्न अगाडि प्रतिपक्षी सांसदहरूले सरकारको नीति र कार्यक्रम आउनु अगाडि विधेयकको कारवाही अगाडि बढाउने गलत परम्परा शुरू गर्नु नहुने कुरा उठाए भने सत्तापक्षले सरकारको नीति र कार्यक्रम आउनु अघि विधेयकमाथि छलफल गर्न संविधान र नियमले विधेयकको कारवाही अगाडि बढाउन बाधा नपुर्‍याउने कुरामा तर्क दिनुभयो। अध्यक्ष बेनीबहादुर कार्कीले शाही सम्बोधन हुनु अगाडि पनि विधेयक प्रस्तुत गर्न सकिने रूलिङ्ग गर्नु भएपछि कारवाही अगाडि बढ्यो। राष्ट्रिय सभाको सोही बैठकमा अध्यक्षसंग विशेष समय लिएर प्रतितपत्र घोटाला मन्त्रीहरूको सम्पत्तिको विवरण पेश गर्न सरकारको ध्यानाकर्षण गर्नु भयो। संसदको दुवै सदनमा प्रतितपत्र घोटाला काण्डका बारेमा लगातार आवाज उठिरहने भयो।

राष्ट्रिय सभाको असार १६ गतेको बैठकमा प्रमुख प्रतिपक्ष दल नेकपा (एमाले) का नेता माधवकुमार नेपालले नेपाल समाजवादी दलका तर्फबाट श्री ५ को सरकार समक्ष प्रस्तुत गर्नु भएका १३ सूत्रीय मागप्रति समर्थन र ऐक्यवद्धता जाहेर गर्दै यी माग पूरा गर्न, माग गर्नुका साथ सांसदहरू रामेश्वर राय यादव र हृदयेश त्रिपाठी लगायत पाँच जना नेताहरूले ती मागहरू पूरा गराउन भोक हड्ताल गरेको ४८ घण्टा हुँदा पनि सरकार त्यसतर्फ सम्वेदनशील नभएकोमा दुःख व्यक्त गर्नु भयो। साथै श्री नेपालले नागरिकताको प्रमाणपत्र, मतदाता नामावली, उत्पीडित जनजातिको विकास र विकास निर्माण जस्ता मागहरू माग पत्रमा उल्लेख छन् र यी मागहरू राष्ट्र र जनताको हित अनुकूल छन् भनी स्पष्ट गर्नु भयो।

असार १७ गते श्री ५ को शाही सम्बोधनको रूपमा सदनको संयुक्त बैठकमा प्रस्तुत भएको सरकारको नीति र कार्यक्रममा बेरोजगारीको समस्यालाई गम्भीरता पूर्वक लिई रोजगार प्रवर्द्धन सम्वन्धी विशेष कार्यक्रम संचालन गर्ने, गरीबी निवारणको कार्यक्रम संचालन गर्ने, भूमिमाथिको द्वैध स्वामित्व अन्त गर्न विधेयक प्रस्तुत गर्ने, उपेक्षित तथा महिला वर्गलाई लक्षित गरी कार्यक्रम कार्यान्वयन गर्ने, अशक्त, असहाय, अपाङ्ग तथा वृद्धहरूको लागि सामाजिक सुरक्षाको कार्यक्रम कायम राख्ने, उपेक्षित समुदाय तथा पिछडिएको जनजातिको जीवनस्तर उठाउने विशेष कार्यक्रमहरू संचालन गर्ने जस्ता मानवहितका कार्यक्रम ल्याइयो।

प्रतिनिधि सभाको २० असारको बैठक शिक्षकहरूमाथि प्रहरीद्वारा भएको कारवाहीलाई लिएर डेढ घण्टा अवरूद्ध भयो। नेकपा (एमाले) का के.पी. शर्माले आफ्ना मागहरूको निमित्त संघर्षरत शिक्षकहरूमाथि प्रहरीद्वारा लाठी प्रहार भएकोले गृहमन्त्रीले त्यसको जवाफ दिनु पर्ने र जवाफ नआएसम्म बैठकको नियमित कारवाही रोक्न माग गर्नु भएपछि बैठकको कारवाही अगाडि बढ्न सकेन। एमालेका सांसदहरू भरतमोहन अधिकारी, भीमबहादुर रावल, विष्णुबहादुर राउत र सिद्धिलाल सिंहले संविधान प्रदत्त अधिकारको उपयोग गर्दै शान्तिपूर्ण ढंगले आफ्ना माग राखी जुलुसमा उत्रेका शिक्षकहरूमाथि लाठी चार्ज गर्नु प्रजातन्त्र, संविधान र मानवअधिकारमाथिको नाङ्गो हस्तक्षेप हो भनी आवाज उठाउनु भयो। सोको जवाफमा गृहमन्त्री खुमबहादुर खड्काले निषेधित घोषित गरिएको सिंहदरबारदेखि भद्रकालीसम्मको क्षेत्रमा शिक्षकहरूले प्रवेश गर्न खोजेको र प्रहरीले रोक्दा पनि नमानेकोले स्थिति नियन्त्रणका लागि सात राउण्ड अश्रुग्यास छोडेको, त्यसबाट एक प्रहरी र दुईजना शिक्षक सामान्य घाइते भएको र घाइतेलाई उपचारार्थ अस्पताल लगिएको जानकारी दिनु भयो। तर सांसदहरू सो स्पष्टिकरणबाट सन्तुष्ट नभएर आवाज उठाइरहकोले भोलिको सदनमा थप जानकारी दिने बचन गृहमन्त्रीले दिनु भएपछि सदन नियमित रूपमा चल्यो। असार २१ गतेको बैठकमा गृहमन्त्री खुमबहादुर खड्काले थप विवरण दिंदै निषेधित क्षेत्र र दोश्रो सुरक्षा घेरा तोडी सिंहदरबारतर्फ बढ्न लागेकोले बाध्य भएर लाठी चार्ज र अश्रुग्यास प्रयोग गर्नु परेको, लाठी चार्जबाट चार जना घाइते भएको तथा ५६ जनालाई प्रहरीले हिरासतमा लिएको जानकारी गराउनु भयो। तर यस स्पष्टीकरणलाई लिएर लामो समयसम्म विवाद भइरह्यो।

प्रतिनिधि सभाको असार २० गतेको बैठकमा सांसदहरूले विरोध कार्यक्रम संचालन गरिरहेका शिक्षकहरूलाई धरपक्कड नगर्न, अमानवीय व्यवहार नगरी वार्ताद्वारा समस्या समाधान गर्न आग्रह गरे। नेपाली कांग्रेसका शिवराज सुवेदीले प्युठान जिल्लाका महात्माहरूको सुरक्षा तथा सम्पत्तिको संरक्षण गर्न गृहमन्त्रीको ध्यानाकर्षण गराउनु भयो। नेमकिपाका सांसद भक्तबहादुर रोकायाले नेपालगञ्जमा प्रहरी कार्यालय अगाडि झुण्डिएर मृत अवस्थामा फेला परेकी महिलाको शंकास्पद लासबारे जाँचबुझ गर्न माग गर्नुभयो। नेपाली कांग्रेसका लक्ष्मणप्रसाद मेहताले भारतबाट आएका डाकाहरूले सुन्सरीमा आतंक सृजना गरेकोप्रति ध्यानाकर्षण गराउनु भयो। नेकपा (एमाले) का मुकुन्द न्यौपानेले उदयपुर सिमेन्ट उद्योगका हड्ताली मजदूरहरूका बारेमा कुरा उठाउनु भयो। कमल कोइरालाले गोरखापत्रबाट निस्काशन गरिएका तीन जना पत्रकारको बहालीको माग गर्नु भयो।

असार २० गतेको राष्ट्रिय सभाको बैठकमा नेकपा (एमाले) का माधवकुमार नेपालले देशभरका डेढ लाख मतदाताको नाम मतदाता नामावलीबाट हटाइदिएको जानकारी गराउनु भयो। सांसद जगनबहादुर बोगटीले अछाममा जेठ २९

गते आएको बाढीले ठूलो जनधनको क्षति भएको जानकारी दिनु भयो। डिल्लीप्रसाद सिटौलाले झापामा आएको हुरी बतास पीडितहरूलाई राहतको माग गर्नु भयो। शिक्षकमाथिको दमन र मतदाता नामावलीको त्रुटीलाई विशेष गरी दुवै सदनमा उठाइए।

असार २१ गतेको प्रतिनिधि सभामा नेकपा (एमाले) का झलनाथ खनालले विदेशमा अलपत्र परेका नेपाली बारे वेवास्ता गरेको र भूटानी शरणार्थी समस्या बारे कुरा उठाउनु भयो। उर्वादत्त पन्तले हलि, कमैया र सुकुम्बासी समस्या बारे कार्यपत्र मौन रहेको छ भन्नुभयो। गृह सहायकमन्त्री दीपकप्रकाश बास्कोटाले रूकुम जिल्लाको बाफीकोट गाविस वडा नं. ४ बस्ने भूपू प्रहरी धनु जैसीका फुसका दुई वटा घरमा आगो लाग्दा निजकी श्रीमती, दुई छोरा र एक छोरीको मृत्यु भएको र आगलागीको घटना शंकास्पद भएकोले त्यसको छानवीन गर्न प्रहरी टोलीलाई पठाइएको जानकारी दिनु भयो। नेकपा (एमाले) का लक्ष्मी नारायण चौधरीले सरकारले प्रजातन्त्र र मानवअधिकार तहस नहस पारेको छ भन्नुभयो।

राष्ट्रिय सभाको असार २१ गतेको वैठकमा विशेष समय लिएर नेकपा (एमाले) का बलराम उपाध्यायले पेशागत मागहरू लिएर शान्तिपूर्ण आन्दोलनमा उत्रेका शिक्षकहरूमाथि प्रहरीले बर्बरतापूर्ण कार्यवाही गरेको निन्दा गर्नु भयो। साथै रूकुम र रोल्पाका माओवादीको नाममा राज्य आतंक फैलाएको आरोप लगाउनु भयो। सुभासचन्द्र नेम्वाङ्गले शिक्षकमाथि भएको घटनाको गृहमन्त्री र शिक्षामन्त्रीले जवाफ नदिएकोमा रोष प्रकट गर्नु भयो। केशवलाल श्रेष्ठले दुई जना विदेशीले वाल यौन शोषण गरेको हुँदा उनीहरूमाथि कडा कारवाहीको माग गर्नु भयो। नेपाली कांग्रेसका महेन्द्र कुमार मिश्रले जनकपुरधामको वडा नं. ६ मा १८ गते असारमा भएको डकैतीको घटनामा अपराधीहरू उम्काउनेमा प्रहरी पनि जिम्मेवार हुँदा सो घटनाको न्यायिक छानवीनको माग गर्नु भयो। सांसद रविन्द्र चक्रवर्तीले ०४५ को भूकम्प पीडित परिवारको ऋण मिनाह गरी जग्गा लिलाम हुनबाट बचाइयोस् भनी माग गर्नु भयो। नेकपा (एमाले) का भरतकुमार प्रधानले शिक्षण अस्पताल महाराजगञ्जका हड्ताली स्वास्थ्य कर्मीहरूको कुराकानीबाट समस्या समाधान गर्न माग गर्नु भयो।

प्रतिनिधि सभाको असार २२ गतेको वैठकमा गृहमन्त्री खुमबहादुर खड्काले सार्वजनिक महत्वको वक्तव्य दिंदै नेपाल राष्ट्रिय शिक्षक संगठनद्वारा संचालित धर्ना र विरोध कार्यक्रममा घाइते भएका शिक्षकहरूको श्री ५ को सरकारले उपचार गराउन, वीर अस्पतालमा ११४ शिक्षकले नाम लेखाएको भनी प्रतिपक्षका सांसदहरूले उठाएको प्रश्नको जवाफ दिनु भयो। शिक्षामन्त्री गोविन्दराज जोशीले शिक्षकहरूको मागप्रति सरकारको सकारात्मक दृष्टिकोण रहेको र ३३ सुत्रीय मागमा ११ वटा माग पुगेको भन्ने सार्वजनिक महत्वको वक्तव्य दिनु भयो। उहाँले सरकारले कसैलाई पनि एक जिल्लाबाट अर्को जिल्लामा सरूवा नगरेको, तीन वर्ष अध्यापन गरिसकेका शिक्षकलाई अन्य योग्यता पुगेमा उमेर सकिए पनि स्थायी गर्ने, आन्तरिक मूल्यांकनको आधारमा बढुवा गर्ने व्यवस्थाका साथै स्वीकृत प्राप्त विद्यालयहरूका लागि मसलन्दको व्यवस्था पनि सरकारले गर्ने कुरा स्पष्ट पार्नु भयो।

सरकारको नीति र कार्यक्रममाथिको छलफल प्रतिपक्षी सांसदहरूले सरकारले मानवअधिकारको सम्मान नगरेको, माओवादीका नाममा प्रहरीले विरोधी मास्न मानिसहरूको हत्या गरेको, प्रहरी आतंक सृजना गरेको, जीउधनको सुरक्षा र शान्ति सुरक्षाको वातावरण तयार गर्न नसकेको, हत्या र बलात्कार बडेको तथा उत्पीडित जनता, कमैया र सुकुम्बासी समस्याप्रति वेवास्ता गरेको, नागरिकहरूलाई सहज रूपमा नागरिकता उपलब्ध नगराएको, लोकसेवा आयोगको स्वायत्ततामाथि हस्तक्षेप गरेको, मूल्य बृद्धि नियन्त्रण गर्न कदम नचाल्दा जनजीवन कष्टकर भएको, जनतालाई राहत दिन नसकेको तथा प्रशासनिक दमन बडेर गएको विषयमा ध्यानाकर्षण गराउनु भयो। त्यसको जवाफ दिंदै प्रतिनिधि सभा र राष्ट्रिय सभाको असार २४ गतेको वैठकमा प्रधानमन्त्री शेरबहादुर देउवाले हरेक नेपालीको हक, हित र मानवअधिकारको सुरक्षा गर्नका लागि सरकारले आफूमा रहेको अधिकारको प्रयोग गरेको, शान्तिपूर्ण तवरले आफ्ना विचार र असहमति प्रकट गर्ने खुला वातावरण हुँदाहुँदै संविधानले निर्दिष्ट गरेको मार्ग छोडी आतंक र हिंसात्मक गतिविधिबाट समाजमा संत्रासको वातावरण सृजना गर्ने कार्य निरूत्साहित गरी मुलुकमा शान्ति अमन चयन गरी जनताको जीउ र धनको रक्षा गर्ने प्रमुख दायित्व पूरा गरेको, सहज ढंगले नागरिकता प्रदान गर्ने कुरामा कटिबद्ध रही नागरिकता वितरणको लागि ठोस कदम चाल्ने कार्यक्रम संचालन गरिने, महिलालाई सशक्तिकरण गरी राष्ट्रिय विकासको मूलधारामा सम्लग्न गराउन प्रयासरत रहेको, वालवालिकाको बचाउ, सुरक्षा र विकासका लागि कार्यक्रम संचालन गराउने कार्यक्रम रहेको, दलित र उत्पीडित जनजातिको जनताको लागि विशेष कार्यक्रम ल्याउने, सुकुम्बासी समस्याप्रति सरकार संवेदनशील रहेको, बृद्ध, असाहाय र असक्त नागरिकहरूको सामाजिक सुरक्षाका लागि प्रभावकारी कार्यक्रम संचालन गर्न लागेको जानकारी दिनु भयो।

श्री ५ को सरकारको नीति र कार्यक्रम स्वीकृत भएको आधारमा अर्थमन्त्री डा. रामशरण महतले असार २६गते सदनको संयुक्त वैठकमा आर्थिक सुधार कार्यक्रमलाई निरन्तरता दिई उच्च आर्थिक बृद्धिदर हासिल गर्ने, रोजगार समस्या समाधानका लागि सीप विकास र रोजगारीका अवसर बृद्धि गर्दै लैजाने, आर्थिक उपलब्धीहरूलाई समाजमा निम्न आय भएका वर्ग तथा क्षेत्रतर्फ प्रवाहित गर्दै गरीवी निवारणका ठोस कार्यक्रम अगाडि बडाउने, ग्रामीण अर्थतन्त्रको सुदृढीकरणको निम्ति विकेन्द्रीकरण र ग्रामीण सशक्तिकरण कार्यक्रमलाई अघी बढाउने र वित्तीय सन्तुलन तथा आर्थिक अनुशासन कायम गर्ने उद्देश्य सहित ५७ अर्व ५६ करोडको बजेट प्रस्तुत गर्नु भयो। बजेटमा दुई वर्षभित्र कमैया प्रथा

अन्त गर्न कमैया ऋण मोचन कोष स्थापना जस्ता कार्यक्रम समावेश गरियो।

प्रतिनिधि सभामा असार २७ गतेदेखि आएको अविरल वर्षाबाट आएको बाढी र पैरोले देशका विभिन्न भागमा भएको क्षेती तथा जीउज्यानको क्षतिप्रति सांसदहरूले ध्यानाकर्षण गराउँदै पीडित क्षेत्रमा राहतको लागि माग गर्नु भयो। प्रतिपक्षी दलका सांसदहरूले राहत सामाग्री वितरणमा राजनीति भएको एवं पक्षपात भएको आरोप लगाउँदै सर्वदलीय संसदीय समितिको गठनको माग गर्दै रहे।

श्रावण ३ गतेको प्रतिनिधि सभाको बैठकमा प्रमुख प्रतिपक्ष दल नेकपा (एमाले) का अध्यक्ष तथा सांसद मनमोहन अधिकारीले प्रतितपत्र घोटाला काण्ड कहाँबाट भयो, किन भयो, कुन नीतिको कारणबाट भयो भन्ने तिर ध्यान नदिएको, राजनीतिक फाइदाका लागि नेकपा (एमाले) लाई सम्लग्न भएको देखाउन प्रयास भएको, प्रतितपत्र घोटालामा संलग्न अपराधीलाई उम्काउने प्रयास भएको र यसको छानवीनको लागि संसदीय छानवीन समिति गठन गर्न माग गर्नु भएपछि संसदमा प्रतितपत्र घोटाला सम्बन्धमा संसदमा विवाद छाइरह्यो। सबै पक्षले प्रतितपत्र घोटाला काण्डका अपराधीमाथि कडा कारवाहीको माग राखे पनि एउटा पक्षले अर्कोलाई दोषी भएको देखाउन प्रयास गर्दा आरोप प्रत्यारोप हुँदै रह्यो। संसदको दशौं अधिवेशनको मुख्य मुद्दा मध्ये आर्थिक अपराध सम्बन्धी यो विषय सर्वाधिक महत्वको विषय मध्येको रूपमा रहन गई संसदको महत्वपूर्ण समय समेत यसैको लागि खर्च भयो।

प्रतिनिधि सभाको श्रावण ३ गतेको बैठकमा नेकपा (एमाले) का गोविन्दराज अधिकारीले बाग्लुङ्ग जिल्ला कालिका गाविस वडा नं. १ का ज्ञानेन्द्र के.सी.लाई व्यक्तिगत रिसईवीका कारण असार ३१ गते राती प्रहरीहरूले पक्राउ गरी कुटपिट गर्दै भ्यानमा राखेर ल्याएकोमा निज के.सी. लाई हिरासनबाट बेपत्ता पारिएकोले त्यहाँका जनता आतंकित भएका छन्। साथै संघर्षमा उत्रेकाछन् भन्दै सो घटनाको छानवीन गरी दोषी उपर कारवाहीको माग गर्नु भयो।

नेपालको संसदीय इतिहासमा नै सर्वाधिक चर्चाको विषय शारदा बाँध, टनकपुर बाँध र पञ्चेश्वर परियोजना लगायतको महाकाली नदीको एकीकृत विकास सम्बन्धी सन्धी अनुमोदनका लागि श्री ५ को सरकारले श्रावण ४ गते संसदमा दर्ता गरियो। काठमाडौंमा माघ १५, ०५२ र प्रधानमन्त्री शेरबहादुर देउवाको भारत भ्रमणमा माघ २९ गते दस्तखत भएको सो सन्धिलाई नेपाल अधिराज्यको संविधान ०४७ को धारा १२६(२) तथा नेपाल सन्धि ऐन ०४७ को दफा ५ र संसदको संयुक्त बैठक तथा संयुक्त समिति (कार्य संचालन) नियमावली ०४८ को नियम १८ (१) बमोजिम अनुमोदनको लागि दर्ता भएपछि बारम्बार यस सन्धि संसदमा चर्चा भयो।

प्रतिनिधि सभाको श्रावण ४ गतेको प्रश्नोत्तरको क्रममा नेकपा (एमाले) का मुकुन्द न्यौपानेको प्रश्नको उत्तरमा महिला तथा समाज कल्याण मन्त्री श्रीमती लिला कोइरालाले अपाङ्ग तथा नेत्र विहीनहरूलाई रोजगारी र अशक्त वृत्ति लगायतको व्यवस्था गर्न लागेको, धनहर्क राईको प्रश्नको जवाफमा भारतमा बेचिएका चेलीबेटीहरूलाई यहाँ फर्केपछि सामाजिक मान्यता र रोजगारी दिलाउने विषयमा सजग र जागरूक रहेको जानकारी दिनु भयो। साथै युवा खेलकुद तथा संस्कृति सहायक मन्त्री पाल्तेन गुरूङ्गले जनजातिको महत्वपूर्ण चाडवाडमा विदा लिने तर्फ सरकार अगाडि बढ्ने र जनजातिको रीतिरिवाजको संरक्षण गर्न प्रोत्साहन गरिने जानकारी दिनु भयो।

राष्ट्रिय सभाको श्रावण ६ गते बसेको बैठकमा नेपाली कांग्रेसका सांसद जीवन प्रेम श्रेष्ठले विशेष समय लिएर माओवादीहरूको संघातिक हमलाबाट टाउकोमा चोट लागी गम्भीर घाइते भएका गोरखा जिल्ला ताक्लुङ्ग निवासी विष्णुप्रसाद खनालको औषधोपचारको निम्ति ध्यान दिन र गोरखाका एक शिक्षकलाई पनि माओवादीहरूले आक्रमण गरेकोले त्यस्ता आतंकपूर्ण गतिविधिमा लाग्ने व्यक्तिहरूमाथि कडा करवाही गर्न माग गर्नु भयो।

प्रतिनिधि सभामा विशेष समय लिएर श्रावण ८ गते नेकपा (एमाले) का देवीप्रसाद ओझाले झापाका सांसदहरूले झापाको भ्रमण गर्दा नेपाल भारत बीचको मेची सीमा स्तम्भ भद्रपुरको पुरानो हाइस्कूलनेर गाडिएको छ यदि यहाँ नै सीमा स्तम्भ हुने हो भने भद्रपुर नगरपालिका क्षेत्रमा गरिदै आएको तरबुजा खेती र कैयौं रूखहरू भारतमा पर्न जाने देखिएको छ, यसैले सरकारले स्पष्ट जानकारी दिन माग गर्नु भयो। सो बारे स्पष्टीकरण दिनु हुँदै गृहमन्त्री खुमबहादुर खड्काले सीमा विवादका सम्बन्धमा सत्तापक्ष र विपक्षका सबै सांसदसंग विस्तृत छलफल गर्न गृहमन्त्रालय बचनवद्ध छ, कुनै पनि देशभक्त र इमान्दार नेपालीले आफ्नो देशको एक इञ्च भूमि पनि मिचिएकोलाई सहन सक्दैन भन्नुभयो। सोही दिन नेकपा (एमाले) का खगराज अधिकारीले दार्चुला क्षेत्रमा भारतीय सेना रहेको सम्बन्धमा सरकारले जवाफ दिन माग गर्नु भयो। नेपाली कांग्रेसका रामचन्द्र अधिकारीले राजनीतिक कार्यकर्ताहरूको जफत भएको सम्पत्ति फिर्ता गर्न माग गर्नु भयो।

प्रतिनिधि सभाको ९श्रावणको बैठकमा सांसदहरूले पाल्पा जिल्लाको बन्दीपोखरा र तेलगामा झाडा पखालाबाट ६ जनाको मृत्यु भइसकेकोले आवश्यक चिकित्सक र औषधि पठाउन माग गर्नु भयो। साथै भन्सार परिवर्तनका कारणले श्रावण १५ गतेदेखि २०० वटा कपडा उद्योग बन्द हुने भएकोले हजारौं कामदारहरू बेरोजगारी हुने हुँदा कर हटाउन माग गर्नु भयो। नेपाली कांग्रेसका सांसदहरूले माओवादी पीडित क्षेत्रमा विशेष कार्यक्रम ल्याउन माग गर्नु भयो। साथै प्रतिपक्षका सांसदहरूले जिल्लामा शिक्षक छनौटका लागि भएको परीक्षा पक्षपातपूर्ण र अनियमित भएकोले रद्द गरी राष्ट्रिय स्तरको शिक्षा आयोगबाट परीक्षाको व्यवस्था गर्न माग गर्नु भयो।

प्रतिनिधि सभाको १० श्रावणको बैठकमा नेकपा (एमाले) का सांसद कृष्ण गोपाल श्रेष्ठले अर्थमन्त्री डा. रामशरण महतले अमेरिकाको केमिकल बैंकमा ४६ हजार डलरभन्दा

बढी रकम राख्नेकोले अर्थमन्त्री जस्तो जिम्मेवार व्यक्तिले विदेशी विनिमय ऐन विपरित कार्य गरेकोले अर्थमन्त्रीले राजीनामा दिनु पर्दछ भनेपछि अर्थमन्त्री विरूद्धको विवाद शुरू भयो। यसै विषयलाई लिएर प्रतिपक्षले विवाद खडा गरेकोले प्रतिनिधि सभाको ११ श्रावणको नियमित कारवाही अगाडि बढ्न सकेन। प्रतिनिधि सभाको श्रावण १३ गतेको बैठक विदेश बैंकमा भएको अर्थमन्त्री डा. महतको खाता प्रकरणलाई लिएर प्रतिपक्षी दलका सांसदहरूको होहल्ला र नियमापत्तिबाट शुरू भई "रोष्टम" घेराउसम्म पुगेर स्थगित भयो। यसै विषयलाई लिएर राष्ट्रिय सभाको बैठक पनि अबरूद्ध भएर नियमित कार्यक्रम हुन सकेन। प्रतिनिधि सभाको श्रावण १४ गतेको बैठक अमेरिकी बैंकमा रहेको अर्थमन्त्री रामशरण महतको खाता प्रकरणलाई लिएर राजीनामाको माग गर्दै सभामुख अघिल्तिर धर्ना दिएपछि बैठक स्थगित भयो। प्रतिनिधि सभाको श्रावण १५ गतेको बैठक पनि नेकपा (एमाले) का सांसदहरूले अर्थमन्त्री डा. रामशरण महतको राजीनामाको माग गर्दै नाराका साथ रोष्टम घेराउ गरी नियमित कार्यक्रम चल्न नसकेपछि बैठक अबरूद्ध भयो। श्रावण १६गते अर्थमन्त्री डा. रामशरण महतले प्रतिनिधि सभा समक्ष आफूले राजीनामा दिएको जानकारी दिएपछि शुक्रवारदेखि अवरूद्ध हुँदै आएको प्रतिनिधि सभाको बैठकको कारवाही छैटौं दिनदेखि संचालन हुन सक्यो।

प्रतिनिधि सभाको श्रावण १६ गतेको बैठकमा भूमिसुधार तथा व्यवस्था मन्त्री बुद्धिमान तामाङ्गले भूमि सम्बन्धी (चौथो संशोधन) विधेयक ०५३ प्रस्तुत गर्नु भयो। एउटै जग्गामा जग्गाधनी र मोहीको नियन्त्रण रहँदा उत्पादनमा वान्छित वृद्धि हुन नसकेको तथा जग्गाधनी र मोही बीच पारस्परिक समन्वय कायम हुन नसक्दा उत्पादकत्व उपेक्षित हुन गएको कारण भूमिमाथिको द्वैध नियन्त्रण अन्त गर्न, जग्गामा किसानको एकाधिकार कायम गरी त्यस्तो जग्गाको अधिकाधिक उपभोग गर्ने अवसर उपलब्ध गराई उत्पादकत्वको पूर्ण उपयोग गर्न यो विधेयक ल्याएको पनि मन्त्री तामाङ्गले जानकारी गराउनु भयो।

प्रतिनिधि सभाको श्रावण १७ गतेको बैठकमा नेकपा (एमाले) का श्रीमती सहाना प्रधानले भारतका मुम्बईका विभिन्न ठाउँबाट नेपाली चेलीहरूलाई नेपाल फर्काउन ७ वटा गैर सरकारी संस्थाहरूले कैयन प्रयास गरेर दुई पटकमा १२४ जनालाई फर्काएका छन्, भारतमा रहेका अरू चेलीहरू पनि फिर्ता गर्न ध्यानाकर्षण गराउनु भयो। उहाँले शाही नेपाल वायु सेवा निगममा काम गर्ने पुरुष परिचारकहरूलाई काम गर्ने उमेरको हद नभएको तर महिला परिचारिकाले ३० वर्षपछि सो पदमा काम गर्न नपाउने असमान व्यवस्था रहेकोले हटाइनु पर्छ, सीता पाईलाको एक लजमा सामूहिक बलात्कार गरी एक युवतीको हत्या गर्नेहरू फुत्कने प्रयास गर्दैछन् उनीहरूलाई कडा सजाय हुनुपर्छ भनी माग गर्नु भयो। नेपाली कांग्रेसका होमराज दाहालले काठमाडौंका शिक्षक हरिभक्त लामिछानेको हत्यारामाथि कडा सजाय गर्न माग गर्नु भयो। शिक्षक लामिछानेको श्रावण १६ गते राती आफ्नै डेरामा हत्या गरिएको थियो। त्यस्तै शुन्य समयमा अछाम जिल्लाका एक व्यक्तिलाई भारतको आसाममा अपराधिक गतिविधि गरेको भनी भारतीय प्रहरीहरू नेपाल प्रवेश गरी पक्रने कार्य भएको छ, यसप्रति ध्यान दिन माग गर्नु भयो। धादिङ जिल्ला जोगीमारा गाविसका उपाध्यक्षलाई केही व्यक्तिले भरतपुर अस्पतालमा कुटपिट गरेकोले त्यसको छानवीन गरी दोषीमाथि कारवाही गर्न पनि सांसदहरूले माग गर्नु भयो।

संसदको श्रावण २० गतेको दुवै सदनको बैठकमा परराष्ट्रमन्त्री डा. प्रकाशचन्द्र लोहनीले अति जरूरी महत्वको विषयमा जानकारी दिंदै सुगौली सन्धि र त्यसपछिको दस्तावेजबाट निश्चित गरिएको नेपाली भू-भागमा एक रौं बराबर पनि तलमाथि हुन नदिने कुरामा श्री ५ को सरकार दृढ रहेको, मेची नदी भारततिर पर्ने गरी सीमा स्तम्भ गाडिएको भन्ने आरोप बारेमा स्पष्ट गर्दै हाल सीमा स्तम्भ गाड्ने काम सन् १९८८ मा भएको समझदारी र वि.सं. ०५२ साउन १९ गते भएको, यसो गर्दा कतै प्राविधिक त्रुटी भएको शंका लागेमा झापाको भद्रपुर क्षेत्रमा सीमा पुनः स्तम्भहरूको जाँच गर्न सरकार तयार रहेको र आवश्क परेमा श्री ५ को सरकारले भारत सरकारसंग कुरा गर्ने कुरा स्पष्ट पार्नु भयो।

प्रतिनिधि सभाको श्रावण २० गतेको बैठकमा काठमाडौं उपत्यकाका शहरी क्षेत्रको खानेपानीको समस्या दीर्घकालीन समधान गर्न मेलंची खानेपानी आयोजना आउँदो ५ वर्षभित्र सम्पन्न गर्ने गरी काम भैरहेको जानकारी आवास तथा भौतिक योजना मन्त्री बालाराम घर्ती मगरले प्रश्नोत्तरको क्रममा दिनु भयो। सोही दिनको राष्ट्रिय सभाको बैठकले सामान्य प्रशासन मन्त्री विमलेन्द्र निधिले प्रस्तुत गर्नु भएको निजामति सेवा (पहिलो संशोधन) विधेयक ०५३ पारित गऱ्यो। सो विधेयक माथिको छलफलमा भाग लिने क्रममा नेपाल सद्भावना पार्टीका रामेश्वर राय यादवले लोक सेवा आयोगद्वारा परिपूर्ति गरिने कूल पदमा २५ प्रतिशत दलित र मदेशी समुदायका लागि आरक्षण गर्नु पर्ने माग गर्नु भयो।

प्रतिनिधि सभाको श्रावण ३० को बैठकमा नेकपा (एमाले) का ध्रुवराज लम्सालले श्रावण १ गते स्याङ्जा जिल्लाको दहथुम गाविसका सचिवको हत्या गरिएको छ, हत्यारा पत्ता लगाउनु सट्टा अपराधीहरूलाई संरक्षण गर्न राजनेताहरूद्वारा नै दबाब दिइदै छ, त्यसैले अपराधीहरू पत्ता लगाई कडा कारवाही गरियोस् भनी माग गर्नुभयो। सोही दलका विष्णुबहादुर राउतले उदयपुर जिल्लामा झाडा पखालाले ६ जना मरिसकेकोले तत्काल औषधि पठाउन माग गर्नु भयो। नेकपा (एमाले) का मुकुन्द न्यौपानेको प्रश्नको जवाफमा वन तथा भू- संरक्षण मन्त्री शेख इद्रिसले चितवनको शाही राष्ट्रिय निकुंजबाट हुने आम्दानीको केही प्रतिशत खर्च गरी निकुंजका बन्यजन्तुबाट आसपासका जनतालाई हुने गरेको दुःख नियन्त्रण गर्न केही व्यवस्था हुन लागेको जानकारी दिनु भयो।

राष्ट्रिय सभामा शुन्य समयमा उठेको प्रश्नको जवाफ

दिँदै महिला तथा समाज कल्याण मन्त्री लीला कोइरालाले समाज कल्याण परिषद्बाट अपाङ्ग महासंघलाई रू. १ लाख, भृकुटी मण्डपको दुई वटा कोठा, एक लेटर प्रेस तथा प्राथमिक तहदेखि क्याम्पस स्तरसम्मका गरी ३१२ जनालाई अपाङ्ग छात्रवृत्ति, अशक्त वृत्ति र रोजगारी दिने व्यवस्था मिलाइएको, राष्ट्रिय अपाङ्ग नीति बनाएको र अन्धा अपाङ्गको समस्या समाधान गर्न प्रयास गरिरहेको जानकारी दिनु भयो। उहाँले काठमाडौं र पहाडका अतिरिक्त तराईका महिलालाई अशक्त वृत्ति दिएको र जातीय भेदभाव हटाउन जागरण कार्यक्रम ल्याउने विश्वास दिलाउनु भयो।

प्रतिनिधि सभाको श्रावण २१ गतेको बैठकमा विशेष समय लिएर नेकपा (एमाले) का विद्या भण्डारीले मुलुकका करीब १४ लाख अन्धा अपाङ्गहरूको समस्या जटिल रहेको छ. अन्धा अपाङ्गहरू १४ सूत्रीय माग राखेर सरकारको ध्यान आकृष्ट गरिरहेका छन् तर उनीहरूलाई प्रहरी लगाएर लछारपछार पारिएको छ, महिलालाई लछारपछार गरिएको छ भन्दै मानवीय दृष्टिकोण राखी उनीहरूको मागलाई पूरा गर्ने काम सरकारले गर्नु पर्छ भन्नुभयो। गंगालाल तुलाधरले वैदेशिक रोजगारी संस्था फेसन इन्टर नेशनलबाट भैरहेको ठगीप्रति ध्यानाकर्षण गराउनु भयो। शुन्य समयमा सांसदहरूले कंचनपुरको महेन्द्र नगरमा कांग्रेस भन्न चाहने ५/६ जनाले केही व्यक्तिहरूलाई छुरा प्रयोग गरी घाइते तुल्याएकोमा स्थानीय प्रशासनले अपराधीहरूलाई कारवाही गर्नेतर्फ तदारूकता नदेखाएको तथा गोरखापत्र संस्थानका अधिकृत भीम खरेलमाथि हातपात भएकोप्रति सदनको ध्यानाकर्षण गराउनु भयो। विनोद शाहले पत्रकार कृष्णप्रसाद शिवाकोटीको औषधोपचारको लागि आवश्यक व्यवस्था मिलाउन सरकारसंग अनुरोध गर्नु भयो।

प्रतिनिधि सभाको श्रावण २५ गतेको बैठकको शुन्य समयमा सांसदहरूले महिला सुरक्षा दबाब समूहद्वारा पैत्रिक सम्पत्तिमाथि महिलाहरूले समान अधिकार पाउनु पर्दछ भनी सिंहदरबार अगाडि आयोजित धर्ना र मौन जुलुसमाथि प्रहरी कारवाही गरी महिलाहरू लछारपछार गरियो भनी सो कार्यको विरोध गर्नु भयो। साथै उदयपुर जिल्लाको सुन्दरपुर गाविसमा स्थानीय प्रशासनले श्रावण २३ गते गोली चलाई जनतालाई घाइते बनाएको पनि विरोध गर्नु भयो। नेपाल सद्भावना पार्टीका हृदयेश त्रिपाठीले सर्लाही जिल्लाको नेत्रगंज गाविसमा भएको भिडन्तमा कृष्ण पासवानको मृत्यु भएको, एक गर्भवती महिलाको हालत चिन्ता जनक भएको जानकारी दिँदै अभियुक्तहरूमाथि कडा कारवाही र घाइतेको उपचारको व्यवस्था गर्न माग गर्नु भयो।

प्रतिनिधि सभाको साउन २७ गतेको बैठकमा सांसद नवराज सुवेदीले राष्ट्रिय जनआन्दोलन समितिका दुईजनालाई प्रहरीद्वारा पक्राउ गरी संविधान प्रदत्त अधिकारलाई कुण्ठित पारेको विषयमा सदनको ध्यानाकर्षण गराउनु भयो। सोही दिन राष्ट्रिय सभाको बैठकमा नेकपा (एमाले) का केशवलाल श्रेष्ठले १० अर्ब भन्दा बढी लगानी भएको मुलुकको टेक्स्टाइल उद्योग हाल धाराशाही स्थितिमा पुगी २० हजार मजदूर विस्थापित भएकोप्रति ध्यानाकर्षण गराउँदै यसमा सरकारको गलत कर नीति रहेको छ भन्नुभयो।

प्रतिनिधि सभाको साउन २८ गतेको बैठकमा मौखिक प्रश्नको उत्तरमा गृह सहायकमन्त्री दीपकप्रकाश बास्कोटाले जिल्ला प्रहरी कार्यालयको दरबन्दीमा रहेका प्रहरी नायब निरीक्षक गोपाल सिंह थामीको कालगतिबाट मृत्यु भएको र भन्सार कार्यालयमा कार्यरत प्रहरी जवान कीर्तिबहादुर थापा राती ड्युटीमा खटिएको अवस्थामा शौचालय गई फर्कदा चिप्लो ठाउँमा लडी महाकाली नदीमा खसी मृत्यु भएको हुन सक्ने र यसबारे अनुसन्धान भइरहेको जानकारी दिनु भयो।

श्रावण २९ गते नेपाली कांग्रेसका सांसद रामचन्द्र अधिकारीले स्थानीय सामाखुसीमा भएको शिक्षक हरीभक्त लामिछानेको हत्यारालाई पत्ता लगाई कारवाही गर्न माग राख्दै डेढ घण्टासम्म ग्यालरी बैठकको द्वारमा बसी धर्ना दिनु भयो। नेकपा (एमाले) का केशव बडालले विशेष समय लिएर काभ्रे जिल्लाको उग्रचण्डी गाउँमा भएको पैरोबाट घाइते भएका बजगाई परिवारको उपचारको व्यवस्था र शीर मेमोरियल अस्पतालमा उपचारार्थ भर्ना गरिएको एक शिक्षिकामाथि बलात्कार गर्ने प्रयासबाट अस्पताल पनि असुरक्षित भएकोले सुरक्षाको माग गर्नु भयो। श्रावण २९ गतेको शुन्य समयमा नेकपा (एमाले) का यज्ञराज न्यौपानेले कालिकोट लगायत दुर्गम जिल्लामा कार्यरत केही प्रशासकीय अधिकृतहरूबाट मानवअधिकारको उल्लंघन हुँदा जनताले दुःख पाइरहेका छन् भनी आरोप लगाउनु भयो। नेपाली कांग्रेसका महन्थ ठाकुरले पुलचोकको इन्जिनियरिङ्ग क्याम्पसबाट हराएको विद्यार्थी फेला परेका छैनन्, खोजी तलासी होस् भन्नुभयो।

राष्ट्रिय सभाको श्रावण २८ गतेको बैठकमा नेकपा (एमाले) का सुवासचन्द नेम्वाङ्गले मानवअधिकारलाई व्यवहारमा सुनिश्चित गरी यातनाको क्षतिपूर्ति दिन तथा मृत्युदण्ड उन्मूलन गर्न एक स्वतन्त्र र सक्षम मानवअधिकार आयोग स्थापना गरियोस् भन्ने सम्बन्धमा जरूरी सार्वजनिक प्रस्ताव प्रस्तुत गर्नु भयो। प्रस्ताव प्रस्तुत गर्ने क्रममा श्री नेम्वाङ्गले संयुक्त सरकार गठन भएयता मुलुकमा हत्या, आतंक बढेको, मानवअधिकार उल्लघनका घटना भएको, राजनीतिक व्यक्तिहरूमाथि पूर्वाग्रही धारणा राखिएको र प्रहरी हिरासतमा राखिएका व्यक्तिहरूलाई यातना दिने र अभद्र व्यवहार गर्ने जस्ता कार्य भएको, राजनीतिक समस्याको समाधान सरकारी दमनबाट नभई राजनीतिक ढंगबाट हुनु पर्नेमा बिगत पाँच महिना यता माओवादीको नाममा मुलुकको विभिन्न भागमा प्रहरीको गोली र यातनाको कारणबाट ३२ जनाको मृत्यु भएको, लासको पोष्टमार्टमको रिर्पोट समेत लुकाएको र सम्बन्धित नातेदारलाई लास दिन समेत इन्कार गरिएकोले उच्च स्तरीय मानवअधिकार आयोग स्वतन्त्र र निष्पक्ष रूपमा गठन होस् भन्नुभयो। सो प्रस्तावमाथिको छलफलमा नेकपा (एमाले) का महेश चौधरी, प्रेमबहादुर सिंह, सीतानन्दन राय र बलराम उपाध्यायले मुलुकमा सरकारले जनयुद्धको दमन

बढेको, मृत्यु दण्ड सम्बन्धी कानून खारेज हुनु पर्ने, मानवअधिकारको प्रत्याभूति व्यवहारमा हुन नसकेको, प्रहरीबाट नै मानवअधिकारको उल्लंघन भइरहेको आरोप लगाउँदै स्वतन्त्र र निष्पक्ष मानवअधिकार आयोग गठनको माग गर्नु भयो।

प्रस्तावको प्रत्युत्तरमा गृह सहायकमन्त्री दीपकप्रकाश बास्कोटाले श्री ५ को सरकारले मुलुकको मानवअधिकारको उल्लंघन हुन नदिने अभिप्रायले मानवअधिकार आयोग विधेयक ०५२ सम्बन्धित समितिमा विचाराधीन रहेको र मृत्यु दण्डको खारेजी र संविधानसंग बाझिएका कानूनका दफाहरू हटाउनका लागि प्रारम्भिक कामहरू शुरू गरिसकेको जानकारी दिनु भयो। गृहसहायक मन्त्री बास्कोटाले विभिन्न ११ जिल्लाहरूमा आतंकवादी गतिविधि भएको र प्रहरीले माओवादीहरूबाट ७८ नाल भरूवा बन्दुक लगायत थुप्रै परिणाम विस्फोटक पदार्थहरू बरामद गरेको जानकारी दिंदै आतंकवादी गतिविधिको जिम्मेवारी स्वीकारी सकेका पार्टी वा व्यक्तिहरूसंग वार्ता गरी समस्याको समाधान गर्न सरकार प्रयासरत रहेको, प्रहरीले हिरासतमा कसैलाई यातना नदिएको, अन्धा अपाङ्गमाथि प्रहरीहरूद्वारा लाठी चार्ज र बलजफ्ती कारवाही नगरी सुरक्षित स्थानमा पुऱ्याउने काम गरेको छ भन्नुभयो। सहायकमन्त्रीसंग प्रश्न गर्न खोज्दा अनुमति नदिएपछि मोहनचन्द्र अधिकारीले वैठक समेत बहिष्कार गर्नु भयो।

राष्ट्रिय सभाको सुन्य समयमा नेपाली कांग्रेसका विश्वनाथ प्रसाद अग्रवालले राजनीति पीडितको सर्वस्व भएको सम्पत्ति फिर्ता गर्न निर्देशन दिन माग गर्नु भयो। सांसद मोहनचन्द्र अधिकारीले टासिएका मानवअधिकार सम्बन्धी पोष्टरहरूलाई मास्ने कामलाई तत्काल रोक्न माग गर्नु भयो। नेकपा (एमाले) का डा. भरतकुमार प्रधान भारतबाट फिर्ता ल्याएका १२२ जना नेपाली चेलीहरूको दायित्व सरकारले लेओस् भनी माग गर्नु भयो।

प्रतिनिधि सभाको श्रावण २८ गतेको शुन्य समयमा नेकपा (एमाले) का देवीप्रसाद ओझाले चितवन र झापामा भएको हात्ती आतंक रोक्न र राष्ट्रिय जनआन्दोलन संयोजन समिति र राष्ट्रिय जनतान्त्रिक मोर्चाद्वारा भदौ ५ गते उपत्यका बन्द कार्यक्रम आयोजना गर्ने सिलसिलामा प्रचार प्रसार गर्दा प्रचार सामाग्री र व्यक्तिलाई पक्राउ गर्ने कार्य नगर्न सरकारसंग अनुरोध गर्दै पूर्व अर्थमन्त्रीको बैंक स्टेटमेन्ट सम्बन्धमा सरकारद्वारा गठित छानवीन आयोगबाट स्पष्टिकरणको नाममा हुलाकका कर्मचारीमाथि प्रयास भएको छ, त्यसो हुनु भएन भन्नुभयो। सोही दलका धनहर्क राईले गोरखा सैनिकको भत्ता र पेन्सनमा भेदभाव भएको छ, यो नेपाल, भारत र बेलायत सरकार बीच भएको त्रिपक्षीय सन्धि विपरित छ भनी सरकारको ध्यानआकर्षण गर्नु भयो। भानुभक्त जैशीले वैदेशिक रोजगारको नाममा ठगी भैरहेको र यसै क्रममा कोरिया पठाउन नेपाली कुल्लीहरूबाट रू. २/२ लाख उठाइएको तथा यस काममा मन्त्रीको पनि हात भएकोले यस्तो ठगी गर्नेमाथि कारवाही होस् भनी माग गर्नु भयो।

प्रतिनिधि सभाको २९ को वैठकमा यातना सम्बन्धी क्षतिपूर्ति विधेयक ०५३ पारित भयो।

प्रतिनिधि सभाको २९ को वैठकमा शुन्य समयमा नेकपा (एमाले) का रामकुमार ज्ञवालीले संयुक्त सरकार गठन भएपछि गुण्डागर्दी बढेको तथा कंचनपुर जिल्लाका हलीया र कमैयाहरूलाई वितरण गरिएको जग्गामा मकै वाली लगाउन रोक लगाएकोप्रति ध्यान आकर्षण गराउनु भयो। रामचन्द्र झाले धनुषा जिल्ला क्षेत्र नं. ५ मा पर्ने दुई गाविसहरूमा बिगत एक वर्षदेखि विशेष खालका थुप्रै हत्याकाण्डहरू भइरहेको र स्थानीय प्रशासनले हालसम्म ती हत्याराहरूलाई पक्राउ गर्न नसकेकोले श्री ५ को सरकारले तत्काल ध्यान दिनु पर्ने माग गर्नु भयो। नेकपा (एमाले) का रामनाथ शर्मा ढकालले माओवादी जनयुद्धको नाममा सरकारको दमनपूर्ण कार्यबाट ५ दर्जनभन्दा बढी निर्दोष मानिसको मृत्यु भएको आरोप लगाउनु भयो। लीला श्रेष्ठ सुब्बाले काठमाडौंको मातातीर्थकी एक युवती भारतको कलकत्तामा बेचिएर नेपाल फर्कदा पनि अपराधी अहिलेसम्म पक्राउ नपर्नु बिडम्बनापूर्ण कुरा हो भनी सरकारको आलोचना गर्नु भयो। सुरेन्द्र कुमार फोम्बोले अमेरिकन लाइब्रेरीमा कार्यरत २५० कर्मचारीहरूलाई निकालेर भारतीय कामदाहरूलाई राखेको कुरा बताउनु भयो।

राष्ट्रिय सभाको २९ गतेको वैठकमा स्वास्थ्यमन्त्री अर्जुन नरसिंह के.सी.ले वी पी कोइराला मेमोरियल क्यान्सर अस्पताल विधेयक ०५३ माथि विचार गर्न प्रस्ताव प्रस्तुत गर्नु भयो।

प्रतिनिधि सभाको साउन ३० गतेको वैठकमा सत्तापक्ष र प्रतिपक्षका सांसदहरूले कानूनविद् मुकुन्द रेग्मीमाथि २९ गते राती तीन जनाले आक्रमण गरी घाइते पारेकोमा आक्रमणको निन्दा गर्दै अपराधीहरूलाई तुरून्त कारवाही गर्न माग गर्नु भयो। नेकपा (एमाले) का कमलराज श्रेष्ठले राप्रपाका वैकुण्ठबहादुर चन्दलाई साउन २५ गते नेपाली कांग्रेसका कार्यकर्ताहरूले कालो मोसो दल्ने र पिट्ने काम गरेका छन्। यस्तो कार्य गर्ने अपराधीहरूमाथि यथाशीघ्र पक्राउ गरी कारवाही गरियोस् भनी माग गर्नु भयो। नेकपा (एमाले) का काशीराम थारूले बर्दिया मालपोत कार्यालयले सुकुम्बासीहरूले भोग चलन गर्दै आएको जग्गा जमिन्दारहरूको नाममा धमाधम दर्ता गर्दैछ भनी सुकुम्बासीको सम्पत्तिको हक नमास्न माग गर्नु भयो। नेकपा (एमाले) का कृष्ण गोपाल श्रेष्ठले कवि कलाकार, लेखक र संगीतकारका कृतिहरू, तिनको मौलिक प्रतिभा संरक्षण गर्न कपिराईट सम्बन्धी विधेयक प्रस्तुत गर्न माग गर्नु भयो। सोही दलका सांसद गोविन्दराज अधिकारीले साउन २७ गते रोल्पामा चार जना निहत्था जनताको हत्या भएको सम्बन्धमा सरकारले गरेको टिप्पणी भ्रमपूर्ण भएको आरोप लगाउँदै देशका विभिन्न भागमा भइरहेका हत्या र आतंकको सर्वदलीय संसदीय समिति गठन गरी छानवीन गराइयोस् भनी माग गर्नुभयो। सांसदहरूले तुल्सीलाल अमात्यको औषधि उपचारको व्यवस्था गर्न र उहाँको जफत

भएको सम्पत्ति फिर्ता गर्न पनि माग गरे।

प्रतिनिधि सभाको श्रावण २९ र ३० गतेको वैठकमा गृहमन्त्रालय सम्बन्धी विनियोजन शीर्षकमाथिको छलफलमा प्रतिपक्षका सांसदहरूले मुलुकमा मानवअधिकार उल्लंघन भएकोमा चिन्ता व्यक्त गर्नुको साथै मानवअधिकार आयोग स्थापना गर्नु पर्ने आवश्यकता माथि जोड दिनु भएको थियो। सांसदहरूले देशमा शान्ति सुरक्षा खलल भइरहेको, सार्वजनिक सुरक्षा ऐनको पूरै दुरूपयोग भएको, बन्दुकबाट मात्र समस्या समाधान गर्न खोजिएको, बाडी पीडितलाई राहत दिनुको साटो गोली हानिएको, विपक्षीमाथि दमन गरिएको, माओवादीको नाममा जनताको दमन गरिएको, जेल सार्ने क्रममा सिन्धुलीमा दुई जना मारिएको, बलात्कार, लागू पदार्थको कारोबार, हत्या र आतंक बढेको, जेल सुधारमा ध्यान नदिएको आदि आरोप लगाई मानवअधिकार संरक्षण गर्न नसकेकोप्रति संसदको ध्यानाकर्षण गर्नु भयो।

सत्तापक्षका सांसदहरूले सोही विनियोजन विधेयकमाथिको छलफलको क्रममा सरकार मानवअधिकारप्रति सचेत रहेको, अपराधीहरूलाई पक्रनु र साधारण केरकारलाई मानवअधिकार हनन भएको भन्नु नहुने, मानवअधिकारको मात्र कुरा उठिरहेको र मानव कर्तव्यको चर्चा र व्याख्या नभएको, मानवअधिकार शान्ति सुरक्षाको कुरा विरोधाभास भएको, मानवअधिकारवादीहरूले ग्रामीण पहाडी इलाकाका निर्दोष बालक र बृद्धमाथि माओवादीहरूबाट भएको निर्मम अत्याचार बारे कुरा नउठाएको तथा विभिन्न ठाउँमा हातहतियार युक्त प्रहरी चौकी बढाई शान्ति सुरक्षा मजबुत पार्नु पर्ने कुरा उठाउनु भयो।

सोही दिनको राष्ट्रिय सभामा नेपाली कांग्रेसका सुशीला शर्माले संविधानमा जातजाती, धर्म, वर्ण, भाषाभाषीको आधारमा लिङ्गको आधारमा भेदभाव नगरिने भनिए पनि शाही नेपाल वायुसेवा निगममा पुरूष र महिलालाई भेदभाव गरिएको, निगमको नियमावली विपरित पुरुष परिचारकहरूलाई ५५ वर्षको उमेरमा अवकाश दिए पनि महिला परिचारिकाहरूलाई ३० वर्षमा नै अवकास दिई क्षमता, काम र सेवाको भावनाबाट नहेरी जवानी प्रदर्शन गरिएको भनी विरोध गर्नु भयो।

प्रतिनिधि सभाको ३१ गते साउनको वैठकमा विशेष समय लिएर नेकपा (एमाले) का श्यामप्रसाद ढकालले बर्दिया जिल्लामा दाउरा घाँसका लागि सार्वजनिक जंगलमा गएका व्यक्तिहरूमाथि गोली चलाउँदा प्रेमबहादुर भण्डारीको मृत्यु हुन गएको र अन्य व्यक्तिहरू घाइते भएका छन्, सरकारले जनतालाई अनाहक गोली हान्ने के कारण पऱ्यो, त्यसको तुरून्त स्पष्टीकरणका साथै मृतकका परिवारलाई क्षतिपूर्ति र घाइतेको उपचारको माग गर्नु भयो। सोही वैठकमा भूमिसुधार तथा व्यवस्थामन्त्री बुद्धिमान तामाङले हदबन्दीभन्दा बढीको जग्गा प्राप्त गरी बिक्रीवितरण गरिने कुरा प्रश्नोत्तरको क्रममा बताउनु भयो। यसै वैठकले जोखिमपूर्ण फोहोर मैलाको सीमा पारको ढुवानी र तिनीहरूको निस्काशनको नियन्त्रण सम्बन्धी वासिल महासन्धिलाई सम्मिलन गऱ्यो।

नेकपा (एमाले) का धनहर्क राईले शुन्य समयमा भारतको जम्मु कास्मीरमा हत्या गरिएका नेपालीहरूका हत्यारा पत्ता लगाउन सम्बन्धित निकायको ध्यानाकर्षण गराउनु भयो। नरेन्द्र पोखरेलले सिराहा जिल्लामा सत्ता पक्षीय पार्टीका कार्यकर्ताहरूले नेकपा (एमाले) का कार्यकर्ताहरूमाथि प्रहरी लगाएर आक्रमण गरेकोले सो कार्य अबिलम्ब बन्द गर्न र कैलाली जिल्लाका जनप्रतिनिधिहरूले शुरू गरेको आन्दोलनप्रति ध्यान दिन माग गर्नु भयो। मफिलाल थारू थनेतले नवलपरासी जिल्लाको कावासोतीमा प्रशासनद्वारा लेकबहादुर कार्कीलाई ज्यान मार्ने उद्योग सम्बन्धी मुद्दामा फसाउन प्रयास गरेको र निर्दोष व्यक्तिहरूलाई हिरासतमा राख्ने कार्य भइरहेकोले त्यसतर्फ ध्यान दिन माग गर्नु भयो।

साउन ३२ गतेको राष्ट्रिय सभाको वैठकमा शुन्य समयमा नेकपा (एमाले) का प्रेमबहादुर सिंहले साउन २५ गते कालिकोट जिल्लाको नालीकोट गाविस निवासी एक व्यक्तिलाई त्यहाँका प्रहरीले पक्राउ गरी उनीसंग रहेको विभिन्न कागजपत्र खोसेको र प्रहरी हिरासतमा यातना दिई ३० गते प्रहरी र सरकारी वकिल सामु नेपाली कांग्रेसमा प्रवेश गर्नु पर्ने शर्त सहित छोडिएको घटनाप्रति आपत्ति जनाउँदै प्रहरीको दबावमा राजनैतिक आस्था परिवर्तन र सत्तापक्षको सदस्यता ग्रहण गर्नु पर्ने बाध्यता सृजना गर्नु संविधान अनुरूप भएन भन्नुभयो। प्रतिनिधि सभाको वैठकमा नेकपा (एमाले) का रामचन्द्र झाले नारायणप्रसाद उप्रेतिद्वारा लिखित बोर्डिङ्ग स्कूलमा पढाउने एक पुस्तकमा हजरत मोहमदको फोटो छापेर मुसलमानको आस्थाप्रति आघात गर्न खोजेकोले त्यसप्रति समीक्षा गर्नु पर्ने कुरा बताउनु भयो।

प्रतिनिधि सभाको भाद्र २ गतेको वैठकमा नेपाल सद्भावना पार्टीका हृदयेश त्रिपाठीले नेपाल समाजवादी दल र श्री ५ को सरकार बीच असार १९ गते सम्पन्न सम्झौता अनुसार नागरिकता सम्बन्धी धनपति आयोग र महन्थ ठाकुर समितिको प्रतिवेदन प्रकाशित नगरिएको र सोही प्रतिवेदनको सुझाव अनुसार अधिकार प्रत्यायोजन गरी टोली पठाउने कार्य नगरेकोले पूर्व निर्धारित कार्यक्रम अनुसार प्रतिनिधि सभाको वैठकको रोष्टम घेरी वैठकको कार्यक्रम अबरूद्ध गरेपछि सभामुख रामचन्द्र पौडेलले मर्यादा पालक लगाई निकाल्नु भयो। यसरी मर्यादा पालक प्रयोग गरिएकोले सांसद त्रिपाठीले तीन दिन वैठकको कार्यवाहीमा भाग लिन पाउनु भएन।

प्रतिनिधि सभाको भाद्र २ गतेको वैठकमा सांसदहरूले सप्तरीको मलकेपुर गाविस स्थित मुसहरनीया गाउँबाट सोरौं शताब्दीको मानिएका मूर्तिहरू र शिव लिङ्ग आफ्नो कब्जामा लिन जाँदा स्थानीय जनता र प्रहरी बीच मुठभेड हुँदा प्रहरीको गोलीबाट ५५ वर्षिया सुगावती मण्डलको मृत्यु भएको र त्यहा भएको भिडन्त बारे सांसदहरूले सरकारको ध्यानाकर्षण गराउनु भयो। ती मूर्तिहरू बोरीया गाविस वाड नं. ७ मा गंगाराम दुवेको खेत खन्न आएका मुसहरनीयाका कामदारहरूले फेला पारी आफ्नै गाउँमा लगेपछि विवाद शुरू भएको र प्रशासनले यी मूर्तिहरू कब्जामा लिन खोज्दा भएको भिडन्तमा प्रहरीले

गोली र अश्रुग्याँस प्रयोग गरेको बारेमा सदनमा निकै लामो समयसम्म सांसदहरूले अवाज उठाएपछि गृहमन्त्री खुमबहादुर खड्काले सप्तरीमा मूर्ति फेला पार्नेहरूले प्रहरी र पुरातत्व विभागका कर्मचारीहरूलाई देखाउन नचाहेको र प्रहरीले सम्झाउँदा बुझाउँदा समेत नमानेकोले भिडन्त भई एक महिला मर्नुका साथै २९ जना प्रहरी र चारजना सर्वसाधारण जनता घाइते भएको तथा उक्त घटनाको छानबीन गर्न एक टोली त्यसतर्फ पठाएको जानकारी दिनु भयो। साथै सांसदहरूले कुरा उठाएपछि मोरङ्ग पथरी गाविसकी १३ वर्षीया अप्सरा दर्जीलाई अनुचित क्रियाकलापमा लगाउने व्यक्तिमाथि कारवाही गर्ने र प्रहरीबाट अपराधीलाई बचाउने प्रयास भएको भेटिएमा यस्तो प्रहरीलाई पनि कारवाही गर्ने विश्वास दिलाउनु भयो।

प्रतिनिधि सभामा विशेष समय लिएर नेकपा (एमाले) का देवीप्रसाद ओझाले धरान स्थित वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानले शर्त सम्झौता विपरित शतप्रतिशत शुल्क बृद्धि गरेको विरोधमा शान्तिपूर्ण रूपले आन्दोलनमा उत्रेका विद्यार्थीहरूलाई रातको समयमा प्रहरीले चारकोशे झाडीमा लगी छोडेको आरोप लगाउनुका साथै शिक्षण संस्थामा प्रहरी प्रवेश हुनु आपत्तीजनक हो, र विद्यार्थीहरूलाई पंचायत कालमा जस्तो जंगलमा छोडिनु अमानवीय र प्रजातन्त्र विपरित कार्य हो भन्नुभयो।

भाद्र ३ कै राष्ट्रिय सभामा गृहमन्त्री खुमबहादुर खड्काले प्रस्तुत गर्नु भएको क्षतिपूर्ति विधेयक ०५३ माथिको छलफलमा भाग लिंदै सो विधेयक उपयोगी र महत्वपूर्ण भएको र मानवअधिकारको प्रत्याभूति दिने आशा व्यक्त गर्नु भयो। गृहमन्त्री खड्काले हिरासतमा कुनै पनि व्यक्तिले यातना खप्नु नपरोस् र मानवअधिकार सुरक्षित होस् भनी विधेयक प्रस्तुत गरिएको विचार व्यक्त गर्नु भयो।

प्रतिनिधि सभाको भाद्र ५ गतेको वैठकमा नेकपा (एमाले) का महेश्वर पाठकले कमैया प्रथा उन्मूलन गर्न व्यवस्थित कार्यक्रम संचालन गरियोस् भनी ध्यानाकर्षण प्रस्ताव राख्नु भयो। ध्यानाकर्षण प्रस्ताव राख्ने क्रममा सांसद पाठकले अधिराज्यको कैलाली, कंचनपुर, दाङ, बाँके र बर्दियामा दास र सामन्ती प्रथाको रूपमा कमैया वा बाँधा मजदूर रहेका छन् यो देशकै लागि कलंक हो, कमैयाहरू आर्थिक, शारीरिक तथा मानसिक, सबै प्रकारको शोषणबाट पीडित रहेका छन्। त्यसैले उनीहरूलाई राजनीति गर्ने माध्यम मात्र नबनाई रोजगारी, आवास तथा भूमिसुधारका कार्यक्रमहरूलाई यो प्रथा हटाउनु पर्ने राय व्यक्त गर्नु भयो। ध्यानाकर्षणको जवाफमा भूमि सुधार तथा व्यवस्था राज्यमन्त्री महेन्द्र रायले श्री ५ को सरकारले कमैयाहरूको उत्थानको लागि आर्थिक वर्ष ०५२।५३ मा कमैयाहरूलाई पाँच समूहहरू गठन गरी बंगुर पालन, सिकर्मी, सवारी चालन, तरकारी खेती भैरहेको, कमैया ऋणमोचन, आवास र वृत्ति विकासका साथै सहुलियत दरमा ऋण र अनुदान दिने कार्यक्रम रहेको तथा अधिराज्यभरका १५ हजार ४४ कमैयाहरूको उत्थानका लागि सरकार दृढ रहेको जानकारी गराउनु भयो।

प्रतिनिधि सभाको भाद्र १० गतेको वैठकमा विशेष समय लिएर नेकपा (एमाले) का अध्यक्ष तथा विपक्षी दलका नेता मनमोहन अधिकारीले संयुक्त सरकारको गठन पछि मुलुकमा शान्ति सुरक्षाको स्थिति कमजोर भएको, मूल्य वृद्धि अकासिएको, गरीवी बढेको, शिक्षा क्षेत्रमा अराजकता व्याप्त भएको, निर्माण सामग्री तथा कपडा उद्योग बन्द हुने स्थितिमा पुगेकोले व्यवस्थाप्रति नै अनास्था फैलेकोमा चिन्ता व्यक्त गर्नु भयो। सोही दिन नेकपा (एमाले) का सांसद विरोध खतिवडाको प्रश्नको जवाफमा गृहमन्त्री खुमबहादुर खड्काले श्री ५ को सरकारले "जनयुद्ध" संचालन गरिरहेका नेपाल कम्युनिष्ट पार्टी (माओवादी) हरूलाई आफ्नो कार्यक्रम फिर्ता लिई वार्तामा आउन पुनः आग्रह गरेको, माओवादी समूहले वार्तामा आउन चाहेमा वार्ताकारहरूलाई सुरक्षा दिन सरकार तयार रहेको, एकातिर वार्ताका लागि सरकारले अनुरोध गर्ने र अर्को तर्फ सर्वसाधारण निर्दोष जनता मारिने क्रम चलेको छ, एक हातले ताली बज्दैन नागरिकको सुरक्षा दिने दायित्व सरकारको हो र उग्रवादी क्रियाकलाप गर्नेमाथि कडा कारवाही गर्नु पर्छ र कार्वाही हुन्छ, साथै हिरासतमा राखिनु भएका रोल्पा जिल्ला विकास समितिका सभापति झक्कुप्रसाद सुवेदीले लिखित रूपमा यस्तो क्रियाकलापमा नलाग्ने भनेमा यसतर्फ विचार गर्न सकिने छ, जनयुद्धकालमा मारिएकाहरूको परिवारलाई क्षतिपूर्ति दिइएको छ भनी जानकारी गराउनु भयो।

भाद्र ९ गतेको वैठकमा नेकपा (एमाले) का खगराज अधिकारीले श्रावण २९ गते बेगनास तालमा काठमाडौंबाट गएका दुई युवतिको मृत्यु बारे जानकारी माग्नु भयो। गोविन्दराज अधिकारीले साउन २७ गते रोल्पामा चारजना निहत्था जनताको हत्या हुनुका साथै वागलुङ्गको पश्चिमी क्षेत्रका जनता आफूलाई असुरक्षित अनुभव गर्न थालेका छन् त्यसैले रोल्पा, रूकुम र वागलुङ्ग जिल्लामा प्रहरी आतंक बन्द गर्न सरकारले गम्भीरतापूर्वक ध्यान दिनु पर्ने माग गर्नु भयो। गंगालाल तुलाधरले भदौ ७ गते जोरपाटीमा प्ररायुसंघका शिवराम रिमालमाथि सांघातिक हमला गर्नेहरूमाथि कडा कारवाही गर्न माग गर्दै जिल्लाहरूमा सत्तापक्षीय कार्यकर्ताहरूबाट प्रतिपक्षी दलका कार्यकर्ताहरूमाथि प्रतिशोधपूर्ण भावनाले दमन गर्ने कार्य गरिरहेको छ भन्नुभयो। हिमाञ्चल भट्टराईले धीरज के.सी. लाई साङ्लोले बाँधेर राख्दा पनि वेवास्ता गरिएकोप्रति ध्यानाकर्षण गराउनु भयो।

भाद्र ११ गतेको प्रतिनिधि सभाको वैठकमा गृहमन्त्रालय सम्बन्धी विनियोजन विधेयकमा उठेका प्रश्नको जवाफ दिने क्रममा गृहमन्त्री खुमबहादुर खड्काले संयुक्त सरकारले मानवअधिकारलाई राज्यको प्रमुख सिद्धान्तको रूपमा अंगीकार गरी तदनुसार मानवअधिकारलाई कानूनी र संस्थागत दुवै रूपमा संरक्षण र सम्बर्द्धन गर्न कटिबद्धता प्रकट गरेको छ र यसको प्रयोग र पालना हुनु पर्ने कुरामा श्री ५ को सरकार सजग रहेको छ भन्नुभयो। साथै उहाँले देशको मूल कानूनमा देखिएको मानवअधिकारप्रतिको राज्यको प्रतिबद्धता अनुरूप मानवअधिकारलाई सम्बर्द्धन गर्न कानून निर्माण गर्ने कार्य

भइरहेको तथा विभिन्न बहुआयामिक समस्याहरूको बावजूद सरकारको मानवअधिकारको संरक्षण र सम्वर्द्धन प्रति कटिबद्धता रहेको, भूटानी शरणार्थी समस्या सुल्झाउन सरकार सम्वेदनशील भएको, देहव्यापार, तस्करी र वेश्यावृत्ति जस्ता असामाजिक क्रियाकलापलाई नियन्त्रण गर्न प्रयासरत रहेको, कारागारहरूको भवन सुधार सम्बन्धमा अध्ययन भई प्रतिवेदन प्राप्त भएको, स्थानीय प्रशासनलाई बढी पारदर्शी र जिम्मेवार बनाउन प्रयत्न गरिएको तथा देशमा शान्ति सुरक्षा कायम गर्ने तथा सर्वसाधारण जनतामा सुरक्षाको अनुभूति गराउने कार्यमा श्री ५ को सरकारले उच्च प्राथमिकता प्रदान गरेको कुरा बताउनु भयो।

प्रतिनिधि सभाको १४ गतेको शुन्य समयमा नेपाली कांग्रेसका सुरेन्द्र हमालले माओवादीहरूबाट रोल्पामा नेपाली कांग्रेसका १९ जना कार्यकर्ता र समर्थकको हत्या भइसकेको र हुमा गाविसमा गाविस अध्यक्षको भेडी गोठ लुटिएको जानकारी गराउँदै माओवादीको नाममा भएका घटनामा संलग्न अराजनैतिक गिरोहका नाइकेहरूलाई कठोरताका साथ कारवाही गर्न माग गर्नु भयो।

राष्ट्रिय सभाको भाद्र १८ गतेको प्रश्नोत्तर कालमा नेपाली कांग्रेसका भीमबहादुर श्रेष्ठले सोध्नु भएको प्रश्नको उत्तरमा परराष्ट्रमन्त्री डा. प्रकाशचन्द्र लोहनीले भुटानी शरणार्थीहरू ससम्मान स्वदेश फर्कन पाउनु यो समस्याको एकमात्र समाधान हो, भुटानसंग पहिलो पल्ट परराष्ट्रमन्त्री स्तरीय दुई पक्षीय वार्ता भएको र यस विषयमा भुटानी मन्त्री मण्डलको प्रतिक्रियाको प्रतिक्षा गरिरहेका छौं, भुटानी समस्या अब अन्तर्राष्ट्रिय चासोको पनि विषय भएकोले यसको चाँडोभन्दा चाँडो समाधानका लागि सरकार प्रयत्नशील रहेको छ भनी जानकारी गराउनु भयो।

प्रतिनिधि सभाको बैठकमा नेकपा (एमाले) का मोदनाथ प्रश्रितले नराईका विभिन्न स्थानमा विदेशी घूस पैठबाट अवैध हतियारको ओसार पसार भैरहेको सम्बन्धमा विदेशी संचार माध्यमबाट प्रसारण भइरहेकोले सोको वास्तविकता र लिटिलएन्जल स्कूलका विद्यार्थीहरूको परीक्षाका प्रश्न गलत छापिएकाले पाठ्यक्रमभन्दा बाहिरको प्रश्नहरू सोधिएको कारण रद्द गरिएकोले सो सम्बन्धमा जाँचबुझ गर्न ध्यानाकर्षण गर्नु भयो।

प्रतिनिधि सभाको भाद्र २१ गतेको बैठकमा नेमकिपाका सांसद भक्तबहादुर रोकायाले कर्मचारीहरूको सरूवा, बढुवा सम्बन्धमा एकरूपना ल्याई विकेन्द्रीकरणको सिद्धान्त बमोजिम अधिकार प्रत्यायोजन गरियोस् भनी ध्यानाकर्षण प्रस्ताव प्रस्तुत गर्नु भयो।

भाद्र २३ गतेको प्रतिनिधि सभाको प्रश्नोत्तर कालमा सांसदहरूको प्रश्नको उत्तरमा प्रधानमन्त्री शेरबहादुर देउवाले आफ्नो श्रम र सीप प्रयोग गरी स्वरोजगार मूलक व्यवसाय संचालन गर्न चाहानेहरूलाई परियोजना धितो रहन सक्ने गरी बैंकहरूबाट ऋण सहयोग उपलब्ध गराउने बारे सम्बन्धित निकायबाट आवश्यक प्राविधिक सहयोगका साथै बजार सम्बन्धी सहयोग पुऱ्याउने कार्यक्रम रहेको, ग्रामीण विकास बैंकले पनि बेरोजगारहरूलाई व्यवसाय संचालन गर्न सहुलियत उपलब्ध गराउने जानकारी दिनु भयो।

सोही दिन प्रतिनिधि सभा र राष्ट्रिय सभाको बैठकमा सांसदहरूले त्रि.वि.वि. छात्रावासमा विद्यार्थीहरू बीच भएको मारपिट तथा सत्तापक्ष र प्रतिपक्षी सांसदहरूले यस विषयमा एक अर्कालाई आरोप प्रत्यारोप गरेका थिए। त्रि.वि.को घटना सम्बन्धमा नेकाद्वारा अनेरास्ववियु र एमालेद्वारा नेविसंघमाथि हातपात गरेको आरोप लगाउनु भयो।

प्रतिनिधि सभाको बैठकमा भाद्र २४ गते परराष्ट्रमन्त्री डा. प्रकाशचन्द्र लोहनीले केही महिना अघि भारतको कास्मिरमा मारिएका नेपाली नागरिकहरूका परिवारले क्षतिपूर्ति रकम प्राप्त गर्ने भएको, एक लाख साठी हजार रूपैया मृतकका परिवार नजिकका हकदारलाई क्षतिपूर्ति स्वरूप भारत सरकारको पत्र प्राप्त भएको जानकारी सांसदहरूको जिज्ञासा उत्तर दिने सिलसिलामा दिनुभयो। उद्योग सहायकमन्त्री गोपालजी जंग शाहले प्रस्तुत गर्नु भएको विश्व बौद्धिक सम्पत्ति संगठन स्थापना सम्बन्धी सन् १९६७ जुलाई १४ तारिखमा स्टकहोममा हस्ताक्षरित महासन्धिलाई संशोधन सहित अनुमोदन गऱ्यो। भदौ २५ गतेको बैठकले गम्भीर खडेरी या मरूभूमीकरणका अनुभव गरिरहेको मुलुकहरू खासगरी अफ्रिकी मरूभूमीकरण विरूद्ध संघर्ष गर्न व्यवस्था भएको संयुक्त राष्ट्र संघीय महासन्धिलाई अनुमोदन गऱ्यो।

दशौं अधिवेशनमा सवार्धिक चर्चाको विषयको रूपमा रहेको महाकाली नदी एकीकृत विकास सम्बन्धी सन्धि अनुमोदन गर्ने संसदको संयुक्त बैठक भाद्र २६गतेदेखि प्रारम्भ भयो। बैठकमा सो सन्धि अनुमोदनका लागि जलस्रोत मन्त्री पशुपति शम्शेर राणाले प्रस्तुत गर्नु हुँदै यसलाई "जलशक्तिको भण्डारको साँचो" र मुलुकको विकासका आधारको रूपमा रहेको विवरण दिनु भयो। संयुक्त सदन भाद्र २७, २९, ३१ र असोज ४ गते बसी छलफल भएपछि सो सन्धिलाई २२० मतले अनुमोदन भयो। सन्धिको विपक्षमा ८ मत पऱ्यो भने अन्य ३१ जना सांसदले मतदानमा भाग लिएनन्। संयुक्त बैठक शुरू भई अनुमोदनको प्रक्रिया शुरू भएपछि पनि नेकपा (एमाले) बीच रहेको मतभेदका कारणले बैठक बारम्बार स्थगित गर्नु परेको थियो। यो सन्धि बारेमा सदनमा अनुमोदनबाट देशको समग्र विकासको लागि बाटो खुल्ने भएकोले जस्ताको तस्तै अनुमोदन गराउनु पर्ने, संशोधन र आरक्षण सहित अनुमोदनमा जानु पर्ने तथा राष्ट्रघाती सन्धि भएकोले अनुमोदन गर्न नहुने विचारहरू आएका थिए। नेपाली कांग्रेस, राप्रपा र सद्भावना यसका पूर्ण पक्षमा, नेमकिपा र मसाल पूर्ण विपक्षमा तथा नेकपा (एमाले) मा विभाजित मत रहेको थियो।

राष्ट्रिय सभाको भाद्र ३० गतेको बैठकमा प्रश्नोत्तरको क्रममा महिला तथा समाज कल्याण मन्त्री लीला कोइरालाले सांसदहरूले सोधेको प्रश्नको उत्तरमा भारत लगायत अन्य मुलुकका वेश्यालयहरूमा रहेका नेपाली चेलीहरूलाई स्वदेश

फकाई उनीहरूलाई सम्मानयुक्त जीवन बिताउन दिने सम्बन्धमा श्री ५ को सरकारले सम्बन्धित मन्त्रालयहरूसंग समन्वय गरी आवश्यक कार्यक्रम ल्याउनका लागि तदारूकता साथ कारवाही गरिरहेको, असहाय, गरीब, अन्धा, अपाङ्ग, मगन्ते तथा पिछडिएका जनजातिका वालवालिकाहरूको संरक्षण र विकासका लागि श्री ५ को सरकारले वाल कल्याण समिति अन्तरगत छात्रवृत्ति, पुस्तक र शैक्षिक सामाग्रीहरू अतिरिक्त आर्थिक सहायता उपलब्ध गराउने कार्यक्रम संचालन रहेको जानकारी गराउनु भयो।

प्रतिनिधि सभाको भदौ ३० गतेको वैठकमा यातना सम्बन्धी क्षतिपूर्ति विधेयक ०५३ सम्बन्धी राष्ट्रिय सभाको सुझाव सहितको सन्देशमाथि विचार गरियोस् भन्ने प्रस्ताव स्वीकृत भयो। प्रस्तावमाथिको छलफलमा भाग लिदै नेकपा (एमाले) र नेमकिपाका सांसदहरूले यो विधेयक उपलब्धीपूर्ण भएको र मानवअधिकारको प्राप्तिमा यसले एक पाईला अघि सारेकोले विधेयक पारित भई निस्पक्ष ढंगबाट कार्यान्वयन हुन थालेपछि यातना दिने काममा कमी आउने विचार व्यक्त गर्नु भयो। गृह सहायकमन्त्री दीपकप्रकाश बास्कोटाले जवाफी वक्तव्यमा नेपालको प्रजातान्त्रिक इतिहास र मानवअधिकारको क्षेत्रमा यो विधेयकलाई एउटा ठूलो उपलब्धीको रूपमा लिइनु पर्छ र विधेयकले प्रदान गरेको अधिकारको कार्यान्वियनका निमित्त यातना पाउने व्यक्ति लगायत सबै सम्बद्ध पक्ष पनि सजग र सक्षम हुनु पर्ने विचार व्यक्त गर्नु भयो।

प्रतिनिधि सभामा विशेष समयमा नेकपा (एमाले) का देवीप्रसाद ओझा र लीला श्रेष्ठ (सुब्बा) ले देशमा शान्ति सुरक्षाको स्थिति खलबलिएको तर सरकारले त्यसतर्फ वास्ता नगरेको, भाद्र २७ गते त्रिभुवन विश्वविद्यालयका शिक्षाध्यक्ष माधव शर्मालाई परीक्षा नियन्त्रण कार्यालयमा थुक्ने, गाली गर्ने, कुटपिट गर्ने काम भएको र त्यसबेला प्रहरीहरू मौन भएकोप्रति ध्यानाकर्षण गर्नु भयो।

राष्ट्रिय सभामा नेपाली कांग्रेसका महेन्द्रकुमार मिश्रले महोत्तरी जिल्लामा प्रमुख जिल्ला अधिकारीले राजनीतिक प्रतिशोधबाट केही व्यक्तिहरूलाई धरपकड गरी आतंक मचाएको छ, सो कार्य तुरून्त रोकियोस् भनी माग गर्नु भयो। डिल्लीप्रसाद सिटौलाले महिलाको सम्पत्तिमाथिको हक सम्बन्धी विधेयक चाडै ल्याउन माग गर्नु भयो। जीवन प्रेम श्रेष्ठले महङ्गी अनुरूप तलव नबडेकोप्रति ध्यानाकर्षण गराउनु भयो।

राष्ट्रिय सभाको आश्वीन ३ गतेको वैठकमा सांसद मनबहादुर विश्वकर्माले विद्यमान छुवाछूतको भेदभाव अन्त गर्न सामाजिक चेतना विकास गर्न माग गर्नु भयो। प्रतिनिधि सभाको वैठकमा भानुभक्त जैसीले भारतमा गई काम गर्ने नेपालीहरू जेल परेका छन् भनी सदनको ध्यानाकर्षण गराउनु भयो।

असोज ६ गतेको राष्ट्रिय सभाको वैठकमा नेकपा (एमाले) का सुवासचन्द नेम्वाङ्ग र सांसद मानबहादुर विश्वकर्माले सोध्नु भएको प्रश्नको उत्रमा महिला तथा समाज कल्याण सहायकमन्त्री दुर्योधन चौधरीले वालवालिका सम्बन्धी मुद्दा हेर्न प्रत्येक जिल्लामा एक-एक वटा इजलास रहने र उक्त इजलास गठन विधि श्री ५ को सरकारले सर्वोच्च अदालतको परामर्श लिई तोक्ने व्यवस्था विद्यमान वालवालिका सम्बन्धी नियमावलीमा रहेको, इजलास तोक्दा जिल्ला न्यायाधीशको मातहतमा वाल विशेषज्ञ वा वाल मनोविज्ञका साथै समाजसेवीहरू पनि समावेश गर्न सकिने ऐनले व्यवस्था गरेको, वाल अदालत स्थापना गर्न कानून बनिसकेको र उक्त ऐनले वालवादी वा प्रतिवादी भएको मुद्दाको शुरू कारवाही वा किनारा गर्ने अधिकार सो अदालतलाई रहेको जानकारी गराउनु भयो। साथै श्री चौधरीले दलित समुदायको समस्या समाधानार्थ सरकार गम्भीर रहेको तर यस सम्बन्धी आयोग गठन गरी एकीकृत कार्यक्रम संचालन गर्ने योजना हाल नरहेको पनि स्पष्ट पार्नु भयो।

प्रतिनिधि सभाको असोज ७ गतेको वैठकमा सांसदहरूले प्रतिपक्षीहरूलाई झुठा मुद्दामा फसाउन खोजेको तथा मानवअधिकार उल्लंघन भएको सम्बन्धमा सोधेको प्रश्नको जवाफ दिँदै गृह सहायकमन्त्री दीपकप्रकाश बास्कोटाले कुनै पनि नागरिक वा राजनैतिक दलका कार्यकर्ताहरूलाई पूर्वाग्रह राखेर झुठो मुद्दामा फसाउने काम नगरिएको र सरकारले मानवअधिकार उल्लंघन नगरी प्रतिरक्षा गर्ने कार्य गरेको जानकारी सदनलाई दिनु भयो। वैठकमा विशेष समय लिएर नेकपा (एमाले) का गुरूप्रसाद बरालले विराटनगर जुट मिल्स संचालन हुन नसक्दा २१ सय मजदूर दशैंको मुखमा अलपत्र परेकाले श्री ५ को सरकारले व्यवस्थापनलाई दिने भनेको ऋण तुरून्त दिई मिल्स सुचारू रूपले संचालन गर्ने व्यवस्था मिलाउन तथा कटन मिल्सका १५ मजदूर खान नपाई मर्न लागेकोले यसप्रकारको लापर्वाही अन्त गर्न माग गर्नु भयो। नेपाल मजदूर किसान पार्टीका आशाकाजी वासुकलाले असोज ६ गतेको नेपाल बन्दको क्रममा शान्तिपूर्ण जुलुस प्रदर्शन तथा पर्चा छर्ने काम गर्दा पनि आफ्ना पार्टीका कार्यकर्तालाई विनाकारण धरपकड गरिएको, माइती घरमा घेराउ हालेर लाठी प्रहार गरिएको, आफू तथा सांसद नवराज सुवेदीलाई पक्राउ गरिएको भनी सदनको ध्यानाकर्षण गराउनु भयो। शुन्य समयमा सांसदहरूले महाकाली सन्धिका विरोधमा उत्रेका जनता तथा जनप्रतिनिधिमाथि प्रहरीले अन्धाधुन्दा लाठी चलाएको, घाइते तुल्याएका, पैसा र सामान लुटेको आरोप लगाउनु भयो। साथै वैठकमा सन्धि अनुमोदन पछि प्रमुख प्रतिपक्षी दलका नेताहरूमाथि आक्रमण हुन थालेको र आतंकित वातावरण सिर्जना हुन थालेकोमा दुःख प्रकट गरियो।

प्रतिनिधि सभाको असोज ८ गतेको शुन्य समयमा नेकपा (एमाले) का सांसद लीला श्रेष्ठ (सुब्बा) ले वैदेशिक रोजगारीको नाममा विदेश पठाउने स्थानीय वैदेशिक रोजगारदाता संस्थाहरूले थुप्रै नेपालीहरूलाई ठग्ने गरिएको छ, लुम्बिनी म्यान पावर कम्पनीले दक्षिण कोरियामा ५०० अमेरिकी डलर प्रतिमहिना भुक्तानी पाउने शर्तमा नेपाली श्रमिकहरूलाई त्यहाँ पठाएकोमा सो अनुसारको रकम नपाई उनीहरूले दुःख भोग्नु परेकोले सरकारले यस बारेमा ध्यान दिन माग गर्नु

भयो। सोही दलका हर्कमान तामाङ्गले श्री ५ को सरकारले जेलमा रहेका बन्दीहरूलाई तोकिएको कैदमा ४० प्रतिशत मिनाहा गरी कैद मुक्त गर्न सक्ने प्रावधान रहेकोमा सो कैद मिनाहाका लागि सिफारिश गर्न जेलरहरूले प्रतिव्यक्ति रू. ५००।- देखि रू. ५०००।- सम्म रकम असुल गर्ने गरेको र तिनीहरूले पाउने सिधा, लुगा, फाटा आदिमा समेत घोटाला भइरहेकोले सोको अन्त गर्न सरकारले कडा कदम अपनाउन माग गर्नु भयो।

प्रतिनिधि सभाको ९ गतेको बैठकको शुन्य समयमा नेपाली कांग्रेसका कमला पन्तले मुकुण्डोधारी माओवादीहरूले गोरखा जिल्लामा बलराम पोखरेललाई मरणासन्न हुने गरी घाइते पार्नुका साथै नेपाली कांग्रेसका ८ जना अध्यक्षलाई मार्ने धम्की दिएका छन्, सरकारले जननाको जीउधनको सुरक्षाका लागि उचित कदम चालोस् भन्नुभयो। नेकपा (एमाले) का काशीराम अधिकारीले भरतपुरको कृष्ण जोशीको हत्या काण्डको प्रतिवेदन यथाशीघ्र प्रकाशित गरियोस् भन्नुभयो। नेकपा (एमाले) का गोविन्दराज अधिकारीले साझा यातायातले भदौ ११ गते पहिलो पटक धवलागिरी अंचलको सदरमुकाम बागलुङ्गतर्फ बस चलाउँन प्रारम्भ गऱ्यो तर त्यसै दिन पोखराको सिमपानीमा त्यो बसका यात्रुमाथि कुटपिट गरियो र साझाका चारवटा बस पनि पोखरा बस बिसौनीमा गुण्डाहरूबाट क्षतिग्रस्त बनाइयो, त्यस्ता विध्वंशात्मक कार्य गर्नेहरूलाई पक्राउ गरी अविलम्ब कारवाही चलाइयोस् भनी माग गर्नु भयो। जागृनप्रसाद भेटवालले रोल्पामा १२/१३ वर्षका बालबालिकामाथि मुद्दा चलाउने र यातना दिने कार्य भएकोप्रति ध्यानाकर्षण गराउनु भयो। देवशंकर पौडेलले सिन्धुलीमा एमाले लगायत विपक्षी दलका कार्यकर्तालाई दुःख दिन थालिएको छ भन्नुभयो।

राष्ट्रिय सभाको असोज ११ गतेको बैठकमा नेपाली कांग्रेसका महेन्द्रकुमार मिश्र र नेकपा (एमाले) का शान्ता मानवीले सोध्नु भएको प्रश्नको उत्तरमा प्रधानमन्त्री शेरबहादुर देउवाले शाही नेपाली सेनामा सैनिक नियमावली एवं निजामति सेवा नियमावलीद्वारा विना भेदभाव स्वस्थ प्रतिस्पर्धाको आधारमा सैनिक तथा कर्मचारीहरू नियुक्ति गर्ने गरिएको तथा दुवै नियमावलीले महिला भर्ना गर्न कुनै अवरोध नगरेको जानकारी गराउनु भयो। त्यस्तै सांसदहरूले उठाएको प्रश्नको उत्तरमा कृषि राज्यमन्त्री प्रेमबहादुर भण्डारीले दुग्ध विकास संस्थानको दलितहरूबाट दूध संकलन गर्ने नीति नरहेको र त्यस प्रकार कुनै समूह वा व्यक्तिले दलितहरूबाट दुध संकलन नगरेको सूचना प्राप्त भएमा त्यस्तालाई कारवाही गरिने जानकारी दिनु भयो।

प्रतिनिधि सभामा नेकपा (एमाले) का विद्या भण्डारीले काठमाडौं गौशालाबाट उठिवास भएका ६० कुष्ठ रोगीहरूको बसोबासको व्यवस्थाको माग गर्नु भयो। यसको साथै अधिराज्यभर फैलेको इन्सेफलाइटिस, मेनेनजाइटिस तथा काला ज्वरको बारेमा चिन्ता व्यक्त गर्नु भयो।

राष्ट्रिय सभाको १३ आश्विनको बैठकमा नेकपा (एमाले) का शान्ता मानवीले राख्नु भएको प्रश्नको जवाफमा सामान्य प्रशासनमन्त्री विमलेन्द्र निधिले महिला कर्मचारी कोटा निर्धारण गर्ने सम्बन्धमा श्री ५ को सरकार प्रयत्नशील रहने र वर्तमान अवस्थामा महिला र पुरूषलाई समान प्रतिस्पर्धा, दक्षता र योग्यताको आधारमा सेवा प्रवेश पाइरहेको कुराको जानकारी दिनु भयो।

प्रतिनिधि सभाको असोज १३ गतेको बैठकमा विशेष समय लिएर नेकपा (एमाले) का रामकुमार ज्ञवालीले कंचनपुरका भारतीय व्यापारी भाटियाद्वारा भइरहेको अवैध धन्दा र तस्करी विरूद्ध स्थानीय जनता र विद्यार्थीहरूले जुलुस प्रदर्शन गर्दा प्रहरी र प्रशासनको दमनकार्यले बेलौरी बजार तनावग्रस्त भएको, जुलुस प्रदर्शनमा प्रहरीले हस्तक्षेप गरी २६ जना व्यक्तिलाई कुटपिट गर्दै खोरमा लगेको, थुप्रै प्रहरी तैनाथ गरी मानिसलाई थुन्ने, कुट्ने र महिलामाथि अभद्रव्यवहार गरिएको, प्रहरी ज्यादतीले भागाभागको स्थिति रहेको र तस्करलाई कारवाही गर्नुको सट्टा प्रजिअले उल्टै संरक्षण दिइरहेकोले तत्काल प्रहरी दमन बन्द गरी तस्करलाई कारवाही गरियोस् भनी सदनको ध्यानाकर्षण गराउनु भयो।

नेपाल मजदूर किसान पार्टीका आशाकाजी बासुकलाले धानबारी तथा तरकारीमा किरा लाग्नाले कृषि उत्पादनमा ह्रास आई जनताको जीवन कष्टकर हुने विषयको जरूरी महत्वको प्रस्ताव राख्दै धानबाली र तरकारीमा लाग्ने किराहरू मार्न प्रयोग गरिने कीटनाशक औषधिहरू नक्कली आउने गरेको, विदेशबाट आउने यस्ता औषधिको परीक्षण नगरिएकोप्रति सदनको ध्यानाकर्षण गराउनु भयो। नेपाली कांग्रेसका देवेन्द्र राज कडेलले नवलपरासीमा असोज १० गते नेपाल सद्भावना पार्टीका कार्यकर्ताहरूद्वारा भएको धर्ना कार्यक्रममा लाठी चार्ज गरी घाइते तुल्याएको तर्फ ध्यानाकर्षण गर्दै यसमा वास्तविक अपराधीलाई कारवाही गरी निरपराधीलाई बदलाको भावना राखी कारवाही नगर्न माग गर्नुभयो। नेकपा (एमाले) का देवशंकर पौडेलले रामेछापका महिला विकास शाखामा कार्यरत गोमा खतिवडा र मेनुका भट्टराई हराएको बारे जानकारी माग गर्नु भयो।

राष्ट्रिय सभाको सोही दिनको बैठकमा नेकपा (एमाले) का गोल्छे सार्कीले खोटाङ्ग बतासेका समाजसेवी अकाश राईमाथि आक्रमण गर्नेहरूमाथि कारवाही गरियोस र सल्यानमा माओवादीको नाममा भएको दमन बन्द गरियो भनी माग गर्नु भयो। नेपाली कांग्रेसका महेन्द्रकुमार मिश्रले महोत्तरी कारागारमा कैदीहरूका लागि औषधि उपचार गर्न छुट्याएको रकममा प्रजिअबाट भएको अनियमितता भएको प्रसंगका साथै शहीद परिवार र राजनैतिक पीडितलाई सहयोग उपलब्ध गराउन माग गर्नु भयो।

प्रतिनिधि सभाको असोज १४ गतेको बैठकमा भूमि सम्बन्धी (चौथो संशोधन) विधेयक ०५३ पारित भयो। विधेयक पारित हुनु अघि सांसदहरूले छलफलमा भाग लिई उठाउनु भएका प्रश्नको जवाफ दिंदा भूमि सुधार तथा व्यवस्थामन्त्री बुद्धिमान [illegible] भएको [illegible] अन्त्य

गर्ने र मोही सम्बन्धी समस्याको समाधान गर्ने उद्देश्यले यो विधेयक ल्याइएको, देशमा उपलब्ध स्रोत र साधनलाई सीमित व्यक्तिहरूमा सीमित हुन नदिई सामाजिक न्यायका आधारमा न्यायोचित विवरण गर्ने नेपाल अधिराज्यको संविधान ०४७ को मार्ग निर्देशन अनुसार यो विधेयक आएको हो भन्नुभयो।

राष्ट्रिय सभाको असोज १३ गतेको बैठकमा नेकपा (एमाले) का सुवासचन्द नेम्वाङ्गद्वारा प्रस्तुत कानूनी सहायता सम्बन्धी विधेयक ०५३ माथि विचार गरियोस् भन्ने प्रस्ताव स्वीकृत भयो। विधेयक प्रस्तुत गर्ने क्रममा श्री नेम्वाङ्गले बहुदलीय प्रजातन्त्रको पुनः स्थापना पश्चात मुलुकमा स्थापित कानूनी राज्यको अवधारणा व्यवहारमा लागु गर्न र मानवअधिकार प्रतिको प्रतिबद्धता पूरा गर्न र मुद्दा लड्न असमर्थ व्यक्तिलाई निशुल्क कानूनी सेवा प्रदान गर्ने उद्देश्यले यो विधेयक प्रस्तुत गरिएको हो भनी त्यसको औचित्यतामाथि प्रकाश पार्नु भयो।

प्रतिनिधि सभाको असोज १५ गतेको बैठकमा उपभोक्ता हित संरक्षण विधेयक ०५३ माथि विचार गरियोस् भन्ने प्रस्ताव स्वीकृत भयो।

प्रतिनिधि सभामा नेकपा (एमाले) का स्वगराज अधिकारीले मुलुकभित्र खानेपानीका मुहान, इनार तथा पुराना धारा समेत सुक्दै गएकाले सार्वजनिक प्राकृतिक स्रोत, साधन र प्राकृतिक न्याय दिन यसको संरक्षण र संबर्द्धन सम्बन्धी छुट्टै ऐन कानून बन्नु पर्ने, यसको अभावमा यस क्षेत्रको समुचित व्यवस्था गर्न संघ संस्था र सरकारलाई पनि कठिनाई भइरहेकोले खानेपानीलाई सिंचाई र खानेपानी सम्बन्धी एकीकृत ढंगले भूगोल र वातावरणविद् समेतको राय लिई विधेयक ल्याउनु पर्ने भन्ने विषयमा ध्यानाकर्षण प्रस्ताव प्रस्तुत गर्नु भयो। ध्यानाकर्षणको जवाफमा आवास तथा भौतिक योजना मन्त्री बालाराम घर्ती मगरले खानेपानी सम्बन्धी व्यवस्था गर्दा त्यसलाई समुचित विकास, संरक्षण र सम्बर्द्धन गर्न तथा मुलुकमा नयाँ कदम चाल्न नयाँ कानूनको मसौदा तयार गरी आगामी अधिवेशनमा विधेयक ल्याउने जानकारी दिनु भयो।

राष्ट्रिय सभाको असोज १७ गतेको बैठकमा सांसदहरूले उठाएको प्रश्नको जवाफ दिने क्रममा गृह सहायकमन्त्री दीपकप्रकाश बास्कोटाले माओवादीहरूबाट संचालित जनयुद्धको कारणबाट त्रिचालिस व्यक्तिको मृत्यु भएकोमा एघार जना माओवादीका तर्फबाट र बत्तीस जना माओवादीहरू मारिएको, माओवादीहरूको आक्रमणबाट अन्ठानब्बे जना घाइते भएका, ३९ घरमा आगो लगाएको, ३० घर लुटेको, १३ ठाउँमा तोडफोड गरेको, १३ ठाउँमा विस्फोटन गरेको, ४३ ठाउँमा कुटपिट गरेको विवरण दिनुका साथै माओवादीहरूबाट आक्रमण हुने जिल्लाहरूमा प्रहरी चौकी र सुरक्षाकर्मी थप गरिएको जानकारी गराउनु भयो। साथै प्रतिनिधि सभाको बैठकमा सहायक मन्त्री बास्कोटाले नागरिकता सम्बन्धी प्रतिवेदन सार्वजनिक गर्ने निर्णय गरिएको जानकारी गराउनु भयो।

प्रतिनिधि सभाको असोज १८ गतेको बैठकले अन्तर्राष्ट्रिय श्रम संगठनले पारित महासन्धि नं. ९८ संगठित हुने र सामूहिक सौदावाजी गर्ने अधिकार सम्बन्धी सिद्धान्तको कार्यान्वयन विषयक महासन्धि अनुमोदन गऱ्यो। महासन्धि सम्बन्धी प्रस्ताव माथिको छलफलमा नेकपा (एमाले) का विनोदकुमार शाह र पुरूषोत्तम पौडेलले भाग लिनु हुँदा उठाउनु भएको प्रश्नको जवाफ दिने क्रममा श्रममन्त्री बलबहादुर राईले मौजुदा कानून अनुसार सामूहिक रूपमा सौदावाजी गर्ने कार्य प्रारम्भ भइसकेको र यस महासन्धिले प्रदान गरेका कानूनका साथै ट्रेड यूनियन अधिकार सुरक्षित भएको कुरा स्पष्ट पार्नु भयो।

यसको साथै सोही बैठकले अन्तर्राष्ट्रिय श्रम संगठनद्वारा पारित महासन्धि नं. १३८ रोजगारीमा संलग्न हुन पाउने न्यूनतम उमेर सम्बन्धी महासन्धि अनुमोदन गऱ्यो। अनुमोदन सम्बन्धी प्रस्तावमाथिको छलफलमा नेकपा (एमाले) का विनोदकुमार शाह, हिमांचलराज भट्टराई र देवशंकर पौडेलले उठाउनु भएको प्रश्नको जवाफ दिने क्रममा श्रममन्त्री बलबहादुर राईले बाल श्रम निराकरणका लागि सरकार कटिबद्ध रहेको र यसका लागि ६ लाख रूपैया छुट्याएको छ, कानून पास गरेर मात्र बाल श्रमिक राख्ने प्रवृत्ति हट्न नसक्ने भएकोले यसको नियन्त्रणका लागि सबै राजनैतिक पार्टी, श्रम संगठन र समाजका हरेक पक्षको उत्तिकै सहयोगको खाँचो रहेको छ भनी यसका लागि आह्वान गर्नु भयो। सोही बैठकमा विशेष समय लिएर नेकपा (एमाले) काशीनाथ अधिकारीले पूर्व-पश्चिम राजमार्गमा पर्ने हेटौंडादेखि नारायणघाटसम्मको क्षेत्रको सडकको दुवै छेउमा २५ मिटर क्षेत्र परेका अधिकांश परिवारलाई मुआब्जा दिई सकिएको भए पनि रत्ननगर टाँडी बजारमा ०३३ सालभन्दा पहिलेदेखि नै बसोबास गर्दै आएका व्यक्तिहरूले पनि अहिलेसम्म मुआब्जा नपाएको र दशैं पछि सरकारले जबरजस्ती घर भत्काउने कुरा सुनिएको छ, यसबाट हजारौं व्यक्ति विचलित पर्ने हुनाले उनीहरूलाई मुआब्जा नदिई घर नभत्काउन आग्रह गर्नु भयो।

प्रतिनिधि सभाको आसोज २० गतेको बैठकमा विशेष समय लिएर नेकपा (एमाले) का पुरूषोत्तम पौडेलले दश लाख कृषि मजदूरको न्यूनतम ज्यालादर सरकारले तोक्न नसकेको तर्फ सदनको ध्यानाकर्षण गराउनु भयो। सोही बैठकमा नेकपा (एमाले) का हरि बैरागी दाहालले नेपालमा जरीबुटीको व्यावसायिक विकासका लागि योजना तर्जुमा गरी कार्यान्वयन गर्न नीति ल्याउन ध्यानाकर्षणको प्रस्ताव राख्नु भयो। यसको जवाफमा वनमन्त्री शेख इद्रिसले जडिबुटीको उचित व्यवस्थापनका लागि तथा सुरक्षाका लागि एउटा कोष खडा गर्ने, प्रशोधनको लागि विदेशी राष्ट्रसंग अनुरोध गरेको जानकारी गराउनु भयो।

प्रतिनिधि सभाको २१ गतेको बैठकमा विशेष समय लिएर नेकपा (एमाले) का रामचन्द्र झाले असोज १ गते राती धनुषा निर्वाचन क्षेत्र नं. १ अन्तर्गत नेकपा (एमाले) बाट गाविसमा निर्वाचित रामनारायण मण्डललाई नियोजित रूपमा

कुटपिट गरी हत्या गरिएको, लक्कर गाविसका निर्वाचित अध्यक्षका भाइलाई कलभर्ट बनाउन लाग्दा सांघातिक हमला गरी हत्या गरिएको, हत्यारालाई प्रशासनिक संरक्षण दिइएको, विपक्षीहरूलाई दमन गर्ने र अपराधीलाई राजनीतिक संरक्षण गरिएको प्रसंग उठाउनु भयो। सोही दिन राष्ट्रिय सभामा पत्रिकाले राष्ट्रिय सभाको विशेष अधिकार हनन भएको बारेमा सांसदहरूले कुरा उठाउनु भयो। राष्ट्रिय सभाले विशेषाधिकार समिति गठन गरी सम्पादक/प्रकाशकलाई बोलाउने निर्णय गरियो।

प्रतिनिधि सभाको असोज २२ गतेको बैठकमा नेकपा (एमाले) का रामचन्द्र झा र रामलखन महतोले धनुषा जिल्लामा शान्ति सुरक्षाको स्थिति बिग्रेको तथा हत्या काण्ड भइरहेको कुरा उठाउनु भयो। वाङ्छे शेर्पाले दोलखा जिल्लाका वाडी पैरो पीडितहरूलाई सरकारले पुनः निर्माणमा चासो नदेखाएको र दोलखा निवासी रामबहादुर कार्की वानेश्वरबाट हराएर सुनकोशी परियोजनाको पोखरीमा लाश भेटिएकोले सो घटनाको छानबीनको माग गर्नु भयो।

प्रतिनिधि सभाको असोज २३ गतेको बैठकमा विशेष समय लिएर नेकपा (एमाले) का हरि बैरागी दाहालले नेपालको अधिकांश पहाडी भेगमा सडक नपुगेको अवस्थामा सबै सामान ढुवानी गरेर सेवा गर्ने र नुन तेल बोकेर सेवा गर्ने भरियाहरूको तथ्यांक बटुल्नु पर्ने, जीवन बीमाको व्यवस्था गर्नु पर्ने, ज्याला ठग्नेमाथि कारवाही गर्नु पर्ने, भरीया हिड्ने बाटामा पाटी पौवा, घोरेटो तथा गोरेटो बाटो निर्माण गरिनु पर्ने, कामको बेला घाइते भए उपचारको व्यवस्था गर्नु पर्ने तथा उनीहरूको परिवारको लागि आय आर्जनको व्यवस्था गर्नु पर्ने कुराप्रति सदनको ध्यान आकर्षण गराउनु भयो। भरतमोहन अधिकारीले विराटनगर जुट मिल्सका ४५ जना मजदूरलाई तलव नदिई दुःख दिएको, वीरगञ्जका साझा यातायातमा काम गर्ने मजदूरलाई दशैंको मुखमा तलव नदिई राखिएकोले तत्काल सुविधा उपलब्ध गराउन माग गर्नु भयो। नेपाली कांग्रेसका अमरराज कैनीले असहाय विधवाहरूलाई दिइने सहायता रकम आवश्यकताभन्दा न्यून भएकोले जिल्लाका विधवाहरूले रकम पाउन नसकेकोले जस्तो रकम यथाशीघ्र पठाउन माग गर्नु भयो। नेकपा (एमाले) का उर्वादत्त पन्तले भारतको दार्चुलाको होटलमा वास बसेका वीरबहादुर ठकुन्ना भन्ने नेपाली राजनैतिक कार्यकर्तालाई भारतीय डि.एस.पी. ले खान तलासी गरी उहाँसंग भएको महाकाली सन्धि सम्बन्धी कागजपत्र र नक्सा जबरजस्ती लगेको घटनातर्फ सदनको ध्यानाकर्षण गराउनु भयो। टंक राईले खोटाङका वाउन डागी गाविस वार्ड नं. २ का क्याप्टेन वीरबहादुर राईको घरमा भएको डकैतीबारे प्रहरीले छानवीन गर्न तत्परता नदेखाएको गुनासो गर्नु भयो।

राष्ट्रिय सभाको असोज २४ गतेको बैठकमा नेपाली कांग्रेसका सिलुप्यारी कर्माचार्यले महिलाको सम्पत्तिमाथिको अधिकार र गर्भ संरक्षण विधेयक नल्याएकोमा दुःख व्यक्त गर्नु भयो। महिला राष्ट्रिय सम्मेलनका निर्णयहरू कार्यान्वयन गर्न माग गर्नु भयो। नेकपा (एमाले) का सुभासचन्द्र नेम्वाङ्गले बेलायत, ब्रुनाई र हङ्गकङ्गमा काम गर्ने धेरै शिक्षकहरूलाई शर्त र करार विपरित फिर्ता पठाइएकोले उनीहरूको स्थिति अलपत्र भएकोप्रति सदनको ध्यान आकर्षण गराउनु भयो।

प्रतिनिधि सभाको असोज २५ गतेको बैठकमा मानवअधिकार विधेयक ०५३ पारित भयो।

असार १२ गते बुधवारदेखि प्रारम्भ भएको संसदको दशौं अधिवेशन एक सय आठ दिन चलि असोज २५ गते अन्त भयो। दशौं अधिवेशनभर प्रतिनिधि सभाको बैठक ७४ दिनमा ७८ पटक बस्यो भने राष्ट्रिय सभाको बैठक ४८ दिनमा ५५ पटक बस्यो। यस अधिवेशनमा श्री ५ बाट असार १७ गते संसदको दुवै सदनको संयुक्त बैठकलाई सम्बोधन बक्स्यो। दुवै सदनको संयुक्त बैठकमा आर्थिक वर्ष ०५३/५४ को राजस्व र व्ययको वार्षिक अनुमान (बजेट) पेश भई प्रतिनिधि सभाबाट पारित भयो। संसदको दशौं अधिवेशन नेपाल अधिराज्यको संविधानको धारा १२६ अनुसार दुवै सदनको संयुक्त बैठक बसी श्री ५ को सरकार, नेपाल र भारत सरकार बीच सम्पन्न शारदा बाँध, टनकपुर बाँध तथा पंचेश्वर परियोजना समेत महाकाली नदीको एकीकृत विकास सम्बन्धी सन्धि अनुमोदन गर्‍यो।

दशौं अधिवेशनमा विगत अधिवेशनमा विचाराधीन रहेको समेत प्रतिनिधिसभा उत्पन्न भएको ४३ वटा र राष्ट्रिय सभामा उत्पत्ती भएको दुईवटा गैर सरकारी विधेयक समेत ६ वटा विधेयक गरी ४९ वटा विधेयकहरू मध्ये गैरसरकारी दुईवटा समेत गरी ३२ वटा विधेयकहरू प्रतिनिधि सभाले पारित गरी १७ वटा विधेयकहरू विचाराधीन रह्यो। राष्ट्रिय सभाले यस अधिवेशनमा प्रतिनिधि सभाबाट उत्पत्ती भई पारित भएका ३१ वटा विधेयक पारित गर्‍यो। साथै राष्ट्रिय सभाले यस अधिवेशनमा चार वटा सरकारी तथा एउटा गैर सरकारी विधेयक उत्पत्ति भएको मध्ये तीन वटा विधेयक पारित गरेको र दुईवटा विचाराधीन रहेका छन्। यस सभामा दफावार छलफलका लागि विशेष समितिमा रहेको निमावली सेवा ऐनको प्रतिवेदन पेश भई विधेयक पारित भयो। राष्ट्रिय सभाले पारित गरी पठाएको दुईवटा गैर सरकारी विधेयक नेपाल स्वास्थ्य व्यवसायी परिषद् विधेयक ०५३ र मानवअधिकार आयोग विधेयक ०५३ प्रतिनिधि सभाले संशोधन सहित पारि गर्‍यो। यसैगरी प्रतिनिधि सभाबाट पारित भईराष्ट्रिय सभामा गएका यातना तथा क्षतिपूर्ति विधेयक ०५३ निर्वाचन तथा स्थानीय निकाय सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने विधेयक ०५३, वातावरण संरक्षण विधेयक ०५३ र भूमि सम्बन्धी (चौथो संशोधन) ०५३ गरी चारवटा अर्थ विधेयकहरू राष्ट्रिय सभाले सुझाव सहित पारित गरी प्रतिनिधि सभा सुझाव समिति फर्कायो। यी विधेयकहरूको तीनवटा विधेयकहरूको सुझावहरूमाथि प्रतिनिधि सभाले सहमति जनायो भने भूमि सम्बन्धी (चौथो संशोधन) विधेयक ०५३ को सुझावमाथि असहमति जनायो। राष्ट्रिय सभाको सुझावलाई प्रतिनिधि सभाले असहमति जनाएको पहिलो विधेयक हो। राष्ट्रिय सभामा उत्पत्ती भई पारित भएका नेपाल स्वास्थ्य सेवा विधेयक

०५३ लाई प्रतिनिधि सभाले संशोधन सहित पारित गरेकोमा राष्ट्रिय सभाले सहमति जनायो।

यस अधिवेशनमा राष्ट्रिय सभाको विभिन्न पाँच विषयहरू र प्रतिनिधि सभामा १९ वटा विषयहरूमा सम्बन्धित मन्त्रीहरूको ध्यानाकर्षण गरियो। प्रतिनिधि सभामा दुईवटा र राष्ट्रिय सभामा एउटा जरूरी सर्वजनिक महत्वका प्रस्तावमाथि छलफल भयो। प्रतिनिधि सभामा एकहजार पाँचसय ६८ वटा मौखिक प्रश्न ६३ वटा लिखित प्रश्न र एउटा अल्प सूचनाको प्रश्न सोधियो। राष्ट्रिय सभामा २९७ वटा मौखिक, २ वटा लिखित र ६ वटा अल्प सूचनाको र एउटा जरूरी सार्वजनिक महत्वको प्रश्नहरू सोधियो। प्रतिनिधि सभामा एउटा जरूरी महत्वको प्रश्नमा आधा घण्टा छलफल भयो। राष्ट्रिय सभमा प्रमेबहादुर सिंहले "हिमालय टाइम्स" मा असोज २० गते छापिएको संसदीय मर्यादाको हननमा जिम्मेवार को भन्ने सम्पदकीय, बलराम उपाध्यायले २३ गते "गोरखापत्र" मा प्रकाशित श्री आचार्यको लेख, २१ गते "सौर्य" मा प्रकाशित काटुनबाट राष्ट्रिय सभाको अपहेलना भएको प्रश्न उठाउनु भएकोले छानवीन गरी प्रतिवेदन पेश गर्न विशेषाधिकार समिति गठन गरियो। यसै अधिवेशनमा उच्च स्तरीय नागरिकता आयोग ०५१ र उच्चस्तरीय नागरिकता आयोग कार्यान्वयन समिति ०५२ का प्रतिवेदनहरू पेश गरिए।

प्रतिनिधि सभाले जोखिमपूर्ण फोहोर मैलाको सीमापारको ढुवानी तथा तिनीहरूको निस्काशनको नियन्त्रण सम्बन्धी वासेल महासन्धिलाई सम्मिलन गर्‍यो। गम्भीर खडेरी वा मरू भूमिकरण विरूद्ध संघर्ष गर्न व्यवस्था भएको संयुक्त राष्ट्र संघीय महासन्धि, विश्व बौद्धिक सम्पत्ति संगठन (डिपो) स्थापना सम्बन्धी १४ जुलाई १९६७ मा स्टोकहोममा हस्ताक्षर भएको महासन्धि संशोधन सहित, अन्तर्राष्ट्रिय श्रम संगठनबाट महासन्धि नं. ९८ संगठित हुने र सामूहिक रूपमा सौदावाजी गर्ने अधिकार सम्बन्धी सिद्धान्तको कार्यान्वयन विषयक महासन्धि तथा अन्तर्राष्ट्रिय श्रम संगठनवाट पारित महासन्धि नं. १३८ रोजगारीमा सम्लग्न हुन पाउने न्यूनतम उमेर सम्बन्धी महासन्धिलाई प्रतिनिधि सभाद्वारा अनुमोदन गरियो।

दशौं अधिवेशनमा ७८ पटक बसेको प्रतिनिधि सभाको वैठकले जम्मा तीन सय ९७ घण्टा ३४ मिनेट र ५५ पटक बसेको राष्ट्रिय सभाको वैठकले जम्मा एकसय १७ घण्टा ४० मिनेट समय लिएको थियो।

प्रतिनिधि सभाको विशेष अधिवेशन

संसदको दशौं अधिवेशन समाप्त भएको करीब २ महिनामा प्रधानमन्त्री शेरबहादुर देउवाको सरकार विरूद्ध अविश्वासको प्रस्ताव राख्न मंसीर २३ गते ०५३ मा १०२ जना सांसदहरूले नेपाल अधिराज्यको संविधान ०४७ को ५३(३) अनुसार श्री ५ मा समावेदन गरे अनुसार प्रतिनिधि सभाको विशेष अधिवेशन०५३ साल पौष १ गते संसद भवन सिंहदरबारमा प्रारम्भ भयो। प्रधानमन्त्री विरूद्ध अविश्वासको प्रस्तावका औचित्य प्रकाश पार्न प्रारम्भ भएको पुष १ गतेको वैठकमा राष्ट्रिय प्रजातन्त्र पार्टी र नेपाल सद्‌भावना पार्टीका सांसदहरू सत्तापक्ष र विपक्षीका बेन्चमा विभाजित भएर बसे। नेपालको संसदीय इतिहासमा एउटै पार्टीका सांसदहरू विभाजित भएर दुवैपट्टि बसेको पहिलो घटना भएर रहेको छ।

वैठकको प्रारम्भमा नै सांसदहरूले नियमापत्ति गर्दै सरकारबाट राजीनामा गरेका मन्त्रीहरूको राजीनामा स्वीकृत नगर्नुको मनसाय के हो भनी प्रश्न उठाए। आपूर्ति सहायकमन्त्री अनिश अन्सारीले सदन मार्फत सम्पूर्ण जनतामा मन्त्री पदबाट राजिनामा दिएको घोषणा गर्नु भयो।

वैठकमा विपक्षी दलका नेता मनमोहन अधिकारीले अधिवेशनको तात्पर्यका सम्बन्धमा विषय प्रवेश र मन्तव्य प्रकट गर्दै यो अधिवेशन हाम्रो रहर होइन जिम्मेवारी बोधका कारण उत्पन्न बाध्यता हो, अन्यौल तथा अस्थिरताको पीडाबाट मुक्ति पाउन छटपटाइरहेको नेपाली जनताको चाहाना समावेदन मार्फत अभिव्यक्त भएको तथा अधिवेशनका लागि विचारार्थ दर्ता गरेको अविश्वासको प्रस्तावले यसको गम्भीरतालाई प्रतिबिम्बित गर्दछ भन्नु भयो। श्री अधिकारीले नेपाली कांग्रेसको पहल र नेतृत्वमा बनेको संयुक्त सरकारले संवैधानिक तथा संसदीय मूल्य र मान्यतामाथि प्रहार गरेको, संविधानले व्यवहारमा कार्यान्वित हुनबाट अवरूद्ध गरेको, संसदलाई प्रभावकारी हुन नदिने प्रयास भएको, अर्थतन्त्रलाई धरासायी बनाएको, आर्थिक नीति तथा कार्यक्रमहरू सीमित व्यक्ति तथा समूहको हितमा उन्मुख गरिएको, सरकार भ्रष्टाचार, कमिशनतन्त्र र बेरोजगारको नमूना नै बन्न पुगेको, प्रशासनलाई राजनीतिकरण गरिएको, राजनैतिक हत्या, हिरासतमा यातना र झुठा मुद्दामा विपक्षीहरूलाई फसाउने लगायतका मानवअधिकार उल्लंघनका व्यापक घटनाहरू भएका, समाजमा शान्ति सुव्यवस्था कायम गर्न सरकार असफल भएको, विश्वविद्यालयको स्वतन्त्रतामाथि नाङ्गो हस्तक्षेप भएको, शैक्षिक क्षेत्रलाई अस्तव्यस्त तुल्याएको, संवैधानिक अंगमाथि हस्तक्षेप गरी निष्प्रभावी तुल्याएको, राष्ट्रियताको पक्षमा दृढ र स्पष्ट अडान लिन नसकेको, वैदेशिक सम्बन्ध हचुवा ढंगले संचालन गरिएको आदि आरोप लगाउनु भई अधिवेशनको अनिवार्यता प्रमाणित गर्ने प्रयास गर्नु भयो।

प्रतिनिधि सभाको विशेष अधिवेशनको पौष ६ गतेको वैठक विभिन्न पार्टी र संसदीय दलको आन्तरिक विवादले गर्दा प्रधानमन्त्री शेरबहादुर देउवामाथि अविश्वासको प्रस्तावमा छलफल गर्ने निर्धारित कार्यक्रम साँढे ६ घण्टा अवरूद्ध भयो। नेपाल सद्‌भवना पार्टीले सांसदहरू अनिश अन्सारी र हृदयेश त्रिपाठीले दल त्याग गरेको सूचना संसदमा दिइसकेकोले सभामुखले यसको जानकारी दिन सत्तापक्षबाट माग भई रोष्टम समेत घेराउ भयो। रोष्टम घेराउ पछि स्थगित भएको वैठक पुनः शुरू भएपछि वैठकमा सभामुखले दल त्यागको सूचना सम्बन्धी गम्भीर विषय भएकोले यसको कानूनी पक्ष पनि हेर्नु पर्ने हुन्छ त्यसैले कानूनविद् समेत राखेर भोलि छलफल गराउने भनेपछि मात्र वैठकको नियमित कार्यक्रम शुरू भयो।

बैठकमा अविश्वासको प्रस्ताव प्रस्तुत गर्दै विपक्षी दलका नेता मनमोहन अधिकारीले प्रधानमन्त्री देउवाको नेतृत्वमा रहेको सरकार देशलाई गतिहीनता, अन्योल, अनिश्चितता र अस्थीरता तर्फ धकेल्न उद्यत भएकोले अविश्वासको प्रस्ताव पारित गर्न आग्रह गर्नुभयो। श्री अधिकारीले राख्नु भएको अविश्वासको प्रस्तावमा शेरबहादुर देउवाको नेतृत्वमा गठित सरकारले राष्ट्रिय चिन्तनबाट विमुख भई तयार पारेको अर्थ नीतिले देशको अर्थतन्त्रलाई तहसनहस पारेको, आम जनतालाई प्रत्यक्ष मार पार्ने गरी अत्यावश्यक वस्तुको मोल बढाएको, बजेट घाटा र व्यापार घाटा बढाएको, विदेशी मुद्रा संचिती घटेको, राजस्व संकलनको दर ओरालो लागेको, विकास ठप्प प्रायः भएको, देशमा शान्ति र सुरक्षाको स्थितिले सबैलाई चिन्तित पारेको, प्रहरीको गोलीबाट १४ महिनामा दर्जनौं नागरिकहरूको हत्या भएको, सय कडौंलाई अकारण गिरफ्तार गरिएको, मानवअधिकारको ठाडो उल्लंघन भइरहेको, गाउँ घरमा जन जीवन असुरक्षित भएको, पक्षपात र प्रतिशोधात्मक ढंगबाट कर्मचारीहरूको सरूवा, बढुवा र खारेजी गरी प्रशासनयन्त्रलाई अस्तव्यस्त गरिएको, प्रशासनलाई कांग्रेसीकरण गरिएको, शिक्षक शिक्षिकामाथि अभद्र र अशिष्ट व्यवहार भइरहेको, शैक्षिक क्षेत्रलाई आतंकित र त्रसित पारिएको भन्ने आरोप लगाइएको छ। यसको साथै भ्रष्टाचार, व्यभिचार, कमिशन र तस्करी जस्तो राष्ट्रघाती कार्यलाई प्रधानमन्त्रीबाट प्रोत्साहित गरिएको, देशमा गरीबी बढेको, सुकुम्बासी, कमैया समस्या र पीडा यथावत रहेको, किसान, मजदूर, मध्यमवर्गीय जनतामाथिको शोषण बढेको र जनताका समस्याप्रति कुनै चिन्ता नै नलिएकोले यो अविश्वासको प्रस्ताव ल्याइएको भनिएको छ।

प्रतिनिधि सभाको ६ गतेको बैठक सकिई सभामुख रामचन्द्र पौडेल आफ्नो कार्यकक्षमा गएपछि प्रतिपक्षी सांसदहरूले करीब ४ घण्टासम्म घेराउ समेत गरे।

प्रतिनिधि सभाको पौष ८ गतेको बैठकमा शुरूमा अविश्वासको प्रस्तावमाथि छलफल गर्ने कार्य नियमित रूपमा रह्यो। छलफलमा प्रतिपक्षले सरकारको तीव्र आलोचना गरे भने सत्तापक्षले संयुक्त सरकारका समयमा राम्रा काम भएको भनी प्रतिपक्षीहरूको आरोपलाई आधारहीन प्रमाणित गर्ने प्रयास गर्नुभयो। अविश्वासको प्रस्तावको छलफल चलिरहेको बेला नेकपा (एमाले) का प्रमुख सचेतक देवीप्रसाद ओझाले नियमापत्ती गर्दै नेपाल मजदूर किसान पार्टीका सांसद भक्तबहादुर रोकायालाई अपहरण गरिएको सम्बन्धमा कुरा उठाएपछि बैठकको नियमित कारवाही अगाडि बढ्न सकेन। त्यसपछि सांसदहरूले मन्त्रीहरू बालाराम घर्तिमगर, बुद्धिमान तामाङ, शान्ति शमशेर राणा, विष्णुविक्रम थापा र महेन्द्र रायलाई पक्राउ गरी जहाजद्वारा बैंकक पठाएको, अनिस अन्सारीलाई सिंहापुर पठाएको, उनीहरूको ज्यान खतरामा परेको छ त्यसैले हराएका मन्त्री र सांसद उपस्थित गराएर मात्र कारवाही अगाडि बढाइयोस् भनी माग गर्दै रहनु भयो। यसै बीच प्रधानमन्त्री शेरबहादुर देउवाले मन्त्रीहरूले बिरामी भएको निवेदन दिनु भएकोले उपचारको लागि बैंकक जानु भएको र सरकारले कुनै सांसदको अपहरण नगरेको स्पष्टीकरण समेत दिनु भयो। प्रधानमन्त्रीले जवाफ दिएपछि सभामुखले नियमित कारवाही अगाडि बढाउन खोज्दा होहल्ला भई रोष्टम घेराउ गरे। रोष्टम घेराउका कारणले बैठक दुई चोटी स्थगित हुन पुग्यो। राती १२ बजेपछि राजदण्डसहित सभामुख बैठककक्षमा प्रवेश गर्न लाग्दा सांसदहरूले घेराउ गरे। अन्तमा तेस्रो बैठक पनि चल्न नसकेकोले बैठक अघिल्लो दिनको लागि सारियो।

विशेष अधिवेशनको अन्तिम दिन प्रधानमन्त्रीले अविश्वासको प्रस्तावमा उठाएको प्रश्नको जवाफ दिनु भएपछि विभाजनद्वारा मतदान हुँदा अविश्वासको पक्षमा १०१ मत र विपक्षमा ८४ मत परेकोले मतदान पछि सभामुख रामचन्द्र पौडेलले अविश्वासको प्रस्तावको पक्षमा नेपाल अधिराज्यको संविधान ०४७ को धारा ५९(३) अनुरूप प्रतिनिधि सभाको सम्पूर्ण सदस्यको बहुमत प्राप्त नभएकोले सो प्रस्ताव अस्वीकृत भएको घोषणा गर्नु भयो।

संसदको नवौं अधिवेशनको अन्तसंगै प्रारम्भ भएको १९९६ वर्षमा दुई वटा प्रतिनिधि सभाका विशेष अधिवेशन तथा संसदको दशौं अधिवेशनका चार महिनाले गर्दा वर्ष भरिनै एक किसिमले संसद गतिशील भएर रहेको देखिन्छ। यी अधिवेशनहरूमा संविधान र कानूनको संरक्षण, प्रजातन्त्रको सुदृढीकरणको प्रयास, मानवअधिकारको संरक्षण र सम्बर्द्धनका लागि प्रयास गर्ने तथा जनजीवनका महत्वपूर्ण समस्याहरू बारे छलफल गरेर निराकरण गर्ने प्रयास भएको देखिन्छ। खासगरी नेपाल अधिराज्यको संविधान ०४७ ले मानवअधिकारको प्रत्याभूति गर्न लिएको अवधारणालाई व्यवहारमा लागु गर्नका लागि गरेको कानूनी व्यवस्था, सैद्धान्तिक र व्यक्तिगत मानवअधिकारसंग सम्बन्धित घटना प्रति ध्यान दिएकोले सन् १९९६ लाई मानवअधिकारको लागि विशेष उपलब्धीपूर्ण रहेको छ। मानवअधिकारको संरक्षण र सम्बर्द्धनको दृष्टिले संसदको दशौं अधिवेशनद्वारा पारित मानवअधिकार आयोग ०५३ र यातना सम्बन्धी क्षतिपूर्ति विधेयक ०५३ को सर्वाधिक महत्व रहेको छ।

मानवअधिकार आयोग विधेयक ०५३

संविधान तथा अन्य प्रचलित कानूनद्वारा प्रदत्त मानवअधिकारको प्रभावशाली कार्यान्वयन एवं संरक्षण र सम्बर्द्धन गर्ने सम्बन्धमा मानवअधिकार आयोग गर्नका लागि मानवअधिकार आयोग विधेयक ०५३ संसदले निर्माण गरेको हो।

यस विधेयकमा अध्यक्ष तथा दुई जना सदस्य रहेको मानवअधिकार आयोग गरिने व्यवस्था गरिएको छ। सेवा निवृत्त भएको सर्वोच्च अदालतको प्रधान न्यायाधीश वा न्यायाधीश वा सर्वोच्च अदालतको न्यायाधीश हुन योग्यता पुगेको व्यक्ति अध्यक्ष, संविधान तथा कानूनका क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएको कानूनविद् वा मानवअधिकार वा सामाजिक क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएको व्यक्ति वा

संचार तथा पत्रकारिता क्षेत्रमा काम गरी महत्वपूर्ण योगदान पुर्‍याएका व्यक्ति मध्ये एक सदस्य र संवैधानिक अंगको कुनै पदमा वा श्री ५ को सरकारको विशिष्ट श्रेणीको पदमा कार्य गरी सेवा निवृत्त भएको व्यक्ति मध्ये एक सदस्य रहेको मानवअधिकार आयोग हुनेछ। आयोगका अध्यक्ष तथा सदस्य हुन चालिस वर्ष उमेर पूरा भएका कुनै नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको नेपाली नागरिक हुनु पर्ने पनि प्रावधान रहेको छ। साथै आयोगको सदस्य भैसकेका व्यक्ति अन्य कुनै सरकारी सेवा पदमा नियुक्तिका ग्राह्य नहुने, आयोगका अध्यक्ष वा सदस्यले आयोगका पदाधिकारी रहुन्जेलसम्म अन्यत्र पेशागत रूपमा काम गर्न नपाउने पनि शर्त राखिएको छ। अध्यक्ष तथा सदस्यको नियुक्ति प्रधानमन्त्री अध्यक्ष र प्रधान न्यायाधीश तथा प्रतिनिधि सभामा विपक्षी दलका नेता भएको समितिले गरेको सिफारिशमा श्री ५ बाट गरिबक्सने व्यवस्था छ। सदस्यहरूको पदावधि ५ वर्षको लागि हुनेछ। आयोगका अध्यक्ष तथा सदस्यहरूको पारिश्रमिक र सुविधा सर्वोच्च अदालतका न्यायाधीशले पाउनेभन्दा कम नहुने पनि विधेयकले व्यवस्था गरेको छ।

मानवअधिकार आयोगका काम मानवअधिकारको संरक्षण र सम्बर्द्धन गर्नु हुने स्पष्ट किटान गरिएको छ। मानवअधिकारको उल्लंघन र त्यसको दुरूत्साहन तथा मानवअधिकार उल्लंघन रोक्ने सम्बन्धमा सम्बन्धित कुनै व्यक्ति, संस्था वा निकायले गरेको लापर्वाही वा हेलचक्र्याईबाट पीडित व्यक्ति वा निजको तर्फबाट कसैले आयोग समक्ष प्रस्तुत गरेको निवेदन वा उजुरी वा कुनै स्रोतबाट आयोगलाई प्राप्त भएको जानकारी वा आयोगको आफ्नै स्वविवेकमा छानवीन र अनुसन्धान आयोगले गर्ने छ। यी विषयको छानवीन र अनुसन्धान आफैले वा श्री ५ को सरकारको निकाय वा कर्मचारी वा कुनै व्यक्ति मार्फत गर्न गराउन सकिने छ र त्यस्तो निकाय, कर्मचारी वा व्यक्तिले आयोगको निर्देशन बमोजिम छानवीन र अनुसन्धान गरी आयोगलाई प्रतिवेदन दिने कार्यविधि तोकिएको छ।

मानवअधिकारको अतिक्रमणको अदालत समक्ष दावी समाविष्ट भएको विचाराधीन कार्यवाहीको सम्बन्धमा सम्बन्धित अदालतको अनुमतिबाट छानवीन गर्ने, श्री ५ को सरकार अन्तर्गतका निकाय, कारागार वा कुनै संस्थाको भ्रमण, निरीक्षण, अवलोकन गर्ने र मानवअधिकारको संरक्षणको लागि त्यस्ता संस्थाको काम कारवाही, भौतिक सुविधा आदिमा गर्नु पर्ने सुधारको सम्बन्धमा श्री ५ को सरकारलाई आवश्यक सुझावदिने मानवअधिकारको प्रचलनको लागि संविधान तथा प्रचलित अन्य कानूनद्वारा दिइएको संरक्षण सम्बन्धी व्यवस्थाको पुनरावलोकन गर्ने तथा त्यस्तो व्यवस्थाको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक सिफारिश गर्ने, मानवअधिकारसंग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि, सम्झौता तथा दस्तावेजहरूको अध्ययन गरी श्री ५ को सरकारलाई सम्बन्धित व्यवस्थाको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक र उपयुक्त सुझाव दिने, मानवअधिकारको क्षेत्रमा अनुसन्धान कार्य गर्ने गराउने, सेमीनार, गोष्ठी, सम्मेलन, संचार माध्यम तथा प्रकाशनको माध्यमबाट समाजका विभिन्न क्षेत्रहरूमा मानवअधिकार शिक्षाको प्रचार प्रसार गर्ने तथा मानवअधिकारको संरक्षणको सम्बन्धमा विद्यमान कानूनी प्रत्याभूतिहरू बारे अबगत तथा सचेत गराउने, गैर सरकारी क्षेत्रमा कार्यरत मानवअधिकार संगठनहरूको कार्य तथा प्रयासहरूलाई प्रोत्साहन गर्ने, मुलुकको विद्यमान मानवअधिकारको स्थितिबारेमा समीक्षा गर्ने, मानवअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा भएको व्यवस्था बमोजिम नेपालले पठाउनु पर्ने प्रतिवेदनका सम्बन्धमा श्री ५ को सरकारलाई आवश्यक सुझाव दिने र मानवअधिकारको प्रचलन, सम्बर्द्धन र संरक्षणका लागि आवश्यक र उचित ठानेका आवश्यक कार्य गर्ने आयोगको काम र कर्तव्य तोकिएको छ। साथै मानवअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि सम्झौता अनुरूप नेपालले प्रतिवेदन पठाउनु पर्ने दायित्व भएको विषयमा श्री ५ को सरकारले आयोगका राय लिई पठाउनु पर्ने समेत प्रावधान राखिएको छ।

तर सैनिक ऐनको क्षेत्राधिकारको विषय, श्री ५ को सरकार र कुनै विदेशी सरकार वा अन्तर्राष्ट्रिय वा अन्तर सरकारी संस्थाका बीचको सम्बन्धमा वा नेपाल अधिराज्यको सुरक्षामा प्रतिकूल असर पर्न सक्छ भनी श्री ५ को सरकारको मुख्य सचिवले प्रमाणित गरेको विषय र कुनै अपराधको कानून बमोजिम अनुसन्धान र तहकिकात गर्ने वा अपराध वा अपराधी पत्ता लगाउने कार्यमा प्रतिकूल असर पर्न सक्छ भनी महान्याधिवक्ताले प्रमाणित गरेको विषयलाई आयोगको अधिकार क्षेत्रभन्दा बाहिर राखेको छ।

आयोगले आफ्ना अधिकार क्षेत्रभित्र पर्न आएका उजुरी वा निवेदन वा प्रतिवेदनहरूको कारवाही गर्दा कुनै व्यक्तिलाई आयोग समक्ष उपस्थित गराई बयान वा जानकारी लिने, साक्षी बुझ्ने तथा बकपत्र गराउने, कुनै लिखत कागजात पेश गर्न आदेश गर्ने, कुनै सरकारी वा सार्वजनिक कार्यालय वा अदालतबाट कुनै लिखत वा त्यसको नक्कल झिकाउने, प्रमाण बुझ्ने तथा स्थलगत निरक्षण गर्ने गराउने, दशी प्रमाण पेश गर्न आदेश गर्ने सम्बन्धमा प्रचलित कानून बमोजिम अदालतलाई भए सरह अधिकार प्रदान गरिएको छ। कुनै व्यक्तिलाई उपस्थित गराउन, कुनै लिखत पेश गर्न लगाउन वा कुनै प्रमाण बुझ्न आयोगले उचित सम्झे बमोजिम म्याद तोक्न सक्छ।

आयोगले आफ्नो छानवीन वा अनुसन्धान सम्बन्धी कुनै वस्तु वा लिखत कुनै व्यक्तिका साथमा वा कुनै खास स्थानमा छ भन्ने आयोगलाई विश्वास हुने कारण भएमा तलासी लिने, लिन लगाउने, कब्जा गर्ने, गर्न लगाउने, प्रतिलिपि लिने, लिन लगाउन सक्ने तथा कुनै घटनाको सम्बन्धमा सार्वजनिक सुनुवाई गर्न सक्ने छ र आयोगले जाँचबुझका सम्बन्धमा माग गरेको कागजातहरू नपठाउने, आवश्यक प्रमाण नपठाउने, आयोगको कार्यमा असहयोग गर्ने, आयोगमा

उपस्थितिको लागि बोलाएकोमा अटेर गर्नेलाई आयोगले विशेष टिप्पणी साथ कारवाहीको लागि श्री ५ को सरकार, अधिकार प्राप्त निकाय तथा अधिकारी समक्ष पठाउन सक्ने अधिकार प्रदान गरिएको छ। साथै आयोगले आवश्यकता अनुसार समिति, उपसमिति गठन गर्न र काम लगाउन सक्ने, विशेषज्ञहरू र विशिष्टकृत निकायको सेवा लिन सक्ने गरिएको छ।

आयोगले आफ्नो अधिकार क्षेत्र अन्तरगत पर्न आएको उजुरी तथा निवेदन उपर अनुसन्धान र छानवीन गर्दा दोषी देखिएमा दोषी उपर आवश्यक कारवाही गर्न सम्बन्धित निकाय वा लेखि पठाउने र पीडित व्यक्तिलाई आवश्यक क्षतिपूर्ति दिनु पर्ने देखेमा सो समेत लेखि पठाउने र यसरी आयोगबाट लेखी आएकोमा सम्बन्धित निकाय वा अधिकारीले पनि लेखी आए बमोजिमको कारवाही गरी र गर्न नमिल्ने भएमा सो को कारण खुलाई आयोगबाट प्राप्त भएको मितिले तीन महिनाभित्र सो बमोजिम कारवाही गरिएको जानकारीको प्रतिवेदन सम्बन्धित निकाय वा अधिकारीले आयोग समक्ष पठाउनु पर्ने कार्यविधि तोकिएको छ।

मानवअधिकार आयोगले प्रत्येक वर्ष आफूले गरेको काम कारवाहीको सम्बन्धमा वार्षिक प्रतिवेदन तयार गरी श्री ५ मा पेश गर्ने र श्री ५ बाट सो प्रतिवेदन संसद समक्ष पेश गर्न लगाइबक्सने छ। आयोगले आफूले गरेको काम कारवाहीको विवरण सर्वसाधारणको लागि वर्ष दिनमा प्रकाशन गर्नु पर्ने र आवश्यक देखिएमा जुनसुकै अवस्थामा पनि आफ्नो कार्यको विवरण पेश गर्न सक्ने प्रावधान रहेको छ।

आयोगको आर्थिक स्रोत अनुदान तथा आर्थिक सहायता हुने, यसका मुख्य कार्यालय काठमाडौं र शाखा कार्यालय विभिन्न क्षेत्रमा हुने, आयोगमा एकजना सचिव र आवश्यक कर्मचारी नियुक्ती गरिने, आयोगले अधिकार प्रत्यायोजन गर्न सक्ने तथा आयोगले श्री ५ को सरकारसंग सम्पर्क मन्त्री परिषद् सचिवालयबाट गर्ने समेत व्यवस्था गरिएको छ।

यातना सम्बन्धी क्षतिपूर्ति विधेयक, ०५३

मानवअधिकारको क्षेत्रमा अत्यन्त महत्वपूर्ण उपलब्धीको रूपमा दशौं अधिवेशनद्वारा पारित यातना सम्बन्धी क्षतिपूर्ति विधेयक ०५३ रहेको छ। निकै अघिदेखि क्षतिपूर्ति विधेयक ल्याउन प्रयास भएको थियो। यसै प्रयासको फलस्वरूप विभिन्न चरणमा छलफल र संशोधन भएर संसदको दशौं अधिवेशनमा पारित भई यो विधेयकमाथि लालमोहर समेत लागी ऐनको रूप लिइसकेको छ। अनुसन्धान, तहकिकात वा पूर्पक्षको सिलसिलामा वा अन्य किसिमले थुनामा रहेको व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिए वा निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गरे बापत क्षतिपूर्ति दिने सम्बन्धमा व्यवस्था गर्न यातना सम्बन्धी क्षतिपूर्ति ऐन ०५३ बनेको हो।

यस ऐनले अनुसन्धान, तहकिकात वा पुर्पक्षको सिलसिलामा वा अरू कुनै किसिमले थुनामा रहेको व्यक्तिलाई दिएको शारीरिक वा मानसिक यातना तथा निर्मम, अमानवीय वा आपत्ती जनक व्यवहारलाई "यातना" भन्ने परिभाषा गरी अनुसन्धान, तहकिकात वा पूर्पक्षको सिलसिलामा वा अरू कुनै किसिमले थुनामा रहेकोवा हिरासतमा रहेको व्यक्तिलाई यातना दिन निषेध गरेको छ। यसै प्रयोजनका लागि कुनै पनि व्यक्तिलाई थुनामा राख्दा वा छोड्दा सम्भव भएसम्म सरकारी सेवामा रहेका चिकित्सक र चिकित्सक उपलब्ध हुन नसकेको अवस्थामा सम्बन्धित अधिकारी आफैले निजको शारीरिक स्थितिको जाँच गरी गराई सोको अभिलेख खडा गर्नु पर्ने र शारीरिक वा मानसिक स्थितिको जाँच सम्बन्धी प्रतिवेदनको एकप्रति सम्बन्धित जिल्ला अदालतमा पठाउनु पर्ने व्यवस्था गरिएको छ।

श्री ५ को सरकारको कुनै कर्मचारीले कुनै व्यक्तिलाई यातना दिएको ठहरेमा पीडित व्यक्तिलाई श्री ५ को सरकारबाट एकलाख रूपैया क्षतिपूर्ति भराई दिनु पर्ने व्यवस्था गरिएको छ। क्षतिपूर्ति पाउन पीडित व्यक्तिले आफूलाई यातना दिएको मितिले वा थुनाबाट मुक्त भएको मितिले ३५ दिनभित्र क्षतिपूर्तिको माग दावी गरी आफू थुनामा रहेको जिल्लाको जिल्ला अदालतमा उजुरी दिनु पर्नेछ। पीडित व्यक्तिको मृत्यु भएको अवस्थामा वा अन्य कुनै कारणबाछ पीडित व्यक्ति आफै उजुरी दिन नसक्ने अवस्था भएमा त्यसको कारण खोली निजको परिवारको उमेर कुनै व्यक्ति वा निजको कानून व्यवसायीले उजुरी गर्न सक्ने छ। साथै थुनामा रहेको व्यक्तिलाई यातना दिएको छ भन्ने लागेमा निजका परिवारको उमेर पुगेको कुनै व्यक्ति वा निजको कानून व्यवसायीले सम्बन्धित जिल्ला अदालतमा दिन सक्छ। यस्तो निवेदन परे अदालतले तीन दिनभित्र थुनामा रहेको व्यक्तिको शारीरिक वामानसिक जाँच गराउन आदेश दिन सक्ने। जाँच गर्दा उपचार गर्नु पर्ने भएमा श्री ५ को सरकारको तर्फबाट उपचार गराउनु पर्ने व्यवस्था पनि ऐनले गरेको छ।

यातना सम्बन्धी उजुरी दिंदा थुनामा परेको कारण र थुनामा बिताएको अवधी, यातनाको विवरण, यातना दिएको कारणबाट पुग्न गएको क्षतिको विवरण दावी गरेका क्षतिपूर्तिको रकम र प्रमाणहरू खुलाउनु पर्दछ। यसरी उजुर परेपछि उजुरीको सम्बन्धमा जिल्ला अदालतले संक्षिप्त कार्यविधि ऐन ०२८ बमोजिमको कार्यविधि अपनाई कारवाही गर्ने र यस्तो उजुरी ठिक ठहरेमा पीडित व्यक्तिलाइ श्री ५ को सरकारबाट एक लाखसम्म क्षतिपूर्ति भराई दिने निर्णय गर्न सक्छ। तर कारवाही गर्दा बदनियत चिताई उजुरी दिएको ठहरिएमा यस्तो उजुरी दिने व्यक्तिलाई पाचँ हजार रूपैयासम्म जरिवाना गर्न सक्ने छ। यातना दिएको ठहरिएमा यातना दिने सरकारी कर्मचारीलाई विभागीय कारवाही गर्न सम्बन्धित निकायलाई आदेश दिने प्रावधान ऐनमा छ।

क्षतिपूर्तिको रकमको निर्धारण पीडित व्यक्तिलाई पर्न गएको शारीरिक वा मानसिक कष्ट वा पीडा र त्यसको गम्भीरता, शारीरिक वा मानसिक क्षतिबाट पीडित व्यक्तिको आय आर्जन क्षमतामा हुन गएको ह्रास, उपचार हुन नसक्ने

किसिमको शारीरिक वा मानसिक क्षति पुगेकोमा पीडित व्यक्तिको उमेर र निजको पारिवारिक दायित्व, उपचार हुन सक्ने किसिमको क्षति भएमा उपचार गराउन लाग्ने अनुमानित खर्च, यातनाको कारणबाट पीडित व्यक्तिको मृत्यु भएमा निजको आम्दानीमा आश्रित निजको परिवारको सदस्यको संख्या र तिनीहरूको जीविकोपार्जनको निमित्त आवश्यक पर्ने न्यूनतम खर्च तथा पीडित व्यक्तिले दावी गरेको कुराहरू मध्ये उचित र उपयुक्त देखिएका कुराहरूबाट हुनेछ।

पीडित व्यक्तिलाई क्षतिपूर्ति दिने सम्बन्धमा अन्तिम निर्णय भएपछि त्यस्तो निर्णयको सूचना पाएको मितिले एक वर्षभित्र पीडित व्यक्ति वा निजको मृत्यु भएकोमा निजको नजिकको हकवालाले क्षतिपूर्तिको रकम पाउन पीडित व्यक्ति थुनामा रहेको जिल्लाको प्रमुख जिल्ला अधिकारी समक्ष क्षतिपूर्ति दिने सम्बन्धमा जिल्ला अदालतबाट भएको निर्णयको प्रतिलिपि सहित निवेदन दिनु पर्ने र निवेदन प्राप्त भएको मितिले पैतिस दिनभित्र प्रमुख जिल्ला अधिकारीले निवेदकलाई क्षतिपूर्तिको रकम दिनु पर्ने व्यवस्था गरिएको छ।

यी दुई विधेयकको साथै यस वर्ष उपभोक्ता हित सम्बन्धी विधेयक, नेपाल स्वास्थ्य व्यवसायिक विधेयक, दूर संचार विधेयक, बी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पताल विधेयक, नेपाल औद्योगिक व्यवसाय विधेयक, वातावरण संरक्षण विधेयक, पोखरा विश्वविद्यालय विधेयक, नगरविकास कोष विधेयक, भूमि सम्बन्धी (चौथो संशोधन) विधेयक जस्ता महत्वपूर्ण विधेयक पारित भएका छन्) विधेयकको विषयमा सांसदहरूमा सचेतता आएको छ। समितिमा विधेयक बारेमा छलफल गर्न जाने र घरमा त्यसको अध्ययन गर्ने प्रवृत्ति पनि बढ्दै गएको अनुभव हुन्छ।

मानवअधिकारको क्षेत्रमा संसदमा दुई प्रकारका विषय उठाएको देखिन्छ। शुन्य समय, विशेष समय, प्रश्नोत्तर, ध्यानाकर्षण, जरूरी सार्वजनिक महत्वको प्रस्ताव, नियमापत्ती तथा विधेयकहरूमाथिको छलफलबाट सैद्धान्तिक र घटना बारेमा सदनमा छलफल हुने गरेको देखिएको छ। सैद्धान्तिक रूपमा महिलाको हकहित, वालवालिका, मजदूर तथा जनताका हकहितका बारेमा, सुकुम्बासी, कमैया तथा दलित तथा उत्पीडित समुदायको हित संरक्षण र सर्वाङ्गीण विकासका बारेमा, बेरोजगारीका बारेमा, गरीबी निवारण, स्वास्थ शिक्षा तथा सामाजिक न्यायका बारेमा सन् १९९६ का संसदमा पनि पहिलाका सदनहरूमा जस्तै चासो देखाउने काम भयो। यसै अन्तरगत ऐनहरूको निर्माण र संशोधन भई वैध रूप दिने प्रयास पनि भएका छन्।

व्यक्तिगत मानवअधिकारका घटनामा १९९६ भरि नै माओवादीका नाममा नेपाली नागरिकहरू मारिएको, यातना दिएको र झुठामुद्दामा फसाएको विषयले सर्वाधिक महत्व पायो। प्रतिपक्षद्वारा सरकारले गरेको कार्यको विरोध गरे भने सत्तापक्षले माओवादीहरूद्वारा सर्वसाधारणलाई आतंकित पारेको, उनीहरूको जीउधन सुरक्षित नभएको तथा शान्ति सुरक्षाको स्थितिमा भएको ह्रासप्रति चिन्ता व्यक्त गरेको पाइयो। संसदको दशौं अधिवेशनको प्रारम्भदेखि नै शिक्षकहरूको जुलुसमाथि भएको दमन, महिला दबाब समूहमाथि भएको प्रहरी ज्यादती तथा वाढी पैरो पीडित जनताको राहत नै प्रमुख चर्चाको विषयको रूपमा रह्यो। देशका विभिन्न ठाउँमा भएका हत्या र बलात्कार, कुटपिटका साथै कर्मचारीहरूमाथि भएका पक्षपातपूर्ण व्यवहार, वैदेशिक रोजगारका नाममा भएका ठगी तथा देशमा फैलिएको रोगव्याधी र उपचारका घटना पनि संसदमा मुख्य विषयको रूपमा उठ्यो। जाती तथा जनजातीका सांस्कृतिक संरक्षणमा भएका घटनाहरू, रोजगार खोसिएका घटनाहरू, शैक्षिक संस्थाहरूमा भएका सरकारी हस्तक्षेप र कुटपिटका घटनाहरूलाई संसदमा गम्भीरतापूर्वक उठाइएको देखिन्छ। तर सांसदहरू यसमा गम्भीर भए पनि सरकारले भने यसलाई त्यति गम्भीरताका साथ लिएको भने पाइएन।

यस अघिका अधिवेशनहरू भन्दा संसदको दशौं अधिवेशनमा बढी विधेयकहरू पारित भएता पनि सरकारले विधेयकमा प्राथमिकता निर्धारण गर्न सकेको भने देखिएन। यसै कारणले अधिवेशनको अन्ततिर बढी विधेयक आएकोले थुप्रै विधेयकहरू समितिमा नै विचाराधीन रहन गएका छन्। अख्तियार दुरूपयोग अनुसन्धान आयोगले पठाएको भ्रष्टाचार ऐन संसदमा आउन नसक्दा सर्वोच्चबाट निर्णय लिनु पर्दा सरकारले व्यापक आलोचना भोग्नु पऱ्यो भने दल त्याग सम्बन्धी विधेयक सांसदहरूलाई वितरण गर्ने माग सक्यो।

संसद सचिवालयमा दर्ता गरिएका ध्यानाकर्षण प्रस्ताव, संकल्पहरू थुप्रै दर्ता गरिए पनि सरकारले संसदमा पेश नगरेकोले यसतर्फ संसदले खास काम देखाउन सकेन। यसैले पनि पहिलाको तुलनामा संसदमा कार्यक्रम रह्यो। महाकाली जस्तो ठूलो विषय आएकोले पनि संसदलाई यसले विशेष प्रभाव पारेको थियो। त्यसैले पछिल्ला दिनहरूमा सांसदहरूको सदनमा उपस्थिति निराशाजनकले न्यून भएको थियो। यसैले पनि ध्यानाकर्षण प्रस्तावका लागि मन्त्रीहरू तयार नभई उम्कन पाएको अनुभव यस चोटी सदनले गर्नु पऱ्यो।

यद्यपि यी कमी कमजोरीहरूलाई बिर्सने हो भने यस अघिका अधिवेशनहरूभन्दा यो वर्ष संसद निकै परिपक्व देखियो। तर देउवा सरकार विरूद्धमा अविश्वासको प्रस्ताव राष्ट्र प्रतिनिधि सभाको विशेष अधिवेशनमा बेलामा केही सांसदहरूले गरेको क्रियाकलाप, सरकारी पक्षबाट भएको अमर्यादित खेलका कारणले भने सन् १९९६ मा संसद र सांसद प्रतिको जनताको आस्थामा भने गम्भीर ठेस लागेको छ। सांसदहरूले लिएको सुविधाको बारेमा व्यापक आलोचना भइरहेको अवस्थामा अविश्वासको प्रस्तावको बेला सांसदहरूमा लोभ, लालच र भयले जुन काम भएको छ यसप्रति स्वयं सांसदहरूले गम्भीरतापूर्वक आत्मनिरीक्षण नगर्ने हो भने यसले संसदको विकासमा विसंगति आउने कुरा भने १९९६ को वर्षले संकेत गरेको छ। ■

परिच्छेद ४

मानवअधिकार स्थितिको समग्र मूल्यांकन र सुझाव १९९६

देशको समग्र मानवअधिकार स्थितिमा यो वर्ष पनि आशलाग्दो विकास भएको पाइएन। बरू माओवादी जनयुद्ध, राजनीतिक अपराधीकरण, सांसदहरू र मन्त्रीहरूका सुविधामा मनपरी वढोत्तरी, न्यायपालिकाको काममा वढेको ढिलासुस्ती र सामाजिक भेदभावहरूका कारण वर्ष १९९६ भरी नेपालीहरूले आक्रान्त, निराशाजनक र अनिर्णयको परिस्थितिको सामना गर्नु पर्‍यो। २ करोडको जनसंख्या, २०५ प्रतिनिधि सभा सदस्य र जम्माजम्मी १ लाख ४७ हजार वर्ग कि.मी. क्षेत्रफल भएको देशमा ४८ सदस्यीय भिमकाय मन्त्री मण्डल बन्यो। सल्लाहकार, आयोग र समितिका नाममा सवासय भन्दा बढी राजनीतिक कार्यकर्ताहरूले सरकारी राजस्वबाटै विभिन्न तहका मन्त्रीसरहको सुविधा लिए। महंगी बढ्यो, राजस्व घट्यो। सामाजिक असुरक्षा पनि बढ्यो। कुरा सबै जिम्मेवारहरूले राम्रो गर्ने तर निर्णय नगर्ने, निर्णय गरी हाले पनि कार्यान्वयन गर्न नसक्ने स्थितिका कारण देशका आधारभूत तहका जनताका समस्या अझ थपिए।

आफ्नो पाचौं वर्षको प्रकाशनका अवसरमा हामीले मानवअधिकार वर्ष पुस्तकके आधारमा पनि माथि उल्लेखित भन्दा बाहेकको समग्र निचोड पाउने कुरा भएन।

न्यायालय

मौलिक अधिकारको रक्षाका लागि यस वर्ष पनि न्यायालयले महत्वपूर्ण फैसलाहरू गर्‍यो। कार्यपालिकाले तजविजी अधिकार प्रयोग गर्दा न्यायसंगत, विवेकपूर्ण एवम् भेदभावरहित तरिकाले आधार र कारण सहित खोलेर मात्र प्रयोग गरिएको हुनु पर्छ भन्ने निर्णय सर्वोच्च अदालतले गरेको पाइयो। कानूनसम्मत ढंगले मात्र थुनामा राख्न पाइने र थुनाको अवधि थप गर्दा यथेष्ट कारणहरू हुनु पर्ने भनी नागरिकको न्यायिक अधिकारको रक्षामा सर्वोच्च अदालतले यस वर्ष पनि आफ्नो क्रियाशील भूमिका निर्वाह गरेको छ। यस्तै वातावरणको रक्षा, धार्मिक-साँस्कृतिक क्षेत्रको सुरक्षा जस्ता विषयमा पनि फैसला भएको छ। देवघाट क्षेत्रमा चिकित्सा शास्त्र अध्ययन केन्द्रको निर्माण र लुम्बिनीमा भइरहेको बुद्धको जन्मस्थलको सम्हारको काम गर्दा वातावरण, परम्परा र संस्कृतिको रक्षा भएको हुनु पर्ने भनी सर्वोच्च अदालतले आदेश जारी गरेको पाइयो।

अख्तियार दुरुपयोग अनुसन्धान ऐन-२०४८ को दफा २ मा सार्वजनिक पद धारण गर्ने व्यक्तिको परिभाषा गर्दा दफा १९ को प्रतिवन्धात्मक वाक्यांश अनुसार प्रधानमन्त्री र सभामुखको स्वीकृति लिनु पर्ने दुबै स्थितिको बन्देजलाई सर्वोच्च अदालतले वदर गरिदिएको छ।

अदालत यस वर्ष पनि चल्नु पर्ने जस्तो गतिमा चल्न सकेन। सर्वोच्च अदालतमा दायर भएका मुद्दाहरू मध्ये ३१.६ प्रतिशत मात्रको फैसला भएको पाइयो। प्रहरीद्वारा बेपत्ता पारिएका प्रभाकर सुवेदीको खोजीका लागि उनलाई प्रहरीहरूले झुण्ड्याउँदै कुदाएको फोटो प्रमाण सहित ०५० असोज १५ बन्दी प्रत्यक्षीकरणको रिट निवेदन परेको थियो। त्यस्तै संविधानको मौलिक अधिकार र मानवअधिकार प्रतिकूल हुने गरी चलनमा रहेको कमैया प्रथाको विरूद्ध इन्सेकका अध्यक्ष श्री सुशील प्याकुरेलले ०५० सालमा दायर गर्नु भएको रिट निवेदनका सम्बन्धमा यस वर्ष पनि कुनै फैसला हुन सकेन। मृत्यु दण्डलाई मान्यता दिने कानूनहरूका विरूद्ध ०५० मंसीर ४ गते दर्ता भएको श्री कृष्णप्रसाद सिवाकोटीको रिटका सम्बन्धमा पनि कुनै फैसला भएको पाइएन।

जिल्ला जिल्लामा अदालतहरूमा परेका मुद्दाहरूको खात बढ्दै गएको छ। कतिपय विकट पहाडी जिल्लामा हुने गरेको न्यायाधीशहरूको अनुपस्थिति यस पटक पनि यथावत रह्यो। न्यायाधीशको उपस्थिति नहुनाले मुगुको जेलमा पुर्पक्षका लागि थुनामा परेका एकजना निरपराधको जेलमै ज्यान गयो। अर्कोले अनाहकमा २ वर्ष जेल बस्नु पर्‍यो। दुबैको मुद्दाको फैसला हुँदा समय भिड्की सकेको थियो। पुनरावेदन अदालतको संख्यामा भएको वढोत्तरी आवश्यकता भन्दा बढी राजनीतिक उद्देश्यले निर्देशित रहेको भनी टिप्पणी गरिएको पाइयो।

न्यायालयहरू अद्यापि पुरानै व्यवस्थापन अन्तरगत चलेका छन्। आधुनिक अभिलेख र कार्यालय सामाग्रीको अभाव अदालत भवनमा पस्नासाथ छर्लङ्गै देख्न सकिन्छ। वेञ्च र वार बीचको सम्बन्धलाई विकास गर्नु पर्छ भन्ने मान्यता यत्रतत्र अभिव्यक्त भए। तर यस क्षेत्रमा खास कुनै पहल हुन सकेको पाइएन। हाम्रा न्यायालयहरू अति औपचारिक, सुस्त र जनताबाट टाढा रहेका छन् भन्ने जनगुनासो उत्पीडित पक्षबाटै व्यक्त हुने गरेको पाइएको छ। स-साना मामिलाहरूमा पनि पुर्पक्षका लागि थुनामा राख्ने र

फैसलामा ढिलाई हुने गर्नाले जेलहरूमा थुनुवाको चाप बढेको धारणा पनि पाइयो।

माओवादी जनयुद्धमा संलग्न भएको आरोप लागेका रोल्पा जिल्ला सभापति झक्कुप्रसाद सुवेदी प्रहरी यातनाका कारण सिकिस्त विरामी परे। उनलाई रोल्पा जिल्ला अदालतमा हाजीर गराउन डोकोमा बोकाएर प्रहरीले लगेको थियो। बयान दिंदा दिंदै उनी कठघरामा लडे। तर पनि अदालतले यो निर्मम यातनाका विरूद्ध केही गर्न सकेन भन्ने आरोप लगाइएको पनि पाइयो।

सरकार

सन् १९९५ मा गठित नेकपा (एमाले) को सरकारले केही राम्रा कामहरूको सुरूवात गरेको थियो। मानवअधिकार आयोग गठन, बाँधा श्रम प्रणालीको अन्त्य, यातना विरूद्ध क्षतिपूर्ति ऐन, मल्लिक आयोग र वेपत्ता पारिएका मानिसहरू बारे तथ्य पत्ता लगाउने आयोगको प्रतिवेदन सार्वजनिक गर्ने वचनवद्धताका साथ एमालेको अल्पमतको सरकारले सत्ता सम्हालेको थियो। जनआन्दोलन कालका अपराधीहरूको अपराधको छानवीन गर्न गठित मल्लिक आयोग र पञ्चायत कालमा वेपत्ता पारिएका मानिसहरूका बारेमा तथ्य पत्ता लगाउन गठन गरिएको आयोगका प्रतिवेदनहरूलाई सार्वजनिक गर्न उक्त सरकारले भ्यायो पनि। तर, अविश्वासको प्रस्तावद्वारा उक्त अल्पमतको सरकार ढलेपछि गठन भएको सरकारले पनि बाँकी विषयहरूमा निरन्तरता कायम राख्यो। फलस्वरूप बाँधा श्रम बाहेक अन्य विषयसंग सम्बन्धित कानूनहरू निर्माण गरिए।

संयुक्त सरकारकै पालामा ०५२ फागुन १ गते देखि नेकपा (माओवादी) ले माओवादी जनयुद्धको घोषणा गर्‍यो। उनीहरूको त्यो हिंसात्मक आक्रमणको कारण थुप्रै मानिसहरूले दुःख पीडा पाउनु पर्‍यो। सरकारले पनि जनयुद्धको दमनका नाममा प्रहरी परिचालन गर्‍यो। तर प्रहरी प्रशासनको कारवाही निरंकुश र दमनात्मक रह्यो। माओवादी जनयुद्धका कारणले ६ दर्जन मानिसको ज्यान गयो।

यस वर्ष संसदमा प्रस्तुत अविश्वासको प्रस्ताव असफल पार्नका लागि सांसदहरूको अपहरण र किनबेच भएको चर्चा व्याप्त भयो। प्रस्तावको सन्दर्भमा हुने मतदानका बेलामा राजधानी छोडेर विराटनगर जाने सांसदहरूलाई गृहमन्त्री स्वयम्ले आफूसँगै लिएर गएको भनी हवाइजहाज टिकटको प्रमाण सहित समाचार प्रकाशित भए। आफू पनि आतंकवादी आन्दोलनको अनुभवी भएको भन्ने गृहमन्त्रीको अन्तरवार्ता र संविधान नमान्ने "माओवादी" हरूलाई दमन गर्दा संविधानको कुनै बार बन्देज मान्नु नपर्ने भनी सिन्धुली जिल्लाका प्रमुख जिल्ला अधिकारीको अभिव्यक्ति पनि सार्वजनिक भयो।

नेत्रहिनहरूले निकालेको जुलुस र शिक्षकहरूको धर्ना कार्यक्रममा प्रहरीले लाठी चार्ज गर्‍यो। अपांगहरूको जुलुसलाई पनि प्रहरी बल प्रयोग गरेर दमन गरियो। महाकाली सन्धिको विरोधमा निस्किएको जुलुसका सहभागीहरूलाई पनि पक्राउ गरिएको थियो।

प्रहरीको कार्यालय भित्र र बाहिर दुबैतिर प्रहरीहरूले बलात्कार गरे। ती अपराधी प्रहरीहरूउपर कारवाही भएको थाहा पाइएन। बोक्सीको आरोपमा दिसा-पिसाब ख्वाउने, चारपाटा मुड्ने जस्ता घटनाहरू भए। चेलीबेटी बेचबिखनको पेशामा यथावत तवरले लाभप्रद पेशाका रूपमा वृद्धि भइरह्यो।

नेपालका जेलमा विभिन्न अभियोगमा थुनामा राखिएका १२ जना राजबन्दीको रिहाइ तर्फ सरकारले कुनै कदम चालेन। नागरिकता, सुकुम्बासी, छुवाछूत, वेश्यावृत्ति, जस्ता समस्यालाई समाधान गर्न उपयुक्त कानूनको निर्माण गर्ने र आफ्ना अंगहरूलाई त्यसका लागि परिचालन गर्ने काममा सरकार उदासी देखियो।

तीन पार्टी र केही स्वतन्त्र सांसदहरूको संयुक्त गठबन्धन सरकार मूलतः कसरी आफ्नो बहुमत जुटाउने भन्ने कुरामै चिन्तित र केन्द्रित रह्यो। फैसला लिने र त्यसलाई कार्यान्वयन गर्ने मामिलामा स्थिति निरासाजनक रहेको पाइयो। सामाजिक असुरक्षा, महंगी र दमनका कारण सर्वसाधारण जनताले थप पीडा भोग्नु पर्‍यो। ४८ सदस्यीय भीमकाय मन्त्री मण्डल तथा अनगिन्ति सल्लाहकार र असंख्य समितिहरूका कारण यो सरकार जनताका बीच चर्चित रह्यो। मन्त्रीहरूले फर्निचर सुविधामा लिएको जनही रू. २ लाख, सांसद र मन्त्रीहरूद्वारा गरिएको स्वास्थ्य उपचार सुविधाको दुरूपयोग आदिका घटना पनि चर्चित रहे। मन्त्रीहरू उपर अख्तियार दुरूपयोग अनुसन्धान आयोगले छानवीन गर्‍यो। मुद्दा पनि दायर गर्‍यो।

संसद

मानवअधिकार आयोग विधेयक र यातना सम्बन्धी क्षतिपूर्ति विधेयक यसपटक संसदले पारित गर्‍यो। अनेकन कमजोरीका बाबजुद यसलाई सकारात्मक कदमको थालनीको रूपमा लिनु पर्दछ।

आफ्नो लागि भारी भंसार छुट र अनेकन आजीवन सुविधाको बिधेयकमा सहमति जनाए बापत सत्ताधारी र प्रमुख प्रतिपक्ष दुबै सांसदहरू चर्चित रहे।

भारतमा बेचिएर त्यहाँ अलपत्र परेका चेलीबेटीको उद्धार, माओवादीको नाममा सरकारद्वारा दमन गरिएका मान्छेहरू, नागरिकता, सुकुम्बासी समस्या आदि विषयहरू यस पटक संसदमा उठे।

महिलाहरूको सम्पत्ति माथिको हक सुनिश्चित गर्ने कानून यस पटक पनि प्रस्तुत भएन। सदनको काम कारवाही गम्भीर र अनुशासित देखिएन। एकपटक आफूले उठाएको कुरामा अनुगमन गर्ने र त्यसलाई निरन्तरता दिने काममा सांसदहरू नै गम्भीर भएको पाइएन। सरकारद्वारा दिइएका आश्वासनहरू मध्ये अधिकांश औपचारिकताका रूपमा मात्र सीमित रहे। राष्ट्रिय सवालको सट्टा सांसदहरू आ-आफ्नो

निर्वाचन क्षेत्रमै केन्द्रित रहे। संसदभित्रको गतिविधिमा विपक्षीलाई मुखभरीको जवाफ दिनका निम्ति तर्कहरूको जोरजाम गर्न मै सांसदहरूको बहुमूल्य समय खेर गयो। संसद भित्रको पातलो उपस्थिति, राष्ट्रिय महत्वका सवालमा पार्टी ह्वीपको खुल्ला उल्लंघन जस्ता घटनाले हाम्रा अगुवाहरू अराजकताको शिकार भएको प्रष्ट देखियो।

संचार जगतलाई प्रकाशित सामाग्रीको आधारमा चेतावनी दिने काम यसवर्षको संसदले गऱ्यो। दुईवटा अविश्वासका प्रस्ताव र एउटा विश्वासको मत गरी तीनवटैमा असफलता र अन्तरघात यो वर्षको संसदको विशेष घटनाका रूपमा चर्चित रह्यो।

उल्लंघनका घटनाहरु

वर्ष पुस्तक १९९६ ले पनि विगतकै निरन्तरतामा एउटा सन्देश दिएको छ। हाम्रो देशका जनता हिंसा तर्फ उन्मुख छन्। बोक्सीको आरोपमा जंगली प्रताडना, क्रूरतापूर्वक हत्या, जिम्मेवार पदमा रहेकाहरूबाटै गैर जिम्मेवार व्यवहार आदिका घटनाहरू यस वर्ष पनि प्रशस्त भए। महिला र बालबालिकालाई कमजोर ठानेर तिनको सम्मानित रूपले बाँच्न पाउने अधिकारको उल्लंघन गरिएका प्रशस्त घटनाहरू पनि पाइए।

यो वर्ष बाबुद्वारा नै छोरीहरू बलात्कृत भए। प्रहरीले पनि माओवादीको आरोप लगाएर बलात्कार गऱ्यो। छुवाछूतको जाँतोमा पिसिएकाहरूले जातीय अहंकार बोक्नेहरूबाट प्रताडित हुनु पऱ्यो।

पति, पत्नी, छोरा, छोरी, बाबुआमा र नजिकका नातेदारहरूद्वारा मारिने, प्रताडित हुनेहरू थुप्रै भए। बेचबिखन र बलात्कारका घटनामा आफन्तहरूको संलग्नता बढेको पाइयो।

वनपाले, प्रहरी, प्रशासकहरू उन्मत्त भएर मानिसका मौलिक अधिकार उपर जाइलागेको पाइयो।

माओवादी जनयुद्ध

०५२ फागुन १ देखि संचालित जनयुद्धले रोल्पा, रूकुम, जाजरकोट, सिन्धुली लगायत रामेछाप जिल्लालाई प्रत्यक्षः आक्रान्त पारेको देखियो। प्रहरी अपरेसनद्वारा यो घटनाको नियन्त्रण गर्ने नाममा सरकारले जिम्मेवारी, कानून, नियम र अनुशासनका तमाम् बार बन्देज भत्काइदियो। माओवादी भनिनेहरूले पनि जनताको मौलिक अधिकारको रत्ति ख्याल गरेनन्।

सत्तापक्षका मानिसहरू नै हातमा बन्दुक बोकेर, प्रहरी पछि लगाएर माओवादी खोज्न गाउँ गाउँ हिंडे। काल्पनिक मुठभेडका घटना बनाएर, कुटपिट गरेर, भिरबाट खसालेर र जबरजस्ती घरभित्र छिरेर गोली प्रहार गर्दै मानिसहरूको हत्या गरियो।

माओवादीको आरोपमा ९ वर्षे बालकले पनि बाबुको बुइ चढेर अदालतमा तारेख खेप्नु पऱ्यो।

महाकाली सन्धि

नेपाल भारत बीच सम्पन्न महाकाली सन्धिका कारण सबै प्रमुख पार्टीहरू गुट-उपगुटमा विभाजित भए। विस्तृत योजना प्रतिवेदन बनाउनु भन्दा पहिले नै सन्धि अनुमोदन गर्ने हतारो सत्ताधारी पार्टीहरू र प्रमुख प्रतिपक्षमा समेत देखियो।

जेल

बहुदलीय व्यवस्थाको स्थापना हुनु अघि नेपालका जेलहरू राजनीतिक मानिसहरूले भरिएका हुन्थे। तर आज जेलका चिसा र अँध्यारा कोठाका आफ्ना दौंतरीहरूका बारेमा कुनै नेतालाई पनि सम्झना भए जस्तो लाग्दैन। बन्दीहरूलाई सम्मानित जीवन बाँच्ने प्रेरणा दिनका लागि कुनै पनि योगदान वर्तमान जेल जीवनले दिंदैन। बरू उल्टै निरासा, थकावट र आपराधिक मनोवृत्ति लिएर अपराधीहरू जेलबाट छुट्छन्। जेल प्रशासनलाई सामान्य प्रशासनकै दर्जामा राखिएको छ। २१ सौं शताब्दीको संघारमा नेल र हत्कडी लगाएर, प्लाष्टिकका थैला, भाँडामा दिसा-पिसाब गर्नुपर्ने दर्दनाक परिस्थितिमा बन्दीहरू जकडिएका छन्। कानूनी सहायता पाउन नसकेर थुप्रै बन्दीहरू जेलमा बसिरहेका छन्। राल सिंगान भएका अशक्त, वृद्ध, वृद्धाहरू, अपांग, रोगीहरूको कैद मिनाहा हुने गर्दैन। चौखण्डी व्यवस्थाको न्यायपूर्ण उपयोग पनि सरकारले गर्ने गरेको देखिएन।

शैक्षिक आन्दोलन

शिक्षा क्षेत्र अहिले पनि दिशा बिहीन छ। आजको व्यावसायिक कौशलको युगमा मध्ययुगीन शिक्षा नीति कायम छ। पढाई सकेर विद्यालय क्याम्पस छोड्नेहरू औपनिवेशिक कालका बाबु र क्लर्क बन्न मात्र लायक भएर निस्कन्छन्।

विद्यालय, क्याम्पसहरू तमाम बिसंगति थुप्रने वा सत्ता र पार्टीको राजनीतिका लागि आ-आफ्नो शक्तिको परीक्षण गर्ने अखडामा रूपान्तरित भएका छन्।

निजी विद्यालय र सरकारी विद्यालयहरू बीचको भिन्नताले गर्दा आर्थिक र सांस्कृतिक दुबै दृष्टिकोणले बेग्ला बेग्लै वर्गको उत्पत्ति भइरहेको छ। भाषाको शुद्धता, संस्कृतिको रक्षा, आत्मनिर्भरता र परम्पराको परिमार्जन तर्फ आजको शिक्षा नीतिले कुनै योगदान दिन सकेको छैन। अध्यापन पेशा बस कुर्न बसपार्कमा उभिए जस्तो भएको छ। भनिन्छ, नक्कली सर्टिफिकेट भएका सबैभन्दा धेरै मानिसहरू शिक्षा क्षेत्रकै रोजगारीमा छन्। सक्षम मानिसहरू अर्को कुनै राम्रो पेशा नपाउञ्जेल मात्र अध्यापन गर्छन्।

शिक्षक, प्राध्यापक समूदायको अत्यधिक राजनीतिकरण भएको छ। विद्यालय शिक्षकहरूको भरमा नै प्रमुख राजनीतिक पार्टीहरूको ग्रामिण स्तरीय राजनीति चल्ने गरेको देखिन्छ।

देशमा बहुदलीय व्यवस्थाको स्थापनाको लगत्तै

मानवअधिकार शिक्षालाई पाठ्यक्रममा समावेश गर्नुपर्ने माग उठाइएको थियो। तर, अद्यापि यस तर्फ सरकारले पाइला चालेको पाइएको छैन।

आमसंचार

नेपालको आमसंचार राजनीतिक चिन्तनहरूमा विभाजित छ। निजी झगडा र मनमुटाव उत्पन्न गर्ने काममा संचार क्षेत्र पोख्त छ र क्रियाशील पनि छ।

संचारकर्मीहरू संसद, सरकार र आमजनता सबै क्षेत्रबाट तिरस्कृत बन्नु परेको छ। सामान्य समाचार प्रकाशित गरे बापत अपमानित र प्रताडित हुनु परेको छ। तथापि, क्रमशः हाम्रो संचार जगत व्यावसायिकता तर्फ अभिमुख भएको पाइन्छ।

मानवअधिकारको क्षेत्रलाई नेपाली संचार जगतले तुलनात्मक रूपले राम्रो स्थान दिएको भने छ।

ट्रेड यूनियन

नेपालको ट्रेड यूनियन आन्दोलनले पञ्चायती कालभरी निर्मम दमन भोग्नु पऱ्यो। मजदूरहरूको संगठित जुलुस उपर गरिएको दमनमा परी कैयनले आफ्नो ज्यान दिए। नेपालका मूर्धन्य राजनेताहरू ट्रेड यूनियन आन्दोलनकै उपज हुन्।

बहुदलको आगमन पश्चात ट्रेड यूनियन आन्दोलन राजनीतिक धार अनुरूप विभाजित हुँदै गएको झन प्रष्ट हुँदै गएको छ। निजामति कर्मचारी, सरकारी, संस्थानका कर्मचारी, शिक्षक, प्राध्यापक, मजदूर सबैलाई ट्रेड यूनियनमा आवद्ध पार्ने घोषित नीति एक पक्षबाट चालु राखिएको छ।

मजदूरहरू केवल आर्थिक मागहरूमा मात्र सीमित भएका छन्। दीर्घकालीन र वैचारिक काम हुन सकेको छैन।

असंगठित क्षेत्रका मजदूरहरूका हकहितका लागि ट्रेड यूनियन आन्दोलनले प्रभावकारी भूमिका निर्वाह गर्न सकेको पाइएको छैन।

कृषि मजदूर, बगान र फार्ममा काम गर्ने मजदूर तथा कमैयाहरूको क्षेत्रमा ट्रेड यूनियन आन्दोलन भर्खरै बामे सर्न थालेको छ।

महिला

महिलाहरूको आर्थिक अधिकारको सवालमा सर्वोच्च अदालतको निर्देशनात्मक फैसलाको पनि पालना हुन सकेन।

भारतमा वेश्याजीवन बिताइरहेका महिलाहरूको उद्धार गर्ने त्यहाँको समाजसेवी संस्थाले आफ्नो सेवा उपलब्ध गराउने वचनवद्धता प्रकट गऱ्यो। स्वयम् प्रधानमन्त्रीले वचन दिनु भएको भएता पनि त्यहाँ बेचिएका चेलीहरूलाई नेपाल फर्काउने विषयमा सरकार उदासिन रह्यो। मानवअधिकारवादी संस्थाहरूले जिम्मेवारी लिन खोज्दा पनि सरकारले सहयोग गरेन। अहिले भारत बाहेक अरब, हङकङ, मलेसिया, जापान र कोरियामा समेत "तरूनी निर्यात गर्ने देश" को रूपमा नेपाल बदनाम हुन थालेको छ। चेलीबेटी बेचबिखन कतिपय गाउँहरूमा स्वीकृत पेशाको रूपमा स्थापित भएको छ।

गर्भपतनको अधिकारमाथि पूरै बन्देज लगाउने कानूनहरू विद्यमान छन्। गाउँघरमा घाँस दाउरा लगायत महिलाहरूले कडा परिश्रमको काम गर्नु पर्छ। कारणवश गर्भपतन हुन गएमा पनि उनीहरू कानूनको फन्दामा पर्छन्। नेपालका जेलहरूमा अधिकांश महिलाहरू यस्तै आरोप लागेर जेल जीवन बिताइरहेका छन्।

वेश्यावृत्ति विरूद्ध कुनै कानून छैन। त्यस्तै छेडखानी वा अश्लिल व्यवहारको विरूद्ध पनि कानूनी उपचार सम्भव छैन। हामी अहिले पनि जहाँनिया राणा शासनको बेलामा बनाइएका डेढसय वर्ष पुराना कानूनको आधारमा आजका नारीहरूको समस्याको समाधान खोज्ने विडम्बनापूर्ण स्थितिमा छौं।

बालबालिका

बालबालिकाको क्षेत्रमा रावलपिण्डी घोषणा पत्र लगायत अन्य अन्तर्राष्ट्रिय मान्यताहरूप्रति सरकारको प्रतिवद्धता जाहेर भयो। तर बाल विकासलाई सिंगै समाज र देशको विकाससंग गाँसेर हेर्ने संस्कृतिको निर्माण भएको छैन।

गरीब गुरूवाहरू स-साना छोराछोरीलाई गोठालो बनाउन र बालश्रम गराउन वाध्य छन्। नेपालका ५ जिल्लाहरूमा दास जीवन बिताइरहेका कमैयाका छोराछोरी मालिककहाँ बेचिएका आफ्ना आमा-बाबुका लागि कठोर परिश्रम गर्छन्। उनीहरूको भविष्य अन्धकारमय छ। गाउँघरमा बरालिएर र उत्पीडित भएर हिंडेका बालबालिकाहरू शहर पसेर खाते जीवन बिताइरहेका छन्।

बालअधिकारको क्षेत्रमा गर्नुपर्ने कामहरू प्रशस्त बाँकी छन्।

यातना

यातना मानवजातिको लागि कलंकपूर्ण व्यवहार हो। राज्यको तहबाट दिइने यातनाका कारण नेपालका थुप्रै नागरिकले ज्यान गुमाउनु पऱ्यो। अपांग जीवन बिताउन बाध्य हुनु पऱ्यो। अपराधको छानवीन गर्ने बैज्ञानिक श्रोत साधन नभएको कारणले "काँक्रा चोरलाई मुडकी सास्ती" को तरिका अवलम्बन गरेर बक्न लगाउने परम्परा बस्न गएको हो।

यातनाका तरिकाहरू अहिले पनि यथावत छन्। पिन रोप्ने, पेल्ने, कुखुरा बनाउने, पानीमा चोपल्ने आदि अमानुषिक तरिकामा खप्पिस भएका नेपालका प्रहरीहरू अहिले पनि त्यही तरिका अवलम्बन गर्ने गर्छन्। सरकारले आफ्नो राजनीतिक विपक्षी ठानेका मानिसहरू उपर नेपालका प्रहरीहरू दैत्य बनेर जाइलाग्ने गर्छन्।

बन कार्यालयहरूमा अहिले पनि तुरूङ्ग राख्ने चलन छ। सोझा र असहाय गाउँलेहरू प्रहरी यातनाबाट पीडित हुने गर्छन। यस वर्ष पनि वन कार्यालयका हिरासतमा एक जनाको मृत्यु भयो भने दर्जनौ मानिसले यातना भोग्नु पऱ्यो।

एकाध घटनामा दोषीहरू उपर सजाय हुने गरेको पनि पाइन्छ। भर्खरै मात्र क्षतिपूर्ति विधेयक पारित भएकोले यातनाको हालको स्थितिमा परिवर्तन हुने आशा राखिएको छ। तर जबसम्म मानव जीवनको सम्मानपूर्वक रक्षाका लागि नियुक्त प्रहरी प्रशासनमा मानवअधिकार संचेतनाको विकास हुँदैन तबसम्म यातनाको स्थापित प्रथालाई रोक्न सकिँदैन।

घरेलु हिंसा, छुवाछूत आदिका कारण समाजमा हुने दैनन्दिन यातनाको रोकथाम पनि ठूलो चुनौतिको रूपमा रहेको छ।

सुझाव

न्यायको क्षेत्रमा

- न्यायिक निकायले सम्पादन गर्ने न्यायिक कामहरू छिटो छरितो र चुस्त दुरूस्त हुन नसक्नुका पछाडि साधन र श्रोतको न्यूनताले पनि उत्तिकै भूमिका निर्वाह गरेको छ। त्यसकारण देशका सबै अदालतहरूलाई साधन र श्रोतले सम्पन्न बनाइनु पर्छ।
- न्यायिक निर्णयहरू सम्बन्धी अभिलेखहरू सुव्यवस्थित नहुँदा र समयमै सञ्चारण नहुँदा कैद भुक्तान भइसकेपछि पनि नागरिकहरूले जेलमै बसिरहनु परेको उदाहरण भेटिएका छन्। अतः अभिलेखलाई वैज्ञानिक ढंगले राख्ने तर्फ ध्यान पुऱ्याउनु जरूरी छ।
- अदालतको वेञ्च र वार बीच आवश्यक समन्वय समझदारी एवं सम्बन्ध सुमधुर नभए न्याय निरूपणमा जटिलताहरू थपिन्छन्। त्यसैले वार र वेञ्चको सम्बन्ध सुमधुर बनाउनु आवश्यक छ।

सरकार समक्ष

- मानवअधिकार आयोग सम्बन्धी विगत देखिको आम चासो र माग अनुरूप यसै वर्ष मात्र ऐन निर्माण भएको छ। तर ऐन निर्माण भएको निकै समय वितिसके ता पनि मानवअधिकार आयोग विधिवत गठन भएको छैन। शिघ्र आयोग गठन गरी कार्य आरम्भ गर्नु पर्दछ। साथै ऐनमा रहेका कमी कमजोरीहरूलाई क्रमशः सच्याउने र सुधार गर्ने तर्फ अग्रसर हुनु पर्दछ।
- शिक्षाको जगदेखि नै मानवअधिकार शिक्षालाई पाठ्यक्रममा समावेश गर्ने तर्फ ठोस काम थाली हाल्नु जरूरी भइसकेको छ।
- गृह प्रशासनका सम्पूर्ण निकायमा मानवअधिकार सम्बन्धी चेतना र शिक्षा प्रदान गर्ने आवश्यक व्यवस्था गर्नु पर्दछ।
- मानवअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि सम्झौता एवं अनुबन्धहरूको अनुकूल हुने गरी कानून निर्माण गर्ने, संशोधन एवं परिमार्जन गर्ने कार्य नदारूकताका साथ गरिनु पर्छ।
- राज्य पक्षको हैसियतले संयुक्त राष्ट्र संघमा श्री ५ को सरकारले प्रस्तुत गर्नु पर्ने आवधिक प्रतिवेदनहरूमा गैरसरकारी संस्थाहरूका राय सुझावहरूलाई समेत समावेश गर्ने सोच एवं संस्कार विकास गरिनु आवश्यक छ।
- मुलुकका तमाम जेलहरूमा अहिले प्रजातन्त्र र मानवअधिकारको अनुभूति हुन सकेको छैन। अधिकांश जेलहरूको दुर्दशा हिजो जस्तो थियो आज पनि उस्तै छ। एकपछि अर्को आयोग र कार्यदल बनाएर साधन र श्रोत दुरूपयोग गर्नु भन्दा विगतका प्रतिवेदनहरूलाई व्यावहारिक रूपले कार्यान्वयन गर्नु चाहीं उपलब्धीपूर्ण हुनेछ।
- महिला र बालबालिकाका हक अधिकारको बारेमा व्यापक जनचेतना निर्माण गर्ने ठोसै ढंगले अभियान नै संचालन गर्नु पर्दछ। अझ बाल अधिकार संरक्षणका निम्ति छुट्टै बाल अदालतको साथै पारिवारिक अदालतको आवश्यकता दिन प्रतिदिन टड्कारो बन्दै गएको छ। यस तर्फ पहल गर्नु पर्दछ।
- यस वर्ष संसदद्वारा पारित यातना सम्बन्धी क्षतिपूर्ति विधेयकलाई व्यावहारिक कार्यान्वयनमा लागी हाल्नु पर्दछ। साथै कमैया जस्तो घोर मानवअधिकार विरोधी प्रथालाई समूल नष्ट गर्न, कमैयाहरूको हक अधिकारहरूको संरक्षण गर्न उपयुक्त कानून बनाउने तर्फ सरकार नदारूकताका साथ लागी हाल्नु आवश्यक छ।

संसद समक्ष

- मानवअधिकार तथा परराष्ट्र समितिले मुलुकको मानवअधिकार स्थितिको अनुगमन गर्नु पर्दछ। अनुगमनबाट प्राप्त स्थितिको बारेमा आवधिक प्रतिवेदनहरू तयार गर्दा सरकार एवं संसदको ध्यानाकर्षण गर्ने कार्य गर्नु पर्दछ।
- मानवअधिकार हननलाई न्यून गर्न तथा रोक्न, आवश्यक कानूनहरूको आवश्यकता पहिचान गर्नुपर्छ। त्यस अनुरूपका कानूनहरूको निर्माण र भइरहेकै कानूनहरूको परिमार्जन तथा संशोधनका निम्ति संसदलाई परिचालन गर्न क्रियाशील हुनु जरूरी छ।

गैर सरकारी क्षेत्र समक्ष

- मानवअधिकार सम्बन्धी जनचेतना अभिवृद्धिका निम्ति यस क्षेत्रमा क्रियाशील संघ संस्थाहरूले व्यापक अभियान संचालन गर्नु पर्छ। त्यस्ता अभियानहरू मार्फत खासगरी उत्पीडित र पिछडिएको जाति र क्षेत्रलाई प्राथमिकता दिनु पर्दछ।
- मानवअधिकार सम्बन्धी राष्ट्रिय मुद्दामा एकीकृत आवाज उठाउने, संयुक्त किसिमको दबावमूलक कार्यक्रमहरूको संचालन गर्ने जस्ता कामलाई महत्वका साथ लिनु पर्दछ।
- मानवअधिकार उल्लंघनका घटनाहरूलाई उजागर गर्ने कुरामा गैरसरकारी संस्थाहरू अझ बढी सक्रिय हुनु पर्ने आवश्यकता देखिएको छ।

■

परिच्छेद ५

मानवअधिकार उल्लंघन तथ्यांक १९९३-१९९६

वर्ष पुस्तकमा प्रकाशित गरिने मानवअधिकार उल्लंघनका तथ्यहरू विषयको अनुसूचि अन्तर्गतका घटनाहरूको जिल्लागत र राष्ट्रिय तथ्यांक प्रस्तुत गर्नका लागि यो वर्ष पनि हामीले यो परिच्छेद समावेश गरेका छौं। वर्ष पुस्तक भित्र यस्ता पनि घटनाहरू छन् भन्ने परिच्छेद ६ ले प्रतिनिधिमूलक घटनाहरू संकलन गरेको हुँदा यी दुवै परिच्छेदले मानवअधिकार उल्लंघनको राष्ट्रिय तथ्यांक र चरित्र प्रस्तुत गरेको छ।

कुनै पनि घटनाले मानवअधिकारका जुन-जुन क्षेत्रको उल्लंघन गर्दछ ती सबै शीर्षकमा उल्लंघनका घटनालाई उल्लेख गर्ने गरिन्छ। जस्तो कसैलाई विना पुर्जी पक्रेर हिरासतमा यातना दिइयो, समयमा अदालत समक्ष प्रस्तुत गरिएन भने गैरकानूनी थुना, यातना र न्यायिक अधिकारको उल्लंघन भएकोले ती सबै शीर्षकमा गणना गरिन्छ। यो अन्तर्राष्ट्रिय प्रचलन हो। तर हामीले त्यस्ता घटनालाई जुन शीर्षकको सबभन्दा वढी उल्लंघन भएको छ त्यसमा मात्र दर्ज गरेका छौं। बलात्कार पछि हत्या गरिएकाको हकमा भने हत्याको शीर्षकमा मात्र उल्लेख गरेको भएतापनि बलात्कारको तथ्यांकमा पनि समावेश गरेका छौं। अतः यकिन रूपले मानवअधिकार उल्लंघन भएका बाहेकका घटनाहरूलाई तथ्यांकमा समावेश गरिएको छैन। बलात्कार अन्तर्गत बलात्कार प्रयास समेतलाई समावेश गरिएको छ। तर दायाँ पट्टि "प्रयास-संख्या" भनी जनाइएको छ। हत्या/गोली शीर्षक अन्तरगत तथ्यांकमा देखाउँदा सजिलोको लागि यस वर्षदेखि हत्या, गोलीद्वारा हत्या, गोलीद्वारा घाइते र यातनाले मृत्यु गरी छुट्टाछुट्टै तथ्यांक प्रस्तुत गरेका छौं।

सबै उल्लंघनका घटनाहरूलाई त्यसको मुख्य कारणका आधारमा (क) राजनीतिक (ख) व्यक्तिगत/सामाजिक र (ग) राजनीतिक गरी तीन प्रमुख कारणहरूमा विभक्त गरेर प्रस्तुत गरिएको छ। कुनै जिल्लामा उल्लेख नभएको अवस्थामा सो शिर्क्षक उल्लेख गरिएको छैन।

वर्ष पुस्तकमा प्रकाशित सबै घटनाहरू तथ्यांकमा समावेश गरिएको छैन। स्पष्टतः मानवअधिकार उल्लंघन भएका घटनाहरूलाई मात्र तथ्यांकमा समावेश गरिएको छ।

यस पटक जम्मा ११ शिर्षकमा घटनाहरूलाई विभक्त गरेर निम्न शिर्षकमा तथ्यांक प्रस्तुत गरिएको छ :

१.१.१ हत्या
१.१.२ गोलीद्वारा घाइते
१.१.३ गोलीद्वारा हत्या
१.१.४ यातनाले मृत्यु
१.३.१ गिरफ्तारी
१.१.४ यातना
१.३.३ लाठी चार्ज
१.५ धम्की/कुटपिट
१.६ थुनामा मृत्यु
४.१.१ महिला किनबेच
४.१.२ बलात्कार

मानवअधिकार उल्लंघन तथ्यांक १९९६

जिल्ला घटना शिर्षक	उल्लंघन घटना संख्या			पीडित संख्या				कैफियत
	राज्य	व्यक्तिगत/ सामाजिक	राजनीतिक	जम्मा	पुरूष	महिला	नाबालक	
१.१ झापा								
१.१.१ हत्या	०	११	०	११	७	४	०	
१.१.२ गोलीद्वारा घाइते	०	२	०	२	२	०	०	
१.३.१ गिरफ्तारी	५	०	०	११	११	०	०	
१.३.२ यातना	१०	०	०	१३	१३	०	०	माओवादीको नाममा - घटना-१/पीडित-२
१.३.३ लाठी चार्ज	१	०	०	४	४	०	०	
१.५ धम्की/कुटपिट	०	१	२	७	७	०	०	
४.१.१ महिला किनबेच	०	७	०	११	०	११	०	
४.१.२ बलात्कार	०	५	०	६	०	१	५	
जम्मा	**१६**	**२६**	**२**	**६५**	**४४**	**१६**	**५**	
१.२ इलाम								
१.१.१ हत्या	०	५	०	५	४	१	०	
१.२ जेल	१	०	०	६	६	०	०	भोक हडताल
१.३.२ यातना	२	०	०	४	३	१	०	
१.५ धम्की/कुटपिट	०	२	०	२	२	०	०	
४.१.१ महिला किनबेच	०	१	०	५	०	५	०	
४.१.२ बलात्कार	०	१	०	१	०	१	०	
जम्मा	**३**	**९**	**०**	**२३**	**१५**	**८**	**०**	
१.३ पाँचथर								
१.१.१ हत्या	०	२	०	३	१	१	१	
१.३.१ गिरफ्तारी	१	०	०	१	१	०	०	
१.५ धम्की/कुटपिट	०	१४	१	१८	१३	५	०	
४.१.१ महिला किनबेच	०	२	०	५	०	४	१	
४.१.२ बलात्कार	०	१	०	१	०	०	१	
जम्मा	**१**	**१९**	**१**	**२८**	**१५**	**१०**	**३**	
१.४ ताप्लेजुङ								
१.१.१ हत्या	०	१	०	१	१	०	०	
१.१.३ गोलीद्वारा हत्या	०	१	०	१	१	०	०	
१.३.२ यातना	२	०	०	३	३	०	०	
१.५ धम्की/कुटपिट	०	०	२	३	३	०	०	
जम्मा	**२**	**२**	**२**	**८**	**८**	**०**	**०**	
१.५ मोरङ								
१.१.१ हत्या	०	५	०	५	३	१	१	
१.३.१ गिरफ्तारी	१	०	०	२४	२४	०	०	
१.३.२ यातना	७	०	०	११	१०	१	०	
१.३.३ लाठी चार्ज	१	०	०	३०	०	२	०	
१.५ धम्की/कुटपिट	०	१०	०	२१	१५	०	०	
१.६ थुनामा मृत्यु	१	०	०	१	१	०	०	
४.१.१ महिला किनबेच	०	२	०	४	०	४	०	
४.१.२ बलात्कार	०	५	०	५	०	२	३	प्रयास-१
जम्मा	**१०**	**२२**	**०**	**१०१**	**५३**	**१०**	**४**	
१.६ सुनसरी								
१.१.१ हत्या	०	७	०	७	४	३	०	
१.३.१ गिरफ्तारी	३	०	०	१३	१३	०	०	माओवादीको नाममा - घटना-२/पीडित-८

जिल्ला घटना शिर्षक	उल्लंघन घटना संख्या			पीडित संख्या				कैफियत
	राज्य	व्यक्तिगत/सामाजिक	राजनीतिक	जम्मा	पुरूष	महिला	नावालक	
१.३.२ यातना	३	०	०	८	८	०	०	
१.५ धम्की/कुटपिट	०	२९	२	३५	४	१	०	
४.१.१ महिला किनबेच	०	३	०	४	०	४	०	
४.१.२ बलात्कार	०	४	०	४	०	२	२	बाबुद्वारा - १
जम्मा	**६**	**४३**	**२**	**६१**	**२९**	**१०**	**२**	
१.७ धनकुटा								
१.१.१ हत्या	०	४	०	४	२	२	०	
१.१.३ गोलीद्वारा हत्या	०	१	०	१	१	०	०	
१.५ धम्की/कुटपिट	०	९	०	११	९	२	०	
४.१.१ महिला किनबेच	०	२	०	२	०	१	१	
४.१.२ बलात्कार	०	३	०	३	०	२	१	
जम्मा	**०**	**१९**	**०**	**२१**	**१२**	**७**	**२**	
१.८ तेह्रथुम								
१.१.१ हत्या	०	२	०	२	१	१	०	
१.३.१ गिरफ्तारी	१	०	०	७	७	०	०	
१.३.२ यातना	३	०	०	१३	१३	०	०	
१.५ धम्की/कुटपिट	०	९	०					
जम्मा	**४**	**११**	**०**	**२२**	**२१**	**१**	**०**	
१.९ भोजपुर								
१.१.१ हत्या								
१.१.२ गोलीद्वारा घाइते	०	०	१	१	१	०	०	
१.३.१ गिरफ्तारी	३	०	०	१२	९	३	०	माओवादीको नाममा - घटना-२/पीडित-९
१.३.२ यातना	२	०	०	६	४	२	०	
१.५ धम्की/कुटपिट	०	१३	१	१७	१४	३	०	
१.६ थुनामा मृत्यु	१	०	०	१	१	०	०	
४.१.२ बलात्कार	०	३	०	३	०	२	१	प्रयास-१ / ससुराद्वारा-१
जम्मा	**६**	**१६**	**२**	**४०**	**२९**	**१०**	**१**	
१.१० संखुवासभा								
१.१.१ हत्या	०	४	०	४	४	०	०	
१.५ धम्की/कुटपिट	०	६	०	९	७	२	०	
४.१.२ बलात्कार	०	२	०	२	०	१	१	झड्केलो बाबुद्वारा-१
जम्मा	**०**	**१२**	**०**	**१५**	**११**	**३**	**१**	
१.११ सप्तरी								
१.१.१ हत्या	०	९	०	९	९	०	०	
१.१.२ गोलीद्वारा घाइते	१	०	०	१५	१३	२	०	
१.१.३ गोलीद्वारा हत्या	०	२	०	२	१	१	०	
१.३.२ यातना	२	०	०	२	२	०	०	
१.५ धम्की/कुटपिट	०	२	१	७	२	४	१	
१.६ थुनामा मृत्यु	१	०	०	१	१	०	०	
४.१.२ बलात्कार	०	१	०	१	०	०	१	
जम्मा	**४**	**१४**	**१**	**३७**	**२८**	**७**	**२**	
१.१२ सिराहा								
१.१.१ हत्या	०	१२	०	१२	१०	१	१	
१.१.२ गोलीद्वारा घाइते	०	१	०	२	१	१	०	

जिल्ला घटना शिर्षक	उल्लंघन घटना संख्या			पीडित संख्या				कैफियत
	राज्य	व्यक्तिगत/ सामाजिक	राजनीतिक	जम्मा	पुरूष	महिला	नाबालक	
१.३.२ यातना	१	०	०	१	१	०	०	
१.५ धम्की/कुटपिट	०	१७	०	२१	१८	३	०	
४.१.१ महिला किनबेच	०	१	०	१	०	०	१	
४.१.२ बलात्कार	०	१	०	१	०	१	०	
जम्मा	**१**	**३२**	**०**	**३८**	**३०**	**६**	**२**	
१.१३ उदयपुर								
१.१.१ हत्या	०	६	०	९	७	२	०	
१.३.१ गिरफ्तारी	३	०	०	१५५	५	०	०	माओवादीको नाममा - घटना-१/पीडित-१
१.३.२ यातना	११	०	०	१९	१९	०	०	
१.५ धम्की/कुटपिट	१८	६	०	३८	३१	७	०	
४.१.१ महिला किनबेच	०	२	०	२	०	२	०	
४.१.२ बलात्कार	०	५	०	६	०	५	१	प्रयास-१
जम्मा	**३२**	**१९**	**०**	**२२९**	**६२**	**१६**	**१**	
१.१४ खोटाङ								
१.१.१ हत्या	०	३	०	३	३	०	०	
१.३.२ यातना	१	०	०	६	६	०	०	माओवादीको नाममा
१.५ धम्की/कुटपिट	०	६	०	१६	११	५	०	
४.१.२ बलात्कार	०	१	०	१	०	१	०	
जम्मा	**१**	**१०**	**०**	**२६**	**२०**	**६**	**०**	
१.१५ ओखलढुङ्गा								
१.१.१ हत्या	०	७	०	७	४	१	२	
१.३.१ गिरफ्तारी	७	०	०	१०	८	१	१	माओवादीको नाममा - घटना-२/पीडित-५
१.३.२ यातना	६	०	०	१८	१७	१	०	
१.५ धम्की/कुटपिट	१	६	०	११	५	०	०	
जम्मा	**१४**	**१३**	**०**	**४६**	**३४**	**३**	**३**	
१.१६ सोलुखुम्बु								
१.१.१ हत्या	०	२	०	२	२	०	०	
१.३.१ गिरफ्तारी	१	०	०	१२	१२	०	०	
१.५ धम्की/कुटपिट	०	१४	०	१७	१३	४	०	
जम्मा	**१**	**१६**	**०**	**३१**	**२७**	**४**	**०**	
१. पुर्वाञ्चल								
१.१.१ हत्या	०	८०	०	८४	६२	१७	५	
१.१.२ गोलीद्वारा घाइते	१	३	१	२०	१७	३	०	
१.१.३ गोलीद्वारा हत्या	०	४	०	४	३	१	०	
१.३.१ गिरफ्तारी	२५	०	०	२४५	९०	४	१	
१.३.२ यातना	५०	०	०	१०४	९९	५	०	
१.३.३ लाठी चार्ज	२	०	०	३४	४	२	०	
१.५ धम्की/कुटपिट	१९	१४४	९	२३३	१५४	३६	१	
१.६ थुनामा मृत्यु	३	०	०	३	३	०	०	
४.१.१ महिला किनबेच	०	२०	०	३४	०	३१	३	
४.१.२ बलात्कार	०	३२	०	३४	०	१८	१६	
जम्मा	**१००**	**२८३**	**१०**	**७९५**	**४३२**	**११७**	**२६**	

Resource Centre
INSEC

जिल्ला घटना शिर्षक	उल्लंघन घटना संख्या			पीडित संख्या				कैफियत
	राज्य	व्यक्तिगत/ सामाजिक	राजनीतिक	जम्मा	पुरुष	महिला	नाबालक	
२.१ धनुषा								
१.१.१ हत्या	०	१७	०	१७	७	८	२	
१.१.२ गोलीद्वारा घाइते	०	१	१	५	५	०	०	
१.३.१ गिरफ्तारी	१	०	०	१	१	०	०	
१.५ धम्की/कुटपिट	०	३	१	५	३	२	०	
४.१.२ बलात्कार	०	४	०	४	०	४	०	
जम्मा	**१**	**२५**	**२**	**३२**	**१६**	**१४**	**२**	
२.२ महोत्तरी								
१.१.१ हत्या	०	८	०	९	४	४	१	
१.३.२ यातना	३	०	०	७	६	१	०	माओवादीको नामा - घटना-१/पीडित-२
१.४ बेपत्ता पारिएको	०	१	०	१	०	१	०	
१.५ धम्की/कुटपिट	०	१	१	१५	१५	०	०	
१.६ थुनामा मृत्यु	३	०	०	३	३	०	०	
४.१.१ महिला किनबेच	०	१	०	१	०	१	०	
४.१.२ बलात्कार	०	५	०	५	०	४	१	प्रयास-१
जम्मा	**६**	**१६**	**१**	**४१**	**२८**	**११**	**२**	
२.३ सर्लाही								
१.१.१ हत्या	०	९	०	९	६	३		
१.१.२ गोलीद्वारा घाइते	०	१	०	१	०	०	१	
१.२ जेल	१	०	०	१	१	०	०	न्याय सम्पादनको ढिलाईले पीडित
१.५ धम्की/कुटपिट	०	६०	४	७२	५३	१९	०	
४.१.१ महिला किनबेच	०	१	०	२	०	२	०	
४.१.२ बलात्कार	०	६	०	६	०	५	१	प्रयास-१ / ससुराद्वारा-१
जम्मा	**१**	**७७**	**४**	**९१**	**६०**	**२९**	**२**	
२.४ सिन्धुली								
१.१.१ हत्या	०	२	०	२	२	०	०	
१.१.३ गोलीद्वारा हत्या	१	०	०	२	२	०	०	माओवादीको नाममा
१.३.१ गिरफ्तारी	१५	०	०	२७	२७	०	०	माओवादीको नाममा - घटना-२/पीडित-८
१.३.२ यातना	६	०	०	१५	११	४	०	माओवादीको नाममा - घटना-१/पीडित-३
१.५ धम्की/कुटपिट	०	५	०	७	३	०	०	
४.१.२ बलात्कार	०	१	०	१	०	०	१	
जम्मा	**२२**	**८**	**०**	**५४**	**४५**	**४**	**१**	
२.५ रामेछाप								
१.१.१ हत्या	०	३	०	३	१	२	०	
१.३.१ गिरफ्तारी	१	०	०	३	३	०	०	माओवादीको नाममा
१.३.३ लाठी चार्ज	१	०	०	३	३	०	०	
१.५ धम्की/कुटपिट	०	९	५	१८	५	०	०	
४.१.१ महिला किनबेच	०	१	०	३	०	३	०	
४.१.२ बलात्कार	०	४	०	४	०	२	२	
जम्मा	**२**	**१७**	**५**	**३४**	**१२**	**७**	**२**	
२.६ दोलखा								
१.१.१ हत्या	०	५	०	५	१	३	१	
१.१.२ गोलीद्वारा घाइते	१	१	०	५	५	०	०	
१.१.३ गोलीद्वारा हत्या	०	१	०	१	१	०	०	

जिल्ला घटना शिर्षक	उल्लंघन घटना संख्या			पीडित संख्या				कैफियत
	राज्य	व्यक्तिगत/ सामाजिक	राजनीतिक	जम्मा	पुरूष	महिला	नाबालक	
१.३.२ यातना	४	०	०	१६	१६	०	०	माओवादीको नाममा - घटना-१/पीडित-२
१.५ धम्की/कुटपिट	१	१४	०	२६	२०	६	०	
४.१.२ बलात्कार	०	३	०	३	०	१	२	
जम्मा	**६**	**२४**	**०**	**५६**	**४३**	**१०**	**३**	
२.७ रौतहट								
१.१.१ हत्या	०	३	०	३	१	२	०	
१.३.२ यातना	१	०	०	१	१	०	०	
१.५ धम्की/कुटपिट	०	१०	१	१३	३	०	०	
४.१.१ महिला किनबेच	०	१	०	१	०	१	०	
४.१.२ बलात्कार	०	१	०	१	०	१	०	
जम्मा	**१**	**१५**	**१**	**१९**	**५**	**४**	**०**	
२.८ बारा								
१.१.१ हत्या	०	६	०	७	७	०	०	
१.१.२ गोलीद्वारा घाइते	०	४	०	९	९	०	०	
१.१.३ गोलीद्वारा हत्या	१	०	०	३	३	०	०	प्रहरीको गोलीले डाँकाको मृत्यु
१.३.१ गिरफ्तारी	१	०	०	३	३	०	०	माओवादीको नाममा
१.३.२ यातना	५	०	०	९	९	०	०	
१.५ धम्की/कुटपिट	०	१२	२	२४	१०	०	०	
४.१.१ महिला किनबेच	०	३	०	३	०	१	२	
४.१.२ बलात्कार	१	५	०	६	०	३	३	प्रयास-१/बाबुद्वारा-१/वन सुरक्षाकर्मीद्वारा-१
जम्मा	**८**	**३०**	**२**	**६४**	**४१**	**४**	**५**	
२.९ पर्सा								
१.१.१ हत्या	०	१२	०	१२	१०	२	०	
१.१.२ गोलीद्वारा घाइते	०	१	०	१	१	०	०	
१.१.३ गोलीद्वारा हत्या	२	४	०	६	६	०	०	निकुञ्जको गार्डद्वारा-१ / प्रहरीद्वारा-१
१.३.१ गिरफ्तारी	१	०	०	४	४	०	०	
१.३.२ यातना	२	०	०	२	२	०	०	
१.३.३ लाठी चार्ज	३	०	०	७	७	०	०	
१.५ धम्की/कुटपिट	०	१३	०	१५	११	४	०	
४.१.१ महिला किनबेच	०	१	०	२	०	२	०	
४.१.२ बलात्कार	०	३	०	३	०	२	१	प्रयास-१
जम्मा	**८**	**३४**	**०**	**५२**	**४१**	**१०**	**१**	
२.१० चितवन								
१.१.१ हत्या	१	३	०	४	२	१	१	वन सुरक्षाकर्मीद्वारा-१
१.३.१ गिरफ्तारी	२	०	०	१०५	५	०	०	माओवादीको नाममा
१.५ धम्की/कुटपिट	०	६	२	१५	१५	०	०	
४.१.१ महिला किनबेच	०	२	०	२	०	२	०	
४.१.२ बलात्कार	०	१	०	१	०	०	१	
जम्मा	**३**	**१२**	**२**	**१२७**	**२२**	**३**	**२**	
२.११ मकवानपुर								
१.१.१ हत्या	०	८	०	८	३	४	१	
१.१.२ गोलीद्वारा घाइते	०	१	०	१	१	०	०	
१.३.१ गिरफ्तारी	१	०	०	२०	०	०	०	
१.३.२ यातना	१	०	०	१	१	०	०	

जिल्ला घटना शिर्षक	उल्लंघन घटना संख्या			पीडित संख्या				कैफियत
	राज्य	व्यक्तिगत/ सामाजिक	राजनीतिक	जम्मा	पुरुष	महिला	नावालक	
४.१.१ महिला किनबेच	०	३	०	३	०	३	०	
४.१.२ बलात्कार	१	३	०	४	०	२	२	
जम्मा	**३**	**१५**	**०**	**३७**	**५**	**९**	**३**	
२.१२ ललितपुर								
१.१.१ हत्या	०	८	०	८	४	४	०	
१.१.३ गोलीद्वारा हत्या	०	१	०	१	१	०	०	
१.३.१ गिरफ्तारी	२	०	०	७३	०	०	०	
१.५ धम्की/कुटपिट	०	६	०	६	५	१	०	
४.१.१ महिला किनबेच	०	५	०	६	०	६	०	
४.१.२ बलात्कार	०	९	०	९	०	१	८	
जम्मा	**२**	**२९**	**०**	**१०३**	**१०**	**१२**	**८**	
२.१३ काभ्रे								
१.१.१ हत्या	०	५	०	५	१	४	०	
१.१.२ गोलीद्वारा घाइते	०	१	०	१	१	०	०	
१.१.३ गोलीद्वारा हत्या	१	१	०	२	१	०	१	
१.१.४ यातनाले मृत्यु	१	०	०	१	०	१	०	माओवादीको नाममा
१.५ धम्की/कुटपिट	१	११	४	१९	१५	४	०	प्रहरीको कुटाईबाट गर्भपतन-१
४.१.१ महिला किनबेच	०	२	०	२	०	२	०	
४.१.२ बलात्कार	२	२	०	४	०	२	२	प्रयास-१ / प्रहरीद्वारा-१ / सहायक मन्त्रीद्वारा-१
जम्मा	**५**	**२२**	**४**	**३४**	**१८**	**१३**	**३**	
२.१४ भक्तपुर								
१.१.१ हत्या	०	५	०	५	५	०	०	
१.३.१ गिरफ्तारी	४	०	०	४६	४६	०	०	माओवादीको नाममा - घटना-१/पीडित-१
१.५ धम्की/कुटपिट	०	२१	०	२३	२	१	०	
४.१.१ महिला किनबेच	०	१	०	१	०	१	०	
४.१.२ बलात्कार	०	५	०	६	०	२	४	प्रयास-१
जम्मा	**४**	**३२**	**०**	**८१**	**५३**	**४**	**४**	
२.१५ काठमाडौं								
१.१.१ हत्या	०	१७	०	१७	८	८	१	२ जनाको बलात्कारपछि हत्या
१.३.१ गिरफ्तारी	२५	०	०	११९५	५९	३	०	
१.३.२ यातना	१	०	०	३	३	०	०	
१.३.३ लाठी चार्ज	४	०	०	१२९	०	०	०	
१.५ धम्की/कुटपिट	०	२०	०	२४	४	२	०	
१.६ थुनामा मृत्यु	५	०	०	५	४	१	०	२ जनाको प्रहरी हिरासतमा यातनाले मृत्यु
४.१.१ महिला किनबेच	०	१२	०	१७	०	१२	५	
४.१.२ बलात्कार	०	१३	०	१३	०	९	४	
जम्मा	**३५**	**६२**	**०**	**१४०३**	**७८**	**३५**	**१०**	
२.१६ धादिङ								
१.१.१ हत्या	०	४	०	४	२	२	०	
१.१.२ गोलीद्वारा घाइते	०	१	०	१	१	०	०	
१.३.१ गिरफ्तारी	१	०	०	२	२	०	०	
१.५ धम्की/कुटपिट	०	७	२	१४	११	३	०	
४.१.१ महिला किनबेच	०	१	०	१	०	१	०	
४.१.२ बलात्कार	०	२	०	२	०	१	१	प्रयास-१
जम्मा	**१**	**१५**	**२**	**२४**	**१६**	**७**	**१**	

जिल्ला घटना शिर्षक	उल्लंघन घटना संख्या			पीडित संख्या				कैफियत
	राज्य	व्यक्तिगत/ सामाजिक	राजनीतिक	जम्मा	पुरूष	महिला	नाबालक	
२.१७ सिन्धुपाल्चोक								
१.१.१ हत्या	०	२	०	२	२	०	०	
१.१.३ गोलीद्वारा हत्या	०	१	०	१	१	०	०	
१.१.४ यातनाले मृत्यु	१	०	०	१	१	०	०	
१.३.१ गिरफ्तारी	८	०	०	८३	३१	१	१२	माओवादीको नाममा - घटना-२/पीडित-४५
१.३.२ यातना	७	०	०	५०	१२	५	०	माओवादीको नाममा - घटना-१/पीडित-१
१.३.३ लाठी चार्ज	१	०	०	४	०	४	०	
१.५ धम्की/कुटपिट	०	५	१	६	३	३	०	
४.१.१ महिला किनबेच	०	०	०	०	०	०	०	
४.१.२ बलात्कार	०	२	०	२	०	२	०	प्रयास-१
जम्मा	**१७**	**१०**	**१**	**१४९**	**५०**	**१५**	**१२**	
२.१८ नुवाकोट								
१.३.१ गिरफ्तारी	२	०	०	३	३	०	०	
१.३.२ यातना	१	०	०	१	१	०	०	
१.५ धम्की/कुटपिट	१	६	१	८	२	०	०	
१.६ थुनामा मृत्यु	०	०	०	०	०	०	०	
४.१.१ महिला किनबेच	०	२	०	३	०	३	०	
जम्मा	**४**	**८**	**१**	**१५**	**६**	**३**	**०**	
२.१९ रसुवा								
१.३.१ गिरफ्तारी	२	०	०	२	२	०	०	माओवादीको नाममा
२. मध्यमाञ्चल								
१.१.१ हत्या	१	११७	०	१२०	६६	४७	७	
१.१.२ गोलीद्वारा घाइते	१	११	१	२४	२३	०	१	
१.१.३ गोलीद्वारा हत्या	५	८	०	१६	१५	०	१	
१.१.४ यातनाले मृत्यु	२	०	०	२	१	१	०	
१.३.१ गिरफ्तारी	६६	०	०	१५६७	१८६	४	१२	
१.३.२ यातना	३१	०	०	१०५	६२	१०	०	
१.३.३ लाठी चार्ज	९	०	०	१४३	१०	४	०	
१.५ धम्की/कुटपिट	३	२०९	२४	३१०	१८०	४५	०	
१.६ थुनामा मृत्यु	८	०	०	८	७	१	०	
४.१.१ महिला किनबेच	०	३६	०	४७	०	४०	७	
४.१.२ बलात्कार	४	६९	०	७४	०	४१	३३	
जम्मा	**१३०**	**४५०**	**२५**	**२४१६**	**५५०**	**१९३**	**६१**	
३.१ तनहुँ								
१.१.१ हत्या	०	७	०	८	८	०	०	
१.१.३ गोलीद्वारा हत्या	०	१	०	१	१	०	०	
१.३.१ गिरफ्तारी	१	०	०	२	२	०	०	
१.५ धम्की/कुटपिट	०	५	०	६	४	२	०	
४.१.२ बलात्कार	०	४	०	४	०	३	१	प्रयास-२
जम्मा	**१**	**१७**	**०**	**२१**	**१५**	**५**	**१**	
३.२ गोरखा								
१.१.१ हत्या	०	३	०	३	०	२	१	
१.१.२ गोलीद्वारा घाइते	१	०	०	१	०	०	१	

जिल्ला घटना शिर्षक	उल्लंघन घटना संख्या			पीडित संख्या				कैफियत
	राज्य	व्यक्तिगत/ सामाजिक	राजनीतिक	जम्मा	पुरूष	महिला	नाबालक	
१.१.३ गोलीद्वारा हत्या	१	0	0	१	0	0	१	
१.३.१ गिरफ्तारी	१	0	0	१	१	0	0	
१.३.२ यातना	२	0	0	६	६	0	0	
१.५ धम्की/कुटपिट	0	१	0	१	१	0	0	
४.१.१ महिला किनबेच	0	१	0	१	0	१	0	
जम्मा	**५**	**५**	**0**	**१४**	**८**	**३**	**३**	
३.३ लमजुङ								
१.१.१ हत्या	0	१	0	१	१	0	0	
१.३.१ गिरफ्तारी	२	0	0	२	२	0	0	
१.५ धम्की/कुटपिट	0	१	१	३	३	0	0	
जम्मा	**२**	**२**	**१**	**६**	**६**	**0**	**0**	
३.४ स्यांग्जा								
१.१.१ हत्या	0	२	0	२	२	0	0	
१.५ धम्की/कुटपिट	0	४	0	१	१	0	0	
जम्मा	**0**	**६**	**0**	**३**	**३**	**0**	**0**	
३.५ कास्की								
१.१.१ हत्या	0	१३	0	१४	६	७	१	
१.३.१ गिरफ्तारी	१	0	0	१	१	0	0	
१.३.२ यातना	१	0	0	४	२	२	0	
१.५ धम्की/कुटपिट	0	५	१	७	६	१	0	
४.१.१ महिला किनबेच	0	१	0	३	0	0	३	
४.१.२ बलात्कार	0	५	0	५	0	२	३	
जम्मा	**२**	**२४**	**१**	**३४**	**१५**	**१२**	**७**	
३.६ मनाङ								
१.१.१ हत्या	0	१	0	१	१	0	0	
१.५ धम्की/कुटपिट	१	४	0	९	३	0	0	
जम्मा	**१**	**५**	**0**	**१0**	**४**	**0**	**0**	
३.७ नवलपरासी								
१.१.१ हत्या	0	८	0	८	६	२	0	
१.१.२ गोलीद्वारा घाइते	0	१	0	१	१	0	0	
१.३.१ गिरफ्तारी	३	0	0	३	३	0	0	
१.३.३ लाठी चार्ज	१	0	0	८	८	0	0	
१.५ धम्की/कुटपिट	0	४	0	५	0	0	0	
४.१.२ बलात्कार	0	६	0	६	0	३	३	बाबुद्वारा-१
जम्मा	**४**	**१९**	**0**	**३१**	**१८**	**५**	**३**	
३.८ रूपन्देही								
१.१.१ हत्या	0	११	0	११	७	४	0	
१.१.३ गोलीद्वारा हत्या	0	१	0	१	१	0	0	
१.१.४ यातनाले मृत्यु	१	0	0	१	१	0	0	वन सुरक्षाकर्मीद्वारा
४.१.१ महिला किनबेच	0	१	0	१	0	१	0	
४.१.२ बलात्कार	१	६	0	७	0	६	१	झड्केलो बाबुद्वारा-१
जम्मा	**२**	**१९**	**0**	**२१**	**९**	**११**	**१**	
३.९ पाल्पा								
१.१.१ हत्या	0	२	0	२	१	१	0	

जिल्ला घटना शिर्षक	उल्लंघन घटना संख्या			पीडित संख्या				कैफियत
	राज्य	व्यक्तिगत/ सामाजिक	राजनीतिक	जम्मा	पुरूष	महिला	नाबालक	
१.३.१ गिरफ्तारी	१	०	०	३	२	१	०	
१.५ धम्की/कुटपिट	०	१०	१	२१	१५	६	०	
१.६ थुनामा मृत्यु	२	०	०	२	१	१	०	
४.१.१ महिला किनबेच	०	१	०	३	०	३	०	
४.१.२ बलात्कार	०	३	०	३	०	१	२	प्रयास-२
जम्मा	**३**	**१६**	**१**	**३४**	**१९**	**१३**	**२**	
३.१० कपिलवस्तु								
१.१.१ हत्या	०	९	०	९	४	४	१	
१.१.२ गोलीद्वारा घाइते	०	१	०	१	०	०	२	
१.१.३ गोलीद्वारा हत्या	०	२	०	२	१	०	१	
१.३.१ गिरफ्तारी	२	०	०	५	५	०	०	माओवादीको नाममा
१.३.२ यातना	३	०	०	१२	१२	०	०	माओवादीको नाममा - घटना-१/पीडित-१
१.५ धम्की/कुटपिट	०	२	०	३	३	०	०	
१.६ थुनामा मृत्यु	१	०	०	१	१	०	०	
४.१.१ महिला किनबेच	०	१	०	२	०	२	०	
४.१.२ बलात्कार	०	३	०	३	०	१	२	
जम्मा	**६**	**१८**	**०**	**३८**	**२६**	**७**	**६**	
३.११ अर्घाखाँची								
१.१.१ हत्या	०	२	०	२	१	०	१	
१.५ धम्की/कुटपिट	०	११	१	१२	४	८	०	
जम्मा	**०**	**१३**	**१**	**१४**	**५**	**८**	**१**	
३.१२ गुल्मी								
१.१.१ हत्या	०	३	०	३	२	१	०	
१.३.१ गिरफ्तारी	८	०	०	११	११	०	०	
१.५ धम्की/कुटपिट	०	९	१	१०	८	२	०	
जम्मा	**८**	**१२**	**१**	**२४**	**२१**	**३**	**०**	
३.१३ बाग्लुङ								
१.१.१ हत्या	०	५	०	५	५	०	०	
१.३.१ गिरफ्तारी	२	०	०	७	७	०	०	माओवादीको नाममा
१.३.२ यातना	४	०	०	८	८	०	०	माओवादीको नाममा
१.५ धम्की/कुटपिट	०	६	१	७	४	३	०	
४.१.२ बलात्कार	०	२	०	२	०	१	१	प्रयास-१
जम्मा	**६**	**१३**	**१**	**२९**	**२४**	**४**	**१**	
३.१४ पर्वत								
१.१.१ हत्या	०	२	०	२	२	०	०	
१.३.१ गिरफ्तारी	१	०	०	१	०	१	०	
१.५ धम्की/कुटपिट	०	१०	०	२१	२०	१	०	
४.१.२ बलात्कार	०	२	०	२	०	१	१	प्रयास-१
जम्मा	**१**	**१४**	**०**	**२६**	**२२**	**३**	**१**	
३.१५ म्याग्दी								
१.१.१ हत्या	०	१	०	१	१	०	०	
१.३.१ गिरफ्तारी	१	०	०	२	२	०	०	
१.३.२ यातना	३	०	०	३	३	०	०	
१.५ धम्की/कुटपिट	०	७	०	९	३	०	०	
जम्मा	**४**	**८**	**०**	**१५**	**९**	**०**	**०**	

जिल्ला घटना शिर्षक	उल्लंघन घटना संख्या			पीडित संख्या				कैफियत
	राज्य	व्यक्तिगत/ सामाजिक	राजनीतिक	जम्मा	पुरूष	महिला	नाबालक	
३.१६ मुस्ताङ								
१.३.१ गिरफ्तारी	१	०	०	४	४	०	०	
३. पश्चिमाञ्चल								
१.१.१ हत्या	०	७०	०	७२	४७	२१	४	
१.१.२ गोलीद्वारा घाइते	१	२	०	३	१	०	३	
१.१.३ गोलीद्वारा हत्या	१	४	०	५	३	०	२	
१.१.४ यातनाले मृत्यु	१	०	०	१	१	०	०	
१.३.१ गिरफ्तारी	२४	०	०	४२	४०	२	०	
१.३.२ यातना	१३	०	०	३३	३१	२	०	
१.५ धम्की/कुटपिट	१	७९	६	११५	७५	२३	०	
१.६ थुनामा मृत्यु	३	०	०	३	२	१	०	
४.१.१ महिला किनबेच	०	५	०	१०	०	७	३	
४.१.२ बलात्कार	१	३१	०	३२	०	१८	१४	
जम्मा	**४५**	**१९१**	**६**	**३१६**	**२००**	**७४**	**३६**	
४.१ दाङ								
१.१.१ हत्या	०	७	०	७	२	४	१	
१.१.४ यातनाले मृत्यु	१	०	०	१	१	०	०	
१.३.१ गिरफ्तारी	१३	०	०	८०	२९	०	०	माओवादीको नाममा - घटना-६/पीडित-१८
१.३.२ यातना	४	०	०	१८	४	०	१	माओवादीको नाममा - घटना-१/पीडित-२
१.५ धम्की/कुटपिट	०	१०	३	२१	१९	२	०	
४.१.१ महिला किनबेच	०	१	०	१	०	०	१	
४.१.२ बलात्कार	१	५	०	६	०	५	१	प्रहरीद्वारा-१ / बाबुद्वारा-१
जम्मा	**१९**	**२३**	**३**	**१३४**	**५५**	**११**	**४**	
४.२ प्युठान								
१.१.१ हत्या	०	३	०	३	१	२	०	
१.१.२ गोलीद्वारा घाइते	१	१	०	१	१	०	०	माओवादीको नाममा
१.३.१ गिरफ्तारी	२	०	०	७	७	०	०	माओवादीको नाममा
१.५ धम्की/कुटपिट	०	८	१	११	९	२	०	
४.१.२ बलात्कार	०	१	०	१	०	१	०	
जम्मा	**३**	**१३**	**१**	**२३**	**१८**	**५**	**०**	
४.३ रोल्पा								
१.१.१ हत्या	०	७	०	९	८	०	१	
१.१.२ गोलीद्वारा घाइते	०	२	०	३	२	०	१	
१.१.३ गोलीद्वारा हत्या	१२	२	०	२८	२६	२	०	प्रहरीको गोलीले २६ जना माओवादीको मृत्यु
१.३.१ गिरफ्तारी	४	०	०	५	५	०	०	माओवादीको नाममा
१.३.२ यातना	१५	०	०	२५	२४	१	०	माओवादीको नाममा
१.५ धम्की/कुटपिट	०	१२	०	२१	१८	३	०	
१.६ थुनामा मृत्यु	३	०	०	३	३	०	०	यातनाले मृत्यु-२ / गोलीद्वारा -१
४.१.२ बलात्कार	१	०	०	२	०	२	०	प्रहरीद्वारा-१
जम्मा	**३५**	**२३**	**०**	**९६**	**८६**	**८**	**२**	
४.४ सल्यान								
१.१.१ हत्या	०	५	०	५	४	१	०	
१.३.१ गिरफ्तारी	२	०	०	३	३	०	०	माओवादीको नाममा

जिल्ला घटना शिर्षक	उल्लंघन घटना संख्या			पीडित संख्या				कैफियत
	राज्य	व्यक्तिगत/ सामाजिक	राजनीतिक	जम्मा	पुरूष	महिला	नाबालक	
१.३.२ यातना	८	०	०	१४	१४	०	०	माओवादीको नाममा
१.५ धम्की/कुटपिट	०	२	१	३	३	०	०	
४.१.२ बलात्कार	०	१	०	१	०	१	०	
जम्मा	**१०**	**८**	**१**	**२६**	**२४**	**२**	**०**	
४.५ रूकुम								
१.१.१ हत्या	०	११	०	११	१०	१	०	
१.१.३ गोलीद्वारा हत्या	६	१	०	१७	१६	१	०	१४ जना माओवादी र २ प्रहरीको मृत्यु
१.३.२ यातना	५	०	०	२७	२७	०	०	माओवादीको नाममा - घटना-३/पीडित-२३
१.५ धम्की/कुटपिट	०	७	०	७	७	०	०	
४.१.१ महिला किनबेच	०	१	०	१	०	१	०	
४.१.२ बलात्कार	१	०	०	३	०	२	१	प्रहरीद्वारा
जम्मा	**१३**	**२०**	**०**	**६६**	**६०**	**५**	**१**	
४.६ बाँके								
१.१.१ हत्या	०	५	०	५	२	३	०	
१.१.२ गोलीद्वारा घाइते	०	१	०	१	०	१	०	
१.१.३ गोलीद्वारा हत्या	१	०	०	१	१	०	०	प्रहरीद्वारा प्रहरीको हत्या
१.३.१ गिरफ्तारी	३	०	०	५४	५४	०	०	माओवादीको नाममा - घटना-१/पीडित-१५
१.३.२ यातना	२	०	०	३	१	२	०	
१.३.३ लाठी चार्ज	१	०	०	२०	०	०	०	
१.५ धम्की/कुटपिट	०	६	२	९	८	१	०	
४.१.१ महिला किनबेच	०	३	०	४	०	४	०	
४.१.२ बलात्कार	०	२	०	२	०	१	१	
जम्मा	**७**	**१७**	**२**	**९९**	**६६**	**१२**	**१**	
४.७ वर्दिया								
१.१.१ हत्या	०	८	०	९	३	३	३	
१.१.२ गोलीद्वारा घाइते	२	०	०	३	२	१	०	
१.१.३ गोलीद्वारा हत्या	२	०	०	२	२	०	०	सैनिकद्वारा-१
१.३.१ गिरफ्तारी	९	०	०	१३	८	५	०	माओवादीको नाममा - घटना-८/पीडित-८
१.३.२ यातना	१	०	०	१	१	०	०	
१.५ धम्की/कुटपिट	१	०	०	२	१	१	०	
४.१.२ बलात्कार	०	४	०	४	०	३	१	प्रयास-३
जम्मा	**१५**	**१२**	**०**	**३४**	**१७**	**१३**	**४**	
४.८ सुर्खेत								
१.१.१ हत्या	०	२	०	२	१	१	०	
१.३.२ यातना	१	०	०	१	१	०	०	
१.५ धम्की/कुटपिट	०	१२	०	१२	१	०	०	
जम्मा	**१**	**१४**	**०**	**१५**	**३**	**१**	**०**	
४.९ जाजरकोट								
१.१.१ हत्या	२	०	०	३	३	०	०	माओवादीको नाममा
१.१.२ गोलीद्वारा घाइते	१	०	०	१	१	०	०	माओवादीको नाममा
१.१.३ गोलीद्वारा हत्या	१	०	०	२	२	०	०	माओवादीको नाममा
१.३.१ गिरफ्तारी	५	०	०	५	४	१	०	माओवादीको नाममा
१.३.२ यातना	६	०	०	८	४	२	२	माओवादीको नाममा

जिल्ला घटना शिर्षक	उल्लंघन घटना संख्या			पीडित संख्या				कैफियत
	राज्य	व्यक्तिगत/ सामाजिक	राजनीतिक	जम्मा	पुरूष	महिला	नाबालक	
१.५ धम्की/कुटपिट	0	५	0	८	७	१	0	
४.१.२ बलात्कार	१	0	0	१	0	१	0	सैनिकद्वारा-१
जम्मा	**१६**	**५**	**0**	**२८**	**२१**	**५**	**२**	
४.१० दैलेख								
१.१.१ हत्या	0	५	0	५	३	२	0	
१.३.१ गिरफ्तारी	३	0	0	१०	१०	0	0	
१.३.२ यातना	४	0	0	४	४	0	0	माओवादीको नाममा - घटना-२/पीडित-२
१.५ धम्की/कुटपिट	0	६	0	६	0	0	0	
४.१.१ महिला किनबेच	0	१	0	१	0	१	0	
४.१.२ बलात्कार	0	१	0	१	0	१	0	प्रयास
जम्मा	**७**	**१३**	**0**	**२७**	**१७**	**४**	**0**	
४.११ डोल्पा								
१.१.३ गोलीद्वारा हत्या	१	१	0	२	२	0	0	
१.३.१ गिरफ्तारी	३	0	0	५	३	२	0	माओवादीको नाममा १ जना गिरफ्तार
१.५ धम्की/कुटपिट	0	५	0	११	११	0	0	
जम्मा	**४**	**६**	**0**	**१८**	**१६**	**२**	**0**	
४.१२ जुम्ला								
१.३.२ यातना	१	0	0	४	४	0	0	माओवादीको नाममा
१.५ धम्की/कुटपिट	0	१२	0	१५	११	३	१	
जम्मा	**१**	**१२**	**0**	**१९**	**१५**	**३**	**१**	
४.१३ कालिकोट								
१.१.१ हत्या	0	३	0	३	१	२	0	
१.३.१ गिरफ्तारी	३	0	0	४	४	0	0	माओवादीको नाममा
१.५ धम्की/कुटपिट	0	२	0	४	४	0	0	
४.१.२ बलात्कार	0	१	0	१	0	१	0	
जम्मा	**३**	**६**	**0**	**१२**	**९**	**३**	**0**	
४.१४ मुगु								
१.३.१ गिरफ्तारी	१	0	0	१	१	0	0	
१.५ धम्की/कुटपिट	0	५	0	८	८	0	0	
१.६ थुनामा मृत्यु	१	0	0	१	१	0	0	
जम्मा	**२**	**५**	**0**	**१0**	**१0**	**0**	**0**	
४.१५ हुम्ला								
१.१.१ हत्या	0	२	0	२	0	0	२	बलात्कारपछि हत्या - १
१.३.१ गिरफ्तारी	२	0	0	९	९	0	0	
१.५ धम्की/कुटपिट	0	0	१	१	१	0	0	
४.१.२ बलात्कार	0	२	0	२	0	१	१	ससुराद्वारा-१
जम्मा	**२**	**४**	**१**	**१४**	**१0**	**१**	**३**	
४. मध्यपश्चिमाञ्चल								
१.१.१ हत्या	२	५८	0	६४	३८	१९	७	
१.१.२ गोलीद्वारा घाइते	४	४	0	९	६	२	१	
१.१.३ गोलीद्वारा हत्या	२४	४	0	५२	४९	३	0	
१.१.४ यातनाले मृत्यु	१	0	0	१	१	0	0	
१.३.१ गिरफ्तारी	५0	0	0	१९६	१३७	८	0	
१.३.२ यातना	४७	0	0	१0५	८४	५	३	

जिल्ला घटना शिर्षक	उल्लंघन घटना संख्या			पीडित संख्या				कैफियत
	राज्य	व्यक्तिगत/ सामाजिक	राजनीतिक	जम्मा	पुरूष	महिला	नाबालक	
१.३.३ लाठी चार्ज	१	०	०	२०	०	०	०	
१.५ धम्की/कुटपिट	१	९२	८	१३९	१०८	१३	१	
१.६ थुनामा मृत्यु	४	०	०	४	४	०	०	
४.१.१ महिला किनबेच	०	६	०	७	०	६	१	
४.१.२ बलात्कार	४	१७	०	२४	०	१९	५	
जम्मा	**१३८**	**१८१**	**८**	**६२१**	**४२७**	**७५**	**१८**	
५.१ कैलाली								
१.१.१ हत्या	०	१२	०	१२	७	४	१	
१.३.१ गिरफ्तारी	३	०	०	३	२	१	०	माओवादीको नाममा २ जना गिरफ्तार
१.३.२ यातना	२	०	०	७	७	०	०	
१.५ धम्की/कुटपिट	०	८	०	११	३	०	०	
१.६ थुनामा मृत्यु	१	०	०	१	१	०	०	
४.१.१ महिला किनबेच	०	१	०	२	०	२	०	
४.१.२ बलात्कार	०	२	०	२	०	०	२	
जम्मा	**६**	**२३**	**०**	**३८**	**२०**	**७**	**३**	
५.२ अछाम								
१.१.१ हत्या	०	४	०	४	१	३	०	
१.३.१ गिरफ्तारी	२	०	०	३	३	०	०	
१.३.२ यातना	१	०	०	१	१	०	०	
१.५ धम्की/कुटपिट	०	१२	०	२६	५	०	२	
जम्मा	**३**	**१६**	**०**	**३४**	**१०**	**३**	**२**	
५.३ डोटी								
१.१.१ हत्या	०	३	०	३	२	१	०	
१.३.२ यातना	२	०	०	२	२	०	०	
१.३.३ लाठी चार्ज	१	०	०	२	१	१	०	
१.५ धम्की/कुटपिट	१	०	१	०	०	०	०	
४.१.२ बलात्कार	०	१	०	१	०	१	०	
जम्मा	**४**	**४**	**१**	**८**	**५**	**३**	**०**	
५.४ बाजुरा								
१.१.१ हत्या	०	२	०	२	१	०	१	
१.५ धम्की/कुटपिट	०	६	०	८	८	०	०	
जम्मा	**०**	**८**	**०**	**१०**	**९**	**०**	**१**	
५.५ बझाङ								
१.१.१ हत्या	०	२	०	२	२	०	०	
१.३.२ यातना	३	०	०·	८	८	०	०	
१.५ धम्की/कुटपिट	०	२	१	४	३	१	०	
जम्मा	**३**	**४**	**१**	**१४**	**१३**	**१**	**०**	
५.६ कञ्चनपुर								
१.१.१ हत्या	०	३	०	३	३	०	०	
१.१.२ गोलीद्वारा घाइते	१	०	०	१	०	०	१	रेन्जरद्वारा
१.१.३ गोलीद्वारा हत्या	१	०	०	१	१	०	०	रेन्जरद्वारा
१.३.२ यातना	१	०	०	२६	०	०	०	
१.५ धम्की/कुटपिट	०	१	०	१	१	०	०	

जिल्ला घटना शिर्षक	उल्लंघन घटना संख्या			पीडित संख्या				कैफियत
	राज्य	व्यक्तिगत/ सामाजिक	राजनीतिक	जम्मा	पुरूष	महिला	नाबालक	
४.१.२ बलात्कार	०	६	०	६	०	३	३	प्रयास-४
जम्मा	**३**	**१०**	**०**	**३८**	**५**	**३**	**४**	
५.७ डडेलधुरा								
१.१.१ हत्या	०	३	०	३	२	१	०	
१.३.१ गिरफ्तारी	१	०	०	१	१	०	०	
१.५ धम्की/कुटपिट	०	४	०	५	०	०	०	
जम्मा	**१**	**७**	**०**	**९**	**३**	**१**	**०**	
५.८ बैतडी								
१.१.१ हत्या	०	४	०	५	२	३	०	
१.५ धम्की/कुटपिट	०	५	०	५	१	०	०	
४.१.२ बलात्कार	०	२	०	२	०	२	०	प्रयास-१
जम्मा	**०**	**११**	**०**	**१२**	**३**	**५**	**०**	
५.९ दार्चुला								
१.१.१ हत्या	०	३	०	३	१	२	०	
१.१.३ गोलीद्वारा हत्या	०	१	०	१	१	०	०	तस्करको गोलीले प्रहरीको मृत्यु
१.३.१ गिरफ्तारी	३	०	०	१४	१४	०	०	
१.३.२ यातना	१	०	०	१	१	०	०	
१.५ धम्की/कुटपिट	०	३	०	३	०	०	०	
४.१.२ बलात्कार	०	१	०	२	०	२	०	
जम्मा	**४**	**८**	**०**	**२४**	**१७**	**४**	**०**	
५. सुदूर पश्चिमाञ्चल								
१.१.१ हत्या	०	३६	०	३७	२१	१४	२	
१.१.२ गोलीद्वारा घाइते	१	०	०	१	०	०	१	
१.१.३ गोलीद्वारा हत्या	१	१	०	२	२	०	०	
१.३.१ गिरफ्तारी	९	०	०	२१	२०	१	०	
१.३.२ यातना	१०	०	०	४५	१९	०	०	
१.५ धम्की/कुटपिट	१	४१	२	६३	२१	१	२	
१.६ थुनामा मृत्यु	१	०	०	१	१	०	०	
४.१.१ महिला किनबेच	०	१	०	२	०	२	०	
४.१.२ बलात्कार	०	१२	०	१३	०	८	५	
जम्मा	**२३**	**९१**	**२**	**१८५**	**८४**	**२६**	**१०**	
नेपाल								
१.१.१ हत्या	३	३६१	०	३७७	२३४	११८	२५	
१.१.२ गोलीद्वारा घाइते	८	३०	२	५७	४७	५	६	
१.१.३ गोलीद्वारा हत्या	३१	२१	०	७९	७२	४	३	
१.१.४ यातनाले मृत्यु	४	०	०	४	३	१	०	
१.३.१ गिरफ्तारी	१७४	०	०	२०७१	४७२	१९	१२	
१.१.४ यातना	१५१	०	०	३९२	२९५	२२	३	
१.३.३ लाठी चार्ज	१४	०	०	२०७	२३	७	०	
१.५ धम्की/कुटपिट	२५	५६५	४९	८६०	५३८	११८	४	
१.६ थुनामा मृत्यु	१९	०	०	१९	१७	२	०	
४.१.१ महिला किनबेच	०	६८	०	१००	०	८६	१४	
४.१.२ बलात्कार	९	१६१	०	१७७	०	१०४	७३	
जम्मा	**४३८**	**११९६**	**५१**	**४३४३**	**१७०२**	**४८६**	**१४१**	

मानवअधिकार उल्लंघन तथ्यांक (१९९२-१९९६)

शिर्षक	वर्ष	उल्लंघन घटना संख्या			पीडित संख्या			
		राज्य	व्यक्तिगत/ सामाजिक	राजनीतिक	जम्मा	पुरूष	महिला	नाबालक
१.१.१ हत्या	१९९२	४	७२	१०	१०२	७८	१४	१०
	१९९३	३	२१७	७	२४७	१४४	७३	३१
	१९९४	०	२८०	५	३०६	१९३	७३	४०
	१९९५	१	३४५	१	३६२	२१६	११०	३७
	१९९६	३	३६१	०	३७७	२३४	११८	२५
	जम्मा	**११**	**१२७५**	**२३**	**१३९४**	**८६५**	**३८८**	**१४३**
१.१.२ गोलीद्वारा घाइते	१९९२	१८	३	५	११२	६०	११	१
	१९९३	१७	७	०	२२८	८१	३	३
	१९९४	१३	७	१	७१	६७	३	०
	१९९५	५	१०	१	८८	२४	२	०
	१९९६	८	२०	२	५७	४७	५	६
	जम्मा	**६१**	**४७**	**९**	**५५६**	**२७९**	**२४**	**१०**
१.१३ गोलीद्वारा हत्या	१९९२	९	१	१	१९	१७	०	२
	१९९३	२५	१०	०	४९	४१	६	२
	१९९४	५	१४	३	२६	२१	२	३
	१९९५	७	१७	०	२७	२२	२	३
	१९९६	३१	२१	०	७९	७२	४	३
	जम्मा	**७७**	**६३**	**४**	**२००**	**१७३**	**१४**	**१३**
१.१.४ यातनाले मृत्यु	१९९२	१	०	०	१	१	०	०
	१९९३	७	०	०	७	७	०	०
	१९९४	१	०	०	१	१	०	०
	१९९५	१	०	०	१	१	०	०
	१९९६	४	०	०	४	३	१	०
	जम्मा	**१४**	**०**	**०**	**१४**	**१३**	**१**	**०**
१.३.१ गिरफ्तारी	१९९२	३१	०	०	३५०	८७	१	०
	१९९३	११८	०	०	२८९६	८५७	१८	२
	१९९४	१३०	०	०	२७९२	५८३	२५	१
	१९९५	५१	०	०	६९८	२९३	०	०
	१९९६	१७४	०	०	२०७१	४७३	१९	१३
	जम्मा	**५०४**	**०**	**०**	**८८०७**	**२२९३**	**६३**	**१६**
१.३.२ यातना	१९९२	३९	०	०	१३७	९७	२	०
	१९९३	१२०	०	०	२७४	२६७	९	१
	१९९४	७२	०	०	२९९	२३३	४१	०
	१९९५	५६	०	०	१०४	९९	५	०
	१९९६	१५१	०	०	३९२	२९५	२२	३
	जम्मा	**४३८**	**०**	**०**	**१२०६**	**९९१**	**७९**	**४**

शिर्षक	वर्ष	उल्लंघन घटना संख्या			पीडित संख्या			
		राज्य	व्यक्तिगत/ सामाजिक	राजनीतिक	जम्मा	पुरूष	महिला	नाबालक
१.३.३ लाठी-चार्ज	१९९२	६	०	०	११८	११५	३	२
	१९९३	१४	०	०	२५४	८१	२	०
	१९९४	१०	०	०	९६	५४	१	०
	१९९५	५	०	०	११५	१०	१	०
	१९९६	१४	०	०	२०७	२३	७	०
	जम्मा	**४९**	**०**	**०**	**७९०**	**१८३**	**१४**	**२**
१.५ धम्की/कुटपिट	१९९२	१	३५	२१	१३६	१२८	८	०
	१९९३	१६	११२	१६	३२२	२६५	२९	२
	१९९४	६	२०७	७७	४५८	४००	४५	७
	१९९५	१३	३९७	२८	६१४	५४०	६२	६
	१९९६	२५	५६५	४९	८६०	५३८	११८	४
	जम्मा	**६१**	**१३१६**	**१९१**	**२३९०**	**१८७१**	**२६२**	**१९**
१.६ थुनामा मृत्यु	१९९२	१	०	०	१	०	१	०
	१९९३	६	०	०	६	६	०	०
	१९९४	१७	०	०	१७	१७	०	०
	१९९५	१४	०	०	१५	१४	१	०
	१९९६	१९	०	०	१९	१७	२	०
	जम्मा	**५७**	**०**	**०**	**५८**	**५४**	**४**	**०**
४.१.१ महिला किनबेच	१९९२	०	१४	०	१६	०	१३	३
	१९९३	०	४४	०	६४	०	४६	१८
	१९९४	०	३०	०	३८	०	३२	६
	१९९५	०	५९	०	९९	०	८९	१०
	१९९६	०	६८	०	१००	०	८६	१४
	जम्मा	**०**	**२१५**	**०**	**३१७**	**०**	**२६६**	**५१**
४.१.२ बलात्कार	१९९२	४	५४	०	६२	०	३६	२६
	१९९३	३	१३३	०	१४६	०	८७	५९
	१९९४	३	१०६	०	१११	०	५८	५४
	१९९५	५	१५५	०	१६३	०	१०३	६०
	१९९६	९	१६१	०	१७७	०	१०४	७३
	जम्मा	**२४**	**६०९**	**०**	**६५९**	**०**	**३८८**	**२७२**

१९९६ डिसेम्बर महिनासम्म जेलमा रहेका बन्दीहरुको संख्या

क्र.सं.	जिल्ला	थुनुवा	बन्दी	पुरुष	महिला	नाबालक	जम्मा
१.१	झापा	८५	१०७	१८१	११	०	१९२
१.२	इलाम	५६	२४	७५	५	१	८१
१.३	पाँचथर	१०	५	१३	५	०	१८
१.४	ताप्लेजुङ्ग	१२	७	१९	०	०	१९
१.५	मोरङ्ग	२८६	२०७	४६२	३१	८	५०१
१.६	सुनसरी	जेल छैन					
१.७	धनकुटा	२१	१०	३१	०	०	३१
१.८	तेह्रथुम	५	२३	२०	७	१	२८
१.९	भोजपुर	२७	१४	३२	९	३	४४
१.१०	संखुवासभा	२२	३८	४०	१०	३	५३
१.११	सप्तरी			९७	७	२	१०६
१.१२	सिराहा	६२	८३	१४३	२	४	१४९
१.१३	उदयपुर	३७	९				४६
१.१४	खोटाङ	१५	२०	३१	४	१	३६
१.१५	ओखलढुङ्गा	९७	१३	१८	१२	४	३४
१.१६	सोलुखुम्बु	१८	१४	२८	४	०	३२
२.१	धनुषा	जेल छैन					
२.२	महोत्तरी	५६	१२४	१७८	२	०	१८०
२.३	सर्लाही			९४	४	०	९८
२.४	सिन्धुली	३२	७	३६	३	०	३९
२.५	रामेछाप	१२	१४	१९	७	०	२६
२.६	दोलखा	४१	१२			२	५५
२.७	रौतहट						९५
२.८	बारा	जेल छैन					
२.९	पर्सा	१८६	२९८	४५६	२८	३	४८७
२.१०	चितवन	१२७	२६	१३७	१६	१	१५४
२.११	मकवानपुर			८९	३	१	९३
२.१२	ललितपुर	१०४	६४				१६८
२.१३	काभ्रे	४४	१०				५४
२.१४	भक्तपुर	जेल छैन					
२.१५	काठमाडौं	६१४	७५५	१२११	१५८	६	१३७५
२.१६	धादिङ			२२	३	०	२५
२.१७	सिन्धुपाल्चोक	४३	७				५०
२.१८	नुवाकोट			२७	४	१	३२
२.१९	रसुवा	५	२	५	२	०	७
३.१	तनहुँ	१५	१३	२८	०	०	२८
३.२	गोरखा			२६	४	०	३०
३.३	लमजुङ	५	८	११	२	३	१६

क्र.सं.	जिल्ला	थुनुवा	बन्दी	पुरुष	महिला	नाबालक	जम्मा
३.४	स्याङ्जा	२२	१९				४१
३.५	कास्की			०	७	१	८
३.६	मनाङ	०	०	०	०	०	०
३.७	नवलपरासी	४८	८	५२	४	१	५७
३.८	रूपन्देही	१२८	४८				१७६
३.९	पाल्पा	७०	६२	१०८	२४	४	१३६
३.१०	कपिलवस्तु			७३	२	०	७५
३.११	अर्घाखाँची	जेल छैन					
३.१२	गुल्मी	१४	२३	३२	५	०	३७
३.१३	बाग्लुङ	१९	१३			१	३३
३.१४	पर्वत			१३	८	०	२१
३.१५	म्याग्दी				४		४
३.१६	मुस्ताङ	०	७	७	०	०	७
४.१	दाङ	४८	१४	६०	२	०	६२
४.२	प्युठान	२३	७	२१	९	०	३०
४.३	रोल्पा	७९	२	७७	४	२	८३
४.४	सल्यान			४७	१	०	४८
४.५	रूकुम	६७	७	७१	३	२	७६
४.६	बाँके	७२	७२	१३३	११	४	१४८
४.७	वर्दिया	३४	५४	८२	६	०	८८
४.८	सुर्खेत	१९	१७	३४	२	२	३८
४.९	जाजरकोट	१७	९				२६
४.१०	दैलेख	५	१०	१३	२	१	१६
४.११	डोल्पा	०	३				३
४.१२	जुम्ला	११	५	१५	१	०	१६
४.१३	कालिकोट	९	८	१६	१	०	१७
४.१४	मुगु	०	०	०	०	०	०
४.१५	हुम्ला	१	०	१	०	०	१
५.१	कैलाली	८३	२३	९६	१०	०	१०६
५.२	अछाम	३	१४	१३	४	२	१९
५.३	डोटी	६	३२	३७	१	१	३९
५.४	बाजुरा			७	१	०	८
५.५	बझाङ	९	४	१३			१३
५.६	कञ्चनपुर	४७	५३	९७	३	०	१००
५.७	डडेलधुरा	६	१९	१७	८	०	२५
५.८	बैतडी	५	२७	३१	१	०	३२
५.९	दार्चुला	३	२३	२५	१	०	२६
	जम्मा	३८८५	२४८७	४७२०	४६८	६५	५९९७

द्रष्टव्य : प्राप्त नभएका जानकारीहरूको कोष्ठ खाली राखिएको छ।

परिच्छेद ६

वर्ष पुस्तक भित्र यस्ता घटनाहरु पनि छन्

१. सम्मानित रुपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

१.२ इलाम

इलाम जिल्ला प्रहरी कार्यालयका हवल्दार ३६ वर्षीय नन्दकुमार राईलाई **०५३ साउन १ गते** राती गस्तीमा हिडिरहेका अवस्थामा इलाम नगरपालिका-२ का १९ वर्षीय छेतेन सेर्पाले छुरी प्रहार गरी हत्या गरे। उनीहरू बीच उक्त दिन होटलमा सामान्य विवाद भएको थियो। पीडक छेनेन सेर्पा र पीडककी आमा दावाफुरी सेर्पालाई कानूनी कार्वाही चलाई इलाम जेलमा राखिएको छ।

१.६ सुनसरी

धरान नपा-५ की १८ वर्षीय मुन्नी अग्रवालको २०५२ पुस १४ गते भएको रहस्यमय मृत्युलाई ढाकछोप गर्न लागेको वेला उनका दाजु विराटनगर-७ का श्यामसुन्दर अग्रवालले **२०५३ जेठ २९ गते** उजुरी दिएपछि स्थानीय मूलचन र भवानी अग्रवाल गिरफ्तार भए। मुन्नीका पति भवानी अग्रवाल र घरका अन्य सदस्य समेतले दाइजोको निहुँमा मुन्नीको हत्या गरेको आरोप छ।

१.७ धनकुटा

धनकुटा नपा-१ कुवापानी निगालेकी ३० वर्षीय माइसाङ्ग तामाङलाई **०५३ कार्तिक २१ गते** उनकै सहोदर दाजु बुद्धवहादुर तामाङ, भाइ धनवहादुर तमाङ र काका प्रेमवहादुर तामाङले हत्या गरे। माइसाङ्गका बावुले आफू निधन हुनु अघि अविवाहित छोरीले दुःख नपाओस् भनेर ३ आना पाखो जमिन र १ हल गोरू अंश दिएका थिए। त्यही अंशको लोभमा उनको हत्या गरिएको थियो। हत्या गर्नु अघि पीडकहरूले आफ्नै चेलीमाथि अनुचित व्यवहार गर्नुका साथै निर्मम यातना दिएका थिए। पीडकहरूलाई पक्राउ गरी प्रहरीले कारवाही चलाउँदै छ।

१.९ भोजपुर

जिल्ला प्रहरी कार्यालय भोजपुरका प्रहरी जवान श्याम राईलाई **०५२ फागुन १२ गते** साङ्पाङ्ग गाविस-५ का नेपाली कांग्रेसका कार्यकर्ता टेकवहादुर राईले भरूवा वन्दुकले दाहिने पानामा हानी घाइते वनाए। घाइतेलाई धरान स्थित घोपा क्याम्पमा ल्याइयो र त्यहाँ उपचार हुन नसकी वीरेन्द्र प्रहरी अस्पताल पुऱ्याइएको थियो। टेकवहादुर राईलाई सार्वजनिक मुद्दा लगाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

१.११ सप्तरी

जगतपुर गाविस-९ का १५ वर्षीय अमिन थापा भुजेल र १२ वर्षीय पुन्टे थापालाई चोरी गरेको आरोपमा स्थानीय दीप नारायण चौधरी र विलट चौधरी लगायतका व्यक्तिहरूले विजुलीको करेण्ट लगाई यातना दिदा **०५३ पुस ९ गते** राती ११ वजे अमित थापाको मृत्यु भयो। कंचनपुर वजारको चौधरी पान पसलमा चोरी गरेको आरोपमा अमित थापा भुजेल र पुन्टे थापालाई समाती दीपनारायण चौधरी र विलट चौधरीले आफ्नो घरमा लगी खम्बामा बाँधी, मुखमा कपडाको वुजो हाली, जिउमा चिसो पानी खन्याई पटक-पटक करेण्ट लगाउँदा अमित वेहोस भए। वेहोस अवस्थामा उनलाई स्थानीय चिकित्सक कहा उपचारको लागि पुऱ्याउँदा चिकित्सकले बाहिर लग्ने सल्लाह दिए पछि वाहिर लग्दै गर्दा अमितको मृत्यु भै सकेकोले मृतकको लाशलाई सडक छेउमा फालि दिएका थिए। उक्त घटनामा दीपनारायण चौधरी, विलट चौधरी र पिप्रापूर्व-७ का सत्यनारायण चौधरीलाई प्रहरीले पक्राउ गरी कार्वाही चलाएको छ।

१.१२ सिरहा

राजपुर गाविस-२ की १५ वर्षीय परितमालाई **०५३ असोज १२ गते** राती घरभित्रै थुनि भोलिपल्ट दिउँसो पिता जागेश्वर यादव र काकाको छोरा फुलगेन यादव दुवैजना मिली परितमाको घाँटी थिचे। त्यतिले नमरेपछि फुलगेनले गर्दनमा छुरा प्रहार गरी घरभित्रै हत्या गरेर दिउँसै आफ्नै फूलवारीमा जलाए। रामएकवाल फरार छन्।

१.१३ उदयपुर

बसाहा गाविस-३ का सन्काहा प्रवृत्तिका ४० वर्षीय नीरवहादुर राईले **०५३ जेठ १५ गते** आफ्नै पिता कालुमान राईलाई खुकुरी प्रहार गरेर सख्त घाइते पारे। त्यसपछि उनले दाजु धनप्रसाद राई, भाइ बुहारी तारा कुमारी राई, काका माथवरसिंह राई, छिमेकी बलबहादुर तामाङ समेत ४ जनालाई लखेटी-लखेटी खुकुरी प्रहार गरी हत्या गरेपछि आफै पनि झुण्डिई आत्महत्या गरे।

२.१ धनुषा

सोनिगामा गाविस-७ मोडहा गाउँमा कृषि मजदूरहरूले ज्याला बढाउन माग गरी हडताल गरेकाले सोही गाउँका भूमिपतिहरूद्वारा **०५३ असार २६ गते** गोली चलाई ४ जनालाई सख्त घाइते बनाइयो। घटनामा तिलकेश्वर मण्डल, हरिदेव पासवान, हृदय पासवान र रामप्यारी मण्डल घाइते भएका थिए। जगदीश साह र उमेश मण्डल लगायतका व्यक्तिले गोली चलाएका थिए।

घोडघास गाविस-६ की २५ वर्षीय अम्विका देवीको **०५३ साउन ३१ गते** मट्टितेल खन्याएर आगो लगाई हत्या गरियो। माइतीबाट दाइजो नल्याएको भनी पति सुभाषचन्द्र झा, ससुरा लुटन झा तथा सासु फलोदेवी झाले पहिला-पहिला पनि प्रताडना दिने गरेका थिए। मासुको टुक्राको रूपमा अवशेष मात्र बाँकी रहेको अवस्थामा गाउँलेलाई भ्रममा पारेर प्रहरीलाई सूचना नदिई अन्तिम संस्कार गराउन समेत पीडकहरू सफल भएका थिए।

२.२ महोत्तरी

फुल्काहा गाविस-७ का २५ वर्षीय विन्देश्वर साहलाई **२०५३ असार १३ गते** सर्लाही वसन्तपुर गाविस-४ का राजाराम मण्डल, वसन्तपुर गाविस-३ का किशुल साह र सुकदेव रायले हत्या गरे।

२.६ दोलखा

तामचेत **दुधपोखरी गाविस-७** का ३४ वर्षीय लालबहादुर थापामगरले **२०५३ साउन १९ गते** सिरानमा राखेको खुकुरी झिकी अन्धाधुन्ध प्रहार गर्दै हिंड्दा स्थानीय सूर्यमान मोक्तानकी ५ वर्षीय छोरी सुजिता मोक्तानको मृत्यु भयो। धारामा खेल्दै गरेका मृतक सुजिता मोक्तानकै ३ वर्षीय भाइ कुमार मोक्तानलाई टाउकोमा गम्भीर चोट लाग्यो। सोही ठाउँका कालुमान तामाङ, रत्नबहादुर थापा मगर, शुभलक्ष्मी थापा मगर, मानबहादुर मोक्तान, इन्द्रमाया थापा मगर, वीरबहादुर थापा मगर र हिमांसु थापा मगर समेत ८ जना गम्भीर घाइते भए। पीडक लालबहादुरले एक व्यक्तिलाई ९ पटकसम्म खुकुरी प्रहार गरेका थिए। मानिस नभेटाउँदा ४ वटा बाख्रा, एउटा गोरू र एउटा भैंसी समेतलाई खुकुरी प्रहार गरी अन्त्यमा आफैले आफैलाई निधारमा ५ पटक खुकुरी हान्दा आएको आफ्नै रगत पिउँदै पीडक हिंडेका थिए। पीडक अत्यधिक मादक पदार्थ सेवन गर्दथे। उनी हाल थुनामा छन्।

२.९ पर्सा

पिडारी गाविस-१ का लालतुन साहको **०५२ माघ १२ गते** वन्यजन्तु आरक्षणमा दाउरा काटिरहेको अवस्थामा आरक्षणका सुरक्षा गार्डले हानेको गोली लागेर मृत्यु भयो।

२.११ मकवानपुर

हेटौडा नपा-४ की ३४ वर्षीय मंगलमाया जोशीलाई **२०५३ जेठ २९ गते** राती सुतिरहेको अवस्थामा पति धनबहादुर जोशीले अरू लोग्ने मानिससंग बोलेको भन्ने निहुँमा घाँटीमा नाइनलको डोरी कसी हत्या गर्नुको साथै आफूले पनि सोही ठाउँमा आत्महत्या गरे।

२.१७ सिन्धुपाल्चोक

ठोकर्पा गाविस-९ का ३८ वर्षीय भरत भन्ने कुलबहादुर खत्रीको प्रहरी यातनाका कारण वीर अस्पतालमा उपचार गर्दागर्दै **२०५३ भदौ २६ गते** मृत्यु भयो। उनलाई सोही ठाउँ बस्ने लालबहादुर खत्रीको जाहेरीअनुसार मकै लुटेको आरोपमा २०५३ भदौ ११ गते गिरफ्तार गरी ठोकर्पा प्रहरी चौकी ल्याइएको थियो। चौकीबाहिर उनीमाथि चर्को यातना दिइयो। खुट्टा पसार्न लगाएर तिघ्रा र कोखामा लात्ती हानियो। त्यसपछि चौकीभित्र लगेर भुँईमा लडाइयो र माथिबाट पानी खन्याइयो। यातनाका कारण भदौ १९ गतेसम्म घरमै थलिएका कुलबहादुरलाई भदौ २० गते चौतारा र २२ गते वीर अस्पताल पुर्‍याइएको थियो। यस घटनाका पीडक प्रहरी असई भीमसेन जी.सी. माथि कुनै कारवाही भएन।

३.२ गोरखा

पन्दुङ गाविस-३ मा घर भई कक्षा ४ मा पढ्ने १२ वर्षीय दिलबहादुर रम्तेल र सोही गाविस-४ मा घर भई कक्षा ७ मा पढ्ने १४ वर्षीय विद्यार्थी रामप्रसाद भट्टलाई **०५२ फागुन १४ गते** पन्दुङ भन्ने ठाउँमा प्रहरीले गोली प्रहार गर्दा दिलबहादुर रम्तेलको घटनास्थलमा मृत्यु भयो भने रामप्रसाद भट्ट घाइते भए। माओवादीद्वारा सिमजुङ गाविसमा रहेको सेभ द चिल्ड्रेनको कागजपत्रहरू जलाएको आरोपमा सूर्य ज्योति मा.वि.का प्रधानाध्यापक वीरबहादुर गुरूङलाई हातहतियार सहितका प्रहरीले पक्राउ गरेपछि विद्यार्थी र प्रहरी बीच मुठभेड हुँदा सो घटना भएको थियो।

३.७ नवलपरासी

अरूण खोला बजारको नजिकै जंगलमा मकवानपुरका ३२ वर्षीय ट्रक ड्राइभर रामप्रसाद उप्रेतीको **०५३ जेठ ४ गते** विभत्स हत्या गरियो। मृतकको टाउको गिडिएको, खुट्टा काटिएको, हात भाँचिएको र अनुहारको छाला निकालिएको थियो। पीडितको ट्रकले अरूण खोला निवासी ५६ वर्षीय देवीप्रसाद लामिछानेलाई ठक्कर दिई घटनास्थलमा मृत्यु भएको र स्थानीय जनताले खेद्दै जाँदा रामप्रसाद मारिएका थिए। अरूणखोलाका कुवेर मल्ल, केशबहादुर श्रेष्ठ, गणेश नेपाल, धनबहादुर श्रेष्ठ, ध्रुवबहादुर श्रेष्ठ र हरि सेनलाई पुर्पक्षको लागि थुनामा राखिएको छ।

३.१२ गुल्मी

सिर्सेनी गाविस-७ का ७२ वर्षीय विशे घर्तीलाई **०५२ माघ २६ गते** सोही ठाउँका २६ वर्षीय गीताराम अर्यालले हत्या गरे। पीडक गीतारामले विशे घर्तीको गर्धन र लिङ्ग छिनालिदिनुका साथै अण्डकोष फुटालि दिएका थिए। गीतारामले घर्तीसंग २ हजार

ऋण लगेको कुरा उनकी पत्नीले बताएकी छिन्। पीडक गीतारामलाई प्रहरीले तत्काल पक्राउ गरेको थियो।

४.१ दाङ

हलवार गाविस-४ का १७ वर्षीय भानुप्रताप सिं चौधरीको **०५३ भाद्र १५ गते** अस्थायी प्रहरी चौकी स्वाद्रेका चौकी इन्चार्ज अशोक झाको कुटाइका कारण मृत्यु भयो। सार्वजनिक जग्गा सम्वन्धी विवादलाई सुल्झाउनका लागि ०५३ भाद्र १३ गते उक्त चौकीभित्र छलफलकै समयमा पीडितउपर कुटपिट गरिएको थियो।

४.३ रोल्पा

मिरुल गाविस-५ का ३६ वर्षीय मुलमान वुढालाई **०५२ चैत १५ गते** राती प्रहरीले गोली हानी हत्या गर्‍यो। माओवादी जनयुद्धमा संलग्न भएको आशंकामा ०५२ चैत १४ गते उनलाई प्रहरीले पक्राउ गरेको थियो। गोली हान्नु भन्दा पहिला निर्मम यातना दिएको हुन सक्ने कुरा पीडितको लाश देख्नेहरू वताउँछन्।

खुङ्ग्री गाविस-३ का ३२ वर्षीय विनवहादुर परियारलाई **०५२ चैत १९ गते** राती प्रहरी चौकी खुङ्ग्रीमा प्रहरी सहायक निरीक्षक परमानन्द जोसीले पेस्तोल प्रहार गरी हत्या गरे। पीडितले वोका किन्न माग्दा नदिएको झोंकमा माओवादी भन्दै प्रहरीद्वारा उनलाई पक्राउ गरिएको थियो। हत्या गरिनु पूर्व उनलाई सर्स्लसँग कुटपिट गरिएको थियो । उनी नेकपा (मसाल) संग सम्वद्ध थिए।

४.५ रुकुम

महत गाविसका पूर्व उपप्रधानपञ्च कृष्णवहादुर वुढालाई **२०५२ फागुन १३ गते** आफ्नै घरमा सुतिरहेको समयमा केही अज्ञात व्यक्तिहरूले कुटपिट गरी हत्या गरे। पीडकहरूको वारेमा थाहा हुन सकेको छैन। यो घटना माओवादी आन्दोलनकारीवाट भएको भनी सजमो (डा.) समूहका शोभा गाविसका उपाध्यक्ष मानवहादुर हमाल, शोभा गाविस-३ का हरिवहादुर थापा, महत गाविसका गणेशमान लगायतका व्यक्तिहरूलाई गिरफ्तार गरी पुर्पक्षका लागि जेल चलान गरिएको थियो। हाल मानवहादुर हमाल, हरिवहादुर थापा र गणेशमानलाई पुनरावेदन अदालत दाङ, तुल्सीपुरले तारेखमा छोड्ने आदेश दिएको छ।

पिपल गाविस मेलगैरीमा **२०५२ फागुन १५ गते** राती २६ वर्षीय कलवहादुर के.सी., २५ वर्षीय मनवहादुर के.सी., १५ वर्षीय खड्कवहादुर के.सी., ३० वर्षीय पशुपति के.सी., २१ वर्षीय नरवहादुर (लालवहादुर) के.सी. र ३० वर्षीय दलवहादुर के.सी.लाई वाँफीकोटवाट गएको प्रहरी टोलीले गोली हानी हत्या गर्‍यो।

हुकाम गाविसका २२ वर्षीय भर घर्तीलाई **२०५२ चैत १६ गते** नेकाका कार्यकर्ता कुमवीर घर्तीले प्रहरीको वन्दुक मागेर गोली हानी हत्या गरे।

पिपल गाविसका अध्यक्ष ४० वर्षीय देउचन वस्नेतलाई **२०५३ असार ३० गते** अज्ञात व्यक्तिले खुकुरी प्रहार गरी हत्या गरे। उनलाई माओवादीहरूले हत्या गरेको आशंका गरिएको छ।

४.६ बाँके

नेपालगञ्ज प्रहरी तालिम केन्द्रका प्रहरी नायव निरीक्षक ३८ वर्षीय ईश्वरवहादुर शाहलाई सोही केन्द्रका क्वाटर गार्ड प्रहरी हवल्दार कुवेर गुरूङ्गले **०५२ चैत २७ गते** राती गोली हानी हत्या गरे। राती विना पास निषेधित क्षेत्रमा गएका कारण गोली हानिएको वुझिन्छ। पीडक प्रहरी हवल्दार कुवेर गुरूङ्गलाई पुर्पक्षको लागि थुनामा राखिएको थियो।

४.७ बर्दिया

डेउडाकला गाविस-१ का ४ वर्षीय प्रकाश वि.क. र ६ वर्षीय सावित्री वि.क.लाई **०५२ फागुन ३ गते** आफ्नै आमा ३५ वर्षीय वालकुमारी वि.क.ले पनि दलवहादुर वि.क.संगको सामान्य झगडाको रीसले मुसा मार्ने विष खुवाई हत्या गरेकी छन्। पीडक वालकुमारी हाल थुनामा रहेकी छन्।

मगरागाढी गाविस-६ का ५० वर्षीय प्रेमबहादुर वुढाथोकीलाई **०५३ साउन २८ गते** राष्ट्रिय निकुञ्ज वर्दिया भीमकाली गुल्मका सेनाले निकुञ्जको ठिनी खोलामा शिकार गरेको आरोपमा गोली हानी हत्या गरे। उक्त घटनामा सोही गाविसका ४२ वर्षीय रविलाल पुरीलाई उनको दाहिने हातको पाखुरा र देव्रे खुट्टाको घुँडाभन्दा माथि विना चेतावनी गोली हानी घाइते वनाए। उक्त घटनामा सेनाले ६३ राउण्ड गोली चलाएका थिए।

ललितपुर जिल्ला घर भई प्रहरी कार्यालय गुलरीयामा कार्यरत प्रहरी सहायक निरीक्षक ३८ वर्षीय केशरवहादुर विष्टलाई **०५३ पुस २ गते** गुलरीया-१ होटल गरी वस्ने ३८ वर्षीय मुकुन्द वुढा र हाल जिल्ला प्रहरी कार्यालयमा कार्यरत प्रहरी सहायक निरीक्षक ३५ वर्षीय चक्रबहादुर रावलले डेरामा सुतिरहेको अवस्थामा पेस्तोलद्वारा हत्या गरे। पीडकहरू दुवैलाई अनुसन्धानका लागि थुनामा राखिएको थियो।

४.९ जाजरकोट

लहँ गाविस-३ का निर्वाचित वडा सदस्य मानवहादुर गवन र सोही ठाउँ-४ का मानवहादुर वलीलाई **०५२ फागुन १५ गते** प्रहरीले पक्राउ गरी गैरेनीभिरवाट धकेलेर हत्या गरे। माओवादीको आरोपमा उनीहरूलाई हतकडी लगाई खलंगातर्फ ल्याइरहेको अवस्थामा भिरवाट लडाई हत्या गरियो।

खलंगा गाविस-८ मैदे भन्ने ठाउँमा सशस्त्र प्रहरी टोलीले **०५३ मदौ १६ गते** ९ राउण्ड हवाई फायर गर्दा सोही ठाउँका ४७ वर्षीय डोइलो वीर राना घाइते भए। गाउँको लागि तेल पेल्ने कोल वनाउने गाउँलेहरू वेलुकी ८ वजे निर खाना खान लाग्दा प्रहरीले उक्त ठाउँमा माओवादी भएको आशंका गरी गोली चलाएको थियो। हाल जिल्ला प्रहरी कार्यालयले डोइलो वीर रानालाई पुर्पक्षका लागि थुनामा राखेको छ।

४.११ डोल्पा

त्रिवेणी अस्थायी प्रहरी चौकीका प्रहरी जवान ३० वर्षीय पूर्णवहादुर शाहलाई **०५३ मंसीर ३० गते** नेकपा (माओवादी) का कार्यकर्ताहरूले गोली प्रहार गरी घाइते वनाए। प्रहरीवाट पनि गोली चलाइएको थियो। यसरी दोहोरो भिडन्त हुँदा रुकुम ख्वारा गाविसका विजय घर्ले भनिने दौलतराम घर्तीको मृत्यु भयो। दौलत घर्ती माओवादी जनयुद्धका केन्द्रीय स्तरका कमाण्डर रहेको वताइन्छ।

५.१ कैलाली

थापापुर गाविस-५ का ३ वर्षीय मनोज चौधरीलाई ०५३ असोज १४ गते आफ्नै आमा २५ वर्षीय भगवती चौधरीले झुण्डाई हत्या गरिन् र आफू पनि झुण्डिएर आत्महत्या गरिन्। गाउँलेहरूका अनुसार पारिवारिक झगडावाट वाक्क भएर भगवतीले त्यसो गरेकी वताइन्छ।

५.६ कञ्चनपुर

पिपलाडी गाविस-८ का २५ वर्षीय चन्द्र रानालाई ०५३ वैशाख २ गते वनरक्षक मीनवहादुर जि.सी.ले गोली हानी हत्या गरे। पीडितका भाइ १२ वर्षीय साधुराम राना पनि घटनामा घाइते भएका थिए। कुखुरा नदिएको निहुँमा उक्त घटना भएको वताइन्छ। गोली हान्ने आदेश दिएको भनी रेञ्जर राजेशकुमार शाह र मीनवहादुर जि.सी.लाई प्रहरीद्वारा पक्राउ गरी पुर्पक्षको लागि थुनामा राखिएको छ।

१.२ जेल र बन्दीहरु

४.५ रुकुम

हालसम्म पनि रुकुम जेलका १८ जना वन्दीहरूलाई नेल लगाइएको छ। यस सम्वन्धी प्रश्न जेलरसंग राख्दा सुरक्षाका निम्ति नेल लगाइएको वताउँछन्।

१.३ गिरफ्तारी र यातना

१.१ झापा

डाँगीवारी गाविस-६ का ३५ वर्षीय नारायण प्रसाद उप्रेती **०५२ चैत १३ गते**को राती सुरुङ्गा प्रहरी कार्यालय भित्र प्रहरी सहायक निरीक्षक अग्नि नेपालको कुटाइवाट वेहोस भए। उनलाई उपचारार्थ तत्काले काठमाडौं लगिएको थियो। यस घटनामा प्रहरीलाई कार्यवाही हुनुका साथै उपचार खर्च समेत तिराइएको थियो।

१.२ इलाम

शान्तिपुर गाविस-७ का २२ वर्षीय चन्द्रवहादुर निरौला र १५ वर्षीय अम्विका प्रसाद विमलीलाई **०५३ वैशाख ४ गते** सोही गाविसको ख्वारखोला भन्ने सार्वजनिक जंगलमा काठ काटेको आरोपमा वन पालेले पक्राउ गरी अमानवीय यातना दियो। चन्द्रको हातमा भाटाले हिर्काएर एउटा हात नचल्नुको साथै टाउकोमा चोट लागेको थियो। पीडितहरूलाई वनको हिरासतमा राखिएको थियो।

१.५ मोरङ

विराटनगर उमनपा-६ का ३५ वर्षीय वेचु यादवलाई **०५३ असार १६ गते** जिल्ला प्रहरी कार्यालय मोरंङमा निर्मम रूपले शारीरिक र मानसिक यातना दिइयो। वेचुलाई चोरीको आरोपमा पक्राउ गरिएको थियो। उनलाई वाँसको भाटा, प्रहरी वुट र प्लाष्टिक पाइपले ढाड, अनुहार, पैताला, छाती, हानका औंला आदि ठाउँमा कुटपिट गरिएको कुरा पीडितले वताए। तीन घण्टासम्म सूर्यको किरणमा हेर्न लगाइ तातो सिमेन्टमा उत्तानो पारेर सुताएका कारण वेचुका आँखा कमजोर भएका छन्। आँखा वन्द गर्न लाएर वुटले अनुहारमा कुल्चिने गरिन्थ्यो। जसले गर्दा वेचु वेलावेला वेहोस हुन्थे। अदालतले उनको घाउ जाँच गराई १५ हजारको धरौटीमा छाडेको थियो।

२.६ दोलखा

नाम्चेत **दुधपोखरी गाविस** ठेकलघ्यू भन्ने ठाउँवाट **२०५३ वैशाख १६ गते** गिरफ्तार गरी ल्याइएका माओवादी कार्यकर्ता मानिएका दोलखा गाविस-६ का २६ वर्षीय हेमवहादुर श्रेष्ठ र मालु गाविस-२ का ४० वर्षीय पूर्णवहादुर खड्कालाई डिटोनेटर चोरेको भनी प्रहरीले जवरजस्ती कागज गराए। कागज गर्न इन्कार गर्दा लाठी र वुटले कुट्नुका साथै डोरीले खुट्टामा वाँधी उँधो मुन्टो पारी झुण्ड्याएर पाइपले पैतालामा पिटी-पिटी यातना दिएको कुरा पीडितहरूले वताए। दोलखा जिल्ला अदालतले उनीहरूलाई पुर्पक्षको लागि थुनामा राख्ने आदेश दिएको छ।

२.८ बारा

पिपरा-सिमरा गाविस-३ का राम कार्कीलाई व्यक्तिगत रिसइवीका कारण वनसुरक्षा कर्मी हसिम मियाले **०५३ असार ९ गते** हात, पैताला सुनिने गरी पिटे। उनलाई पिसाव समेत ख्वाई हिरासतमा निर्मम यातना दिइएको थियो।

२.११ मकवानपुर

फापरबारी गाविसका अमरवहादुर तुम्सीङ्गलाई गाउँको सामान्य झगडामा फापरवारी चौकीका प्रहरीहरूले **२०५३ मंसीर २० गते** गिरफ्तार गरी २१ गते वेलुका ठिंगुरा, हतकडी, नेल लगाई निर्मम ढङ्गले यातना दिए। सो यातना सहन नसकी ठिंगुरा र नेल भाँची अमरवहादुर तुम्सीङ्ग उक्त चौकीवाट फरार भएका थिए। अम्बरवहादुर तुम्सीङ्ग फरार भएपछि प्रहरीले उनको पितालाई चौकीमा ल्याई एक रात थुनी उनीसंग रहेको १ हजार ८ सय ५० रूपैयाँ पनि प्रहरीले खोसेको पीडित वताउँछन्।

२.१३ काभ्रे

चौरीपोखरी गाविस-७ की ३८ वर्षीय विन्दा चौलागाईंलाई **२०५३ बैशाख २२ गते** राती पक्राउ गरी कात्तिके देउराली इलाका प्रहरी कार्यालयमा निर्ममतापूर्वक यातना दिएको कारण २०५३ कार्तिक २ गते मृत्यु भयो। आफ्नो पति र छोरीहरूलाई माओवादीको नाममा गिरफ्तार गरी चौकीमा लगेपछि खाना पुऱ्याउन गएकी गर्भिणी चौलागाईंलाई प्रहरीले घर फर्कन नदिई तेरो पेटमा पनि माओवादी छ भनी टाउको, पिडौंला र पेटमा नराम्ररी कुटपिट गर्दा बच्चा समेत निलै डाम सहित जन्मिएको थियो र अत्याधिक रक्त श्रावका कारण कार्तिक २ गते उनको मृत्यु भएको थियो। प्रहरीले उक्त महिलाको मृत्यु प्रहरीको यातनाबाट नभएको कुरा बताउँछन।

३.१३ बाग्लुङ

कालिका गाविस- १ का वीरबहादुर भन्ने ज्ञानेन्द्र खत्रीलाई **०५३ असार ३१ गते** राती प्रहरी नायब निरीक्षक थमबहादुर बस्नेत र प्रहरी सहायक निरीक्षक कुमार के.सी.को नेतृत्वमा जिल्ला प्रहरी कार्यालय बाग्लुङबाट गएको प्रहरी गस्ती टोलीले खाना खाँदै गरिरहेको अवस्थामा रक्सी खाएको छस् मेडिकल जाँच गर्छौं भनी बाग्लुङ अस्पतालमा ल्याइयो। एकछिन पछि प्रहरीले भ्यानमा राखी कुटपिट गरी बेहोस अवस्थामा अस्पतालमा लगी भर्ना गरे। १२ बजे ज्ञानेन्द्र होसमा आएपछि अस्पतालबाट फरार भएर ओडारमा पुगी २ रात बिताए। ०५३ साउन ३ गते उनी बाङ्गेचौरमा घरतिर आउँदै गरेको अवस्थामा देखेपछि उनलाई कालिका गाविसको कार्यालयमा लगियो र प्रहरीले औषधि उपचार खर्च दिने शर्तमा मुद्दा समाधान गरियो।

४.३ रोल्पा

गजुल गाविस-४ पानी पोखरा बस्ने रोल्पा जिल्ला विकास समितिका सभापति ३४ वर्षीय झक्कुप्रसाद सुवेदीलाई होलेरी चौकी तोडफोड गरेको, विष्फोटक, हातहतियार खरखजाना र ज्यान मार्ने उद्योग गरेको आरोप लगाई **०५२ फागुन ३ गते** सदरमुकाम लिवाङबाट प्रहरीले गिरफ्तार गऱ्यो। हिरासतमा उनलाई कुटपिट गरेर गम्भीर यातना दिइएको थियो। ०५२ चैत १२ गते जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा राख्ने आदेश दिए पछि उनलाई लिवाङबाट तुलसीपुर कारागारमा सरुवा गरियो। हिरासतको समयमा दिइएको शारीरिक यातनाको कारण उनको स्वास्थ्य बिग्रँदै गएपछि मानवअधिकारवादी संस्थाहरू समेतको दबाबमा भद्रबन्दी गृह काठमाडौंमा सरूवा गरियो।

४.५ रुकुम

काक्री गाविसका २५ वर्षीय करबहादुर रोका **२०५३ असार १८ गते** आफैं प्रहरीमा पुगे। माओवादीहरूद्वारा प्रहरी मारिएको घटनामा संलग्न भएको आरोपमा उनलाई मुद्दा लगाइएको थियो। प्रहरीले सदरमुकाम जिल्ला प्रहरी कार्यालयमा ल्याई गम्भीर यातना दियो, छातीमा बुटले हान्दा उनको मुखबाट रगत बग्न थाल्यो। मुटु दुख्न थालेपछि अन्तिम अवस्थामा जिल्ला अस्पतालमा उपचार गराई उनलाई कारागारमा राखिएको थियो।

४.९ जाजरकोट

खलंगा गाविस-२ का शिवप्रसाद शर्मालाई **०५२ फागुन ५ गते** प्रहरीले पक्राउ गरेको थियो। उनी अनेरास्ववियू क्रान्तिकारीका जिल्ला अध्यक्ष हुन्। हिरासनबाट छुटेका एक प्रत्यक्षदर्शीका अनुसार शिवप्रसादलाई हिरासतमा चेपुवाले निर्मम ढंगले चेप्दै पैतालामा लाठीले बारम्बार पिटिएको थियो। निरन्तरको यातनाबाट शर्माको जीउ पहेंलो भएको थियो।

खलंगा गाविस-८ रिम्ना गाउँकी २८ वर्षीय श्रीमती वली रानालाई अस्थायी प्रहरी चौकी इन्चार्जका प्रहरी सहायक निरीक्षक धनबहादुर वि.के.ले **०५३ वैशाख १३ गते** निर्ममता पूर्वक यातना दिए। विहान १० बजे देखि ४-५ फिटको लाठीले पटक-पटक कुटपिट गरी ३ घटासम्म यातना दिंदा उनी बेहोस भएकी थिइन्। हाल पीडित वलि रानाले कुटपिट गरेको कारण प्रहरी सहायक निरीक्षक धनबहादुर वि.के. विरूद्ध जिल्ला अदालत जाजरकोटमा मुद्दा दर्ता गराएकी छन्। उनलाई उनका संजमो समर्थक पतिको सोधखोज गर्न भनी चौकीमा लगी कुटपिट गरिएको थियो।

४.१३ कालिकोट

कोटवाडा गाविस-९ का २८ वर्षीय परेक दमाई र २५ वर्षीय विर्क दमाईलाई सुकटिया गाविस-३ का किट्टो सुनार र जङ्ग सुनारले सांही गाविस-२ राराघाटको पुलमा **२०५३ भदौ २३ गते** कुटपिट गरे। परेक दमाई र विर्क दमाईलाई माओवादीको झुठ्ठा आरोप लगाई प्रहरी चौकी हाउडीमा पक्राउ जारी सम्बन्धी ३० हजारको पैसा तिर्ने कागज गराए।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

१.१३ उदयपुर

कटारी गाविस-१ स्थित कालीप्रसाद गणका ८ जना सैनिक जवानहरूले **०५३ मंसीर १९ गते** राती १२ बजे स्थानीय विष्णु माया गिरीको होटलमा ओखलढुंगा गाविस-४ का छत्रबहादुर राई र कटारी-५ का दिलबहादुर राईलाई कुटपिट गरी सख्त घाइते पारे। कुटपिटको क्रममा पीडकहरूले खुकुरी चलाउँदा दिलबहादुर राईको कुइनो काटिएको थियो भने छत्रबहादुर मरणासन्न बने। पीडकहरूलाई कारवाही भएन।

३.१० कपिलवस्तु

डुमराको सिसवा गाउँका धर्मराज बनिया र कृष्ण गडरियाले **०५२ माघ ११ गते** राती सूर्ती लैजादा प्रहरीले पक्रने कोशिस गरे। दुवै जनाले डाँका भनेर हल्ला गरेपछि गाउँले जम्मा भई सादा पोशाकका प्रहरी जवान जगजीवन यादव र तिलकबहादुर अधिकारीलाई कुटपिट गरे। जगजीवन यादवलाई गाउँलेले थुनेर राखे। तिलकबहादुर भागेर जिल्ला प्रहरी कार्यालय

गई दलबल सहित घटनास्थलमा पुगेर जगजीवनलाई छुटाए। प्रहरीलाई कुटपिट गर्ने परशुराम बाँनिया, मुन्ना खाँ र सत्तार मुसलमान पक्राउ परे। धर्मराज बाँनिया र कृष्ण गडरीया फरार भए। मुन्ना खाँ र सत्तारलाई सामान्य सोधपुछ पछि छाडियो। परशुराम बाँनियालाई सार्वजनिक अपराधमा मुद्दा चलाइएको छ।

५.१ कैलाली

धनगढी नपा-७ देवरीयाका २५ वर्षीय सोनु चौधरीलाई ०५२ फागुन २२ गते जिल्ला वन कार्यालय कैलालीका वेदप्रकाश चौधरी र जितबहादुर चौधरी लगायत २०-२५ जनाको जमातले राती सुतिरहेको अवस्थामा घरवाट घिसार्दै लगेर नजिकको जंगलमा कुटपिट गरेका थिए। पीडितको टाउको फुटी टाँका लगाउनु परेको थियो। दाइने आँखामा समेत चोट लागेको थियो। वन विभागले समातेका ४० भारी दाउरा जिल्ला वन कार्यालय नलगी दिएकोमा साँझ ५ बजे घरमा आई डर धम्की देखाएर पीडकहरूले एक घ्याम्पो जाँड र कुखुरा समेत खाई पीडितको दाजुसंग झगडा गरी पछि ठीक पार्ने धम्की दिएर गएका थिए।

५.२ अछाम

सिउडी गाविस अन्तर्गत चौरपाटी प्रहरी चौकीका प्रहरी हवल्दार धनबहादुर खड्का, प्रहरी जवान प्रेम चन्द, कृष्णबहादुर कठायत, देवान सिं कार्कीमाथि ०५३ असोज १० गते राती उक्त गाविसको मेलामा शान्ति सुरक्षाको लागि खटी गएको बेला सिउडी गाविस-४ का मानबहादुर साउद, तुलाराम साउद, बजीर सिंह साउद परमीने साउद, करिसिंह साउद र प्रताप सिंह साउदले आक्रमण गरी प्रहरी जवान कृष्णबहादुर कठायतलाई सख्त घाइते बनाएका थिए। जात्रामा रक्सी खाएर अशान्ति गर्ने एकजनालाई प्रहरीले पक्राउ गर्दा प्रहरीलाई उक्त आक्रमण गरिएको थियो।

१.६ थुनामा मृत्यु

१.५ मोरङ

लेटाङ्ग गाविस-७ का ४९ वर्षीय धनबहादुर पुलामी मगरको ०५२ पुस २९ गते जिल्ला प्रहरी कार्यालय मोरङको प्रहरी हिरासतमा मृत्यु भयो। उनलाई ऐलानी जग्गामा वसेको आरोपमा जिल्ला प्रशासन कार्यालय मोरङले पक्राउ गरेको थियो। सो ऐलानी जग्गा आफ्नो नम्बरी जग्गा भएको दावी गर्ने लेटाङ्ग-२ का वडा सदस्य पृथ्वीबहादुर श्रेष्ठले राजनैतिक दबाव दिई धनबहादुरलाई पक्राएको बताइन्छ। सो घटनामा संलग्न कसैलाई कारवाही गरिएन।

२.१५ काठमाडौं

काठमाडौं मनपा-४ वालुवाटारका २९ वर्षीय दीपक पराजुलीको **०५३ असोज ३ गते** प्रहरी हिरासतबाट उपचारका लागि अस्पताल पुऱ्याइएको १ घण्टा भित्रै मृत्यु भयो। मृतक पराजुली ०५२ भदौ १४ गते डकैती मुद्दामा पक्राउ परेका थिए। उनको लाशको प्रकृति हेर्दा र आफन्त तथा साथीहरूले बताए अनुसार उनलाई हिरासतमा दिएको यातनाकै कारण मृत्यु भएको हो।

काठमाडौं मनपा-७ चुच्चेपाटी निवासी १९ वर्षीय दर्पण बर्माको **०५३ असोज ३० गते** प्रहरी हिरासतमा मृत्यु भयो। चावहिल गोपिकृष्ण सिनेमा हल अगाडि लंगुरबुर्जा खेलमा उत्पन्न विवादमा प्रहरीले अपरान्ह २.३० बजे पक्राउ गरिएका दर्पणलाई प्रहरीले नै सोही दिन बेलुका ५.३० बजे मृत अवस्थामा वीर अस्पताल पुऱ्याएको थियो। मृतक वर्मा प्रहरी हिरासतमा दिइएको यातनाकै कारण मरेको कुरा उनको लाशको अवस्थाबाट अनुमान गर्न सकिन्थ्यो। दर्पण बर्माको कपाल उखेलिएको, रगत बगेको, दुवै हात गोडामा डोरीले बाँधेको, हात भाँचिएको, खुट्टामा चोट, निलडाम र कानमा तिखो हातियारले रोपिएको थियो।

४.३ रोल्पा

उवा गाविस-४ पुसवाङका २० वर्षीय इमानसिं रोकालाई **०५२ चैत ११ गते** ज्यान मार्ने उद्योग मुद्दाको तारेख लिन जिल्ला अदालतमा गएको समयमा प्रहरीले पक्राउ गरी हिरासतमा राख्यो। १२ गते राती प्रहरी हिरासतमा यातना दिई उनको मृत्यु भयो। प्रहरीले उनको लाश आफन्तलाई दिएनन्। इमान सिङलाई जन्डिस रोग लागेको र सोही कारणवाट इमानसिं रोकाको मृत्यु भएको डि.एस.पी. जितबहादुर पुनले बताए।

तेवाङ गाविस-४ का ३१ वर्षीय भक्तबहादुर सुनारलाई **०५३ साउन १० गते** आफ्नो घरवाट प्रहरीले गिरफ्तार गरेको थियो। ०५३ साउन ११ गते राती प्रहरीले बेसरी यातना दिंदा उनको हिरासतमा मृत्यु भयो। ०५३ साउन १२ गते राती मिझिङ गाविस-४ मा पर्ने जुतुङ खोलाको नजिकमा प्रहरीले नौ फायर अन्धाधुन्धा गोली चलायो र त्यसै दिन माओवादीसंग भिडन्त हुँदा भक्तबहादुर सुनारको मृत्यु भएको कुरा प्रहरीले बताएको थियो। तर हिरासतमा मृत्यु भएपछि लाश रातारात सुलिचौर पुऱ्याइयो र प्रहरीसंग भिडन्त भएको बहाना बनाएको थियो। उक्त लाशलाई पोष्ट मार्टम नै नगरी, घर परिवारलाई मृत्यु भएको जानकारी नदिइ प्रहरीले नै जलाएका थिए।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

१.२ इलाम

०४९ सालको स्थानीय निर्वाचनमा नेकपा (एमाले) का साङगुम्बा गाविस अध्यक्षका उम्मेदवार चक्रबहादुर लिङदेनले मत गणनामा धाँधली भयो भनी जिल्ला अदालत इलाममा रिट निवेदन दिएका थिए। **०५३ असार १६ गते** अदालतले लिङदेनले चुनाव जितेको भन्ने फैसला दियो। केही

ने.का. समर्थक व्यक्तिहरू फैसलाको विरूद्धमा लागे र शपथग्रहण गराउन दिएनन्। मुद्दा जितेपछि लिङदेनले जिविसमा खाता संचालनको लागि माग गरे तर दिइएन। त्यसपछि नेकपा (एमाले) जिल्ला कमिटीका प्रतिनिधिहरू स्थानीय विकास अधिकारी समक्ष गए। स्थानीय विकास अधिकारी रूद्र पौड्यालले लिङदेनलाई खाता संचालनको अधिकार दिए। तर जिविस सभापति हरि खनालले कानूनी एवं प्रक्रियागत रूपले गाविस अध्यक्ष नभै खाता संचालनमा रोक लगाए। त्यसपछि जिविसको बैठकद्वारा हरि खनालको निर्णयलाई अनुमोदन गरियो। अदालतले गरेको फैसलाको विरूद्ध जिविसले निर्णय गर्‍यो भनी लिङदेनले पुनः जिल्ला अदालतमा मानहानीको निवेदन दिएका छन्।

२.८ बारा

बंजरीया गाविस-३ को राष्ट्रिय प्रा.वि.को चउरमा **०५३ चैत २५ गते** मिटिङ्ग चलिरहेको अवस्थामा शिक्षकहरूलाई एमालेको राजनीति गरेको आरोप लगाई सोही ठाउँका नेपाली कांग्रेसका कार्यकर्ताहरू विनोद राउत, मनोज कुमार महतो र रामजी राउतले लाठी र छुरी लिई आक्रमण गरे। उक्त घटनामा एमाले गाविस अध्यक्षको टाउकोमा छुरी लाग्यो भने शिक्षक संगठनका अध्यक्ष शहीद हवारी र सहायक शिक्षक सुरेन्द्र पासवान घाइते भए।

३.१२ गुल्मी

अनेरास्ववियु **अर्जै मा.वि.** प्रारम्भिक कमिटीले "मदन आश्रित स्मृति दिवस" को अवसरमा **०५३ जेठ ३ गते** सांस्कृतिक कार्यक्रम आयोजना गरेको थियो। कार्यक्रम चलेकै अवस्थामा राती १२ बजे नेपाली कांग्रेसको जमातले मंचमा ढुंगा प्रहार गरेपछि दुवै पक्षवीच भिडन्त भयो। जसमा नेकपा (एमाले) का कार्यकर्ताहरू जगतबहादुर अधिकारी, लीलबहादुर विष्ट र नेपाली कांग्रेसका जुद्धबहादुर जि.सि र जयलाल अर्याल लगायतलाई चोट लाग्यो। जसमध्ये जगतबहादुर अधिकारीको थाप्लोमा ठूलो चोट लागी रगताम्मे भएका थिए। कार्यक्रम बीचमै स्थगित भयो। दुवै पक्षले प्रशासनमा उजुरी गरे पछि दुवै पक्षलाई एक पक्षले कार्यक्रम आयोजना गर्दा अर्को पक्ष त्यस ठाउँमा नजाने गरी मिलापत्र गराएको छ।

४.१५ हुम्ला

हुम्ला मैला गाविसका केशरे जैसी र उनका भाइले आफ्नो इच्छाले एमालेमा प्रवेश गरी कम्युनिष्ट पार्टीको झण्डा गाडेको रिसमा सोही ठाउँका राष्ट्रिय अनुसन्धान हुम्लाका सहायक बाबुरत्न जैसी, शिक्षक शिवराज जैसी, सर्पलाल जैसी र सर्पनन्द जैसीले दाजुभाइमाथि कुटपिट **२०५३ जेठ १९ गते** गरेका थिए।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

३.१६ मुस्ताङ

मुस्ताङ्गे राजा जिग्मी परवर विष्ट र उनकी भाउजु डिकी डोल्कर विष्टको अंश मुद्दामा साक्षी बस्ने काममा आएका मानिसहरू मध्ये ०५३ असोज ११ गते त्यहाँ उपस्थित ४०-४५ जनाको ठूलो हुलले वादीका वकील मातृकाप्रसाद निरौलालाई मोसो दलेको भनी वकील निरौलाले मानहानी मुद्दा दायर गरे। इन्द्रधारा विष्ट र पेमा गुरूङ सहित ४०-४५ जनाको समूहले मुस्ताङ जिल्ला अदालत अगाडि न्याय निष्पक्ष र स्वतन्त्र हुनुपर्छ भनी शान्तिपूर्ण नारा जुलुस गरेका थिए।

४.१४ मुगु

यस वर्ष पनि जिल्लामा जिल्ला न्यायाधीश नहुनाको कारण न्याय पाउन ढिलाई भैरहेको जनगुनासो व्यक्त भयो। जिल्लामा न्यायाधीश नभएकै कारण जबरजस्ती करणी मुद्दामा पुर्पक्षका लागि थुनामा परेका तैजेल ऐडीले ०५३ वैशाख २३ गते करीब २ वर्ष पछि सफाई पाए। उनको भनाइ अनुसार आफूले लामो समयसम्म जेल सजाय अनाहकमा भोग्नु पर्‍यो। उनीसंगै जेल परेका मिजुर ऐडीको ०५२ पुस १५ गते जेलमा नै मृत्यु भयो। तर मृत्युपछि फैसला हुँदा उनलाई निर्दोष ठहराइएको थियो।

४.२ प्युठान

जिल्ला जनस्वास्थ्य कार्यालयका सहलेखापाल मधुसुदन पौडेललाई **०५२ पुस २४ गते** सम्ममा ५ महिनाको अवधिमा ३ ठाउँ सरूवा गरियो। नेपाल निजामति कर्मचारी संगठनमा लागेकै कारण दुःख दिएको कुरा पीडित बताउँछन्।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

१.६ सुनसरी

धरान नपा-१३ की १२ वर्षीय एक बालिका आफ्नै बाबु गणेश उदाशबाट बारम्बार बलात्कृत भएको पीडा थाहा पाई **२०५२ फागुन ३० गते** उनकी आमाले पीडित बालिकालाई उपचार गराउन लगिन्। पीडक गणेश उदाशलाई इलाका प्रहरी कार्यालय धरानमा पक्राउ गरेकोमा हाल विराटनगर कारागारमा राखिएको छ।

पाँचकन्या गाविस-५ की १५ वर्षीय एक बालिकालाई भ्कडकेलो बाबु कमल लिम्बुले फकाइ, तर्साइ, बारम्बार यौन सम्पर्क गरेको छिमेकीहरू र पीडितकी आमाले समेत थाहा पाई इलाका प्रहरी कार्यालय धरानमा **२०५३ बैशाख ११ गते** बुझाए। पीडितको गर्भमा ७ महिनाको गर्भ समेत रहेको भनी मामा तिलबहादुर बोहराले कारवाही अगाडि बढाउन उजुरी दिए। तर

केही वकीलहरू र पीडितकी आमासंगको परामर्शपछि इलाका प्रहरी कार्यालयबाटै जरिवाना गराएर गुपचुप राखिएको वताइन्छ।

१.१० संखुवासभा

मत्स्यपोखरी गाविस-४ की एक युवतीलाई **०५३ साउन ७ गते** राती ११ बजे आफ्नै भ्फ्ड्केलो बाबुले बलात्कार गरे।

१.११ सप्तरी

भगवतपुर गाविस-२ की ललिना खत्वेलाई **०५३ असार १७ गते** दाइजोमा भैंसी नल्याएको भनी आफ्नै पति शम्भु मण्डल खत्वेले खुर्सानीको धुलो हाली धुँवा सुँघ्न दिने, हात खुट्टा बाँधेर तातो फलामले दुवै गालामा डामी दिने जस्ता कार्यहरू गरे। दुवैको बीचमा ०५३ असार १४ गते विहे भएको थियो। पीडिनले जिल्ला प्रहरी कार्यालयमा निवेदन दिएपछि पीडक शम्भु मण्डल खत्वेलाई प्रहरीले पक्राउ गरी सार्वजनिक अपराध अन्तर्गत मुद्दा चलायो।

२.२ महोत्तरी

ससौला गाविस-९ की एक युवतीलाई सोही ठाउँका राम श्रेष्ठ साह सुडीले जबरजस्ती विवाह गर्न खोज्दा नमानेपछि **२०५३ बैशाख ९ गते** छुरी देखाई स्थानीय रामविनोद साह र महेन्द्र साहको सहयोगमा बलात्कार गरे। पीडकहरू फरार छन्।

२.३ सर्लाही

चोहर्वा गाविस-३ की एक महिलालाई **०५३ असार ४ गते** घरमा एक्लै सुतिरहेको अवस्थामा बलात्कार गर्न खोज्ने सोही ठाउँका राजेन्द्र महतोको लिङ्ग पीडिन महिलाले काटिदिइन्। घाइते बनेका महतोले स्थानीय स्वास्थ्य केन्द्रमा उपचार गरेका थिए।

हरिऔन गाविस-६ की २२ वर्षीय एक महिलालाई **०५३ मंसीर २८ गते** राती आफ्नै ससुरा ५५ वर्षीय गणेशराज चमारले बलात्कार गरे। पीडकले यस अघि पनि पटक-पटक आफूलाई बलात्कार गरेको र कसैलाई भनेमा मार्ने धम्की दिएको कुरा पीडिन महिलाले प्रहरी चौकीमा वताइन्। पीडकलाई पक्राउ गरिएको छैन।

२.८ बारा

कवहीगोठ गाविस-४ की १० वर्षीय एक वालिकालाई **०५२ फागुन १९ गते** बाख्रा चराउन जाँदा सोही गाविसको प्रहरी चौकीका सिपाही कर्णबहादुर खड्काले बलात्कार गरे।

कोहल्वी गाविस-५ की १४ वर्षीय एक वालिकालाई **०५३ वैशाख २५ गते** सोही गाविसको जंगलमा दाउरा काट्न जाँदा निर्मम यातना दिई वन सुरक्षा कर्मीहरू दीपक के.सी र केशव श्रेष्ठले बलात्कार गरे। पीडकहरूलाई गाउँलेले समाई प्रहरीमा बुझाउँदा पनि प्रहरीबाट कुनै कारवाही भएन।

कोहल्वी गाविस-५ की १५ वर्षीय वालिकालाई आफ्नै बाबुले बलात्कार गरी ७ महिनाको गर्भ रहेको कुरा स्थानीय मानिसहरूले थाहा पाए। **०५३ वैशाख २८ गते** पीडकलाई थानामा बुझाएकोमा खड्काराज मैनालीले थानाबाटै भगाएको वताइन्छ।

२.११ मकवानपुर

हेटौडा नपा-१ राप्ती रोडमा रहेको हिमालय लजमा बसेकी नुवाकोट निवासी २४ वर्षीय एक महिलालाई **२०५३ भदौ २२ गते** राती जिल्ला प्रहरी कार्यालय हेटौंडाका हवल्दार दिलबहादुर लामा, वीरबहादुर मुक्तान सहित ४ जनाले बलात्कार गरे। सो अभियोगमा दिलबहादुर लामा अहिलेसम्म कारागारमा छन् भने उनलाई हवल्दार पदबाट निलम्बन गरिएको छ।

३.२ गोरखा

आरूपोखरी गाविस-४ की ४ वर्षीय एक वालिकालाई **०५३ कार्तिक २७ गते** सोही गाविसका १८ वर्षीय चोकबहादुर परियारले बलात्कार गरे। पीडक चोकबहादुर परियार ३ वर्ष कैद बराबरको धरौटी राखी तारेखमा छुटेका छन्।

३.६ मनाङ

मनाङ जिल्ला विकास समितिका उपसभापति साङ्दो लामा र स्थानीय महिला ल्हन्चम लामाको यौन सम्बन्धका कारण ती महिलाले ०५३ जेठमा छोरी जन्माइन्। पीडिन महिलाका तर्फबाट उपसभापतिलाई बच्चाको नाता कायम गर्न दबाव दिएपछि ०६५३ वैशाख १७ गते रू. १० हजार दिई स्थानीय परम्परा अनुसार मिलापत्र गरे। उपसभापतिका यस अघि ३ छोरा र १ छोरी भइसकेका छन्।

३.७ नवलपरासी

हरपुर गाविस-६ की १२ वर्षीय एक वालिकालाई ५० वर्षीय आफ्नै पिता जंगी हरिजनले मुख थुनेर **०५२ चैत १९ गते** बलात्कार गरे। उनले यसभन्दा अगाडि पनि २/४ पटक बलात्कार गरेको, डरको कारणले पीडितले नभनेको र अत्यन्त पीडाबोध भएपछि डराएरै भए पनि अरूलाई भनेको कुरा पीडित बताउँछिन्। पीडक थुनामा रहेका छन्।

३.८ रुपन्देही

देवदह गाविसकी १८ वर्षीय एक युवतीलाई **०५३ साउन १५ गते** बुटवल धागो कारखानाको उत्तरमा पर्ने जंगलमा शिवनगर रेन्जर कार्यालयका कर्मचारी गणेश कुमार पाठक र श्रीबहादुर थापाले बलात्कार गरे। पीडकहरूलाई ०५३ साउन ३२ गते प्रहरी पक्राउ गऱ्यो।

स्याङ्जा जिल्ला घर भै बुटवल नपा-२ साठीमुला डेरा गरी बस्ने १६ वर्षीय एक युवतीलाई बलात्कार गर्ने पीडितको आफ्नै भ्फ्ड्केलो बाबुलाई **०५३ साउन २२ गते** प्रहरीले पक्राउ गऱ्यो।

बुटवल नपा-१३ देवीनगरकी ६० वर्षीय वृद्ध एक लाटी महिलालाई **०५३ मंसीर २८ गते** बेलुका शंकरनगर गाविस डिंगरका २५ वर्षीय विष्णु थापा र युवराज राणाले बलात्कार गरे। पीडक दुवैमाथि कुनै कार्वाही भएन। ती वृद्ध महिला मागेर खाने गर्दथिन्। उनलाई उपचारका लागि अस्पताल भर्ना गर्नु पऱ्यो।

३.१० कपिलवस्तु

कपिलवस्तु नपा- १० का १७ वर्षीय गुँगे भन्ने रामचन्द्र नाउले **०५३ पुस ५ गते** सोही गाउँकी ५ वर्षीय वालिकालाई वदम, सुन्तला खान दिने प्रलोभन दिई आफ्नो घर लगी बलात्कार गरे। पीडित वालिका चिच्याउँदा गाउँलेहरू जम्मा भई पीडकलाई पक्राउ गरी प्रहरीलाई बुझाए।

३.१२ गुल्मी

बलेटक्सार गाविस- ६ की तुलसा विश्वकर्मालाई माइतबाट घर आउँदा उनका पति नेत्रबहादुर विश्वकर्माले **०५३ असार १० गते** घरवाट धपाउने काम गरे। तुलसा गर्भवती भएपछि उनले गर्भ मेरो होइन भनी कुटपिट गर्ने र घरवाट धपाउने काम पटक-पटक गर्दै आएका थिए। विचल्लीको अवस्थामा रहेकी पीडित तुलसाले जिल्ला अदालतमा अंश मुद्दा दिइएकी छन्।

३.१५ म्याग्दी

कुहुँ गाविस-६ का देवराज घिमिरे आफ्ना साथीहरूलाई भेट्न ज्यामरूककोट गाविस-१ बगर फाँटमा हिड्दै गर्दा अर्थुङे गाविस-२ का राप्रपाका कार्यकर्ता चन्द्रबहादुर कुवँरले **०५३ जेठ ५ गते** पक्री जिल्ला प्रहरी कार्यालयमा ल्याई बुझाए। बाटोमा देवराजसंग चन्द्रबहादुरको भेट भएपछि देवराजको झोला खोली हेर्दा झोलामा रक्तिम परिवारका २ वटा क्यासेट, नेपाली क्रान्तिका समस्या भन्ने पुस्तक थान ३ र एक खुकुरी फेला पारेपछि माओवादी हो भन्दै जिल्ला प्रहरी कार्यालयमा बुझाइएको थियो। जिल्ला प्रहरी कार्यालय, म्याग्दीले देवराज सुवेदीलाई नाङ्गो खुकुरीले गस्ती प्रहरीमाथि आक्रमण गरेको भन्ने आरोप लगाई सार्वजनिक मुद्दा चलायो। देवराज ०५३ जेठ २३ गते ९ हजार धरौटी राखी तारेखमा छुटे। उनलाई प्रहरी हिरासतमा पनि यातना दिइएको थियो।

४.१ दाङ

पंचकुले गाविस-२ की १७ वर्षीय एक युवतीलाई **०५३ साउन ३० गते** प्रहरी हवल्दार रामबहादुर थापाले बलात्कार गरे।

ढिकपुर गाविस-४ की १७ वर्षीय एक युवतीलाई **०५३ भाद्र १३ गते** आफ्नो बावु नेपबहादुर बस्नेतले बलात्कार गरे। यस घटनाले पति पत्नी बीच कुटाकुट भई स्वास्थ्य चौकी धाउनु समेत परेको थियो।

४.३ रोल्पा

जेदवाङ गाविस-२ की ४६ वर्षीय एक महिला र उनकी २१ वर्षीय छोरीलाई **०५२ चैत २ गते** राती प्रहरीहरू घरभित्र पसी सामूहिक बलात्कार गरे। पीडितहरू पछि घर छोड्न बाध्य भए। प्रहरीले बावु छोरालाई पक्राउ गर्न चाहेको थियो, नभेटेपछि आमा छोरी माथि यस किसिमको दुर्व्यवहार गरेको बताइन्छ।

४.५ रुकुम

पिपल गाविस-६ की १४ वर्षीय एक वालिका, १८ वर्षीय एक युवती, १७ वर्षीय अर्की एक युवतीलाई **२०५३ फागुन १५ गते** राती प्रहरीले बलात्कार गरे। फागुन १३ गते शिक्षक नरजित बस्नेतलाई अज्ञात व्यक्तिले कुटपिट गरेपछि त्यहाँ पुगेका प्रहरीहरूले १५ गते ६ जनालाई गोली हानी हत्या गरेर लाशकै अगाडि गिरफ्तारीमा परेका महिलाहरूलाई सामुहिक बलात्कार गरेको बताइन्छ।

४.६ बाँके

भेरी अञ्चल अस्पतालमा मानसिक रोगको उपचार गराउन आएकी वेड नं. १०५ मा रहेकी २३ वर्षीय एक युवतीलाई **०५३ बैशाख २३ गते** नेपालगञ्ज नपा-३ का ४० वर्षीय राजु अग्रवालले बलात्कार गरे। पीडकलाई पुर्पक्षको लागि थुनामा राखिएको थियो।

कोहलपुर गाविस-४ की १८ वर्षीय लालसरा हमाल र १७ वर्षीय दिलसरा पुनलाई **०५३ असार २७ गते** नेपालगञ्ज नपा-५ की विजयाकुमारी सिंह ठकुरीले भारतको बहराइच जिल्ला सिमरी गाउँमा २० हजार रूपैयाँमा बेचेकी थिइन्। पीडित युवतीहरू त्यहाँबाट भाग्न सफल भएका थिए। पीडकलाई पुर्पक्षको लागि थुनामा राखिएको छ।

४.९ जाजरकोट

खलंगा गाविस-२ का ३९ वर्षीय एक महिलालाई भिमकाली गुल्म काठमाडौंमा कार्यरत सम्पूर्ण जंग साहले **०५३ पुस २ गते** राती बलात्कार गरे। जिल्ला प्रहरी कार्यालय जाजरकोटमा जाहेरी गर्दा शाही नेपाली सेनालाई कारवाही गर्न नमिल्ने भनी रू. ३ हजारमा मिलापत्र गराइएको छ।

५.१ कैलाली

धनगढी नपा-२ की ४ वर्षीय वालिकालाई ०५२ फागुन १२ गते ललाई फकाई धनगढी १ बस्ने ३८ वर्षीय जितेन्द्र भण्डारीले योनीमा औंला घुसारी योनी च्यातिदिएको हुनाले पीडितलाई अस्पतालमा भर्ना गर्नु परेको थियो। पीडकलाई प्रहरीले गिरफ्तार गरी १० दिन पछि धरौटीमा छोडेको थियो।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

३.१३ बाग्लुङ

प्रहरी चौकी धम्जा विहुँ देउरालीका इन्चार्ज प्रहरी सहायक निरीक्षक ३५ वर्षीय लक्ष्मीप्रसाद भट्टल आफ्नो घर गोर्खा जिल्ला ताप्ले गाविस-७ मा २ पत्नी चन्द्रकुमारी भट्ट र ध्रुव कुमारी भट्ट र छोरा छोरी छँदाछँदै **०५२ फागुन २१ गते** विहुँ-६ देउरालीकी २२ वर्षीय विवाहित शारदा वस्नेतसंग पनि विवाह गरे। शारदाको पतिले लक्ष्मीप्रसादबाट रू.२० हजार लिए। लक्ष्मीप्रसाद भट्टलाई पदबाट निलम्बन गरी कानूनी कार्यवाही चलाइएको छ।

४.१२ जुम्ला

रारा लिहि गाविस-७ का विरबल रोकायाले सोही गाविसका मुनिलाल बुढाकी पत्नी प्याउरी बुढालाई विवाह गरेपछि मुनिलाललाई **०५३ मदौ १३ गते** जारी स्वरूप ३१ हजार बुझाए।

४.१४ मुगु

कालै गाविस-२ खनायाका शिक्षक जनकबहादुर शाहीले आफ्नी पत्नी तारा शाहीलाई भगाएको कारण कालिकोट घौलागोह-२ पनेरा निवासी हर्कबहादुर हमालबाट रू. ४० हजार जारी बापत ल्याए। **०५३ असोज २१ गते** घर गहनाको धनमाल ७६ हजार ५ सय बराबरको दावी गरी उजुरी गरेका थिए।

४.३ गर्भपतन

१.६ सुनसरी

धरान नपा-१४ मा डेरा गरी बस्ने २० वर्षीय बच्चुमायाले आफ्नै बाबुसंगको अनैतिक सम्पर्कबाट रहेको गर्भको बच्चा जन्मिएपछि तुरुन्तै धरान तिनधारेको पाखामा गाडिन्। यसअघि पनि २/३ पटक गर्भपतन गराई सकेको बताउने बच्चुमाया र उनका बाबु प्रेमबहादुर खड्कालाई **२०५३ असोज २ गते** पक्राउ गरी मुद्दा चलाइएको छ।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

१.६ सुनसरी

मुटाहा गाविस-८ की २६ वर्षीय दयावती मलाहाले गरिबी र हिनतावोधका कारण आफ्नै २ जना साना छोरा जितेन्द्र र सुशीललाई २०५२ साल चैतमा घरमै विष ख्वाइन्। जितेन्द्रको मृत्यु भयो। हाल दयावतीलाई थुनामा राखी कारवाही चलाइएको छ।

२.११ मकवानपुर

राक्सीङ्ग गाविस-९ स्थित सुन्दर प्राथमिक विद्यालयका शिक्षक अशोक जैसवालले आफू दिशा गर्न गएपछि सोही विद्यालयमा पढ्ने कक्षा ३ का विद्यार्थीहरूलाई पालैपालो शिशिमा पानी बोक्न लगाई हातले आफ्नो गुदद्वार धुन लगाएर बालबालिकामाथि अत्याचार गर्ने गरेका छन्। कक्षा ३ सम्म अध्ययन हुने उक्त विद्यालयमा कक्षा ३ मा पढ्ने बालबालिकाहरूलाई शिक्षक जैसवालले दैनिक कार्यतालिका बनाएर गुदद्वार धुन लगाउँथे। उक्त कार्यतालिका अनुरूप बालबालिकाले नगरे कठोर यातना दिने गरेका छन्।

२.१४ भक्तपुर

कटुञ्जे गाविस-६ सल्लाघारी स्थित गलैंचा कारखानामा काम गर्ने ८ वर्षीय राजकुमार लामालाई **०५३ जेठ २७ गते** सोही ठाउँका ४० वर्षीय यज्ञबहादुर श्रेष्ठले गुप्ताङ्ग चुस्न लगाए। पीडित बालकका अनुसार यस अघि पनि उनले यस्तै कार्य गरेका थिए।

४.५ रुकुम

मोरावाङ्ग गाविस-४ का ९ वर्षीय गोपाल सुनुवारलाई माओवादी आन्दोलनमा संलग्न भएको आरोपमा र मोरावाङ्गकै पूर्व प्रधानपञ्च जमलाल पुनलाई ०५२ फागुन ५ गते ज्यान मार्ने उद्योग गरेको आरोपमा प्रहरीले वारेन्ट जारी गर्‍यो। उनका बाबुले बोकेर सदरमुकाम पुर्‍याई अदालतमा हाजिर गराएका थिए। उनलाई अदालतले तारेखमा छाडी दिएको छ। पीडित गोपाल सुनार मोरावाङ्ग प्रा.वि.मा कक्षा ३ मा अध्ययन गर्दछन्।

४.१३ कालिकोट

चिल्खाम गाविस-५ का १४ वर्षीय दिवराज उपाध्याय र १२ वर्षीय धर्मदत्त उपाध्यायलाई एक व्यक्तिले ५० रूपैयाँ दिएर कस्तुरीका डल्ला बोक्न लगाएका थिए। ती बालकहरू ०५३ मंसीर १८ गते वन कार्यालयको कारवाहीमा परी हाल दुईलाख रूपैयाँ धरौटी राखी छुटेका छन्।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

३.१२ गुल्मी

आदर्श मा.वि. दिगामको व्यवस्थापन समितिले सो विद्यालयमा बिगत ७ वर्षदेखि मा.वि. स्तरमा अध्यापन गर्दै आएका शिक्षक शोभाखर पन्त र बिगत ८ वर्षदेखि प्रा.वि. स्तरमा अध्यापनरत शिक्षक ध्रुव भण्डारीलाई **०५३ वैशाख ६ गते** शिक्षण पेशाबाट विना कारण अवकाश दिने निर्णय गर्‍यो। उक्त निर्णयको विरोधमा विद्यार्थीहरूले कक्षा बहिस्कार, तालाबन्दी, धर्ना कार्यक्रम गरेका थिए।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

५.१ कैलाली

वलिया गाविस-३ का ३२ वर्षीय कमैया धनवहादुर चौधरीलाई ०५३ कार्तिक २९ गते जमिन्दार विरूद्ध नाटक मंचन गरेको आरोप लगाई सोही ठाउँ बस्ने करंगा थारूले आफ्नो घरमा बोलाई कोठामा थुनी कुटपिट र गाली गरेका थिए। पुनः ०५३ पुस ३ गते राती पीडक करंगा थारूले सोही ठाउँ बस्ने ५२ वर्षीय कमैया तेतराम चौधरीको घरमा त्यही नाटक देखाएकै आरोपमा गाउँको मलनसा, रामगुलाम चौधरी र करंगा मिली कुटपिट गरेका थिए।

७.२ अन्य अमानवीय व्यवहारहरु / छुवाछूत समेत

१.५ मोरङ

वुधनगर गाविस- १ की ५० वर्षीय धनमाया मगरलाई **०५३ असार २० गते** बोक्सीको आरोपमा सोही ठाउँका मुलचन्द, फूलचन्द र गुलाफचन्द यादवले संयुक्त रूपमा कुटपिट गरे। धनमायाका पति राजकुमार मगरलाई समेत कुटपिट गरी मरणासन्न पारे।

१.१२ सिरहा

जम्दह गाविस-१ की २२ वर्षीय रामप्यारी ठाकुरलाई बोक्सीको आरोपमा लक्ष्मी साह, वेचु साह, इन्द्रमान श्रेष्ठ लगायनका मानिसहरू मिली **०५३ साउन ७ गते** गाउँबाट निकालिदिए। सोही गाउँकी अनिता कुमारी साह सुत्केरी हुन नसकी जनकपुर अस्पताल पुऱ्याएपछि उनको मृत्यु भयो। रामप्यारी बोक्सी लागेर उनको मृत्यु भएको हो भनी सो अमानवीय व्यवहार गरिएको थियो।

नरहा गाविस-४ का राजकुमार महतोकी छोरी मूर्तिदेवीको विवाहको सिलसिलामा **०५३ मंसीर २९ गते** गाउँका महिलाहरूसँगै मुल्लीदेवी पनि भेट गर्न गइन्। ३० गते मूर्तिदेवीको मुखबाट रगत बग्न थालेपछि झाँक्रीले बोक्सीले गर्दा त्यस्तो भएको हो भन्यो। त्यही आधारमा पुस १ गते राजकुमारकै घर नजिकको बाटो भएर धान कुटाउन हिँडेकी ३५ वर्षीय मुल्लीदेवी महतोलाई दिसा घोलेर खुवाईयो।

२.२ महोत्तरी

मटिहानी-९ की ६२ वर्षीय पार्गदेवी सोनारलाई सोही ठाउँ विन्दा खत्वे, किशोरी ठाकुर, शत्रुघन ठाकुर समेतले **२०५३ साउन १४ गते** बोक्सीको आरोप लगाई दिसा खुवाए। समाजका केही मानिस वसी पीडकलाई गल्ती महशूस गराई छाडियो।

२.३ सर्लाही

ईश्वरपुर गाविस-३ धनपति डाँडाकी ५० वर्षीय समरीया देवी महतो नुनियालाई **०५२ जेठ १५ गते** बोक्सीको आरोप लगाई सोही ठाउँका रामनारायण सिंहको विसुनिया माझी, सनातन माझी, रामप्रसाद महतो, बाबुसिंह दनुवार, राजकिशोर भन्ने राम किशोर, राम गगन कापड, तेजवा साह, सोनामनीलाल कापड, दुखा सिंह दनुवार, कृष्ण शर्मा, राधे श्रीवास्तव र सुनिल थापाले चारपाटा मुडी दिसा ख्वाई गाउँ निकाला गरे।

३.८ रुपन्देही

वुटवल वहुमुखी क्याम्पसका सह-प्राध्यापक तथा नेपाल प्राध्यापक संघका सदस्य गोपाल परियारले सोही क्याम्पसमा आई. ए. दोस्रो वर्षमा पढ्ने छात्रा टेकबहादुर जी.सी.लाई आफ्नै कोठामा लगी पटक-पटक समलिङ्गी वलात्कार गरे।

४.६ बाँके

शमशेरगञ्ज गाविस-४ का ५५ वर्षीय किसुन थारू र उनकी पत्नी ५१ वर्षीय सुमति थरूनीलाई **०५३ साउन ३१ गते** बोक्सा बोक्सीको आरोपमा सोही गाविसका कल्लुराम थारू, लल्लु थारू, रामकुमार थारू लगायनका व्यक्तिहरूले पिठोमा दिसा घोलेर खुवाए। पीडकहरूलाई कुनै कार्वाही हुन सकेन।

४.८ सुर्खेत

तरंगा गाविसकी कली नेपालीको ०५३ चैत १ गते मृत्यु भएपछि उनको लाशलाई घाटमा लाँदा शंख बजाइएको थियो। घाटतिर गैरहेको बेला सोही गाविसका ठूला भनिने जातिका वृखवहादुर शाही, लोकवहादुर शाही, शान्ता शाही, प्रेम शाही, देवु शाही लगायत केही व्यक्तिहरूले मलामीलाई शंख बजाएको आरोपमा सांघातिक आक्रमण गरी कुटपिट गरे।

५.१ कैलाली

बेला गाविस-३ की ३५ वर्षीय गंगा चौधरीलाई ०५३ असार २४ गते बोक्सीको आरोप लगाएर स्थानीय व्यक्तिहरूले कपाल काटी कुटपिट समेत गरेर घाइते वनाए। पीडित गंगा चौधरी उपचारार्थ ७ दिनसम्म अस्पतालमा बस्नु परेको थियो।

■

अनुसूची

अनुसूची १

यस वर्षको उल्लेख्य:
माओवादी जनयुद्ध र मानवअधिकार

हाम्रो यो संघर्ष मानिसद्वारा मानिसमाथि भइरहेको शोषण, उत्पीडन र युद्धको सदाका लागि अन्त गर्न चलिरहेको विश्व सर्वहारा क्रान्तिको अभिन्न अंगको रूपमा रहने छ।" यही उद्घोषका साथ ०५२ फागुन १ गते देखि नेपाल कम्युनिष्ट पार्टी (माओवादी) द्वारा जनयुद्धका नाममा रोल्पा, रूकुम, जाजरकोट, गोरखा, सिन्धुली लगायतका केही जिल्लामा तोडफोड, आक्रमण र कुटपिटका घटनाहरूको शुरूवात भएको थियो। त्यसपछि लगातार माओवादीका पक्षबाट जनयुद्धका नाममा होस्, या जनयुद्ध नियन्त्रणका नाममा प्रहरीको हिंसात्मक हमलाका कारण होस्, यो एक वर्षको अवधिमा एक सय भन्दा बढी मानिसहरूको मृत्यु भइसकेको छ। त्यसरी मारिनेहरूमा ११ वर्षीय बालकदेखि ७६ वर्षीय वृद्धसम्म रहेका छन्। बाँच्न पाउने नैसर्गिक अधिकारबाट बंचित भइ यसरी मारिएकाहरू मध्ये माओवादीहरूको आक्रमणबाट रोल्पामा १२ जना, रूकुममा १२ जना, जाजरकोटमा १ जना, सिन्धुली, रामेछाप, काभ्रे लगायतका अन्य जिल्लामा ६ जना गरी जम्मा ३१ जना रहेका छन्। त्यसैगरी जनयुद्ध नियन्त्रण गर्ने नाममा सरकारको हिंसात्मक दमनको सिलसिलामा रोल्पामा ३७ जना, रूकुममा २० जना, जाजरकोटमा ५ जना र अन्य जिल्लामा ८ जना समेत जम्मा ७० जना मानिस मारिइसकेका छन्। यस बीच जनयुद्धको दोस्रो चरणको कार्यक्रम शुरू भएको बताइन्छ। दुवै तर्फबाट भइरहेका हिंसात्मक हमला र हिंसात्मक सरकारी दमनको सिलसिला रोकिएको छैन र हताहत हुने क्रम टुंगिएको छैन। यो अवधि भरी एकपछि अर्को गर्दै भएका गम्भीर घटनाहरूले मुलुकको मानवअधिकार स्थितिलाई एकदमै कमजोर बनाइ दिएको छ।

कतिपय जिल्लाका यी गम्भीर घटनाहरूको स्थलगत अध्ययन पछि मानवअधिकार संस्थाहरू संलग्न टोलीले प्रतिवेदन सार्वजनिक गर्दै आएका छन्। अधिकांश घटनामा सत्तापक्षबाट मानवअधिकारको गम्भीर उल्लंघन भएको, सरकारी संचार माध्यमले माओवादीसंगको भिडन्तमा मानिस मारिएको बताए पनि धेरैजसो घटनाहरूमा त्यस्तो नभएको, पक्राउ गरी प्रहरी चौकीमा पुऱ्याएपछि वा चौकीबाट सदरमुकाम लैजाने क्रममा बाटोमै गोली हानी हत्या गरिएको जस्ता गैरकानूनी हत्याका घटना भएको कुरा टोलीले प्रस्तुत गरेका प्रतिवेदनहरूमा उल्लेख छ।

प्रजातन्त्र पुनर्स्थापना पछि संविधानलाई स्वीकार गरी प्रथम संसदीय निर्वाचनमा संलग्न भएर ९ सिट जित्न सफल भएको संयुक्त जनमोर्चा नेपालको समेत सहयोग र समर्थकमा संचालित यो "जनयुद्ध" वर्तमान नेपालको एउटा गम्भीर समस्याको रूपमा देखा परेको छ। माओवादी जनयुद्धको कारण र यसको हल खोज्नु भन्दा पहिले नेपालमा विभिन्न समयमा भएका सशस्त्र जनआन्दोलनहरूको लेखाजोखा हुनु सान्दर्भिक हुनेछ। यसले वर्तमान जनयुद्धको पृष्ठभूमि बुझ्न पनि सघाउने छ भन्ने उद्देश्यले बिगतका सशस्त्र संघर्षहरूको संक्षिप्त विवरण प्रस्तुत गरिएको छ।

सशस्त्र संघर्षको संक्षिप्त ऐतिहासिक प्रसंग

नेपालको इतिहासलाई खोतलेर सर्सरी हेर्ने हो भने सशस्त्र संघर्षको छनक दिने पहिलो घटनाको रूपमा लखन थापाको विद्रोहलाई लिन सकिन्छ। कोतपर्वको रक्तपातपूर्ण षडयन्त्रबाट शासनाधिकार प्राप्त जङ्गबहादुर राणाको दोश्रो प्रधानमन्त्रित्व कालमा अर्थात इ.सं. १८७६ अप्रिलमा गोरखा, बुङ्कोटका लखन थापाले केही युवकहरूको साथ लिएर जङ्गबहादुरको विरूद्धमा संगठन शुरू गरेका थिए। राणा शासक जङ्गबहादुरको हत्या गरी उसको हातमा रहेको शासन खोस्नु पर्छ भन्दै गाउँ गाउँ संगठन गर्ने लखन थापा र उनका अनुयायीहरूले केही हतियार समेत जम्मा पारेका थिए भनिन्छ। यो कुराको सुईंको पाएर उनी लगायत ७ जना युवाहरूलाई पक्राउ गरियो र बाँसको पिंजडामा बन्द गरी काठमाडौं ल्याइयो। केही समयपछि लखन थापा लगायत उनका सहयोगीहरू अज सिं र अच्छामी मगरलाई जङ्गबहादुरको आदेश बमोजिम गोरखा फर्काइयो। उनीहरूलाई गोरखाको प्रसिद्ध मनकामनाको मन्दीर अगाडिको रूखमा झुण्ड्याएर मारियो। नेपालको राजनीतिक इतिहासमा लखन थापालाई पहिलो शहीद मानिन्छ। उनको यो विद्रोह स्वतःस्फूर्त खालको सशस्त्र संघर्षको झिनो भए पनि एउटा प्रारूप थियो। जङ्गबहादुरलाई सत्ताच्युत गर्ने उद्देश्यका साथ त्यो बेला उपलब्ध घरेलु हतियार संकलन गरी शस्त्र सज्जित हुनुले लखन थापा र उनका सहयोगीहरूको साहस चानचुने कुरो थिएन।

२००७ सालको सशस्त्र संघर्ष

त्यसपछि नेपालको दरबारमा भएका शक्ति संघर्ष, आपसी कलह र मारकाटका घटनाहरूलाई छोडेर शासन

व्यवस्था र शासकहरूको विरूद्ध जनताको पंक्तिबाट हतियार उठाइ सशस्त्र संघर्षमा ओर्लिएको घटना वि.सं २००७ सालको जनक्रान्ति नै हो। एकसय चार वर्ष लामो राणा शासनको अन्त्य गरी मलुकमा प्रजातन्त्र स्थापनाको निम्ति वि.सं. २००७ सालमा प्रारम्भ गरिएको सशस्त्र संघर्षको ऐतिहासिक महत्व छ। नेपाली कांग्रेसको नेतृत्वमा संगठित मुक्ति सेनाले हतियार वन्द संघर्षको थालनी वीरगञ्जबाट गरेको थियो। इतिहासकार वालचन्द्र शर्मा नेपालको ऐतिहासिक रूपरेखामा वीरगञ्जको संघर्ष बारे लेख्छन् – "नेपाली कांग्रेसको मुक्ति सेनाले योजना अनुसार १० र ११ नवेम्वर १९५० ई. को १२ वजे रातीको शून्य घडीमा बीरगञ्जमा प्रवेश गऱ्यो। यस दलमा २५ देखि ४० भन्दा वढी व्यक्ति थिएनन्। यस दलको एक भाग थिरवम मल्ल र अर्को भाग मेजर पुरनसिंहको नेतृत्वमा थियो। थिरवम मल्लको दलले राती चार बजेसम्म बडा हाकिम सोम शमसेरलाई कैद गरी गारद र गोश्वारामा पनि कब्जा गऱ्यो। किन्तु ब्यारेक उपर कब्जा गर्न मुक्ति सेनालाई घोर युद्ध गर्नु पऱ्यो। अन्ततोवगत्वा त्यसै दिन साँझ ७ बजेसम्म ब्यारेकले पनि आत्मसमर्पण गर्नु पऱ्यो। यसको साथै जेलमा पनि मुक्तिसेनाको कब्जा भयो र यसरी सम्पूर्ण वीरगञ्ज नेपाली कांग्रेसको अधिकारमा आयो।" यो घटना नेपालको निरंकुश राज्य व्यवस्थाको विरूद्धमा र प्रजातन्त्र प्राप्तिको निम्ति भएको पहिलो संगठित र योजनावद्ध सशस्त्र संघर्ष थियो। उक्त संघर्षका क्रममा थिरवम मल्ल घाइते भए, सोही दिन साँझ ९ वजे उनको मृत्यु भएको थियो।

एकतन्त्रीय राणा शासनको समाप्तिका निम्ति शुरू भएको यो सशस्त्र संघर्षको परिणाम स्वरूप मुक्ति सेनाले पश्चिमका उपरदाङगढी, भैरहवा, दाङ देउखुरी, लिवाङ, प्युठान, सल्यान, जाजरकोट, नेपालगञ्ज, कैलाली, कञ्चनपुर, डोटी, वैतडी, सुर्खेत, पाल्पा, बन्दीपुर गोरखा लगायतका ठाउँहरूमा स्थानीय प्रशासक वडा हाकिमहरूलाई कैद गर्दै वा आफ्नो पक्षमा लिँदै कब्जा गऱ्यो र जनसरकारको घोषणा गरियो। त्यसैगरी पूर्वको विराटनगरमा मुक्ति सेनाले नोबेम्बर १२ को मध्ये रातमा पहिलो आक्रमण गऱ्यो। यो घटनाका बारेमा इतिहासकार बालचन्द्र यसरी लेख्छन् – "... चार पाँच स्टेन गन, चार पाँच, रिवल्भर र केही हाते वम तथा पटाकाका साथ शिवजङ्ग राणा, विश्ववन्धु थापा, केशवप्रसाद कोइराला, गेहेन्द्र हरि शर्मा, कुलदिप झा, गिरिजाप्रसाद कोइराला आदिको नेतृत्वमा मुक्ति सेनाका २ जवानले सर्वप्रथम विराटनगर उपर आक्रमण गरे। यस आक्रमणको फलस्वरूप विराटनगर वस्तीको अधिकांश भाग मुक्ति सेनाको हात परे तापनि वडा हाकिमको घर उपर कब्जा हुन सकेन।" त्यसपछि मुक्ति सेनाको टुकडीले रंगेली कब्जा गर्दै झापा पुग्यो। त्यहाँ पनि कब्जा गरी फर्केर १० डिसेम्वरका दिन दोस्रो पटक विराटनगरमाथि मुक्ति सेनाले हमला गऱ्यो। २३ डिसेम्वरसम्म विराटनगरको अधिकांश भाग मुक्ति सेनाको कब्जामा परिसके ता पनि वडाहाकिम उत्तम विक्रम वीरतासाथ आफ्नो घरको रक्षा गर्दै रहे। अन्तमा ट्याक्टरलाई स्थानीय जूट मिलको कारखानामा काम चलाउ ट्यांकको रूप दिई त्यसै दिन त्यसको उपयोग भएकोले वडा हाकिमको घर पनि मुक्ति सेनाको अधिकारमा आयो।"

त्यसै गरी विराटनगरमा गठित जनसरकार भङ्ग गर्ने र आफ्नो कब्जामा लिने उद्देश्यले बीरगञ्जबाट गएको सरकारी फौजलाई कोशी नदीको कुशबाहा घाटमा मुक्ति सेनाले रोक्न खोज्दा त्यहाँ २९ डिसेम्बर देखि भयंकर युद्ध भयो। उता १८ नवेम्बर मै उदयपुरगढी, जयपुर, जयनगर रेल्वे महिनाथपुर स्टेशन, १२ डिसेम्बरको रातमा मलंगवा, २२ नवेम्वरको राती पशुपतिनगर, त्यसपछि फिक्कल बजार, भोजपुर, दिङला, हुँदै एक एक दिन विराएर खोटाङ र ओखलढुङ्गामा पनि मुक्ति सेनाले आफ्नो अधिकार स्थापित गऱ्यो। मुक्ति सेना संगठित भए पनि युद्ध कला तथा हतियार चलाउने सीपको न्यूनता हुनु, पर्याप्त हतियार नहुनु, आवश्यक तालिम दिने वा लिने स्थिति नहुनु जस्ता सशस्त्र संघर्षका निम्ति प्रतिकूलताका बावजुद पनि जनताको पंक्तिबाट छेडिएको यही सशस्त्र संघर्षको वलले १०४ वर्ष लामो जहाँनिया राणा शासन व्यवस्थालाई ००७ सालमा समाप्त गरियो। प्रजातन्त्र प्राप्तीको यो कठोर संघर्षका क्रममा थिरवम मल्ल, धर्मध्वज गुरूङ, खड्गवहादुर, धर्मराज श्रेष्ठ, उत्तरकुमार श्रेष्ठ, सन्तबहादुर राना, चन्द्रबहादुर सार्की लगायतका थुप्रै लडाकुहरूले जीवन उत्सर्ग गरेका छन्। जनताको पंक्तिबाट राज्य व्यवस्थाका विरूद्धमा संगठित र सुव्यवस्थित खालको सशस्त्र संघर्ष नेपालको निम्ति यो नै पहिलो थियो।

वि.सं. २००७ सालमा प्रजातन्त्र स्थापनापछि पनि छिटफुट रूपमा सशस्त्र संघर्षका घटनाहरू नभएका होइनन्। यद्यपि पहिलो संसदीय निर्वाचन २०१५ सालमा सम्पन्न भयो र नेपाली कांग्रेसले दुई तिहाइ सिटमा विजय प्राप्त गरी बी.पी. कोइरालाको प्रधानमन्त्रित्वमा सरकार गठन भयो। नेपाली कांग्रेसको अदूरदर्शी नीति र मुलुकमा बढिरहेको अराजक स्थितिबाट फाइदा उठाउँदै राजा महेन्द्रले सरकार एवं संसद भङ्ग गरी ०१७ सालमा दलविहीन पञ्चायती व्यवस्थाको घोषणा गरे। सैनिक बलमा लादिएको निरंकुश व्यवस्थाको स्थापना संगै यसको विरूद्धमा देशका विभिन्न भागमा सशस्त्र संघर्षहरू भएका थिए। राजनीतिक दलहरू प्रतिवन्धित अवस्थामा पुगे पनि गुप्त गतिविधिहरू रोकिएनन्। प्रमुख राजनीतिक दलहरू नेपाली कांग्रेस र कम्युनिष्ट पार्टीका नेताहरू पक्राउ परे, वचेखुचेकाहरू भारत प्रवास लागे। कि संघर्ष कि आत्मसमर्पण यो भन्दा अर्को विकल्प थिएन। ती दलभित्र त्यो वेला यी दुवै प्रवृत्ति मौजुद थिए।

२०१७ सालपछिका सशस्त्र संघर्षहरु

यसै सिलसिलामा २०१८ साल माघ ९ गते राजा महेन्द्रको जनकपुर सवारीको अवसरमा नेपाली कांग्रेसका युवा कार्यकर्ता दुर्गानन्द झा, अरविन्द ठाकुर, पुण्यदेव ठाकुर, मिथिलेश शर्मा लगायतको समूहले वम प्रहार गऱ्यो। राजा चढेको गाडी क्षतिग्रस्त भए पनि राजालाई केही भएन।

उनीहरू जयनगर स्थित कांग्रेसको क्याम्पबाट बम लिएर विहान ९ बजे नै जनकपुर आएका थिए। काम योजनावद्ध र निश्चित व्यक्तिहरूबीच जिम्मेवारी बाँडफाँड गरिएको थियो। अरविन्द ठाकुर बम प्रहार हुनु अगाडि हवाइ मैदानमै गिरफ्तार भएका थिए भने केही समयपछि पक्राउ परेका दुर्गानन्द झालाई काठमाडौं ल्याइयो र २०२० साल माघ ५ गते जेलमै मृत्युदण्ड दिइयो। त्यसपछि क्रमशः मुलुकका विभिन्न भू-भागमा नेपाली कांग्रेसको आव्हान र पहलमा सशस्त्र संघर्षका घटनाहरू भइरहे। वि.सं २०१९ सालको जेठ १५ गते गुल्मीको अमरपुरमा हतियारले लैस भएका आन्दोलनकारी र शाही सेनाबीच दोहोरो भिडन्त भएको थियो। उक्त भिडन्तको नेतृत्व गर्ने शमशेरबहादुर खत्रीलाई तत्काल पक्राउ गरी मौलामा बाँधेर नाक, कान, ओठ, हातका औंला, गाला र लिङ्ग समेत काटेर विभत्स किसिमले हत्या गरियो। त्यस घटनामा मोतिप्रसाद भुसालको पनि मृत्यु भएको थियो।

पञ्चायती निरंकुश व्यवस्थाको प्रादुर्भाव पछि २०१८ सालमा भएको चितवन भरतपुर काण्डमा संलग्न टेकबहादुर गुरूङको नेतृत्वमा १५ जनाको "सशस्त्र विद्रोही गोरखा" नामको लडाकू संगठन निर्माण भएको थियो। ०१८ सालमै चितवन ढोरीको सशस्त्र संघर्षमा सेना र आन्दोलनकारी बीच ८ घण्टासम्म दोहोरो गोली हानाहान भएको थियो। उक्त भिडन्तमा प्रवासबाट हतियार ल्याई शाही सेनासंग भिड्दै र उम्कँदै गरेका टीकादत्त थपलिया पनि मारिए। त्यसैगरी ०१७ सालको फौजीकाण्ड पछि त्यसको विरोध गर्दै इलामको ओखर भञ्ज्याङ्गमा ०१९ साल माघ ४ गते आन्दोलनकारी र शाही सेनाबीच दोहोरो भिडन्त भएको थियो। उक्त भीडन्तमा सेनाको गोली लागी रङ्गलाल गुरूङको मृत्यु भएको थियो। यसरी ०१८ सालको सशस्त्र संघर्षको सिलसिलामा भएका अनेकन ठाउँका घटनाहरूमा अनगिन्ति मानिसहरूको हत्या भएको थियो।

०१९ सालमा पंचायती शासनको विरूद्ध सशस्त्र हमला गरी बझाङलाई मुक्त गर्ने योजनाका साथ करीब १ सय जना संलग्न रहेको एउटा सशस्त्र डफा पिथौरागढबाट हुँदै बझाङतर्फ लाग्यो। यो डफ्फाको नेतृत्व बझाङका ओमजंगले गरेका थिए। "नेपाली कांग्रेसका गुरिल्ला" भनिने त्यो समूहका प्रत्येकसंग एक/एक थान थ्री नट थ्री बन्दुक थियो। बझाङ जिल्लाको सीमानामा रहेको वित्थड लेकमा आइ आश्रय लिएर बसेको बेला पंचायती सेनाले घेराउ गऱ्यो। उक्त घेराउपछि विद्रोहीरूमा भागाभाग मच्चियो। भाग्ने क्रममा ओमजङ लगायत केही व्यक्तिहरू लटीनाथको अर्को एक ओडारमा लुक्न पुगेका थिए। पिछा गर्दै गएको सेनाले ओडारमा गोली हानेर उनको हत्या गऱ्यो। यो घटना ०१९ साल आसोज १७ गतेको हो। विद्रोहीहरू मध्ये ११ जना मारिए भने पक्राउ परेका ५ जनालाई धनगढी लैजादाँ बैतडीको कठपते भन्ने ठाउँमा ०१९ साल कार्तिक १४ गते गोली हानेर मारिएको थियो।

झापाको सशस्त्र संघर्ष

निरंकुश राज्य सत्ताको विरूद्ध हतियार उठाएर गरिएका संघर्षमा २०२८ सालको झापा संघर्ष अत्यन्त चर्चित रहेको छ। तत्कालीन नेकपाको झापा जिल्ला कमिटी केन्द्रीय नेतृत्वबाट आधारभूत मतभिन्नता राख्दै अलग भएपछि "वर्गशत्रु खत्तम अभियान" नीतिका साथ अघि बढ्यो। नेत्र घिमिरे, रामनाथ दाहाल, वीरेन राजवंशी आदिको नेतृत्व र पहलमा झापाका भूमिहीन तथा गरीब किसानहरूलाई सचेत र संगठित गरियो र स्थानीय रूपमा शासन र शोषण गर्ने सबैभन्दा बदमास र क्रुर जमिन्दारहरूलाई छनौट गरी "खत्तम" गर्ने योजना बनाइयो। एक एरिया, एक युनिट, एक एक्सनको नीति अनुसार २०२८ सालको अन्ततिर लडाकु दस्ताले छनौट गरिएका जमिन्दारमाथि घरेलु हतियारहरू भरूवा बन्दूक, भाला, खुकुरीद्वारा आक्रमण शुरू गऱ्यो। कम्युनिष्टहरूद्वारा योजनाबद्ध रूपले सञ्चालन गरिएको यो पहिलो सशस्त्र संघर्ष थियो। संघर्षको लक्ष एवं उद्देश्य निरूपित गरिएको थियो, आक्रमणको निशाना निर्दिष्ट थियो, तरिका र रूपबारे आन्दोलनकारीहरू स्पष्ट थिए र अगुवाइ आफूले गरे पनि आधारभूत रूपमा जमिन्दारद्वारा सबैभन्दा उत्पीडित जनसमुदाय राजनीतिले सचेत बनेर संघर्षमा सहभागी भएका थिए। "सामन्तलाई नगिंडे सैनिकसंग नभिडे, आउँदैन जनवाद झोली थापेर" झापा संघर्षका प्रणेताहरूद्वारा रचित क्रान्तिकारी गीतको एक अंश जुन त्यो बेला अत्यन्त लोकप्रिय मात्र थिएन, प्रस्तुत अंशमा सशस्त्र संघर्ष किन र कोसंग गरिंदैछ भन्ने कुरा स्पष्ट प्रकट भएको छ।

झापा सशस्त्र संघर्षको थालनी २०२८ साल जेठ २ गते स्थानीय एक जमिन्दारमाथि योजनावद्ध आक्रमणबाट गरियो। क्रमैसंग केही जमिन्दारहरू मारिए। २०२८ सालको पुस ११ गते शनिश्चरेका स्थानीय सामन्त धर्मप्रसाद ढकाल माथिको आक्रमण उक्त सशस्त्र संघर्षको उत्कर्षको घटना थियो। त्यही घटनापछि झापाले राष्ट्रको ध्यान तान्यो र निरंकुश पञ्चायती व्यवस्था सशस्त्र संघर्षलाई नियन्त्रण गर्ने निहुँमा व्यापक दमन डण्डा लिएर ओर्लियो। हजारौंको संख्यामा मानिसहरूलाई पक्राउ गरियो। सैयौं मानिसहरू अमानवीय यातनाका शिकार भए। पक्राउ गरिएका मध्ये ५ जना क्रान्तिकारी युवाहरूलाई झापाबाट इलाम लैजाने निहुँमा सुखानीको जङ्गलमा लगी २०२९ सालको फागुन २१ गते गोली हानी हत्या गरियो। त्यो घटनामा मारिएका व्यक्तिहरू थिए - रामनाथ दाहाल, नेत्र घिमिरे, विरेन राजवंशी, नारायण श्रेष्ठ र कृष्ण कुईंकेल।

०२९ साल फागुन २४ गते नेकपाको झापा जिल्ला कमिटीको नाममा प्रकाशित एक पर्चामा झापा संघर्षका बारेमा निम्न कुरा उल्लेख गरिएको छ "लगभग दुई वर्षअघि देखि झापाका क्रान्तिकारी किसानले कम्युनिष्ट पार्टीको नेतृत्वमा शोषक वर्गको हातबाट मान्छे मार्ने एकलौटी अधिकार खोस्न शुरू गरेर शोषित पीडितको हत्याको बदलामा शोषक जमिन्दारहरूको हत्या गर्न थाले। यो मार्क्सवादी लेनिनवादी कम्युनिष्ट पार्टीको नेतृत्वमा, स्थानीय रूपमा सत्ता कब्जा गर्ने राजनीति लिएर जनसेना र आधार इलाकाको निर्माण गरी गाउँले शहरलाई घेर्ने दीर्घकालीन जनयुद्धका रणनीतिले

राष्ट्रव्यापी सत्ता कब्जा गर्ने किसानहरूको सशस्त्र गोरिल्ला संग्रामको शुरूवात हो।" उक्त पर्चा झापाको सुरुवानीमा ५ जना क्रान्तिकारीहरूको गोली हानी हत्या गरिएको ठीक ३ दिन पछि प्रकाशित भएको थियो।

०२९ साल साउन १६ गते झापाको नडियावाड स्थित एउटा घरमा भएको प्रहरी आक्रमणको घटनामा चन्द्रडाँगीको मृत्यु भयो र आन्दोलनका अगुवाहरू मध्ये एक दुई जना बाहेक प्राय सबै व्यक्तिहरूलाई गिरफ्तार गरियो। त्यसपछिको भयानक दमन र उत्पीडनका कारण झापामा मुर्दा शान्ति छाए पनि घटनाले राष्ट्रिय चर्चा पायो। त्यसपछि नै विखण्डित रहेको कम्युनिष्ट आन्दोलनमा एकीकरणको नया चरण प्रारम्भ भएको थियो। अखिल नेपाल क्रान्तिकारी कोअर्डिनेशन कमिटी हुँदै झापा आन्दोलनका प्रणेताहरूद्वारा ०३५ सालमा आएर नेकपा (माले) को गठन भयो। झापा आन्दोलनसंग सम्बद्ध १५ जना क्रान्तिकारीहरूले ०३३ सालमा गरेको नख्खुजेल विद्रोह पनि त्यही श्रृङ्खलाको एउटा कडीको रूपमा स्मरणीय छ। जेलभित्रको एउटा कोठाबाट ३१ फिट लामो सुरूङ खनेर साहसपूर्वक निस्किएर जनताको पंक्तिमा पुग्न सफल भएको घटना नख्खुजेल विद्रोहको नामले चर्चित छ।

नेपाली कांग्रेसका अन्य सशस्त्र संघर्षहरु

प्रजातान्त्रिक आन्दोलनको वैधानिक बाटो प्रतिवन्धित भएपछि नेपाली कांग्रेसले २०२९ सालमा पुनः सशस्त्र संघर्षको बाटो समातेको कुरा यसपछिका घटनाहरूले पुष्टी गर्दछन्। यो क्रम २०३२ सालसम्म निरन्तर रह्यो। यद्यपि यस अवधिमा दीर्घ प्रभाव पार्ने खालका घटनाहरू नभए पनि श्रृंखला भने जारी रहेको पाइन्छ। २०२९ सालको भदौ ९ गते राती ११ बजे सप्तरी स्थित हरिपुर चौकीमा सशस्त्र आक्रमण गरियो। उक्त घटनामा एकजना प्रहरीको मृत्यु, एकजना हवल्दार तथा एक जवान प्रहरी घाइते भएका थिए। नेपाली कांग्रेससंग सम्बद्ध युवाहरूको पहलमा उक्त हमला भएको थियो। त्यसैगरी २०३० साल मंसीर ३० गते मलङ्गवा सर्लाहीमा गंगाबहादुरले नेतृत्व गरेको एक सशस्त्र समूहले प्रहरीसंग मुठभेड गऱ्यो। यो मुठभेडमा केही मानिसहरू मारिए। यस अघि २०३० बैशाख २२ गते साँझ तात्कालीन निर्माण तथा यातायात मन्त्री प्रयागराज सिंह सुवालमाथि राजधानी मै बम प्रहार गरियो। सुवाललाई खास केही भएन। तर निर्दोष नागरिकहरू घाइते भए। ३६ नं. ग्रिनेड विस्फोट गर्ने व्यक्ति नेपाली कांग्रेसका शिवप्रसाद कङ्गाल थिए। यो घटनाका सिलसिलामा सरकारले ४ सय एकजना नागरिकलाई पक्राउ गरेको थियो। त्यसैगरी २०३१ साल बैशाख ५ गते धरानको फुस्रे प्रहरी चौकीमा बम हान्न लाग्दा बमबहादुरलाई पक्राउ गरिएको थियो।

२०३१ साल फागुन ३० गते राजा वीरेन्द्रको विराटनगर भ्रमणको अवसरमा राजालाई लक्षित गरेर बम प्रहार गरियो। तर राजालाई केही नभए पनि अन्य पचासौं व्यक्ति घाइते भएका थिए। यो घटनाको सिलसिलामा पक्राउ गरिएका भीमनारायण श्रेष्ठलाई ०३५ माघ २४ गते जेलबाट निकाली गोली हानी हत्या गरिएको थियो।

सशस्त्र संघर्षकै क्रममा एकै स्थलमा ठूलो संख्यामा आन्दोलनकारीहरू मारिएको चर्चित घटना हो ओखलढुङ्गाको सशस्त्र संघर्ष। ०३१ सालमा क्याप्टेन यज्ञबहादुर थापाको नेतृत्वमा गोपाल राई, अगममणि राई, बलराज कार्की, क्षेत्रध्वज वस्नेत लगायत ५० जनाभन्दा बढी नेपाली कांग्रेसका कार्यकर्ताहरू यो सशस्त्र संघर्षमा परिचालित थिए। भारतीय भूमिबाट तालिम लिएर आवश्यक हातहतियार र खरखजाना समेत बोकी उक्त डफ्फा ०३१ साल मंसीरको पहिलो हप्ता बनारसबाट मधुबनी हुँदै सिन्धुली स्थित कमला नदीको किनारै किनार ओखलढुङ्गा तर्फ लाग्यो। संघर्षको निशाना र उद्देश्य थियो, शाही सैनिक व्यारेक ध्वस्त पारेर सबभन्दा पहिले ओखलढुङ्गा कब्जा गर्नु। डफ्फामा संलग्न प्रत्येक व्यक्तिसंग दुई दुई वटा ३६ नं. ग्रिनेड, एक एक स्टेनगन, केही ब्रुनाइ पेस्तोल र रिवल्भरहरू तथा १५० राउण्ड गोली थिए। कमलाखोंचबाट चुरे हुँदै गन्तव्य तर्फ लाग्दा नलाग्दै योजनाको गोपनीयता भङ्ग भइ सरकारी निकायसम्म पुगी सकेको थियो।

योजना अनुसार पुस ११ गते सल्लेरीमा आक्रमण गर्ने तय भयो। अगममणि राई, शिवकुमार राई, चन्द्रबहादुर राई, लालबहादुर लगायतको एउटा टुकडीले थानामा हमला गर्ने, यज्ञबहादुर थापा, कृष्णबहादुर, मानबहादुर, महेश कोइराला आदिको टुकडीले जेलखानामा एवं लोकबहादुर गुरूङ्ग, रामलक्ष्मण, जसधन राई लगायत संलग्न रहेको अर्को टुकडीले जिल्ला प्रशासन कार्यालयमा आक्रमण गर्ने कार्यक्रम बनेको थियो। तर उनीहरू निर्दिष्ट लक्षमा पुग्नु अगाडि नै ओखलढुङ्गा र सोलुका गौंडा गौंडामा सेना पसिसकेको थियो। सशस्त्र योद्धाहरूले ओखलढुङ्गाको टिम्बुरबोटे जङ्गलबीच एक ओडारमा आश्रय लिएर त्यो रात त्यहीं बास बस्ने निधो गरे। उक्त वन शाहीसेना खन्याएर घेराउ गरिसकिएको थियो। बेलुकी ५ बजेतिर सेनाले अचानक भीषण बम आक्रमण गऱ्यो। लगातार २०/२५ वटा बम उक्त ओडारमा प्रहार गरियो। बम आक्रमणमा परी धेरै योद्धाहरू ओडारमै हताहत भए भने घाइते अवस्थामा ओडारबाट निस्किएर अन्यत्र जान लाग्दा अन्य योद्धाहरूलाई गोली प्रहार गरी मारियो। उक्त घटनामा अगममणि राई, श्यामकुमार गुरूङ, पदम प्रकाश गिरी, माइला राई, मानबहादुर मगर, लालबहादुर मगर, शिवकुमार राई, राम उपाध्याय, लक्ष्मण उपाध्याय, महेश कोइराला, नेत्रबहादुर कार्की, पेशल दाहाल लगायत दर्जनौं व्यक्तिहरू मारिए। पक्राउ गरिएका हर्कबहादुर कार्की, अम्बर खड्का, भीमबहादुर कटुवाल, शमसेरबहादुर कार्की, रामकुमार सुनुवार आदिलाई पनि टोक्सेल जङ्गलमा पुऱ्याइ गोली हानेर हत्या गरियो। यज्ञबहादुर थापा, लोकबहादुर गुरूङ र जसधन राई भने कुनै हिसाबले सकुशल उम्किएका थिए। यज्ञबहादुरलाई केही पछि पक्राउ गरियो र काठमाडौं ल्याई सेन्ट्रल जेलमा राखियो। उनलाई २०३५ साल माघ २४ गते राती जेलबाट

निकालेर कमलाखोंचको जङ्गलमा लगी गोली हानेर हत्या गरियो।

कम्युनिष्ट प्रभावमा भएका प्रयत्न

तत्कालीन नेकपा (माले) को संस्थापक केन्द्रीय सदस्य रत्नकुमार वान्तवा इलामलाई आधारथलो बनाई पूर्वी पहाडमा कम्युनिष्ट राजनीति प्रचार र संगठनमा जुटिरहेका एकजना लडाकू योद्धा थिए। उनी "इलामलाई चिङकाङसाङमा परिणत गर्न सकिन्छ" भन्दै तत्कालीन पार्टी नीति अनुसार सशस्त्र संघर्षको लक्ष लिएर राजनीति सचेत युवाहरूलाई हतियार चलाउने देखि सुरूङ खन्ने सम्मका काममा प्रेरित र प्रशिक्षित गरिरहेका थिए। पञ्चायती प्रशासन उनको खोजीमा प्राण प्रणले लागी परे पनि भेट्न सकेको थिएन। केही समय अघि देखि भूमिगत रहेका वान्तवालाई २०३५ सालको चैत २७ गते आफ्ना केही सहयोद्धाहरूसँगै प्रहरी दस्ताले घेराउ गऱ्यो। दर्जनौं प्रहरीसंग वान्तवा एक्लैले भिडन्त गरी रहे तर रूखको आडमा लुकेर प्रहरी विष्णु राईले चलाएको बन्दूकले उनको प्राण पखेरू उडायो।

पञ्चायती निरंकुशताको विरोधमा जनसमुदायलाई संगठित सचेत पार्ने काममा कम्युनिष्ट पार्टीको योगदान कम मूल्यको छैन। छोटे समयमा राजनीतिक रूपले धनकुटा स्थित छिन्ताङको जनसमुदाय सचेत र संगठित बन्यो। यसले पञ्चायती प्रशासन र व्यवस्थावादी पञ्चहरूको "निदहराम" पार्नु स्वभाविक थियो। छिन्ताङको यो राजनीतिक अग्रगतिबाट आतंकित बनेका तत्कालीन महापञ्चहरू, स्थानीय जिल्ला प्रशासकहरू ०३६ सालको शुरूदेखि नै भीषण दमनको योजना बनाउन थाले। व्यापक योजना र तयारीका साथ प्रहरी शक्ति दमनका निम्ति छिन्ताङ पुग्यो तर लडाकु क्रान्तिकारीहरूले सशस्त्र हमला गरी उनीहरूलाई लखेटे। लडाकु जनसमुदायबाट छिन्ताङमा भएको यो पहिलो एक्सन थियो। त्यसपछि छिन्ताङमा शुरू भयो नृशंस दमन र जनप्रतिरोधको श्रृंखला। प्रतिरोधमा ओर्लिएको जनसमुदाय बीचबाट गोपाल आनन्द राई, भैरवबहादुर राई, बलबहादुर खत्री, धनवीर दर्जी, गम्भीरमान दर्जी, टंकबहादुर विश्वकर्मा, लाखमान राई, रणध्वज पुमा राई, केशरमान राई, गणेशबहादुर विश्वकर्मा, हाँखिमा राई, भगेन्द्र राई, पुत्रमान राई, चन्द्रबहादुर दमाई, गंगाबहादुर राई र रामकुमारी राई समेत १६ जनाको ज्यान गयो। सशस्त्र संघर्षको सिलसिलामा छिन्ताङको यो घटना पनि बिर्सन नसकिने घटना हो।

यस अवधिमा कम्युनिष्ट पार्टीको प्रयत्न र प्रभावबाट अर्घाखाँचीको वर्रे, चितवनको जुगेडी, जुटपानी र दाङ आदि ठाउँहरूमा छिटफुट सशस्त्र संघर्षहरू भएका थिए।

०४२ सालको बम काण्ड

नेपाली कांग्रेसको आव्हानमा ०४२ साल जेठ १० गते देखि देशव्यापी सत्याग्रह आन्दोलन प्रारम्भ भएको थियो। वाम समूहहरूले पनि उक्त आन्दोलनलाई समर्थन र सहयोग गरेका थिए। सत्याग्रहको सिलसिलामा नेपाली कांग्रेस तथा कम्युनिष्ट पार्टीका हजारौं कार्यकर्ता तथा नेता पक्राउ परी सकेका थिए। ठीक यसै परिस्थितिमा असार ६ गते काठमाडौं स्थित राजदरवारको दक्षिण ढोका, राष्ट्रिय पञ्चायतको भवन भित्र र अरू केही सार्वजनिक ठाउँहरूमा बम विस्फोटनका घटना भए। यो आकस्मिक घटनाको तत्काल कसैले जिम्मेवारी नलिए पनि केही दिन पछि जनवादी मोर्चा नामको संगठनले उक्त कार्य आफूले गरेको बतायो। पञ्चायती कालमा भएको बम विस्फोटनको यो घटनाले सरकारलाई पञ्चायत विरोधीहरूमाथि दमन गर्ने बलियो आधार प्रदान गऱ्यो। हजारौं मानिसहरूलाई बमकाण्डको अभियोगमा पक्राउ गरियो। जनमोर्चाका अध्यक्ष रामराजाप्रसाद सिंह, उपाध्यक्ष लक्ष्मणप्रसाद सिंह र महासचिव खेमराज मायालुलाई उनीहरूको अनुपस्थितिमै मृत्युदण्डको सजाय सुनाइयो। बम काण्डसंग असंलग्न तर पंचायती निरंकुशता विरोधी कतिपय व्यक्तिहरूलाई पक्राउ गरी अत्यन्तै अमानुसिक यातना दिइयो। पक्राउ गरिएका मध्ये डा. लक्ष्मी नारायण झा, ईश्वर लामा, पदम लामा, महेश्वर चौलागाई, साकेत चन्द्र मिश्रलाई प्रहरी हिरासतबाटै बेपत्ता पारियो। उनीहरूलाई मारियो या के गरियो भन्ने कुरा अहिलेसम्म यकिन हुन सकेको छैन। नेपालमा भएका सशस्त्र संघर्षको चर्चा गर्ने सन्दर्भमा यो ०४२ सालको बम काण्ड पनि प्रासंगिक घटनाका रूपमा लिनै पर्ने हुन्छ। यो घटना पछि सत्याग्रहको आन्दोलन स्थगित भयो।

चाहे राणाकालीन निरंकुशता होस् या पंचायतकालीन निरंकुशता होस्, जनताको पंक्तिबाट हतियार उठाएर विरोध र विद्रोह मार्फत निकास खोजिएको थियो भन्ने कुरा इतिहासको अन्तरकुन्तर खोतलेर टिपिएका माथिका घटनाहरूले पुष्टि गरिरहेका छन्। कतिपय घटना असंगठित र स्वतःस्फूर्त किसिमका रहेका छन् भने कतिपय घटना सुनियोजित, योजनाबद्ध एवं सुव्यवस्थित किसिमका छन्। यस किसिमका घटनाले राष्ट्रिय वा क्षेत्रीय स्तरमा प्रभाव पारेको देखिन्छ। जे होस् राज्य सत्ताको विरूद्ध तात्कालिक परिस्थितिजन्य किसिमले घटेका सशस्त्र संघर्षका रूपमा अभिव्यक्त भएका यी घटनाहरूलाई समयको सापेक्षतामा हेरिनु पर्दछ। राजनीतिक दृष्टिकोणले अहिले व्याख्या र विश्लेषण गर्दा ओखलढुंगाको टिम्बुरबोटे घटना या झापाको सशस्त्र संघर्षको घटना ठीक थियो या बेठिक थियो, अथवा साहस हो या दुस्साहस हो भनेर वादविवाद एवं बहस गर्न सकिन्छ, एक प्रकारको बहस पनि भइरहेको छ, यो अलग्गै सवाल हो। यसले कालान्तरसम्म नै आफ्नो ठाउँमा जवाफ खोजिरहन सक्छ। यद्यपि २००७ सालको राणा शासन विरोधी अभियानमा जनताको पंक्तिबाट हतियार नसमातिएको भए १०४ वर्ष लामो समयदेखि जरा गाडेर शासन र शोषणको साम्राज्य हाँकिरहेका मोहन शमसेरहरू त्यति चाँडै फतक्क गल्नेवाला थिएनन्। जहाँसम्म राजा त्रिभुवनको दिल्ली पलायनको प्रसंग छ, त्यसले राणाहरूलाई झड्का अवश्य दिएको थियो होला तर सम्पूर्णमा त्यो घटना निर्णायक थिएन। उनीहरूका निम्ति त खोपीमा

राख्ने राजा चाहिएको थियो, ज्ञानेन्द्रलाई गद्दीमा चढाइसकेका पनि थिए। राजा महाराजाका प्रशस्तीहरूलाई मात्र इतिहास सम्झने इतिहासकारहरूका लागि प्रजातन्त्र प्राप्तिको निम्ति ज्यूज्यान छोडेर हतियार बोकी निर्णायक युद्ध गर्ने थिरवम मल्लहरू गौण बन्नु स्वभाविक पनि हो। त्यसैले भन्नै पर्दछ ००७ सालमा प्रजातन्त्र स्थापनाको निम्ति निर्णायक भूमिका निर्वाह गर्ने तागत भनेको जनताको पंक्तिबाट मुक्तिसेना संगठित भई उसले छेडेको सशस्त्र संघर्ष नै हो। त्यसैगरी ०२८ सालको झापाको सशस्त्र संघर्षले विभाजित कम्युनिष्टहरूलाई एकत्रित पार्दै एकता र एकीकरणको माध्यमबाट कम्युनिष्ट शक्तिलाई सुदृढ बनाउने कुरामा होस् वा ०३१ सालको ओखलढुंगाको टिम्बुरबोटे घटनाले बी.पी.लाई मेलमिलापको नीति लिई स्वदेश फर्कउन प्रेरित गर्ने कुरामा होस्, महत्वपूर्ण सहयोग पुऱ्याएको यथार्थलाई सायद कसैले नकार्ला।

१०४ वर्षे राणा शासनलाई ध्वस्त पार्न ००७ सालमा जसरी जनताले हतियार उठाउनु परेको थियो, ३० वर्षे पंचायती शासनलाई ध्वस्त पार्न त्यसै गरी हतियार उठाउनु परेन। मात्र ५६ दिनको जनआन्दोलनले पंचायतलाई धरासायी बनायो। आन्दोलनको अवधि लम्बिएको थियो भने जनताले हतियार उठाउँदैनथ्यो भन्ने आधार केही पनि छैन। प्रजातन्त्र प्राप्तिको उत्कट अभिलाषा, पंचायती निरंकुशताको क्रूर दमन, दमनप्रति हुर्कँदै गरेको आक्रोश, पंचायती व्यवस्थालाई विनष्ट गर्ने सवालमा सवै पंचायती विरोधी राजनीतिक शक्तिहरूको संयुक्त पहलका कारण उत्साहित बनेको आम जनसमुदाय विल्कुल यो परिस्थितिमा हिंसात्मक दमन भइरहेको बेला सशस्त्र

जनयुद्ध पूर्व रोल्पामा भएका घटना

वहुलीय व्यवस्थाको आगमन पछि यस जिल्लामा राजनीतिक असहिष्णुता बढेर गयो। पंचायत कालमा भन्दा बढी राजनीतिक प्रतिशोध, दमन र हिंसाका घटनाहरू हुन थाले। मानवअधिकार वर्ष पुस्तक १९९२, १९९३, १९९४ र १९९५ मा प्रस्तुत घटनाहरूले पनि रोल्पामा जनयुद्ध अधिको स्थिति बारे बुझाउन सहयोग पुऱ्याउने छ।

सन् १९९२

जिनावाङ्ग गाविस-१ पुनागाउँका ५५ वर्षीय वलराम घर्तीको ०४९ असोज १० गते हत्या भयो। भिन्न राजनीतिक विचार राख्केै कारण तत्कालीन सत्ताको नजिक रहेकाहरूले सो घटनालाई भिरबाट लडेर मरेको अर्थात् भवितव्य भएको प्रमाणित गराए।

सोही वर्ष यस जिल्लामा राजनीतिक प्रतिशोधकै कारण दर्जनौं शिक्षकहरूमाथि डाका तथा सार्वजनिक अपराधका मुद्दाहरू लगाइए। जस मध्ये नेपाल राष्ट्रिय शिक्षक संगठनका सदस्यहरू पर्शुराम पन्थी, राजेश सुवेदी लगायतका व्यक्तिमाथि दमन र यातना भयो।

यसै बीच ०४९ वैशाख १३ गते स्थानीय निर्वाचनका क्रममा रोल्पा पुग्नु भएका तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला उपस्थित एक आमसभामाथि पनि आक्रमण गरियो। यस आक्रमणमा पनि धेरै राजनीतिक कार्यकर्ता र जनसाधारणहरू घाइते भए।

त्यस्तै ०४९ मंसीर १ गते जिल्ला सदरमुकाममा आयोजित आमसभाका सहभागी दर्जनौं राजनीतिक कार्यकर्तालाई प्रहरीले पक्राउ गऱ्यो। त्यही क्रममा नेकपा (मसाल) का नेता चित्रबहादुर के.सी. पनि पक्राउ पर्नु भयो। सदरमुकाम क्षेत्रलाई नै जुलुस, आमसभा निषेधित क्षेत्रको घोषणा गरियो। यहाँ सम्मकि राजनीतिक व्यक्तिसंग कुराकानी गरेकै कारण जिल्ला शिक्षा कार्यालयका खरिदार शंकर गौतमलाई २४ घण्टाभित्र जिल्ला छोड्ने आदेश दिइएको थियो। ०४९ को स्थानीय निर्वाचनमा ७ वटा गाविसमा सत्ता पक्षले अन्य पक्षलाई उम्मेदवारी दर्ता गर्न नै नदिएर एक पक्षीय विजयको घोषणा गऱ्यो भने अन्य केहीमा पुनः मतदान गरी परिणाम आफ्नो पक्षमा लगेको थियो।

सन् १९९३

गैरीगाउँ गाविस-९ राम्भीका अमर सिंह झाँक्री ०५० भदौ ३१ गते केही मानिसहरूको आक्रमणबाट मारिए। उनको हत्याको अभियोगमा पक्राउ गरिएका हर्कराम झाँक्री र पूर्णबहादुर झाँक्रीले अमरसिंह कांग्रेस भएको र विपक्षी जनमोर्चालाई दुःख दिएको कारण मारिएको बताएका थिए। पक्राउ परेका हर्करामलाई अपहरण गरी रगतमा औंला चोबल्दै कांग्रेस प्रवेश गर्दै भन्न लगाएर छोडिएको थियो।

जंकोट गाविस-८ सैनजाल्पामा ०५० कार्तिक ११ गते सोही ठाउँका पुर्ले कामीको हत्या गरी भिरबाट फालियो। मृतककी बहिनीमाथि स्थानीय मेलामा अभद्र व्यवहार गर्न लाग्दा प्रतिरोध गरेकै कारण अडिया चौरका वेगम राना, दया खोरका होमबहादुर डाँगी, नाम्लेका नीखे ओली, लिला ओली, होमे ओली सहितका व्यक्तिले हत्या गरेका थिए। पीडकहरूले पीडितका वहिनी र आमालाई प्रहरीमा जाहेरी दिन जाँदा कुटपिट गरी ज्यान मार्ने धम्की दिएका थिए।

खुंग्री गाविस-९ का सुकलाल नेपालीको घरमा ०५० कार्तिक २१ गते राती आगो लगाइयो। आगलागीमा सुकलालको मृत्यु भयो।

नारावाङ गाविस-३ का ३४ वर्षीय मानसिं डाँगीलाई ०५० पुस ११ गते प्रहरी हवल्दार वलबहादुर रावल र प्रहरी जवान रेगम बहादुर पुनले पक्राउ गरी सख्त यातना दिए। उनलाई पनि रगतमा हात चोबली नेकपा (एमाले) छोड्न बाध्य गराइएको थियो।

मुसिकोटमा ०५० साउन ७ गते २२ वर्षीय घनश्याम आचार्यलाई पक्राउ गरी हिरासतमा निर्ममता पूर्वक यातना दिइयो। उनलाई खुट्टामाथि गराई पिट्ने र अन्य तरिकाले कुटपिट गरी तोडफोडका घटनामा संलग्न भएको कागजमा जबर्जस्ती सही गराइयो। उनलाई नेपाली कांग्रेसमा प्रवेश गर भन्दै मुसिकोटकै तीलक के.सी.ले दवाव दिएको तर नमानेको हुँदा के.सी.कै पसल तोडफोड गरेको अभियोग लगाइएको थियो।

भवाङ् गाविस अध्यक्ष भिमबहादुर बुढालाई ०५० असार

प्रतिरोधमा ओर्लनका निम्ति अग्रसर थिएन भन्न कसैले पनि सक्दैन। आन्दोलनको लगभग पछिल्लो चरणतिर ललितपुरको पाटनलाई मुक्त क्षेत्र घोषणा गरी त्यहाँ रहेको प्रहरी शक्तिलाई बाहिर निस्कन नदिइकन शहर परिक्रमा गर्दै निस्किएको घरेलु र परम्परागत हतियार सहितको जुलुसले उपरोक्त कुरालाई नै प्रकट गरिरहेको थियो।

०४६ सालको राष्ट्रिय जनआन्दोनको जबरजस्त धक्काले ३० वर्षीय निरंकुश र स्वेच्छाचारी पंचायती व्यवस्थाको जगै उखेलिदियो र ०१७ सालमा सैनिक बलमा खोसिएको प्रजातान्त्रिक बहुदलीय व्यवस्था पुनर्स्थापना भयो। नेपालको राजनीतिक इतिहासमा यो परिघटनाले अत्यन्तै महत्व राखेको छ। पंचायती कालरात्रीको उकुस मुकुस भित्र निस्सासिएका जनताले राजनीतिक रूपमा मुक्तिको श्वास फेरे। जनता सार्वभौम अधिकार सम्पन्न घोषित भएको पहिलो संविधान निर्माण गरियो। उक्त संविधान अनुरूप ०४८ सालमा संसदीय आम निर्वाचन पनि सम्पन्न भयो र स्पष्ट बहुमत आर्जन गर्ने दल नेपाली कांग्रेसको सरकार गठन भयो। मुलुकमा ठूलो मूल्य चुकाएर राजनीतिक अधिकार त प्राप्त भयो तर प्रजातन्त्र प्राप्तिको सातौं वर्ष बितिसक्दा पनि आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारले पूर्णता पाउन सकिरहेको छैन। बरू प्रकारान्तरले मुलुकको राष्ट्रिय राजनीति प्रदूषणयुक्त बन्दै गइरहेको छ। नैतिक मूल्य र मान्यतामा ह्रास, राजनीतिक संस्कार र आचरणमा स्वार्थी मनोवृत्ति, सुविधाभोगी चिन्तन आदिले पंचायती पारामै शिर उठाउन थाल्यो। मंहगी, अनाचार दुराचारले सामाजिक जनजीवन अस्तव्यस्त हुँदै गयो। यति ठूलो त्याग, तपस्या र बलिदानको मूल्य चुकाएर

२८ गते विना कारण पक्राउ गरी २ महिनासम्म हिरासतमा राखियो। अध्यक्ष बुढालाई प्रमुख जिल्ला अधिकारी रइस खाँ स्वयंले कुटपिट गरेका थिए। त्यस्तै ०५० भदौ २४ गते कोटगाउँ गाविस अध्यक्ष तिलकराम बुढालाई पनि राजनीतिक प्रतिशोधकै कारण पक्राउ गरी यातना दिइयो। जंकोटका तीर्थमान पुनलाई ०५० भदौ २७ गते पक्राउ गरिएको थियो। उनलाई प्रहरी हिरासतमा १ हप्ता कुखुरा बनाएर कुदाउने, कुद्ने र खुट्टामाथि परेर भुण्डाई कांग्रेस बन्छु भन्न बाध्य गराइयो। यस्ता गैर कानूनी गिरफ्तारी, यातना र राजनीतिक प्रतिशोधका दर्जनौं घटना भए।

सन् १९९४

भावाङ्ग गाविसमा पर्ने जंगलमा ०५० चैत १२ गते दाङ जिल्लाका थमनबहादुर डाँगी कुटपिट गरी मारिए। कपडा व्यापारी समेत रहेका डाँगीलाई सि.आई.डी.को आरोपमा मारिएको थियो। यो वर्ष प्रहरीको गोलीले २ जना नागरिक मारिए।

इरिवाङ्ग गाविसमा ०५० वैशाख ११ गते प्रहरी र गाउँले बीच अपराधी खोज्ने निहुँमा झडप भयो। यसै क्रममा प्रहरीले ४ राउण्ड गोली पनि प्रहार गरेको थियो। त्यस्तै ०५१ जेठ १ गते भावाङ्गमा पनि प्रहरी र जनता बीच भिडन्त हुँदा प्रहरीले गोली चलाएको थियो।

उवा गाविस-३ का वदिन पुन मगर ०५१ असार १८ गते मारिए। उनको हत्याको अभियोगमा दर्जनौं व्यक्तिमाथि मुद्दा चलाइयो। उवा गाविसका संजमोका तर्फबाट निर्वाचित जुनमाया थापालाई पनि पक्राउ गरियो।

पाछावाङ्ग गाविस कालपोखरा मेलामा ०५१ असार ५ गते रूकुम खारावाङ्ग-६ का निमबहादुर बुढाको कुटपिटका कारण मृत्यु भयो। सोही विषयलाई लिएर ०५१ मंसीर ९ गते स्थानीय जनता र प्रहरी बीच भिडन्त भयो। त्यस क्रममा प्रहरीले दर्जनौं पटक गोली चलायो। सोही घटनामा राङ्सी-९ का २५ वर्षीय लोकबहादुर घर्ती र इरिवाङ्ग-१ का २३ वर्षीय मनबहादुर पुनको घटनास्थलमा नै मृत्यु भयो। अन्य धेरै व्यक्ति घाइते भए। यस घटनाका मृतक र घाइते संजमो समर्थक थिए। यसै घटनामा ४ जना प्रहरी पनि गम्भीर घाइते भएकाले उपचारको लागि काठमाडौं ल्याइयो।

जेलवाङ्ग-३ का ३५ वर्षीय सुके बुढा ०५१ मंसीर ३ गतेदेखि वेपत्ता भएकोमा १४ दिनपछि मृत अवस्थामा फेला परे। मृतक नेपाली कांग्रेस समर्थक व्यक्ति थिए। यस गाविसमा स्थानीय निर्वाचनमा ४ वडामा पूर्ण रूपमा मतदान बहिष्कार भएको थियो भने अन्य ५ वटामा ९ मत खसेको थियो।

धवाङ्ग-७ का नैनसिंह खत्री ०५१ मंसीर २१ गते अज्ञात व्यक्तिको आक्रमणबाट मारिए। त्यस्तै अन्य दर्जनौं व्यक्तिमाथि प्रहरी प्रशासनले गैर कानूनी थुनामा राखेर यातना दिने काम भइ नै रहेको थियो। स्थानीय निर्वाचन र मध्यावधि निर्वाचन कार्यक्रममा पनि अनेक झडप र हिंसाको घटना भइ नै रहे।

सन् १९९५

यो वर्ष पनि यस जिल्लामा प्रहरीको गोलीले २ जनाको मृत्यु भयो। त्यसैगरी गैरकानूनी गिरफ्तारी र यातनाका दर्जनौं घटना दोहोरिए।

प्युठान फोप्ली गाविसका प्रजित घर्ती ०५१ चैत २८ गते रहस्यमय ढंगले मारिए। भिरबाट लडेर मरेको भनिए पनि उनको हत्या गरिएको आशंकामा तेवाङ्ग-२ का टोपबहादुर सुनार कार्वाहीमा परे।

पाङ् गाविस-८ का लालबहादुर विष्टलाई ०५२ जेठ ३० गते कुटपिट गरी मारियो। सो अभियोगमा सोही ठाउँकै करसिंह रोकामाथि कार्वाही चलाइयो।

जेलवाङ्ग-९ का ३० वर्षीय रामप्रसाद बुढा मगर ०५२ भदौ २३ गते स्थानीय भदौरे मेलामा मारिए। पाखापानी-२ का ४५ वर्षीय वागवीर डाँगी पनि ०५२ कार्तिक ९ गते मारिए। उनलाई मारेको अभियोगमा पक्राउ परेका केशव बहादुर बली, देवबहादुर वलीलाई पनि जिल्ला सदरमुकाम लैजाने क्रममा भिरबाट लडेर मरेको प्रहरीले वतायो। तर उनीहरूले प्रहरीले गोली हानी मारिएको स्थानीय जनाता बताउँछन्।

गाम गाविस तमाखेडाँडामा ०५२ असोजको मेलामा प्रहरी, गाउँले र सत्ता पक्षका व्यक्तिहरू बीच भिडन्त भयो। त्यस क्रममा ३३९ जना व्यक्ति गिरफ्तार भए। १७२ जनामाथि मुद्दा चलाइयो। १३ वर्ष देखि ७४ वर्षसम्मका व्यक्तिमाथि ज्यान मुद्दा लगाइयो। उवा गाविसका १६ वर्षीय धनकुमारी घर्ती र २० वर्षीय कलसरी रोकालाई प्रहरीले पक्राउ गरी अभद्र व्यवहार गर्‍यो। ०५२ असार १६ गते माडिचौरका बेगम राना र रेगबहादुर के.सी.माथि खुकुरी प्रहार भयो। यो वर्ष भरि नै जिल्ला त्यस्तै घटनाहरूबाट तनाव ग्रस्त रह्यो। ■

प्राप्त भएको प्रजातन्त्रले जनतामा जुन राहतको आशा र अपेक्षा उमारेको थियो, सत्तामा स्थापित दल, त्यसतर्फ बेखबर बन्नु, जनताका दैनन्दिनका समस्या ज्युँका त्युँ रहनु, राहतको सट्टा आहत हुँदै जानु आफैमा एउटा विसंगत परिस्थितिको सृजना हुनु हो। सत्तामा पुगेका राजनीतिक दलका नेता तथा कार्यकर्ताहरूमा सत्ता उन्मादले घर गर्न थाल्यो र भिन्न आस्था एवं विचार राख्नेहरूप्रति असहिष्णु व्यवहार वर्तनु, स्थानीय प्रशासनिक संयन्त्रलाई प्रभावित गरी विरोधीलाई तह लगाउने तर्फ उत्साहित गर्नु, निर्वाचनमा जसरी भए पनि जित्ने मनसायले जे पनि गर्न तयार हुनु जस्ता बिल्कुल अप्रजातान्त्रिक क्रियाकलापले क्रमशः राजनीतिलाई विवक्त बनाउँदै लगिरहेको छ। यी यावत कुरा प्रजातन्त्रको सम्बर्द्धन र विकासको निम्ति, राष्ट्रको अभ्युत्थान तथा उन्नतिको निम्ति एवं जनताको अग्रगतिका निम्ति अवरोधको ठूलो पर्खाल बनेर हाम्रो सामु खडा भएको छ।

मुलुकको यही परिवेशमा "माओवादी जनयुद्ध" को नामबाट राष्ट्रिय राजनीतिमा एउटा परिघटनाको प्रारम्भ भयो। ०५२ सालको फागुन १ गतेदेखि जनयुद्धका नाममा भएका घटनाहरूको स्वरूप र प्रवृत्ति जे जस्तो भए पनि मूलतः यो राजनीतिक समस्या हो। नेपाल कम्युनिष्ट पार्टी माओवादीद्वारा राजनीतिक उद्देश्यले शुरू गरेको हिंसात्मक गतिविधिलाई नियन्त्रण गर्ने नाममा सरकार पनि हिंसात्मक दमनमै ओर्लियो। माओवादीको तर्फबाट भएका हिंसात्मक गतिविधि र सरकारको हिंसात्मक दमन दुवै मानवअधिकार एवं मुलुकको वर्तमान प्रजातन्त्रका निम्ति घातक कुरा हुन्। यो दुवै तर्फको अतिवादी सोचको परिणाम हो।

माओवादी जनयुद्धको पृष्ठभूमि

कम्युनिष्टहरूको प्रभाव क्षेत्र मानिएको रोल्पा ०४६ सालको राजनीतिक परिवर्तनपछि पनि अशान्त नै रह्यो। अशान्तिको मूल कारण भनेको राजनीतिक असहिष्णुता नै हो। सत्तापक्षले प्रमुख जिल्ला अधिकारी रइस खाँ जस्ता प्रशासकहरूको क्रुरतालाई प्रयोग गरी विपक्षी विचार राख्नेहरूप्रति प्रतिशोध पूर्ण कार्वाही चलाउनु एउटा दुःखद पक्ष थियो। ०४८ सालमा सम्पन्न पहिलो संसदीय निर्वाचनमा दुवै क्षेत्रबाट संयुक्त जनमोर्चाका उम्मेदवार वर्मन बुढा र कृष्णबहादुर महरा निर्वाचित भएका थिए। निर्वाचनको यो परिणाम नेपाली कांग्रेस तथा राप्रपा पक्षधरहरूका निम्ति पीडादायी प्रसंग बन्यो। उता नेपाली कांग्रेस सत्तामा स्थापित भएको हुँदा कांग्रेसका स्थानीय कार्यकर्ताहरू गाउँ-गाउँमा जनमोर्चा पक्षीय मतदाताहरूलाई मात्र होइन जनमोर्चा पक्षधर गाविस अध्यक्ष, उपाध्यक्ष समेतलाई थुनछेक गर्ने, अनावश्यक दबाव दिने जस्ता व्यवहारमा ओर्लिए। ०५१ सालको मध्यावधि निर्वाचनलाई संजमोले बहिस्कार गरेको थियो। मतदानमा भाग नलिने तमाम नागरिक संजमोकै हुन् भनेर चिन्न अव गाह्रो परेन। ठीक यही परिवेशमा जनमोर्चाले रोल्पा, रूकुम जिल्लामा "सिज अभियान" नामको सांस्कृतिक अभियानको थालनी गर्‍यो। रूकुमको सिस्ने हिमाल र रोल्पाको जल्जले पहाडको नाममा अभियानको नाम जोडेर गाउँ-गाउँमा सांस्कृतिक कार्यक्रम, गोष्ठी र समारोहको आयोजना गर्दै जनवादी संस्कृति निर्माणको निम्ति युवाहरूलाई परिचालन गर्‍यो।

सिज अभियान, सांस्कृतिक अभियान थियो। रोल्पाको गाम गाविसमा ०५२ असोज २२ गते कोजाग्रत पूर्णिमाको दिन असोजे मेलामा सांस्कृतिक टोली बाजा गाजा सहित पुग्यो र कार्यक्रम प्रस्तुत गर्न थाल्यो। अभियान समर्थक र विरोधी बीच त्यहाँ झडप भयो, दुवै तर्फका सैयौं व्यक्ति घाइते भए। यही विषयलाई लिएर प्रहरीमा जोहरी पर्‍यो। प्रहरीले पनि व्यापक योजना बनाइ गाउँ-गाउँमा शक्ति परिचालन गर्‍यो र यसै घटनालाई आधार बनाएर व्यापक कार्वाही शुरू गर्‍यो। "रोमियो अपरेशन" बताइने प्रहरीको यस कार्वाहीले जिल्ला पूरै अशान्त बन्यो। गाउँ-गाउँबाट ठूलो संख्यामा जनमोर्चा समर्थक र शुभेच्छुकहरूलाई पक्राउ गरेर सदरमुकाम लिवाङ्ग ल्याइयो। कैयौंलाई ०२८/२९ सालदेखि ०४४/४५ सालसम्मको मुद्दा ब्युँताएर हिरासतमा राख्ने, यातना र दुर्व्यवहार गर्ने काम प्रहरी प्रशासनका तर्फबाट भयो। एकातिर जनमोर्चा समर्थकहरू आफूसंग असहमत हुनेहरूलाई जालिफटाहा भनेर लखेट्ने अनि बेगाम राना जस्ता सत्तापक्षीय कार्यकर्ताहरू प्रशासनको आडमा झुट्टा मुद्दाका जाहेरी र उजुरी गर्दै गाउँका मानिसहरूलाई पक्राउने, थुनाउने कार्यहरूले ०५२ को फागुन अघि नै रोल्पा आक्रान्त बनिसकेको थियो। प्रशासन एवं सरकारी पक्षको अदूरदर्शिता तथा नालायकीको हद यहाँसम्म पुग्यो कि अशिक्षित जनसमुदायलाई शिक्षा चेतना दिन पक्राउ गरी हिरासतभित्र शिप विकास तथा प्रौढ शिक्षा, वन संरक्षण, वृक्षारोपण जस्ता विषयमा प्रहरीबाट प्रशिक्षण दिने प्रयास गरियो। ठीक यस्तै परिस्थिति बीच नेकपा (माओवादी) केन्द्रीय कमिटीले- "नेपालको ऐतिहासिक विशिष्टतामाथि विचार गरी जनयुद्धको पहललाई एक सशक्त धक्का र छलाङ्गका रूपमा अगाडि बढाउने" निर्णय गर्‍यो। सोही बैठकले जनयुद्ध सम्बन्धी "कार्यवाहीका लागि नीति, निशाना र सीमा निर्धारण" गर्‍यो। यस अघि नेकपा (एकता केन्द्र) को नामले संगठित यो कम्युनिष्ट समूहले फागुन १ गतेदेखि माओवादीका नाममा जिम्मेवारी लिई जनयुद्धको घोषणा गर्‍यो। यस सम्बन्धमा प्रचण्डको नेतृत्वमा रहेको नेकपा (माओवादी) का नाममा र संजमो (भट्टराई) समूहले ०५२ फागुन ५ गते एकै दिन छुट्टाछुट्टै विज्ञप्ति प्रकाशित गरी सो घोषणा सार्वजनिक गरेका थिए। यस अघि संजमोका नेता बाबुराम भट्टराई र सो समूहका अन्य नेताहरूले जनजागरण अभियान संचालन गरी देशव्यापी दौडाहा चलाएका थिए। त्यसको लगत्तै सरकार समक्ष राष्ट्रियता, जनतन्त्र र जनजाीविकासंग सम्बन्धित ज्ञापनपत्र प्रस्तुत गर्‍यो। ०५२ फागुन ५ गतेसम्म सरकारको तर्फबाट यस बारे कुनै सकारात्मक पहल नभएमा विद्यमान राज्यसत्ताको विरोधमा सशक्त संघर्षको बाटोमा उत्रन बाध्य हुनु पर्ने जानकारी पनि सोही ज्ञापन पत्रमा दिइएको थियो।

रोल्पा

जनयुद्धको नाममा भएका घटनाहरु

०५२ साल फागुन १ गते सस्वी गाविस अन्तर्गत होलेरी चौकीमा राती १० बजेतिर माओवादीहरूद्वारा आक्रमण गरियो। उक्त घटनामा डेढ घण्टासम्म माओवादी र प्रहरी बीच सशस्त्र भिडन्त भएको थियो। सोही रात स्थानीय वाणिज्य बैंकमा रहेको टेलिफोन लाइन काटिएको र बैंकका कागजपत्रहरू जलाइएको थियो। त्यसैगरी सोही रात पाछावाङ गाविस-५ आरस्वोलाका ३४ वर्षीय खड्गबहादुर बुढा र ५१ वर्षीय धनवीर बुढालाई माओवादीहरूले सुतिरहेको बेला आक्रमण गरी घाइते बनाए। त्यसैगरी इरिवाङ-७ का ४० वर्षीय नरबहादुर डाँगीलाई कुटपिट गरी सख्त घाइते बनाइयो र लाखौं रकम बराबरको तमसुकहरू च्यातिएको तथा धनमाल लुटिएको थियो। त्यस्तै ४ गते नै राङ्सी-१ का ३२ वर्षीय सालिकराम पुनलाई पनि घरमै आक्रमण गरी घाइते पारियो।

त्यसपछि फागुन ३ गते तेवाङ गाविस-३ का गीरबहादुर रोका, चिन्तबहादुर रोका, दाइराज रोका, कृष्णबहादुर रोका, सितबहादुर रोका र मिभिङ गाविस-८ का जुमानसिं पुनलाई आक्रमण गरियो र सबैलाई सख्त घाइते बनाइयो। यस घटनाका सबै घाइतेहरूलाई काठमाडौं ल्याई शिक्षण अस्पतालमा उपचार गराइएको थियो।

मिभिङ गाविस-५ सुलिचौर बजार नजिकमा रहेको भुपनारायण घर्तीको पानी घट्टमा ०५२ फागुन १९ गते राती साढे ११ बजेतिर अचानक विस्फोटक पदार्थ पड्कँदा विष्णुप्रसाद पौड्याल, भुपनारायण घर्ती, भाजिमान बुढा र भैमाली बुढा सख्त घाइते भए। घाइते मध्ये प्युठान घर भई सुलिचौरमा होटल गरी बस्ने २३ वर्षीय विष्णुप्रसाद पौड्यालको भोलिपल्ट विहान मृत्यु भयो। त्यसैगरी फागुन १९ गते करेटी गाविस-२ का दिलबहादुर घर्तीलाई सोही गाविस-७ को हस्तलाल बुढाको घरमा बास बसिरहेको अवस्थामा माओवादीहरूद्वारा आक्रमण गरियो। उक्त घटनामा सख्त घाइते भएका दिलबहादुर घर्तीको सोही दिन मृत्यु भयो। जैमकसला गाविस-७ हाम्जाका धनबहादुर खत्रीको तीन तले घरमा ०५२ फागुन १० गते राती नकावधारीहरूद्वारा आगो लगाई ध्वस्त पारिएको थियो।

यस अतिरिक्त रोल्पा जिल्लामा जनयुद्धका नाममा

रोल्पामा माओवादीको आक्रमणमा परी मृत्यु भएका व्यक्तिहरु

क्र.सं.	नाम र ठेगाना	हत्या भएको ठाउँ	मिति	उमेर	पेशा
१.	विष्णुप्रसाद पौडेल प्युठान जिल्ला सारी गाविस-२	मिभिङ गाविस, सुलिचौर	०५२।११।२० विहान ६ बजे	२३	व्यापार
२.	भाजिमन बुढा तालावाङ गाविस	मिभिङ गाविस, सुलिचौरमा घटना भएको तर काठमाडौंमा मृत्यु भएको	०५२।११।१९	३८	व्यापार
३.	दिलबहादुर घर्ती करेटी गाविस-२, तुक्ला	करेटी गाविस-७, काब्रे बोट	०५२।११। १९ राती १०.२० बजे	३४	कृषि
४.	कालीबहादुर घर्ती उवा गाविस-८	उवा गाविस- ८, मालागिरी	०५३।५।७ बेलुका ८ बजे	३७	कृषि
५.	मिट्ठु भन्ने दीलबहादुर घर्ती होमा गाविस-९ रिसवाङ	होमा गाविस-९, रिसवाङको दैवाङ्ग ढिक	०५२।११।१६ ७.३० बजे	२८	कृषि
६.	जकबहादुर बुढा मिरूल गाविस-८	मिरूल गाविस-६, भेडाखोर	०५३।८।१५	४६	कृषि
७.	प्रेमबहादुर डाँगी मिरूल गाविस-६	मिरूल गाविस-६, लिपुङ	०५३।८।१५	३०	कृषि
८.	गंगाराम घर्ती सेरम गाविस-६, डाँकीवाङ	सेरम गाविस-६, लिपुङ	०५३।८।१३, ५ बजे	३८	कृषि
९.	आइते रोका जैमाकसला गाविस-२, नारवाङ्ग	जैमाकसला गाविस-२, नारवाङ आफ्नै घरमा	०५३।७।२३ राती ८ बजे	२५	कृषि
१०.	मनबहादुर रोका मिरूल गाविस-४, रापा	मिरूल गाविस-४, रापा आफ्नै घरमा	०५३।७।२७ राती ६ बजे	४६	कृषि
११.	विष्णु रोका थवाङ गाविस	मिरूल गाविस-४, रापा	०५३।७।२७ राती ६ बजे	३५	कृषि
१२.	रामजी घर्ती जैमकसला गाविस	उवा गाविस	०५३।१०।१९		कृषि

माओवादीहरूको आक्रमणमा परी ०५२ फागुन १६ गते होमा गाविस-९ का मिठु घर्ती भनिने दिलबहादुर घर्ती, ०५३ भदौ ७ गते उवा गाविस-८ का कालिबहादुर घर्ती, ०५३ कार्तिक २३ गते जैमकसला गाविस-७ का आइतेबहादुर रोका, ०५३ कार्तिक २७ गते मिरूल गाविस-४ का मनबहादुर रोका र थवाङका विष्णुबहादुर रोका, ०५३ मंसीर १३ गते सेरम गाविस-६ का गंगाराम घर्ती, ०५३ मंसीर १३ गते मिरूल गाविस-८ का जकबहादुर बुढा र मिरूल गाविस-६ का प्रेमबहादुर डाँगीको मृत्यु भयो।

प्रहरीद्वारा गरिएको कार्वाही

हत्याका घटनाहरु :

नेकपा माओवादीद्वारा संचालन गरिएको जनयुद्धलाई नियन्त्रण गर्ने नाममा सरकारले माओवादी प्रभावित जिल्लामा व्यापक प्रहरी परिचालन गर्‍यो। यस क्रममा रोल्पाका विभिन्न गाविसमा विभिन्न मितिमा प्रहरीले गोली प्रहार गरी ३७ जना मानिसको हत्या गरिसकेको छ। दमनको सिलसिलामा भएका केही जघन्य हत्याका घटनाको संक्षिप्त विवरण प्रस्तुत गर्नु सान्दर्भिक हुनेछ।

होमा गाविस-८ का २९ वर्षीय जयधन थापालाई जनयुद्धमा संलग्न भएको आरोपमा घरमा सुतिरहेको अवस्थाबाट ०५२ चैत ६ गते प्रहरीले पक्राउ गर्‍यो। पत्नीलाई घरभित्रै साङ्लोले बाँधी जयधनलाई बाहिर आँगनमा ल्याइयो र उनीमाथि गोली प्रहार गरियो। उनको तत्काल मृत्यु भयो। सोही दिन सोही ठाउँका २४ वर्षीय इन्द्रजीत पुन र ३४ वर्षीय लहरे पुनलाई पनि प्रहरीद्वारा घरैबाट पक्राउ गरी घर निजकैको खोलामा लगेर गोली हानियो। उक्त घटनालाई प्रहरीले माओवादी र प्रहरी बीच भिडन्त हुँदा मरेको प्रचार गरियो। मृतक तीनै जनाको लाशको फोटो खिच्न र संस्कार अनुसार अन्त्येष्टी गर्न समेत प्रहरीले दिएन।

खुङग्री गाविस-३ का ३२ वर्षीय विनबहादुर परियारलाई आफ्नो घरमा सुतिरहेको अवस्थामा ०५२ चैत १९ गते प्रहरीद्वारा पक्राउ गरी खुङ्ग्री प्रहरी चौकीमा लगियो। चौकीमा उनलाई निर्घातसंग कुटपिट गरियो र सोही रात १ बजे चौकी इन्चार्ज प्रमानन्द जोशीले पेस्तोल प्रहार गरी चौकीमै हत्या गरे। मृतक जोशीसंग प्रहरीले केही समय अघि बोका किन्न मागेको तर नदिएको कारण पक्राउ गरिएको थियो।

मिरूल गाविस-५ का वर्दान रोका, सिंहबहादुर बुढा, कुमारी रोका, वलप्रसाद रोका र दिलमान रोकालाई घरबाट पक्राउ गरी स्थानीय चौकी लैजादै गर्दा ०५३ मंसीर २ गते राती रेउघा खोलामा गोली हानी प्रहरीले हत्या गर्‍यो। सिंहबहादुर र कुमारी रोका बाबु छोरी हुन्। यस घटनाका सबै मृतकहरूको लाश पनि प्रहरीले आफन्तहरूलाई दिएन।

जेलवाङ गाविस-९ का १४ वर्षीय दुते बुढा, २९ वर्षीय प्रमान बुढा, १८ वर्षीय वीरबहादुर बुढा, सोही गाविस-४ का १९ वर्षीय लालबहादुर बुढा र वडा नं. ७ का ३२ वर्षीय हस्तबहादुर बुढालाई ०५३ साउन २४ गते पक्राउ गरी स्थानीय चौकीमा ल्याइयो र सख्त कुटपिट गरियो। त्यसपछि साउन २६ गते सदरमुकाम लैजाने क्रममा जैमकसला गाविस-१ को नारावाङ जंगलमा पुर्‍याएपछि हस्तबहादुर बाहेक ४ जनालाई गोली प्रहार गरी मारियो र हस्तबहादुरलाई भने प्रहरी चौकी जेलवाङका प्रहरी सहायक निरीक्षक वीरबहादुर थापाको निर्देशनमा भीरबाट लडाएर मारियो। उक्त घटनामा २८ राउण्ड गोली चलाइएको थियो।

कोटगाउँ गाविसका उपाध्यक्ष ३८ वर्षीय तिलकराम बुढालाई ०५२ चैत २९ गते राती ९ बजे प्रहरीले घरैबाट पक्राउ गरी भीषण कुटपिट गर्दै माडिचौर ल्यायो। प्रहरीसंग कांग्रेसका स्थानीय कार्यकर्ताहरू पनि थिए। उनलाई कांग्रेस प्रवेश गर्न र जनयुद्धको विरोध गर्न दबाब दिइयो तर उनी तयार नभए पछि निर्ममतापूर्वक नाक कान आदि अंग काटियो र गोली हानी हत्या गरियो। मृतकको लाशबाट हात खुट्टा काटेर अलग पारिएको थियो।

गैरी गाउँ गाविस-९ राङसीका ३१ वर्षीय चोपबहादुर डाँगी र दाङ जिल्ला तुलसीपुर नगरपालिका-११ का २१ वर्षीय गणेश भन्ने गेहेन्द्र गिरीलाई ०५२ चैत १३ गते राती दुवीडाँडा गाविस-४ र ५ को सीमाना जसपुर कागपानीको जंगलमा गोली हानी हत्या गरियो। त्यस भन्दा अघि दुवै जनालाई चैत १२ गते राती नुवा गाउँबाट प्रहरीले पक्राउ गरी होलेरी चौकीमा लगेर निर्मम यातना दिएको थियो। उनीहरूलाई जिल्ला सदरमुकाम लैजाने क्रममा बाटामा हत्या गरिएको थियो।

यसैगरी यस जिल्लाका पछिल्ला घटनाहरूमा ०५३ पुस २८ गते मिरूल गाविस-६ का पुनबहादुर रोका र वडा नं. ७ का लालधन रोका, ०५३ माघ ५ गते थवाङ गाविस-६ का दिलमान रोका र श्रीमती लली रोका, ०५३ माघ १९ गते मिरूलकै हरिबहादुर रोका लगायतका ३७ जना मानिसहरूको हत्या भइसकेको छ। हत्याको श्रृङ्खला रोकिएको छैन।

प्रहरीद्वारा मारिएका – चोपबहादुर डाँगी, बरदान रोका, दिलमान रोका, वीरबहादुर बुढा र हस्तबहादुर बुढा

रोल्पामा प्रहरीद्वारा मारिएका व्यक्तिहरु

क्र.सं.	नाम र ठेगाना	हत्या भएको ठाउँ	मिति	उमेर	पेशा
१.	विनबहादुर परियार खुड्ग्री गाविस-३, धारापानी	प्रहरी चौकी खुङ्ग्री, रोल्पा	०५२।१२।१९ राती १ बजे	३२	कृषि
२.	नुलमान बुढा मिरूल गाविस-४, रापा	मिरूल गाविस-४, रापा गाउँ र विसनाको बीचमा पर्ने जंगल	०५२।१२।१५ राती ३ बजे	३६	कृषि
३.	चोपबहादुर डाँगी गैरीगाउँ गाविस-९, राम्नी	दुविडाँडा गाविस- ४/५ को सीमानामा पर्ने जसपुरको कागपानीको जंगलराती	०५२।१२।१३ ३ बजे	३१	कृषि
४.	गेहेन्द्र गिरी दाङ, तुल्सीपुर नपा-११	दुविडाँडा गाविस-४/५ को सीमानामा पर्ने जसपुरको कागपानीको जंगल	०५२।१२।१३ राती ३ बजे	२१	कृषि
५.	जयधन थापा होमा गाविस-८, होमा	होमा गाविस-८, होमा	०५२।१२।६ राती १२ बजे	२९	कृषि
६.	इन्द्रजित पुन होमा गाविस-५, फाल्जा	होमा गाविस-८, होमा	०५२।१२।६ राती १२ बजे	२४	कृषि
७.	लहरे पुन होमा गाविस-५, फाल्जा	होमा गाविस-८, होमा	०५२।१२।६ राती	३४	कृषि
८.	इमानसिं रोका उवा गाविस-४, पुसवाङ्ग	जिल्ला प्रहरी कार्यालय रोल्पा लिवाङ्गको हिरासतमा	०५२।१२।१२ राती	२०	कृषि
९.	दुजविर घर्ती गाम गाविस-८, झारसानी	गाम गाविस-८, झारसानी	०५३।२।३ विहान ७ बजे	३२	कृषि
१०.	दुते बुढा जेलवाङ्ग गाविस-९	जैमाकसला गाविस-१ मा पर्ने नारवाङ्गको धुरी	०५३।४।२६	१४	छात्र
११.	परमान बुढा जेलवाङ गाविस-२	जैमाकसला गाविस-१ मा पर्ने नारावाङको धुरी	०५३।४।२६	२९	कृषि
१२.	विरबहादुर बुढा जेलवाङ गाविस-९	जैमाकसला गाविस-१ मा पर्ने नारावाङको धुरी	०५३।४।२६	१८	कृषि
१३.	लालबहादुर बुढा जेलवाङ गाविस-७	जैमाकसला गाविस-१ मा पर्ने नारावाङको धुरी	०५३।४।२६	१९	कृषि
१४.	हस्तबहादुर बुढा जेलवाङ गाविस-७	जैमाकसला गाविस-१ मा पर्ने नारावाङको धुरी	०५३।४।२६	३२	कृषि
१५.	टेकबहादुर बुढा गाम गाविस-४ डाँगाधारा	गाम गाविस-४ को कार्जङको जंगल	०५३।४।२०	३०	कृषि
१६.	नरेन्द्र रोका उवा गाविस-५	सेरम गाविस-९ को मैते पुनको घरभित्र	०५३।४।२२ राती १२ बजे	२३	कृषि
१७.	अमर झाँक्री (गोरे घर्ती) उवा गाविस-५	सेरम गाविस-९को मैते पुनको धरभित्र	०५३।४।२२ राती १२ बजे	२४	कृषि
१८.	भक्तबहादुर सुनार तेवाङ गाविस-८	जिल्ला प्रहरी कार्यालय रोल्पा लिवाङको हिरासत	०५३।४।११	३१	कृषि
१९.	तिलकराम बुढा कोटगाउँ गाविस-३	कोटगाउँ गाविस-३	०५२।१२।२९ राती	३८	कृषि
२०.	कर्णबहादुर बुढा मिरूल गाविस-८,	कुरेली गाविस र राङकोट गाविसको सिमानामा पर्ने ग्राम्पु	०५३।७।७	३५	कृषि
२१.	बर्दान रोका मिरूल गाविस-५	मिरूल गाविस-८, रेउघाली खोला	०५३।८।२ राती	७६	कृषि

क्र.सं.	नाम र ठेगाना	हत्या भएको ठाउँ	मिति	उमेर	पेशा
२२.	वलप्रसाद रोका मिरूल गाविस-५	मिरूल गाविस८, रेउघाली खोला	०५३।८।२, राती	४५	कृषि
२३.	सिंहबहादुर बुढा मिरूल गाविस-५	मिरूल गाविस-८, रेउघाली खोला	०५३।८।२, राती	५७	कृषि
२४.	कुमारी बुढा मिरूल गाविस-५	मिरूल गाविस-८, रेउघाली खोला	०५३।८।२, राती	२२	कृषि
२५.	दिलमान रोका मिरूल गाविस-५	मिरूल गाविस८, रेउघाली खोला	०५३।८।२, राती	४०	कृषि
२६.	जानबहादुर पुन मिरूल गाविस-४	मिरूल गाविस-७ को चैते खुटी	०५३।८।२० राती १ बजे	२५	कृषि
२७.	सुनसरा बुढा मिरूल गाविस-६	मिरूल गाविस-७ को चैते खुटी	०५३।८।२० राती १ बजे	२२	कृषि
२८.	लक्ष्मण सिं डागी इरिवाङ्ग गाविस-७	प्रहरी चौकी घर्तिगाउँ रोल्पाको हिरासत	०५३।८।१७ राती ११ बजे	२४	कृषि
२९.	दिलमान रोका थवाङ गाविस	थवाङ गाविस	०५३।१०।५		
३०.	आसमान बुढा थवाङ गाविस	थवाङ गाविस	०५३।१०।५		
३१.	लली रोका थवाङ गाविस	थवाङ गाविस	०५३।१०।५	३०	कृषि
३२.	विनसरा बुढा मिरूल गाविस	मिरूल गाविस	०५३।८।१८	७०	कृषि
३३.	हरिबहादुर रोका मिरूल गाविस	थवाङ गाविस	०५३।८।१९		कृषि
३४.	प्रकाश राना शेरम गाविस	शेरम गाविस	०५३।४।२०	२३	
३५.	लालधन रोका मिरूल गाविस-७	मिरूल गाविस	०५३।९।२८	१८	
३६.	पुनबहादुर रोका मिरूल गाविस-६	मिरूल गाविस	०५३।९।२८	२६	
३७.	मणिकर्ण बुढा मिरूल गाविस	मिरूल गाविस	०५३।८।१८		कृषि
३८.	मूलबहादुर झाँक्री थवाङ गाविस	थवाङ गाविस	०५३।११।१५		
३९.	इमानजी घर्ती थवाङ गाविस	थवाङ गाविस	०५३।११।१५		

यातना र गिरफ्तारी

रोल्पा जिल्ला विकास समितिका सभापति ३४ वर्षीय झक्कुप्रसाद सुवेदीलाई ०५२ फागुन ३ गते लिवाङ स्थित उहाँको आफ्नै डेरावाट प्रहरीले पक्राउ गऱ्यो। फागुन १ गते भएको होलेरी चौकी तोडफोडको अभियोगमा उहाँलाई पक्राउ गरिएको थियो। तर सुवेदी उक्त दिन सदरमुकाममै रहेको जिल्ला विकास समितिको कार्यालयमा बसेर नागरिकता प्रमाणपत्रको सिफारिस गरिरहनु भएको बताइन्छ। गृहमन्त्री खुमबहादुर खड्काको रोल्पा भ्रमणपछि हिरासतमा उहाँमाथि अमानवीय यातना शुरू भयो। लगातारको कुटपिटका कारण उहाँ पटक-पटक बेहोस हुनु भएको थियो। यातनाले खुट्टा हल न चल भए पछि उहाँलाई अदालत लैजाँदा पनि बोकेर लानु परेको थियो।

जनयुद्ध नियन्त्रण गर्ने नाममा यस जिल्लामा शुरूदेखि नै कानूनी सीमालाई कुल्चिएर प्रहरी प्रशासनद्वारा जथाभावी किसिमले गिरफ्तारी गरिएको र त्यसरी पक्राउ गरिएका व्यक्तिहरूमाथि अमानुषिक यातनाका कारण मृत्युका घटनाहरू पनि भए। सैयौं नागरिकहरूलाई गैरकानूनी ढंगले पक्राउ गरियो र कैयौंलाई झुठ्ठा मुद्दा लगाइयो।

बर्बर यातनाका केही घटनाहरू यस्ता छन्।

उवा गाविस-४ पुसवाङका २० वर्षीय इमानसिंह रोकालाई ज्यान मार्ने उद्योग अन्तरगतको मुद्दाको तारिखमा रोल्पा जिल्ला अदालतमा हाजिर हुन लिवाङ गएको बेला अदालतको ढोकाबाटै ०५२ चैत १२ गते दिउँसो प्रहरीले पक्राउ गऱ्यो। रोका रोल्पामा उत्पादन हुने माड्ग्रो (एक प्रकारको कपडा) का व्यापारी थिए र धेरै जसो रूपन्देहीको भवानीपुरमा बस्ने गर्दथे। पक्राउ गरेको राती प्रहरी हिरासतमा उनलाई अमानवीय तरिकाले कुटपिट गरियो। कुटपिटकै कारण उनको हिरासतभित्रै मृत्यु भयो। मृतकको लाश प्रहरीले दाङ पुऱ्यायो। उनको साथमा रहेको ३० हजार रूपैया नगद र १ तोला सुन उनलाई हिरासतमा लिंदा प्रहरीले बुझिलिएकोमा त्यो पनि फिर्ता नदिई लमही जंगलमा उनका आफन्तलाई धम्क्याएर जबरजस्ती लाश बुझाइयो।

तेवाङ गाविस-४ का ३१ वर्षीय भक्तबहादुर सुनारको ०५३ साउन ११ गते प्रहरी हिरासतमै मृत्यु भयो। सुनारलाई साउन १० गते घरैबाट पक्राउ गरी लिवाङ ल्याइएको थियो। यातना दिंदादिंदै भोलिपल्ट ११ गते उनको मृत्यु भएपछि प्रहरीले १२ गते मिझिङको जुतुङ नजिक भएको भिडन्तमा मारिएको भनी प्रचार गऱ्यो। उनको मृत्यु बारे आफन्त र नातेदार समेतलाई जानकारी नदिई १२ गते राती प्रहरी स्वयंले लाश जलाएका थिए।

इरिवाङ गाविस-७ का २८ वर्षीय लक्ष्मण सिंह डाँगीलाई ०५३ मंसीर १७ गते घर्ती गाउँको प्रहरी चौकीमा हिरासतभित्रै गोली हानी हत्या गरियो। उनलाई प्रहरी चौकी बाघमाराले ०५३ मंसीर १५ गते दिउँसो पक्राउ गरी अड्डा सार गर्दै त्यहाँ पुऱ्याएको थियो। डाँगीको लाश प्रहरी स्वयंले अधकल्चो डढाएर खाडलमा पुरेका थिए। उनी अ.ने.रा.स्व.वि.यु. का कार्यकर्ता थिए।

लिवाङ गाविस-७ का २४ वर्षीय रूद्रबहादुर महरालाई ०५२ फागुन १२ गते प्रहरीले पक्राउ गऱ्यो। उनी काठमाडौंबाट आफ्नो घर फर्किरहेका थिए। पक्राउपूर्जी वा थुनुवा पूर्जी नदिईकन ३० दिनसम्म प्रहरी हिरासतमा राखेर अमानवीय यातना सहित अधमरो बनाएर उनलाई छोडियो। प्रहरीले महरालाई लगातार ३० दिनसम्म एउटै प्रश्न सोधेको थियो- "पूर्व सांसद कृष्णबहादुर महरा कहाँ छ?"

जेदवाङ गाविस-२ की ४६ वर्षीय एक महिला र उनकी २१ वर्षीय छोरी ०५२ चैत २ गते राती १० बजे आफ्नै घरमा प्रहरीद्वारा सामूहिक बलात्कृत भए। त्यसपछि पनि प्रहरीहरू हरेक दिन घरमा आइरहेकोले आमाछोरी घर छोडेर बाहिरिएका थिए। प्रहरी त्यो परिवारका बाबु छोरालाई पक्राउ गर्न चाहन्थ्यो। उनीहरूलाई नभेटे पछि त्यसको बदलामा अमाछोरीमाथि यो पशुवत व्यवहार गरियो।

खुमेल गाविस-४ का २९ वर्षीय नरेन्द्र थापालाई ०५२ फागुन ५ गते जनयुद्धमा संलग्न भएको आरोपमा खुमेल सातडोबाटोबाट प्रहरीले पक्राउ गरेको थियो। उनलाई चैत २१ गतेसम्म पनि पक्राउ पूर्जी दिइएन र प्रहरी हिरासतमा निर्घातसंग

प्रहरीद्वारा मारिएका - परमान बुढा, सिंह बुढा र बलप्रसाद रोका

कुटपिट गरिएको थियो।

खुमेल गाविसका नरेन्द्र थापालाई फागुन १ गते तेवाङमा भएको घटनाको आरोपमा फागुन ५ गते प्रहरीले पक्राउ गऱ्यो। उनलाई चैत २१ गतेसम्म हिरासतमा राखेर भीषण यातना दिइएको थियो। उनको औंलामा पिन घोच्ने, पुल बनाएर बुटले कुल्चने, घैंघारू र बेतको लाठीले बेल्ने, लौरो घाँटीमा कोची दिने, पैतालामा पिनले रोप्ने जस्ता बर्बर यातना पाएको कुरा स्वयं बताउँछन्। चैत २१ देखि उनी रोल्पा जेलमा बन्दी छन्।

लक्ष्मीपुर गाविस भैसपुरका विनोद शर्मालाई फागुन १९ गते प्रहरीले पक्राउ गऱ्यो र चैत १८ गतेसम्म प्रहरी हिरासतमा निर्मम यातना दिइयो। घर लक्ष्मीपुर भए पनि होलेरीमा उनको पसल थियो। फागुन १ गते होलेरी चौकीमा भएको तोडफोडको अभियोग लगाएर उनलाई पक्राउ गरिएको थियो। उनी भन्दछन्- त्यो दिन प्रहरी चौकीमा लुटपिट र आगजनी भएको हो, तर त्यो बेला म घरमै सुतेको थिएँ। चौकीमा आक्रमण भएको आधा घण्टा पछि "माओवाद- जिन्दावाद" भन्ने नारा लागेकोसम्म सुनेको हुँ। तर प्रहरीले हिरासतभित्र पैतालाको छाला जाने गरी कुट्यो। उँधोमुन्टो पारी झुण्ड्याएर लाठीले घुँडा र हातमा हान्ने, नाङ्गो पारेर बुटले कुल्चने, हातमाथि बाँधेर साँप्रामा पिट्ने गर्दा उनी एक पटक दुई घण्टासम्म बेहोस भएका थिए। विनोद शर्मा अहिले रोल्पा जेलमा बन्दी छन्।

जनयुद्धलाई नियन्त्रण गर्ने नाममा रोल्पा जिल्लामा भएका वर्बर यातनाका यी केही नमूनाका घटनाहरू हुन्। यसका अतिरिक्त सैयौंका संख्यामा मानिसहरूलाई पक्राउ गरिएको, पक्राउ पर्ने अधिकांश माथि प्रहरीद्वारा दुर्व्यवहार गरिएको, जनयुद्धसंग असंलग्न कतिपय व्यक्तिहरूमाथि समेत राजनीतिक प्रतिशोधले घटनासंग मुछेर झुट्टा मुद्दा लगाएको र ५० हजार भन्दा बढी रकम अदालतले धरौटी जमानत तोकेको हुँदा उक्त रकम जम्मा गर्न नसकी पुर्पक्षको निम्ति जेलमा रहनु परेको अवस्था विद्यमान छ। नेपाल राष्ट्रिय शिक्षक संगठनको रोल्पा जिल्ला अध्यक्ष मदनकुमार शर्मा, रोल्पा जिल्ला विकास समितिका सभापति झक्कुप्रसाद सुवेदी, लिवाङका मानबहादुर बुढा, बुद्धिप्रसाद घर्ती लगायत ७ जना, त्यसैगरी सेरम र कोट गाउँका समेत ४६ जनालाई रोल्पा जेलमा पुर्पक्षको निम्ति थुनामा राखिएको छ। जिल्ला विकास समितिका सदस्य जयबहादुर बुढा लगायत ६ जना जनयुद्ध पूर्व गरिएको चर्चित

रोमियो अपरेशनको सिलसिलामा पक्राउ परेकाहरू यही जेलमा रहेका छन्।

रुकुम

जनयुद्धका नाममा भएका घटनाहरु

आठवीसकोट स्थित गाविस अध्यक्ष लोकेन्द्रबहादुर घटालाको पसल तोडफोड र ज्यूला प्रहरी चौकीमा ०५२ फागुन १ गते माओवादीद्वारा गरिएको सशस्त्र हमलाको घटना नै यो जिल्लाको जनयुद्ध शुरूवातको घटना हो। उक्त प्रहरी चौकीबाट करीब ८ किलो जिलेटिन र केही फ्युज वायर समेत माओवादीहरूले लगेका थिए। यसै दिन यो जिल्लाका अरू गाउँहरूमा कुटपिट र तोडफोडका अन्य घटनाहरू भएका थिए। ०५२ फागुन ३ गते विजयश्वरी गाविसका अध्यक्ष सार्की बुढाको मिलमा र बाँफीकोटका उपेन्द्र मल्लको मिलमा जिलेटिन पड्काइयो। फागुन १ गते स्यालपाखा गाविसको गिलवाङ भन्ने ठाउँमा सल्लाको रूख ढालेर सदरमुकाम आउने विजुलीको लाइनलाई अवरूद्ध गरियो। फागुन १३ गते राती महत गाविसका पूर्व उपप्रधानपंच कृष्णबहादुर बुढालाई आक्रमण गरी हत्या गरियो र घर लुटियो। फागुन ५ गते मरावाङ गाविस-१ का जमलाल पुनमाथि आक्रमण गरियो। पुनको दुवै खुट्टाका घुँडा र पिडौला काटियो, साथै उनको टाउकोमा पनि गम्भीर चोट लागेको थियो। पुनकी पत्नीलाई पनि कुटपिट गरिएको थियो। फागुन ११ गते पिपल गाविसको स्यानी पिपल स्थित ध्रुव विक्रम शाहको पानी मिलमा जिलेटिन विष्फोटन गरी ध्वस्त बनाइयो।

०५२ फागुन १३ गते पिपल गाविस-३ स्थित अमलाचौर प्रा.वि.का २८ वर्षीय शिक्षक नरजित बस्नेतलाई नकाव लाएका मानिसहरूको एक जत्थाले साँझ ७ बजे सांघातिक आक्रमण गऱ्यो। उनको वायाँ हात काटेर फालियो भने दायाँ हातका औंलाहरू पनि काटिएका थिए। सोही दिन जिल्ला प्रशासन कार्यालयको हाताभित्र पनि २ वटा जिलेटिन विष्फोटन गराइएको थियो। यस अघि जिल्ला विकास समितका उपसभापति केशरमान रोका र सोही गाउँका हर्कबहादुर रोकाको र खारावाङमा रहेको घरमा फागुन २ गते आगो लगाइएको थियो। त्यसैगरी फागुन ४ गते मग्मा गाविसका शेरजंग खनालको घरमा, भुमा गाविस भवनमा र काक्री गाविसका आसे पुनको घरमा आगो लगाइएको थियो। फागुन ५ गते खोला गाउँका गणेश शाहको घरबाट दुई वटा बन्दुक लुटिए भने सोही दिन तेउघा गाविसको टेलिफोन तोडफोड गरिएको थियो। त्यसैगरी फागुन ६ गते पुन जिल्ला विकास समितिका उपसभापतिको घरमा आगो लगाइयो भने सोही दिन स्यालापाखा गाविसका अध्यक्ष माधव चन्दको घर लुटिएको थियो। फागुन ८ गते जिल्ला प्रशासन कार्यालयको हाताभित्र दोस्रो पटक जिलेटिन विष्फोट भयो। ०५२ फागुन १५ गते भित्र यो जिल्लाका विभिन्न गाउँमा अन्य ७ वटा आगलागीका घटना भएका थिए। यसै बीच फागुन ८ गते जिल्ला विकास समितिको कार्यालय हाताभित्र फालिएका केही विष्फोटक पदार्थहरू निस्क्रिय अवस्थामा फेला परेका थिए।

कोल गाविस-७ वीरगुमका २८ वर्षीय भक्टूबहादुर गुरूङलाई ०५३ जेठ १६ गते राती नकाव लगाएका केही व्यक्तिहरूले सांघातिक हमला गरी दुवै खुट्टा छुरीले छिया-छिया पारिदिए। गुरूङ कोल गाविसका एमाले पक्षीय वडा सदस्य हुन्। गुरूङले स्थानीय केही माओवादी समर्थकहरूलाई मकै चोरीको आरोपमा प्रहरीमा उजुरी दिई जरिवाना गराएको हुँदा उक्त आक्रमण भएको बताइन्छ।

०५३ असोज २६ गते खारा गाविसका अध्यक्ष टेकबहादुर ओलीलाई नकाव लगाएका व्यक्तिहरूको एक जमातले खुकुरी प्रहार गरी हत्या गऱ्यो। ओलीले सरकारको आडमा जनतालाई दुःख दिएको, भुठा मुद्दामा फसाएको, गाविसको रकम हिनामिना गरेको जस्ता आरोप लगाई उनलाई माओवादीहरूले हत्या गरेको हुन सक्ने स्थानीय बासिन्दा बताउँछन्। यसैगरी ०५३ कार्तिक १८ गते राती हुकाम गाविसका कुमिर घर्तीलाई पनि खुकुरी प्रहार गरी हत्या गरिएको थियो। मृतक घर्तीले ०५२ चैत १६ गते प्रहरी सहायक निरीक्षक हुमकबहादुर बुढालाई रू. १ हजार दिएर बन्दुक लिई माओवादी समर्थक भर घर्तीलाई आफैले गोली हानी हत्या गरेको बताइन्छ। सोही आरोपमा कुमिर घर्तीलाई खुकुरी प्रहार गरिएको थियो। कुमिर घर्ती नेपाली कांग्रेसका स्थानीय कार्यकर्ता हुन्।

तकसेरा प्रहरी चौकीमा कार्यरत ३० वर्षीय प्रहरी हवल्दार भगेन्द्र मल्ल र २७ वर्षीय प्रहरी जवान सूर्यबहादुर खड्कालाई ०५३ वैशाख २३ गते नकाव लगाएका

प्रहरीद्वारा मारिएका - हर्कबहादुर पुन, जयबहादुर बुढा, मनबहादुर के.सी.

रुकुममा माओवादी जनयुद्धका नाममा मारिएका व्यक्तिहरु

क्र.सं.	नाम र ठेगाना	हत्या भएको ठाउँ	मिति	उमेर	पेशा
१.	झगेन्द्रबहादुर मल्ल तकसेरा प्रहरी चौकी	तकसेरा प्रहरी चौकी	०५३।१।२३	३०	प्रहरी
२.	सूर्यबहादुर खड्का तकसेरा प्रहरी चौकी	तकसेरा प्रहरी चौकी	०५३।१।२३	२७	प्रहरी
३.	कृष्णबहादुर बुढा महत गाविस कोर्जा	महत गाविस कोर्जा	०५२।११।१३	५०	कृषि
४.	धनसिंह खड्का सिम्ली गाविस-१	सिम्ली गाविस-१	०५३।१।२१	३७	व्यापार
५.	देउचन बस्नेत पिपल गाविस-६	पिपल गाविस स्थित दानी पिपल	०५३।३।३०	४०	जनप्रतिनिधि
६.	कुमिर घर्ती हुकाम गाविस	हुकाम गाविस	०५३।७।१८	२५	कृषि
७.	मनिराम खत्री मग्मा गाविस-१	मग्मा गाविस माथिमग्मा	०५३।४।२३	३५	कृषि
८.	टेकबहादुर ओली खारा गाविस अध्यक्ष	रूघा गाविस सिम्रुत	०५३।६।२६	३०	जनप्रतिनिधि
९.	आशबहादुर पुन कान्क्री गाविस	कान्क्री गाविस	०५३।११।७		
१०	लालबहादुर पुन चुनवाङ गाविस-२	चुनवाङ गाविस-२	०५३।१०।४	४८	

व्यक्तिहरूले गोली प्रहार गरी हत्या गरे। तकसेरा गाविस-७ मा आगलागीको घटना भएको जानकारी चौकीमा प्राप्त भएपछि ती प्रहरी जवान र हवल्दार घटना स्थलतिर जाँदै गर्दा उनीहरूमाथि प्रहार गरिएको थियो।

सिम्ली गाविस-१ घर भई मुसिकोटमा व्यापार गरी बस्ने ३७ वर्षीय धनसिंह खड्कालाई ०५३ वैशाख २१ गते राती आफ्नै घरमा सुतिरहेको अवस्थामा केही अज्ञात व्यक्तिहरूले खुकुरी प्रहार गरे। त्यसपछि उनलाई बाहिर आँगनमा ल्याई भरूवा बन्दुकद्वारा गोली हानी हत्या गरेका थिए। यस अघि खड्काकी पत्नीलाई घरको खाँवोमा बाँधिएको थियो। खड्का नेपाली कांग्रेस महासमिति सदस्य हुन्।

०५३ साउन २२ गतेका दिन दिउँसो १ बजे मग्मा गाविस-१ का ३५ वर्षीय मनिराम खत्रीलाई अज्ञात व्यक्तिहरूले खुकुरी प्रहार गरी हत्या गरे। खत्री आफ्नै गाउँको पसलमा चुरोट किन्न गएका बेला यो घटना भएको थियो। उनी नेपाली कांग्रेसका स्थानीय कार्यकर्ता हुन्।

पिपल गाविसका अध्यक्ष देउचन बस्नेतलाई ०५३ असार ३० गते दानीचौरमा केही नकावधारी व्यक्तिहरू संलग्न रहेको जत्थाले खुकुरी प्रहार गरी हत्या गर्‍यो। बस्नेत लागिम खानेपानीको योजना स्थल निरीक्षण गरेर घरतर्फ फर्किरहेको अवस्थामा यो घटना भएको थियो। बस्नेतले त्यस अघि स्थानीय जनमोर्चा समर्थक व्यक्तिहरूलाई झुठा मुद्दामा पक्राउने, माओवादीको आरोप लागेर फरार भएका व्यक्तिहरूका आफन्तहरूबाट मुद्दा फिर्ता गराई दिन्छु भनी १५/२० हजार रूपैया लिएर ठगी गरेको एवं पैसा दिने व्यक्तिहरूलाई नै पक्राउ गराएको उजुरीमा प्रशासनले पक्राउ गरी एकदिन थुनामा समेत राखेको थियो। तर राजनीतिक दबावमा प्रशासनले उनलाई रिहा गरेको केही दिन पछि उनीमाथि आक्रमण भएको थियो।

हुकाम गाविस-२ का तुलबहादुर घर्तीलाई ०५३ असार ६ गते केही नकावधारी व्यक्तिहरूले भरूवा बन्दुक प्रहार गरी सख्त घाइते बनाए।

प्रहरीद्वारा गरिएको कार्वाही

हत्याका घटनाहरु

पिपल गाविस अन्तर्गत मेलगैरी पुगेको प्रहरी टोलीलाई एकजना मानिसले शेतु जैशीको घरमा माओवादी नेताहरू लुकेका छन् भनी पोल सुनायो। टोलीले शेतुको घर घेर्‍यो र दनादन गोली हान्न थाल्यो। ०५२ फागुन १५ गते राती भएको उक्त घटनामा घरभित्र सुतिरहेका २६ वर्षीय कलबहादुर के.सी., २५ वर्षीय मनबहादुर के.सी, ३० वर्षीय पशुपति के.सी., २५ वर्षीय नरबहादुर के.सी., ३० वर्षीय दलबहादुर के.सी र १५ वर्षीय खड्गबहादुर के.सी.को मृत्यु भयो। फागुन १३ गते अमला चौर प्रा.वि.का शिक्षक नरजित बस्नेतमाथि भएको सांघातिक आक्रमणको घटनाका सिलसिलामा वाफीकोटबाट प्रहरी इन्सपेक्टर श्याम खड्काको नेतृत्वमा

उक्त प्रहरी टोली मेलगैरी गएको थियो।

गोली प्रहारका घटनाले गाउँलेहरू भागाभाग गरिरहेको अवस्थामा १४ वर्षीय एक वालिका र १७/१८ वर्षीय ३ जना युवतीहरूलाई पक्राउ गरी त्यहींको एक घरभित्र लगी प्रहरीले सामुहिक बलात्कार गरेका थिए।

कन्हैयालाल सरदारको नेतृत्वमा ०५२ फागुन २९ गते

रुकममा प्रहरीद्वारा मारिएका व्यक्तिहरु

क्र.सं.	नाम र ठेगाना	हत्या भएको ठाउँ	मिति	उमेर	पेशा
१.	कलबहादुर के.सी पिपल गाविस-६, जिपु	पिपल गाविस, मेलगैरी	०५२।११।१५	२६	कृषि
२.	मनबहादुर के.सी. पिपल गाविस-३	पिपल गाविस, मेलगैरी	०५२।११।१५	२५	कृषि
३.	पशुपति के.सी. पिपल गाविस-६	पिपल गाविस, मेलगैरी	०५२।११।१५	३०	कृषि
४.	दलबहादुर के.सी पिपल गाविस-३	पिपल गाविस, मेलगैरी	०५२।११।१५	३०	कृषि
५.	खड्गबहादुर के.सी. पिपल गाविस-६	पिपल गाविस,मेलगैरी	०५२।११।१५	१५	छात्र
६.	नरबहादुर के.सी. (लालबहादुर) पिपल गाविस-६	पिपल गाविस, मेलगैरी	०५२।११।१५	२५	कृषि
७.	जोखबहादुर पुन प्वाङ गाविस छिपखोला	प्वाङ गाविस छिपखोला	०५२।११।२९	१८	छात्र
८.	दिलबहादुर पुन प्वाङ गाविस छिपखोला	प्वाङ गाविस छिपखोला	०५२।११।२९	४८	कृषि
९.	जयबहादुर बुढा काक्री गाविस-१	काक्री गाविस, त्रिवेणी बजार	०५२।१२।५	५०	कृषि
१०.	धनमाया श्रेष्ठ महत गाविस-५	काक्री गाविस, त्रिवेणी बजार	०५२।११।५	३५	व्यापार
११.	चक्रबहादुर श्रेष्ठ महत गाविस-५	काक्री गाविस, त्रिवेणी बजार	०५२।११।५	६७	कृषि
१२.	दुतबहादुर पुन मगर काक्री गाविस, अध्यक्ष	काक्री गाविस, वाकुम	०५२।१२।१७	४६	जनप्रतिनिधि
१३.	मस्तबहादुर विष्ट चुनवाङ गाविस-७	चुनवाङ गाविस, वुरागाउँ	०५३।१।१३	२०	कृषि
१४.	हर्कबहादुर पुन प्वाङ गाविस-१	प्वाङ गाविस,लेदेखोला	०५३।२।१७	१९	छात्र
१५.	रवि के.सी. मग्मा गाविस-१	मग्मा गाविस	०५३।३।२९	२०	छात्र
१६.	भर घर्ती हुकाम गाविस	हुकाम गाविस, ट्वड्के पानी	०५२।१२।१६	२२	कृषि
१७.	थकबहादुर पुन रन्मा मैकोट गाविस	रूकुम र डोल्पाको सिमानामा पर्ने गाउँ	०५३।२।२०	कृषि	
१८.	प्रवेश बुढा रन्मा मैकोट गाविस	रूकुम र डोल्पाको सिमानामा पर्ने चौरी खर्क	०५३।२।२०	४३	कृषि
१९.	हरिबहादुर रोका महत गाविस, कोर्जा	कोर्जाको जंगल	०५२।१२।३	६५	कृषि
२०.	फलराज रोका हुकाम गाविस	हुकाम गाविस	०५३।६।७	२२	कृषि

प्रहरीद्वारा मारिएका – चक्रबहादुर श्रेष्ठ, दुतबहादुर पुन, दुजबीर घर्ती

प्याङ गाविस-१ छिपखोला पुगेको प्रहरी टोलीद्वारा छिपखोलाका १८ वर्षीय जोखबहादुर पुन र ४८ वर्षीय दिलबहादुर पुनलाई उनीहरूको घरबाट बाहिर ल्याई गोली हानेर हत्या गरियो। दिलबहादुर पुनका छोरा गणेशमान पुन संजमोका कार्यकर्ता भएको हुँदा उनलाई पक्राउ गर्न प्रहरी त्यहाँ गएको बताइन्छ। प्रहरीले दिलबहादुरको हत्या गरेपछि उनको घरबाट नगद रू. २५ हजार, केही सुन चाँदी र खसि समेत लुटेर लगेको स्थानीय वासिन्दा बताउँछन्। उक्त खसि पिपल गाविसका अध्यक्ष देउचन बस्नेतको घरमा पुऱ्याई काटेर खाएको बताइन्छ। दुवै जनाको लाश मृतकका आफन्तलाई दिइएन।

रूकुमकोट इलाका प्रहरी कार्यालयबाट काक्रीको त्रिवेणी बजार पुगेका केही प्रहरीसंग ०५२ चैत ४ गते स्थानीय महिलाहरूको सामान्य वादविवाद भएको थियो। त्यसपछि प्रहरी भोलि थाहा होला भनी फर्किएका थिए। भोलिपल्ट ०५२ चैत ५ गते सशस्त्र प्रहरीको टोली सोही ठाउँमा पुग्यो र अन्धाधुन्द गोली चलायो। उक्त घटनामा पसल गरी बस्ने ३५ वर्षीय धनमाया श्रेष्ठ, ५० वर्षीय जयबहादुर बुढा र महत गाविस-५ का ६७ वर्षीय चक्रबहादुर श्रेष्ठको घटना स्थलमै मृत्यु भयो। चक्रबहादुर श्रेष्ठ राप्रपाका जिल्ला नेता तथा पूर्व जिल्ला उपसभापति हुन् भने अन्य २ जना स्थानीय व्यापारी तथा कृषक हुन्। उनीहरू धनमायाको पसल अगाडि घाम तापेर बसिरहेका थिए।

काक्री गाविसका अध्यक्ष ४६ वर्षीय दुतबहादुर पुन मगरलाई आफ्नो गोठमा सुतिरहेको बेला ०५२ चैत १७ गते राती प्रहरीले गोली हानी हत्या गऱ्यो। पुन मगर संजमो समूहबाट गाविसमा निर्वाचित जनप्रतिनिधि हुन्। माओवादी जनयुद्धमा संलग्न भएको आरोपमा उनको हत्या गरिएको कुरा स्थानीय बासिन्दा बताउँछन्। मृतकको लाश प्रहरीले आफन्तलाई दिएन।

चुनवाङ गाविस-७ का २० वर्षीय कलाकार मस्तबहादुर विष्टलाई ०५३ वैशाख १३ गते दिउँसो सोही गाविस-२ को बुरा गाउँमा घरभित्र बसेर गीत गाइरहेको अवस्थामा गस्ती प्रहरी टोलीले गोली प्रहार गऱ्यो। विष्टको घटना स्थलमै मृत्यु भयो।

प्याङ गाविस-१ लेदेखोलाका १९ वर्षीय हर्कबहादुर पुनलाई ०५३ जेठ १७ गते राती आफ्नो घरमा सुतिरहेको बेला इलाका प्रहरी कार्यालय रूकुमकोटबाट गएको प्रहरी टोलीले गोली प्रहार गरी हत्या गऱ्यो। उक्त घटनापछि सोही गाउँका नरहरी पुन र कर्णबहादुर पुन समेत ६ जनालाई पक्राउ गरी जिल्ला प्रहरी कार्यालय पुऱ्यायो। हर्कबहादुरको घरमा भएको दुम्सी मार्ने घरेलु हतियार (सोला) लाई माओवादी हतियार हो भनी प्रहरी कार्यालयमा बुझाइएको थियो। रूकुमका केही गाउँहरूमा आलुखेती नष्ट गर्ने दुम्सीलाई मार्न निगालोको सोला प्रयोग गर्ने गरिएको छ।

यातना र गिरफ्तारी

जनयुद्ध नियन्त्रण गर्ने नाममा यस जिल्लामा पनि यातना, गिरफ्तारी र झुट्टा मुद्दा सिर्जना गरी मानिसहरूलाई आतंकित पार्ने गरिएका प्रशस्त घटनाहरू भए। ४३ गाविस मध्ये पिपल, प्याङ, जाङ्ग, मैकोट, हुकाम, महत, मोरावाङ्ग, चुनवाङ्ग, मग्मा, सिम्ली र विजयश्वरी गाविसहरू माओवादीका कार्वाही तथा प्रहरीद्वारा कारवाही केन्द्रित गरिएका गाविसहरू हुन्।

०५३ असार १८ गते काक्री गाविसका करबहादुर रोकालाई प्रहरीद्वारा माओवादीको अभियोगमा पक्राउ गरियो र हिरासतमा अमानवीय यातना दिइयो। रोकालाई छातिमा बुटले प्रहार गरी सख्त घाइते बनाइयो। उक्त कुटपिटका कारण उनी एक हप्तासम्म हलचल गर्न नसक्ने अवस्थामा पुगेका थिए।

कोल गाविस-१ का २६ वर्षीय मा.वि. शिक्षक गोकुल गुरूङलाई ०५३ असार ४ गते पक्राउ गरी निर्मम यातना दिइयो। पूर्जी समेत नदिई पक्राउ गरिएका गुरूङलाई हिरासतभित्र पैतालामा लाठीले सख्तसंग पिटियो र उनको गुदद्वारमा लौरो घुसारी दिनाले गुदद्वारबाट एक हप्तासम्म रगत बगेको थियो।

जिल्ला सदरमुकामबाट पिपल गाविसतर्फ गएको प्रहरी टोलीले ०५२ फागुन १४ गते सोही गाविसका शेतु जैशीलाई माओवादीहरूको सुराकी दिन दबाब दियो। तर उनले आफूलाई तत्सम्बन्धी केही पनि जानकारी नभएको बताएपछि प्रहरीले निर्मम रूपमा कुटपिट गरेको थियो। उक्त कुटपिटका कारण जैशी एक महिनासम्म पनि सिकिस्त रूपमा विरामी भएका थिए।

रूकुमका घटनाहरूको स्थलगत अध्ययन गर्न ०५२ चैत २ गते काठमाडौंबाट मानवअधिकार कार्यकर्ताहरूको एक टोली जिल्ला सदरमुकाम पुगेको थियो। प्रहरीले त्यो बेला पक्राउ परेका व्यक्तिहरूको संख्या ५१ जना भएको बताए पनि हिरासत निरीक्षण गर्दा ३८ जना छुटेको, ७ जना अदालतमा लगिएको र हिरासतमा २८ जना मात्र रहेको बताएको थियो। त्यसरी भेट गराइएका २८ जना मध्ये धेरैले उनीहरूलाई तिघ्रामा काठको डण्डा राखी आफूलाई पेलेको, सिस्नु पानी लगाएको, लाठीले कुटेको, खाना र पानीको समेत पर्याप्त व्यवस्था नगरिएको बताएका थिए। प्रहरीका अनुसार गिरफ्तार गरिएका १८ जना थुनुवालाई भेट नगराउनुको कारण उनीहरूलाई मरणासन्न हुने गरी यातना दिइएको आशंका

प्रहरी कारवाहीमा मारिएका – पशुपति के.सी., भर घर्ती, धनमाया श्रेष्ठ, दुजबीर घर्ती, कलबहादुर खत्री र लालबहादुर गौतम

टोलीले गरेको थियो। त्यसरी भेट गर्न नदिई गैरकानूनी ढंगले थुनामा राखिएका मग्मा गाविस-१ का शिक्षक लालसिंह अधिकारीको यातनाकै कारण मृत्यु भएको भनेर चलिरहेको चर्चा बारे कुनै पुष्ट्याईं गरेन। तर उनी मरणासन्न यातनाका घाउ लिएर अहिले पनि जेलमै छन्।

माओवादी गतिविधिमा संलग्न भएको अभियोग लगाई यस जिल्लामा पनि सैयौं मानिसहरूलाई प्रहरीले वारेन्ट काटेको थियो। त्यसरी वारेन्ट काटिएका व्यक्तिहरू मध्ये एकजना ९ वर्षीय वालक गोपाल सुनार पनि एक हुन्। सुनार मोरावाङ्ग प्रा.वि.को कक्षा ३ का छात्र थिए। उक्त वारेन्ट जारी गरिए पछि उनका पिताले पिठ्युँमा बोकेर अदालतमा उपस्थित गराएको र अदालतको आदेश अनुसार तारेखमा छोडिएको थियो।

जनयुद्ध शुरू भएदेखि एक वर्षको अवधिभित्र यस जिल्लामा करीब ५ सय जनाभन्दा बढी मानिसहरू पक्राउ परेका थिए।

जाजरकोट

रोल्पा र रूकुमपछि माओवादी जनयुद्धबाट प्रभावित जिल्ला जाजरकोट पनि एक रहेको छ। यद्यपि माओवादीहरूको आक्रमणका कारण एक वर्षको अवधिभरिमा एक जनाको मात्र मृत्यु भनेको छ र प्रहरीको गोलीबाट मृत्यु हुनेहरूको संख्या ५ जना पुगेको छ। जनयुद्धका क्रममा माओवादीद्वारा हिंसात्मक गतिविधि न्यून रहेको देखिए पनि अन्य गतिविधिमा भने कुनै कमी रहेको पाइदैन। प्रहरी प्रशासनबाट व्यापक गिरफ्तारी एवं हिरासत भित्र दिइने यातना जस्ता गैरकानूनी घटनाहरू भने प्रशस्तै भएका छन्।

जनयुद्धका नाममा भएका घटनाहरु

नायकवाडा गाविस-२ का पूर्व वन सहायक मन्त्री दिपबहादुर सिंह बस्नेतको घरमा ०५२ फागुन ३ गते अज्ञात व्यक्तिहरूले लुटपाट गरे। यो घटना नै जाजरकोट जिल्लामा भएको पहिलो घटना हो। पूर्व सहायकमन्त्री खड्काले आफ्नो घरको ४ करोड ३७ लाख लुटेर लगेको प्रहरीमा जाहेरी दिनु भएको थियो। हाल उहाँलाई राजस्व अनुसन्धान विभागले त्यती धेरै रकम घरमा राखेर कर छलेको अभियोगमा कार्वाही चलाइरहेको छ भने उहाँ तारेखमा हुनुहुन्छ। त्यस्तै जनयुद्ध पक्षधरहरूबाट विभिन्न समयमा लुटपिटका घटनाहरू भएका थिए। ०५२ फागुन २५ गते डाँडागाउँ गाविस-९ करूवाका गोवर्धन नेपालीलाई माओवादीहरूद्वारा उनको घरभित्रै पसी कुटपिट र घर तोडफोड गरियो। ०५३ वैशाखमा सदरमुकाम रहेको खलंगा गाविस-२ अन्तर्गत वन कार्यालय छेउमा जिलेटिन विष्फोटन हुनुका साथै राती १ बजे एक सशस्त्र जुलुसले गाउँ परिक्रमा गर्‍यो।

प्रहरी सूत्रले साउन अन्तिम हप्तातिर दिएको जानकारी अनुसार माओवादी जनयुद्धका कारण रू. ५ करोड भन्दा बढीको क्षति भएको बताइएता पनि त्यसको पुष्टि भने गरेको पाइएन। प्रहरीले ७८ जनालाई अदालतमा पेस गरेको बतायो। तर अन्य सयौं व्यक्तिलाई पक्राउ गरिएको सम्बन्धमा भने केही जानकारी दिइएन।

जाजरकोटमा भएका घटना सम्बन्धी स्थलगत अध्ययन गर्न गएको मानवअधिकार टोलीले सार्वजनिक गरेको प्रतिवेदनमा निम्न कुरा उल्लेख गरिएको छ :

रोकायगाउँ गाविस-९ निवासी भूमिलाल रोकायाको ०५२ फागुन ५ गतेका दिन नेकपा माओवादीका कार्यकर्ताले जनयुद्धको कार्यक्रमको दौरानमा पसल लुटपाट गरेका छन्।

सक्ला गाविस स्थित प्राथमिक विद्यालयका शिक्षक टकबहादुर शाहीलाई ०५२ फागुन १० गते दिउँसो कक्षा संचालन भइरहेकै अवस्थामा केही व्यक्तिहरू आइ कक्षाबाट बाहिर ल्याई लठ्ठी र खुकुरीले प्रहार गरी घाइते बनाएका थिए। उक्त कुटपिटमा शिक्षक शाहीको हातमा गम्भीर चोट लागेको र औषधोपचारको लागि शिक्षक शाही नेपालगंजसम्म पुग्नु परेको थियो।

लहँ गाविस निवासी गगन बटालालाई ०५२ फागुन १२ गते उनकै घरमा केही अज्ञात व्यक्तिहरू आई रू. २५००।- लुटी उनलाई समेत कुटपिट गरेको कुरा जाजरकोट जि.प्र.का.ले जनाएको छ। त्यसै गरी सोही दिन सोही गाविसका कालिबहादुर रोकायलाई एक हुलले कुटपिट गरी उनको घरमा रहेको एक थान भरूवा बन्दुक र १०,५००।- नगद समेत लुटेर लगेका छन्। सोही दिन सोही गाविसका विरबहादुर सिंहलाई प्रहरीलाई सुराक दिएको रिसले आफ्नै भिनाजुको घरमा बसिरहेका बखत एक हुल मानिसहरू आई कुटपिट गर्दै रू. ६०००।- नगद समेत लगेका कुरा प्रहरीले जनाएको छ।

डाँडागाउँ गाविस निवासी गोबर्धन कामीलाई ०५२ फागुन २४ गते मोसो दलेका करीब २८,३० जना व्यक्तिले कुटपिट गरेका थिए। कुटपिट गर्न आउने हुलले हथौडा,

बसिला र कुटोले उनीमाथि आक्रमण गर्दा उनको हात, टाउको र खुट्टामा चोट लागेको छ। आक्रमणकारीले पीडितकी पत्नी, छोरालाई समेत कुटपिट गरेको कुरा गोबर्धन बताउँछन्। जाजरकोट जिल्ला अस्पतालमा उपचार गराइरहेका गोबर्धन कामीलाई टोलीले भेट्दा नगद रू. ५०००।- र बाक्सामा रहेको, ३ तोला सुनको गहना समेत लुटेको कुरा जानकारी गराए।

सकला गाविस निवासी जयबहादुर सिंहलाई ०५२ चैत १० गतेका दिन २५-३० जना आक्रमणकारीले आक्रमण गरी हात तथा खुट्टामा ढुंगाले थिचि दिएका छन्। उक्त पीडित सेपुवा खोला स्वास्थ्य चौकीमा उपचार गराइ रहेको समाचार टोलीले चौरजहारीमा प्राप्त गरेको थियो।

प्रतिवेदनमा आगजनीका घटनाहरू बारे उल्लेख भएको छ - "डाँडागाउँ गाविस अध्यक्ष जयबहादुर थापाको लेकमा रहेको गोठमा ०५२ फागुन ७ गते आगलागी भएको छ। उक्त आगलागीको आरोपमा श्री ५ को सरकारको कर्मचारी चन्द्रबहादुर बुढा (जे.टि.ए.) लगायत उनको व्यक्तिगत रीसइवी साध्ने मनशायले केही नभएको गोठमा आफ्नै परिवारका सदस्यले आगो लगाइ अन्य ४ जनाको नाममा किटानी जाहेरी दिएका छन् भनी स्थानीय जनता बताउँछन्।

स्मरणीय कुरा के छ भने एकातिर माओवादीहरूले आफ्नो गोठमा आगो लगाएको भनिएको छ भने अर्को तर्फ जाहेरी परी गिरफ्तार गरिएका व्यक्तिहरू श्री ५ को सरकारको कर्मचारी र नेकपा एमाले समर्थकहरू रहेको पाइयो।

सकला गाविस-२ सेपुवा निवासी जिविस सदस्य मानबहादुर सिंहको घरमा ०५२ फागुन ७ गते करीब ५०-६० जना जति माओवादी कार्यकर्ताहरू आइ घरमा आगो लगाई दिएका छन्। उक्त समयमा आफ्नो सम्पूर्ण परिवार छोराको विवाहको तयारीको सन्दर्भमा गोठको घरमा जम्मा भएका थिए। किन र कसरी उक्त घटना भयो भन्दा सिंहले आफूलाई पहिलादेखि नै आमसभाहरूमा मार्ने धम्की दिँदै हिडेका र यस किसिमको धम्कीपूर्ण कुरा मात्र हो, यिनीहरूले केही गर्दैनन् भनेर घरमा समेत कोही नराखी हामी अर्को घरमा गएको बेला यस्तो भयो भन्ने कुरा स्वयं सिंहले हाम्रो टोलीलाई बताउनु भयो। मानबहादुर सिंहको दावीअनुसार उक्त घटनामा रू. ४० हजार नगद, १५०० सय जति डबल रूपैया, तामा १०० धार्नी, सुन १६ तोला, ५०० कम्पनी मोहर समेत लुटेर लगेको बताउँछन्।"

प्रहरीद्वारा गरिएको कार्वाही

जनयुद्धको नाममा भएका गतिविधि नियन्त्रण गर्ने सिलसिलामा प्रहरीले गोली प्रहार गरी ८ जना व्यक्तिहरूको मृत्यु भएको छ। साथै गैर कानूनी गिरफ्तारी र यातनाका घटनाहरू पनि प्रशस्तै भएका छन्।

हत्याका घटनाहरु

सशस्त्र प्रहरीद्वारा ०५२ फागुन १५ गते लह गाविस-३ का वडा सदस्य मानबहादुर राउत र वडा नं. ४ का मानबहादुर वली लगायत ६४ जनालाई ०५२ फागुन १५ गते पक्राउ गरी जिल्ला सदरमुकाम लैजान हिडाइयो। क्रममा वली र राउतलाई हत्कडी लगाएकै अवस्थामा गैरनी भीर पुगेपछि भीरबाट खसालियो। प्रहरीले भाग्न खोज्दा भीरबाट खसेर मरेका हुन् भन्ने कुरो बताए तापनि स्थानीय वासिन्दाहरू उनिहरूको नियोजित हत्या नै हो भन्छन्। उनीहरू दुवै संजमोका स्थानीय कार्यकर्ता हुन्।

नायकवाडा गाविस-३ का ४० वर्षीय शिक्षक कालीबहादुर बस्नेत र सोही गाविस-३ का ४१ वर्षीय रतिलाल खत्रीलाई सशस्त्र प्रहरीले गोली प्रहार गरी ०५३ असार ८ गते हत्या गर्‍यो। भू.पू. सहायक मन्त्री दिपबहादुर सिंहले आफ्नो घरमा डकैती गरेको भनी प्रहरीमा किटानी उजुरी दिएपछि यी दुवै व्यक्तिहरू झुटा मुद्दामा फस्ने डरले गाउँ नजिकैको ओडारमा बसी बिगत ३ महिनादेखि डोका नाम्ला, राडीपाखी बुन्दै जिविका चलाउँदै आएका थिए। त्यसदिन प्रहरी टोली ओडारमा पुगी देख्नासाथ गोली प्रहार गरियो। मृतकहरूको टाउको, पेट, छाती, पाखुरामा गोली लागेको थियो।

जाजरकोटमा प्रहरीद्वारा मारिएका व्यक्तिहरु

क्र.सं.	नाम र ठेगाना	हत्या भएको ठाउँ	मिति	उमेर	पेशा
१.	मानबहादुर रावल लहाँ गाविस-३	गैरेनी भीर, नलसिंगगाड	०५२।११।१५	३६	कृषि
२.	मानबहादुर वली लहाँ गाविस-४	गैरेनी भीर, नलसिंगगाड	०५२।११।१५	२६	कृषि
३.	कालीबहादुर बस्नेत नायकवाडा गाविस-३	नायकवाडा गाविस, जिरी	०५३।३।८	४०	शिक्षण
४.	रतिलाल खत्री नायकवाडा गाविस-३	नायकवाडा गाविस	०५३।३।८	४१	कृषि
५.	लक्ष्मणबहादुर खड्का खलंगा गाविस	भेरी नदी	०५३।६।६	२१	छात्र

माओवादीको आक्रमणमा परी घाइत भएका अग्नीप्रसाद कार्की

मृतकहरूले बनाएका डोका, नाम्ला र राडीहरू समेत जफत गरी प्रहरीले लगेको बताइन्छ।

खलङ्गा गाविस-८ का २१ वर्षीय लक्ष्मणबहादुर खड्गालाई ०५३ असोज ६ गते आफ्नो घरवाट अर्को गाउँ शिर्पतर्फ जान लाग्दा खलंगाबाट गएको प्रहरी गस्ती टोलीले माओवादीको आशंकामा लखेट्दै गर्दा उनको भेरी नदीमा खसेर मृत्यु भयो। मृतक लक्ष्मण खड्का सोही ठाउँमा कक्षा १० मा अध्ययनरत छात्र हुन्।

यातना र गिरक्तारीका घटना

खलंगा गाविस-८ निवासी ३८ वर्षीय जयबहादुर रानाको घरमा ०५२ फागुन १७ गते राती ३ बजे प्रहरीले छापा मार्दा ३२ वर्षीय गर्भवती महिला विष्णुमाया राना र ८ वर्षीय छोरी चरा राना तथा ६ वर्षीय छारी गुलाफी रानालाई पक्राउ गऱ्यो। त्यसरी पक्राउ गरिएका तिनै जनालाई हिरासतमा पैतलामा पिट्ने, नाङ्गो बनाई सिस्नो लगाउने जस्तो अमानवीय यातना दिई ३ दिनपछि छोडिएको कुरा पीडितहरूले बताएका थिए।

०५३ भदौ १६ गते राती ८ बजे खलंगा गाविस-८ मैदेमा तेल पेल्ने कोल बनाउन जम्मा भएका गाउँलेहरूमाथि प्रहरीले अन्धाधुन्द ९ राउण्ड गोली प्रहार गऱ्यो। उक्त गोली प्रहारबाट डोइलो वीर राना लगायतका ११ जना व्यक्तिहरू घाइते भएका थिए। घाइतेहरूलाई समेत पक्राउ गरी जिल्ला प्रहरी कार्यालयमा लगी कोल बनाउन प्रयोग गरिएका खुकुरी लगायतका हतियारलाई माओवादीद्वारा हातहतियार बरामद गरिएको भन्दै कारवाही चलाइएको थियो।

खलंगा गाविस-८ रिम्ना गाउँका २८ वर्षीय श्रीमती वली रानालाई अस्थायी प्रहरी चौकी इन्चार्ज प्रहरी सहायक निरीक्षक धनबहादुर वि.क.ले ०५३ वैशाख १२ गते पक्राउ गरी विहान १० बजे देखि ३-४ घण्टासम्म लाठीले लगातार कुटपिट गरे। पीडित कुट्दाकुट्दै बेहोस भएर लडिन्। त्यसपछि मात्र उनलाई प्रहरीले छोडेका थिए। पीडक प्रहरीका विरूद्ध पीडितले जिल्ला अदालतमा उजुरी गरेकै भए पनि आजसम्म कुनै कारवाही भएको छैन।

यस जिल्लामा जनयुद्ध नियन्त्रण गर्न सरकारले प्रहरी अपरेशनको कामलाई प्रभावकारी पार्ने उद्देश्यले विभिन्न स्थानमा थप ५ वटा प्रहरी चौकी थपेको थियो। खलंगा, डाँडागाउँ, सकला, लहँ, नायकवाडा, जकतीपुर आदि गाविसहरूमा प्रहरी अप्रेशन केन्द्रित रहेको थियो। अप्रेशन अत्याधिक केन्द्रित रहेका गाउँमा जथाभावी पक्राउ गर्ने र विना सूचना घरमा छापा मारी खानतलासी लिने काम भयो। छापा मार्ने र खानतलासी गर्ने काम प्रायः रातको १० बजे पछि मात्र हुने गरेको थियो। छापा मार्ने काममा खानतलासीको क्रममा घरका दराज, बाकस, सुटकेश आदि फोर्ने, त्यसमा भएका धनमाल लुट्ने काम प्रहरीबाट भएको कुरा जाजरकोट जिल्लामा भएका घटना सम्वन्धमा स्थलगत अध्ययन पश्चात प्रकाशित मानवअधिकार पर्यवेक्षण टोलीले सार्वजनिक प्रतिवेदनमा जनाएको छ।

त्यसरी यस जिल्लामा गैर कानूनी गिरफ्तारी र अमानवीय यातनाका पचासौं घटनाहरू भएका थिए। त्यस्ता घटनामा शिक्षक, विद्यार्थी, संजमोका कार्यकर्ता र झुठा अभियोगमा प्रहरी कारवाहीमा परिने डरले लुकिछिपि बसेर जीविका गर्ने सामान्य नागरिकहरू पनि पीडित भएका थिए।

स्थलगत अध्ययन गर्न गएको मानवअधिकार टोलीको प्रतिवेदनमा प्रहरी अपरेशन र गिरक्तारीका सम्बन्धमा निम्न विवरण प्रस्तुत गरिएको छ :

प्रहरी अपरेशन : जाजरकोट जिल्लामा ०५२ फागुन ३ गते देखि जिल्लाका विभिन्न भागमा आतंककारी घटनाहरू घटिरहेको र ती घटनामा संलग्न अभियुक्तहरू घर गाउँमा नबसी फरार रहेको अवस्थामा जिल्लामा शान्ति सुरक्षा कायम गराउन आवश्यक भएको हुँदा प्रहरीले यो अप्रेशन गर्नु परेको हो भनी डि.एस.पी. केदार साउदले बताउनुभयो। यसरी पक्राउ गर्ने र अनुसन्धान गर्ने कार्य गरिरहेकै अवस्थामा फरार अभियुक्तबाट त्यस्ता प्रकारका अपराधी घटनाहरू झन् दोहरिएकोले यसलाई रोक्न प्रहरी अप्रेशनको आवश्यकता परेको कुरा उहाँले बताउनु भयो।

०५२ चैत १६ गते मध्यपश्चिमाञ्चल प्रहरी कार्यालयका डी.आई.जी. रामबहादुर थापाले पत्रकार सम्मेलन गरी दिनु भएको जानकारी अनुसार पक्राउ गरेका व्यक्तिहरू १३१, सोधपुछ पछि छाडेको ७९, मुद्दा लगाइएका ३२ र अनुसन्धानको क्रममा हिरासतमा २० जना रहेका छन्।

यसरी यस जिल्लामा प्रहरी अप्रेशनको क्रममा प्रहरीले विभिन्न ठाउँमा छापा मार्ने, आगो लगाउने र विभिन्न व्यक्तिहरूलाई गिरफ्तार गर्ने, यातना दिने र मुद्दा लगाउने कार्यहरू गरेको छ।

गिरक्तार : ०५२ फागुन ८ गते जक्तीपुर- १ माथि बाहुन गाउँ निवासी नेराशि संगठनका जिल्ला सहसचिव तथा गणेश प्रा.वि.का २३ वर्षीय शिक्षक खड्ग विक्रम शाहलाई विद्यालयकै काममा सदरमुकाम आएको बेला चिया पिउँदै गर्दा ३ जना प्रहरीले डी.एस.पी. ले बोलाउनु भएको छ भनी जिल्ला प्रहरी कार्यालयमा लगेका थिए। हिरासतमा

उनलाई फागुन १३ गते मात्र बयान गराइयो। उनको भनाइमा बयानको क्रममा सामान्य कुटपिट गरिएको थियो। उनलाई २७ दिन पछि रिहाइ गर्दा सम्म पनि हिरासतमा राख्दा पनि न पक्राउ पूर्जी, न थुनुवा पूर्जी दिइयो न त म्याद थप पूर्जी नै दिइयो। विना पूर्जी पक्राउ गरी थुनुवा पूर्जी समेत नदिई छाडिने डाँडा गाउँ गाविस-१ करूवाका टिका पुन र नायकवाडा -२ का कर्णबहादुर महतारा छन्।

खलंगा-२ थाप्ले निवासी अनेरास्ववियू क्रान्तिकारीका जिल्ला अध्यक्ष शिवप्रसाद शर्मालाई ०५२ फागुन ५ गते गिरफ्तार गरेको थियो। हिरासतबाट छुटेका एक प्रत्यक्षदर्शीका अनुसार शर्मालाई चेपुवा (वेलना) ले निर्मम रूपमा च्याप्दै पैतालामा लठ्ठीले बारम्बार कुट्ने गरिएको थियो। जस्ले गर्दा उनको जीउ पहेलो र मानसिकता समेत कमजोर भएको छ। हिरासतमा यस्तो अवस्थामा पुगेका थुनुवाहरूको औषधोपचारको कुनै व्यवस्था नभएको मात्र नभई आफन्तले ल्याएको औषधि समेत दिइएको छैन।

यस्तै निर्मम यातना पाउनेमा थुनुवा दामे लुहार पनि रहेका छन् भनी उनी बताउँछन्- उनको भनाइमा विहान एक पटक मात्र दिशा पिसाब गर्न बाहिर ल्याउने व्यवस्था छ तत् पश्चात् सम्पूर्ण समय बाहिर आउन पाइदैन। दिसा पिसाब लागेमा भित्रै कोठामा गर्नु पर्दछ। यसरी गिरफ्तार भई सोधपुध पछि रिहाइ हुने व्यक्ति ४ दिन देखि २७ दिनसम्म हिरासतमा बसेका छन् र जस्लाई पक्राउ तथा थुनुवा कुनै पनि पूर्जि दिइएको छैन। छाड्दा अधिकांशलाई १ हप्ते तारिखमा छाडिएको छ। गिरफ्तारमा परेका मध्ये हस्तवीर दमाई लगायतका ७ जनालाई जि.प्र.का. रूकुम चलान गरिएको छ।

गिरफ्तारको क्रममा यस जिल्लामा पक्राउ परेकी खलंगा-८ रिम्ना निवासी ३९ वर्षीय फ्याते राना भनिने विष्णुमाया रानासंग टोलीले भेट्यो। भेटका क्रममा रानाले प्रहरीहरूले फागुन ९ गते राती ३ बजे आफूलाई गिरफ्तार गरी जि.प्र.का. लगेको र उनको साथमा ८ वर्ष र ६ वर्षका २ बच्चा समेत साथमा थिए। उनका साथमा गएका असहाय बालिकाहरूले भोक लाग्यो भन्दा माटो र ढुंगा खा भनी तुच्छ बचन बोलेको कुरा समेत बताइन्। २ दिन हिरासतमा रहँदा उनलाई महिला प्रहरीले दुवै नली खुट्टामा टेकेर, पाइताला र टाउकोमा लठ्ठीले निर्मम तरिकाले कुटेको कुरा समेत हाम्रो भेटमा बताइन्। उनी गर्भावस्था रहेको कारण जिउ र पेटमा नकुटिएको कुरा बताइन्। गिरफ्तार गर्ने बेलामा तेरो लोग्ने खोई निकाल, तुरून्त बता भन्दै, सोधपुछ गरेका थिए।

उनी हिरासतमा रहेको बेला सकला गाविसका एकै परिवारका ३ आमा छोरीलाई समेत त्याहाँ ल्याइएको थियो। जस्मा आमा भगवती सिंह, १४ वर्षीय छोरी विष्णु कुमारी सिंह र साढे एक वर्षीय नैनी रेशम सिंह, एक सानी बच्चा समेत थिइन्। पछि टोलीले उक्त विषयमा जिल्ला प्रहरी कार्यालय मा बुझ्दा उनीहरूले प्रहरीमाथि बन्दुकले प्रहार गर्न खोजेको भनी बन्दुक सहित गिरफ्तार गरेको र ०५२ चैत ६ गते ती आमा छोरी लगायत सोही ठाउँ निवासी कालीबहादुर सिंह र करबहादुर सिंह समेतलाई स्वरस्वजाना मुद्दा लगाई जेल चलान गरेको थाहा लाग्यो। उक्त महिलाहरूसंग टोलीले जेलमा भेटघाट गर्दा उक्त बन्दुक आफ्नो नभएको र अरूले राखेको थियो। प्रहरी आई खानतलासी गरी बन्दुक लिएर जान लाग्दा हामीले यो बन्दुक हाम्रो होइन छोडी दिनुस् भन्दा हामीलाई गिरफ्तार गऱ्यो र यसमा हाम्रो केही कसुर छैन भन्ने बताए।

माओवादीको आक्रमणमा परी घाइते भएका चिन्तबहादुर रोका

०५२ फागुन २९ गते राती करीव २ बजे खलंगा -९ काले गाउँ निवासी लक्ष्मीप्रसाद शर्माको घरमा करीव ३० जना जति प्रहरीहरू गई विना अनुमति घरमा पसी लक्ष्मीप्रसाद शर्माका बहिनी र आमा बाबुलाई लक्ष्मी खै भनी अभद्र शब्दहरू प्रयोग समेत गरे भने अर्को तर्फ केही प्रहरीले अर्को घरमा ढोका ढकढक्याउँदै एक राउण्ड गोली समेत प्रहार गरे पछि लक्ष्मीले आत्म समर्पण गरेकोले प्रहरीले लछारपछार गर्दै र पिट्दै आँगनमा ल्याए। जेठो दाजु हुलाक कर्मचारी समेतलाई लछार पछार गर्दै घरबाट बाहिर झिके र साढे एक वर्ष बालक निर्मल शर्माको खुट्टा बुटले कुल्चेर घाइते समेत बनाए। घरमा रहेका बाकसहरू फोर्दै सबै खानतलासी समेत गरेका थिए। यति गरी सकेपछि ठूलो दाजुलाई आधा बाटोसम्म र लक्ष्मीलाई पिट्दै पिट्दै बिहान ५ बजेतिर जिल्ला प्रहरी कार्यालय खलंगा पुऱ्याएका थिए।

त्यसै दिन प्रहरीहरूले खलंगाका विभिन्न ठाउँमा समेत छापा मारेका थिए। छापा मार्दा प्रहरीहरूले हरेक ठाउँमा अनुमति नलिने र जबर्जस्ती ढोका फोर्ने, बाकस, दराजहरू फोर्ने र कुनै मुचुल्का नबनाउने कार्यहरू गरेका छन्। यसरी घरहरू छापा मार्दा प्रहरीहरूबाट केही ज्यादती समेत भएका थिए भन्ने कुरा पीडित तथा प्रत्यक्षदर्शीहरू बताउँछन्।

त्यसै दिन राती खलंगा गाविस-६ निवासी केदारजंग शाहको घरमा प्रहरीहरू बिना सूचना पसी खान तलासी लिंदा बाकसहरू फोरी सामानहरू तितर बितर गरी दिएको र बाकसमा रहेको रू. ५०।- समेत लगिदिएका छन्।

त्यसैदिन खलंगा निवासी हेमन्तबहादुर शाहीको पसलमा गई मासु र रक्सी खाइ दिएका छन् भने हस्पिटलबाट बाहिर पिसाव गर्न आएका एक बिरामीलाई प्रहरीले सोधपुछ विना कुटपिट गरेको र विरामीले म यस हस्पिटलको विरामी हुँ भने पछि प्रहरीले बोकी बिछ्यौनामा सुताइदिएका थिए।

०५२ चैत १ गतेका दिन करीब १० बजेतिर इन्स्पेक्टर राजुबाबु श्रेष्ठको नेतृत्वमा गएको प्रहरी फोर्स र नेपाली कांग्रेसबाट निर्वाचित डाँडागाउँ गाविस अध्यक्ष जयबहादुर थापाको सक्रियतामा गएका नेपाली कांग्रेस समर्थक



माओवादीको आक्रमणमा परी घाइते भएका गिरबहादुर रोका

व्यक्तिहरू करीब ५०-६० जनाको हुलले खलंगा-८ वडालेकको बस्तिमा आगो लगाउने, घरमा रहेका अन्नहरू लुट्ने, सरसामानहरू लुट्ने, मात्र नभई घरमा राखिएको पैसा समेत लगेको कुरा पीडितहरूले बताए। उक्त आगो लागी घटनामा घर, गोठ, कटेरो, उरिम (मकै राख्ने ठाउँ), कमीयार (खरको खाद), घरमा रहेका अन्नपात, घरेलु प्रयोजनका भाँडाकुडा, कपडा अन्य सामानहरू जली नष्ट भएका छन्। यसै सन्दर्भमा टोली चैत ७ गते २ बजेतिर बडालेक पुगी त्यहाँ रहेका पीडित र प्रत्यक्षदर्शीहरूसंग कुराकानी गऱ्यो। ५० वर्षीय हस्ति रानाले भन्नुभयो- "करीब १० बजेतिर (दली चौकी, रिम्ना र खलंगाबाट) प्रहरीहरू आए, उनीहरूले घरमा आगो लगाउँदै आए, म घाँस लिएर घरमा आउँदै थिएँ, मलाई प्रहरीले घरभित्र पस्न दिएनन्, उनीहरू घरभित्र पसी घरमा सामानहरू हेर्न थाले त्यसै क्रममा माटोको गाग्रोमा मकैको विउमा मैले भैसी बेचेर रू. ८०००।- राखेको थिएँ त्यो समेत प्रहरीले लगिदियो। प्रहरीले दुर्गी रानालाई लठ्ठीले र काली रानालाई सिस्नोले हान्दै तिम्रा लोग्नेहरू खै? यहाँ जनमोर्चा आउँछन्, कहाँ बसेका छन् भन्" भनेको थियो। त्यसैगरी पीडित मनजिते दमाईकी श्रीमतीले भनिन्- "मैले आगो लागेको घरबाट ५-७ माना पिठो झिकेर ल्याएको थिएँ तर प्रहरीले उक्त पिठो खोसी पुनः आगोमा जलाई दियो।" हाम्रो घर त जलि हाल्यो, खाने अन्न पनि छैन र त्यही स्याउलाको छाप्रोमा हामी बसेका छौं भन्दै छाप्रो देखाइन्।

प्रतिवेदनमा आगो लगाउनेको क्रममा भएका प्रहरीका अन्य ज्यादतीहरु बारे उल्लेख गरिएको छ-

०५२ चैत १ गते वडालेकमा खाना र काउली लिएर गएको १२ वर्षीय केशव रानालाई प्रहरीले समाती खाना, काउली खोसी खाईदिए। जनमोर्चालाई खाना लिएर हिंड्छस् भन्दै लौरोले पिटेर पठाए। त्यहाँबाट फुत्केर हिडेका राना गोठमा पुग्दा आगो लागिरहेको, प्रहरीले महिलाहरूलाई लौरोले पिटिरहेको देखि जंगलतिर भागे र साँझ अर्के बाटो जिउला (बेसी) फर्केको कुरा बताए।

यसै दिन अर्को प्रहरी टोलीले काले पुन, मेघे दमाई र अर्को एक जनालाई गोठमा गइरहेको बेला प्रहरीले समाती निर्मम रूपमा पिट्दै दली चौकी लगिरहेको बेला डाँडा गाविस-२ कलपट पुग्दा त्यहाँका बासिन्दाले यिनीहरू कांग्रेस र राप्रपाका समर्थक हुन् भने पछि छाडिएको थियो। त्यसैदिन कुमार राना र उनकी छोरीलाई जुरेली र पाली २ ठाउँ घर भनेको कारण पिटेका थिए।

यसै गरी आगो लगाई फर्केको प्रहरी टोलीले जुरेलीमा दाउरा चिरी रहेका हिरा रानालाई किन रूख काटिस् हिड् चौकीमा भनी हतकडी लगाई बन्चरो बोकाई उनको घरसम्म लग्यो। त्यहाँ पुगेपछि रानाले आफूसंग भएको रू. ३ सय र एउटा भाले दिएपछि प्रहरीले रानालाई छाडिदिए।

अन्य जिल्लाका घटनाहरु

रोल्पा, रूकुम र जाजरकोट बाहेक अन्य जिल्लामा पनि माओवादी जनयुद्धको नाममा उल्लेख्य घटनाहरू भएका छन्। माओवादीहरूद्वारा हिंसात्मक प्रतिरोधका त्यस्ता घटनाहरूमा केही प्रहरी र केही अन्य व्यक्तिहरूको मृत्यु हुनुका साथै घाइते पनि भएका छन्। केही ठाउँहरूमा विष्फोटक पदार्थ पड्काइएका घटना, प्रहरी र माओवादी बीच भएका भिडन्तका घटनाहरू, कुटपिट, लुटपिट र आगलागीका घटनाहरू प्रमुख रहेका छन्। माओवादीका तर्फबाट सिन्धुपाल्चोकमा ३ जना, सिन्धुलीमा १ जना, सल्यानमा १ जना, रामेछापमा २ जना, धनुषामा १ जना र गोरखामा १ जनाको मृत्यु भएको छ। मृतक मध्ये ४ जना प्रहरी रहेका छन्। यस सन्दर्भमा जनयुद्ध नियन्त्रण गर्ने नाममा अन्य जिल्लामा पनि प्रहरीद्वारा गरिएका हिंसात्मक कार्वाहीहरूमा सिन्धुलीमा २ जना, गोरखामा १ जना, रामेछापमा ३ जना, सिन्धुपाल्चोकमा १ जना मानिस मारिनुका साथै गैरकानूनी गिरफ्तारी, झुठा मुद्दा र हिरासत भित्र जघन्य यातनाका वारदातहरू भएका छन्। यहाँ केही प्रमुख घटनाहरू प्रस्तुत गर्नु सान्दर्भिक हुनेछ।

जनयुद्धका नाममा भएका घटना

सिन्धुली जिल्लाका खासगरी कपिलाकोट, महादेवस्थान, अमले, रानीच्युरी, जलकन्या गाविसहरूमा माओवादी गतिविधिहरू भएका थिए। ०५२ फागुन १ गते राती करीब ३ सय व्यक्तिहरूको समूहले जलकन्या गाविस-२ सिन्धुली गढीको प्रहरी चौकीमा तोडफोड गऱ्यो। यो घटना नै सिन्धुली जिल्लामा जनयुद्धका नाममा भएको पहिलो घटना थियो। यसै घटनालाई लिएर प्रहरीले अमलेका ध्रुव देवकोटालाई काठमाडौंबाट उपचार गरी घर फर्कदा फर्कदै पक्राउ गरी हिरासतमा लियो। यसका अतिरिक्त उक्त घटनाका सिलसिलामा अरू ११८ जनालाई प्रहरीले किटानी जाहेरी दिएकोमा ७५ जना अदालतमा हाजिर भएका थिए। ती मध्ये १६ जनालाई अदालतले थुनामा राख्ने आदेश दियो भने अन्य सबै तारिखमा छोडिए। ०५२ चैत १७ गते कल्पवृक्ष गाविस-६ मा रहेको एक्सन एड नामक गैर सरकारी संस्थाको कार्यालयमा हमला गरी तोडफोड गरियो र कार्यालयका कागजपत्रहरू र सोही संस्थाले गोदाम गरी राखेको ५० मुरी धान लुटिएको थियो।

कपिलाकोट गाविस घर भई हाल काठमाडौमा बस्ने पूर्व रापंस तथा जिल्ला पंचायत सभापति टिकाजंग थापाको घरमा ०५२ फागुन १३ गते रातको करीब १२ बजेतिर माओवादीहरूको

एक हुलले आगो लगाई दियो।

सिद्धेश्वर गाविस-९ ढुंगेवासका छत्रबहादुर श्रेष्ठको घरमा ०५२ वैशाख १६ गते राती एक बजे अज्ञात व्यक्तिहरूले घरको छतमा विष्फोटक पदार्थ पड्काए। दुई वटा विष्फोटक पदार्थ राखिएकोमा एउटा मात्र पड्केको थियो भने अर्को चाहिं हिलो माटोमा राखिएको हुँदा विष्फोटन भएन। उक्त विष्फोटनबाट कसैलाई पनि चोट पटक लागेन र कुनै पनि सामान ध्वस्त भएन। विष्फोटन भएको ठाउँको छत केही धस्किएको र त्यसको ठीक तल पसल कोठाको दलिनमा केही चर्किएको थियो।

महेन्द्रझाडी गाविस-९ मेलुङ्गेका ३५ वर्षीय दलबहादुर क्याप्छाकी मगरलाई ०५३ कार्तिक १ गते माओवादीद्वारा हत्या गरियो। दलबहादुरलाई आफ्नै घरमा सुतिरहेको अवस्थामा आक्रमणकारीहरूले गर्धन तथा शरीरका अन्य भागहरूमा खुकुरी प्रहार गर्नुका साथै भरूवा र कटुवा बन्दुक पाँचपटक फायर गरेका थिए।

पूर्व प्रधानपंच रत्नबहादुर माझीलाई ०५२ फागुन २७ गते महादेवस्थान जयमंगलमा ३ जना प्रहरीको पोशाकमा र अन्य तीन सहितको जमातले सांघातिक आक्रमण गरेको थियो। आक्रमणकारीहरूले पड्काएको बन्दुकको छर्रा गोली पनि उनलाई लागेको थियो।

रानीवारी गाविस-५ का झलकबहादुर राउतलाई ०५३ मंसीर ३ गते साँझ वनगस्ती हौं भन्ने केही नाकावधारीहरूको समूहले कुटपिट गरी घाइते बनाएको थियो। उनलाई घरदेखि केही पर लगी हिलोमा गाडेर छोडेको बताइन्छ।

काभ्रे मच्छे गाविस-९ मुक्पाटार स्थित गाउँमा ०५२ फागुन १ गते जनयुद्धको क्रममा अघि बढौं, माओवाद जिन्दावाद, दौलतसिंह मुर्दावाद जस्ता नारा लगाउँदै निस्किएको एक जुलुसले दौलतसिंहको घरमा आक्रमण गऱ्यो। दौलतसिंह घरभित्र पसी उनको परिवारका मानिसहरूलाई कुटपिट गरी आक्रमणकारीहरूले सैयौं तमसुकहरू च्यात्नु र जलाउनुका अतिरिक्त २ के.जी. १ पाउन्ड सुन, साढे ६ धार्नी चाँदी र घ्याम्पोमा राखिएको पुराना मुद्राहरू, १२ वटा तामाको गाग्री, ६ वटा सुनको जन्तर, १६ वटा तामाको खड्कौला र नगद रू. ५ लाख समेत करीब करोड बराबरको धनमाल लुटिएको थियो।

माओवादीको आक्रमणमा परी घाइते भएका खड्गबहादुर बुढा

गोठपानी गाविस-५ का चन्द्रबहादुर तामाङको घरमा ०५२ फागुन ७ गते भएको आगलागीको घटनामा माओवादीहरूको संलग्नता रहेको बताइन्छ।

०५३ मंसीर ३ गते बेलुकी वालुवा गाविस स्थित साना किसान विकास आयोजनाको कार्यालय लुटियो। बेलुकी १२ बजेतिर ३०/४० जनाको अज्ञात समूहले तोडफोड गरी कागजपत्र, दराज, टेबुलहरू बाहिर ल्याई जलाइ दिएको थियो।

रामेछापको बेथान, गुन्सी, मटैली र गोली गाविसमा माओवादी गतिविधिद्वारा प्रभावित गाउँहरू हुन्। रामेछापको बेथान गाविस स्थित प्रहरी चौकी माथि ०५३ पुस १९ गते राती ११.४५ बजे माओवादीद्वारा आक्रमण गरियो। सो आक्रमणमा माओवादी र प्रहरी बीच एक घण्टासम्म दोहोरो भिडन्त भएको थियो। सो

अन्य जिल्लामा माओवादीको आक्रमणमा परी मृत्यु भएका व्यक्तिहरु

क्र.सं.	नाम र ठेगाना	हत्या भएको ठाउँ	मिति	उमेर	पेशा	जिल्ला
१.	दलबहादुर क्याप्छाकी मगर महेन्द्रझाडी गाविस-९	महेन्द्र झाडी-९	०५३।७।१	३५	कृषि	सिन्धुली
२.	वालकृष्ण श्रेष्ठ साँगाचोक गाविस	साँगाचोक गाविस	०५२।१२।२	५२	कृषि	काभ्रे
३.	कृष्णप्रसाद सापकोटा कुभिण्डे गाविस-५	कुभिण्डे गाविस	०५३।८।२६	७६	कृषि	सिन्धुपाल्चोक
४.	भरत अधिकारी वेथान प्रहरी चौकी	वेथान प्रहरी चौकी	०५३।१०।१९		प्रहरी हवल्दार	रामेछाप
५.	कुमार राउत वेथान प्रहरी चौकी	वेथान प्रहरी चौकी	०५३।१०।१९		प्रहरी जवान	रामेछाप
६.	वलराम पोखरेल छोप्राक गाविस	छोप्राक गाविस	०५३।९।२७		जनप्रतिनिधि	गोरखा
७.	लक्ष्मीप्रसाद आचार्य जगतीपुर गाविस अध्यक्ष,	जगतीपुर गाविस	०५३।११।१५		जनप्रतिनिधि	जाजरकोट
८.	धनबहादुर बुढाथोकी विसकोट गाविस	विसकोट गाविस	०५३।७।१०	४८	कृषि	सल्यान

माओवादीको आक्रमणमा परी घाइते भएका शालिग्राम

भिडन्तमा प्रहरी हवल्दार भरत अधिकारी र प्रहरी जवान कुमार राउत मारिए। सोही घटनामा माओवादी तर्फका काभ्रे जिल्ला चौरीपोखरीका तीर्थ गौतम, रामेछाप लखनपुर-४ की दिलमाया योञ्जन र काभ्रे मंगलटारका फत्त स्लामी पनि मारिए। उक्त घटनामा अन्य ३ जना प्रहरी घाइते भएका थिए भने आक्रमणकारीहरू मध्येपनि केही घाइते भए। आक्रमणकारीहरूले थ्रीनट थ्री राइफल ४ ओटा, एक सय थान गोली, केही जिलेटिन लुटेर लगेका थिए।

गोरखा, च्याङली गाविस-८ चुनिघाट स्थित कृषि विकास बैंक तथा साना किसान विकास आयोजनाको कार्यालयमा ०५२ फागुन १ गते दिउँसो साढे ३ बजे करीब १ सय जना हतियारधारी मानिसहरूको समूहले हमला गर्‍यो। आक्रमणकारीहरूले कार्यालयको दराजभित्र रहेका जग्गाधनी पूर्जा, तमसुक, भौचर, ऋण लेनदेन सम्बन्धी फाइल लगायतका कागजपत्रहरू कार्यालय बाहिर ल्याई जलाई दिएका थिए।

सिम्जुङ गाविस स्थित सेभ द चिल्ड्रेनको कार्यालयमा ०५२ फागुन ११ गते राती १२/१५ जना नकावधारीहरूले आगो लगाई दिए।

छोप्राक गाविसका अध्यक्ष वलराम पोखरेल ०५३ पुस २७ गते राती माओवादीहरूद्वारा मारिए। यस अघि ०५३ असोज ५ गते राती ९.३० बजे पनि उनीमाथि खुकुरीद्वारा प्रहार भएको थियो।

हर्मी गाविस-६ का खुद्रा पसले भीमबहादुर भण्डारीलाई ०५२ फागुन १ गते पसल बन्द गरी घर फर्कंदै गर्दा नकावधारीहरूको एक समूहले सांघातिक हमला गर्‍यो।

सल्यान, विसकोट गाविस-९ का ४८ वर्षीय धनबहादुर बुढाथोकी ०५३ कार्तिक १० गते अज्ञात व्यक्तिहरूको खुकुरी प्रहार गरी मारिए। सोही घटनामा सोही ठाउँका ३५ वर्षीय भीमबहादुर थापा पनि घाइते भएका थिए। यो घटनामा माओवादीहरूले काला गाउँ गाविस अध्यक्ष हुन् भनी खुकुरी प्रहार गरेको बताइन्छ। अध्यक्षलाई यस अघिदेखि नै माओवादीहरूले मार्ने धम्की दिइएको कुरा स्थानीय बासिन्दाले बताएका छन्।

वाँफुखोला गाविस-५ का ५५ वर्षीय जीतबहादुर वलीलाई ०५२ फागुन ६ गते राती केही नकावधारीहरूले छुरा, खुकुरी, बन्दुकको कुन्दा प्रहार गरी सख्त घाइते बनाए। उनी वाँफुखोला गाविसका राप्रपाका तर्फबाट निर्वाचित अध्यक्ष पनि हुन्।

वाग्लुङको हटिया गाविस स्थित हटिया बजारमा रहेको कृषि विकास बैंकको कार्यालयमा ०५३ जेठ ५ गते राती जिलेटिन विष्फोट भयो। सो विष्फोटमा कार्यालय भवनको भित्ता चर्किएको थियो।

दोलखा जिल्ला स्थित दोलखा गाविसका पूर्णबहादुर खड्का र हेमबहादुर श्रेष्ठलाई ताम्चेत गाविस वडा नं. २ ठेकल हयु भन्ने गाउँको नजिक रहेको जंगलबाट पक्राउ गरिएको थियो। प्रहरीले उनीहरूको साथ रहेको दुई नालको भरूवा बन्दुक २ थान, ह्याण्ड ग्रिनेड १ थान, लुजनट पोल्ट ३ थान, फलाम टुक्रा ८ थान, खुकुरी ३ थान, छुरी १ थान, बारूद १ पाउ आदि बरामद गरेको थियो।

डोल्पा जिल्ला स्थित त्रिवेणी अस्थायी प्रहरी पोष्टमा ०५३ पुस १ गते राती करीब ३ बजे करीब ३० जनाको सशस्त्र डफ्फाले आक्रमण गर्‍यो। यो प्रहरी पोष्ट डोल्पाको सदरमुकाम भन्दा करीब ४२ कोस टाढा रहेको छ। उनीहरू विष्फोटक पदार्थ पड्काएर प्रहरी पोष्ट ध्वस्त पार्ने उद्देश्यका साथ त्यहाँ आएका थिए। प्रहरीले गोली प्रहार गरेपछि आक्रमणकारीहरू भागेको बताइन्छ। उक्त घटनामा केहीबेर प्रहरी र आक्रमणकारीहरूका बीच दोहोरो गोली हानाहान भएको थियो। आक्रमणकारीको गोली लागेर प्रहरी पूर्णबहादुर शाहको हातमा गम्भीर चोट लागेको थियो भने प्रहरी नायब निरीक्षक ध्रुवप्रसाद उप्रेती र प्रहरी सहायक निरीक्षक उदयबहादुर शाही सामान्य घाइते भएका थिए।

यही घटनामा प्रहरीको गोलीद्वारा माओवादी जनयुद्धका प्रमुख कमाण्डरहरू मध्येका १ जना ३३ वर्षीय विजय घले (दौलत घर्ती) को मृत्यु भएको बताइन्छ।

सिन्धुपाल्चोक जिल्ला पनि जनयुद्धको गतिविधिबाट अछुतो रहेको छैन। यस जिल्लामा फागुन १ गतेदेखि शुरू भएको भनिएको जनयुद्धमा माओवादीहरूको आक्रमणद्वारा ३ जना मानिस मारिएका छन् भने जनयुद्ध नियन्त्रणको नाममा अन्य जिल्लाको तुलनामा यस जिल्लामा प्रहरी प्रशासनबाट दमन, धरपकड भएको पाइएन। जनयुद्ध पूर्व नै ०५२ माघ १८ गते कुभिण्डेमा प्रहरी जवान सोमबहादुर सुनुवारको हत्याको घटनाका सिलसिलामा भने महिला, बालबालिका र सर्वसाधारण नागरिकहरूलाई गैरकानूनी गिरफ्तारी एवं जघन्य यातना दिइएको कुरा यहाँ स्मरणीय छ।

साँगाचोक गाविसका ५२ वर्षीय बालकृष्ण श्रेष्ठलाई ०५२ चैत २ गते पसलबाट विजुलीको चीम किनेर घर फर्कंदै गर्दा बाटोमा अज्ञात व्यक्तिद्वारा गोली प्रहार गरियो। उनलाई उपचारको निम्ति काठमाडौं ल्याउँदाल्याउँदै बाटोमै मृत्यु भएको थियो।

कुभिण्डे गाविस-८ का नेपाली कांग्रेसका कार्यकर्ता ७६ वर्षीय कृष्णप्रसाद सापकोटामाथि ०५३ मंसीर २६ गते डुमखोला स्थित बाँसघारीमा मुखमा कालो पट्टि बाँधेका अज्ञात व्यक्तिहरूले खुकुरीले प्रहार गरी घाइते बनाए। उनी सदरमुकाम चौताराबाट आफ्नो घरतर्फ फर्किरहेका थिए। उनलाई उपचारको निम्ति काठमाडौं तर्फ ल्याउँदा ल्याउँदै बाटोमै मृत्यु भयो।

सिरूवारी गाविस स्थित कृषि विकास बैंक तथा साना किसान विकास आयोजनाको कार्यालयमा ०५३ असोज १८ गते

राती लुटपाट गरियो र बैंकभित्र रहेका कागजपत्र जम्मा गरी बन्दुक, खुकुरी र भाला जस्ता हतियार बोकेका नकाबधारी व्यक्तिहरूको समूहले आगो लगाई दिएका थिए।

साँगाचोक गाविसका प्रेमबहादुर तामाङ, चन्द्रबहादुर तामाङ र रामबहादुर तामाङको परालको कुन्युमा लुकाई राखिएको १२ वटा वम, १ थान हाते वम, हाते वम बनाउन प्रयोग गरिने सामाग्री ०५२ चैत ५ गते बरामद गरेको कुरा प्रहरीले जनाएको थियो।

बाँके जिल्लामा नेकपा (माओवादी) का कार्यकर्ता समर्थक भनी प्रहरीले विभिन्न ठाउँमा आफ्नो पेशामा कार्यरत १६ जना व्यक्तिहरूलाई "तपाईलाई इन्चार्जले, डि.एस.पी. साहेबले भेट्ने मन्नु भएको छ भनी गिरफ्तार गरिएको पाइयो।

यसका अतिरिक्त भोजपुर, धनुषा, बर्दिया, डोल्पा, दैलेख लगायतका जिल्लामा पनि जनयुद्धका नाममा छिटफुट घटनाहरू भएका थिए।


नेपाल कम्युनिष्ट पार्टी (माओवादी)
केन्द्रीय समिति
मिति : १ फागुन ०५२
प्रेस वक्तव्य

[illegible]

प्रचण्ड
महासचिव
केन्द्रीय समिति
ने.क.पा. (माओवादी)

नेकपा (माओवादी) द्वारा जनयुद्धका क्रममा जारी गरिएको पहिलो प्रेस वक्तव्य

प्रहरीद्वारा गरिएको कार्वाही

सिन्धुली अमले गाविस-१ का ३३ वर्षीय टिकाप्रसाद देवकोटा र २६ वर्षीय ज्ञानेन्द्र देवकोटालाई ०५३ वैशाख २५ गते आ-आफ्नो घरमा सुतिरहेको अवस्थाबाट विहान ५ बजे प्रहरीले पक्राउ गऱ्यो। पक्राउ गर्न आएका प्रहरीसंग अमले गाविस-४ का रामकाजी वाइवा र सीताराम थापा पनि साथमै थिए। पक्राउ परेका दुवै दाजुभाइलाई दुवै हात पछाडि लगेर बाँधियो। उनीहरूलाई माओवादी कहाँ छन् भनी सोध्दै घरबाट निकालिएको थियो। देवकोटा दाजुभाइलाई जिल्ला सदरमुकाम लैजाने क्रममा घरबाट हिडाएपछि प्रहरी र साथै रहेका वाइवा र थापा थर भएका व्यक्तिले निर्मम ढंगले कुटपिट गरेका थिए। उनीहरूलाई धनमाना भन्ने खोलाको छेउको भट्टी पसलमा ल्याई पुऱ्याउँदा कुटपिटका कारण टाउकोमा रगत बगिरहेको तथा शरीरका कपडा रगतले निथ्रुक्क भिजेको कुरा प्रत्यक्षदर्शीहरू बताउँछन्। भट्टी पसलमा ३५ जना प्रहरी, वाइवा र थापा समेतले रक्सी खाए। सोही पसलमा प्रहरीले उनीहरूलाई कपडा फेराएका र चुरोट र विस्कुट खान दिएका थिए।

उक्त घटनाको स्थलगत अध्ययन गर्न गएको मानवअधिकारवादीहरूको टोलीसंग एक प्रत्यक्षदर्शी महिलाले बताए अनुसार "हात्तिगौंडा भन्ने ठाउँमा एक प्रहरी ती महिलाको घरमा गई बर्को मागेको, तर बर्को नभएको हुँदा उसले मान्द्रो र बोरा लिएर फर्किएको थियो। त्यसको एक घण्टा पछि कुसुमटारको खोला तर्दै गर्दा प्रहरीहरूले दुईवटा लाश घिसार्दै लगेको कुरा ती महिलालाई सोही बाटो भएर आएका बटुवाहरूले बताएका थिए। सार्वजनिक गरिएको प्रतिवेदनमा उल्लेख गरिएको छ- "टिका र ज्ञानेन्द्रलाई प्रहरीले ढुंगामाथि उभ्याएर गोली हानी हत्या गरिएको हो।"

सिद्धेश्वर गाविसका अध्यक्ष ४५ वर्षीय दीर्घराज श्रेष्ठलाई ०५२ फागुन ५ गते माओवादी गतिविधि संलग्न भएको आरोपमा प्रहरीले पक्राउ गरी १० दिन पछि मात्र पक्राउ पूर्जी दिएको थियो। त्यसै गरी भीमान गाविसका उपाध्यक्ष पुण्यहरि घिमिरेलाई पनि सोही आरोपमा ०५२ फागुन ७ गते पक्राउ गरी १० दिनसम्म विनापूर्जी हिरासतमा राखेको थियो। यसका अतिरिक्त जलकन्या २ का ३५ वर्षीय कृषक कमल दाहाललाई र ४० वर्षीय अर्जुन गुर्माछान र जंगबहादुर लंसेली सिन्धुली पोष्ट साप्ताहिकका प्रकाशक प्रमोद चन्द्र दाहाल र सोही पत्रिकाका विश्वमान विश्वकर्मा लगायत सैयौं जनालाई विभिन्न मितिमा गैरकानूनी ढंगले अर्थात विनापूर्जी पक्राउ गरी हिरासतमा लिइएको थियो।

भीमेश्वर गाविसको प्रहरी चौकीमा प्रहरीले सोही गाविस-४ टाँडीको एक भट्टी पसलमा मदिरा सेवन गरी ०५३ जेठ २ गते धारा पँधेरा हिडेका महिलाहरूमाथि अभद्र व्यवहार गरे। प्रहरीको यस्तो कार्यको विरोध गर्ने विद्यार्थीहरू गोपाल कार्की र रमेश कार्कीलाई सोही दिन प्रहरी हवल्दार रामबहादुर राना मगर, प्रहरी जवान मिठाराम सापकोटा र विनोद तामाङले बन्दुकको कुन्दाले पिट्दै, हत्कडी लगाएर प्रहरी चौकी पुऱ्याए। विद्यार्थीहरूमाथि भएको ज्यादतीका सम्बन्धमा बुझ्न गएका गाविस अध्यक्ष केशव देवकोटा र शिक्षक टीका देवकोटा समेतका व्यक्तिहरू प्रहरी चौकीमा गएको बेला प्रहरी सहायक निरीक्षक प्रदीप पौड्यालले हवाई फायर र लाठी चार्ज गराएका थिए।

मरिणक्षेत्रका ६ जना शिक्षकहरूलाई ०५३ वैशाख १३ गते कपिलाकोट स्थित कार्यालयले बोलाएर माओवादी गतिविधिमा संलग्न भएको भन्ने निहुँ बनाई जिल्ला प्रहरी कार्यालयको हिरासतमा लिइयो। यसरी पक्राउ गरिएका शिक्षकहरूमा गोपाल बुढाथोकी, गोविन्दलाल माझी, जसबहादुर



प्रहरीद्वारा मारिएका तिर्थ गौतम

मगर, प्रेमबहादुर खत्री र भीमबहादुर मगर रहेका छन्।

भीमान गाविस-९ दोभानका इन्द्रप्रसाद ढुंगेललाई ०५३ साउनको पहिलो हप्ता प्रशासनले अपहरण गरी जनकपुर पुऱ्यायो। उनी माओवादी जनयुद्धमा संलग्न भएको अभियोगमा जेल परेका व्यक्तिहरूलाई धरौटीमा रिहा गर्ने गरी पुनरावेदन अदालतले दिएको आदेशको प्रतिलिपि लिई उक्त दिन जिल्ला प्रशासन कार्यालय पुगेका थिए। प्रशासन कार्यालयबाटै उनी बेपत्ता भए। माओवादी जनयुद्धमा सामेल भएको अभियोगमा विभिन्न ४ वटा मुद्दा लगाइएका अधिवक्ता विश्वप्रकाश भण्डारी सहित १२ जनालाई जिल्ला अदालतले साधारण तारेखमा छोड्ने आदेश दिए पनि हातहतियार खरखजाना मुद्दा लगाई प्रमुख जिल्ला अधिकारी नेत्रबहादुर कार्कीको आदेशमा थुनामा राखिएको थियो। त्यसपछि पुनरावेदन अदालतले रू. १२/१२ हजार जमानतमा छोडिदिने आदेश गरेको थियो। सोही आदेशको एकप्रति ढुंगेलले प्रशासन कार्यालय जानु अघि कारागार शाखामा पेश गरेको बताइन्छ। ढुंगेललाई प्रमुख जिल्ला अधिकारी कार्कीले एकै छिन बस्दै गर्नोस् भनी आफू बाहिर निस्किएपछि सहायक प्रहरी निरीक्षकले जिल्ला प्रहरी कार्यालय लिएर गए। त्यही रात उनलाई हत्कडी सहित प्रहरी उपरीक्षक विजय भट्टले २ जना असई र २ जना प्रहरी जवान साथ लगाएर बर्दिबास हुँदै ०५३ साउन ७ गते जनकपुर पुऱ्याए। त्यहाँ उनलाई ४ घण्टासम्म ट्वाइलेटमा थुनियो। ४ दिनपछि पुन सिन्धुली लगेर छोडिएको थियो।

स्मरणीय के छ भने ०५२ चैत ७ गते आफ्नै घरबाट पक्राउ परेका अधिवक्ता तथा सिन्धुली बार एशोसियसनका सचिव विश्वप्रकाश भण्डारीलाई २७ दिनसम्म हिरासत र ४ महिना कारागारमा राखिएको थियो। माओवादी जनयुद्धमा संलग्न रहेका व्यक्तिहरूको मुद्दामा बहस पैरवी गरी सहयोग पुऱ्याएको हुँदा उनलाई झुठा मुद्दामै भए पनि पक्राउ गरिएको बताइन्छ। कपिलाकोट गाविसमा एक्सन एडको कार्यालयमा भएको तोडफोडको घटनालाई लिएर प्रहरीले अमलेका १४ वर्षीय वलदेव देवकोटा र १५ वर्षीय इन्द्रदेव देवकोटालाई पक्राउ गरेको थियो।

कपिलाकोट गाविस-४ का ४ वर्षीय वालक पवनकुमार ठाडा मगरलाई ०५२ चैत २६ गते प्रहरीले उनकै घरमा खेलिरहेको अवस्थामा पक्राउ गऱ्यो। ३६ दिनसम्म हिरासतमा राखेर उनलाई ०५३ जेठ २ गते अदालतले आगजनी र ज्यान मार्ने उद्योगको अभियोगमा थुनामा राख्ने आदेश दिएको थियो।

माओवादीकै आशंकामा पक्राउ परेका वितिचौर गाविस-५ भदौरेका टंकबहादुर भूजेललाई प्रहरी नायव उपरीक्षक विजय भट्टले पिटेर माथिल्लो दाँत झारिदिएका थिए। जनयुद्धमा संलग्न मानिसहरूलाई पक्राउ गर्ने क्रममा ०५३ वैशाख ६ गते अमले पुगेको प्रहरी टोलीले गाउँमा ठूलो आतंक मच्चाएको थियो। उक्त दिन दिउँसो र राती गरेर दुई पटक ३ जना बर्दी लगाएका र ११ जना बर्दी नलगाएका मानिसले आफूमाथि आक्रमण गरेको कुरा ११ वर्षीय कविता देवकोटाले बताइन्। सोही गाविस-२ मा राती सुतिरहेको अवस्थामा गाउँलेहरूलाई पिट्ने, मुख च्यात्ने, अश्लील ढंगको व्यवहार गर्ने जस्ता कार्य प्रहरीबाट भएका थिए। त्यसरी प्रहरीद्वारा पीडित हुनेहरूमा निरबहादुर स्याङतान, हर्कबहादुरकी पत्नी, सोही गाविस-३ की मिनाकुमारी देवकोटा, झमक देवकोटा, कक्षा ७ की छात्रा मिठु देवकोटा, वालिका जुना देवकोटा, पूर्णकुमारी देवकोटा, यज्ञ देवकोटा, उर्मिला देवकोटा, १३ वर्षीय वलराम देवकोटा, ११ वर्षीय कृष्ण देवकोटा आदि रहेका छन्। प्रहरीले छविलाल देवकोटाका ९२ वर्षीय पिता र ८५ वर्षीय आमालाई पनि लछारपछार पारेको कुरा स्थानीय वासिन्दाले बताए।

माओवादीको आरोपमा पक्राउ परेका व्यक्तिहरूको साक्षी बक्न सदरमुकाम गएका गुणराज पौड्याल, टंकमान श्रेष्ठ, मायानाथ अधिकारी, नरेश श्रेष्ठ र भुवन फुयाँललाई ०५३ साउन १२ गते र चन्द्र श्रेष्ठ, शिक्षक केदार कोइराला समेत ८ जनालाई साउन १३ गते दिनभरी हिरासतमा राखी कानूनी हक अधिकारबाट बंचित गराइएको थियो।

यस वर्षको कार्तिक मसान्तसम्ममा यस जिल्लामा माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ४४ जना व्यक्तिलाई विभिन्न मुद्दा लगाई कार्वाही चलाइएको र त्यसरी कार्वाही चलाइएकाहरूलाई हिरासतमा यातना, कानूनी उपचारबाट बंचित, न्याय विमुख, अपहरण, महिलाहरू माथि दुर्व्यवहार गर्ने जस्ता अमानवीय र गैर कानूनी काम प्रहरी प्रशासनबाटै भएको कुरा मानवअधिकारवादीहरूको स्थलगत अध्ययनपछि सार्वजनिक गरिएको प्रतिवेदनमा उल्लेख छ।

काभ्रे जिल्लामा पनि माओवादी गतिविधि नियन्त्रण गर्ने नाममा गिरफ्तारी, यातना र झुठा मुद्दा लगाइएका घटनाहरू भए। एउटै घरमा एकै दिनमा ५/६ पटक छापा मार्ने र आतंक मच्चाएर घर छोड्न बाध्य पार्ने, घरमा भएका हसिया, खुर्पा, कोदाली जस्ता औजारहरू जफत गर्ने, घरको आँगन र गाह्रो भत्काइदिने आदि काम प्रहरीद्वारा भएको बताइन्छ। विभिन्न समयमा पक्राउ परेका मानिसहरूलाई हिरासतमा कुटपिट गर्ने र अमानवीय यातना दिने गरियो। पाँचखाल गाविसका वालगोपाल तामाङ, दिलबहादुर श्रेष्ठ, विष्णुप्रसाद हुमागाई, ०५२ फागुन २० गते पक्राउ गरी प्रहरी हिरासतमा वर्वरतापूर्ण तरिकाले यातना दिएको बताइन्छ। पक्राउ परेका कतिपय व्यक्तिलाई घोप्टो पारेर शरीरमाथि परेड खेलिएको थियो भनिन्छ।

जनयुद्धको सिलसिलामा चौरीपोखरी गाविसका अध्यक्ष हरिप्रसाद चौलागाई लगायत शिक्षक, विद्यार्थी समेत विष्णुप्रसाद चौलागाईं, केदार गौतम, शान्ता गौतम लगायत सयौं जनालाई कुनै न कुनै मुद्दामा फसाइएको थियो। पक्राउ पर्नेहरूमा फागुन १ गते मेच्छे गाउँबाट ६२ जना, फागुन ७ गते गोठपानी गाविसबाट ९ जना, फागुन १९ गते वालुवाबाट २० र ०५३ मंसीर ३ गते सम्ममा ४५ जना रहेका छन्।

०५३ पुस १९ गते रामेछाप वेथान प्रहरी चौकीमा भएको घटनापछि सो क्षेत्र प्रहरी कार्वाहीबाट अत्याधिक प्रभावित रह्यो। उक्त घटनाको सिलसिलामा प्रहरीले पक्राउ गरेका व्यक्तिहरूमाथि यातना दिइएका थुप्रै घटनाहरू भए। लखनपुर गाविस-५ का १७ वर्षीय छात्र निरप्रसाद ढुंगेल र वलराम ढुंगेललाई ०५३ पुस २६ गते घरैबाट पक्राउ गरी ११ जना प्रहरीले घोप्टो पारी ढाडमा बाँसको लौराले निर्घातसंग पिट्दै चौकीमा लगियो। बोजिनी प्रहरी चौकीमा पुऱ्याएपछि २ दिन लगातार उनलाई पाइप र लौराले पिटियो। २८ गते हाजिर जमानीमा छोडिए पनि माघ १ गते चौकीमा हाजिर हुन जाँदा दुवै जनालाई पुनः मरणासन्न हुने गरी पिटियो। त्यसैगरी प्रहरीको पिटाइबाट घाइते हुनेहरूमा सोही गाविसका छात्र १५ वर्षीय मनुप्रसाद चौलागाईं, १५ वर्षीय रविन्द्र चौलागाईं, १४ वर्षीय विष्णुप्रसाद ढुंगेल, ४६ वर्षीय इन्द्रप्रसाद ढुंगेल, चेतबहादुर बस्नेत लगायत दर्जनौं व्यक्तिहरू रहेका छन्। पक्राउ गरिएका महिलाहरूमाथि पनि अपमानपूर्ण व्यवहार गरिएको थियो। हिरासतमा रहेका व्यक्तिहरूलाई कसैसंग भेटघाट गर्न समेत दिइएन।

गोरखा सेभ द चिल्ड्रेनको कार्यालयमा आगो लगाइएको घटनाका सिलसिलामा ०५२ फागुन १४ गते सूर्य ज्योति मा.वि.का प्रधानाध्यापक वीरबहादुर गुरूङलाई विद्यालयमा अध्यापन गरिरहेकै अवस्थामा सशस्त्र प्रहरीले पक्राउ गऱ्यो। चक, डस्टर सहित पक्राउ परेका गुरूङलाई त्यहाँबाट लिएर हिडेपछि छुटाउन छात्रछात्राहरूको समूह पछिपछि लाग्यो। त्यही क्रममा पन्दुङ गाविस-३ पुगेपछि प्रहरीले पचासौं राउण्ड गोली चलायो। गोली प्रहारबाट ११ वर्षीय दिल बहादुर रम्तेल र १४ वर्षीय राम चन्द्र भट्ट लगायत केही मानिसहरू घाइते भए। घाइते दिलबहादुर रम्तेललाई पातामा लागेको गोली काँधबाट निस्किएको थियो। उनलाई उपचारार्थ काठमाडौं ल्याउँदाल्याउँदै बाटोमै मृत्यु भयो। रम्तेल स्थानीय ब्रह्मचारिणी नि.मा.वि.का कक्षा ४ का विद्यार्थी हुन्, उनी परालको टौवामाथि बसेर रमिता हेरिरहेको बताइन्छ।


प्रहरीद्वारा मारिएका गोविन्द घले

माओवादीहरूको प्रशिक्षण चलाएको आरोपमा छोप्राक गाविसबाट ०५३ भदौ १ गते संजमो कार्यकर्ता देव गुरूङ र भक्ति लामिछानेलाई प्रहरीले पक्राउ गऱ्यो। उनीहरूलाई सार्वजनिक र राज्य विप्लवको मुद्दा लगाई गोरखा कारागार, वीरगञ्ज कारागार हुँदै अहिले काठमाडौं स्थित केन्द्रीय कारागार ल्याई गोलघरमा राखिएको छ। ०४६ सालको जनआन्दोलन पछि राजनीतिक बन्दीहरूलाई गोलघरमा राखिएको यो पहिलो घटना हो।

०५२ फागुन १६ गते गोरखाका अधिवक्ता २७ वर्षीय राजेन्द्र ढकाललाई चितवनको भरतपुरमा विनापूर्जी गिरफ्तार गरियो। उनलाई त्यसै दिन गोरखा प्रहरी कार्यालयमा ल्याई २ दिनपछि राज्य विप्लव र आगालागी गरेको अभियोगमा पक्राउ पूर्जी दिइयो। १७ गते ढकालको ल फर्ममा खानतलासी गर्न कार्यालयको ढोकाको ताल्चा तोडफोड गरिएको थियो। सोही दिन अपरान्ह जिल्ला प्रहरी कार्यालयका निरीक्षकको कोठामा हात पछाडि बाँधेर लठी घुसाई दुई तर्फबाट उचाल्ने र थेचार्ने, खुट्टामाथि पारेर झुण्ड्याउने जस्ता यातना दिइएको थियो। अदालतले पटक-पटक तारेखमा छोड्ने आदेश दिंदा पनि उनलाई ५६ दिन हिरासतमा राखिएको थियो। यसका अतिरिक्त गोरखा जिल्लामा सयौं गिरफ्तारी र अमानवीय यातनाका घटनाहरू भए।

अन्य जिल्लामा प्रहरीद्वारा मारिएका व्यक्तिहरु

क्र.सं.	नाम र ठेगाना	हत्या भएको ठाउँ	मिति	उमेर	पेशा	जिल्ला
१.	टीकाप्रसाद देवकोटा अमले गाविस	भद्रकाली गाविस,	०५३।१।२५	३३	कृषि	सिन्धुली
२.	ज्ञानेन्द्र देवकोटा अमले गाविस	भद्रकाली गाविस,	०५३।१।२५	२६	कृषि	सिन्धुली
३.	तीर्थ गौतम चौरी पोखरी गाविस	बेथान, रामेछाप	०५३।९।१९	३५		काभ्रे
४.	दिलमाया वम्जन लखनपुर गाविस-४	बेथान, रामेछाप	०५३।९।१९			रामेछाप
५.	फत्त स्लामी वाल्टीङ्ग गाविस	बेथान, रामेछाप	०५३।९।१९	२६		काभ्रे
६.	दिलबहादुर रम्तेल ब्रहमचारिणी मा. वि.	पन्दुङ गाविस-३,	०५२।११।१४	११	छात्र	गोरखा
७.	गोविन्द घले ज्यामिरे-८	हैवुङ, सिन्धुपाल्चोक	०५३।१०।९			सिन्धुपाल्चोक
८.	दौलतराम घर्ती (विजय घले) खारा गाविस	डोल्पा त्रिवेणी	०५३।८।२०	३५		रूकुम

रोल्पामा माओवादीको खोजीमा हिंडेकाहरू

सल्यान, थारमारे गाविस-६ का ३७ वर्षीय व्यापारी निमबहादुर डाँगीलाई ०५२ फागुन १४ गते प्रहरीले माओवादीको आशंकामा पक्राउ गरी हिरासतमा लिएर कुटपिट गरिएको थियो। त्यसैगरी वडागाउँ-४ का ३८ वर्षीय उमाकान्त शर्मालाई ०५२ फागुन २२ गते सुर्खेत जिल्ला प्रहरी कार्यालयले वोटेचौरमा पक्राउ गरी त्यसको भोलिपल्ट सल्यान जिल्ला प्रहरी कार्यालय पठायो।

कालागाउँ-३ का २५ वर्षीय सुरेन्द शाह, वामे गाविस-९ का ३० वर्षीय कर्णबहादुर वुढा, वामे गाविस-५ का २४ वर्षीय जनक रेग्मीलाई प्रहरीले आ-आफ्नै घरवाट पक्राउ गऱ्यो। उनीहरूलाई प्रहरी हिरासनमा अनेक प्रकारका यातना दिइएको थियो। उनीहरूलाई ०५२ चैत १९ गते जिल्ला कारागारमा चलान गरियो।

रूपन्देहीमा माओवादी जनयुद्धका नाममा गिरफ्तार गरिएका बाबुराम चौधरी, उज्वल नविन, टिका पोखरेल, चुन्नु भण्डारी, खेमबहादुर चौधरी लगायन ६ जनालाई सार्वजनिक मुद्दा लगाइयो।

राजधानी काठमाडौं पनि माओवादीको "जनयुद्ध" ले निकै प्रभावित रह्यो। यस जिल्लामा उल्लेख्य कुनै घटना नभए पनि गैर कानूनी गिरफ्तारी र झुठा मुद्दाको अभियोगमा कारवाही चलाएका घटनाहरू भने भएका छन्।

०५२ फागुन १० गते माओवादी भएको आशंकामा प्रहरीले अधिवक्ता श्यामजी प्रधान, डिल्लीराम लामा, केशवराज पाठक र खेमप्रसाद भण्डारीलाई प्रहरीले पक्राउ गऱ्यो। त्यस्तैगरी प्रहरीले धनबहादुर पन्त, धनबहादुर मगर, ईश्वर श्रेष्ठ, केशव सिंह ठकुरी, युवराज भूसाल, पूर्ण दोङ, रामप्रसाद डंगोल लगायतका व्यक्तिहरूलाई पनि पक्राउ गऱ्यो। त्यसरी पक्राउ पर्नेहरूलाई गैर कानूनी ढंगले थुनिएकोले भनी सर्वोच्च अदालतले ०५२ फागुन २३ गते रिहा गर्ने आदेश दिएको थियो।

०५२ फागुन ८ गते राती प्राध्यापक सुरेश आलेलाई प्रहरीले पक्राउ गऱ्यो। उहाँलाई १९ दिन पछि सर्वोच्च अदालतको आदेशमा रिहाई गरिएको थियो। त्यसरी नै डिल्ली तामाङ, केशव सिंह ठकुरी, धनबहादुर पन्त, आनन्द सापकोटा, हेम घिमिरे, केशव पाठक लगायतका अन्य ९ जनालाई पनि प्रहरीले पक्राउ गऱ्यो। पक्राउ गरिएका व्यक्तिहरूलाई हिरासतमा शारीरिक र मानसिक यातना दिइएको थियो।

०५२ फागुन २७ गते प्रहरीले माओवादीको आशंकामा भक्तपुर जिल्लाको ठिमी र नगदेशमा पर्चा छरेको अभियोगमा वाल कुमारी गाविस-८ का रमेश प्रजापतिलाई पक्राउ गऱ्यो।

श्रमजीवी पत्रकार तथा वामपन्थी बुद्धिजीवी शक्ति लम्साललाई ०५२ फागुन ९ गते प्रहरीले चण्डोल स्थित आफ्नै घरबाट पक्राउ गऱ्यो। त्यस्तै अर्का वामपन्थी लेखक खगेन्द्र संग्रौलालाई पनि पक्राउ गऱ्यो। संग्रौलालाई पक्राउ गरिएको ३ दिनसम्म कसैलाई कुनै जानकारी नदिई मानसिक यातना सहित प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगंजको रोमियो हलमा राखिएको थियो।

०५२ फागुन १५ गते राती ११ बजे प्रहरीले वालाजु स्थित आफ्नै घरबाट अधिवक्ता मुक्ति प्रधानलाई पक्राउ गऱ्यो। उहाँलाई १७ दिनपछि सर्वोच्च अदालतले गैर कानूनी थुना भनि आदेश दिएपछि रिहाइ गरिएको थियो।

श्रीमतीलाई उपचार गराउन नेपालगंज आई त्यहाँको होटल राप्ती रूकुमेलीमा बास बसेका गणबहादुर खत्रीलाई राती ११ बजे गिरफ्तार गरिएको पाइयो। ढाकाराम पाठकलाई ने.रा.प्रा.वि. वैजापुरमा पढाइरहेको वखत चैत ६ गते २ बजे डि.एस.पी. कार्यालयबाट बोलाउनु भएको छ भनी नेपालगंज डि.एस.पी. कार्यालयमा ल्याइएको थियो। त्यस्तै अर्का शिक्षक जितबहादुर चौधरीलाई ने.रा.प्रा.वि. धामपुरमा पढाइरहेकै वखत गिरफ्तार गरिएको थियो। यसरी आफ्नै घर बसेर काम गरिरहेका जनमोर्चा समर्थक व्यक्तिहरूलाई स्थानीय इलाका प्रहरी कार्यालयले विभिन्न वहाना बनाई नेपालगञ्ज डि.एस.पी. कार्यालय ल्याई सार्वजनिक मुद्दा लगायो। प्रहरीको गस्ती टोलीलाई ढुंगामुढा गरेको भनी आरोप लगाइएको छ। गिरफ्तार व्यक्तिहरूलाई हिरासतमा लिइसकेपछि मात्र पूर्जी थमाइएको थियो। ढाकाराम र जितबहादुरलाई ६ गते गिरफ्तार गरेको र ८ गते हिरासतमै पूर्जी थमाइएको पाइयो। यस्तै तरिका अन्य सबैमा अपनाइएको थियो।

गिरफ्तार गरी सकेपछि हिरासतमा खान नदिएको कुरा गिरफ्तार व्यक्ति बताउँछन्। जिल्ला प्रहरी कार्यालयका एकजना इन्सपेक्टरले "पुलिसले जे पनि गर्न सक्छ, हामीले तिमीहरूलाई मारिदिए पनि केही हुँदैन" भनेको थुनुवा बताउँछन्। कोहलपुर इलाका प्रहरी कार्यालयमा हिरासतमा लिइएका बलराम काफ्ले र मीन रिजाल आफूलाई कोहलपुर इलाका प्रहरी कार्यालयमा यातना दिएको बताउँछन्। कोहलपुर निवासी प्रकाश सुवेदीलाई दैलेखबाट गिरफ्तार गरी बाटोमा यातना दिँदै नेपालगञ्ज ल्याइएको पीडितले बनाए। अधिकांश गिरफ्तार व्यक्तिहरू कृषि पेशा भएका र केही व्यापार, व्यवसायमा संलग्न रहेका छन्।
रामबहादुर के.सी. बाहेक अन्य सबै जना २८ हजार धरौटीमा छुटिसकेका छन् भने दिपक के.सी.लाई सरकारी वकिलले मुद्दा चल्ने प्रमाण छैन भनेकाले विना धरौटीमा छुटेका छन्। हालसम्म १५ जनालाई सार्वजनिक अपराधमा मुद्दा चलाइएको पाइयो।

०५२ फागुन २१ गते प्रहरीले उपत्यकाका विभिन्न पसलबाट सामना परिवारद्वारा तयार "क्रान्तिकारी" गीति क्यासेट जफत गऱ्यो। त्यस्तै प्रहरीले सोही परिवारद्वारा तयार भएका ४

वर्ष पुराना अभिवादन, जलजला, हुरी आउँदैछ जस्ता गीति क्यासेटका सम्बन्धमा पनि निगरानी गरेको थियो।

नेपाल राष्ट्रिय शिक्षक संगठनका केन्द्रीय अध्यक्षले ०५३ वैशाखमा बताउनु भए अनुसार प्रहरीले विभिन्न जिल्लामा २७ जना शिक्षकलाई माओवादीको आशंकामा पक्राउ गरेको थियो।

जनयुद्धको घोषणा भएपछि काठमाडौं जिल्लामा पनि प्रहरी दमन र गिरफ्तारी तिब्र रूपमा बढ्न शुरू भयो। संयुक्त जनमोर्चाका केन्द्रीय नेता र सक्रिय कार्यकर्ताहरू भूमिगत हुन थाले भने सामान्य नागरिकहरूलाई गैर कानूनी ढंगले पक्राउ गर्ने क्रममा साहित्यकार खगेन्द्र संग्रौला र शक्ति लम्साल सबैभन्दा पहिलो पंक्तिमा पर्नु भयो। त्यस्तै अधिवक्ता मुक्ति प्रधान, प्राध्यापक सुरेश आले मगर, अधिवक्ता श्यामजी प्रधान, धनबहादुर पन्त, खेम भण्डारी, केशव पाठक, युवराज भण्डारी, राजेन्द्र भण्डारी लगायतका विभिन्न पेशा क्षेत्रका व्यक्तिहरू गिरफ्तार गरिए। त्यस्तै लेखनाथ नेउपाने, शिक्षक नरनाथ मरहट्ठा, भरतबहादुर बुर्जामगर, सिन्धुनाथ प्याकुरेल, कृष्णध्वज खड्का, कुमार दाहाल, नन्द तिवारी, दिनमणि पोखरेल, शालिकराम जमकटेल, बाबु तामाङ, पञ्च मगर, मणिकुमार वि.क., केशव सिंह ठकुरीलाई पनि प्रहरीले विभिन्न बहानामा माओवादी गतिविधिमा संलग्न भएकै अभियोगमा विभिन्न समयमा पक्राउ गर्ने, हिरासतमा यातना दिने, झुठा अभियोग लगाउने, परिवारका अन्य कसैलाई जानकारी नदिने जस्ता कार्यहरू प्रहरी प्रशासनबाट भयो। सन्तबहादुर नेपाली, आनन्द सापकोटा, रमेश प्रजापति, हेमप्रसाद घिमिरे, धनबहादुर मगर, डिल्लीराम लामा लगायतका व्यक्तिहरू पनि पटक-पटक पक्राउ गर्ने र गैर कानूनी ढंगले हिरासतमा राखिए।

नेकपा (माओवादी) को जनयुद्धका क्रममा माओवादीहरूको आक्रमणमा परी रूकुम, रोल्पा, सल्यान लगायत अन्य केही जिल्लाका दर्जनौं घाइतेहरू उपचारको लागि काठमाडौं ल्याइए। ती घाइतेहरूलाई लामो समयसम्म त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल महाराजगंजमा भर्ना गरी उपचार गरियो। ती सबै घाइतेहरूको स्वास्थ्य उपचार सम्बन्धी व्यवस्था सरकारले गरिदिएको बताइन्छ।

त्यस्ता घाइतेहरूमा रोल्पा, तेवाङ्ग गाविस-३ का ३८ वर्षीय चिन्तबहादुर रोकामाथि ०५२ फागुन ३ गते केही नकावधारीहरूले आक्रमण गरी खुट्टा भाँचिदिए। उनलाई २ दिनपछि काठमाडौं ल्याइएको थियो। त्यस्तै सोही गाविस-२ का ४७ वर्षीय पूर्व प्रधानपंच दाइराज रोका र ६४ वर्षीय पूर्व प्रधानपंच सितबहादुर रोका पनि उपचारार्थ भर्ना भएका थिए। उनका ७३ वर्षीय वीर बहादुरको पनि हात भाँचिएको थियो।

त्यस्तै रोल्पा गाम गाविस-९ का ४३ वर्षीय भावी बुडामगर, राङ्छी-६ का ४७ वर्षीय जयबहादुर घर्ती पनि उपचारका लागि शिक्षण अस्पतालमा भर्ना भए। आक्रमणकारीहरूले उनकी पत्नीमाथि पनि कुटपिट गरेका थिए।

मुद्दा खेप्न गएका रोल्पालीहरू

जनयुद्ध सम्बन्धी मत विमत

नेकपा (माओवादी) द्वारा संचालन गरिएको सशस्त्र जनयुद्धप्रति फागुनको पहिलो हप्तासम्म प्रायः सबैमा अन्यौलता थियो। फागुन १ गते विभिन्न ठाउँमा प्रहरी चौकीमाथि आक्रमण भए। विष्फोटक पदार्थ विष्फोट भए, कृषि विकास बैंक लुटिए। तर फागुन ६ गते मात्र नेकपा (माओवादी) ले एक वक्तव्य सार्वजनिक गर्दै उक्त कार्वाही आफ्नो पार्टीको तर्फबाट गरिएको जनायो। प्रचण्डद्वारा हस्ताक्षरित उक्त वक्तव्यमा भनिएको छ- "नेपाली समाजको वर्ग संघर्षको विकासको ऐतिहासिक सन्दर्भ तथा आजको समग्र संकटको स्थितिमाथि गम्भीरतापूर्वक विचार गर्दा क्रान्तिकारी रूपान्तरणको प्रक्रिया बाहेक समस्या समाधानको विकल्प नरहेकोले हाम्रो पार्टीले यही फागुन १ गतेदेखि आम जनसमुदायलाई जनयुद्धको बाटोमा अघि बढ्न अपिल गरेको थियो। उक्त अपिलसंगै वर्तमान प्रतिक्रियावादी गठबन्धन सरकारले चलाएको राज्य आतंकद्वारा आक्रोसित जनसमुदायले मुख्यतः तिनै ग्रामीण इलाकाहरूमा सामन्त, नोकरशाही, दलाल र पूँजीपति वर्ग एवं उनीहरूको राज्यसत्ताका विरूद्ध सशस्त्र कार्वाही एवं प्रचारका गतिविधि अगाडि बढाइ रहेका छन्। हाम्रो पार्टी के ठान्दछ भने यी गतिविधिहरू प्रतिक्रियावादका विरूद्ध नेपाली जनताले चलाउँदै आएको वर्ग संघर्षका उच्चतम अभिव्यक्ति हुन्।" सोही दिन संयुक्त जनमोर्चा नेपालका अध्यक्ष डा. बाबुराम भट्टराईद्वारा जनयुद्धको समर्थन गर्दै अर्को एक वक्तव्य सार्वजनिक भएको थियो। "विद्यमान संविधान र कानूनको परिधिभित्र रहेर र शहरमा केन्द्रित भएर गरिने जन संघर्षले मात्र तत्कालीन सुधारात्मक मागहरू पूरा गराउन सक्दैनन् भने सशस्त्र बलमा टिकेको राज्य सत्तालाई नष्ट गरेर नयाँ जनवादी राज्यसत्ता स्थापना गर्न सक्ने त कल्पनै गर्न सकिन्न। यो स्थितिमा हालसालै नेपाली सर्वहारा वर्गको एकमात्र मरपर्दो र क्रान्तिकारी पार्टी नेकपा (माओवादी) ले "प्रतिक्रियावादी राज्य सत्तालाई ध्वंश गर्दै नयाँ जनवादी राज्य स्थापना गर्न जनयुद्धको बाटोमा अघि बढौं" भन्ने जुन आह्वान गरेको छ, त्यो अत्यन्तै सामयिक र सही छ र त्यस्तो जनयुद्धको बाटामा लाग्नु र त्यसलाई सहयोग र समर्थन गर्नु बाहेक अरू बिकल्प छैन।" उक्त वक्तव्यमा अझै अगाडि भनिएको छ- "नयाँ जनवादी राज्य सत्ता स्थापना गर्ने त्यस्तो आन्दोलनमा सहभागी हुनु र गाउँ-गाउँ र टोल-टोलबाट शोषित

जेलमा आफन्तलाई भेट्न गएकाहरू

उत्पीडित जनसमुदायले संचालन गर्ने प्रतिरोध संघर्षलाई साथ दिनु संजमो आफ्नो दायित्व ठान्दछ।"

एकै दिन सार्वजनिक भएका उक्त दुई वक्तव्य पछि हिंसात्मक हमला, तोडफोड र आगजनीका घटनाहरूमा अझ तीव्रता आयो। प्रहरीसंगको मुठभेडमा दुरदराजका जिल्लाहरूमा मानिस मारिएका समाचारहरू प्रसारित हुन थाले। क्रमशः राजनीतिक पार्टीहरू संघ संस्था एवं व्यक्तिहरूबाट जनयुद्ध बारे आ-आफ्ना मत र विमतहरू प्रकट गरिए र अहिलेसम्म पनि यो क्रम जारी छ। ती मत र विमत बारे संक्षिप्त चर्चा गरौं।

राजनीतिक पार्टी र नेताहरु

नेपाल मजदूर किसान पार्टीका अध्यक्ष नारायणमान विजुक्छे (रोहित) ले ०५२ फागुन १० गतेको गोरखापत्रमा आफ्नो प्रतिक्रिया व्यक्त गर्दै "माओवादीहरूको क्रियाकलाप अराजक भएकोले, यसलाई समर्थन गर्न नसकिने र आफू असहमत भएको" बताउनु भयो।

नेपाली कांग्रेसका केन्द्रीय प्रवक्ता तारानाथ रानाभाटले ०५२ फागुन १२ गते प्रकाशित आजको समाचार पत्रलाई प्रतिक्रिया दिंदै "माओवादीहरूद्वारा विभिन्न जिल्लामा संचालित आतंकलाई छिटोभन्दा छिटो सरकारले नियन्त्रण गर्नु पर्छ" भन्नु भएको थियो। उहाँले "मुलुकलाई अस्थिर बनाई विकास निर्माणका काम कार्वाही ठप्प गराउन खोज्ने प्रतिक्रियावादीहरूप्रति श्री ५ को सरकार सजग मात्र नभई निर्ममतापूर्वक दबाउन पट्टि लाग्नु पर्छ" भन्ने कुरा बताउँदै "मुलुकमा यति ठूलो आतंक चलाइरहेको बेला कथित मानवअधिकारवादी संस्थाहरू खै" भनी प्रश्न गर्नु भएको थियो।

नेकपा (मसाल) का महामन्त्री मोहनविक्रम सिंहले ०५२ फागुन १२ गते बसेको केन्द्रीय बैठक पछि एक वक्तव्य प्रकाशित गर्दै भन्नुभयो- "हाम्रो पार्टीको यो दृढ विश्वास छ कि अन्त्यमा दीर्घकालीन सशस्त्र संघर्षद्वारा विद्यमान प्रतिक्रियावादी व्यवस्थामा आमूल परिवर्तन नगर्दासम्म जनताका आधारभूत आवश्यकताहरूको समाधान सम्भव छैन। तै पनि त्यस प्रकारको संघर्ष शुरू गर्नका लागि वस्तुगत, आत्मगत र ऐतिहासिक छानवीन र परिस्थितिको सही मूल्यांकन गर्नका लागि मार्क्सवाद-लेनिनवाद, माओत्सेतुङ विचारधाराले सधैं जोड दिंदै आएको छ।" वक्तव्यमा भनिएको छ- "त्यसरी विश्लेषण गर्दा सशस्त्र संघर्ष शुरू गर्नका लागि त्यससंग आवश्यक परिस्थिति परिपक्व नभई सकेको, तत्काल जन संघर्ष नै संघर्षको प्रधान पक्ष भएको हाम्रो पार्टीको निर्णय छ।" सिंहले वर्तमान अवस्थामा सशस्त्र संघर्षको दिशामा कुनै पनि पक्षद्वारा उठाइने कदम उग्रवामपन्थी गल्ती नै हुन् र त्यसले जनआन्दोलन र क्रान्तिलाई होइन प्रतिक्रान्तिलाई नै मद्दत दिने कुरामा जोड दिंदै भन्नुभयो- "विद्यमान प्रतिक्रियावादी सरकारले त्यसप्रकारको प्रचारलाई आधार बनाएर देशमा व्यापक दमन गर्ने, देशमा उठ्न थालिरहेको जनसंघर्षलाई दबाउने वा ०४६ सालको ऐतिहासिक जनआन्दोलनद्वारा प्राप्त सीमित प्रजातन्त्रलाई समाप्त पार्नका लागि उपयोग गर्ने सम्भावना पनि गम्भीर बन्दै गइरहेको छ।"

०५२ फागुन १८ गते प्रकाशित कान्तिपुर दैनिकका अनुसार नेकपा (एकता केन्द्र) को पोलिटव्यूरोले एक विज्ञप्ति जारी गर्दै "नेकपा (माओवादी) द्वारा जनयुद्धको नीति अन्तरगत चलाएको भनिएको सशस्त्र कारवाही वस्तुगत तथा आत्मगत परिस्थितिको समग्र र यथार्थवादी मूल्यांकन विना आवश्यक क्रान्तिकारी परिस्थिति तयार नहुँदा चालिएको उग्र वामपन्थी भड्काउ हुन पुगेको" जनाएको थियो। वक्तव्यमा "जनयुद्धले क्रान्तिकारीहरू अनावश्यक बलिदान हुने र समग्र कम्युनिष्ट तथा क्रान्तिकारी आन्दोलनलाई ठूलो क्षति पुऱ्याउने खतरा पनि उत्पन्न गरेको" जनाइएको छ।

भू.पू. प्रधानमन्त्री एवं नेपाली कांग्रेसका अध्यक्ष गिरिजाप्रसाद कोइरालाले विराटनगरमा पत्रकार भेटघाट कार्यक्रममा बोल्दै फागुन २८ गते "जनयुद्धका नाममा भैरहेको आतंक प्रजातन्त्रलाई कमजोर पार्न चालिएको कदम हो, र यस कार्यमा कुनै विदेशी समूहको संलग्नता रहेको छ" भनी बताउनु भएको थियो। उहाँले अगाडि भन्नुभयो- "माओवादीहरूले राज्यसत्ता पल्टाउने नाउँमा गरिरहेको आतंक उनीहरू आफैंका लागि घातक हुनेछ। यस कार्यमा उनीहरू असफल हुनेछन्।"

त्यसैगरी पूर्व प्रधानमन्त्री एवं राष्ट्रिय जनता परिषद्का नेता कीर्तिनिधि विष्टले "माओवादीको वर्तमान आन्दोलनबाट प्राप्त हुने उपलब्धी केही पनि नरहेको" बताउँदै "माओवादीको यस वर्तमान गतिविधि प्रजातन्त्रलाई कम्जोर पार्न चालिएको कदम हो" भन्नु भएको थियो।

पूर्व प्रधानमन्त्री मातृकाप्रसाद कोइरालाले "जनयुद्धको आन्दोलन गर्नेहरू कसैद्वारा संचालित भएको आशंका" व्यक्त गर्नु भएको थियो। उहाँले माओवादीहरू फष्टाउँदै गएको, प्रजातन्त्रलाई विनास गर्न लागी परेका छन्। प्रथमतः उनीहरू आफै सजग हुनु पऱ्यो भन्दै सरकारले पनि दमनकारी नीतिद्वारा समस्या समाधान हुँदैन भन्ने कुरालाई बिर्सन हुन्न भन्नु भएको थियो।

प्रधानमन्त्री शेरबहादुर देउवाले ०५२ फागुन २२ गते माओवादी जनयुद्ध सम्बन्धी छलफल गर्न सर्वदलीय बैठक बोलाउनु भएको थियो। बैठकमा प्रधानमन्त्री देउवाले- "माओवादी आन्दोलनको नाममा देशका विभिन्न भागमा भएका क्रियाकलापलाई रोक्न प्रतिपक्षले सघाउनु पर्ने" धारणा अघि सार्दै साझा विज्ञप्ति निकाल्न आग्रह गर्नु भएको थियो। तर जनयुद्ध

माओवादीहरूद्वारा प्रकाशित पत्रपत्रिका तथा पुस्तकहरू

सम्बन्धमा नेपाली कांग्रेसको आधिकारिक धारणा सार्वजनिक नभएको हुँदा वैठकमा सहभागी अरू राजनीतिक दलका प्रतिनिधिहरूले त्यस किसिमको धारणा सार्वजनिक भएपछि मात्र साझा विज्ञप्ति निकाल्न सकिने कुरा बताएका थिए।

नेकपा (एमाले) का महासचिव एवं भूतपूर्व उपप्रधानमन्त्री माधवकुमार नेपालले ०५२ फागुन १९ गते आफ्नै निवासमा पत्रकारहरूसंग कुरा गर्दै- "जनयुद्धका नाममा चलाइएको अभियानले नेकपा (एमाले) लाई मात्र होइन प्रजातान्त्रिक आन्दोलनलाई पनि असर पुऱ्याउने छ" भन्नु भएको थियो। उहाँले "यसले राष्ट्रियतालाई असर पार्ने, नेपालभित्र नै विभाजन हुने र यस्ता असंवैधानिक गतिविधि प्रोत्साहित भएमा प्रजातान्त्रिक आन्दोलन नै कम्जोर हुने" कुरा बताउनु भयो। महासचिव नेपालले "माओवादीहरूले घुमिफिरी एमालेले लिएको बाटोमा आउनै पर्ने दावी गर्नु हुँदै यस गतिविधिले वाम आन्दोलनलाई कमजोर पार्छ" भन्नुभयो। जनयुद्धलाई उहाँले "मार्क्सवादको सृजनात्मक प्रयोगभन्दा जडसूत्रवादी पुरानो तरिका, पेरूको नक्कल अनुसारको उत्ताउलोपना र क्रान्तिकारी रोमान्सवादमा रूमलिएको" टिप्पणी गर्नु भएको थियो।

संयुक्त जनमोर्चा (वैद्य समूह) का महासचिव लिलामणि पोखरेलले ०५२ फागुन १९ गते एक सार्वजनिक कार्यक्रममा बोल्दै- "जनयुद्धका नाममा हाल संचालन भइरहेका गतिविधिहरूको सम्बन्धित पक्षले जिम्मेवारी लिएपछि त्यसलाई राजनीतिक मान्यता दिनु पर्ने माग गर्नु भएको थियो।" उहाँले झापा विद्रोहका राजनीतिज्ञहरूलाई तत्कालीन पंचायती व्यवस्थाले समेत राजनीतिक मान्यता दिएको चर्चा गर्दै एउटा राजनीतिक पार्टीले चलाएको कार्यक्रमलाई आतंककारी गतिविधि भन्नु गलत कुरा हो भन्नु भएको थियो।

नेकपा (मालेमा) का अध्यक्ष कृष्णदास श्रेष्ठले ०५२ फागुन १३ गते एक वक्तव्य प्रकाशित गरी "रोल्पा, रूकुम लगायतका केही जिल्लाहरूमा हाल भइरहेका घटनाहरू श्री ५ को सरकारद्वारा चलाइएको श्वेत आतंक विरुद्धका जनआन्दोलनको परिणाम हो" भन्नु भएको थियो।

नेकपा (एमाले) को केन्द्रीय कार्यालयले ०५२ फागुन ९ गते प्रेस वक्तव्य मार्फत "हाम्रो पार्टी नेकपा (माओवादी) ले दीर्घकालीन जनयुद्धका नाममा आरम्भ गरेको रोल्पा लगायतका जिल्लाहरूका घटनाप्रति गम्भीर असहमति जाहेर गर्दछ।" तात्कालिन उपमहासिचव वामदेव गौतमद्वारा हस्ताक्षरित उक्त वक्तव्यमा- "क्रान्तिकारी आदर्शवादका नाममा आरम्भ गरिएका यस्ता घटनाहरूले अहिले मुलुकको कम्युनिष्ट आन्दोलनमाथि नै प्रमुख रूपले नकारात्मक असर छोड्ने छ। त्यसैले यस्ता घटनाहरू अन्तिम निष्कर्षमा आमूल परिवर्तनका पक्षधर हुन सक्दैनन्" भन्ने कुरा उल्लेख गरिएको छ।

नेकपा (एकता केन्द्र) का नेता निर्मल लामाले ०५२ फागुन २० गते- "जनयुद्धबाट जनवादी क्रान्ति हुँदैन। म उहाँहरूको प्रतिबद्धता, उहाँहरूको त्याग र उहाँहरूको बलिदानी भावनाको सहाना गर्दछु। तर साथीहरू, तपाईहरूले गलत बाटो लिनु भएको छ" भन्नु भयो। लामाले बताउनु भयो- "म अत्यन्त सहानुभूतिपूर्वक भन्छु- उहाँहरू सफल हुन सक्नु हुन्न। जनक्रान्ति नकाव लगाएर र २/४ जनालाई खुकुरीले काटेर हुन सक्दैन।"

नेकपा (एमाले) स्थायी समितिका सदस्य एवं प्रचार विभाग प्रमुख राधाकृष्ण मैनालीले "वर्तमान अवस्थामा हिंसाको माध्यमले जनताको समस्या समाधान गर्न नसकिने भएकाले शान्तिपूर्ण रूपमा संवैधानिक किसिमले जनतालाई समेट्न सक्नुपर्छ" भन्नुहुँदै नेपालको कम्युनिष्ट आन्दोलनले माओवादी गतिविधिलाई साथ दिन सक्दैन। मानिसहरू हिंसात्मक बाटोभन्दा जनताका समस्या समाधान गर्ने सजिलो बाटोको खोजिमा रहेको" बताउनु भयो।

नेपाल सद्भावना पार्टीका संयुक्त महामन्त्री रामचन्द्र शाहले ०५२ फागुन ९ गते श्री सगरमाथा दैनिकमा जनाउनु भए अनुसार "रोल्पा लगायत पश्चिमी पहाडी जिल्लाहरूमा जनयुद्धका

माओवादी जनयुद्धका क्रममा मारिएका रोल्पाका विष्णुप्रसाद पौडेल, रूकुमका कृष्णबहादुर बुढा, धनसिंह खड्का र देउचन वस्नेत

नाममा भएका घटनाहरूले प्रजातान्त्रिक पद्धति प्रक्रियामा ठूलो आघात पुग्ने छ।" "सकेसम्म यस्ता गतिविधिहरूलाई वार्ताबाटै रोक्नु पर्ने" बताउनु भएको थियो।

नेकपा (एमाले) का स्थायी कमिटी सदस्य तथा पूर्व गृहमन्त्री के.पी. शर्मा ओलीले पनि "जनयुद्ध सबै बाटाहरू बन्द भएपछि गरिने अन्तिम आन्दोलन हो। अहिले अन्य बाटाहरू बन्द भएका छैनन्। यसले कम्युनिष्ट आन्दोलनलाई वदनाम मात्र गरेको छ।" भन्नु भएको थियो।

राप्रपाका केन्द्रीय सदस्य खेमराज पण्डितले जनयुद्धका सन्दर्भमा अलि भिन्दै मत राख्नु हुन्छ। उहाँ भन्नुहुन्छ- "अहिलेको माओवादी जनयुद्ध प्रशासनको अदूरदर्शी दृष्टिकोणको परिणाम हो। किनभने रोल्पाको विषयमा अहिलेसम्म कुनै प्रशासनिक दृष्टिकोण नै बनेको मैले पाएको छैन। जो घटनाहरू घट्दै गएका छन्, तिनलाई राजनीतिक रूपले र प्रशासनिक रूपले वास्तविक पहिचान गर्न प्रशासन पूर्ण रूपले असमर्थ रहेको छ। माओवादीका नाममा भएका घटनाक्रमलाई राजनीतिक ढंगले, राजनीतिक नजरले हेर्ने र मूल्यांकन गर्नेतर्फ कतैबाट पनि सरकारले विचार गरेन।" उहाँ अगाडि भन्नुहुन्छ- "यदि राजनीतिक ढंगले हेरेर मूल्यांकन गरेको भए, त्यहाँको वस्तुगत विश्लेषण गरेर नीति नियम तर्जुमा गरेको भए, यी घटनाले यो विकराल रूप लिन सक्थ्यो जस्तो मलाई लाग्दैन। म माओवादी होइन र जनयुद्धसंग आवद्ध पनि हैन, खालि जनमोर्चाबाट चुनाव लडेर जितेको हुँभन्दा पनि उनीहरूलाई फुर्सद नदिने जुन वातावरण प्रशासनले गर्‍यो त्यो नै सबभन्दा ठूलो राजनीतिक भूल थियो।"

राप्रपाका नेता लोकेन्द्रबहादुर चन्दले प्रतिपक्ष साप्ताहिकसंगको कुराकानीका क्रममा ०५२ फागुन २४ गते जनयुद्ध सम्बन्धी आफ्नो प्रतिक्रिया यसरी व्यक्त गर्नु भयो- "जनयुद्धको नाममा देखिएको अहिलेको गतिविधिबाट निरपराध मान्छेको ज्यान समेत खतरामा परेको र शान्ति सुरक्षा समेत कायम हुन नसकेको हुनाले जनताको जीउ ज्यानको सुरक्षाप्रति सरकारले ध्यान दिंदै अहिलेको समस्याको राजनीतिक र सामाजिक रूपमा समाधान गरिनु पर्छ, किन कि यो सामाजिक समस्या हो।"

जनता दल स.प्र. का अध्यक्ष केशरजंग रायमाझीले गोरखापत्रसंगको कुराकानीका क्रममा भन्नुभएको छ- "अहिले माओवादीले आन्दोलनको नाममा होस् या क्रान्तिको नाममा जनतालाई आतंकित गर्ने, मार्ने, धन सम्पत्ति विनास गर्ने काम गरेका छन्। त्यो निन्दनीय छ। आजको युगमा बन्दुकबाट होइन जनमतबाट अघि आउनु पर्छ, बिगत दुई वर्षदेखि माओवादीको नाममा मुलुकमा जुन किसिमको हिंसात्मक गतिविधि हुँदै आएका छन् त्यसका लागि म सरकारलाई पनि दोषी मान्छु। सरकारले यस्ता गतिविधिलाई अन्त्य गरी जनताको ज्युधनको सुरक्षा गर्नु पर्छ जो जनताको पहिलो आवश्यकता हो। तर यसो गर्न सरकार सकिरहेको छैन। यो सरकारको असक्षमता हो। माओवादीले जुन किसिमले आफ्नो आन्दोलन चलाएका छन् त्यो कहिल्यै सफल हुन सक्दैन। यो विश्व इतिहासले पुष्टि गरिसकेको छ र माओवादीको आन्दोलन माओत्सेतुङ्गको सिद्धान्त अनुरूप पनि चलिरहेको छैन। यस अनुरूपको क्रियाकलापले कसैको हित नगर्ने भएकोले यस्ता कार्यलाई उत्साहित हैन निरूत्साहित गरिनु पर्छ।"

संसदीय समिति एवं सांसदहरु

प्रतिनिधि सभा परराष्ट्र तथा मानवअधिकार समितिले ०५३ साउन २ गते एक प्रेस वक्तव्य प्रकाशित गरी जनयुद्धका नाममा बिगत केही महिनादेखि रूकुम, रोल्पा लगायत केही जिल्लाहरूमा भैरहेको श्रृङ्खलावद्ध हिंसात्मक वारदातका घटनाहरूलाई गम्भीरता पूर्वक लिएको बतायो। प्रेस वक्तव्यमा भनिएको छ- "हाल हाम्रो मुलुकका केही जिल्लाहरूमा नेकपा (माओवादी) को जनयुद्ध कार्यक्रम अन्तर्गत नृशंसतापूर्वक गरिएका हत्याकाण्डहरू तथा शान्ति सुरक्षा र प्रतिरक्षाका नाममा प्रहरी कारवाहीद्वारा भएका हत्याहरूको चरित्र तथा प्रवृत्ति हेर्दा त्यस क्षेत्रमा भयानक त्रासको वातावरणमा मानवअधिकारको गम्भीर रूपमा उल्लंघन भएको देखिन्छ। जनताको नाममा गरिने जुनसुकै राजनीतिक चिन्तन र कार्य प्रणालीले आफ्नो लक्ष्य प्राप्तिका जनअनुमोदित बाटो नै अख्तियार गर्नु पर्दछ र स्वयं सरकारले पनि जनअनुमोदित ऐन कानूनबाट प्राप्त अधिकारलाई सम्हाल्नै नसकिने नाममा स्थितिलाई बन्दुकको जिम्मा लगाउनाले कुनै पनि अर्थमा समस्याको समाधान हुन सक्दैन।" यसको राजनैतिक समाधानका लागि श्री ५ को सरकारले समेत प्रतिबद्धता जाहेर गरिसकेको सन्दर्भमा सर्वप्रथम सबै सम्वद्ध पक्षबाट हिंसा र आतंकको श्रृङ्खलाबद्ध कारवाहीहरूलाई अबिलम्ब रोकी वार्ताको लागि उपयुक्त वातावरण निर्माण गर्नुका साथै वार्ताका लागि तत्काल गम्भीर पहल गर्न श्री ५ को सरकारसंग वक्तव्य मार्फत समितिले आह्वान पनि गरेको थियो।

०५३ साउन ३२ गतेको राष्ट्रिय सभाको विशेष समयमा बोल्दै नेकपा (एमाले) का सांसद प्रेमबहादुर सिंहले भन्नु भएको थियो- "प्रहरीले सत्ताको आडमा रहेर संविधानले दिएको मानवअधिकारलाई समेत वेवास्ता गरेको छ। माओवादी भएको आशंकामा प्रहरीले दुःख दिने काम गरेको छ, यस्तो ज्यादती रोक्नु पर्छ।"

वामपन्थी बुद्धिजीवी तथा सांसद पद्मरत्न तुलाधर "सीमित तथा घरेलु किसिमको हातहतियारको भरमा शुरू गरिएको जनयुद्धले पनि प्रभाव पार्नु भनेको जनमुक्तिको लागि थालिएको

सशस्त्र जनयुद्धका उद्देश्य कमसेकम पूरा भएको" बताउँदै भन्नुहुन्छ- "नेकपा (माओवादी) ले जनताको मुक्तिको एउटा सिद्धान्त र रणनीति तय गऱ्यो र त्यस अनुसार काम गर्न थाल्यो। अब यो नीति देशको परिस्थितिमा र अन्तर्राष्ट्रिय परिस्थितिमा ठिक छैन वा समय सापेक्ष भएन भन्ने कुरामा विवाद उठिरहेको छ। यदि जनताको मुक्ति नै लक्ष्य हो र सर्वोपरी कुरा के हो भने यसको विकल्पमा अर्को बाटो के हो त? यस बारेमा कम्युनिष्ट आन्दोलन भित्र गम्भीर रूपमा छलफल हुनु पर्छ।"

सरकारी निकायका पदीय व्यक्तिहरु

जनयुद्धलाई सरकारी पक्षले शुरूदेखि नै आतंकवादी गतिविधिको रूपमा लिएको थियो। तत्कालीन गृह सहायक मन्त्री दिपकप्रकाश बास्कोटाले गोरखापत्रमा जनयुद्ध बारे आफ्नो प्रतिक्रिया बताउँदै "संविधानको रक्षा गर्ने पहिलो दायित्व सरकारको हो। हाम्रो यो काममा अरूको सहयोग उत्तिकै अपेक्षित छ। आतंकपूर्ण र अपराधिक गतिविधिलाई पूर्ण रूपमा नियन्त्रण गर्न सरकारले आवश्यक कदम चालिसकेको छ।"

गृहमन्त्री खुमबहादुर खड्काले ०५३ असोज २३ गते दाङको महेन्द्र बहुमुखी क्याम्पस स्ववियू भवनको उद्घाटन गर्दै - "देशमा प्रजातन्त्र विरोधी तत्व देखा परेको" बताउनु भयो। उहाँले "माओवादीहरूले सर्वसाधारण जनताको ज्युधनको नोक्सान गरेकोले सरकारले पनि कडा कारवाही अपनाएको" कुरा बताउनु भएको थियो। "त्यहाँ कुनै राजनीतिक कार्यकर्तालाई थुनिएको छैन। यदि थुन्ने भए त फक्कु सुवेदी, कृष्णबहादुर महराहरूलाई थुनिहालिन्थ्यो नि।" गृहमन्त्री खुमबहादुर खड्काले ०५२ पुसमा प्रकाशित "प्रष्फुटन" मासिकको वर्ष -२ अंक १ मा सो कुरा व्यक्त गर्नु भएको थियो। त्यस्तै उहाँले ०५२ फागुन १३ गते देशान्तर साप्ताहिकमा प्रकाशित अर्को एक अन्तर्वार्तामा भन्नु भएको छ- "म पनि पंचायत फाल्ने आतंकवादी आन्दोलनको लडाकु हुँ। हामीसित अत्याधुनिक हातहतियार हुँदा त लड्न सकेनौं भने घरायसी हातहतियारले सरकारसंग भिड्ने कुरा चैं दुस्साहस मात्र हुनेछ।" उहाँले जनयुद्धको स्वरूप बढ्दै जानुलाई सरकारको नरम नीति भएको बताउँदै भन्नु भएको थियो- "यसपाली हामी आक्रमणकारीहरूलाई कडाइका साथ कारवाही गर्ने छौं, जसले गर्दा भविष्यमा उनीहरूमा आत्मबल नबढोस्।"

तत्कालीन आवास तथा भौतिक योजना मन्त्री बालाराम घर्ती मगर रोल्पा जिल्लाबाटै निर्वाचित सांसद हुनुहुन्छ। माओवादी जनयुद्धका सम्बन्धमा उहाँको प्रतिक्रिया यस्तो रहेको छ- "पक्ष विपक्ष दुवै तर्फबाट कारवाही भइरहेको छ, प्रहरीले आफू लगायत जनताको पनि सुरक्षा गर्न खोज्दा मुठभेड भएर केही मान्छेहरू हताहत भएका हुन्। तर हताहत हुने क्रम पनि दुई पक्षमै भएको छ। जनयुद्ध गर्नेहरूले अहिलेसम्म धेरै हताहत पारेका छन्।"

सिन्धुली जिल्लाका तत्कालीन प्रमुख जिल्ला अधिकारी नेत्रबहादुर कार्कीले मानवअधिकार टोलीसंगको एक भेटमा भन्नु भयो- "माओवादीहरूले आतंककारी गतिविधि चलाएका छन्। यो नियन्त्रण गर्न कानून बमोजिम गरेर हुँदैन। .... म कानून र संविधान बमोजिम नै गरेको हुँ भन्दिन, कानून र संविधान उल्लंघन भएको छ, जाँच आयोग आए पनि म यही भन्छु, मन्त्रालयबाट आए पनि यही भन्छु। कानून र मानवअधिकारको दुहाइ दिएर यो गतिविधि नियन्त्रण हुँदैन। मैले संविधान र कानून संशोधन गर्न मन्त्रालय पठाइ सकेको छु। कानून र संविधान हेरेर पीडितको उद्दार हुँदैन।" उहाँले अगाडि भन्नुभयो- "तपाईहरूले कानूनको उल्लंघन गरिस् भनेर गाली गरे पनि, लेखे पनि ती पीडितले मलाई राम्रै भन्छन्। त्यसैले यो मेरो स्वेच्छा हो। नियन्त्रणका क्रममा मलाई संविधान, कानून र मानवअधिकारले छेक्दैन। .... यो बापत जहाँ उभिन परे पनि उभिन्छु, कानून र संविधान नमान्नेलाई हामीले पनि मान्न जरूरी छैन। हामी पनि उल्लंघन गरेर नियन्त्रण गर्छौं।"

मुद्दा खेप्नु परेका ९ वर्षीय गोपाल सुनार

रोल्पा जिल्लाका तत्कालीन प्रहरी उपरीक्षक चुडाबहादुर श्रेष्ठले रोल्पा पुगेको मानवअधिकार टोलीलाई बताउनु भएको थियो- "गाउँमा सर्वदलीय समिति जाँदा समेत ढुंगा मुडा लडाइ दिने, प्रहरीलाई खाना किन्न र पानी समेत नदिने अपराधीहरूले पहिले भरूवा बन्दुक पड्काउने र कुकुर छोडिदिने, अपराधी समात्यो भने हातमा टोकी दिने, लुगा खोलेर भाग्ने गर्दछन्। यस क्रममा एक जनाले पनि ज्यान गुमाउनु परेको छैन। फरार अपराधीहरू गोठमा लुकेर बस्ने, जंगलमा सुत्ने गर्दछन्, अनि यस्तो अवस्थामा सम्बन्धित व्यक्तिलाई सूचना कहाँ दिने? अपराधमाथि अपराध बढ्दै गइरहेको छ। अपराधीहरूले जरीवाना गर्ने, हातखुट्टा भाँचिदिने नयाँ नीति अपनाएका छन्। समूहगत रूपले टर्च लाइट, दमाहा र सिटीको इसारा गर्ने, सरकारी नीति र "सोर्स" हरूलाई "ब्लक" गर्ने नीति अपनाएकोले गुरिल्ला प्रवृत्तिले काम गरेको देखिन्छ। यस्तो प्रशिक्षण भूतपूर्व भारतीय सैनिकहरूले दिने गरेको आशंका गरिएको छ।"

पत्रिका, पत्रकार एवं स्वतन्त्र व्यक्तिहरु

हरि अधिकारीको ०५२ फागुन १८ गते कान्तिपुर दैनिकमा "यो निरर्थक हिंसाको दुःखद कथा हो" शीर्षकको लेख प्रकाशित भएको छ। उहाँले जनयुद्ध बारे लेख्नु भएको छ- "देशको मध्य पश्चिमाञ्चल क्षेत्रका पहाडी जिल्लाहरूलाई केन्द्र बनाएर चलाइएको जनतालाई आतंकित पार्ने हिंसक घटनाहरूमा संलग्न सबै जनालाई भाडाका टट्टु नै हुन् भन्न मने सकिदैन। ती मध्ये बहु संख्यक त त्यस्ता निरक्षर मानिसहरू छन्, जो शताब्दिऔं देखिको गरीबी, असमान व्यवहार, शोषण र दमनका कारण विद्रोही बनेका छन् तर जसलाई सामाजिक न्यायका निम्ति लडिने कानून सम्मत सामाजिक न्यायले अनुमति दिने खालको लडाईं कसरी लड्नु पर्छ

प्रतिक्रियावादी राज्यसत्तालाई ध्वंस गर्दै नयाँ जनवादी राज्यसत्ताको स्थापना गर्न जनयुद्धको बाटोमा अघि बढौ !

आदरणीय जनसमुदाय !

आम जनसमुदायमा नेपाल कम्युनिष्ट पार्टी (माओवादी) को अपील

माओवादी जनयुद्धका क्रममा प्रकाशित पहिलो पर्चा

भन्ने बारेमा केही पनि थाहा छैन र जसलाई निहित स्वार्थ भएका अराजकताका गुमस्ताहरूले सहजै पथभ्रमित बनाउन सक्छन्। रोल्पा, रूकुम, दैलेख, जाजरकोट, सिन्धुली, सिन्धुपाल्चोक, गोरखा र कैलाली जस्ता राजनीतिक चेतना, आर्थिक अवस्था र साक्षरताका दृष्टिले निकै पछाडि परेका जिल्लाहरूमा माओवादी शैतानले आफ्नो पखेटा त्यसरी फैलाउन सक्नुका पछाडि यही वस्तुतथ्य छ भन्न सकिन्छ।"

देशान्तर साप्ताहिकमा ०५२ फागुन १३ गतेको अंकमा "माओवाद हैन निराशावाद" शीर्षकको सम्पादकीय टिप्पणी प्रकाशित भएको छ। टिप्पणीको एक अंश यस्तो छ- "कति माओवादीहरूले सीमित साधन र प्रयासको भरमा समाजमा फिजाउन सकेको आतंकको सन्देशप्रति भने कसैले पनि आँखा चिम्लिन मिल्दैन। रोल्पा लगायतका केही दुर्गम ठाउँहरूमा भएका अपेक्षाकृत सामान्य कुटपिट र लुटपाटका घटनाले यति ठूलो मात्रामा प्रचार पाउनु र जनचासो बढ्नु बढी महत्वपूर्ण र विचारणीय पक्ष हो।"

प्रतिपक्ष साप्ताहिकमा ०५२ फागुन ११ गतेको अंकमा कम्युनिष्ट आन्दोलनको जगेर्ना गरौं शीर्षकको सम्पादकीय टिप्पणीको एक अनुच्छेद यस्तो छ- "शान्तिपूर्ण आन्दोलन वा सशस्त्र क्रान्ति त्यस देशको वस्तुगत स्थिति, वर्गीय अन्तरविरोधको रूप र जनचेतना तथा जनआधारले तय गर्ने कुरा हो। शान्तिपूर्ण आन्दोलनका पक्षपातीहरूले शान्तिपूर्ण आन्दोलनकै औचित्यलाई नकार्ने प्रवृत्ति गलत हुन्। तर औचित्य आफ्नो राष्ट्रिय स्थितिमै खोतल्नु पर्दछ।"

बुधवार साप्ताहिकको ०५३ भदौ १२ गतेको अंकमा प्रकाशित सम्पादकीय टिप्पणी क्रममा उल्लेख छ- "नेकपा (माओवादी) द्वारा संचालन भइरहेको तथाकथित जनयुद्धलाई ठीक हो भन्न सकिने ठाउँ पटक्कै छैन। तर त्यो कारवाही आतंककारी गतिविधि भने होइन। निश्चित राजनीतिक उद्देश्यलाई अघि सारेर उनीहरू हिंसामा उत्रिएका हुन्। राजनीतिक समस्याको समाधान गर्न राजनीतिक पहल नै नगरि सरकारले प्रतिहिंसाको बाटो अख्तियार गरेको छ।

नयाँ परिवेश अंक २ असोजको अंकमा प्रकाशित सम्पादकीय टिप्पणीको एक अंश यस्तो छ- "जनयुद्धले राष्ट्रिय राजनीति तथा सामान्य जनजीवनमा भने असर पुर्‍याएको छ। जनयुद्धलाई आतंककारी गतिविधिको नाममा सरकार निर्दोष जनताहरूलाई हत्या गर्ने धन्धामा लागेको छ। यो ६ महिनाको अवधिमा सरकारले ५ दर्जन जति निर्दोष व्यक्तिहरूको ज्यान लिइसकेको छ। सरकारी संचार माध्यमहरूले माओवादीसंग मुठभेड भएको र प्रहरीले आत्मरक्षाको लागि गोली चलाउँदा यति मरेको भन्ने भुठा समाचार प्रसारण गरी जनमानसमा भ्रम हुने दुस्प्रयास गरेको छ। तर घटनाको अध्ययन गर्दा भने सरकारले घरमा सुतिरहेका, बसिरहेका व्यक्तिहरूलाई गिरफ्तार गरी गोली हान्ने र मार्ने गरेको छ।"

हिमालय टाइम्स दैनिकको ०५३ माघ २२ गतेको अंकमा डा. सुरेन्द्र के.सी.को एक लेख प्रकाशित भएको छ। उक्त लेखमा के.सी. लेख्नु हुन्छ- ती माओवादीहरू एकपछि अर्को आक्रमणहरू गर्दै अघि बढिरहेका छन् र अब त्यो शक्ति एउटा यथार्थ पनि बन्न गएको छ। पंक्तिकारलाई कस्तो लाग्दछ भने भविष्यमा माओवादीको आक्रमणको केन्द्र बिन्दु भ्रष्ट राजनीतिज्ञ र मन्त्री, सांसदहरू हुन सक्ने छन् किनभने समाजमा तिनको छवि यति बिग्रदो छ, कदाचित माओवादीहरूद्वारा ती माथि प्रहार भएको अवस्थामा जनसहानुभूति आन्दोलनकारीहरूकै पक्षमा रहने छ।"

आजको समाचार पत्र दैनिक ०५३ पुस २२ गतेको अंकमा प्रकाशित "जनयुद्ध र विभत्स भिडन्त" शीर्षकको सम्पादकीय टिप्पणीका निम्न पंक्तिहरू पनि सान्दर्भिक छन्- "कुनै बेला विश्वकै शान्ति क्षेत्र बनाउने तयारी भएको नेपाल अहिले आएर जनयुद्धमा होमिएको छ। जनयुद्ध भनेकै गृहयुद्ध हो भन्ने कुरालाई घटित घटनाहरूले पनि पुष्टि गर्दछन्। यस्तो गृहयुद्धबाट मुलुकलाई जोगाउनु आन्दोलनकारीको पनि दायित्व हो र सरकारको पनि । यसलाई दुवै पक्षले राजनीतिक तवरबाटै सुल्भाउने प्रयास गर्नु पर्छ। आतंकवाद निर्मूल गर्छौं भन्दै जथाभावी प्रहरी बलको प्रयोग गर्ने प्रवृत्तिबाट वर्तमान सरकार सचेत हुन जरूरी छ। मुठभेडबाट समस्या सुल्भिन्न, बरू उल्टै भन् बल्भिन्छ। तसर्थ शान्ति कायम गर्नेतर्फ सरकारले नयाँ सोचको खोज गर्नु जरूरी छ। सन्निकट गृहयुद्धको खतराबाट होशियार हुनुपर्छ।"

पत्रकार चन्द्रलाल भाले गोरखापत्रसंगको कुराकानीका क्रममा भन्नुभएको छ- "आतंकवादी माओवादीहरूले जनतामा रहेको व्यापक गरीबी पछौटेपन र असन्तोषको फाइदा उठाउन खोजेका छन्, आतंक सिर्जना गरेर मुलुकमा अशान्ति मच्चाउन खोजेका छन्।

यस किसिमको समस्यालाई आर्थिक, राजनैतिक र संवैधानिक तरिकाबाट अन्त्य गर्ने पहल गर्नुपर्छ। .... हाम्रो संविधानले खुल्ला रूपमा राजनीति गर्ने, आफ्नो जनमत तयार गर्ने, जुलुस निकाल्ने, समस्याको निदान खोज्ने छुट दिंदादिदै पनि राजनीतिको नाममा जनता मार्न कस्सिनु निन्दनीय कार्य हो।"

पत्रकार एवं नवनिर्वाचित सांसद नारायण ढकालले जनयुद्ध सम्बन्धी लेख्नु भएको लेख ०५३ फागुन २५ गतेको प्रतिपक्षमा प्रकाशित भएको छ। उहाँले कम्युनिष्ट आन्दोलनको ऐतिहासिक सन्दर्भ उल्लेख गर्दै लेख्नु भएको छ- "आफ्नो समयको प्रतिभाशाली विद्यार्थी डा. बाबुराम भट्टराईलाई इतिहासका कटु सन्दर्भहरू सम्झाउन जरूरी छैन। तर उनले अहिले आरम्भ गरेको जनयुद्धको प्रसंगभित्र घोत्लिदा उनी इतिहास विषयका रचनात्मक विद्यार्थी नभएर मात्र घोकन्ते, कितावको किरो र अब्बल दर्जाका नकल्ची हुन्, यदी यस्तो नहुँदो हो त देश, काल, परिस्थिति, विद्यमान वर्गीय एवं राजनैतिक समीकरण, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिलाई ख्याले नगरी सर्वान्तेसको डन्कुइजोटले झैं अन्धाधुन्दा युद्धमा कसरी सिधासादा जनतालाई होम्न पुग्थे?"

माओवादी आन्दोलनको नामबाट भएका गतिविधि स्वतःस्फूर्त गतिविधि हुन् कि हैनन् भन्ने प्रश्न गर्दै पत्रकार ध्रुवहरि अधिकारीले विमर्श साप्ताहिकमा माओवादी आन्दोलन र भूमिगत नेताहरू शीर्षकको एक लेखमा लेख्नु भएको छ- "कतै डा. भट्टराईको समूहलाई देशभित्र र देश बाहिरका पनि अति दक्षिणपन्थीहरूको समूहले प्रयोग गरेको पो हो कि? एउटा शंका हो यो। देशमा माओवादी हिंसात्मक गतिविधि बढेको र त्यसको नियन्त्रण, निगरानी अहिलेका सरकार तथा बहुदलीय शासन व्यवस्थाले गर्न नसकेको भन्ने निहुँ गरेर अति दक्षिणपन्थीहरूले राज्यमा पुनः कब्जा जमाउन खोजेका त हैनन्? सन्देह यतातिर लक्षित छ। सेनाको तर्फबाट आतंकवाद सम्बन्धी गोष्ठी गराएर यसको माध्यमबाट कडा कानून चाहियो भन्ने माग राख्न लगाइएको छ। यस्तो माग पुरा गराउने कामका लागि वातावरण बनाइ दिन त डा. भट्टराईको समूह क्रियाशील भएको होइन? यस्तो खालको शंकाको निराकरण गराउन के जवाफ छ "कमरेड" भट्टराईसंग?

जनयुद्धप्रति अन्तर्राष्ट्रिय प्रतिक्रिया

नेपालमा साहसी गरीब किसान क्रान्तिकारीहरूले नेपाल कम्युनिष्ट पार्टी (माओवादी) को नेतृत्वमा जनयुद्ध अगाडि बढाइरहेका छन्। सदियौं देखिको शोषण र उत्पीडनबाट स्वतन्त्रता र मुक्तिको लागि उनीहरू क्रान्ति गरी रहेका छन्। सबै तह र तप्काका जनताले समानता र उत्साहपूर्वक भाग लिन पाउने नयाँ संसार नयाँ जनवादी नेपालको निर्माण गर्नु उनीहरूको लडाईको उद्देश्य हो। साम्राज्यवाद र भारतीय विस्तारवादद्वारा संरक्षित एउटा भाषा (नेपाली), एउटा जात (खस) र एउटै धर्म (हिन्दू) को आडमा रहेको संवैधानिक राजतन्त्रात्मक शक्तिलाई नष्ट गर्न उनीहरू लडिरहेका छन्।

– केन्द्रीय प्रचार प्रसार समिति
केरला कम्युनिष्ट पार्टी

हाम्रो पार्टी पूर्व बंगाल सर्वहारा पार्टीको केन्द्रीय समितिको भरखरै बसेको प्लेनमले हालै नेपालमा नेकपा (माओवादी) जो "रिम" संग संलग्न हाम्रो भाइचारा पार्टी हो, ले शुरू गरेको जनयुद्धलाई न्यानो अभिवादन गर्दछ। हाम्रो पार्टीले यो ठान्दछ कि नेपालमा शुरू भएको यो जनयुद्धले कम्युनिष्ट आन्दोलनको इतिहासमा नयाँ अध्यायको शुरूवात गरेको छ र आज दक्षिण एशियाका साथै विश्वमा नै यसले महत्वपूर्ण भूमिका खेल्ने छ।

– केन्द्रीय समिति
पूर्व बंगाल सर्वहारा पार्टी, बंगलादेश

धेरै लामो समयदेखि शोषण र उत्पीडनबाट गुज्रिरहेका नेपाली जनताहरू हाल संगठित भएर वर्तमान शासन प्रणालीका विरूद्ध वीरतापूर्ण विद्रोह गरिरहेका छन्। हिमालयको काखमा अवस्थित नेपाल जस्तो सानो मुलुकका जनताहरू वास्तवमा हिमालयकै क्रान्तिकारी गर्जनका साथ ब्यूँझिरहेका छन्, जुन दक्षिण पूर्वी एशियाको विशाल क्रान्तिकारी आन्दोलनको स्वागतयोग्य कदम हो। निःसन्देहः यो अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनको महान संघर्ष पनि हो।

– सचिव, केन्द्रीय समिति
माओवादी कम्युनिष्ट केन्द्र, भारत

नेपाली क्रान्तिकारी आन्दोलनको इतिहासमा एउटा गौरवपूर्ण अध्यायको थालनी गर्नु भएको अवसरमा रिमका पार्टी र संगठनका तर्फबाट कृपया हाम्रो गहिरो हार्दिक लाल अभिवादन स्वीकार्नुहोस्। हामी क्रान्तिको यस नव-शुरूवातप्रति उच्च सम्मान व्यक्त गर्दछौं र त्यसमाथि महान गर्व गर्छौं। हामी यसलाई जीवित राख्न हुर्काउन जस्तोसुकै सहयोग गर्न पनि तत्पर रहनेछौं। यो संसारभरकै सर्वहारा वर्ग र आम जनताहरूको चाहना र आवश्यकता हो।

–क्रान्तिकारी अन्तर्राष्ट्रियवादी आन्दोलन (रिम)

नेपालको क्रान्तिकारी आन्दोलनको इतिहासमा एउटा गौरवपूर्ण अध्यायको रूपमा नेकपा (माओवादी) द्वारा आरम्भ गरिएको सशस्त्र संघर्षलाई भाकपा (माले) पिपुल्सवारको केन्द्रीय समिति अभिनन्दन गर्दछ। शस्त्र बलद्वारा सत्ता कब्जा गर्ने राजनीतिको स्थापना गरेर दीर्घकालीन जनयुद्धका माध्यमबाट नेपालको मुक्ति पथको निर्माण गर्दै आरम्भ भएको संघर्षले विभिन्न रंगका संशोधनवादी पार्टीद्वारा अभ्यास गरिएको बुर्जुवा सुधारवादको लाइनलाई एकल्याउने र परास्त गर्ने प्रक्रियालाई तीव्र पारेको छ। सिंगो पार्टी र भारतका सम्पूर्ण संघर्षशील जनताका तर्फबाट नेपालमा जारी रहेको सशस्त्र संघर्षलाई भाकपा (माले) पिपुल्स वारको केन्द्रीय समितिले निसन्देह दृढ समर्थन दिने प्रण गर्दछ।

– गणपति, सेक्रेटरी, केन्द्रीय समिति
भाकपा (माले) पिपुल्सवार

बुद्धिजीवी, कानून व्यवसायी र विविध क्षेत्रका व्यक्तिहरु

विभिन्न क्षेत्रका बुद्धिजीवी, कानून व्यवसायी व्यक्तिहरूले माओवादी जनयुद्ध सम्बन्धी आफ्ना विचारहरू व्यक्त गर्नु भएको छ।

त्यसै क्रममा डा. सुन्दरमणि दिक्षितले भन्नुभएको छ- "अहिले मुलुकमा माओवादीको जुन गतिविधि बढिरहेको छ, त्यो जनतामा पलाएको वितृष्णाको उपज हो। सत्तामा रहेकाहरूले प्रजातन्त्र र जनताको चाहना अनुरूप काम गर्न नसक्नु, कतिपय गरेका राम्रा कार्यहरू जनसमक्ष पुऱ्याउन नसक्नु, प्रशासकीय दबाब बढ्दै जानु, गरीवी झन्-झन् बढदै जानु, महंगी नियन्त्रण हुन नसकी दिनानुदिन बढ्नु, सरकारमा रहेकाले पदलोलुपता देखाउनु, हरेक क्षेत्रमा अनुशासनहीन क्रियाकलापले प्रश्रय पाउनु जस्ता कार्यले सरकारप्रति जनतामा वितृष्णा उत्पन्न भएको हो। यसले माओवादीको आन्दोलनलाई अघि बढ्न सहयोग पुऱ्याएको छ तर माओवादीले क्रान्तिको नाममा गरेका हिंसात्मक कार्यहरूलाई ठीक भन्न सकिदैन र यसले मानवअधिकारको उल्लंघन गरेको छ।"

सहप्राध्यापक डिल्लीराम दाहालले भन्नुभएको छ- "नेपालमा परिवर्तन पछि स्थापित प्रजातान्त्रिक सरकारहरूले जनचाहना अनुरूप काम गर्न नसकेको कारण सरकारप्रति जनताको निरासा बढेकोले माओवादीको नाममा यस किसिमका हिंसात्मक क्रियाकलाप बढेको हुनुपर्छ। होइन यदि साँच्चै माओवादीले यस किसिमको आन्दोलन चलाएका हुन् भने उनीहरूले गाउँ घरका सीधा सोझा जनतालाई किन मार्ने, किन आतंकित गर्ने? समाजमा रहेका विसंगति, भ्रष्टाचार हटाउने हो भने काठमाडौंमा यस किसिमको आन्दोलन गरे हुन्छ।"

यसैगरी पूर्व परराष्ट्रमन्त्री शैलेन्द्रकुमार उपाध्यायले भन्नुभएको छ- "सरकारमा बसेकाहरूले नराम्रा काम गर्ने, विना कारण विदेश भ्रमण गर्ने, सत्ताका लागि आपसमै लडी जनताको हितलाई वेवास्ता गर्ने, मुलुकमा अनुशासनहिन क्रियाकलाप र महंगी बढ्दै गएको, नचाहिदो प्रशासनिक दवाब बढ्दै गएकोले जनतामा जति जोगी आए कानै चिरेको भन्ने भान परिरहेको छ। जनताले प्रजातान्त्रिक सरकारबाट जुन कुराको अपेक्षा राखेका थिए सो हुन नसक्दा उनीहरूमा सरकारप्रति निराशाको भावना पलाउन थालेको छ, जो स्वाभाविक पनि हो। त्यसैले सरकारप्रतिको जनवितृष्णा र आवेगको प्रतिफल माओवादी आन्दोलन हो कि भन्ने लाग्छ। सरकारमा रहेकाहरूको नैतिक पतन र अवसरवादीताले माओवादीहरूद्वारा गरिएका हिंसात्मक गतिविधिलाई प्रेरणा मिलेको छ।"

जनयुद्धका सम्बन्धमा इन्जीनियर तथा अर्थशास्त्री दिपक ज्ञवालीले ०५३ फागुनको मूल्यांकन, पूर्णाङ्क ४५ मा आफ्नो प्रतिक्रिया व्यक्त गर्दै भन्नु भएको छ- "नेकपा (माओवादी) को जनयुद्ध ०४६ सालको ऐतिहासिक जनआन्दोलनका नेतृत्वदायी हस्तीहरूको विफलताको प्रतिक्रिया स्वरूप जन्मेको हो। यी हस्तीहरू आर्थिक र राजनीतिक रूपमा मात्र विफल भएनन्, नैतिक र सांस्कृतिक रूपमा पनि यी विफल भएका छन्। नेपालमा अहिले गम्भीर नेतृत्व संकट देखा परेको छ। किनकि देशको आधारभूत समस्या यिनले हल गर्न सकेनन्। यी तुच्छ स्वार्थमा केन्द्रित रहे। पजेरोवादमा सीमित रहे।"

त्यस्तै उहाँको अर्को टिप्पणी छ- "माओवादीहरूले एकातिर जन आन्दोलन चलाएर जनदबाबको स्थिति सृजना गर्ने, अर्कोतिर सशस्त्र कारवाही पनि गर्ने, यी दुवै साथसाथै लान सकेको भए यसको प्रभावकारिता भिन्नै हुन्थ्यो होला। तर स्वै त उनीहरूसित

जनयुद्धमा प्रहरीद्वारा मारिएकाहरुको वर्गीकरण

१.	कूल संख्या	७१
२.	लिंगगत रूपमा	
	क) महिला	६
	ख) पुरूष	६५
३.	जातिगत रूपमा	
	क) मगर	४४
	ख) क्षेत्री	१६
	ग) दलित	४
	घ) नेवार	२
	ङ) तामाङ	२
	च) गिरी	१
	छ) बाहुन	२
४.	उमेर	
	क) २५ वर्ष सम्मका	२३
	ख) २५ वर्ष माथिका	४८
५.	अभियोग	
	क) सरकारी झुट्ठा मुद्दा लगाइएका	१४
	ख) सरकारी मुद्दा नलगाइएका	५७
६.	हैसियत	
	क) पार्टी सदस्य	२९
	ख) समर्थक	४२
७.	पेशागत हैसियत	
	क) किसान	६२
	ख) विद्यार्थी	८
	ग) शिक्षक	१
८.	जिम्मेवारीको हैसियत	
	क) छापामार दल	११
	ख) राजनैतिक संगठक	६
	ग) सहयोगी संगठनका संगठक	९
	घ) निर्वाचित प्रतिनिधि	४
	ङ) समर्थक जनता	३१
९.	हत्याको प्रकृति	
	क) यातनापछि गोली हानी हत्या गरेका	५४
	ख) प्रहरीसंगको भिडन्तमा	६
	ग) घेरा तोड्दा गोली वा ढुङ्गाद्वारा	४
	घ) प्रहरी हिरासतमा यातनाबाट	३
	ङ) गुण्डाद्वारा हत्या	२
	च) भीरबाट खसालेर	२

स्रोत : *केन्द्रीय प्रकाशन विभाग, नेकपा (माओवादी)*

जनआन्दोलन, जनदवाब, राजनीतिक वार्ताको कार्यक्रम? यो स्थितिमा सशस्त्र कार्वाहीले विद्रोह सफल होला भन्ने मलाई लाग्दैन।"

माओवादी जनयुद्ध एक वर्षभित्र अझ तेज हुने दिशातर्फ बढिरहेको चर्चा गर्दै डा. सरोज धितालले पनि यस सम्बन्धी केही धारणा सार्वजनिक गर्नु भएको छ। उहाँ भन्नुहुन्छ- "यहाँ संसदीय डवलीमा जनआन्दोलनका नेताहरूले खेलेको सत्ताको सारै घिनलाग्दो खेलले यहाँका जनतालाई सारै वाक्कदिक्क र नेतृत्वप्रति निराशा पारेको छ। त्यही असन्तुष्टि र निराशा माओवादीहरूको कार्यप्रति जनताको ध्यान आकर्षण हुने कारण बन्न गएको छ।"

प्राध्यापक माणिकलाल श्रेष्ठका अनुसार कुनै पनि व्यवस्था परिवर्तनका घटनामा सशस्त्र वा हिंसात्मक कारवाहीबाट मात्र संभव भएको इतिहास छ। उहाँ भन्नुहुन्छ- "नेकपा (माओवादी) ले एक वर्ष पहिलेदेखि जनयुद्ध भनी जुन आन्दोलनको कार्वाही चलाइरहेको छ, माओवादी कामरेडहरूको विशुद्ध क्रान्तिकारी भावनाबाट प्रेरित भई चलाइएको हो। साथै, श्रमिक जनताको मुक्तिको कुरै पर राखौं, ०४६ सालको आन्दोलन पछाडि रहेको जन आकांक्षासम्म पनि ०४६ पछि स्थापित पूँजीवादी संसदीय व्यवस्थाको माध्यमबाट प्राप्त गर्न सकिन्छ भन्ने भ्रमवाट माओवादी कामरेडहरू मुक्त रहेको पनि उहाँहरूले चलाएको जनयुद्धबाट सिद्ध भएको छ।"

स्थानीय निकाय र पदाधिकारीहरु

रोल्पा, उवा गाविसका अध्यक्ष देउसिंह रोका प्राची द्वैमासिकसंगको एक भेटमा भन्नुहुन्छ- "हाम्रो गाउँ सदरमुकाम लिवाङदेखि अठार कोष टाढा पर्छ। त्यहाँ धेरै शिक्षित छैनन्। एक दुईजना भएका शिक्षित मान्छेहरूलाई पनि मुद्दा लगाएर सताइएको छ। हुन त सबै झुठा मुद्दा लागेका छन् तर दुःख पाउनेले पाइरहेका छन्। वास्तवमा एक जनाले गल्ती गरेको छ, सय जनालाई मुद्दा दिने यो कस्तो तरिका हो? मैले बुझ्न सकेको छैन।" रोका अझ अगाडि भन्नुहुन्छ- "झुठा मुद्दा लागेका तिनै निर्दोष व्यक्तिहरूलाई गुरिल्ला भनेर नामाकरण गरिएको मात्र छ।" जनयुद्धमा संलग्न भएको आरोपमा देउसिंह र उनको सिङ्गै परिवारले मुद्दा खेपिरहेको बताइन्छ।

रूकुम, पिपल गाविसका अध्यक्ष देउचन बस्नेतले मानवअधिकार टोलीसंगको एक भेटमा ०५२ चैत ५ गते भन्नु भएको थियो- "संजमोको यस्तो विध्वंश कार्य बारे हामी के भन्न सक्छौं र। संजमोले जनयुद्ध कार्यक्रम रद्द गरे नै शान्ति हुन्छ। किन गरे थाहा छैन।" स्मरणीय छ देउचनको ०५३ असार ३० गते माओवादी आक्रमणमा परी मृत्यु भएको थियो।

रूकुम, जिल्ला विकास समितिका सभापति हरिभक्त ओलीले जनयुद्ध बारे आफ्ना मत व्यक्त गर्दै मानवअधिकार टोलीसंगको एक भेटमा ०५२ चैत ६ गते बताउनु भयो- "यो समस्या समाधान गर्न सरकार र आन्दोलनमा संलग्न केन्द्र स्तरले आपसी कुराकानी र सम्झैताको माध्यमबाट राजनीतिक तवरले गए राम्रो हुन्छ। अन्य तवरवाट समस्या समाधान होला भन्ने मलाई लाग्दैन।" उहाँले प्रशासनिक दमन गरेर वा मान्छे मारेर समस्या समाधान नहुने कुरामा जोड दिनु भएको थियो। "सरकारले माओवादीको समस्या शुरू भएपछि माओवादी को हुन् र यिनीहरू किन हिंसात्मक युद्धमा लाग्न बाध्य भए भन्ने कुराको खोजी नगरी प्रहरी कार्वाही चलाएर दूर्भाग्यपूर्ण स्थिति आएको" बताउनु हुन्छ।

जाजरकोट, जिल्ला विकास समितिका उपसभापति भैरव सुन्दर श्रेष्ठ- "व्यक्तिगत रीसइवीका कारणले पनि विभिन्न पार्टीका मानिसहरूलाई दोषारोपण गर्ने काम भएको छ, पक्राउ परेकाहरू जनमोर्चाका मात्र मान्छेहरू छैनन्। यस्तै गरी राजनीतिक पूर्वाग्रहका कारण पनि नेपाली कांग्रेसका मानिसले जनमोर्चाका मानिसलाई फसाएका छन्। मैले निर्दोष मान्छेलाई नसमात्न दबाब दिएको छु। हिरासनमा रहेकाहरूलाई प्रहरीले यातना दिन छोडेको छैन" भन्नुहुन्छ।

भूतपूर्व सहायक मन्त्री तेजविक्रम शाह भन्नुहुन्छ- "अपराधीलाई कानूनी तवरले पक्राउ गर्नुपर्छ। कुट्ने पिट्ने गर्न पाइन्न। तर प्रहरीले गैरकानूनी ढंगले पक्राउ गर्दै हिरासतमा यातना समेत दिएको छ। हिरासतमा रहेकालाई भेट्न खोज्दा मलाई पनि भेट्न दिइएन। बहुदल आउने बित्तिकै यहाँ कांग्रेसले भनेको नमान्ने जनमोर्चाका समर्थकहरूलाई वनमुद्दा र सार्वजनिक मुद्दा लगाएर आतंकित गर्ने काम नेपाली कांग्रेसले गरेको थियो। जसले गर्दा त्यसैवेला देखि संजमोका मान्छेहरूले घरवार छोडेका थिए। यो समस्या राजनीतिक ढंगले पहल गरी सर्वप्रथम जनमोर्चामाथि बहुदल आए यतादेखि नै लगाएका झुट्टा मुद्दा फिर्ता गर्नु पर्छ, गिरफ्तारी दमन र यातना दिएर समाधान हुने वाला छैन।"

जाजरकोट, नेपाली कांग्रेसका सभापति सनत कार्की भन्नुहुन्छ- "माओवादीले जनयुद्धको नाममा अपराधिक क्रियाकलाप गरिरहेका छन्, जुन गलत छ। कसैलाई कुटपिट गरी आफ्नो पक्षमा ल्याउन सकिदैन। यस जिल्लामा घटेका घटनाहरूको बारेमा हामीले गृहमन्त्री र प्रधानमन्त्रीसम्मलाई बताइ सक्यौं तर पनि समस्या समाधानका लागि ठोस कदम चालिएको छैन। यो समस्याको समाधान राजनैतिक वार्ताद्वारा गरिनु पर्छ, जसमा मानवअधिकार संघ संस्थाहरूको अहं भूमिका हुन सक्छ।"

मानवअधिकार संस्थाहरु

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), सिविन, इन्हुरेड, मासम, नेमाघि संघ, ग्रिन्सो लगायतका ६ वटा मानवअधिकार संस्थाहरूले ०५३ असार ९ गते संयुक्त रूपमा एक स्मृतिपत्र प्रस्तुत गर्दै - केही समयदेखि चलिरहेको नेकपा (माओवादी) को "जनयुद्ध" र त्यस कार्यलाई राज्यशक्तिद्वारा भइरहेको "प्रहरी" दमनको स्थितिले देशमा अन्यौल र आतंक स्थिति खडा हुनुको साथै बहुदलीय शासन व्यवस्था अन्तरगत संविधान प्रदत्त नागरिकहरूको आधारभूत मानवअधिकारको उल्लंघन हुन पुगेको" जनाएका थिए। स्मृतिपत्रमा भनिएको छ- "नेकपा (माओवादी) द्वारा घोषित जनयुद्ध र त्यसको विरूद्ध परिलक्षित दमन अभियानले आज देशको विभिन्न जिल्लाहरू खासगरी रोल्पा, रूकुम, जाजरकोट, गोरखा, सिन्धुली, काभ्रेपलाञ्चोक, भोजपुर लगायतका जिल्लाहरूमा भएको मानवअधिकार उल्लंघनका घटनाबाट नेपालका मानवअधिकारवादीहरू ज्यादै चिन्तित भएका छौं। यस सम्बन्धमा हामीले तयार गरेका तथ्य अनुसन्धान प्रतिवेदन सम्माननीय प्रधानमन्त्रीज्यूको जानकारीको निम्ति यसै साथ संलग्न गरेका छौं। ऋषिकेश शाह, पदमरत्न तुलाधर, विश्वकान्त मैनाली, गौरी प्रधान,

डा. राजेश गौतम र सुनिलकुमार पोखरेलद्वारा हस्ताक्षर गरिएको उक्त स्मृतिपत्रको अन्त्यमा श्री ५ को सरकार, राजनीतिक पार्टीहरू र सबै राजनीतिक र शक्तिहरूलाई मानवअधिकारको उल्लंघन कार्य अबिलम्ब रोकी शान्तिपूर्ण स्थितिको निर्माणको निम्ति स्मृतिपत्र मार्फत अनुरोध गरिएको छ।"

सर्वोच्च अदालतले रोल्पा, रूकुम लगायतका जिल्लाहरूमा माओवादी गतिविधि नियन्त्रणका नाममा भैरहेको सरकारी कारवाहीका विरूद्ध १५ दिने कारण देखाउ आदेश जारी गरेको थियो। ०५३ कार्तिक १३ गते जारी गरिएको उक्त आदेशमा गृहमन्त्री र मन्त्री परिषद्लाई हत्या, दमन तत्काल बन्द गरी त्यस्तो कार्यमा संलग्न प्रहरीलाई कानून बमोजिम कार्वाही गर्नु भन्ने व्यहोरा उल्लेख भएको छ। कानून व्यवसायीहरू अम्बरबहादुर राउत, श्यामबाबु के.सी., दालकुमार खड्का र श्रीराम आचार्यले दिनु भएको परमादेश निवेदन उपर माननीय न्यायाधीश केदारनाथ आचार्यले सो आदेश जारी गर्नु भएको थियो भने निवेदनका पक्षबाट टिकाराम भट्टराइले बहस गर्नु भएको थियो।

पुनरावेदन अदालत बारको कार्यकारिणी समितिको ०५३ मंसीर ७ गते बसेको बैठकले- "देशका विभिन्न भागमा माओवादी जनयुद्धका नाममा कानूनी शासनको सर्वमान्य सिद्धान्त विपरित विनापूर्जी गिरफ्तार गर्ने, घर खानतलासी गर्ने, प्रहरी हिरासतमा यातना दिने, कानून व्यवसायी र आफन्तसंग भेटघाट गर्न नदिने, कथित मुठभेडका नाममा निहत्था जनताको हत्या गर्ने जस्ता गैरकानूनी र अमानवीय कार्य राज्ययन्त्रबाट भएकोमा भर्त्सना गरेको थियो। उक्त वैठकले सबै यस्तो कार्य सरकारले अबिलम्ब बन्द गर्दै कानूनी समाधान खोज्ने पनि माग गरेको थियो।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले०५२ फागुन ९ गते प्रेस विज्ञप्ति जारी गरेको थियो। महासचिव डा. राजेश गौतमद्वारा हस्ताक्षर गरिएको उक्त विज्ञप्तिमा भनिएको छ- "फागुनको पहिलो साता देशका विभिन्न ठाउँ (रोल्पा, रूकुम, सिन्धुपाल्चोक, सिन्धुली) मा अप्रिय घटनाहरू घटे। ती घटनाहरूमा जयबहादुर घर्ती, वीरबहादुर रोका, दाइराज रोका, शिवबहादुर रोका, खड्गबहादुर रोका, खड्गबहादुर बुढा, सालिकराम पुन, दानवीर बुढा लगायतका व्यक्तिहरू माथि सांघातिक आक्रमण भएको र उनीहरूको हाल शिक्षण अस्पतालमा उपचार भैरहेको छ। हामी घाइतेहरू प्रति सहानुभूति प्रकट गर्दै उनीहरूको स्वास्थ्य उपचारमा सरकारले यथोचित सहयोग पुऱ्याओस् भनी आग्रह गर्दछौं।" त्यसैगरी विज्ञप्तिमा "अधिकांश घाइतेहरू अमूक राजनीतिक पार्टीका मानिसहरूले आफूलाई कुटपिट गरेको बताउँछन्। अर्कोतिर उपरोक्त घटनाहरू आफ्नो पार्टीको पहलमा भएको हो भनी एउटा पार्टीले सार्वजनिक जिम्मेवारी लिइसकेको छ। यस प्रकारका घटनाले जनताको ठूलो त्याग र वलिदानबाट प्राप्त प्रजातन्त्रलाई अस्थिर बनाउँछ। राजनीतिक पूर्वाग्रह र असहिष्णुता कुनै पक्षबाट पनि प्रकट हुनु राम्रो होइन।" साथै उपरोक्त हिंसात्मक घटनाका सिलसिलामा दोषी पक्राउ गर्ने निहुँमा आम नागरिकहरूमाथि दमन उत्पीडनको सृजना नहोस् भन्ने कुरा तर्फ पनि सरकारले ध्यान पुऱ्याउनु जरूरी भएको" तर्फ ध्यानाकर्षण गराइएको थियो।

राष्ट्रिय मानवअधिकार संघ (रामास) ले ०५२ फागुन ८ गते एक विज्ञप्ति प्रकाशित गर्दै - "रूकुम, जाजरकोट र सिन्धुपाल्चोकमा हालै भएका घटनाहरूमा शान्ति सुरक्षाको निम्ति खटिएका प्रहरीमाथि नै ज्यादती भएको त्यसबाट उनीहरूको मानवअधिकार हनन भएको" कुरा जनाएको थियो।

नेपाल मानवअधिकार संगठनका अध्यक्ष ऋषिकेश शाहले जनयुद्धका घटनाहरूको प्रारम्भतिरै यस्तो प्रतिक्रिया व्यक्त गर्नु भएको थियो- "रोल्पा र रूकुमका निर्दोष जनतालाई पहिले सरकारमा बसेका पार्टीका व्यक्तिले पुलिसको आडमा दमन गरे, त्यसपछि जनताले प्रतिक्रिया जनाएका छन्। जनताको प्रतिक्रियाले आतंकित घटनामा परिणति भएको हो।"

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) अध्यक्ष सुशील प्याकुरेलले जनयुद्ध सम्बन्धी विचार व्यक्त गर्दै भन्नु भएको थियो- "जुनसुकै पक्षबाट भएको भएता पनि हत्या गर्नु र लुटपाट मच्चाउनु भनेको मानवअधिकारको उल्लंघन हो। सरकारले जनताको सुरक्षा गर्ने नाममा निर्दोष जनतामाथि हिंसा गरेको छ। सरकारले माओवादी विनास गर्ने अभियानको रूपमा जताततै नियम कानूनको उल्लंघन गरेको छ, अन्धाधुन्द गोली चलाउनाले निर्दोष बच्चाबच्चीको समेत हत्या गरिएको छ।

मानवअधिकार संगठनका पूर्व उपाध्यक्ष कपिल श्रेष्ठले- "रूकुम, रोल्पामा सरकारले जुन मान्छे मार्ने काम गऱ्यो, त्यो निन्दनीय र अमानवीय काम हो भन्दै हिंसाको प्रतिउत्तर हिंसाकै ढंगले सरकारले दिएको देखिन्छ। सम्मानित राष्ट्रको लागि यो सुहाउने कुरा होइन भन्नु भयो।

वाल सरोकार केन्द्रका अध्यक्ष गौरी प्रधान सो घटनाको विषयमा सरकारलाई दोषी ठान्नुहुन्छ। उहाँ भन्नुहुन्छ, आतंक स्वतः सृजना हुँदैन, जनताहरूले कुनै अधिकारको खोजी गर्न लाग्दा सरकारले वार्ताद्वारा त्यस्ता कुराहरू पूरा गर्नुभन्दा दबाएर समाधान खोज्ने सरकारको कमजोरीले आतंकको रूप लिएको हो। उहाँ पर्याप्त सुरक्षाको अभावले गर्दा त्यो घटनाको छानवीन गर्न ढिलाई हुन गएको बताउनु हुन्छ।

यसैगरी अन्तर्राष्ट्रिय मानवअधिकारवादी संस्था एम्नेष्टी नेपालका पूर्व अध्यक्ष एवं मानवअधिकार तथा शान्ति समाजका सभापति कृष्ण पहाडीले माओवादीहरूद्वारा संचालित हिंसात्मक क्रियाकलाप दमन, दुवै मानवअधिकारका लागि सह्य नहुने बताउनु भएको छ।

उहाँले राजनीतिक समस्या राजनीतिक रूपबाटै समाधान गरिनु पर्दछ, हिंसात्मक ढंगले होइन, मानवअधिकारवादीको हैसियतले दुवै पक्षको निन्दा गर्नु पर्दछ भन्नुभयो।

मानवअधिकार संरक्षण मंचका महासचिव कृष्णप्रसाद सिवाकोटीले ०५२ जेठ-साउन अंकको नयाँ परिवेशमा प्रकाशित "माओवादीका नाममा ....." शीर्षकको लेखमा "वर्तमान अवस्थामा प्रहरी र प्रशासनले बोकेको धारणा अनुरूप माओवादीले संविधान र कानूनको उल्लंघन गरेकोले हामीले पनि मान्नु पर्दैन भन्ने अवधारणाका आधारमा कार्वाही गरेको पाइएको छ। त्यो अवधारणा ज्यादै गलत र गैरप्रजातान्त्रिक मानवअधिकार विरोधी धारणा हो।" भनी लेख्नु भएको छ। उहाँले सोही लेखमा "जनताको हक अधिकार भनेको सबैको सधै र सबै समयमा समान रूपले प्रदत्त भैरहनु पर्दछ।

माओवादी र गैरमाओवादीलाई लाग्ने कानूनमा फरक हुनुहुँदैन। कानून सबैको निमित्त बराबर भएमा मात्र मानवअधिकारको स्थापना हुनेछ।" लेख्नु भएको छ।

जनअधिकार सरोकार अभियान नेपालले एक विज्ञप्ति प्रकाशित गरी "मानवअधिकार विरोधी गतिविधिको भर्त्सना गर्दै गैरकानूनी रूपमा पक्राउ परेका सम्पूर्ण व्यक्तिहरूलाई विना शर्त रिहा गरी मनोमानी गिरफ्तार गर्ने, यातना दिने, झुठा मुद्दामा फसाउने कार्य वन्द गरी यस अघि लगाइएका झुठा मुद्दा खारेज गरी मानवअधिकार विरोधी गतिविधिहरू अविलम्ब रोक्नका लागि सम्बन्धित पक्षसंग माग गर्दछ" भनेको छ। अध्यक्ष डा. के.वि. रोकायाद्वारा हस्ताक्षरित उक्त विज्ञप्तिमा "रूकुम, जाजरकोटका घटनाहरूको न्यायिक जाँच गरी दोषी व्यक्तिहरूमाथि कानून बमोजिम कार्वाही एवं जनअधिकारको सम्मान गर्दै जनजीवन सामान्य तुल्याउन श्री ५ को सरकार लगायत सम्बन्धित सबै पक्षसंग जोडदार माग गर्दछ" भन्ने कुरा उल्लेख छ।

निष्कर्ष

विगत १ वर्षदेखि संचालित भएको भनिएको जनयुद्धका निहुँमा एकसयभन्दा बढी मानिसको मृत्यु भई सकेको छ। एउटा राजनीतिक पार्टीले राजनीतिक उद्देश्यका साथ शुरू गरेको हिंसात्मक गतिविधि मूलतः एउटा राजनीतिक समस्या हो। प्रजातान्त्रिक मूल्य र मान्यता अनुरूप पनि यो समस्याको राजनीतिक रूपमै समाधान खोजिनु पर्दछ। तर सरकारले शुरुदेखि नै यसलाई राजनीतिक समस्याका रूपमा लिन चाहेन। आतंकवादी गतिविधिको रूपमा प्रचारित गर्दै एकदमै मुढे बलले नियन्त्रण गर्ने प्रयास गरिरहेको छ। वर्तमान सरकारका घटकहरू नेपाली कांग्रेस र राप्रपाका कतिपय नेताहरूले यसलाई राजनीतिक समस्याको रूपमा स्वीकार गर्दै, राजनीतिक ढंगले समाधान खोज्न आग्रह गरेको कुरा पनि यहा स्मरणीय छ।

जनयुद्ध नियन्त्रण गर्ने नाममा सरकार पक्षबाटै प्रचलित ऐन, कानून र संविधानको भावना र मर्मलाई कुल्चने काम भएको छ। छानवीन तथा अनुसन्धानको निम्ति पक्राउ गरिएको कुनै पनि व्यक्तिलाई यातना दिने कार्य दण्डनीय कार्य हो। संविधानको धारा ३ मा अभिव्यक्त यो भावना र यातना विरोधी अन्तर्राष्ट्रिय अभिसन्धीको मर्म विपरित माओवादी प्रभावित जिल्लामा प्रहरीले पक्राउ गरेका मानिसलाई या त बाटो मै गोली प्रहार गरेर यात प्रहरी हिरासतमा निर्मम तरिकाले कुटपिट गरेर मारिएको छ। कतिपय मृत्युका घटनालाई सरकारी पक्षले प्रहरी र माओवादी बीच भिडन्तका कारण भएको बताए पनि वास्तविक भिडन्त नभई घरभित्र मानिसहरू सुतिरहेका वा बाटोमा हिडिरहेको अवस्थामा गोली प्रहार गरिएको पाइएको छ। यसका अतिरिक्त ती ठाउँमा गैरकानूनी गिरफ्तार गरिएको, आम रूपमा झुठा मुद्दा लगाइएको, गस्तीमा गएका प्रहरीहरूबाट महिलाहरूमाथि बलात्कार भएको जस्ता घटनाहरू समेत सार्वजनिक जानकारीमा आएका छन्। मानवअधिकारका दृष्टिकोणले यस्ता घटनाहरू गम्भीर प्रकृतिका हुन्। माओवादी गतिविधिहरू आतंक वा हिंसात्क गतिविधि नै हुन् भने पनि त्यसलाई रोक्न सरकार पनि आतंक र हिंसामै उत्रनु मनासिव कुरा हुँदै होइन।

स्मरणीय छ, जनयुद्ध शुरू हुनु पूर्व पनि रोल्पा जिल्लामा भएका घटनाहरूको नियन्त्रण र समस्या समाधान गर्नका लागि श्री ५ को सरकारले दुई-दुई पटक छुट्टाछुट्टै आयोग समेत गठन गरेको थियो। त्यस क्रममा ०५१ सालमा रोल्पा जिल्लामा भएका केही हिंसात्मक घटनाहरूको सम्बन्धमा अध्ययन गर्न विरेन्द्र केशरी पोखरेलको अध्यक्षतामा एक सर्वदलीय आयोग गठन गरिएको थियो। त्यस आयोगले ०५१ मंसीर ९ गते प्रहरीको गोलीबाट मारिएका गङ्सी गाविस-९ का लोकबहादुर घर्ती र इरियाङ् गाविस-१ का मनबहादुर पुनको घटनाका अतिरिक्त अन्य घटनाको सम्बन्धमा श्री ५ को सरकारलाई सुझाव सहित प्रतिवेदन बुझाएको थियो।

त्यसैगरी ०५२ सालमा रोल्पा जिल्लामा श्री ५ को सरकारले संचालन गरेको शान्ति सुरक्षाको विशेष कार्यक्रम, रोमियो अप्रेशनका कारण उत्पन्न अशान्ति र असुरक्षाका सम्बन्धमा श्री ५ को सरकारले ०५२ पुस महिनामा एक सर्वदलीय संसदीय प्रतिनिधि मण्डल गठन गरेको थियो। प्रतिनिधि सभा र राष्ट्रिय सभाका समेत गरी ११ सदस्यीय त्यस समितिका ८ जना सांसद सदस्यहरूमा क्रमशः वासुदेव भट्ट, आशाकाजी वासुकला, महेश चौधरी, इन्दु शर्मा, दलबहादुर राना, शंकर पोखरेल, नवराज सुवेदी र मनबहादुर विश्वकर्माको टोलीले ०५२ पुस ६ गतेदेखि ११ गतेसम्म रोल्पा जिल्लाको स्थलगत अध्ययन भ्रमण गरी ०५२ पुस १८ गते सुझाव सहितको प्रतिवेदन श्री ५ को सरकारलाई बुझाएको थियो।

सो संसदीय प्रतिनिधि मण्डलले दिएको प्रतिवेदनमा प्रशासन निष्पक्ष हुन नसक्दा, एक पक्षीय वा अविवेकी हुँदा समस्या बढ्दो रहेछ भन्ने कुराको प्रमाण रोल्पा जिल्ला बन्न पुगेको छ भन्ने कुरालाई जोड दिइएको थियो। प्रतिवेदनमा ०४९मा रोल्पा जिल्लामा अब्दुल रइस खाँ प्रमुख जिल्ला अधिकारी हुँदा अपनाइएको शान्ति सुरक्षा बहाल गर्ने गलत नीति नै अहिलेको समस्याको महत्वपूर्ण कारण हो भनी किटान गरिएको थियो। त्यस समयमा लगाइएका मुद्दाहरू नै रोल्पामा तनाव र अपराधिक घटनाहरूलाई बढाउने कुराको कारक बन्न पुगेको चर्चा गर्दै प्रतिवेदनमा जिल्लामा मानवअधिकारको स्थिति ज्यादै नाजुक रहेको, राजनीतिक पार्टीमा असहिष्णुता रहेको, राजनीतिक रूपमा गाउँ विभाजन गर्ने, जबर्जस्ती सदस्य बनाउने र आफ्ना समूहमा हिडाउने तथा गैर कानूनी गिरफ्तारी र प्रहरी हिरासतमा दिइने यातना जस्ता कुराप्रति सरकारको ध्यानाकर्षण गराइएको थियो।

त्यसरी नै जनयुद्धका क्रममा प्रहरीले गैरकानूनी रूपमा नागरिकहरूलाई पक्राउ गर्ने र हिरासतमा यातना दिन थालेपछि सर्वोच्च अदालतले ०५२ फागुन २३ गते प्रहरी प्रशासनको सो कार्य गैरकानूनी भएको आदेश गरेको थियो। अदालतले त्यसरी आदेश गर्दा गर्दै पनि सरकारले अहिलेसम्म कानूनी राज्यको सीमाभित्र रहेर आफ्नो व्यवहारमा परिवर्तन नगर्नुले पनि जनयुद्धका क्रममा गैरकानूनी गिफ्तारी र यातना रोकिएको छैन। सरकारले त्यसरी अदालतको आदेशको अवहेलना मात्र नगरी ०४६ को जनआन्दोलनको भावना अनुरूप निर्मित संविधानमाथि नै कुठाराघात गर्ने काम गरेको छ। त्यही क्रममा सरकारले संविधानको मर्म विरोधी पंचायतकालिन ऐन कानून खारेज गर्नु सट्टा संविधानको भावना विपरित आतंक विरोधी ऐन ल्याउने दुश्प्रयत्न शुरू गरेको छ। सरकारले एकातिर यातना र

क्षतिपूर्ति ऐन ल्याएर मानवअधिकार र प्रजातन्त्र प्रति प्रतिबद्धता देखाए झैं गरेको छ। तर अर्कोतिर "जनयुद्ध" का क्रममा झुठा अभियोगमा पक्राउ गरेर महिनौं हिरासतमा राखि यातना दिन छोडेको छैन। त्यसरी गैरकानूनी पक्राउ परेका व्यक्तिहरूलाई पक्राउ पूर्जी नदिइनुले पनि सरकार आफै ऐन कानून कार्यान्वयन गर्न तत्पर नभएको देखिएको छ।

माओवादी जनयुद्धको कारण उत्पन्न समस्या र घटनाहरूका स्थलगत अध्ययन गरी मानवअधिकार संस्थाहरूले प्रतिवेदनहरू सार्वजनिक गरेका छन्। प्रतिवेदनमा प्रहरी प्रशासनका ज्यादतीहरू, सत्तापक्षीय दलका कार्यकर्ताहरूका प्रतिशोधपूर्ण व्यवहारहरूका साथै माओवादीहरूद्वारा गरिएका हिंसात्मक हमलाहरूका विवरण प्रस्तुत गरिएको छ। यसका साथै समस्याको पहिचान गरी समाधानका निम्ति ठोस निष्कर्षहरू समेत निकालिएका छन्। प्रहरीबाट न्यूनतम पनि मानवीय व्यवहार नभएको, रातारात खानतलासी गर्दा र पक्राउ गर्दा आतंक र भय सृजना गरिएको र पक्राउ परेका मानिसहरूलाई सत्तापक्षीय दलमा प्रवेश गर्न दवाब दिने गरेको कुरा पनि प्रतिवेदनमा उल्लेख गरिएको छ।

जनयुद्ध पक्षधरहरूद्वारा वम, जिलेटिन, बन्दुक एवं खुकुरी प्रहार गरी प्रहरी र नागरिकहरू मारिएका छन्। यस किसिमका हिंसात्मक आक्रमणका घटनाहरूबाट पनि मानवअधिकारको हनन भएको छ।

समस्या समाधानको निम्ति एक ताका वार्ताको चर्चा पनि चलेको थियो। तर गाउँवस्तीमा गोठ, कटेरोमा वा जंगल र ओढारमा लुकेका माओवादीहरूलाई पक्रन, गोली हान्न र हत्या गर्न सफल हुने सरकारी पक्ष राजधानीमै बसेर अन्तर्वार्ता दिने, लेख लेख्ने र जनयुद्ध सम्बन्धी प्रचार समाग्री तयार गरिरहेका नेतृत्वदायी व्यक्तिहरूलाई वार्ताको टेवुलमा ल्याउन नसक्नुको रहस्य के हुन सक्छ?

माओवादी जनयुद्धका सन्दर्भमा उठाउनै पर्ने अर्को एउटा प्रसंग के पनि हो भने प्रभावित क्षेत्रको जनजीवन एकदमै सन्त्रस्त छ। कुन बेला माओवादीहरूको हिंसात्मक कार्वाहीमा वा प्रहरीको बौलठ्ठी हमलामा परिने हो भनेर भयग्रस्त बनेको छ। यस किसिमको भय र आतंकबाट जनसमुदायलाई मुक्त गर्न दुवैपक्षले गम्भीरतापूर्वक सोच्न जरूरी भइसकेको छ।

सन्दर्भ सामाग्री

ग्रन्थ

१. नेपालको ऐतिहासिक रूपरेखा- वालचन्द्र शर्मा
२. नेपालको राजनीतिक दर्पण - भाग १,२, ३, ४- गृष्मबहादुर देवकोटा
३. शहीद - मदन आश्रित प्रतिष्ठान
४. क्रान्तिपछिको दश वर्ष - डा. राजेश गौतम

मासिक / द्वैमासिक प्रकाशन

१. मूल्यांकन मासिक -पूर्णाङ्क ३७, ४५
   - ०५२ -५३, चैत-वैशाख
   - ०५३ फागुन
२. नयाँ परिवेश - ०५३ जेठ-असार (वर्ष १, अंक १)
३. प्रष्फुटन - वर्ष २, अंक १, ०५३ पुस
४. जनजीब्रो - वर्ष १, अंक १, ०५३ माघ
५. प्राची द्वैमासिक

साप्ताहिक प्रकाशन

१. विमर्श साप्ताहिक
२. वुधवार साप्ताहिक
३. दृष्टि साप्ताहिक
४. देशान्तर साप्ताहिक
५. नेपाली पत्र साप्ताहिक
६. छलफल साप्ताहिक
७. जनआस्था सप्ताहिक
८. समकालिन साप्ताहिक
९. नवआवाज साप्ताहिक
१०. प्रतिपक्ष साप्ताहिक
११. जनादेश साप्ताहिक
११. जनमञ्च साप्ताहिक

दैनिक प्रकाशन

१. गोरखापत्र
२. हिमालय टाइम्स
३. कान्तिपुर
४. श्री सगरमाथा
५. आजको समाचार पत्र
६. लोकपत्र
७. नयाँ मोर्चा सन्ध्याकालिन

माओवादी प्रकाशन

१. माओवादी - अंक २, ०५३ माघ
२. जनयुद्ध- वुलेटिन १, नेकपा (माओवादी) ०५३ माघ, ०५३
३. जनयुद्ध- वुलेटिन २, नेकपा (माओवादी)
४. मशाल - नेकपा (माओवादी) पूर्णाङ्क-७
५. विद्रोह गर्नु जनताको अधिकार हो, अंक १ र २
६. अयिभान, वर्ष १, अंक १, ०५३
७. विद्रोह गर्नु अधिकार हो - अंक १ र २

अन्य

१. मानवअधिकार वर्ष पुस्तकका जिल्ला प्रतिनिधिहरूद्वारा प्रेषित प्रतिवेदनहरू
२. मानवअधिकार टोलीद्वारा प्रकाशित स्थलगत प्रतिवेदनहरू
३. मानवअधिकार स्थिति सूचक - १९९६ का ४ अंक

अनुसूची २

यस वर्षको प्रमुख घटना:

नेपाल भारत बीच सम्पन्न महाकाली सन्धि

नेपालको पश्चिम दक्षिणी भागमा भारतसंग अन्तर्राष्ट्रिय सीमा नदीको रूपमा बगिरहेको महाकाली नदीको पंचेश्वरमा ठूलो बाँध निर्माण गरी विद्युत एवं सिचाई सुविधा उपलब्ध गर्नको निम्ति नेपाल र भारत बीच ०५२ माघ १५ र २९ गते सम्पन्न भएको सन्धिलाई महाकाली सन्धि भनिन्छ। यस सन्धिमा प्रथम पटक भारतका तत्कालीन विदेशमन्त्री प्रणव मुखर्जीको नेपाल भ्रमणका अवसरमा परराष्ट्रमन्त्रीस्तरमा काठमाडौंमा हस्ताक्षर भएको थियो। सन्धिमा नेपालका तर्फबाट विदेश मन्त्री डा. प्रकाश चन्द्र लोहनीलें हस्ताक्षर गुर्न भएको थियो। सन्धिका सम्वन्धमा दोस्रो पटक नेपालका प्रधानमन्त्री शेरवहादुर देउवाको भारत भ्रमणका अवसरमा नयाँ दिल्लीमा प्रधानमन्त्री स्तरमा पुनः हस्ताक्षर गरिएको थियो। भारतका तर्फबाट प्रधानमन्त्री पि.भि.नरसिंह रावले हस्ताक्षर गर्नु भएको थियो।

प्राकृतिक स्रोत र बाँडफाँडको विषयमा गरिने सन्धि मध्ये यस सन्धिले दीर्घकालीन असर गर्ने भएकाले सिङ्गो नेपाली जनमतले यसको पक्ष विपक्षमा थुप्रै बहस, खोज र अनुसन्धान गर्‍यो। वर्तमान संविधान जारी भएपछि संविधानको धारा १२६ (२) अनुरूप यस सन्धिलाई संसदको संयुक्त सदनको दुईतिहाइ मतले ०५३ असोज ४ गते नेपालको तर्फबाट अनुमोदन गरियो।

नेपाल भारत सम्बन्धको पृष्ठभूमि

नेपाल दुई ठूला मुलुक चीन र भारतको बीचमा अवस्थित भूपरिवेष्ठित मुलुक हो । जनसंख्याको दृष्टिकोणले दक्षिणतर्फको भारत नेपालभन्दा लगभग ५० गुना ठूलो छ। उत्तरतर्फको चीन ६० गुना ठूलो छ। क्षेत्रफलको हिसावले पनि नेपालभन्दा भारत र चीन क्रमशः २२ र ७५ गुना ठूला छन्। यसको भौगोलिक बनोटलाई हेर्दा शदियौंदेखि "दुई ढुंगाको बीचको तरूल" को रूपमा विश्लेषण गरिन्छ। दुई विशाल मुलुकको बीचमा रहेर पनि आफ्नो स्वतन्त्र अस्तित्व कायम गर्न सक्नु नेपाल राष्ट्र र नेपालीको गौरवको विषय हो।

विगतको लामो यात्रामा भौगोलिक सीमानाको संकुचन र विस्तारका अवस्था पार गर्दै हामी अहिलेको स्थितिमा आएका छौं। मूलतः वर्तमान नेपालको दक्षिणी सीमा सन् १८१६ को सुगौली सन्धि र सन् १८६० को जंगवहादुरको पालामा भएको प्रत्यावर्तन सन्धिले निर्धारित गरेको छ।

नेपाल तथा भारत दक्षिण एशियाका दुई छिमेकी मुलुक हुन्। यी दुई मुलुक बीचको सम्बन्ध औपचारिक एवं सरकारी स्तरमा मात्र सीमित र संकुचित गर्न सकिंदैन। दुई देशका जनताको समान साँस्कृतिक, धार्मिक र सामाजिक सम्बन्धको कारणले विगतमा दुवै देशका जनता बीच पारस्परिक सहयोग सद्भाव र एक अर्काको समस्यामा सहभागी हुने लामो परम्परा कायम छ। विगतमा भारतीय जनताको स्वतन्त्रता संग्राममा हामीले पनि सहयोग गरेका थुप्रै उदाहरणहरू छन्। नेपालको प्रजातान्त्रिक आन्दोलनमा पनि भारतीय जनताको न्यानो सहयोग र समर्थन प्राप्त भएको थियो।

भौगोलिक वनौटको कारणले गर्दा पनि नेपालको दक्षिणी भेग र भारतको उत्तरी भेगका तराईमा जति जनघनत्व छ त्यति नेपालको उत्तरी भेग र नेपालको सीमासंग जोडिएको चीनको स्वशासित क्षेत्र तिब्बतको जनघनत्व छैन। नेपालको सीमासंग जोडिएका भारतको उत्तरप्रदेश, विहार र बंगालको जनसंख्या करीव ३५ करोड छ। चीनको स्वशासित क्षेत्र तिब्बतको जनसंख्या पुगनपुग २५ लाख र क्षेत्रफल नेपालको भन्दा लगभग ८ गुना ठूलो छ। नेपालको समुद्रसम्म पुग्ने सामुद्रिक मार्ग हालसम्म कलकत्ता वन्दरगाह मात्र भएकोले चीनबाट प्राप्त हुने भौतिक सहयोग र सुविधा पनि सामुद्रिक मार्गबाट कलकत्ता बन्दरगाह हुँदै नेपाल भित्रिन्छन्।

नेपाल भारत बीचको औपचारिक सम्बन्ध लगभग तीन शताव्दीसम्म भारतमा वेलायती औपनिवेशिक शासन कायम हुँदा गरिएका सुगौली सन्धि लगायतका ब्रिटिश भारतकालीन सन्धि संझौताहरू प्रमुख हुन्। यिनै सन्धिहरू सन् १९४७ मा भारत स्वतन्त्र भए पछि पनि यथावत कायम रहेका छन्। नेपालको कूटनैतिक इतिहासमा वेलायत पछिको कूटनैतिक सम्बन्ध राख्ने देश भारत हो। स्वतन्त्र भारतको निर्माण पछि वृटिश आर्मीमा भर्ना हुने नेपालीको स्थितिलाई निरन्तरता दिनको लागि बेलायत भारत र नेपाल बीच सन् १९४७ मा त्रिपक्षीय सम्झौता भयो। सन् १९५० मा नेपाल र भारत बीच सम्पन्न शान्ति तथा मैत्री सन्धिले भारत नेपाल बीच भएका पुराना सन्धिलाई निरन्तरता दिएको छैन। विगतका सन्धि सम्झौताले थोपरिदिएका सबै समस्यालाई नेपालले चुपचाप स्वीकार्नु परेको छ।

अन्तिम राणा प्रधानमन्त्री मोहन शमशेर र तात्कालीन भारतीय राजदूत चन्देश्वर प्रसाद नारायण सिंह बीच काठमांडौमा सम्पन्न १९५० को सन्धि नेपाल भारत शान्ति तथा मैत्री सन्धि अहिलेसम्म पनि विवादको भुंवरीमा रूमल्लिएको छ। सन्धिमा असमान झल्काउने शब्द नरहे पनि कार्यान्वयनको क्रममा दुई मुलुक बीच विद्यमान भौगोलिक, भौतिक र जनसंख्याको असरको कारणले गर्दा उक्त सन्धि "खरायो र

हात्तीलाई एकै ठाँउमा बाधेर घाँस राखि दिए" जस्तो भएको छ। यस सन्धिमा अभिव्यक्त विषयको कार्यान्वयन तर्फ विचार गर्दा नेपालको सामाजिक, आर्थिक तथा साँस्कृतिक संरचनामा नै असर पर्न सक्छ। आफ्नो शासन सत्ता टिकाउन भारतीय शासक वर्गको समर्थन प्राप्त गर्न गरिएको मोहन शमशेरको प्रयास सन् १९५१ (२००७) सालको आन्दोलनबाट समाप्त भइसकेको छ। तसर्थ आगामी शताव्दीका चुनौतिसंग मुकाविला गर्न सक्ने किसिमको दुई मुलुकले नयाँ सन्धि गर्नु वा सन्धी नवीकरण गर्नु दुवै देशका जनताको हितको निम्ति आवश्यक छ।

पानीको प्रयोग

कतिपय मुलुकमा खनीज पदार्थको रूपमा तेल भण्डार छ भने त्यहाँ पिउने पानीको समस्या छ। यस्तै कतिपय मुलुक सामुन्द्रिक पानीको प्रयोग गरेर सम्पन्न बनेका छन् भने कतिपय मुलुकको पानी प्रयोग गरेर विजुली निकाल्न सक्ने सम्भावना पनि छ। भौतिक विकासको निम्ति जलविद्युत आउँदो शताव्दीको महत्वपूर्ण उर्जा श्रोतको रूपमा रहेको छ। कतिपय व्यक्तिहरूले त यसैको विषयमा लडाइँ हुनसक्ने शंका पनि व्यक्त गरेका छन्। नेपालमा पनि सन् १९११ मा (चन्द्र शमशेरको पालामा) फर्पिंग बाट पहिलो पटक बिजुली निकालियो। त्यसैगरी चन्द्रशम्शेरको पालामा नै चन्द्रनहर (सप्तरी) को नामबाट आधुनिक नहरको शुरूवात भयो।

विश्वको कुल क्षेत्रफलको ०.३ प्रतिशत र एशियाको ३ प्रतिशतमा मात्र हामी सीमित हुन परे पनि आधुनिक युगको आर्थिक विकासको मेरूदण्ड बनेको जल विद्युत उर्जाको क्षेत्रमा हामी संसारको दोस्रो धनी मुलुक मानिन्छौं। साना, मझौला र ठूला गरी हाम्रो देशमा रहेका ६ हजार नदीनालाहरूबाट निकाल्न सकिने विद्युत शक्ति ८३ हजार मेगावाट रहेको विशेषज्ञहरूको अनुमान छ।

शारदा बाँध

सन् १९२० मा चन्द शम्शेरको पालादेखि नेपालका नदी नालाहरूको पानी प्रयोग गर्ने विषयमा द्विपक्षीय सन्धि सम्झौताको थालनी भएको थियो। सन् १९२० मा महाकाली नदीमा बाँध बनाउने बिषयमा तात्कालीन ब्रिटिश भारत र नेपालबीच सन्धि भए अनुरूप शारदा बाँध बनेको थियो। उक्त बाँध बनाउन नेपाल सरकारले ब्रिटिश भारतलाई सट्टा पट्टा गर्ने गरी केही भू-भाग पनि दिएको थियो। तर शर्त बमोजिमको जमीन नेपालले अहिलेसम्म पनि पूर्ण रूपमा पाएको छैन।

कोशी सम्झौता

सन् १९५४ मा मातृकाप्रसाद कोइराला प्रधानमन्त्री भएको बेला नेपालका ठूला नदीहरू मध्ये कोशी नदीको पानी प्रयोग गर्ने विषयमा भारतसंग सन्धि भयो। त्यसमा नेपालको तुलनामा भारतीय पक्षलाई बढी फाइदा हुने किसिमबाट बाँध निर्माण गरिएको छ। यदि केही किलो मिटर उत्तरमा बाँध बनाइएको भए नेपालले पनि केही बढी फाइदा पाउने थियो। त्यहाँको पानी भारतले लगभग ९५ प्रतिशत र नेपालले ५ प्रतिशत मात्र प्रयोग गर्दछ। जसको परिणामस्वरूप बाढीद्वारा अभिशाप्त राज्यको रूपमा चिनिएको विहारको भाग्य फेरिएको छ भने वर्षायाममा नेपाली पक्षले बाढीको ठूलो समस्या भोग्नुपर्छ। उक्त सन्धिले मूल रूपमा नेपालको हित गर्न नसकेकोमा सचेत नेपाली जनताले विरोध गर्दै आइरहेका छन्। यसै सन्धिलाई नेपाली कांग्रेसका नेता वी.पी. कोइरालाले "हतारमा गरिएको राष्ट्रिय स्वार्थ विपरितको सम्झौता" भन्नु भएको थियो। त्यस्तै गणेशमान सिंहले त "देश डुबाउने सम्झौता" भन्नु भएको थियो। यसमा समयावधि नै नतोकी भविष्यका सबै संभावना बन्द गरिएको थियो। सन् १९६६ मा गरिएको संशोधनले यो सन्धिलाई ९९ वर्षको बनाएको छ।

गण्डक सम्झौता

प्रधानमन्त्री वी.पी. कोइरालाको पालामा भारतसंग अर्को ठूलो नदी गण्डकीको पानी प्रयोग गर्ने विषयमा सन्धि भयो। गण्डक सम्झौताको नाममा भएको उक्त सन्धिमा पनि कोशी सम्झौतामा भएका कमजोरी हटाउनुको साटो पुनरावृत्ति गरियो। गण्डक नहरको उद्घाटन पंचायत कालमा राजा महेन्द्रद्वारा गरिएको थियो। बिगतमा भएका सन्धिको एउटा यथार्थ स्थिति के रहेको छ भने यसका कमी कमजोरीको बारेमा तात्कालीन राजनीतिक व्यक्तित्वलाई दोष थुपार्दै त्यसको कार्यान्वयन गर्न शासकवर्ग अग्रसर हुने गरेको छ र बेलामौकामा त्यही पक्ष यो सवालमा चरम राष्ट्रवादी देखा पर्ने पनि गर्छ। परिणामस्वरूप हाम्रो देशको अपार प्राकृतिक श्रोत र सम्पदाको प्रयोगमा हामीले जे जति लाभ पाउनुपर्ने हो सो नपाएको मात्र हैन, कतिपय अवस्थामा यसको प्रतिकूल प्रतिफल भोग्न पनि हामी विवश भएका छौं। महाकाली सन्धी अनुमोदनको क्रममा संसदमा जलस्रोत मन्त्री पशुपति शमशेर जबराको "कोशी र गण्डकीमा रोएको नेपाली राष्ट्रवाद महाकालीमा हाँसेको छ" भन्ने सार्वजनिक अभिव्यक्तिले पनि जलस्रोतको मामिलामा बिगतमा नेपाल ठगिएको स्वीकार गरेको छ।

महाकाली सन्धि हस्ताक्षर पूर्वको अवस्था र समस्या

गण्डक तथा कोशी संझौता पछि नेपालका ठूला नदीको पानी उपयोग गर्ने बिषयमा नेपाल सरकार र भारत सरकार बीच बिगत २ दशकमा थुप्रै बार्ताहरू भए। तर पंचेश्वर र कर्णाली मध्ये कुन पहिले शुरू गर्ने भन्ने विषयमा दुई पक्ष बीच टुंगो लाग्न नसकेकोले कुनै उपलब्धीपूर्ण काम भएन।

महाकाली नदी पहाडमा दार्चुला, बैतडी र डडेलधुरा हुँदै तराईको कंचनपुर जिल्लामा सीमा नदीका रूपमा बग्दछ। सन् १९८३ मा नेपाली भूमि समेत प्रयोग गरी टनकपुरमा भारतले एकपक्षीय एवं एकलौटी रूपबाट बाँध बनाउन शुरू गऱ्यो।

अन्तरिम सरकारको पालामा यस बिषयमा कुनै निर्णय लिइएन। तात्कालीन भारतीय प्रधानमंत्री चन्द्र शेखरले सन् १७ मई १९९१ मा अन्तरीम प्रधानमंत्री कृष्ण प्रसाद

भट्टराईलाई एक पत्र लेख्नु भएको थियो। सो पत्रमा नेपालको निम्ति १ हजार क्युसेक पानी पठाउन सक्ने क्षमता भएको रेगुलेटर वनवासा व्यारेजको सट्टा टनकपुरको वयाँतर्फ बनाइ दिने, कोहलपुर वनवासा सडकलाई टनकपुर व्यारेजसम्म लगेर जोड्ने र २५ मेगावाट विजुली नेपालमा सप्लाई गर्ने प्रस्ताव राखिएको थियो। ती बिषयमध्ये भारतीय पक्ष टनकपुरबाट नेपाल तर्फ जलप्रबाह छोड्न र नेपालले उठाएका अन्य बिषयमा बिचार गर्न सहमत भएको थियो। तर संयुक्त समितिको अर्को बैठकमा नेपाली पक्षले निःशुल्क बिजुली र पानीमा आधा हक मागेकोले बार्ता अगाडि बढ्न सकेन भनिएको छ।

टनकपुर सन्धि देखि राष्ट्रिय सहमति सम्म

टनकपुर बाँध निर्माण गर्दा नेपालको भू-भागमा पूर्वी एफलक्स बाँध बनाइएको छ। प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको २०४८ सालको भारत भ्रमणको बेलामा दुई देशका प्रधानमन्त्री बीच यस विषयमा सन्धि भयो। तर सरकारले यसलाई त्यतिखेर सन्धिको रूपमा स्वीकार्न र सार्वजनिक गर्न चाहेन। टनकपुरबाट नेपालले १ मेगावाट विजुली र १५० क्यूसेक पानी भारतीय सदाशयतामा पाउने भन्ने कुरा प्रचार गरियो। नेपाल सरकारले भारतसंग सन्धि हैन सहमति मात्र भएको बतायो।

सन्धिलाई समझदारी मात्र भन्ने तात्कालीन सरकारको विरोध गर्दै टनकपुरमा नेपाल ठगिएको छ भन्ने मूल

संयुक्त समितिका सदस्यहरुको भिन्न मत

१. भारतसंग हस्ताक्षर गरिएको जलश्रोत सम्बन्धी लिखत नेपालको सन्धि ऐनको परिभाषा अनुसार सन्धि हो र त्यसलाई संविधानको धारा १२६(२) बमोजिम संसदको दुवै सदनको संयुक्त बैठकको दुई तिहाई बहुमतबाट अनुमोदन गरिनु पर्छ।
२. महाकाली नदी मूलभूतरूपमा सीमा नदी हो। यस नदीमा बनाइने परियोजना पारस्परिक सहमतिको आधारमा हुनुपर्नेमा सो नभएको देखिएको छ।
३. नेपालको भूमिमा बनेको तटबन्ध टनकपुर व्यारेजको अभिन्न अंग हो।
४. टनकपुर जलविद्युत परियोजना मूलभूतरूपमा सीमानाको साझा नदीमा बनाइएको, नेपालको भू-भागमा बनेको लेफ्ट एफलक्स बण्ड व्यारेजको अभिन्न अंग भएको, यस परियोजनामा नेपालको भू-भाग समेत प्रयोग हुने भएको र अन्तर्राष्ट्रिय प्रचलन एवं मान्यताहरूको आधारमा पनि परियोजनाबाट हुने फाइदाहरूको नेपाल भारत बीच न्यायोचित ढंगले बाँडफाँड हुनुपर्छ। हाल गरिएको बाँडफाँड न्यायोचित छैन।
५. सन् १९२० मा नेपालले भारतलाई दिएको २८९८.५ एकड जमीनसँगै केही बढी जमीन भारतमा पर्न गएको छ भन्ने आधारमा जमीन सम्बन्धी विवाद उत्पन्न भएको छ र त्यस क्षेत्रका केही सीमा स्तंभहरू समेत हराएका छन्। यिनीहरूको निराकरण नगरी नेपालको भू-भागमा निर्मित लेफ्ट एफलक्स वण्ड कति मिटर लम्बाईमा रहेको छ र त्यस परियोजनाको निम्ति कति नेपाली भू-भाग प्रयोग भएको छ भनेर किटनु जिम्मेवारीपूर्ण काम देखिदैन।
६. नेपालले उपलब्ध गराएको जमीनमाथिको सार्वभौमिकता, त्यसको सुरक्षा र त्यहाँको प्राकृतिक पैदावारहरूको उपयोग कसले र कसरी गर्ने भन्ने बारे सन्धिमा केही उल्लेख छैन।
७. टनकपुर परियोजनाको लागि नेपालको क्षेत्रमा उपलब्ध गराएको जग्गा कति वर्षको लागि कुन शर्तमा दिइएको हो कुनै स्पष्टता छैन। आफ्नो देशको जमीन कुनै शर्त नराखी र समयावधि सम्म नतोकी उपलब्ध गराएको उदाहरण विश्वमा शायद विरलै पाइएला।
८. टनकपुर व्यारेज परियोजनाबाट नेपालले पाउने पानीलाई पंचेश्वर योजनासंग गास्नु उपयुक्त छैन। वास्तवमा पंचेश्वर परियोजनाको कुनै परिधिलाई टनकपुर परियोजनाबाट निर्देशित गर्न खोज्नु संविधान विपरित छ।
९. टनकपुर परियोजना बाहेक जलश्रोत सम्बन्धी अन्य योजनाहरूको अध्ययन र कार्यान्वयन गर्ने गराउने प्रावधानमा स्पष्टता छैन र कुन देशको कति जिम्मेवारी हुने भन्ने तथ्य बारे कुनै किटानी गरिएको छैन।यस्तो किसिमको अस्पष्टता नेपालको हितमा छैन।
१०. प्राविधिक दृष्टिकोणबाट शारदा व्यारेजको आयु सकिइसकेको छ र टनकपुर व्यारेज शारदा व्यारेजको विकल्पको रूपमा देखिन्छ। शारदा व्यारेज नरहँदा नेपालले कसरी र कति पानी पाउने भन्ने कुरा नतोकिनु नेपालको हित अनुकूल छैन।
११. समितिमा प्रस्तुत गरिएका माइन्युटहरू मध्ये कार्यान्वयन पक्षका निमित्त गरिएका निर्णयहरू सम्बन्धी संपूर्ण अंशहरू सदनमा पेश गरिनु पर्छ।
१२. राजपत्रमा प्रकाशित जलश्रोत सम्बन्धी बुंदामा नेपालले १० मेघावाट बिद्युत पाउने भनिएको छ तर सम्बन्धित विशेषज्ञहरूको रायमा नेपालले पाउने १.१४ मेघावाट मात्र हो। यो भ्रम निवारण गरिनुपर्छ।
१३. सन् १९२० मा नेपाल भारत बीचको सीमाना हेरफेर हुने गरी लेनदेन गरिएको जग्गा बारेमा नेपालले महाकाली क्षेत्रमा जग्गा दिएर त्यसको सट्टा कहाँ जग्गा पायो भन्ने तथ्य प्रमाणहरू सरकारले पेशगर्न सकेको छैन। यस बारे स्पष्टताको खाँचो छ।

मित्रराष्ट्र भारतसंग नेपालको मित्रतापूर्ण सम्बन्धलाई आपसी हित र समानताको आधारमा बलियो बनाउदै लैजानुपर्छ भन्ने नेपाली जनताको मान्यता छ। प्रधानमन्त्री कोइरालाले भारतसंग गर्नु भएको जलश्रोत सन्धिले यस मित्रतामा आघात पुऱ्याएको छ। भारत नेपाल मित्रताको संवर्द्धन र प्रवर्द्धन गर्नको लागि भ्रमण कालमा गरिएका जलश्रोत सम्बन्धी सन्धि सम्झौताहरू बारे भारतसंग फेरि छलफल गरी गल्ती कमजोरीहरूलाई सच्याउँदै र छुटहरूलाई समावेश गर्दै नेपालको संविधान र कानूनको परिधि भित्र रही दुवै देशका राष्ट्रिय हित अनुकूल हुने सन्धि गरिनु आवश्यक छ।

नाराका साथ नेकपा (एमाले) ले संसदमा आवाज उठायो। अन्य वामपन्थी पार्टीहरू र राष्ट्रियता प्रति संवेदनशील जनसमुदाय अगाडि बढ्यो। यस विषयले सिङ्गो नेपाली संसद र जनसमुदाय प्रभावित भयो। त्यसरी नै उक्त बाँधमा नेपाली भूमि र नेपाली नदीको भूमिका तथा योगदानको पनि उच्च मूल्यांकन गरिनु पर्दछ र महाकाली नदी सीमा नदी भएकोले त्यहाँ बनाइने योजनाहरूमा दुवै देशको समान दायित्व र अधिकार हुनु पर्दछ भनेर देशव्यापी रूपमा आवाज उठ्यो।

यसै विषयलाई लिएर २०४८ सालको हिउँदे अधिवेशनमा प्रतिपक्षी सांसदरूद्वारा रोष्टम घेरियो। अन्ततः टनकपुरको विषयमा संसदभित्र विशेष समिति गठन गर्न समेत तात्कालीन सत्तापक्ष बाध्य भयो। भारतीय प्रधानमन्त्री पी.भी. नरसिंह रावको नेपाल भ्रमणको समयमा १९९२ अक्टोवरमा टनकपुरदेखि.काठमाडौंसम्म आएको साइकल र्‍यालीलाई नवलपरासी कावासोतीमा प्रशासनले गिरफ्तार गर्‍यो र गोली पनि चलायो। यी आन्दोलनका परिणाम स्वरूप नेपालले दुई मेगावाट विजुली पाउने भनी संयुक्त विज्ञप्ति प्रकाशित भयो।

नेपाल अधिराज्यको संविधान ०४७ को धारा १६ ले नागरिकलाई प्रदान गरेको सार्वजनिक सूचनाको हक र त्यसलाई कार्यान्वयन गराउनको निम्ति धारा ८८ मा व्यवस्था गरिएको सर्वोच्च अदालतको असाधारण अधिकार क्षेत्रलाई आधार मानी अधिवक्ता वालकृष्ण न्यौपानेले नेपाल भारत बीच सम्पन्न उक्त लिखत संविधानको धारा १२६ (२) बमोजिम संसदद्वारा अनुमोदित गर्नु पर्ने सन्धि हो भन्ने माग दावी लिई ०४८ सालमा सर्वोच्च अदालनमा रिट निवेदन दिनु भयो। सर्वोच्च अदालतले सम्बन्धित कागजपत्रहरू झिकायो र पक्ष विपक्षबीच लामो वहस भयो। टनकपुर बाँध सम्वन्धी सम्झौता अनुसार नेपालले वायाँ एफलक्स वण्ड बाँधको लागि जग्गा उपलब्ध गराई सकेको देखिनाले संविधानको धारा १२६ (२) बमोजिम उक्त सम्झौताको अनुमोदन वा समर्थन गराउने तर्फ कार्यवाही गर्नु भनी ०४९ मंसीर २९ अदालतले आदेश गर्‍यो।

सर्वोच्चको फैसला पछि गणेशमान सिंहले समेत नैतिकताको आधारमा प्रधानमन्त्रीले राजीनामा गर्नु पर्ने कुरा उठाउनु भएको थियो। प्रधानमनत्रीले प्रत्युत्तरमा राजनीतिक रूपबाट मध्यावधिमा जाने भन्नु भयो। यसै वीच सन्धिको प्रकृतिको मूल्यांकन गरी श्री ५ को सरकारमा प्रतिवेदन पेश गर्नको निम्ति डा. लोकराज बरालको संयोजकत्वमा विविध क्षेत्रका व्यक्तिहरू रहनु भएको अध्ययन कार्यदल सरकारले बनायो। उक्त कार्यदलले कानूनी तथा संवैधानिक दृष्टिले, प्राविधिक र आर्थिक दृष्टिले तथा राजनीतिक र कूटनीतिक विश्लेषणको आधारमा समेत मूल्यांकन गर्दा टनकपुर बाँध परियोजना सम्बन्धमा नेपाल र भारत बीच सम्पन्न भएको सम्झौता राष्ट्रलाई व्यापक, गंभीर वा दीर्घकालीनरूपमा असर नपर्ने साधारण प्रकृतिको देखिन्छ भनेर सिफारिस गर्‍यो।

सर्वोच्चको फैसला पछि संसदमा पनि यो चर्चित बन्यो। सन्धि हैन समझदारी भएको छ भनेर १ वर्षसम्म संसद, जनता र आफ्नै पार्टीलाई समेत गुमराहमा राख्ने सरकारले अदालतको फैसला पछि सामान्य वहुमतबाट पारित हुने सन्धि भनेर अघि सार्‍यो। प्रतिपक्षी पार्टीको सांसदहरूको दह्रो अडानको कारणले सामान्य वहुमतबाट अनुमोदन गराउने गरी सरकार प्रस्तुत हुन सकेन। आखिरीमा ०४९ साल चैत २४ गते यस विषयमा एउटा टुंगोमा पुग्नको निम्ति सभामुख दमननाथ ढुंगानाको अध्यक्षतामा संयुक्त समिति गठन गरियो। त्यसमा पनि सत्ता पक्षीय सांसदहरूले संविधानको धारा १२६ (२) बमोजिम २ तिहाई बहुमतबाट पारित हुने सन्धि हो भन्ने निचोडमा पुग्न सकेनन्। त्यस समितिका सदस्यहरू नेकपा (एमाले) का भरत मोहन अधिकारी, सी.पी. मैनाली, झलनाथ खनाल, संजमो नेपालका लीलामणि पोखरेल, नेमकिपाका नारायणमान विजुक्छे र राप्रपाका डा. प्रकाश चन्द लोहनीले भिन्न मत दर्ज गराउनु भयो।

आफ्नै पार्टीका सांसदहरूको अनुपस्थितिका कारण ०५१ साल असार महिनामा संसदमा पेश गरिएको धन्यवाद प्रस्ताव पारित नभएकोले तात्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले संसद विघटन र मध्यावधि निर्वाचनको सफारिस गर्नु भयो। ०४८ सालदेखि विभिन्न घुम्ती र चरण पार गर्दै तात्कालीन संसदको विचाराधीन अवस्थामा रहेको टनकपुर सन्धिले पनि अर्कै मोड लिन पुग्यो। ०५१ साल कार्तिक २९ गते भएको मध्यावधि निर्वाचनमा कुनै पनि पार्टीले स्पष्ट बहुमत प्राप्त गर्न नसकेकाले संविधानको धारा ४२(२) अनुसार नेकपा (एमाले) ले संसदको सबभन्दा ठूलो पार्टीको हैसियतबाट सरकार बनायो।

नेकपा (एमाले) को सरकारले टनकपुर लगायत भारतसंगका अन्य तमाम समस्या समाधान गर्ने विषयमा भारतसंग खुला रूपमा कुराकानी अगाडि बढायो। सरकारी स्तरबाट पहिलो पटक १९५० को सन्धि पुनरावलोकन गर्ने विषयमा कुरा उठाइयो र टनकपुरको समस्या समाधान गर्नको निम्ति महाकाली प्याकेजको अवधारणा अगाडि सारियो।तात्कालीन प्रधानमन्त्री मनमोहन अधिकारीको २७ चैत्र २०५१ देखि १बैशाख २०५२ सम्मको भारतको औपचारिक भ्रमणको उपलब्धी बारे चर्चा गर्दै श्री ५ को सरकारले प्रकाशित गरेको २ सय दिनको कार्य प्रगतिको संक्षिप्त बिबरणमा "भ्रमणमा सम्पन्न औपचारिक वार्ता र छलफलबाट सन् १९५० को सन्धिलाई पुनरावलोकन गरी संशोधन गर्ने सम्बन्धमा उपयुक्त तहमा छलफल गर्न भारत सरकारको सहमति तथा महाकाली तथा सीमा नदीलाई समान हितको सिध्दान्तको आधारमा बिकास गर्न दुइ देशले देखाएको सहमति,वम्वई र खांडालामा अतिरिक्त बन्दरगाहा सुबिधा जस्ता कतिपय कुरालाई भ्रमणको उपलब्धीको रूपमा लिन सकिन्छ।" भनिएको छ। यसै गरी ०५१ माघ २३ देखि २७ सम्म तात्कालीन उपप्रधान मन्त्री माधव कुमार नेपालको भारत भ्रमणको बारेमा सोही पुस्तकमा भनिएको छ"उप प्रधान मन्त्रीले नेपाल भारत बाणिज्य तथा पारवहन सुबिधा, टनकपुर, सन् १९५० को सन्धिको पुनरावलोकन,जलश्रोतको बिकास आदि बिषयमा नेपाली पक्षको बिचार स्पष्ट रूपमा राख्नुभएको थियो। त्यस समयमा भएको बिद्युत विकास बारे उक्त पुस्तकमा "पंचेश्वर बहुउद्देश्यीय आयोजनाको नेपाली पक्षद्वारा तयार गरिएको विस्तृत आयोजना

मस्यौदालाई अन्तर्राष्ट्रिय स्तरको परामर्श दातृ संस्थाको विशेषज्ञहरूबाट अध्ययन समीक्षाको कार्य पूरा भएको छ" भनिएको छ।

नेकपा (एमाले) को समयमा अगाडि सारिएको महाकाली प्याकेजको मस्यौदा प्रस्तावमा यसरी उल्लेख गरिएको छ- Both the above barrages are dependent on the water of Mahakali River which is basically a border river between the Two countries and both the countries are entitled to equitable share in its use" (दुवै बाँध (जनकपुर र पञ्चेश्वर) महाकाली नदीको पानीमा आधारित छन्। महाकाली नदी आधारभूत रूपमा सीमा नदी हो, जसको बराबरीको उपयोगको अधिकार दुवै मुलुकलाई छ।

नेकपा (एमाले) को अल्पमतको सरकारको विरोधमा नेपाली कांग्रेस, राप्रपा र सद्भावना मिलेर अविश्वास प्रस्ताव ल्याइयो। उक्त प्रस्ताव पारित भएपछि संविधानको धारा ४२ (१) बमोजिम नेपाली कांग्रेस संसदीय दलका नेता शेरबहादुर देउवाको नेतृत्वमा तीन पार्टीको गठबन्धनको सरकार बन्यो। यसले पनि अघिल्लो सरकारले अगाडि सारेको उक्त प्रस्तावलाई नकार्न सकेन। ०५२ माघ महिनामा तात्कालीन भारतीय विदेशमन्त्री प्रणव मुखर्जीको नेपाल भ्रमणको कार्यक्रम निर्धारित गरिएको थियो। दीर्घकालीन असर गर्ने नेपालको प्राकृतिक स्रोत र सम्पदाको सदुपयोग गर्ने विषयमा सन्धि गर्नको निम्ति संसदको संयुक्त सदनको दुई तिहाई बहुमतको आवश्यकता पर्ने र त्यसको निम्ति तत्कालीन संसदीय संचरनामा नेकपा (एमाले) को समेत सहमति एवं समर्थन जरूरत पर्दथ्यो। अतः प्रतिनिधि सभाका सभामुख रामचन्द्र पौडेलको पहलकदमीमा ०५२ माघ १२ गते नेका, राप्रपा र नेकपा (एमाले) का प्रतिनिधि बीच वार्ता एवं छलफल शुरू भयो र महाकाली पानी उपयोग गर्ने सम्बन्धमा सहमति कायम गरियो। उक्त सहमति पत्रमा नेकपा (एमाले) को तर्फबाट महासचिव माधवकुमार नेपाल र स्थायी समितिका सदस्य के.पी. ओली, नेपाली कांग्रेसको तर्फबाट चिरंजीवी वाग्ले र विमलेन्द निधि तथा राप्रपाको तर्फबाट संसदीय दलका नेता लोकेन्द्रबहादुर चन्द र महामन्त्रीद्वय पशुपति शम्शेर जबरा र प्रकाश चन्द्र लोहनीद्वारा हस्ताक्षर गरिएको थियो। यसै राष्ट्रिय सहमतिका आधारमा नै महाकाली नदीको जल उपयोगको विषयमा नेपालको तर्फबाट भारतसंग सन्धि गर्नका लागि बाटो खुलेको थियो।

तीन पार्टी बीचको राष्ट्रिय सहमति

१. टनकपुर बाँध परियोजना सम्बन्धमा : (क) टनकपुर बाँध परियोजनाको पूर्वी तटवन्धको निर्माणको लागि नेपालले उपलब्ध गराएको करीव २.९ हेक्टर जमीनको अतिरिक्त तटवन्धको लागि प्रयोग गर्न दिइएको नौ गजा क्षेत्रका साथै जलाशयको लागि नेपालको करीव ९ हेक्टर जमीन प्रयोग भएकोले उक्त बाँधबाट सिचाइको लागि पानीको उपलब्धता र विद्युत उत्पादन क्षमतामा बृध्दि भएकोले सो बाँधमा नेपालको योगदान रहेको हुँदा त्यसमा नेपालको हक स्थापित गराई सो वापत
   (अ) नेपालले टनकपुरबाँधबाट सिचाईको विकास हुन सक्ने सिंचित क्षेत्रको अनुपातमा पानी प्राप्त गर्ने प्रावधान राख्ने र हाल प्राप्त हुने भनिएको पानीको परिमाण (१५० क्यूसेक) भन्दा बढी प्राप्त गर्ने तर्फ प्रयास गर्ने।
   (आ) भारतले टनकपूर बाँध परियोजनाबाट उत्पादन गर्ने विद्युत मध्ये नेपालले उपलब्ध गराएको जग्गाबाट विद्युत उत्पादनमा बृद्धि हुन गएकोले सो वृद्धि हुन गएको विद्युतको आधिसम्म विद्युत प्रतिवर्ष, विना मूल्य नेपाललाई उपलब्ध गराउन प्रयत्न गर्ने।

२. शारदा नहर : शारदा नहर कुनै कारणले प्रयोग हुने स्थितिमा नरहेमा त्यहाँबाट प्राप्त हुने पानी टनकपुर बाँधबाट नै उपलब्ध हुने प्रावधान राख्ने।

३. दोधारा चाँदनी क्षेत्रको सिचाई व्यवस्था : नेपालको दोधारा चाँदनी क्षेत्रलाई सिंचित गर्न भारतले शारदा नहरबाट पानी उपलब्ध गराइदिने प्रावधान राख्ने।

४. पंचेश्वर परियोजना सम्बन्धमा : उद्‌गम स्थलदेखि ब्रह्मदेव मण्डीसम्म नेपाल र भारतका बीच सीमा नदी भई महाकाली नदी बग्ने गरकोले : यस क्षेत्रमा यस नदीको पानीको उपयोगमा दुवै राष्ट्रको राष्ट्रिय हितको संरक्षण हुने व्यवस्था गर्ने। यसै तथ्यलाई स्वीकार गरी यस परियोजनालाई देहायको सिध्दान्तको आधारमा संचालन गर्ने
   (क) पंचेश्वर परियोजना कार्यान्वयन गर्दा समान विद्युत क्षमता भएको विद्युत गृह दुवै देशमा स्थापित गर्ने।
   (ख) दुवै देशले त्यस्ता विद्युत गृह संचालन गर्न पानीको परिमाण समानरूपले उपयोग गर्ने व्यवस्था मिलाउने।
   (ग) पंचेश्वर परियोजनाको विकासबाट प्राप्त हुने लाभको अनुपातमा खर्च व्यहोर्ने व्यवस्था मिलाउने।
   (घ) महाकालीनदी सीमा नदी भई बगेको क्षेत्रमा पंचेश्वरलगायत अन्य कुनै परियोजना कार्यान्वयन गर्दा अधिकतम खुद लाभ Maximum Total Net Benefit को सिद्धान्तलाई अनुसरण गर्ने
   (ङ) महाकाली नदीको पानीको प्रयोग गर्ने गरी भविष्यमा निर्माण गरिने कुनै पनि संरचनाहरूको व्यवस्था गर्दा यिनै माथि उल्लेखित आधारहरूलाई सिद्धान्तको रूपमा प्रतिपादित गर्ने।
   (च) महाकालीनदीको पानीको प्रयोग गर्दा दुवै देशले एक अर्काको सहमति लिन पर्ने व्यवस्था गर्ने।

५. अन्यः (क) योजना बनाइदा वा विकास गरिदा नेपालको लागि आवश्यक पर्ने पानीलाई प्राथमिकता दिलाउने।
   (ख) योजनाको संचालनबाट नेपाल र भारतको लागि फाइदाका रूपमा सिर्जना हुने सबै सिर्जित फाइदाहरू विद्युत र उर्जा,सिचाई र बाढी नियन्त्रणआदिको फाइदालाई विश्लेषण गर्ने र फाइदाको अनुपातमा योजनाको लागत दुवै देशले व्योहोर्ने।

सन्धि हस्ताक्षर

राष्ट्रिय सहमतिका बुँदामा आधारित भएर २९ जनवरी १९९६ (०५२ माघ १५ गते) का दिन दुई देशका परराष्ट्रमन्त्रीद्वारा महाकाली सन्धिमा हस्ताक्षर गरियो। त्यस विषयमा त्यतिखेर खासै विवाद भएन। संसदमा प्रतिनिधत्व गर्ने सबै पार्टीहरूले यसको समर्थन गरे। यसलाई नेकपा (एमाले) को २५ औं बैठकले विशेष प्रस्ताव पारित गरी समर्थन गऱ्यो। सन्धि सम्बन्धी नेकपा (एमाले) द्वारा १७ माघ ०५२ को प्रेस

सन्धिको सकारात्मक पक्ष : नेकपा (एमाले) कार्य दलको प्रतिवेदन

(क) टनकपुर परियोजनामा नेपालको समेत योगदान रहेको कुरामा द्विपक्षीय सहमति

(ख) टनकपुर व्यारेजबाट नेपालले प्राप्त गर्ने पानी, विजुली भारतको सदाशयता स्वरूप नभई नेपालको योगदान बापत भएको उल्लेख ।

(ग) टनकपुर बाँधबाट सुख्खायाममा ८.५ क्यूमेक्स (साविक भन्दा ४.२५ क्यूमेक्स बढी) वर्षा याममा २८.३५ क्यूमेक्स (साबिक भन्दा २४.००क्यूमेक्स बढी) पानी नेपालले निरन्तर रूपमा पाउने व्यवस्था

(घ) नेपाली जमीनको योगदान वापत टनकपुर परियोजनाबाट वार्षिक ७ करोड यूनिट विद्युत उर्जा (साविक भन्दा ५करोड यूनिट बढी नेपालले पाउने।

(ङ.) टनकपुर परियोजनामा प्रयोग भएको नेपाली जमीन माथिको सार्वभौमिकताको उपभोगको अधिकार नेपालसंग सुरक्षित रहेको व्यवस्था।

(च) टनकपुर परियोजनाको लागि प्रयुक्त नेपाली भूभाग ७५ वर्षको अवधि तोकेर दिइएको।

(छ) शारदा व्यारेज काम नलाग्ने अवस्थामा टनकपुर व्यारेजबाटै शारदा व्यारेजबाट पाइ आएको पानी नेपालले पाउने।

(ज) दोधारा चाँदनीको लागि १०क्युमेक्स पानी शारदा नहरबाट उपलव्ध हुने।

(झ) शारदा व्यारेज मुनिबाट १० क्यूमेक्स पानी निरन्तर नदीमा छोड्ने व्यवस्था।

(ट) पंचेश्वर योजना पश्चात वढेको आफ्नो हिस्साको पानी टनकपुर या अन्य द्विपक्षीय रूपमा सहमत विन्दुबाट नेपालले लिन सक्ने व्यवस्था।

(ठ) महकाली नदीको पानीको उपयोगमा नेपालको आवश्यकतालाई प्राथमिकता दिइने।

(ड) भविष्यमा वृद्धि हुने पानीका कारण टनकपुर पावर हाउसमा वृद्धि हुन जाने विद्युत उर्जा समेतमा नेपालको हक कायम हुने।

(ढ) पंचेश्वर योजना निर्माणका लागि लाभका आधारमा लगानीको सिद्धान्त मानिएको।

(ण) समानताको आधारमा महाकाली आयोग बनाइने व्यवस्था।

(त) सन्धि वैधानिक प्रक्रिया अनुसार अनुमोदन हुनुपर्ने व्यवस्था ।

(थ) Avoided Cost Principle प्रतिको सहमति ।

(द) महाकाली सम्बन्धी कुनै विवाद उत्पन्न भएमा मध्यस्थताको व्यवस्था।

सन्धिका सम्बन्धमा सुधारिनु पर्ने पक्षहरु

नदीको हैसियत बारे

(क) सन्धिमा महाकाली नदी मूलभूत रूपमा सीमा नदी हो भनी किटानी उल्लेख नभएको त्यसलाई किटानी गरिनु पर्ने।

(ख) सन्धिको प्रस्तावनामा शारदा बाँध निर्माण गर्न जग्गा आदान प्रदान भएको भनी उल्लेख भएको र सो बाँधबाट नेपालले मात्र पानी पाइरहेको कुरा उल्लेख भएकोमा भारतले पनि पानी पाएको कुरा उल्लेख हुनुपर्ने।

(ग) टनकपुर बाँधबाट नेपालले पाउने लाभहरू उक्त योजनामा नेपाली भूमिको प्रयोग भए वापत मात्र नभई लाभ माथिको हक महाकाली नदी सीमा नदी हुनुको कारणले समेत भएको कुरा उल्लेख हुनुपर्ने।

जमीनको लेनदेन बारे :

(घ) शारदा व्यारेजको सन्दर्भमा साटासाट भएको जमीनको प्रसंगमा नेपालको ३६.६७ एकड बढी जमीन भारतमा पर्न गएकोमा त्यसलाई भारतले तुरून्त फिर्ता गर्नु पर्ने।

शारदा व्यारेज र टनकपुर व्यारेज बारे :

(ङ) नेपाली भूभागमा रहेको पूर्वी एफलक्स बण्डले नदीलाई परावर्तित गर्ने समेत काम गरेकोले सन्धिमा त्यसलाई महाकाली नदीको नेपाल तर्फको भंगालोलाई समेत प्रवाह परिवर्तन गर्ने गाइड बण्डको रूपमा उल्लेख हुनुपर्ने।

(च) नेपालले सुख्खा मौसममा दोधारा चाँदनी तथा टनकपुर बाँधको हेडबाट पाउने मनेको पानी ती ठाउँमा आवश्यक पूर्वाधार निर्माण नभएको अवधिसम्म शारदा बाँधको हेडवाट नै लिन पाउने व्यवस्थाको उल्लेख सन्धिमा हुनुपर्ने।

(छ) नदीमा वातवरणीय सन्तुलन व्यवस्था कायम राख्न छोड्ने भनिएको १० क्यूमेक्स पानी टनकपुर बाँधबाट छोडिनुपर्ने र शारदा बाँध मुनि पनि त्यसको अविच्छिन्नता कायम गरिनुपर्ने।

विज्ञप्तिमा "स्वाभाविक रूपले ०४८ पुस ८ मा गिरिजाप्रसादले दिल्लीमा गरेको सम्झौता र ०४९ मा पी.वी. नरसिंह राव काठमाडौं आउँदा गरिएको आंशिक सुधारको सम्झौता भन्दा यो सन्धि गुणात्मक रूपले पनि उन्नत छ र संसदको दुई तिहाई बहुमतद्वारा अनुमोदन गर्न योग्य छ" भनिएको छ। यसैगरी ०५२ माघ २४-२७ मा जनकपुरमा सम्पन्न भएको नेकपा (एमाले) को दोस्रो राष्ट्रिय परिषद्को बैठकले पनि सन्धिको समर्थनमा प्रस्ताव पारित गर्‍यो। उक्त सन्धि नै १२ फेब्रअुरी १९९६ (०५२ माघ २९

(ज) सन्धिमा शारदा बाँधबाट नेपालले पाउने महाकाली नदीको पानीको मात्रा उल्लेख भए झैं भारतले पाउने पानीको मात्रा पनि उल्लेख हुनुपर्ने।

(झ) टनकपुर बाँधबाट नेपालले वर्षा याम (मे देखि अक्टोवर सम्म) मा २२४ क्यूमेक्स तथा सुख्खा याम (नोभेम्वर देखि अप्रैलसम्म) मा४३.५० क्यूमेक्स पानी पाउने र त्यसको लागि आवश्यक हेड रेगुलेटर तथा नेपाल भारत सीमासम्म नहर निर्माण संचालन गर्ने अधिकार नेपालसंग रहनुपर्ने कुरा सन्धिमा उल्लेख हुनुपर्ने। टनकपुरबाट नेपालमा छोडिने पानीको सील लेवल २४१.५ मिटर राखिने व्यवस्था हुनुपर्ने।

सीमाको निर्धारण बारेः

(ञ) महाकालीको उद्‌गम स्थलदेखि नेपाल भारत सीमाको झिलमिलासम्मको सीमानालाई वैज्ञानिक ढंगले अन्तिम टुंगो लगाई आधिकारिक नक्सा तयार गरी सन्धिसंग उक्त नक्सा संलग्न हुनुपर्ने।

(ट) ब्रहमदेवदेखि माथि महाकाली नदीको बीच-बीचमा बनेका टापुहरूको सम्बन्धमा सीमा निर्धारण गर्दा नेपाल भारतले संयुक्त रूपमा उपयुक्त निर्णय गर्नु पर्ने।

पानीको बाँड्फाँड बारे

(ठ) दोधारा चाँदनीलाई दिइने पानीको आपूर्ति सन्धि लागूभएको एक वर्ष भित्र गरिसक्नुपर्ने कुरा सन्धिमा उल्लेख हुनुपर्ने।

(ड) सन्धि अन्तर्गत दुवै पक्षको हक स्थापित हुने पानीको सम्बन्धमा दुवै पक्षले आफ्नो अनुकूल समयमा आवश्यक मात्रामा पानी आफै उपयोग गर्ने वा अर्को पक्षलाई मूल्य लिई दिने वा नदी मै प्रवाहित हुन दिई पुनः उपयुक्त समयमा खिची उपयोग गर्न पाउने हक स्पष्ट कायम रहेको व्यवस्था सन्धिमा उल्लेख हुनुपर्ने।

विद्युत उर्जा विक्री बारेः

(ढ) पंचेश्वरमा उत्पादित नेपालको हिस्साको विद्युत उर्जाको एक भाग नेपालले भारतलाई बेच्ने र भारतले नेपालबाट किन्नुपर्ने कुरा सन्धिमा किटानी उल्लेख हुनुपर्ने र त्यस्तो विद्युत उर्जाको मूल्य तय गर्दा तथा खुद उर्जा लाभको लेखाजोखा गर्दा Avoided cost principle लाई मान्ने कुरा सन्धिमा स्पष्ट उल्लेख हुनुपर्ने।

लाभका आधारमा लगानीको सिध्दान्त बारेः

(ण) लाभका आधारमा लगानीको लेखाजोखा गर्दा पंचेश्वर निर्माण पश्चात शारदाको लोहिया पावर हाउस समेतमा बृद्धि हुने विद्युत उर्जाको लाभलाई समावेश गरिनुपर्ने।

(त) नेपाल र भारत बीचको विद्युत उर्जा सम्बन्धी कारोबार परिवर्त्य विदेशी मुद्रामा हुनुपर्ने ।

सन्धिमा भएका प्राविधिक त्रुटी बारेः

(थ) सन्धिमा टनकपुर बाँधको लागि नेपालले उपलव्ध गराएको भूमि जिमुवामा नभई ब्रहमदेबमा पर्ने हुदा ब्रहमदेब मै जग्गा उपलव्ध गराइएको उल्लेख हुनुपर्ने।

(द) सन्धिमा भएको तथ्यगत त्रुटीलाई सच्याउनुपर्ने तथा अंग्रेजी,नेपाली र हिन्दी पाठ्‌यका बीच भएका भिन्नताहरूलाई हटाई एकरूपता कायम गरिनु पर्ने।

क्षतिपूर्ति वीमा र स्थानीय विकास बारे :

(ध) महाकाली नदीका आसपासका जनताका नौकायन Navigation तथा माछा मार्न पाउने अधिकारको व्यवस्था सन्धिमा हुनुपर्ने।

(न) टनकपुर परियोजनाका सन्दर्भमा क्षति भोग्नुपरेका जिमुवाका ७७ परिवारको घर र ५४ विगाहा जग्गाको क्षतिपूर्ति तथा पंचेश्वर निर्माणका कारण विस्थापित हुन जाने जनताका बारे उपयुक्त क्षतिपूर्तिको व्यवस्था हुनुपर्ने।

विविधः

(प) पंचेश्वर वहुउद्देश्यीय आयोजनाको संयुक्त डी.पी.आर. ले व्यवस्था गर्ने लाभ, दायित्व आदिको बाँडफाँडबारेको सम्झौतालाई नेपालको संयुक्त संसदको दुई तिहाई वहुमतबाट अनुमोदन गराइनुपर्ने।

(फ) सन्धिको धारा २ को प्रस्तावनामा महाकाली सन्दर्भका पुराना सन्धि सम्झौतालाई निरन्तरता दिदै भन्नुको सट्टा स्मरण गर्दै भन्ने उल्लेख गरिनु पर्ने।

(ब) नेपालको कैलाली तथा कंचनपुर जिल्लामा महाकालीबाट सिचाईयोग्य जमीनको सर्भेक्षण गरी सिचाईको लागि आवश्यक हुने पानी पंचेश्वर योजनाको संयुक्त डी.पी.आर.मा निर्धारण गरिनुपर्ने।

(भ) महाकाली नदीको संयुक्त आयोगमा नेपालको तर्फबाट जाने सदस्य तोक्दा राष्ट्रिय सहमतिको आधारमा तोकिनुपर्ने।

(म) दार्चुला जिल्लाको उत्तर पश्चिम क्षेत्रमा भएको सैनिक क्याम्प अविलम्व हटाइनु पर्ने।

गते) नेपालका प्रधानमन्त्रीको भारत भ्रमणको बेला दिल्लीमा प्रधानमन्त्रीस्तरमा पुनः हस्ताक्षर गरियो। यसरी दुई हप्ता पनि नबित्दै एउटै विषयको सन्धिमा परराष्ट्रमन्त्री र प्रधानमन्त्री स्तरमा गरी २ तहमा २ ठाउँमा हस्ताक्षर गरियो।

सन्धि सम्बन्धी संवैधानिक व्यवस्था

नेपाल अधिराज्यको संविधानको धारा १२६ मा सन्धि सम्झौताको अनुमोदनको व्यवस्था गरिएको छ। संवैधानिक व्यवस्था अनुसार सामान्य प्रकृतिको र विशेष प्रकृतिको भनी सन्धि वर्गीकरण गरिएको छ। सामान्य प्रकृतिको सन्धि संसदको सामान्य वहुमतबाट पारित हुन सक्ने र विशेष प्रकृतिको सन्धिको निम्ति संसदको संयुक्त सदनको दुई तिहाई वहुमतबाट अनुमोदित हुनु पर्ने व्यवस्था छ। यसको साथै संविधानमा नै "प्रादेशिक अखण्डतामा प्रतिकुल असर पर्ने गरि कुनै सन्धि वा सम्झौता गर्न नहुने" निषेधात्मक व्यवस्था पनि छ।

उक्त संवैधानिक व्यवस्थालाई कानूनी रूप प्रदान गर्न सन्धि ऐन २०४७ जारी गरिएको छ। उक्त सन्धि ऐन अनुसार "सन्धि व्यवस्था कानून सरह लागू हुने, अर्थात् उक्त सन्धिमा भएका कुरा लागू गर्नको निम्ति छुट्टै कानून बनाउन नपर्ने र प्रचलित कानूनसँग उक्त सन्धि बाझिएमा बाझिएको हदसम्म प्रचलित कानून अमान्य हुने र ततसम्बन्धमा सन्धिको व्यवस्था नै नेपाल कानून सरह लागु हुने भनी दफा ९ मा व्यवस्था गरिएको छ। यसैगरी सन्धि ऐनको दफा १० ले संसदबाट अनुमोदित गर्न नपर्ने सन्धिको हकमा ती सन्धिहरूको सूचना प्रतिनिधी सभा बसेको एक महिनाभित्र जानकारीको लागि पेश गर्नुपर्ने व्यवस्था गरिएको छ। तर केहि खास सन्धिको अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थनको निम्ति धारा ५ मा व्यवस्था गरेपनि कति समयभित्र संसदमा प्रस्तुत गर्नु पर्दछ भन्ने वाध्यात्मक व्यवस्था भने गरेको छैन।

त्यस्तै सन्धि ऐन २०४७ को दफा ३ ले श्री ५ महाराजाधिराज, प्रधानमन्त्री र परराष्ट्र मन्त्रीलाई सन्धिमा हस्ताक्षर गर्ने अधिकारीको रूपमा स्वीकार गरेको भए पनि यस सन्धिमा नेपालको तर्फबाट दुई ठाउँमा दुई तहबाट हस्ताक्षर गरियो।

संविधान, कानून र कूटनैतिक मर्यादाको आधारमा विश्लेषण गर्दा प्रधानमन्त्री र परराष्ट्रमन्त्री तहमा गरिने सन्धिमा अन्तर देखिदैन। श्री ५को सरकारले सन्धिलाई बढी महत्व प्रदान गर्नको निम्ति नै २ तहमा हस्ताक्षर गरेको बताए पनि बढी तहमा हस्ताक्षर गर्दैमा सन्धिले बढी महत्व पाउने हो भने त्यस भन्दा बढी तहमा हस्ताक्षर हुने हो भने अझ बढी महत्व पाउने थियो भन्ने अर्थ लगाउन पनि सकिन्छ। पहिलो पटक गरेको सन्धिमा विश्वास नभएर दोश्रोपटक सन्धिमा हस्ताक्षर गरिएको हो भन्ने अर्थ लाग्न पनि सक्छ।

यो सन्धिमा एक प्रस्तावना सहित १२ धारा छन्। प्रस्तावनामा शारदा बाँध बनाउँदा गरिएको ब्यबस्था, प्रधानमंत्री गिरिजा प्रसाद कोइरालाको भारत भ्रमण र भारतीय प्रधान मन्त्री पी.भी. नरसिंह रावको नेपाल भ्रमणको बेला निकालिएको संयुक्त विज्ञप्तिलाई निरन्तरता दिएको कुरा उल्लेख गरिएको छ। तर नेपालका प्रधानमंत्री मनमोहन अधिकारीको भारत भ्रमणको बेलामा यस बिषयमा के भएको थियो भन्ने बिषयमा सन्धिको भाषा मौन छ।

सन्धिको पहिलो धारा शारदा बाँधसँग सम्बन्धित छ। दोश्रो टनकपुर बाँधसँग सम्बन्धित छ, तेश्रो पंचेश्वर बाँध बनाउने विषयमा सम्बन्धित छ र चौथो धारा दोधारा र चाँदनी क्षेत्रमा छोडिने पानीसँग सम्बन्धित छ। पाँचौं धारा कार्यविधीसँग सम्बन्धित छ र महाकाली नदीको पानीको बाँडफाँड भएको आ-आफ्नो हिस्साको पानी लिने विषयसँग संबन्धित छ। छैठौं धारामा सीमा नदीमा एकलौटी योजना बनाउन नपाइने, सातौं धारा नदीको प्राकृतिक प्रवाह कायम राख्ने , आठौं धारामा महाकाली नदीका सहायक नदीहरूमा आ-आफ्नो इलाकामा अन्य आयोजना बनाउन पाउने विषय समावेश गरिएको छ।

धारा ९ ले महाकाली आयोग बनाउने कुरा उल्लेख गरेको छ। धारा १० महाकालीमा संयुक्त निकाय वा निकायहरू बनाउने उल्लेख गरिएको छ। तर उक्त निकायले भविष्यमा टनकपुरको बारेमा पनि केही बोल्न पाउने वा नपाउने भन्ने बिषयमा मौन छ। धारा ११ मध्यस्थतासंग सम्बन्धित छ। जसका सदस्यहरू १/१ जना हरेक देशले तेश्रो देशको नागरिक राख्न पाउने र तेश्रो ब्यक्ति दुबैको सहमतिको तेस्रो देशको नागरिक हुनुपर्ने ब्यवस्था गरिएको छ। यसले पनि कुनै समस्या सुल्झाउन सकेन भने अन्तर्राष्ट्रिय न्यायालयमा पनि जान पाउने भनिएको छ। धारा १२ मा कुनै एक पक्षले चाहेमा जुनसुकै बेला र अन्यथा हरेक १० बर्षमा यसको पुनरावलोकन गर्ने ब्यवस्था गरिएको छ।

भारतसँग गरिएका सन्धिहरूमा नेपाली पक्ष वारम्बार ठगिएको र जलश्रोतको विकास कसरी गर्ने भन्ने विषयमा नेपालको तुलनामा भारतले लामो गृहकार्य गरेको परिवेशमा यस किसिमका विविध कुराहरू आउनु स्वाभाविक हो। यसका अतिरिक्त प्रशासनिक संयन्त्र र राजनीतिक प्रतिवद्धता वीचमा जे जस्तो सम्बन्ध र विश्वसनीयता भारतीय पक्षले आफ्नो हितको निम्ति देखाएको छ त्यस विषयमा नेपाली पक्ष अझै परिपक्व भएको देखिदैन। जलस्रोत मन्त्री पशुपति शम्शेर जबराका अनुसार- "पाँच दशकको इतिहासमा पूर्णरूपेण नेपालकै भू-भागमा बग्ने नदीमा अनेकन असमान प्रकारका सन्धिहरू नेपालले भोग्दै आएको परिप्रेक्ष्यमा वर्तमान सन्धिले सीमा नदीमा समेत जलश्रोतको बराबरीको आधारमा बाँडफाँड हुने सिद्धान्त कायम गरेको छ। दुई दशकको प्रयास पछि पहिलो पल्ट सिंचाई तथा बाढी नियन्त्रणको लाभ र मूल्याङ्कन गर्न हिन्दुस्तानलाई मनाउने काम भएको छ। महाकाली नदीको सम्पूर्ण पानीमा नै समान हक रहने छ"। मन्त्री राणाले संयुक्त सदनको वैठकमा व्यक्त गर्नु भएको सो वक्तव्यबाट पनि बिगतमा भएका नदीनाला सम्बन्धी सन्धिहरू बारे एक झलक प्रस्तुत गरेको छ,।

सन्धि सम्बन्धी विवाद

नेपालका प्रधानमन्त्री देउवा सन्धिमा हस्ताक्षर गरी दिल्लीबाट फर्केपछि नेपालमा यसको बारेमा विविध कोणबाट

प्रश्न उठ्न थाल्यो। विभिन्न व्यक्तिहरूबाट आ-आफ्नो किसिमबाट यसबारे टिप्पणी व्यक्त गर्न थालियो। सन्धिका विषयमा अध्ययन गर्नको निम्ति संसदको प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले) ले स्थायी समितिका सदस्य के. पी. ओलीको संयोजकत्वमा ०५२ चैत २८ गते महाकाली सम्बन्धी अध्ययन कार्यदल बनायो।

अध्ययन कार्यदलले ०५३भदौ १७ गते आफ्नो प्रतिवेदन केन्दीय कमिटीमा प्रस्तुत गऱ्यो। पार्टी केन्दीय कमिटीको २८ औं वैठकमा एक हप्तापछि एउटै मात्र एजेण्डामा छलफल चल्यो। उक्त अध्ययन कार्यदलको प्रतिवेदनलाई केन्द्रीय कमिटीले स्वीकार गऱ्यो। प्रस्तुत सन्धि अनुमोदन पूर्व श्री ५ को सरकार र भारत सरकार बीच पत्राचार एवं वार्तालाप गरी त्यसको मूल्यांकन पछि सन्धि बारे आफ्नो मत जाहेर गर्ने निर्णय गऱ्यो। उक्त अध्ययन कार्यदलले सन्धिको मूल्यांकन गरी यसमा उपलब्धी वा सकारात्मक पक्ष र नकारात्मक पक्षको प्रतिवेदन सार्वजनिक गऱ्यो।

सन्धिले महाकाली नदीको स्वामित्व पक्ष, आर्थिक तथा विद्युत सम्बन्धको पक्ष, सिचाई सुविधाको पक्ष र शारदा वाँधा र नेपाली भू-भागको पक्षमा नेपालको हित राम्ररी सुरक्षित गर्न नसकेकोले प्रस्तुत सन्धिमा "राष्ट्रघात" भएको हुँदा महाकाली सन्धि खारेज गर्न र सन् १९२० को सट्टापट्टा भएको जमीनको वास्तविकता नेपाली जनता समक्ष प्रस्तुत गर्ने माग राखी महाकाली आन्दोलन प्रतिरोध समितिले ०५३ जेठ १७ (३० मई १९९६) मा प्रधानमन्त्रीलाई ज्ञापनपत्र दियो।

महाकाली सन्धिको विषयलाई लिएर राजधानीमा पटक-पटक विरोध प्रदर्शन र धर्ना तथा नेपाल बन्द र उपत्यका बन्द जस्ता कार्यक्रमहरू भए। यसै क्रममा सर्वप्रथम ०५३ भदौ ५ गते उपत्यका बन्द कार्यक्रम आयोजना गरिएको थियो। यस कार्यक्रममा महाकाली सन्धिको अतिरिक्त अन्य विषयलाई पनि अघि सारिएको थियो। बन्द कार्यक्रम राष्ट्रिय जनआन्दोलन संयोजन समितिले आह्वान गरेको थियो। यस क्रममा पूर्व प्रधानमन्त्री मातृका प्रसाद कोइराला, किर्तिनिधि विष्ट र श्रभिद्र शर्मा, पूर्व सांसद लिलामणि पोखरेल लगायतका नेताहरूको सहभागिता भएको थियो। त्यस्तै भदौ २८ गते, असोज ५ गते नेपाल बन्दको आह्वान गरिएको थियो। ०५३ भदौ ३० गते पनि महाकालीको विरोधमा उपत्यकामा एक विरोध जुलुस प्रदर्शन भएको थियो। त्यस्तै केही कम्युनिष्ट समूहले मेची महाकाली अभियान संचालन गर्दै महाकाली सन्धिको विरोध जनाएका थिए।

यो सन्धि संसदको संयुक्त अधिवेशनबाट अनुमोदन हुनु अघि र पछि पनि विवादै विवादमा अल्झिएको छ। सन्धि संसदबाट अनुमोदन भए पनि यसको बिरूद्ध सर्वोच्च अदालतमा मुद्दा परेको छ।भबिष्यमा अदालतले कस्तो फैसला गर्ने हो केही भन्न पनि सकिंदैन।

महाकाली नदीको हैसियत

महाकाली नदीको स्थितिलाई नै विवादको विषय बनाउन खोजेको देखिन्न। नेपालको पश्चिम सीमा महाकाली नदी हो भन्ने विषयमा खास विमति रहेको पाइदैन तर त्यो खुट्याउने, बुझ्ने र बुझाउने विषयमा भने निकै अन्तर पाइन्छ। सुगौली सन्धिको दफा ५ को (The Rajah of Nepal renounces for himself,his heirs and successors all claim to of connection with the countries lying the west of the river Kali and engages never to have any concern with those countries of The inhibitants there of. यहाँ प्रयुक्त शब्दावली west of the river Kali) वाक्यांशले काली नदीदेखि पश्चिमको भू-भागमा मात्र नेपालले आफ्नो स्वामित्व छोडेको अर्थ्याउन खोजिएको छ। यस अनुसारको नेपाली स्वामित्व निर्धारण गर्नको निम्ति दुई देश बीच सीमा स्तम्भ निर्धारण गरिनु पर्दथ्यो। यो काम भए नभएको विषयमा अहिलेसम्म केही कुरा प्रकाशमा आएको छैन। यसै गरी सन् १८६० मा भएको प्रत्यावर्तन सन्धिको दफा ३ मा (The boundary line Surveyed by the British commissioners appointed for they purpose extending eastward from The River Kali of Sarada to the foot of the hills north of Bagora Tal and marked by pillars,shall hence forth be the boundary between the British province Oudh and the territories of Maharajarh of Nepal) उल्लेख गरिएकोले महाकाली नदीलाई उनीहरूले दावी गरेको देखिन्छ। अहिलेसम्म पनि सीमा निर्धारणको विषयमा सुगौली सन्धि र प्रत्यावर्तन सन्धि बाहेक अर्को कुनै सन्धि भएको छैन यसै विषयमा बिगतमा के कसो भएको थियो भन्ने बारेमा प्रकाश पार्दै डा. सुरेन्द्र के. सी. लेख्नुहुन्छ- "सन् १८६१ मा पूर्वी नेपालको इलाम सिक्किमको फाटुलदेखि पश्चिम ब्रह्मदेव मण्डीसम्म कुल ८९४ स्तंभ कायम गरिए पश्चात नेपालको पूर्व पश्चिम सीमाना कायम हुनपुग्यो। तर अपवादस्वरूप जंगवहादुर कै समयमा पनि दुई देशबीच सीमावर्ती क्षेत्रमा सानातिना समस्याहरू उठिरहने गरेका थिए। त्यस क्रममा पहिलो समस्या मोन्दिया घाटदेखि वनवासा घाटसम्मको महाकाली नदीमाथि क्षेत्राधिकार विषयमा उत्पन्न भयो। ई. सन् १८६२ मा उत्पन्न भएको यो समस्यामा दुवै पक्षले पूरा महाकाली नदी माथि आ-आफ्नो दावा प्रस्तुत गर्नाले शुरू भएको थियो र अन्ततः नदीको बीच धारलाई दुवै देश बीचको सीमा रेखा मानी सम्बन्धित पक्षको तटवर्ती क्षेत्र तर्फ संबन्धित राष्ट्रको हक कायम मानिने निर्णय दुबैलाई स्वीकार्य भएकाले समस्याको समझदारीपूर्ण ढंगबाट समाधान भयो।"

महाकालीको मुहान र यसको हैसियत यस सन्धिको सबभन्दा पेचिलो सवाल हो। महाकाली देशको पश्चिम सीमा भएपनि महाकालीको मुहान कुन हो भन्ने अहिलेसम्म पनि आधिकारिक सरकारी धारणा सार्वजनिक भएको छैन। दार्चुला जिल्ला भारतसँग मात्र जोडिदैन, यसले चीनको स्वशासित क्षेत्र तिब्बत पनि छुने भएकोले त्यस क्षेत्रको सामरिक महत्व पनि आफ्नो ठाउँमा छँदैछ। सन् १९६०-६२ को चीन भारत सीमा विवाद हुँदा यस क्षेत्रमा भारतीय भूमिबाट

आएका सैनिकले चीनको स्थितिको अध्ययन गर्नको लागि अस्थायी अड्डा जमाउन शुरू गरे र कालान्तरमा त्यसलाई स्थायी सैनिक क्याम्पमा परिणत गरे। यसको निम्ति विगतमा गरिएको सर्भेक्षण, ऐतिहासिक दस्तावेज आदिको अध्ययनको आधारमा टुंगोमा पुगिनु पर्दछ। यस विषयमा केही समय यता गरिएको खोज अनुसन्धानबाट लिम्पियाधुराबाट आएको कुटीयाङ्दी नदी नै महाकाली हो र यसलाई पुष्टि गर्न शौका भाषामा कुटी याङ्दी भनेको काली नदी वा कालो खोलो भन्ने तर्क अघि सारिएको छ। यहाँ बग्ने पानी पनि कालो भएकाले यसलाई कालो खोलो भनिएको हो भन्ने आधार दिएको पनि पाइन्छ। यस विषयमा सरकारले विगतका ऐतिहासिक तथ्य, नक्सा र कागज पत्रहरू सार्वजनिक गरी जनतालाई यथार्थ जानकारी दिनु पर्छ। सुगौली सन्धि सम्पन्न भएको १८० वर्ष र प्रत्यावर्तन सन्धि भएको १४० वर्ष पुग्न थाल्दा पनि दक्षिणतर्फको सीमा स्तम्भ बारे निश्चिन्तता नहुनु दुःखद बिडम्वना बनेको छ। यो कुरा दुवै देशका सरकार र जनताको पनि हितमा छैन।

यस सन्धिमा, विगतको तुलनामा टनकपुरमा पानी र बिजुलीको मात्रात्मक वृद्धि भए पनि गुणात्मक वृद्धि हुन सकेन भन्ने भनाई पनि रहेको छ। सन्धिको धारा-३ पञ्चेश्वर परियोजनासंग सम्बन्धित छ। सन्धिमा अधिकतम खुद लाभ प्राप्त गर्ने उद्देश्यले परियोजनाको डिजाइन गरिने छ भनिएको छ।

पानीको बाँडफाँडको बिषयमा पनि निकै विवाद रहेको छ। सिध्दान्ततः पानीको उपभोग्य उपभोगको सिद्धान्तमा प्रतिकूल असर नपर्ने गरी महाकालीको पानीमा समान हक लाग्ने छ। प्रस्तुत सन्धिको निकै विवादास्पद धारा यही हो। नेपालले पाउने पानीको हिस्सा ४ प्रतिशतदेखि ४१ प्रतिशतसम्म हुन सक्छ र अरू पानीमा भारतले अग्राधिकारको दावी गर्न सक्छ भन्ने जलश्रोत विज्ञ दीपक ग्वालीका अनुसार यस धाराको सात किसिमको अर्थ लाग्छ।

यस सन्धि बारे जलश्रोत बिशेषज्ञ रामेश्वर मान अमात्य लेख्नुहुन्छ " महाकाली नदीलाई सीमा नदी मानिनु पर्छ, टनकपुर परियोजनालाई सीमा नदी कै एउटा भंगालोमा बनाइएको परियोजना मानिनु पर्छ, सीमा नदीमा बनेका परियोजनाको लगानी पनि आधा आधा हुनु पर्छ र हक र लाभ पनि आधा आधा हुनु पर्छ। नेपालले तत्काल लगानी गर्न सक्तैन भने जुन बिजुली र पानीमा हाम्रो आधा हक लाग्छ, त्यही भारतलाई बेचेर किस्ताबन्दीमा तिर्दै जान सकिन्छ। तिरि सकेपछि त्यो फेरी हाम्रो उपभोगमा आइहाल्छ।" उहाँका अनुसार " पानी पनि बजारयोग्य बस्तु भएकोले हाम्रो देशको अपार प्राकृतिक जलश्रोतलाई हामीले उपभोग गर्न नसक्ने हुँदा भारतलाई पानी अत्याबश्यक भएको परिप्रेक्ष्यमा भारतलाई हामीले बेच्न पर्ने मुख्य कुरा भनेको बिद्युत हैन कि बरू पानी नै हो, भारतलाई पानी बेचेर नेपालको पानीलाई बजार बिनिमय बस्तुको रूपमा प्रयोग गरिनु पर्छ र नेपालको आय आर्जनको प्रमुख श्रोत पनि यही हो र बिद्युत उत्पादन गरी बेच्नु पनि जलश्रोतको बिकास हो तर जलश्रोतको बिकास भनेको बिद्युत उत्पादन गरी बेच्नु मात्र हैन।"

प्रधानमंत्री देउवाले नेकपा (एमाले) लाई २०५३ भदौ २६ गते लेख्नु भएको एक पत्रमा " नेपालले आफ्नो हिस्साको केही पानीको हक छोडी भारतलाई उपयोग गर्न दिन पनि सक्छ, तर यसको लागी बेग्लै सन्धि आवश्यक हुन्छ " भन्नु भएको छ। सन्धि पारित गर्नु अगाडि संयुक्त सदनमा जलश्रोत मंत्रीले दिएको स्पष्टीकरण जवाफमा सन्धिको धारा ३ संग संबन्धित पानीको उपभोगको संबन्धित पत्राचारको ३(ख) को ब्याख्याको बिषयमा स्पष्ट पार्दै "महाकाली नदीको पानीमा आ-आफ्ना बिद्यमान उपभोग्य उपभोगमा प्रतिकूल असर नपर्ने गरी दुबै देशको समान हक रहनुको अर्थ महाकाली नदीको संपूर्ण पानीमा नै समान हक रहने नै हो भन्ने श्री ५ को सरकारको अडानलाई पुनः यहाँ राख्न चाहान्छु ।यससंग बाझिने पहिले प्रस्तुत गरिएको ब्याख्या स्वतः अमान्य भएको कुरा पनि जानकारी गराउछु" भन्नु भएको छ।

पंचेश्वर परियोजना बिश्व कै ठूलो मेघा जल बिद्युत परियोजना मध्ये एक हो। यो परियोजना ठूलो हाइ डयाम (उच्च बाँध) बनाएर धेरै बिजुली निकाल्ने र अरबौं डलर खर्च हुने परियोजना हो। यस किसिमका ठूला जलबिद्युत परियोजना शुरू गर्दा धेरै कुरा ख्याल राख्नु पर्छ । सबभन्दा ठूलो कुरो यसको स्थायित्व र यसबाट पर्ने प्रभावको बारेमा सोच्नु पर्छ। अहिले कैयौ मुलुकहरू ठूला परियोजना शुरू गर्दाका पीडाले छट्पटिएका छन्। यसका साथै भौगर्भिक, बातावरणीय, प्राकृतिक र सामाजिक जनजीवनमा पार्ने प्रभावको बारेमा पनि सोचिनु पर्छ। आर्थिक ,भौतिक र प्राबिधिक दृष्टिकोणले यो कस्तो खालको परियोजना हो भन्ने बिषयमा नेपालसंग स्पष्ट जानाकारी छैन । यसको साथै भारतले यसलाई कुन रूपमा बनाउन खोजेको हो भन्ने कुरामा पनि सरकारले स्पष्ट जानाकारी गराउन सकेको छैन। त्यहाँ बनाइने बाँध निकै ठूलो भए पनि त्यसको उचाइको बारेमा पनि दुइ देश बीच एकमत कायम हुन सकेको छैन ।

कतिपय ब्यक्तिहरू धारा-५ मा उल्लेखित कुरा नै प्रस्तुत सन्धिको सबभन्दा विवादास्पद धारा हो किन कि पानीको बिषयमा नेपालले प्राथमिकता पाउने भनेर लेखिनु भनेको नेपालले प्रयोग गर्न नसकेको पानीमा भारतको दाबी सुरक्षित गरिदिनु हो भन्दछन्। सन्धिको अर्को आलोच्य पक्ष सन्धि सम्पन्न भै सकेको छ तर डी. पी. आर.को अत्तोपत्तो नहुनु नै हो। यस वषयमा दुई देश बीच सहमति कायम हुन सकेन भने सन्धिको अवस्था कस्तो हुने हो भन्न सकिदैन।

महाकाली नदीको उद्‌गम स्थलको निर्णय, सीमा निर्क्योल र नेपाली भूमिमा भारतीय सैनिक एवं प्रहरीको उपस्थितिको अन्त्य जस्ता विषय र यसको लागत तथा उत्पादन खरीद बिक्रीको स्पष्ट ब्याख्या व्यवस्था गरी सन्धि सम्पन्न भएको भए स्वाभाविक रूपबाट यो सन्धि अझ उपलब्धीपूर्ण हुने थियो।

कंचनपुर जिल्लाको पश्चिम दक्षिणमा पर्ने दुईवटा गाविसहरू, दोधारा र चाँदनीलाई पूर्वतर्फबाट घेरेर महाकाली नदी बगेको छ। त्यस ठाउँमा नेपालको सिमाना नदी पारीसम्म पुगेको छ। त्यसैले महाकाली नदीलाई मुख्य धारहरूमा सीमा

नदी भनी सन्धिमा उल्लेख गरिएको छ। तथापि यो विषयलाई पनि सन्धि विरोधीहरूले आलोचनाको विषय बनाएको पाइयो।

यी कमी कमजोरी बाबजुद प्रस्तुत सन्धिमा केही नयाँ उपलब्धीहरू पनि छन्। महाकाली आयोग, मध्यस्थता सम्बन्धी व्यवस्था, अन्तर्राष्ट्रिय न्यायालयबाट समस्याको समाधान गर्ने प्रतिबद्धता र कुनै एक पक्षले चाहेको अवस्थामा जुनसुकै बेला र अन्यथा सामान्यतया हरेक १० वर्षमा प्रस्तुत सन्धिको पुनरावलोकन गर्ने व्यवस्था यसका उपलब्धी हुन्।

टनकपुरदेखि सन्धि अनुमोदनसम्मका प्रक्रिया र गतिविधिको विवेचना गर्दा प्रतिपक्षमा रहदा एक किसिमको विश्लेषण र सत्तापक्षमा परिवर्तित हुना साथ स्वर बदलिएको पनि देखियो। टनकपुर समस्या समाधान गर्न गठित संसदीय समितिमा रहनुभएका प्रकाश चन्द्र लोहनीले महाकाली नदीलाई आधारभूत रूपमा सीमा नदी हो र टनकपुरको समस्या समाधान गर्दा पंचेश्वरसंग यसलाई मिसाउन हुँदैन भन्ने आफ्नो भिन्न मत दर्ज गराए पनि आखिरीमा एकीकृत विकासको नाममा एउटै पेटारोमा राखेर सन्धिमा हस्ताक्षर गर्नु भयो। यसको कारण देशको जल संपदाको उपयोग र समस्या समाधान गर्ने विषयमा राष्ट्रिय नीति बन्न नसक्नु हो।

संसद भित्र वा बाहिरका राजनीतिक पार्टीहरू, सचेत बुद्धिजीवीहरू, प्राविधिक एवं कूटनैतिक व्यक्तिहरू समेत महाकाली सन्धिको पक्ष वा विपक्षमा देखा परे। यस कुरालाई स्वयं प्रधानमन्त्री देउवाले सन्धि अनुमोदित पछि संसदमा व्यक्त गर्नु भएको "मैले शतप्रतिशत ठीक गरेकोछु भन्ने दावा पनि छैन, सबैको सहमतिले अगाडि बढ्दाखेरी, राष्ट्रिय हितका लागि प्रयास गर्दा, सुधारिन सकिने कमीकमजोरीहरू मानिसबाट हुन्छन्। केही कमजोरी छैनन्, छुटेका छैनन् भन्ने मेरो दावा छैन। नेपालको प्रधानमन्त्रीको हैसियतले कुनै पनि मित्रराष्ट्रसंग कुरा गर्दा काम गर्दा राष्ट्रिय हितको ध्यान राख्ने कुराको संसद बाहिर पनि जो आवाज उठेको छ त्यसको कदर गर्नेछु, कुनै कसर बाँकी नराख्ने कुरा सभामुख महोदय मार्फत म सदनमा विश्वास दिलाउँदै सदन मार्फत बाहिर चिन्ता व्यक्त गर्नेहरुलाई म आश्वस्त पार्न चाहन्छु।" भन्ने अभिव्यक्तिले पनि पुष्टी गरेको छ।

विश्वको दोस्रो गरीब राष्ट्र भए पनि विश्वकै संसारको दोश्रो जलश्रोतको धनी राष्ट्मा ७ हजार मेगावाट विजुली उत्पादन हुने परियोजनामा अकुत धनराशि खर्च हुने छ। त्यसको सुरक्षा र उपयोग पनि कुनै एक दुई मुलुकको मात्र चिन्ताको विषय नभएर छरछिमेकी तथा दातृ राष्ट्रहरुको समेत चिन्ताको विषय बन्न सक्छ। यसै सन्दर्भमा नेपालको संसदले सन्धि अनुमोदन गरे पछि सम्पन्न चिनिया राष्ट्पतिको नेपालको राजकीय भ्रमणको समयमा ०५३ मंसीर १९ गते काठमाण्डौ विमानस्थलमा उत्रदा पत्रकार समक्ष दिएको आफ्नो लिखित वक्तव्यमा नेपाल चीन सम्बन्ध साझा हिमाल र साझा नदीले जोडेको छ भन्ने उल्लेख गरिएको छ। चीनका उच्च नेताबाट पहिलो पटक नेपाल चीन सम्बन्ध साझा नदीमा आधारित छ भन्ने अभिव्यक्ति सार्वजनिक गरिएकोछ। यसबाट पानीको मूल्य र महत्व प्रति चीन पनि आकर्षित भएको देखिएको छ।

भारतसंग बिगतमा गरिएका ठूला नदी गण्डक तथा कोशी सम्झौतामा कायम रहेको अवधिको तुलनामा यसमा कम समयको निम्ति सन्धि गरिएको छ र यसको पूर्णावधि ७५ वर्ष मात्र छ। यसै गरी प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाद्वारा सहमतिको नाममा गरिएको टनकपुरको सन्धिमा त्यस्तो कुनै अवधि नै तोकिएको नै थिएन। तर सन्धि अवधि समाप्त भएपछिको दायित्व पनि कहाँ कसरी व्यवस्थित हुने हो भन्ने विषयमा कुनै स्पष्टता र आधार एवं जवाफ छैन। यसको साथै आ-आफ्नो क्षेत्रमा निर्माण गरिने विद्युत गृह संचालनको दायित्व, जिम्मेवारी र मर्मत संभारको व्यवस्था र दायित्व कसले बोक्ने हो भन्ने विषयमा पनि यो सन्धि मौन नै रहेको पाइन्छ।

पंचेश्वरको बारेमा भारतीय पक्षबाट विगत २ दशक अघिदेखि अध्ययन भैरहेको छ र त्यसको बहुपक्षीय उपयोग कसरी गर्न सकिन्छ भन्ने विषयमा विविध कोणबाट विश्लेषण गरी यसको विस्तृत परियोजना प्रतिवेदन भारतले तयार गरिसकेको छ। यसको तुलनामा नेपाली पक्षबाट ठोस आधार तयार गरेको पाइदैन। महाकालीको पानीको प्रयोगको विषयमा नेपालको भौगोलिक बनोट, जलाधार र जलप्रवाहको गति आदिको विश्लेषण गर्दा भारतले जे जति फाइदा लिन सक्छ त्यति नेपालले पाउन नसक्ने कुरामा भने कुनै विवाद नै छैन।

यो सन्धिले नेपालको सीमा निर्धारण गर्ने विषयमा पनि लिखित प्रतिबद्धताहरू व्यक्त गरेको कुरा पनि उठेका छ। पंचेश्वर परियोजनाको लागत नेपालको हालको वार्षिक बजेटको आधारमा करीब ५ वर्ष बराबरको हुन सक्छ। यस परियोजनाको विस्तृत परियोजना प्रतिवेदन (DPR) बनाउदा पुनः संसदको दुई तिहाई बहुमतबाट अनुमोदित हुनुपर्ने भएकोले यसलाई सामान्यतया सैद्धान्तिक सन्धिको रूपमा मात्र हेरिएको पनि पाइन्छ। सन्धि अनुमोदन पूर्व श्री ५ को सरकारको तर्फबाट प्रधानमन्त्री देउवाले नेकपा (एमाले) लाई लेखेको एक पत्रमा नेपालको हिस्साको बढी पानी भारतले प्रयोग गर्न खोज्दा वा नेपालले प्रयोग गर्न दिंदा पनि पुनः सन्धि गर्नु पर्ने कुरा उल्लेख गरिएको छ। त्यसैले यस सन्धिबाट सबै कुरा गुमिसक्यो भन्नु र यस सन्धिको बारेमा अब हामीले गर्नु पर्ने कुरा केही बाँकी छैनन् भन्नु दुवै अतिरंजित अभिव्यक्ति हुन्।

संसदको दशौं अधिवेशनमा सरकारको तर्फबाट साउन ४ गते भारतसंग भएको महाकाली सन्धि संसदमा पेश गरियो। शाही संबोधन मार्फत सरकारबाट प्रस्तुत गरिने नीति तथा कार्यक्रममा नै उक्त अधिवेशनमा अनुमोदनका लागि पेश गरिने कुरा व्यक्त गरिएको थियो।

यसै बीच महाकाली सन्धिलाई नेपालको तर्फबाट अनुमोदन गर्ने वा नगर्ने विषयलाई लिएर ०५३ भदौ २६ गते संसदको संयुक्त बैठक बस्यो। यसै बैठकमा महाकाली सम्बन्धी सन्धि २७ गते नै निर्णायर्थ संसदमा प्रस्तुत गर्ने निर्णय गरियो। सदनको यस बैठकमा नेकपा (एमाले) आफ्नो पार्टीको कार्यदलले निकालेको निष्कर्षलाई अघि सार्दै आफ्नो अडानमा कायम रह्यो।

अध्ययन कार्यदलले दिएको निचोडमा आधारित

भएर श्री ५ को सरकार र भारत सरकारसंग गरिएको पत्राचार र वार्तालाप पश्चात ०५३ भदौ २९ गते बसेको नेकपा (एमाले) केन्द्रीय कमिटीको बैठकले "महाकाली सन्धिलाई संसदको संयुक्त समितिमा लगी थप अध्ययन छलफल पछि निर्णय प्रक्रियामा लगिनुपर्ने, सरकारले बलजफ्ती आजै उक्त सन्धिलाई अधिवेशनबाट पारित गर्ने निर्णय गरेर हाम्रो अनुरोधलाई अस्वीकार गरेमा नेकपा (एमाले) का सांसदहरूले सन्धि अनुमोदन नगर्ने गरी मतदान गर्ने छन्" भनी आफ्नो निर्णय सार्वजनिक गर्‍यो।

यसैगरी महाकाली सवन्धमा अध्ययन गर्नको निम्ति नेकपा (एमाले) द्वारा गठित अध्ययन कार्यदलको प्रतिवेदन केन्द्रीय कमिटीमा पेश गरे पछि २०५३ भदौ १९ देखि २४ गते सम्म बसेको पार्टी केन्द्रीय कमिटीको २८ औं बैठक पछि गरिएको सर्वसम्मत निर्णयमा पनि नेपाल भारत सम्बन्धलाई अझ सुमधुर र विकसित बनाउन गर्नु पर्ने कुराहरू किटान गरिएको छ।

क. सन् १९५०को सन्धि पुनरावलोकन गर्ने।
ख. नेपालको निम्ति वैकल्पिक पारवहनको निम्ति भारतले बंगलादेशसम्म नेपालको निम्ति उपयुक्त बाटो दिने।
ग. नेपाल भारत बीच सम्पन्न हुने पारवहन सुविधा सन्धिलाई लामो अवधिको लागि गर्ने।
घ. नेपालको तराई क्षेत्रमा रहेको सिचाईको आवश्यकतालाई परिपूर्ति गर्न बनाइने योजना र परियोजनाहरूमा भारतले बाधा विरोध नगर्ने।
च. नेपाल भारत बीच सीमाना अविलम्व वैज्ञानिक ढंगले व्यवस्थित गर्ने।
छ. भूटानी शरणार्थीहरूको समस्या समाधानमा भारतले सहयोग उपलब्ध गराउने।
ज. भारतले नेपाललाई समुद्र सम्म पुग्ने जलमार्ग दिने।

एमालेले उठाएका ती विषयहरूमा प्रधान मन्त्री शेरबहादुर देउवालाई पत्र लेखेको र प्रधानमन्त्रीले नेपाल सरकारको धारणा स्पष्ट पारेको तथा १० सेप्टेम्बर एवं १९ सेप्टेम्बर १९९६ को भारतीय राजदूतको पत्रमा पनि नेपाली पक्षले उठाएका सवालमा सकारात्मक दृष्टिकोणले हेर्ने र सहमतिमा पुग्ने कुरा उल्लेख गरिएकोछ।

यसै गरी नेकपा (मसाल) र नेपाल मजदूर किसान पार्टीले प्रस्तुत सन्धिलाई राष्ट्घाती भन्दै विरोध गरेको पनि पाइन्छ र उक्त पार्टीका प्रतिनिधिहरू महाकाली सन्धि प्रतिरोध आन्दोलन २०५३ मा संगठित भएका छन्। नेकपा (मार्क्सवादी), नेकपा (माओवादी) ,नेकपा (एकता केन्द्र) , कम्युनिष्ट लीग ,नेकपा मालेमा लगायतका वामपन्थी पार्टीहरू प्रस्तुत सन्धिको विपक्षमा रहे। ती मध्ये केही पार्टीहरू महाकाली सन्धि प्रतिरोध आन्दोलनमा संमिलित र संगठित छन् भने केही छैनन्।

०५३ भदौ २९ गतेको संयुक्त बैठक पश्चात असोज ४ गते सम्मको लागि संसदको अधिवेशन स्थगित गरियो। यसै बीच सरकार र सरकार मार्फत भारतीय राजदूतावासबाट प्राप्त पत्रको बारेमा छलफल गर्नको निम्ति बसेको नेकपा (एमाले) को २९ औ बैठकले बहुमतबाट चालु अधिवेशनमा नै सन्धि अनुमोदन गर्ने निर्णय गर्‍यो। उक्त निर्णय पार्टीको केन्द्रीय कमिटीमा मतदान मै बहुमतको आधारमा भएको थियो।

सन्धि अनुमोदन प्रक्रियामा नै नेकपा (एमाले) का महासचिव एवं राष्ट्रिय सभामा विपक्षी दलका नेता माधव कुमार नेपालले संसदको संयुक्त सदनमा वोल्दै "महाकाली नदी मूलतः सीमा नदी भएको, महाकाली नदीको पानीमा दुवै पक्षको समान हक रहने, पंचेश्वरमा उत्पादित विद्युत उर्जाको केही अंश नेपालले भारतलाई बेच्ने र भारतले किन्ने एवं विद्युत उर्जाको मूल्य एभ्वाइडेड कष्ट प्रिन्सिपलको आधारमा निर्धारित गर्ने, विस्तृत परियोजना प्रतिवेदन बनाउदा सर्व पक्षीय समितिमा राष्ट्रिय सहमतिको आधारमा व्यक्तिहरूको चयन गर्ने, नेपाल भारत बीचको समग्र पश्चिमी सीमानालाई निश्चित अवधि भित्र वैज्ञानिक रेखांकन गरी दार्चुला जिल्लामा रहेको भारतीय सैनिक चौकी हटाउने जस्ता कुरामा श्री ५ को सरकारलाई भारतीय पक्षबाट राजनीतिक प्रतिबद्धता प्राप्त भएको छ।" भन्नु भएको थियो।

असोज ४ गतेका दिन बसेको संसदको संयुक्त सदनको अधिवेशनमा ८ मतका विरूद्ध २२० मतद्वारा संवैधानिक प्रक्रिया पूरा गरी सन्धि अनुमोदित भयो। ३१ जना सांसदले मतदानमा भाग लिएनन्। मतदानमा भाग नलिने सांसदहरूमा नेकपा (एमाले) का २६ जना, मनोनित ४ र राप्रपा का १ जना थिए। नेकपा (एमाले) का अध्यक्ष एवं प्रमुख प्रतिपक्षी पार्टीका नेता मनमोहन अधिकारी विरामी भै अस्वस्थ्य हुनु भएकोले असोज ४ गतेको पार्टी केन्द्रीय कमिटीको बैठकमा र सन्धि अनुमोदन सम्बन्धी संसदको संयुक्त अधिवेशनमा अनुपस्थित हुनु भएको थियो।सन्धिको बिपक्षमा मतदान गर्ने ८ सांसदहरूमा नेमकिपाका ३ सांसद,नेकपा (एमाले) का ३जना र नेकपा (मसाल) समर्थित २ स्वतन्त्र सांसदहरू थिए।

नेकपा (एमाले) का महासचिव माधवकुमार नेपालले संसदमा राख्नु भएको उक्त प्रस्तावलाई सरकारको तर्फबाट स्वीकार गरियो र जलस्रोत मन्त्रीले यस विषयमा राष्ट्रिय संकल्प पारित गरियोस् भनी प्रस्ताव राख्नु भयो। सन्धि अनुमोदन पछि सभामुख रामचन्द्र पौडेलले संविधानको धारा ६५ बमोजिम सर्वदलीय संसदीय अनुगमन संयुक्त समिति गठन गर्ने प्रक्रिया अवलम्बन गर्न निर्देश गर्नु भयो।

सन्धि सम्पन्न भएदेखि नै यस सन्धिले नेपालको हित गरेको छैन भनेर बारंबार भन्नुहुने नेपाली कांग्रेसका केन्द्रीय उपसभापति शैलजा आचार्यले उहाँको पार्टीले सन्धि अनुमोदनको निम्ति व्हीप जारी गरे पछि सन्धिको पक्षमा मतदान गर्नु भएको थियो र संसदमा जलश्रोत मन्त्री र प्रधानमन्त्रीको जवाफ सुने पछि "सन्धि संशोधित भएर अनुमोदित भएकोले म खुसी छु। यदि म मन्त्री भएको भए नैतिकताको आधारमा राजीनामा दिने थिएँ" भन्नुभएको थियो।यसरी लामो वहस तथा छलफल पछि नेपालको तर्फबाट सन्धि अनुमोदित भएको छ र भारतको तर्फबाट अनुमोदित भएको जानाकारी पाए पछि संविधानतः सन्धिको अगाडिको प्रक्रिया शुरू हुनेछ।

महाकाली सन्धिका सम्बन्धमा यिनै विवाद

भइरहेका वेला श्री ५ को सरकारले यसको मूल फाइदाका सन्दर्भमा सार्वजनिक जानकारी अघि सार्‍यो। त्यसमा यस सन्धिका २१ फाइदा निम्न अनुसार रहेका छन्-

१. पंचेश्वर योजना बराबरीको सिद्धान्तमा आधारित हुनु
२. महाकाली नदी अधिकांश भागमा सीमा नदी भन्ने स्थापित हुनु।
३ टनकपुरमा नेपालको योगदान रहेको भारतले औपचारिक रूपमा स्वीकारेको।
४. सो योगदान वापत टनकपुरमा नेपालको हक स्थापित।
५. त्यो हकले ३.५ देब्बर बढी बिजुली अथवा नेपालको जमीन प्रयोग गरी टनकपुर बाँध बनाउनाले बढेको विजुलीको उत्पादनलाई लगभग आधा अंश नेपालले पाउने व्यबस्था।
६. बर्षायाममा १००० क्यूसेक्स र हिउदमा १५० क्यूसेक्स थप पानी र चाँदनी दोधारामा ३५० क्यूसेक्स पानी समेत पहिलेको सन्धि भन्दा ३ दोब्बर बढी टनकपुरबाट पाउने ब्यबस्था भएको।
७. महाकाली नदीको पानी प्रयोग गर्दा नेपालको आवश्यकताले प्राथमिकता पाउने नयाँ सिद्धान्त स्थापित।
८. शारदा ब्यारेज भत्केमा त्यहाँबाट प्राप्त भएको पानीको सुविधा समेत (पाइ रहेको १००० क्यूसेक्स सम्म) टनकपुरबाट प्राप्त हुने।
९. टनकपुरको माथिल्लो भागमा कुनै योजना बने पनि त्यसबाट बढ्ने पानी नेपालले टनकपुर मा समेत पाउने।
१०. त्यसरी बढेको पानीबाट थपिने बिजुली समेतमा नेपालको आधा अंश लाग्ने।
११. टनकपुर बाँधमा प्रयोग भएको जमीनमा नेपालको सार्वभौमसत्ता कायम नै रहने।
१२. अब उप्रान्त महाकालीमा बन्ने कुनै पनि योजना टनकपुर जस्तो एक पक्षीय ढंगले बनाउन नपाइने,द्विपक्षीय सम्झौताले मात्र बनाउन पाइने ब्यवस्था भएको।
१३. अब टनकपुर बाँधलाई दिएको भूमि सदालाई नभई ७५ वर्षको लागि मात्र दिएको ठहरिने।
१४. महाकाली नदीको उपयोगको हेरचाहको लागि दुइ देशको संयुक्त र बराबर प्रतिनिधित्व भएको महाकाली आयोग बन्ने।
१५. पंचेश्वर आयोजना बनाउदा अधिकतम लाभको सिद्धान्तलाई जोड दिएर अगाडि बढ्ने वा अधिकतम बिद्युत क्षमताको बाँध बनाउने ब्यबस्था तर्फ उन्मुख रहने।
१६. पंचेश्वरमा बिजुलीमा आधा हिस्सा लिने सो अनुसार नै आधा क्षमताको बिद्युत गृह दुबै किनारामा रहने।
१७. पंचेश्वरमा जसले विद्युत बाहेक अन्य फाइदाको वढी भाग पाउछ उसले सोही अनुपातमा पूर्ण योजनाको उत्तिनै अनुपातमा वढी खर्च व्यहोर्नु पर्ने सिद्धान्त कायम।
१८. विद्युत सम्बन्धी लाभको मूल्यांकन भारतले बैकल्पिक साधनबाट उत्पादन हुने बिद्युतको मूल्यको आधारमा समेत गर्ने कुरा स्वीकार गरेको र पंचेश्वरको बिजुलीको मूल्य तय गर्दा यसैले नेपाललाई धेरै बल मिल्ने।
१९. पंचेश्वर आयोजना संयुक्त रूपले संचालन हुने।
२०. पंचेश्वरलाई चाहिने लगानी दुबै मुलुकले संयुक्त रूपमा खोज्ने।
२१. बाढी सिचाई सबैको फाइदा हिसाब गर्ने।यो सिद्धान्त यस अघि न मानेर नै पंचेश्वर र कर्णाली जस्ता आयोजनाहरू अड्केका थिए।

उपसंहार

नेपाल भारत बीच अहिलेसम्म भएका थुप्रै विषयमा सन्धि सम्झौताहरू भए तर प्रस्तुत सन्धिको बारेमा जे जस्तो बौद्धिक बहस र छलफल भयो, त्यति कुनै पनि सन्धिमा भएन। अझ भन्ने हो भने २०४८ सालको प्रथम निर्वाचित सरकारको अवधि देखि नै यो विषय निकै चर्चित रह्यो।

सन्धिले आर्थिक, भौतिक, वातावरणीय र भौगर्भिक के कस्तो प्रभाव पर्छ भन्ने विषयमा अहिले नै केही टिप्पणी गर्नु उपयुक्त हुँदैन। सन्धि अनुमोदनको सिलसिलामा सरकारले गरेको पत्राचार र संसदमा सरकारबाट प्रस्तुत व्याख्यालाई विश्लेषण गर्दा पनि नेपालको हिस्साको बढी पानी भारतले प्रयोग गर्दा वा भारतलाई उपलब्ध गराउँदा पनि अर्को सन्धि हुनु पर्छ भन्ने प्रधानमन्त्रीको भनाई रहेको छ। महाकालीमा बन्ने पञ्चेश्वरको डी.पी.आर. लाई पनि संविधान बमोजिम दुई तिहाई वहुमतबाट अनुमोदित हुनु पर्ने सरकारको स्पष्ट दृष्टिकोण रहेकोले अधिकांश विद्वानहरू प्रस्तुत सन्धिलाई पूर्ण मान्दैनन्। वर्तमान सन्धिमा हस्ताक्षरदेखि अनुमोदनसम्म जे जस्तो बहस वादविवाद भयो। त्यसले एक किसिमको उपलब्धी नेपालको पक्षमा दियो। यस सन्धिमा न त हामीले सबै कुरा गुमाएका छौं न त भविष्यमा बिना मेहनत कुनै कुरा प्राप्त गर्न सक्छौं। प्रस्तुत सन्धि त घर बनाउनु भन्दा पहिले नक्सा पास गरेको जस्तो मात्र हो। स्वाभाविक रूपबाट जतिसुकै राम्रो नक्सा बनाएको भएता पनि निर्माणको बेलामा ध्यान नदिने हो भने उक्त नक्साले मात्र खासै उपलब्धी दिन सक्दैन।

यस सन्धिलाई नेपाल भारत सम्बन्धको पृष्ठभूमिमा समेत हेरिनु पर्दछ। हाम्रो आफ्नो भौगोलिक बाध्यता र भौतिक अवस्थाको कारणले गर्दा कतिपय विषयमा हाम्रो चाहना बढी हुँदाहुँदै पनि खुम्चिनु परेको छ। हाम्रो वाह्य निकासको एक मात्र नाका बनेको दक्षिण तर्फको मुलुकसंग सम्पन्न सन्धि भएकोले तेस्रो मुलुकसंग गरिने सन्धिसंग यसलाई दाँज्न सकिदैन। यसले हाम्रो जीवनका अन्य विविध पक्षको बारेमा पनि सकारात्मक वा नकारात्मक प्रभाव पार्न सक्छ। नेपाली पक्षले छिमेकी मुलुकको सदाशयतालाई हृदयंगम गरी व्यापक विरोध हुँदाहुँदै पनि सन्धि अनुमोदन गरेर मित्रताको राम्रो परिचय दिएको छ। तर यसलाई हाम्रो कमजोरी भन्ने सम्झेर अर्को पक्षले अप्ठ्यारो पार्ने रणनीति अख्तियार गर्ने हो भने स्वाभाविक रूपबाट नेपाल भारत सम्बन्ध सकारात्मक दिशामा उन्मुख हुन सक्दैन। र भविष्यको कुनै पनि जिम्मेवार राजनीतिक नेतृत्वले यसलाई सहज रूपबाट ग्रहण गर्न सक्दैन।

प्रस्तुत सन्धिलाई कतिपय पक्षबाट कोशी र गण्डकीमा

भन्दा बढी राष्ट्रघाती भएको टिप्पणी गरेको पनि पाइन्छ। यस विषयमा वास्तविकता स्पष्ट गर्नको निम्ति सरकारले बिगतमा गरेका सन्धिहरू नेपाली जनताले बुझ्न सक्ने गरी सार्वजनिक गरिनु पर्दछ। वर्तमान संविधानले जनतालाई सुसूचित हुने अधिकार प्रदान गरेको र बिगतमा गरिएका जलस्रोत सम्बन्धी सन्धिहरू सुरक्षाको दृष्टिकोणले गोप्य राखिनु पर्ने प्रकृतिका पनि नभएकाले सबै सन्धि सार्वजनिक गरिनु असंवैधाकि एवं गैर कानूनी ठहर्दैन। सुगौली सन्धिदेखि नै भारतसंग गरिएका सन्धिहरूको प्रमाणिक प्रतिलिपि नेपाली जनताले बुझ्ने गरी प्रकाशित गरिनु पर्दछ। जनताको पंक्तिलाई गुमराहमा राखेर गरिने निर्णयले नेपाल राष्ट्र र नेपाली जनताले भोग्नु पर्ने समस्याको समाधान गर्न सक्दैन।

प्रस्तुत सन्धि नेपालको संसदमा अनुमोदनार्थ प्रस्तुत भैरहेको बेला बेलायती तथा अमेरिकी मन्त्रीहरूको भ्रमण र यस विषयमा उनीहरूले गरेको टिप्पणीलाई असल मित्रको व्यवहार भन्न मिल्दैन। नेपाली जनता स्वयं आफ्नो र आफ्नो देशको प्राकृतिक सम्पदाको बारेमा निर्णय गर्न सक्षम रहेको परिवेशमा जे जस्तो नियतले भए पनि लामो कूटनैतिक सम्बन्ध कायम भएको मुलुकका मन्त्रीहरूले त्यस किसिमको टिप्पणी गरिनुलाई सहज रूपबाट स्वीकार्न नेपाली जनता तयार छैनन्। अझ विश्व बैंकमा आफ्नो वर्चश्व कायम गरेका मुलुकको मन्त्रीको यस किसिमको व्यवहारले अरूण तेस्रो रद्द भएको सन्दर्भमा थप आशंका पनि जन्माइदिएको छ।

पंचेश्वर भारतको प्राथमिकता र नेपालको बाध्यताको विषय हो, भनिन्छ। भारतको दक्षिणी प्रदेशमा सिंचाई गर्नको निम्ति आवश्यक पानी आपूर्ति गर्ने उद्देश्यका साथ प्रस्तुत योजनामा भारतीय पक्ष अगाडि आएको छ भने नेपाली पक्षसंग प्रारम्भिक अध्ययन सर्भेक्षण पनि छैन भनेर विशेषज्ञहरू भन्दै आएका छन्। महाकाली पानीको सदुपयोग गरी दुवै देशका जनताको हितका पक्षमा प्रयोग गर्ने हो भने दुई देशको सीमा बीचमा बनेको प्रस्तुत परियोजना दुई देशको मितेरीको नया नमुना पनि बन्न सक्छ।

सन्धिको सबभन्दा रोचक पक्ष के छ भने यस विषयमा संसदभित्र र बाहिर थुप्रै अन्तरक्रिया भएको छ। श्री ५ को सरकारले आफ्नो पुरानो व्याख्या र अडान परिवर्तन गरेको छ, सन्धि अनुमोदन पूर्व भविष्यमा सन्धिलाई निर्देशित गर्नको निम्ति एक राष्ट्रिय संकल्प समेत पारित गरेको छ र संसदको संयुक्त सदनबाट सभामुखको अध्यक्षतामा सर्वदलीय समिति पनि बनेको छ। जुन कुरा दुई देश बीच सम्पन्न सन्धि र त्यसको पत्राचारमा समावेश गरिएको छैन। नेपाल पक्षले जुन विषयमा संसदबाट सहमति वा अनुमोदन दिएको छ सो कुरा सन्धिमा लेखिएको छैन, जुन कुरा सन्धिमा लेखिएको छ त्यस कुरामा मात्र संसदको स्वीकृति छैन। यस परिवेशमा नेपालको संसदबाट अनुमोदित यस सन्धिको कार्यान्वयनको क्रममा भारतीय पक्षसंग कसरी प्रस्तुत हुने हो र के कस्तो अडान लिने हो त्यो प्रतिक्षाको विषय भएको छ।

दुई विशाल मुलुकको बीचमा रहेको सानो मुलुकको भौगोलिक सीमांकन स्पष्ट पार्नु पर्दछ। भौगोलिक सीमाको विषयलाई अनौपचारिक एवं त्यहाँका जनताको आवत जावत जस्तो सामान्य व्यवहारको रूपमा छाडिराख्नु हुँदैन। दक्षिणतर्फका सीमा स्तम्भ व्यवस्थित गर्ने र ऐतिहासिक दस्तावेज प्रमाणको आधारमा सीमा छुट्याउनु पर्दछ। अझ पूर्वी एवं पश्चिमी सीमामा तीन देशका ऐतिहासिक दस्तावेजको आधारमा सीमांकन छुट्याउने काम गर्ने हो भने युगौंसम्म सकारात्मक प्रभाव पार्दछ। अहिले पनि भारतसंग कतिपय ठाउँमा सीमा सम्वन्धी सामान्य अस्पष्टता रहेका छन्। यसलाई लामो समयसम्म थाती राखिनु दुवै देशका जनताको हितमा हुँदैन। महाकालीको उद्गम स्थल लगायतका विषयमा देखिएका विवादलाई समाधान गर्दै प्राकृतिक जलप्रवाह र मूलको आधारमा स्पष्ट सीमांकन गरी वैज्ञानिक सीमा स्तम्भ कायम गरिनु पर्दछ।

सन्दर्भ सामाग्री :

१. महाकाली सन्धी : राष्ट्रघाती सन्धी, महाकाली सन्धी प्रतिरोध आन्दोलन ०५३
२. महाकाली सन्धी र सूचनाको हक, राष्ट्रिय सरकोकार समाज, ०५३ वैशाख
३. नेपाल अधिराज्यको संविधान ०४७, श्री ५ को सरकार कानून तथा न्याय मन्त्रालय किताव व्यवस्था समिति, ०४७
४. एकीकृत महाकाली विकास सन्धिमा नेपाल किन र कसरी ठगिएको छ? रामेश्वरमान अमात्य, प्रस्तावित राष्ट्रहित तथा अनुसन्धान मंचद्वारा चन्द्र खाकीको सम्पादनमा प्रकाशित
५. श्री ५ को सरकारको २०० दिनको कार्य प्रगतिको संक्षिप्त विवरण श्री ५ को सरकार सूचना तथा संचार मन्त्रालय, सूचना विभाग
६. महाकाली नदीको एकीकृत विकास सम्बन्धी सन्धी, भ्रम र वास्तविकता, सम्पादक / प्रकाशक केन्द्रीय सचिवालय नेकपा (एमाले)
७. महाकाली सन्धी र राष्ट्रहितको सवाल, लेखक केशवलाल श्रेष्ठ
८. महाकाली नदीबाट प्राप्त उपलब्धीको रक्षा गर्दै थप उपलब्धीको लागि संघर्ष गरौं !!, ऋषिराज लुम्साली राष्ट्रिय परिषद सदस्य, नेकपा (एमाले)
९. श्री ५ को सरकार नेपाल तथा भारत सरकार बीच सम्पन्न शारदा बाँध, टनकपुर बाँध तथा पंचेश्वर परियोजना समेत महाकाली नदीको एकीकृत विकास गर्ने सम्बन्धी सन्धि तथा यस सम्बन्धमा आदान प्रदान भएका पत्रहरू एवं सन्धी अनुमोदन प्रक्रियाको क्रममा विभिन्न व्यक्तिहरूको विचार, लेख रचना तथा पत्रहरू, जलस्रोत मन्त्रालय ०५३ कार्तिक २९

परिशिटाङ्क-१

श्री ५ को सरकार, नेपाल तथा भारत सरकार बीच सम्पन्न

शारदाबाँध, टनकपुरबाँध तथा पञ्चेश्वर परियोजना समेत महाकाली नदीको एकीकृत विकाससम्बन्धी सन्धि

श्री ५ को सरकार, नेपाल तथा भारत सरकार (यसपछि "पक्षहरु" भनिएको),

जलस्रोतको विकासमा सहयोगको लागि मैत्री तथा घनिष्ठ छिमेकीपनको आपसी सम्बन्ध प्रबर्द्धन तथा सुदृढ गर्ने प्रनिवद्धता पुनः पुष्टि गर्दैः

महाकाली नदीको अधिकांश भाग दुई मुलुकबीचको सीमानदी भएको कुरा स्वीकार गर्दै,

महाकाली नदीको पानी तथा यसको उपयोग सम्बन्धमा पक्षहरूको दायित्व तथा तदनुरूपका अधिकार एवं कर्तव्यहरूको परिभाषा गर्न समान साझेदारीको आधारमा एक सन्धि सम्पन्न हुनु वाञ्छनीय भएको महसूस गर्दै,

सन् १९२० मा आदान-प्रदान भएका पत्रहरुद्वारा दुवै पक्षहरूले महाकाली नदीमा शारदाबाँधको निर्माणको लागि सम्झौता व्यवस्था सम्पन्न गरेका र सोही व्यवस्था अनुसार नेपालले सो बाँधबाट केही पानी प्राप्त गर्ने गरेको कुराको उल्लेख गर्दै,

भारतले महाकाली नदीमा बनाएको टकपुरबाँधको पूर्वी एफलक्स बन्डको एक अंश नेपाली इलाकाको जिमुवामा रहेको तथा सो बाँधको समीपवर्ती जलाशयको सम्बन्धमा संयुक्त आयोगमा संवत् २०४८ साल मंसीर १८-१९, तदनुसार डिसेम्बर ४-५, १९९१ मा लिइएका निर्णयहरु तथा भारतका प्रधानमन्त्रीको नेपाल भ्रमणका अवसरमा संवत् २०४९ साल कार्तिक ५ तदनुसार अक्टोबर २१, १९९२ का दिन जारी गरिएको संयुक्त विज्ञप्तिको संस्मरण गर्दै,

महाकाली नदीमा कार्यान्वयन गरिने पञ्चेश्वर वहुउद्देश्यीय आयोजनाको विस्तृत आयोजना प्रतिवेदन दुवै पक्षले संयुक्त रूपमा तयार गरिरहेको कुरा उल्लेख गर्दै,

पक्षहरू देहायबमोजिम सहमन भएका छनः

धारा-१

१. नेपाललाई शारदाबाँधबाट वर्षायाममा (१५ मेदेखि १५ अक्टोबरसम्म) २८.३५ घन-मिटर प्रतिसेकेन्ड (१००० क्युसेक) तथा सुक्खायाममा (१६ अक्टोबरदेखि १४ मेसम्म) ४.२५ घनमिटर प्रतिसेकेन्ड (१५० क्युसेक) पानी प्राप्त गर्ने अधिकार हुनेछ।

२. भारतले नदी-पर्यावरणीय पद्धति (इको-सिस्टम) कायम राख्न तथा संरक्षण गर्न शारदा बाँधभन्दा तल महाकाली नदीमा कम्तीमा १० घनमिटर प्रतिसेकेन्ड (३५० क्युसेक) पानीको प्रवाह कायम गर्नेछ।

३. कुनै कारणबाट शारदाबाँध निष्क्रिय भएको अवस्थामा :

(क) नेपाललाई यस सन्धिको धारा २ को प्रकरण २ मा उल्लिखित हेड रेगुलेटरको प्रयोग गरी यस धाराको प्रकरण १ मा उल्लिखित पानी प्राप्त गर्ने अधिकार हुनेछ। यसरी पानी प्राप्त गर्ने अधिकार धारा २ को प्रकरण २ बमोजिम नेपाललाई प्राप्त हुने पानीमा थप हुनेछ।

(ख) भारतले टनकपुर विद्युतकेन्द्रको टेलरेसबाट शारदाबाँधभन्दा तल यस धाराको प्रकरण २ बमोजिम नदीको प्रवाह कायम राख्नेछ।

धारा -२

संयुक्त आयोगमा मिति ०४८ साल मंसीर १८-१९ गते तदनुसार डिसेम्बर ४-५, १९९१ मा लिइएका निर्णयहरू तथा भारतका प्रधानमन्त्रीको नेपाल भ्रमणको अवसरमा, ०४९ साल कार्तिक ५ गते तदनुसार अक्टोबर २१, १९९२ मा जारी गरिएको संयुक्त विज्ञप्तिलाई निरन्तरता दिँदै दुवै पक्षहरू देहायबमोजिम गर्न सहमत भएका छन् :

१. टनकपुरबाँधको पूर्वी एफलक्स बन्डको निर्माण गर्नको लागि तथा सो बन्ड नेपाली भूमिको इएल २५० मि. उच्च स्थलमा जोड्नको लागि, महेन्द्रनगर नगरपालिका क्षेत्रस्थित जिमुवा गाउँमा नेपाली इलाकाको करीव ५७७ मिटर लम्बाई (करीव २.९ हेक्टर क्षेत्र) भूमि तथा सीमाक्षेत्रका दुवैतिरका दशगजा (नो म्यान्स ल्यान्ड) भूमिका केही अंश प्रयोग गर्नदिन नेपालले सहमति दिएको छ। त्यसरी प्रयोग गर्नको लागि सहमति दिइएको नेपाली भूमि तथा सो भूमिको पश्चिमतर्फ रहेको जलाशयभित्र पर्ने नेपाल-भारत सीमासम्मको भूमि (करीव ९ हेक्टर) तथा सो क्षेत्रमा रहेका प्राकृतिक स्रोत-सम्पदाहरू नेपालको अविच्छिन्न सार्वभौमना तथा नियन्त्रण अन्तर्गत रहनेछन् र नेपाल तत्सम्बन्धी सबै आनुषङ्गिक (एटेन्डेन्ट) अधिकारहरूको प्रयोग गर्न स्वतन्त्र रहनेछ।

२. जिमुवामा त्यसरी निर्माण गरिएको टनकपुरबाँधको पूर्वी एफलक्स बन्डको वदलामा नेपाललाई देहायको अधिकार हुनेछः

(क) यो सन्धि लागु भएको मितिदेखि वर्षायाममा (१५ मेदेखि १५ अक्टोबरसम्म) २८.३५ घनमिटर प्रतिसेकेन्ड (१००० क्युसेक) पानी तथा सक्खायाममा (१६ अक्टोबरदेखि १४ मेसम्म) ८.५० घनमिटर प्रतिसेकेन्ड (३०० क्युसेक) पानीको प्राप्ति। यस प्रयोजनको लागि तथा यस सन्धिको धारा १ को प्रयोजनको लागि, टनकपुरबाँधको बायाँ अन्डरस्लुइसनजीकै हेडरेगुलेटर वा हेडरेगुलेटरहरू तथा

नेपाल-भारत सीमासम्म आवश्यक क्षमताका नहरहरू समेत भारतले निर्माण गर्नेछ। त्यस्ता हेडरेगुलेटर वा हेडरेगुलेटरहरू तथा नहरहरूको संचालन संयुक्त रूपमा गरिनेछन्।

(ख) यो सन्धि लागु भएको मितिदेखि नियमित रूपमा वर्षेनी निःशुल्क सात करोड किलोवाट घण्टा (यूनिट) विद्युत प्राप्ति। यस प्रयोजनको लागि, भारतले टनकपुर विद्युतकेन्द्र (जसको हाल ९० प्रतिशत निश्चित वार्षिक प्रवाहमा वार्षिक ४४ करोड ८४ लाख किलोवाट घण्टा विद्युत उत्पादन गर्न सक्ने तथा १ लाख २० हजार किलोवाट जडान क्षमता छ) देखि नेपाल-भारत सीमासम्म १३२ किलोभोल्टको प्रसारण लाइनको निर्माण गर्नेछ।

३. टनकपुरबाँधको माथिल्लो भागमा पञ्चेश्वर बहुउद्देश्यीय आयोजना लगायत कुनै जलाशययुक्त आयोजना वा आयोजनाहरूको विकास गर्ने समयमा टनकपुरबाँधमा देहायका व्यवस्थाहरू गरिनेछन् :

(क) नेपाललाई थप पानी उपलब्ध गराउनको लागि नेपाल-भारत सीमासम्म आवश्यकतानुसार थप हेडरेगुलेटर तथा आवश्यक नहरहरूको निर्माण गरिनेछ। त्यस्ता हेडरेगुलेटर तथा नहरहरूको संचालन संयुक्त रूपमा गरिनेछन्।

(ख) महाकाली नदीको पानीको मात्रामा बृद्धि गरिएको मितिदेखि नेपालले टनकपुर विद्युतकेन्द्रबाट उत्पादन हुने थप विद्युतको आधा भागबराबरको थप विद्युत नियमित रूपमा प्राप्त गर्नेछ, र त्यस्तो थप विद्युत उत्पादनको लागि टनकपुर विद्युतकेन्द्रको अतिरिक्त संचालन खर्चको आधा भाग तथा आवश्यक भएमा, थप पूँजीलगानीको आधा हिस्सा व्यहोर्नेछ।

धारा -३

दुई देशबीचको सीमा बनाउने महाकाली नदीको भागमा पञ्चेश्वर बहुउद्देश्यीय आयोजना (यसपछि "आयोजना" भनिएको) निर्माण गरिने भएकोले महाकाली नदीको पानीमा आ-आफ्ना विद्यमान उपभोग्य उपयोगमा प्रतिकूल असर नपर्ने गरी महाकाली नदीको पानीको उपयोगमा पक्षहरूको समान हक रहेको कुरा दुवै पक्ष मन्जुर गर्दछन्। तसर्थ दुवै पक्षबाट संयुक्त रूपमा तयार भइरहेको विस्तृत आयोजना प्रतिवेदनअनुसार महाकाली नदीमा आयोजना कार्यान्वित गर्न दुवै पक्षहरू मन्जुर गर्दछन्। आयोजनाको डिजाइन तथा कार्यान्वयन देहायका सिद्धान्तहरूको आधारमा हुनेछः

१. पक्षहरूबीच सहमति भएअनुरूप अधिकतम कुल खूद लाभ प्राप्त गर्ने उद्देश्यले आयोजनाको डिजाइन गरिनेछ। आयोजनाको विकासबाट विद्युत, सिंचाई, बाढी नियन्त्रण आदिका रूपमा दुवै पक्षलाई प्राप्त हुने सम्पूर्ण लाभको मूल्यांकन गरिनेछ।

२. महाकाली नदीका दुवै किनारामा समान क्षमताका विद्युतकेन्द्रहरूको निर्माण समेत प्रस्तुत आयोजनालाई एकीकृत आयोजनाको रूपमा कार्यान्वित गरिने वा गर्न लगाइनेछ। दुवै विद्युतकेन्द्रहरूको संचालन एकीकृत तवरमा गरिनेछ र उत्पादन गरिएको कुल विद्युत पक्षहरूबीच बराबर बाँडफाँड गरिनेछ।

३. आयोजनाको लागत पक्षहरूलाई प्राप्त हुने लाभको अनुपातमा पक्षहरूबाट बेहोरिनेछ। दुवै पक्षले आयोजना कार्यान्वयनको लागि आवश्यक रकमको परिचालन गर्न संयुक्त रूपले प्रयास गर्नेछन्।

४. नेपालको भागको विद्युतको केही हिस्सा भारतलाई विक्री गरिनेछ। त्यस्तो विद्युतको परिमाण तथा सोको मूल्य पक्षहरूबीच परस्पर मन्जुर भएबमोजिम हुनेछ।

धारा-४

नेपाली इलाकाको दोधारा-चाँदनी क्षेत्रको सिंचाइको लागि भारतले १० घनमिटर प्रतिसेकेन्ड (३५० क्यूसेक) पानी उपलब्ध गराउनेछ। तत्सम्बन्धी प्राविधिक तथा अन्य विस्तृत कुराहरू एकआपसमा तय गरिनेछ।

धारा-५

१. महाकाली नदीको पानीको उपयोगमा नेपालको पानीको आवश्यकतालाई प्राथमिकता दिइनेछ।

२. दुवै पक्षले यो सन्धि तथा पक्षहरूबीच यसपछि हुने कुनै सम्झौतामा व्यवस्था भए बमोजिम महाकाली नदीको पानीको आ-आफ्नो हिस्सा टनकपुरबाँध वा परस्परमा मन्जुर गरिएका अन्य स्थानबाट लिन पाउनेछन्।

धारा- ६

यस सम्झौतामा उल्लेख भएका आयोजना बाहेक, सीमानदी रहेको भागको महाकाली नदीमा विकास गरिने कुनै पनि आयोजनाको डिजाइन एवं कार्यान्वयन यस सन्धिद्वारा स्थापित सिद्धान्तहरूअनुसार पक्षहरूबीच सम्पन्न सम्झौता बमोजिम गरिनेछन्।

धारा-७

महाकाली नदीको पानीको प्रवाह र सतहलाई कायम राख्नको लागि पक्षहरूबीच हुने सम्झौता बमोजिम बाहेक प्रत्येक पक्षले महाकाली नदीको प्राकृतिक प्रवाह तथा सतहमा प्रतिकूल प्रभाव पर्ने गरी यसको पानीको उपयोग नगर्ने वा नरोक्ने वा अन्यत्र नपठाउने दायित्व लिएको छ। तर यस व्यवस्थाले महाकाली नदीका दुवै किनाराछेउमा बसोबास गर्ने स्थानीय समुदायले पञ्चेश्वरमा औसत वार्षिक प्रवाहको पाँच (५) प्रतिशतमा नबढ्ने गरी महाकाली नदीको पानीको उपयोग गर्न बाधा पुऱ्याउने छैन।

धारा-८

यस सन्धिको धारा ७ को प्रावधानमा प्रतिकूल असर नपार्ने गरी महाकाली नदीका सहायक नदीहरूमा प्रत्येक पक्षले आफ्नो इलाकामा एक्लैले कुनै कार्यको योजना, सर्वेक्षण, विकास तथा सञ्चालन गर्न यस सन्धिले बाधा पुऱ्याउने छैन।

धारा-९

१. महाकाली नदी आयोग (यसपछि "आयोग" भनिएको) रहनेछ। आयोग समानता, परस्पर लाभ तथा कुनै पक्षलाई हानी नपुऱ्याउने सिद्धान्तबाट मार्गदर्शित हुनेछ।

२. आयोगको गठन दुवै पक्षका समान संख्याका प्रतिनिधिहरूबाट हुनेछ।

३. आयोगका कार्यहरू, अन्य कुराको अतिरिक्त, देहायका हुनेछन् :

(क) सन्धिद्वारा व्यवस्था गरिएका सम्पूर्ण संरचनाहरूको सम्बन्धमा जानकारी लिने र आवश्यक भएमा निरीक्षण गर्ने तथा सन्धिका प्रावधानहरू कार्यान्वित गर्न आवश्यक हुने कदमहरू चाल्न दुवै पक्षहरूलाई सिफारिश गर्ने,

(ख) यस सन्धिमा उल्लेख गरिए तथा व्यवस्था भएबमोजिम महाकाली नदीको संरक्षण तथा उपयोगको लागि दुवै पक्षलाई सिफारिश गर्ने,

(ग) आयोजनाको दक्ष मूल्यांकन गर्ने तथा सोको सिफारिश गर्ने,

(घ) यस सन्धिको कार्यान्वियनवाट उत्पन्न हुने कार्यायोजनाहरूको समन्वयन तथा अनुगमन गर्ने, र

(ङ) यस सन्धिको व्याख्या तथा कार्यान्वयनसम्बन्धमा पक्षहरूबीच उत्पन्न हुने कुनै पनि मतभिन्नताको छानवीन गर्ने।

४. आयोगको खर्च समान रूपले दुवै पक्षबाट व्यहोरिनेछ।

५. यस धाराका प्रकरण १ र २ अनुसार आयोगको गठन हुने वित्तिकै, आयोगले आफ्नो कार्यविधि-नियमावलीको तर्जुमा गर्नेछ र सो नियमावली पक्षहरूसमक्ष सहमतिको लागि पेश गर्नेछ।

६. आयोगको क्षेत्राधिकार रहेका विषयहरूमा सोझै एक-अर्कासंग सम्पर्क राखी समाधान गर्ने आ-आफ्नो अधिकारलाई दुवै पक्षहरूले सुरक्षित राख्नेछन्।

धारा-१०

महाकाली नदीमा दुवै पक्षको परस्पर लाभको लागि पञ्चेश्वर बहुउद्देश्यीय आयोजना लगायत नयाँ आयोजनाहरूको विकास, कार्यान्वयन तथा संचालनको लागि दुवै पक्षहरूले आयोजनापेक्ष संयुक्त निकाय वा निकायहरू गठन गर्न सक्नेछन्।

धारा-११

१. आयोगले पक्षहरूबीचको मतभिन्नतावारे, यसलाई सुम्पिएको तीन महिनाभित्र छानवीन गरी यस सन्धिको धारा ९ अनुसार आफ्नो राय सिफारिश गर्न नसकेमा वा आयोगको सिफारिशसित कुनै पक्ष असहमत भएमा विवाद उत्पन्न भएको मानिनेछ र त्यसपछि त्यस्तो विवाद मध्यस्थसमक्ष निर्णयार्थ पेश गरिनेछ। यसो गर्दा कुनै पनि पक्षले अर्को पक्षलाई तीन (३) महिनाको पूर्व सूचना दिनु पर्ने छ।

२. मध्यस्थता तीन मध्यस्थहरूवाट गठन भएको न्यायाधीकरणवाट गरिनेछ। एक मध्यस्थलाई नेपालले र एक मध्यस्थलाई भारतले मनोनित गर्नेछन्। तर कुनै पनि मुलुकले आ-आफ्ना नागरिकहरूलाई मनोनित गर्नेछैन। तेस्रो मध्यस्थ संयुक्त रूपमा दुवै पक्षवाट नियुक्त हुनेछ, जसले न्यायाधीकरणको सदस्यको हैसियतले न्यायाधीकरणको अध्यक्षता गर्नेछ। तेस्रो मध्यस्थ नियुक्त गर्ने सम्बन्धमा प्रस्ताव प्राप्त भएको नब्बे (९०) दिनभित्र पक्षहरू तेस्रो मध्यस्थउपर सहमत हुन नसकेको अवस्थामा, हेगस्थित मध्यस्थतासम्बन्धी स्थायी अदालतका महासचिवसमक्ष कुनै पनि पक्षले त्यस्तो मध्यस्थ नियुक्तिको लागि अनुरोध गर्न सक्नेछ र त्यसरी मध्यस्थ नियुक्त हुने व्यक्ति यी दुई मुलुकको नागरिक हुनेछैन।

३. मध्यस्थताको कार्यविधि मध्यस्थातासम्बन्धी न्यायाधिकरणले निर्धारण गर्नेछ र वहुसंख्यक मध्यस्थहरूको निर्णय न्यायाधिकरणको फैसला हुनेछ। मध्यस्थतासम्बन्धी न्यायाधिकरणको काम कार्वाही अंग्रेजी भाषामा गरिनेछ र त्यस्तो न्यायाधिकरणको फैसला लिखित रूपमा हुनेछ। दुवै पक्षले यस फैसलालाई अन्तिम, निर्णायक तथा बन्धनकारी फैसलाको रूपमा स्वीकार गर्नेछन्।

४. मध्यस्थताको स्थान, मध्यस्थतासम्बन्धी न्यायाधिकरणको प्रशासनिक सहयोग तथा मध्यस्थहरूको पारिश्रमिक र खर्चसम्बन्धी व्यवस्थाहरू पक्षहरूबीच आदान-प्रदान हुने पत्रद्वारा सहमति भएबमोजिम हुनेछ। दुवै पक्षहरू त्यसरी आदान-प्रदान हुने पत्रबाट यस सन्धि अन्तर्गत उत्पन्न हुने मतभिन्नताको समाधानको लागि वैकल्पिक कार्यविधि मन्जुर गर्न पनि सक्नेछन्।

धारा-१२

१. यो सन्धि सम्पन्न भएपछि, शारदाबाँध तथा टनकपुरबाँधवाट महाकाली नदीको पानीको उपयोग गर्ने सम्बन्धमा पक्षहरूबीच यसअघि भएका समझदारीहरू जो यस सन्धिमा समाविष्ट छन्, त्यस्ता समझदारीहरू यस सन्धीबाट विस्थापित भएका मानिनेछन्।

२. यस सन्धिको अनुमोदन गर्नुपर्नेछ र अनुमोदनका लिखतहरू आदान-प्रदान भएको मितिदेखि यो लागु हुनेछ। यो सन्धि लागु भएको मितिले पचहत्तर (७५) वर्षको अवधिको लागि वहाल रहनेछ।

३. यो सन्धि दुवै पक्षबाट दश (१०) वर्षको अन्तरालमा वा कुनै पक्षले चाहेको अवस्थामा सो भन्दा अगाडि नै पुनरावलोकन गरिनेछ र आवश्यक भएमा, पक्षहरूले सन्धिमा संशोधन गर्न सक्नेछन्।

४. यस सन्धिका प्रावधानहरू कार्यान्वित गर्न पक्षहरूवाट आवश्यक भएबमोजिम सम्झौताहरू गरिनेछन्।

यसको प्रमाणस्वरूप, पक्षहरूका आ-आफ्ना अधिकारप्राप्त प्रतिनिधिहरूले यस सन्धिका अंग्रेजी, नेपाली र हिन्दी भाषाका दुई-दुई सक्कल प्रतिहरूमा सबै प्रतिहरू समान रूपले प्रमाणिक हुने गरी हस्ताक्षर गरी आ-आफ्ना निशानाछाप लगाएका छन्।

संवत् ०५२ साल माघ २९ गते तदनुसार १९९६, फेब्रुअरी १२ तारिखका दिन नयाँ दिल्ली, भारतमा सम्पन्न गरियो।

द	द. ....
(पि.भि. नरसिंह राव)	(शेरबहादुर देउवा)
प्रधानमन्त्री	प्रधानमन्त्री
भारत सरकार	श्री ५ को सरकार, नेपाल

परिशिटाङ्क २

प्रधानमन्त्री

काठमाडौं, नेपाल
माघ २९, ०५२
(फेब्रुअरी १२,१९९६)

महामहिम,

महामहिमको आजको मितिको देहाय बमोजिमको पत्र प्राप्त गर्ने सम्मान पाए:

"हामी बीच सम्पन्न भएको शारदाबाँध, टनकपुरबाँध र पञ्चेश्वर आयोजना समेत महाकालीनदीको एकीकृत विकाससम्बन्धी सन्धि (सन्धि) उल्लेख गर्ने सम्मान पाएको छु। यस अवसरमा, संयुक्त आयोगले मिति ०४८ साल मंसीर १८-१९ गते तदनुसार ४-५ डिसेम्बर १९९१ मा लिइएका निर्णयहरू तथा महामहिमको नेपाल भ्रमणको अवसरमा ०४९ साल कार्तिक ५ गते तदनुसार अक्टोबर २१, १९९२ मा जारी गरिएको संयुक्त विज्ञप्ति समेत महामहिमलाई संस्मरण गराउने अनुमति चाहन्छु।

हाम्रा आ-आफ्ना सरकारका तर्फबाट व्यक्त गरिएका सदिच्छाहरू प्रभावकारी बनाउनको लागि उल्लिखित समझदारी तथा सन्धिका प्रावधानहरूको आधारमा देहायका प्रस्तावहरू राख्ने सम्मान पाएको छु :

१. टनकपुरबाँधलाई पूर्व पश्चिम राजमार्गसंग महेन्द्रनगर, नेपालमा जोड्ने बाह्रै महिना चल्ने सडक (अल वेदर लिंक रोड) सन्धि लागु भएको मितिले एक वर्षभित्र भारतबाट पूरा गरिनेछ।

२. उल्लिखित संयुक्त विज्ञप्तिमा औंल्याइए बमोजिम नेपाललाई टनकपुर विद्युतकेन्द्रबाट वर्षेनी निःशुल्क प्राप्त हुने दुई (२) करोड किलोवाट घण्टा(यूनिट) ऊर्जा टनकपुर विद्युतकेन्द्र संचालन भएको मिति ०४९ असार २३ गते तदनुसार ७ जुलाई, १९९२ देखि सन्धिमा व्यवस्था गरिएबमोजिम नेपाललाई वर्षेनी निःशुल्क सात (७) करोड किलोवाट घण्टा (युनिट) ऊर्जा उपलब्ध गराउने कार्य शुरू नभएसम्मको लागि विद्यमान आदान-प्रदान व्यवस्था अन्तर्गत भारतबाट नेपालले खरीद गरेको वा खरीद गर्ने ऊर्जामा समायोजन गरिनेछ।

३. पञ्चेश्वर बहुउद्देश्यीय आयोजना (आयोजना) का सम्बन्धमा, विस्तृत आयोजना प्रतिवेदन (प्रतिवेदन) लाई अन्तिम रूप दिने, आयोजनाका सम्बन्धमा वार्ता गर्न तथा आयोजना कार्यान्वयन गर्नका लागि देहायका सिद्धान्तहरू अपनाइने तथा व्यवस्थाहरू गरिनेछ :

(क) सन्धि लागु भएको मितिले छ (६) महिनाभित्र दुवै देशबाट प्रतिवेदनलाई अन्तिम रूप दिइनेछ। यस प्रयोजनको लागि, आवश्यक तथ्यांक तथा प्रतिवेदनहरू यथाशीघ्र आदान-प्रदान गरिनेछ। प्रतिवेदन तयार गर्ने क्रममा आयोजनाबाट हुने लाभहरूको मूल्यांकन गर्दा, अन्य कुराका अतिरिक्त, सम्बन्धित उपलब्ध विकल्पहरूको तुलनामा लाभ पाउनेहरूलाई यस आयोजनाको कारणबाट लगानीमा हुने बचतका आधारमा खूद विद्युत लाभको मूल्यांकन गरिनेछ। सिंचाइ लाभको मूल्यांकन नदी प्रवाहको बृद्धिबाट हुने थप तथा अतिरिक्त लाभको आधारमा गरिनेछ र बाढी नियन्त्रण लाभको मूल्यांकन संरचनाहरूको संरक्षण तथा क्षतिहरूको निवारणको आधारमा गरिनेछ।

(ख) ज्ञातव्य छ कि सन्धीको धारा ३ को प्रकरण, ३ ले, यो सन्धी अन्तर्गत प्रत्येक पक्षले महाकाली नदीको पानीको आफ्नो हिस्सा लिन सक्ने प्रावधानलाई प्रभाव नपारी, कुनै पक्षले अर्को पक्षको उपयोग नभएको महाकाली नदीको पानीको हिस्साका सम्बन्धमा कुनै रूपमा पनि दावी गर्न पाउने छैन।

(ग) प्रतिवेदनलाई अन्तिम रूप दिइएको मितिले एक (१) वर्षभित्र दुवै मुलुहरूबाट पञ्चेश्वर विकास प्राधिकरणको स्थापना प्रस्तावसमेत आयोजनाको लगानी तथा कार्यान्वयनसम्बन्धी सम्झौताको वार्ता गरी अन्तिम रूप दिइनेछ।

(घ) आयोजनाको कार्यान्वयनमा तीब्रता ल्याउनको लागि, बोलपत्र लिखतको तैयारी समेत स्थलगत अन्वेषण तथा विस्तृत डिजाइन गर्ने कार्य प्रतिवेदनलाई अन्तिम रूप दिने बित्तिकै शुरू गरिनेछ र सो कार्य आयोजनाको कार्यान्वयनको लागि सम्झौता गर्न गरिने वार्तासंगसंगै जारी रहनेछ।

यस प्रयोजनको लागि, त्यस्ता कामकारवाहीहरूको निमित्त एक छुट्टै लगानी व्यवस्था दुवै मुलुकहरूबाट मन्जुर गरिनेछ।

(ङ) प्रतिवेदनका प्रावधानहरूको अधीनमा रही, आयोजनाको कार्यान्वयनको लागि सम्झौता भएको मितिले आठ (८) वर्षभित्र आयोजना सम्पन्न गरिने लक्ष्य राखिनेछ।

माथि उल्लिखित कुराहरू हाम्रा दुई सरकारबीचमा भएको समझदारी अनुरूप सही छन् भनी महामहिमले पुष्टि गरिदिनु भएमा म आभारी हुने थिएँ। यो पत्र तथा समझदारी पुष्टि गर्ने महामहिमको जवाफबाट हाम्रा दुई सरकारबीच एक सम्झौता हुनेछ र यो सम्झौता पनि सन्धिको धारा १२ को प्रकरण २ मा उल्लिखित पक्षहरूबीच अनुमोदनका लिखतहरूको आदान-प्रदान भएको मितिदेखि लागु हुनेछ।

महामहिम, मेरो उच्चतम भावनाका आश्वासनहरूलाई कृपया स्वीकार गर्नुहोस्।

द. ....

(शेरबहादुर देउवा)

महामहिम श्री. पी.भी. नरसिंह राव
भारतका प्रधानमन्त्री
नयाँ दिल्ली

अनुसूची ३

नेपालका जेलहरू

१. अवधारणा र ऐतिहासिक पृष्ठभूमि

नेपालमा प्रचलित अपराध र दण्ड विधिको इतिहासलाई सर्सर्ती केलाउने हो भने अपराध गर्ने प्रवृत्ति, अपराधका क्षेत्र र त्यसलाई नियन्त्रण गर्ने विधिहरू समाजको विकास क्रमसंगसंगै विकसित र विस्तारित भएका छन्। समाज विकासको क्रमसंगै न्याय प्रणाली, दण्ड विधि र अपराधहरूको प्रकृतिमा निरन्तर परिवर्तन र विकास भैरारवेको देखिन्छ। त्यसैले हाम्रो समाजका विभिन्न काल खण्डमा राज्यले अपराध नियन्त्रण गर्न प्रतिपादन गरेका नीति, नियम र रितिथितिहरूले पनि समाज विकासको प्रक्रियालाई नै प्रतिबिम्बित गरिराखेका छन्।

अपराधलाई नियन्त्रण गर्नु र अपराध गर्ने मानिसलाई दण्ड दिनु राज्य स्थापना कालदेखि नै चल्दै आएको अभ्यास हो। नेपालको शासन विधि र अपराध नियन्त्रण गर्ने उपायहरू पनि धर्मद्वारा प्राचीन कालदेखि नै निर्देशित रहेको पाइन्छ। त्यसबेला धर्म तथा स्थानीय रितिथितिहरूद्वारा निर्देशित अपराध नियन्त्रण विधिमा दण्डलाई प्राथमिकता दिइन्थ्यो। अपराधीलाई दण्ड दिंदा मुख्य रूपले शारीरिक दण्ड दिने तथा जरिवाना गर्ने चलन थियो। शारीरिक दण्ड दिंदा नाक, कान, आँखा, जिब्रो, हात आदि जस्ता अंगहरू काटिदिने चलन थियो भने आर्थिक रूपले जरिवाना गर्ने, प्रायश्चित गराउने विधिहरू पनि अपनाइन्थ्यो। त्यसबेलाका गम्भीर अपराधीहरूलाई पेटमा रेपेर, घाँटीमा रेटेर र घाँटीमा झुण्ड्याएर मृत्यु दण्ड दिइन्थ्यो। राज्यसंग सम्बन्धित अपराधमा संलग्न भएका ठुल-ठूलो पदमा आसीन महत्वपूर्ण व्यक्तिलाई भने कठोर निगरानी र बन्धनमा राख्ने गरिएको कुरा इतिहासमा उल्लेख भएको पाइन्छ। तर त्यसबेला मानिस थुन्नका लागि जेल बनाइएको वा व्यवस्थित किसिमको कारागृह बनाएर दण्ड दिने गरेको पाइदैन।

करीब १ सय ५० वर्ष अगाडि नेपालमा लागू भएको मुलुकी ऐनद्वारा पुरानो शैलीका दण्डविधिहरूलाई एकहदसम्म सुधार गर्ने कामको थालनी भएपछि मात्र नेपालमा जेलहरू व्यवस्थित रूपले संचालन हुन थालेको पाइन्छ। मुलुकी ऐन बन्नु अगाडि पनि नेपालमा मानिसलाई थुनेर राखिन्थ्यो र जेलहरू थिए भन्ने कुरा इतिहासका पुस्तकहरू पढ्दा थाहा हुन्छ, तर ती जेलहरूको अवस्था के-कस्तो थियो र तिनीहरू कसरी संचालित थिए भन्ने कुरा कतै पनि उल्लेख गरिएको पाइदैन। अपराधीलाई थुन्न जेलहरूको स्थापना हुनुले एकातिर मानिसलाई दिइने आदिम शैलीको दण्ड प्रक्रियालाई निरूत्साहित गरेको थियो भने अर्कोतिर एकपल्ट अपराधमा संलग्न भएको मानिस फेरि सुध्रिन पनि सक्छ भन्ने अवधारणा पनि यसबाट स्थापित हुनपुगेको थियो।

जंगबहादुर राणाले बेलायत तथा फ्रान्सको भ्रमण गरेपछि नेपालको न्याय प्रणालीमा केही सुधारका काम गरेका थिए। राजनीतिक दृष्टिले जंगबहादुर राणाको व्यक्तित्व जतिसुकै विवादित भए पनि उनको पालामा नेपालमा पहिलोपल्ट लिखित कानून बन्यो। वि.सं. १९१० सालमा बनेको मुलुकी ऐनपछि नेपालमा परम्परादेखि दिइदै आएका कतिपय आदिम शैलीका दण्डविधिहरू पनि हटाइए। तर, त्यसबेला जेलहरूको अवस्था बारे कुनै जानकारी पाइन्न। त्यसैले, नेपालमा जेलहरूको स्थापना, विकास र निर्माणसंग सम्बन्धित तथ्यहरूको खोजविन गर्नु एकहदसम्म जटिल कार्य हुन गएको छ। हाल नेपालमा प्रयोग र प्रचलनमा रहेका र एकपल्ट जेलको रूपमा प्रयोग भैसकेका भवनहरू तथा जेल निर्माणको इतिहास कोट्याउँदा भेटिने तथ्यहरूको आधारमा हेर्दा नेपालमा जेलहरूको निर्माण र विस्तार गर्ने प्रक्रिया वि.सं. १९६० को दशकदेखि शुरू भएको अनुमान गर्नु पर्ने हुन्छ। यस अगाडि मानिस थुन्नका लागि मुख्य-मुख्य ठाउँहरूमा जेल थिए भन्ने कुरा त इतिहास पढ्दा थाहा हुन्छ, तर ती जेलहरू कहिले बनेका थिए भन्ने तथ्य कतै पनि भेटिदैन। त्यसैले, राणा शासनको उत्कर्षकालमा बनेका र क्रमशः विस्तार हुन थालेको जेलहरूको भवन हेर्दा जेलहरूको विकासलाई निम्नानुसार वर्गीकरण गरेर हेर्नु उपयुक्त देखिन्छ।

(क) राणाकालमा बनेका तर हाल प्रयोगमा नरहेका भवनहरु :

राणाकालमा मानिस थुन्नका लागि बनाइएका र लामो समयसम्म जेलको प्रयोजनका निम्ति प्रयोग भएका केही भवनहरू हाल भत्केर भग्नावशेषमा परिणत भएका छन्। यसरी भवन भत्किने एउटा प्रमुख कारण ती भवनहरू प्रयोगविहीन अवस्थामा त्यतिकै छाडिनु हो। खासगरी, प्रशासनिक कार्यालयहरू एक ठाउँबाट अर्को ठाउँमा सारिए पछि अरू कार्यालयहरूसंगै जेलहरू पनि एक ठाउँबाट अर्को ठाउँमा सारिए। यो प्रक्रियाको शुरूआत राणा शासनकालमै भएको थियो। हालसम्म पनि यो प्रक्रिया कायम नै छ। तर कतिपय जेल भवनहरू असाध्यै पुरानो भएको कारणले नयाँ ठाउँमा सारिएका छन्। नयाँ ठाउँमा जेल सारिएपछि कतिपय भवनहरू भत्केर गए भने कतिपय ठाउँमा यस्ता भवनका

अवशेषहरू अझै बाँकी छन्।

राणाकालमा बनेको रूपन्देही जिल्लाको बेथनी भन्ने ठाउँको जेल जिल्लाको सदरमुकामसँगै राणा शासनकालको उत्तरार्द्धमा भैरहवामा सारिएको थियो। सो जेल भवन हालसम्म प्रयोग भैराखेको छ। यसैगरी दाङ जिल्लाको सरीकोटमा वि.सं. १९७० भन्दा अगाडि बनेको जेल वि.सं. १९७० ताका घोराहीमा सारियो भने नुवाकोट दरबार नजिक बनेको नुवाकोट जेल जुद्ध शम्शेरका पालामा कुसुमबारीमा तथा सप्तरी जिल्लाको हनुमान नगरको जेल राजविराजमा सारिएको थियो। फलतः पहिलेका भवनहरू प्रयोगहीन भएर बसे।

राणाकालमा बनेका केही जेलहरू पंचायती शासनकालमा पनि एक ठाउँबाट अर्को ठाउँमा सारिए। राणाकालमा बनेको चितवनको उपर्ताङ्ग गढीमा बनेको जेल र भरतपुरमा, मकवानपुरको चिसापानी गढीमा बनेको जेल भिमफेदीमा, उदयपुर जिल्लाको उदयपुर गढीमा बनेको जेल गाईघाट बोक्सेमा, लमजुङ जेल कुन्छाबाट वेशीशहरमा, डडेल्धुरा जेल डी.एस.पी. कार्यालय रहेको ठाउँबाट बागबजार हुँदै हालको जेल भवनमा तथा ओखलढुंगा जेल तल्लो बजारबाट सैनिक छाउनी हुँदै हालको भवनमा सारिएका छन्। यी मध्ये डडेल्धुरा र ओखलढुंगाका जेल भवन असाध्यै पुराना भएकाले नयाँ ठाउँमा बनाइएका हुन् भने बाँकी जेलहरू सदरमुकाम र प्रशासनिक इकाई सार्ने सिलसिलामा सारिएका हुन्। पंचायतकालमा बनेका यी जेलहरूको सूचीमा वाग्लुङ्ग जेल पनि पर्दछ। वाग्लुङ्गमा राणा शासनकालमा बनेको जेल भवन पुरानो, साँघुरो र जीर्ण भएकाले त्यसलाई भत्काएर नयाँ ठाउँमा सारिएको छ भने राणाकालमा बनेका कतिपय जेलहरू पंचायतकालमा सार्दा पनि प्रयोजनविहीन घर, घोडाका तवेला आदिमा सारिएको पाइन्छ।

राणाकालमा बनेका र एकपटक मानिस थुन्नका लागि प्रयोग गरिएका यी जेलहरू हाल प्रयोगमा छैनन्। राणाकालमा बनेको र पंचायत कालको अन्तिम समयसम्म प्रयोग गरिएको धनकुटा जेल ०४५ सालको भुकम्पमा ध्वस्त भयो। ध्वस्त भैसकेको धनकुटा जेल, चिसापानी, उदयपुरगढी, कुन्छा तथा उपर्ताङ्गगढीमा एकपल्ट प्रयोग भएका जेलका अवशेषहरू हालसम्म पनि देख्न सकिन्छ, तर अरू ठाउँमा त्यस्ता अवशेषहरू समेत बाँकी छैनन्।

(ख) राणाकालमा बनेका र हालसम्म प्रयोगमा रहेका भवनहरु

राणाकालमा बनेका र हालसम्म प्रयोगमा रहेका जेलहरू नै नेपालका महत्वपूर्ण जेलहरू हुन्। मानिस थुन्न सक्ने क्षमताको दृष्टिले सबैभन्दा बढी बन्दी अट्ने केन्द्रीय जेल काठमाडौं र वीरगञ्ज जेल राणा शासनको उत्तरार्द्धतिर बनेका थिए। हालसम्म पनि सुरक्षाका दृष्टिले अत्यन्त मजबुत मानिएका तराईका रौतहट, रूपन्देही जस्ता जेल पनि यसै कालमा बनेका थिए। राणाकालमा बनेका तराईका जेलहरू हालसम्म पनि सुरक्षाका दृष्टिले भरपर्दा र वलिया सावित भैरहेका छन् भने पहाडी क्षेत्रमा बनेका जेलहरू बन्दीको स्वास्थ्य र जेलको सुरक्षाका दृष्टिले अती कमजोर देखिएका छन्।

राणा शासनकालमा बनेका र हालसम्म प्रयोगमा रहेका तराईमा बनेका वीरगञ्ज जेल, कैलाली जेल, रौतहट (गौर) जेल, जलेश्वर जेल, रूपन्देही जेल, सप्तरी जेल, सर्लाही जेल तथा मोरङको महिला जेलका अग्ला र चौडा पर्खालहरू, जेलको झ्याल र ढोकामा प्रयोग गरिएका फलामे छडहरू तथा लाहाको जोडाइले बनेका जेलका भित्ताहरूले राणा शासन कालमा तराईमा जेल बनाउँदा सुरक्षाको दृष्टिकोणलाई प्राथमिकता दिइएको थियो भन्ने कुरा दर्शाउँछन्। तराईका यी जेलहरूको छाना समेत प्रायः जसो पक्की तवरले हालिएको पाइन्छ। पहाडी जिल्लाहरूमा केही मुख्य प्रशासनिक गौडा र राजधानीमा जेल निर्माण गर्दा तराईकै जस्तो विशेष सुरक्षा व्यवस्था गरेको देखिन्छ, तर यस्ता जेलहरू पहाडी क्षेत्रमा अपवादस्वरूप मात्र पाइन्छन्। निर्माण कालदेखि नै कमजोर र अस्वस्थ जेलहरूमध्ये केही त गुफा जस्तै अँध्यारा र कहिल्यै घाम र हावा नपस्ने खालका छन्। तराइमा चाहिं यस खालको जेल दाङ जिल्लाको घोराहीमा मात्रै छ।

राणाकालमा बनेका र हालसम्म प्रयोगमा रहेका पहाडी क्षेत्रका जेलहरू मध्ये पनि सिन्धुपाल्चोक, ताप्लेजुङ्ग, नुवाकोट, दोलखा, प्युठान तथा डोटी जेलको अवस्था अत्यन्त गएगुज्रेको देखिन्छ। यी जेलहरू मध्ये प्युठान जेल घोडा बाँध्ने तबेला जस्तो छ भने बाँकी जेलहरू वरिपरि चौकुने आकारमा बनाइएका छन्। प्रायजसो जेलमा भुईंतलामा बनेका कोठाहरू बन्दीहरूका लागि छुट्याइएका छन् र कतै झ्याल र प्वाल नभएका अँध्यारा र चिसा छन्।

जिल्लाको सदरमुकाम सार्ने सिलसिलामा पंचायतकालमा सारिएको भए पनि भीमफेदी जेलमा मानिस थुन्न हालसम्म प्रयोग भैरहेको भवन राणाकालमा बनेको हो। राणाहरूको घोडा बाँध्ने तबेला तथा गाडी थन्क्याउने अस्थायी ग्यारेजका रूपमा निर्माण गरिएको सो भवन कुन सालमा बनेको हो भन्ने यकिन तथ्य चाहिं पाउन सकिदैन। यसैगरी, हालसम्म प्रयोगमा रहेको नवलपरासी जेल भवन पनि राणा शासनकालमा घोडा बाँध्ने तबेलाको निम्ति निर्माण गरिएको थियो। मानिस थुन्नका लागि हालसम्म प्रयोग भैरहेका यी दुई जेलहरू नेपालका सबैभन्दा कमजोर, अस्वस्थ र मानिस बस्न नहुने खालका देखिन्छन्। फलतः यी दुई जेलमा बस्ने बन्दीको जीवन गाईवस्तुको भन्दा पनि गएगुज्रेको अवस्थामा छ।

राणा शासनकालमा बनेको अनुमान गरिए पनि केही जेलहरू कुन सालमा बनेका थिए भन्ने कुराको स्पष्ट तथ्य पाउन सकिदैन। यसरी स्थापना गरिएको वर्ष निक्यौंल हुन नसकेका केही जेलहरू राणा शासनकालमा स्थापना गरिएको अनुमान गर्न सकिन्छ भने केही जेलहरू राणा शासनको अन्त्य पछाडि स्थापना गरिएको अनुमान छ। यसरी स्थापनाको वर्ष बारे कुनै जानकारी नपाइने जेलहरूमा डडेल्धुरा, धादिङ, खोटाङ, प्युठान, सल्यान, संखुवासभाको चैनपुर (हाल खाँदवारी) तथा हाल स्याङ्जा बजारमा नुवाकोटबाट सारिएको

जेल आदि पर्दछन्। यी मध्ये धनकुटा र डडेल्धुरा जेल राणा शासनताका स्थापना गरिएका थिए भने प्युठान र सल्यान जेल हालसम्म राणाकालमा बनेका खण्डहर जस्ता थोत्रा र पुराना घरमा छन्।

(ग) पंचायतकालमा स्थापना र निर्माण भएका जेलहरु

राणा शासनको उत्तरार्द्धतिर तराईका मुख्य नाकाहरू तथा पहाडी क्षेत्रमा रहेका त्यस बेलाका प्रशासनिक इकाइहरू भएका ठाउँमा जेलहरूको स्थापना र निर्माण भए पनि २००७ सालदेखि ०१७ सालसम्मको अवधिमा जेल बनाउने कामलाई खासै महत्व दिइएको देखिदैन। यस अवधिमा नेपालमा व्यवस्थित जेल बनेको रेकर्ड त पाइदैन नै, नयाँ जेल कार्यालयहरू स्थापना गरिएको पनि पाइदेन। २००७-०८ सालताका बैतडी जिल्लामा जेल कार्यालय स्थापना गरिएको र मानिस थुन्न थालेको कुरा स्थानीय बासिन्दाले बताए पनि आधिकारिक रूपले यस तथ्यलाई पुष्टि गर्ने कागजपत्र भेटिंदैनन्। बैतडी जेललाई अपवाद मान्ने हो भने २००७-१७ को अवधिमा कुनै नयाँ जेल स्थापना गरिएको पाइदैन।

राणा शासनको अन्त्यपछि पञ्चायत कालमा मात्र व्यवस्थित रूपले जेलहरू स्थापना तथा निर्माण गर्न थालियो। राणा शासनताका स्थापना गरिएका कतिपय जेलहरू पुरानो भएको वा भत्केको कारण पंचायती शासनकालमा यस्ता कतिपय जेलको निर्माण तथा मर्मत समेत गरिएको पाइन्छ। राणा शासनकालमा निर्माण गरिएका तर पुरानो भएको वा बिग्रे-भत्केको कारण अन्यत्र नयाँ भवन निर्माण गरिएका जेलहरूमा बाग्लुङ, चिनवन, मोरङ, डडेल्धुरा, लमजुङ, ओखलढुंगा तथा उदयपुर जेल पर्दछन्।

पंचायती शासनकालको पहिलो दशक जेल निर्माणका दृष्टिले निकै महत्वपूर्ण मानिएको छ। २०२५/२६ सालतिर नेपालका जिल्ला-जिल्लामा जेल बनाउने लहर नै चलेको थियो। हाल प्रयोगमा रहेका अधिकांश जेलहरू यसै अवधिमा निर्माण गरिएका हुन्। माथि उल्लेखित जेलहरू बाहेक यस कालमा अछाम, बैतडी, बर्दिया, धादिङ, हुम्ला, इलाम, कालिकोट, महेन्द्रनगर, कास्की, खोटाङ, पाँचथर, रामेछाप, रूकुम, स्याँदवारी, सिन्धुली र सुर्खेतमा थप जेलहरू बनेका थिए भने स्याङ्जा जेल पनि यसै अवधिमा बनेको थियो।

यस अवधिमा बनेका प्रायः सबै जेलहरू जिल्लाको सदरमुकाम नजिकै बनेको पाइन्छ। खासगरी, अदालतले सजाय तोकी सकेका कैदीलाई अरू ठूला जेलमा पठाउने र जिल्लामा थुनुवाहरू राख्ने उद्देश्यले जेलहरू निर्माण गरिएको अनुमान छ। पंचायतकालमा स्थापना गरिएको मुस्ताङ जेल हालसम्म सीमा प्रशासनको भवनमा बसेको छ भने मनाङ र मुगु जेल हालसम्म पनि भाडाका भवनमा संचालन गरिएका छन्।

यस अवधिमा बनेका प्रायः सबै जेलहरूको नाप-नक्सा एकै प्रकारको देखिन्छ। त्यसैले, यी जेलहरू योजनाबद्ध तरिकाले निर्माण गरिएका हुन् भन्ने अनुमान गर्न पनि गाह्रो पर्दैन। ०२५-०२६ सालको हाराहारीमा बनेका प्रायः सबै जेल भवनको मूलढोका बाहिरपट्टिको दाँया र बायाँ भागमा जेल प्रशासनको कार्यालय र सुरक्षा ब्यारेकका लागि टहरो शैलीको घर बनाइएको छ। यी दुवै घर जेलको सुरक्षा पर्खालसंग एक न एकतिर जोडिएका छन्। अनि प्रत्येक जेलमा जेलको सुरक्षा पर्खालसंग जोडेर प्रशासन र सुरक्षा कार्यालयलाई पनि पर्खालको घेराभित्र पारिएको छ। यो घेराभित्र र दुईटा कार्यालय बीचको भागमा कतै सानो र कतै ठूलो आँगन निकालिएको छ। बन्दीका आफन्तलाई भेटघाट गर्नका लागि यो ठाउँको प्रयोग हुन्छ।

पंचायतकालमा बनेका जेल भवनमा कोठासंगै जोडिएका शौचालयहरू बनाइएका छन् भने कतै एकोहोरो र कतै दोहोरो तरिकाले कोठामा हावा र प्रकाश छिर्ने भेण्टीलेशनहरू पनि बनेका छन्। समग्रमा बाहिरबाट हेर्दा राम्रा जस्ता लाग्ने यी भवनहरू ठेक्का प्रथामा बनेको कारणले भवनको भित्री जोडाई माटो र ढुंगोबाट गरिएको छ भने बाहिरपट्टि सिमेण्टको लेप वा लिउन लगाइएको छ। यति भएर पनि राणाकालमा बनेका जेलहरूको तुलनामा यस अवधिमा बनेका जेल भवनहरू एकहदसम्म स्वास्थ्यकर छन्। राणाकालमा बनेका प्रायजसो जेलमा बन्दीलाई एकान्तवासमा राख्ने तथा जेलभित्रै कठोर दण्ड दिने हिसाबले गोलघरहरू बनाइएको पाइन्छ, तर पंचायतकालमा बनेका कुनै पनि जेलमा गोलघर वा एकान्त बासका लागि अलग कोठामा यातना गृह बनाइएको पाइदैन। यस अवधिमा बनेका प्रायः सबै जेल भवनहरू एकतले छन् र यी जेलहरूमा टिनको छाना लगाएको पाइन्छ। पंचायतकालमा बनेका जेल भवनहरूको यो अलग विशेषताले पनि पंचायतकालमा योजनाबद्ध तरिकाले जेल भवनहरू निर्माण गरिएको थियो भन्ने तथ्यको पुष्टि हुन्छ।

(घ) प्रजातन्त्रकालमा निर्माण भएका जेलहरु

नेपालमा प्रजातन्त्र प्राप्ति र पुनर्स्थापनाका लागि भएका आन्दोलनहरूमा संलग्न राजनीतिक नेता कार्यकर्ताहरू तथा प्रजातन्त्रको समर्थनमा बोल्ने-लेख्ने अरू मानिसहरूको ठूलो हिस्सा र जेलहरू बीच एक किसिमको अटुट सम्बन्ध रहिआएको देखिन्छ। चाहे राणाकालमा खुलेको प्रचण्ड गोरखा, नेपाल प्रजापरिषद्, नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टीका कार्यकर्ताहरू हुन्, चाहे पंचायतकालमा सक्रिय रहेका सत्ता विरोधी राजनीतिक, सामाजिक र अरू खाले शक्ति र व्यक्तिहरू हुन्, प्रायः धेरै मानिसहरू नेपालका जेलमा बसेका छन्। राजनीतिक पार्टीका कार्यकर्ताहरूको लागि जेल ०४६ सालसम्म अस्थायी डेरा जस्तै मानिन्थ्यो। त्यसबेला जेलहरूलाई यातना गृह भन्ने गरिन्थ्यो र प्रजातन्त्रको स्थापना पछाडि जेलहरूलाई सुधारगृहमा रूपान्तर गर्ने पनि भनिन्थ्यो। तर, नेपालमा प्रजातन्त्रको बिडम्बना २००७-२०१७ सालको प्रजातान्त्रिक अवधिमा सुधार गृहको अवधारणा अनुरूप एउटा पनि जेल निर्माण भएको पाइदैन। ०४६ सालको अन्त्यतिर प्रजातन्त्रको पुनर्स्थापना भएपछि हालसम्म ५ वर्षको अवधिमा

मुलुकमा ५ वटा जेलहरू बनेका छन्, तर यी जेलमध्ये २ जेल पंचायतकालमै बन्न थालेर प्रजातन्त्रको पुनर्स्थापना पछाडि मात्र बनाई सकिएका छन् भने प्रजातन्त्रको पुनर्स्थापना पछाडि बनेको तथा एकहदसम्म सुधारगृहको अवधारणालाई प्रतिबिम्बित गराउन सक्ने जेल भवन प्रयोग नगरिकन राखिएको छ। एउटा जेल भवन अधुरो अवस्थामा छ।

पंचायतकालमा बन्न थालेका र प्रजातन्त्रकालमा निर्माण कार्य सकिएका पर्वत र म्याग्दी जेल भौतिक दृष्टिले सुविधा सम्पन्न जेल भन्नु पर्ने खालका छन्। प्रजातन्त्रको पुनर्स्थापना पछाडि बन्न थालेका ३ वटा जेलमध्ये ०५२ साल असारदेखि गोरखा जेलको प्रयोग हुन थालेको छ, तर यस जेलको कार्यालय भवन भने अझै पनि निर्माण भइसकेको छैन। ०४७ सालदेखि बन्न थालेको रसुवा जेलको अवस्था पनि त्यस्तै छ। सुरक्षा पर्खाल त परै जाओस्, बन्दी थुन्ने सबै कोठाहरू समेत निर्माण भैसकेका छैनन्। ०४७ सालदेखि नै निर्माण कार्य थालिएको भोजपुर जेलमा घरेलु उद्योग, स्वास्थ्य सेवा, जेल भवन, प्रशासनिक तथा सुरक्षा कार्यालय पानी-बिजुली जस्ता अत्यावश्यक सहुलियतहरूको समेत व्यवस्था गरिएको छ। तर जेलको सम्पूर्ण भौतिक संरचना निर्माण भैसकेपछि हाल त्यस ठाउँलाई सुरक्षाका दृष्टिले अनुपयुक्त ठहऱ्याई बन्दी राखिएको छैन। नयाँ भवन निर्माण भैसकेपछि हाल पुरानो जेल भवनको मर्मत गर्न थालिएको छ। जेलको कम्पाउण्ड वाल बनेको छैन। कम्पाउण्डवाल बनेमा जेल सार्न सकिने तर त्यसका लागि बजेट नपठाइएको भनिन्छ।

जेल बनिसकेको २/३ वर्ष बित्न नपाउँदै पर्वत जेलको छानाबाट पानी चुहिन थाल्नु, गोरखा जेलको गाह्रो भास्सिनु तथा बन्दी थुन्नका लागि बनेको जेल भवनसँग जोडेर सुरक्षा पर्खालभित्र पट्टि सुरक्षा बुर्जा निर्माण गरिनु जस्ता तथ्यहरूले प्रजातन्त्रकालमा जेल निर्माण गर्दा अति लापर्वाही गरिएको प्रष्ट हुन्छ। साथै, जेललाई सुधारगृहको रूपमा विकसित गर्दै लैजाने अवधारणालाई व्यवहारमा रूपान्तरण गर्न कोसिस गरिएको पनि देखिँदैन।

नेपालमा विभिन्न ४ चरणमा स्थापना गरिएका यी जेलहरूको निर्माण तथा स्थापना अवधिको संक्षिप्त अध्ययनले देखाउने एउटा स्वाभाविक तथ्य के हो भने नेपालमा हाल जे-जति जेलहरू प्रयोगमा छन्, ती आर्थिक, सामाजिक अपराधीलाई मात्र होइन, राजनीतिक अपराधीलाई थुन्ने उद्देश्यले पनि निर्माण गरिएका हुन्।

पंचायतकालमा बनेका जेलहरूको निर्माणलाई पनि राजनीतिक उद्देश्यबाट अलग्याएर हेर्न मिल्दैन। प्रत्येक जिल्लाको सदरमुकाममा जेलको स्थापना गर्दा समाजमा विकसित भैरहेका विविध खालका अपराधहरूको नियन्त्रण गर्ने उद्देश्य त राखिएको थियो नै, जिल्लाभित्र उठ्न सक्ने राजनीतिक विरोधलाई एक जिल्लाबाट अर्को जिल्लामा पुग्न नदिने अर्थात् विरोधका स्वरहरूलाई उद्गमस्थल मै नियन्त्रण गर्ने राजनीतिक रणनीतिलाई पनि जेल निर्माण गर्दा यथेष्ट प्राथमिकता दिइएको थियो। त्यसैले, नेपालमा जेलहरूको निर्माण, विकास र विस्तारको प्रक्रिया नेपालको प्रजातान्त्रिक आन्दोलनसँग पनि अभिन्न रूपले गाँसिएको देखिन्छ।

२. नेपालका जेलहरुको वर्तमान अवस्था

नेपालका जेलहरू नेपालको गरीबी र नेपाली समाजका सबैभन्दा जल्दा-बल्दा समस्याहरूका प्रतिबिम्ब हुन्। नेपालका जेलहरू जुन राजनीतिक शासन प्रणाली र अवधिमा बनेका थिए, आज पनि त्यही मानसिकताबाट संचालन गरिएका छन्।

भौतिक हिसाबले धेरै जेलहरू खण्डहर जस्ता भैसकेका छन् कतिपय जेलहरूमा बन्दीलाई यातना दिने गोलघरहरू प्रयोग हुन छाडेका छैनन्। जेलभित्र एकातिर खानेपानी, ढल, शौचालय, झ्याल जस्ता अत्यावश्यक सुविधाहरूको अभाव छ भने अर्कोतर्फ यी जेलहरुको सुधार, मर्मत तथा सुविधा थप गर्ने प्रयास पनि अव्यवस्थित छ।

(क) पुराना जेलहरु

नेपालमा हाल प्रयोग भैरहेका जेलहरूमा सबैभन्दा पुराना जेलमध्ये ताप्लेजुङ, काठमाडौं र दैलेख हुन्। ताप्लेजुङ र केन्द्रीय जेल काठमाडौं वि.सं. १९५२ सालमा र दैलेख जेल वि.सं. १९६० सालताका बनेको अनुमान गरिएको छ।

राणाकालमा बनेका प्रायः जेल भवनहरू सरकारी स्वामित्व भएको जग्गामा निर्माण भएका छन्। यद्यपि ती भवनहरूमा हाल धेरै परिवर्तन आइसकेको छ। शुरूमा यस अवधिमा बनेका जेलहरूमा शौचालयको उचित प्रबन्ध भएको पाइदैन। त्यसबेला जेलको सुरक्षा पर्खालभित्र बनेका शौचालयहरू खुला राखिने गरिन्थ्यो। हाल जेलको भौतिक संरचना सुधार गर्ने सिलसिलामा केही परिवर्तन भएका छन्। हालको अवस्था हेर्दा पुरानो समयमा बनेका जेललाई पनि भौगोलिक क्षेत्रको आधारमा दुई खण्डमा बाडेर हेर्नु पर्ने देखिन्छ।

(अ) पहाडी क्षेत्रमा बनेका जेलहरू : पहाडी क्षेत्रमा त्यसबखत बनेका प्रायः सबै जेलहरू मुख्य-मुख्य गौंडाहरूमा स्थापित गरिएको पाइन्छ। प्रायजसो सबै घरहरू चारकुने आकारमा बनाइएका छन्। यी घरमा पस्ने मूल ढोका एउटै छ भने भवनहरू कच्ची र दुई तले बनाइएको पाइन्छ। भुँईतला मानिस थुन्नका लागि र माथिल्लो तला सुरक्षाकर्मी तथा प्रशासनिक कामको लागि प्रयोग भएको पाइन्छ। हाल माथिल्लो तलालाई कतिपय ठाउँमा जेल प्रमुखको बसोबास तथा ब्यारेकको रूपमा पनि प्रयोग गरिएको पाइन्छ।

निर्माण अवधिमा पहाडका जेलहरूमा सुरक्षा पर्खाल बनाइएको पाइदैन, तर जेलको भौतिक सुधार गर्ने सिलसिलामा हाल धेरै जेलमा सुरक्षा पर्खालहरू बनिसकेका छन्। डोटी, नुवाकोट र दोलखा जेलमा भने अझै पनि सुरक्षा पर्खाल बनेको देखिदैन। पहाडमा त्यसबेला बनाइएका जेलहरू केले छाइएका थिए भन्ने तथ्य जानकारी पाउन कठिन छ, तर

हालसम्म प्रयोगमा रहेका अधिकांश जेलहरूको छानामा टिन प्रयोग गरिएको देखिन्छ। बैतडी र दैलेख जेलको छानो प्रयोग गरिएका ढुंगाले त्यसबेला छाना छाउन स्थानीय सामग्रीको प्रयोग गरिएको तथ्यलाई प्रष्ट्याउँछन्।

पहाडमा बनेका यी जेलहरूमा शुरूमा बन्दी थुन्ने भुईंका कोठाहरूमा हावा, प्रकाश तथा घाम पस्ने झ्याल र प्वालहरू थिएनन्। कोठाहरू अँध्यारा र चिसा थिए। हाल पनि कतिपय जेलहरूका बन्दी बस्ने कोठाहरूमा हावा, प्रकाश र घाम पस्ने झ्याल र प्वाल छैनन् भने कतिपय जेलका कोठाहरू माटोको आँटीले अलग्याइएका छन्, तिनमा ढोका हालिएको छैन। नुवाकोट र डोटी जेलमा बन्दी थुन्ने १/२ वटा कोठामा बाहेक अरू कोठाहरू उदाङ्ग छन् भने दोलखा जेलमा गुफा जस्तो चिसो, अध्याँरो र असाध्यै साँघुरो कोठामा बन्दीहरूलाई थुन्ने गरिएको छ। त्यसबेला बनाइएका सीमित जेलहरूमा भने झ्याल तथा प्वालको बन्दोबस्त गरिएको पाइन्छ। तर, पहाडमा बनेका त्यसबेलाका जेलहरूमा भान्सा र शौचालय प्रायजसो नजिकै बनाइएको, ढलको उचित प्रबन्ध नभएको तथा क्षमताभन्दा बढी बन्दीहरू राखिएको कारणले अस्वस्थकर र बस्न नहुने अवस्थामा छन्।

जेलको ढल खुलै रहेको कारण स्थानीय बासिन्दाको खेतबारीमा ढलको फोहोर जाने गरेको छ। यी जेलहरूमा दिउँसो र रातीको लागि आवश्यकता अनुसार शौचालय बन्न सकेका छैनन्। फलतः कतिपय जेलका बन्दीले राती प्लाष्टिकको भाँडा, बाल्टी या लोटा राखेर दिसा-पिसाब गर्नु पर्ने बाध्यता छ। यी जेलहरूमा बन्दीहरूले चहल-पहल गर्न, हातगोडा तन्काउन तथा शारीरिक व्यायाम गर्नका लागि ठाउँको अभाव छ भने भित्ताहरू प्रायजसो चर्केको, भत्केको र लेउले छोप्न थालेको अवस्थामा छन्। कतिपय जेलमा बन्दी बस्ने ठाउँ, भान्सा र आँगनको निकटताले खाना बनाउन, सुत्न बस्न ठूलो कठिनाई उत्पन्न हुन्छ।

यस अवधिमा बनेका पहाडी क्षेत्रका दुई जेलहरू विशेष रूपले उल्लेखनीय छन्। यी दुई जेलहरू हुन्- राजधानीको केन्द्रीय जेल र पाल्पा जेल। पहाडी क्षेत्रमा बनेका त्यसबेलाका यी दुई जेल जग्गाको क्षेत्रफलका दृष्टिले सम्पन्न त छँदैछन्, बन्दी राख्ने क्षमताको दृष्टिले पनि पहाडमा बनेका औसत जेलहरू भन्दा ठूला छन्। यी दुवै जेलमा बन्दीको बसोबासका लागि सुरक्षा पर्खालभित्र ठूलो कम्लेक्स बनाएर धेरै घरहरू बनाइएको छ भने जेलको सुरक्षा पर्खाल पनि चौडा र उच्चा छ। जेलभित्र उपलब्ध हुने सुविधाका दृष्टिले हेर्ने हो भने अझै पनि यी जेलहरू अब्बल दर्जाका मानिन्छन्, तर यी जेलहरू पनि छानो पुरानो भएकाले पानी चुहिने, गाह्रो भत्किने र चर्किने तथा गाह्रोमा लेउ लाग्ने जस्ता समस्याले जेलिएर जीर्ण भैसकेका छन्।

(आ) तराईमा बनेका जेलहरू : यस अवधिमा तराईमा बनेका जेलहरूलाई हालसम्म पनि बलिया र सुरक्षित जेल मान्न सकिन्छ। तर, यी जेलहरू असाध्यै पुराना भैसकेका छन् भने कतिपय जेलको अवस्था जीर्ण समेत भैसकेको छ। नेपालको तराईमा हाल प्रचलनमा रहेका अधिकांश जेलहरू २००७ साल अगाडि बनेका छन्। तराईमा २००७ साल अगाडि बनेका जेलहरूलाई भवन निर्माणका दृष्टिले दुई खण्डमा वर्गीकरण गर्नुपर्ने देखिन्छ। तराईका केही जेलहरू त्यसबेला बन्दीहरू राख्ने उद्देश्यले नै बनाइएका थिए। बन्दी थुन्ने उद्देश्यले बनाइएका तराईका जेलहरूमा धनगढी, नेपालगञ्ज, घोराही, कपिलवस्तु, रूपन्देही, वीरगञ्ज, गौर, सर्लाही, जलेश्वर, सप्तरी र मोरङ जेल गरी जम्मा ११ वटा जेल पर्दछन्। कतिपय भवनहरू हाल पनि जेलको प्रयोजनका निम्ति प्रयोग भैरहेका छन्। खासगरी तराईमा पर्ने नवलपरासी जेल र मकवानपुर जिल्लाको भीमफेदी जेल यस श्रेणीका जेलमा पर्दछन्।

मानिस थुन्ने उद्देश्यले तराईमा बनाइएका अधिकांश जेलहरू वि.सं. १९९० साल पछाडि बनेका हुन्। वि.सं. १९९० सालमा गएको भुकम्पले कतिपय जेलहरू क्षतिग्रस्त भएका थिए भने यस अवधिमा बनेका कतिपय जेलहरू त्यसबेला शुरू भएको प्रजातान्त्रिक आन्दोलनको पृष्ठभूमिलाई ध्यानमा राखेर त्यसको दमन गर्नको निम्ति बनाइएको थियो। काठमाडौंबाट भारत पस्ने मुख्य नाका रक्सौल नजिक त्यसबेला बनाइएको वीरगञ्ज जेलमा १ हजार ५ सय बन्दी राख्ने क्षमता हुनुले पनि जेल र राजनीतिक आन्दोलनको सम्बन्धलाई देखाउँछ।

तराईमा यस अवधिमा बनेका अधिकांश जेलहरू सरकारी स्वामित्वमा रहेको जग्गामा निर्माण भएका छन्। निर्माण कालमा यी जेलहरूको स्वामित्वमा प्रसस्त जग्गा, जमिन थियो भन्ने कुरा वीरगञ्ज र विराटनगर जेल वरपरको जग्गा हेर्दा सहजै अनुमान गर्न सकिन्छ। विराटनगरको पुरानो जेलसंग शुरूमा करीब ३ बिगाहा जग्गा रहेको अनुमान छ। हाल जनस्वास्थ कार्यालय बसेको भवन समेत शुरूमा जेलकै स्वामित्वमा थियो भनी स्थानीय जानकारहरू बताउँछन्। वीरगञ्ज जेल वरपरको जमिनमा हाल सुकुम्बासी बस्ती विकसित भएको छ। जेलका बुर्जाहरू समेत सडक बाहिर देखिन्छन्। जेलबाट निस्कने फोहर करीब एकसय मिटर टाढा खुल्ला अवस्थामा छ। कहिले पर्सा जिल्लामा र कहिले बारा जिल्लामा गनिदै आएको वीरगञ्ज जेल वरपरको जमिन स्थानीय नगरपालिकाले सुकुम्बासी बसाउन प्रयोग गरेको छ। फलतः शुरूमा ५ बिगाहा भन्दा बढी जग्गा भएको वीरगञ्ज जेलसंग हाल २ बिगाहा जग्गा पनि छैन। यसैगरी, जेल स्थापना हुँदा जग्गाको स्पष्ट लगत नभएकाले तराईका अरू जेलहरूको जग्गा पनि अतिक्रमण भएको अनुमान गर्न सकिन्छ।

यस अवधिमा तराईमा निर्माण गरिएका प्रायः सबै जेलहरू दुई तले छन्। यी जेलहरू बनाउँदा ईंटाको गाह्रो लगाइएको छ। अनि पर्खालहरू चौडा र अग्ला छन्। जेलको तला छाप्दा माथिल्लो भागमा ईंटाको प्रयोग गरिएको भए पनि जेल भवनहरूमा प्रसस्त मात्रामा काठको प्रयोग गरिएको छ। खासगरी, दलिनका रूपमा प्रयोग गरिएका काठहरू

त्यसबेलाको तराईको सालको जंगल काटेर बनाइएको थियो भन्ने कुरा पनि सहजै अनुमान गर्न सकिन्छ। यसरी बनेका दुई तले जेल भवनहरू वरपर लगाइएको सुरक्षा पर्खालको उँचाई पनि भवनको हाराहारीमा देखिन्छ।

माथिल्लो तलामा ठुल-ठूला झ्यालहरू राखिनु तथा कोठाहरू छुट्याउनका लागि ईटा वा गाह्रोको सट्टामा फलामका ठुल-ठूला डण्डाहरू प्रयोग गरिनु यस अवधिमा बनेका जेल भवनहरूका थप विशेषताहरू हुन्। माथिल्लो तलामा जस्तो खुलापन भुईं तलामा देखिदैन, तर बन्दीहरू बस्ने कोठामा हावा र प्रकाश पस्ने पर्याप्त ठाउँ भने राखिएको पाइन्छ। पुरानो र जीर्ण भैसकेको अवस्थामा पनि बन्दीहरू थुन्न हालसम्म प्रयोग भैरहेका त्यस बखत बनेका केही जेलहरू स्वास्थ्यका दृष्टिले अति हानिकारक छैनन्।

सामूहिक शौचालयहरू निर्माण गरिनु, शौचालयबाट निस्कने फोहरलाई खुला रूपमै जेल बाहिरसम्म पठाउनु तथा बन्दीहरूको भान्साका लागि अलग ठाउँको बन्दोबस्त नहुनु त्यस बखत निर्माण भएका जेलहरूको अर्को विशेषता हो। यस अवधिमा जेल निर्माण गर्दा शौचालयहरू लहरै बनाइएका हुन्थे भन्ने कुरा कपिलवस्तु जेलको अवस्थाले प्रतिबिम्बित गर्दछ। वीरगञ्ज र रूपन्देही जेल क्षमताको दृष्टिले ठूला भए पनि हालसम्म यी जेलमा ढल निकासको उचित प्रबन्ध छैन। पहिले बन्दीहरूको खानपिनका लागि चुल्हो तथा अलग भान्सा कोठा नबनाइएको कारण यस श्रेणीका कतिपय जेलमा बन्दीहरू अहिले पनि बस्ने कोठामा नै खाना पकाउन बाध्य छन् भने कुनै-कुनै जेलमा लाछी गाँसेर या टीनको छाना हालेर भान्सा कोठा बनाइएको पाइन्छ।

तराईमा बनेका पुराना जेलहरू पनि वर्षेनी काम नलाग्ने अवस्थामा पुग्न थालेका छन्। कतिपय जेलहरूको गाह्रो चर्किन थालेको देखिन्छ भने कतिपय जेल भवनका भित्ताबाट ईंटाहरू खस्न थालेका देखिन्छन्। कतिपय जेलहरू भत्केर कामै नलाग्ने अवस्थामा पुगेका छन्। मोरङ जेलको भवन भत्केर कामै नलाग्ने भए पनि महिला बन्दीहरू राख्न प्रयोग भैरहेको छ भने वीरगञ्ज जेलका दुई वटा एकतले भवनहरू पनि नराम्रोसंग भत्किएका छन्।

राणाकालमा तराईमा बनेका अधिकांश जेलको छानो पक्की खालको छ, तर भत्केका कतिपय जेलहरूमा टिनको छाना हालेर पनि काम चलाई राखेको देखिन्छ। यस अवधिमा तराईमा बनेका जेलमा मुलतः दुईटा खण्डहरू बनाइएका छन्। हाल सानो खण्ड महिला बन्दी थुन्न प्रयोग गरिन्छ भने जेलको मूल खण्डमा पुरूष बन्दीहरूलाई थुन्ने गरिएको पाइन्छ। प्रजातन्त्रको पुनर्स्थापना पछाडि महिला बन्दी थुन्न प्रयोग गरिएको खण्डको निर्माण राजनीतिक कार्यकर्तालाई थुन्ने उद्देश्यले गरिएको थियो। अरू बन्दीहरू भन्दा अलग राख्नका लागि सुरक्षा पर्खाल ठड्याएर थोरै मानिस अटाउने कोठाहरू निर्माण गर्नुले राजबन्दीहरूप्रति राणा शासनले ठूलै सतर्कता अपनाएको थियो भन्ने तथ्यलाई प्रष्ट पार्दछ। यसरी राजबन्दीलाई थुन्नका लागि कुनै-कुनै जेलमा छिडी जस्ता अध्याँरा कोठाहरूको निर्माण गर्नु तथा तराईका कतिपय जेलमा गोलघरहरू बनाइनु पनि यस अवधिमा बन्दी थुन्न निर्माण गरिएका जेलका विशेषताहरू हुन्।

दोस्रो श्रेणीमा पर्ने, अर्थात मानिस थुन्ने उद्देश्यले नबनेका तर राणा शासनकालमा बनेका घरहरूमा संचालित जेलहरूको अवस्था चाहिं उल्लेखित जेलहरूको ठिक उल्टो खालको छ। हाल प्रयोग भैरहेका नवलपरासी तथा भीमफेदी जेलका भवन यस श्रेणीमा पर्दछन्। यी दुवै भवनहरू शुरूमा घोडाको तवेला या ग्यारेजका लागि निर्माण गरिएका थिए। वडा हाकिमहरू तथा राणाहरूको घोडा तवेला तथा ग्यारेजका निम्ति बनाइएका यी भवनहरू असाध्यै पुरानो र जीर्ण अवस्थामा छन्।

नवलपरासी जेल कुनै पनि बेला भत्किने अवस्थामा छ। यो जेलको गाह्रो काठको टेको लगाएर अड्याइएको छ भने सधैंभरी यस जेलमा खचाखच बन्दीहरू हुने गर्दछन्। बन्दीहरूको सुत्ने, बस्ने, खाना बनाउने ठाउँ र शौचालय तथा धारा बीचको दुरी असाध्यै कम छ। खासगरी, महिला कक्षको रूपमा प्रयोग गरिएको कोठामा शौचालय र भान्सा संगसंगै जोडिएको छ। यस जेलका कोठामा हावा तथा घाम समेत पस्दैन। भीमफेदी जेलको अवस्था पनि त्यस्तै दुर्दशाग्रस्त छ। जेल वरपर सुरक्षा पर्खाल छैन। उत्तर दिशाको पर्खाल ६ फिटभन्दा अग्लो छैन भने छानाबाट पानी चुहिन्छ। बन्दीलाई पानीबाट ओताउन गतवर्षदेखि प्लाष्टिक हालिएको छ, तै पनि छड्के पानी पर्दा बन्दी बस्ने कोठामा पानी चुहिन्छ। यस जेलमा दुईटा मात्र कोठा छन् र दुईटै कोठा चिसा र अँध्यारा छन्। जेलमा बन्दीले खाना पकाउने समेत ठाउँ छैन। खुला आँगनमा वर्षामास बन्दीहरू या त घुम र छाता ओढेर खाना पकाउँछन्, या त भोकै सुत्न बाध्य हुन्छन्।

घोडा बाँध्न या गाडी राख्न बनाइएको तर हाल मानिस थुन्न प्रयोग गरिएका जेलहरूमा बस्ने बन्दीहरूको अवस्था अति दयनीय छ। एकातिर, यी जेल भवन कतिबेला भत्किन्छन् र बन्दीहरू दूर्घटनामा पर्दछन् भन्न सकिने अवस्था छैन भने अर्कोतर्फ सामान्य मानवीय सुविधाहरू भान्सा, बस्ने ठाउँ, शौचालय, खानेपानी आदि जस्ता समस्या पनि यी जेलहरूमा जल्दोबल्दो अवस्थामा देखिन्छन्। मानिस थुन्न प्रयोग गर्न नहुने भवनहरू वर्षौंदेखि प्रयोग भैरहनु र ती भवनहरूको सट्टा नयाँ जेल भवन निर्माण गर्नुपर्नेमा त्यसतर्फ प्रयास नहुनुले यी दुई जेलहरू नर्कका पर्याय जस्तै भएका छन्।

(ख) पंचायतकालमा निर्मित जेलहरु

२००७ साल अगाडि बनेका र माथि उल्लेख गरिएका बाहेक अरू सम्पूर्ण जेलहरू २०१७ साल पछाडि बनेका हुन्। प्रजातान्त्रिक शासन व्यवस्थाको अन्त्य गरेर पंचायती शासन शुरू भएपछि नेपालका प्रत्येक जिल्लामा पंचायती शासन विरोधी गतिविधिहरू हुनु नौलो कुरा थिएन। पंचायतकालमा निर्मित जेलहरूलाई त्यसै कारणले पनि

त्यसबेलाको शासन पद्धतिबाट अलग्याएर हेर्न मिल्दैन।

पंचायतकालमा पनि पहाडी र तराई दुवै क्षेत्रमा जेल निर्माण गरिएका छन्। राणा शासननाका बनेका तराई क्षेत्रका जेलहरू बाहेक पंचायती शासनकालमा तराईमा झापा जेल, हाल पुरूष बन्दी राखिएको मोरङ जेल, सिरहा जेल, भरतपुर जेल, उदयपुर जेल, बर्दिया जेल, तुलसीपुर जेल, महेन्द्रनगर जेल जस्ता क्षमताको दृष्टिले धेरै बन्दी अटाउने र सीमित बन्दी अटाउने २ खाले जेलहरू बनाइएको पाइन्छ। उल्लेखित जेलहरूमध्ये झापा, तुलसीपुर, वर्दिया तथा महेन्द्रनगर जेलको क्षमता एक सयभन्दा बढी बन्दी अटाउने खालको छ भने अरू जेलहरूको क्षमता एक सयभन्दा कम बन्दी राख्ने खालको पाइन्छ।

तराईमा यस अवधिमा बनेका जेलहरू पनि राणाकालीन समयमा बनेका जेलहरू झैं सरकारी जमिनमा निर्माण गरिएका थिए। यस अवधिमा तराईमा बनेका जेलहरू एक बिगाहाभन्दा बढी क्षेत्रफलमा बनेका छन्।

०२० सालताका देशमा जेल भवनहरू निर्माण गर्ने योजनाबद्ध कामको थालनी भएको हुनुपर्छ भन्ने कुरा झापामा ०२१ सालमा निर्माण भएको जेलको नाप-नक्सा तथा त्यसपछि अरू ठाउँमा निर्मित जेलहरूको डिजाइन हेर्दा सहजै अनुमान गर्न सकिन्छ। पंचायतकालमा तराई तथा पहाडी क्षेत्रमा जेल निर्माण गर्न एकै खालको नाप-नक्सा तयार गरिएकोले यस अवधिमा बनेका तराईका जेलहरू एकै खालका देखिन्छन्। खासगरी, तराईमा निर्माण गरिएका ठुल-ठूला जेलहरू एकखालको नाप-नक्सा अनुरूप तयार भएका देखिन्छन् भने तराईमा निर्मित थोरै बन्दी थुन्ने क्षमता भएका र पहाडमा निर्माण गरिएका जेलहरू अर्को खालको नाप-नक्सा अनुरूप तयार गरिएका पाइन्छन्।

पंचायती शासनकालमा प्रत्येक जिल्लाका सदरमुकामहरूमा जेल निर्माण गर्ने प्रक्रियालाई अभियानकै रूप दिइएको भए पनि कतिपय जिल्लामा हालसम्म जेल कार्यालयको आफ्नो भवन छैन। आफ्नो भवन नभएका जिल्लामा जेल शाखा संचालन गर्न कतिपय ठाउँमा घरहरू भाडामा लिइएका छन् भने केही जेल अर्को प्रयोजनमा बनाइएका घरमा पनि संचालित छन्।

पंचायतकालमा बनेका जेलहरू प्रायजसो सदरमुकाममा छन्। सदरमुकामको एउटा कुनामा जेल निर्माण गर्ने प्रक्रियालाई यस अवधिमा जोड दिइएको पाइन्छ। यसरी जेल निर्माण गर्दा सकेसम्म प्रहरी कार्यालयबाट नजिक राख्ने प्रयास गरिएको पनि पाइन्छ, तर बजारको कुनामा पार्ने वा प्रहरी कार्यालयबाट नजिक जेल निर्माण गर्ने जस्ता आधारलाई सबै ठाउँमा एकैनासले लागू गरिएको पनि देखिँदैन। यस अवधिमा तराईमा निर्मित अधिकांश जेलको जग्गा आफ्नै स्वामित्वमा भए पनि पहाडी क्षेत्रमा निर्मित झण्डै १० वटा जेलको जग्गामा स्थानीय बासिन्दा र जेल कार्यालय बीच विवाद कायम देखिन्छ।

पंचायकालमा बनेका सबै जेलमा सुरक्षा पर्खाल बनाइएको छ भने अधिकांश जेलहरूको सुरक्षा व्यारेक र जेल कार्यालयलाई सुरक्षा पर्खालको एउटा न एउटा भागसंग जोडेर घेरिएको छ।

एकतलाको घर बनाउँदा प्रायः जेलको भुँईमा पनि प्लाष्टर गरिएको पाइन्छ, तर त्यो प्लाष्टर पनि प्रायः सबै जेलमा उप्केको अवस्थामा छ। जेल निर्माण गर्दा एउटै भवनमा महिला र पुरूष कक्ष छुट्याइएका छन्। बीचको पर्खालले महिला र पुरूष कक्षलाई छुट्याइए पनि महिला र पुरूषले भवन बाहिर अलग-अलग घुमफिर गर्ने ठाउ पाउँदैनन्। फलतः कतिपय जेलमा महिला र पुरूषलाई पालैपालो बन्दीगृहबाट निकालेर घुमफिर गर्न दिइन्छ भने कतिपय जेलमा महिला बन्दीहरू बन्दीगृहबाट बाहिर निस्कन पाउँदैनन्।

पंचायतकालमा बनेका तराई र पहाडका जेलहरूमा कोठा बनाउँदा एउटा कोठालाई ठूलो बनाइएको पाइन्छ भने बाँकी कोठाहरू स-साना बनाइएका छन्। पहाडी क्षेत्रमा बनेका अधिकांश जेलमा बन्दी महिला र पुरूषका लागि एक-एकवटा ठूला कोठा बनाइएको छ भने तराईमा जेल निर्माण गर्दा ठुला कोठाहरू ३/४ वटा पनि बनाइएको पाइन्छ। तराईमा होस् या पहाडमा, यस अवधिमा निर्माण गरिएका जेलमा झ्यालहरू निर्माण गरिएका छैनन्। बन्दी बस्ने कोठा वा अरू कोठामा झ्यालहरू निर्माण नगरिएको भए पनि प्रत्येक कोठामा ३/४ वटा भेण्टीलेशनहरू राखिएका छन्। यिनै भेण्टीलेशनहरू जेलभित्र हावा र प्रकाश पस्ने प्वालहरू हुन्।

पहाडी क्षेत्रमा बनेका जेलमा एक ठूलो कोठाका अतिरिक्त पुरूष र महिला दुवै कक्षमा २/३ वटा स-साना कोठाहरू बनाइएका पाइन्छन्। यी स-साना कोठाहरू कतिपय ठाउँमा भान्सा र गोदाम कोठाको रूपमा प्रयोग गरिएका छन् भने कतै बन्दीहरूकै बसोबासका लागि प्रयोग गरिएका छन्। यस अवधिमा निर्माण गरिएका पहाडी क्षेत्रका जेलमा वरण्डासंग जोडेर एउटा सानो कोठा निकालिएको देखिन्छ। यस्तो एउटा सानो कोठा अधिकांश जेलमा भान्सा कोठाको रूपमा प्रयोग गरिएको देखिन्छ।

पंचायतकालमा बनेका प्रायजसो जेलहरूमा शौचालयको राम्रो व्यवस्था गरिएको पाइन्छ, तर भान्सा तथा अन्य ठाउँबाट निस्केको फोहर तथा धाराबाट बग्ने फोहरको ढल व्यवस्थित रूपले निकास गरिएको पाइदैन। जेलमा बन्दी कोठासंग जोडेर शौचालय बनाइएको प्रायः सबै जेलमा रात्री शौचालयको अभाव छ। ०४७ साल पछाडि केही जेलहरूमा रात्री शौचालयको व्यवस्था गरिएको भए पनि अधिकांश जेलहरूमा बन्दीहरू एउटा भाँडो राखेर राती दिसाब-पिसाब गर्न बाध्य छन्।

सीमा प्रशासन कार्यालयको भवनमा संचालित हुँदै आएको मुस्ताङ जेल नेपालको सबैभन्दा गएगुज्रेको र असुरक्षित जेल हो। कम्तिमा पनि ५० वर्ष पुरानो भवनमा जम्मा ११ वटा कोठा भए पनि बन्दी थुन्नका लागि एउटा

कोठा प्रयोग गरिएको छ। ढुंगा माटोले बनेको भवनको भित्तो कमजोर छ र हातले कोट्याउँदा समेत बुरू-बुरू माटो झर्दछ। बन्दी राखिएको एउटा कोठामा एउटा मात्र झ्याल छ। त्यही झ्याल बन्दी कोठामा हावा र प्रकाश प्रवाह हुने ठाउँ हो, तर यसै झ्यालबाट गत वर्ष केही बन्दी भागेकोले झ्याल पनि दिउँसो मात्र खोलिन्छ। राती झ्याल बन्द गरिन्छ। जेल भवन असुरक्षित भएको कारण जेलमा परेका सबै बन्दीका गोडामा नेल लगाइएको देखिन्छ। जेल परेको दिन लगाइएको बन्दीका खुट्टाको नेल एकछिन पनि खोलिदैन। जेल मुक्त भएका दिनमात्र बन्दीले नेलबाट मुक्ति पाउँछन्।

३. जेलमा प्राप्त भौतिक सुविधाहरु र बन्दीहरुको स्थिति

राजनीतिक नेताहरू लामो समयसम्म नेपालका जेलमा बसेको तथा नेपालका जेलहरूको इतिहास नेपालको राजनीतिक इतिहाससंग अभिन्न रूपले जोडिएको कारण नेपालका जेलमा प्रजातन्त्रको स्थापना पछाडि सकारात्मक प्रभाव पर्ला भन्ने अपेक्षा पंचायती शासनताका प्रशस्त मात्रामै गरिन्थ्यो। हाल सत्तामा रहेका र प्रतिपक्षमा रहेका नेपालका अधिकांश नेता र कार्यकर्ताहरूलाई नेपालका जेलहरूमा के कस्तो सुधारको आवश्यकता छ भन्ने कुरा राम्रैसंग थाहा हुनुपर्छ।

हाल निर्माण अवधिमै रहेका भए पनि प्रजातन्त्रको पुनर्स्थापना भएपछि बन्न थालेका र पंचायती शासनकालको अन्ततिर बनेका जेलहरूको भौतिक संरचनामा स्पष्ट अन्तर देखिदैन। अझ प्रजातन्त्रको पुनर्स्थापना भएपछि पनि जेलको व्यवस्थापन तथा संचालन गर्न बनेको जेल ऐनका कतिपय बुँदाहरूले अझै पनि पंचायती शासन र राणाकालिन मानसिकता बोकेका छन्। त्यसैले, नेपालका जेलमा बन्दीले पाउने न्यूनतम सीदा रकमको सुविधा बृद्धि बाहेक प्रजातन्त्रको पुनर्स्थापना भएपछि पनि जेलका बन्दीले पाउने चामल, लत्ता-कपडा, बसोबास गर्ने कारागृह भवन, जेल संचालन गर्ने सोच र सिद्धान्त जस्ता महत्वपूर्ण कुराहरूमा प्रजातन्त्रले स्पष्ट र सकारात्मक प्रभाव पारेको देखिदैन। अझै पनि मनाङ र मुगु जस्ता हिमाली र दुर्गम जिल्लामा जेलको निम्ति आफ्नो भवन छैन। भाडामा लिइएको घरमा संचालन गरिएका जेलमा बन्दीलाई जनावर जस्तै बनाएर र कतिपय जिल्लामा बन्दीलाई २४ सै घण्टा नेल लगाएर राख्ने गरिएको छ। जेलमा परेका बन्दीले आफ्नो न्यूनतम आवश्यकता पूरा गर्न कतिपय ठाउँमा घरका मानिसहरू र जेल बाहिरका आफन्त र नातागोतामाथि आश्रित हुनुपर्ने अवस्था विद्यमान छ। तै पनि नेपालका जेलमा परेका बन्दीका लागि जेल ऐन २०१९ ले केही सीमित सुविधा तथा सहुलियतको व्यवस्था गरेको छ। यस्ता सहुलियत र सुविधाहरूको वर्गीकरण गर्दा थुनुवा, कैदी, महिला तथा आश्रित बालबालिकाको लागि अलग-अलग व्यवस्था गरिएको पाइन्छ, तर कानूनले उपलब्ध गराएका कतिपय सुविधा पाउनबाट जेलमा बस्ने बन्दीहरू बंचित देखिन्छन्।

नेपालका जेलमा थुनामा परेका हरेक मानिसले थुनामा परेको दिनदेखि प्रतिदिन खाना बापत ७ सय ग्राम चामल र अन्य आवश्यकता पूर्तिका लागि प्रतिदिन रू. १०।- पाउँछन्। यो सुविधा र सहुलियत कतै पर्याप्त देखिन्छ भने कतिपय ठाउँमा यो सुविधा निकै कम र अपर्याप्त देखिन्छ।

सिदा बापत बन्दीलाई प्रत्येक दिन दिइने रकम ०४६ सालसम्म रू. ३।- मात्र थियो। ०४७ सालमा अन्तरिम सरकारले गठन गरेको जेल सुधार कार्यदलले आफ्नो प्रतिवेदन बुझाएपछि बन्दीले पाउने सिदा रकमलाई शत-प्रतिशत बढाएर रू. ६।- पुऱ्याइयो। बिगतमा एमालेको सरकार गठन भएपछि बन्दीलाई दिइने सिदा रकम बढाएर रू. १०।- पुऱ्याइएको छ।

रू. १०।- बाट बन्दीले चामल बाहेक अन्य सबै आवश्यक वस्तुहरूको जोरजाम गर्नु पर्दछ। प्रायः सबै बन्दीले यस रकमबाट आफ्ना दैनिक आवश्यकताहरू पूर्ति गर्ने गरेका छन्। यस रकमको ठूलो हिस्सा प्रतिदिन भान्सामा चाहिने दाल, तरकारी, नून, तेल, मर-मसला जस्ता सामान खरीद गर्नमा खर्च हुने गर्दछ भने भात पकाउने इन्धनका रूपमा प्रयोग गरिने मट्टितेल र दाउराको खाँचो समेत यसै रकमबाट पूर्ति गर्नुपर्ने हुन्छ। रू. १०।- बाट तराईका जेलमा बस्ने बन्दीले आफ्ना आवश्यकताहरू जेनतेन पूरा गर्दछन्, तर पहाडी क्षेत्रका अधिकांश जेलमा यो रकमले न्यूनतम आवश्यकता समेत पूर्ति हुँदैन। खासगरी, सुदूर तथा विकट पहाडी जिल्लामा बन्दीले खरिद गर्नैपर्ने दाल, नून, तेल, मसला, सलाई, साबुन जस्ता वस्तुहरू तराईको तुलनामा दोब्बर मात्रामा महंगा छन्। त्यसमाथि कतिपय जेलमा दाउराका लागि बन्दीले हप्तामा ६० रूपैया खर्च गर्नुपर्छ। फलतः पहाडी क्षेत्रका जेलमा बस्ने बन्दीहरू या त चामल मात्र खाएर गुजारा गर्न या त आफ्ना आवश्यकताहरू कटौति गर्न बाध्य देखिन्छन्। नेपालका जेलमा समानुपातिक रूपले वितरण गरिने खाद्यान्न तथा सिदा सुविधा झट्ट हेर्दा सहुलियतपूर्ण लागे पनि पहाडी तथा उच्च पहाडी क्षेत्रमा निर्मित तथा संचालित जेलमा परेका बन्दीहरूको अवस्था अत्यन्त दयनीय छ। जेल ऐन तथा नियमावलीले उपलब्ध गराएका सुविधाहरू यस्ता भेगमा अपर्याप्त छन्।

जेलमा परेका बन्दीले पाउने स्वास्थ्य उपचार सम्बन्धी सुविधाको हालत झनै दयनीय छ। नेपालका ७३ जेलमध्ये झण्डै २२ वटा जेलमा डाक्टरको पनि दरबन्दी छ। केन्दीय जेल काठमाडौंमा प्रायः सधैभरी २ जना डाक्टर कार्यरत रहन्छन्। वीरगञ्ज जेलमा दरबन्दी भएर पनि डाक्टर अनुपस्थित छन्। यस्तै कतिपय अ.हे.व.को दरबन्दी भएका जेलमा स्वास्थ्य कार्यकर्ताको अभाव छ। जेलमा स्वास्थ्य कार्यकर्ताहरू जान मन नपराउने कारणहरू आफ्ना ठाउँमा होलान्, तर दरबन्दी भएका ठाउँमा पनि स्वास्थ्य कार्यकर्ताको अनुपस्थिति लामो समयसम्म रहिरहनुले बन्दीको स्वास्थोपचारमा ठूलो समस्या खडा भएको देखिन्छ।

स्वास्थ्य कार्यकर्ताहरू भएका जेलमा स्वास्थ्य कार्यकर्ताहरू समयमा नआउने, रात-साँझ बन्दीहरू विरामी

पर्दा उनीहरूलाई अस्पतालमै दौडाउनु पर्ने तथा विरामी बन्दीले समयमा औषधि नपाउने आदि जस्ता समस्या जेलहरूमा देखिन्छन्। कतिपय जेलमा स्वास्थ्य कार्यकर्ताप्रति बन्दीले विश्वास नै नगर्ने स्थिति देखिन्छ भने जेल प्रशासनको तर्फबाट देखाइएको लापर्वाहीले पनि धेरै बन्दीले समयमा स्वास्थोपचार पाउन सकेका छैनन्।

नेपालका झण्डै ५० वटा जेलमा स्वास्थ्य कार्यकर्ताको दरबन्दी छैन्। स्वास्थ्य कार्यकर्ताको दरवन्दी नभएका जेलमा बन्दीहरूलाई उपचार गर्न स्थानीय अस्पताल वा स्वास्थ्य चौकीमा लैजाने गरिएको र कतिपय अवस्थामा डाक्टर वा स्वास्थ्य कार्यकर्तालाई जेलमै बोलाउने गरिएको पनि पाइन्छ। कतिपय जेलहरूमा बन्दीको स्वास्थ्य परीक्षण गर्न १० दिनको बीचमा एकपल्ट अ.हे.व. बोलाउने गरिएको पाइन्छ। स्वास्थ्य परीक्षण गर्न प्रत्येक महिना जेलमा गए बापत जेल शाखाहरूले डाक्टर वा स्वास्थ्य कार्यकर्तालाई नियमित रूपले खर्च दिने गरेका छन्। यसरी अ.हे.व. वा डाक्टरका लागि छुट्याइएको रकम जेलै पिच्छे फरक-फरक देखिन्छ। कतिपय जेलले अ.हे.व. लाई प्रतिमहिना रू. २ सय दिने गरेको पाइन्छ भने कतिपयले प्रतिमहिना तीन सय दिने गरेका छन्। तर डाक्टरलाई भने प्रत्येकपल्ट जेलमा बन्दी जाँच्न जाँदा अधिकांश जेलमा प्रति भ्रमण रू. ३ सय दिने गरेको पाइन्छ।

स्वास्थोपचार सुविधा पुऱ्याउन जेल प्रशासनले स्वास्थ्यकर्मीको बन्दोबस्त स्थानीय स्तरमा गरेको भए पनि औषधि उपचारका लागि जेल शाखामा पठाइने रकम अत्यन्त न्यून देखिन्छ। यसरी औषधोपचारमा रकम विनियोजन गर्दा कुनै स्पष्ट आधार बनाइएको पनि पाइदैन। एकै क्षमता भएका कुनै जेलमा धेरै र त्योभन्दा बढी बन्दी भएको जेलमा थोरै रकम विनियोजन गर्ने परम्परा त कायम भएको देखिन्छ नै, जेलमा स्वास्थ्य सम्बन्धी जे-जति समस्याहरू देखिन्छन्, ती समस्या तथा रोगको उपचार गर्न पुग्ने गरी कुनै पनि जेलमा रकम विनियोजन गरेको पनि देखिदैन।

जेलमा परेका बन्दीलाई प्रत्येक ६ महिनाको अन्तरालमा लगाउने लुगा दिनुपर्ने प्रावधान जेल नियमावलीले गरेको छ। नियमअनुसार हाल प्रत्येक पुरूष बन्दीलाई हिउदे र वर्षे सिजनमा खद्दरको कपडा दिने गरिएको छ। वर्षामा वितरण गरिने खद्दरको कपडा ४ गज हुन्छ भने हिउँदे सिजनमा कमिज-सुरूवाल सिउन पुग्ने गरी साढे चार गज कपडा वितरण गर्ने गरिएको पाइन्छ। केन्द्रीय जेल काठमाडौंमा बुनेको यो कपडाको प्रयोग भने कमै बन्दीले मात्र गरेको देखिन्छ। तराई होस् या पहाडी क्षेत्र, प्रायः सबै ठाउँका बन्दीले यो कपडा लगाउनुको साटो ओढ्ने-ओछ्याउने कपडाको खोलको रूपमा प्रयोग गर्ने गरेका छन्।

मध्य पहाडी क्षेत्रको वातावरणमा अनुकूल हुने खद्दरको कपडा तराईको जेलमा गर्मी याममा लगाउने नसकिने हुन्छ भने उच्च पहाडी क्षेत्रका जेलमा यस खद्दरको कपडाले पटक्कै जाडो छेल्दैन। फलतः तराईमा हिउँदे सिजनमा बन्दीले कुर्ता-सुरूवाल लगाउन प्रयोग गरे पनि वर्षा मासमा तराईका जेलमा यो कपडाको औचित्य देखिदैन। त्यसैगरी उच्च पहाडी क्षेत्रका जेलमा वर्षामास बन्दीले वितरण गरिएको कपडा लगाउने गर्दछन्, तर जाडो याममा खद्दरको कपडाले जाडो थेग्दैन। उच्च पहाडी क्षेत्रका कतिपय जेलमा हिउँदमा जेलबाट बाहिर निस्कन समेत सकिदैन। अत्यन्त चिसोको कारण कतिपय जेल रहेका ठाउँमा ३/४ महिना हिउँ पर्छ, तर मुस्ताङ, सोलु आदि जेलमा बस्ने बन्दीले समेत यही सुती कपडाको भरमा हिउँको चिसो छल्नुपर्ने बाध्यता छ। यस्ता जेलमा बस्ने बन्दीहरूका लागि स्वीटर, ज्याकेट जस्ता न्यानो लुगा तथा हिउँको चिसोबाट जोगिन अतिरिक्त दाउराको बन्दोबस्त हुनु अति आवश्यक देखिन्छ।

जेलमा बन्दीले लगाउनका लागि पाउने लुगा जे-जस्तो भए पनि एक हदसम्म नियमितता छ र एकै खालको स्तरीयता पनि छ, तर २ वर्षको अन्तरालमा बन्दीलाई ओढ्न-ओछ्याउनका लागि वितरण गरिने लुगा-कपडाको कुनै मापदण्ड देखिदैन। ठुल-ठूला जेलमा प्रत्येक २ वर्षको अन्तरालमा ओढ्ने-ओछ्याउने कपडा वितरण गरिन्छ। यसरी वितरण गर्दा कतिपय जेलमा २ वर्ष नबसिकनै बन्दीले ओढ्ने-ओछ्याउने कपडा पाउँछन् भने कतिपय जेलमा ३ वर्ष बितिसक्दा पनि २ वर्षको अन्तरालमा वितरण गर्नुपर्ने लुगा वितरण गरिएको पाइदैन। खासगरी ठूला र शाखा अधिकृत जेल प्रमुख भएका ठाउँमा बन्दीहरूले तुलनात्मक रूपमा कानूनले तोकेका सुविधा पाएका छन् भने साना जेलहरूमा कानूनले तोकेका सुविधाहरू प्राप्त गर्न समेत ठूलो कठिनाइको सामना गर्नु परिराखेको छ।

जेलमा पर्नासाथ हरेक बन्दीलाई सुत्ने-बस्ने समस्याको शुरूवात हुन्छ। जेल परेकै दिनदेखि बन्दीले जेलमा सुत्नु-बस्नु पर्ने भए पनि प्रायजसो बन्दीहरू शुरूमा खालि हात जेलमा पुग्दछन्। त्यसैले, जेलमा प्रवेश गरेको दिनदेखि झण्डै २ वर्षसम्म बन्दीले अरू बन्दीका लुगा-कपडामा आश्रित हुनु पर्छ, या घरबाटै कपडा लैजानु पर्छ। २ वर्षसम्म ओढ्ने-ओछ्याउने कपडा विना नै जेलमा बस्नुपर्ने बाध्यताका कारण कतिपय बन्दीहरू बोरामा सुतेका देखिन्छन्।

२ वर्षको अन्तरालमा वितरण गरिने ओढ्ने ओछ्याउने लुगा-कपडा समयमा वितरण नगरिनु एउटा समस्या हो भने वितरण गरिने लुगा-कपडाको स्तरमा एकरूपता नहुनु अर्को खाले समस्या हो। ओढ्ने-ओछ्याउने कपडाको लागि एकजना बन्दीलाई सरदर ७ सय रूपैया छुट्याउने गरेको पाइन्छ, तर तराईका जेलमा ७ सय रूपैयाभन्दा कम मूल्यको खास्टो दिइने गरेको देखियो भने पहाडी क्षेत्रका कतिपय जेलमा सिरक किन्नका लागि समेत रू. ७ सय अपर्याप्त देखियो। त्यसैले, जेलमा बन्दीलाई दुई वर्षको अन्तरालमा वितरण गरिने कपडा एकातिर कानून सम्मत तरिकाले वितरण गरेको पाइदैन। यसरी वितरण गरिने कपडा कतिपय ठाउँमा जेल प्रशासन र बन्दीका लागि समेत समस्या बन्ने गरेको देखिन्छ।

नेपालका जेलहरूमा खेलकुदका लागि ठाउँ त छैन-छैन, ठाउँ भएका जेलमा पनि बन्दीले खेलकूदका सामाग्री पाएका छैनन्। नेपालका ठूला जेलहरू मध्येको एक वीरगञ्ज जेलभित्र भलिवल र टेवुल टेनिस खेल्ने ठाउँ छ, तर खेलकुद शीर्षकमा बजेट न्यून भएकाले भलिवल र जाली कहिलेकाहीं मात्र प्राप्त हुन्छन्। टेवुल टेनिसको अवस्था पनि त्यस्तै छ।

नेपालका ठूला र क्षमताको हिसाबले धेरै मानिस अट्ने जेलहरूमा वर्षमा एक पटकसम्म भलिवल, जाली वितरण गरिए पनि एकपल्ट वितरण गरिएको खेल सामाग्रीले ३/४ महिनाभन्दा बढी धान्दैन। बाँकी जेलहरूमा बन्दीले खेलकुद र सुविधाको रूपमा क्यारेम बोर्ड, चेस या लुँडोसम्म पाउँछन्। वर्षमा एकपल्ट वितरण गरिने यो खेल सुविधाबाट पनि जेल भित्रका सीमित मानिसले मात्र फाइदा पाउँछन्। कतिपय जेलहरूमा त बन्दीलाई खेलकुदका निम्ति दिइएको क्यारेम बोर्ड प्रहरी र जेल प्रशासनले बाहिरै राखेको देखिन्छ। फलतः बन्दीका भागमा चेस र लुँडो जस्ता सामाग्री मात्र उपलब्ध हुन्छन्।

नेपालका सीमित जेलहरूमा प्राथमिक विद्यालयहरू संचालन गरिएका छन् भने झण्डै ५ वटा जेलमा निम्न माध्यमिक विद्यालय र एउटा जेलमा माध्यमिक विद्यालय संचालन गरिएको छ। बाँकी जेलहरूमा बन्दीलाई शिक्षाको व्यवस्था छैन। ०४७ साल पछाडि नेपालका जेलमा रहेका कैदी तथा थुनुवालाई साक्षर बनाउन तुलसीमेहर युनेस्को क्लवले केही जेलहरूमा साक्षरता कक्षा संचालन गरेको पाइन्छ, तर सो क्लवले सबै जेलमा आफ्नो साक्षरता सेवा पुऱ्याउन सकेको छैन। कतिपय जेलहरूले स्थानीय जिल्ला शिक्षा कार्यालयहरूसंग साक्षरता कक्षा संचालन गर्न माग गरेका छन्, तर सरकारी निकायबाट जेलहरूमा आजसम्म साक्षरता कक्षा संचालन गरिएको पाइदैन।

जेलमा बन्दीले पाउने मनोरञ्जनको स्रोत भनेको रेडियो मात्र हो। नेपालका सबै जेलहरूमा बन्दीहरूले रेडियो राखेका छन्। जेलको तर्फबाट नुवाकोट जेलमा चाहिं रेडियो राख्न दिइएको छैन। सुरक्षाको कारण देखाएर जेलमा रेडियो राख्न नदिइएको भए पनि देशका अरू कुनै पनि जेलमा रेडियो राख्न र बजाउन रोक लगाइएको पाइदैन। अझ कतिपय जेलहरूमा त टेप रिकर्डर र टेलिभिजन समेत राखिएको पाइन्छ।

मनोरञ्जनका साधन राख्न दिने कि नदिने भनेर जेलहरूको व्यवस्थापन गर्ने निकायले निश्चित मापदण्ड पनि किटान गरेको देखिदैन। कुनै-कुनै जेलहरूमा रेडियो राख्न दिइएको छ, तर टेप रिकर्डर राख्न दिइएको छैन। रेडियो राख्न दिने तर टेप रिकर्डर राख्न नदिने स्पष्ट कारण पनि जेल प्रशासनले बताउँदैन। यसैगरी, कतिपय जेलहरूमा जेल प्रशासन तथा स्थानीय जिल्ला विकास समितिले टेलिभिजन राख्न सहयोग गरेका छन्, तर कतिपय जेलहरूमा बन्दी स्वयंले पैसा संकलन गरेर टेलिभिजन राख्न खोज्दा समेत राख्न अनुमति दिइएको छैन। टेलिभिजन राख्न पाउने माग गर्दा कतिपय जेलहरूमा ठूलो विवाद समेत उत्पन्न भएको छ।

पत्र-पत्रिका सम्बन्धी सुविधाबाट प्रायः सबै जेलका बन्दीहरू विमुख छन्। प्रायः सबै जेलहरूमा सरकारी सूचना तथा विज्ञापनका लागि गोरखापत्र खरिद गर्ने गरिएको पाइन्छ। जेल प्रशासनमा पुग्ने गोरखापत्र कर्मचारीले पढिसकेपछि बन्दीहरूलाई पनि पढ्न दिइएको पाइन्छ। कतिपय जेलहरूमा बन्दी स्वयंले पैसा संकलन गरेर केही साप्ताहिक तथा दैनिक पत्र-पत्रिका पढ्ने गरेका छन्। केही जेलहरूमा बन्दीहरूको लागि स्थानीय जिल्ला विकास समितिले १/२ वटा साप्ताहिक पत्रिका खरिद गरिदिने गरेको छ भने केही जेलहरूमा स्थानीय मानवअधिकारवादी कार्यकर्ता तथा केही राजनीतिक पार्टीका कार्यकर्तांले समेत पत्रपत्रिका नियमित रूपले दिने गरेका छन्। अधिकांश जेलहरूमा पत्रपत्रिकाको लागि वर्षभरिमा रू. १२ सय जति रकम छुट्याइएको हुन्छ। यो रकम गोरखापत्र किन्दा सकिने भएकोले जेल प्रशासनले अरू पत्रपत्रिका खरिद गर्न सक्दैन।

नेपालका जेलहरूलाई सुधार गृह भन्न थालेको झण्डै ५ वर्ष भए पनि मानसिक रूपले बन्दीहरू सधै एक्लो र निस्सहाय त छँदैछन्, जेलभित्र कुनै सीप सिक्ने वा सीपको उपयोग गर्ने अवसर समेत छैन। पाल्पा, पोखरा तथा केन्द्रीय जेल काठमाडौंमा श्री ५ को सरकारद्वारा संचालित घरेलु उद्योग संचालन गरिएको भए पनि बाँकी अरू जेलहरूमा बन्दीहरूको सिप विकास तथा तालिम प्रदान गर्न कुनै पनि अवसरहरू छैनन् भने पनि हुन्छ।

कतिपय जेलहरूमा बन्दीहरू स्वयंले टोपी बुन्ने तान संचालन गरेका छन् भने केही जेलमा बन्दीले आफूमा भएको सीप प्रयोग गरी मुढा, नाम्लो तथा चोयाको काम गर्दछन्। बन्दीले तयार गरेको सामाग्रीले बजार नपाउने समस्या एकातिर छ भने आफ्नो सिप प्रयोग गर्न कतिपय जेलका बन्दीले कच्चा सामाग्री समेत पाउँदैनन्। बन्दीले कच्चा सामाग्री प्राप्त गर्नका लागि या त बाहिरका सुरक्षाकर्मी या त जेलका कर्मचारीमा भर पर्नु पर्दछ। त्यसैले, बन्दीका लागि कच्चा सामाग्री प्राप्त गर्न ठूलो समस्या पर्दछ।

कुनै पनि जेलमा बन्दीको सुधारका लागि नैतिक शिक्षा, धार्मिक प्रवचन तथा समारोह जस्ता गतिविधिहरू पनि नियमित रूपमा हुनेगरेका छैनन्। त्यसैले, जेललाई सुधार गृह भन्ने गरिए पनि नेपालका जेलहरूमा प्राप्त सुविधा र सहुलियत हेर्दा यिनलाई सुधार गृह भन्न सकिने अवस्था छैन।

नेपालका कारगारमा बन्दीले पाउने सुविधाहरू के-के हुन् भन्ने कुरा आजभन्दा झण्डै ३० वर्ष अगाडि निर्धारित गरिएको थियो। ३० वर्ष अगाडि बनेको ऐनका आधारमा बन्दीलाई दिइने सुविधा तथा सहुलियत अपर्याप्त हुनु अस्वाभाविक होइन, तर त्यही कानून र नियम अन्तर्गत हाल जे-जति सुविधा र सहुलियत बन्दीलाई प्रदान गरिएको छ, ती पनि बन्दीले पाउन सकेका छैनन्।

जेल ऐनले विरामी बन्दी र निरोगी बन्दीलाई

अलग-अलग राख्नुपर्ने व्यवस्था गरेको छ। विरामी बन्दीहरूमा पनि सरूवा रोग लागेका तथा मानसिक रोगी र अरू साधारण बन्दीलाई एकै ठाउँमा राख्न नमिल्ने प्रावधान छ, तर बर्दिया जेलमा बाहेक यस नियमको कतै पनि पालना गरिएको पाइदैन।

जेल ऐन तथा अरू कतिपय कानूनले थुनुवा र कैदीहरूलाई अलग-अलग कोठामा थुनामा राख्नु पर्ने तथा नावालक र उमेर पुगेका बन्दीहरूलाई एकै ठाउँमा राख्न नहुने स्पष्ट व्यवस्था गरेका छन्। तर, नेपालका कुनै पनि जेलमा कानूनले निर्धारण गरेको यो मापदण्ड अपनाइएको पाइदैन। नेपालका जेलमा हाल जे-जति नावालक बन्दीहरू छन्, तिनीहरू वयस्क बन्दीसंग राखिएका छन् भने कैदी र थुनुवालाई अलग-अलग ठाउँमा थुन्ने कुरा त परै जाओस्, थुनुवा र कैदी बीच स्पष्ट पहिचान हुने व्यवस्था गरिएको समेत पाइदैन।

३० वर्ष अगाडि बनेको जेल ऐनमा केही संशोधन गरिएको भए पनि जेल ऐनमा बालबन्दी तथा गर्भवती महिलाका लागि जे-जस्तो बन्दोबस्त गरिएको थियो, त्यसमा ठूलो परिवर्तन गरिएको पाइदैन। अहिले पनि जेलमा सुत्केरी हुने महिलाले पाउने सुविधाहरूको नापजोख माना, कुरूवा तथा पावाका आधारमा गरिन्छ भने सुत्केरी महिलाले पाउने सुविधाहरू पनि अत्यन्त सीमित छन्। यी सीमित सुविधा र सुहलियतहरू पनि समयमा नपाउने समस्या एकातिर छ भने जेल भित्रको वातावरण तथा जेलहरूको भौतिक अवस्थाले बन्दीहरूको जीवनलाई अझ अमानवीय र संकटग्रस्त बनाएको छ।

यति हुँदाहुँदै पनि प्रजातन्त्रको पुनर्स्थापना पछाडि नेपालका जेलहरूमा पटक्कै सुधार भएको छैन भनेर भन्न सकिदैन। प्रजातन्त्रको पुनर्स्थापना पछाडि जेलको भौतिक संरचनामा ठूलो र उल्लेखनीय सुधार नभए पनि बन्दीको मानवअधिकारसंग सम्बन्धित कतिपय विषयमा सुधारको शुरूवात भएको छ र प्रजातन्त्रले जेलमा सकारात्मक परिवर्तनका लागि बाटो खोल्न सघाउ पुऱ्याएको छ। जेलको भौतिक संरचनामा परिवर्तन नभए पनि सुधारका प्रयासहरू चाहिं शुरू भएका छन्।

४. प्रजातन्त्रको पुनर्स्थापना पछाडि भएका भौतिक सुधारहरु

नेपालका निकै पुराना र गएगुज्रेका मानिने दैलेख, प्युठान, ताप्लेजुङ र पाँचथर जेलहरूको अवस्था तत्काल सुधार गरिहाल्नु पर्ने खालको छ। जसको भौतिक संरचनालाई प्रजातन्त्रले पटक्कै प्रभाव पारेको देखिदैन। यसैगरी, प्रजातन्त्रको पुनर्स्थापना भएपछि पनि जेलको भौतिक संरचनामा पटक्कै सुधार नभएका जेलहरूमा बाग्लुङ, हुम्ला, इलाम, रामेछाप र सिन्धुली पर्दछन्।

नेपालका जेलहरूको भौतिक दुरावस्थाले यस अवधिमा गरिएका सीमित मर्मत र सुधारका कार्यहरू हात्तीको मुखमा जीरा सरह भएका छन्। यस अवधिमा छाना हालिएका जेलहरूका भवनको पर्खाल चर्किएको छ भने बुर्जा मर्मत गरिएका जेलका छाना चुहिने भएका छन्। एकातिरबाट मर्मत र सम्भार कार्य गर्दै जाँदा जेल भवनको अर्कोतिर्फको कुनै न कुनै ठाउँ फेरि मर्मत सम्भार गर्ने बेला भैसकेको हुन्छ। चर्पी बनाउँदा पानीको समस्या हुने, पानीको व्यवस्था गरिसक्दा पाइप बिग्रिसक्ने, चर्केको ठाउँ मर्मत गर्दा जग नै भत्किसक्ने अवस्थामा रहेका नेपालका जेलहरूमध्ये अधिकांश जेलहरू टाल्दा-टाल्दै अब टालटुल गर्ने ठाउँ समेत नभेटिने अवस्थामा पुगेका छन्। जेल भवनहरू मध्ये अधिकांशको अवस्था अब अत्यन्त दयनीय भैसकेको छ र मर्मत र सम्भार गरेर मात्र संचालन गर्न सकिने अवस्था बिस्तारै गुज्रिदै गएको छ। फलतः प्रजातन्त्रको पुनर्स्थापना पछाडि जेलहरूको भौतिक संरचनाको सुधार भनेको सीमित मर्मत तथा टालटुल मात्रै हो भने हुने अवस्था छ। जेलको भौतिक संरचनामा व्यापक सुधार नल्याउने हो भने जेलभित्र प्रजातान्त्रिक प्रभाव पर्न अझै पनि धेरै समय लाग्ने कुरामा दुईमत हुन सक्तैन।

प्रजातन्त्रको पुनर्स्थापना पछाडि बन्दीले प्रतिदिन सिदा वापत पाउने रकमको बृद्धि गर्दा पनि कांग्रेस र एमाले सरकारले भैगोलिक अवस्था र बजार भाउलाई ध्यान दिइएको देखिदैन। बन्दीहरूको सुविधा बृद्धि गर्दा भौगोलिक क्षेत्रका आधारमा गर्नु पर्ने आवश्यकता अहिले पनि यथावत देखिन्छ।

प्रजातन्त्रको पुनर्स्थापना भएपछि सिदा रकममा बृद्धि भए पनि बन्दीले खानाको निम्ति पाउने चामल तथा लगाउने र ओढ्ने ओछ्याउने लुगामा पाउने सुविधाहरूमा उल्लेखनीय परिवर्तन भएको छैन। प्रजातन्त्रको पुनर्स्थापना पछाडि चामलको वितरण केन्द्रिकृत तरिकाले खाद्य संस्थान मार्फत गर्न थालिएको छ। पंचायतकालमा ठेकेदारबाट उपलब्ध गराइने खाद्यान्न ठेकेदारको नियत अनुरूप राम्रो या नराम्रो हुने गरेको थियो। कारागार व्यवस्थापन विभागले नेपाल खाद्य संस्थान मार्फत सबै जेलमा चामल उपलब्ध गराउन थालेपछि संस्थानमा जस्तो चामल पुग्छ, त्यस्तै चामल जेलभित्र पनि वितरण गर्ने गरिन्छ। यसरी वितरण गरिने चामल कतै-कतै राम्रो गुणस्तरको देखिन्छ भने कतै असाध्यै गए गुज्रेको पनि देखिन्छ। फलतः कतिपय जेलहरूमा संस्थानले उपलब्ध गराएको चामल, बन्दी र जेल प्रशासनका कर्मचारी बीच विवाद उत्पन्न गर्ने एउटा कारण समेत बनेको छ।

चामलको वितरण जस्तै पहिले स्थानीय प्रमुख जिल्ला अधिकारीले छनौट गरेर पास गरेको कपडा बन्दीलाई वितरण गरिन्थ्यो। प्रजातन्त्रको पुनर्स्थापना पछाडि चामल वितरण प्रक्रियालाई झैं बन्दीले लगाउने कपडाको वितरण प्रक्रियालाई पनि केन्द्रिकृत गरिएको छ। काठमाडौं स्थित केन्द्रीय जेलको घरेलु उद्योगमा बुनेका लुगा प्रत्येक ६ महिनाको अन्तरमा सबै जेलमा पठाइन्छ।

कानूनले ६/६ महिनामा बन्दीलाई "हिउँदे र वर्षे कपडा वितरण गर्नुपर्ने व्यवस्था गरेको भए पनि सबै जेलमा ठीक समयमा कपडा पुग्दैन।

नेपालका जेलहरूमा हाल बन्दीले पाउने कपडाको

स्तरको कुरा गर्ने हो भने अधिकांश पुराना बन्दीहरू लुगा कपडा वितरण प्रक्रिया पंचायतकालमा राम्रो थियो भन्दछन्। पंचायतकालमा स्थानीय प्रमुख जिल्ला अधिकारीले बन्दीले पाउने कपडा खरिद गर्न आदेश दिने भएकाले त्यसबखत स्थानीय हावापानीलाई सुहाउँदो र कमसेकम जाडो र गर्मीलाई विचार गरेर कपडा खरिद गरिन्थ्यो। यसरी कपडा खरिद गर्दा सकेसम्म बन्दीको आवश्यकतालाई पूरा गर्न कोशिस गरिन्थ्यो, तर हाल कानूनमा उल्लेखित सुविधा उपलब्ध गराउने दृष्टिले मात्र कपडा वितरण गरिएको भान हुन्छ।

पंचायतकालमा जेल नियमावली बनेपछि मुलुकमा महंगी ३ सय प्रतिशत जति बढेको छ, तर बन्दीले ओढ्ने-ओछ्याउने कपडामा पाउने सुविधाको रकम बढेको छैन। फलतः बजार भाउको बृद्धिले गर्दा बन्दीले सिरक ओढ्न खोजे ओछ्याउने कपडा पाउँदैनन्, ओछ्याउने कपडा प्राप्त गरे भने ओढ्ने कपडा पाउँदैनन्।

जेलमा बन्दीले पाउने स्वास्थोपचार सम्बन्धी सुविधामा पनि प्रजातन्त्रले खासै प्रभाव पारेको देखिदैन। बन्दीले पंचायतकालमा जे जति औषधोपचार सुविधा पाएका थिए, हाल त्यसको मात्रा उल्लेखनीय रूपले बढेको छैन्। दरबन्दी भएका ठाउँमा डाक्टर र स्वास्थ्य सहायकहरू नबस्ने, बन्दीले समयमा उपचार नपाउने, बन्दीको उपचारका लागि अति न्यून रकम पठाउने तथा कतिपय जेलमा त एकजना बन्दीलाई सामान्य रोगको उपचार गर्न नपुग्ने रकम समेत विनियोजन गरेको पाइन्छ। बन्दीको उपचारका लागि जेलमा पठाउने रकम अत्यन्त न्यून भएको कारण कतिपय जेलमा बन्दी स्वयं औषधि किन्न र स्वास्थ्य परीक्षण गरेको रकम तिर्न बाध्य छन् भने कतिपय जेलमा बन्दीलाई खरिद गरिएको औषधि विरामीको हातमा नपुगेर बजारका पसलहरूमा पुग्छ।

प्रजातन्त्रको पुनर्स्थापना पछाडि जेलमा परेका बन्दीहरूको आचरण र व्यवहारमा सुधार गर्ने कामहरूको थालनी हुनेछ भन्ने विश्वास गरिएको थियो। तर प्रजातन्त्रको पुनर्स्थापना पछाडि यस क्षेत्रमा पनि उल्लेखनीय रूपले सुधार हुनसकेको छैन। जेलमा परेका बन्दीले पाउनुपर्ने न्यूनतम सुविधा र अधिकार नेपालको जेलमा थुनिएका बन्दीले अझै पनि निर्वाध रूपले उपभोग गर्न पाएका छैनन्।

प्रजातन्त्रको पुनर्स्थापना पछाडि बन्दीले पंचायतकालमा भन्दा केही खुकुलोपन थपिएकोसम्म अनुभव गरेका छन्। खासगरी प्रजातन्त्रको पुनर्स्थापना भएपछि पंचायतकालमा पत्रपत्रिका पढ्न लगाइएको रोक प्रायः सबै जेलबाट हटाइएको छ। बन्दीलाई पत्रपत्रिका पढ्न रोक नलगाइए पनि जेल स्वयंले बन्दीका लागि पत्रपत्रिका उपलब्ध गराउन भने अझै पनि शुरू गरेको छैन। यसरी बडो मुस्किलले सीमित जेलमा पढ्न पाइने पत्रपत्रिकाहरू सेन्सर गर्ने र जेलको विषयमा लेखिएको पत्रिका बन्दीलाई पढ्न नदिने चलन अद्यावधि छँदैछ।

बन्दीले आफन्तसंग भेटघाट गर्न पनि केही सहुलियत पाउन थालेका छन्। आफन्त, नातेदारहरूसंगको भेटघाटमा प्रजातन्त्रको प्रभाव खुकुलोपनका रूपमा परेको छ, तर भेटघाट गर्ने प्रक्रियामा सबै जेलमा एकरूपता छैन। जेल नियमावलीले बन्दी र आफन्तको भेटघाट गर्ने निश्चित दिन तोकेका छ। कतै यो नियमको कडाईका साथ पालना गरिन्छ र हप्तामा २ दिनमात्र बन्दीलाई आफन्तसंग भेटघाट गर्न दिइन्छ भने कुनै जेलमा हप्ताभरि नै कार्यालय समयमा बन्दी र आफन्त बीच भेटघाट गर्न दिइन्छ।

बन्दीले पाउने मानवअधिकार सम्बन्धी प्रावधानहरूमा पनि यही कुरा लागू हुन्छ। पंचायतकालमा पनि जेल ऐन र नियमावली आजकै जस्ता थिए। सामान्य संशोधन बाहेक जेल ऐन र नियमावलीमा उल्लेखनीय परिवर्तन भएको छैन। पंचायतकालमा कतिपय बन्दीलाई जेलको ढोकाबाट भित्र पस्नासाथ नेल लगाउने गरिन्थ्यो। नियम र ऐनमा यस प्रावधानमा संशोधन र सुधार नभए पनि कतिपय जेलहरूमा बन्दीलाई जथाभावी नेल लगाउने चलन क्रमशः घट्दै गएको छ। कतिपय जेलमा चाहिं अहिले पनि बन्दीलाई २४ सै घण्टा नेल लगाएर राखिन्छ। जेलमा प्रजातन्त्रले पारेको सबैभन्दा ठूलो प्रभाव बन्दीले राजनीतिक विषयमा चासो देखाउन र छलफल गर्न पाउनु नै हो। गलत कामको विरोध गर्न पाउने बन्दीको अधिकार कतिपय जेलमा निर्ममताका साथ दबाइएको पाइन्छ। कतिपय जेल प्रमुखहरूले बन्दीले कुनै विषयमा माग राख्ने, माग पूरा गराउन विरोधका कार्यक्रमहरू संचालन गर्ने प्रक्रियालाई स्वभाविक रूपमा लिएको पाइन्छ।

जेलभित्र प्रजातन्त्रले पारेका जे जति सकारात्मक प्रभावका लक्षणहरू छन्, ती सुधारका लक्षणहरू असाध्यै कमजोर जगमा उभिएका छन्। जेल प्रमुख उदार भएको ठाउँमा बन्दीले पत्रिका पढ्ने, रेडियो बजाउने, टेलिभिजन राख्ने, साक्षरता कक्षा संचालन गर्ने जस्ता आचरण सुधारका सामान्य प्रयासहरू जारी राखेका छन् भने जेल प्रमुख अनुदार र कठोर भएका ठाउँमा पंचायतकालमा बन्दीहरू जे जस्तो अवस्थामा थिए, प्रजातन्त्रकालमा पनि सोही अवस्थामा छन्। जेल ऐन तथा नियमावलीमा भएका कठोर प्रावधानहरू यथावत रहेको कारण जेल प्रमुखहरू त्यसैलाई आधार बनाएर आफ्ना कठोर र अनुदार व्यवहारलाई पुष्टि गर्ने गर्दछन्। त्यसैले, जेल ऐन तथा नियमावलीमा नै बन्दीले पाउने मानवअधिकारको विषयमा स्पष्टता आउनु जरूरी देखिन्छ। अनुदार कानूनलाई आफ्नो विवेक प्रयोग गरेर कतिपय जेल प्रमुखहरूले बन्दीहरूसंग उदार व्यवहार गरे पनि यी उदार व्यवहार दीर्घजीवी हुन्छन् र प्रजातन्त्रको सकारात्मक प्रभाव विस्तार भएर जानेछ भन्ने बलिया आधारहरू चाहिं छैनन्।

५. जेलको सुधार गर्ने प्रयासहरु

नेपालका राजनीतिक कार्यकर्ताहरूको जेल बसाई र जेलहरूको सुधार गर्ने प्रयास एक-अर्का संग सधै नै सम्बन्धित रहिआएका छन्। यस परिप्रेक्ष्यमा हेर्दा नेपालमा जेलहरूको निर्माण, विकास र सुधारको प्रक्रिया साथसाथै विकसित भएको पाइन्छ। नेपालका जेलहरूको विकास र

विस्तार राणा शासनताका भए झैं जेललाई सुधार गर्ने प्रयासको थालनी पनि राणा शासनकालमै शुरू भएको थियो।

राणा शासनताका राजनीतिक गतिविधिमा संलग्न भएको कारणले जेलमा परेका राजनीतिक कार्यकर्ताहरूको गुनासो र जेलमा प्राप्त सुविधाहरूको वृद्धि गर्ने मागलाई बेवास्ता गर्न नसकेर राणा शासनताका २००५ सालमा एउटा जेल (जेल) सुधार आयोग बनाइएको थियो। नेपालमा सर्वप्रथम बनेको यस जेल सुधार आयोगको अध्यक्ष समानको पदमा सुवर्ण सम्शेर राणालाई राखिएको थियो, तर त्यस आयोगले जेल सुधार गर्न के-कस्ता सुझावहरू दियो भन्ने कुरा कतै पनि उल्लेख गरिएको पाइदैन। जेलको विषयमा जानकारी राख्ने व्यक्तिहरू र त्यसबखत जेलमा परेका राजनीतिक कार्यकर्ताहरू सुवर्ण सम्शेर आयोगले जेलको भौतिक अवस्था सुधार गर्ने पक्षमा विचार नपुर्‍याएको, तर जेलभित्रका बन्दीहरूले पाउने खाद्यान्न र कपडामा सुधार गर्ने राय पेश गरेको बताउँछन्। सुवर्ण सम्शेरको आयोगले जे-जस्तो सुझाव दिए पनि वि.सं. २००७ सालसम्म बन्दीलाई दिइने खाद्यान्न र सिदा रकममा वृद्धि भएको चाहिं पाइदैन। त्यसबखत जेलमा परेका राजनीतिक कार्यकर्ताहरूले वि.सं. २००७ सालसम्म जेलमा बस्दा सिदा बापत प्रतिदिन एक रूपैया मात्र पाउँथे।

वि.सं. २००५ सालमा जेल सुधार सम्बन्धी आयोग गठन भएको बेला नेपालमा राजनीतिक परिवर्तनको प्रक्रिया भित्र-भित्रै शुरू भैसकेको थियो। राजनीतिक गतिविधिहरू तीव्र रूपले विकास हुन थालेको सन्दर्भमा जेल सुधार गर्ने प्रयासको शुरूवात नै हुन नपाएको अनुमान गर्ने विश्लेषकहरू पनि प्रशस्त पाइन्छन्।

वि.सं. २००७ सालमा नेपालको राजनीतिक सत्ता परिवर्तन भएपछि तत्कालीन गृहमन्त्री विश्वेश्वरप्रसाद कोइरालाको प्रयासमा वि.सं. २००८ सालतिर जेल सुधार गर्ने प्रयासको थालनी फेरि नयाँ ढंगले गरिन थाल्यो। वि.सं. २००८ सालमा राणा र कांग्रेसको संयुक्त सरकार छँदा बनाइएको जेल सुधार आयोगमा क-कस्लाई राखिएको थियो भन्ने पूरा विवरण कतै पनि भेटिदैन, तर त्यसबखत बनेको आयोगमा त्रिपुरवरसिंह प्रधान, कुलनाथ लोहनी, प्रा. गङ्गुली आदि सम्मिलित थिए भन्नेसम्मको जानकारी चाहिं पाइन्छ। यस आयोगले पनि जेलहरूको भौतिक अवस्थामा सुधार गर्नेभन्दा बढी त्यसबेला बन्दीले पाइ आएका सुविधाहरू थप गर्ने प्रारम्भिक राय दिएको थियो। वि.सं. २००८ सालमा राणा कांग्रेस सरकार छँदा बनेको यो आयोगले काठमाडौं बाहिरका जेलमा अध्ययन गर्न नपाउँदै सत्ता परिवर्तन भयो र सत्ता परिवर्तन पछि यो सुधार आयोग पनि विघटन भयो भनिन्छ। तर, सो आयोगले कहिले काम थाल्यो, आयोग कहिले गठन भयो, सो आयोगको अध्यक्ष को थियो, त्यसले कस्तो प्रतिवेदन तयार पार्‍यो, आयोगले पूर्ण समय काम गर्‍यो वा पूरा अवधि काम गर्न नपाउँदै आयोग विघटन भयो आदि प्रश्नहरू अहिले पनि अनुत्तरित नै छन्।

वि.सं. २००५ सालमा राणा शासनले र वि.सं. २००८ सालमा राणा-कांग्रेस सरकारले गठन गरेका जेल सुधार आयोगहरूको प्रतिवेदन जे-जस्तो भए पनि ती दुवै आयोगका प्रतिवेदनले जेल सुधारको प्रक्रियालाई शुरूवात गरेको संकेत पनि कतै पाइदैन। वि.सं. २००७ सालको परिर्वतन पछाडि नेपालका बन्दीले पाउने सिदा बापतको पैसा केही वृद्धि गरिएको कुरा त्यसबेला जेलबाट छुटेका राजनीतिक कार्यकर्ताहरू बताउँछन्। तर, त्यो वृद्धि के-कति थियो र के-का आधारमा गरिएको थियो भन्ने प्रश्नको जवाफ पनि पाइदैन। वि.सं. २००७ सालको परिवर्तन र २०१५ सालको आम निर्वाचनको अवधिसम्म नेपालको राजनीतिमा प्रशस्त उतार चढाव आएकाले गर्दा यस अवधिमा जेल सुधार गर्ने दिशामा कसैले पनि ध्यान दिएनन् भन्दा हुने स्थिति इतिहासका पुस्तक पढ्दा थाहा पाइन्छ।

वि.सं. २०१५ सालको आम निर्वाचनपछि गठन भएको नेपाली कांग्रेसको सरकारले जेल सुधार गर्ने कामलाई गंभीरतापूर्वक सोचेको देखिन्छ। तत्कालीन सरकारले त्यस बेलाका निर्माण यातायात तथा संचारमन्त्री गणेशमान सिंहको अध्यक्षतामा जेलसुधार समिति २०१६ गठन गरेको थियो। त्यस समितिमा राणा शासनताका लामो समयसम्म जेलमा बसेका तथा वामपन्थी राजनीतिका त्यस बखतका शीर्षस्थानका नेताहरू समेत सदस्य बनाइएका थिए। सो समितिमा स्वर्गीय पुष्पलाल श्रेष्ठ बाहेक वामपन्थी नेता तुलसीलाल अमात्य र राजनीतिक कार्यकर्ता सुन्दरराज चालिसेलाई सदस्य राखिएको थियो। २०१६ सालमा गठित जेल सुधार समितिले नेपालका जेललाई वैज्ञानिक रूपले व्यवस्थापन गर्न र जेलहरूलाई सुधार संस्थामा परिवर्तन गर्ने उद्देश्य राखेर सुझाव प्रस्तुत गरेको थियो भनिन्छ। सो समितिमा संलग्न भएका मानिसहरूको भनाइमा नेपालका जेलहरूको अवस्था त्यसैबेला पनि अत्यन्त दयनीय र जर्जर खालको थियो। त्यसैले, २०१६ सालको जेल सुधार समितिले बन्दीहरूले पाइआएका सुविधाहरू थप गर्नुका साथै बन्दीहरूको व्यक्तित्व विकास गर्नु पर्ने राय सहितको प्रतिवेदन दिएको थियो। २०१६ मा गठित जेल सुधार समिति क्रियाशील रहेकै अवस्थामा राजनीतिक परिवर्तन भएकाले त्यस समितिका सुझावहरू पनि जेल सुधार गर्ने दिशामा सहयोगी भएनन्। २०१६ सालमा गठित जेल सुधार समिति कुन मितिमा गठन भयो र यस समितिले कति समय काम गर्‍यो भन्ने कुरा पनि खोजीकै विषय भएको छ।

२०१७ सालमा संसदीय प्रजातन्त्रको स्थानमा पंचायती शासन लागू गरेपछि २०२१ सालदेखि तत्कालीन शासकहरूले नयाँ-नयाँ ठाउँमा जेलहरू निर्माण गर्नमा नै आफ्नो ध्यान केन्द्रित गरे। भएका जेलहरूलाई व्यवस्थित रूपले सुधार गर्ने प्रयास भएन। २००५ सालदेखि पटक-पटक जेल सुधार गर्ने उद्देश्यले आयोग र समिति बने पनि ती आयोग र समितिले दिएका कुनै पनि प्रतिवेदनहरू कार्यान्वियन न हुन सकेनन् नै. ती तीन वटै प्रतिवेदनहरू हालसम्म अध्ययन र अनुसन्धान गर्ने मानिसले समेत फेला पार्न सकेका छैनन्।

२०२९ सालमा फेरि एकपल्ट उच्च स्तरीय जेल सुधार समिति गठन भयो। वि.सं. १९९७ सालमा प्रजा परिषद्को कार्यकर्ता छँदा १० वर्ष जेल बसेर रिहा भएका रामहरी शर्माको अध्यक्षतामा गठित यस उच्च स्तरीय जेल सुधार समितिमा पंचायती व्यवस्थाका तत्कालीन राष्ट्रिय पंचायतका सदस्यहरू, श्री ५ को सरकारका सचिवहरू, अंचलाधीश र प्रहरी सर्जन समेत गरी १२ जना सदस्यहरू थिए। पंचायती व्यवस्थामा गठन गरिएको यो सुधार समितिले नेपालका जेलहरूको दयनीय अवस्थाका विषयमा गम्भीर अध्ययन गरेर व्यवहारिक सुधार गर्ने सुझावहरू सहितको प्रतिवेदन तयार पार्‍यो। अल्पकालीन र तत्कालीन रूपले सुधार गर्नुपर्ने विषयहरू समेटेर तयार पारिएको पहिलो खण्ड र दीर्घकालीन सुधार गर्नु पर्ने सुझावहरू सहितको दोस्रो खण्ड गरी यस प्रतिवेदनलाई दुई भागमा बाँडिएको थियो। दीर्घकालीन रूपले सुधार गर्नुपर्ने विषयहरूलाई १० वर्षभित्रमा लागू गर्नुपर्ने सिफारिस सो समितिले गरेको थियो। प्रतिवेदनले अघि सारेका सुझावहरू कार्यान्वयन गरिएनन्। रामहरी शर्माको अध्यक्षतामा गठित उच्च स्तरीय जेल सुधार समितिले जेलमा परेका मानिसहरूको सुधार गर्ने र जेललाई सुधार गृहमा रूपान्तर गर्ने अन्तरभावना राखेर बन्दीको व्यक्तित्व विकासका निम्ति ठोस सुझावहरू प्रस्तुत गरेको थियो। यस प्रतिवेदनमा बन्दीको व्यक्तित्व विकाससंग सम्बन्धित आवासदेखि शिक्षासम्म, मन्दीरदेखि मस्जिदसम्म र स्वास्थ्योपचार सेवादेखि खेलकुद र मनोरञ्जनको व्यवस्था गर्नुपर्नेसम्मका सुझावहरू दिएको पाइन्छ। नेपालका जेलहरूको इतिहासमा हालसम्म सर्वाधिक व्यवहारिक र प्रगतिशील सुधारहरू तर्फ उन्मुख शर्मा प्रतिवेदनले पंचायती शासनकालमा प्रचलित क्षेत्रगत विभाजनको आधारमा नयाँ जेल भवनहरू बनाउन पनि सुझाव प्रस्तुत गरेको थियो। सो प्रतिवेदनले जेलको दीर्घकालीन सुधार गर्दा देशभित्र एउटा अति आधुनिक केन्द्रीय जेल र चारवटा विकास क्षेत्रमा चारवटा क्षेत्रीय जेलहरू बनाउनु पर्ने सुझाव प्रस्तुत गरेको थियो। तर, पंचायती शासनकालमा तयार भएको सो प्रतिवेदन अहिलेसम्म सार्वजनिक गरिएको छैन।

शर्मा प्रतिवेदनले अघि सारेका सुझावहरू कार्यान्वयन नगरिए पनि त्यसको १६ वर्ष पछाडि फेरि ०४५ सालमा अर्को जेल सुधार कार्यदल गठन गरियो। यस कार्यदलमा प्रायः सबैजना कर्मचारी र प्राविधिकहरू सम्मिलित थिए। गृहमन्त्रालयका तत्कालीन अतिरिक्त सचिव टेकबहादुर थापाको अध्यक्षतामा गठित यो कार्यदलले देशभित्रका जेलहरूको वस्तुस्थिति अध्ययन गरी योजनाबद्ध ढंगले जेल सुधार गर्ने सुझाव प्रस्तुत गरेको थियो। सो कार्यदलले १५ वर्षभित्रमा केन्द्र, क्षेत्र, अंचल र जिल्लामा जेलका नयाँ भवनहरू निर्माण गर्ने सुझाव प्रस्तुत गर्‍यो।

सो कार्यदलले रामहरी शर्मा प्रतिवेदनले अघि सारेका दीर्घकालीन सुझावहरूलाई परिमार्जित गरी जेलहरूलाई सुधारगृहमा परिवर्तन गर्न खाका समेत तयार पारेको थियो। कार्यदलले केन्द्रीय जेल बनाउन लाग्ने खर्च र त्यसको निर्माण गर्ने खाका समेत तयार पारेको पाइन्छ। २०४५ सालमा यो कार्यदलले आफ्नो प्रतिवेदन बुझाएपछि नुवाकोट जिल्लाको त्रिशुलीमा केन्द्रीय जेल बनाउने भन्ने चर्चा शुरू भयो र जग्गा प्राप्त गर्ने प्रयास पनि थालियो। पंचायती शासनकालको उत्तरार्द्धमा शुरू भएको यो प्रयास कसरी अघि बढ्थ्यो वा त्यत्तिकै थन्किन्थ्यो भन्ने कुरा त्यसपछि भएको राजनीतिक परिवर्तनले गर्दा हेर्न पाइएन। यति भएर पनि पंचायतकालमा शुरू भएको जेल सुधारको त्यो प्रयास पनि अधुरै रह्यो। ५० वर्ष पछिसम्म पनि बन्दी राख्न अप्ठेरो नहोस् भन्ने उद्देश्यले हालको क्षमताभन्दा दोब्बर बन्दी राख्ने क्षमताको परिकल्पना गरिएका जेलहरू बनाउने प्रक्रिया प्रजातन्त्र पुनर्स्थापना पछाडि त्यतिकै थान्को लागेर बस्यो। २००५ सालदेखि यता गठन भएका ३ वटा आयोग र समितिका प्रतिवेदनहरू अप्राप्य अवस्थामा रहेको तथा बाँकी २ वटा समिति र कार्यदलको सुझाव जनआन्दोलनको भावना मुखरित गर्न असमर्थ रहेको कारण देखाएर ०४७ सालमा अन्तरिम सरकारले थप अर्को जेल सुधार समिति गठन गर्‍यो। नेपाली कांग्रेसका कार्यकर्ता बद्रीराम भण्डारीको अध्यक्षतामा बनेको र नेपाली कांग्रेसकै कार्यकर्ताहरूको बाहुल्य रहेको यस समितिले देशका ७३ वटा (प्रतिवेदनमा लेखिए अनुसार ७४) जेलहरू मध्ये ४९ वटा जेलको एकसरो अध्ययन पछाडि एउटा प्रतिवेदन तयार पार्‍यो।

०४७ सालमा भण्डारीको समितिले तयार पारेको प्रतिवेदनमा जेललाई नयाँ ढंगले निर्माण र संचालन गर्न सुझावहरू प्रस्तुत गरिएको छ। हालका जेल भवनहरूलाई सुक्रिविक्री गरेर नयाँ जेल भवन बनाउनेदेखि लिएर नयाँ जेल भवन निर्माण गर्दा तयार पार्नुपर्ने ब्लक, वार्ड तथा बन्दीको शिक्षा र मनोरञ्जनका लागि आवश्यक पर्ने कोठाहरूको सूची समेत प्रतिवेदनका सुझावहरूमा उल्लेख गरिएको छ। यसरी निर्माण गरिने जेलहरूको वर्गीकरण, सुविधाहरूको वर्गीकरण तथा जेल निर्माण गर्दा जेलको निम्ति छुट्याइने न्यूनतम जग्गाको सीमा आदि कुराहरू पनि प्रतिवेदनमा उल्लेख गरिएका छन्।

भण्डारी प्रतिवेदनले जनआन्दोलन ०४६ को मर्म र भावनालाई समेट्ने तथा प्रजातन्त्रमा जेल प्रशासनलाई सुधार गर्ने उद्देश्यले जेललाई सुधार सेवामा परिवर्तन गर्ने सुझावहरू प्रस्तुत गरेको छ। जेलको सुधार गर्न जेलहरूमा खेलकुद, सीप विकास, शिक्षक आदिको दरबन्दी थप्ने तथा जेलको वर्गीकरण अनुसार सुविधाहरू थपघट गर्ने सुझावहरू प्रस्तुत गरेको छ। हाल संचालित ४ खालको वर्गीकरणलाई हटाएर ३ तहमा जेललाई वर्गीकरण गर्ने, जेलभित्र अनुशासन पालना गराउने, त्यसबेला (०४७) प्राप्त सुविधा बृद्धि गरी बन्दीलाई प्रतिदिन रू. १०।- सिदा उपलब्ध गराउने आदि सुझावहरू प्रस्तुत गर्नुका साथै समितिले वर्तमान जेल प्रशासनलाई गृह मन्त्रालयबाट अलग्याएर छुट्टै मन्त्रालय बनाउने सुझाव प्रस्तुत गर्‍यो। बन्दी सेवा तथा पुनर्स्थापना मन्त्रालय नामबाट नयाँ मन्त्रालय खोलेर जेलहरूलाई बन्दी सेवा केन्द्रको रूपमा

विकसित गर्ने जस्ता भण्डारी समितिका सुझावहरू पनि अहिलेसम्म त्यत्तिकै थन्किएका छन्।

भण्डारी समितिले अघि सारेको सिदा वृद्धि गर्ने, चामलमा एकरूपता ल्याउने जस्ता बाहेक अधिकांश सुझावहरू अत्यन्त महत्वाकांक्षी देखिन्छन्। त्यसबेला तयार गरिएका सुझावहरूको कार्यान्वयन हुन नसक्नुको एउटा कारण सुझावहरू महत्वकांक्षी हुनु हो भने अर्को मुख्य कारण जेलहरू कुनै पनि राजनीतिक दलको प्राथमिकता क्षेत्रभित्र नपर्नु पनि हो।

२००५ सालदेखि ०४७ सालसम्मको अवधिमा ५/५ वटा आयोग, समिति र कार्यदल बन्नु तर कुनै पनि समिति, आयोग र कार्यदलले दिएका सुझावहरू कार्यान्वयन नहुनुले प्रायः सबै मानिसलाई एउटै निष्कर्षमा पुऱ्याउँछन्। जेलको सुधार केवल नारा मात्र हुन पुग्यो र सुधारका नाममा आयोग र कार्यदल बनाएर सरकारले आफ्ना २/४ जना मानिसलाई काम मात्र दियो। बद्रीराम भण्डारीको समितिले तयार पारेको प्रतिवेदनमा बन्दी, कैदी, थुनुवा जस्ता सामान्य शब्दावलीहरू समेत जथाभावी प्रयोग गरिएको, सानातिना सुधारबाट पनि अहिलेका जेलहरूलाई केही व्यवस्थित पार्न सकिन्छ भन्ने तथ्यतर्फ बेवास्ता गरिएको देख्दा जेल सुधार गर्ने काम वा जेल सुधार समितिको गठन औपचारिकता मात्रै हो जस्तो अनुभव हुन्छ।

हाल भण्डारी समितिको प्रतिवेदनलाई कार्यान्वयन गराउन फेरि एउटा कार्यदल गठन गरिएको छ। बद्रीराम भण्डारीकै अध्यक्षतामा गठित सो कार्यदल जेललाई सुधार गर्ने उद्देश्यले नै गठन भएको हो वा जेल सुधारका नाममा सरकारले आफ्ना कार्यकर्तालाई जागिर खुवाएको मात्रै हो भन्ने कुरा चाहिं समयले नै बताउने छ।

नेपालका जेलमा बसेका मानिसहरू सत्तामा पुगेपछि जेललाई साँच्चै नै सुधार गरिनेछ र नेपालका जेलहरू सुधारगृहमा फेर्ने प्रयासको थालनी हुन्छ भन्ने अपेक्षा जेलभित्र र बाहिरका धेरै मानिसले गरेका थिए। तर खोलो तरेपछि लौरो बिर्सन बानी परेका नेपालका राजनेताहरूले सुधारको प्रक्रिया शुरू नगरेपछि जेल सुधारको माग स्वयं बन्दीहरूले समेत गर्न थाले। कतिपय जेलमा सुविधा वृद्धि, समयमा न्याय पाउने हक, औषधोपचार आदिको माग गरेर बन्दीहरूले भोक हड्ताल र नाराबाजी समेत गरे।

प्रजातन्त्रको पुनर्स्थापना पछाडि यसरी सुविधा वृद्धि, पुर्पक्षमा जेल परेका बन्दीहरूको मुद्दा फैसला, बिरामी पर्दा स्वास्थ्योपचार, जेलभित्र सिप वृद्धि र रोजगारीको अवसर आदि माग गर्दै यस अवधिमा केन्द्रीय जेल काठमाडौं, मोरङ्ग जेल, पाल्पा जेल, दमौली जेल लगायत विभिन्न ठाउँमा बन्दीहरूले भोक हड्ताल र नाराबाजी गरे। सुविधा वृद्धिको विषयमा बन्दी र जेल प्रशासन बीचको विवाद चर्किएर पाल्पा जेलमा ०४८ सालमा जेलभित्रै गोली काण्ड समेत भयो, तर नेपालमा प्रजातन्त्रको पुनर्स्थापना भएको ६ वर्ष पछाडि पनि जेलहरूको अवस्था राणा कालको जस्तै देखिन्छ।

६. नेपालका जेलमा आश्रित बालबालिकाको अवस्था

"कुनै पनि बालबालिकालाई गैर कानूनी वा अनुचित तवरले तिनको स्वतन्त्रताबाट वंचित गरिने छैन। बालबालिकाको गिरफ्तारी, थुना वा कारावास कानून अनुकूल तवरबाट हुनेछ र संभव भएसम्म छोटो, उपयुक्त समयको लागि र अन्तिम उपायको रूपमा मात्र अपनाइने छ।"

- बालअधिकार महासन्धि धारा ३७ (ख)

"राज्य पक्षहरूले कुनै पनि प्रकारको उपेक्षा, शोषण अथवा दुर्व्यवहार, यातना वा कुनै पनि प्रकारको क्रुर, अमानवीय र होच्याउने किसिमको व्यवहार वा सजाय वा सशस्त्र लडाइँको शिकार बनेका कुनै पनि बालबालिकाको शारीरिक वा मनोवैज्ञानिक पुनर्लाभ र सामाजिक पुनर्स्थापनालाई सम्बर्द्धन गर्न सबै उपयुक्त कदमहरू चाल्ने छन्। यस प्रकारको पुनर्लाभ तथा पुनर्स्थापना त्यस्तो बालबालिकाको स्वास्थ्य, आत्मसम्मान र मर्यादालाई सघाउ पुऱ्याउने वातावरणमा हुनेछ।"

- बालअधिकार महासन्धि धारा ३९

बालअधिकार सम्बन्धी महासन्धिलाई नेपालले यसको अवधारणा अगाडि आउनासाथ समर्थन गर्न थालेको हो। राष्ट्र संघमा यो महासन्धि पेश गरिंदा नेपाल पनि यस महासन्धिको समर्थक तथा प्रस्तावकका रूपमा अगिसरेको थियो। सन् १९९० मा राष्ट्र संघले यसलाई अनुमोदन गर्नासाथ नेपालले पनि आफ्नो तर्फबाट हस्ताक्षर गऱ्यो। शुरूदेखि नै नेपालले बालअधिकार महासन्धिको पक्षमा वकालत गर्दै आएकोले यस महासन्धिमा नेपालको प्रतिबद्धता बारे शंका गर्ने गुञ्जाइस छैन।

महासन्धिमा नेपालले शुरूदेखि देखाएको प्रतिबद्धता जे-जस्तो भए पनि देशभित्र महासन्धिको कार्यान्वयन भने हुनसकेको देखिदैन। खासगरी, महासन्धिका उल्लेखित धाराहरू ३७ (ख) र ३९ तर्फ हालसम्म सरकारको ध्यान गएको देखिदैन। त्यसैले आज पनि १४ वर्ष मुनिका कतिपय बालबालिका गम्भीर फौज्दारी अपराधमा नेपालका जेलमा थुनिएका छन् र थुनिदैछन्। उनीहरूको पुनर्स्थापनाको विषयमा सरकारले उपयुक्त कदम चालेको देखिदैन।

त्यसो त, जेल ऐन २०१९ र बालबालिका सम्बन्धी ऐन २०४९ ले पनि जेलमा थुनिएका बाल कैदी र थुनुवा तथा बाबुआमामाथि आश्रित बालबालिकाको विषयमा सीमित सुहलियत र सुविधाको व्यवस्था गरेका छन्। जेल ऐन र नियमावली तथा बालबालिका सम्बन्धी ऐनले जे-जस्तो व्यवस्था गरेको भए पनि हालसम्म जेलका आश्रित बालबालिका तथा बाल कैदीहरु ऐन र नियमावलीका सीमित सुविधा र सहुलियतबाट समेत बंचित छन्।

बालबालिकाको हकहित सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०४९ ले दफा १५ मा बालबालिकालाई कठोर सजाय पनि दिन नहुने स्पष्ट व्यवस्था गरेको छ। यस दफामा

स्पष्ट लेखिएको छ- "प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि वालकलाई नेल, हत्कडी लगाउन, एकान्त कारावासमा राख्न वा कुनै अपराध गरे बापत कैदको सजाय पाएमा उमेर पुगेका कैदीको साथमा राख्न हुँदैन।"

तर नेपालको कुनै पनि जेलमा वालवालिकाले कानूनको यो दफा अन्तर्गतको सुविधा र सहुलियत पाएका छैनन्। नेपालका प्रत्येक जेलमा आश्रित वालवालिका र वाल कैदी तथा थुनुवाहरू वयस्क कैदीसंग राखिएका छन्। उनीहरूको लागि जेलभित्र बस्न वा खेल्नका लागि अलग ठाउँको बन्दोबस्त छैन। कतिपय वालवालिकाहरू त सरुवा रोगले पीडित बन्दीहरूसँगै राखिएका छन्।

अपराधको अभियोगमा पक्राउ परेका वालवालिकालाई "नेल वा हत्कडी लगाउन नपाउने" स्पष्ट कानूनी व्यवस्था भए पनि प्रहरी हिरासतमा लैजादा वा जेलबाट अदालत र अस्पताल लैजादा वालवालिकालाई नेल र हत्कडी लगाउने चलन प्रत्येक जिल्लाका सदरमुकामहरूमा पनि देख्न सकिन्छ। अझ कतिपय जेलमा त वाल उमेरकै कारण यस्ता बन्दीले अरू बन्दीको जीउमा तेल लगाउनु पर्ने, हात वा गोडा थिचिदिनु पर्ने, वयस्क बन्दीहरूको खाना बनाइदिनु पर्ने तथा उनीहरूका भाँडा माझिदिनु पर्ने बाध्यता समेत छ। जेल प्रशासन र सुरक्षा निकायको जानकारीमा यस्ता घटनाहरू हुने भए पनि यी सरकारी निकायहरू कानून तथा महासन्धिको कार्यान्वयन गर्ने काममा संवदेनशील देखिएका छैनन्।

जेलमा बन्दीका आश्रित वालवालिकाले पाउने सुविधा र सहुलियत एकातर्फ अपर्याप्त छन् भने अर्कोतर्फ नियमावलीमा व्यवस्थित गरिएका सीमित सुविधा र सहुलियत पनि सबै जेलमा समान रूपले लागु गरेको देखिदैन। उदाहरणका लागि डोटी र लमजुङ्ग जेलका आश्रित वालवालिकालाई लिन सकिन्छ। लमजुङ्ग र डोटी जेलमा एउटै उमेरका २ जना वालवालिका छन्, तर लमजुङ्ग जेलकी एक वालिकाले त्यति सहुलियत पाउँदिनन्। जेल नियमावलीमा निश्चित उमेरका वालवालिकाको लागि निश्चित सिदा र चामल तोकिएको छ, तर नियमावलीमा उल्लेखित सुविधा वितरण गर्दा नियमसम्मत तरिकाले वितरण गरिदैन भन्ने कुरा उक्त जेलमा आश्रित रूपा भुजेल र माया कुमारी जेठाराले प्राप्त गरिरहेको सिदा रकमले स्पष्ट गर्दछ। यस्तो सुविधा कतिपय ठाउँमा त जेल प्रमुखको दया-मायामा समेत निर्भर गर्दछ। नियम तथा ऐनमा उल्लेखित सुविधाहरू समान रूपले वितरण नगरिने समस्या त छँदैछ, त्योभन्दा पनि महत्वपूर्ण पक्ष के हो भने जेलका आश्रित वालवालिका प्रायः सधै आफ्नो जन्मजात अधिकारबाट बंचित भएका छन्।

पोषिलो खानाको अभावमा जेलका वालवालिकाहरूको मानसिक विकास स्वाभाविक रूपले हुनसकेको छैन। त्यसमाथि जेलहरूको जीर्ण र फोहोर अवस्था, वयस्क बन्दीहरूसंग बस्नुपर्ने बाध्यता, अधिकांश वयस्क व्यक्तिहरूको कुनै न कुनै अपराधमा देखिने संलग्नता आदिले उनीहरूको मानसिक विकासलाई प्रतिकूल तरिकाले प्रभावित पार्दछ। यस्ता वालवालिकामाथि कुनै आरोप नभए पनि उनीहरू जेल बाहिर निस्केर खेलकुद र मनोरञ्जन गर्ने, विद्यालय जाने तथा लेखपढ गर्ने स्वतन्त्रताबाट समेत बंचित छन्। वालवालिकामाथिका यस्ता प्रतिबन्धात्मक व्यवस्थाले उनीहरूको मानसिक विकासलाई झन् अबरूद्ध गर्दछ। अझ लामो समयसम्म कठोर बन्धनमा बसेका वालवालिकाले आफ्नो स्वतन्त्रता मात्र गुमाउँदैनन्, पछि गएर उनीहरू कुनै न कुनै अपराधमा संलग्न हुने संभावना समेत सामान्य वालवालिकामा भन्दा बढी हुन्छ। वालवालिकाको मानसिक विकाससंग सम्बन्धित पक्षमा कसैले पनि ध्यान दिएको देखिदैन।

वालवालिकाको हकहित सम्बन्धी ऐन २०४९ ले कल्याणकारी व्यवस्था अन्तर्गत जेलमा आश्रित वालवालिकालाई वालकल्याण गृहमा राख्नुपर्ने व्यवस्था गरेको छ। तर, ऐन बनेको ३ वर्ष बितिसक्दा पनि हाम्रो देशमा सरकारी तहबाट यस्ता वाल कल्याण गृहहरू बनाइएका छैनन्। सरकारी स्तरमा संचालित नेपाल वाल संगठनको विषयमा कानूनी विवाद रहेकाले हाल केही आश्रित वालवालिकालाई विभिन्न संघ संस्थाले आफ्ना वाल कल्याण गृहमा राखेर स्याहार र संरक्षण त गरेका छन्, तर तिनको सेवालाई पनि राम्ररी अनुगमन गरिएको देखिदैन। फलतः वाल कानूनको यो व्यवस्था पनि प्रभावकारी भएको देखिदैन। त्यसैले, जेलमा आश्रित वालवालिकाको संरक्षण र विकासका निम्ति तत्कालीन र दीर्घकालीन कार्यक्रम तयार गर्नुपर्ने आवश्यकता आज पनि टड्कारो देखिन्छ।

जेलमा आश्रित वालवालिकाको संरक्षण र विकासका निम्ति तत्काल निम्न कदमहरू चाल्ने हो भने यो समस्या सहज तरिकाले हल गर्न सकिन्छ।

- काठमाडौं उपत्यकामा मात्र विभिन्न गैर सरकारी संस्थाहरूले ३५ वटा भन्दा बढी वाल कल्याण गृहहरू संचालन गरेका छन्। यी मध्ये ४ वटा भन्दाबढी संस्थाले चलाएका वाल कल्याण गृहमा जेलमा आश्रित वालवालिकालाई राख्ने गरिएको छ। यी संस्थाहरू वीच एकातिर अस्वस्थ प्रतिस्पर्धा छ र अर्कातर्फ वालवालिकाको अवस्थाबारे नियमित प्रतिवेदन प्रकाशित गर्ने परिपाटी छैन। यी संस्थाहरूलाई केन्द्रीय वाल कल्याण समन्वय समिति मार्फत भेला गराई उमेर र क्षेत्रको आधारमा वालवालिकाको संरक्षण र विकास गर्ने कामको जिम्मेवारी बाडफाँड गरिनु पर्दछ।
- जेलमा आश्रित वालवालिकालाई काठमाडौंमा नै ल्याउनुको सट्टा गैर सरकारी संस्थाहरूलाई स्थानीय क्षेत्रमा गएर वाल कल्याण गृह खोल्न प्रेरित गर्नु पर्दछ। क्षेत्रीय स्तरमा खुलेका वाल कल्याण गृहहरूलाई आश्रित वालवालिकाको रेखदेख गर्ने जिम्मेवारी दिनु उपयुक्त हुन्छ।

- हाल एस.ओ.एस. बाल ग्रामले देशका पाँचै विकास क्षेत्रको प्रतिनिधित्व हुने गरी बाल कल्याण गृहहरू संचालन गरेको छ। यी कल्याण गृहमा शिशु स्याहार गर्ने सुविधाहरू समेत छन्। त्यसैले, २ वर्षभन्दा कम उमेरका जेलमा आश्रित शिशुहरूको स्याहार र संरक्षण गर्ने कामको जिम्मेवारी एस.ओ.एस.बाल ग्रामलाई दिनु उपयुक्त हुनेछ।
- यी सबै कामको रेखदेख र अनुगमन गर्ने तथा कामको समन्वय गर्ने जिम्मेवारी केन्द्रीय बाल कल्याण समन्वय समितिले गर्नु पर्दछ।

७. जेलको सुधारका निम्ति नगरी नहुने कामहरु

नेपालका जेलहरूको सुधार गर्ने उद्देश्यले सरकारद्वारा गठन गरिएका आयोग, समिति र कार्यदलले दिएका सुझावहरू समेत कार्यान्वयन हुन नसकेर थन्किराखेको अवस्थामा जेलको सुधार गर्न थप सुझाव दिनुको अर्थ सुझावहरूको खानमा अर्को खात थप्नुभन्दा बढी नहोला। त्यसैले, जेलसंग सम्बन्धित केही महत्वपूर्ण मुद्दाहरूको विषयमा सरकार आफै स्पष्ट हुनु आवश्यक देखिन्छ।

१. स्पष्ट हुनु पर्ने अस्पष्ट मुद्दाहरु

(क) नेपालमा जेलहरूको निर्माण, विकास र विस्तार अपराधीलाई दण्ड दिने उद्देश्यले भएको छ। जेल दण्ड गृह र यातना गृहको प्रयोजनका निम्ति निर्माण भएको र २०१९ सालमा पहिलोपल्ट बनेको जेल ऐन पनि त्यसै मनस्थितिको प्रतिविम्ब भएकोले जेल अहिलेसम्म दण्ड दिने ठाउँका रूपमा नै प्रयोग भैआएको छ। त्यसैले, नेपालका जेलमा परेका पुर्पक्ष कैदका बन्दीहरू श्रमको दृष्टिले निस्क्रिय, आत्म निर्भरताको दृष्टिले परावलम्बी, शिक्षा र चेतनाको कमीले असचेत छन्। जेलमा परेको नैतिक व्यक्तिको समेत त्यहाँबाट निस्केपछि मनस्थिति र व्यवहार परिवर्तन हुने गर्दछ। त्यसैले सर्वप्रथम जेललाई दण्ड गृहकै रूपमा संचालन गर्ने कि सुधार गृहको रूपमा संचालन गर्ने भन्ने मूल प्रश्नमा हरेक राजनीतिक दल र सरकार स्पष्ट हुनु आवश्यक छ।

(ख) जेलमा राखिने बन्दीहरूले कैद दण्डका निश्चित प्रक्रियाहरू जहाँ पनि पालना गर्नुपर्ने हुन्छ। ती प्रक्रियाहरू के हुन् भन्ने कुरा या त नेपालको जेल प्रशासनले थाहा पाएको छैन, या त थाहा पाएर पनि लागू गर्ने प्रयास गरेको छैन। कैद दण्डका निश्चित प्रक्रियाहरू पालना गराउन जेल व्यवस्थापनलाई प्रभावकारी बनाउन र पुनर्संरचना गर्नु आवश्यक छ।

(ग) नेपालका जेलहरूको वर्गीकरण बन्दी बस्ने क्षमताको हिसाबले गरिएको हो, जेलभित्र प्राप्त हुने सुविधाको आधारमा गरिएको हो, कर्मचारी दरबन्दीका आधारमा गरिएको हो वा जेल सुरक्षाको आधारमा गरिएको हो भन्ने स्पष्ट कारण र आधार कतै छैन। पंचायती शासनकालमा ३५ जना बन्दी बस्ने जेलहरुलाई कुनै मर्मत र सुधार नगरिकनै २०४७ साल पछाडि कतै ५० जनाको क्षमता भएको, कुनै ७० जनाको क्षमता भएको भन्ने गरिएको छ। यसरी क्षमता बृद्धि हुने आधार पनि कसैलाई थाहा छैन। त्यसैले, नेपालका जेलको वर्गीकरण र क्षमता बृद्धिका आधार र तर्कहरू के हुन् भन्ने कुरामा गृहमन्त्रालय र कारागार व्यवस्थापन विभाग स्पष्ट हुनु पर्ने देखिन्छ।

उल्लेखित तीन बुँदाहरूमा जेल व्यवस्थापन गर्ने पक्ष स्पष्ट भएपछि मात्रै जेल सुधार गर्ने कुरा र कामले निश्चित प्रक्रिया र बाटो पाउँछन्।

२. तत्काल सुधार गर्नु पर्ने क्षेत्रहरु

(क) ऐन र नियमावलीको संशोधन :

प्रजातन्त्रको पुनर्स्थापना पछाडि नेपालका जेलहरूको संचालन प्रक्रियामा केही उदारता देखा परेको भए पनि यो उदारतालाई जेल ऐनले संरक्षण गरेको छैन। जेलभित्र बस्ने मानिसलाई जेल प्रशासनले अहिले पनि मध्यकालीन व्यवहार गर्ने प्रचलनलाई जेल ऐनले संरक्षण प्रदान गर्दछ। त्यसैले, जेल ऐन तथा नियमावलीमा संशोधन गर्ने प्रक्रिया थाल्नु आवश्यक छ। यसरी ऐन संशोधन गर्दा जेललाई सुधारगृह बनाउने अवधारणा निर्देशक तत्व हुनु पर्दछ।

(ख) ऐन र नियमावलीको कार्यान्वयन :

जेल ऐन र नियमावली कार्यान्वयन गर्ने सिलसिलामा प्रशासनले आफ्नो अनुकूल हुने दफाहरू सक्रिय तुल्याउनु र बन्दीका हितसंग सम्बन्धित दफा-उपदफाहरूलाई निस्क्रिय बनाउनु जेलभित्र स्थापित परम्परा जस्तै भैसकेको छ। जेल ऐन र नियमावलीले रोगी र निरोगी बन्दीलाई एकै ठाउँमा राख्न नहुने, पुर्पक्षका थुनुवा र अदालतबाट सजाय पाइसकेका कैदीलाई अलग-अलग राख्नु पर्ने जस्ता व्यवस्थाहरू गरेको भए पनि नेपालका १/२ जेलमा बाहेक यो नियमको पालना गरिएको छैन। कतिपय जेलमा त अझै पनि पुरुष र महिला एउटै आँगनमा घुर्मफिर गर्दछन्। पुर्पक्षका थुनुवा र कैदी, रोगी र स्वस्थ्य महिला र पुरुष, बालबालिका आदि विषयमा ऐनले व्यवस्था गरेका प्रक्रियाहरूलाई गम्भीरताका साथ लागु गर्नु पर्छ।

(ग) कर्मचारी व्यवस्थापन :

जेल र सामान्य प्रशासनमा काम गर्ने कर्मचारी बीच अहिलेसम्म कुनै भेद छैन। जेल प्रमुखहरू कहिले गृहमन्त्रालय, कहिले उद्योग मन्त्रालय, कहिले वन मन्त्रालय आदि ठाउँबाट सरूवा भएर जेल प्रमुख हुन आउँछन्। यसरी जहाँबाट पनि सरूवा गरेर जेलमा ल्याइएका कर्मचारीको कारणले धेरै ठाउँमा बन्दी र प्रशासनको सम्बन्ध बिग्रेको पाइन्छ। त्यसरी सम्बन्ध बिग्रने एउटा कारण कर्मचारीको "धन कमाउ मानसिकता" पनि हो। त्यसैले, जेलमा काम गर्ने

कर्मचारीका लागि जेल व्यवस्थापन सम्बन्धी तालिम, २४ सै घण्टा काम गर्नुपर्ने बाध्यताको क्षतिपूर्ति स्वरूप थप पारिश्रमिकको बन्दोबस्त गर्नु पर्दछ। यस लगायत जेल कर्मचारी नियुक्ति गर्ने आधारहरू समेत अलग्गै बनाउनु पर्छ।

(घ) बन्दीहरुको सुविधा वर्गीकरण :

जेल ऐनले नेपाल भरिका सबै जेलमा एकै खालको सुविधा प्रदान गर्ने व्यवस्था गरेको छ। हिउँदमा छपक्क हिउँ पर्ने हुम्ला, डोल्पा, मनाङ्ग, मुस्ताङ्ग, रसुवा, सोलु जस्ता जेलका बन्दीले पाउने कपडा र सिदाको रकम तथा तराई र मध्य पहाडका जेलमा बन्दीले पाउने कपडा र सिदा रकम एउटै छ। तर हिमाली क्षेत्रमा सामान्य र अति आवश्यक वस्तु महंगा हुने, जाडो धेरै हुने र कष्ट पनि बढी हुने भएकाले एकै नासको सुविधाबाट गुजारा चल्दैन। त्यसैले, सुविधा वर्गीकरण गर्दा भौगोलिक र क्षेत्रीय विभाजनको आधार अपनाउनु अति आवश्यक छ।

(ङ) प्रहरी प्रशासनको दोहोरो शासन :

नेपालका जेलहरूको प्रशासनिक र सुरक्षाको काम गृहमन्त्रालय मातहतका निकाय जिल्ला प्रशासन र जिल्ला प्रहरीबाट गरिने भए पनि धेरै ठाउँमा जेल कर्मचारी र प्रहरी बीचको सम्बन्ध राम्रो छैन। कहिले प्रहरीले बन्दीलाई उकास्ने, कहिले निषेधित सामानहरू जेलभित्र पठाउने र कहिले प्रहरी र प्रशासनका कर्मचारी बीच भनाभन हुने जस्ता समस्या देखिन्छन्। कतिपय ठाउँमा यस्ता समस्याको फाइदा उठाएर बन्दीहरू जेलबाटै भाग्ने गरेका छन्। त्यसैले, जेल प्रशासनको सुरक्षा गर्ने जिम्मा प्रहरीबाट होइन, सामाजिक प्रहरी वा सामुदायिक प्रहरीको अवधारणाबाट सुरक्षाका लागि अलग्गै संगठन बनाउनु पर्दछ। प्रहरीलाई सुरक्षाभन्दा बढी सुधारका काममा संलग्न गराउने हो भने जेलहरू सुधार गर्ने प्रक्रिया थालनी हुनेछ।

(च) सुविधाहरुको विस्तार :

नेपालका ७३ जेलमध्ये केहीमा बाहेक बन्दीले सिप विकास गर्ने, शिक्षा पाउने, समयमा स्वास्थोपचार पाउने, खेलकुद तथा मनोरञ्जन गर्न पाउने सुविधा उपभोग गर्न पाएका छैनन्। खासगरी, थुनुवाहरूलाई यी अवसरबाट बंचित गर्नु भनेको राज्यले अपराध नगरेका मानिसलाई पनि अपराधतर्फ उन्मुख गराउने काम हो। कैदीका सुविधा र पुर्पक्षमा रहेका थुनुवाका सुविधाहरूको अन्तर पहिचान गर्नु र लागु गर्न तत्काल कार्यारम्भ गर्नु पर्दछ।

नेपालका जेलहरू हाल जुन अवस्थामा छन्, तिनको अवस्था हेर्दा कुनै पनि जेल मानिस बस्न लायक छैनन्। त्यसैले, बिगतमा बनेका आयोग, समिति, कार्यदलले दिएका प्रतिवेदनहरू कार्यान्वयन गर्नेतर्फ ठोस पाइला चाल्न ढिलाई गर्नु हुँदैन। नयाँ जेल भवनहरू बनाउने र जेलको संचालन प्रक्रियामा सुधारको अवधारणा नल्याउने हो भने भविष्यमा जेलहरूले ठूलो संकटको अवस्था सिर्जना गर्नेछन्।

छ. जेलको भौतिक अवस्थामा सुधार :

(१) राणा शासनताका बनेका नेपालका कतिपय कारागारहरू मानिस त परै जाओस्, गाईवस्तु बाँध्न लायत समेत छैनन्। यस्ता जेलहरूमा नवलपरासी, दोलखा, दैलेख, भिमफेदी, जुम्ला, प्युठान आदि जस्ता जेल पर्दछन्। यी मध्ये कतिपय जेलहरू मानिस थुन्ने उद्देश्यले बनाइएका थिएनन्। यी जेलहरूमा मानिसलाई थुनेर राख्दा कुनै पनि बेला ठूलो दूर्घटना समेत हुनसक्छ। यस्ता जेललाई टालटुल गरेर काम चल्ने अवस्था छैन।

भाडामा लिएका घरहरूमा संचालित मुगु र मनाङ्गका जेलहरू एकातिर असुरक्षित छन् भने अर्कोतर्फ यी भवनमा मानवीय आवश्यकता पूरा गर्ने भौतिक संरचना समेत छैन। मुस्ताङ्ग जेलको अवस्था पनि त्यस्तै छ। त्यसैले, माथि उल्लेखित ठाउँहरूमा नयाँ जेल भवन निर्माण गर्नु पर्ने अवस्था छ।

(२) तराईका कतिपय जेलहरू अति साँघुरा छन् भने कतिपय जेलको भौतिक अवस्था गएगुज्रेको छ। मोरङ्गको महिला जेल, जलेश्वर जेल, वीरगञ्ज जेलका कतिपय भवनहरू भत्किन थालेका छन् र कतिपय हावा र पानी थेग्न नसक्ने अवस्थामा पुगेका छन्। यस्ता जेलमध्ये केही जेलमा मानिसलाई थुनेर राख्नु असम्भव देखिन थालेको छ भने कतिपय जेल मर्मत सम्भार गर्नु पर्ने अवस्थामा छन्। मानिस राख्न नसकिने खालका जेलहरूबाट बन्दीलाई अर्को जेलमा सार्ने तथा केही जेलको मर्मत-सम्भार गर्नु पनि त्यतिकै आवश्यक छ।

(३) नेपाल जेलहरू अहिलेको सन्दर्भमा क्षमता, सुविधा तथा सुरक्षाको दृष्टिले अपर्याप्त र कमजोर छन्। बन्दीलाई सुधार गर्ने उद्देश्यले थुनामा राख्ने हो भने जेलको भौतिक संरचना परिवर्तन गर्नु पर्ने देखिन्छ। जेललाई देशका सबै जिल्लामा फैलाउनुको साटो केन्द्रीय र क्षेत्रीय जेल निर्माण गर्ने सोचाई बन्नु पर्ने आवश्यकता छ। यसो गरिएको खण्डमा जिल्लामा भएका हालका जेलमा थुनुवाहरू राख्ने र कैद तोकिएका व्यक्तिलाई राख्न पायक र सुविधा पर्ने क्षेत्रमा ३/४ वटा क्षेत्रीय र एक केन्द्रीय जेल निर्माण गर्दा अहिलेको ठूलो समस्या हल हुनसक्छ। त्यसैले, क्षेत्रीय र केन्द्रीय जेल विकसित गर्ने कामको थालनी गर्नु पनि आजको आवश्यकता हो।

८. नेपालका जेलमा महिलाहरुको अवस्था

संख्याको दृष्टिले हेर्ने हो भने नेपालका जेलमा धेरै महिलाहरू छैनन्। नेपालका जेलहरूमा थुनुवा र कैदीहरूको संख्या करीब ६ हजार छ। यी ६ हजार जति बन्दीमध्ये महिलाको संख्या सरदर ५ सय जति छ। नेपालको जनसंख्यामा महिलाको अनुपात र नेपालमा हुने अपराधको अनुपातलाई हेर्ने हो भने महिलाहरू अपराधमा संलग्न भएको

वा आरोपित भएकै कारणले जेलमा पर्ने संख्या नगन्य जस्तै देखिन्छ।

नेपालका जेलमा थुनिएका महिलाको संख्या थोरै भए पनि महिला बन्दीमाथि लागेका आरोप र प्रमाणित अपराधहरू धेरै खालका छन्। यस्ता आरोप र अपराधमा सबैभन्दा धेरै (६० प्रतिशत) मुद्दा शिशु हत्यासंग सम्बन्धित छन्। गर्भपतनसंग सम्बन्धित धेरै मुद्दाहरू समेत शिशु हत्याको अभियोग अन्तर्गत चलेका छन्। शिशु हत्याको आरोपमा पक्राउ परेका कतिपय महिलाहरूले हत्याको आरोप लगाइएका केटाकेटीलाई जेलमा पालेर राखेका छन्। त्यस बाहेक नेपालका जेलमा थुनिएका महिला बन्दीहरू लागु पदार्थ कारोबार, चेलिबेटी बेचबिखन, हत्या र विभिन्न प्रकृतिका यौन अपराध अन्तर्गत थुनिएका छन्।

शिशु हत्याको मुद्दामा थुनिएका ९० प्रतिशत भन्दा बढी तथा अन्य मुद्दामा जेलमा परेका प्रायः सबै महिलाहरू गरीब पारिवारिक पृष्ठभूमिमा हुर्के-बढेका छन्। अधिकांश निरक्षर पनि छन्। शिशु हत्यामा थुनिएका महिलामध्ये अधिकांशको उमेर ३० वर्षभन्दा कम छ र कतिपय महिलाहरू थुनामा पर्नुको प्रमुख कारण उनीहरूलाई कानूनको ज्ञान नहुनु, गरीबीको कारणले मुद्दा लड्न नसक्नु, वकिल राख्न नसक्नु तथा अदालतमा आफ्नो विचार स्पष्ट रूपले प्रकट गर्न नसक्नु पनि हो।

नेपालका जेलमा परेका महिलाको सबैभन्दा ठूलो समस्या के हो भने जेलमा पुगेपछि उनीहरूले घर र माइती दुवैतिरबाट उपेक्षित हुनुपर्छ। परिवारका घरका सदस्यले जेलमा परेका महिलाको मुद्दामा चासो लिदैनन्, भेटघाट गर्दैनन्। आफ्नै छोरा-छोरी भए पनि भेटघाट गर्न ल्याइदिदैनन्। माइतीको तर्फबाट पनि महिलाहरूलाई जेलमा भेट्न आउने, चासो देखाउने, मुद्दाको छिनोफानो गर्न सघाउने जस्ता क्रियाकलापमा बेवास्ता गरिन्छ। खासगरी, अविवाहित अवस्थामा नै शिशु हत्यामा थुनिएका महिलाहरूलाई जेलबाट मुक्त भइसकेपछि कहाँ जाने र के गर्ने भन्ने ठूलो समस्या उत्पन्न हुन्छ।

शिशु हत्या बाहेक अरू अपराधमा बन्दी हुन पुगेका महिलाहरूको समस्या पनि उस्तै छ। श्रीमती जेलमा परेपछि लोग्ने जेल बाहिर भए उसले दोस्रो विवाह गर्ने, सासु-ससुरा वा परिवारका अरू सदस्यले जेलमा परेका महिलाको सोधी खोजी नगर्ने तथा जेलमा भेटघाट गर्न नआउने जस्ता समस्याले महिलालाई एक्लो बनाउँछ। नेपालका जेलमा थुनिएका प्रायः सबै महिलाहरू यस्ता खालका समस्या भोग्न विवश देखिन्छन्।

नेपाली समाजमा महिलाको अवस्था जे जस्तो छ, नेपालका जेलमा पनि सामाजिक भेदभाव र लिंगभेदको प्रतिबिम्ब स्पष्टै देखिन्छ। त्यसै पनि गएगुज्रेको अवस्थामा संचालन भैराखेका नेपालका जेलहरूमा पुरूष बन्दीहरूले जे-जति सीमित सुविधा पाएका छन्, त्यो सुविधा पाउनबाट जेलमा परेका अकांश महिलाहरू वंचित छन्। प्रायः धेरै जेलमा महिला र पुरूष बन्दीका लागि अलग-अलग वार्डको व्यवस्था त गरिएको छ, तर महिला र पुरूष बन्दीलाई थुन्ने भवन एउटै छ। जेलभित्र पस्ने मूल ढोका एउटै छ र पुरूषले घुमफिर गर्ने आँगन पनि एउटै छ। प्रत्येक जेलमा पुरूष बन्दीहरू बढी हुने भएकाले जेलको आँगनमा घुमफिर गर्न पुरूषले प्रत्येक दिन ४/५ घण्टा पाउँछन् भने महिलाले २ वा ३ घण्टा भन्दा बढी पाउँदैनन्। कतिपय जेलमा महिला र पुरूष वार्डको धारा समेत एउटै छ। यस्ता जेलमा पुरूष बन्दीले दिएको खानेपानीमा चित्त बुझाउनु पर्ने या पुरूष बन्दीले पानी थापी सकेपछि मात्र महिलाले थाप्न पाउने स्थिति छ।

नेपालका अधिकांश जेलमा महिला प्रहरीको दरबन्दी छैन। महिला बन्दीलाई भेटघाट गर्न आउने मानिसहरू तथा महिला बन्दीका समस्याहरूको रेखदेख गर्न कार्यालय समयमा एक महिला प्रहरी जेलमा पठाएको पाइन्छ। तर यी महिला प्रहरी दिउँसो मात्र जेल कम्पाउण्डमा पुग्छन्। रात-साँझ वा बिहान बन्दी महिलाहरू बिरामी भएको खण्डमा महिला बन्दीको रेखदेख पनि पुरूष प्रहरीले नै गर्ने गर्दछन्। महिला प्रहरीको अभावमा महिला बन्दीहरूको भेटघाट, मरू-परू, साह्रो-गाह्रोको अवस्थामा महिला बन्दीले पर्याप्त सहयोग पाउँदैनन्। फलस्वरूपः जेलभित्र पुरूषहरूले कुनै रोजगार वा व्यवसायमूलक काम गर्दा, बिरामी पर्दा जति सहयोग र सुविधा पाउँछन्, त्यत्तिकै सुविधा र सहुलियतहरू महिला बन्दीले पाउँदैनन्। यी सबै कारणहरूले गर्दा महिला बन्दीको समस्या नेपालका जेलमा थुनिएका पुरूष बन्दीहरूको भन्दा बढी गम्भीर र सोचनीय खालको छ।

कारागार भित्र रहेका अपांग एवं वृद्धावस्थाका बन्दीहरूको स्थिति अझ दर्दनाक छ। रोगी, आँखा नदेख्ने, हर नचल्ने आदि रोग व्याधी र उमेरको अशकलताले गर्दा उनीहरूको हातल दयनीय बनाएको छ। ६०-७० वर्ष उमेर नाघी सकेका त्यस्ता बन्दीहरूको स्याहार, सुसारको कुनै विशेष खाले प्रबन्ध गरिएको देखिंदैन। बिडम्बना त के छ भने कैदको अवधि मिन्हा पाउने बन्दीहरू मध्ये यस्ता बन्दीहरूको संख्या न्यूनतम् रहने गरेको छ। नेपालका कारागारहरूमा गर्भपतनको आरोप लागेका महिलाहरू र अशक्त बृद्धावस्थाका बन्दीहरूको सम्बन्धमा अख्तियार सम्पन्न टोली नै बनाएर स्थलगत रूपमा वास्तविकता केलाएर उदारतापूर्वक कैद अवधि मिन्हा गर्ने अभियान चलाउनु पर्ने स्थिति देखा परेको छ। त्यस्ता कैदीहरूका रूपमा चौखण्डीको व्यवस्था तत्काल लागु गरी हाल्नमा ढिलाइ गरिनु हुन्न।

■

अनुसूची ४

मानवअधिकार वर्ष पुस्तकको आफ्नै समीक्षा (१९९२-१९९५)

देशमा वहुदलीय प्रजातन्त्रको पुनर्स्थापना भएर २०४७ साल कार्तिकमा घोषणा गरिएको “नेपाल अधिराज्यको संविधान २०४७” ले नागरिकका मौलिक हक र मानवअधिकारहरूको ग्यारेण्टी गरेपछि मानवअधिकारका क्षेत्रमा क्रियाशील संघ-संस्थाहरूको सक्रियता उल्लेखनीय रूपले बढ्न थालेको हो। अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले सन् १९९२ देखि वर्षभरि देशमा देखा परेका मानवअधिकार सम्बन्धी क्रियाकलापको अनुगमन र मूल्यांकन गरी प्रकाशित गर्न थालेको मानवअधिकार वर्ष पुस्तक यस्तै सक्रियताको उपज हो। देशमा वर्षभरि भएका घटनाहरू, सरकारका क्रियाकलापहरू, संसदका गतिविधिहरू तथा न्यायालयका निर्णय, फैसला र आदेशहरूले स्थापित गर्न खोजेको मूल्य, मान्यता र प्रवृत्तिलाई केलाएर इन्सेकले वार्षिक प्रतिवेदनका रूपमा “मानवअधिकार वर्ष पुस्तक” प्रकाशित गर्न थालेको हो।

इन्सेकले बितेका ४ वर्षमा प्रकाशित गरेका “मानवअधिकार वर्ष पुस्तक” मा प्रत्येक वर्ष कुनै एक विषयको विशेष मुद्दालाई महत्व दिने गरेको छ। वर्षमा एउटा कुनै मुद्दालाई विशेष महत्वको विषय बनाए पनि “मानवअधिकार वर्ष पुस्तक” मा केही विषयहरू र मानवअधिकारका केही क्षेत्रहरूलाई हरेक वर्ष अनुगमन र मूल्यांकन गर्ने गरिएको छ। यसरी वर्षेनी समेट्ने गरिएका विषय र क्षेत्रहरूले वर्ष पुस्तकमा परिच्छेद र अनुसूचीमा स्थान पाएका छन् भने वर्षभरि देशका ७५ वटा जिल्लामा भएका मानवअधिकार उल्लंघनका घटनाहरूलाई क्षेत्रीय आधारमा वर्गीकरण गरेर प्रकाशित गर्ने गरिएको छ। जिल्ला-जिल्लामा मानवअधिकारको स्थिति झल्काउने घटनाहरूको नियमित अनुगमन, घटना र प्रवृत्तिहरूको सर्सर्ती बयान गर्नु वर्ष पुस्तकको मुख्य जिम्मेवारी हो।

वर्ष पुस्तकलाई सर्सर्ती हेर्दा यसका ३ खण्ड देखिन्छन्। पहिलो खण्डलाई परिच्छेद भन्न सकिन्छ, यद्यपि वर्ष पुस्तकमा कतै पनि खण्ड छुट्याइएको छैन। परिच्छेदमा उल्लेख गरिने विषयहरूमध्ये केही विषयहरूलाई वर्षेनी अनुगमन र मूल्यांकन गर्ने गरिएको छ भने यस खण्डमा केही विषयहरूलाई १/२ वर्ष निरन्तरता दिएर छोडिएको पनि छ। वर्ष पुस्तकले छाडेका र समेटेका दुवै विषयहरू केलाउँदा यस खण्डमा मानवअधिकारको परिस्थितिलाई प्रत्यक्ष-अप्रत्यक्ष रूपले प्रभावित पार्ने न्यायपालिका, संसद, सरकार र आम संचारसंग सम्बन्धित विषयहरूको घटना, प्रवृत्ति, नीति-निर्णय, आदेश आदिको अनुगमन गरिएको छ। यस बाहेक मानवअधिकारको इतिहास, राजनीतिक विकासक्रम आदि जस्ता विषयले पनि परिच्छेदको खण्डमा ठाउँ पाएका छन्।

वर्ष पुस्तकको दोस्रो खण्डलाई मूल खण्ड भन्न सकिन्छ। वर्ष भरिका घटनाहरूलाई यस खण्डमा समावेश गर्ने गरिएको छ। सन् १९९२ मा प्रकाशित पहिलो वर्ष पुस्तकदेखि सन् १९९५ मा प्रकाशित वर्ष पुस्तकसम्म यस खण्डमा समेटिएका विषयहरू एकै तरिकाले प्रस्तुत गरिएको छ। जिल्ला-जिल्लामा भएका गतिविधि, घटना र प्रवृत्ति दर्शाउने यस खण्डमा सामाग्रीलाई एउटा निश्चित ढाँचा र शैलीमा प्रस्तुत गरिएको छ। त्यसैले, वर्ष पुस्तकमा यो खण्ड बढी महत्वपूर्ण पनि हुन पुगेको छ भने वर्ष भरिका घटना प्रस्तुत गर्न तयार गरिएको दोस्रो खण्डको खाका , शैली तथा ढाँचा मानवअधिकार वर्ष पुस्तकको विशिष्ट पहिचानका रूपमा स्थापित भएको छ।

वर्ष पुस्तकको तेस्रो खण्डलाई अनुसूची खण्ड भन्न सकिन्छ। यस खण्डमा मानवअधिकारसंग सम्बन्धित विशिष्ट विषयहरूमा वर्षभरि देखा परेका घटना र प्रवृत्तिहरूलाई केलाउने गरिएको छ। खासगरी, मानवअधिकारसंग सम्बन्धित क्षेत्रहरू यातना, महिला अधिकार, बधुवा मजदूर आदि जस्ता विषयहरू यस खण्डमा समावेश गरिएका छन्। यस खण्डमा पनि परिच्छेदको खण्डमा जस्तै केही विशिष्ट क्षेत्रहरूलाई वर्षेपिच्छे समेट्ने गरिएको छ भने केही विषयहरू वर्षमा देखा परेका घटना र प्रवृत्तिका आधारमा चयन गर्ने गरिएको छ। त्यसैले, यस खण्डमा पनि केही विषयहरूले हरेक वर्ष पुस्तकमा निरन्तरता पाएका छन् भने केही विषयहरू उठाउँदै छाड्दै गरिएको छ।

यसरी मानवअधिकार वर्ष पुस्तकले अघोषित रूपले छुट्याएका खण्डहरूका आधारमा प्रस्तुत गरेका सामाग्रीलाई घोषित आधार बनाएर विश्लेषण गर्ने हो भने वर्ष पुस्तकले आजसम्म उठाएका मुद्दाहरूको विश्लेषण गर्न सजिलो हुनेछ। त्यसैले, वर्ष पुस्तकले प्रत्येक वर्ष समेट्ने गरेका विषयहरूले उठाएका घटना र प्रवृत्तिहरूको सर्सर्ती उल्लेख गर्नु सामयिक हुनेछ।

परिच्छेद खण्ड

(क) न्यायपालिका र मानवअधिकार

सन् १९९२ देखि सन् १९९५ सम्म प्रकाशित ४ वटा वर्ष पुस्तकमा सर्वोच्च अदालतले गरेका फैसलाहरू, निर्णय र आदेशहरूका आधारमा यो परिच्छेद तयार हुने गरेको छ। ४ वटा वर्ष पुस्तकमा यस खण्डमा समेटिएका विषयहरू मौलिक हकको विभिन्न पक्षसंग सम्बन्धित छन्। यसखण्डमा उठाइएका घटना र प्रवृत्ति छान्दा सूचनाको हक, वैयक्तिक स्वतन्त्रताको हक, राजनीतिक स्वतन्त्रताको हक, मताधिकार सम्बन्धी हक, महिला तथा पुरूषको समानताको हक, जात, धर्म र वर्णसंग सम्बन्धित समानताको हक, कर्मचारीको हक, नागरिकताको हक, सम्पत्ति सम्बन्धी हक, फौज्दारी न्यायको हक, स्वेच्छाचारी थुनाबाट मुक्ति पाइने हक आदि विषयलाई टिपिएको छ।

वर्ष पुस्तकले सन् १९९२ मा संविधानले न्यायपालिकालाई दिएको विशेष जिम्मेवारीलाई ठूलो महत्वका साथ उल्लेख गर्दै त्यस वर्ष परेका मुद्दाहरूमा सर्वोच्च अदालतले गरेका केही महत्वपूर्ण फैसलाहरूको उल्लेख गरेको छ। सर्वोच्च अदालतले एकै प्रवृत्तिका फौज्दारी न्याय सम्बन्धी हकका मुद्दामा गरेका फैसलाहरू अलग-अलग भएकाले विवादहरू उत्पन्न भएको तथ्यतिर वर्ष पुस्तकले ध्यान आकर्षण गराएको पाइन्छ। त्यस वर्ष सर्वोच्चले गरेका फैसलाहरूको प्रतिक्रिया मिश्रित भए पनि उत्साहप्रद मान्न सकिदैन भन्ने वर्ष पुस्तकको मूल्यांकन थियो।

सन् १९९३ मा सर्वोच्च अदालतले गरेका कतिपय फैसलाहरू ऐतिहासिक महत्वका थिए। खासगरी तिलु घले र जमुना श्रेष्ठ मित्तलको स्वेच्छारी गिरफ्तारीका विषयमा सर्वोच्च अदालतले मौलिक हक कायम गराउन उल्लेखनीय भूमिका खेलेको थियो। यस वर्ष भएका प्रायः सबै आदेश र फैसलाहरूले मानवअधिकारको क्षेत्रमा ऐतिहासिक महत्व राख्ने र महत्वपूर्ण नजिरहरू कायम भएको विश्लेषण वर्ष पुस्तकले गरेको छ। साथै, अदालतलाई बलियो बनाउन नागरिक, सरकार र सामाजिक क्षेत्रले पनि त्यत्तिकै क्रियाशीलता देखाउनु पर्छ भनेर अदालतका आदेश, फैसला र निर्णयहरूको यस वर्ष पुस्तकले उच्च मुल्यांकन गरेको छ।

सन् १९९४ र ९५ मा प्रकाशित गरिएका सामाग्रीहरू पढ्दा वर्ष पुस्तक अदालतप्रति केही आलोचनात्मक हुन खोजेको देखिन्छ। खासगरी, प्रतिनिधि सभा विघटन सम्बन्धी मुद्दा, कमैया प्रथाको उन्मूलन गर्न सर्वोच्चमा हालिएको रिट निवेदन, नेपालको संविधानसंग बाझिने मृत्युदण्ड सम्बन्धी प्रावधानहरूको खारेजी गर्न हालिएको रिट निवेदन र प्रभाकर सुवेदीको खोजी गर्ने विषयमा परेका निवेदनहरूको सुनुवाई र ती मुद्दाहरूमा अदालतले देखाएको उदासिनतालाई लिएर वर्ष पुस्तक अदालतप्रति केही आलोचनात्मक भएको अनुमान गर्न सकिन्छ। तर, समग्रमा वर्ष पुस्तकले सर्वोच्च अदालतलाई ठूलो सम्मान र गरिमाका साथ मूल्यांकन गरेको छ।

वर्ष पुस्तकले देखाएको चासो र सरोकारलाई न्यायालय र न्यायमूर्तिहरूले पनि यथेष्ट महत्व दिंदै आएको कुरा यस क्षेत्रमा अदालतमा र न्यायमूर्तिहरूको चासो र सरोकारले पनि देखाउँछन्। सन् १९९४ मा न्यायाधिशहरूको सम्मेलनले मानवअधिकार आयोगका विषयमा गम्भीर चासो र सरोकार देखाउनु, सम्पत्ति सम्बन्धी समानताकोहक कायम गर्न सरकारलाई संसदमा विधेयक प्रस्तुत गर्ने आदेश दिनु तथा नवनियुक्त प्रधान न्यायाधीश त्रिलोकप्रताप राणाले न्याय दिन ढिलाई नगर्ने सार्वजनिक प्रतिबद्धता दर्शाउनु जस्ता तथ्यहरूले यस्तै कुरालाई दर्शाउँछन्।

यति भएर पनि वर्ष पुस्तक १९९३ मा उल्लेख गरिए जस्तै आज पनि "सर्वोच्च अदालत तमाम सिमाबद्धताहरूको सिकार देखिन्छ...। न्यायमा हुने विलम्ब, न्यायालयमा अपनाइने अत्याधिक औपचारिकताले न्यायलाई पराजित तुल्याउनमा भूमिका खेलिराखेको छ।" त्यसैले, सोही वर्ष पुस्तकले प्रस्तुत गरेका सुझावहरू अनुरूप आज पनि न्यायालयलाई सुधार गर्न दुरगामी रणनीति एवं उपाय अबलम्बन गर्न, न्यायपालिकाको सक्षमता र कार्य कुशलता बृद्धि गर्न आवश्यक दमहरू चालिनु जरूरी छ।

(ख) संसद र मानवअधिकार

वर्ष पुस्तकको परिच्छेद खण्डमा नियमित रूपले अनुगमन र मूल्यांकन गरिएको अर्को थलो संसद पनि हो। प्रजातन्त्रको पुनर्स्थापना भएपछि नेपालको निर्वाचित संसद प्रतिनिधि सभा र स्थायी संसद राष्ट्रिय सभामा भएका गतिविधि, सांसदहरूले गरेका प्रश्नहरू, सार्वजनिक महत्वका प्रस्तावहरू, संकल्पहरू, संसदमा प्रस्तुत भएका विधेयकहरू तथा संसदीय समितिका गतिविधिहरूमा मानवअधिकारको क्षेत्रमा के कस्ता वहस, छलफल भए? मानवअधिकारसंग सम्बन्धित के कस्ता मुद्दाहरू उठे? संसदमा विधेयक प्रस्तुत गर्दा मानवअधिकारको विषयलाई के कसरी उठाइयो? यस्ता प्रश्नहरूमा सरकारको ध्यान गयो कि गएन आदि विषयहरू केलाउन कोशिस गरिएको छ।

सन् १९९२ मा प्रकाशित गरिएको वर्ष पुस्तकमा नेपालका संसदको बनावट, निर्वाचन प्रक्रिया, संसदीय अभ्यासको प्रक्रिया, संसदीय समितिहरूको गठन आदि विषयको संक्षिप्त जानकारी दिएर ०४९ सालदेखिका ३ वटा अधिवेशनहरूको समीक्षा गरिएको छ भने त्यसपछिका प्रत्येक वर्ष पुस्तकहरूमा संसदका अधिवेशनहरूको क्रियाकलाप र गतिविधिको अनुगमन, मूल्यांकन र कतिपय ठाउँमा एकसरो विवरण मात्रै पनि दिइएको छ।

वर्ष पुस्तकमा सन् १९९२ देखि सन् १९९५ सम्म "संसद र मानवअधिकार" शीर्षकमा प्रस्तुत गरेका मुद्दाहरू हेर्ने हो भने वर्ष पुस्तकले मानवअधिकारसंग सरोकार नभएका विषयहरूलाई पनि समावेश गरेको छ। मानवअधिकारसंग प्रत्यक्ष रूपले सरोकार जोडिएका संकल्प, सार्वजनिक महत्वका विषय, सांसद र मन्त्रीहरूका वक्तव्य, विधेयक, ध्यानाकर्षण प्रस्ताव आदिमा उठेका गोलीकाण्ड,

आन्दोलनहरू, शान्ति सुरक्षा, नागरिकता, वैयक्तिक स्वतन्त्रतासंग सम्बन्धित मुद्दाहरू, सूचनाको हक र सरकारी संचार माध्यमको दुरूपयोग, बालिका बलात्कार, कमैया प्रथा, संविधानसंग बाझिने कानूनहरू, विपक्षलाई लगाएका झुठा मुद्दाहरू, कानूनको दुरूपयोग आदि विषयहरू पुस्तकमा समेटिएका छन्।

नेपालको संसदमा प्रत्येक हिउँदे र वर्षे अधिवेशनमा उठ्ने गरेका उल्लेखित आम मुद्दाहरू बाहेक केही मुद्दाहरूलाई सांसदहरूले विशेष महत्व र विशेष दृष्टिकोणका साथ प्रस्तुत गरेकाछन्। यस्ता मुद्दाहरूमा एड्स पीडित महिलाहरूको पुनर्स्थापना, सुकुम्बासी समस्याको समाधान, उच्चस्तरीय सर्वदलीय मानवअधिकार सम्बन्धी राष्ट्रिय आयोग, स्वतन्त्र नारी उत्थान आयोग, जबर्जस्ती धर्म परिवर्तन, मतदाता परिचयपत्र तथा मतदाता नामावली संकलन र प्रकाशन प्रक्रियामा सुधार आदि पर्दछन्। यसरी संसदका ११ वटा अधिवेशनमा उठाइएका यी विषयहरूलाई एकपल्ट सांसदहरूले विशेष रूपले उठाए तापनि ती मुद्दाहरूलाई उनीहरूले निरन्तरता दिएको भने देखिदैन।

संसदका ११ वटा अधिवेशनमा प्रस्तुत भएका प्रस्ताव, प्रश्न, विधेयक, समितिगत निर्णय र छलफलहरू आदिमा सम्बन्ध विच्छेद भएका महिलाको स्वालम्बन र जीविकोपार्जनको मुद्दा, यातनाको क्षतिपूर्ति विधेयक, मुलुकी ऐनको महत्वपूर्ण संशोधन, कारागारमा भएका आस्थाका बन्दीहरूको रिहाई, शिशु हत्याको अभियोगमा थुनिएका महिलाहरूको दुर्दशाजन्य अवस्था तथा कानूनको अभावले भैरहेका मानवअधिकार उल्लंघन र कानूनको दुरूपयोगबाट भैरहेको उल्लंघनका कुराहरू पनि यस परिच्छेदमा वर्ष पुस्तकले उल्लेख गरेको छ।

नेपालको संसदमा मानवअधिकारको प्रश्न प्रत्येक अधिवेशनमा उठेको छ भन्ने कुरा वर्ष पुस्तकको यस परिच्छेदमा उल्लेख छ। खासगरी, संसदको प्रतिपक्षमा रहेका संसदीय दलहरूले मानवअधिकारसंग सम्बन्धित मुद्दाहरूलाई कहिले गम्भीरताकासाथ र कहिले नाराको रूपमा उठाएका छन्। तर, सरकारको तर्फबाट मानवअधिकारसंग सम्बन्धित विषयलाई या त पन्छाउने गरेको देखिन्छ या त हल्का रूपले ग्रहण गरेको देखिन्छ। यातना सम्बन्धी क्षतिपूर्ति विधेयक ३/३ वटा अधिवेशनमा प्रस्तुत गरिए पनि त्यो विधेयक भुत्ते बनाएर मात्र पास हुनु, नागरिकता वितरण नियमावली बनाउँदा संविधानको मर्मसंग बाझिने गरी बनाउनु, मानवअधिकार आयोग बनाउने संकल्प प्रस्तावलाई राष्ट्रिय सभामा सत्तापक्षका सांसदहरूले विफल बनाउनु, मृत्युदण्ड दिने प्रावधान रहेका ऐनहरू संशोधन गर्न तत्परता नदेखाउनु, जनआन्दोलनका अपराधीलाई तथा मानवअधिकार उल्लंघन कर्ताहरूलाई कार्वाही गर्ने कानून बनाउन तत्परता नदेखाउनु आदि जस्ता विषयले नेपालको संसद मानवअधिकारसंग सम्बन्धित मुद्दामा प्रभावशाली हुन नसकेको तथ्यलाई संकेत गर्दछन्।

यति भएर पनि नेपालको संसदमा जे-जति विषयहरूमा बहस, छलफल, प्रश्नोत्तर, ध्यानाकर्षण, प्रस्ताव आदि प्रस्तुत गरिए त्यसमा मानवअधिकारले प्रशस्त ठाउ पाएको छ। बितेका ४ वर्षमा सरकार बन्ने र गिर्ने प्रक्रियामा सरकारलाई समर्थन गर्ने र गिराउने एउटा आधार मानवअधिकार पनि हुन पुगेको थियो। छैठौं अधिवेशनमा राष्ट्रिय सभा र प्रतिनिधिसभा दुवै ठाउँमा संसद अधिवेशनको पहिलो दिनमै मानवअधिकारका मुद्दाहरू उठेका थिए।

संसदमा उठ्ने यस्ता विषयहरूमा सांसदहरू सतही देखिएका छन् भन्ने तथ्यतर्फ वर्ष पुस्तकले सबैको ध्यान आकर्षित गरेको छ। संसदको गतिविधि हेर्दा वर्ष पुस्तकले उल्लेख गरेको विषयलाई "नारा" बनाउने र सतही रूपले प्रस्तुत गर्ने प्रवृत्ति चाहिं अहिले पनि यथावतै देखिन्छ।

(ग) आम संचार र मानवअधिकार

आजसम्म प्रकाशित भएका ४ वटा पुस्तकमध्ये ३ वटा वर्ष पुस्तकले आम संचारसंग सम्बन्धित विषयहरूलाई पनि केलाएको छ। सन् १९९२ मा प्रकाशित वर्ष पुस्तकमा आम संचार माध्यमले प्रस्तुत गरेका मानवअधिकारका मुद्दाहरूलाई समेटेको छैन।

परिच्छेद खण्डमा प्रस्तुत गरिएको यो शीर्षकलाई वर्ष पुस्तकले विश्लेषण गर्ने र अनुगमनलाई गहिरो ढंगले प्रस्तुत गर्न सकेको छैन। खाली नेपाली छापा माध्यमहरूले प्रस्तुत गरेका विषयहरूको जस्ताको तस्तै उद्दरण गर्ने गरेको छ।

आम संचारको छापा माध्यममा प्रकाशित केही (वर्षेनी ४ वटा) पत्रिकाहरूका सामाचारका आधारमा यो खण्ड तयार भएको छ। यी पत्रिकाहरूको छनौट भिन्न प्रकारका विचार राख्ने मध्येबाट गरिएको छ।

आम संचार माध्यममध्ये छापा माध्यमले प्रस्तुत गरेका ४ वटा पत्रिकाहरूको समाचार सारांश बाहेक नेपालको पत्रकारितामा लागेको राजनीतिक ग्रहणको उल्लेख वर्ष पुस्तकमा गरिएको छ, तर नेपाली प्रेसका सीमा, माध्यता, प्रविधि, जनशक्ति आदि जस्ता कुराको विषयमा विश्लेषण गरिएको छैन। तै पनि, संचार माध्यमले मानवअधिकार मुद्दाहरूमा देखाएको संवेदनशीलतालाई चाहिं वर्ष पुस्तकले निकै उच्च खालको छ भनेर वर्षेनी प्रकाशित पुस्तकहरूमा उल्लेख गरेको छ।

वर्ष पुस्तकले सन् १९९३ मा वर्षभरि प्रकाशित भएका ४ वटा साप्ताहिक पत्रिकाहरू दृष्टि, जनस्वतन्त्रता, नेपाली पत्र र विमर्शमा प्रकाशित समाचारको सार प्रस्तुत गरेर विषय अनुसार समाचार वर्गीकरण गरेको छ। सो वर्ष गोली र हत्याका घटनाहरू दृष्टिले २० वटा र नेपाली पत्रले १५ वटा छापेका थिए। दुवैले हिरासतमा दिइएका यातनाहरू ५/५ वटा, मुठभेड र गिरफ्तारीका १९ र १३ वटा तथा महिला बेचबिखनका १६ र १९ वटा घटनाहरूको समाचार प्रकाशित गरे।

सन् १९९४ को वर्ष पुस्तकले ४ वटा साप्ताकि

पत्रिकाहरू समकालिन, प्रकाश, देशान्तर र पुनर्जागरणलाई छानेको थियो। यस वर्ष प्रस्तुत गरिएका मध्ये मानवअधिकार उल्लंघनका घटनाहरूको सबैभन्दा धेरै समाचार देशान्तर साप्ताहिकले प्रकाशित गरेको देखिन्छ भने देशान्तरपछि समकालिन साप्ताहिकमा यस्ता समाचार धेरै छापिएका थिए।

यसैगरी वर्ष पुस्तक १९९५ मा राजधानीबाट प्रकाशित हुने २ वटा (छलफल र युगसम्वाद साप्ताहिक) तथा पश्चिमाञ्चल, मध्यपश्चिमाञ्चल र सुदूर पश्चिमाञ्चलबाट प्रकाशित हुने हिमाली आवाज साप्ताहिक (पोखरा), उज्यालो (नेपालगञ्ज) तथा वार्ता (धनगढी) का समाचारहरूको सूची प्रस्तुत गरिएको छ। राजधानीबाट प्रकाशित छलफल र युग सम्वादमा मानवअधिकार हननसंग सम्बन्धित समाचारहरू यस वर्ष पनि धेरै प्रकाशित भएका छन्।

आम संचारका क्षेत्रमा निगरानी, अनुगमन र मूल्यांकन गर्दा वर्ष पुस्तकले समाचारको संख्या तलमाथि हुने कारणहरूलाई गहिराएर र केलाउन सकेको छैन भने राजनीतिक आग्रह र पूर्वाग्रहका कारण पत्रकारिताका सम्पूर्ण रूपले प्रभावित भएको निष्कर्ष दिन खोजेको छ।

(घ) श्री ५ को सरकार र मानवअधिकार

नेपाल अधिराज्यको संविधान घोषणा भएपछि दलीय आधारमा भएको निर्वाचन पछि नेपालमा हालसम्म ३ वटा सरकार बनेका छन् र बिग्रेका छन् भने चौथो सरकारले हाल राज्यसत्ता संचालन गर्न थालेको छ। वर्ष पुस्तकले यी ३ वटै सरकारका कार्यकालमा भएका राजनीतिक, आर्थिक, सामाजिक क्रियाकलापहरूलाई यस खण्डमा समेटेको छ।

वर्ष पुस्तकले सन् १९९२ मा भएका राजनीतिक पार्टी, वर्गीय र सेवा संगठनहरूद्वारा संचालित आन्दोलनहरू, स्थानीय निर्वाचन जस्ता विषयलाई आधार बनाएर सरकारको मूल्यांकन गरेको छ। वर्ष पुस्तक सन् १९९२ मा त्यस वर्ष देशका विभिन्न भागमा भएका ठुल-ठूला घटनाहरूलाई यस शीर्षकमा समेटेको छ। यस वर्ष भएका मुख्य घटनाको रूपमा मल्लिक आयोग र बल्लभ सम्शेर आयोगका प्रतिवेदन सार्वजनिक नहुनु तथा ती प्रतिवेदनले दोषी ठहऱ्याएकाहरूलाई कार्वाही गर्ने तत्परता नदेखाउनु, ०४८ साल चैत २४ गतेको गोली काण्ड, अर्घाखाँची, खोटाङको दिक्तेल र नवलपरासीको कावासोतीमा भएका गोली काण्डहरू उल्लेख छन्। यसैगरी, लागू पदार्थ, सुन तस्करी जस्ता अपराधमा थुनिएका भरत गुरूङ, डी.वी. लामा आदि व्यक्तिको रिहाई, कर्मचारी आन्दोलन, कर्मचारी सरूवा र निलम्बन, विपक्षी दलका कार्यकर्ताहरूलाई लगाइएका सार्वजनिक मुद्दाहरू, स्थानीय निर्वाचनको सिलसिलामा भएका धाँधलीका घटनाहरू आदिलाई उल्लेख गरेको छ। वर्ष पुस्तकले मानवअधिकारको उल्लंघनका घटनाहरू प्रशस्त मात्रामा भए पनि यस्ता घटनाहरूको छानवीन गर्ने प्रक्रिया समेत शुरू नभएकोमा चिन्ता व्यक्त गरेको छ।

सन् १९९२ मा यस शीर्षकमा उल्लेख गरिएका जस्तै घटनाहरू सन् १९९३, १९९४ र सन् १९९५ का वर्ष पुस्तकहरूमा पनि उल्लेख गरिएको छ। वर्ष पुस्तक १९९३ मा सरकारको तर्फबाट भएका सिन्धुली काण्ड (सम्भना दहालको हत्या) सांसदहरूमाथि भएको लाठीचार्ज, शान्तिपूर्ण भेलामा प्रहरीद्वारा विना चेतावनी चलाइएको गोलीका कारण काठमाडौं, चितवन, नवलपरासी, रूपन्देही र भापामा भएका गोली काण्ड र त्यस्ता काण्डमा मरेका मानिसहरू, प्रहरी हिरासतमा यातनाको कारण भएका मृत्यु र यातनाका गम्भीर घटनाहरू, आमसभा गर्न नदिन खुला मंचमा गरिएको तालाबन्दी, अधिवेशन भैरहेको बेला भएको सांसदहरूको गिरफ्तारी, प्रहरीले प्रभाकर सुवेदीलाई वेपत्ता पारेको, तिलु घलेको रहस्यमय गिरफ्तारी र भुटानी शरणार्थीहरूको वर्गीकरण जस्ता घटनाहरू उल्लेख गरिएका छन्।

सन् १९९४ को वर्ष पुस्तकले यस शीर्षक अन्तर्गत वर्ष भरिका महत्वपूर्ण मानवअधिकार उल्लंघनका घटनाहरूको उल्लेख गर्दै भापा र काठमाडौंमा भएका उपनिर्वाचन, मध्यावधि चुनाव, सरकारको विघटन, नेपाल प्रहरीको आयोजनामा गरिएको "बदलिएको समाजमा प्रहरीको भूमिका" विषयक गोष्ठी, दमकमा भएको गोली काण्ड र प्रहरी ज्यादती, सप्तरीमा पत्रकार लोकेन्द्र बुढाथोकीको रहस्यमय मृत्यु, वानेश्वरमा भारतीय प्रहरीको छापा, त्यस घटनाको विरोधमा भारतीय दुतावासमा विरोध पत्र दिन गएका मानवअधिकार कार्यकर्ताहरूको गिरफ्तारी, मध्यावधि निर्वाचनमा भएका हिंसाका घटनाहरू र भारतीय नेताहरूले नेपालको तराईमा पसेर गरेको चुनाव प्रचार, राष्ट्रिय प्रजातन्त्र पार्टीका सयौं कार्यकर्तालाई लगाइएका सार्वजनिक मुद्दाहरू र एमाले सरकारको गठन पश्चात नेपालगञ्जमा भएको दंगा र सरकारको व्यवहारमा आएको परिवर्तनलाई उल्लेख गरेको छ।

सन् १९९५ को वर्ष पुस्तकमा नेकपा (एमाले) को सरकार र शेरबहादुर देउवाको नेतृत्वमा बनेको संयुक्त सरकारका बेला भएका घटनाहरू उल्लेख छन्। यस वर्ष पुस्तकमा जेलमा बन्दीहरूको संख्या कम भएको, उदयपुरमा गोलीकाण्ड भएको, जेलभित्रै गर्भवती भएर बन्दीले बच्चा जन्माएको जस्ता घटना एमाले सरकारको कार्यकालमा भएका थिए भने संयुक्त सरकारको गठनपछि मानवअधिकार उल्लंघनको प्रवृत्ति बढेको उल्लेख छ। वर्ष पुस्तकले मानवअधिकार उल्लंघनका घटनाबाट एमाले सरकारको कालमा १ सय ३७ जना पीडित भएको र संयुक्त सरकारले सत्ता सम्हालेपछि रोल्पा लगायतका ठाउँमा भएका घटनामा २ सय ५० जना नागरिक पीडित भएको उल्लेख गरेको छ।

उल्लेखित घटनाहरू बाहेक नेपाल सरकारले मानवअधिकारसंग सम्बन्धित महासन्धि, प्रोटोकल आदिको समर्थन गरे पनि त्यसलाई इमान्दारिपूर्वक पालन नगरेको तत्थ्यतर्फ ध्यानाकर्षण गराएको छ। संसदमा प्रधान न्यायाधीश विरूद्ध ल्याएको महाभियोग प्रस्तावको विफलता, संसदभित्र भएका कुटपिट पनि यस खण्डमा समेटिएका छन्। वर्ष

पुस्तकले सन् १९९२ देखि १९९५ सम्म लगातार एकै प्रकृतिका घटनाहरू सरकारको तर्फबाट दोहोरिएको तस्वीर पेश गरेको छ। यसले सरकारहरू बदलिने र सत्तारूढ पार्टीहरू बदलिने प्रक्रिया तीव्र भए पनि मानवअधिकारको संरक्षणमा सरकारी निकाय संलग्न नभएको तथ्यलाई औंल्याउँदा सन् १९९५ पछि स्थिति झन गम्भीर भएको छ र मानवअधिकार उल्लंघनका घटनाहरू झन्-झन् बढिरहेका छन् भन्ने कुरा प्रष्ट पारेको छ।

(ङ) विविध

आजसम्म प्रकाशित भएका ४ वटा वर्ष पुस्तकहरूले यस खण्डमा केही अतिरिक्त सामग्रीहरू पनि प्रकाशित गरेका छन्। सन् १९९२ को पहिलो वर्ष पुस्तकले यस खण्डमा नेपालको सामान्य परिचय शीर्षकमा केही महत्वपूर्ण जानकारी प्रकाशित गरेको छ, तर त्यसपछिका वर्ष पुस्तकहरूमा त्यो उल्लेख छैन। त्यसैगरी सन् १९९२ मा यस खण्डमा नेपाल अधिराज्यको संविधान, मानवअधिकार सम्बन्धी दस्तावेजहरू, नेपालमा क्रियाशील मानवअधिकारवादी संघ संस्थाहरू बाहेक "नेपालमा राजनीतिक तथा सामाजिक विकास" शीर्षकमा जानकारीमूलक लेख पनि छापेको छ। यसैगरी सन् १९९३ को वर्ष पुस्तकमा ०१७ सालसम्मको मानवअधिकार आन्दोलन तथा यस वर्षको राजनैतिक र संवैधानिक विकासलाई केलाइएको छ। सन् १९९३ मा प्रकाशित "नेपालमा मानवअधिकार आन्दोलन" शीर्षकको लेखलाई सन् १९९४ को वर्ष पुस्तकमा निरन्तरता दिइएको छ। सन् १९९३ मा ०१७ सालसम्मको र सन् १९९४ मा ०१८ देखि ०४८ सालसम्मको मानवअधिकार आन्दोलनको इतिहास प्रकाशित छ। त्यसपछिका वर्षमा यी सबै कुरा छाडेर परिच्छेदको खण्डमा वर्षभरिका गतिविधि झल्काउने माथि उल्लेखित शीर्षकहरूबाट सोझै विषयमा प्रवेश गरिएको छ, किनकी ०४८ पछिको स्थितिबारे वर्ष पुस्तकको निरन्तर प्रकाशनले प्रकाश पार्ने गरेकै छ।

वर्ष पुस्तकको परिच्छेद खण्डमा समेटिएका कुरा जानकारीमूलक र पढ्नु पर्ने खालका छन्, तर वर्ष पुस्तक निकाल्दा परिच्छेदको क्रमसंख्या निरन्तर तलमाथि पर्ने, वर्ष पुस्तकसंग सोझै सरोकार राख्ने बाहेकका विषयहरू पनि समावेश गर्ने र तिनको औचित्य दर्शाउने कुरा उल्लेख नगर्ने गरिएका कारण वर्ष पुस्तकमा मूल्यांकन, अनुगमन र विश्लेषण भन्दा जानकारीहरूको वर्णन बढी पाइन्छ। बढीभन्दा बढी जानकारी हुनु तर जानकारी अनुसारको विश्लेषण यथेष्ट हुन नसक्नु जस्ता कुराहरू पनि यस खण्डको अध्ययन गर्दा स्पष्टै अनुभव हुन्छ।

मूलखण्ड र वर्षको उल्लेख्य विषय

वर्ष पुस्तकको अघोषित दोस्रो खण्ड अथवा जिल्ला-जिल्लामा भएका मानवअधिकार उल्लंघनका तथ्यांकहरू प्रस्तुत गरिएको खण्डलाई वर्ष पुस्तकको विशिष्ट सामाग्री भन्न सकिन्छ। सन् १९९२ को वर्ष पुस्तक बाहेक अरू वर्ष पुस्तकहरूमा यस खण्डको सार र विवरण गरेर यस खण्डको तयारी तथा संयोजन गर्ने गरिएको पाइन्छ। सन् १९९३ देखि वर्ष पुस्तकमा मानवअधिकार स्थितिको समग्र मूल्यांकन, संवेदनशील र गम्भीर घटनाहरूको विवरण र १९९२ देखि नै संलग्न वर्ष भरी भएका उल्लंघनका घटनाहरूमा आधारित पात्रो यस खण्डका विशेष सामाग्री हुन्।

प्रत्येक जिल्लामा भएका मानवअधिकारसंग सम्बन्धित घटनाहरूलाई प्रस्तुत गर्न सन् १९९२ देखि नै वर्ष पुस्तकले एउटा विशिष्ट ढाँचा वा शैली तयार पारेको छ। यस ढाँचामा सर्वप्रथम सम्मानित रूपले बाँच्न पाउने अधिकार तथा त्यो अधिकारसंग सम्बन्धित विषयहरूलाई उप-शीर्षक बनाएर प्रस्तुत गर्ने गरेको छ। यस्ता उपशीर्षकहरूको रूपमा वर्ष पुस्तकले तयार गरेको ढाँचामा हत्या / गोली काण्ड, जेल, यातना, गिरफ्तारी पर्दछन्। त्यसैगरी मौलिक अधिकारको स्थिति दर्शाउन अभिव्यक्ति स्वतन्त्रता, भेला तथा संगठित हुने अधिकार, धार्मिक स्वतन्त्रता, राजनैतिक स्वतन्त्रता, सुगम र निष्पक्ष न्यायिक अधिकार जस्ता उपशीर्षकहरूमा स्थितिलाई बिम्बित गर्ने गरिएको छ भने वर्ष पुस्तकले भूमिहीन तथा सुकुम्बासी र महिला अधिकारको अनुगमन गर्न पनि उपशीर्षकहरू चयन गरेको छ।

सन् १९९२ मा तयार गरिएको यी शीर्षकहरूको उपशीर्षक र शीर्षक संख्या सन् १९९५ सम्ममा पटक-पटक परिमार्जन र थपथाप गरिएको पनि छ। यसरी थपिएका उपशीर्षकहरूमा बाँच्न पाउने अधिकार अन्तर्गत बेपत्ता पारिएका घटना, धम्की / कुटपिट आदि उपशीर्षक पर्दछन् भने शुरूमा महिला अधिकार अनुगमन गर्न महिलाहरूको किनबेच र बलात्कार तथा जारी, वहुविवाह, देउकी, वादी प्रथा मात्रका उपशीर्षक राखिएकोमा सन् १९९५ मा महिला किनबेच, बलात्कार, एड्स पीडित, महिला भएकै कारणले दिइने यातना, जारी, वहुविवाह, देउकी, देहव्यापार, गर्भपतन आदि उपशीर्षकहरू राख्ने गरेको छ। यस्तो परिमार्जन अरू शीर्षकहरूमा पनि गरिएको छ।

वर्ष पुस्तकको यो मूल खण्डमा जिल्लामा भएका प्रायः सबै घटनाहरूको एकसरो विवरण दिने गरिएकाले कुन चाहिं साधारण र कुन चाहिं गम्भीर खालको उल्लंघन भन्ने कुरा जिल्लाको "प्रोफाइल" पढ्दा पाठकले आफै ठम्याउनु पर्ने हुन्छ। मानवअधिकारको उल्लंघन गर्ने गरी गिरफ्तारी वा अन्य यस्तै प्रशासनिक कार्वाही भएकोमा तिनको पनि अभिलेख राखिएको छ।

यस खण्डलाई सजिलै बुझाउन मानवअधिकार उल्लंघन पात्रो पनि सन् १९९२ देखि नै तयार पारेर पुस्तकमा समावेश गर्ने गरिएको छ, जसले वर्ष भरिका उल्लंघनका घटनाहरूको समग्र तस्वीर प्रस्तुत गर्दछ। यस पात्रोको आधारमा हेर्ने हो भने वर्षैपिच्छे मानवअधिकार उल्लंघनका घटनाहरूमा क्रमशः बृद्धि भैरहेको तथ्य देखा पर्दछ। सन् १९९२ को पात्रो अनुसार, त्यस वर्ष वर्षका ३६६ दिनमध्ये २

सय ९दिन मानवअधिकार उल्लंघनका घटना भए। सन् १९९२ मा २०९ दिनमा ३६३ वटा मानवअधिकारको उल्लंघनका घटनाहरू भएका थिए। सन् १९९३ मा उल्लंघनको संख्या र दिन दुवै बढेको वर्ष पुस्तकले देखाउँछ। वर्षका ३ सय ६५ दिन मध्ये ३१७ दिनमा सन् १९९३ मा १०३३ उल्लंघनका घटनाहरू भएका थिए। सन् १९९४ र ९५ मा पनि उल्लंघनको संख्या र दिन निरन्तर बढिरहेको तथ्यांक वर्ष पुस्तकले देखाउँछ। सन् १९९४ मा वर्षका ३६५ मध्ये ३४७ दिन उल्लंघनका घटना भए। सन् १९९३ मा भएका उल्लंघनको संख्या १०३३ बाट बढेर सन् १९९४ मा १३९१ पुग्यो भने १९९५ मा उल्लंघन भएको दिन अघिल्लो वर्षभन्दा बढी ३५५ र उल्लंघनको संख्या १४५७ पुगेको तथ्य वर्ष पुस्तकले देखाउँछ।

वर्ष पुस्तकमा वर्षेपिच्छे तयार पार्ने गरिएको मानवअधिकार उल्लंघन पात्रोको आधारमा हेर्दा नेपालमा मानवअधिकार उल्लंघन गर्ने प्रवृत्ति लगातार बढिरहेको देखिन्छ। यसरी उल्लंघनका घटनाहरूको संख्या बृद्धि हुनुको पछाडि सरकारको गतिविधि प्रमुख रूपले जिम्मेवार छ। खासगरी, मानवअधिकार उल्लंघन हुँदा उल्लंघनकारीहरूलाई कार्वाही नगर्ने र कतिपय अवस्थामा संरक्षण नै प्रदान गर्ने गरिएकाले पनि यस्ता घटनाहरू बढ्दै गएका हुन्। वर्ष पुस्तकले स्थितिमा सुधार ल्याउन वर्षेपिच्छे सुझाव र सल्लाह पनि प्रस्तुत गर्ने गरेको छ। तर ती सुझावहरूतर्फ सरकार र सम्बन्धित निकायहरूको ध्यान गम्भीरताका साथ आकर्षिक भएको छ भनेर पत्याउनु पर्ने संकेतहरू देखिदैनन्। त्यसैले, उल्लंघनको प्रवृत्ति वर्षेपिच्छे बढ्दैछ।

अनुसूचीमा राख्ने गरिएको भए पनि सन् १९९३ देखि वर्ष पुस्तकले एउटा विषयलाई विशेष महत्वका साथ प्रस्तुत गर्ने गरेको छ। आजसम्म छानिएका यस्ता उल्लेख्य विषयहरू छुट्याउँदा सामाजिक, राजनीतिक, आर्थिक विषयहरूले वर्ष पुस्तकमा प्राथमिकता पाएका छन्।

सन् १९९३ को वर्ष पुस्तकमा मानवअधिकार सम्बन्धी वर्षको उल्लेख्य विषय भनेर "नेपालमा जातीय छुवाछूत" लाई लिइएको छ। यस वर्ष छानिएको उल्लेख्य विषय प्रस्तुत गर्दा त्यो विषयको ऐतिहासिक पृष्ठभूमि, वर्तमान अवस्था र विषयसंग सम्बन्धित सम्पूर्ण कुराहरू जानकारी दिने प्रयास गरिएको छ। सामाग्री प्रस्तुत गर्दा वर्तमान अवस्थाको बयान विस्तृत रूपमा गरिएको छ भने समस्या समाधान गर्नका लागि स्पष्ट रूपले तत्कालीन र दीर्घकालीन दृष्टिकोण तथा कार्यक्रमहरू चाहिं यथेष्ट तवरले प्रस्तुत गर्न सकिएको छैन। सामाजिक समस्याको छिटो-मिठो समाधान नहुने भएकाले पनि त्यसो भएको हो। प्रस्तुत विषयमा वर्ष पुस्तकले छानेको विषय पढिसक्दा दृष्टिकोण निर्माण गर्न चाहिं सहयोग पुग्ने स्पष्ट छ। वर्ष पुस्तकमा उल्लेख्य भनेर प्रस्तुत गरिएको यो समस्या हाम्रो समाजमा आज पनि विद्यमान छ। त्यसैले, नीति-निर्माण गर्ने तहमा बसेका मानिस र यस विषयमा शोध गर्न चाहनेहरूका लागि प्रस्तुत सामाग्री महत्वपूर्ण साबित हुनेछ।

सन् १९९४ को वर्ष पुस्तकले उल्लेख्य विषय भनेर यस वर्ष "प्रतिनिधि सभा विघटन र मध्यावधि निर्वाचन" लाई छानेको छ भने वर्षको प्रमुख घटना भनेर "नेपालमा भारतीय अतिक्रमण" लाई उल्लेख गरेको छ। वर्षको उल्लेख्य "प्रतिनिधिसभा विघटन र मध्यावधि निर्वाचन" प्रस्तुत गर्दा प्रतिनिधि सभा विघटनको पृष्ठभूमि, विघटनपछि उत्पन्न भएको राजनीतिक विवाद, सर्वोच्च अदालतले विघटनको मुद्दामा गरेको फैसला, फैसलापछि राजनीतिक क्षेत्रमा भएको वाद-विवाद, त्यसपछि भएको मध्यावधि निर्वाचन, निर्वाचन अवधिमा उठेका मुद्दाहरू, राजनीतिक दलहरू बीचको प्रतिस्पर्धा, निर्वाचनमा जनसहभागिता, महिला उम्मेदवारी आदि विषयहरू केलाइएका छन्। नेपालको राजनीतिक इतिहासमा चासो राख्नेहरूका लागि वर्ष पुस्तकले प्रस्तुत गरेको विषय कामलाग्दो र जानकारीमूलक छ। पहिलोपल्ट भएको प्रजातान्त्रिक पद्धतिको निर्वाचन, बहुमत प्राप्त पार्टीको सरकारको पतन र प्रतिनिधिसभाको विघटनबाट नेपालका राजनीतिक दलहरूले सिक्न सक्ने कुराहरू दर्शाउन उल्लेख्य ठानिएको यस विषयमा नेपालका राजनीतिक पार्टीहरूले चाहिं यथेष्ट ध्यान दिएका छैनन। त्यसैले, मध्यावधि निर्वाचनबाट बनेको प्रतिनिधि सभा एकपल्ट विघटन भएर अदालतद्वारा फेरी पुनर्स्थापित भएको छ भने फेरी कहिले विघटन हुने हो, भन्न नसकिने अवस्था छ। यस परिस्थितिमा सन् १९९४ मा वर्ष पुस्तकमा चयन गरिएको वर्षको उल्लेख्य विषयमा राजनीतिक दलहरूले घोत्लिनु पर्ने स्थिति हाल पनि विद्यमान देखिन्छ।

सन् १९९५ को वर्ष पुस्तकले प्रजातन्त्र स्थापना र पुनर्स्थापनाको लागि भएका संघर्षहरूमा शहादत प्राप्त गरेका "शहीद र शहीदका परिवार" लाई वर्षको उल्लेख्य विषय बनाएको छ। विषयको गम्भीरता र महत्वका दृष्टिले हेर्ने हो भने यसलाई अनुसूचीमा राख्नुको साटो विशेष खण्डको रूपमा राख्नु उपयुक्त हुने थियो होला। साथै, वर्ष पुस्तकले पहिलो पुस्तकमा नै यस विषयलाई टिपेको भए उपयुक्त हुने थियो भन्ने जो कसैलाई लाग्छ।

"शहीद र शहीदका परिवार" शीर्षकलाई उल्लेख्य विषय बनाउँदै वर्ष पुस्तकले शहीदका सन्दर्भमा उल्लेख गरेको एउटा वाक्य आजको स्थिति छर्लङ्ग पार्न पर्याप्त छ- "... ज्यूँदो जाग्दो दुर्भाग्य के हो भने देश र जनताको निम्ति हाँसी-हाँसी जीवन उत्सर्ग गर्ने ती अमर शहीदहरूको यथार्थ अभिलेख यो मुलुकको कुनै निकायसंग छैन।"

यस विषयलाई वर्ष पुस्तकले विभिन्न उपशीर्षकहरूमा विभाजन गरेर स्थितिको चित्रण गरेको छ। परिभाषा र पृष्ठभूमि, एकीकरण अभियान र इतिहासमा पुरिएका शहीदहरू, राष्ट्रिय स्वतन्त्रताका निम्ति बलिदान भएका शहीदहरू, राणा विरोधी आन्दोलन र वीर शहीदहरू, पंचायती निरंकुशताका ३० वर्ष र शहीदहरूको पंक्ति, जनकपुरको बम काण्ड, ०१८ सालको सशस्त्र संघर्ष, ०२८ सालको झापा संघर्ष, ०२९ सालको जदुकोहा घटना, ०३१

सालको नरुखु हत्या काण्ड, ०३१ सालको ओखलढुंगा काण्ड, ०३६ सालको छिन्ताङ हत्या काण्ड, ०३६ साल र सुर्खेतको हत्या काण्ड, ०४० सालको पिस्कर गोली काण्डका शहीदहरू, ०४२ सालको वम काण्ड र अमानुषिक यातना, ०४६ सालको जनआन्दोलन र शहीदहरूको पंक्ति, प्रातन्त्रको पुनर्स्थापना पछि मारिएका व्यक्तिहरू, शहीदका परिवारको वर्तमान स्थिति जस्ता उपशीर्षक राखेर यस विषयलाई केलाइएको छ।

उल्लेखित उपशीर्षकहरूमा प्रस्तुत गरिएका सामाग्रीले नेपाल बन्ने प्रक्रियादेखि राज्य सत्ताको विरूद्ध जनताले चलाएको संघर्ष, प्रजातान्त्रिक शासन व्यवस्था स्थापना गर्ने उद्देश्यले संचालन भएका संघर्षहरू, राज्यसत्ता विरूद्ध भएका स्वतस्फूर्त विद्रोहहरू तथा शान्तिपूर्ण विरोध प्रदर्शनको सिलसिलामा मारिएका व्यक्तिहरूको विषयमा घटनाहरूको सर्सर्ती विश्लेषण गर्दै संघर्ष र आन्दोलनका क्रममा मरेका मानिसको नाम समेत उल्लेख गरेको छ। नेपालका कुनै पनि निकायसंग शहीदहरूको यथार्थ अभिलेख नभएको अवस्थामा शहीदका परिवारको स्थिति प्रस्तुत गर्ने सिलसिलामा वर्ष पुस्तकले ०४८ सालको कर्मचारी आन्दोलनसम्म प्रहरीको गोलीबाट मारिएका १५३ जना शहीदको नामावली प्रकाशित गरेको छ। कसलाई शहीद मान्ने र कसलाई नमान्ने भन्ने सामान्य छलफल समेत हुन नसकी राखेको वर्तमान अवस्थामा वर्ष पुस्तकले प्रकाशित गरेका नामहरूमा विवाद हुन संभावना प्रशस्त छ। तर, यस अगाडि शहीदहरूका विषयमा र शहीदका परिवारको विषयमा यति खोज खबर पनि नभएकाले वर्ष पुस्तकले तयार पारेको सूची यथार्थ अभिलेख बनाउने आधार हुन सक्ने खालको छ।

शहीदका परिवारको स्थिति दर्शाउन तयार गरेको चार्ट (विवरण) मा शहीदको नाम, जन्ममिति, स्थान, संक्षिप्त घटना र मिति, शहीदका परिवारको वर्तमान स्थिति (परिवारको बनोट), आर्थिक स्थिति र सरकारबाट प्राप्त आर्थिक सहयोग जस्ता कुराहरू उल्लेख गरिएका छन्। यसरी तयार गरिएको विवरणमा "स्थान" ले शहादत प्राप्त गरेको स्थानलाई जनाएकोमा त्यो प्रष्ट छैन र धेरै शहीदको जन्ममिति र पारिवारिक स्थिति स्पष्ट नभएको देखिन्छ भन्ने गुनासो प्राप्त भएका छन्। वर्ष पुस्तक तयार पार्ने सिलसिलामा तथ्यहरू नभेटिएका कारणले यस्तो भएको छ। साथै यो विषयमा अनुसन्धान तथा खोज गर्नेहरूका लागि धेरै काम गर्न बाँकी छ भन्ने कुरा पनि विवरणमा छाडिएका खाली कोठाहरूले बताउँछन्। विवरणपछि शहीद र शहीदका परिवारको तस्वीर पनि प्रकाशित गरिएको छ।

सन् १९९५ को वर्ष पुस्तकमा समावेश गरिएको यस सामाग्रीले नेपालका राजनीतिक दलहरूलाई यस दिशामा काम गर्न घच्घच्याउनु पर्ने हो, तर कांग्रेस पार्टी सत्तामा पुग्दा कम्युनिष्ट आन्दोलनमा लागेर शहीद भएकाहरूलाई वेवास्ता गर्ने र वामपन्थी दल सत्तामा पुग्दा कांग्रेस पार्टीमा लागर आन्दोलनमा मरेका मानिसहरूलाई भेदभाव गर्ने प्रवृत्ति कायमै छ। अहिले, शहीद बनाउने तत्कालीन शासकहरू र शहीद हुने मानिसका साथी संगीहरू मिलेर बनेको सरकारले अब के गर्छ, त्यो हेर्न बाँकी नै छ।

वर्षको प्रमुख घटना भनेर वर्ष पुस्तकले समावेश गरेको अनुसूची खण्डको सामाग्रीलाई पनि पुस्तकको मूल खण्ड भन्न सकिन्छ। सन् १९९२ को वर्ष पुस्तकमा वर्षको प्रमुख घटना भनेर कुनै विषयलाई टिपिएको छैन, तर सन् १९९३ देखि १९९५ सम्मका वर्ष पुस्तकमा वर्षको उल्लेख्य विषय प्रस्तुत गरिसकेपछि त्यसको लगत्तै पछाडि यस वर्षको प्रमुख घटना भनेर मानवअधिकारसंग जोडिएको कुनै न कुनै महत्वपूर्ण घटनालाई विश्लेषण गरिएको छ।

सन् १९९३ को वर्ष पुस्तकले वर्षको प्रमुख घटनाका रूपमा "दासढुंगा दुर्घटना" लाई टिपेको छ र दासढुंगामा भएको रहस्यमय दुर्घटनापछि मुलुकको राजनीतिमा उठेका लहर, त्यसपछि भएका आन्दोलन, जाँचबुझ आयोगहरूले तयार गरेका प्रतिवेदनहरू र ती प्रतिवेदनमा अनुत्तरित छाडिएका प्रश्नहरू र अझैसम्म रहस्यमय ठहरिएका तथ्यहरू तथा दासढुंगा जीप दुर्घटनाको शिकार भएका नेकपा (एमाले) का तत्कालीन महासचिव मदन भण्डारी र संगठन विभागप्रमुख जीवनराज आश्रितको जीवनका उतार चढावहरूको सर्सर्ती विवरण दिएको छ।

यसैगरी सन्१९९४को प्रमुख घटनाका रूपमा वर्ष पुस्तकले "नेपालमा भारतीय अतिक्रमण" लाई छानेको छ। सन् १९९४ मा नेपालको राजधानी काठमडौंको वानेश्वरमा भारतीय प्रहरीले छापा मारेपछि त्यस वर्ष भरि यो तात्तातो विषय बनेको थियो। वर्ष पुस्तकले सन्१९९४ को अतिक्रमणको घटनालाई विश्लेषण गर्ने सिलसिलामा नेपाल-भारतको भौगोलिक अवस्था, इतिहासमा भएका अतिक्रमणका घटनाहरू, २००७ सालको क्रान्तिमा भारतको समर्थन र त्यसपछि नेपाली भूमिमा भाएको भारतीय अतिक्रमण, पंचायती शासनकालमा भएको भारतीय अतिक्रमण, नेपाल-भारत बीच व्यापार तथा पारवहनको प्रसंगमा भएको अतिक्रमण, नेपाल भारत बीचको विशेष सम्बन्धले उब्जाएको शंका, सन् १९९४ र अतिक्रमणको श्रृङ्खला तथा निष्कर्ष जस्ता उपशीर्षकहरू दिएको छ। वर्षको प्रमुख घटनालाई प्रस्तुत गर्न प्रयोग गरिएका नेपाल-भारत सम्बन्धका ऐतिहासिक घटनाक्रमहरूले दुई देशबीचका सम्बन्धको निकटता र शक्तिशाली भारतीय पक्षबाट गरिएको अतिक्रमणलाई बुझ्न र विश्लेषण गर्न सजिलो पारेको छ।

वर्ष १९९५ को वर्ष पुस्तकले सन् १९९५ को प्रमुख घटना भनेर "अरूण तेस्रो जलविद्युत आयोजना र विश्व बैंक" लाई छानेको छ र अरूण तेस्रो जलविद्युत आयोजना सम्बन्धी नेपालमा भएका छलफल, वादविवाद तथा वातावरणीय पक्षको विषयमा विश्लेषण र मूल्यांकन गरेको छ। उल्लेखित वर्षका प्रमुख घटनाहरूको शीर्षक हेर्दा वर्ष पुस्तकले नेपालमा विवादास्पद ठहरिएका घटनाहरूलाई चयन गरेको देखिन्छ। ३ वटा प्रमुख घटना मध्ये दुईटा घटना राजनीतिसंग सोझै सरोकार राख्ने खालका र एउटा घटना विकाससंग जोडिएको देखिन्छ।

अनुसूची अथवा पुरक खण्ड

वर्ष पुस्तकमा उल्लेख गरिएका विषयहरूमध्ये अधिकांशलाई अनुसूचीमै राखिएको भए पनि र कहिले परिच्छेद, कहिले अनुसूची अन्तर्गत एकै खालका विषयहरूलाई प्रस्तुत गरिएको भए पनि अनुसूचीमा राखिएका र वर्षेपिच्छे अनुगमन गरिएका तथा एक वर्ष उल्लेख गरेर अर्को वर्षदेखि उल्लेख गर्न छाडिएका विषयहरूलाई पुरक खण्ड मान्न सकिन्छ। यस खण्डमा प्रकाशित गरिएका केही सामाग्रीहरू हरेक वर्ष अनुगमन गर्ने गरिएको छ भने केही विषयहरू एक वर्ष उठाएर छाडि अर्को वर्ष अरू नै विषयलाई प्रस्तुत गरिएको छ। बढीभन्दा बढी विषयलाई सान्दर्भिकताको आधारमा समेट्ने प्रयास गर्दा यस्तो हुन गएको छ।

वर्षमा एकपटक उठाएर छाडिएका र अनुसूची वा पुरक खण्डमा समावेश गरिएका विषयहरूमा कर्मचारी संघर्ष र मानवअधिकार (१९९२), नेपालमा विद्यालय शिक्षकहरू र मानवअधिकार, ट्रेड युनियन आन्दोलन र मानवअधिकार तथा नेपालमा विस्थापनको समस्या : केही उदाहरणहरू (सन् १९९३), नेपालमा किसान आन्दोलन तथा नेपालको सन्दर्भमा मानवअधिकार आयोग : अवधारणा र औचित्य (सन् १९९५) छन् भने सन् १९९४ को अनुसूची खण्डमा यस्ता विषयमा कुनै विषय टिपिएको देखिन्न र सन् १९९२ देखि नियमित रूपले अनुगमन गरिएका कतिपय विषय यातना, वालअधिकार समेतलाई छाडिएको छ।

अनुसूचीमा उल्लेखित विषयहरू वर्षभरि देशमा भएका गतिविधि, आन्दोलन र विवादबाट टिपिन्छन् भन्ने कुरा अनुसूचीका शीर्षकहरू पढ्दा जो सुकैले सजिलै अनुमान गर्न सक्दछ। सन् १९९२ मा कर्मचारी आन्दोलन विषय प्रस्तुत गर्दा देशमा कर्मचारीहरूको आन्दोलन भर्खर सकिएको थियो। तर विषयलाई प्रस्तुत गर्दा वर्ष पुस्तकले आन्दोलनताका भएको गिरफ्तारी, विना पूर्जीको पक्राउ, कर्मचारी हक, कर्मचारीको सरुवा, बढुवा र निलम्बन तथा कर्मचारीले राखेका मागहरूलाई केलाएको छ।

सन् १९९३ को वर्ष पुस्तकको अनुसूचीमा समावेश गरिएका ३ वटै विषयलाई वर्ष पुस्तकमा गम्भीरताका साथ प्रस्तुत गरिएको छ। यस वर्षको अनुसूचीमा राखिएका विषयहरूले प्रस्तुत विषयको साङ्गोपाङ्ग विश्लेषण गरेका छन्। शिक्षक आन्दोलन सम्बन्धी सामाग्रीलाई प्रष्ट पार्न आन्दोलनको इतिहास, शिक्षकहरूका समस्या र आस्थासंग सम्बन्धित प्रश्नहरू तथा शिक्षक समस्यासंग सम्बन्धित अनुत्तरित प्रश्नहरू समावेश गरेर बिगत, वर्तमान र भविष्य जस्ता कुरा उठाइएका छन्। ट्रेड युनियन आन्दोलन र मानवअधिकार विशिष्ट रूपले संयोजन र विश्लेषण गरिएको अनुसूची हो। नेपालका मजदूरहरूको आन्दोलनलाई नजिकबाट बुझ्न र विश्लेषण गर्न यो सामाग्री सधै नै उपयोगी ठहरिने खालको छ भने विस्थापनको विषयलाई पनि नेपालको सन्दर्भमा विभिन्न घटना, प्रवृत्ति र उदाहरणबाट केलाइएको छ।

पुरक खण्डमा सन् १९९४ को वर्ष पुस्तकले कुनै विषयलाई ठाउँ दिएको देखिन्न, तर सन् १९९५ को वर्ष पुस्तकमा २ वटा महत्वपूर्ण सामाग्रीहरू समावेश गरिएका छन्। नेपालमा किसान आन्दोलन शीर्षकको अनुसूचीले नेपालमा किसानहरूको अवस्थालाई भन्दा पनि बढी आन्दोलनका विभिन्न पक्षहरूलाई केलाएको छ। यस विषयलाई नेपालको राजनीतिसंग प्रत्यक्ष-अप्रत्यक्ष रूपले जोडेर विश्लेषण गरिएको छ र विश्लेषण गर्ने उप शीर्षकहरू छान्दा नेपालको राजनीतिका उतार चढावलाई विम्वित गर्ने वर्षहरू छानिएको छ। ००७ साल अगाडि भएका आन्दोलन, ००७ सालको क्रान्ति र त्यसले ल्याएको जागरणबाट प्रभावित भएर गरिएका किसान आन्दोलन तथा ०१७ सालपछि भएका आन्दोलनहरूको विश्लेषण गर्ने सिलसिलामा भविष्यको आन्दोलनका स्वरूप र संभावनाहरूलाई यस अनुसूचीमा केलाइएको छ।

"नेपालको सन्दर्भमा मानवअधिकार आयोग : अवधारणा र औचित्य" शीर्षकको अर्को विषय सन् १९९० मा सफल भएको जनआन्दोलन पछि निरन्तर उठिराखेको माग पनि हो। नेपालमा मानवअधिकारको उल्लंघन गर्ने प्रवृत्ति जे जसरी बढ्दै छ- त्यस सन्दर्भमा हेर्दा मानवअधिकार आयोगको आवश्यकतालाई न्यायपालिका र संसदले समेत आवश्यक ठानेको कुरा यस अगाडि नै उल्लेख गरिएको छ। यस विषयको प्रकाशनपछि हाल संसदले मानवअधिकार आयोग गठन गर्ने विधेयक त पास गरेको छ, तर मानवअधिकार आयोग गठन गर्ने प्रक्रिया भने प्रारम्भ भएको छैन।

वर्ष पुस्तकको पुरक खण्डमा वर्षेनी अनुगमन गर्ने गरिएका विषयहरू कतिपय औपचारिक खालका देखिन्छन् भने केही विषयहरू मानवअधिकारसंग गम्भीर चासो र सरोकारका छन्। औपचारिकता पूरा गर्न वर्षेपिच्छे समावेश गरिएका विषयहरूमा मानवअधिकार उल्लंघन सम्बन्धी राजनीतिक दलहरूको धारणा, वर्ष पुस्तक तयारीका क्रममा भएका गतिविधि तथा वर्ष पुस्तक तयार गर्ने सिलसिलामा प्रयोग गरिएका चिठी पत्र र कागजातहरू पर्दछन्। यस्ता सामाग्री समावेश गर्दा वर्ष पुस्तकको आधिकारिकता, औचित्य र उपयोगिताको महत्व र औचित्य बढ्दछ। यी शीर्षकहरूमा धेरै पृष्ठहरू खर्च गरिएको छैन।

सन् १९९२ देखि वर्षेनी अनुगमन गरिंदै आएका तर अनुसूचीहरूमा निरन्तरता प्राप्त गर्न नसकेका मानवअधिकारसंग गम्भीर चासो र सरोकार भएका विषयहरूमा वालअधिकार, प्रहरी यातना, शरणार्थी समस्या, महिला अधिकार पर्दछन् भने यस अन्तर्गत बेला-बखत आदिवासी र बाँधा मजदूरको समस्यालाई पनि उल्लेख गरिएको छ।

यस खण्डको तयारी गर्दा सम्बन्धित क्षेत्रमा क्रियाशील रहेका संस्थाहरू तथा त्यस्ता संस्थामा क्रियाशील व्यक्तिहरूले सामाग्री तयार पार्ने गरेका छन्। त्यसैले,

सम्बन्धित विषयमा गरिएको विश्लेषण पनि अलि व्यापक र गम्भीर खालको देखिन्छ। तर यस पुरक खण्डमा समावेश गरिएका घटनाहरू चाहि वर्ष पुस्तकको मूल खण्डमा समावेश भैसकेका हुन्छन्। त्यसैले, अनुसूचीको पूरक खण्डमा अनुगमन गरिएका विषयहरूमा नयाँ जानकारी थोरै भए पनि त्यसलाई केलाउने, प्रस्तुत गर्ने तथा मूल्यांकन गर्ने तरिका अलि फरक, गम्भीर र केही विशिष्टीकृत भएको छ। यस खण्डमा समावेश गरिएका कुराहरू केलाउन थाल्दा यस अघि उल्लेख गरिएका कतिपय कुराहरू दोहोरिने भएकाले छुट्टै चर्चा गर्न आवश्यक नपर्ला। यति भएर पनि सम्बन्धित विषयमा गम्भीर विश्लेषण गर्ने, रूची लिने र चाख देखाउने मानिसले यी विषयहरू पढनु चाहिं आवश्यक नै छ।

सन् १९९२ र १९९३ को वर्ष पुस्तकमा समावेश नभएको तर १९९४ र १९९५ मा समावेश गरिएको यस पुरक खण्डको अर्को शीर्षक हो- क्रिया-प्रतिक्रिया। वर्ष पुस्तकको विषयमा गरिएका टिका-टिप्पणीहरू संकलन गरेर तयार पारिएको यस खण्डमा पत्रपत्रिकाले वर्ष पुस्तक बारे गरेका टिप्पणी, गोष्ठी, छलफलमा पुस्तकको विषयमा प्रकट गरिएका मन्तव्य र वर्ष पुस्तकको समीक्षा गोष्ठी पछि तयार पारिएका प्रतिवेदनका अंशहरू समेटिएका छन्। यी सबै पढ्दा वर्ष पुस्तकबारे विभिन्न कोणबाट प्रस्तुत गरिएका विचार र प्रतिक्रिया बुझ्न सकिन्छ।

वर्ष पुस्तकको १९९२ देखिको अंकहरूलाई अध्ययन गर्दा के कुरा स्पष्ट हुन्छ भने राजकीय, संगठित, सामाजिक वा व्यक्तिगत जुनसुकै कारणले भएको भएता पनि मानवअधिकार उल्लंघनका घटनालाई महत्वका साथ उठाउने गरिएको छ। वर्ष पुस्तकलाई जानकारीमूलक बनाउनका लागि मानवअधिकारसंग प्रत्यक्ष असम्बन्धित घटनाहरू पनि उल्लेख गर्ने गरिएको छ। तर त्यस्ता घटनाहरूलाई मानवअधिकार उल्लंघनको तथ्यांकमा समावेश गरिएको छैन भन्ने कुरा १९९३ देखि हरेक अंकको भूमिकामा उल्लेख गर्ने गरिएको छ।

अनियन्त्रित जंगली जनावरहरूको आक्रमणबाट बर्षेनी जनधनको नोक्सानी व्यहोरिरहेका ग्रामीण जनताको पीडा, सामाजिक, आर्थिक, अन्धविश्वासका कारण भएका आत्महत्या, बहुचर्चित दुर्घटनाहरूको छोटो विवरण, अतिरिक्त जानकारीको उपशीर्षक बनाएर जिल्ला पिच्छेको विवरणमा समावेश गरिएको छ। नेपाली गाउँले जनजीवनलाई रोचक र संग्रहणीय सामाग्रीको रूपमा वर्ष पुस्तक प्रस्तुत गरेर पढ्ने र विश्लेषण गर्ने बानी बसाल्ने उद्देश्यका साथ यस्तो गरिएको हो।

वर्ष पुस्तक १९९५ देखिको अंग्रेजी संस्करणमा जिल्लागत घटनाको विवरण हटाइएको छ। त्यसको सट्टा प्रतिनिधिमूलक घटनाहरूको मात्र विवरण दिई समस्त घटनाहरूको विस्तृत तथ्यांक प्रस्तुत गरिएको छ। मानवअधिकार वर्ष पुस्तक नेपालीहरूद्वारा नेपालीको आवश्यकतानुसार नेपालमै तयार गरिएको अभिलेख हो। सम्पन्न विदेशी मुलुकहरूका यस्ता प्रकाशनलाई अनुकरण गर्ने अर्थमा यो पुस्तकलाई लिइनु हुन्न। देशभरि छरिएर थलैमै गएर घटना संकलन गर्ने, मानवअधिकार उल्लंघन विरूद्ध आधारभूत तहका सोझा, निमुखा जनतालाई संगठित गर्ने अभियानमा कठिन परिस्थितिमा क्रियाशील कार्यकर्ताहरूले बटुलेका प्रत्यक्षः जानकारीहरूको यो दस्तावेज हो। करीब १ सय कार्यकर्ताहरू वर्षभरी २४ सै घण्टा चेतनशील ढंगले कार्यरत रहनुको निचोड यो वर्ष पुस्तक हो। तथापि प्रशासनको राजनीतिकरण, संचार जगतको पक्षपातपूर्ण रवैया र समाजका ठालुहरुको आतंकका कारण वर्ष पुस्तकले चाहे जति सम्पूर्णता पाउन सकेको छैन।

समग्रमा, वर्ष पुस्तकका ४ वटा ठेलीहरूले नेपालमा मानवअधिकारको स्थिति बुझ्न, बुझाउन, वस्तुस्थितिमा सुधार ल्याउन र यस क्षेत्रमा नगरी नहुने कामहरूको सूची बनाउन साधारणदेखि लिएर नीति-निर्माण गर्ने तहमा बसेका मानिसलाई समेत सहयोग पुऱ्याउन पर्याप्त विचार, दृष्टि र आधारहरू प्रदान गर्दछन् भन्ने हामीलाई लागेको छ। तर बितेका ४ वर्षमा वर्ष पुस्तकले उठाएका गम्भीर समस्याहरूतर्फ सरकार, संसद तथा सम्बद्ध अरू निकायहरूले यथेष्ट रूपमा चासो, तत्परता प्रकट गर्न सकेको चाहिं पाइएको छैन।

■

अनुसूची ५

केही महत्वपूर्ण सवालहरुको पाँच वर्षीय समीक्षा

अनुसूची ५ (क)

शैक्षिक आन्दोलन र मानवअधिकार (१९९१-१९९६)

मानवअधिकार र यसको उल्लंघनको बारेमा औंला ठड्याउने पहिलो वर्ग भनेको नै समाजको शिक्षित तथा जागरूक समुदाय हो। नेपालको प्रजातान्त्रिक आन्दोलन र मानवअधिकार आन्दोलन एवं शैक्षिक आन्दोलन अन्योन्याश्रित रूपमा गाँसिएको छ। राणाकालीन समयदेखि नै नेपालको शैक्षिक आन्दोलन मानवअधिकार आन्दोलनको सहयात्रीका रूपमा देखिएको छ। यससंग प्रत्यक्ष सम्बन्ध राख्ने प्राध्यापक, शिक्षक र प्राथमिक तहदेखि उच्च शिक्षासम्मका विद्यार्थीहरूले आ-आफ्नो क्षेत्रबाट महत्वपूर्ण योगदान गरेको तथ्य सबैका सामु स्पष्ट छ।

प्राध्यापक

मुलुकको प्राज्ञिक र बौद्धिक क्षेत्रको अगुवाई गर्ने प्राध्यापक समुदाय प्रजातन्त्र र मानवअधिकारको स्थापना र विकासमा अग्रीम पंक्तिमा रही आएका छन्। राणा कालमा त्रिचन्द्र कलेजमा प्राध्यापन गर्दाकै अवस्थामा आफ्नो नाजुक आर्थिक स्थितिका बावजुद महाकवि लक्ष्मी प्रसाद देवकोटा प्राध्यापन पेशा छोडेर प्रजातान्त्रिक आन्दोलनलाई सघाउन बनारस तर्फ लाग्नु भएको थियो। त्यहाँ पुगेर उहा "युगवाणी"को सम्पादन कार्यमा संलग्न हुनु भएको थियो। तर त्यस्तो एकाध उदाहरण बाहेक प्राध्यापकहरूले संगठित रूपमा आवाज उठाएको पाइदैन। राणाकालमा अभिजात्य खान्दानी परिवार वा दरवारसंग नजिक रहेका र भारतीय बंगाली बाबूहरूको प्राध्यापन पेशामा बढी संलग्नता थियो। त्यस कारण पनि राणा कालमा बौद्धिक रूपले सचेत र देश विदेशको शासन व्यवस्था, कानून संविधान, फ्रान्सको राज्यक्रान्ति, पेरिस कम्युनको स्थापना, वेलायतको राजनीतिक एवं संवैधानिक विकास र रूसको वोल्सेभिक क्रान्ति, चीनको लङ्मार्च र कम्युनिष्ट शासनको स्थापना, भारतको स्वराज आन्दोलन बारे पढ्ने, बुझ्ने र नजिकबाट अध्ययन गर्ने मौका पाउँदा पाउँदै पनि प्राध्यापकहरू शासन व्यवस्थाको विरूद्ध खुलेर विरोधमा उत्रिएको देखिएन। तर त्यति हुँदाहुँदै पनि नेपाल प्राध्यापक संघको स्थापनाको विजारोपण चाहिं राणाकालमै भएको हो।

२००८ सालमा मात्र आफूमाथि भएको भेदभाव र अन्यायका विरूद्ध प्राध्यापकहरूले सरकार समक्ष औपचारिक रूपमा विरोध जनाए। ०१७ साल पछि ०२३/२४ सालसम्म प्राध्यापकहरू निरंकुश पंचायत विरूद्ध उठ्दै थिए। तर पंचायतले घुसपैठ गराई प्राध्यापक संघलाई पंचायतमुखी बनाउन सफल भयो। त्यसपछि ०२६ सालसम्म प्राध्यापक संघ निर्जीव रह्यो। ०१९ सालमा औपचारिक रूपमा स्थापना गरिएको नेपाल प्राध्यापक संघले शुरूवातमै पेशागत हकहितको संरक्षण र सम्बर्द्धनका साथै राष्ट्रोन्नतिमा आवश्यक योगदान पुऱ्याउन प्रयत्नशील रहने उद्देश्य अघि सारेको थियो। तर निरंकुश कालमा प्राध्यापकहरू स्वयं किंकर्तव्यविमूढ भए। संघले ०३२ सालमा आफ्ना सदस्यहरूलाई सरकारले राजनीतिक पूर्वाग्रह राखी बर्खास्त गर्दा, विभिन्न नसिहत र अपमानजनक कार्वाही गर्दा पनि केही गर्न सकेन। जनमत संग्रहपछि प्रजातन्त्रवादी र प्रगतिशील प्राध्यापकहरूको संयुक्त पहलमा तदर्थ समिति निर्माण गरी ०३७ सालको निर्वाचनद्वारा वैधानिक नेतृत्व तयार गरियो। त्यसपछि संघ पुनर्जीवित भयो। पंचायती सत्ताको आँखाको कसिंगर भए पनि प्राध्यापकहरू संगठित रूपमा पेशागत हकहित, प्राज्ञिक स्वतन्त्रता र प्रजातान्त्रिक एवं मानवअधिकार आन्दोलनमा क्रियाशील भएर लाग्न थाले। पटक-पटक कालो पट्टि, पेन डाउन जस्ता दबाबमूलक कार्यक्रम संचालन गरी प्राध्यापकहरू आफ्नो अडानमा अबिचलित रहे।

०४६ साल फागुन ७ गते संयुक्त जनआन्दोलन विधिवत शुरू हुन अघि नै भूपति ढकाल, गेहेन्द्रेश्वर कोइराला र धर्मनाथ शाहलाई त्रि.वि.ले गैह्र कानूनी रूपमा अवकास दिई प्राज्ञिक समुदायलाई सत्ता दमनको निशाना बनायो। फागुन १५ गते क्याम्पसका कक्षा बहिष्कार गरी कीर्तिपुरमा व्यावसायिक ऐक्यबद्धता समूहसंगको संयुक्त रूमपा आयोजनाको गरिएको गोष्ठीमा प्रहरी हस्तक्षेप गरी कयौं प्राध्यापकहरूलाई हिरासतमा पुऱ्यायो। प्राध्यापकहरूले ठूलो संख्या उपस्थित भई चैत १५ गते त्रि.वि.का उपकुलपतिलाई घेराउ गरी प्रजातन्त्र विरोधी कामको सख्त विरोध जनाए। त्यसबेला नेपाल प्राध्यपाक संघ समन्वय समिति गठन गरी प्राध्यापकहरूले आफ्नो आन्दोलन अघि बढाएका थिए। त्यतिखेर नेपाल प्राध्यापक संघको औपचारिक नेतृत्व पंचायत पक्षीय प्राज्ञिक समूहको हातमा रहेको कारण प्राध्यपकहरूकै बहुदल प्रतिकार समितिको प्रतिरोधको समेत प्रजातन्त्रवादी एवं प्रगतिशील प्राध्यापकहरूले सामना गर्नु परेको थियो। यसैगरी ०४६फागुन १६ गते त्रिचन्द्र क्याम्पसको प्रांगणमा आयोजित प्राध्यापकहरूको भेलामा प्राध्यापक आनन्ददेव भट्टले पोखरामा महिला छात्रवास माथि प्रहरीले गरेको नृशंस कार्यको भण्डाफोर गर्दै प्रजातान्त्रिक आन्दोलनलाई अघि बढाउन आह्वान गर्नु

भएको थियो। प्राध्यापक वी.सी. मल्ल, मंगलसिद्धि मानन्धर आदिले त्यही सभा मार्फत प्राज्ञिक स्वतन्त्रता र परिवर्तनको गतिलाई कसैले पनि रोक्न नसक्ने चुनौति दिनु भएको थियो। त्रिचन्द्र परिसर भित्रको यस भेला र सभाले बौद्धिक समुदायलाई अझ अग्रसर तुल्याएको थियो। जनताको बलिदान र संघर्षमा प्राज्ञिक समुदायले पनि सँगै कदम बढाए। ०४६ सालको जनआन्दोलन सफल भयो।

प्राध्यापकहरूले सर्वप्रथम प्रजातन्त्र पुनर्स्थापना हुने बित्तिकै त्रिवि उपकुलपति हटाउने अभियान शुरू गरे। पंचायत कालमा प्राध्यापकहरूमाथि दमन गर्न सरकारी एजेन्टको रूपमा काम गर्ने कुनै पनि त्रि.वि. पदाधिकारीहरूले स्वेच्छाले पद छोड्नन्। त्यसै कारण प्राध्यापकहरूले अनशन बस्नु पर्‍यो। प्रजातन्त्रवादी र प्रगतिशील प्राध्यापकहरूको जमातले त्रि.वि.वि. र क्याम्पस प्रशासन जिम्मा लिए। तर त्यो हस्तान्तरण दिगो भने हुन सकेन।

संविधान निर्माणको क्रममा हुन लागेको षडयन्त्रको विरूद्ध सबै पेशागत संगठनहरूले चलाएको ऐक्यबद्धता आन्दोलनमा प्राध्यापकहरू पनि सामेल भए। अन्तरिम कालमा प्राध्यापकहरू प्राप्त प्रजातान्त्रिक उपलब्धीलाई सुदृढ गर्ने मै दत्तचित्त भए। ०४७ फागुन १० गते नेपाल प्राध्यापक संघको निर्वाचन भयो। प्राध्यापकहरूले चुनावलाई प्राज्ञिक स्वतन्त्रता, त्रि.वि.को स्वायत्तता र प्राध्यापकहरूको पेशागत हित, अधिकार र प्रतिष्ठाको प्रबर्द्धन गर्ने क्रममा एउटा आन्दोलनकै रूपमा उपयोग गरे। परिवर्तित परिस्थितिमा प्राज्ञिक समूहको दायित्व र दृष्टिकोण प्रष्ट पार्ने मौका मिल्यो। चुनावमा प्रजातन्त्रवादी समूह विजयी भयो।

०४८ सालमा नेपाली कांग्रेसको एकमना सरकार बन्यो। प्राध्यापकहरू पनि स्वभावतः विभाजित भए र त्यसै क्रममा प्रगतिशील प्राध्यापकहरूले सम्हालेका सबै पदबाट राजीनामा गरे। मुलुकको राजनीति २०४८ सालपछि पनि आरोह अवरोह हुँदै अघि बढिरहेकै छ। यस बीच सत्तारूढ दल र प्रतिपक्षबीच द्वन्द र टक्करको प्रभाव प्राध्यापकहरूमा पनि परिरहेको छ। २०४९ साल फागुनमा पुनः प्राध्यापक संघको चुनाव भयो। त्यसमा पनि प्रजातन्त्रवादी समूहले नै जित्यो। सदाझैं प्रगतिशील पक्षले त उम्मेद्वारी दियो नै पूर्व पंचहरूको समर्थन प्राप्त प्राज्ञिक समूहले पनि उम्मेदवारी दिँदै त्रिविविलाई प्राज्ञिक मर्यादा अनुरूप संचालन गर्न त्रिविवि पदाधिकारी समक्ष माग गर्‍यो। त्यसै क्रममा उपकुलपतिसंग समय लिएर भेट गर्न जाँदा पनि भेट नदिएकोमा प्रगतिशील समूहले विज्ञप्ति मार्फत विरोध जनायो।

२०५० पुसमा प्रगतिशील प्राध्यापकहरूको भेला आयोजना गरियो। भेलाले वृहद छलफल गरी त्रिविमा व्यापक रूपमा देखिएको शैक्षिक गुणस्तरको ह्रास, कांग्रेसीकरण, सत्तातावेदार र स्वेच्छाचारिता विरूद्ध उत्रने र शैक्षिक-प्रशिक्षण उन्नयनका लागि कटिवद्ध भएर लाग्ने निर्णय गर्‍यो। एकमना सरकारकै पालामा विशिष्ठ र प्रथम श्रेणी सरहका प्रशासनिक अधिकृतहरूलाई त्रिविविले अवकाश दियो। अन्य अधिकृत वा कर्मचारीहरूलाई पनि सरूवा गर्ने, काज खटाउने, दुःख दिने र राजीनामा गर्न वाध्य समेत पारिने गरेको देखियो। ०५१ मंसीर १४ गते नेकपा (एमाले) को अल्पमतको सरकारले सत्ता सम्हाल्यो।

२०५१ पुसमा नेपाल प्राध्यापक संघको दशौं राष्ट्रिय सम्मेलन सम्पन्न भयो। सम्मेलनमा संघको संरचना परिवर्तनको विषयमा बहस भयो। त्यस अघि २०४९ साल असोज १४ गते नेपाल लोक सेवा आयोगबाट नेपाली भाषा हटाइएको विरोधमा पद्मकन्या क्याम्पस नेपाली भाषा संरक्षण समन्वय समितिको आयोजनामा कालो दिवस मनाइयो। २०५१ चैतमा नेपाल प्राध्यापक संघले पत्रकार सम्मेलन गरी त्रिविविमा एमालेकरण गरिएको भन्दै विरोधमा आन्दोलनमा उत्रने जानकारी दियो। नेपाल प्राध्यापक संघका पदाधिकारीहरूले वरिष्ठ राजनीतिज्ञ गणेशमान सिंहलाई भेटी एमालेको सर्वसत्तावादी प्रवृति छाएको दावी गर्दै त्यसलाई खतम गर्न नेपाली कांग्रेसको नेतृत्व सम्हाल्न अनुरोध गरेको कुरा प्रकाशमा आयो। २०५२ असारमा पुगेपछि प्राध्यापक संघले त्रिविवि प्रशासन समक्ष पेश गरेको २५ सूत्रीय कार्यक्रम स्थगित गरेको संघद्वारा जानकारी गराइयो। यस अघि २०५२ बैशाखमा कृषि तथा पशु विज्ञान अध्ययन संस्थान क्याम्पस प्रशासनमा भ्रष्ट क्रियाकलाप र प्राध्यापक विरोधी रवैया देखा परेको आरोप लगाउँदै प्रजातन्त्रवादी प्राध्यापकहरूद्वारा विविध ८ सूत्रीय माग पत्र पेश गरिएको थियो। त्रिविविमा कार्यरत अस्थायी तथा करार सेवाका प्राध्यापकहरूको भेलाको निर्णय बमोजिम सेवाको सुरक्षाका निम्ति स्थायी गर्ने माग प्रधानमन्त्री लगायत सम्बन्धित निकायमा ज्ञापनपत्र मार्फत प्रस्तुत गरियो। प्रगतिशील प्राध्यापक समूहले अमृत क्याम्पसका प्रा. गोविन्द के.सी. र सुर्खेत क्याम्पसका प्राध्यापक लीलाबहादुर के.सी.माथि हातपात भएकोमा भत्सर्ना गर्दै सुरक्षाको माग गर्‍यो। त्रिविवि पदाधिकारी र नेपाल प्राध्यापक संघ बीचको द्वन्द र टक्कर यति बढ्यो कि उपकुलपति हटाउने एक सूत्रीय माग राखी प्राध्यापक संघले लामो समयसम्म आन्दोलन चलायो। उपकुलपतिलाई घेराउ गरियो। उपकुलपतिको कार्यालयमा धर्ना समेत दिइयो। हातपातको अप्रिय स्थिति देखा पर्‍यो। २०५२ सालमा संयुक्त सरकार गठन हुने वित्तिकै त्रिविवि सेवा आयोगद्वारा आफ्नो निर्धारित कार्यक्रम अनुसार लिन लागिएको परीक्षा शिक्षा मन्त्रीको ठाडो निर्देशनमा रोक्का गर्न लगाइयो। यसलाई आम प्राध्यापकहरूले त्रिविविको स्वायत्ततामाथि सरकारी हस्तक्षेपको रूपमा लिए।

महेन्द्र बहुमुखी क्याम्पस इलामको प्राध्यापक संघ इकाइ समितिले आ.व. २०५३/५४ मा वृद्धि गरिएको भत्ता प्राध्यापकहरूका लागि अपमानजनक र हास्यास्पद भनी वहिष्कार गर्ने घोषणा गर्‍यो।

प्रगतिशील प्राध्यापक समूहले २०५३ साउनमा नवनियुक्त त्रिविवि सेवा आयोगका अध्यक्षलाई भेटी स्मृतिपत्र पेश गर्‍यो। नियम विपरित शिक्षा मन्त्रीको आदेशबाट रोकिएका परीक्षाहरू खुलाउन अनुरोध गर्‍यो। समूहले २०५३

मंसीरमा वक्तव्य मार्फत प्राध्यापक संघ जस्तो गरिमामय इतिहास बोकेको संघलाई एउटा राजनीतिक दलको भातृ संगठन बनाउन खोजेको आरोप लगायो। समूहले संघको संघीय संरचनामा परिवर्तन गर्ने माग पनि गऱ्यो। पहिले देशमा त्रिभुवन विश्व विद्यालय मात्र रहेको थियो। अब देश बहु विश्व विद्यालयको युगमा पुगेको छ र निजी क्षेत्रमा समेत सैयौंको संख्यामा क्याम्पसहरू खुलिसकेका छन्। यस्तो अवस्थामा नेपाल प्राध्यापक संघको संरचनात्मक ढाँचा "संघीय" हुनु पर्ने तर्क प्रगतिशील समूहको रहेको छ।

विश्व विद्यालयको स्वायत्तता र स्वतन्त्रतामाथि कुनै प्रकारको सरकारी हस्तक्षेप हुन नहुने माग प्रगतिशील, प्रजातन्त्रवादी र प्राज्ञिक समूह सबैको रहेको छ। २०५३ फागुन २० गते सम्पन्न संघको निर्वाचनमा तीनै समूहले पेशागत हकहितका थुप्रै कुरा उठाएका थिए। तर पनि प्रगतिशील विचार बोक्ने प्राध्यापकहरूलाई पक्राउ गरी अनेकथरी मुद्दा लगाउँदा पनि प्राध्यापक संघको नेतृत्व बोलेन भन्ने आरोप प्रगतिशील समूहको छ। यो निर्वाचनमा पुनः प्रजातान्त्रिक पक्षले विजय हासिल गऱ्यो। विश्व विद्यालयलाई सरकारको सोझै शाखाको रूपमा संचालन हुने गरी ल्याउन खोजिएको शिक्षा विधेयकप्रति यस समूहले विरोध जनाएको छ। शिक्षाको व्यापारीकरण र त्रिविविमा बढ्दै गएको सरकारी हस्तक्षेपको प्रगतिशील समूहले विरोध गरेको छ। प्राज्ञिक समूहले आफ्नो चुनाव घोषणा पत्रमा विवादस्पद विश्व विद्यालय विधेयकको विरोध गरेको छ। यो समूह संघको संरचना नै परिवर्तन गर्ने पक्षमा भने छैन।

शिक्षकहरु

बौद्धिक र राजनीतिक सचेतताको अग्रणी भूमिका निभाउँदै शिक्षकहरूले गरेको उच्चतम बलिदान र कठिन संघर्षको गाथा नेपालको प्रजातान्त्रिक आन्दोलनको इतिहासमा अभिन्न अंगको रूपमा रहेको छ। बौद्धिक नेतृत्व र समाजका अगुवा ठानिएका शिक्षकहरू नेपालमा निरंकुश शासनका विरूद्ध निरन्तर रुपमा लडिरहे। राणा शासन विरूद्ध वि.सं. १९९३ मा महावीर स्कूलका शिक्षकहरूले प्रारम्भ गरेको यो आन्दोलन २००७, २०१७, २०३६ र २०४६ हुँदै अहिले निकै अगाडि बढिसकेको छ। फत्तेबहादुर, चिनियामान, रामेश्वर, आनन्दमान आदि शिक्षकहरूबाट शुरू भएको शैक्षिक आन्दोलन रामजीप्रसाद शर्मा, ईश्वरीराज अर्याल, रमेश विकल, प्रेमबहादुर कंसाकार, कृष्णबहादुर मानन्धर, केदारप्रसाद न्यौपाने, बद्रीप्रसाद खतिवडा, खगेन्द्र संग्रौला, जनकनाथ प्याकुरेल, सुशीलचन्द्र अमात्य, देवीप्रसाद ओझा हुँदै अघि बढ्यो। निरंकुश पञ्चायतीकालमा अधिराज्यभरी गाउँ गाउँमा छरिएर रहेका शिक्षकहरूले प्रजातन्त्र र मानवअधिकार बारे प्रशिक्षित गर्ने काममा अगुवा भूमिका निभाए। कतिपय ठाउँमा शिक्षकहरू आफै सक्रिय रहे, कतिपय अवस्थामा उनीहरूले गाउँमा आम जनतालाई प्रजातान्त्रिक आन्दोलनको लागि संगठित गर्न अभिप्रेरित गरे। २०१७ सालदेखि २०३६ सालमा जनमत संग्रहको घोषणा हुनु अघिको दमनात्मक अवस्थामा पनि सचेत बौद्धिक समुदायको नाताले विद्यालयमा कार्यरत शिक्षकहरू चुप लागेर बसेनन्।

०३६ जेठ २ देखि हेटौंडाका विद्यालय स्तरका शिक्षकहरूले आफूलाई औपचारिक रूपमा संगठनमा आबद्ध गर्दै संचयकोष, पेन्सन, उपदान र राष्ट्रिय स्तरको शिक्षक संगठनको माग राखी संघर्षमा उत्रे। शिक्षकहरूको मौन जुलुश सहित सरकारी निकायमा माग प्रस्तुत गरे। हेटौंडाबाट शुरू भएको यो एकताबद्ध, संगठित शिक्षक आन्दोलनले राष्ट्रिय स्वरूप लियो। निर्दलीय पञ्चायतलाई निर्विकल्प व्यवस्था भन्नेहरू शिक्षकमाथि खनिए, यस आन्दोलनले पेशागत माग मात्र होइन शिक्षकहरू प्रजातान्त्रिक आन्दोलनप्रति पनि सचेत भूमिका निर्वाह गर्छन् भन्ने जनताका सामु प्रष्ट भयो। प्रजातान्त्रिक र वामपन्थी आन्दोलन अघि बढाउन शिक्षकहरूले भूमिगत रूपमा गरेका काममा जनताले साथ दिए, आश्रय दिए, सुरक्षा दिएर एकताबद्ध भएर अघि बढ्न सघाए। परिणाम स्वरूप शिक्षक संगठनको विधान स्वीकृत भयो। शिक्षकहरूको पेशागत हितका - संचयकोष, पेन्सन र उपदानको व्यवस्था गर्न सरकार राजी भयो। शिक्षकहरूमाथि दमन गर्ने क्रम रोकिएन। जनमत संग्रहमा धाँधलीबाट विजयी भएको पञ्चायत जनअनुमोदित व्यवस्थाको बहानामा अझ निरंकुश बन्दै गयो। जसले गर्दा शिक्षा नियमावलीको संशोधन, बन्दी शिक्षकहरूको रिहाई, शिक्षकहरूमाथिको कारवाही फिर्ता गर्ने सहितका २७ सूत्रीय माग सहित अघि बढेको शिक्षक आन्दोलनको १०४ दिनको अविरल संघर्ष पश्चात २०३८ साउन १३ गते सरकारले केही थप सुविधा र अधिकार दिन बाध्य भयो। यसैबीच नेपाल राष्ट्रिय शिक्षक संगठनको दोस्रो राष्ट्रिय अधिवेशन सम्पन्न भयो। जनकनाथ प्याकुरेल अध्यक्ष चुनिए। यसैबीच एकताबद्ध शिक्षक आन्दोलनलाई विभाजन गर्न सरकार हरहत्कण्डा अपनाउन पछि परेन। यसै क्रममा विशेष शिक्षक समिति, प्राज्ञ संगोष्ठी गठन गरेर सरकार विभाजनलाई औपचारिक रूप दिन एक पाइला अघि बढ्यो। नेपाल राष्ट्रिय शिक्षक संगठनलाई बन्देज लगाई नेपाल राष्ट्रिय माध्यमिक शिक्षक संघ र नेपाल राष्ट्रिय प्राथमिक शिक्षक संघ निर्माण गरेर शिक्षक आन्दोलनलाई तहसनहस पार्ने सरकारी षडयन्त्र कामयाब हुन नसके पनि शिक्षकहरूमाथि दमन गर्न सरकार दुई सरकारी संघलाई ढालका रूपमा प्रयोग गर्न पछि परेन। संगठनको नीति विपरित जाने नेतृत्वका केही व्यक्तिलाई हटाएर भए पनि नेपाल राष्ट्रिय शिक्षक संगठन आफ्नो उद्देश्यमा अडिग रह्यो।

संगठित हुने र आफ्नो हक अधिकारको सुरक्षा गर्ने काममा जतिसुकै ठूलो कुर्बानी गर्नु परे पनि शिक्षकहरू विचलित भएनन्। यसै क्रममा २०४१ साल मंसीर १६ गते कर्मचारी सरह तलब वृद्धि लगायतका मागहरू राखी शिक्षक संगठनको आव्हानमा शिक्षकहरू मुलुकव्यापी असहयोग आन्दोलनमा उत्रे। २० औं हजार शिक्षकहरूले काठमाडौंका सडकमा आफ्नो शक्ति प्रदर्शन गरे। यस प्रकार आफ्नो हक र

अधिकारको लागि नेपाल शिक्षक संगठन अन्तर्गत एकजुट भई अघि बढिरहेको शिक्षकहरू र उनीहरूको संगठनलाई २०४७ जेठमा आएर नेपाली कांग्रेस औपचारिकरूपमा फुटाउन सफल भयो। शिक्षक आन्दोलन २०३६-५० को सेरोफेरोमा आफ्ना हक अधिकारका लागि लड्दा विश्व बहादुर खड्का, टंक भुसाल, मीनबहादुर चन्द, सुरेश सेरवुजा, कृष्णप्रसाद पौडेल, गोविन्द दाहाल, अभिकेशर भारती, रामदेव पण्डित, रिता शिलाकार, छविलाल घिमिरे, महेन्द्र यादव, रामप्रसाद चौधरी, लालबहादुर बम, महेश चौलागाईं, दिलिप चौधरी आदि शिक्षकहरूले अमरत्व प्राप्त गरे। त्यसैगरी मीना ढकाल, गाण्डिब श्रेष्ठलाई प्रहरीले गोली हानी हत्या गऱ्यो। २०४६ सालमा संयुक्त संघर्ष समिति निर्माण गरेर शिक्षकहरू पनि जनआन्दोलनमा सहभागी भएका थिए। सरस्वती मा.वि. सुर्खेतका शिक्षक डिलाराम पौडेलको २०५१ कार्तिक २१ गते विद्यालय जाँदा राजनीतिक कारणबाट हत्या गरियो, शिवशक्ति मा.वि. बाँकेका शिक्षक पुष्प घिमिरे २०५१ सालको मध्यावधि निर्वाचनमा दाङमा प्रहरीको गोलीका शिकार भए। यस अघि २०४८ जेठ २२ गते बाललहरी प्रा.वि. सिन्धुलीका शिक्षक शिवबहादुर ठकुरीको विद्यालय जाँदा राजनीतिक प्रतिशोधका कारण बाटोमा हत्या गरियो।

२०४६ सालको संयुक्त जनआन्दोलनमा प्रजातन्त्र पुनस्थापनाको लागि जीउज्यान अर्पण गर्ने शिक्षकहरू बहुदलीय प्रजातन्त्र स्थापना भएपछि आफ्नो हक हितको सुरक्षा हुन्छ भन्ने कुरामा ढुक्क थिए। तर उनीहरूले २०४७ असारमा आमरण अनसन बस्न बाध्य हुनु पऱ्यो। यस पछि पनि २०४८ सालको आम निर्वाचन पश्चात गठित नेपाली कांग्रेसको सरकारले शिक्षकहरूको प्रजातन्त्र र मानवअधिकारको लागि विगतमा गरेको आत्मवलिदान र संघर्षको गाथालाई चटक्क बिर्सेर आम चुनावमा जनता समक्ष गरिएको कबुल विपरित शिक्षा ऐन एवं शिक्षा नियमावलीको तर्जुमा गऱ्यो। २०४९ सालको स्थानीय निर्वाचनपछि बनेका ती नियम कानून बदलिंदो परिस्थिति अनुकूल प्रजातान्त्रिक भएनन्। राजनीतिक आस्थाका आधारमा पूर्वाग्रह राखी सरकारले शिक्षकहरूलाई अपायक सरूवा गर्ने, घटुवा गर्ने काम व्यापक रूपमा शुरू गऱ्यो। झुठा मुद्दामा फसाउने, स्पष्टीकरण माग्ने, चेतावनी दिने जस्ता प्रतिशोधपूर्ण काम गर्न प्रजातान्त्रिक सरकार पछि परेन। ०४९ सालको संशोधित शिक्षा नियमावली अन्तर्गत विकेन्द्रीकरणका नाममा गरिएको शिक्षक नियुक्तिको अधिकारलाई राजनीतिक गोटी बनाउन प्रयोग गरियो। शिक्षकहरूको बढुवाको अवसर साघुरो बनाइयो। पुनर्वहाली भएका शिक्षकहरूको टुटेको अवधि जोडिदिने पूर्व नियमावलीको प्रावधानलाई बदनियतपूर्ण ढंगले खारेज गरियो। प्रजातन्त्र प्राप्तिका निम्ति लडेका शिक्षकहरूप्रति सम्मानको सट्टा उल्टै अपमान र प्रातिशोधपूर्ण रवैया अपनाइयो। शिक्षकहरूले राजनीतिक आस्था बोक्न प्रतिबन्ध लाग्यो। यस बाहेक विभिन्न शैक्षिक समितिहरूमा संघ संस्थाको प्रतिनिधित्व हुने पूर्व व्यवस्थालाई नकार्दै सत्ताको दुरूपयोग हुन सक्ने प्रावधान गरियो। संशोधित शिक्षा नियमावली अनुसार शिक्षाको व्यापारीकरण र निजीकरणलाई गरिएको प्रोत्साहन शिक्षकहरूले रूचाएनन्। त्यसैले शिक्षा नियमावली ०४९ भित्रका विसंगतिहरू केलाई त्यस्ता प्रावधानहरू हटाउन संशोधनका लागि पहल गर्न नेपाल राष्ट्रिय शिक्षक संगठन काठमाडौं जिल्लाको आयोजनामा ०४९ चैत २० गते उपत्यका भित्रका तीनै जिल्लाका प्रधानाध्यापकहरूको भेला सम्पन्न भयो। भेलाले शिक्षक संगठन र संघ बीचको एकताका बारे पनि जोड दियो। नियमावली संशोधन गर्न एकीकृत रूपमा दबाब दिने पनि भेलाले निर्णय गऱ्यो।

यसै बीच शिक्षकहरू पुनः आन्दोलित हुने परिस्थिति सिर्जना भयो। सरकारले शिक्षकहरूको पेशागत हक हितको प्राप्ति र रक्षा एवं राजनीतिक आस्थाका आधारमा गरिएको भेदभावपूर्ण कारवाही संघर्ष विना नरोकिने शिक्षकहरूले महसूस गरे। प्रजातन्त्र प्राप्ति पछि शिक्षकहरू कक्षा कोठामा सक्रिय रहेर स्तरयुक्त पठनपाठन र गुणात्मक शिक्षण प्रशिक्षणतिर केन्द्रित रहनु पर्नेमा सडक आन्दोलनमा उत्रनु पर्ने बाध्यता प्रजातान्त्रिक सरकारले नै सिर्जना गरिदियो। शिक्षक संगठनले शिक्षालाई सत्ताकरण गर्ने र शिक्षहरूलाई भेदभापूर्ण तरिकाले सरूवा, घटुवा गर्ने सरकारी निकायको रवैयाप्रति तीब्र आपत्ति जनायो। प्रतिनिधि मण्डल पटक-पटक पठाएर समस्याको समाधान, समझदारी र छलफलबाट सुल्झाउने प्रयत्न पनि गरियो। शिक्षाको नीति निर्माण गर्ने आयोग र समितिहरूमा शिक्षक प्रतिनिधि समेत समावेश गराएर शिक्षा प्रणालीमा सुधार ल्याउने कामतिर सरकार अग्रसर हुनु पर्ने शिक्षकहरूको आग्रह पनि पक्कै अनुचित थिएन। यसै सन्दर्भमा नेपाल राष्ट्रिय शिक्षक संगठनले ०५० जेठ २१ गते प्रेस वक्तव्य प्रकाशित गरी सोलुखुम्बु, खोटाङ, गोरखा, तनहुँ, कास्की, अर्घाखाँची, पर्वत, गुल्मी, बझाङ, अछाम आदि जिल्लामा शिक्षकहरूमाथि भएको पक्षपातपूर्ण कारवाहीको सख्त विरोध जनायो। संशोधित आठौं शिक्षा नियमावलीका आधारमा शिक्षा समिति, व्यवस्थापन समितिको गठन पनि पूर्णतः पंचायती शैलीमा गरिएको आरोप लगाउँदै ललितपुर, गोरखा, बझाङ लगायतका ठाउँमा शिक्षकहरूले शुरू गरेको आन्दोलनको समेत संगठनले समर्थन जनायो।

शिक्षकहरूको समस्या यथावत रहिरहेकै बेला शिक्षकहरू आन्दोलित भइरहेकै अवस्थामा ०५० सालको सत्तारूढ दल नेपाली कांग्रेस र प्रमुख प्रतिपक्ष नेकपा (एमाले) बीच ०५० भाद्र १ गते सम्पन्न सम्झौतामा स्वीकार गरिए अनुसार शिक्षकहरूको समस्या अध्ययन गरी टुङ्गो लगाउन कार्यदल गठन गरियो। शिक्षामन्त्री अध्यक्ष रहेको सो कार्यदलमा सांसद देवीप्रसाद ओझा, सांसद तारानाथ रानाभाट र शिक्षक संगठन तथा संघका प्रतिनिधि सामेल हुनुहुन्थ्यो। कार्यदलले मूलतः बहुदलीय व्यवस्था स्थापना हुनु अगाडि निष्काशनको कारवाहीमा परेका शिक्षकहरूको पुनर्वाहालीका सम्बन्धमा ठोस निर्णय गऱ्यो। राजनीतिक पूर्वाग्रह वा संघ संगठनको निर्माणको क्रममा निष्काशन गरिएका अस्थायी वा

स्थायी शिक्षकहरूलाई पुनर्वहाली गरिने भयो। शिक्षकहरू माथि लगाइएको मुद्दाहरूका सम्बन्धमा छानवीन गरी किनारा लगाउन गृहमन्त्रीको संयोजकत्वमा बनेको मुद्दा सम्बन्धी कार्यदलमा पठाइयो। शिक्षकहरूले आफ्नो सांगठनिक बल र संघर्षका क्रममा सरकारको मानवअधिकार र प्रजातन्त्र विरोधी क्रियाकलापमा केही अंकुश लगाउन सफल भए पनि निर्णय गरिएका कुराहरूलाई इमान्दारिपूर्वक लागु गर्न सरकारले अग्रसरता देखाएन।

०५१ सालमा प्रतिनिधि सभाको विघटन, मध्यावधि निर्वाचन र नयाँ सरकारको गठनले शिक्षक आन्दोलन पनि स्वभावतः प्रभावित रह्यो। मध्यावधिपछि नेकपा (एमाले) को सरकार बन्यो। यसै बीच ०५१ पुस ५ गते नेपाल राष्ट्रिय शिक्षक संगठनले आफ्ना ३१ सूत्रीय मागहरू प्रस्तुत गर्‍यो। मागहरू मूलतः शिक्षकहरूको पुनर्वहाली, पूर्वाग्रहपूर्ण कारवाही रद्द गरिनु पर्ने, अपायक सरूवा, घटुवा, प्रस्तावित विद्यालय र निजी विद्यालयका सम्बन्धमा र शिक्षा नियमावलीमा संशोधन आदिमा केन्द्रित थिए। प्रस्तुत मागहरू पूरा गराउने सन्दर्भमा सरकार र संगठन बीच पटक-पटक छलफल र वार्ताहरू भए पनि माग पूरा गर्न सरकार सम्झौतामा हस्ताक्षर गर्ने औपचारिक विन्दुसम्म आउन मन्जुर भएन। तर शिक्षक संगठनको दबाव स्वरूप ११ सूत्रीय बचनबद्धता आगाडि सार्न सरकार बाध्य भयो। ज्ञापनपत्रमा उल्लेखित कतिपय बुँदाहरूमा वार्ताको क्रम जारी राख्दै सहमति र कार्यदलका निर्णय समेतलाई ध्यानमा राखी ०५१ साल चैत मसान्तभित्र शिक्षा नियमावली संशोधन गर्ने र यसरी संशोधन गर्दा नेपाल राष्ट्रिय शिक्षक संगठनको सहमति लिने कुरामा सरकार सहमत भयो। शिक्षक संगठनको आन्दोलन तथा राजनीतिक आस्था र गतिविधिमा लागेको कारणले खारेजमा परेका र बाध्यतावस राजीनामा गरेका पुनर्वहाली हुन बाँकी स्थायी तथा अस्थायी शिक्षकहरूको निवेदन तथा कागजातको अध्ययन गरी पूर्व कार्यदलहरूद्वारा तय गरिएका मापदण्डलाई समेत आधार मानि शिक्षक संगठन र शिक्षक संघ एवं विद्यालयको सिफारिस तथा सर्जिमिन मुचुल्कालाई आधार मानी ०५१ फागुन मसान्त भित्रमा पुनर्वहाली गर्ने काम सम्पन्न गर्ने सरकारले बचनबद्धता जाहेर गर्‍यो। पुनर्वहाली भएका वा हुने स्थायी शिक्षकहरूको निष्काशन तथा सरूवाका कारण बीचमा टुटेको नोकरी जोड्ने, राजनीतिक कारणले जेलमा राखिएका शिक्षकहरूको जेल अवधि बढुवा, उपदान र पेन्सनमा जोड्ने कुरामा पनि सरकारले सहमति जाहेर गर्‍यो। यस बाहेक शिक्षकहरूको स्थायी नियुक्ति, इच्छा विरूद्ध गरिएका जिल्लान्तर सरूवा बदर, अपायक सरूवा, नेपाल राष्ट्रिय शिक्षक संगठनको पूर्णकालीन काम गर्ने शिक्षकहरूको सेवावधि जोड्ने। बैठक, सम्मेलन, तालिम, गोष्ठीमा काजको व्यवस्था, दरबन्दी र पदस्थापनामा जेष्ठताको विषय, शिक्षक छनौट समितिको कामबाट अन्यायमा परेका शिक्षकहरूको बाधा अड्चन, फुकुवा जस्ता विषय बचनबद्धतामा समावेश थिए। यी सबै काम ०५१ चैत मसान्तभित्र सम्पादन गर्ने बचनबद्धता भए पनि ०५२ भदौ २७ गते गठित नयाँ सरकारले पनि यस दिशामा तदारूकता देखाएन। शान्तिपूर्ण ढंगबाट शिक्षकहरूले राखेका माग, पिरमर्का र अन्यायमा परेका कुरामा सरकार उदासीन रहेको महसूस गरेपछि ०५२ वैशाखमा बसेको नेपाल राष्ट्रिय शिक्षक संगठनको केन्द्रीय समितिको बैठकको निर्देशन अनुसार दबाबमूलक कार्यक्रम संचालन गर्ने संघर्षको कार्यक्रम तयार पारियो। र, प्रधानमन्त्री र शिक्षामन्त्रीसमक्ष जेठ १७ गतेभित्र समस्या समाधान गर्न ज्ञापनपत्र दिने र तोकिएको मितिभित्र यसतर्फ कुनै पहल नगरिए जेठ २२ गते शिक्षा मन्त्रालयमा धर्ना समेत बस्ने र जेठ २५ गते सबै जिल्लामा आमसभाहरू गर्ने कार्यक्रम तय गरियो।

प्रजातन्त्र र मानवअधिकारको लागि कठीन संघर्ष गर्दै पेशागत हकहितका लागि जुटेका शिक्षकहरूले प्रजातन्त्रको पुनर्स्थापना पश्चात पनि संघर्ष र आन्दोलन विना केही हात पार्न सकेनन्। यो बिडम्बना नै मान्नु पर्दछ कि जुन वर्गका व्यक्ति-संगठनले बहुदलीय व्यवस्थाका लागि गरिएको राजनीतिक आन्दोलनमा साथ दिए, शाहदात प्राप्त गरे, तिनै शिक्षकहरू ०४६ सालपछि पनि संघर्ष र आन्दोलनबाटै गुज्रन बाध्य भए। राजनीतिक पार्टीहरूले "खोलो तर्‍यो लौरो बिर्स्यो" को उखान चरितार्थ गर्न पछि परेनन्। जनताले प्रजातन्त्रको पुनर्वहाली पश्चात जुन आशा र अपेक्षा गरेका थिए सरकारले ती आकांक्षा र अपेक्षाप्रति तुषारापात गर्दै दलगत र गुटगत स्वार्थमा जकडिन पुग्यो।

यसरी शिक्षकहरू आन्दोलित रहेकै अवस्थामा नेपाल राष्ट्रिय शिक्षक संगठनले ज्ञापन पत्र सहित पेश गरेको ३१ सूत्रीय माग नेपाल शिक्षक संघ र नेपाल राष्ट्रिय शिक्षक परिषद्, नेपाल विद्यालय कर्मचारी परिषद्‌बाट पेश गरिएका ज्ञापन पत्रमा उल्लेख भएका माग तथा समस्याहरूका बारेमा ०५२ जेठ १५ गते शिक्षामन्त्रीको कार्यकक्षमा बसेको बैठकले २५ सूत्रीय प्रतिबद्धता जाहेर गर्‍यो। यसमा शिक्षक संघर्षको दौरान र राजनीतिक गतिविधिका कारणबाट समेत अवकाशमा परेका शिक्षकहरूको पुनर्वहाली, प्रतिशोधपूर्ण सरूवा, शिक्षकहरूको घटुवा, तलव रोक्का, शिक्षकहरूमाथि लागेका राजनीतिक झुठामुद्दा, ०४६ साल पूर्व राजनीतिमा संलग्न भएका कारण प्रहरी प्रतिवेदनको आधारमा शिक्षकहरूको पदोन्नतिमा मर्का पारी नतिजा प्रकाशन गरिएको, राजनीतिक कारणले जेलमा राखिएका शिक्षकहरूको सेवा र तलव लगायत अन्य पेशागत हितसंग सम्बन्धित औषधि उपचार, संचयकोष, तलवभत्ता, पदोन्नति आदि कुरामा सरकारले आवश्यक कारवाही अघि बढाउने निर्णय भयो। तर यी सरकारी प्रतिबद्धतालाई कार्यान्वियन गर्ने क्रम रहेकै अवस्थामा संसद विघटन, संसदको पुनर्स्थापना एवं सरकार परिवर्तन जस्ता राजनीतिक घटनाले स्वभावतः शिक्षकहरूको आन्दोलनलाई पनि असर गर्‍यो। यद्यपि पूर्व सरकारका पालमा गरिएका बचनबद्धता पूरा गराउने तर्फ शिक्षक संगठन सक्रिय रह्यो। नेकपा (एमाले) को सरकारको कार्यकालमा भएका निर्णयहरूलाई बदर गर्ने, परिवर्तन गर्ने, कार्यान्वियन नगर्ने

खालको परिपत्र गरियो भन्ने आरोप पनि शिक्षक संगठनले लगायो। यसैले शिक्षकहरू पुनः आन्दोलित हुने अवस्था सिर्जना भयो। यसै क्रमा ०५२ कार्तिक १७ गते नेपाल राष्ट्रिय शिक्षक संगठनले शिक्षामन्त्री समक्ष २१ सूत्रीय माग सहित ज्ञापनपत्र बुझायो र प्रधानमन्त्री समक्ष पनि यसको जानकारी गरायो। ती मागहरूमा प्रधानाध्यापकहरूको पुनर्स्थापना, पुनर्वहाली, राष्ट्रिय स्तरको शिक्षा सेवा आयोगको स्थापना आदि पुराना मागहरू थिए। शिक्षा नियमावलीमा विद्यमान शिक्षकहरूको वैचारिक आस्था तथा नागरिक स्वतन्त्रतामा हस्तक्षेप गर्ने दफा हटाउन जोड दिइएको थियो। तर शिक्षा मन्त्रालयले यसबारे टेरपुच्छर लाएन, शिक्षक संगठनको माग पूरा गर्नुको सट्टा ०५२ मार्ग २८ गते सेवारत अस्थायी शिक्षकहरूको म्याद समाप्त गरी पुनः त्यही स्थानमा अरू अस्थायी शिक्षक भर्ना गर्ने विज्ञप्ति प्रकाशित गऱ्यो। यसबाट वैचारिक आस्थाको आधारमा छटनी गर्ने काम शुरू गरेको प्रष्ट भयो। शिक्षामन्त्रीसंग संगठनका प्रतिनिधिहरूले भेट गर्न पाएनन्। नेपाल राष्ट्रिय शिक्षक संगठनले दोस्रो चरणको आन्दोलन गऱ्यो। ०५२ फागुन १३ गते प्रेस वक्तव्य प्रकाशित गरी शिक्षा क्षेत्रप्रति सरकार र राजनीतिक दलहरूले राखेको रवैयाप्रति क्षुब्ध हुँदै ११ गते थप मागहरू सहित प्रधानमन्त्री समक्ष पुनः स्मृतिपत्र दिएको जानकारी गरायो। यस पछि फागुन १८ गते अर्को प्रेस वक्तव्य प्रकाशित गरी विशेषतः गोरखा, रूकुम, रोल्पा, सिन्धुपाल्चोक र काभ्रेमा शिक्षकहरूलाई कोठाबाटै गिरफ्तार गर्ने, हिरासतमा लिने, थुन्ने र अमानवीय यातना दिने तथा गोली हानी विद्यार्थीहरूको हत्या गर्ने जस्ता अप्रजातान्त्रिक क्रियाकलाप र राज्य आतंकको नेपाल राष्ट्रिय शिक्षक संगठनले भर्त्सना गऱ्यो।

फागुन १८ गते नै नेपाल राष्ट्रिय शिक्षक संगठन केन्द्रीय समितिको प्रचार विभागले चरणबद्ध आन्दोलन कार्यक्रम प्रकाशित गऱ्यो। फागुन १८ गते जिल्ला र केन्द्रमा अपिल र पोष्टर प्रकाशन, फागुन २६ गते पाँचै विकास क्षेत्रको सदरमुकाममा अंचल समन्वय समितिको बैठक र माग सहित पोष्टर टाँस्ने, चैत ३ गते शिक्षक भेलाको आयोजना र चैत १० गते अभिभावक, विद्यार्थी र शिक्षक सहितको विरोध कार्यक्रम र सभा सम्पन्न गर्ने कार्यक्रम रह्यो।

यसै बीच शिक्षा मन्त्रालयको प्रांगणमा राखिएको सत्याग्रह कार्यक्रम सरकारले व्यापक प्रहरी दमन र धरपकड गऱ्यो। त्यहाँ लाठी चार्ज भयो, सयौं शिक्षक घाइते भए। यस दमन कार्यको नेपाल राष्ट्रिय शिक्षक संगठनले घोर भर्त्सना र निन्दा गऱ्यो। सत्याग्रह कार्यक्रममा झण्डै दुई हजार शिक्षकहरू सामेल थिए। सत्याग्रहका लागि शिक्षामन्त्रालयको मूल गेटमा पुगेका शिक्षकहरूलाई सयौंको संख्यामा तैनाथ गरिएका दङ्गा प्रहरीले शिक्षकहरूलाई घोक्राउने, मुन्ट्याउने, लाठीले घोच्ने आदि दुर्व्यवहार गऱ्यो। शिक्षकहरूलाई कुटपिट गर्ने र सिक्री, घडी लुट्ने काम प्रहरीले गऱ्यो भनी नेपाल राष्ट्रिय शिक्षक संगठनले सख्त विरोध जनायो। नेपाल राष्ट्रिय शिक्षक संगठनले माओवादीका नाममा शिक्षक संगठनका पक्षधर शिक्षकहरूलाई गिरफ्तार गर्ने, यातना दिने कार्यको निन्दा गर्दै मदनकृष्ण आचार्य, नरनाथ मरहट्टा, खड्गविक्रम शाह, प्रतिमान वमजन, सावित्री श्रेष्ठ, कृष्णकुमार गौतम, शंकर नेपाली, रामचन्द्र मल्ल, दिलप्रसाद सापकोटा, मोहन ओली, मिनराम लम्साल, गोपाल गौतम, तीर्थप्रसाद गौतम समेतका शिक्षकहरूको यथाशीघ्र रिहाइको निम्ति जोडदार आवाज उठायो। पेशागत ऐक्यबद्धता मंच नेपालले प्रेस विज्ञप्ति प्रकाशित गरी शिक्षकहरूमाथि भएको प्रहरी दमनको घोर निन्दा र भर्त्सना गऱ्यो। आन्दोलनको क्रममा सरकारको दमन बढ्दै गएपछि नेपाल राष्ट्रिय शिक्षक संगठनले एक अपिल प्रकाशित गरी शिक्षामन्त्रीले भेट्न समेत नदिएकोमा विरोध जनायो। समस्या समाधान गर्न निश्चित अवधिभित्र उपयुक्त वातावरण तयार गर्न समेत अनुरोध गऱ्यो। यसै क्रममा सुशीलचन्द्र अमात्य, वामदेव गौतम, विष्णुपुकार श्रेष्ठ लगायत ७७ जना शिक्षक शिक्षिकाहरू शिक्षा मन्त्रालय अगाडिको मूल गेटमा धर्ना दिने क्रममा गिरफ्तार एवं घाइते भएको जानकारी शिक्षक संगठनले गरायो। यसै गरी पर्वत, नवलपरासी, काभ्रे, रौतहट, उदयपुर, ललितपुर, बर्दिया, स्याङ्जा, गुल्मी, सिराहा, वाग्लुङ, म्याग्दी, अछाम, पाँचथर (जिल्ला शिक्षा कार्यालयमा सशस्त्र प्रहरी तैनाथ गरिएकोमा खेद व्यक्त) सोलुखुम्बु, (जनजागृति मा.वि.का शिक्षक विद्यार्थी दूर्व्यवहार गरिएकोमा दुख व्यक्त) बझाङ, काठमाडौं, चितवन, सुनसरी, बारा, दोलखा, धनकुटा,संखुवासभामा संघर्षको कार्यक्रम सफल भयो। यसै बीच कैलपाल प्रा.वि.का शिक्षक भोजराज पाण्डेको रहस्यमय ढंगले हत्या गरियो। सर्लाहीमा (संगठन, संघ र परिषद्को संयुक्त कार्यक्रम सम्पन्न भयो) झापा, प्युठानमा (संघ समेतको संयुक्त कार्यक्रम सम्पन्न भयो)

तेस्रो चरणको कार्यक्रममा वैशाख १२ गते नेपाल राष्ट्रिय शिक्षक संगठनका अध्यक्ष लगायतका प्रतिनिधि मण्डलले प्रम कार्यालयमा विरोधपत्र दर्ता गऱ्यो। वैशाख १४/२५ गतेसम्म पर्चा, पोष्टर, पत्रकार सम्मेलन जस्ता प्रचारात्मक काम सम्पन्न, वैशाख २८ गते सरकारी दमन विरूद्ध अधिराज्यका अधिकांश विद्यालयमा सांकेतिक हड्ताल, जेठ ४ गते सबै जिल्ला शिक्षा कार्यलयमा सत्याग्रह, ५ गते सदरमुकाममा लालटिन जुलुस, जेठ ११ मा अन्तरक्रिया, १७ गते पेशागत ऐक्यबद्धता साङ्लो कार्यक्रम अन्तर्गत काठमाडौंको टुडिखेलमा धर्ना काम सम्पन्न, १८ गते काठमाडौंमा जुलुस र शिक्षामन्त्रीलाई ब्युँझाउने घण्टी बजाउने कार्यक्रम, २०/२२ मा सबै जिल्ला कार्यालयमा रिले अनशन, असार ७ गते सबै जिल्ला शिक्षा कार्यालय घेराउ, तेह्रथुममा लाठी चार्ज, असार १७ गते भद्रकाली, नयाँसडक र असनमा अनशन, असार १८ गते राष्ट्रिय नाचघरबाट निस्केको विशाल जुलुस शिक्षा मन्त्रालयको मूल गेटमा सत्याग्रह गर्न जाँदा प्रहरी र शिक्षक बीच झडप भयो र ५९ जना शिक्षक गिरफ्तार भए। यसको विरोधमा शिक्षा मन्त्रालय अगाडिको पेटीमा रिले अनशन कार्यक्रम सम्पन्न भयो। १९ गते जुलुस, सिंहदरवार भित्र सय जना शिक्षकको जुलुस प्रवेश गरी प्रधानमन्त्रीको

कार्यालय अगाडि १५ मिनेट घण्टी बजाए। यसकै कारण सिंहदरवारको शान्ति सुरक्षासंग सम्बन्धित ९ जना प्रहरी अधिकृत तथा जवानहरू निलम्बन परे र त्यहाँबाट ५७ जना शिक्षक गिरफ्तार भए। असार २० गते सिंहदरवार जाऔं कार्यक्रम अन्तर्गत शिक्षकहरूको विशाल जुलुस पुतलीसडक पुग्यो, सिंहदरवारतिर बढ्न खोज्दा लाठी चार्ज, ७ राउण्ड अश्रुग्याँस र हवाई फायर गरी जुलुस तितरवितर पारियो। यस घटनामा संगठनका केन्द्रीय सदस्य बेचुप्रसाद शाहको हात भाँचियो, १४० जना शिक्षक सख्त घाइते भए। असार २१ गते जुलुसले वालुवाटार गई प्रधानमन्त्रीलाई विरोध पत्र बुझायो।

यसरी शिक्षक आन्दोलन अघि बढ्दै जाँदा सरकार आखिर शिक्षकहरूसंग झुक्न बाध्य भयो र ०५३ साउन १ गते शिक्षा मन्त्रालयले विज्ञप्ति प्रकाशित गर्‍यो। विज्ञप्तिमा नेपाल राष्ट्रिय शिक्षक संगठनका प्रतिनिधि र शिक्षा मन्त्रालयका पदाधिकारीहरू बीच शिक्षकहरूले राखेका मागहरूका बारेमा व्यापक छलफल भएको भन्दैमाग पूरा गर्ने प्रतिबद्धता सहित नेपाल राष्ट्रिय शिक्षक संगठन, नेपाल शिक्षक संघ, नेपाल राष्ट्रिय शिक्षक परिषद् र नेपाल शिक्षक मंचका प्रतिनिधिहरू सहितको कार्यदल गठन गर्ने भनियो। नेपाल राष्ट्रिय शिक्षक संगठनले साउन २ गते प्रेस वक्तव्य प्रकाशित गरी सरकारले माग पूरा गर्न जारी गरेको प्रतिवद्धतालाई सकारात्मक रूपमा लिदै आन्दोलन स्थगित गरेको जानकारी गरायो। यसरी एउटा तनाव, अस्तव्यस्ता र शिक्षा क्षेत्रको बर्वादीलाई मध्यनजर राख्दै शिक्षकहरू कक्षा कोठामा फर्के।

०४६ सालको जनआन्दोलन पश्चात् अस्तित्वमा आएको नेपाल शिक्षक संघले नेकपा (एमाले) को एकमना सरकार गठन भएपछि संघर्षको कार्यक्रम ल्यायो। ०५१ साल पुस २ र ३ गतेको बैठकको निर्णयनुसार ३३ सूत्रीय माग सहित संघले शिक्षा मन्त्रालयमा स्मृतिपत्र पेश गर्‍यो। त्यसकै क्रममा माग पूरा गराउन अघि सारेका कार्यक्रममा साथ दिन ०५२ जेठ ७ गते शिक्षकहरूमा अपिल गर्‍यो। अपिलमा संघले शैक्षिक संरचना नै भताभुङ्ग पारिएको, आस्थाका आधारमा सरूवा, घटुवा, खोसुवा गरिएको आरोप पनि सरकारलाई लगायो। जेठ २५ गते देखि आन्दोलनमा उत्रिएर सफल बनाउन संघले शिक्षकहरूलाई आह्वान पनि गर्‍यो।

नेपाल शिक्षक संघले पेश गरेको ३३ सूत्रीय मागमा शैक्षिक नीति निर्माणमा संघको संस्थागत प्रतिनिधित्व, झुठा मुद्दाको खारेजी, शिक्षा क्षेत्रलाई राजनीतिबाट मुक्त राख्ने, शिक्षा नियमावलीमा विद्यमान अप्रजातान्त्रिक, अव्यवहारिक र शिक्षकहरूका हक हितका प्रतिकूल दफाहरू संशोधन गरिनु पर्ने, माध्यमिक कक्षामा निशुल्क शिक्षा जस्ता मागहरू समावेश थिए। त्यस्तै तलव, उपदान, निवृत्तिभरण, तालिम, सेमिनार, परीक्षाको मूल्यांकन आदि माग पनि समावेश रहे। तर सरकारले माग पूरा गर्ने तर्फ कुनै चासो नदेखाएकाले शिक्षकहरू संघको आह्वानमा संघर्षमा उत्रे। जेठ २५ गते शिक्षामन्त्रालयमा धर्ना र ७५ जिल्लामा आमसभा र पोष्टरिङ्ग सम्पन्न गरे। जेठ ३० र ३१ गते पाखुरामा कालो पट्टि बाँधी अध्यापन गरे। असार २ गते उपत्यकका जिल्ला समिति, केन्द्रीय समितिको आयोजनामा शिक्षा मन्त्रालयदेखि सिंहदरवारसम्मको शिक्षकहरूले विरोध जुलुस प्रदर्शन गरे।

दोस्रो चरणको कार्यक्रम अन्तर्गत ०५२ असार २२ गते केन्द्रीय समिति र उपत्यकाका जिल्ला समितिको आयोजनामा शिक्षा मन्त्रालयमा सत्याग्रह, असार ३० गते तोकिएका १४ जिल्ला समितिको नेतृत्वमा जिल्ला शिक्षा कार्यालयमा सत्याग्रह, असार ३१ गते ७५ जिल्ला अध्यक्ष र सचिव लगायत केन्द्रीय समितिका सदस्य एवं पदाधिकारीद्वारा शिक्षा मन्त्रालयमा सत्याग्रह कार्यक्रम सम्पन्न भयो। ०५२ भाद्र ९ गते ७५ जिल्लाका शिक्षा कार्यालयमा सत्याग्रह समेत संघ पक्षीय शिक्षकहरूले सम्पन्न गरे। यद्यपि यी संघर्षका कार्यक्रम प्रारम्भ गरिदा र दोस्रो चरणको कार्यक्रम सम्पन्न गरी सक्दासम्म मुलुकमा राजनीतिक घटना तीव्र रूपमा अघि बढ्दै थियो। संसद भंग, संसद पुर्स्थापना र एमाले सरकार ढल्ने अवस्था आइसकेको थियो तथापि संघले तेस्रो चरणको कार्यक्रम प्रकाशित गर्‍यो। जस्मा आश्विन २५ गते ७५ जिल्लामा जिल्ला शिक्षा कार्यालयमा १०-११ बजेसम्म प्रवेश बन्द गर्ने गरी कार्यालयको प्रवेश द्वारमा धर्ना, कार्तिक २७ गते १०-५ बजेसम्म प्रवेश बन्द गर्ने गरी शिक्षा मन्त्रालयमा धर्ना दिने कार्यक्रम राखियो। वास्तवमा भाद्र १२ को सर्वोच्च अदालतको फैसला, संसदको पुनर्स्थापना, एमाले सरकार अविश्वासको प्रस्तावद्वारा ढलिसकेको अवस्थामा नेपाली कांग्रेस, राप्रपा र सद्भावनाको संयुक्त सरकार गठन भएकोले र शिक्षक संगठनसंग सरकारले वार्ताको पहल गरेको कारण तेस्रो चरणको आन्दोलन कार्यक्रम संचालन गर्नै परेन।

नेपाल राष्ट्रिय शिक्षक संगठन र नेपाल शिक्षक संघले संयुक्त प्रेस वक्तव्य प्रकाशित गरी जुनसुकै वैचारिक आस्था राख्ने भए पनि शिक्षकहरूका साझा समस्यामा सबै शिक्षकहरू एक छन् भन्ने देखायो। योग्य व्यक्तिलाई शिक्षण पेशामा आकर्षित गरी शिक्षाको गुणस्तर विकासमा सहयोग पुर्‍याउनु अत्यन्त जरूरी छ भन्ने कुरातर्फ विल्कुलै वेवास्ता गरेको भनी वक्तव्य मार्फत आरोप लगाए। दुवै संघ संगठनले जनआन्दोलनबाट प्राप्त भएको राजनैतिक परिविर्तन पश्चात गठित सरकारहरूबाट पनि शिक्षकहरूमाथि गरिएका पंचायतकालीन व्यवहारले प्रजातन्त्रको नै उपहास भएको छ भन्दै दुःख व्यक्त गरे। सरकारले शिक्षक संघ र संगठनको संयुक्त आवाजलाई वेवास्ता गरी शिक्षा र शिक्षकका समस्या समाधान नगरे शिक्षकहरू बीच व्यापक एकता गरी संयुक्त रूपमा आवाज बुलन्द गर्ने प्रतिबद्धता दोहर्‍याए। यसपछि नेपाल राष्ट्रिय शिक्षक संगठन, नेपाल शिक्षक संघ र नेपाल राष्ट्रिय शिक्षक परिषद् एकै ठाउँमा उभिएर पुनः संयुक्त प्रेस वक्तव्य प्रकाशित गरे। नेपाल राष्ट्रिय शिक्षक संगठनले आन्दोलन गरिरहेको, संघले सम्झौता कार्यान्वयन गराउन आग्रह गरिरहेको र परिषदले ज्ञापन पत्र मार्फत् मागहरू प्रस्तुत गरेको स्मरण गराउँदै सरकारले शिक्षकहरूका समस्याप्रति पूर्णतः वेवास्ता गरेको आरोप लगाए। तीन वटै संगठनहरूले

शैक्षिक समस्या समाधान गराउन एकताबद्ध ढंगले अघि बढ्ने कुरा दोहोऱ्याए। हुन त यी तीन वटै संगठन वैचारिक हिसावले अलग-अलग मत राख्ने भए पनि साझा सवालमा एकै ठाउँमा उभिएर संयुक्त रूपमा डट्ने प्रतिबद्धता व्यक्त गरे। प्रजातन्त्रको पुनर्स्थापना पश्चात सबभन्दा बढी पूर्वाग्रही व्यवहार र दमन शिक्षकहरूमाथि नै भयो।

शिक्षकहरू संघर्ष र आन्दोलनमा मात्रै सीमित भएनन्। शिक्षकहरूले मानवअधिकार र प्रजातन्त्रको रखवारी गर्ने शक्तिका रूपमा पनि आफूलाई स्थापित गरे। नेपाल राष्ट्रिय शिक्षक संगठनको पाँचौ अधिवेशनको मुख्य नारा नै प्रजातन्त्र, मानवअधिकार र सामाजिक न्यायका लागि एक जुट होऔं भन्ने थियो। शैक्षिक क्रियाकलाप र मानवअधिकारको वहालीको लागि सार्क शिक्षक संगठन परिषद्को पनि स्थापना भयो। त्यही परिषद्को तत्वावधानमा वालअधिकार, शिक्षकहरूको भूमिका र उत्तर दायित्व विषयमा गोष्ठीको आयोजना गरियो। गोष्ठीले वाल अधिकारको संरक्षण र सम्बर्द्धनका लागि शिक्षक समुदायलाई अग्रिम रक्षकको भूमिका निर्वाह गर्न आह्वान गऱ्यो। वालवालिकाका लागि अनौपचारिक शिक्षाको व्यवस्था, वाल शोषणको विरोध र वालवालिकाहरूको अधिकार र मुक्ति लागि शिक्षक परिषद्मा शिक्षकहरूको एउटा विशेष कार्यदल पनि निर्माण गऱ्यो। वालअधिकारका लागि विभिन्न कार्यक्रम लागु गर्ने प्रतिबद्धता दोहऱ्यायो। सार्क शिक्षक परिषद्को सुशील चन्द्र अमात्यको अध्यक्षतामा बसेको वैठकले वालअधिकार सम्बन्धी सार्क स्तरीय गोष्ठीबाट पारित काठमाडौं घोषणालाई शिक्षक संगठन र सरकार मार्फत लागु गर्ने पनि निर्णय गऱ्यो। यसै क्रममा सार्कस्तरीय महिला नेटवर्क कार्यक्रम सम्पन्न गरे। कार्यक्रममा महिलाहरूले समाजमा शिक्षा क्षेत्रमा र जागिरका सम्बन्धमा भोग्नु परेका समस्याहरूको बारेमा व्यापक छलफल गरियो। शिक्षक संगठनको नेतृत्वमा अत्यन्त न्यून रहेको शिक्षिकाहरूको संख्यालाई कसरी बढाउने भन्ने उपाय पत्ता लगाउन पनि विषद छलफल भयो।

सार्क महिला नेटवर्कमा निर्णय गर्ने अंगहरूमा महिला सहभागिता, महिला तालिमको लागि कोष खडा गर्न विधानमा सुधार गरिनु पर्ने, संगठन दक्षता बृद्धि तालिम महिलाहरूलाई दिइनु पर्ने, ठूलो संख्यामा महिलाहरूलाई अन्तरर्राष्ट्रिय सम्मेलन तथा तालिम कार्यक्रममा सहभागी बनाउने, सार्क स्तरीय महिला समितिहरू निर्माण गर्ने जस्ता बुँदाहरू नेटवर्कले सिफारिस गरेको थियो।

विद्यार्थीहरु

प्रजातन्त्र र मानवअधिकारप्रतिको प्रतिबद्धता, संघर्ष र वलिदानको कुरा उठ्ने वित्तिकै शहीद गंगालाल र दशरथ चन्दको स्मरण गर्नै पर्ने हुन्छ। निरंकुश जहानिया राणा शासनको अन्त गरी प्रजातन्त्र स्थापना गर्न संघर्षको शंखनाद गर्दै शहादात प्राप्त गर्ने ती दुवै अमर व्यक्तित्व त्रि चन्द्र केलजका विद्यार्थी थिए। वि.सं. १९९० तिर नै नेपाल नागरिक अधिकार समितिमा संगठित भएर महावीर स्कूल काण्डमा १९९९ कार्तिक २ गते पक्राउ पर्नेमा गंगालाल पनि थिए। उत्तर पुस्तिकामा राणा शासकलाई विरोध गरेर लेख्ने बापत जेल परेका लक्ष्मीनन्दन चालिसे त्रि चन्द्र कलेजकै विद्यार्थी थिए। उत्तर पुस्तिका परीक्षकको चुक्लीका कारण उनी जेल परेका थिए। बन्दी अवस्थामा नै उनको अन्त भयो। २००४ सालको "जयन्तु संस्कृतम्" को नाराका साथ निरंकुश शासनतन्त्रका विरूद्ध उत्रिएका विद्यार्थीहरूलाई प्रजातन्त्र र मानवअधिकारका लागि लड्न कुनै शासन र शक्तिको दमनले रोक्न सकेन। २००८ सालमा विद्यार्थी चिनिया काजीले दिल्ली सम्झौताको विरोध गर्दा गोलीको शिकार हुनु पऱ्यो। नेपाल विद्यार्थी फेडरेशनले २००८ सालदेखि नै विद्यार्थीहरू वीच संगठन र प्रजातान्त्रिक शैक्षिक आन्दोलनप्रति जागरण ल्यायो। ०१७ सालको काण्डपछि विद्यार्थी गतिविधिमाथि प्रतिबन्ध लागे पनि ०२२ सालमै वामपन्थी विद्यार्थीहरूले अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी यूनियनको निर्माण गरे। यसैगरी ०२७ सालमा आएर प्रजातन्त्रवादी विद्यार्थीहरू नेपाल विद्यार्थी संघ स्थापना गरी संगठित भए। ती विद्यार्थी संगठनहरूको ०३२ र ०३६ को लामो संघर्ष र ०४६ को संयुक्त जनआन्दोलनमा समेत सक्रिय र बलिदानीपूर्ण सहभागिता रह्यो। ०२६ सालमा सुस्ता र नेपालको उत्तरी सीमानामा रहेको भारतीय चेकपोष्ट हटाउने माग राखी विद्यार्थीहरू आन्दोलित भए। ०२९ सालमा अखिल, नेविसंघ र फेडरेशनको संयुक्त संघर्ष समिति निर्माण गरी विद्यार्थी आन्दोलनलाई सशक्त रूपमा अघि बढाउने काम भयो। ०३५ सालको विद्यार्थी आन्दोलन जनमत संग्रह घोषणा गराउने अवस्थासम्म पुग्यो। भारतको मेघालयबाट भारतीय नेपाली लखेटिएको विरोधमा ०४४ मंसीरमा संचालित आमसभामा विद्यार्थी लक्ष्मी पाण्डेको गोलीद्वारा हत्या गरियो। विद्यार्थी आन्दोलनकै क्रममा फणिन्द्रराज तिमिल्सिना, शिवप्रसाद पौड्याल र मित्रमणि आचार्यको हत्या भयो।

०४६ सालको ऐतिहासिक जनआन्दोलनमा नेविसंघ र अनेरास्ववियूले समझदारी कायम गरी संयुक्त रूपमा आन्दोलनमा सक्रिय सहभागी हुने निर्णय गरे। ०४६ साल फागुन १ गते सात विद्यार्थी समूह सम्मिलित "प्रजातान्त्रिक जनआन्दोलन विद्यार्थी समन्वय समिति" ले प्रेस वक्तव्य मार्फत फागुन ७ गतेदेखि प्रारम्भ हुने संयुक्त जनआन्दोलनलाई सफल पार्न आह्वान गऱ्यो। वक्तव्यमा विभिन्न विद्यार्थी संगठनका तर्फबाट तुलबहादुर गुरूङ, एन.पी. साउद, प्रभुनारायण बस्नेत, रविन्द अधिकारी, राजेन्द्र सापकोटा, जगन्नाथ भण्डारी तथा वी.वी. दुवालले दस्तखत गरेका थिए। यस अघि प्रजातन्त्र प्राप्तिका लागि गरिने आन्दोलनप्रति नैतिक समर्थन जनाउँदै ऐक्यबद्धता प्रकट गर्ने अन्तर्राष्ट्रिय संघ संगठन तथा मित्रहरूलाई धन्यवाद दिँदै नेविसंघ, नेराविफे (मानन्धर), नेराविफे (वर्मा), अनेरास्ववियू (पाँचौ), नेप्रवियु (मार्क्सवादी), नेक्राविसंघ (रोहित) र अनेरास्ववियू (एघारौं ए सतस) ले रङ्गभेद, जाति भेद तथा कुनै पनि किसिमको जनविरोधी शासनको विरोध गर्ने, अधिकार सबैलाई छ, मानवअधिकार

तथा प्रजातान्त्रिक अधिकारका लागि हुने आन्दोलनप्रति समर्थन र ऐक्यबद्धता जनाउनबाट कसैलाई पनि छेकवार लगाउन सकिदैन भनेर संयुक्त वक्तव्य जारी गरेका थिए।

०४६ फागुन ७ गते संयुक्त जनआन्दोलन विधिवत रूपमा शुरू भएपछि विद्यार्थीहरूले आन्दोलन सफल पार्न ज्यान समेत अर्पण गरे।

०४७ जेठ २४ गते देखि २८ गतेसम्म अनेरास्ववियुको दशौं राष्ट्रिय सम्मेलन सम्पन्न भयो। सम्मेलन सम्पन्न गर्न आयोजक कमिटीले तय गरेको मूल नारा "आजको आवश्यकता संयुक्त संघर्ष प्रजातन्त्रका लागि पंचायतको अन्त्य" लाई रद्द गरी परिवर्तित परिस्थितिका सन्दर्भमा उपयुक्त "जनताको हातमा सम्पूर्ण अधिकार, सबैका लागि शिक्षा र रोजगार" भन्ने मूल नारा तय गर्‍यो। आयोजक कमिटीको वैठकले जनआन्दोलनका क्रममा शहादात प्राप्त गर्नेहरूप्रति श्रद्धाञ्जली अर्पण गर्दै संघर्षमा जुट्नेहरूप्रति अभिवादन सहित १४ सूत्रीय कार्यक्रम लागु गर्न सरकारसंग माग पनि गर्‍यो।

अनेरास्ववियु (पाँचौ) ले आफ्ना प्रत्येक सम्मेलन, क्याम्पस चुनाव र अन्य सांगठनिक गतिविधि संचालन गर्दा मानवअधिकार र प्रजातन्त्रको बहालीको नारा सधै अघि सार्दै आयो। वोल्ने, लेख्ने, सभा संगठन गर्ने अधिकार, राजबन्दीको रिहाई, बन्दी विद्यार्थीको रिहाईको माग जोडदार रूपमा अघि सार्न पछि परेन। यो संगठन राष्ट्रियता र मुलुकको सांस्कृतिक अतिक्रमणप्रति सधै सचेत रहेको यसका ०३६ सालपछिका प्रत्येक स्ववियुको चुनावमा प्रकाशित घोषणापत्र र राष्ट्रिय सम्मेलनका अवसरमा पारित प्रस्तावले प्रष्ट पार्दै आएको छ। यो क्रममा ०४६ पछि केही परिवर्तन भएता पनि ०५३ सालको स्ववियु चुनावको घोषणापत्र समेतमा "शिक्षा दान होइन, अधिकार हो" भन्ने आफ्नो पूर्व मान्यतामा अडिग रहेको छ। प्राथमिक तहको अनिवार्य शिक्षा, माध्यमिक तहको निशुल्क शिक्षा र सस्तो र सर्वसुलभ उच्च शिक्षाको आफ्नो मागलाई यस संगठनले ०५३ सम्म निरन्तरता दिएको छ। "जनताको हातमा सम्पूर्ण अधिकार, सवैका लागि शिक्षा र रोजगार" भन्ने नारा ०४९ सालदेखि ०५३ सालम्म आइपुग्दा पनि छोडेको छैन। जाति, भाषा, धर्म, संस्कृति क्षेत्रमा रहेका भेदभावपूर्ण व्यवहार र विशेषाधिकारको विरूद्धका अनेरास्ववियूले आफ्नो अडानलाई यथावत कायम राखेको छ। राष्ट्रियताको सुरक्षा, जनतन्त्रको स्थापना, जन जीविकाको सुनिश्चितताको नारा र यसप्रतिको संघर्षमा यस संगठनले ०३६, ०४६ मा पनि उत्तिकै योगदान पुर्‍यायो। ०५३ सालको स्ववियु चुनावसम्म आइपुग्दा अनेरास्ववियूले प्राथमिक तहको शिक्षा चेतनामूलक, माध्यमिक तहको शिक्षा व्यवसायमूलक र उच्च शिक्षा विशेषज्ञता हासिल गर्ने प्रकारको हुनु पर्ने आफ्नो माग अघि सारेको छ। राजनीतिक रूपमा नेकपा (एमाले) को बहुदलीय जनवादको पक्षपोषण गर्दै प्रजातन्त्रलाई सुदृढ गर्ने आफ्नो दृष्टिकोण र नीति प्रष्ट गरेको छ।

नेपाल विद्यार्थी संघ प्रजातन्त्रवादी विद्यार्थीहरूको संगठित संस्था भएको र बहुदलीय संसदीय व्यवस्थालाई राजनीतिक साध्य मानेर नेपाली कांग्रेससंग सामीप्यता राख्ने भएकोले स्थापना कालदेखि नै यो प्रजातन्त्रको पुनर्स्थापना प्रति प्रतिबद्ध रहयो। यसले ०३६ साल पछिका स्ववियु चुनाव घोषणापत्र, केन्द्रीय सम्मेलन, सभा आदिमा राष्ट्रियता, प्रजातन्त्र र समाजवादका विषयमा व्याख्या बहस गर्दै आयो। ०४६ सालसम्मको स्ववियु चुनावमा आफ्नो घोषणापत्रमा एक नम्बरमा नै प्रजातन्त्र साकार पार्न राजनीतिक दलहरू माथिको प्रतिवन्ध अविलम्ब हटोस भनेर माग गर्दै आयो। जनअधिकार माथिको प्रशासनिक नग्न आक्रमण रोक्न र नागरिकहरूलाई सीमित पार्ने सबै काला कानूनहरूको खारेजीको माग गर्न पनि छोडेन। नेविसंघले शिक्षालाई आजको युगमा मानवको नैसर्गिक अधिकार भनेको छ। शिक्षा प्रणालीप्रति विरोध भएर नै नेविसंघले ०३७ भाद ३० मा अधिराज्यभरी विरोध कार्यक्रम र पुनः ०४१ वैशाख २९ गते १७ सूत्रीय विरूद्ध शैक्षिक माग उपकुलपति समक्ष पेश गरी संघर्ष गर्दै आएको हो। त्यसपछि ०४६ सालको संयुक्त जनआन्दोलनमा यस संघको महत्त्वपूर्ण सहभागिता रहयो। ०४७ सालमा प्रजातन्त्र पुनर्स्थपिना पछि नेविसंघले परिवर्तित राजनीतिक परिस्थितिका सन्दर्भमा विद्यार्थीको भूमिका पनि बदलिएको, पुनर्स्थापित प्रजातन्त्रलाई सुदृढ पार्न, राजनैतिक चेतनाको अभिबृद्धि गर्ने दायित्व आफ्नो काँधमा आइपरेको आफ्नो सम्मेलन, स्ववियु चुनाव र सार्वजनिक वक्तव्य मार्फत प्रष्ट गरेको छ। ०५३ सालको स्ववियु निर्वाचनसम्म आइपुग्दा यसले शैक्षिक अराजकता र अन्यौलको अन्त्य गरिनु पर्ने र शिक्षालाई सर्वसुलभ वैज्ञानिक व्यावहारिक र रोजगारमूलक एवं शीपमूलक बनाइनु पर्ने आफ्नो अडान छोडेन।

नेपालको विद्यार्थी आन्दोलनका खासगरी वामपन्थी झुकाव राख्ने विद्यार्थीहरू कम्युनिष्ट पार्टीको विभाजनसंगै अलग-अलग रूपमा संगठित भए। तिनीहरूमा अनेरास्ववियू (छैठौं), अ.ने.रा.स्व.वि.यू केन्द्रीय समिति, नेपाल प्रगतिशील विद्यार्थी यूनियन र नेपाल राष्ट्रिय फेडरेशन, अखिल पाँचौं बाहेकका प्रगतिशील विद्यार्थी संगठन हुन्। जनवादी शिक्षालाई आफ्नो अभिष्ट मान्ने यी प्रगतिशील विद्यार्थी संगठनहरू कोही नेकपा (मसाल) संग, कोही चौथो महाधिवेशनसंग, कोही मार्क्सवादी समूहसंग नजिक रहे। मानन्धर र वर्मा समूहसंग सामीप्यता राख्नेहरूले पनि शिक्षा दान होइन अधिकार हो भनेर घोषणा गरे। ०४६ सालको ऐतिहासिक जनआन्दोलनमा यी सबै विद्यार्थी संगठनको महत्त्वपूर्ण भूमिका रहेको छ। ०४६ सालको सफल जनआन्दोलन पछि बहुदलीय प्रजातन्त्र पुनर्स्थापनाको कारण राजनीतिक पार्टीहरूमा देखा परेको गठन पुनर्गठनको प्रभाव विद्यार्थी संगठनहरूमा पनि पर्‍यो। ०४७ सालको अनेरास्ववियूको एकता सम्मेलनपछि नेपाल प्रगतिशील विद्यार्थी यूनियन र फेडरेशन यसैमा समाहित भए।

संगठन पुनर्गठनकै क्रममा अनेरास्ववियू (क्रान्तिकारी) विद्यार्थी संगठन वामपन्थी आन्दोलनकै विभाजित धारका रूपमा विकास भएको हो। अनेरास्ववियू

(क्रान्तिकारी) को केन्द्रीय समितिले राष्ट्रियताको सवालसंगै शैक्षिक समस्यामा समेत आफ्नो आन्दोलन अघि बढाउने निर्णय गऱ्यो। पहिलो चरणको कार्यक्रममा विद्यमान शैक्षिक समस्याहरू, ३ वर्षे आवधिक परीक्षा प्रणाली, ३ वर्षे स्नातक, प्रवीणता प्रमाणपत्रको खारेजी, माध्यमिक तहमा एकमुष्ट शुल्कको विरोध गर्दै शैक्षिक सत्र परिवर्तन आदिको कुरा उठायो। महाकाली सन्धि, मेचीमा भएको भारतीय अतिक्रमण र दार्चुलाको कालापानीमा भारतीय सैनिक उपस्थिति विरूद्ध भित्ते लेखन, पोष्टर प्रदर्शन, पर्चा वितरण गर्ने समेत निर्णय गऱ्यो। यस अघि अनेरास्ववियू छैठौंले संघर्षको कार्यक्रम अगाडि सारेको थियो। त्यसपछि यस संगठनले ०५३ पुस ११ र १२ गते प्रथम राष्ट्रिय भेला सम्पन्न गऱ्यो। भेलाले स्ववियू निर्वाचन, वर्तमान राजनीतिक स्थिति, राष्ट्घात, राज्य आतंक र विद्यार्थी संघर्ष बारे छलफल गरी आफ्नो रणनीति तय गऱ्यो। त्यसै बीच अनेरास्ववियू (छैठौं) को पुस ४-७ सम्म सम्पन्न वैठकले राष्ट्रिय भेला, संगठनात्मक समीक्षा लगायत महत्वपूर्ण विषयमा छलफल गरी आगामी संघर्ष स्थानीय निर्वाचनसंगै जोडेर लैजाने समेत निर्णय गऱ्यो। यसले अश्लिल साहित्य विरोधी आन्दोलनलाई निरन्तरता दिने पनि निर्णय गरेको छ।

यसरी संयुक्त जनआन्दोलनमा बलिदानी संघर्ष गरेका विद्यार्थीहरू, जनआन्दोलन सफल भई बहुदलीय प्रजातन्त्रको पुनर्स्थापना पश्चात प्राप्त प्रजातान्त्रिक उपलब्धीलाई संस्थागत गर्ने काममा पनि सक्रियताका साथ जुटेका छन्। संविधान निर्माण गर्न बनेको आयोगमा जनआन्दोलनकारी शक्तिहरूको निर्णायक प्रतिनिधित्व हुँदाहुँदै पनि दरवार र प्रजातन्त्रविरोधी प्रतिगामी तत्वहरू जनआन्दोलनको भावना अनुरूप संविधान निर्माण गर्न नदिने षडयन्त्रमा जुटे। त्यसै क्रममा राजदरबारबाट प्रस्तावित संविधानको मस्यौदाको भण्डाफोर भएपछि विद्यार्थीहरू पनि दरबारीया षडयन्त्रका विरूद्ध सडकमा उत्रे। संविधान माथिको दरवारीया षडयन्त्रको भण्डाफोर गर्न जनतको जुझारू एकता प्रदर्शित गर्दै संविधानको स्रोत जनता हुन् भन्ने नाराका साथ अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी यूनियन ०४७ कार्तिक ६ गते वसन्तपुरबाट निस्केको विरोध जुलुसमा सहभागी भयो। त्यस्तै गरी संविधान माथि दरवारी षडयन्त्रका विरूद्ध जनतालाई सचेत पार्दै ०४७ कार्तिक ८ गते नेपाल विद्यार्थी संघले आमसभाको आयोजना गऱ्यो। ०४७ सालमा संविधानको निर्माण र बहुदलीय प्रजातान्त्रिक पद्धति अनुकूल संसदीय चुनावको मिति निर्धारण पछि सबै विद्यार्थी संगठनहरूले ०४८ सालको आम चुनावमा आफूले समर्थन गर्ने नजिक रहेका राजनीतिक दलहरूका उम्मेदवारलाई जिताउन सक्रियतापूर्वक लागे। आम चुनावमा नेपाली कांग्रेसले वहुमत प्राप्त गरी सरकार गठन गरेपछि मुलुक जसरी अघि वढ्छ भन्ने अनुमान थियो त्यसो हुन सकेन। सरकारले जनताका समस्या समाधान गर्न तिर भन्दा अप्रजातान्त्रिक र सर्वसत्तावादी चरित्र प्रस्तुत गर्दै अघि वढ्यो। त्यसको विरूद्ध जसरी प्रतिपक्षी राजनीतिक पार्टीहरू र जनता खनिए त्यसै गरी विद्यार्थी संगठन पनि अघि बढे। ०४८ चैत १-७ गते पोखरामा अनेरास्ववियूको एकता राष्ट्रिय सम्मेलन सम्पन्न भयो।

०४९ फागुन १४ गते अधिराज्यभरका ७३ क्याम्पसमा सम्पन्न स्ववियू चुनावलाई विद्यार्थीहरूले प्रजातान्त्रिक एवं शैक्षिक आन्दोलनका रूपमा उपयोग गरे। यस चुनावमा नेविसंघले ३४ र अखिलले ३० क्याम्पसमा विजय प्राप्त गऱ्यो। ०५० भदौसम्म सम्पन्न आङ्गिक क्याम्पस समेतको चुनावमा अनेरास्ववियूले ७६ र नेविसंघले ४८ मा आफ्नो झण्डा फहरायो। यी निर्वाचनमा प्रकाशित विद्यार्थी संगठनका घोषणापत्रहरू मार्फत प्रजातन्त्र, मानवअधिकारको विकास र शैक्षिक जागरणको कार्यक्रम अगाडि सारे। ०४९ फागुन २२ गते टनकपुर सन्धिको विरोध-जुलुसमा सिन्धुलीकी छात्रा सम्झना दाहालको प्रहरी गोलीबाट भएको हत्याको विरोधमा चैत ४ गते सिन्धुली बन्द भयो। यता काठमाडौं इन्जिनियरिङ्ग क्याम्पसमा भएका विद्यार्थी भरत देवकोटाको हत्याको विरोधमा नेविसंघले उपत्यका बन्दको आयोजना गऱ्यो। डिसेम्बर १०-२० तारिखमा अनेरास्ववियू र भूटानी विद्यार्थी संगठनद्वारा सार्कस्तरीय मानवअधिकार प्रशिक्षण कर्यक्रमको आयोजना गरी प्रगतिशील विद्यार्थी समूहले मानवअधिकारप्रतिको आफ्नो प्रतिबद्धता दोहोऱ्यायो। ०४९ श्रावणमै अनेरास्ववियूले नेपालका जाति, भाषा र सांस्कृतिक विविधताको सन्दर्भमा विद्यार्थीको दायित्व बारे विचार गोष्ठीको आयोजना गऱ्यो। ०४९ भाद्रमा त्रि.वि. स्ववियूको आयोजनामा अखिल र नेविसंघमा विद्यार्थीहरूले एउटै मञ्चबाट प्रजातन्त्रको विकास र निरंकुशता एवं तानाशाहीको विरोध गर्ने प्रतिबद्धता दोहोऱ्याए। यसैगरी त्रि.वि. प्रशासनले क्याफ्टेरिया बन्द गरेको विरोधमा अनेरास्ववियू, अखिल छैटौं र अनेरास्ववियू (एघारौं) को संयुक्त संघर्ष समिति निर्माण गरियो। यस अघि नै ०४८ साल पुसमा त्रि.वि.ले शुल्क बढाएको विरोधमा त्रि.वि. केन्द्रीय कार्यालय र क्याम्पसहरूमा विद्यार्थीहरूले तालाबन्दी आन्दोलन चलाए।

०५० असारमा सरकारी हिंसा र दमन विरूद्ध आयोजना गरिएको उपत्यका बन्दको कार्यक्रममा इन्जिनियरिङ्गका छात्र प्रभाकर सुवेदीलाई प्रहरीले हिरासतबाटै वेपत्ता पाऱ्यो। यस विरूद्ध सर्वोच्च अदालतमा बन्दी प्रत्यक्षीकरणको रिट पऱ्यो। अदालतले कारण देखाउ आदेश जारी गऱ्यो। धनकुटाको चनुवा गाविसको सरस्वती माध्यमिक विद्यालयका प्रधानाध्यापक विश्वनाथ दाहालले अनेरास्ववियू प्रारम्भिक कमिटीमाथि प्रतिबन्ध लागाएकोले विद्यार्थीहरू संगठन गर्न पाउने मानवअधिकारका लागि संघर्षमा उत्रिनुं पऱ्यो। ०५० फागुनमा नरदेवी क्याम्पस स्ववियूले राखेको चार सूत्रीय माग पूरा नभएकोले स्ववियू सभापति नरेन्द्रकुमार झा, रामराज पन्थी र ईश्वरकुमार अधिकारी आमरण अनशन बसे। त्यसमा प्रहरी हस्तक्षेप भई अनशनकारी विद्यार्थीहरूलाई शिक्षण अस्पताल पुऱ्याइयो। पाँचवटा राष्ट्रिय स्तरका विद्यार्थी संगठनहरूले संघर्षको समर्थन गर्दै रिले अनशन शुरू गरे।

अनेरास्ववियू धनकुटा बहुमुखी क्याम्पसको ०५२ चैत १२ को भेलाले मातृ भाषामा शिक्षाको माग गर्दै अनिवार्य संस्कृत शिक्षाको विरोध गऱ्यो।

०५१ असोजमा अनेरास्ववियू जिल्ला महिला विभागद्वारा मुक्ति आन्दोलन बारे विचार गोष्ठीको आयोजना गरियो। ०५१ माघ ३ र ४ गते भेला गरी नेविसंघले राजनीतिक र ज्वलन्त शैक्षिक समस्या समाधानका लागि सरकारलाई दवाव दिन राष्ट्रव्यापी आन्दोलन गर्ने निर्णय गऱ्यो। माघ २९ गते देखि नेविसंघले शुरू गरेको घेराउ कार्यक्रममा फागुन ३ गते त्रि.वि. उपकुलपतिको कार्यालयमा तालाबन्दीसम्म अघि बढ्यो। नेविसंघले त्रि.वि.ले स्ववियू चुनावमा आफ्नो संगठनलाई हराउने षडयन्त्र गरेको आरोप लगायो। फागुन २७ गते नेविसंघको जुलुस आफ्नो २१ सूत्रीय माग लिएर प्रधानमन्त्री समक्ष पेश गर्न सिंहदरवार पुग्दा प्रहरीबाट अन्धाधुन्ध लाठी चार्ज गरियो। दमनको वादजुद पनि नेविसंघले आफ्नो मागपत्र प्र.म. मनमोहन अधिकारी समक्ष बुझाउन सफल भयो। यसै क्रममा नेविसंघले राजधानीमा विशाल विरोध सभाको आयोजना पनि गऱ्यो।

नेपालगञ्ज चिसापानी स्थित डि.वि. आई. पाटिल कलेजका विद्यार्थीहरूले विभिन्न माग राखी हडताल शुरू गरे। विद्यार्थीहरूले आयोजना गरेको चक्का जाम कार्यक्रममा भएको प्रहरी लाठी चार्जको नेवसंघले विरोध गर्दै खेद प्रकट गऱ्यो। यसै गरी स्ववियू सचिव अरूण यादवमाथि भएको सांघातिक हमलाको छानवीन गरी दोषीमाथि कारवाहीको माग गर्दै नेविसंघ धनुषाद्वारा विरोध प्रदर्शन गरियो।

०५१ चैतमा आदिवासी विद्यार्थी समितिद्वारा संस्कृत भाषाको समाचारको विरोध गरी वक्तव्य प्रकाशित गरियो।

०५२ वैशाखमा उपत्यकाका खानेपानीको समस्या समाधानको माग गर्दै पद्मकन्या स्ववियूले महिलाहरूको गाग्री जुलुस निकाल्यो। ०५२ असारमा पुगेपछि नेविसंघले नेकपा (एमाले) सरकारका विरूद्ध विरोध प्रदर्शन गऱ्यो। प्रहरी हस्तक्षेपवाट ७५ जना विद्यार्थी घाइते भए। नेविसंघके आयोजनामा पोखरा बन्द गरियो, ९ जना विद्यार्थीलाई पक्राउ गरी प्रहरीले हिरासनमा लियो। नपढाइएको पाठ्यक्रमबाट प्रश्न सोधिएकोले परीक्षामा नदिने सबै परीक्षार्थीहरूको सिराहा केन्द्रको परीक्षा रद्द गरिएको विरूद्ध विद्यार्थीहरूले सर्वोच्चमा रिट दिए। कीर्तिपुर छात्रावासमा भएका अनियमितता विरूद्ध ८ सूत्रीय माग राखी विद्यार्थीहरू संघर्षमा उत्रे। माग पूरा नभए आत्मदाह गर्ने समेत विद्यार्थीहरूले घोषणा गरे। ०५२ भदौमा आदिवासी विद्यार्थी समाजद्वारा आदिवासीको पहिचान र तिनका सम्पूर्ण समस्या राजनीतिक रूपमा समाधान हुनु पर्ने माग गर्दै सेमिनार सम्पन्न गऱ्यो। रत्नपार्क स्थित विद्युत प्राधिकरणको भित्तामा अनेरास्ववियूद्वारा लेखिएको चुनावी नाराको विषयलाई लिएर ०५२ साउनमा जनमोर्चा (बाबुराम) संग भएका झडपमा ५० जना घाइते भए र ५ जना पक्राउ परे। सार्वजनिक सूचना पाटीको रूपमा प्रयोग र प्रचार कार्यको लागि अत्यन्तै महत्वपूर्ण त्यो स्थान अव उप्रान्त कसैले पनि प्रयोग गर्न नपाउने गरिएकोले पाएको अधिकार आ-आफै बीच झगडाको कारणले समाप्त भयो।

नेपाल विद्यार्थी संघले आफ्ना माग पूरा गराउन देशव्यापी विरोध प्रदर्शन, बन्द आदिको आयोजना गरिसकेपछि आन्दोलन बारे सरकारी संचार माध्यमले गलत सूचना प्रवाह गरेको विरोधमा प्रधानमन्त्री, संचारमन्त्री, स्वास्थ्य मन्त्री, रेडियो नेपाल, नेपाल टेलिभिजन र गोरखापत्रको पुतला जलायो।

नेविसंघले सूत्रवद्ध रूपमा अघि सारिएका मागहरूमा विश्वविद्यालयलाई मर्यादित र स्वायत्त संस्थाको रूपमा प्राज्ञिक स्वतन्त्रता प्रदान गर्न शिक्षालाई सत्ता राजनीतिवाट टाढा राखियोस्, त्रि.वि.मा राजनीतिक पूर्वाग्रहद्वारा एमाले कार्यकर्ता भर्ति गर्ने कामको अन्त्य गरियोस् भन्ने माग नै एक नम्बरमा समावेश गऱ्यो। दोस्रो मागमा वार्षिक शैक्षिक पात्रो प्रकाशन गरी अध्यापन एवं परीक्षा नियमित गरियोस् भन्ने माग गऱ्यो। यसै गरी प्रत्येक विकास क्षेत्रमा एउटा विश्वविद्यालय खोल्नु पर्ने, हरेक जिल्लामा एक-एक वटा सरकारी क्याम्पसको स्थापना गरी उच्च शिक्षा सबैलाई सहजरूपमा उपलब्ध गराउने अवस्थाको सिर्जना, परीक्षा प्रणाली सरलीकृत गरी पाँचै विकास क्षेत्रका परीक्षा नियन्त्रण कार्यालयको स्थापना गरिनु पर्ने, विदेशी विश्वविद्यालयका डिग्रीको स्तर निर्धारण, राविसे कार्यक्रम पुनः राखिनु पर्ने, स्नातकोत्तर तहमा शोध लेखनको अवसर सबै विषयमा प्राप्त हुनु पर्ने, कम्प्युटर र पर्यावरण विभाग थप्नु पर्ने, दर्शन शास्त्रको स्नातकोत्तर कक्षा खुल्नु पर्ने, वाणिज्य शास्त्रको स्नातकोत्तरको स्तरमा सुधार हुनु पर्ने, अन्तर क्षेत्रीय शैक्षिक तथा सांस्कृतिक भ्रमणको व्यवस्था र निजी क्षेत्रका क्याम्पसहरूलाई आवश्यक मापदण्ड तय गर्नु पर्ने पनि आफ्नो २७ सूत्रीय मागपत्रमा उल्लेख गरेको छ। शैक्षिक सामाग्रीको उपलब्धी, छात्राहरूलाई प्रमाणपत्रसम्मको निशुल्क शिक्षाको व्यवस्था, निशुल्क स्वास्थ्य उपचार र दुर्गम क्षेत्रलाई कोटाको व्यवस्था, यातायातका साधनहरूमा ५० प्रतिशतसम्म सहुलियत, उच्च माध्यमिक शिक्षाको गुणस्तर र पूर्वाधारहरूको मूल्यांकन हुनु पर्ने, प्राविधिक शिक्षा, शिक्षित बेरोजगार अन्त्य गर्न दीर्घकालीन योजना बनाइनु पर्ने, पद्मकन्या क्याम्पसमा राजनीतिक पूर्वाग्रह राखी निष्काशन गरिएका विद्यार्थीहरूको कार्वाही फिर्ता गरिनु पर्ने पनि माग गऱ्यो। मागपत्रको २३ नम्बरमा वर्तमान उपकुलपति हटाउने माग गरेको छ। शैक्षिक क्षेत्रको भ्रष्टाचार अन्त्य गर्नु पर्ने, परीक्षा आदि शुल्क बढाइनु नहुने, तीन वर्षे स्नातकको अध्यापन बारे पुनर्विचार गरिनु पर्ने, त्रि.वि. मा भर्ना समस्या समाधान हुनु पर्ने, समयमै नतिजा प्रकाशन गर्ने र कक्षा संचालन नियमित होस् भन्ने कुरा आफ्ना २७ सूत्रीय मागमा समावेश गरेको छ।

यसै बीच राष्ट्रिय प्रजातान्त्रिक विद्यार्थी संघले संविधानको उल्लंघन, सार्वभौम संसदको अवहेलना भयो भनी ०५२ असारमा वक्तव्य मार्फत विरोध जनायो। यस अघि ०५२ जेठमा राप्रविसंघको मोरङ्ग जिल्ला सम्मेलनमा आफै भित्रको विवादका कारण खुकुरी तेस्याई निर्वाचन हुन नदिएको,

ब्यालेट बक्स काटिएको र महिला प्रतिनिधिहरूमाथि अभद्र व्यवहार गरिएको भनी विरोध गर्‍यो। नेविसंघ अञ्चलस्तरीय प्रशीक्षण कार्यक्रम उद्‌घाटन गर्न जानु भएका स्वास्थ्य मन्त्री अर्जुन नरसिंह के. सी. लाई सत्ताको दुरूपयोग गरेको भनी कालो झण्डा देखाएको अभियोगमा राप्रविसं खोटाङ जिल्ला अध्यक्ष जीवनकुमार श्रेष्ठमाथि मुद्दा समेत दायर गरियो।

अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी यूनियन अनेरास्ववियूले राजाको सलामीको रूपमा संविधानमा किटान गरिएको "राष्ट्रिय गान" लाई शिक्षण संस्थामा नराख्नु पर्ने माग गरेको छ। यसैगरी शैक्षिक क्षेत्रमा देखा परेको अराजकता र गुण्डागर्दीको विरोध र नियन्त्रण, सरकारी संचार माध्यमहरूको स्वायत्तता र शिक्षाको व्यापारीकरणको अन्त्य जस्ता थप माग पनि अघि सारेको छ।

०५३ साल साउन ३ गते शिक्षामन्त्री समक्ष आफ्ना मागहरू पुनः प्रस्तुत गर्दै अनेरास्ववियूका अध्यक्ष योगेश भट्टराईले नेतृत्व गरेको प्रतिनिधि मण्डलले शिक्षामा कांग्रेसीकरण र सत्ता हस्तक्षेपको विरोध जनायो। यस अघि अनेरास्ववियूले ४८ सदस्यीय जम्बो मन्त्रीमण्डलको विरोधमा ०५३ असारमा रत्नपार्कमा १० मिनेट चक्का जाम गरी सरकारप्रति रोष व्यक्त गर्‍यो। अनेरास्ववियूले पत्रकार सम्मेलन गरी आफ्नो चरणबद्ध आन्दोलनको कार्यक्रम घोषणा गर्‍यो। संगठनद्वारा पेश गरिएका ३६ सूत्रीय माग र समसामयिक राजनीतिक शैक्षिक समस्या समाधान गर्न अखिल सकडमा उत्रने क्रममा पहिलो चरणमा प्रचार प्रसार र राजनीतिक पार्टीहरू बीच लैजाने, ०५३ मंसीर १२ गते पर्चा पोष्टर टाँस्ने, मागपत्र वितरण गर्ने, १४ गते सम्बन्धित निकायमा स्मृतिपत्र बुझाउने, १८ गते क्याम्पस र विद्यालयमा कालो झण्डा गाड्ने, धर्ना दिने र कोणसभा गर्ने, २० गते जिल्ला शिक्षा कार्यालय र उपकुलपतिको कार्यालयमा धर्ना दिने, २३ गते क्षेत्रीय शिक्षा निर्देशनालय र शिक्षा मन्त्रीलाई धर्ना दिने मंसीर २४ गते प्रमुख शैक्षिक केन्द्रमा जुलुस र सभा गर्ने कार्यक्रम प्रकाशित गर्‍यो। अखिलको नेतृत्वमा आएको विवाद र स्ववियू निर्वाचनको कार्यक्रमका कारण संघर्षको ठोस कार्यक्रम अघि बढ्न सकेन।

यसै बीच नेपाल विद्यार्थी संघको सातौं महाधिवेशन ०५३ पुस २६ गते विराटनगरमा सम्पन्न भयो। नेविसंघको आन्दोलनको कुरा गर्दा पद्मकन्या क्याम्पसको स्ववियूले संचालन गरेको क्याम्पस प्रमुख हटाउ अभियान पनि निकै चर्चित रह्यो।

निष्कर्ष :

देशमा प्रजातन्त्रको स्थापना भएको पनि सात वर्ष पुग्न आँटेको छ। वर्तमान संविधान लागु भएपछि पनि २ संसदीय चुनाव तथा ४ किसिमका सरकार क्रियाशील भए। बिगतको तुलनामा नेपालको शैक्षिक क्षेत्रका कतिपय विषयमा केही परिवर्तन भए पनि विद्यार्थी, शिक्षक र प्राध्यापकले भोग्नु परेका मुलभूत समस्यामा खासै अन्तर आउन सकेन। ०४६ साल पछिको देशको शैक्षिक जगतको सामान्य सिंहावलोकन गर्दा बिगतमा पंचायती निरंकुशताको जातोमा पिल्सिएको शैक्षिक समुदाय त्यसपछि विशेषतः ०४८ सालको संसदीय निर्वाचनपछि सरकार चलाउने पक्षहरूको प्रत्यक्ष र अप्रत्यक्ष दमनको शिकार भएको छ।

वैचारिक प्रतिस्पर्धाको समयमा कसैलाई पनि बन्द कोठामा थुनेर राख्न नसकिने हुँदा शिक्षित समुदायमा पनि विविध वैचारिक आस्था र चिन्तन देखिनु अनौठो कुरा होइन तर व्यवहारिक जीवनको क्रममा एउटै समस्या भोगेका विद्यार्थी, शिक्षक र प्राध्यापकले समान चिन्ता व्यक्त गरे पनि तिनको समाधानको निम्ति सहकार्यमा जुट्न नसक्नु एउटा कटु यथार्थ बनेको छ।

नेपालमा हरेक सरकारले आफ्नो कार्यकालको शुरूवातमा दावी गर्ने गरेका छन्- हामी शैक्षिक क्षेत्रलाई राजनीतिबाट मुक्त पार्ने छौं। तर व्यवहारमा आजसम्म त्यस्तो देखिएको छैन। बरू सबै सरकारले कुनै न कुनै रूपमा शैक्षिक क्षेत्रलाई राजनीतिमा मुछेको छ। ■

अनुसूची ५ (ख)

आमसंचार र मानवअधिकार (१९९२-१९९६)

नेपाली प्रेसले बहुदलीय व्यवस्थाको स्थापनाका लागि महत्वपूर्ण भूमिका खेलेको कुरा जगजाहेर छ। बहुदलीय व्यवस्थाको आगमनपश्चात् नेपालको प्रेसले अझ स्पष्ट ढंगले खुला रूपमा मानवअधिकार सम्बन्धी सवाललाई उठाइ आएको छ। नेपालमा सरकारी संचार माध्यमहरू बहुदलीय व्यवस्थाको आगमनपश्चात् पनि सरकारी प्रचारमाध्यमका रूपमा मात्र रहेका छन्। त्यसैले मानवअधिकार सम्बन्धी प्रश्नमा निजी क्षेत्रका पत्रपत्रिकाहरूले उल्लेख्य योगदान पुऱ्याएका छन्। यातना, गिरफ्तारी, गोली काण्ड आदि सम्बन्धी समाचार वा विश्लेषणहरूद्वारा खासगरी निजी क्षेत्रका पत्रपत्रिकाहरूले मानवअधिकार अभियानलाई सघाउ पुऱ्याएका छन्।

नेपालमा अहिले झण्डै दुई हजार पत्रपत्रिकाहरू निस्किरहेका छन्। ती पत्रपत्रिकाहरूमा दैनिक, साप्ताहिक, अर्धसाप्ताहिक, पाक्षिक, मासिक, द्वैमासिक, त्रैमासिक, चौमासिक, अर्ध वार्षिक, वार्षिक आदि पर्दछन्। छयालीस सालमा बहुदलीय व्यवस्थाको पुनर्स्थापना हुनुअघि नेपालमा पत्रपत्रिका छापिनुअगावै सेन्सर हुने गर्थे। त्यतिखेर पत्रपत्रिकाको दर्तासमेत खारेज गर्ने कानूनी व्यवस्था थियो। बहुदलीय व्यवस्थाको पुनर्स्थापनापश्चात् पत्रकारहरूमा सुरक्षाभाव बढेको छ। उनीहरू धक फुकाएर लेख्न सक्ने अवस्थामा पुगेका छन्।

पंचायतकालमा नेपालमा पत्रकारिता मूलतः उद्देश्यमूलक थियो। त्यतिखेर प्रेस राजनीतिक उद्देश्यबाट प्रेरित थियो। पंचायत विरोधी आन्दोलनको एउटा अंग पत्रकारिता पनि थियो। तर बहुदलीय व्यवस्थाको स्थापनासँगै पत्रकारितामा व्यावसायिकताको क्रमशः विकास हुँदै गएको छ।

पंचायतकालमा पत्रकारिताको माध्यमबाट हुने गरेको प्रजातन्त्र र मानवअधिकारको लडाईंको स्वरूपमा बहुदलीय व्यवस्थाको आगमनपश्चात् निश्चित रूपमा परिवर्तन आएको छ। प्रजातन्त्रको स्थापना भइसकेपछि पनि हामीकहा "मानवअधिकार संस्कृति" को अभाव देखिएको छ। त्यही कारण मानवअधिकार उल्लंघनका घटनाहरू प्रकाशमा आउने गरेका छन्। प्रजातन्त्रको लडाईं एउटा तहमा सम्पन्न भइसकेको छ। तर प्रजातन्त्रलाई व्यवहारको धरातलमा उतार्ने काम बाँकी नै छ। प्रजातन्त्रोत्तरकालमा नेपाली प्रेसले यही भूमिका खेल्दै आएको छ। तर प्रश्न उठेको छ- प्रेसले आफ्नो यस्तो दायित्व कति हदसम्म निर्वाह गरेको छ त ?

मानवअधिकार उल्लंघनका कुनै पनि घटना सर्वप्रथम प्रेसले नै प्रकाशमा ल्याउने गर्दछ। त्यसैले संसारको पहिलो मानवअधिकार संस्था नै प्रेस हो पनि भनिन्छ। तर हाम्रो प्रेसले बहुदलीय व्यवस्थाको आगमनपछिका दिनमा मानवअधिकार अभियानलाई सोद्देश्यीय ढंगले अघि बढाउने कुरामा कत्तिको ध्यान पुऱ्याएको छ ? खोजीको विषय भएको छ।

यो प्रश्नको उत्तर खोज्दै जाँदा हामी के पाउँछौ भने मानवअधिकारहरूको आधुनिक अवधारणा तथा मौलिक अधिकारहरूका बारेमा टिप्पणी वा सैद्धान्तिक लेख-रचनाहरू कमै भए पनि समाचारको रूपमा तिनलाई प्रकाशन गरेर नेपाली प्रेसले मानवअधिकार अभियानलाई अघि बढ्न सघाएको छ। मानवअधिकार उल्लंघनका कतिपय घटनाहरूका सम्बन्धमा सम्पादकीयहरू समेत लेखिएका छन्।

महिला तथा बालअधिकार

खासगरी महिला अधिकारसंग सम्बन्धित सामग्रीहरूले नेपाली प्रेसमा राम्रो ठाउँ पाएका छन्। सनसनीपूर्ण र बिक्रीका दृष्टिकोणले पनि लाभदायक हुने भएकोले त्यस्ता सामग्रीहरूले ठाउँ पाउने गरेका हुन सक्छन्। यस क्रममा कतिपय सामग्रीहरू नाटकीय ढंगले समेत प्रस्तुत गरिएका पाइन्छन्।

देह ब्यापारका विषयमा ०४८ साल भदौदेखि ०४९ भदौसम्ममा उन्तीस वटा समाचारहरू प्रकाशित भएका छन्। यो बीचको एक वर्षभित्र देह ब्यापारको विषयमा समाचार प्रकाशित गर्ने पत्रपत्रिकाहरूमा दृष्टि, छलफल, पुनर्जागरण, महिमा, देशान्तर, गोरखापत्र, जनता, सुरुचि, स्वतन्त्र राष्ट्र, प्रयास, नेपाली आवाज, हिन्दू दैनिक, जनबल, विमर्श र प्रतिपक्ष छन्। पत्रिकाहरूमा प्रकाशित समाचार अनुसार बेचिएका चेलीहरूमा उनन्तीस जना सोह्र वर्षभन्दा कम उमेरका छन्। आठ जनाको उमेर त तेह्र वर्ष मात्र छ। तीन जना चौध वर्षका छन् भने चार जना पन्ध्र वर्षका छन्। बेचिएका चेलीहरूमा सबैभन्दा बढी उमेर बाईस वर्ष मात्र छ।

पत्रपत्रिकाहरूका अनुसार बेचिएकाहरूमा सबैजना भारतमा नै बेचिएका छन्। भारतको पनि बम्बई शहरमा सबैभन्दा बढी नेपाली चेलीहरू बेचिएका छन्। बेचिएकामध्ये धेरैलाई विभिन्न लोभलालच देखाएर लगिएको छ। एउटा घटना मात्र जबरजस्ती बेच्न लगेको पाइएको छ। धेरैलाई

दरबारद्वारा भिन्नै संविधान प्रस्तुत

मूलभूत कुराहरूमा व्यापक भिन्नत

(रमेश सम्वाददाता)

काठमाडौं, कार्तिक ४ गते। राष्ट्रको भावी संविधान कुन रूपमा र कहिले आउने हो भन्ने विषयलाई लिएर अधिराज्यभर व्यापक अन्योल, अनिश्चितता र यदाकदा षड्यन्त्रको आभास समेत महसूस गर्न थालिएको वर्तमान सन्दर्भमा 'प्रधानमन्त्रीको परामर्शमा तयार भएको' भन्दै आज दरबारद्वारा व्यापक प्रचार प्रसारमा ल्याइएको 'नेपाल अधिराज्यको संविधान २०४७' राष्ट्रको राजनीतिक क्षेत्रमा विशेष चासो, जिज्ञासा र चर्चा परिचर्चाको विषय बन्न पुगेको छ।

२०४७ साल कार्तिक ५ गतेको गोरखापत्रको चर्चित समाचार

काम लगाइदिने भनेर लगिएको छ । केहीलाई विवाहको आश्वासन दिएर दलालहरूले बेच्न लगेका छन्। थोरैलाई मात्र घुमाउन र सिनेमाको अभिनेतृ बनाइदिने आशा देखाएर बेचिएको छ।

चेलीहरूलाई बेच्न लग्नेहरूमा धेरै नजिककै गाउँलेहरू भएको पाइएको छ। केही टाढाका र नचिनेकाहरू पनि छन्। ०४९ साल असार ६ गते प्रकाशित गोरखापत्रको समाचार अनुसार त गीता नाम गरेकी एक जना चेली आफ्नै काकाबाट समेत बेचिएकी छन्। सिनेमाकी अभिनेतृ बनाइदिने आश देखाएर बेचिएकी चेलीको विषयमा ०४८ साल पुस महिनाको प्रयास ले समाचार प्रकाशित गरेको छ। विवाह गर्ने झूठो आश्वासन दिएर भारतका विभिन्न शहरहरूमा नेपाली चेलीहरूलाई बेचिएका घटनाहरू पनि विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भएका छन्।

०४९ साल मंसीर २९ गते राती एकजना ग्रामीण महिलालाई प्रहरी हिरासतमै बलात्कार गर्ने काठमाडौं बुढानिलकण्ठका प्रहरी नायव निरीक्षक गोपालप्रसाद ढकाल जागिरबाट बर्खास्त भए। त्यही वर्ष असारमा ठमेलको एउटा लजमा सात वर्षकी अबोध बालिकालाई बलात्कार गर्ने हर्कजीत भन्ने कुमार लामा पनि केही समयपछि पक्राउ पर्‍यो।

०५० साल जेठ ३ गतेको देशान्तर साप्ताहिकमा "सर्कस होइन वेश्यालय पुर्‍याए" शीर्षकमा मोहन भण्डारीको नाममा छापिएको उक्त खोजपूर्ण समाचारमा बताइएको थियो- "यस सम्बन्धमा प्रहरीसंग बुझ्न खोज्दा प्रमाण सहित लिखित जाहेरी आएमा अभियुक्तहरूको खोजी गरी कार्वाही चलाउने थियौं भन्ने जवाफ दिइयो। प्रहरीले यस घटनामा राम्रो चासो राखेर अपराधीहरूको खोजी गर्‍यो भने केटी बेच्ने गिरोह कार्वाहीमा पर्न सक्ने देखिन्छ।"

०५० साल भदौ ८ गतेको अंकमा पुनर्जागरण साप्ताहिकले "मान्छेको तस्करी गर्ने गिरोह" शीर्षकमा विदेशमा रोजगार दिलाउने प्रलोभनमा पारी सोझा साझा युवतीहरूलाई ललाई फकाई विदेश पुर्‍याउने पूर्व महिला प्रहरी सुभद्रा बरालको फोटो समेत प्रकाशित गरेको छ। सुभद्रा बरालले आफ्ना पति विनोद सुब्बालाई छोडेर उक्त विदेश पठाउने धन्दा प्रहरीकै डि.एस.पी.को संरक्षकत्वमा पुनः संचालन गरिरहेको कुरा उक्त समाचारले प्रकाशित गरेको छ।

गोरखापत्र दैनिकमा ०५० भदौ ३१ गते "चेलीबेटी बेच्न लागेको आरोपमा छ जना पक्राउ" शीर्षकमा समाचार प्रकाशित भएको छ। ०५० साल असोज २ गते जनभावना साप्ताहिकमा "दिन दहाडै केटी बेचिन्छन् : "नेपाल हो कि बम्बै" शीर्षकमा सचित्र समाचार प्रकाशित भएको छ। के.डी.सी. को नाममा प्रकाशित उक्त समाचारको पहिलो पंक्ति यस्तो छ- "दुई करोड नेपालीहरूको मर्यादित संसद्मा "चेलीबेटी बिक्री वितरण र बलात्कार" सम्बन्धी एउटा विधेयक मस्यौदा प्रस्तुत गर्दा प्रजातान्त्रिक सरकारका समाजवादी सांसदहरू "फजुल विधेयक आइमाईहरूको मिथ्याको गनगन" भनेर पन्छाइ दिन्छन् भने सर्वसाधारण जनताले के नै गर्न सक्छन् र?" उक्त समाचारमा कारखानामा काम गर्ने पासाङ्ग लामा र छिरिङ्ग डोल्मालाई होटल मालिक्नी याङ्जी शेर्पाद्वारा विक्री गरिएको घटना प्रकाशित भएको छ।

मोफसलबाट प्रकाशित हुने लुम्बिनी दैनिकले ०५० असोज ११ गतेको अंकमा "नाबालिका बेच्ने गिरोहको पर्दाफास" शीर्षकमा एक खोजपूर्ण समाचार प्रकाशित गरेको छ। त्यसै दिन कान्तिपुरमा "दाइजो उन्मूलन संघ" गठन भएको समाचार छापिएको थियो। त्यसको भोलिपल्टकै गोरखापत्रमा जनकपुरको एउटा यस्तो समाचार छापियो- "नेपाल महिला संघ र दाइजो उन्मूलन संघको सहयोगमा प्रदीप साहले तीलकबापत् प्राप्त २ लाख ५० हजार रूपैयाँ श्रीमती पुनम साहलाई फिर्ता गरेका छन्।" त्यसै गरी ०५० साल माघ २२ गते प्रकाश साप्ताहिकमा "बालिका बेच्ने गिरोह प्रहरीको पंजामा" सचित्र समाचार प्रकाशित भएको छ।

प्रेसले मानवअधिकार उल्लंघनका घटनाहरूलाई कसरी उठाउँदो रहेछ भन्ने बुझ्न नेपाल बाल मजदूर सरोकार केन्द्रको बालअधिकार उल्लंघनसम्बन्धी सामग्रीहरूको सुव्यवस्थित संकलन पनि पर्याप्त छ।

सीविनले पत्रपत्रिका सर्वेक्षण गर्ने क्रममा ०५० सालमा नेपालमा चेलीबेटी बेचबिखनका सम्बन्धमा १ सय ५४ वटा राष्ट्रिय दैनिक एवं साप्ताहिकहरूको सर्वेक्षण गर्दा यस्तो घटना प्रकाशमा आयो- "विराटनगर सर्कसमा काम लगाई दिन्छु भन्ने प्रलोभन दिई नेपाली युवतीहरूलाई ललाई फकाई गरेर

भारतमा लगी बिक्री गर्ने काममा सक्रिय रहँदै आएको एउटा गिरोहको हालै मात्र पोल खुल्न गएको छ। केही दिन पहिले उक्त गिरोहले विराटनगर-१४ की सुमद्रा मगर नाम गरेकी एक १५ वर्षीया युवती विक्री गर्न भनी आगरा पुऱ्याएकोमा सुमद्रा त्यहाँबाट भाग्न सफल भइन् र घर आई उनले उक्त गिरोहको करतुतको बारेमा भण्डाफोर गरेपछि पोल खुल्न गएको हो।"

०५२ जेठ २६ गतेको गोरखापत्रमा " दाइजो नपाएको झोंकमा पत्नीको हत्या" शीर्षकमा एक समाचार छापिएको थियो। उक्त समाचारको पहिलो पंक्ति यस्तो थियो- "जलेश्वर जेठ २५ गते, महोत्तरी जिल्लाको मदै गाविस बस्ने राजनारायण झाले टेलिभिजन दाइजो नपाएको झोंकमा आफ्नी २२ वर्षीया पत्नी चंचलादेवी झालाई सारीले घाँटीमा कसी मारेको कुरा प्रहरीबाट थाहा भएको छ।"

सिविन डकुमेन्टेशन तथा लाइब्रेरीका अनुसार ०५२ सालमा ४३ विभिन्न राष्ट्रिय दैनिक तथा साप्ताहिक पत्रपत्रिकाहरूमा नेपालमा देह व्यापार तथा चेलीबेटी बेचबिखनका घटनाहरू सम्बन्धी कूल १ सय १ घटनाहरू प्रकाशनमा आए भने जम्मा १ सय ७१ जना चेलीबेटीहरू भारतका विभिन्न वेश्यालयहरूमा बेचिए। बेचिएका चेलीबेटीहरूमा २८.१ प्रतिशत १६ वर्षमुनिका बालिकाहरू नै थिए।

सीविन डकुमेन्टेशन तथा लाईब्रेरी शाखाका अनुसार ०५२ साल पुस १ देखि ०५३ पुस १६ गतेसम्ममा ३८ वटा राष्ट्रिय दैनिक तथा साप्ताहिकहरूमा प्रकाशित घटनाहरूको संकलनबाट थाहा पाइयो- त्यस अवधिमा बलात्कारका कूल १ सय ४० घटनाहरू प्रकाशनमा आए। त्यसमध्ये ५६.१५ प्रतिशत घटनाहरू १६ वर्षमुनिका बालिकाहरूमाथि भएको अत्याचारका थिए। बलात्कारका शिकार भएकाहरूमा अवोध बालबालिका, विद्यार्थी, कामदार महिला, गृहणी, विधवा महिला, अपांग महिला, सुत्केरी तथा गर्भवती र वृद्धाहरूसमेत थिए। बलात्कारीहरूमा बालिकाका आफन्त, स्थानीय मानिस, गुरू, प्रहरी, सहकर्मी, मालिक र मन्त्रीसमेत थिए।

०५२ साल फागुन १७ गतेको लोकपत्र दैनिकले "बुटवल क्याम्पसमा तनाव : समलिङ्गी शिक्षक पक्राउ" शीर्षकमा शिक्षकद्वारा आफ्नै विद्यार्थीमाथि भएको अत्याचारको कथा प्रकाशित गरेको छ। सो समाचारमा 'आई. ए. दोस्रो वर्षमा अध्ययनरत टेकबहादुर जी.सी.लाई सोही क्याम्पसका अंग्रेजी विषयका सहायक प्राध्यापक गोपाल परियारले आफ्नै कोठामा लगी जबरजस्ती अनुचित कार्य गरेको कुरा उल्लेख गरिएको छ।

०५२ साल फागुन २५ गतेको श्री सगरमाथा दैनिकले "नारी दिवस र बेचिएका चेली" शीर्षक अन्तर्गत सम्पादकीय टिप्पणी प्रकाशित गर्दै भनेको छ- "एक्काइसौं शदीको संघारमा पनि नेपाली महिलाहरू दासयुगमा जस्तो बेचिएका छन् र यौन अपराधको शिकार भएका छन्। तर हामी चाहिं कानून र संविधानमा महिलाप्रति भेदभाव छैन भनेर बडो सहर्ष भाषण र व्याख्यान गरेर बाँचेका छौं। स्थितिको

२०५३ भदौ ७ गतेको कान्तिपुर दैनिकमा पहिलो चोटि छापिएको बाल श्रमिक धिरज के.सी.को कथा

बिडम्बना कस्तो छ भने, हामी नेपालीहरू आफै आफ्ना छोरी, चेली र पत्नीहरूलाई बेचिरहेका छौं।"

०५२ फागुन २७ गतेको हिमालय टाइम्स दैनिकमा "नुवाकोटका दुई हजार युवती बेचिए" शीर्षकमा विष्णु घिमिरेको एक खोजपूर्ण समाचार प्रकाशित भएको छ। समाचारमा भनिएको छ- "घ्याङफेदी गाविस त्यस्तो गाविस हो- जहाँ प्रत्येक घरबाट चेलीहरू हराएका छन्।" सोही समाचारमा विभिन्न २० गाविस र एक नगरपालिकाबाट लोभलालच, प्रलोभन तथा जबरजस्ती भगाइएका युवतीहरूको संख्या पनि उल्लेख गरिएको छ।

०५२ फागुन ३० गते बुटवलबाट प्रेषित बुधवार साप्ताहिकको "चेली बेच्ने गिरोह पक्राउ" शीर्षक अन्तर्गत प्रकाशित समाचारमा नेपाली चेलीहरूलाई भारतका वेश्यालयहरूमा पुऱ्याउने ठूलो जमात नवलपरासी प्रहरीको कब्जामा परेको कुरा उल्लेख गरिएको छ।

त्यसैगरी कान्तिपुर दैनिकको ०५२ चैत २९ गते प्रकाशित सम्पादकीय टिप्पणी यस्तो छ- "भारतीय वेश्यालयहरूमा ठूलो संख्यामा नेपाली चेलीहरू देह व्यापारमा लागेका र लगाइएका छन्। एउटा अनुमान अनुसार तिनको

एकवर्षभित्र तीस चेलीबेटी बेचिए

[illegible]

२०५३ फागुन ९ गतेको कान्तिपुर दैनिकको एक समाचार

संख्या लगभग दुई लाख छ।" यस्ता सामग्रीहरू नेपाली प्रेसमा बहुसंख्यामा छापिएका छन्। राष्ट्रपुकार साप्ताहिकले ०५२ साल चैत ३० को अंकमा "छोरी पनि नभन्ने यौन पिपासु र छोरी मार्ने बाबु हिरासतमा" शीर्षकमा नवलपरासीका ५० वर्षीय जंगी हरिजनले आफ्नै १२ वर्षीया गीता हरिजनलाई बलात्कार गरेको र सोही अभियोगमा प्रहरीले अभियुक्त बाबुलाई गिरफ्तार गरी हिरासतमा राखेको समाचार प्रकाशित गरेको छ।

०५३ असार १७ गतेको महिमा साप्ताहिकमा "तीन युवतीद्वारा एक युवक बलात्कृत" शीर्षक अन्तर्गत अनौठो समाचार प्रकाशित भएको छ।

कान्तिपुर दैनिकको ०५३ साल भदौ ७ गतेको अंकमा छापिएको बालश्रमिक धीरज के.सी.को अवस्थाको सचित्र वर्णन वास्तवमै महत्वपूर्ण थियो। उक्त समाचार कथाले अन्तर्राष्ट्रिय संचारमाध्यममा समेत चर्चा पायो। नेपाली प्रेसले मानवअधिकार अभियान तथा मानवअधिकार उल्लंघनको घटनालाई उजागर गरी मानवअधिकार अभियानलाई सघाएको उदाहरण प्रस्तुत गर्नुपर्‍यो भने बुधवार साप्ताहिकको ०५३ भदौ २६ गतेको अंकमा छापिएको "यही हो खुँखार माओवादी" शीर्षकको रूकुमको बालबन्दी सम्बन्धी समाचारलाई लिन सकिन्छ। उक्त सचित्र समाचारको शाब्दिक विवरण यस्तो थियो "तपाई पत्याउनुस् या नपत्याउनुस्- यो बच्चा खुँखार माओवादी हो। ... रूकुम जिल्ला प्रहरी कार्यालयले खुँखार माओवादी भनेर नै वारेण्ट जारी गरेपछि बच्चाको बाबुले बोकेर सदरमुकाममा प्रहरीलाई बुझाएका थिए। यो विचरा नावालक माओवादी हो या होइन भनेर रूकुम जिल्ला प्रहरी कार्यालयको मुद्दा फाँटको फाइल पल्टाएर हेर्दा स्पष्ट हुन्छ- "माओवादी नै हो।" यो ९ वर्षे बालकलाई प्रहरीले माओवादी मात्र होइन, जनयुद्धका क्रममा ज्यान मार्ने उद्योग गरेको अभियोग लगाएर मुद्दा चलाएको छ।

०५३ साल असोज ८ गतेको दृष्टि साप्ताहिकमा "कमला झण्डै मारिएकी थिइन्" शीर्षकमा गोरखा नारेश्वर लप्सेकी कमला अधिकारीउपर उनका पति र सासूबाट भएको उत्पीडनको कथा प्रकाशित भएको छ। महिलाहरूउपर भएका उत्पीडनका सम्बन्धमा पत्रपत्रिकाले उल्लेख्य रूपमा समाचार वा अन्य सामग्रीहरू प्रकाशित गरेका छन्। ०५३ कार्तिक १ गते कान्तिपुर दैनिकले "सतित्व लुट्न खोज्ने डाक्टर समातिए" शीर्षक अन्तर्गत डा. कपिल देव मिश्रको कर्तुतको बयान प्रकाशित गरेको छ।

०५३ साल फागुन ३० गतेको महानगर दैनिकको सम्पादकीय टिप्पणीले यस्तो कुरा उजागर गर्‍यो "सिन्धुपाल्चोक, नुवाकोट, रसुवालगायतका जिल्लाहरूमा केही परिवारले त आफ्नी छोरी-बहिनीलाई कमाइखाने साधनको रूपमा प्रयोग गर्ने प्रवृत्ति बढ्दै गएको देखिन्छ। उनीहरू स्वयं आफ्ना चेलीबेटीलाई भारतका शहरमा लगी कोठीमा जिम्मा लगाउने गर्दछन् र वार्षिक रूपमा छोरीले पठाएको कमाइबाट बाँचेका छन्।" यसरी हुने महिला अधिकार हननका सम्बन्धमा सरकारलाई सचेत पार्न सोही सम्पादकीय अगाडि लेख्छ "श्री ५ को सरकारले चेलीबेटी बेचबिखन कार्यको नियन्त्रणमा कडा नियन्त्रण राख्नुपर्ने देखिन्छ।"

०५० पुस १७ देखि ०५१ पुस १६ गतेसम्म समकालीन, प्रकाश, देशान्तर र पुनर्जागरण साप्ताहिकमा क्रमशः नौ, पाँच, सात र एक समाचार महिला बेचबिखन र बलात्कारका सम्बन्धमा प्रकाशित भएका छन्। त्यस्तै ०५१ पुस १७ देखि ०५२ पुस १६ गतेसम्म छलफल, वार्ता (महेन्द्रनगर), युगसम्वाद, हिमाली आवाज (पोखरा) र उज्यालो (नेपालगञ्ज) साप्ताहिकमा महिला बेचबिखन र बलात्कारसंग सम्बन्धित क्रमशः एघार, तीन, नौ, एक, र दुई वटा समाचारहरू छापिएका छन्।

मौलिक अधिकार एवं सम्मानित रुपले बाँच्न पाउने अधिकार

गोली काण्ड, लाठी चार्ज आदि नागरिक तथा सामाजिक अधिकारहरूसंग सम्बन्धित कुराहरूबाहेक कमैया, छुवाछूत जस्ता विषयहरूले पनि यस अवधिमा पत्रपत्रिकामा प्रशस्त ठाउँ पाएका छन्। खासगरी नेपालका दुर्गम पहाडी इलाकामा घट्ने यस किसिमका घटनाहरूलाई नेपाली प्रेसले उल्लेख्य रूपमा उठाएको छ।

०४७ साल वैशाख १० गते राजधानीमा भएको प्रहरी

हत्याकाण्ड लगायत ०४८ साल वैशाख २९ गते भएको पहिलो आम निर्वाचन र त्यही साल जेठमा सम्पन्न स्थानीय निर्वाचनका क्रममा भएका अनियमितता सम्बन्धी समाचारहरूलाई नेपाली प्रेसले प्रमुखताका साथ प्रचार-प्रसार गर्‍यो। ०४८ साल चैत २४ गते राजधानीमा भएको गोली काण्डका सम्बन्धमा पनि प्रेसले निकै ठूलो चासो देखाएको थियो।

नेपाली प्रेसको संयुक्त र जोडदार लेखनीका कारण यी केही घटनाका अपराधीहरूले सजाय पनि पाए। ०४८ साल माघ ११ गते वाग्लुङमा प्रहरी इन्स्पेक्टर थानेश्वर वैद्यको हत्या गरेको आरोपमा पक्राउ गरिएका मशालका कार्यकर्ताहरूलाई दिइएको अति निर्मम यातनाको पनि प्रेसले भण्डाफोर गर्‍यो। ०४८ साल चैत १४ गतेको विमर्श साप्ताहिकको मुख्य पृष्ठमै पैताला पोलिएका बन्दीहरूको फोटो छापी "जिउँदो मानिसलाई आगो लगाइयो" शीर्षकको समाचार प्रकाशित गरियो। प्रजातन्त्रको आगमनपश्चात् पनि जनताले सुरक्षाको अनुभव गर्न पाएनन् भन्दै समाचारमा लेखिएको थियो- झापा काण्ड र बम काण्डका बन्दीहरूले भोगेको यातनाको वर्णन सुन्दा आंग नै सिरिंग हुन्थ्यो। पाइतालामा लठ्ठीले पिट्नु, नङमा पिनले रोप्नु, लाठी भांचिने गरी पिटाइ खानु र बन्दीहरूका मुखमा पिसाव फेर्नु त पुलिसले बन्दीसंग गर्ने सामान्य व्यवहार हुन्थ्यो। वामपन्थी र प्रजातन्त्रवादी त्यागी युवाहरू तथा नेपाली जनताले प्रजातन्त्र ल्याए। प्रजातन्त्रको आगमनपछि यातनाका यस्ता कथाहरूको अन्त्य हुनेछ भन्ने लागेको थियो। तर यसपल्ट बागलुंगबाट फर्केपछि म झन् व्यथित र आक्रोशित भएको छु। त्यहांका केही बन्दीहरूले भोगेको यातना देखेपछि वर्तमान प्रजातन्त्रमा प्रहरी पाशविकताले पंचायतलाई पनि माथ गर्न थालेको अनुभव गरेको छु।" बागलुंगको अशान्ति, आतंक र असुरक्षासम्बन्धी समाचारलाई दृष्टिगत गरी यातना पीडित सरोकार केन्द्र र मानवअधिकार संरक्षण मंचले वास्तविकता अध्ययन गर्न पठाएको टोलीमा डा. बालकृष्ण भट्टराई, अधिवक्ता शिवराज अधिकारी र पत्रकार रघु पन्त सम्मिलित हुनुहुन्थ्यो।

०५० साल असार ११ गते प्रहरीद्वारा वेपत्ता पारिएका प्रभाकर सुवेदीका सम्बन्धमा पनि नेपाली प्रेसले जोडतोडका साथ कुरा उठायो। त्यही वर्ष जेठ ३ गते भएको दासढुंगा दुर्घटनाले नेपाली प्रेसमा आजसम्म कुनै पनि घटनाले पाएभन्दा उल्लेख्य ठाउँ पायो। एमालेका तत्कालीन महासचिव मदन भण्डारी एवं संगठन विभाग प्रमुख जीवराज आश्रितको मृत्यु भएको उक्त घटनाका सम्बन्धमा प्रेसले न्यायिक छानबिनका लागि अर्को आयोग गठन गराउन जोड दिएको थियो। ०५० साल असारमा राजधानी र ललितपुरमा भएको गोली काण्ड सम्बन्धी समाचारले पनि प्रेसमा प्रमुखता पाएको थियो।

०५० पुस १७ देखि ०५१ पुस १६ गतेसम्म समकालीन, प्रकाश, देशान्तर र पुनर्जागरण साप्ताहिकमा मात्र क्रमशः १५, १५,२३ र १२ वटा गोली र हत्या काण्डसम्बन्धी समाचारहरू छापिएका थिए। ती पत्रिकाहरूमा मुठभेड र गिरफ्तारीका बारेमा क्रमशः १३,६,७ र ६ वटा समाचारहरू छापिएका छन्।

त्यस्तै ०५१ पुस १७ देखि ०५२ पुस १६ गतेसम्म छलफल, वार्ता (धनगढी), युगसम्वाद, हिमाली आवाज (पोखरा) र उज्यालो (नेपालगञ्ज) साप्ताहिकमा गोली र हत्याका सम्बन्धमा क्रमशः २६, ३, २१, ३ र २ वटा समाचारहरू छापिएका थिए। त्यस अवधिमा छलफल साप्ताहिकमा हिरासतमा दिइएको यातना सम्बन्धी छ वटा समाचार सामग्रीहरू प्रकाशित भएका छन्। छलफल, युगसम्वाद, हिमाली आवाज र उज्यालोमा मुठभेड र गिरफ्तारी सम्बन्धी क्रमशः २,५, १ र ४ वटा समाचार सामग्रीहरू छापिएका थिए।

२०५३ भदौ २६ गतेको बुधवार साप्ताहिकमा छापिएको एक समाचार

बाँधा प्रणाली अन्तर्गत रहेको कमैया प्रथाले बहुदलीय व्यवस्थाको आगमनपश्चात् प्रेसमा ठाउँ पाइरहेको छ। तर गएको वर्ष फागुनदेखि शुरू भएको माओवादी जनयुद्धका क्रममा भइरहेको मानवीय जीवनको क्षतिले भने प्रेसमा मानवीय संवेदनालाई बोधो बनाइदिएको छ। तुलनात्मक रूपले शान्त नेपाली समाजमा माओवादी जनयुद्धको नियन्त्रणका नाममा भएको दमनमा मानिसहरूको हत्या भइरहेको कुराले भने प्रेसमा उल्लेख्य ठाउँ पाउन नसकेको देखिँदैछ।

०५३ साल असोज ३० गते राजधानीको चावहिलमा प्रहरी हिरासतमा दर्पण बर्मा नामक युवकको मृत्यु भयो। दर्पण बर्मा पक्राउ परेको देख्ने प्रत्यक्षदर्शीहरू र उनका आफन्तहरू अहिले पनि भन्दछन्- दर्पणको मृत्यु प्रहरीको कुटाइबाटै भएको हो। तर प्रहरीले अहिलेसम्म यो कुरा स्वीकार गरेको छैन। र, प्रहरीले यस विषयमा चित्तबुझ्दो प्रमाण पनि पेश गर्न सकेको छैन।

राजधानीको मुटुमै भएको घटना भएर पनि होला, पत्रपत्रिकामा दर्पण बर्माको मृत्युले उल्लेख्य ठाउँ पायो। "प्रहरी हिरासतमा युवकको मृत्यु" (कान्तिपुर- कात्तिक १), "प्रहरी

२०४९ कार्तिक २१ गतेको साप्ताहिक विमर्शमा छापिएको कार्टुन :यही कार्टुनका कारण सम्पादक हरिहर विरहीले जेल जानु परेको थियो।

हिरासतमा दर्पणको रहस्यमय मृत्यु" (श्री सगरमाथा- कार्तिक १), "प्रहरीको कब्जामा युवकको मृत्यु"(समाचारपत्र- कात्तिक १), "प्रहरीद्वारा युवकको हत्या" (प्रतिपक्ष- कात्तिक २), "दर्पण घटनास्थलमै मरेको दावी" (श्री सगरमाथा- कात्तिक २), "वर्माको मृत्युको घटना रहस्यमय बन्दैछ" (कान्तिपुर- कात्तिक २), "पुलिस अक्युज्ड कस्टोडियल डेथ" (काठमान्डू पोष्ट- कात्तिक २), "बोईज डेथ नट इन कष्टडी : कप्स" (राइजिङ नेपाल- कात्तिक २), "चावहिलको हत्याले राजनीतिक रंग लिने संभावना (समाचारपत्र- कात्तिक १०), "ठोकुवा गरियो- प्रहरी नै हत्यारो हो" (बुधवार- कात्तिक १४), "दर्पण बर्माको मृत्युबारे छानवीन समिति" (श्री सगरमाथा- कात्तिक १४), "दर्पण हत्याकाण्ड-चावहिलबासीहरू हत्यारालाई कार्वाही गराउने पक्षमा" (श्री सगरमाथा- कात्तिक १५), "पाइलट बन्ने छोरो सधैंका लागि गयो" (श्री सगरमाथा- कात्तिक १६), "चावहिल चर्कंदैछ" (विमर्श- कात्तिक १६), "पिपुल मीस दर्पण बर्मा, द पुलिस डज नट नो" (एभरेष्ट हेराल्ड- कात्तिक १६), "प्रहरी हिरासतभित्र निर्मम यातना" (कान्तिपुर- कात्तिक १८), "चावहिल घटनाको सेरोफेरो, मृत्यु रहस्यमय तर अनुसन्धानले गति लिएन" (देशान्तर- कात्तिक १८), "हत्यारा इन्स्पेक्टरलाई बचाउन थालियो" (छलफल- कात्तिक १८), "दर्पण बर्माको हत्या कसले गऱ्यो?" (समकालीन- कात्तिक २२), "दर्पण हत्याकाण्ड- सरकार विरूद्ध कांग्रेसी सक्रिय" (विमर्श- कात्तिक २३) आदि शीर्षकमा उक्त समाचार चर्चाको शिखरमा पुगेको थियो।

मानवअधिकारसम्बन्धी अन्य सवालहरु

साधारणतया प्रेसले मानवअधिकार अभियानलाई दुई किसिमले सघाइरहेको हुन्छ। पहिलो- सचेत ढंगले जनतालाई अधिकारहरूबारे बताउने किसिमका सैद्धान्तिक वा विवरणात्मक सामग्री प्रकाशित गरेर। दोस्रो, मानवअधिकार उल्लंघनका घटनाहरूलाई समाचारका रूपमा उजागर गरेर। नेपाली प्रेसले दुवै किसिमले मानवअधिकारको क्षेत्रमा योगदान पुऱ्याइरहेको छ। तर तुलनात्मक रूपमा दृष्टिगत गर्दा दोस्रो किसिमबाट नै नेपाली प्रेसले मानवअधिकारको क्षेत्रमा बढी योगदान पुऱ्याइरहेको देखिन्छ।

मानवअधिकारवादीहरू मानव हकको उल्लंघनका विरूद्ध जोडतोडले आवाज उठाउन सक्छन्। तर मानव हकका उल्लंघनकर्ताहरूलाई यथोचित सजाय दिने दायित्व भने राज्यकै हुन्छ। बरू राज्यपक्षलाई त्यस्तो कार्वाहीका निम्ति दवाबको सृजना गर्ने काम सूचना प्रवाहले गर्दछ भन्ने कुरा त सर्वविदितै छ। सूचना प्रवाहद्वारा मानवअधिकार उल्लंघनका घटनाप्रति तीब्र असहमतिको वातावरण सृजना हुन्छ। पत्रकारिता स्वतः मानवअधिकारको रक्षकका रूपमा खडा हुन पुग्दछ। सूचनालाई प्रवाहित गरी जनमत जुटाउने मानवअधिकारवादीहरूको उद्देश्यसंग नेपाली प्रेसमा छापिएका सामग्रीहरू पनि एकाकार भएका देखिन्छन्।

नेपाली प्रेसले सम्मानित रूपले बाँच्ने पाउने अधिकार, मौलिक अधिकार, महिला अधिकार, वालअधिकार तथा आर्थिक अधिकार आदि सबै किसिमका अधिकारहरूसम्बन्धी सामग्रीहरू प्रस्तुत गरेको छ। कमैया तथा छुवाछूत आदि विभिन्न विषयहरूमा पनि नेपालका आमसंचारका माध्यमहरूद्वारा सामग्रीहरू प्रस्तुत गरिएका छन्।

बाल अधिकारको संरक्षण र सडक बालकहरूको लालनपालनमा संलग्न विदेशी व्यक्तिहरू नै बाल यौन दुराचारमा संलग्न भएका घटनाहरू पनि बहुदलीय व्यवस्थाको पुनर्स्थापनापश्चात् नेपाली प्रेसले उठाउँदै आयो। ०५३ साल असार १९ गतेको बुधवार साप्ताहिकले "संरक्षणको नाममा बालकको यौन शोषण" शीर्षकमा गोपाल गुरागाईंको सचित्र अनुसन्धानमूलक समाचार प्रकाशित गऱ्यो। सोही समाचारले ललितपुरस्थित ब्रिटिश स्कूलका शिक्षक निकलास हेवार्ड र जावलाखेलमा क्लिनिक चलाएर बसेका डा. लुकास लामो समयदेखि सडक बालकको लालनपालन र संरक्षण गर्ने नाममा यौन दुराचारमा संलग्न भएको तथ्य उजागर गऱ्यो। सो समाचारको तेस्रो अनुच्छेदमा भनिएको छ "एक आठ वर्षीय बालकको भनाइअनुसार निकलासले उनलाई पांच पल्ट दुर्व्यवहार गरे। उनको मुख र गुदद्वारमा मैथुन गरेपछि बिरामी भएका बालकले प्रहरीलाई बताउने धम्की दिएपछि निकलासले उनलाई आफ्नो संरक्षणगृहबाट निकालिदिए। सोही मितिमा जनआस्था साप्ताहिकले पनि कमल पौडेलको नामबाट "समलिंगी यौन दुर्व्यवहार गर्ने बिदेशीहरू" शीर्षकमा सचित्र समाचार प्रकाशित गऱ्यो। समाचारको दोस्रो अनुच्छेद यस्तो थियो "अमेरिकी नागरिक एलेन वासेटले पनि स-साना बालकहरूसंग समलिंगी यौन दुर्व्यवहार गर्ने गरेको थाहा भएको छ। विगत १० वर्षदेखि सानेपास्थित एक घरमा डेरा लिएर बसेका निज एलेन बहुमूल्य पत्थर (स्टोन-जेम्स) को व्यापार गर्दछन्। उनी पाटन अद्यौगिक क्षेत्रका केही व्यापारीहरूसंगै मिलेर ती सामानहरू जर्मन निर्यात गर्ने गर्दछन्।"

संचारकर्मीहरुले भोग्नुपरेको समस्या

पत्रकारिता यात्राका दौरान नेपाली पत्रकारहरूले विरोध, बाधा र अड्चनको पनि सामना गर्नुपरेको छ। ०५० साल भदौमा राईजिङ नेपालका तत्कालीन सम्पादक डा. तारानाथ शर्माले संसद्को मानहानी गरेको अभियोगमा संसद्मा उपस्थित भएर माफी माग्नु पऱ्यो।

बहुदलीय व्यवस्थाको आगमनपश्चात् सबभन्दा पहिले गिरफ्तार हुनुभयो बुटवलबाट प्रकाशित हुने लुम्बिनी दैनिकका सम्वाददाता नारायण पौडेल। वहाँलाई ०४९ साल भदौ १७ गते का दिन अदालतको अपहेलना गरेको अभियोगमा पक्राउ गरियो। उहाँको नामबाट कपिलवस्तुको चापेर गाउँको हत्यासम्बन्धी एउटा समाचार छापिएको थियो। समाचारमा रहेको "अपराधी अदृष्य शक्तिका कारण रिहा भयो" भन्ने कथनका कारण तीन सय धरौटी मागियो। र, त्यो नतिरेका कारण थुनियो। तर भदौ ३० गतेका दिन बुटवल श्रमजिवी पत्रकार मंचले धरौटी तिरी उहाँलाई रिहा गरायो।

साप्ताहिक विमर्शका सम्पादक हरिहर विरही, ०४९ साल कात्तिक २१ गतेको उक्त पत्रिकामा छापिएको कार्टुनका कारण सात दिन जेल पर्नुभयो। विरहीलाई पाँच सय रूपैया जरिवानासहित सात दिनको जेल सजाय सुनाइयो। उहाँको पत्रिकामा टनकपुर सन्धिका सम्बन्धमा अदालतको धारणा सम्बन्धी कार्टुन छापिएको थियो। उहाँउपर प्रधानन्यायाधीश र सर्वोच्च अदालतको अपहेलना गरेको अभियोग लाग्यो। ०४९ साल मंसिर १४ गतेका दिन मुद्दा फैसला भयो। मंसिर १५ गतेका दिन उहाँलाई जेल लगियो र मंसिर २२ गतेका दिन उहाँ रिहा हुनुभयो। त्यस सम्बन्धमा विमर्शकै मंसिर १९ गतेको अंकमा लेखिएको थियो "सर्वोच्च अदालतले उक्त कार्टुनबाट अदालतको मान हानी हुन गएको भनी कात्तिक ३० गते नै ७ दिन कैद र पांच सय रूपैयाँ जरिवाना गर्ने फैसला गरेको थियो। तर उहाँलाई क्षमायाचना गर्ने अवसर दिई १५ गतेसम्म सजायको कार्य स्थगित गरेको थियो। तर विरहीले विमर्शको गतांकमा जसरी अदालतको केही दायित्व भए जस्तै पत्रकारहरूका पनि लिखित- अलिखित मान्यता र प्रतिवद्धता हुन्छन् भन्दै आफू प्रेस स्वतन्त्रता र पत्रकारहरूको स्वाभिमानको रक्षा गर्न कटिवद्ध रहेको दृढता प्रकट गर्नु भयो। त्यसैगरी मंसिर २६ गते "अन्त यस्तो कार्टुन पनि छापिन्छ" भन्दै "कात्तिक २१ गतेको विमर्शमा यही जिज्ञासालाई ध्यानमा राखी हामीले बेलायतकी महारानी एलिजावेथलाई बांदरको रूपमा प्रस्तुत गरिएको एउटा चर्चित कार्टुन चित्र छापेका छौं" भनेर एक अर्को विवादास्पद कार्टुन चित्र प्रकाशित भयो।

०४९ साल चैत २५ गतेको दृष्टिमा "अधिराजकुमार ज्ञानेन्द्र तस्करीको नाइके?" र "मूर्ती चोरीमा अधिराजकुमार ज्ञानेन्द्रको हात?" शीर्षकमा समाचार प्रकाशित गरेकै कारण सम्पादक शम्भु श्रेष्ठलाई पक्राउ गरियो। सोही साल चैत २४ गते पुनर्जागरण साप्ताहिकले "यी युवती को हुन्?" शीर्षकमा भारतीय अभिनेता सलमान खान र श्री ५ अधिराजकुमारी श्रुती राज्यलक्ष्मीदेवी शाहको सचित्र समाचार प्रकाशित गऱ्यो। "यहाँ कसैले कुनै मर्यादामा रहन जरूरी छैन। नत्र विवाह नभएकी हिन्दू राजकुमारीले विदेशी मुसलमान ठिटासंग नारिएर ठाउँ-कुठाउँ पुगी फोटो खिचाउँदै हिंड्ने कल्पना पनि गर्न सकिदैनथ्यो" भन्ने वाक्यांश प्रकाशित गरेकै कारण सम्पादकहरू माथवरसिंह बस्नेत र शरदचन्द्र वस्तीलाई पक्राउ गरियो। ०५२ साल साउन २२ गतेको सण्डे डिस्प्याचको अंकमा राजाको फोटो क्याप्सनमा ट्राफिकजाम सम्बन्धी फोटो क्याप्सन पर्न गएका कारण सम्पादक लोकदीप थापालाई पक्राउ गर्न प्रहरीहरू गोरखापत्र संस्थान नै पुगे। त्यससम्बन्धमा संस्थानका तत्कालीन अध्यक्ष गोविन्द भट्टले प्रहरी कार्यालयमा पुगी बयान नै दिनु पऱ्यो।

त्यस्तै ०५३ साल साउन २७ गतेको गोरखापत्रमा छापिएको टिप्पणी- "तोरीको फूल" शीर्षकमा "कामरेडहरू सत्ता उन्मादमा के के उपदो गर्छन् हेर्न आलावोटको ऐंजेरू चाख्नुपर्छ। उजिण्डोमा झुण्डिएको कांचो उविण्डोझैं संसद्को रोष्टम नजिकै तिनलाई राख्नुपर्छ। दश वर्षअघि जब चिउंडोमा दारी थिएन, उनी लोकल मिनीबसको यात्रा गर्थे र यदाकदा टुडिखेलको खल्वाट मैदानमा क्रान्ति कुर्लने गर्थे। अचेल मर्सडिज कारबाट बाहिर उनलाई अघिपछि हेर्ने फुर्सद छैन।" भन्ने व्यंग्य लेख प्रकाशित गरेवापत् सम्पादक शिव अधिकारीले संसद्मा बयान दिनु पऱ्यो।

गोरखापत्रमा असोज २२ गते "शब्दसार" स्तम्भमा "माननीयहरू र स्वसम्मानको खोजी" शीर्षकको लेख लेखेवापत् श्रीआचार्यले विशेष समितिमा जवाफ दिनुऱ्यो भने सौर्य साप्ताहिकको असोज २१ गतेको अंकमा प्रकाशित कार्टुनका कारण संपादक बोधराज त्रिपाठीले "राष्ट्रिय सभाको गरिमा र विशेषाधिकार हनन् हुनुका साथै संसद् र सांसद्माथि नै आँच पुगेको हुनाले यसको घोर भर्त्सना गर्दछु" भन्दै संसदीय विशेषाधिकार समितिमा जवाफ पठाउनुपऱ्यो।

यी युवती को हुन् ?

२०४९ चैत २४ गतेको पुनर्जागरण साप्ताहिकको समाचार : यही समाचारका कारण सम्पादकहरू माथवरसिंह वस्नेत र शरदचन्द्र वस्तीलाई पक्राउ गरिएको थियो।

"संसदीय मर्यादा हनन्मा जिम्मेवार को?" शीर्षकको सम्पादकीय टिप्पणी प्रकाशित गरेका कारण हिमालय टाइम्सका सम्पादक मुरारी उपाध्यायले पनि संसद्मा बयान दिनु पर्‍यो। ०५२ साल भदौ १२ गतेको सर्वोच्च अदालतको फैसलापश्चात् "न्याय माग्न कहाँ जाने?" शीर्षकमा फैसलाको विरोध भइरहेको प्रसंग कोट्याएर सम्पादकीय लेखेको अभियोगमा दृष्टिका तत्कालीन सम्पादक शम्भु श्रेष्ठ र कार्यकारी सम्पादक कुन्दन अर्यालउपर तत्कालीन प्रधानमन्त्री र उपप्रधानमन्त्रीसँगै अदालतको मानहानी सम्बन्धी मुद्दा दायर गरियो।

०५० साल माघ ११ गतेका दिन आफूलाई क्यासिनो नेपालका कर्मचारी बताउने ६०-७० जना युवाहरूले कामना प्रकाशनको कार्यालयमा आक्रमण गरे। कामनाको सहप्रकाशन साधनामा प्रकाशित समलिङ्गीहरू सम्बन्धी रिपोर्टिंगका कारण सम्पादक धर्मानन्द अधिकारीलाई जबरजस्ती क्षमा पत्रमा हस्ताक्षर गर्न लगाइयो।

राजविराज नगरपालिका-१ मा डेरा गरी बसेका पत्रकार लोकेन्द्र बुढाथोकी ०५० पुस २६ गते आफ्नै कोठामा मृत अवस्थामा फेला परे। उनको हत्या गरिएको आशंका स्थानीय व्यक्ति र पत्रकारहरूले नै गरे। कोठामा उनको लास संकास्पद ढंगले झुन्ड्याइएको थियो। सल्यान घर भएका पत्रकार लोकेन्द्र बुढाथोकी राजविराजकै अनाथालयमा हुर्केर त्यहीं अध्ययन गरी पत्रकार बनेका थिए। उनी "दृष्टि" साप्ताहिकका सगरमाथा अंचल प्रतिनिधि, नेपाल पत्रकार संघ सप्तरी शाखाका सदस्य र स्थानीय "सगरमाथा आवाज" का सहसम्पादक थिए।

अखबारमा छापिएको समाचारलाई निहुँ बनाएर पत्रकार लोकेन्द्र बुढाथोकीमाथि विनोददेव, अनिलदेव र ध्रुवदेवलगायतका व्यक्तिहरूले ०५० असार २१ गते घातक आक्रमण गरेका थिए। हमलाबाट लोकेन्द्र शख्त रूपमा घाइते भएका थिए।

उनलाई उपचारार्थ अस्पताल भर्ना गरियो। स्थानीय पत्रकार तथा बुद्धिजीवीहरूले उक्त आक्रमणको विरोध गरे। आक्रमणकारीलाई कानूनी कार्वाहीको माग गरेर मौन जुलुस निकाले। प्रमुख जिल्ला अधिकारीसमक्ष प्रतिनिधि मण्डल गयो। तर कुनै कार्वाही भएन। पत्रकार बुढाथोकीले त्यस बेला भनेका थिए- "विपक्षी नेता मदन भण्डारी र जीवराज आश्रितको रहस्यमय हत्या हुँदा प्रधानमन्त्रीका प्रेस सल्लाहकार जयप्रकाश आनन्दले खुशियाली मनाएको खबर पत्रपत्रिकामा प्रकाशित गरेको हुँदा उनीहरू निकै रिसाएका थिए। त्यसैको बदला लिन सायद उनकै निर्देशनमा ०५० असार २० गतेको नेपाल बन्दको बेला पारेर मलाई कुटेका हुन्।" लोकेन्द्रले आशंका व्यक्त गर्दै अगाडि भनेका थिए- "उनीहरूले मेरो हत्या पनि गर्न सक्छन्।" नभन्दै पुस २६ गते उनको हत्या गरियो।

त्यस घटनाको विरोधमा स्थानीय सबै पत्रिकाहरूले विरोधस्वरूप एक अंकमा सम्पादकीय पूरै खाली राखेका थिए। असार २० गते उनले अनिलदेव, ध्रुवदेव र विनोददेवका विरुद्ध किटानीसहित सार्वजनिक अपराधको उजुरी पनि दिएका थिए। तर कुनै कार्वाही भएन। उक्त घटनाको ६ महिनापश्चात् बुढाथोकीको रहस्यमय मृत्यु भयो। यस घटनापश्चात सम्पूर्ण चौथो अंग झकिस्यो।

सूचनाको हकसम्बन्धी उपलब्धिहरु

छयालीसको जनआन्दोलनताका देशका दुई प्रमुख शक्तिहरू कम्युनिष्ट र कांग्रेस एउटै उद्देश्यमा बाँधिए। त्यसको प्रभाव नेपाली प्रेसमा तत्कालै पर्‍यो। राजनीतिमा बहुलवादका लागि संघर्षरत संचार माध्यमहरूले त्यस क्रममा बहुलवादलाई अंगीकार गर्ने जमर्को गरे। कतिपय संचारविद्हरूका अनुसार "०४७ सालमा अन्तरिम सरकारको प्रारम्भदेखि करीब आठ महिना नेपाली सरकारी संचारमाध्यम मात्र होइन, निजी क्षेत्रका अखबारहरूले पनि बहुदललाई आत्मसात गर्न खोजेको देखिन्छ।" तर जनआन्दोलनकारी सहयात्रीहरूले पूर्व पंचहरूलाई भने संचारमा ठाउँ दिएका थिएनन्। ०४७ जेठ २० गते अन्तरिम सरकारले अघि सारेको संचार नीतिमा सरकारी संचारमाध्यमलाई सरकार वा कसैको एकलौटी प्रभाव क्षेत्रमा पर्न नदिने कुरा उल्लेख गरियो। तर अन्तरिमकालको उत्तरार्द्धमा पनि त्यस्तो नीति कायम रहन सकेन। अन्तरिमकालको उत्तरार्द्धदेखि कांग्रेसको एकमना सरकारको पालासम्म सरकारी संचारलाई पूर्णतः सत्ताकरण गरियो। कांग्रेसकालमा सरकारले अत्यावश्यक सूचनाको हकको समेत उल्लंघन गर्‍यो।

वर्तमान संविधानको धारा १६ ले "प्रत्येक नागरिकलाई सार्वजनिक महत्वको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ" भन्ने प्रष्ट व्यवस्था गरेको छ। तर टनकपुर बाँध परियोजनासम्बन्धी सन्धिका सवालमा कांग्रेसको तत्कालीन एकमना सरकारले आम जनता र संसद्लाई समेत गुमराहमा पार्न खोज्यो। उक्त विषयमा सुसूचित हुन पाउने हकसम्बन्धी विवादलाई लिएर अधिवक्ता बालकृष्ण न्यौपानेद्वारा दायर गरिएको मुद्दाको ०४९ साल मंसिरमा सर्वोच्च अदालतले गरेको फैसलाले भने सरकारलाई सचेत पार्‍यो। उक्त फैसलामा भनिएको छ- "सार्वजनिक महत्वका विषयमा सरकारले अपनाएको नीति तथा गरेका निर्णय र कामहरूको सम्बन्धमा जानकारी दिने एकातिर सरकारको कर्तव्य हो भने अर्कातिर त्यस्तो सूचना माग्ने र पाउने अधिकार पनि हो।"

अरूण तेस्रोका सम्बन्धमा पनि सूचनाको हकलाई अघि सारी गोपाल शिवाकोटी चिन्तन र डा. राजेश गौतमद्वारा सर्वोच्च अदालतमा दायर गरिएको मुद्दाको बारेमा ०५१ वैशाख २५ गते गरिएको निर्णयमा प्रष्ट भनियो "सार्वजनिक हक सरोकारको विवादको अर्थ गर्दा यसलाई खास व्यक्ति वा व्यक्तिहरूको व्यक्तिगत हक वा सरोकारसंग सम्पर्क गराउने गरी अर्थ गर्न मिल्दैन। यसको सम्बन्धमा सर्वसाधारण जनता वा कुनै समूदायको सामुहिक हक वा सरोकारसंग रहेर देशको सुरक्षा, शासन व्यवस्था, शिक्षा, स्वास्थ्य, नैतिकता, देशको

आर्थिक व्यवस्था, जलस्रोत विकास, संविधानमा राज्य नीतिको निर्देशक सिद्धान्तको रूपमा व्यवस्थित सामाजिक न्यायका कुरा आदि सार्वजनिक सरोकारका विषय हुन्। सार्वजनिक हकहित वा सरोकार विवादको विषय यो यति हो भनी विचार गर्न सकिने विषय होइन। अड्डामा रहेका प्रायः जानकारी सार्वजनिक जानकारीमा नआउने हुनाले नै धारा १६ को सूचनाको हकको आवश्यकता भएको हो।"

राष्ट्रिय संचार नीति ०४९ को प्रस्तावनामा प्रष्ट भनिएको छ- "नेपाली जनताले प्रजातन्त्र प्राप्तिका लागि गरेको लामो संघर्ष र वलिदानपूर्ण जनआन्दोलनको परिणामस्वरूप हासिल गरेको नेपाल अधिराज्यको संविधान ०४७ ले प्राथमिकताका साथ प्रत्याभूत गरेको विचार र अभिव्यक्तिको स्वतन्त्रता तथा प्रत्येक नागरिकलाई सार्वजनिक महत्वको कुनै पनि विषयमा सूचना माग्ने र पाउने हकको मूल मानेलाई हृदयंगम गरी सूचना र संचारका सम्पूर्ण माध्यमहरूलाई विश्वसनीय, प्रभावकारी एवं सुदृढ बनाउनु पर्ने आवश्यकता भएकोले यो राष्ट्रिय नीति तर्जुमा गरिएको छ।"

सैद्धान्तिक रूपमा बहुदलीय व्यवस्थापछिका दिनहरूमा नेपाली जनताले सूचनाको हकका सम्बन्धमा उल्लेख्य उपलब्धि हासिल गरिसकेका छन्। तर व्यवहारमा त्यस्तो देखिएको छैन।

कार्यकारी अधिकारयुक्त कार्यपालिकाले खासगरी कांग्रेसको एकमना सरकारको पालामा धेरै काम गोप्य रूपमा गरेको थियो। त्यसबेलाको सरकारले सूचनाहरू प्रक्षेपण गर्न समेत हिचकिचाउने गरेको देखियो। त्यस सरकारको पालामा मल्लिक आयोगको प्रतिवेदनलाई सदनमा टेबिल गराउनसमेत कैयन पटक आवाज उठाउनु परेको थियो। टनकपुर जलविद्युत परियोजनाबारे नेपाल र भारतबीच सम्पन्न सन्धि सम्बन्धी कागजपत्र पनि सांसद्हरूले ज्यादै ठूलो संघर्ष गरेपछि मात्र प्रधानमन्त्रीको कार्यकक्षमा गएर हेर्न पाएका थिए।

सूचनाको निर्वाध प्रवाह हुन सकेन भने भ्रमको उत्पत्ति हुन पुग्छ। नेपालको वर्तमान परिप्रेक्ष्यमा पनि यस्तो देखिएको छ। प्रहरी प्रशासनले ठाउँ-ठाउँमा यथार्थ सूचनाबाट आम जनता र प्रेसलाई बंचित गर्ने गरेको छ। मन्त्रालयहरूमा प्रवक्ताहरूको व्यवस्था गरिएको छ। तर प्रेसको गुनासो सधैं जस्तो सुनिन्छ- "हामीलाई सूचनै प्राप्त हुँदैन।"

कस्तो सूचनालाई प्रवाहित गर्ने र कस्तोलाई नियन्त्रण गर्ने भन्ने कुरामा राज्य नै प्रष्ट देखिंदैन। जसले गर्दा संचारकर्मीहरूले बेला-बेला समस्या व्यहोर्नु परिरहेको देखिन्छ।

कस्तो सूचनालाई प्रवाह गर्ने र कस्तोउपर नियन्त्रण गर्ने भन्ने विषयमा प्रष्ट हुनु पर्ने कुरा गर्दा संसद् र प्रेसको द्वन्द्वको समेत चर्चा गर्नु आवश्यक हुन्छ। संसद्मा भए गरेका कार्यहरूलाई सार्वभौमसत्ता सम्पन्न जनतासमक्ष पुर्‍याउने दायित्व प्रेसको हो। जनताले सांसद्हरूको रचनात्मक आलोचना पनि प्रेसबाट भएको देख्न चाहिरहेका हुन्छन्। तर जनताको यही अपेक्षा पूरा गर्ने क्रममा प्रेसले कतिपय बेला व्यवधानको सामना गर्नु पर्ने हुन्छ। त्यस्तै जनताको अपेक्षा वा प्रेसको कर्तव्यको नाममा सरकारी संचारमाध्यमहरूले सांसद्हरूको मानमर्दन गर्न खोजिरहेको समेत पाइन्छ।

उल्लेखनीय कुरो के छ भने सरकारी संचार माध्यमले सांसद्हरूको अपमान गरेको अभियोग नेपाली कांग्रेस वा कांग्रेसको नेतृत्वमा रहेको सरकारकै पालामा बोक्नु पर्‍यो। राज्यले सरकारी संचार माध्यमलाई विधायकहरूको विशेषाधिकारउपर नियन्त्रण गर्ने क्रममा प्रयोग गर्‍यो। त्यसै कारण यस्तो भएको हो भन्ने अनुभव गरिएको छ।

सरकारी संचारमाध्यमको त्यस्तो कार्यको प्रतिरक्षामा नेपाली कांग्रेसका एकजना सांसदले राजधानीमा एक गोष्ठीमा कार्यपत्र प्रस्तुत गर्दै भने "हाल चर्चामा आएका विशेषाधिकारका प्रसंगहरूले विशेषतः सरकारी संचारमाध्यमहरूप्रति असहिष्णुताको भाव देखाएको छ। सरकारी कोषबाट तलव भत्ता खाएर हामीमाथि यत्रो प्रहार? यस्तो प्रतिक्रिया प्रायः सुनिन्छ। तर समान विषयवस्तुले निजी क्षेत्रका पत्रपत्रिकामा स्थान पाउँदा त्यसले सोही रूपमा ध्यानाकर्षण गरेको पाइदैन। सरकारी स्वामित्वको संचार भनिँदैमा त्यसको अभिव्यक्ति स्वतन्त्रताको सीमांकनको दवाब संसदबाटै हुनु घोर चिन्ताको विषय हो।"

तर यहाँनेर ०५० भदौ २९ गतेको एक साप्ताहिकमा छापिएको एक जना सक्रिय पत्रकारको टिप्पणी उद्धृत गर्नु सान्दर्भिक हुनेछ- "गोरखापत्र संस्थानको अंग्रेजी दैनिकमा छापिएको एउटा लेख एकाएक विवादको भुमरीमा पर्‍यो। र, सम्पादक आफैंले संसद्को एउटा समितिसमक्ष उपस्थित भएर माफी मागेपछि मात्र मामिला केही मत्थर भयो। लेखकको उद्देश्य विरोधीहरूको तेजोबध गर्ने मात्र हुँदो हो। तर चर्चित लेखले सत्तापक्षलाई समेत असजिलोमा पारिदियो। ओहदाधारीहरू अत्यासमा परे, बीच बचाउका उपायहरू खोज्नु पर्ने अवस्था पो आइलाग्यो। जेहोस्, पाठ सिक्नेका लागि एउटा अवसर आयो- (१) तथ्य, तथ्यांकमा आधारित रहेर गर्नु पर्ने पत्रकारको काम काल्पनिक संसारमा विचरण गर्न रमाउने कथाकार वा उपन्यासकारबाट हुँदो रहेनछ भन्ने कुराको तत्ववोध सरकारलाई भएको हुनुपर्छ भने (२) वालिग मतदाताहरूले पाँच वर्षको लागि जनादेश दिएर संसद्मा पठाएका सदस्यहरूका बारेमा एक दिनका लागि त्यस्तो अधिकार (आदेश) नपाएको व्यक्तिले टिका-टीप्पणी गर्दा कति सावधानी, होश पुर्‍याउनु पर्ने हुन्छ- त्यसको अनुमान विवादमा फस्टाउन खप्पीस लेखकहरूले पनि गरेका होलान्।"

नेपाली प्रेसको राजनीतिक विभाजनले गर्दा कतिपय अवस्थामा निर्दोषहरूले पीडित समेत हुनु परेको छ। दासढुंगा दुर्घटनाका सवालमा पनि प्रेस ज्यादै विभाजित अवस्थामा देखा पर्‍यो। अमूक राजनीतिक पूर्वाग्रहका कारणले गर्दा प्रेसले कतिपय सवालमा आम मानिसउपर न्याय गर्न नसकिएको समेत देखिएको छ। कतिपय अवस्थामा प्रहरी ज्यादति वा गोली काण्ड आदिका पक्षमा समेत प्रेस उभिएको देखिएको छ।

यात्रा जारी छ

नेपाल अधिराज्यको संविधान ०४७ को दफा १३ मा छापाखाना र पत्रपत्रिका सम्बन्धी हक अन्तर्गत उपदफा (१) मा प्रष्ट भनिएको छ- "कुनै समाचार, लेख वा अन्य कुनै पाठ्य सामग्री प्रकाशित गर्न पूर्व प्रतिबन्ध लगाइने छैन।"

सोही उपदफामा "तर नेपाल अधिराज्यको सार्वभौमसत्ता वा अखण्डता वा विभिन्न जात, जाति वा सम्प्रदायहरूका बीचको सुसम्बन्धमा खलल पर्ने वा राज्यद्रोह, गाली, बेइज्जती वा अदालतको अवहेलना हुने वा अपराध गर्न प्रोत्साहन दिने वा सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने कार्यमा मुनासिव प्रतिबन्ध लगाउने गरी कानून बनाउन रोक लगाएको मानिने छैन"। उपदफा (२) मा भनिएको छ- "कुनै समाचार, लेख वा अन्य कुनै पाठ्य सामग्री मुद्रण गरेबापत् छापाखाना बन्द वा जफत गरिने छैन।" त्यस्तै उपदफा (३) मा भनिएको छ- "कुनै समाचार, लेख वा अन्य कुनै पाठ्य सामग्री प्रकाशित गरेबापत् कुनै समाचार पत्र वा कुनै पत्रिकाको दर्ता खारेज गरिने छैन।"

वर्तमान संविधानका यिनै अक्षर र मर्मका कारण बहुदलीय व्यवस्थाको पुनर्स्थापनापछिको समयमा नेपाली पत्रकारितामा व्यावसायिकताको अभिवृद्धि भएको छ र पत्रकारितामा ठूलो पूँजीले प्रवेश पाएको छ।

आमसंचारलाई मानवअधिकारका लागि कसरी बढीभन्दा बढी उपयोग गर्ने भन्ने विषयमा नेपाली समाजमा चासो बढ्दै गएको छ। ०५१ सालदेखि अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा मानवअधिकारको सवाललाई अघि बढाउने पत्रकारहरूलाई पुरस्कृत समेत गर्न थालिएको छ।

०५३ साल असोज ४ गते नेपाल प्रेस इन्स्टिच्यूट, युनिसेफ र बनेपा नगरपालिकाको संयुक्त सहयोगमा "महिला र बाल अधिकारबारे आमसंचारको भूमिका" बिषयक दुई दिने कार्यशाला गोष्ठीको आयोजना गरिएको थियो। उक्त कार्यक्रममा पत्रकारहरूले आगामी दिनहरूमा महिला तथा बालबालिकासम्बन्धी समाचार प्रकाशित गर्दा उनीहरूलाई हानी पुग्नेखालका समाचार प्रसार नगर्ने प्रतिबद्धता व्यक्त गरे। ०५३ साल पुस ९ गते राजधानीमै रेडवार्नाद्वारा आयोजित "बाल अधिकार महासन्धि र संचार माध्यमको भूमिका" बिषयक कार्यशाला गोष्ठी सम्पन्न भयो।

नेपालमा रेडियो र टेलिभिजन सरकारको नियन्त्रणमा रहेका छन्। रेडियो तथा टेलिभिजनबाट समाचार र समाचारमूलक कार्यक्रमहरू पनि प्रशारण हुने गरेका छन्। तर नेपालका सरकारी संचार माध्यमहरू बहुदलीय व्यवस्थाको आगमनपश्चात् पनि सरकारी फाइदाबाहेकका कुराहरू प्रशारण गर्न असमर्थ छन् भन्ने आम मानिसको अनुभव रहेको देखिन्छ। नेपालका सरकारी संचार माध्यमहरूले नागरिक तथा राजनीतिक अधिकारहरूको सवालमा सकारात्मक भूमिका खेल्न सकेको पाइँदैन। तर सांस्कृतिक तथा सामाजिक अधिकारहरूको क्षेत्रमा भने सरकारी संचार माध्यमहरूले पनि योगदान पुऱ्याएका छन्।

०५१ मंसीरमा सत्तामा पुगेको एमालेको कालमा भने सरकारी संचार माध्यम निकै खुला भएको महसूस गरिएको थियो। नेपाल प्रेस इन्स्टिच्यूटले रेडियो नेपालको घटना र विचार कार्यक्रमको पहिलो त्रैमासिकको मूल्यांकन गर्दै "कार्यक्रम बिगतमा भन्दा बढी स्वायत्त ढंगले चलेको" निष्कर्ष निकालेको थियो।

एमालेकालमा नेपाल टेलिभिजन र रेडियो नेपालमा मन्त्रीहरू खुला रूपमा प्रस्तुत हुने गर्दथे। रेडियो नेपालमा सर्वसाधारणले समेत मन्त्रीसँग कुरा गर्न सक्ने "मन्त्री फोन इन कार्यक्रम" त्यसैबेला शुरू गरिएको थियो।संसद्मा उपस्थित पार्टीका नेताहरूलाई सरकारी संचारमाध्यमहरूमा मन्त्रीलाई भन्दा महत्व दिने गरिएको थियो। समारोह सम्बन्धी समाचारहरूलाई दुरुत्साहित गरिएको थियो। त्यही कालदेखि रेडियो नेपालमा मानवअधिकार संस्थाहरूले मानवअधिकार शिक्षा कार्यक्रम चलाउन समय पाएका छन्।

प्रजातन्त्र र मानवअधिकारलाई एउटै सिक्काका दुई पाटा मानिन्छ। नेपालको प्रजातान्त्रिक आन्दोलनमा कतिपय बेला राजनीतिक पार्टीहरूकै भूमिकामा प्रेसलाई देखिएको थियो। छयालीसको जनआन्दोलनका क्रममा पूर्ण सेन्सर, जफत, जेलनेल आदि कुनै कुराको परवाह नगरी प्रेस अग्र पंक्तिमा रहेको थियो। छयालीसको जनआन्दोलनपश्चात् पनि नेपाली प्रेसले प्रजातन्त्र र मानवअधिकारलाई संस्थागत गर्ने क्रममा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको कुरा सर्वविदितै छ। वर्तमान संविधानको निर्माणका क्रममा पनि नेपाली प्रेसले उल्लेखनीय भूमिका खेलेको थियो।

छयालीसको परिवर्तनपश्चात् नयाँ र प्रजातान्त्रिक संविधानको निर्माणका क्रममा नेपाली प्रेसले वास्तवमै "वाच डग"को भूमिका खेलेको थियो। हरेक तह र वर्गका जनताको नयाँ संविधानप्रतिको चाहनासँगै प्रेसले पनि आफ्नै किसिमले संघर्ष चलाएको थियो। दरवारबाट आफ्नै हितअनुकूलको निरंकुशतावादी संविधान ल्याइनथालेको कुराको भण्डाफोर, विवाद र छलफल चलाउन बुद्धिजीवीहरूलाई प्रेसले ठाउँ प्रदान गरेर आफ्नोतर्फबाट संविधानलाई यस रूपमा ल्याउन संघर्ष चलाएको थियो। "मानवअधिकारको दृष्टिबाट नेपालमा हालसम्म लागू भएका संविधानहरूको तुलनामा मानवअधिकार पक्षीय दस्तावेज" मानिने वर्तमान संविधान लागू भइसकेपश्चात् संविधानतः नेपालमा मानवअधिकारलाई उच्च सम्मान प्रदान गरिएको छ। त्यसपछिका अवधिमा पनि नेपाली प्रेसले संविधानको मर्म र अक्षरको पालनाका निम्ति प्रशस्त कुरा उठाउँदै आएको देखिन्छ।

विमर्शको ०४७ भदौ २२ को अंकमा "दरवारप्रति जनताको आक्रोश बढ्न थाल्यो मूल शीर्षकमा संविधानमाथि दरवारद्वारा हुनथालेको षड्यन्त्रको पर्दाफास गरियो। मुख्य समाचारको रूपमा प्रकाशित उक्त समाचारमा भनिएको थियो- "संविधान सुझाव आयोगले निर्धारित समयमै आफ्नो जिम्मेवारी पूरा गरेको जानकारी सार्वजनिक रूपमा दिएको एक हप्ता बितिसक्दा पनि नेपाल अधिराज्यको प्रस्तावित संविधान

जनसमक्ष नआएकोमा जनतामा दरवारप्रति आशंका, अविश्वास र आक्रोश तीव्र रूपमा बढेको छ। ... दरबारको नियतमा शंका लागेर देशका सत्तारूढ लगायत विभिन्न राजनीतिक दलले फेरि सडकमा उत्रिने तयारी गर्न थालेका छन्।"

गणेशमान सिंहले पनि सोही मितिमा दरवारलाई चेतावनी दिदैं "म १७ गते नै संविधान जनसमक्ष आओस् भन्ने चाहन्थे। तर राजनीति सहज रूपले अगाडि बढिरहेको छैन। राजाले अहिले नै पूरा संविधानको अध्ययन किन गर्नु पऱ्यो? चित्त नबुझ्ने कुनै कुरा परेको रहेछ भने पछि हटाए पनि हुने थियो। यो कुरा मैले राजालाई १५ गते भने। तर...." भन्नुभएको कुरा विमर्शले प्रकाशित गऱ्यो।

गोरखापत्रको ०४७ साल कात्तिक ५ गतेको अंकमा दरवारिया संविधानको भण्डाफोर गरिएको थियो। "दरवारद्वारा भिन्नै संविधान प्रस्तुत : मूलभूत कुराहरूमा ब्यापक भिन्नता" शीर्षकमा रमेश शर्माबाट प्रेषित मुख्य समाचारमा भनिएको थियो " राष्ट्रको भावी संविधान कुन रूपमा र कहिले आउने हो भन्ने विषयलाई लिएर अधिराज्यभर ब्यापक अन्यौल, अनिश्चितत र यदाकदा षड्यन्त्रको आभाषसमेत महसूस गर्न थालिएको वर्तमान समयमा "प्रधानमन्त्रीको परामर्शमा तयार भएको" भनी आज दरवारद्वारा ब्यापक प्रचार प्रसारमा ल्याइएको "नेपाल अधिराज्यको संविधान ०४७" राष्ट्रको राजनीतिक क्षेत्रमा विशेष चासो, जिज्ञासा र चर्चा-परिचर्चाको विषय बन्न पुगेको छ।

उक्त समाचारमा अगाडि भनिएको छ " दरवारबाट मन्त्रिपरिषद्लाई प्राप्त हुन आएको, संविधान सुझाव आयोगले तयार पारेको भन्दा भिन्नै उक्त संविधान मस्यौदाबारे जिज्ञासा राख्दा यस प्रतिनिधिसंगको एक भेटमा प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईले भन्नुभयो "हो, त्यस्तो मस्यौदा संविधान दरवारबाट हामीलाई प्राप्त भएको छ।" शायद, नेपालको पत्रकारिताको इतिहासमा सरकारी संचारमाध्यमले दरवारविरूद्ध जनचाहना अनुरूप बोलेको यो पहिलो घटना हो। त्यसताकाका सरकारी र निजी क्षेत्रका प्रत्रपत्रिकाले दरवारिया संविधानप्रति विरोध र आक्रोशको भाषा प्रयोग नगरेको भए अहिलेको संविधान यसरूपमा अवश्य आउने थिएन होला।

मानवअधिकारहरूको विश्वव्यापी तथा मान्यताप्राप्त अवधारणा अनुसार मानवअधिकारहरूलाई नागरिक एवं राजनीतिक, आर्थिक एवं सामाजिक तथा सांस्कृतिक अधिकारहरूमा विभक्त गर्न सकिन्छ। नेपाली प्रेसले मूलतः नागरिक तथा राजनीतिक अधिकारहरूका सम्बन्धमा बढी कुरा उठाएको छ। समाचारमूलक सामग्रीहरू खासगरी नागरिक तथा राजनीतिक अधिकारहरूसँगै सम्बन्धित छन्।

बहुदलीय ब्यवस्थाको पुनर्स्थापनापछिको सन्दर्भमा देखिएको व्यावसायिकताकै बीच नयाँ-नयाँ समाचारलाई छिटोभन्दा छिटो प्रवाहित गर्ने होडमा नेपाली प्रेसले गोली, लाठीचार्ज, गिरफ्तारी आदिका प्रत्यक्ष नागरिक अधिकार उल्लंघनसम्बन्धी समाचारहरू तत्काल छाप्ने गरेको छ। तर सनसनीपूर्ण समाचार सामग्रीहरू प्रकाशित गर्ने क्रममा लुकेर रहेका धीरज के.सी.का कथाहरूसमेत बाहिर आउने गरेका छन्। नेपाली प्रेसले मानवअधिकार अभियानलाई बहुदलीय व्यवस्थाको आगमनपश्चात्को नयाँ चरणको अवधिमा बढी व्यावसायिकता र कौशलताका साथ सघाएको छ।

■

अनुसूची ५ (ग)

नेपालको ट्रेड यूनियन आन्दोलन (१९९१-१९९६)

सन् १९३५ मा उद्योग परिषदको स्थापना र १९३६ मा कम्पनी कानून जारी भए पश्चात नेपालको औद्योगिक विकासको पूर्वाधारको शुरूवात भएको हो। सन् १९३६ मा विराटनगर जुटमिल बने पश्चात १९३६ देखि १९५० को अवधिमा देशमा ५५ वटा उद्योग स्थापना भए। यसरी एकै ठाउँमा धेरै उद्योग स्थापना भए पश्चात श्रमिकहरू पनि क्रमशः संगठित हुन थाले। ००३ साल फागुन २० गते मनमोहन अधिकारी, नयनालाल बोहरा आदिको नेतृत्वमा विराटनगरमा भएको मजदूर आन्दोलन नै नेपालको पहिलो संगठित ट्रेड युनियन आन्दोलन हो। त्यस पश्चात सन् १९४६ मा अखिल नेपाल ट्रेड युनियन कांग्रेस र सन् १९४७ मा विराटनगरमा मजदूर सभाको स्थापना हुन पुग्यो। ००७ देखि १७ सालको बीचमा उल्लेखित युनियनका अतिरिक्त १९५१ मा विराटनगर मिल मजदूर संघ क्रियाशील रह्यो। ०१७ सालको निरंकुश व्यवस्थाको शुरूवात संगै ट्रेड युनियन आन्दोलन छिन्न-भिन्न हुन पुग्यो। ०३६ सालमा भएको आन्दोलनबाट मजदूरहरू पुनः संगठित र पुनर्गठित हुन थाले। ०३६ सालमा औद्योगिक मजदूरको छाता युनियनको रूपमा नेपाल स्वनन्त्र मजदूर युनियन गठन भयो। ०३७ सालमा नेपाल स्वतन्त्र होटल मजदूर युनियन, ०३६ सालमा नेपाल यातायात स्वतन्त्र मजदूर संगठन, ०४० सालमा नेपाल ट्रेकिङ मजदूर संघ, ०४३ सालमा नेपाल स्वतन्त्र गार्मेन्ट मजदूर युनियन र जनआन्दोलन अगाडि नै २० जुलाई १९८९ मा उल्लेखित घटकहरूको केन्द्रको रूपमा नेपाल ट्रेड युनियन महासंघको स्थापना भइ ट्रेड युनियन आन्दोलन संगठित र व्यवस्थित हुन थालिसकेका थिए। यस बाहेक अन्य सबै ट्रेड युनियन केन्द्र तथा घटक युनियनहरू जनआन्दोलन पश्चात संगठित हुन थाले।

पाँच वर्षको ट्रेड युनियन आन्दोलन : संक्षेपमा

सन् १९९० को जनआन्दोलन पश्चात नेपालको ट्रेड युनियनले वैधानिक मान्यता प्राप्त गर्‍यो। ट्रेड युनियन आन्दोलनको मान्यताको साथसाथै हिजो जनताको प्रचण्ड विरोधका कारण टाउको लुकाउन पुगेका श्रमिजीवी वर्ग विरोधी तत्वले त्यसयता फेरी क्रमशः टाउको उठाउन थालेको छ। एकातिर जनआन्दोलनबाट प्राप्त सीमित प्रजातान्त्रिक अधिकारका कारण जनता आफूलाई संगठित गर्दै छन्, अर्कातिर नैतिक मूल्य, मान्यता छोडेर राजनेताहरूले गर्न थालेका संस्कारहीन सत्ता प्राप्तिको होडबाजीले राजनीतिक संस्थाप्रति श्रमजीवी जनतामा वितृष्णाका भावनाहरू पनि देखा पर्न थालेका छन्।

जनआन्दोलनको क्रममा सशक्त भूमिका निर्वाह गर्ने ट्रेड युनियन महासंघले जनआन्दोलन पश्चात विषयगत संघहरूमा व्यापक विस्तार गर्‍यो भने नेपाली कांग्रेसले आफ्नो भातृ संस्थाको रूपमा नेपाल ट्रेड युनियन कांग्रेसको गठन समेत गर्‍यो।

सन् १९९२ सालमा नेपालको ट्रेड युनियन आन्दोलनले आफ्ना मागहरूलाई संस्थागत गर्ने र बिगतका परम्परा विपरित निश्चित मुद्दाहरूमा आफूलाई केन्द्रित गर्ने प्रयत्न गर्‍यो। फलस्वरूप आम मागको रूपमा ट्रेड युनियन आन्दोलनका विभिन्न घटकहरूले ट्रेड युनियन ऐन प्राप्तिको मागलाई सडकदेखि सदनसम्म जोडदार ढंगले उठाए। परिणाम स्वरूप नेपालमा पहिलो पल्ट ट्रेड युनियन ऐन ०४९ संसदद्वारा पारित भयो। उक्त ऐन अनुसारको नियमावली ०५० सालमा लागु भए पश्चात नै उक्त ऐन क्रियाशील भयो। यसै बीचमा ट्रेड युनियन आन्दोलनको वैधानिक स्वरूप कस्तो हुनु पर्ने हो भन्ने सम्बन्धमा व्यापक विवाद उत्पन्न भयो।

के, कसरी उनीहरूको कानूनी अस्तित्व स्वीकार गर्ने भन्ने सवालमा भने मतमतान्तर रहे। नेपाली कांग्रेसको घटकको रूपमा नेपाल ट्रेड युनियन कांग्रेसको ०४७ सालमा स्थापना भयो। जसले आफ्नो जननी पार्टीद्वारा सरकार चलिरहेको कारण सरकारी प्रस्तावलाई विना सुझाव समर्थन गर्‍यो। "कस्तो स्वरूपको ट्रेड युनियन बनाउने? भन्ने सम्बन्धमा त्यसले कुनै सुझाव दिएन। अझ "देशको संविधान बमोजिम जस्तो गरी संघ बनाए पनि भयो" भन्ने समेत तर्क उक्त युनियनको थियो। फलतः "सरकारले जस्तो ऐन ल्याउँछ- ठिकै छ" भन्ने सोचमा उक्त हिस्सा सीमित बन्न पुग्यो।

तत्कालीन संयुक्त जनमोर्चासिंग सम्बद्ध ट्रेड युनियनले "वर्तमान व्यवस्था प्रतिक्रियावादी व्यवस्था भएकोले जस्तो ऐन आए पनि मजदूर वर्गलाई तात्विक मतलव नहुने" दृष्टिकोण बनायो। त्यसले ट्रेड युनियन ऐन प्राप्त गर्ने, युनियनलाई कानूनी रूपमा दर्ता गर्ने र कानूनको सफल घेराबाट मजदूरहरूलाई अधिकाधिक अधिकार उपलब्ध गराउन पनि सकिने कुरालाई "वाहियात" ठान्यो। नेपाल ट्रेड युनियन फेडेरेशनले आफ्नो संस्थागत रूपमा कुनै खास हैसियत कायम गर्न नसकेको हुनाले त्यसले ऐन निर्माणको रूपमा त्यति प्रभाव

पार्न सकेन।

नेपाल ट्रेड युनियन महासंघ "जिफन्ट" चाहिं बिकल्प सहित मैदानमा उत्रियो। ट्रेड युनियनका तीन स्वरूपहरू- ट्रेड युनियन, ट्रेड युनियन संघ र महासंघको परिकल्पना र प्रत्येक तहमा सामूहिक सौदावाजीको अधिकारको पक्ष उक्त विकल्पमा प्रस्तुत गरियो। महासंघको अध्यक्ष तथा सांसद मुकुन्द नेउपानेले विद्यमान श्रम ऐन ०४८ र ट्रेड युनियन ऐन ०४९ जारी हुनु भन्दा अगाडि नै संसदको प्रथम अधिवेशन मै ट्रेड युनियनसंग सम्बन्धित ३ वटा विधेयकहरू दर्ता गराए। महासंघको ट्रेड युनयिन आन्दोलन संचालन सम्बन्धी सोच पूरा तयारीमा थियो भन्न सकिन्छ। ट्रेड युनियन आन्दोलन आफैमा "राजनीति" भएकोले यसलाई "एउटा सामान्य क्लव" को रूपमा हेर्न नहुने र ट्रेड युनियनले गर्ने आन्दोलन राजनीतिक पार्टीहरूको आन्दोलन भन्दा फरक भएकोले यसले आफ्ना सीमालाई मिच्न पनि नहुने भन्ने विचार सहितको बिकल्प जिफन्टको रह्यो।

यसरी श्रम ऐन जारी भए पनि नियमावली जारी नभएको कारण उत्पन्न समस्या सन् १९९२ को आन्दोलनको मूल मुद्दा बन्यो। न्यूनतम बेतन बोर्ड निर्माण गर्नुपर्ने, न्यूनतम बेतन बृद्धि गरिनु पर्ने, केन्द्रीय श्रम सल्लाहाकार समिति गठन गरिनु पर्ने, श्रम अदालत गठन गरिनु पर्ने, महिला र पुरूष मजदूर बीच रहेको ज्यालाको भिन्नता अन्त्य गरिनु पर्ने जस्ता मागहरू समग्र ट्रेड युनियन आन्दोलनको थप माग बन्न पुग्यो।

यसका अतिरिक्त महासंघले अन्तर्राष्ट्रिय श्रम संगठनको अन्तर्राष्ट्रिय सम्मेलनमा आधिकारिक ट्रेड युनियनको प्रतिनिधित्वको सवालमा बहुदलीय व्यवस्था स्थापना पश्चात पहिलो पटक सरकार विरूद्ध मुद्दा दर्ता गऱ्यो। जुन पार्टी सत्तामा छ त्यससंग राजनैतिक सामिप्यता राख्ने ट्रेड युनियनले नभई बहुमत मजदूरको बीचमा लोकप्रिय रहेको ट्रेड युनियनले नै अन्तर्राष्ट्रिय श्रम संगठनमा प्रतिनिधित्व पाउनु पर्छ भन्ने कुरा नै उक्त मुद्दामा उठाइएको थियो। यातायात मजदुरहरूले आह्वान गरेको राष्ट्रव्यापी चक्का जाम नेपाल यातायात स्वतन्त्र मजदूर संगठनसंग सम्झौता भएपछि रोकियो भने पूर्वाञ्चलका उद्योगहरूमा नेस्वमयुको नेतृत्वमा विभिन्न ट्रेड युनियनहरू सहितको आन्दोलन संचालन भयो।

त्यो वर्ष ४ वटा सार्वजनिक संस्थान नीजिकरण गरिए। नेपालको ट्रेड युनियन आन्दोलनभित्र नीजिकरणको विरोध र त्यसप्रति मौनता साध्ने दुई अलग-अलग प्रवृत्ति देखिए पनि मजदूर वर्ग एवं मजदूर वर्गीय आन्दोलनले यसलाई आफ्नो आन्दोलनको मूल मुद्दा बनाउन सकेन।

सन् १९९३ वर्ष मजदूरहरूका लागि कठिन वर्षको रूपमा रह्यो। वर्षको शुरूवातमा नै बाढी पहिरोबाट राष्ट्रले गम्भीर क्षति व्यहोर्नु पऱ्यो। यसले कतिपय मजदूर परिवारको विचल्ली पारिदियो। विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्रा कोषको दबाबमा दुई-दुई चोटी विद्युत महसुल बृद्धि गरिनाले उत्पादित वस्तु सर्वसाधारणको पहुँच भन्दा पर पुग्यो। असमयमा हुने "लोड सेडिङ्ग" बाट धेरै उद्योग धन्दाहरू बन्द हुन जानाले मजदूरहरू बेरोजगार बनाइए। एकातिर अपर्याप्त न्यूनतम ज्याला अर्कातिर विदेशी मजदूरको चापका कारण मजदूरमाथि नै मार थपियो।

यसै पृष्ठभूमिमा यो वर्ष ट्रेड युनियन आन्दोलन अघि बढ्यो। सो वर्ष जननेता मदन भण्डारीको हत्याका कारण उत्पन्न राजनीतिक प्रतिक्रियाले ६१ दिनसम्म निरन्तर सडक संघर्ष संचालित भयो। नेपालको सडक संघर्षको इतिहासमा ५ दिने "नेपाल बन्द" पहिलो पल्ट आह्वान गरियो। यस आन्दोलनमा हजारौं मजदूरहरू संलग्न रहे। वर्ष भरिमा भएका विभिन्न आन्दोलनको क्रममा ८ जना मजदूरहरू सरकारद्वारा मारिए।

नेपालका औद्योगिक मजदूरहरूको आन्दोलनको इतिहासमा सबैभन्दा लामो हड्ताल-२२२ दिन यसै वर्ष नेपाल व्याट्री कम्पनीमा भयो, जुन अधिकांश मागहरू पूरा भएपछि मात्र टुंगियो।

यो वर्ष नेपाली ट्रेड युनियनले नयाँ अनुभवबाट आफूलाई समृद्ध गऱ्यो। नेपाल ट्रेड युनियन महासंघद्वारा संचालित एउटा अभियान- ट्र्यु क्याम्पेन अर्थात् ट्रेड युनियन शैक्षिक अभियान समयक्रममा युनियन आन्दोलनका सबै घटकहरूले अनुशरण गर्नु पर्ने अभियान सावित हुन पुग्यो। सोही वर्ष नै नेपाल ट्रेड युनियन कांग्रेसले आफ्ना मातहतका घटक युनियनसंग सम्बन्धित मजदूर नेताहरूका लागि देशव्यापी प्रशिक्षण कार्यक्रम आयोजना गऱ्यो। जिफन्टको शैक्षिक अभियान भित्र ट्रेड युनियन आन्दोलनका कार्यकर्ताहरूलाई मजदूर आन्दोलनको परम्परागत शिक्षादेखि अर्थशास्त्र, राजनीति, आन्दोलनको इतिहास, कार्यालय व्यवस्थापन र सूचना संकलन तथा अभिलेख जस्ता विषयहरू यसभित्र समावेश गरिएको थियो। सोही वर्ष मई दिवसबाट एउटा नयाँ परम्पराको रूपमा वर्ष भरिको आन्दोलनको समीक्षा गर्ने र आगामी वर्षको कार्यक्रमको घोषणा गर्ने कार्य संचालन गर्नुका साथै मजदूर आन्दोलनको "वर्ष-प्रकाशन" को शुरूवात जिफन्टले गऱ्यो।

तर यो वर्ष अघिल्लो वर्षमा जस्तो ठोस विषयमा आन्दोलन केन्द्रित भएन। श्रम तथा ट्रेड युनियन ऐन प्राप्ति पछि सो ऐनसंग सम्बन्धित नियमावली जारी गर्ने, युनियन दर्ता र आधिकारिक युनियन छनौटको माग नै यो वर्ष समग्र रूपमा अभिव्यक्त भए। सोही वर्ष देखिनै नेपालमा ट्रेड युनियनको दर्ता प्रक्रियाको शुरूवातको लागि पंजिकाधिकारी तोक्ने र दर्ताको पूर्वाधार तयार गर्ने प्रक्रियाको शुरूवात भयो।

सन् १९९४ नेपाली ट्रेड युनियन आन्दोलनको इतिहासमा महत्वपूर्ण काल खण्डका रूपमा स्थापित भयो। राष्ट्रिय राजनीतिमा भएको परिवर्तनद्वारा पहिलो पटक स्थापित जनपक्षीय सरकारलाई मजदुर वर्गले एउटा उपलब्धीको रूपमा लिएको पाइयो। यो परिवर्तनसंगै ट्रेड युनियन आन्दोलनको घटक नेपाल ट्रेड युनियन महासंघको आधिकारिकताको पूनर्पुष्टी समेत भयो। हुन त आशा लाग्दो राजनीतिक

उपलब्धीले सांगठनिक गतिविधिमा जटिलना पनि उपस्थित गरायो। तथापि यो वर्ष भरी ट्रेड युनियनहरूको दर्ता अभियानमा होडनै चल्यो। यो वर्षको शुरूवात संगसंगै ०५०फागुन १६ मा नेपालमापहिलो प्रतिष्ठान स्तरको ट्रेड युनियनको रूपमा सुपर स्टिच इण्डट्रिजमा नेपाल स्वतन्त्र गार्मेन्ट मजदूर युनियन दर्ता भयो। यस पश्चात लगातार नै विभिन्न ट्रेड युनियन केन्द्रसंग सम्बन्धित प्रतिष्ठान स्तरको युनियन दर्ता भई नै रह्यो। नेपाली ट्रेड युनियन आन्दोलनमा पहिलो पल्ट सरकारी निकायमा आफ्नो शक्ति दर्ज गर्न यस अभियानले यो वर्षका अन्य कतिपय मुद्दाहरूलाई समेत ओफेलमा पारिदियो। आन्दोलनका यो वा त्यो घटक आफ्नो आधिकारिकता प्रमाणित गर्न पंजिकाधिकारीको कार्यालयमा मजदूरहरूको हस्ताक्षर बोकेर लाम लागे। यो अभियानमा नेपाल ट्रेड युनियन महासंघले ४२० स्थानीय प्रतिष्ठान स्तरको ट्रेड युनियन र ५ वटा राष्ट्रिय संघ दर्ता गरेर आफूलाई अग्रस्थानमा राख्यो भने नेपाल ट्रेड युनियन कांग्रेस २३९ वटा स्थानीय प्रतिष्ठान स्तरको ट्रेड युनियन दर्ता गर्न सफल रह्यो। सो वर्ष भएको युनियन दर्ता प्रतिस्पर्धाले गर्दा अन्य ट्रेड युनियन केन्द्रको अस्तित्व संकटमा पऱ्यो र ट्रेड युनियनमा दुई महासंघको एकाधिकारलाई स्थापित गऱ्यो।

यो वर्ष निजीकरण, आर्थिक समायोजन कार्यक्रम र उदारीकरणको सन्दर्भमा नेपाल ट्रेड युनियन महासंघको आयोजनामा ऐतिहासिक अन्तर्राष्ट्रिय सम्मेलन आयोजना भयो। १५ देशका ३८ वटा श्रम संगठनसंग सम्बद्ध ६३ जना प्रतिनिधिको संलग्नतामा सम्पन्न त्यो अन्तर्राष्ट्रिय सम्मेलनले मजदूर पक्षीय ट्रेड युनियन आन्दोलनको परिभाषा गर्नुका साथै उदारीकरणको विश्वव्यापी असरबाट आन्दोलित विश्वको ट्रेड युनियन आन्दोलनसंग नेपाललाई पनि एकाकार गरायो। यसै सम्मेलनले नेपाल ट्रेड युनियन महासंघलाई नेटवर्क सचिवालयको रूपमा जिम्मेवारी सुम्पियो। सोही वर्ष नेपाल ट्रेड युनियन कांग्रेस सम्बद्ध नेपाल शिक्षक संघले शैक्षिक माग राखी देशव्यापी रूपमा आन्दोलन गऱ्यो।

यो वर्ष नेपाल ट्रेड युनियन महासंघले मानवअधिकार दिवसको उपलक्ष्यमा मजदूरहरूका लागि रू. १ लाख रूपैयाको "आकस्मिक कोष" स्थापना गऱ्यो। यो आकस्मिक कोषले गैरकानूनी तरिकाबाट निस्काशित मजदूर, एक महिनाभन्दा लामो कानूनी हड्ताल वा तालाबन्दीको अवस्थामा रहेका मजदूर तथा अति विरामी अवस्थामा परेका मजदूरहरूलाई आर्थिक सहायतता प्रदान गर्ने घोषणा गऱ्यो।

सन् १९९५ को शुरूआतमा नै तत्कालीन नेकपा (एमाले) सरकारले निजी क्षेत्रमा कार्यरत मजदूरहरूको लागी मासिक रू. ३ सय भत्ता थप गर्ने घोषणा गऱ्यो। उक्त घोषणालाई धेरैजसो व्यवस्थापन पक्षले अस्वीकार गरेको कारणबाट देशव्यापी औद्योगिक विवादको प्रारम्भ गऱ्यो। उक्त वर्ष भरिको अनेकौं प्रयास पश्चात करीब ६० प्रतिशन प्रतिष्ठानहरूले मात्र सरकारी घोषणालाई विभिन्न शर्त राखेर स्वीकार गरे। यो वर्ष १९९५ मा कृषि क्षेत्रमा कृषि मजदूरहरू र कमैयाहरूको संगठन निर्माणको प्रारम्भिक पहल शुरू भयो। देशभित्र फलदायी रोजगारीको अभावमा विदेशिएका नेपाली प्रवासी मजदूरहरूलाई संगठित गर्ने अभियान पनि सन् १९९५ मा शुरू गरियो। जुनसुकै रूपमा प्रवासिएका मजदूहरूलाई विदेशी भूमिमा संगठित गर्ने र तिनीहरूलाई सम्बन्धित देशको ट्रेड युनियन आन्दोलनसंग संलग्न गराई दिने कार्य नेपालको ट्रेड युनियन आन्दोलनको इतिहासमा पहिलो पल्ट भयो।

यसै वर्षदेखि नेपाल ट्रेड युनियन महासंघ ५ सय १५ वटा स्थानीय युनियन र १३ वटा राष्ट्रिय संघ भएको महासंघको रूपमा दर्ता हुन पुग्यो। कानूनी आन्दोलनको घेरामा नेपाली ट्रेड युनियन आन्दोलनले नयाँ उचाइ प्राप्त गऱ्यो। सोही वर्षको अन्त्य तिर आइ पुग्दा करीब ३ सय ७८ स्थानीय युनियन र १० वटा राष्ट्रिय संघहरू सहित नेपाल ट्रेड युनियन कांग्रेस पनि ट्रेड युनियन महासंघको रूपमा दर्ता भयो। ट्रेड युनियन कांग्रेसले आफ्नो मातहतमा वित्तीय तथा सार्वजनिक संस्थानलाई समेत ट्रेड युनियन आन्दोलनमा समावेश गराउने कार्यको शुरूवात गऱ्यो र देशव्यापी रूपमा ट्रेड युनियन शैक्षिक अभियानको संचालन समेत गऱ्यो। यस वर्षको उत्तरार्धमा नेपाली राजनीतिमा आएको परिवर्तनले ट्रेड युनियन आन्दोलनमा पनि प्रभाव पाऱ्यो। पहिलो प्रतिक्रियाको रूपमा अघिल्लो सरकारले ट्रेड युनियनको लागि प्रशीक्षण तथा तालिमको लागि छुट्याएको बजेट तथा रोजगारी सूचना सम्बन्धी कार्यक्रम नै स्थगित गरिदियो।

श्रम अदालतको स्थापना र राष्ट्रिय श्रम सल्लाहाकार समितिको गठन प्रक्रियामा ढिलाइ हुन गयो र राजनैतिक राष्ट्रिय श्रम सल्लाहकार समितिको गठन पनि आलोच्य बन्न पुग्यो। नेपाल ट्रेड युनियन महासंघले श्रम सल्लाहाकार समिति जस्तो समन्वयकारी संयन्त्रलाई राजनीतिकरण एवं राजनीतिक भर्ति केन्द्रको रूपमा परिभाषित गर्न खोजिनु गलत हो भनी वहिष्कार गऱ्यो। श्रम सल्लाहकार समिति निष्कृय हुन पुग्यो।

सन् १९९६ वर्षले एउटा महत्वपूर्ण अभियान शुरू गऱ्यो। कस्तो श्रम नीति नवौं योजनामा समाविष्ट गर्ने? नेपाल ट्रेड युनियन महासंघले मजदूर नेताहरू, सम्बद्ध बुद्धिजीवी एवं राजनीतिज्ञ बीच अन्तरक्रिया शुरू गरी मस्यौदा श्रम नीति तयार गऱ्यो। यो श्रम नीतिका विषयमा ट्रेड युनियनका विभिन्न घटकहरूमा मात्र छलफल चलाइएन, ६ महिना अगाडि देखि नै विभिन्न कल कारखानामा प्रशिक्षण, छलफल, सुझाव संकलनको रूपमा प्रचारित गरियो। नेपालमा पहिलो पटक श्रमिकद्वारा राज्यलाई बैकल्पिक श्रम नीति तयार गरी लागु गर्नका लागि सुझाव दिने काम भयो।

यो वर्षको अर्को महत्वपूर्ण अभियान कमैया मुक्ति अभियान हो। सन् १९९३ देखि जारी यो अभियानले यो वर्षको अन्त्यसम्ममा ठोस आकार ग्रहण गरी कमैया मुक्ति अभियान नेपालको गठन भयो। कमैयाहरूको संगठन कस्तो हुनु पर्छ भन्ने आदि विषय छलफलका क्रममा हल हुन पुगे।

सन् १९९६ ले नेपाली ट्रेड युनियन आन्दोलनको क्षेत्रलाई एकै चोटी विस्तारित गरिदियो। वर्षको शुरूवातमै

इन्सेकको पहलमा कमैयाहरूको प्रथम राष्ट्रिय सम्मेलनले "कमैया मुक्ति मंच नेपाल" को स्थापना गऱ्यो। यो मंचले स्थापनाको लगत्तै आफूलाई देशको प्रमुख ट्रेड युनियन आन्दोलन- नेपाल ट्रेड युनियन महासंघसंग आबद्ध गरायो। बिगतमा संगठित उद्योगमा कार्यरत सीमित संख्याका मजदूरहरूको अधिकार हनन र सौदावाजीको अधिकारलाई प्रमुखता दिंदै आएको ट्रेड युनियन आन्दोलनले एउटा महत्वपूर्ण संख्यामा रहेका कृषि मजदूरहरूलाई "बाँधा अवस्थाबाट मुक्त गरी श्रम बजारमा ल्याउने" प्रमुख मागमा आफूलाई केन्दित गर्न अग्रसर भयो।

यसैगरी नेपाल ट्रेड युनियन महासंघले यसै वर्ष आयोजना गरिएको दोस्रो राष्ट्रिय महाधिवेशनद्वारा सिङ्गो ट्रेड युनियन आन्दोलनलाई प्रभावित गर्ने राष्ट्रिय श्रम नीति तथा सन् २००० सम्मको ११ सूत्रीय कार्यक्रमको घोषणा गऱ्यो। सन् २००० मा महासंघ नामक उक्त कार्य योजनामा निम्न विषयहरू समावेश गरिए :

- घुम्ती ट्रेड युनियन स्कूल मार्फत "श्रम नीति" विषयमा ट्रेड युनियन शैक्षिक अभियान
- कृषि मजदूरहरूलाई संगठित गर्ने अभियान
- एक वर्ग-एक संगठन, एक प्रतिष्ठान एक युनियन अभियान
- विषयगत उद्योग अभियान
- महिला मजदूर अभियान
- वालश्रम निर्मूलन अभियान
- पेशागत सुरक्षा तथा स्वास्थ्य अभियान
- सय शीर्ष कार्यकर्ता र१० लाख सदस्य अभियान
- महासंघ सहकारिता अभियान
- मजदूर भवन निर्माण अभियान

यही वर्ष नेपाल ट्रेड युनियन कांग्रेस र नेपाल ट्रेड युनियन महासंघले छुट्टाछुट्टै रूपमा वालश्रम उन्मुलन अभियान संचालन गरे। नेपाल ट्रेड युनियन कांग्रेसले विभिन्न स्थानमा स्कूल संचालन गऱ्यो भने महासंघले तोकिएका क्षेत्र, चिया बगान र सफाइ मजदूरका छोराछोरीको शिक्षामा सहयोग प्रदान गऱ्यो। यही वर्ष नेपाल ट्रेड युनियन कांग्रेसले श्रमिक सहकारी बैंकको अवधारणा अगाडि ल्याएको भएता पनि त्यसले मुर्तरूप लिन सकेन।

यस वर्ष अन्तर्राष्ट्रिय श्रम संगठनद्वारा आयोजित कार्यक्रममा नेपाल ट्रेड युनियन महासंघद्वारा प्रस्तुत "राष्ट्रिय श्रम नीति" सम्बन्धी दृष्टिकोणमा नेपाल ट्रेड युनियन कांग्रेस र नेपाल ट्रेड युनियन फेडरेशन (दर्ता नभएको) ले सहमति जनाए। एक्काइसौं शताब्दीको नेपाली ट्रेड युनियनका मुद्दाका रूपमा नेपालका ट्रेड युनियनहरूले निम्न प्रमुख मुद्दाहरूमा साझा दृष्टिकोण अगाडि सारे -

- विद्यमान श्रम कानूनमा परिवर्तन
- औद्योगिक क्रान्ति र आर्थिक उदारीकरणको प्रसंग
- औद्योगिक सम्बन्ध
- कृषि तथा ग्रामीण मजदूर सम्बन्धी सवाल
- ज्याला नीति र ज्यालासंग सम्बद्ध पक्ष
- वालश्रम
- महिला मजदूरी
- वैदेशिक रोजगार सन्दर्भ
- स्वरोजगार श्रमजीवी
- व्यवस्थापनमा श्रमिक सहभागिताको प्रश्न
- श्रमिक सहकारिता
- मजदूर शिक्षा र तालिम

यसका अतिरिक्त यो वर्ष दूरसंचार संस्थानको कर्मचारी आन्दोलन उल्लेखनीय रह्यो। जुन आन्दोलनको सफलताले नाङ्गो निजीकरणबाट केही समयलाई भए पनि संस्थानलाई जोगायो। सार्वजनिक क्षेत्रमा बैंकिङ्ग अथवा कर्मचारीको आन्दोलन र सेवा क्षेत्रमा शिक्षकहरूको आन्दोलन यो वर्षको थप आन्दोलनको रूपमा ट्रेड युनियन आन्दोलनको इतिहासमा दर्ज हुन पुग्यो। यो साल भरी भएको आधिकारिक युनियनको निर्वाचनमा महासंघ (७२ वटा) ६७.८० प्रतिशत, नेपाल ट्रेड युनियन कांग्रेस (१९ वटा) १८.५२ प्रतिशत र अन्य युनियनहरू १३.५८ प्रतिशत स्थानमा विजयी भए।

यो वर्ष नेपालको ट्रेड युनियन आन्दोलनमा फुट र विभाजनको शुरूवात समेत हुन पुग्यो। सन् १९९६ मा नेपाल ट्रेड युनियन कांग्रेसमा शुरूवात भएको विभाजनको प्रक्रिया हाल टड्कारो रूपमा दुई वटा झुण्डमा विभक्त युनियनले स्पष्ट गर्दछ। यसले नेपालको ट्रेड युनियन आन्दोलनलाई क्षति नै पुऱ्याएको छ। यसैगरी ट्रेड युनियनको अधिकारको प्रयोग गर्ने तर आफूलाई ट्रेड युनियनको सदस्य भन्न नरूचाउने सार्वजनिक तथा वित्तीय संस्थाका कर्मचारीहरूले आफूलाई स्पष्ट रूपमा ट्रेड युनियनको घेराभित्र समाहित गर्ने कार्य गरे। यसबाट नेपालको ट्रेड युनियन आन्दोलनमा केबल शारीरिक श्रम गर्नेहरूमात्र रहन सक्छन् भन्ने पक्ष पराजित हुन पुगेको छ।

नेपाल ट्रेड युनियन महासंघको कृषि अभियान :

ट्रेड युनियन आन्दोलनलाई आज भोलि एक सामाजिक सहयात्रीको रूपमा स्वीकारिन्छ। ट्रेड युनियन आन्दोलन केवल शहर र औद्योगिक एवं सेवा क्षेत्रमा मात्र सीमित रहन गएमा समाजको आमूल रूपान्तरण वा सामाजिक विकासमा गर्नु पर्ने योगदानहरू गर्न पनि सक्तैन। ग्रामीण क्षेत्रका श्रमिक वर्गलाई पनि ट्रेड युनियन आन्दोलनको घेराभित्र समेटेर उनीहरूको चेतना अभिबृद्धि गर्दै, उनीहरूका हित सम्बन्धी मुद्दाहरू उठाउँदै व्यापक दृष्टिकोणका साथ अघि बढेमा मात्र ट्रेड युनियन आन्दोलनले साँच्चै नै सामाजिक आन्दोलनको मूल प्रवाहको रूपमा युगान्तकारी भूमिका पूरा गर्न सक्छ।

त्यसै हुनाले लामो समयको अन्तरक्रिया र छलफल पछि ट्रेड युनियन महासंघले छरिएर रहेका कृषि मजदूरहरूको युनियनीकरण गर्नेतर्फ दृढताका साथ कदम बढाउने निर्णय गऱ्यो। यद्यपि महासंघले यस अघि पनि चिया मजदूरहरूको

युनियनीकरण गर्ने काम गरिरहेको थियो र कृषि फर्ममा कार्यरत कृषि मजदूरहरूलाई संगठित गर्ने काममा पनि हात हालिसकेको थियो। तर छरिएर रहेका अन्य कृषि मजदूरहरू हली, गोठाला, खेताला, कृषि ज्यालामा आश्रित भूमिहीन र गाँसबाससम्म नभएकाहरूलाई ट्रेड युनियन आन्दोलनभित्र समाहित गर्ने काम यस अघि भएको थिएन। त्यसैले त्यो अभावलाई पूरा गर्ने नीति नय गरियो र बगान, कृषि फर्म, कमैया तथा बाँकी कृषि श्रमिकहरूका छुट्टाछुट्टै संघहरू निर्माण गरी ग्रामीण तथा कृषि क्षेत्रमा एक सशक्त सामाजिक आन्दोलन छेड्ने महासंघले निधो गर्‍यो। यसको लागि नेपाल ट्रेड युनियन महासंघले सन् १९९६ का लागि ३१ जिल्ला छनौट गर्‍यो र सोही अनुरूप संघ निर्माण अभियानमा संलग्न भयो। तर यसैबीच कृषि मजदूर संगठित गर्ने कुरामा किसानहरूको संगठन अखिल नेपाल किसान संघसंग विवादको स्थिति उत्पन्न भयो। किसान संघका केही नेताहरूको ट्रेड युनियन आन्दोलनप्रति रहेको भ्रम र केही नेताहरूको महासंघप्रति रहेको पूर्वाग्रहका कारणले पनि यस प्रकारको अवस्था उत्पन्न हुन गयो। "ज्याला भित्र्याउने र बाली भित्र्याउनेको एउटै संघ हुन नसक्ने" ट्रेड युनियन आन्दोलनको दावीका विरूद्ध "किसान आन्दोलन भँडुवा" को झुठा लाञ्छना लगाउँदै किसान संघले सर्कुलर नै जारी गर्‍यो।

यसै वर्षको असार-साउन महिनामा बाली लगाउने बेला "बाली भित्र्याउने र ज्याला भित्र्याउने" दुई स्वार्थ बीचको प्रत्यक्ष टकराव शुरू भयो। पूर्वी नेपालको धनुषा जिल्लामा ६ के.जी. ज्यालाकोमाग राख्ने कृषि मजदूरहरूको विरूद्ध किसानहरूको बाहुल्यता रहेको प्रमुख राजनीतिक पार्टीका जिल्ला शाखाहरूको बैठक बस्यो। मजदूरहरूका माग पूरा नगर्ने र आन्दोलन जारी राखेमा मजदूर नेताहरूलाई सार्वजनिक अपराध अन्तर्गत प्रशासनिक कार्वाही गर्ने निर्णय समेत भयो। नेपाल ट्रेड युनियन महासंघले यसको कडाइका साथ विरोध गर्‍यो। आ-आफ्ना जिल्ला शाखालाई आन्दोलनलाई मजदूरहरूको पक्ष लिन र उपर्युक्त सर्वदलीय निर्णयको निन्दा गर्न आह्वान गर्‍यो। यो आह्वान केवल नेकपा (एमाले) ले मात्र स्वीकार गर्‍यो र आफ्नो पक्षका किसानहरूलाई मजदूरहरूसंग सम्झौता गर्ने आदेश सार्वजनिक गर्‍यो। यस्तै प्रकृतिको श्रम विवाद सप्तरीमा पनि भयो। आन्दोलनको क्रममा एक जना मजदूर आन्दोलनकारी मारिए भने थुप्रै घाइते भए। यसै आन्दोलनको क्रममा कृषि मजदूरहरूको केन्द्रीय संघको आवश्यकता महसूस गरेर अभियान शुरू गरिएका जिल्ला मध्ये २० जिल्लाका ६० जना कृषि मजदूरहरूको प्रथम राष्ट्रिय भेला सेप्टेम्बर १९ (असोज ३, ०५३) १९९६ मा काठमाडौंमा आयोजना भयो। भेलाले १५ सदस्यीय कृषि मजदूर संघ, नेपालको केन्द्रीय तदर्थ समिति गठन गर्‍यो। र उपस्थित अगुवाहरूलाई प्रशिक्षण दिन २०-२१ सेप्टेम्बर (४-५ भाद्र) मा ग्रामीण तथा कृषि मजदूर सम्बन्धी राष्ट्रिय कार्यशाला आयोजना गर्‍यो। मुलुकको इतिहासमा पहिलो पल्ट आयोजना भएको कृषि मजदूरहरूको त्यो भेला तथा गोष्ठीले छलफल, विचार मन्थनको आधारमा तीन मुख्य निष्कर्ष निकाल्यो :

क. कृषि मजदूरहरूको हित र देशको सिङ्गो कृषि अर्थतन्त्रको उत्पादकत्व बृद्धि गर्न तथा ग्रामीण समाजको पुनः संरचना गर्नको निमित्त ग्रामीण क्षेत्रमा श्रमजीवी जनताका संगठनहरूको निर्माण र विस्तारले अत्यन्त महत्व राख्दछ। तसर्थ हालसम्म अत्यन्त उपेक्षित, शोषित र कष्टकर अवस्थामा जीवन धानिरहेको कृषि मजूर वर्गको व्यापक रूपमा युनियनीकरण गर्नु पर्छ।

ख. ग्रामीण श्रमिक सम्बन्धी आइ एल ओ का अनुबन्धहरू १४१ र ११० लाई श्री ५को सरकारले अनुमोदन गर्नु पर्छ र कृषि मजदूरहरूलाई ट्रेड युनियन अधिकारको ग्यारेन्टी गर्न सोही बमोजिम विद्यमान श्रम कानून परिमार्जन गर्नु पर्छ वा नयाँ कानून निर्माण गर्नु पर्छ।

ग. सामाजिक सुरक्षा र ज्याला लगायत कृषि मजदूरका हितसंग सम्वद्ध विविध पक्षमा छलफल विचार गर्दा ज्यालाको विविधता र कामका शर्तहरू बारे अध्ययन अनुसन्धान गर्नु पर्छ। जिल्ला-जिल्लामा मात्र नभएर गाउँ-गाउँमा समेत भिन्न रहेको ज्याला स्थिति र कामका अवस्था बीचबाट न्यूनतम ज्याला निर्धारण र त्यसलाई महंगी वृद्धिको अनुपातमा अनुकूल सामञ्जस्य गर्न आवश्यक भएकोले कृषि मजदूर मूल्य सूचकांक तयार गर्नको लागि संयन्त्र तयार गर्नुपर्छ।

नेपाल ट्रेड युनियन महासंघ र कमैया मुक्ति अभियान :

कमैया मुक्तिको आन्दोलन कमैया मुक्ति मंच बनेपछि मात्र शुरू भएको होइन। यो समस्यालाई समाजमा छर्लङ्गाई दिने काम सर्वप्रथम इन्सेकले गरेको थियो। सन् १९९० मा वहुदलीय व्यवस्था स्थापना भएपछि इन्सेकले त्यस क्षेत्रमा गरेको अध्ययन र प्रकाशित प्रतिवेदनले सम्बद्ध पक्षमा चासो जगाउने कार्य गर्‍यो। मानवअधिकार संचेतना कार्यक्रम अन्तर्गत कमैयाहरू बीचबाटै निर्मित "कमैया मुक्ति अभियान" ले यो आन्दोलनलाई अरू गति दियो।

सन् १९९६ को जनवरीमा भएको प्रथम कमैया सम्मेलनद्वारा निर्मित "कमैया मुक्ति मंच- नेपाल" नेपाल ट्रेड युनियन महासंघमा आबद्ध भएपछि यो अभियान राष्ट्रिय मूलधारमा जोडिन पुग्यो।

यसपछि मंच, महासंघ र इन्सेकको संयुक्त पहलमा यो अभियान संचालित हुन थाल्यो। खासगरी इन्सेकले अनौपचारिक शिक्षा तथा मानवअधिकार शिक्षा संचालन गर्न संभव भएसम्म, आर्थिक, भौतिक वातावरण तयार गर्ने पाटोमा आफूलाई संलग्न गर्‍यो र आफ्नो नेटवर्कमा रहेको राष्ट्रिय अन्तर्राष्ट्रिय संस्थाको सहयोग समर्थन र ऐक्यबद्धता जुटाउन आफूलाई क्रियाशील पार्‍यो। महासंघले आन्दोलन र जागरणको पक्षमा आफूलाई केन्द्रित गरेको छ।

यस अवधिमा यी प्रयत्नहरूले केही नतिजा पनि

देखाएका छन्। नेकपा (एमाले) को सरकार बनेपछि यो समस्यालाई प्रजातन्त्रमाथि नै व्यंगको रूपमा सरकारी तहबाट स्वीकार गरियो र कमैया मुक्तिको कार्यक्रम प्रकाशित गरियो।

एमाले सरकारपछि स्थापित संयुक्त सरकारले पनि यो वास्तविकता लाई स्वीकार गर्‍यो। तर कमैया मुक्तिको लागि भने व्यवहारिक कार्यक्रम अघि सारिएन। कमैया वृत्ति विकास कार्यक्रम ३ महिना मात्रको अवधि पश्चात असफल भएपछि आन्दोलित कमैयाहरूको नेतृत्व मुक्ति मंचले गर्‍यो र दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुर गरी ५ वटा जिल्लामा अनगिन्ति सभाहरू, धर्ना एवं जुलुस भए। परिणाम स्वरूप सरकारी कार्यक्रमको अनुगमन विविध पक्षबाट भयो र दुनियाँले त्यो अव्यवहारिक कार्यक्रम भएको ठहर गर्‍यो।

अहिले एकातिर अन्तर्राष्ट्रिय संस्थाहरूले कमैया मुक्तिको प्रश्नलाई प्रमुख मुद्दाको रूपमा उठाएका छन् र आफ्नो ऋण, अनुदानसंग यो प्रसंग जोडेका छन्। अर्कोतिर ट्रेड युनियन आन्दोलन तथा गैरसरकारी संस्थाहरूको तर्फबाट आ-आफ्नो सीमाभित्रको प्रयत्न भइरहेको छ। महासंघ, कमैया मुक्ति मंच र इन्सेकको भने त्रिपक्षीय संलग्नता जारी छ र मुक्ति मंचले निम्न बमोजिमको सूत्रबद्ध मागलाई आफ्नो आन्दोलनको मागको रूपमा अघि बढाइरहेको छ।

- सौंकी मिनाहा गरियोस्।
- जमिनमाथि कमैयाको हक कायम गरियोस्।
- कार्यघण्टा र न्यूनतम ज्याला निश्चित गरियोस्।
- जोत्नको लागि जमिन र आवासको लागि घडेरीको व्यवस्था गरियोस्।
- कमैया वालवालिकाको लागि निशुल्क शिक्षाको व्यवस्था गरियोस्।
- महिलामाथि लादिएको बुकरही र कमलरी प्रथा अन्त्य गरियोस्।
- कमैयाहरूको लागि बैकल्पिक रोजगारी सृजना गर्न व्यवस्थित, व्यवहारिक र सिपमूलक तालिमको व्यवस्था गरियोस्।

निष्कर्ष :

नेपालको ट्रेड युनियन आन्दोलनको आधा दशकको समीक्षा गर्दा हामी निम्न निष्कर्षमा पुग्न सक्छौं :

१. ट्रेड युनियन ऐन जारी भएको ५ वर्षको अवधिमा समग्रमा आन्दोलनले गति लिएको छ। अपेक्षित प्रगति हुन नसके पनि सन्तोषजनक उपलब्धी यसले हासिल गरेको छ।
२. ट्रेड युनियन ऐनको प्रकृति अनुसार यो आन्दोलन माथिबाट एकैचोटी तल पुगेको छ। आधिकारिक युनियनको निर्वाचन र सामूहिक सौदावाजीको अधिकारको कारणले केन्द्रीय संघ र महासंघको भन्दा प्रतिष्ठान स्तरीय युनियनको भूमिकामा बृद्धि भएको छ। यसले स्थानीय युनियनद्वारा केन्द्रीय युनियनको उपेक्षा गर्ने र आन्दोलन केन्द्रिकृत रूपमा नहुने समस्या पनि विकसित हुन पुगेको छ। परिस्थितिले संकेत गरेको छ- यो प्रवृत्ति अस्थायी प्रकृतिको भए पनि द्विपक्षीय वार्तामा उद्योगीद्वारा मागे बमोजिमको शर्त पूरा हुने अवस्था रहेसम्म यो कायमै रहने छ। एउटा खास अवस्थामा पुगेपछि "दिने र लिने काम" अहिलेभन्दा असहज बन्न जानेछ। त्यसपछि केन्द्रीय संघहरूको भूमिका प्रमुख हुन पुग्ने छ। भावी राष्ट्रिय आन्दोलनको आधार तयार गर्न अहिलेदेखि केन्द्रीय संघद्वारा स्थानीय युनियनहरूलाई प्रशिक्षित गर्ने कार्य नियमित रूपमा गर्नु पर्छ।
३. मजदूरहरूको सामूहिक सौदावाजीका माग अझसम्म पनि आर्थिक मागमा नै सीमित छ। यो प्रवृत्तिमा परिवर्तन गर्नु जरूरी छ। आर्थिक माग जस्तै राजनीतिक र सामाजिक सुरक्षाको मागलाई प्रमुखता दिन स्थानीय युनियनहरूलाई प्रशिक्षत गर्नु पर्छ।
४. ट्रेड युनियन-र पेशागत संगठन बीचको कृत्रिम विभाजन क्रमशः मेटिंदै गएको छ। हरेक पेशा र व्यवसायका कामदार कर्मचारीहरू ट्रेड युनियन आन्दोलनको दायराभित्र समेटिने प्रयत्नमा रहेका छन् र ट्रेड युनियन आन्दोलनको दायरा विस्तृत हुँदैछ।
५. अहिलेसम्म त्यति राजनीतिक महत्व नपाएको वर्तमान ट्रेड युनियन आन्दोलन क्रमश प्रभावकारी सामाजिक सहयात्रीको रूपमा स्वीकारिंदै छ।
६. देशको ट्रेड युनियन आन्दोलन यो अवधिमा ज्यादा कानूनी घेराभित्र रूमलिएको छ। घेरा बाहिर संचालित केही आन्दोलन अस्वाभाविक रूपमा प्रकट भएकाले असफल समेत हुन पुगेका छन्।
७. वर्तमान अवस्थामा नेपालमा २ महासंघ मात्र क्रियाशील हुन सक्ने वस्तुगत अवस्था देखा परेको छ।
८. कमैया मुक्ति अभियान र वाल श्रम निर्मूलन अभियान सबैभन्दा तातो मुद्दाको रूपमा ट्रेड युनियन आन्दोलन भित्र प्रकट हुन पुगेको छ।
९. पेशागत सुरक्षा तथा स्वास्थ्य र प्रवासी मजदूर सम्बन्धी मुद्दा आन्दोलनले वेवास्ता गर्न नहुने विषयको रूपमा स्वीकारिएको छ।
१०. महिला मजदूर र लिंगीय भेदभावको विषय ट्रेड युनियन आन्दोलनको अविभाज्य विषय बनेको छ।
११. कृषि मजदूर तथा असंगठित क्षेत्रका मजदूरहरू ट्रेड युनियन आन्दोलनको भूमिकालाई प्रभावित गर्ने र दिशा निर्देशित गर्ने क्षेत्रको रूपमा अगाडि आएका छन्।

■

अनुसूची ५ (घ)

नेपाली महिला र मानवअधिकार (१९९१-१९९६)

नेपालमा बहुदलीय प्रजातन्त्रको स्थापना गर्न महिलाहरूले खेलेको भूमिकालाई कसैले नकार्न सक्दैन। प्रजातन्त्रको बहाली पश्चात मात्र मानव अधिकारको सुरक्षा र मानवका आधारभूत आवश्यकताको विकास सम्भव हुने कुरालाई नेपाली महिलाहरूले पनि राम्रैसंग बुझेका थिए। त्यसैले प्रजातन्त्र वहालीका निम्ति भएको आन्दोलनमा दृढ मनोबलका साथ पुरूषहरूसित कदम मिलाउँदै महिलाहरू समाहित मात्र भएनन्। उनीहरू जस्तोसुकै जोखिम उठाउँन र बलिदान दिनसमेत पछि परेनन्। भाषण, जुलुस, प्रदर्शन, धर्ना, प्रहरी लाठी, दमन, जेलनेल र शहादतमा पनि महिलाहरू पुरूषसमान सहभागी बने।

सामूहिक संघर्ष र बलिदानले नेपालमा २०४६ साल चैत २६ गतेको राजनैतिक परिवर्तन ल्यायो। तीस वर्षको निर्दलीय व्यवस्थालाई समाप्त गरी देशमा बहुदलीय व्यवस्था लागू भयो। यस खुला प्रजातान्त्रिक वातावरणमा वर्षौंदेखि असमानता, भेदभाव, शोषण र उत्पीडनमा परेका महिलाहरूले पनि आफ्ना कुँजिएका पङ्ख फट्फटाउन थाले। नेपाली महिलाहरूको उडानलाई गति दिन २०४७ सालको नयाँ संविधानले अझ प्रोत्साहित गऱ्यो। नागरिकका रूपमा महिलालाई पुरूषसमान अधिकार दिनु पर्ने समानताको सिद्धान्तलाई पहिलो पल्ट अँगालेर नयाँ संविधानले राज्यका नीति निर्देशक सिद्धान्त र नीतिहरूमा समेत महिलाहरूको विकासका निम्ति विशेष प्रावधानको व्यवस्था गरिदियो। जनआन्दोलनपछि बनेको संविधानले नेपाली महिलाहरूका अधिकारलाई संवैधानिक सुनिश्चितता प्रदान गर्न निम्न मुख्य व्यवस्था गऱ्यो।

राजनैतिक अधिकार

- प्रतिनिधि सभाका लागि हुने निर्वाचनमा प्रत्येक राजनैतिक संगठन वा दलका उम्मेदवारहरूमध्ये कम्तीमा पाँच प्रतिशत महिला उम्मेदवार हुनु अनिवार्य हुनेछ। (धारा ११३)
- राष्ट्रिय सभामा तीन जना महिला सदस्य अनिवार्य रूपमा रहनु पर्ने। (धारा ४६ (१) ख)

समानताको अधिकार र मौलिक हक

सबै नागरिकलाई कानूनको दृष्टिमा समान मान्दै कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित नगर्ने तथा लिङ्गको आधारमा भेदभाव नगर्ने। (धारा ११)

तथा यसै प्रावधान अन्तर्गत महिला, वृद्ध, बालक वा शारीरिक मानसिक दृष्टिमा अशक्त व्यक्ति वा आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पिछडिएका वर्गको संरक्षण वा विकासका निम्ति कानूनद्वारा विशेष व्यवस्था गर्न सकिने।

स्वतन्त्रताको हक

कानून बमोजिम कुनै पनि महिला तथा पुरूषको वैयक्तिक स्वतन्त्रता अपहरण हुने छैन। (धारा १२)

समान कामको समान ज्याला

समान कामका लागि महिला र पुरूषबीच पारिश्रमिकमा भेदभाव नगरिने। (धारा ११)

शोषण विरुद्धको हक

बेचबिखन, दास, बाँधा बनाउने र कुनै किसिमको आफ्ना इच्छा विपरीत काम गराउन निषेध गरिने। (धारा २०)

राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरूमा महिला सहभागिता

महिला वर्गको शिक्षा, स्वास्थ्य, रोजगारीको विशेष व्यवस्था गरी राष्ट्रिय विकासमा महिलाहरूलाई अधिकाधिक सहभागी बनाउने नीति राज्यले अवलम्बन गर्नेछ।

नेपाली महिलाहरूले यी संवैधानिक अधिकारहरूका आधारमा विकासको दिशामा कति लम्किने मौका पाए त ? अथवा, बहुदलीय व्यवस्थाको आगमन र यसपछिका वर्षहरू महिलाको मर्यादास्तरमा के कस्ता परिवर्तन ल्याउन सफल भयो त ? यस्तो प्रश्न महत्वपूर्ण र सान्दर्भिक पनि छ।

आज मुलुकमा प्रजातन्त्रले आधा दशकभन्दा बढी अवधि पार गरिसकेको छ। यस अवधिभित्र नेपालमा एक पटक आम निर्वाचन र एक पटक मध्यावधि निर्वाचन भइसकेको छ। बहुमत, अल्पमत र संयुक्त तीनै प्रकारका सरकार पनि बनिसकेका छन्। संसदको दसवटा अधिवेशन पनि सम्पन्न भइसकेको छ। यस आधारमा नेपाली महिलाहरूको स्थिति, उपलब्धि र अवस्थाको समग्रमा मूल्याङ्कन गर्नुपर्दा राजनैतिक, सामाजिक, आर्थिक अवस्थालाई केलाउन र केही नीतिगत एवं केही वस्तुगत कुराहरू पनि उठाउन आवश्यक देखिन्छ।

केही उपलब्धिहरु

देशमा बहुदलीय प्रजातन्त्रको पुनर्वहालीपछि महिलाहरूले नागरिक अधिकारको खुलेरै उपयोग गर्न पाएका छन्। सभा, भाषण, जुलुस, प्रदर्शन, धर्ना, जस्ता दबाव मूलक कार्यक्रम र महिला अधिकारको वकालतमा नेपाली महिलाहरूले पर्याप्त सक्रियता देखाएका छन्। संविधान अनुसार आरक्षणको वृद्धि गर्नु पर्ने विषयमा होस् वा कानूनमा लिङ्गको आधारमा गरिने भेदभाव, महिलाविरूद्ध हुने हिंसा र अपराधको सवालमा होस् महिलासित सरोकार राख्ने प्रत्येक सवालमा महिलाहरूले नागरिक अधिकारको अभ्यास राम्रैसंग गरेको देखिन्छ। सर्वोच्च अदालतमा समेत श्री ५ को सरकारलाई प्रतिवादी बनाएर संविधानले सुरक्षित गरेका हक-अधिकार माग्न महिलाहरू पछि परेनन्। यो स्पष्ट चेतना र सक्रियता शहर केन्द्रित शिक्षित, चेतनशील, बुद्धिजीवी, पेशेवर महिलाहरूमा मात्र होइन ग्रामीण महिलाहरूमा पनि उल्लेखनीय रूपमा फैलिएको देखिन्छ। नेपालका विभिन्न जिल्लाहरूमा प्रभावकारी एवं सशक्त ढंगले चलिरहेको रक्सीविरोधी आन्दोलन यसको ज्वलन्त उदाहरण हो। ग्रामीण महिलाहरूले देशभरि व्यापकरूपमा चलाइरहेका रक्सीविरोधी अभियानलाई नारीवादी आन्दोलनकै हिस्साको रूपमा लिन सकिन्छ।

महिलाहरूमा देखिएको सामूहिक रूपले आफ्ना समस्यासित जोडिने प्रवृत्तिलाई वहुदलीय व्यवस्थापछिका वर्षहरू एक खास उपलब्धिको रूपमा लिन सकिन्छ। चाहे समस्या सामाजिक हुन् अथवा राजनैतिक महिलाहरूले अधिकारका निम्ति संगठित हुनुपर्ने आवश्यकतालाई बुझ्न थालेका छन्। "आमा समूह" का रूपमा आफूलाई संगठित गर्ने प्रयत्नको लहर ग्रामीण स्तरका महिलाहरूमा चलेको देख्न सकिन्छ शहर क्षेत्रमा पनि त्यस्तो पहल देखा परेको छ। राजधानीमा पन्चानब्बे वटा महिला संघ-संस्था र निकायहरूले "महिला दबाव समूह" को गठन गरेका छन्। यस्तै सामूहिकताको झलक संसदका महिला सांसदहरूमा पनि देखिनु अर्को सकारात्मक पक्ष हो। थोर बहुत रूपमा संसदमा उठ्ने महिला हकहीतका सवालमा पनि राजनैतिकरूपमा वैचारिक मतभिन्नताका कारण एउटै राय र दृष्टिकोण बन्न कठिनाइ परेको सुरूको अवस्थामा सुधार आएको छ। यसै वर्ष संसदमा पनि "महिला समूह" (*वुमन ककस*) खडा भएको छ। महिला सांसदहरूका विभिन्न फरक-फरक राजनैतिक प्रतिवद्धताहरू छँदाछँदै पनि संसदमा महिला हकहितका निम्ति उठ्ने सवालमा एउटै राय, सहमति र आवाज हुनु पर्ने धारणाको विकास हुनुलाई उपलब्धिकै रूपमा लिन सकिन्छ।

सक्रिय महिलाहरूले लामो समयदेखि राख्दै आएको महिला मन्त्रालयको स्थापनाको माग विगत वर्ष तीन पार्टी सम्मिलित संयुक्त सरकारको समयमा आएर बल्ल पूरा भएको छ। महिला तथा समाज कल्याण मन्त्रालयको स्थापनाबाट एउटा राम्रै परम्पराको सुरूआत भएको मान्न सकिन्छ।

राष्ट्रिय विकासमा महिलाहरूको योगदानलाई वहुदलीय व्यवस्थाको स्थापना पछिको अवधिमा सबै क्षेत्रमा अझ तीव्रतासाथ महशूस गरियो। जनआन्दोलन पछि तत्कालै आरम्भ भएको आठौं पञ्चवर्षीय योजनामा महिला विकासका निम्ति खास नीति तर्जुमा गरिएको थियो। राष्ट्रिय विकासको मूलप्रवाहमा महिला विकासको अवधारणालाई ज्यादै सशक्त रूपले उठाएर यस अनुरूप योजनाहरू तर्जुमा गर्ने कार्यसमेत भएका थिए।

अर्कातिर यी सरकारी प्रयत्नहरू बाहेक महिला विकासका निम्ति गैरसरकारी आन्दोलन पनि समानान्तर रूपमा चलेका छन्। साक्षरता, सीप विकास, आयआर्जन, रोजगारी, खानेपानी, इन्धन, वातावरण, स्वास्थ्य, कानूनी सचेतता, महिला सशक्तिकरण जस्ता विभिन्न कार्यक्रम लिएर देशव्यापी रूपमा हजारौंको संख्यामा खुलेका गैरसरकारी संघ-संस्थाहरू आम नेपाली महिलाको कल्याणका निम्ति काम गर्ने जमर्को गर्दैछन्। अल्पसंख्यक र दलित जनजातिका महिलाहरूले जातीय एवं समान अधिकारको दोहोरो लडाईं छेड्न थालेको देखिनु सकारात्मक पक्ष हो।

बहुदलीय व्यवस्था पछिका यी सात वर्षमा महिलाहरूमा उल्लेखनीय रूपले जागरूकता आएको छ। शोषणलाई ठम्याउने, तिनका विरूद्धमा आवाज उठाउने, नेतृत्व विकास गर्ने, सैद्धान्तिक चिन्तन मननको आवश्यकता महशूस गर्न थालिएको छ। यसै सन्दर्भमा यसै वर्ष पद्मकन्या क्याम्पसको गृहविज्ञान समूहको संयोजकत्वमा एक वर्षे "महिला अध्ययन पाठ्यक्रम" सुरू गरिएको छ।

नेपालको महिला आन्दोलनलाई सही दिशा दिन नेपालको परिप्रेक्ष्यमा नारीवादी सैद्धान्तिक चिन्तनको विकास गर्न महिला सवालहरूमा नयाँ ढङ्गबाट बहसहरू हुँदै छन्। जस्तै, पैतृक सम्पत्तिमा समान अधिकार, आर्थिक आत्मनिर्भरता, राजनैतिक प्रशासनिक ओहदाहरूमा महिलाको समान पहुँच, शिक्षा साक्षरतामा समान सहभागिता, स्वास्थ्य, प्रजनन एवं गर्भपतन अधिकार आदि।

यसै अवधिमा महिलाहरूका बारेमा दुई-दुईवटा तथ्याङ्कगत विवरण तयार भइसकेका छन्। सन् १९९४ मा प्रकाशित मीना आचार्यद्वारा "नेपाली महिलाहरूको तथ्याङ्कगत विवरण नीति सन्दर्भमा नवीकरण" र यसको एकवर्षपछि सावित्री सिंहको "नेपालका महिलाहरूको तथ्यांकगत विवरण" प्रकाशित भएको देखिन्छ। सन् १९८१ मा प्रकाशित भएको "नेपाली महिलाको मर्यादास्तरमाथि गरिएको अध्ययन" लाई नेपाली महिला विकासको क्षेत्रमा कोसेढुङ्गा मानिन्छ। त्यसलाई नवीकरण गर्ने कार्य स्त्रीशक्ति नामक संस्थाको पहलमा सम्पन्न भएको छ। यस अवधिमा केही मात्रामा महिलाहरूको पेसागत बौद्धिक दायरा र गतिविधि बढ्न सकेको महशूस गर्न सकिन्छ। केही महिलाहरू उनीहरूको सक्रियता सृजनशीलता तथा योगदानका निम्ति राष्ट्रिय, अन्तराष्ट्रियरूपले पुरस्कृत पनि भएका छन्।

चीनको राजधानी बेइजिङको चौथो विश्व महिला सम्मेलन पनि नेपाली महिलाहरूको निम्ति केही अर्थमा उपलब्धिमूलक रह्यो। बहुदलीय व्यवस्थाको आगमन अघि

जति पनि अन्तराष्ट्रिय स्तरका विश्व महिला सम्मेलनहरू आयोजित हुन्थे त्यसमा ठूला ओहदावालहरू मात्र भाग लिएर फर्किन्थे। तर, यसपटक निकै सक्रियता देखाउँदै गैरसरकारी संघ-संस्थाहरूको माध्यमबाट केही आममहिलाहरू पनि बेइजिङ् पुगे। उनीहरूले सम्मेलनमा भाग पनि लिए। बेइजिङ् सम्मेलनले ती महिला अधिकारलाई औपचारिकरूपमा प्रत्याभूति दिने काम गर्‍यो जसका निम्ति नारीवादी र महिला सक्रियतावादीहरू वर्षौंदेखि लड्दै आएका छन्। बेइजिङ् सम्मेलनले नेपाली महिलाहरूलाई यदि केही दिएको छ भने त्यो हो कानूनी संघर्षको कुञ्जी। सम्मेलनले निरूपण गरेको महिला अधिकारलाई कानूनीरूपमा प्रत्याभूति गर्नका निम्ति अब नेपाली महिलाहरू सम्मेलनका दस्तावेजलाई आधार बनाएर लड्न सक्छन्।

बहुदलीय व्यवस्थापछिका वर्षहरूमा नेपाली महिलाको छवि आफ्ना हकअधिकारप्रति सचेत, जुझारू र देशको प्रत्येक राष्ट्रिय सवालसित सरोकार राख्ने नागरिकको रूपमा स्थापित भएको छ। महिलाहरूले जुन जागरूकता र सजगताका साथ यी वर्षहरूमा आफ्ना सामुदायिक हितका कुरा उठाए त्यसले केही आशालाग्दो भविष्यको संकेत गरेको छ।

नेपाली महिलाहरुको स्थिति

नेपाली महिलाहरूको स्थितिलाई बुझ्न मुख्यतः दुई वटा सूचकको सहारा लिन सकिन्छ- पहिलो अधिकांश महिलाहरूले आफ्नो असन्तुष्टि र आफू अन्यायमा परेका कुरालाई स्पष्टरूपले दर्शाउन सकेका छन् वा छैनन्, दोस्रो : महिला हक-अधिकार संरक्षण गर्नेतर्फ राजनैनिक, सामाजिक तथा आर्थिक आन्दोलनहरू भएका छन् वा छैनन् ? माथि चर्चा गरिएका गतिविधि एवं सक्रियताका आधारमा पहिलो सूचक उत्साहप्रद छ, तर पछिल्लो भने निराशाजनक।

महिलाहरुको राजनैतिक स्थिति, अधिकार र सहभागिता

प्रजानन्त्रको स्थापनापछि पनि नेपालको मूल राजनीतिमा महिलाहरूको स्पष्ट प्रभाव खस्किंदो अवस्थामा रहेको सजिलैसित देख्न सकिन्छ। यद्यपि नेपाल अधिराज्यको संविधानले प्रतिनिधि सभाकालागि ५ प्रतिशत महिला उम्मेदवार अनिवार्य रूपले खडा गर्नु पर्ने निर्देशन राजनैतिक दलहरूलाई गरेर महिलालाई राजनीतिमा आउन प्रोत्साहित गर्न केही राजनैतिक अधिकार दिन खोजेको छ। तर यो राजनैनिक आरक्षण वास्तवमा पूर्ण छैन। किनभने आरक्षण महिला उमेदवारीका निम्ति मात्र दिइएको छ। चुनाव लडेर महिलाले संसदमा पुग्नका लागि भोग्नु पर्ने कठिनाइलाई भने कतै विचार गरिएको छैन। आलोचकहरू यस प्रावधानलाई पन्चानब्बे प्रतिशत पुरूषका निम्ति गरिएको आरक्षण मान्दछन्।

तुलनात्मक रूपले हेर्ने हो भने पञ्चायतकालमा अहिलेका तुलनामा केही धेरै महिलाहरू राजनीतिमा पुगेका थिए। तत्कालीन व्यवस्थाको संसद राष्ट्रिय पञ्चायतमा ५.७ प्रतिशत रहेका महिला संख्यामा बहुदलीय संसदमा प्रतिनिधि सभामा घटेर जम्मा ३-४ प्रतिशतमा झर्नु चिन्ताको कुरा हो। संसदका दश-दश वटा अधिवेशनले पनि महिलाका निम्ति एउटै विधेयक पारित गर्न सकेको छैन। विधेयक छलफलमा नआएको मात्र होइन संसदमा महिला प्रतिनिधि कम भएर महिला सम्बन्धित कुनै पनि विषयहरू सशक्त रूपले उठ्न सकेका छैनन्। चाहे ती जवरजस्ती करणी सम्बन्धी सवाल होस् चाहे पतिसित सम्बन्ध विच्छेद भएका महिलाहरूको सवाल, बहुविवाह, राजनैतिक पार्टीमा महिला सहभागिता, प्रशासन यन्त्रमा महिला सहभागिता, पैतृकसम्पत्तिमा समान अधिकार, अथवा नीति निर्माण तहमा महिला सहभागिता सम्बन्धी सवाल होस् जे जति सवालहरू संसदमा उठे ती महिला सांसदको न्यून संख्याका कारण पर्याप्त समर्थनको अभावमा तुहिएर गएका छन्। संसदमा महिला सवालमा अत्यन्त हल्का किसिमले हेर्ने चेष्टा पुरूष सांसदहरूले गर्छन् भन्ने आरोप छ।

मन्त्रीपरिषद जस्तो उच्च राजनैतिक निकायमा महिलाको पहुँच अत्यन्त झिनो र लगभग शुन्यस्थितिमा नै छ। बहुदलीय व्यवस्था पछिको अन्तरिम मन्त्रीमण्डलदेखि हालसम्म गठित ४ वटा मन्त्रीमण्डलहरूमा १०० जना पुरूषहरू मन्त्री भइसकेका छन्। तर त्यस अवधिमा आजसम्म जम्मा ३ जना मात्र महिला मन्त्री नियुक्त भएका छन्।

नेपाली महिलाहरूले राजनीतिमा भोट संकलन गर्ने र भोट खसाल्ने काम त गर्छन् तर राजनीति गर्ने मौका भने पाउँदैनन्। किनभने पुरूषप्रधान मानसिकताको कारण महिलाले राजनीतिमा प्रवेश पाउँदैनन्। बढी मानिससित बसउठ गर्नुपर्ने, धेरै समय घरबाहिर सार्वजनिक काममा व्यस्त हुनु, महिलाका निम्ति त्यति सजिलो छैन। पुरूषको पैसा र प्रभावको राजनीतिसित महिलाहरू विद्यमान स्थितिमा प्रतिस्पर्धा गर्न सक्दैनन्।

संविधान निर्माणकर्ताहरूले संविधानमा प्रतिनिधिसभाका निम्ति हुने निर्वाचनमा पाँच प्रतिशत महिला उमेदवारीको आरक्षण गर्दा त्यतिबेला चुनावमा जितेर संसदमा नेतृत्व गर्ने महिला नेतृहरूको कमीलाई देखेर नै यस्तो व्यवस्था गरेका होलान्। माथिल्लो तहको निकायमा राजनीति गर्ने महिलाको अभाव थियो भने पनि शुरूमा तल्लो तहबाट (अर्थात् स्थानीय निकाय गा.वि.स., जि.वि.स. पद) पनि गर्न सकिन्थ्यो। धेरैभन्दा धेरै संख्यामा तल्लो तहमा महिला आरक्षण हुन सके तल्लो स्तरको राजनीतिबाट दक्षता हासिल गर्दै राजनीतिमा सम्मिलित हुन सक्थे। तर यसतर्फ न त तत्कालीन संविधान निर्माताहरूले नै ध्यान पुर्‍याउन सके न त बहुदलीय व्यवस्था पछिका यतिका वर्षसम्म पनि यससम्बन्धी कुनै कानून बन्न सक्यो।

राजनैतिक निर्णय प्रकृयामा महिलाहरूको नगण्य प्रभाव छ। राष्ट्रिय स्तरका पाँच पार्टीका कार्यकारी समितिमा जम्मा १२ अर्थात ७.८ प्रतिशत मात्र महिला छन्। यसतर्फ सुधार गर्न हालैको वर्ष मात्र राजनैतिक ओहदाहरूमा महिलाको

प्रतिनिधित्व बढाउन पार्टीहरूले केही कार्यक्रम अगाडि ल्याएको देखिन्छ। देशका ठूला र स्थापित राजनैतिक दल नेपाली कांग्रेस तथा एमालेले आ-आफ्ना दलको कार्यनीतिलाई महिला सहभागिताको पक्षमा पुनर्मूल्याङ्कन गर्ने, सुधार गर्ने रणनीति तयार गरेका छन्। ०५२ माघ २४ देखि २७ गतेसम्म जनकपुरमा सम्पन्न नेकपा (एमाले) को दोस्रो राष्ट्रिय परिषद्को बैठकले हरेक कमिटीमा २५ प्रतिशत महिला हुनु पर्ने अनिवार्य गराएको छ। त्यस्तै मिल्दोजुल्दो व्यवस्था नेपाली कांग्रेसले पनि गर्न खोजेको देखिन्छ जसअनुसार आफ्नो तल्लो निकाय बुथ समितिदेखि केन्द्रसम्म कम्तीमा १० प्रतिशत महिला प्रतिनिधि हुनु पर्ने निर्णय गरिएको छ। मध्यावधि चुनावमा नेपाली कांग्रेसले २० प्रतिशत महिला उमेदवारीको आरक्षण गर्ने वचन दिएको भएपनि सबभन्दा कम ५.३ प्रतिशत महिला उमेदवारलाई मात्रै निर्वाचनमा टिकट दिएको थियो। माओवादीहरूद्वारा चलाइएको जनयुद्धमा पनि सरकारी तथा आन्दोलनकारीहरूको पक्षबाट महिलाहरू राजनैतिक रूपमा पीडित हुदैछन्। धेरै संख्यामा निर्दोष महिलाहरू मारिएका छन्। उनीहरूलाई आतङ्कित गरिने काम भइरहेको छ। यसतर्फ समूचित ध्यान जानु पर्ने देखिन्छ।

केही गैरराजनीतिक संघ-संस्था, महिला सक्रियतावादीहरू आम महिलाको राजनीतिमा विमुखता र घट्दो सहभागिताप्रति चिन्तन मनन गर्ने, समस्या पहिल्याउने र त्यसका निराकरणका लागि उपायहरू खोज्न अन्तर्क्रिया, राजनैतिक भेला, गोष्ठी, तथा राजनैतिक संकल्पहरू गर्ने गतिविधिमा सक्रिय देखिन्छन्। इन्सेक महिला विभागले एकवर्षदेखि अधिराज्यका विभिन्न ठाउँमा "प्रजातन्त्रको मौलिकता राजनीतिमा महिला सहभागिता" भन्ने नारासहित कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको छ। हालै पासाङ् ल्हामु सङ्कल्पद्वारा महिलाहरूका निश्चित राजनैतिक अधिकारको माग अगाडि सारेको छ। अर्कोतर्फ नेपालको राजनीतिमा महिलाहरूको अधिकारलाई कसरी केन्द्रबिन्दु बनाउने र यस्ता प्रक्रिया कसरी सुरू गर्ने भन्ने विषयमा नेपाली राजनीतिमा सक्रिय हुन चाहने महिलावादी नेतृहरूले केही अभ्यासको थालनी गर्ने संकेत दिएका छन्।

अपर्याप्त आर्थिक गतिविधि र अधिकार

महिलाको आर्थिक स्थिति उनीहरूको आर्थिक सक्रियता, रोजगारीको अवसर, सम्पत्तिमाथिको स्वामित्व र आर्थिक सवालमा निर्णय लिने भूमिका आदिमा भर पर्छ। यस दृष्टिकोणले नेपाली महिलाको अवस्था ज्यादै गम्भीर छ। तथ्याङ्कशास्त्रीहरू बताउँछन्, परिवार र परिवारको सम्पन्नताको निम्ति महिलाले पुरूषको तुलनामा बढी श्रम खर्च गर्छन् (पुरुष ७.५१ घण्टा महिला १०.८५ घण्टा दैनिक)। औसत नेपाली महिलाले पुरूषको तुलनामा तीन-चार घण्टा बढी काम गर्ने भए पनि महिलाको कामलाई आर्थिक सक्रियताको रूपमा लिइएको छैन। २०४८ सालको जनगणनाले आर्थिकरूपमा सक्रिय भनेर ४५ प्रतिशत महिलाहरूलाई मात्र मानेको छ। अर्थात्, सयमा ४५ जना महिलाहरू मात्र वर्षको तीन महिनाभन्दा बढी खेतबारी गर्ने, गाई गोठ, घाँस दाउरा गर्ने, पसलमा तथा सरकारी फ्याक्ट्रीमा काम गर्ने अथवा घरेलु उद्योग व्यवसाय गरी प्रत्यक्ष अथवा अप्रत्यक्ष रूपले आय आर्जन गर्ने काम गर्छन। "आर्थिक रूपमा सक्रिय" ठान्ने यस धारणालाई नै अर्थशास्त्री र बुद्धिजीवीहरू विवादास्पद, अधूरो र कतिपय ठाउँमा गलत ठान्दछन्।

महिलाहरूले अवैतनिक रूपमा घरायसी कामका निम्ति खर्चने श्रमलाई अनुत्पादक रूपमा नलिई ती कामलाई पनि आर्थिक उपार्जनको कार्यको रूपमा मान्यता दिइनु पर्ने सुझावलाई बहुदलीय व्यवस्थापछि पनि अपनाउन सकिएको छैन। अर्कोतर्फ रोजगारको अवसर महिलालाई नदिएकोले कृषिमा महिला बढी आश्रित हुन पुगेका छन्। सात प्रतिशत महिलाहरू गैरकृषि क्षेत्रमा रहेको तथ्याङ्क देखिन्छ जसमा पाँच प्रतिशतभन्दा बढी गलैंचा बुन्ने, तयारी पोशाक, ज्यालादारी श्रम र साना पसलजस्ता तल्ला स्तरका रोजगारको कार्यमा लागेका देखिन्छन्। व्यवसायी तथा प्राविधिक क्षेत्रमा महिलाहरू एक प्रतिशतभन्दा कम छन्।

समान कामका निम्ति समान ज्याला असंगठित क्षेत्रका रोजगारमा लागू भएको छैन। झट्ट हेर्दा कारखानामा महिला र पुरूषलाई ज्यालामा भेदभाव नगरिएको देखिए पनि पुरूषहरू स्थायी र दक्ष रोजगारको रूपमा कार्यरत हुन्छन् जबकि महिलाहरू दैनिक ज्यालादारीमा बढी काम गर्ने हुन्छन्। जसले गर्दा महिलाहरू नियमित रूपमा पाउने पारिश्रमिक तथा कारखानाले तोकेको अन्य सुविधाहरू पाउन वञ्चित नै रहन्छन्। खेतीपातीपछि फुर्सदको समय सानातिना घरेलु उद्योगतिर महिलाहरूको स्वरोजगारिता केही मात्रामा देख्नसकिन्छ। तर उचित बजार तथा मेसिनबाट उत्पादित आयातित विदेशी सरसामानसित प्रतिस्पर्धा गर्न नसकी तीव्रतासाथ महिला कामदारहरू विस्थापित हुँदै गइरहेका छन्। त्यसैले कैयन महिलाहरू औद्योगिक र घरेलु कामदारका रूपमा राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा रोजगारीका लागि भौंतारिदै छन्। धेरैजसो महिला कामदारहरू धेरै किसिमका जोखिम तथा यौन शोषणमा परिरहेका छन्। यसतर्फ सरकारले पर्याप्त ध्यान दिन सकिरहेको छैन। प्राप्त तथ्याङ्कअनुसार, ८४ प्रशित कामदार महिलाहरू स्वरोजगार छन्। निम्न आय वा अवैतनिक रूपमा लागेका यस्ता स्वरोजगार महिलाका निम्ति कच्चा पदार्थ, कर्जा, बजार, तालिम, प्राविधिक सीप विकास सदैव समस्याकै रूपमा रहेका हुन्छन्। सुगमरूपमा उनीहरूका निम्ति कर्जा तथा बजार सहुलियत उपलब्ध गराउने संगठित र वैधानिक उपायहरू गरिएका छैनन्। संस्थागत र अर्धसंस्थागत कर्जा प्रणालीमा महिलाहरूको पहुँच टाढै रहेको स्थिति छ। सरकारले आठौं योजनामा लक्षित गरेको योजनासमेत पूर्ण गर्न सक्षम नभएको देखिन्छ। महिला उद्यमशीलताको विकास गर्न बिना धितो सहुलियत ब्याज दरमा कर्जा उपलब्ध गराउन सरकारी सक्रियता देखिएको छैन। अहिलेसम्म महिलाको भूमिसम्बन्धी स्वामित्व र पैतृकसम्पत्ति सम्बन्धी अधिकारलाई संरक्षित गर्न सकेको छैन। सम्पूर्ण अधिकारको जडको रूपमा

रहेको आर्थिक अधिकार नेपाली महिलाहरूले पाएका छैनन्। बहुदलीय व्यवस्थाका पछिल्ला वर्षहरूमा नेपाली महिलाले सम्पत्तिमाथि महिलाको समान अधिकारलाई जोडदार रूपमा उठाएका छन्। यसले आर्थिक आन्दोलनको रूप लिन थालेको देखिन्छ। आर्थिक अधिकारको प्रत्याभूति हुन सकेको खण्डमा नेपाली महिलाहरूको आर्थिक अवस्था लगायत अन्य धेरै पक्षमा परिवर्तन आउने देखिन्छ।

सामाजिक लक्षणहरु

प्रजातन्त्रको पुनर्वहालीपछि पनि नेपाली महिलाहरूका सामाजिक स्थितिमा खासै परिवर्तन आएको देखिंदैन। बदलिंदो समयसित महिलाको भूमिका जस्तो रूपमा परिवर्नन हुँदैछ त्यसको तुलनामा समाज परिवर्तनको गति मन्द छ। महिलाको सामाजिक स्थितिलाई दर्शाउने महत्वपूर्ण सूचकहरू स्वास्थ्य, विवाह, शिक्षा, साक्षरता तथा महिला विरूद्ध हुने अपराध तथा हिंसात्मक वारदातहरूलाई पनि मान्न सकिन्छ। यस आधारमा मूल्याङ्कन गर्ने हो भने बहुदलीय व्यवस्थापछिका वर्षहरूमा महिलाको सामाजिक मर्यादा स्तर उठेका छन् भन्ने आधारहरू नगण्य मात्रामा छन्।

समाजमा लिङ्गगत असमानता र भेदभाव कम भएका छैनन्। पालन पोषण, स्वास्थ्य, शिक्षा सुविधाका अवसरमा परिवारभित्र छोरा र छोरी, पुरूष र स्त्रीबीच लिङ्गगत भेदभावहरू स्पष्ट देखिन्छ। परिवारमा महिला र बालिकालाई गरिने उपेक्षा र असमानपूर्ण व्यवहारले नेपालमा महिला र बालिकाको मृत्युदर पुरूष र बालकको तुलनामा उच्च छ। नेपालमा वर्षेनी प्रतिहजार १२५ जना बालक मर्छन्, मर्ने बालिकाको संख्या भने १३९ छ। जबकी चिकित्सा सिद्धान्त अनुसार बालिकाहरूमा जीवित रहने क्षमता बालकको तुलनामा धेरै हुन्छ। यस्तै गरी केन्द्रिय तथ्याङ्क विभागले गरेको नमुना सर्वेक्षण अनुसार नेपालको महिला मृत्युदर (१४.९ प्रतिशत) पुरूषहरूको (१२.२ प्रतिशत) भन्दा उच्च छ। नेपालमा महिलाहरू पुरूषको तुलनामा बढी मरिरहेका छन् जुन संसारको अन्य मुलुकको दाँजोमा ठीक उल्टो छ।

परिवारमा महिलाका निम्न अवस्था र लिङ्गगत भेदका कारणले नेपाली महिलाका स्वास्थ्य सधैं नाजुक अवस्थामा छ। रक्तअल्पता, बाँझोपन, आङ् खस्ने (*प्रोलेप्स*), महिनावारी, असुरक्षित गर्भ, प्रसूति समस्या, स्तन र पाठेघरको क्यान्सर जस्ता स्त्रीसम्बन्धित स्वास्थ्य समस्याहरू प्रचुर मात्रामा हुनुको मुख्य कारण स्त्रीलाई सन्तान उत्पन्न गर्ने मेशिन मात्र ठान्ने र स्त्री रोग र समस्याप्रति परिवारको उदासिनता र औषधि उपचार लगायत उचित खुराक प्रतिको पूर्ण उपेक्षा हो। तर महिला स्वास्थ्यको नाममा बढी प्रजनन र परिवार नियोजन तर्फ मात्र ध्यान केन्द्रित गरिएको छ। राज्यले महिलाको प्रजनन अधिकार संरक्षण गर्ने कुनै नीति एवं कानून अहिलेसम्म बनाएको छैन। महिला प्रजनन र स्वास्थ्यको एक प्रमुख अधिकारको रूपमा रहेको गर्भपतनको अधिकार नेपाली महिलालाई अहिलेसम्म दिइएको छैन।

अर्को महत्वपूर्ण सूचक साक्षरतालाई नियाल्दा पनि ठूलै अन्तरको खाडल देखिन्छ। महिला र पुरूष बीचको साक्षरताको भिन्नता (महिला २४.७३ प्रतिशत पुरूष ५४.१० प्रतिशत) जुन अनुपातमा विगतका वर्षहरूमा बढेको छ यस रूपमा नेपालमा शतप्रतिशत पुरूष साक्षर हुँदासम्म महिलाहरूको आधा जनसंख्या मात्र साक्षर हुने तथ्याङ्कशास्त्री एवं बुद्धिजीवीहरू अनुमान गर्दछन्।

महिलाहरूको सामाजिक मर्यादास्तर आँक्ने एक महत्वपूर्ण पक्ष महिला विरूद्ध हुने अपराध र हिंसाहरू पनि हुन्। बलात्कार, चेलीबेटी बेचबिखन, दाइजो, हत्या, वेश्यावृत्ति, बहुविवाह, कुटपिट, बोक्सी-दाइजो उत्पीडन, घरेलु हिंसा जस्ता वारदातहरूमा संख्यात्मक वृद्धि भइरहेका छन्। महिलामाथि हुने यस्ता सम्पूर्ण सामाजिक अपराध नियन्त्रण गर्न र महिलाविरूद्ध हुने सबै खालका हिंसाहरूको निराकरण गर्न राज्य असफल देखिएको छ। महिला विरूद्ध हुने अपराध तथा हिंसा लगातार बढिरहेको अवस्थालाई मध्येनजर राख्दै सक्षम महिला प्रहरीबाट पीडित महिलालाई तत्काल सुलभ न्याय र सुरक्षा प्रदान गर्न एउटा छुट्टै विभागको रूपमा गतवर्ष प्रहरी महिला सेलको स्थापना पनि भएको देखिन्छ तर महिलाविरूद्ध हुने अपराधका निम्ति कानूनहरू पर्याप्त छैनन्। बहुविवाह, वेश्यावृत्ति, दाइजो, कुटपिट, सार्वजनिक स्थलमा केटी जिस्काउने आदिका निम्ति कानून अव्यवहारिक मात्र होइन यस्ता कतिपय अपराधका निम्ति कानून नै बनेका छैनन्। पारिवारिक उत्पीडन, कुटपिटबाट संरक्षण दिने, छेडपेच विरूद्ध लगायत अन्य घरेलु हिंसाहरू विरूद्ध कानून ल्याउने तर्फ र पीडित महिलाहरूलाई न्याय दिने पारिवारिक अदालतको स्थापना गर्नेतर्फ हालसम्म कुनै सरकारी कदम चालिएको देखिंदैन। यस्तै गरी सञ्चार माध्यममा महिलाका नकारात्मक छवि बनाउने, तिनलाई विज्ञापनमा यौन वस्तुको रूपमा प्रस्तुत गर्ने बढ्दो प्रवृत्तिलाई नियन्त्रण गर्ने सशक्त सेन्सर (महिला विशेषज्ञ सम्मिलित) बोर्डको स्थापना गर्नेतर्फ कुनै पहलकदमी भएको पनि देखिंदैन।

धेरै प्रचलित कानूनहरू वर्तमान संविधानको समानताको भावना विपरित भेदभावमूलक छन्। यस्ता कानूनहरूको प्रचलन रहेसम्म नेपाली महिलाका मानवअधिकारको व्यापक रूपमा उल्लंघन भइनै रहनेछ। उदाहरणका लागि अंशबण्डा सम्पत्ति सम्बन्धी कानून, भूमि सम्बन्धी ऐन, विहेवारी, धर्मपुत्र, सम्वन्ध विच्छेद, नागरिकता ऐन, अपुताली, स्त्रीधन आदि संविधानसित बाझिएका प्रचलित ऐनकानूनमा रहेका असमान कानूनको तत्काल संशोधन हुनुपर्ने देखिन्छ।

लिङ्गगत भेदभाव राख्ने यस्ता कानूनी व्यवस्था हाम्रो देशको संविधानसित मात्रै होइन नेपालले हस्ताक्षर गरेको "अन्तराष्ट्रिय मानवअधिकार सन्धि" र "महिला उपर हुने सबै प्रकारका भेदभाव निर्मूल पार्ने महासन्धि" सित पनि मेल खाँदैन। राष्ट्रिय अन्तर्राष्ट्रिय वचन र प्रतिवद्धताहरू व्यवहारमा पनि पूरा गर्न यी असमान कानूनहरू खारेज गर्ने माग महिला अधिकारवादी लगायत नेपालका मानवअधिकार संघ-संस्था

तथा समानताका पक्षधर बौद्धिक जमातले लामो समयदेखि उठाउँदै आएका भए पनि यसतर्फ कुनै ठोस कदम चालेको भने देखिँदैन। महिलाको वर्तमान सामाजिक स्तर हेर्दा यद्यपि पहिलेको तुलनामा बालविवाह दर घट्नु, छोरीलाई पनि पढाउनु पर्छ भन्ने चेतनाको विकास हुनु, आर्थिक सार्वजनिक क्रियाकलापमा संलग्न हुन केही मात्रामा घरबाहिर निस्कने अवसर, हिंडडुल बाह्य सम्पर्कमा आउने स्वतन्त्रताले महिलामाथिको पुरातन नियन्त्रणलाई केही खुकुलो बनाएको छ। तर, समाजमा विधवा विवाह अझैसम्म अप्रतिष्ठित छ। कुमारीत्व, आदर्श, त्याग, समर्पण र दासत्वलाई नै नारीत्वको उच्च गुण मान्दै सीमित र स्थापित मूल्य-मान्यता बाहिर चटपटाउन दिइएको छैन। वादी, देउकी, जारी, झुमा, कुमारी आदिको संस्कारलाई समाजले मान्यता दिंदै आएको छ। महिलाका मर्यादास्तर घटाउने त्यस्ता धेरै परम्परा, प्रथा प्रचलन र धारणाहरू व्यवहारमा स्थापित नै छन्।

परिवारमा छोराको महत्व श्रेष्ठ हुने र पुरूष प्रभुत्वले गर्दा प्राकृतिक रूपमा लिङ्ग विभाजनको समान र बराबरी आवश्यकतालाई बिर्सदै सामाजिक रूपमा उत्पन्न गरिएको लिङ्गगत असमानतालाई अझ व्यापक बनाउँदै लगेको देखिन्छ। यस्तो पितृसत्तात्मक मूल्यमान्यता र संरचनामा महिलाका सम्पूर्ण सामाजिक अधिकारहरू कुण्ठित अवस्थामै छन्। महिलाका सामाजिक स्थितिलाई उच्च पार्न र गतिशीलता दिन अझैसम्म कुनै सामाजिक एवं सांस्कृतिक आन्दोलनहरू थालिएको देखिएको छैन।

अन्त्यमा,

बहुदलीय प्रजातन्त्रको खुला वातावरणले महिलाहरूले आफ्ना हकहितका लागि संघर्ष गरेर लडेर लिन सक्ने प्रशस्त बाटाहरू भने खोलिदिएको छ। महिला हकहित भन्नु नै समान राजनैतिक, आर्थिक र सामाजिक अधिकारका कुरा हुन्। यस दृष्टिले मूल्याङ्कन गर्ने हो भने बहुदलीय व्यवस्थापछि अहिलेसम्मको चरणमा नेपाली महिलाहरू आफ्ना वर्गीय हकहित अधिकारका निम्ति संघर्षरत नै छन्, तर ठोस उपलब्धिका रूपमा नेपाली महिला अधिकार-सम्पन्न भने भइसकेका छैनन्। यद्यपि महिलाहरू अधिकार-सम्पन्न नभएसम्म राष्ट्र विकासमा सक्रिय योगदान दिन सक्दैनन् भन्ने कुरासित हाम्रा नीति निर्मानाहरू स्पष्ट पनि छन्। त्यसैले होला महिलालाई अधिकार-सम्पन्न बनाउन ठूला-ठूला वाचा र प्रतिवद्धता पनि दर्शाइन्छ तर व्यवहारमा जब वाचा र प्रतिबद्धता पूरा गर्ने बेला आउँछ, तब नीति निर्माताहरू यस्ता अधिकारका निम्ति अहिल्यै नै "त्यो समय" आएको छैन भनेर पन्छिने गर्छन्। र, "त्यो समय" नेपाली महिलाले अब आफ्नै बलबुताले ल्याउनु पर्छ। किनभने अहिलेसम्मको अनुभवले के देखिएको छ भने सत्तावर्ग र समाजको ठूलो हिस्सा महिलालाई अधिकार दिने पक्षमा संवेदनशील छैन। यो उदासीनता, पूर्वाग्रह र रूढिग्रस्त मानसिकतासित लड्दै नेपाली महिलाहरूले स्वतन्त्रता र समान अधिकार प्राप्तिको लडाईंमा अझै लामै यात्रा तय गर्नु छ।

चर्चामा रहेका केही प्रमुख सवालहरु

सम्पत्तिमाथि महिलाको समान अधिकार महिला आन्दोलनको एउटा मुख्य विषय हो। जसलाई बहुदलीय व्यवस्था पूर्वपनि विभिन्न प्रसङ्ग एवं अवसरहरूमा महिलाहरूले उठाउँदै आएका थिए। तर, यो छिटपुट सीमित बौद्धिक छलफलको विषय मात्र थियो भने गत वर्ष यो राष्ट्रिय बहसको विषय बन्यो।

महिलालाई पैतृक सम्पत्तिमा समान अधिकार दिनुलाई नेपाली नारीवादीहरू महिलाको पराश्रयी अवस्थाबाट स्वाधीनतातिर एक कानूनी फड्को ठान्छन्। बहुदलीय व्यवस्थापछि संविधानले दिएको समानताको सिद्धान्तबाट प्रेरित भएर नै नेपालका महिला अधिकारवादीले सम्पत्तिमा समान अधिकारको मागलाई अघि सारेका थिए। जसको सूत्रपात गर्ने मीरा ढुङ्गाना र मीरा खनालको त्यो संयुक्त रिट थियो जुन मुलुकी ऐन अंशवण्डामा विद्यमान महिला विरूद्ध लिङ्गको आधारमा भेदभावपूर्ण वर्तमान कानूनी प्रावधानलाई खारेज गर्न सर्वोच्च अदालतमा परेको थियो। यसै रिटको फैसला गर्दै २०५२ साउन १८ गतेको तत्कालीन प्रधान न्यायधीश विश्वनाथ उपाध्याय लगायत पाँच सदस्यीय इजलासले संविधानसँग नवाझिने गरी सम्पत्तिमा महिला अधिकार सम्बन्धी विधेयक एक वर्षभित्र संसदमा प्रस्तुत गर्न मन्त्री परिषद् सचिवालयलाई निर्देशनात्मक आदेश दियो। यसै आदेश पूर्जीलाई श्री ५ को सरकारले सोही वर्ष माघ ५ गते बुझेपछि यस फैसलाको तीव्र प्रतिक्रिया सबै क्षेत्रमा तुरून्त देखिन थाल्यो।

शुरूमा सरकारले अदालतको यस आदेशले सरकारलाई झन्झट थोपरेको रूपमा लिए पनि सर्वोच्च अदालतको यस आदेशलाई कार्यन्वयन गर्ने जिम्मेवारी श्री ५ को सरकारले महिला तथा समाज कल्याण मन्त्रालयलाई सुम्पियो। न्याय परिषद सचिव इन्दिरा राणाको संयोजकत्वमा समाज कल्याण मन्त्रालयले सात सदस्यीय कार्यदल समितिको गठन गरेर यसले तयार गरेको मस्यौदा विधेयकलाई संसदमा प्रस्तुत गर्ने विधेयक तयार हुने आधिकारिक निकाय कानून तथा न्याय मन्त्रालयमा बुझाउने काम पनि समयमै सम्पन्न गरेको थियो।

संसदको दशौं अधिवेशनमै विधेयक आओस् भन्ने हेतुले विभिन्न गैरसरकारी निकायहरूले पनि आ-आफ्नो तर्फबाट विभिन्न कदमहरू चालेका थिए। सरकारी पक्षबाट जाने विधेयकलाई अरू बल पुगोस् भन्ने उद्देश्यले गैससहरू समानान्तर रूपमा अर्को मस्यौदा विधेयक तयार गर्न लागिपरे। यसका निम्ति निकै व्यापक तयारीहरू गैसस क्षेत्रबाट भएको थियो। कानूनी सहयोग तथा परामर्श केन्द्रको सक्रियतामा कानून व्यवसायीहरूलाई पहिलो चरणमा २० वटा जिल्ला र पछि फेरि थप ३० वटा जिल्लाहरूमा यस सम्बन्धी छलफल, परामर्श मत सङ्कलनका लागि खटाइएको थियो। यसरी गरिएको अध्ययन तथा सुझावहरूको आधारमा मस्यौदा विधेयक तयार गर्ने काम भएको थियो। मस्यौदामा थप सुधार गर्न भारतीय कानून विशेषज्ञका रूपमा रानी जेठमलानीको रायसुझाव लिने काम गैससकै पहलकदमीमा भएको थियो।

यसका साथै विभिन्न मुलुकहरूमा महिलाको आर्थिक अधिकारको अध्ययन गर्न र पैतृक सम्पत्तिमा महिलाको अधिकार विषयमा जनसमर्थन जुटाउन सडक नाटक, अन्तरक्रिया गोष्ठी छलफल, जुलुस प्रदर्शन, सञ्चार क्षेत्रमा प्रचारप्रसारका निम्ति स्थलगत रिपोटिङ्ग, पुस्तक पर्चा पोस्टर आदिको प्रकाशन जस्ता गतिविधि विभिन्न गैंसस निकायवाट उल्लेखनीय रूपमा भएका थिए। स्वतन्त्र सांसद नवराज सुवेदीले "महिला अधिकार पत्र"को रूपमा सम्पत्तिको सवालमा अर्को विधेयक संसदमा प्रस्तुत गरेका थिए। सरकारी नीति निर्माता निकायहरूमा चालू दसौं अधिवेशन मै विधेयक ल्याउन दवाव दिने, लवी गर्ने, प्रधानमन्त्रीलाई ज्ञापन पत्र वुझाउने तथा सार्वजनिक सुनुवाइका कार्यक्रमहरूवाट महिला अधिकारवादीहरूले पर्याप्त सक्रियता देखाएका थिए। यसै सन्दर्भमा तत्कालीन कानून तथा न्यायमन्त्री भीमवहादुर तामाङले असोज २० गते महिलाको सम्पत्तिको अधिकार सम्वन्धी विधेयकको सन्दर्भमा आयोजित एक सार्वजनिक सुनुवाइमा एक लिखित सन्देश पठाएर महिला सम्वन्धी सम्पत्ति विधेयकको अन्तिम छलफल तथा विधेयकको पूर्णताको निम्ति उक्त मन्त्रालयले अथक गृहकार्य गरिरहेको र उक्त विधेयकलाई चालू अधिवेशनमै टेवुल गराउने र सदनमा राखी पास गर्ने दृढ सङ्कल्प दोहोर्‍याउनु भएको थियो।

यसरी सम्पत्तिमा महिलाको समान अधिकारका निम्ति सार्वजनिक समारोहमा पटक पटक सरकारी प्रतिवद्धता दोहर्‍याइएको भए पनि विधेयक पारित हुनु त परको कुरा, सामान्य छलफलका निम्ति संसदमा टेवुलसम्म भएन। सरकारी र गैरसरकारी दुवै क्षेत्रवाट यति प्रयत्न तथा प्रतिवद्धता भएर पनि किन विधेयक आएन यो प्रश्न ज्यादै महत्वपूर्ण छ। के सरकारी प्रतिवद्धता देखावटी मात्र थियो ? अव यो विधेयक अर्को संसदमा ल्याइन्छ ? अदालतको फैसलाको कार्यान्वयन गर्न सरकार असमर्थ भएमा के हुने भन्ने प्रश्न अनुत्तरित छ।

यद्यपि यस सरकारी विधेयकले महिलाप्रति भेदभाव कम गर्ने दिशामा केही कदम चाल्न अवश्य खोजेको थियो तर महिलालाई समान आर्थिक अधिकार दिने यस सवालमा पक्ष विपक्षमा जनअभिमत दुई चिरामा बाडिएको देखियो। विभिन्न तर्क वितर्क अन्यौल विरोधाभासको स्थितिमा महिलाका पैतृक सम्पत्तिमा समान अधिकार निम्ति विभाजित मत अगाडि आए। यद्यपि सरकारवाट तयार गरिएको उक्त विधेयक अध्ययन गर्ने हो भने यसमा सम्पूर्ण महिलाका आर्थिक अधिकारलाई सिङ्गो रूपमा हेरिएको छ तर जुनरूपमा विपक्षमा अंश दिनु हुँदैन भन्ने तर्क आयो ती सवै "छोरीको अंश अधिकारमा" वढी केन्द्रित रहयो। सम्पत्तिमा सिङ्गो नेपाली महिलाका अधिकार, छोरीलाई वावुको अंश दिने कुराको एकाङ्गीरूपमा मात्र उठ्यो।

आर्थिक साधन-स्रोतमा महिलालाई अधिकार दिने वर्तमान व्यवस्थामा कहाँ कहाँ भेदभाव भएका छन् भनेर छोरी लगायत एक महिलाका रूपमा पत्नी, आमा, सधवा, विधवा, टुहुरी, धर्मपुत्री, परित्यक्ता, मोहीको छोरीको रूपमा सम्पत्ति दिइने वर्तमान व्यवस्था र प्रावधानमा भएका जटिलता र भेदभावहरूलाई केलाउने प्रयत्न भएन। खाली छोरीलाई सम्पत्ति दिंदा कस्तो विकृति आउँछ र सामाजिक संरचनाहरू कसरी भाँडिन्छन् भन्ने कुतर्कहरूमै बढी केन्द्रित रहेर बहसले पूरै गलत दिशा लिएको देखिन्छ।

सम्पत्तिसम्बन्धी उठेका विवादहरूमध्ये धेरैजसो "भोलि यस्तो होला" भन्ने मात्र अनुमानमा आधारित आशङ्काहरू हुन्। जुन भोलि गएर त्यस्तै होला भन्ने कुनै अध्ययन वा वैज्ञानिक आधारहरू पनि छैनन्। केही पक्षमा यसले अघि सारेका केही विवादहरूले अवश्य पनि गम्भीर र सही नितिगत र व्यवहारिक हलहरू खोजेको भने छ। निश्चय पनि यस विवादले हाम्रो परम्परागत समाजको सामाजिक आर्थिक संरचनादेखि लिएर राज्यले व्यक्तिगत सम्पत्ति तथा जग्गा जमिनको सम्बन्धमा लिएका नीतिहरूलाई पनि प्रभाव पारेको छ।

गर्भपतन अधिकारको सवाल

विगत वर्ष महिला अधिकारको सवालमा चर्चामा रहेका केही प्रमुख विषय मध्ये गर्भपतनको वैधानिक विषय पनि एउटा थियो। नेपाली समाजमा गर्भपतन सदैव संवेदनशील विषय रहँदै आएको छ। नेपालको धर्म, संस्कृति र कानूनले यसमाथि कठोरतापूर्वक प्रतिबन्ध लगाएको छ। तर, धेरैजसो विकसित तथा विकासोन्मुख देशमा समेत यसलाई महिलाको प्रजनन् र स्वास्थ्य सम्वन्धी अधिकारको रूपमा हेरिन्छ। नारीका प्रजनन सम्वन्धी यस अधिकारको व्याख्या गर्नुपर्दा आफ्नो शरीर र वच्चा जन्माउन सक्ने क्षमतामाथि नियन्त्रण गर्ने महिलाकै अधिकार हो, अर्थात्

क) महिलाहरू सुरक्षित रूपले सन्तान जन्माउन सक्षम हुनुपर्छ,
ख) सन्तान जन्माउने क्षमतासाथै निर्णय गर्ने अधिकार हुनुपर्छ,
ग) अनावश्यक गर्भधारण र रोग लाग्ने डरवाट मुक्त हुनुपर्छ।

यसै मान्यता अनुरूप विश्वका कुल ४० प्रतिशत जनसंख्या बीचमा निसर्त गर्भपतनको अधिकार छ, ४२ प्रतिशतले केही सर्तमा रहेर गर्भपतन गर्ने स्वतन्त्रता पाएका छन्, वाँकी १८ प्रतिशत जनसंख्या बीच मात्र गर्भपतन अवैधानिक छ जसमध्ये नेपाल पनि पर्छ।

श्री ५ सुरेन्द्रको समयमा वि.सं. १९१० मा बनेको नेपालको पहिलो लिखित कानून मुलुकी ऐनले जातकमारा भनेर गर्भपतनलाई अपराध मान्दै यसमाथि बन्देज लगाएको थियो। यसको एक पाइला अगाडि वढेर वि.सं. २०२० सालको मुलुकी ऐनले गर्भपतनलाई अझै अनुदार वनाउने क्रममा ज्यानसम्बन्धी महलमा राखेर गर्भपतनलाई अरू बढी जघन्य अपराध करार गरिदियो।

दुर्भाग्यको कुरा के देखिन्छ भने नेपालमा गर्भ संरक्षण, गर्भवतीको हित र गर्भमा रहेको बच्चाको हितलाई विचार गरेर कुनै कानून बनेको छैन। गर्भ मास्न नपाइने भन्ने कानून

मात्र छ। बच्चा पाउन नचाहने महिलाका निम्ति कानूनले कुनै बाटो छोडेको छैन। वर्तमान कानून अन्तर्गत रक्तअल्पताले गर्दा बच्चा पाउन वा हुर्काउन नसक्ने वा जण्डिस एड्स र अन्य रोग लागेका आमाले अथवा अर्काको जवर्जस्ती करणीमा परेर गर्भधारण गर्नु पऱ्यो भने पनि तिनले गर्भ धान्नै पर्छ। परिवार नियोजनका साधनको असफलता, मानसिक रूपमा असन्तुलित आमा, कुमारी अथवा विधुवाले गर्भधारण गरेको अवस्थामा पनि अहिलेको कानून अन्तर्गत बच्चालाई जन्म दिनैपर्छ।

नेपालको वर्तमान गर्भपातविरोधी कानूनले ठूलो स्तरमा महिलाहरूलाई असर पुऱ्याएको छ। बलात्कार, हाडनाता करणी, विवाहपूर्वका गर्भले प्रतिष्ठा र भविष्यमाथि आँच आउने देखेपछि यस्ता अनिच्छित गर्भबाट छुटकारा पाउने प्रयत्नमा धेरै महिलाहरू वर्षेनी कानूनका फन्दामा पर्छन्। नेपालका विभिन्न जेलमा लगभग ५० प्रतिशतभन्दा बढी महिला कैदी एवं बन्दीहरू गर्भपतन र शिशुहत्या जस्ता अपराधमा थुनिएका आँकडाले समस्याको गम्भीरतातिर संकेत गर्छ।

अनिच्छित गर्भबाट छुटकारा पाउन गर्भपतन वैधानिक र सुगम नभएकोले यस्ता गर्भ फाल्ने प्रयत्नमा शहरका महंगा क्लिनिकहरूमा लुकिछिपी डाक्टरहरूले भनेको जति पैसा तिरेर गोप्यरूपमा गर्भपतन गराउने कार्य हुन्छ। अर्कोतर्फ पहुँच नपुग्ने गरिब र ग्रामीण महिलाहरू अवैज्ञानिक र कल्पनै गर्न नसकिने खतरापूर्ण प्रकृयाहरू अपनाएर अपार कष्ट र पीडा झेल्न पनि बाध्य छन्। अदक्ष चिकित्सक, सुँडेनी तथा धाईहरूबाट गर्भपात गराउँदा गर्भवतीहरूमा बाँझोपन, क्रोनिक पोल्भिक, इन्फ्लेनेटरी डिजिज, धनुष्टंकार जस्ता जीवनभरीका रोग-कष्ट लाग्ने र असामयिक मृत्यु समेत हुने गरेको छ।

सम्पूर्ण दक्षिण एसियाभरि नेपालको मातृ मृत्युदर सबभन्दा बढी छ। नेपालको यस उच्चतम मातृ मृत्युदरको कारण अवैधानिक गर्भपतन हो भन्ने नेपाली चिकित्सकहरूको ठम्याइ छ। ५० प्रतिशत नेपाली आमाको मृत्यु असुरक्षित गर्भपतनको कारणबाट हुने तथ्यलाई हालै चिकित्सकहरूले औंल्याएका छन्।

महिलाको सुरक्षित गर्भपतनको अधिकारले महिलाको स्वास्थ्यमा सकारात्मक असर गर्छ भन्ने मान्यता नेपाली चिकित्सा क्षेत्रमा पनि रहेको देखिन्छ। त्यसैले गर्भपतनको वैधानिकताको सवालमा यस क्षेत्रमा निकै अघिदेखि सुरक्षित गर्भपातको अधिकारको कुरा उठ्दै आएको थियो। मेडिकल काउन्सिल नियमावलीले आमा र शिशुको स्वास्थ्य सम्बन्धी अवधारणालाई अगाडि सारेर वि.स. २०४२ देखि नै केही सर्तहरू सहित गर्भपतन गर्नुलाई वैधानिक ठहराउँदै आएको छ। तर पनि छुट्टै कानून नभएकोले यसको प्रभावकारिता व्यापक छैन। प्रजातन्त्र प्राप्ति पछि यस सम्बन्धी मौजुद कानूनमा सुधार गर्न केही पहलकदमी भएको देखिन्छ। २०५० सालमै संसदको छैठौं अधिवेशनमा प्रचलित मुलुकी ऐनको संशोधन विधेयकमा गर्भपतन सम्बन्धमा केही उदार व्यवस्था गर्न खोजिएको थियो, जसअनुसार आमा र बच्चालाई शारीरिक र मानसिक रूपले अस्वस्थ, विकलाङ्ग हुने खतरा देखिएमा महिलाको स्वीकृतिले तीन महिनासम्मको गर्भ र हाडनाता करणी, जबरजस्ती करणीबाट रहन गएको ६ महिनाको गर्भ योग्यताप्राप्त चिकित्सकबाट पतन गराए अपराधको दायित्व बोक्नु नपर्ने व्यवस्था गराइएको थियो। तर, दुर्भाग्यवश त्यो विधेयक छलफलमै नआई संसद विघटन भएकोले निष्कृय हुन पुगेको थियो। यसै कडीलाई अघि बढाउने काम नेपाल परिवार नियोजन संघको पहलकदमीमा यो वर्ष भएको देखियो। जनसंख्या तथा सामाजिक क्रियाकलाप सम्बन्धी संसदीय समिति, नेपाल मेडिकल एसोसिएसन र प्रसुति तथा स्त्रीरोग विशेषज्ञ समाजको सहयोगमा महिलाको प्रजनन स्वास्थ र अधिकारको रूपमा उक्त संघले एक गोष्ठीको आयोजना गरी गर्भपतनको धारणामाथि उदारपूर्वक विचार गरेर त्यस अनुरूपको नीति नियम बनाउन संसदमा विधेयक प्रस्तुत गरिनुपर्ने कुरामा जोड दियो। यसै अनुरूप संसदको दसौं अधिवेशनमा राष्ट्रिय सभाका सांसद सुनिलकुमार भण्डारीद्वारा असार २५ गते राष्ट्रिय सभामा "गर्भ संरक्षण विधेयक २०५३" दर्ता गर्ने काम पनि भयो। उक्त विधेयकले विवाहित महिलाले लोग्नेको र अविवाहित भए अभिभावकको सहमति लिई १२ हप्ताको गर्भ, बलात्कार वा हाडनाता करणीबाट रहन गएको १८ हप्तासम्मको गर्भ, गर्भवती महिलाको ज्यानमा खतरा पर्ने वा बच्चा विकलाङ्ग हुने खतरा देखिए जुनसुकै अवस्थाको गर्भलाई हटाउन सकिने व्यवस्थाको उल्लेख गरेको छ। विशेषज्ञ र दक्ष चिकित्सकबाट अस्पताल वा स्वीकृत स्वास्थ्य संस्थाहरूमा मात्र गर्भपतन गर्नुपर्ने प्रावधान राखेर महिलाले गर्भपात गराउँदा स्वास्थ्यलाई पर्न सक्ने जोखिमबाट बचाउन जोड दिएको छ भने महिलाले गर्भपतनको निम्ति लिखित अनुरोध गर्नुपर्ने, गर्भपतनका निम्ति महिलालाई बाध्य गराउन नहुनेजस्ता प्रावधानले महिलालाई नै उक्त निर्णयको हकदार बनाएको छ। गर्भमै लिङ्ग पत्ता लगाई गर्भपतन गर्न नपाउने व्यवस्थाको उल्लेख गरेर यस अधिकारको विकृतरूपमा दुरुपयोग हुन नपाओस् भन्ने कुरामा उक्त विधेयकले सतर्कता अपनाएको पाइन्छ।

संसदको चालू अधिवेशनमा महिलासित प्रत्यक्ष सरोकार राख्ने यस विधेयक छलफलमा आएन, तर यस प्रसङ्गले सर्वसाधारणको ध्यान निकै आकर्षित गऱ्यो। विपक्षमा बहस अघि बढाउनेले गर्भपतनको अधिकार दिइएमा समाजमा विकृति आउने, दुराचार फैलिने, युवायुवतीमा उच्छृङ्खलता बढ्ने जस्ता पुराना तर्कहरू लगायत भ्रूणको मानव अधिकार, छोरीलाई गर्भमै मारिने र महिलाहरूको गर्भपतनबाट स्वास्थ्य झन् कमजोर बन्ने केही गम्भीर मुद्दाहरू पनि अगाडि ल्याएको देखियो। गर्भपतन अधिकारको पक्ष-विपक्षमा पत्रपत्रिका सञ्चारमाध्यममा निकै तातो बहस चलेको देखियो। गर्भपतन सम्बन्धमा बहस छलफल अन्तरक्रियाहरू राजधानी लगायत मोफसलका जिल्लाहरूमा पनि चले। केही सर्वेक्षणहरू

गरिएको र तत्सम्वन्धी नतिजाहरू पनि पत्रपत्रिकामा सार्वजनिक भए। जसअनुसार वातावरण, स्वास्थ, जनसंख्या कार्यक्रम तथा अनुसन्धान केन्द्र (कृपा) ले गर्भपतनको पक्षमा वहुमत रहेको जानकारी दिँदै ५४ प्रतिशत पुरूष र ६२ प्रतिशत महिला गर्भपतन गर्ने अधिकार महिलाले पाउनु पर्छ भन्ने पक्षमा रहेको सर्वेक्षण नतिजा प्रकाशमा ल्यायो। उक्त गैरसरकारी सर्वेक्षणअनुसार ४६ प्रतिशतले सामाजिक विकृति ल्याउने र ३६ प्रतिशतले वेश्यावृत्ति बढ्ने बताएका थिए। काठमाडौं युनिवर्सिटी स्कूल अफ म्यानेजमेन्टले गरेको फिल्ड स्टडिको आधारमा गरिएको अर्को अनुसन्धानको नतिजा पनि निक्लेको थियो जस अनुसार ५८ प्रतिशतले गर्भपतन वैधानिक हुनुपर्ने मान्यतालाई अगाडि सारे।

सामान्यतया महिलालाई यो अधिकार दिंदा आधारभूत स्वास्थ सुविधाहरू पनि हेरिनु पर्छ। नेपालका धेरै अस्पताल, स्वास्थ्य चौकीहरूमा त्यति भौतिक पूर्वाधारहरू र दक्ष्य स्वास्थ्यकर्मीहरू देखिंदैनन्। सुरक्षितरूपमा महिलाहरूले गर्भपतन गराउन यी पूर्वाधारहरूको पनि विकास गरिनुपर्छ।

अन्त्यमा विपक्षमा गर्भपतन सम्बन्धी जे जस्तो तर्क अगाडि आए पनि एउटा विर्सन नसकिने कुरा के हो भने गर्भपतन कुनै पनि महिलाको निम्ति सुखदायक अनुभव होइन। यस अधिकारलाई बाध्यतावश मात्र महिलाहरूले उपयोग गर्न चाहन्छन्। देशको प्रचलित मुलुकी ऐनमा गर्भपतन सम्वन्धी व्याख्या निकै पुरानो र कानून पनि अनुदार भएको सन्दर्भमा वर्तमान समयको माग अनुरूप व्याख्या गर्ने र उदार कानूनहरू बनाउने कुरालाई सरकारले पनि अब उपेक्षा गर्नु हुँदैन।

चेलिबेटी बेचबिखनको समस्या

बहुदलीय व्यवस्थापछि लगत्तै व्यापक चर्चा र प्रचारमा आएको महिला बेचविखनको समस्या नेपालको निकै गम्भीर र लज्जाजनक समस्याको रूपमा चिनिन्छ। भारतीय यौन बजारमा यौन श्रमिकका रूपमा नेपाली ग्रामीण क्षेत्रबाट अशिक्षित र गरिब नेपाली केटीहरूको ओसारपसार बिक्री-वितरण दिनप्रतिदिन जटिल र व्यापक बन्दैछ। राष्ट्रिय समस्याको रूपमा सतहमा आइपुगेको यस चेलीबेटी तस्करी अब अन्तर्राष्ट्रिय जगतमा चासोको विषय बन्दैछ।

जून, १९९५ मा मानवअधिकार निगरानी / एसिया नामक संस्थाले नेपाली चेली र महिलाहरूको भारतमा भइरहेको तस्करीबारे अध्ययन प्रकाशित गरेको थियो। जस अनुसार नेपालका विभिन्न जिल्लाहरूबाट वर्षेनी पाँचदेखि सात हजारसम्म नेपाली केटीहरू भारतका देहमण्डीमा लगेर बेचिइन्छन्।

यद्यपि अहिलेसम्म भारतीय देहबजारमा कति यौन श्रमिक छन्, तीमध्ये कति नेपाली छन् भन्ने विषयमा नेपाल र भारतले सरकारी स्तरमा कुनै छलफल र अनुसन्धान गरेका छैनन्। तर भारतका यौन बजारमा झण्डै दुई लाख नेपाली केटीहरू वेश्यावृत्तिमा संलग्न छन् भन्ने तथ्याङ्क नेपालका केही सामाजिक कार्यकर्ता लगायत भारतका समाजसेवी संस्थाहरूले भारतका विभिन्न महानगरमा गरेको सर्वेक्षणलाई अध्ययन गरी निकालेका छन्। तर यसैलाई प्रमाणित तथ्याङ्क भन्ने आधार कसैसित छैन किनभने जुनरूपमा भारतका वेश्यालयमा नेपाली चेलीहरू भेटिन्छन्, त्यसरूपमा प्रस्तुत आंकडाको वास्तविकता अरू धेरै वा कम हुनसक्छ।

चेलीबेटी तस्करीका निम्ति बदनाम केही जिल्ला र गाउँहरूमा छोरीलाई "लाहुर" पठाउने अथवा "ठूलो शहर" पठाउने प्रचलन विद्यमान छ। अर्कोतर्फ समाजशास्त्रीहरू के तर्क दिन्छन् भने त्यस्ता केही जनजाति र समुदाय जहाँ यौन आचरण नैतिकता केही खुकुलो छ, त्यहाँ आर्थिक सम्पन्नताको निम्ति छोरीचेली बेच्नु सामान्य कुरा हो। नभन्दै हेर्ने हो भने अध्ययन अनुसार भारतका वेश्यालयमा बेचिएका ७० प्रतिशत तामाङ, मगर, गुरूङ, शेर्पा आदि समुदायका छोरीचेली हुनुले अल्पसंख्यक जनजातिमा प्रचलित यौनजनित केही खुकुला मूल्य-मान्यतालाई केही हदसम्म जिम्मेवार ठहऱ्याउन पनि सकिएला तर अर्को वास्तविकता के बिर्सिन सकिंदैन भने स्वेच्छाले कमै केटीहरू वेश्यालय जान चाहन्छन्। अधिकांशलाई प्रलोभनमा पारेर, आकर्षक रोजगार, सहरी जीवन, प्रेम र विवाहको समेत जालमा पारेर भारतका वेश्यालयमा बेचिइन्छ र धेरैलाई यस पेशामा लाग्न बलजफ्ती गरिन्छ र यातना समेत दिइन्छ। यस्ता चेली तस्करीको व्यापारमा धेरैजसो आफन्तहरू नै हुन्छन् र कतिपय देहव्यापारी र तिनका एजेण्टहरू यति चलाख हुन्छन् कि उनीहरूको सहज विश्वासमा परेर वेश्यालयमा आफूलाई पुऱ्याउन स्वयं केटीहरू नै तिनका मद्दतगार पनि बन्छन्।

खुला सीमाना भएकोले चौकीहरूमा प्रहरीहरूले यस्ता तस्करी भइरहेका केटीहरूको सही सूचना पाउन सक्दैनन्। नेपालमा चेलीबेटी बेचबिखनको प्रहरी फाइल पल्टाउने हो भने विगत ३२ वर्षमा जम्मा १६०० मामिला मात्र प्रहरी फाइलमा दर्ता भएको देख्न सकिन्छ। १६०० मा ५० प्रतिशत सिमाना चौकीमा दर्ता भएका र ५० प्रतिशत मात्र अभिभावकहरूबाट रिपोर्ट गरिएका छन्। बेलामौकामा कोठीबाट उम्केर भागेर नेपाल पसेका केटीहरूले आफूलाई बेचेको जाहेरी दिनाले छिटपुटरूपमा अपराधीहरू समातिन्छन् पनि तर नेपालमा अहिलेसम्म जति पनि चेली तस्कर समातिएका छन् ती साना खालका मात्र हुन किनभने नेपालमा मुख्य नाइके तस्करहरू छैनन्। किन्ने, राख्ने र प्रयोग गर्ने सबै भारतमा छन्। नेपालमा ती स्थानीय तस्करहरू मात्र छन् जो राजनैतिक पार्टीका संरक्षणबाट पुलिसका पकडमा आउँदैनन्। यस्ता तस्करहरू स्थानीय गाउँघरमा परिचित हुन्छन् र तिनको धाक रवाफबाट डराएर वा यस व्यापारबाट हुने आम्दानीबाट लोभिएर गरीब गाउँले आमा बाबुहरू प्रहरीबाट टाढा नै रहन रूचाउँछन्। बम्बईमा आफ्नै कोठी चलाएर बस्ने सिमला तामाङ् भारतको वेश्यालयमा उनले बेचेकी गीता दनुवारको जाहेरीबाट तीन वर्षअघि काठमाडौं आउँदा समातिएपछि राजनैतिक नेता र पार्टीको संलग्नताको कुराले व्यापक चर्चा पाएको थियो।

चेलीबेटी बेचिने प्रकरणमा हत्या र हिंसाहरू थपिने प्रवृत्ति पनि चिन्ताको विषय बन्दैछ। गीता दनुवारलाई सिला तामाङ् विरूद्ध उजुर दिलाउने व्यक्तिको रहस्यमय हत्यालाई यसै परिप्रेक्ष्यमा गम्भीर घटनाको रूपमा हेरिँदैछ। यद्यपि चेलिबेटी बेचबिखन रोकथाम गर्ने अभिप्रायले राजधानीमा मात्रै एकदर्जन संघ-संस्थाहरू सक्रिय छन् तर यी संस्थाहरूले आजसम्म यस कुत्सित व्यवसायलाई संस्थागत संरक्षण दिने र सङ्गठितरूपकै चेलीबेटी व्यापार गर्नेहरूको नामसमेत प्रकाशमा ल्याउन सकेका छैनन्।

ग्रामीण चेलीहरूमा जबसम्म अनभिज्ञता रहन्छ र गाउँमा बेरोजगारी रहन्छ तबसम्म चेलीहरू बेचिन बन्द हुँदैन भनेर केही संघ-संस्थाहरू चेतना जगाउने कार्यक्रम र आयआर्जनका कार्यक्रम सञ्चालन गरिरहेका छन्। यस्तै नेपाल प्रहरी र पद्मकन्या क्याम्पसका महिला छात्राहरूको सक्रियतामा चेलीबेटी बेचबिखन विरूद्धमा जनचेतना जगाउने कार्यक्रमहरू वार्षिकरूपमा विगत वर्षदेखि चलाइ आएको देखिन्छ। तर जुन अनुपातमा चेलीहरूको तस्करी हुँदैछ, यो प्रयत्न ज्यादै कम र कम असरदायी सिद्ध भइरहेको देखिंदैछ। सम्बन्धित गैससहरूले यस अपराधलाई नियन्त्रण गर्न र अपराधीलाई समात्न सरकारले अलग्गै विभाग खडा गर्नुपर्ने आवश्यकतालाई अगाडि सारेका छन्। जसले आवश्यकता परेमा इन्टरपोलको समेत मद्दत लिन सकोस्। यसका साथै खुला सीमानामा परिचयपत्रको व्यवस्था गर्ने तर्फ तत्काले पहलकदमी आवश्यक छ भने चेलीबेटी बेचबिखनको समस्यालाई नेपाल र भारत दुवैले राजनैतिक एजेण्डाकै रूपमा राखेर द्विपक्षीय वार्ता गर्न जरूरी भैसकेको छ।

पुनर्स्थापनाको सवाल

चेलीहरूको तस्करी समस्याकै सामना गर्न नसकिरहेको अवस्थामा नेपालले बेचिएका चेलीहरूको पुनर्स्थापनाको जटिल समस्याको पनि सामना गर्नु परिरहेको छ।

वेश्यालयमा नारकीय जीवन बिताइरहेका महिलालाई उद्धार गर्ने भारतको सावधान भन्ने संस्थाका संस्थापक विनोद गुप्ताले एक वर्ष अघि नेपाल आएर यदि नेपाल सरकार तयार छ भने वर्षेनी पाँच सय नेपाली चेलीको उद्धार गरेर नेपाल पठाउन सक्ने चुनौती दिएका थिए। तर त्यस चुनौतीलाई स्वीकार गर्ने न त नेपाल सरकारसित पर्याप्त संवेदनशीलता थियो न त क्षमता नै।

भारतको बम्बई सहर एसियामा नै सबभन्दा ठूलो "यौन बजार" को रूपमा चिनिन्छ। बम्बई जस्तै भारतका ठूला सहर दिल्ली, लखनउ, कलकत्ता, कानपुर, गोरखपुर, बनारस, मद्रास आदिमा स्थापित ठूला-ठूला वेश्यालयहरूमा देह व्यापारको निम्ति जाकिएका २५ लाख केटीहरूबाट वर्षेनी १७ खरब रूपियाँ आम्दानी गर्ने गरिएको छ भन्ने दावी सोही सावधान भन्ने संस्थाले गरेबाट के कुरा स्पष्ट बुझ्न सकिन्छ भने भारतमा यो मुनाफादायी माफिया उद्योगकै रूपमा फस्टाइरहेको छ। यस्ता बजारलाई संरक्षण गर्नुमा भारतका राजनेताहरूको पनि ठूलो हात छ भन्ने कुराको पुष्टि अमेरिकाबाट निस्किएको "द नेशन" १९९६ को अप्रेल अङ्कको पत्रिकाको "इण्डियाज सेम" भन्ने लेखले पनि गरेको छ। बेला मौकामा भारत सरकारलाई पर्ने राष्ट्रिय अन्तर्राष्ट्रिय दबावले गर्दा आफ्नो फैलँदो यौन बजारलाई नियन्त्रण गरेको देखाउनकै निम्ति पनि भारतीय प्रहरीहरूले वेश्या कोठीमा बेला मौकामा छापा मार्ने गर्छन्। यसै वर्ष भारतको महाराष्ट्र राज्यका मुख्य न्यायाधीशले एउटा स्थानीय पत्रिकामा देहव्यापारमा बालिकाको शोषण विषयमा प्रकाशित भएको समाचारलाई "सु मोटो रीट" (Suo moto write petition) मा परिवर्तन गरी एउटा वृहद छापा (Mass Raid Operation) मार्ने आदेश दिनु भएको थियो। त्यसै आदेशको आधारमा १५ फेब्रुअरीमा प्रहरीले बम्बईका विभिन्न वेश्यालयबाट छापा मारेर ४४७ जना नावालिग केटीहरूलाई मुक्त गरी सुधार गृहमा पठाइयो। ठीक यसैबेला प्रधानमन्त्री शेरबहादुर देउवा भारत भ्रमणमा थिए र महाराष्ट्र सरकारले सुधार गृहमा रहेका २१८ जना नेपाली केटीको नेपालमा पुनर्स्थापनाको कुरा उठाएपछि प्रधानमन्त्रीले नेपाल फर्किने वित्तिकै सम्बन्धित निकायसित छलफल गरी सरकारी स्तरमै वार्ता गर्ने वचन दिए। तर, स्वदेश फर्किएको पाँच महिनासम्म यसबारे सरकारले कुराकानी अगाडि नबढाएपछि नेपालका गैरसरकारी संघ-संस्थाहरूले ती चेलीहरूको पुनर्स्थापना गर्ने चासो देखाए। सुरूमा सरकारलाई घच्घचाउने काम असफल भएपछि नेपाल फर्कन चाहने केटीहरूलाई भारतको महाराष्ट्र अदालतमा नेपालका गैरसरकारी संस्थाहरूलाई सुम्पिदिन एक उजुरी दिए। जसलाई स्वीकृति दिँदै अदालतले उद्धार गरिएका नेपाली केटीहरूलाई नेपालका गैससहरूलाई सुम्पिने आदेश दियो। नेपालका आठवटा संस्थाहरू मिलेर १२४ जना नेपाल फर्किएका चेलीहरूलाई सामाजिक पुनर्स्थापना गर्न आरम्भ त गरे तर त्यो धेरै पक्षबाट निकै विवादास्पद र आलोचनाको विषय बन्यो।

पुनर्स्थापनाको पक्षलाई नैतिक मूल्य मान्यतासित गाँसेर हेर्ने काम भयो। अर्कातिर वेश्यावृत्ति र एड्सको प्रकोप बढ्ने खतराको रूपमा यस कदमको व्यापक आलोचना भयो। भारतमा देह व्यापार गर्नेलाई नेपाल भित्र्याउन कति उचित थियो ? भन्ने व्यापक चर्चा चले तर वास्तवमा हुनुपर्ने कुरा त के थियो भने भारतीय सरकारले उठाएको हुनाले सरकारी स्तरमा नै यसको छलफल र हल खोजिनु पर्थ्यो। किनभने भोलि फेरि यस्तै विषयहरू पुनः उठ्न सक्छन्। यस्ता समस्याहरूका निम्ति के गर्ने भन्ने स्पष्ट नीतिहरू बन्न सक्थे। तर, बीचमै गैरसरकारी संस्थाहरूको हस्तक्षेपको कारणले त्यो स्पष्ट हुन सकेन। अतः धेरै आलोचकहरू गैससहरूले देखाएका यस्ता तत्परता र हस्तक्षेपलाई ती संस्थाका निजी स्वार्थसित पनि जोडेर हेर्ने गर्छन्।

पत्रपत्रिकाहरूमा सरकार र गैरसरकारी दुवै पक्षले एक आपसमाथि गरेको आरोप प्रत्यारोपले जनसाधारणमा पुनर्स्थापनाको मुद्दाले प्रसस्तै भ्रम, अन्योल र आशङ्काहरू

जन्मायो। तर, एउटा विचारणीय पक्ष के छुटेको छ भने भारतीय बजारमा नेपाली केटीहरूले यौन कामदारका रूपमा जुन सेवा र मुनाफा दिइरहेका छन् त्यस अवस्थामा रहँदा यदि तिनलाई कुनै रोग लाग्छ भने त्यसको संरक्षण गर्ने दायित्व पनि भारत सरकारकै हुनु पर्छ। स्वास्थ्य रहेसम्म यौन श्रमिकको रूपमा प्रयोग गर्ने र अशक्त रोगग्रस्त विरामी भएपछि मानवअधिकारको नाममा नेपाललाई पन्छाउने कार्य कदापि उचित कुरा होइन।

अज्ञानताले भुक्याइ बेचिएर यौन श्रमिक बन्न बाध्य नेपाली केटीहरूलाई आफूखुसी आफ्नो देश फर्किने अधिकार हुनु पर्छ। तर तिनलाई यौन कामदारको रूपमा प्रयोग गरेबापत त्यसको क्षतिपूर्ति पनि दिनु पर्छ। यो कुराको माग नेपाल सरकार र गैरसरकारी संस्थाले पनि अब पुनर्स्थापनाको सवालमा दरो रूपमा उठाउनुपर्ने कुरा हुन्।

निस्कर्षः

यसरी यस वर्ष उठेका महिलाका महत्वपूर्ण सवालहरूमा पैतृक सम्पत्तिमा महिलाको समान अधिकार, महिलाको गर्भपतन सम्बन्धी अधिकार, चेलीबेटी बेचबिखन र भारतीय वेश्यालयबाट फर्काइएका उत्पीडित महिलाहरूको पुनर्स्थापन पर्दछन्। तर विडम्वना के रहेको छ भने यी सवालहरूलाई एकाङ्गी र एकदोस्रोबाट असम्पृक्तरूपमा उठाएको पाइयो। जस्तै, सम्पत्तिमा महिलाको समान अधिकारको सवाललाई छोरीलाई पुर्ख्यौली सम्पत्तिमा हक दिंदा समाज कसरी भाँडिन्छ भन्ने अनुमानमा केन्द्रित गरी बहसलाई गलत दिशा दिएको देखियो। पत्नी, आमा, बुहारी, दिदी-बहिनी, विधवा, परित्यक्ता, मोही आदि विविध भूमिकामा महिलाले समान आर्थिक अधिकार पाएका छन् कि छैनन् भन्ने प्रश्न तर्फ कमैको ध्यान नगएको देखियो। बुझ्नु पर्ने कुरा के हो भने पैतृक सम्पत्तिमा महिलाको समान हकको माग महिलाको समान आर्थिक अधिकार प्राप्तिको दिशामा प्रारम्भिक खुड्किला मात्र हो। यसैगरी गर्भपातको अधिकार महिलाको स्वास्थ्य सम्बन्धी अधिकारको एक पक्ष मात्र हो भन्ने तथ्यतर्फ यस सम्बन्धी विधेयक ल्याउन उत्सुक व्यक्तिहरूको ध्यान गएको देखिएन। महिलाको पोषण र स्वास्थ्य सम्बन्धी अधिकारलाई समग्रमा हेर्नुपर्ने आवश्यकता छ। त्यस्तैगरी चेलीबेटी तस्करी र यस्ता उत्पीडनमा परेका महिलाहरूको पुनर्स्थापनाको कुराले पनि महिला अस्तित्वप्रति समाजको संवेदना शून्यतालाई दर्शाउने काम गरिरहेको छ। माथि उठेका महिलाका प्रत्येक सवाल एक अर्कासिंग सम्बन्धित छन्। महिलालाई भोग्य वस्तुको रूपमा मात्र व्यवहार गरेर तिनलाई सामाजिक-आर्थिक-राजनीतिक हरेक क्षेत्रमा पुरूषभन्दा हीनतर अवस्थामा राख्ने परिपाटीको लागि पितृसत्तात्मक अवधारणा नै मूलतः जिम्मेवार छ।

सन्दर्भ सामग्री

- नेपाल अधिराज्यको संविधान २०४७
- गर्भसंरक्षण सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक २०५३
- आचार्य, मीना *नेपाली महिलाहरूको तथ्याङ्कगत विवरण* १९९४ इन्सटिच्यूट फर इन्टिग्रेटेड डेभलपमेन्ट स्टडीज
- चालिसे, सुरेश सिंह र अधिकारी, मिलन *विमेन इन पोलिटिक्स इन नेपाल,*
  सेन्टर फर कन्सोलिडेशन अफ डेमोक्रेसी काठमाडौं १९९६
- *सम्पत्तिमा समान अधिकार महिला स्वाधिनतातिर एक फड्को* पुस्तिका प्रकाशकः अस्मिता प्रकाशन गृह
- *नेप्लीज वूमन टुवार्डस सस्टीनेवल सोसाइटी च्यालेन्ज एण्ड फ्यूचर डाइरेक्सन*
- एन.जि.ओ. कन्ट्रीपेपर सवमिटेड टु द युनाइटेड नेशन फोर्थ वर्ल्ड कन्फरेन्स
- *प्याटरनल प्रोपर्टी इक्वाइल राइट टु डटर एण्ड सन,* बुलेटिन १९९६ नोभेम्बर प्रकाशकः आई एल आर आर
- आचार्य, मीना "राजनीति पार्टी र नेपाली महिला" कार्यपत्र २०५३
- अधिकारी, उमा "संसदमा महिला सम्वन्धमा उठाइएका सवालहरू र पत्रकारको अवधारणा कार्यपत्र २०५३"
- क्षेत्री अन्जु, मास्के सुसन "नेपाल एण्ड इण्डियाज सेम" अप्रकाशित लेख १९९७
- गुरागाईँ, गोपाल "गल्ला व्यापारीहरू गाउँमा सक्रिय" अस्मिता अङ्क ३९ वर्ष ७ २०५२
- अस्मिताका विभिन्न अङ्कहरू खासगरी अङ्क २८, २९, ३९, ४०

अनुसूची ५ (ङ)

नेपालमा बालअधिकारको स्थिति (१९९२-१९९६)

विषय प्रवेश :

वाल्यवस्था भनेको मानव जीवनको प्रारम्भिक चरण हो, जीवनको जग हो। मानिसको वाल्यकालमा भए गरेका कुराहरूले उसको जीवन गोरेटोलाई नै असर गर्दछ। त्यसैले एउटा समुन्नत समाजको विकासका निमित्त वालवालिकाहरूको उचित ढंगले पालन-पोषण र संरक्षण हुनु जरूरी छ। वालवालिकाको कलिलो मस्तिष्क र शरीरका कारण उनीहरूलाई विशेष स्याहार र सुविधाको आवश्यकता पर्दछ। यसै कुरालाई हृदयंगम गर्दै संसारमा सन् १९२३ देखि वालअधिकार सम्वन्धी अवधारणाको सुत्रपात भएको थियो। आजको विश्वमा वालअधिकार एक ज्वलन्त विषयका रूपमा उठिरहेको छ। नेपालमा पनि हालका वर्षहरूमा वालअधिकारको चर्चाले स्थान पाउन थालेको छ। नेपालमा वालअधिकार आन्दोलनको इतिहास त्यति लामो छैन। प्रजातन्त्रको पुनर्स्थापना पछि भने यसले केही गती लिएको छ। तर प्रजातन्त्रको पुनर्स्थापना अगाडि सिविन जस्ता केही गैर सरकारी संस्थाहरूले वालअधिकारको आवाजलाई उठाउन थालिसकेका थिए र वालअधिकार आन्दोलनको जग बसिसकेको थियो। सन् १९८९ मा वालअधिकार सम्वन्धी महासन्धि संयुक्त राष्ट्र संघ, महासभावाट पारित भएपछि यस विषयले संसारभरी नै महत्व पाउन थाल्यो। जसको असर नेपालभित्र पनि पर्न गयो। १९९० मा भएको जनआन्दोलन पछिको अन्तरिम सरकारले १४ सेप्टेम्बर १९९० मा त्यस महासन्धिलाई अनुमोदन गर्नाले यस क्षेत्रमा कार्य गर्ने सबैलाई हौसला मिल्यो। त्यस पछिका अवधिमा भने क्रमशः वालअधिकार आन्दोलनले केही व्यापकता लिन थाल्यो। तथापि आशातित परिवर्तन भने व्यवहारमा हुन सकेको छैन।

वालअधिकार सम्बन्धी बिगत ५ वर्षका सकारात्मक पक्ष

गत पाँच वर्ष (१९९२-९६) सम्मको अवधिलाई हेर्ने हो भने नेपालमा वालअधिकारको विषयले केही मात्रामा महत्व पाएको देखिन्छ। सरकारी पक्षबाट देखाइएका राष्ट्रिय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू र ऐन नियमको निर्माण एवं कछुवाको तालमा भए पनि सरकारी पक्षवाट चालिएका केही कदमहरू यस अवधिका सकारात्मक पक्षहरू हुन्। गत ५ वर्षमा वालअधिकारसंग प्रत्यक्ष अप्रत्यक्ष रूपमा सम्बन्धित रहने निम्न घोषणापत्रहरू मार्फत नेपालले अन्तर्राष्ट्रिय रूपमा आफ्नो प्रतिबद्धता जाहेर गरेको छ।

- मानवअधिकार सम्वन्धी भियना घोषणापत्र र कार्ययोजना, १९९३
- सामाजिक विकास सम्वन्धी कोपेनहेगेन घोषणापत्र, १९९५
- महिला विकास सम्वन्धी बेइजिङ घोषणापत्र, १९९५
- वालवालिकाको व्यावसायिक यौन शोषण विरूद्ध स्टकहोम घोषणापत्र- १९९६
- असंलग्न राष्ट्र विश्व आन्दोलनका सदस्य राष्ट्रहरूको श्रम मन्त्रीहरूको अन्तर्राष्ट्रिय शिखर सम्मेलन दिल्लीको घोषणापत्र - १९९६
- जनसंख्या र विकास सम्वन्धी कार्यमुखी योजना र कायरो घोषणापत्र- १९९४
- वालश्रम सम्वन्धी अन्तर्राष्ट्रिय कार्यक्रम
- आइ एल ओ कन्भेन्सन नं. १३८ को अनुमोदन

यसै गरी नेपालले यस अवधिमा वालवालिकाकै विषयमा केन्द्रित क्षेत्रीय प्रतिबद्धता पनि जाहेर गरेको छ।

- द्वितीय सार्क वालवालिका सम्बन्धी कोलोम्वो घोषणापत्र - १९९२
- तृतीय सार्क वालवालिका सम्बन्धी रावलपिण्डी घोषणापत्र - १९९६

यी अन्तर्राष्ट्रिय तथा क्षेत्रीय स्तरमा नेपालबाट जाहेर गरिएका प्रतिबद्धताहरूमा मुलतयाः वालवालिकाको आधारभूत अधिकारहरू वाल वचावट, वालसंरक्षण र वालविकासका कुराहरूलाई राष्ट्रिय प्राथमिकताको विषय बनाई कार्य योजनाहरू संचालन गर्ने जस्ता कुराहरू समावेश भएका छन्। सार्क स्तरीय घोषणाहरूले यस क्षेत्रमा ४१ करोड वालवालिकाको उच्चतम हितको निम्ति स्वास्थ्य, शिक्षा, सरसफाई, पोषण र सुरक्षा जस्ता वालवालिकाको आधारभूत कुराहरू सुनिश्चित गर्ने तर्फ जोड दिएको छ भने रावलपिण्डी घोषणापत्रले सन् २०१० सम्ममा सार्क क्षेत्रबाट वालश्रम उन्मुलन गर्ने प्रतिबद्धता जाहेर गरेको छ।

यसै गरी गत पाँच वर्षको अवधिमा नेपालमा वालअधिकारको संरक्षणका निमित्त केही राष्ट्रिय कानूनी व्यवस्थाहरू पनि भएका छन्।

- वालवालिका सम्वन्धी ऐन ०४८
- श्रम ऐन ०४८
- वालवालिका सम्वन्धी नियमावली ०५१

वालवालिकाकै विषयमा केन्द्रित रहेर विशेष ऐन, नियम बन्नु अत्यन्त सकारात्मक कुरा हो। यी प्रयासहरूले वालअधिकारलाई स्थापित गर्न ठूलो सघाउ पुर्‍याउँछ। तर

महत्वपूर्ण कुरा भने यसको कार्यान्वयन पक्ष नै हो।

वालविकास सम्बन्धी सन् १९९० को दशकको निम्ति तर्जुमा गरिएका कार्यमुखी योजनाहरूलाई कार्यान्वयन गर्ने वचनबद्धता प्रकट गर्नु र त्यसैलाई मध्यनजर गरी राष्ट्रिय योजनामा वालविकासका केही कुराहरूलाई समावेश गर्नु पनि यस अवधिको सकारात्मक पक्ष नै हो। यस अवधिमा वालवालिकासंग सम्बन्धित राष्ट्रिय महत्वका केही गठनहरू तथा कार्यक्रम संचालन पनि भएका छन्।

- राष्ट्रिय महिला तथा वालपरिषद् ०५२
- केन्द्रीय वालकल्याण समिति, ०५२
- आइ एल ओ / आइपेक अन्तर्गत वालश्रम उन्मुलन सम्बन्धी राष्ट्रिय कार्यक्रम, ०५२
- जिल्ला वालकल्याण समितिहरूको गठन प्रारम्भ, ०५२

वालअधिकार सम्बन्धी महासन्धिमा राज्यपक्षको हैसियतले अनुमोदन गरेको २ वर्षभित्र संयुक्त राष्ट्र संघ वालअधिकार समितिमा बुझाउनु पर्ने प्रतिवेदन ढिलै भए पनि बुझाउनु र त्यस प्रतिवेदन तयारी क्रममा गैर सरकारी संस्थाहरूलाई संलग्न गराइनु पनि यस अवधिको सकारात्मक पक्षभित्रै पर्दछ। सामान्यतया मानवअधिकारको उल्लंघनकर्ताका रूपमा दरिएका प्रहरी वरिष्ठ अधिकृतदेखि जवानहरूसम्मलाई प्रहरी प्रतिष्ठानले मानवअधिकार, महिला अधिकार, वालअधिकारका बारेमा प्रशिक्षण दिने प्रचलन आरम्भ गर्नु पनि प्रशंसनीय बन्न पुगेको छ।

यस अवधिमा सरकारी पक्षबाट कानूनी र कागजी रूपमा वालअधिकार सम्बन्धी विभिन्न प्रयासहरू भएको भए तापनि व्यवहारिक रूपमा भने गैर सरकारी संस्थाहरूबाट धेरै काम भएका छन्। यस अवधिमा वालवालिकाका निम्ति काम गर्ने गैर सरकारी संस्थाहरूको संख्यामा पनि बृद्धि हुन पुग्यो। गैर सरकारी संस्थाहरूको तर्फबाट खास गरी वालअधिकार सम्बन्धी संचेतना अभिवृद्धि गर्ने सरकारी-गैर सरकारी निकायलाई वालअधिकार सम्बन्धी प्रशिक्षण दिने, वालअधिकार सम्बन्धी विभिन्न सामग्रीहरू प्रकाशन, प्रशारण गर्ने लगायतका कार्यका साथै जोखिमपूर्ण परिस्थितिका वालवालिकाहरूको आधारभूत अधिकारको संरक्षण गर्न उनीहरूलाई पुनर्स्थापन सेवा उपलब्ध गराउनमा अत्यन्त महत्वपूर्ण भूमिका रहेको छ। यसका साथै वालअधिकार सम्बन्धी महासन्धिको राष्ट्रिय प्रतिवेदन तयार गर्ने क्रममा पनि गैर सरकारी संस्थाहरूको अहं भूमिका रहेको छ। खासगरी वालवालिकासंग कार्यरत संस्थाहरूलाई नेटवर्किङ गर्न १९९३ मा जोखिममा परेका वालवालिका मिलिजुली समूह (आर.एन. डब्लु. जी) को गठन भएको छ। यस मार्फत देशका विभिन्न क्षेत्रमा जोखिमपूर्ण परिस्थितिमा रहेका वालवालिकाहरूको आधारभूत अधिकार संरक्षणका लागि थुप्रै संस्थाहरू मार्फत विभिन्न गतिविधिहरू संचालन भैरहेका छन्। यस अतिरिक्त विभिन्न संघ संस्थाहरूले वालहित सम्बन्धी थुप्रै कार्यक्रमहरू संचालन गरिरहेका छन्। वालअधिकार सम्बन्धी महासन्धिको कार्यान्वयन पक्षको अनुगमन गर्नका निम्ति विभिन्न संस्थाहरूको संलग्नतामा "वालअधिकार पर्यवेक्षण, नेपाल" कार्यरत रहेको छ। यस्तै वालवालिकारूका निम्ति कार्यरत संस्थाहरूको महासंघ पनि गठन भएको छ। सरकारी पक्षबाट नगरिएका थुप्रै संचेतना अभिवृद्धिका तथा पुनर्स्थापना एवं कल्याणकारी कार्यहरू गैर सरकारी पक्षबाट भएका छन्।

बिगतका पाँच वर्षका केही तीता अनुभवहरु

बिगत पाँच वर्षमा अधिकांश सरकारी प्रयासहरू ढिलो गति र प्रायशः कागजी रूपमा नै सीमित रहे। रिपोर्टमा समावेश गर्न र भाषण गर्न त ती कुराहरूले ठूलै सघाउ पुऱ्यायो। तर व्यवहारमा परिवर्तन ल्याउनमा भने तिनको भूमिका अत्यन्त न्यून रहन गयो।

अन्तर्राष्ट्रिय तथा क्षेत्रीय प्रतिवद्धताहरूले सम्बन्धित समारोहहरूको चहलपहल रहेसम्म महत्व पाइरहे तर त्यसपछिको व्यवहारिक कार्यान्वयनमा जोड दिएको भने महसूस भएन। वालवालिका सम्बन्धी ऐन बनिसकेपछि त्यसलाई लागु भएको घोषणा गर्न नै एक वर्ष पर्खनु पऱ्यो तथा व्यवहारमा लागु गर्न आवश्यक नियमावली आउन करीब २ वर्ष पर्खनु पऱ्यो। त्यसै गरी प्रधानमन्त्रीको अध्यक्षतामा गठित राष्ट्रिय महिला तथा वाल परिषद् पनि कुनै काम गर्न नपाउँदै निष्कृय बन्न पुग्यो। यसै बीच भएको सत्ता परिवर्तनपछि त त्यस्को अस्तित्वमा नै प्रश्न लाग्न गयो। यतिमात्रै होइन, वालवालिका सम्बन्धी ऐनमा व्यवस्था भए अनुरूप महिला तथा समाज कल्याण मन्त्रीको अध्यक्षतामा गठित केन्द्रीय वालकल्याण समिति पनि गठनमा नै सीमित हुन पुगेको देखिएको छ। ०५२ मंसीर ४ गते गठन भएको उक्त समितिको हालसम्म जम्मा २ पटक वैठक बसेको छ। त्यो पनि वैठकका लागि वैठकमा नै सीमित हुन पुग्यो, कार्यान्वयन पक्षमा खासै उपलब्धीमूलक हुन सकेन। यस्तै केन्द्रीय वालकल्याण समितिको मातहतमा गठन हुन थालेका जिल्ला वालकल्याण समितिहरूको संख्या ४० नाघे तापनि निर्दिष्ट नीति र कार्यक्रमको अभावमा अधिकांश समितिहरू औपचारिकतामा नै सीमित हुन पुगेका छन्। वालअधिकार सम्बन्धी ऐनलाई व्यवहारमा लागु गर्न यस समितिको गठन बाहेकका अन्य पुर्वाधारहरू केही तयार हुन सकेका छैनन्।

समग्रमा हेर्दा यस अवधिमा सरकारी पक्ष वालअधिकारका बारेमा राष्ट्रिय, अन्तर्राष्ट्रिय दबाबका कारण केही कदमहरू उठाउन बाध्य भए पनि अझै यस विषयले कार्यान्वयनको पक्षमा राष्ट्रिय प्राथमिकता भने पाउन सकिराखेको छैन।

बिगत पाँच वर्षमा सरकारी कारवाहीबाट वालअधिकारको उल्लंघन भएका घटनाहरू पनि थुप्रै घटेका छन्। ०४८ चैत २४ को गोली काण्डमा ८ वर्षे बालक अनिशको हत्या तथा अन्य थुप्रै वालकहरू गोलीको शिकार हुनु यस अवधिको अत्यन्त दुःखद घटना हो। यसैगरी विभिन्न आन्दोलनको क्रममा थुप्रै वालकहरू पत्राउमा परी यातना भोग्न बाध्य भए। वालवालिका सम्बन्धी ऐनमा व्यवस्था भए अनुसार वालसुधार गृहहरूको अभावमा वालदुराचारमा संलग्न वालवालिकाहरूलाई वयस्क बन्दीहरूसँगै राख्नाले बन्दी जीवन सकेर फर्कदा उनीहरू अझ बढी आपराधिक मनोवृत्ति बोकेर आएका उदाहरणहरू पनि भेटिएका छन्। अझै पनि नेपालका थुप्रै जेलमा बाबु आमाले

अपराध गरेवापत उनीहरूसँगै वालवालिकाहरूले पनि जेलमा वन्दी जीवन विताइरहनु परेको छ।

वालवालिकाहरूमाथि हुने यौन दुर्व्यवहारका घटनाहरू पनि गत ५ वर्षमा प्रशस्तै भएका छन्। यस अवधिमा वालश्रमिकहरू र वाँधा वालश्रमिकहरूको अधिकारका संरक्षणका निम्ति पनि कुनै सरकारी कार्यक्रमहरू लागु हुन सकेन। वालश्रमिकहरूमाथिको शोषण र दुर्व्यवहार कायमै रह्यो। चेलीवेटी देहव्यापारको क्रमलाई रोक्न सकिएन। कथित अछुत जातिका भनिएका वालवालिकाहरूमाथिको भेदभावका पनि थुप्रै घटनाहरू प्रकाशमा आए र यो कुप्रथावाट वालवालिकाहरू पीडित नै रहिरहे। यस अवधिमा विद्यालयहरूमा वालवालिकालाई शिक्षकले पिटेर सख्त घाइते वनाइदिएको तथा मृत्यु समेत भएका घटनाहरू पनि सार्वजनिक भए।

१९९६ मा वालअधिकार

सन् १९९६ मा नेपालमा वालअधिकारको स्थिति सम्वन्धमा सिविनले वार्षिक प्रतिवेदन प्रकाशित गरेको छ। जसमा वालअधिकारको स्थिति झल्काउने प्रमुख २० तथ्य तथ्यांकहरू, १९९६ का मुख्य १० सकारात्मक पक्षहरू, १० नकारात्मक घटनाहरू र वालविकास र वालअधिकारको संरक्षण, सम्वर्द्धनका निम्ति प्रस्तावित १० बुँदे सुझाव कार्यक्रम र नीतिहरू समावेश गरिएको छ। उक्त प्रतिवेदनको सारसंक्षेप यहाँ प्रस्तुत गरिएको छ।

१. वालअधिकारको स्थिति

१.०१ वालअधिकार सम्बन्धी महासन्धिको कार्यान्वयन :

नेपालले अनुमोदन गरेको वालअधिकार सम्वन्धी महासन्धिको कार्यान्वयन पक्ष प्रभावकारी हुन सकेन। सरकारी दृष्टिकोण, नीति र कार्यान्वयनका निम्ति आवश्यक पूर्वाधार र कार्यविधिको अभावमा उक्त महासन्धि नेपालको सन्दर्भमा कार्यान्वित हुन सकेको छैन। वुझाउनु पर्ने समयभन्दा करीव तीन वर्षपछि नै भए पनि नेपालले उक्त महासन्धिको प्रारम्भिक प्रतिवेदन संयुक्त राष्ट्र संघ वालअधिकार समितिमा वुझाएको छ। उक्त प्रतिवेदनमाथिको छलफलमा संयुक्त राष्ट्र संघ वालअधिकार समितिले सरकारी पक्षवाट थालनी गरिएका केही प्रयासहरूको स्वागत गरे तापनि व्यवहारमा लागु हुन नसकेको र थुप्रै आधारभूत वालअधिकारको उल्लंघन भएकोमा गम्भीर चासो देखाएको छ।

१.०२ वालश्रम

वालश्रम, वालअधिकार उल्लंघन भएको एउटा प्रष्ट उदाहरण हो। वालश्रम देशको शोषणयुक्त आर्थिक, सामाजिक तथा राजनैतिक व्यवस्थाको परिणाम पनि हो। आइ एल ओ को हालै प्रकाशित एक प्रतिवेदन अनुसार संसारमा २ करोड ५० लाख वालवालिका कठिन परिस्थितिमा श्रम गर्दछन्। जसको आधाभन्दा वढी हिस्सा सार्क क्षेत्रमा छन्। नेपालको १९९१ को जनगणनाले १०–१४ वर्षसम्मका आर्थिक रूपमा सक्रिय वालवालिकाको संख्या ५,३१,८३५ उल्लेख गरेको छ। तर प्रत्यक्ष श्रममा लाग्ने वालवालिकाहरू दशलाख भन्दा वढी नै भएको र ती मध्ये ६० प्रतिशत जोखिमपूर्ण अवस्थामा श्रम गरिरहेको विश्वास गरिएको छ। वालश्रम सम्वन्धी कानून भए तापनि यस सम्बन्धमा सरकारी पक्षवाट न त कुनै कारवाही भएको छ न त श्रम शोषणमा परेका वालवालिकाहरूका लागि कुनै पुनर्स्थापना सम्वन्धी कार्यक्रम नै छ।

१.०३ सडक वालवालिका

नेपालमा करीव ५ हजार वालवालिकाहरूले सडकमा नै जीवन विताइरहेका छन्। सिविन सामाजिकीकरण केन्द्र काठमाडौंमा मात्र गत पाँच वर्षमा १ हजार ७ सय २१ जना सडक वालवालिका दर्ता भएका छन् भने यस वर्ष ३ सय ४९ जना नया थप भए। त्यस्तै अन्य करीव ३ सय जना नयाँ वालवालिकाहरू धरान, नारायणगढ, पोखरा, वुटवल लगायतका शहरमा सडकमा आइपुगेका छन्। नेपालमा वर्षेनी करीव ७ सय देखि १ हजारसम्म वालवालिकाहरू सडकमा आउने गर्छन्।

१.०४ वालवालिकाको ओसारपसार

नेपालबाट हरेक वर्ष ४ हजार–५ हजार वालवालिकाहरू ओसार पसार गरिन्छ। अधिकांश वालिकाहरू भारतमा वेश्यावृत्तिका लागी तथा बधुवा मजदूरहरूका निम्ति वेचिने गरिन्छ। १९९६ मा पत्रिका सर्वेक्षण अनुसार २२३ जना चेलीहरू वेचिएको समाचार मध्ये ८९ जना १६ वर्ष मुनिका छन्। यस वर्ष भारतको महाराष्ट्र उच्च न्यायालयको आदेशमा वम्वईमा छापा मार्दा भेटिएका नेपाली चेलीहरूमध्ये १३१ जनालाई गैर सरकारी संस्थाहरूको सहयोगमा नेपालमा ल्याई पुनर्स्थापित गरियो।

१.०५ वाल स्वास्थ्य

हाल नेपालमा शिशु मृत्युदर ८६.१ प्रति हजार, वालमृत्युदर ११८ प्रतिहजार तथा मातृ मृत्युदर ८५० प्रतिलाख रहेको कुरा स्वास्थ्य मन्त्रालयले जनाएको छ। एक सर्वेक्षणका अनुसार ६२ प्रतिशत पाँच वर्ष मुनिका वालवालिका झाडापखालावाट मर्छन्। ९३ प्रतिशत नेपालीले पानीलाई निर्मलीकृत नगरिकन पिउने गर्छन्। पानीले वालस्वास्थ्यमा ठूलो असर पारिरहेको छ।

यस वर्ष ३३ लाख वालवालिकालाई पोलियो थोपा खुवाउने कार्यक्रम रहेकोमा ११४ प्रतिशत सफलता मिलेको कुरा स्वास्थ्य मन्त्रालयले जनाएको छ। यस वर्ष इन्सेफलाइटिस, झाडापखाला, निमोनिया, हेपाटाइटिस वी, टि.वी. समेतवाट वालवालिकाहरू आक्रान्त भए। पत्रपत्रिका सर्वेक्षण अनुसार ९० जना वालवालिकाहरूको यस वर्ष विभिन्न सरुवा रोगका कारण मृत्यु भएको छ। नेपालमा वालवालिका निम्ति एउटै मात्र अस्पताल कान्ति वाल अस्पताल काठमाडौंमा छ भने वाल स्वास्थ्य सम्वन्धी सेवा र सुविधा अत्यन्त अपर्याप्त छ।

१.०६ वालशिक्षा

नेपालको साक्षरता प्रतिशत ३९.५ प्रतिशत रहेकोछ। ७१ प्रतिशत वालवालिकाहरू मात्र प्राथमिक विद्यालयमा भर्ना हुन्छन्

जसमध्ये आधाले मात्र ५ कक्षासम्म पूरा गर्छन्। ६-१० वर्षका २४ प्रतिशत वालवालिकाहरूले कम्तिमा पनि एक पटक एउटै कक्षा दोहोऱ्याएका हुन्छन्। शिक्षाको अवसर प्राप्त गरेकाहरूको पनि शैक्षिक गुणस्तर राम्रो हुन सकेको छैन।

१.०७ वालविवाह

वालविवाह कानून विरूद्ध भए पनि यो अझै कायमै छ।पत्रिका सर्वेक्षणबाट देखिए अनुसार यस वर्ष ५ वटा वालविवाह सम्बन्धी उजुरी अदालतमा परेका छन्। केन्द्रीय तथ्यांक विभागबाट प्राप्त भए अनुसार १० देखि १४ वर्षका वालवालिका मध्ये ५.५७ प्रतिशतको विवाह (४९ हजार १ सय ३९ वालक तथा ८० हजार ५ सय ७७ वालिका) वाल्यकालमै हुने गर्छ। युनिसेफका अनुसार ४० प्रतिशत विवाहहरू वालवालिकासंग हुने गर्दछ जस्मा ७ प्रतिशत त दश वर्ष मुनिका वालिकाहरूसंग हुने गरेको छ।

१.०८ वालदुराचार र प्रहरी कारवाही

समाजमा बढेको आपराधिक गतिविधिसंगसंगै वालदुराचार पनि बढ्दै गएको छ। वालसुधार गृहको अभावमा दुराचारमा संलग्न वालवालिकाहरूलाई सुधार्नुको बदला आपराधिक मनोवृत्ति बढ्ने स्थिति रहेको छ। सिविनले सडक वालवालिका बीच अध्ययन गरे अनुसार १२-१३ वर्षका ३८.४३ प्रतिशत, १४-१५ वर्षका २८.५८ प्रतिशत वालवालिकाहरू दुराचारमा लागेका छन्। प्रहरीको कारवाहीमा परेका ८१.४३ प्रतिशत वालवालिकाहरूले प्रहरीबाट दुर्व्यवहार भएको र यातना दिएको बताएका छन्।

१.०९ वालवालिका सम्बन्धी ऐन ०४८

वालवालिका सम्बन्धी ऐन वालहितका निम्ति एक महत्वपूर्ण दस्तावेज भए तापनि यसले व्यवहारमा परिवर्तन ल्याउन सकेको छैन। ऐनले व्यवस्था गरेका कुनै पनि कल्याणकारी व्यवस्थाहरू हुन सकिराखेका छैनन्। वालगृह, वालसुधार गृह, वालअदालत जस्ता महत्वपूर्ण निकायहरूको स्थापना हुन सकेको छैन। ऐन व्यवहारमा अझै पनि लागु हुन सकेको छैन।

१.१० जेलमा रहेका वालवालिका

यस वर्ष ४ वर्षका पवन कुमार ठाडा मगर लगायतका वालवालिकाहरू जेलमा परेका छन्। यस वर्ष वालदुराचारमा संलग्न, सार्वजनिक अपराधको मुद्दा लागेका तथा जेलमा परेका बाबुआमासंग आश्रित १७४ जना वालवालिकाहरू जेलमा तथा थुनामा परेका छन्।

१.११. बाँधा वालमजदूर

नेपालमा अझै वालमजदूरहरू बँधुवाका रूपमा रहेका छन्। पश्चिमी भेगमा कमैया प्रथा अन्तर्गतका वालवालिका मात्रै होइन, शहरमा गलैंचा कारखाना, इटाभट्टा, रेष्टुरेण्ट, घरेलु कामदार, कवाड लगायतमा काम गर्ने वालवालिकाहरू पनि बँधुवाका रूपमा रहेकाछन्। यस वर्ष श्रम मन्त्रालयले २५ जना बँधुवा वालवालिकालाई मुक्त गऱ्यो भने सिविनले वाल दासतामा रहेका ५९ जनालाई मुक्त गरी पुनर्स्थापित गरेको छ।

१.१२ वाल यौन शोषण

यस वर्ष ९ जना नेपालमा बसोबास गर्दै आएका विदेशीहरू पेडोफिल (वाल यौन शोषण गर्ने) भएको तथ्य अगाडि आयो। तर उनीहरूलाई उचित कानूनी कारवाही हुन सकेन। काठमाडौंका मात्रै करीब ३ सय सडक वालकहरू पेडोफीलहरूद्वारा यौन शोषणमा परेका छन्।

१.१३ वालदाशताका विरुद्धमा मुद्दा दायर

यस वर्ष घरमा काम गर्न राखेको १२ वर्षीय धिरज के.सी. लाई मालिक मधुसुदन मुनाकर्मीले सिक्रीले बाँधेर राख्ने गरेको समाचार प्रकाशमा आएपछि ती वालकलाई सिविनले आफ्नो संरक्षणमा राख्यो। पीडित वालकको तर्फबाट वालवालिका सम्बन्धी ऐन ०४८ अनुसार क्षतिपूर्ति समेतको माग गरी सिविन तथा प्रो पब्लिक संस्थाले कानूनी कारवाहीका लागि काठमाडौं जिल्ला अदालतमा मुद्दा दायर गरे। पीडक मुनाकर्मीलाई भने जिल्ला प्रशासन कार्यालयबाट २८ हजार धरौटीमा रिहा गरियो।

१.१४ वाल आत्महत्या

यस वर्ष वाल आत्महत्याका घटनाहरू पनि प्रकाशमा आए। विभिन्न सामाजिक तथा मनोगत समस्याका कारण १२-१४ वर्षका ३ जनाले आत्महत्या गरे।

१.१५ शिशु हत्या

पत्रपत्रिका सर्वेक्षण अनुसार यस वर्ष ४८ वटा शिशु हत्या भएको छ। अधिकांश शिशुहरू अनैतिक यौन सम्पर्कका कारण जन्मेकाले हत्या गरिएको थियो।

१.१६ वाल बलात्कार

यस वर्ष १२८ वटा बलात्कारका घटनाहरू प्रकाशमा आए। जसमा ६०.९४ प्रतिशत १६ वर्ष मुनिका छन् र सबै भन्दा कम उमेर ६ वर्षसम्मका वालिकाहरू रहेका छन्।

१.१७ वालवालिकामाथि दुर्व्यवहार

वालवालिकाहरूलाई काममा लगाउने क्षेत्रमा मात्रै होइन विद्यालयहरूमा समेत दुर्व्यवहार गरिएको छ। यस वर्ष वालवालिका माथि शारीरिक रूपमा पिटिएका, यातना दिएका, यौनशोषण गरिएका, मानसिक प्रताडना दिएका ३९६ वटा घटनाहरू प्रकाशमा आए।

१.१८ वालवालिका तथा संचार माध्यम

यस वर्ष वालअधिकार र वालवालिका सम्बन्धी समाचारले संचार माध्यममा राम्रो स्थान पायो। तथापि

वालवालिका सम्बन्धित थुप्रै कुराहरू, नकारात्मक असर पर्ने रूपमा पनि प्रकाशित र प्रशारित भएका घटनाहरू भेटिए। संचार माध्यमहरूमा वालवालिकाहरूका लागि चाहिने सृजनात्मक र ज्ञानबर्द्धक सामाग्रीहरूको अभाव भने रही नै रहयो।

१.१९ विस्थापित वालवालिकाहरु

यस वर्ष करीव १ हजार वालवालिकाहरू देशका रूकुम, रोल्पा, सिन्धुली लगायतका ठाउँमा भएका शसस्त्र संघर्षका कारण विस्थापित भएका छन्। त्यस्तै करीव ५० हजार भुटानी वालवालिकाहरू शरणार्थी शिविरहरूमा रहेका छन्।

१.२० लिङ्ग विभेद

वालिकाहरूमाथि हुने लिङ्ग विभेद कायमै रहेको छ। खासगरी वालिकाहरूलाई दिइने कार्य बोझ, खानामा भेदभाव, शिक्षा तथा अन्य सीप र अवसरमा वालिकालाई प्राथमिकता नदिइने प्रचलन कायमै रहेको छ।

२. यस वर्षका सकारात्मक पक्षहरु

२.०१ वालअधिकार सम्बन्धी महासन्धिको कार्यान्वयन सम्बन्धी नेपालले बुझाएको प्रतिवेदन उपर जेनेभामा मे २९, ३० मा सुनुवाई हुनु।

२.०२ संसदको दशौं अधिवेशनले ४ अक्टोवरमा आइ.एल.ओ. कन्भेन्सन नं. १३८ लाई अनुमोदन गर्नु।

२.०३ सरकारले अक्टोवर ८ मा वालअधिकार संरक्षणका लागि राष्ट्रिय नीति निर्माण गर्न उच्च स्तरीय कार्यदलको गठन गर्नु।

२.०४ नेपालले सन् २००० सम्म स्वतरापूर्ण कामबाट र २०१० भित्र सबै क्षेत्रबाट वालश्रम उन्मुलन गर्ने भनी तृतीय सार्क वालवालिका सम्बन्धी रावलपिण्डी घोषणामा प्रतिबद्धता जनाउनु।

२.०५ युनिसेफले जोखिमपूर्ण अवस्थामा काम गर्ने वालमजदूरहरूको अधिकार संरक्षणलाई प्राथमिकता दिने कुरा उल्लेख गर्नु।

२.०६ राष्ट्रिय खोप दिवसमा पोलियो थोपा खुवाउने कार्यक्रममा उल्लेखनीय जनसहभागिता हुनु।

२.०७ वालश्रम उन्मुलन गर्न आइ एल ओ तथा आइपेकका कार्यक्रमहरू थालनी हुनु।

२.०८ जोखिमपूर्ण परिस्थितिका वालवालिकाहरूका लागि विभिन्न गैरसरकारी संस्थाहरू सिविन, एविसी, ओरेक, माइती नेपाल, पाम, नवज्योति केन्द्र, शान्ति पुनर्स्थापना केन्द्र, स्त्री शक्ति, नास्पेक, आइ एल ओ, आइपेक तथा आफ्ली, युसेप आदि संस्थाले उत्साहबर्द्धक काम गर्नु।

२.०९ नेपालको एउटै मात्र वालअस्पताल, कान्ति वालअस्पतालको विस्तार गर्नु।

२.१० संसदको दशौं अधिवेशनमा वालसुधार गृह निर्माण गर्ने सन्दर्भमा सक्रियता दर्शाइनु।

३. यस वर्षका नकारात्मक घटनाहरु

३.०१ वालअधिकार उल्लंघन

स्पष्ट नीति तथा कानूनहरूको व्यवहारिक कार्यान्वयन नहुनाले पनि वालअधिकारको उल्लंघन भएको छ। वाल अधिकार सम्बन्धी संचेतना अभिवृद्धि हुँदै गएको भए पनि राज्य पक्ष समुदाय तथा व्यक्तिहरूबाट विभिन्न तरिकाले वालअधिकारको उल्लंघन भएको छ।

३.०२ वाल न्यायप्रशासनको अभाव

वालवालिका सम्बन्धी ऐनमा व्यवस्था भए अनुसार पनि न्यायप्रशासन सम्बन्धी व्यवस्थाहरू हुन सकेका छैन। वालअदालत, वालसुधार गृहहरूको व्यवस्था हुन सकेको छैन।

३.०३ वालवालिका सम्बन्धी ऐनको कार्यान्वयन नहुनु

वालवालिका सम्बन्धी ऐनमा दफा २१, २२, ३३, ३४, ३५, ३६ मा व्यवस्था भए अनुसार वालकल्याणकारी व्यवस्थाहरू दफा १७, १८, ४७ अनुसार वालश्रम सम्बन्धी, दफा ११, १५ अनुसार वालवालिकाप्रति गरिने व्यवहार तथा दफा १९, ४९, ५०, ५५ र ५७ अनुसार वाल न्यायप्रशासन सम्बन्धी दफाहरू निस्कृय रहेका छन्।

३.०४ केन्द्रीय वालकल्याण समितिको निस्कृयता

वालवालिका सम्बन्धी गतिविधिहरूको कार्यान्वयन र संयोजन गर्ने मूल प्रशासनिक निकाय केन्द्रीय वालकल्याण समिति प्रायः निस्कृय रहनु र कुनै नीति निर्देशन गर्न नसक्नु।

३.०५ राष्ट्रिय महिला तथा वालपरिषद्को निस्कृयता

प्रधानमन्त्रीको अध्यक्षतामा गठित नीति निर्माण गर्ने उच्च निकाय मृत प्रायः रहनु।

३.०६ वालवालिका विरुद्धको अपराध

वालवालिका विरूद्धको अपराधमा बृद्धि हुनु। वालश्रम शोषण, घरायसी दुर्व्यवहार, वाल वेश्यावृत्ति, चेलीवेटी बेचबिखन, पश्चिमी संस्कृतिको कुप्रभाव, अपराधिहरू उपर कानूनी कारवाही नहुनु, वालदासता आदि जस्ता घटनाहरूले वालवालिका आक्रान्त हुनु।

३.०७ एड्स र वालवालिका

अनौपचारिक तथ्यांक अनुसार नेपालमा ४ सय ६४ एड्स रोगी देखिएका छन्। अनौपचारिक स्रोतका अनुसार यो संख्या करीब १ लाख छ र जसमा वालवालिकाहरूको संख्या पनि निकै छ।

३.०८ बम्बईबाट उद्दार गरी फर्काइएका चेलीहरुको सम्बन्धमा सरकारी उदासिनता

बम्बईका वेश्यालयहरूबाट उद्दार गरी नेपाल फर्काइएका चेलीहरूको पुनर्स्थापना र उनीहरूको नेपाल फर्कने र

बाँच्ने अधिकारप्रति सरकारी पक्षबाट उदासिनता देखाइनु, गैर सरकारी संस्थालाई कुनै सहयोग नगर्नु, यस सम्बन्धमा सरकारले आफ्नो स्पष्ट धारणा अगाडि ल्याउन नसक्नु।

३.०९ वालवालिकाहरु विस्थापित हुनु

जनआन्दोलन र त्यसलाई दबाउने क्रममा भएका थुप्रै झडप, हत्या काण्डहरूबाट नेपालका करीव २२ जिल्लाका झण्डै १ हजार वालवालिकाहरू प्रभावित र विस्थापित भएका छन् भने केही वालवालिकाहरूको मृत्यु समेत भएको छ।

३.१० वालअधिकारको संरक्षण र प्रवर्द्धनका निम्ति

सरकारी पक्षमा स्पष्ट दृष्टिकोण र कार्य टोली तथा कार्यपद्धति कै अभाव हुनु।

४. वाल अधिकारलाई व्यवहारमा उतार्न ध्यान दिइनु पर्ने कुराहरु :

धेरै वर्ष र दशकहरूको निरन्तर प्रयत्न पश्चात् वालअधिकार र वाल विकासको सवाल राजनैतिक महत्वको विषय वस्तु बन्न पुगेको छ। वाल विकास र वालअधिकार भनेका कुराहरू कल्याणकारी सोचाई भित्र मात्र राख्दा यसको प्राप्ति सम्भव नभएको हुँदा आज आएर यो सिङ्गो सामाजिक विकास र मानवअधिकार आन्दोलनको अभिन्न अंग बन्न पुगेको छ। निरंकुशता र दमनकारी परिस्थिति बीच नेपालले लामो समय जनताको "नागरिक र राजनैतिक" अधिकारहरूको निम्ति व्यतित गऱ्यो। त्यतिन्जेल मानिसका "आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरू", महिला मुक्तिका अधिकारहरू, वाल अधिकारहरू, दासता र बन्धन विरोधी अधिकारहरू ओझेल पर्न पुग्यो। सायद यसै परिस्थितिले होला, अझै पनि हामीहरू सामाजिक मुक्ति र आर्थिक न्यायका कुराहरू भन्दा राजनैतिक वादविवादमा अल्मलिई राखेका छौं। नागरिक तथा राजनैतिक अधिकारका सवालहरू मानवअधिकारको दृष्टिकोणमा निश्चय पनि महत्वपूर्ण कुराहरू हुन्, यद्यपि यसको प्राप्ति र संरक्षण मानिसहरूको सामाजिक मुक्ति विना सम्भव छैन।

वालविकास राष्ट्रिय विकास अभियानको आधारशिला हो। त्यसैले वालअधिकार मानवअधिकार आन्दोलनको प्रारम्भिक स्वरूप हो। जुन देशमा वालअधिकार सुनिश्चित र प्रतिष्ठित हुन सक्दैन त्यस देशमा मानवअधिकार उपेक्षित र कमजोर हुन्छ। त्यसैले कुनै पनि क्षण, कुनै पनि परिस्थिति र कुनै पनि क्षेत्रमा कोही कसैले वालअधिकारका निम्ति सोच्नु या क्रियाशील हुनु भनेको वास्तवमा एउटा सुन्दर भविष्यको निम्ति लगानी गर्नु हो।

वालअधिकारलाई संरक्षण, प्रवर्द्धन र सुनिश्चित गर्ने दिशामा थुप्रै मेहनत र लगानी भएको छ। यस सन्दर्भमा राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरमा संविधान, कानून, घोषणापत्र, महासन्धि, नीति र कार्यक्रमहरू बनेका छन्। यी प्रतिबद्धताहरूलाई यथार्थमा रूपान्तरण गर्न सरकार तथा गैर सरकारी निकायहरूबाट ठोस काम हुनु पर्छ। वालवालिकाहरू स्वभावैले काँचा हुन्छन्। उनीहरू भनेका कुमालेको चक्रमा घुम्ने माटाको डल्ला जस्ता हुन्। तर जसले वालवालिकाको निम्ति सोच्दछ, काम गर्दछ र भावी दिशा कोर्दछन्। तिनीहरू कर्मठ, स्पष्ट,क्रियाशील, प्रतिबद्ध र दिशावोध भएको हुनुपर्दछ। किनभने कुनै देश र समाजको भविष्य सरोकारवाला र जिम्मेवार पक्षहरूले आज के र कसरी सोच्दछन् भन्ने कुरामा भरपर्दछ। जहाँसम्म वालअधिकारको सुनिश्चितता र संरक्षणको सवाल छ, यसको निम्ति निम्न १० बुँदाहरू सिफारिस / सुझावको रूपमा अगाडि सार्न सकिन्छ :

४.१ सरोकार :

वालअधिकार सबैको सरोकार हो। देशका सबै सचेत नागरिकले आफ्नो घर, परिवार, समुदाय र राष्ट्रमा यसको निम्ति योगदान गर्नु पर्दछ।

४.२ प्राथमिकता :

वालविकास या वालअधिकारको सुनिश्चितता विना राष्ट्रिय विकासमा मानवअधिकारको संरक्षण सम्भव छैन। यसर्थ हामी सबैले आ-आफ्नो क्षेत्रमा काम गर्दा प्राथमिकताको क्रममा वालअधिकारको विषयलाई समावेश गर्न कहिल्यै बिर्सनु हुन्न।

४.३ प्रतिबद्धता :

प्रतिबद्धता वालअधिकार सुनिश्चित गर्ने एक आधारशिला हो। तर यो सपना बाँड्ने प्रक्रिया या माध्यम होइन। वालअधिकारप्रति आफ्नो प्रतिबद्धता जाहेर गर्नु भनेको आफ्नो श्रम, सीप, सृजना, क्षमता, स्रोतको अधिकतम प्रयोग गर्नु हो।

४.४ दृष्टिकोण :

हाम्रा प्रतिबद्धताहरू भनेका हाम्रा वचनहरू हुन्। यसलाई पूरा गर्न कार्यक्रम, स्रोत र साधनहरू भएर मात्र पुग्दैन। यसको निम्ति स्पष्ट दृष्टिकोण र अवधारणाहरूको खाँचो छ। दृष्टिकोण त्यो माध्यम हो जसले कसैलाई पनि यथार्थको आधारमा लक्ष्यको शिखरसम्म पुग्न मद्दत गर्दछ। वालअधिकारको क्षेत्रमा पनि आज यस्तै दृष्टिकोणको खाँचो विद्यमान छ।

४.५ अवधारणा :

धेरैजसो मानिसहरू वालअधिकारलाई मात्र "परोपकारी" या "कल्याणकारी" दृष्टिकोणले हेर्ने गर्दछन्। वास्तवमा यो पुरातनवादी अवधारणा हो। किनभने वालवालिकामा अन्य सबै मानिसहरू सरहको मानवअधिकार मात्र होइन, संरक्षण र विकास सम्बन्धी विशेष अधिकार पनि प्रत्याभूत हुने गर्दछ। वास्तवमा वालअधिकार भनेको वालवालिकाको जीवन, विकास, संरक्षणको आधार हो। जसको निम्ति वालवालिकाको सक्रिय सहभागिता आवश्यक पर्दछ।

४.६ कार्क्रम :

वालवालिकाको अधिकार प्रत्याभूत गर्ने कार्यक्रमहरू भनेको उनीहरूको जीविका, विकास,संरक्षण र सहभागितामा भर

पर्दछ। तसर्थ वालवालिका सम्वन्धी कार्यक्रमहरू आयोजना गर्दा उनीहरूको चौतर्फी विकासको पक्षलाई ध्यान दिँदै उनीहरूको भावनालाई पनि प्राथमिकता दिने खालको हुनु पर्दछ। कार्यक्रमको नाममा अनुत्पादक र असृजनशील गतिविधिहरू संचालन गर्नु स्रोतको नोक्सानी मात्र नभएर भविष्यप्रतिको अनुत्तरदायित्व पनि हो। तसर्थ समुदायमा संचालित शिक्षा, स्वास्थ्य, सफा सुग्घर, खानेपानी, मनोरञ्जन जस्ता सामाजिक विकासका कार्यक्रमहरूलाई वालअधिकार र वालविकासको अवधारणासंग अन्तरनिहित गर्नु आवश्यक छ।

४.७ स्रोत परिचालन :

स्रोत भन्नाले हामी मूलतः जनशक्ति, प्राकृतिक साधन र आर्थिक स्रोतलाई इंगित गर्दछौं। जसको अभावमा कुनै पनि कार्यक्रम संचालन हुन सक्दैन। तसर्थ वालअधिकार सम्वन्धी गतिविधिहरू संचालन गर्न पनि यस खाले स्रोत र साधनको आवश्यकता पर्दछ। सबै सम्वन्धित पक्षहरूले स्थानीय रूपमा स्रोत संकलन गर्ने, सहायताहरूको परिचालन गर्ने र उपल्लो निकायवाट आएका स्रोतहरूको अधिकतम प्रयोग गर्ने गर्नु पर्दछ। यसको साथसाथै स्थानीय श्रम र साधनको अधिकतम प्रयोग गर्नुपर्दछ।

४.८ सामुदायिक रू सामाजिक सचेतना :

हाम्रो समाजमा वालवालिकाहरू विभिन्न स्थितिमा तिरस्कार र अपहेलना बीच बाँचिरहेका छन्। यसका प्रमुख समस्याहरूमा असचेतना, पारिवारिक विचलन र सामाजिक उत्पीडनहरू हुन्। तसर्थ समुदायको सबै सदस्यहरूमा वालअधिकारप्रति सचेतना जाहेर गर्न सामुदायमा आधारित गतिविधिहरू संचालन गर्नु पर्दछ।

४.९ सूचना र प्रलेखहरु :

हाम्रा गाउँ-घर र शहर बजारहरूमा निरन्तर रूपमा वालवालिकाका अधिकारहरू उल्लंघन हुने गतिविधिहरू भइराखेका हुन्छन्। वालश्रम शोषण, वाल यौन शोषण, वालविवाह, वालवालिकाको अपहरण, वाल वेश्यावृत्ति, वाल यातना, वाल हत्या इत्यादि। वालअधिकारको क्षेत्रमा कार्यरत हुँदा हामीहरूले यस विषयमा पनि सचेत रही सूचनाहरू संकलन गर्ने, प्रकाशित गर्ने र प्रलेखबद्ध गर्ने काम गर्नु पर्दछ।

४.१० वालविकास गतिविधिहरु :

वालवालिकासंग सम्वन्धित शिक्षा, स्वास्थ्य, पोषण, मनोरञ्जन, संरक्षण आदि सबै गतिविधिहरू वाल विकाससंग सम्बन्धित कुराहरू हुन्। हामीले आफ्नो गाउँ घर, समुदाय र शहरमा यस्ता खाले गतिविधिहरूलाई निरन्तर प्राथमिकता प्रदान गरी राष्ट्रिय विकास कार्यक्रमलाई टेवा दिनु पर्दछ।

निष्कर्ष :

वालवालिकाको विकास विना कुनै पनि समाज उँभो लाग्न सक्दैन। वाल्यावस्था जीवनको सर्वाधिक संवेदनशील अवस्था हो। जीवनको विकासमान प्रक्रियामा अगाडि बढिरहेका यी कलिला मुनाहरू सानोभन्दा सानो नोक्सानीले पनि ठूलोभन्दा ठूलो जोखिममा पर्न सक्दछ। त्यसैले वालवालिकाको वारेमा निर्णय लिंदा प्रत्येक घर, परिवार, समुदाय र राष्ट्रले गम्भीर भएर सोच्नु पर्दछ।

हाम्रो देशमा वालअधिकार र वाल विकासको सवाल आज सामाजिक परिवर्तनको विशेष परिस्थिति बीच गुज्रिरहेको छ। यतिन्जेल हामीहरू वालवालिकाप्रति हेर्ने प्रत्येक घर, परिवार, समुदाय र राष्ट्रकै परम्परागत सोच र अवधारणामा परिवर्तन खोजिरहेका छौं। उनीहरूलाई अनायसै मृत्युवरण गर्नु पर्ने स्थितिवाट जोगाउन अर्थात जोखिमपूर्ण परिस्थितिमा बाँच्न बाध्य भएकाहरूलाई संरक्षण प्रदान गर्ने राष्ट्रिय सोच, लक्ष्य र कार्यक्रमहरूको तर्जुमा गरिरहेका छौं। हामी चाहन्छौं, हाम्रो कुनै पनि वालवालिकाले कुपोषण र प्रतिरोधात्मक रोगको कारण मर्न नपरोस्, उनीहरूको बीच आधारभूत शिक्षा र स्वास्थ्यको सुविधा सहज ढंगले पुगोस्। गरीवी, अज्ञानता र अभावको कारण उनीहरू शोषण, उत्पीडन र अप्ठ्यारो स्थितिमा बाँच्न वाध्य नुहन। जीवनको हरेक कदममा उनीहरूको बचावट, विकास र संरक्षण होस्। हुर्कदो वालवालिकाहरू समाज विकास प्रक्रियामा सहभागी बनुन्। वास्तवमा यिनै हाम्रो प्रतिबद्धताहरू हुन्। यिनै हाम्रा राष्ट्रिय लक्ष्यहरू हुन्। यदि हाम्रा यी आकांक्षाहरू पूरा भए भने हाम्रा वालवालिकाहरूको पूर्ण विकास हुनेछ र उनीहरूका आधारभूत अधिकार संरक्षित हुनेछ।

हाम्रो देशमा वालअधिकार र वालविकाससंग सम्वन्धित जति पनि नीति, कार्यक्रम र कार्य योजनाहरू बने ती राष्ट्रिय वास्तविकतामा भन्दा अन्तर्राष्ट्रिय प्रभावमा आधारित छन्। सायद यिनै कुराहरूले गर्दा हाम्रा घोषित लक्ष्य र कार्ययोजनाहरू गतिशील रूपमा अगाडि बढ्न सकेको छैन। किनभने ती कुराहरूलाई क्रमवद्ध ढंगले सम्पादन गर्न राष्ट्रका हरेक अंग प्रत्यंगहरू सक्रिय रूपमा परिचालित हुनुपर्दछ।

जहाँसम्म वालअधिकार र वालविकासको सवालमा श्री ५ को सरकारको राजनैतिक प्रतिबद्धताको सवाल छ यो उत्साह र निरासाको बीच गुज्रीरहेको छ। सरकारमा गएका पार्टीहरू आफ्नो गुटगत स्वार्थको कारण आफ्नो पवित्र उद्देश्यहरूमाथि प्रदुषण गर्न बाध्य भएका छन्। शक्ति राजनीतिको अस्वस्थ प्रतिस्पर्धाको कारण एकातिर प्रजातान्त्रिक मूल्य र मान्यताहरू भत्किरहेका छन् भने राष्ट्रिय विकासको निम्ति अत्यावश्यक आधारभूत संरचना, पद्धति र व्यवस्थापनहरू अझै पनि तदर्थ अवस्थामा नै विद्यमान रहेका छन्।

■

अनुसूची ५ (च)

नेपालमा यातना (१९९२–१९९६)

०४६ सालको आन्दोलनको उपजस्वरूप ०४७ सालमा संविधान निर्माण हुँदा यातना विरूद्धको हकलाई फौजदारी न्यायको महत्वपूर्ण हकको रुपमा स्वीकार गरियो। वहुदलीय शासनव्यवस्थामा यानना र क्रूर, अमानवीय वा अपमानजनक व्यवहारहरू हुँदैनन् भनेर नेपाली जनताले जनआन्दोलनपूर्व लख काटेका थिए। संविधानले त्यसलाई ग्रहण गरे पनि, संविधान बनेपछिको ६ वर्षको अवधि त्यस अडकलको विपक्षमा उभिन पुगेको छ। संविधानको कार्यान्वयनका यी ६ वर्षहरू यातनाविरोधी प्रावधानको कार्यान्वयनमा फितला र असफल नै रहे।

सन् १९९२ देखि १९९४ सम्म

वहुदलीय शासन प्रणालीको शुरूवातमा नै यातनाका डरलाग्दा घटनाहरू भए। ०४८ साल माघ १ गते बागलुङ जिल्लाको जैमिनीघाट मेलामा प्रहरी निरीक्षक ज्ञानेश्वर वैद्यको हत्या भयो। सो हत्याको घटनामा संलग्न भएको वहाना पारेर नेकपा (मसाल) समूहका कार्यकर्ताहरूलाई गम्भीर यातना दिइयो। प्रहरी अधिकृतको निर्देशनमा दिइएका सो यातना अत्यन्त दर्दनाक थियो। यानना दिन खटाइएको प्रहरीलाई पनि कठोर पीडा समेत भयो र ऊ रोयो। त्यस काण्डमा यातना पाउनेहरूलाई ५५ दिनसम्म थुनामा राखिएको थियो। यो घटना त्यस वर्षको चर्चित घटना भयो। मुलुकमा अन्यत्र पनि त्यो वर्ष यातनाका थुप्रै घटनाहरू भएका थिए।

वि.सं. ०४९ सालमा पनि यातनाका चर्को स्वरूपहरू देखा परे। ०४९ साल कार्तिक १४ गते गोरखाको थालाजुङमा चोरीको घटनामा संलग्न भएको आशंकामा पक्राउ परेका ६१ वर्षीय पूर्णवहादुर विश्वकर्मालाई बाँसमा बाँधेर दरौदी खोलामा चोपलिएको थियो। मानसिक अवस्थामा ठीक नरहेका विश्वकर्माका अतिरिक्त भीमबहादुर गुरूङ, प्रताप सुनार र सूर्य रानालाई डोरीले बाँधी पैतालामा कुट्ने लगायतका गम्भीर यातना दिइएको थियो।

यसैगरी सोही वर्ष सिन्धुलीमा भएको याननाको घटना अर्को गम्भीर उदाहरण बन्यो। रेखवहादुर ठकुरी र ध्रुवराज डोटेललाई मार्न छुरी हान्ने रत्नबहादुर सार्की एमाले समर्थक भएको आधारमा एमालेका कार्यकर्ताहरूलाई सो अभियोगमा मुछेर निर्मम यातना दिइयो। वद्री देवकोटा, छिइडुप लामा, भरतबहादुर विसङ्खे, तुलबहादुर सार्की, सुब्बा कार्की, ज्ञानबहादुर भुजेल, पञ्जामाया सार्की यस क्रममा कठोर यातनाको सिकार वने।

वि.सं. ०५० साल पनि यातनापूर्ण घटनाहरूले भरिएको वर्ष रह्यो। बाढीग्रस्त सर्लाही जिल्लाको वरहथवा गाउँमा बाढीपीडित जननामाथि नै प्रहरी यातना भयो। यस घटनामा किरण श्रेष्ठको हातपाखुराको छालामा बोरावाट चामल निकाल्ने सुइरोले चिरेर यातना दिइयो। उनी अचेत भए। यातनाको विरोध गर्ने जनतालाई पनि प्रहरीले गोली प्रहार गऱ्यो।

यसै वर्ष इलाम कारागारका थुनुवा बन्दीहरूलाई दिइएको यातना अत्यन्त चर्चित घटना हो। जेल ब्रेक गर्ने तयारी गरेको अभियोगमा अनुशासनात्मक कार्वाहीको रूपमा माल बाँसको काँचा भाटा तताउँदै दिएको यातनाको चपेटोमा खगेन्द्र दर्जी, चन्द्रमान राई, किरण माझी, सन्तोष सुवार, गङ्गा गौतम र कृष्ण तिमिल्सिना परे। उनीहरूले पाएको यातनाको स्वरूप नयाँ किसिमको पनि थियो। यस्तै इलाम जिल्लामै हिरासतमा लक्ष्मण राईले कठोर यातना पाएका थिए।

वि.सं. ०५१ साल वैशाख २५ गते प्युठान जिल्लाको वरौला गाविस पुरन्ठाटीमा प्रधानाध्यापक भवानीबहादुर थापालाई मोसो दलेको घटनाको कारण पक्राउ परेका मानिसहरूलाई प्रहरीले दिएको यातनाको घटना चर्चाको विषय बन्यो। जिल्ला विकास समितिका सभापति कर्णध्वज के.सी. र अन्य व्यक्तिहरू रमेश शाह, सूर्यबहादुर गुरूङ, नारायण गिरी, माधव आचार्य, वेदराज ज्ञवाली, राजेन्द्र थापा, गोविन्द गिरी, जयगोपाल श्रेष्ठ र उमाराम आचार्यले कठोर प्रहरी यातना सहनु पऱ्यो।

माथि उल्लेख घटनाहरू सन् १९९२ देखि १९९४ कोअवधिमा व्यापक रूपले चर्चामा आएका मूल उदाहरणका रूपमा लिन सकिन्छ। यी घटनाहरूमा कुटपिट गर्ने, पानीमा चोपल्ने, भाटा तताएर पिट्ने र पैतालामा पिट्ने, पुल्ठोले पोल्ने जस्ता कठोर तरिकाहरू अपनाइएका थिए। यातनाकायी प्रमुख घटना र अन्य घटनाहरूको बारेमा चिन्ता व्यक्त गर्दै मानवअधिकारवादी संघसंस्थाहरूले व्यापक आवाज उठाई यातना दिनेलाई कानूनी कार्वाही गर्ने र पीडितलाई क्षतिपूर्ति दिन जोडदार माग गरे। तर यातना दिने कसैलाई कार्वाही भएन। पीडितलाई क्षतिपूर्ति दिलाउने बारेमा एउटा अपरिपक्क र अपूरो विधेयक ०५० सालमा सरकारले संसदमा पेश गरे पनि उक्त विधेयक पारित नभई संसदको विघटनसँगै निस्क्रिय बन्यो। यसरी सन् १९९२ देखि १९९४ सम्मको अवधि

यातनाको व्यापक प्रयोगसाथ गुज्रियो। संविधानको यातना विरूद्धको हक अपमानित र तिरस्कृत बन्यो।

सन् १९९५

यो वर्ष पनि यातनाका घटनाहरू जानकारीमा आएका थिए। केही घटनाहरू पत्रपत्रिकामा पनि चर्चित थिए। संख्यात्मक रूपमा यो वर्ष बिगतको तुलनामा गिरफ्तारी गर्दा र हिरासतमा राखिएपछि दिइएको यातना निकै घटेको देखियो। यो वर्ष झण्डै ५० वटा यातनासम्बन्धी घटनाहरू अधिकांश प्रहरी हिरासत र चौकीमा भएको पाइएको थियो।

यातना दिने शैली, यातनाको अवधि र थुनामा गरिएका व्यवहारको रूपमा भने यो वर्षका यातनाका घटनाहरूमा बिगतका तुलनामा निक्कै अन्तर देखा परेको थियो। बिगतमा जस्तो निरन्तर रूपमा लामो अवधिसम्म यातना दिने गरिएको घटनामा धेरै कमी आएको पाइयो। सो वर्ष रूकुममा ०५२ कार्तिक २६ गते पक्राउ परेका रिमबहादुर घर्ती समेतका ७ जनालाई दुई महिनासम्म कुनै पूर्जी नदिई थुनेर यातना दिइएको थियो।

यातना दिने तरिकामा शारीरिक र मानसिक दुवै अपनाइएका थिए। खासगरी लाठीले जीउको विभिन्न भागमा पिट्ने, बुटले हिर्काउने, गालामा थप्पड लगाउने, पैतालमा लौराले पिट्ने, हातखुट्टा बाँध्ने, उभिन्डो बनाउने, औंलामा पिन रोप्ने, पाइपभित्र लौरो राखेर पिट्ने, संवेदनशील अंगमा हिर्काउने, विद्युत झड्का दिने, टायरले पिट्ने जस्ता बिगतका जस्तै तरिकाहरू नै यातनाका प्रमुख तरिका देखिएका थिए। गाली गर्ने, धम्की दिने जस्ता मानसिक रूपले यातना दिने तरिका पनि पहिलेजस्तै देखिए। तर बिगतमा जस्तो लामो समयसम्म भोकै राख्ने जस्तो बंचनापूर्ण शैली त्यति अपनाइएको देखा परेन। शारीरिक रूपमा बिगतमा प्राय देखा नपरेका गलले, मुस्लाले र लाठीहरूले तिघ्रा जस्ता ठाउँमा पेल्ने तरिकाहरू देखा परेका थिए।

यो वर्ष प्रहरी हिरासतभित्र आठवटा मृत्युका घटना भए। मकवानपुर, भरतपुर र रूपन्देहीमा भएका यी घटनाहरू रहस्यमय रहे। यी घटनामध्ये चितवनको घटना छानवीन गर्न सरकारले एक आयोग गठन गरे पनि छानवीन गरेको तथ्यविवरण प्रकाशमा ल्याइएन।

यातना पाउनेहरूमा यो वर्ष वालवालिकाको संख्यामा कमी आएको देखिएको थियो। अधिकांश यातना पाउनेहरूमा वालिगहरू नै थिए। यस वर्षको यातनाका घटनामा कानून व्यवसायी, पत्रकार, शिक्षक, विद्यार्थी र कृषक जस्ता सबै पेशाका मानिसहरू देखिएका थिए।

निर्दोष व्यक्तिलाई प्रहरीहरूले बेकसुर यातना दिएकोले पीडितको औषधोपचार प्रहरीले नै गराएको थोरै घटना पनि यो वर्ष देखिए निर्दोष मानिसलाई यातना दिएकोमा प्रहरीले आफ्नो दोष महसूस गरेको पनि देखिएको थियो।

प्रहरीले पक्रियाअनुसार कार्वाही नचलाई सामान्य विवादहरूमा पक्राउ परेका मानिसहरूलाई यातना दिएर छाडिएका घटनाहरू पनि यो वर्ष भएका थिए। अधिकांश मामिलामा पक्राउ परेको सूचना थुनुवाहरूले पाएका थिएनन्।

प्रहरीले पक्राउ गरेर निर्दोष मानिसहरूलाई यातना दिएका घटनाहरू चर्चा र प्रकाशमा आएपछि जनआक्रोशलाई मत्थर पार्न तत्काले यातना दिने प्रहरीमाथि कार्वाही गरिने घोषणा पनि यो वर्ष भएको पाइयो। तर स्थिति फेरिंदै गएपछि कार्वाही गरियो गरिएन भन्ने बारेमा अनुगमन भएन। के कस्तो कार्वाही भयो भन्ने कुरा पनि प्रकाशमा ल्याइएन। झापा दमकका यातना दिने प्रहरी दिपक ढकाललाई कार्वाही गर्न निलम्बन गरिएको मात्र प्रकाशमा आएको थियो।

बिगतका समयमा देखा नपरेका प्रशासनिक अधिकारी, सुरक्षा सेना र वनका कर्मचारीहरूले यातना दिएका घटनाहरू पनि यो वर्ष भएका थिए। दाङमा प्रमुख जिल्ला अधिकारीले गार्ड लगाएर लात्ती, मुक्काले दिएको यातना प्रशासनिक कार्यालयमा भएको यस्तै एउटा घटना हो। यस्तै कोशी टप्पु, वन्यजन्तु आरक्षणका सुरक्षा कर्मीहरूले स्थानीय मानिसहरूलाई यातना दिएका थिए। वनसम्बन्धी कसूर गरेको आरोपमा वन कार्यालयका कर्मचारीहरूले पक्राउ गरेका मानिसहरूलाई प्रहरी हिरासतमा यातना दिन प्रयोग हुन छाडिसकेको तुरूङ प्रयोग गरेर यातनाको चरम रूप यो वर्ष वन हिरासतमा देखा परेको थियो।

अपराध अनुसन्धानको उपायको रूपमा यो वर्ष यातना दिइएको पाइएको थियो। यातना नदिई अपराध अनुसन्धान गर्न सकिदैन भन्ने मान्यतामा प्रहरी र कर्मचारीमा परिवर्तन आएन। तर पनि थुनामा राख्दा प्रताडनापूर्वक राख्नु पर्छ भन्ने धारणामा केही परिवर्तन आएको अनुभव गरिएको थियो। यातना जस्तो मानवअधिकारको ठाडो हननलाई सापेक्ष रूपमा हेर्न मिल्दैन भन्ने मानवअधिकारको सैद्धान्तिक मूल्य भए पनि सापेक्ष रूपमा बिगत वर्षका तुलनामा यातनामा कमी आएको मान्नु पर्दछ। अपराध अनुसन्धानको शैली र प्रविधिको विकास भएमा यातनाको रोकथाम सजिलो रूपमा गर्न सकिन्छ भन्ने कुरा यस वर्ष भएका यातनाका घटनाले पनि देखाएका थिए। समग्रमा बिगत वर्षहरू झैं यस वर्ष पनि यातनाका घटनाहरू घटे। तर, तुलनात्मक रूपमा तिनको मात्रा, संख्या र अवधिमा कमी आएको पाइयो।

यसै वर्ष यातनासम्बन्धी क्षतिपूर्ति ऐनको विधेयक संसदमा छलफलका लागि प्रवेश गर्‍यो। कमी कमजोरीहरू रहेको सो विधेयक संसदको राज्य व्यवस्था समितिमा गएर थान्को लाग्यो।

सन् १९९६

सन् १९९६ को शुरूवातको पहिलो त्रैमासिक अवधिमै हिंसा र प्रहरी ज्यादतीका घटना भए। ०५२ फागुन १ गतेदेखि नेकपा (माओवादी) ले थालेको जनयुद्धबाट निकै मानिसहरूको ज्यान गयो। थुप्रै अपाङ्ग र घाइते भए। जनयुद्धको नियन्त्रणका नाममा भएका प्रहरी कार्वाहीका कारण कैयन निरीह र निर्दोषहरू मारिए। धेरैले यातनाको कठोर

चपेटो बेहोरेर पीडित जिन्दगी बिताउनु परेको छ। कति यातना पीडितले जिन्दगीको सार्थकता समाप्त भएको अनुभव गरेका छन्।

कुभिण्डेमा भएको ०५२ माघ १८ गते सिन्धुपाल्चोकको घटनाका सिलसिलामा पक्राउ परेका ४९ जना नागरिकलाई प्रहरीले विभिन्न किसिमका यातना दिएको थियो। नाबालक विद्यार्थीलाई समेत यातना दिइएको तथ्य मानवअधिकारवादी तथ्यसंकलन टोलीले प्रतिवेदन सार्वजनिक गरेको थियो।

नेकपा माओवादीले शुरू गरेको जनयुद्ध र त्यसमाथि प्रहरीले गरेका कार्वाहीले गर्दा मुलुकका थुप्रै जिल्लाहरू प्रभावित भए। रूकुम, जाजरकोट, सिन्धुली आदि जिल्लाहरूमा यस सिलसिलामा यातनाका थुप्रै घटनाहरू भए। यस घटनामा पक्राउ परेका थुनुवा बन्दीहरूलाई बेलनाले पेल्ने, सिस्नोपानी लगाउने, लाठीले कुट्ने जस्ता गम्भीर शारीरिक र मानसिक यातना दिइएको कुरा प्रकाशमा आयो।

झापा जिल्लाको सुरूङ्गा बजारमा ०५२ चैत १३ गते भएको सामान्य विवादमा प्रहरीले हस्तक्षेप गर्‍यो। स्थानीय प्रहरी चौकीमा लगिएका नारायणप्रसाद उप्रेती प्रहरी कार्वाहीको कारणले गम्भीर अवस्थामा पुगे। उनलाई उनको परिवार र सरकारी खर्चमा उपचार गराई बचाइएको थियो। सर्वपक्षीय छानवीन टोली गठन गरी उपचार खर्च अनुपातिक रूपले दुवै पक्ष सरकार र पीडितले बेहोर्ने सहमति बनेको थियो। यो घटनामा जनदबाबले पनि राम्रो भूमिका खेलेको थियो।

यो वर्ष प्रहरी तथा सरकारको कठोर व्यवहारको सिकार बन्नेमा रोल्पा जिल्ला विकास समितिका सभापति झक्कुप्रसाद सुवेदीको नाउँ प्रमुखतासाथ उठिरह्यो। हिरासतमा गम्भीर यातना दिइएका सुवेदीलाई दाङ जिल्लाको तुलसीपुर कारागारमा पनि कठोर यातनासाथ राखिएको थियो। उनको स्वास्थ्यको अवस्थाको बारेमा संवेदनील भएर गएको चिकित्सक सहितको मानवअधिकारवादी कार्यकर्ताहरूको टोलीलाई प्रशासनले भेटघाट गर्न दिएन। उनीसित टोलीले कुराकानी गरेर स्वास्थ्योपचार सेवा प्रदान गर्न चाहेको थियो। तर सरकारी पक्षले मानवता र मानवअधिकारको उपहास गर्‍यो।

सल्यान जिल्लाको हिरासतमा ६ जनालाई यातना दिइएको घटना पनि निकै चर्चामा रह्यो। जनयुद्धको नाममा भएका विभिन्न अपराधिक घटनाको अभियोगमा पक्राउ परेका यी ६ जना सल्यानी थुनुवाहरूलाई यातना दिने र ऐन कानूनको प्रावधान विपरित लामो अवधि थुनामा राख्ने गरिएको थियो।

अपांग सम्बन्धी राष्ट्रिय नीतिको तय गरिनु पर्ने लगायतका विभिन्न माग राखी अपांगहरूले संचालन गरेका प्रदर्शनमा पनि यातनाका घटनाहरू भए। ०५३ साउन २ गते भएको जुलुस प्रदर्शनका सहभागी विनोद राई लगायतका अपांगहरूलाई प्रहरीले पक्राउ गरी लाठीले तिघ्रामा, बुटले छातीमा हिर्काएर शारीरिक यातना दिइएको कुरा प्रकाशमा आयो। उनलाई फेरी जुलुसमा आएमा मार्ने धम्की पनि प्रहरीपक्षले दियो।

झक्कु प्रसाद सुवेदीलाई गरिएको व्यवहार, सल्यानी थुनुवालाई दिएको यातना र विनोद राई लगायतका अपांगहरूको जीवन सुरक्षाको विषयमा अन्तर्राष्ट्रिय संस्थाहरूले समेत सरकारलाई झकझक्याए। तर सरकारले आफ्नो व्यवहारमा कुनै फेरबदल गरेन।

यो वर्षका अर्थात् ०५३ सालको भदौ र असोज महिना हिरासतमा थुनुवाहरूको मृत्युका घटनाहरू कहाली लाग्दो रहे। दाङ, काठमाडौं, रूपन्देहीमा हिरासतमै थुनुवाहरूको मृत्यु भयो। दाङमा भानुप्रताप चौधरी र काठमाडौंमा दीपक पराजुलीको मृत्यु प्रहरीको कुटपिटको कारणले भएको हो भन्ने प्रश्नहरू उठे। यसैगरी रूपन्देहीका पूर्णबहादुर हमालको वन हिरासतमा मृत्यु भएको कारण त्यहाँ वन कर्मचारीले उनलाई दिएको यातना हो भन्ने बारेमा पनि प्रशस्त प्रश्नहरू उठेका थिए। सिन्धुपाल्चोक ठोकर्पाका भरतबहादुर खत्रीको अस्पतालमा मृत्यु भयो। प्रहरीले दिएको यातनाका कारण अस्पताल भर्ना गरिएका खत्रीको मृत्युको बारेमा पनि प्रशस्त आवाज उठेको थियो।

काठमाडौं चावहिलमा असोज ३० गते भएको सामान्य विवादमा प्रहरीले नियन्त्रणमा लिएका दर्पण वर्माको प्रहरीको नियन्त्रणमा रहेकै अवस्थामा मृत्यु भयो। यो मृत्युको कारण पनि प्रहरी यातना थियो भन्ने जनआवाज उठेको थियो। यस विवादले निकै ठूलो रूप पनि लियो।

हिरासतमा भएका यी घटनाको बारेमा सरकारले छानवीन गर्ने गराउने गरेन। राजधानी काठमाडौंमा भएको घटना हुँदा र व्यापक जनदबाब परेको कारणले दीपक पराजुली र दर्पण वर्माको मृत्युका घटनामा सरकारले सरकारी छानवीन समिति गठन गरे पनि ती समितिहरूबाट के के छानवीन गरियो प्रकाशमा ल्याइएको छैन।

एकातिर प्रशासनिक अधिकारीको छानवीन समिति गठन गर्नु, न्यायिक छानवीन आयोग गठन गर्न नचाहनु र छानवीनका तथ्यहरू प्रकाशमा नल्याउनुले सरकारले यो काम झारा टार्न गरेको थियो भन्ने प्रष्टिएको छ। यसर्थ सरकारको यो व्यवहार जनदबाबलाई मत्थर पार्ने र समस्याबाट उम्कने बहानाको रूपमा मात्र देखा पर्‍यो।

०५३ मंसीरको पहिलो सातामा काठमाडौंमा महिला प्रहरीले दिएको यातना पनि प्रकाशमा आयो। पारिवारिक विवादमा अदालतमा पनि कार्वाही भएको मामिलामा प्रहरीले आफ्नो सीमाबाहिर गएर गरेको कार्यले प्रहरी ज्यादतीको रूप छर्लंगियो। धनमालको विषयमा विवादरत मीनादेवीलाई धनमाल दिलाउने कार्वाहीको नाममा महिला प्रहरीहरूले बाबुराजा महर्जन, बाबुकाजी महर्जन र प्राणमायालाई यातना दिए।

यी प्रमुख घटनाहरू सार्वजनिक रूपमा प्रत्यक्ष जानकारीमा आएका घटनाहरू हुन्। प्रायः यी सबै घटनाको बारेमा राजधानी र राजधानीबाहिरबाट निस्कने पत्रपत्रिकाले चासो पूर्वक चर्चा गरेका थिए। विशेषतः दैनिक र साप्ताहिक

पत्रपत्रिकाहरूले यो विषयमा विस्तृत समाचार दिएर सर्वसाधारणको ध्यानाकर्षण गराए। यी बाहेक पत्रपत्रिकाले उच्च चासोसाथ यातनासम्बन्धी अन्य थुप्रै समाचारहरू पनि प्रकाशमा ल्याए।

यातनाको रोकथाम

यो वर्ष यातना रोकथामको निम्ति त्यस्तो विशेष व्यवस्था नभए पनि यातना सम्बन्धी क्षतिपूर्ति ऐन ०५३ पारित भयो। यस ऐनले यातना दिन नहुने कुरालाई कानूनी रूपमा व्यक्त गरेको छ। यातना दिएको ठहरेमा अदालतले विभागीय कार्वाही गर्न सम्बन्धित निकायलाई आदेश दिने व्यवस्था ऐनले गरेको छ। यस हिसावले यो ऐनको व्यवस्थालाई एकहदसम्म यातनाको रोकथामको लागि एक पाइला मान्न सकिन्छ।

कानून निर्माण भए पनि यो वर्ष यातना दिनेलाई निरूत्साहित गर्ने काम त्यति भएनन्। प्रहरीहरूले यातना दिएका घटना सामान्य घटनाका रूपमा लिने अभिव्यक्तिहरू निकै देखा परे।

यसै वर्ष नियम विरूद्ध काम गर्ने ३० जना प्रहरी कर्मचारी बर्खास्त गरिएको समाचार प्रकाशमा आयो। गत वर्ष वीरगञ्ज बसपार्कमा प्रहरीको अख्तियार दुरूपयोग गरी जबरजस्ती करणी गर्ने प्रहरीलाई बर्खास्त गरेका उदाहरण दिँदै ३० जना बर्खास्ती र २७ जना कार्वाहीमा परेको जानकारी प्रहरी नायव महानिरीक्षक कृष्णमोहन श्रेष्ठले पत्रपत्रिकालाई दिनु भयो। तर यातना दिनेलाई कार्वाही गरिएको कुरा भने प्रहरी सूत्रले जनाएको थिएन।

सन् १९९६ को वर्ष यातनाका घटनाहरू सन् १९९५ को वर्षभन्दा बढी भएको देखा परेको छ। जनयुद्धको अपराधिक गतिविधि नियन्त्रण गर्ने वा कार्वाही गर्ने नाममा भएका यातनाका घटनाहरू पनि निकै देखा परेका छन्। एकातिर क्षतिपूर्तिको लागि सरकारी खर्च मै भए पनि व्यवस्था हुनुले पीडितलाई राहत मिल्ने सम्भावना देखा परेको छ। अर्कोतिरसरकारले नै क्षतिपूर्ति बेहोरिदिने व्यवस्थाले गर्दा प्रहरीलाई यातना दिनमा निरूत्साहित गर्ने कुरालाई फितलो बनाएको छ। बिगत वर्षको तुलनामा यातनाका घटना बढेको देखा पर्नु निश्चय नै चिन्ताजनक कुरा हो। छानवीन समिति गठन गरेर जनसाधारणलाई छल्ने र टालटुल पार्ने सरकारका कार्यहरूले यस चिन्तालाई अझ गम्भीर पार्न सहयोग गरेका छन्।

उपसंहार

यसरी प्रजातन्त्रकाल भनेर सबैले भन्ने गरेको यो ६ वर्षको अवधि यातनाको घटनाका आधारमा मानवअधिकारको अपमानकारी अवधिका रूपमा नै देखा परेको छ। पंचायतकालको तुलनामा यातना घटेको छ भनेर सरकारी पक्षले दावी गर्ने गरेको भए पनि त्यसलाई तथ्यहरूले पुष्टि गर्न सक्तैनन्। तर यो ६ वर्षको अवधिको यातना सम्बन्धी घटनाका तथ्यहरूले यातनामा कमी नआएको संकेत स्पष्ट गरेका छन्। पंचायतकालदेखि कठोर यातना दिनमा अभ्यस्त र सक्रिय रहेका प्रहरीहरूलाई दण्ड दिने व्यवस्था नभएसम्म यातना दिने व्यक्ति यसबाट विमुख हुँदैन। यातना दिने व्यक्ति स्वयंले यातना दिएको विषयमा व्यक्तिगत रूपमा अदालतमा मुद्दा व्यहोरेर सजाय भोग्नु पर्ने व्यवस्था नभएसम्म यातनामा कमी आउँदैन। पंचायतकालमा यातनाको विरोध र चर्चा परिचर्चा कम गरिन्थ्यो, अहिले यो चर्चा र विरोधको विषय बन्ने गरेको छ। यही विरोध, दबाब र चर्चा परिचर्चाको बलले यातनासम्बन्धी क्षतिपूर्ति कानून ल्याउन, सरकारलाई कर लागेकोले कानून बनेको छ। यो कानूनको प्रयोग पीडितको हितमा हुनसकेमा भविष्यमा यातना पीडितको संरक्षणमा बल पुग्ने आशा गर्न सकिन्छ। यो यस अवधिको मानवअधिकार आन्दोलनकै उपलब्धी हो। यातना दिनेलाई व्यक्तिगत रूपमा यातनाको जिम्मेवारी लिई सजाय गर्नु पर्ने गरी कानूनी व्यवस्था हुन सकेमा मात्र यातना नियन्त्रण हुन सक्ने हुनाले यस्तो व्यवस्था हुनु आवश्यक छ।

■

अनुसूची ६

सन् १९९६ मा मानवअधिकार स्थितिबारे राजनीतिक पार्टीहरूको धारणा

नेपाल कम्युनिष्ट पार्टी (एमाले)

हामीले ०५१ कार्तिकमा भएको मध्यावधि निर्वाचनका क्रममा जारी गरिएको हाम्रो चुनाव घोषणा पत्रमा प्रष्ट उल्लेख गरेका थियौं- "देशको मानवअधिकार सम्बन्धी अवस्थाको निरन्तर आंकलन र मूल्यांकन गरी आवश्यक कार्यार्थ सरकारलाई सुझाव दिन सर्वोच्च अदालतका भू.पू. प्रधानन्यायाधीश वा न्यायाधीशको अध्यक्षतामा मानवअधिकारवादी संस्था तथा व्यक्तित्वहरू रहेको मानवअधिकार सम्बन्धी राष्ट्रिय आयोगको स्थापना गरी त्यसलाई वैधानिकता प्रदान गरिने छ।"

कांग्रेस, राप्रपा र सद्भावना पार्टीको गठबन्धन सरकारले यो वर्ष हामीले बनाईदिएका पूर्वाधारमा उभिएर मानवअधिकार आयोग र क्षतिपूर्ति विधेयक पारित गर्‍यो। तर सरकारमा बसेका राजनीतिक पार्टीहरू मूलतः मानवअधिकार उल्लंघन मै तल्लीन रहे। मानवअधिकारको दृष्टिकोणले यो वर्ष (सं. १९९६) बहुदलीय व्यवस्था आगमन पछिको सबैभन्दा नराम्रो वर्ष रह्यो। सरकार टिकाउने अभियानमा केन्द्रित हुँदा जनताका कतिपय ज्वलन्त समस्याहरू ओझेलमा परे। विशेष अधिवेशन र दशौं अधिवेशमा असंसदीय, अराजनीतिक संस्कार र प्रवृत्ति हावी भयो। सरकारमा बसेका मन्त्रीहरू पनि अपराध कर्ममा मुछिए। ०४६ सालको जनआन्दोलनको मर्म र भावना विपरितका गतिविधिले प्रश्रय पाए। वर्तमान बहुदलीय व्यवस्थालाई अवमूल्यन गर्ने किसिमका काम गरिए। जनतामा यसप्रति वितृष्णा पैदा गराएर देशलाई प्रतिगमन तर्फ उन्मुख गराउने कामहरू गरिए। समग्रमा भन्नु पर्दा सरकारका क्रियाकलापले प्रजातन्त्र र मानवअधिकारको विपक्षमा मलजल गर्ने काम गर्‍यो।

नेकपा (एमाले) को ९ महिने सरकारले जनताको सशक्तिकरण गर्ने र उनीहरूलाई अधिकार सम्पन्न बनाउने काममा थालेको प्रक्रियालाई बिचैमा अवरुद्ध पारिदिएपछि यो अवधिमा सर्वत्र विकृति र अनुशासनहीनता देखा पर्‍यो।

०५२ फागुन १ गते देखि नेकपा (माओवादी) द्वारा संचालित गरिएको जनयुद्ध र सरकारी दमनको कारणले गर्दा रोल्पा, रुकुम, जाजरकोट, गोरखा, सिन्धुली, सिन्धुपाल्चोक, रामेछाप, दोलखा र काभ्रे लगायतका जिल्लामा निर्दोष जनताको हत्या भयो। वर्तमान बहुदलीय संसदीय व्यवस्थाले प्रदान गरेका संवैधानिक एवं कानूनी संघर्षको बाटोलाई पूर्णतया इन्कार गर्दै नेकपा (माओवादी) बाट संचालित जनयुद्धको क्रममा निम्न वर्गाधार भएका निर्दोष मानिसहरू समेत पीडित भएका छन्।

सरकारले यसको राजनीतिक समाधान खोज्नु भन्दा सरकारी संयन्त्रको दुरुपयोग गरी हिंसात्मक किसिमले मुकाबिला गर्न खोजेकोले नै मानवअधिकारको बढी उल्लंघन भयो। राजनीतिक आस्था प्रकट गरेको र निर्वाचनमा सहभागी भएको आधारमा मात्र त्यस क्षेत्रका थुप्रै जनतालाई झुठा मुद्दामा फसाइएको छ। माओवादीका नाममा हाम्रो पार्टीका कार्यकर्ताहरू माथि समेत दमन गरियो। रोल्पा जिल्ला विकास समितिका सभापति झक्कुप्रसाद सुवेदीलाई १ वर्ष भन्दा बढी समयदेखि सरकारले थुनामा राखेको छ। वहाँको रिहाइको निम्ति जिल्ला विकास समिति महासंघ र विभिन्न राजनीतिक पार्टीहरूले बारम्बार आवाज उठाउँदा पनि छोडिएन। यसरी सरकारका काम, कार्यवाही र गतिविधिहरूले जनता एवं जनप्रतिनिधिहरूलाई अपमानित गर्ने काम गरेको छ। प्रहरी प्रशासनको बलमा भिन्न राजनीतिक पार्टीमा आस्था राख्ने व्यक्तिहरूलाई सरकार चलाउनेहरूले आतंकित र त्रसित पारे। अहिले पनि थुप्रै मानिसहरू आफ्नो ज्यान बचाउनको निम्ति अन्यत्र जान बाध्य हुनु परेको छ।

यो वर्ष पनि हत्या, बलात्कार र आतंकका गतिविधिहरू बढेको कुरा प्रकाशमा आए। सिङ्गो सरकार चलाउने राजनीतिक पार्टीभित्र गैर संसदीय आचरण र व्यवहार प्रदर्शित भए। संसद चलिरहेके बेलामा सांसदहरू विदेशिने, अपहरित हुने घटनाहरू भए। राजनीतिक आदर्श, विचार, सिद्धान्त र नीतिको आधारमा भन्दा राजनीतिक अपराधीकरण, चरम व्यक्तिवादी महत्वकांक्षा तर्फ देशको राजनीतिक स्थिति उन्मुख हुन थालेको देखियो। बहुदलीय व्यवस्थालाई संस्थागत गर्ने कुराका विरुद्धमा सत्ताबाटै व्यवधान तेर्साइयो।

संसदमा दशौं अधिवेशनसम्म पनि सम्पत्तिमा छोरीको अधिकार सम्बन्धी विधेयक आउन सकेन। संसदबाट पारित गरिएको मोही हक सम्बन्धी कानूनले पनि वास्तविक समस्या समाधान गर्न सकेको छैन।

०४६ सालको जनआन्दोलनद्वारा स्थापित बहुदलीय व्यवस्थाले ६ वर्ष पूरा गरिसकेको छ। यस अवधिको बारेमा

मानवअधिकारको दृष्टिकोणबाट समेत पुनरावलोकन गरिनु सान्दर्भिक हुन्छ भन्ने हामीलाई लागेको छ। निश्चय पनि समयको हिसावले देशको प्रजातन्त्र र मानवअधिकारको स्थिति परिपक्व बन्दै गएको छ र यसले एउटा अवस्था पार गरिसकेको छ। तर यस अवधिमा भए गरेका सबै काम कार्वाहीहरू मानवअधिकारको पक्षमा उन्मुख छन् भन्न सक्ने स्थिति बनेको छैन। अहिले पनि विभिन्न समस्यासंग जुझ्दै निरन्तर क्रियाशील भएको यो देशको वहुसंख्यक जनताको हिस्साले वास्तविक प्रजातन्त्र र मानवअधिकारको उपयोग गर्न पाएको छैन। संविधानले व्यवस्था गरेका अधिकारहरू पनि कार्यान्वित हुन सकेका छैनन्। देशको शासन व्यवस्था प्रजातान्त्रिक बन्न सकेको छैन। जनआवाजलाई कदर गर्दै समस्या समाधान तर्फ उन्मुख हुन सकेको छैन। संविधान तथा कानूनमा विद्यमान कतिपय अप्रजातान्त्रिक एवं मानवअधिकार विरोधी कानूनहरूको खारेजी एवं संशोधन हुन सकेको छैन। यस तर्फ सबैको ध्यान जानु जरूरी भएको छ भन्ने हामीलाई लागेको छ।

हाम्रो सरकारको नौ महिने कार्यकालमा प्रहरीको गोलीबाट एकजनाको पनि हत्या भएको थिएन र कुनै पार्टीका राजनीतिक कार्यकर्तालाई झुठा मुद्दामा फसाई बन्दी बनाइएको थिएन। देशमा अमन चयन र शान्ति सुव्यवस्था कायम गरिएको थियो। मानवअधिकारको अवस्थालाई अरू सुदृढ गर्न विभिन्न कदमहरू चालिएको थियो। त्यस्तो स्थितिमा पनि कांग्रेसले हाम्रो सरकारलाई सर्वसत्तावादी तरिकाले प्रजातान्त्रिक मूल्य र मान्यता विपरित चलेको भन्ने हदसम्मको लान्छना लगाउने काम गरेको थियो। तर गठबन्धन सरकारले जनतामाथि दमन गर्ने हत्याका आदेशहरू फर्माउने काम गऱ्यो।

राज्यका सबै अंगहरूमा तीव्र कांग्रेसीकरण गरियो। वहुदलीय राजनीतिक व्यवस्थाप्रति नै वितृष्णा र अविश्वास उत्पन्न गराउने काम गरियो। गठबन्धन सरकारले सक्षम संसद, निष्पक्ष निर्वाचन प्रक्रिया र स्वतन्त्र न्यायपालिकाको मर्ममा पनि प्रहार गऱ्यो। उल्लेखित तीन वटै निकायहरूलाई निहित दलगत स्वार्थको घेराभित्र बन्दी तुल्याउने अनेकौं षडयन्त्र भए। वहुदलीय व्यवस्थामा 'अन्तरनिहित जनताको सार्वभौमसत्तालाई कमजोर तुल्याउने दुष्प्रयास गरियो। साना पार्टीको सांसदहरूलाई त्रास र प्रलोभनमा फसाई निर्दलीय चरित्रको प्रदर्शन गराइयो।

माओवादीका नाममा रोल्पा, रूकुम, दाङ, सिन्धुली, काठमाडौं, रामेछाप लगायतका जिल्लाहरूमा एमाले कार्यकर्ताहरू एवं अन्य वाम कार्यकर्ताहरू तथा बुद्धिजीवीहरूलाई गिरफ्तार गर्ने र झुठा मुद्दामा फसाउने कार्य भयो। रूकुमका कांग्रेसीहरूले एक नागरिकको हत्या गरी प्रायुसंघका जिल्ला अध्यक्ष कर्णबहादुर खड्कालाई फसाउन डी.एस.पी. लाई डेढ लाख रूपैया घूस दिई ज्यान मारेको झुठा अभियोगमा गिरफ्तार गरी यातना दिइयो। बुद्धिजीवी र कार्यकर्तालाई त यसरी हैरान पारिन्छ भने सर्वसाधारण जनताको हविगत के भयो होला?

कास्कीका प्रजिअलाई कांग्रेसका स्थानीय नेता एवं जिल्ला विकास समितिका सभापति महादेव गुरूङले कुटेर सख्त घाइते बनाई कांग्रेसी उदण्डताको प्रदर्शन गरे। प्रशासनयन्त्रका जिम्मेवार व्यक्तिलाई आफ्नो इशारामा गलत कार्य गराउने कुराको त्यो निकृष्ट उदाहरण थियो।

गठबन्धन सरकारको कालमा शान्तिपूर्ण रूपमा आफ्ना पेशागत मागहरू राखी धर्ना बस्दा राष्ट्रिय वाणिज्य बैंकका पाँचसय कर्मचारीहरूलाई सशस्त्र प्रहरी खन्याएर लाठी चार्ज र गिरफ्तारी गरी हिरासतमा राखियो। तीन हजारभन्दा बढी शिक्षकहरूलाई शिक्षा मन्त्रालयको प्रांगणमा पटक-पटक लाठी चार्ज गरी गम्भीर रूपमा घाइते तुल्याइयो र उनीहरूलाई गिरफ्तार गरियो। अन्ध, अपाङ्गहरूको जुलुसमा समेत लाठी चार्ज गरियो र कैयनलाई घाइते तुल्याइयो।

समष्टीमा यो वर्ष सरकार तथा सत्ताधारी पार्टीका कार्यकर्ताद्वारा जनताका मानवअधिकारको व्यापक उल्लंघन भयो। मानवअधिकारको रत्तिभर सम्मान गरिएन, बरू लत्याउने काम मात्र भयो।

मानवअधिकारको रक्षाको निम्ति सचेतनातापूर्वक क्रियाशील हुँदै मानवअधिकार वर्ष पुस्तक निरन्तर रूपमा प्रकाशित गर्ने अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को कार्य सह्रानीय छ। यसले नेपाली जनताका मौलिक एवं जनवादी हक अधिकारको रक्षा र विकासका लागि आफ्नो क्षेत्रबाट गहकिलो योगदान पुऱ्याउन सकोस् भन्ने कामना गर्दछौं।

ईश्वर पोखेल
कार्यालय सचिव
केन्द्रीय कार्यालय, नेकपा (एमाले)

नेपाल मजदुर किसान पार्टी

मानवअधिकार जस्तो संवेदनशील र व्यापक क्षेत्रबारे मुलुकको समग्र स्थितिलाई समेटेर मानवअधिकार वर्ष पुस्तक प्रकाशित गर्ने यहाँहरूको प्रयासको निरन्तर सफलताको कामना गर्दछु। उक्त पुस्तकमा यस अगाडि झैं हाम्रो पार्टीको धारणा समेत समावेश गर्न खोज्नु भएकोमा पार्टीको तर्फबाट हार्दिक धन्यवाद दिन चाहन्छु।

मानवअधिकारको हनन सरकार वा बलिया पक्षबाट हुनेहुँदा मुलुकको समग्र मानवअधिकारको स्थिति, सरकार, प्रमुख प्रतिपक्षी र अन्य ठूला राजनैतिक पार्टीहरूसंग सम्बन्धित छ। यो हाम्रो अभिमत मुलुकमा भइरहेका एकपछि अर्को घटनाबाट पुष्टि भैरहेका छन्। मनवअधिकारलाई मिठो भाषामा परिभाषित गर्ने र यसको प्रत्याभूतिको बाचा गर्ने यस अघिका सरकारहरू मानवअधिकार हननमा संलग्न र मूक दर्शक भए झैं यो संयुक्त सरकार पनि गम्भीर रूपमा मानवअधिकारको उल्लंघनमा संलग्न छ।

पारदर्शी समाजमा सरकारको अर्थ सरकारमा जाने पार्टीहरूको मात्र पेवा होइन। सरकारले प्रतिपक्षहरूको पनि आवाजलाई कदर गर्नु पर्दछ। तर नेपाली कांग्रेस र एमालेको पालामा संचार, प्रशासन र विकास निर्माण कार्यमा कांग्रेसीकरण र एमालेकरण भए जस्तै संयुक्त सरकारको पालामा यी क्षेत्रहरू नेपाली कांग्रेस, राप्रपा र सद्‌भावना पार्टीको एकलौटी भएको छ। नेपाली कांग्रेसको जिम्मामा परेका मन्त्रालयहरू नेपाली कांग्रेसको कार्यकर्ता भर्तीकेन्द्र बनेका छन् भने राप्रपाको जिम्मा परेका मन्त्रालयहरू राप्रपाको कार्यकर्ता भर्ती केन्द्र बनेका छन्। त्यस्तै नेपाल सद्‌भावना पार्टीको जिम्मा परेको मन्त्रालय पनि यो पार्टीको पेवा बनाइएको छ। यसरी सरकारबाट लोकसेवा आयोगको प्रभावकारितालाई समेत शुन्य बनाउने काम भयो।

संयुक्त सरकारका मन्त्रीहरू विभिन्न घोटाला र आर्थिक अनियमितताका काण्डहरूमा संलग्न भए। कृषि मन्त्री पद्‌मसुन्दर लावती मल आयातमा करोडौंको भ्रष्टाचारमा फस्दा समेत संयुक्त सरकारले समयमा कार्वाही अगाडि बढाउन सकेन। उल्टो अख्तियार दुरूपयोग अनुसन्धान आयोगको अधिकारमाथि हस्तक्षेप गरी सरकारले भ्रष्टाचारीहरूमाथिको कार्वाहीलाई शिथिल बनाउने काम गऱ्यो।

राजनैनिक दलहरूबारे संविधानमा तीन प्रतिशतको प्रावधान व्यवहारिक सुगमताको लागि हो, प्रतिनिधिसभामा स्वतन्त्र रूपमा रहेको भनिने कुरा कानूनी मान्यतासम्म हो, यथार्थता होइन भनी सम्मानित सर्वोच्च अदालतले ०४९ वैशाख ३१ गते एउटा फैसला गरी नजिर कायम गरेको छ। तर सरकारले आफ्नो अनुकूलतामा मात्रै नेपाल मजदूर किसान पार्टीलाई सर्वदलीय बैठकमा बोलाउने गरेको छ। सरकारको यो अवसरवादी कार्यले एउटा दलको संवैधानिक अधिकार हनन भएको छ भने अदालतको समेत मान हानी भएको छ।

टनकपुर समझदारीदेखि नै नेपाली जनताले उपलब्ध गराएको २८९८.५ हेक्टर जमिनको शोधभर्ना हालसम्म भएको छैन। नेपाली जनता र धेरै राजनैनिक पार्टीहरूको विरोध छँदाछँदै संयुक्त सरकारका तीन घटक र प्रमुख प्रतिपक्षीको समेत सहमतिमा २० सेप्टेम्बर १९९६ का दिन महाकाली नदी एकीकृत विकास सन्धिको नाउँमा संयुक्त सदनको दुई तिहाई बहुमतले पारित गरी महाकाली नदीलाई पूर्ण रूपले भारतको नियन्त्रणमा दिने काम भयो। यो सन्धिको अनुमोदनले आयु सकिएको शारदा बाँधको हैसियतमात्र प्रष्ट नभएको होइन टनकपुर बाँधमा आधा हक गुम्नुका साथै नेपालको सार्वभौमिकतामा समेत आघात पुग्न गएको छ।

त्यस्तै प्र.म. गिरिजाप्रसाद कोइरालाकै पालामा टनकपुर समझदारी होइन,सन्धि हो भनी फैसला गरी संसदको दुई तिहाईले अनुमोदन गराउन सर्वोच्च अदालतबाट आदेश भएको थियो तर अदालतको यो आदेशलाई पनि संयुक्त सरकारले लत्याई अदालतको मानहानी गऱ्यो।

प्रजातन्त्रमा आफ्ना मनका भावना स्पष्टसंग राख्न पाउने अधिकार सबैलाई हुन्छ। राष्ट्रिय हित विपरित संसदको संयुक्त सदनबाट पारित गरिएको महाकाली सन्धिको विरोध नेपाल मजदुर किसान पार्टी समेतको संयुक्त आयोजनामा २२ सेप्टेम्बर १९९६ का दिन भएको उपत्यका बन्दमा निस्केको शान्तिपूर्ण जुलुसमाथि सरकारले बबरमहल र माइतीघर बीच घेरामा पारी निर्मम लाठी चार्ज गऱ्यो, सयौं निशस्त्र जनताहरूलाई घाइते बनायो र कयौं घडी र पैसा लुटियो। यसरी सरकारबाट जनताको संविधान प्रदत्त अधिकार समेत हनन गर्ने काम भयो।

प्रधानमन्त्री शेरबहादुर देउवा विरूद्ध दोस्रो पटक पेश गरिएको अविश्वास प्रस्तावको सिलसिलामा डिसेम्बर २३, १९९६ का दिन राप्रपाका पाँच जना मन्त्रीहरू बालाराम घर्तीमगर, बुद्धिमान तामाङ, शान्तिशमशेर राणा, विष्णुविक्रम थापा र महेन्द्र यादव बैंकक भगाइयो र नेमकिपाका सांसद भक्तबहादुर रोकायालाई गृहमन्त्री खुमबहादुर खड्का समेत लागेर अपहरण गरियो। नेपाल सद्‌भावना पार्टीको तर्फबाट सहायकमन्त्री भएका अनिस अन्सारीलाई सिंगापुर भगाइयो। सरकारकै प्रधानमन्त्रीको विरूद्ध संसदमा अविश्वासको प्रस्तावमाथि छलफल भइरहेको बेला मन्त्रीहरू विदेश भाग्नु र सांसदहरुलाई अपहरण गर्नु देशद्रोही काम हो, आफ्नो जिम्मेवारीबाट भाग्नु हो। त्यस्तै सरकार र प्रमुख प्रतिपक्षीका सांसदहरुलाई छुट्टाछुट्टै सुविधा सम्पन्न होटलहरूमा बन्दी बनाउनु स्वयं प्रजातन्त्रको उपहास हो। यसरी संयुक्त सरकारबाट राजनीतिमा अपराधीकरणको शुरूवात भयो। गृहमन्त्री खुमबहादुर खड्का स्वयं आपराधिक दलको प्रमुखको रूपमा प्रस्तुत भयो।

यो वर्षभरी नै "माओवादी जनयुद्ध दमन" को नाउँमा सयौं नेपाली जनता घाइते भए र कतिको ज्यान गयो। राजनैनिक समस्यालाई दमनले पार लगाउन सक्दैन, राजनैतिक रूपले नै समाधानको उपाय अबलम्बन गर्नुपर्दथ्यो, तर सरकारले यसतर्फ तदारूकता देखाएको छैन।

मेची, महाकाली र सप्तरीको तिलाठी रलालापट्टिमा नेपाली भूमिमाथि भारतीय अतिक्रमणको देशभरि नै तीब्र विरोध भयो। यसबारे नेपाल मजदूर किसान पार्टीको तर्फबाट अध्यक्ष कामरेड नारायणमान बिजुक्छें (रोहित) ले पटक-पटक सदनमा प्रश्न उठाउनु भयो। तर सभामुखबाट सदनमा उठेका प्रश्नहरूको जवाफ दिलाउने काम भएन। सरकार संसदप्रति जवाफदेही हुनु पर्छ भन्ने कुरा नारामा सीमित भयो।

त्यस्तै सभामुखले प्रधानमन्त्री देउवा विरूद्ध पेश भएको अविश्वासको प्रस्तावलाई औचित्यहीन भनी टिप्पणी गर्नु भयो। नेपाली कांग्रेसको केन्द्रीय समितिको सदस्यको हैसियतले "प्रभावकारी ढंगबाट अविश्वासको प्रस्तावलाई विफल बनाउने" निर्णयमा दस्तखत गर्नु भयो। सभामुखले तटस्थ भूमिका निभाउनु पर्नेमा नेपाली कांग्रेसको सचेतकको काम गर्नु भयो। यसरी सभामुखबाट संसदीय मूल्य र मान्यतालाई कुल्चने काम भयो। अविश्वासको प्रस्तावमा २४

डिसेम्बर १९९६ का दिन मतदान हुँदा ८४ को विरूद्ध १०१ मतले प्रधानमन्त्री शेरबहादुर देउवामाथि अविश्वास जनायो। आफूमाथि सदनको बहुमतले अविश्वास जाहेर गर्दा पनि देउवा सरकारले विश्वासको मत लिने या राजिनामा गर्ने दुवै कार्यमा साहस देखाएन।

इतिहास कै ठूलो आकारको ४८ सदस्यीय मन्त्री परिषद् यो वर्ष पनि कायम रह्यो। सांसद र विशिष्ट श्रेणीका कर्मचारीहरूको लागि भन्सार सुविधाको गाडी आयात गर्न दिइयो। यसले करोडौंको राजस्व दुरूपयोग भयो। अर्कोतिर आकाशिएको महंगीले जनता पीडित नै छन्। उपभोक्ता विधेयक पारित गर्न नेमकिपाले तेस्रो पटकसम्म संसदमा विधेयक दर्ता गरिसकेको छ, तर सरकार र प्रमुख प्रतिपक्षले यसलाई तदारूकता देखाएनन् र उपभोक्ताहरू पीडित नै छन्।

सरकारका मन्त्रीहरूबाट प्रशासनमा खुल्लम खुल्ला हस्तक्षेप भएका छन्। चोर, डाँका, बलात्कारी र समाजका जाली फटाहाहरूलाई छोड्न मन्त्रीहरूले फोनाबट आदेश दिने काम भएको छ। इमान्दार, गरीव र सोझा जनताहरूलाई दबाउने काम भएको छ।

शिक्षा क्षेत्रमा भएको चरम निजीकरणले सर्वसाधारण जनता पीडित छन्। सरकारले निशुल्क शिक्षाको घोषणा गरे पनि विविध शुल्कको नाउँमा विद्यार्थीहरूसंग रकम असुल गरिदैछ। सरकारी विद्यालयको स्तर घट्दैछ। यसतर्फ सरकारले कुनै चासो र तदारूकता देखाएको छैन।

राजनीतिक पीडित कोषलाई नेपाली कांग्रेस र एमालेको पेवा बनाउने काम यो वर्ष पनि चालु छ। साँचा राजनीतिक पीडित व्यक्तिहरू पाखा लगाउने र शहीदका परिवार र घाइतेहरूलाई पक्षपात गर्ने काम यथावत नै छन्। कमैयाहरूलाई मोहीयानी हक दिलाउनेतर्फ सरकारले चासो नदेखाएको मात्र होइन, भूमि सम्बन्धी चौथो संशोधनको नाउँमा विधेयक पारित गरी ८५ प्रतिशत मोहीहरूलाई मोहीयानी हकबाट समेत बंचित गर्ने काम सरकारबाट भयो।

मन्त्री, सांसद र उच्चपदाधिकारीहरूको नाम मै धेरै रकम बेरूजु रहेको छ। माथिदेखि नै भ्रष्ट र नैतिकहीन कार्य भइरहनुले समग्र कर्मचारी यन्त्र निरूत्साहित छ। सर्वोच्च अदालतबाट भएको फैसला समेत सरकारले कार्यान्वयन गरेन। समग्रमा यो वर्ष पनि सरकार र बलीया पक्षबाट मानवअधिकारको हनन भएको छ।

प्रेम सुवाल
सचिव, केन्द्रीय समिति

नेपाल कम्युनिष्ट पार्टी (मसाल)

गत सालका बीचमा देशमा मानवअधिकारको स्थिति कस्तो रह्यो? त्यस सन्दर्भमा मुख्यतः यी कुराहरू उल्लेखनीय छन्। प्रथम, सरकारी दमन र राज्य आतंकको व्यापक रूपमा बृद्धि, द्वितीय प्रजातान्त्रिक सिद्धान्त, मूल्य र मान्यताहरूको ठूलो पैमानामा अतिक्रमण, तृतीय संयुक्त राष्ट्र संघका घोषणाहरू तथा स्वयं सरकारको संविधानमा स्वीकृत वा सरकारले अनुमोदन गरेका जनताका विभिन्न समूहहरूका हक र अधिकारहरू सुनिश्चित गर्ने विषयमा सरकारको गैर जिम्मेवारीपना, चतथुर्थ कानूनको राज्यको सिद्धान्तका विरूद्ध सरकार वा सत्तारूढ दलहरूद्वारा सरकारी यन्त्रको भ्रष्ट तरिकाले व्यापक परिमाणमा दुरूपयोग। उपरोक्त कारणहरूले गत सालमा देशमा मानवअधिकारको स्थिति अत्यन्त चिन्ताजनक रहेको छ।

यस सिलसिलामा विचार गर्दा "माओवादीहरू" को कथित जनयुद्धको आडमा देशमा व्यापक रूपले गरिएको दमन र राज्य आतंकको नीतिले सबैभन्दा बढी महत्व राख्दछ। त्यस सिलसिलामा सर्वप्रथम के उल्लेखनीय छ भने उक्त "जनयुद्ध" अन्ततः त्यो स्वयं देशका सत्तापक्ष तथा समाजका सम्पन्न वर्गहरूद्वारा बारम्बार, लगातार, तलसम्म र व्यापक रूपमा मानवअधिकारको जुन अतिक्रमण हुँदै आएको छ, त्यसको परिणाम हो। त्यस प्रकारको अतिक्रमणबाट सुरक्षा वा न्यायका लागि शान्तिपूर्ण र वैधानिक अवसरको अभावको स्वभाविक परिणाम हिंसात्मक प्रतिकार बाहेक अरू केही हुन सक्दैन। त्यति मात्र होइन, आज देशमा सरकारी र गैर सरकारी स्तरमा मानवअधिकारको अतिक्रमणले जति गहिरो र व्यापक रूपले जरा हालेको छ र त्यसबाट सुरक्षाका लागि बहुसंख्यक जनता वैधानिक अवसरबाट बंचित हुनु परेको छ, राज्ययन्त्रमाथि सशस्त्र अतिक्रमण र त्यसलाई ध्वस्त गर्नु पर्ने आवश्यकता एउटा अनिवार्य आवश्यकता बन्न जान्छ। त्यो अवस्थामा "माओवादीहरू" का उग्र "वामपन्थी" प्रणाली सित हाम्रो कुनै मतभेद छ भने खाली यस कारणले मात्र कि उनीहरूले एउटा सही कार्यलाई गलत, अपरिपक्क र केटाकेटी प्रकारले, परिस्थितिको ठिकसित मूल्यांकन नगरिकन अगाडि बढाइरहेका छन्, जुन कारणले उनीहरूको गतिविधि वर्तमान राज्य व्यवस्थाका विरूद्धको संघर्षमा सहायता पुऱ्याउने दिशातिर कम, तर सरकारलाई जनतामाथि दमन गर्नका लागि बहाना जुटाइ दिनेतिर नै बढी सहायक र निमित्त कारण बन्न गइरहेको छ। त्यसैले सैद्धान्तिक प्रकारले त्यस प्रकारको उग्र "वामपन्थी" गतिविधिको आलोचना आवश्यक हुन जान्छ। तै पनि सरकारको त्यसप्रकारको दमन र राज्य आतंक कथित जनयुद्धको परिणाम नभएर त्यसको स्रोत स्वयं वर्तमान राज्य व्यवस्थाको चरित्रमा अन्तर्निहित छ।

उक्त "जनयुद्ध" लाई दबाउने नाममा सरकारले आफ्नो दमनको नीतिलाई अत्यन्त नाङ्गो र बर्बर रूपमा अगाडि ल्याएको छ। रोल्पा, रूकुम, सिन्धुली, गोर्खा, रामेछाप वा देशका अन्य भागहरूमा ठूलो संख्यामा निरपराध जनतालाई गिरफ्तार गरिएको छ, झुठा मुद्दा लगाइएको छ, यातना दिइएको छ वा निर्मम प्रकारले हत्या गरिएको छ। कैयौं जना आफ्ना घरमा सुतेका स्थानमा, ठाउँमा, काम गरिरहेका, बाटामा हिंडिरहेका बेलामा पनि निर्दोष मानिसहरू, कतिपय महिलाहरूसम्म त्यसप्रकारको नग्न आतंक वा हत्याका शिकार भएका छन्। कथित जनयुद्ध पुलिसहरूका लागि "राजाको राँगो फुक्यो" जस्तो अवसर बन्न गएको छ। जनतामाथि जुनसुकै प्रकारका अन्याय, अत्याचार गर्नका लागि पनि स्वतन्त्रता, पूर्ण स्वतन्त्रता मिलेको छ। रोल्पाको भिग्रीमा खालि खसी नदिएको कारणले मसाल

समर्थक का. विनबहादुरको हत्या, त्यसको एउटा ज्वलन्त उदाहरण हो। त्यसप्रकारको बर्बर अन्यायको त्यो भन्दा महत्वपूर्ण पक्ष यो हो कि त्यस प्रकारको गैर कानूनी कारवाहीका विरूद्ध सम्बन्धित अपराधी पुलिसहरू माथि कुनै कारवाई गरिन्न्। त्यो अवस्थामा त्यो अपराधका लागि सम्पूर्ण राज्य व्यवस्था दोषी बन्न जान्छ। रोल्पाका कतिपय गाउँमा गिरफ्तार गरेर १-१ चोक्टा काटेर गाड्ने काम गरिएको छ। घर-घरमा गएर किसानहरूलाई सताउनु, लुटपाट गर्नु, महिला र केटाकेटीहरूलाई सताउनु आदि कुरा भएका छन्। रामेछाप वेथान गाविसमा मसाल र एकता केन्द्रका कैयौं समर्थकहरूलाई गिरफ्तार गरेर उनीहरूलाई अत्यन्त यातना दिने काम गरियो। रामेछापको घटनामा बेलाका काठमाडौंमा भएका कतिपय व्यक्तिहरू पनि त्यसप्रकारको अत्याचारका शिकार भए। काठमाडौंमा कतिपय गलैंचा कारखानामा आफ्ना हक र संगठनका लागि मालिकहरूका विरूद्ध संघर्ष गरिरहेका मजदूरहरूलाई मालिकहरूबाट घूस लिएर "माओवादी" भनेर गिरफ्तार गर्ने र यातना दिने, अन्तमा उनीहरू निर्दोष ठहरे र छुटे, तर निर्दोष व्यक्तिलाई जुन गिरफ्तार गरियो र यातना दिने काम गरियो, त्यसको जवाफ के हो? जुन व्यक्तिहरू सिधै देशका कैयौं भागहरूमा ठूलो संख्यामा मनिसहरूलाई "माओवादी" को आरोपमा झुटा मुद्दा लगाइएका छन् वा वारेन्ट काटिएका छन्। वास्तवमा आज यस्तो कुनै व्यक्तिका लागि कसैलाई वा विरोधी पार्टीलाई दबाउनु पर्ने आवश्यकता हुन्छ, "माओवादी" को आरोप एउटा खुला अवसर भएको छ।

जुन व्यक्तिहरू सिधै "जनयुद्ध" मा सामेल भएका कारणले गिरफ्तार गरिन्छन्, उनीहरूलाई पनि प्रायशः बीचैमा गोलीले उडाइन्छ, राजबन्दी सरह व्यवहार नगरेर, जस्तो कि पंचायती कालमा गरिन्थ्यो, कैयौं अपराध सम्बन्धी मुद्दा लगाइन्छ, पुलिस हिरासतमा बर्बर यातना दिइन्छ, कतिपय अवस्थामा स्वयं सरकारी एजेन्टहरूद्वारा नै त्यस प्रकारका गतिविधिहरू संचालन गरेर निरपराध मानिसहरूलाई दमन गर्ने षडयन्त्र पनि गर्ने गरिन्छ। त्यसप्रकारका सबै कार्यविधि मानवअधिकारको गम्भीर प्रकारको उल्लंघन भएका कुरामा के शंका रहन्छ?

आज सरकारले विभिन्न विरोधी राजनैतिक पार्टीहरू वा उनीहरूद्वारा आयोजित शान्तिपूर्ण र वैधानिक आन्दोलनहरूको दमनका सन्दर्भमा पनि मानवअधिकारको व्यापक रूपले हनन गरेको छ। सरकारले गृहमन्त्री खुमबहादुरको चुनावको बेलाको ज्यान सम्बन्धी मुद्दा र पूर्व प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको भ्रष्टाचार सम्बन्धी मुद्दाहरूलाई खारेज गर्ने काममा उत्साह देखायो। तर प्युठानको पुजा काण्ड वा वाग्लुङको ज्यामिरेघाटका राजनैतिक पूर्वाग्रहद्वारा प्रेरित मुद्दाहरूलाई खारेज गर्नेतिर प्रयत्न गर्ने कुरा परै छ, त्यहाँ मसाल समर्थक निरपराध कार्यकर्ताहरूलाई अरू कडा सजाय दिलाउन प्रशासनले नयाँ-नयाँ षडयन्त्र गर्दैछ। वाग्लुङमा कांग्रेस वा राप्रपाका सदस्यहरूले मसाल समर्थकहरूमाथि हिंसात्मक आक्रमण गरेर उल्टो उनीहरूलाई विभिन्न फौजदारी वा सार्वजनिक अपराध सम्बन्धी मुद्दाहरूमा फसाउने काम लगातार चलिरहेको छ। कतिपय सत्तारूढ पार्टीहरूका त्यसप्रकारका षडयन्त्रहरूले कार्वाहीमा पूरा सहयोग नगर्ने पुलिस अफिसरका कर्मचारीहरूलाई गलत प्रकारले सरूवा गर्ने वा अन्य विभिन्न प्रकारले दण्डित गर्ने गरिन्छ। तत्कालीन पर्यटन मन्त्री चक्रप्रसाद बास्तोलाको विमान अपहरण सम्बन्धी भारतको अदालतमा चलेको मुद्दालाई धेरै पहिले नै खारेज गर्न लगाइएको थियो। तर मसाल समर्थक करीब १०० जना कार्यकर्ताहरूका विरूद्ध १९८४ को वहिष्कार आन्दोलन जो १२ मईको आन्दोलनको नामले प्रसिद्ध छ, को सन्दर्भमा दिल्ली अदालतमा चलिरहेका अपराध सम्बन्धी मुद्दाहरू खारेज गराउन पहिलेको अन्तरिम संयुक्त सरकार, एमालेको सरकार वा वर्तमान सरकारले कुनै कदम उठाएका छैनन्। त्यसले मानवअधिकारको प्रश्नमा सबै सरकारको दलगत पूर्वाग्रहलाई नै बताउँछ।

गत वर्ष अखिल नेपाल युवक संघको राष्ट्रिय सम्मेलनका बेला वाल पेन्टिङ्ग गरिरहेका बेलामा काठमाडौं, ललितपुर, विराटनगर, सिन्धुली, दैलेखमा युवक संघका कार्यकर्ताहरूको गिरफ्तारी, काठमाडौंमा शिक्षकहरूको शान्तिपूर्ण प्रदर्शनका बेलामा गरिएको लाठी चार्ज, महाकाली सन्धी विरोधी आन्दोलनका सन्दर्भमा बेग्ला-बेग्लै अवसरहरूमा अ.ने.रा.ज.मो.का अध्यक्ष चित्रबहादुर के.सी., मसालका केन्द्रीय प्रवक्ता दिनानाथ शर्मा, संयुक्त जनमोर्चा नेपालका नेताहरू निरंजन, अमिक शेरचन, लिलामणि आदिको गिरफ्तारी, सांसद नवराज सुवेदी, एकता केन्द्रका नेताहरू निरंजन गोविन्द, काइला बा आदि माथिको लाठीचार्ज नेपाल बन्दको शान्तिपूर्ण प्रचारका सिलसिलामा धरान, पोखरा, काठमाडौं, दाङ, विराटनगरमा गरिएका गिरफ्तारीहरू, नेपालमा वैधानिक रूपले प्रकाशित र विक्री भैरहेको नेकपा (मसाल) को मुखपत्र "मसाल" लाई भारततर्फ लैजान खोज्दा सुनौली चौकीमा एकजना महिलाको गिरफ्तारी, वाग्लुङमा निशिपूजीको ज्यान सम्बन्धी मुद्दामा गिरफ्तार व्यक्तिहरूलाई यातना दिएर जबर्जस्ती पूर्वक साविति बयान आदि वर्तमान सरकारद्वारा मानवअधिकार तथा कानूनको राज्यको सिद्धान्तको उल्ल.घनका असंख्य कार्यहरू मध्ये केही मात्र उदाहरणहरू देशमा कानूनको राजका सिद्धान्तको उल्लंघनका प्रमाणहरू हुन्।

आज देशमा विभिन्न प्रकारका नोकरी, समाज सेवा वा विकास कार्यहरूका सन्दर्भमा सरकार वा सत्तारूढ पार्टीहरूले चरम प्रकारको भेदभावपूर्ण र पक्षपात पूर्ण नीतिहरू अपनाइरहेका छन्। कसैलाई कुनै नोकरीमा नियुक्ति वा पदोन्नति उसको योग्यता, प्रशिक्षण वा कामको रिकर्डको निष्पक्ष प्रकारले मूल्यांकन गरेर होइन पार्टीगत भेदभावका आधारमा गरिन्छ। गाउँ विकास समितिहरूमा प्राविधिकहरूको नियुक्ति गर्दा देशव्यापी रूपमा नै पहिले दर्खास्तहरू मागेर अन्तमा सत्तापक्षका, मुख्यतः राप्रपाका कार्यकर्ताहरूलाई नै नियुक्ति गरियो। त्यसो गर्दा प्राविधिक विषयको कुनै ज्ञान नभएका व्यक्तिहरूलाई पनि खाली दलगत संलग्नताका आधारमा नियुक्ती गरियो। अन्य नोकरीहरूमा पनि त्यसप्रकारको पक्षपातपूर्ण कार्यविधि व्यापक रूपले अपनाइन्छ। पार्टीसितको संलग्नता वा विरोधका आधारमा मनपरी प्रकारले शिक्षक वा कर्मचारीहरूलाई सरूवा गर्ने, पाइक वा अपाइकमा सरूवा गर्ने वा खारेज पनि गर्ने गरिन्छ। विकास कार्यहरूमा पनि कुनै जिल्ला वा गाउँमा के कति सहयोग गर्ने? त्यसबारे पनि सत्ता पार्टीहरूसितको संलग्नताका आधारमा पक्षपातपूर्ण प्रकारले निर्णय गरिन्छ। जुन जिल्ला वा चुनाव क्षेत्रका जनताले सत्तारूढ पार्टीहरूलाई मत दिन्छन् वा जुन जिल्ला विकास

समिति, गाउँ विकास समिति वा वार्डहरूमा उनीहरूका पार्टीका मानिसहरू विजयी भएका छन्, त्यहाँ अपेक्षाकृत बढी मद्दत गरिन्छ वा विकास योजनाहरू स्वीकृत गरिन्छ भने विरोधी पार्टीहरूको जोडका प्रभाव भएका स्थानहरूमा पूर्वाग्रहयुक्त प्रकारले विकास कार्यहरूमा बाधा हाल्ने नीति अपनाइन्छ।

वर्तमान व्यवस्था अन्तर्गत स्वतन्त्र प्रकारले आफ्नो मत प्रकट गर्न पाउने अधिकार माथि पनि अत्यन्त व्यापक र अनियन्त्रित प्रकारले हस्तक्षेप गर्ने गरिन्छ। यसबारे दमन र राज्य आतंकद्वारा कसरी जनतालाई उनीहरूका मानवअधिकारबाट व्यापक रूपले बंचित गर्ने गरिन्छ? त्यसबारे पहिले नै चर्चा भैसकेको छ। तर "शान्तिपूर्ण" र "कानूनी" प्रकारले पनि जनतालाई त्यसप्रकारको अधिकारबाट बंचित गर्न योजनाबद्ध प्रकारले काम गरिन्छ र त्यसका लागि सरकारी यन्त्रलाई व्यापक रूपले उपयोग गरिन्छ। मतदानको अधिकार विश्वव्यापी रूपमा लामो र ऐतिहासिक संघर्ष पछि प्राप्त अधिकार हो। तर त्यसप्रकारको अधिकारमाथि सत्तारूढ पार्टीहरूका दलीय स्वार्थहरूको पूर्तिका लागि नग्न प्रकारले हस्तक्षेप गरिन्छ। सर्वप्रथम मतदाता सूचीको निर्माणको कुरालाई नै लिउँ। त्यसलाई तयार पार्दा देशव्यापी रूपमा नै विरोधी पार्टीहरूका प्रभाव क्षेत्रहरूका मतदाताहरूको नाम ठूलो संख्यामा हटाइन्छ। कानूनी रूपमा छुटेका नामहरू पुनः सामेल गर्न पाउने अवसर प्राप्त हुन्छ। तर त्यो प्रक्रियामा भएको कठिनाइ, जटिलता तथा अत्याधिक मानिसहरूद्वारा आफ्ना छुटेका नामहरू बारे ज्ञान हुने अत्यन्त कम अवसरका कारणले, भौगोलिक वा अन्य प्राविधिक कारणहरूका कारणले, उनीहरूका लागि आफ्ना छुटेका नामहरू पुनः सामेल गराउने संभावना अत्यन्त कम हुन्छ। मतदानको अधिकार माथि यो कति खुल्ला र अप्रजातान्त्रिक हमला हो? कसैले पनि अन्दाज गर्न सक्दछन्। स्वयं चुनावका बेलामा पनि सरकारी यन्त्रको दुरूपयोग, भ्रष्टाचार, विभिन्न प्रकारका प्रलोभन, दमन र अनैतिक तथा मतदान वा जनगणनाका सिलसिलामा अपनाइने अवैधानिक र नाजायज तरिकाहरूद्वारा पनि मतदाताहरूको स्वतन्त्र प्रकारले आफ्नो मतदान गर्ने अधिकारलाई गलत प्रकारले प्रभावित पार्ने प्रयत्न गरिन्छ। यो नेपालको मात्र समस्या होइन। आज विश्वव्यापी रूपमा नै पूँजीवादी संसदीय प्रजातन्त्र भित्र त्यस प्रकारको खेल खेलिन्छ। राजनैतिक दृष्टिकोणले सबै समान हुन्छन्। संविधानले सबैलाई समान प्रकारले त्यस प्रकारको अधिकार प्रदान गरेको हुन्छ। तर आर्थिक असमानता वा सत्ताको दुरूपयोगद्वारा व्यवहारमा त्यस प्रकारका समानताले कति अर्थ र मूल्य राख्दछ? कसैबाट लुकेको कुरा होइन। हाम्रो देशको सरकार वा सत्तारूढ पार्टीहरूले यो कुराका लागि आत्म सन्तोष गर्न सक्दछन् कि उनीहरूले जे गरिरहेका छन्, त्यो पनि प्रजातान्त्रिक संसारमा नै चलेको कुरा हो।

केही महिना पहिले संसदमा महाकाली सन्धी पछि सरकारका विरूद्धको अविश्वासको प्रस्तावमा छलफल र मतदानका दौरानमा अपनाइएको कार्य पद्धतिबाट खाली आम जनता मात्र होइन, सांसदहरूको मतदानको अधिकार पनि कति कच्चा जगमाथि उभिएको छ? त्यो पनि प्रष्ट भएको छ। महाकाली सन्धीमा छलफल र निर्णयका लागि जुन मिति निर्धारित गरिएको थियो, त्यो पारित हुने सम्भावना तयार नहुँदासम्म छलफलको मिति सभामुखद्वारा लगातार बढाउँदै लगियो। सभामुखले निष्पक्षप्रकारले संसदको स्वतन्त्र मत जान्ने होइन, जुनसुकै प्रकारले भए पनि त्यो सन्धीलाई पारित गराउने कुरालाई प्राथमिक उद्देश्य बनाएको कुरा प्रष्ट हुन्छ। त्यसका लागि भित्र-भित्रै कुन प्रकारको सौदाबाजी गरियो? प्रकट र आधिकारिक रूपमा बाहिर आएन। तर त्यसपछि वर्तमान सरकारका विरूद्धको अविश्वासको प्रस्तावका दौरानमा त्यो पक्ष प्रकट र आधिकारिक रूपले नै बाहिर आयो। अविश्वासको प्रस्ताव पारित हुनलाई खाली २ मतको कमी रहेको थियो। पहिले अविश्वासको प्रस्तावमा रहेका २ जना मतदानमा अनुपस्थित रहे। त्यो प्रस्ताव विफल भएपछि तुरून्त ती दुवै व्यक्तिहरूलाई मन्त्री मण्डलमा लिइयो। त्यसरी मन्त्रीपदको सौदाबाजी गरेर ती दुवै सांसदहरूको मतमा परिवर्तन गराइएको कुरा दिनको उज्यालो झैं छर्लङ्ग भयो। त्यसरी खाली साधारण मतदाताहरूको मात्र होइन, स्वयं सांसदहरूको मतदानको अधिकारलाई पनि क्रयविक्रयको वस्तुको स्तरमा गिराइएको कुरामा कुनै शंका रहन्न। त्यो अवस्थामा देशमा प्रजातन्त्रका सिद्धान्त, मुल्य, मान्यता र मानवअधिकारको कुन अवस्था रहेछ?

संयुक्त राष्ट्रसंघले महिला र दलित जातिहरू बारे जारी गरेका घोषणा पत्रहरूलाई स्वयं श्री ५ को सरकारले पनि अनुमोदन गरेको छ। तर उनीहरूप्रतिको भेदभावलाई समाप्त गर्न र उनीहरूको मानवअधिकारलाई सुनिश्चित गर्न सरकारले अहिलेसम्म कुनै प्रभावशाली कदम उठाएको छैन। महिलाहरू बारे सर्वोच्च अदालतले दिएको निर्देशन अनुसार सरकारले संसदमा एउटा विधेयक प्रस्तुत गर्ने घोषणा गरेको थियो। त्यो विधेयक पर्याप्त थिएन। तर त्यसलाई पनि प्रतिगामी शक्तिहरूको दबाबका कारणले संसदमा प्रस्तुतसम्म गरिएन। त्यसरी आज महिला र दलित जातिको ठूलो जनसमूहलाई राष्ट्रसंघका विभिन्न घोषणापत्रहरू र स्वयं नेपालको संविधानको परिप्रेक्ष्यमा हेर्ने हो भने पनि महिला र दलित जाति बाहेक देशका शोषित, उत्पीडित जनताको अत्यधिक ठूलो भाग बेग्ला-बेग्लै प्रकारले आफ्ना मानवीय अधिकारबाट बंचित हुनु परेको छ।

आज देशमा मानवअधिकारको जुन व्यापक रूपले हनन भैरहेको छ, त्यो विद्यमान सरकारसित मात्र सम्बन्धित कुरा हो भनेर भन्न मुस्किल छ। वास्तवमा त्यसप्रकारको स्थिति आजका सम्पूर्ण आर्थिक, राजनैतिक व्यवस्थासित सम्बन्धित कुरा हो। जनताका मानवअधिकारहरूको योजनाबद्ध प्रकारले हनन, बहुसंख्यक जनताको शोषण र उत्पीडन विना वर्तमान व्यवस्थाको अस्तित्व नै संभव छैन। त्यसकारण वर्तमान व्यवस्था अन्तर्गत सही र वास्तविक अर्थमा मानवअधिकारको रक्षा संभव नै नभएको कुरा स्वतः सिद्ध छ। त्यो अवस्थामा वर्तमान आर्थिक, सामाजिक व्यवस्थामा आमूल र क्रान्तिकारी परिवर्तन, व्यापक रूपमा मानवअधिकारको हननमाथि आधारित वर्तमान राज्ययन्त्रको विनाश तथा तिनीहरूका ठाउँमा जनताका व्यापक हितहरूको प्रतिनिधित्व गर्ने आर्थिक सामाजिक व्यवस्था तथा राज्यन्त्रको निर्माण विना सही र वास्तविक अर्थमा मानवअधिकारको रक्षाको कुरा हवाई कल्पना मात्र हो।

मोहनबिक्रम सिंह
नेकपा (मसाल)

अनुसूची ७

सन् १९९६ र मानवअधिकार उल्लंघनका तथ्यहरु

उल्लेख गर्न आवश्यक केही कुराहरु

- यो वर्ष पुस्तकमा सन् १९९६ भरिका अर्थात् ०५२ पुस १७ गतेदेखि ०५३ पुस १६ गतेसम्मका घटनाहरू समावेश गरिएका छन्।
- घटनाहरूको संकलन पश्चात यथाशक्य विश्वसनीय घटनाहरू मात्रै वर्ष पुस्तकमा उल्लेख गरिएका छन्। केही घटनाहरूलाई विश्वसनीयताको अभावमा प्रकाशित गर्न सकिएन।
- मानवअधिकार उल्लंघनका घटनाहरूलाई प्रचारमा ल्याउने, त्यस्ता घटनाहरूबाट नागरिकहरूलाई सचेत गराउने, मानवअधिकार चेतनाको विकासमा सहयोग पुऱ्याउने र मानवअधिकारको स्थितिलाई सकारात्मक दिशातिर उन्मुख गराउने मनशाय वर्ष पुस्तकको हो। त्यस क्रममा उल्लेखित घटनाहरूबाट कसैको निजी जीवन, मान-सम्मान र स्वाभिमानमा आघात पर्न गएको भएमा हामी दुःखका साथ क्षमा चाहन्छौं।
- वर्ष पुस्तक प्रकाशनका सिलसिलामा घटनाहरूको संकलन गर्न ७५ वटै जिल्लामा सूचना प्रेषकको व्यवस्था गरिएको थियो। तर जिल्लाहरूको प्रत्येक गाउँ र ठाउँमा पुगेर घटनाहरू संकलन गर्नु सम्भव भएन। त्यसकारण सार्वजनिक जानकारीमा नआएका केही घटनाहरू हाम्रा लागि अज्ञात नै रहन पुगेका पनि हुन सक्छन्। तापनि शोधका आधारमा पनि सकेसम्म हामीले भएजति घटनाहरूलाई संकलन गर्ने र उल्लेख गर्ने प्रयत्न भने गरेका छौं।
- विभिन्न पत्रपत्रिकाहरू पनि वर्ष पुस्तकको सूचना श्रोतका आधारहरू मानिएका छन्। पत्रपत्रिकामा प्रकाशित सूचनाको आधारमा सम्बन्धित पक्ष वा निकायमा सम्पर्क गरेपछि मात्र घटनाहरूलाई समावेश गर्ने काम भएको छ।
- बलात्कारका घटनाहरूमा बलात्कृत महिलाहरूको नाम दिइएको छैन। पीडित महिलाहरूको सामाजिक एवं व्यक्तिगत जीवनमा कुनै समस्या नपरोस् भन्ने धारणाले गर्दा नाम उल्लेख नगरिएको हो।
- स्थानीय बोली, भाषा र लय आदि जस्ता कारणले गर्दा कतिपय व्यक्ति र ठाउँको नाममा केही फरक पर्न गएको पनि हुनसक्छ। त्यस्तो गल्ती भेटिएको खण्डमा जानकारी दिन हामी सबैमा हार्दिक अनुरोध गर्दछौं।

तथ्यांकका अन्य आधारहरू

क. केन्द्रीय तथ्यांक विभागको वर्ष पुस्तक १९९३, १९९४ र १९९५

ख. स्थानीय सामाजिक संघ, संस्था, व्यक्तिहरू

ग. स्थानीय न्यायिक, अर्धन्यायिक, प्रशासनिक र सुरक्षा सम्बन्धी निकायहरू

घ. मानवअधिकार वर्ष पुस्तक १९९२, १९९३, १९९४ र १९९५ ।

पूर्वाञ्चल

१.१ झापा
१.२ इलाम
१.३ पाँचथर
१.४ ताप्लेजुङ्ग
१.५ मोरङ्ग
१.६ सुनसरी
१.७ धनकुटा
१.८ तेह्रथुम
१.९ भोजपुर
१.१० संखुवासभा
१.११ सप्तरी
१.१२ सिराहा
१.१३ उदयपुर
१.१४ खोटाङ्ग
१.१५ ओखलढुंगा
१.१६ सोलुखुम्बु



१. पूर्वाञ्चल

मेची

१.१ झापा

जनसंख्या	५९३७३७
साक्षरता	५६.१ प्रतिशत
महिला साक्षरता	४४.४ प्रतिशत
क्षेत्रफल	१६०६ वर्ग कि.मी.
गाविस/नपा	४९/२
निर्वाचन क्षेत्र	६
विद्यालय/क्याम्पस	४७८/९
अस्पताल/स्वास्थ्य चौकी	३/९
टेलिफोन लाइन	१७१५
सडक (कि.मि.)	३८१
प्रहरी कार्यालय	६६

राजनैतिक र सामाजिक रूपले सचेतनाको परिचय दिने सुदूर पूर्वी जिल्ला झापामा अत्यन्त धेरै जनघनत्व भएका कारण पनि मानवअधिकार उल्लंघनका घटनाहरू भइरहने गर्दछन्। जसमा कतिपय घटनाहरू राज्यको तर्फबाट भएका छन् भने त्यो भन्दा धेरै चाहिं जनस्तरमा हुने गरेको पाइन्छ। सन् १९९२ मा यस जिल्लामा राज्यको तर्फबाट प्रत्यक्ष मानवअधिकार हननका घटना भएको नदेखिए पनि जनस्तरमा भने हत्याका साथै अन्य मानवअधिकार उल्लंघनका घटनाहरू भएका देखिन्छन्। सन् १९९३ मा राज्यको तर्फबाट अलि धेरै घटनाहरू भए र जनस्तरमा पनि आपराधिक गतिविधि बढेको पाइयो। सन् १९९४ मा राज्यले बल प्रयोग गरी नागरिकको हत्या गरेका घटनाहरू पनि भए। सन् १९९५ मा पनि राज्यको तर्फबाट यातना र हत्याका घटनाहरू दोहोरिएका थिए। सन् १९९६ मा राज्यका तर्फबाट हत्याको घटना नदोहोरिए पनि यातनासंग गाँसिएका केही घटनाहरू बढी भए। सन् १९९२ पछिका ५ वर्षहरूमा यहाँको प्रहरी प्रशासन तथा राजनैनिक पार्टीहरूमा क्रमिक रूपमा मानवअधिकार सम्बन्धी संचेतना बढ्दै गएको पाइन्छ। भूटानी शरणार्थीहरूको समस्या अन्तराष्ट्रिय समस्याको रूपमा देखिएको छ। अहिले पनि उक्त समस्याले गर्दा मानवअधिकार उल्लंघनका घटनाको संख्यामा बढोत्तरी भएको छ।

१. सम्मानित रुपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

भद्रपुर नपामा पर्ने नेपाल भारत सीमा क्षेत्र मेची नदीको किनारमा **०५२ चैत १९ गते** साँझ भारत किसनगञ्ज जिल्लाको ठाकुरगञ्ज भन्ने ठाउँमा घर भएका ४० वर्षीय पीताम्बर धोवीलाई अज्ञात व्यक्तिहरूले हत्या गरी भागे।

जलथल गाविस-२ का ५३ वर्षीय भुवनसिंह राई **०५३ वैशाख ५ गते** जलथल जंगलमा अज्ञात शिकारीहरूले छोडेको भरुवा बन्दुकको किटको छर्रा लाग्न गई घाइते भए।

पथरीया गाविस-७ की १९ वर्षीय लक्ष्मी अधिकारीलाई विवाह गर्ने भनेर सोही ठाउँका गंगाप्रसाद भट्टराईले जलथल जंगलमा लगेर २ वर्ष अगाडि ०५१ मदौ ५ गते हत्या गरी भागेकोमा **०५३ वैशाख १० गते** प्रहरीले पक्राउ गऱ्यो। पीडकलाई अदालतले सर्वश्व सहित जन्म कैद गरेको छ। पीडकका अनुसार पीडितको गर्भ समेत रहेको थियो।

पथरीया गाविस-८ का ४५ वर्षीय चन्द्रबहादुर तामाङको **०५३ जेठ २८ गते** राती मृत्यु भयो। उनलाई आफ्नै छोराहरू विजय तामाङ र उदय तामाङले कुटपिट गरी मारेको आशंकामा प्रहरीले पक्राउ गरेको थियो। तर अदालतले धरौटीमा छोड्ने आदेश दिएको छ।

पाँचगाछी गाविस-१ की ३५ वर्षीय मुनेश्वरी देवी पण्डितलाई **०५३ असार ९ गते** राती आफ्नै पति गौरी पण्डितले समयमा खाना नवनाएको आरोपमा यातना दिएर हत्या गरे। पीडक र उनका पिता बुद्धधन पण्डितलाई पक्राउ गरिएकोमा अदालतले बुद्धधनलाई धरौटीमा छाड्यो र गौरी पण्डितलाई पुर्पक्षका लागि थुनामा राख्ने आदेश दिएको छ।

राजगढ गाविस-६ का ४३ वर्षीय शुकबहादुर लावतीलाई सोही ठाउँका इन्द्रनारायण श्रेष्ठले आफ्नी पत्नीलाई हातपात गरेको आरोपमा **०५३ असार १० गते** कुटपिट गरे। पीडितको ०५३ असार २० गते टिटानस भएर मृत्यु भयो। यस घटनामा पक्राउ परेका अन्य ३ जना छुटे भने इन्द्र श्रेष्ठ थुनामा रहेका छन्।

बाहुनडाँगी गाविस-२ का ५५ वर्षीय धनबहादुर राईलाई **०५३ साउन २४ गते** राती अज्ञात व्यक्तिहरूले दाहिने खुट्टामा गोली हानी घाइते बनाए।

गरामुनी गाविस-५ का २४ वर्षीय रामप्रकाश (धनलाल) यादवलाई सोही ठाउँका बुद्धकुमार राईले **०५३ मदौ १६ गते** पेटमा छुरी हानेर घाइते बनाई फरार भए। उपचारको निम्ति अस्पताल लैजाँदा बाटैमा पीडितको मृत्यु भयो। पीडितकी बहिनीको विषयलाई लिएर उक्त घटना भएको थियो।

भद्रपुर नपा-४ का ६५ वर्षीय मधु चौधरीलाई स्थानीय राम तत्मा दासले **०५३ मदौ २९ गते** मादक पदार्थ सेवन गरी कुटपिट गरे। पीडितको घटनास्थलमै मृत्यु भयो। पीडकलाई थुनामा राखिएको छ।

अनारमनी गाविस-३ का ६३ वर्षीय बुद्धमाया विश्वकर्मालाई **०५३ असोज २८ गते** राती अज्ञात व्यक्तिहरूले टाउकामा बन्चरो प्रयोग गरी हत्या गरे। पीडित जाँड रक्सी व्यापारी थिइन्। उनीसंग धेरै सुन चाँदी भएका कारण चोरी गर्ने उद्देश्यले हत्या गरेको अनुमान गरिएको छ।

बन्चरो प्रहारबाट मारिएकी बुद्धमाया विश्वकर्मा

बाहुनडाँगी गाविस-९ की ५० वर्षीय हर्कमाया तामाङको लाश **०५३ कार्तिक २३ गते** भेटियो। हत्याको आरोपमा स्थानीय मोहनबहादुर बस्नेतलाई प्रहरीले पक्राउ गरी अनुसन्धान गरिरहेको छ।

दुवागडी गाविस-८ की ३२ वर्षीय सन्जु करूवालाई उनकै पति गोपाल करूवाले धारिलो हतियार प्रयोग गरी **०५३ मंसीर ६ गते** राती हत्या गरे। पीडक फरार छन्।

शिवगञ्ज गाविस-९ का ५० वर्षीय पर्शुराम बन्जरा क्षेत्री सतासी गाविसमा पर्ने कन्काई नहरमा **०५३ मंसीर २८ गते** मृत अवस्थामा फेला परे। ईलाका प्रहरी कार्यालय दमकले मानबहादुर विष्ट, प्रेम राई र मित्र रिमाललाई पक्राउ गरी अनुसन्धान गरिरहेको छ। पीडित हत्या हुनु भन्दा अगाडि मानबहादुरसंग रक्सी खाँदै थिए।

१.२ जेल र बन्दीहरु

"ख" श्रेणीको झापा कारागार हाल आएर जीर्ण अवस्थामा रहेको छ। वि.सं. ०२२ सालमा भवन निर्माण भई हालसम्म मर्मतसम्हार नगरिएको कारण जेल भत्कन लागेको छ। वर्षायाममा पानी चुहिएर बस्न गाह्रो परेको कुरा पीडित बन्दीहरूले बताएका छन्। जम्मा बन्दी क्षमता १ सय ७५ जना रहेको यस कारागारमा ०५३ पुस १७ गतेसम्म पुरूष १ सय ८० र महिला १२ गरी १९२ जना थुनुवा तथा कैदी छन्। जेलभित्र अध्ययन गर्ने सुविधा नभएको, शिपमुलक कार्य गर्न नपाएको गुनासो कैदीहरूले गरेका छन्। सामान्य स्वास्थ्य उपचार बाहेक राम्रो ढंगबाट स्वास्थ्य परीक्षणको व्यवस्था छैन। २ जना महिला बन्दीहरू मानसिक रोगबाट पीडित छन्। ४ जना पुरूषहरू पेट दुख्ने बिरामी छन्।

२ जना बन्दीहरू भुपालमान कार्की र बद्री प्रसाईलाई नेकपा (एमाले) ले आस्थाका बन्दीको रूपमा हेर्ने गरेको थाहा भएको छ। आफूलाई ०४५ सालमा तेह्रथुम जिल्लामा तत्कालीन पंचायतका मान्छेहरूले अनेरास्ववियुमा लागेकाले ज्यान मुद्दामा फसाएका हुन् भन्ने तर्क पेश गर्ने भुपालमान कार्कीलाई २० वर्ष जेल सजाय तोकिएको छ भने झापा अर्जुनधारा गाविस-९ का बद्री प्रसाई नरेन्द्र माझीको हत्या गरेको आरोपमा थुनामा परेका हुन्।

१.३ गिरफ्तारी र यातना

नेपाल यातायात बस व्यवसायी महासंघद्वारा गरिएको बन्द कार्यक्रम सफल बनाउन सक्रिय भएका संघका अंचल उपाध्यक्ष नेत्र पोखरेल, सचिव खड्ग दाहाल र चालक राजु खवासलाई **०५२ फागुन १२ गते** प्रहरीले पक्राउ गरी दिनभर थुनामा राखे।

शान्तिनगर गाविस-१ का ३९ वर्षीय राजकुमार जोगीलाई काठ चोरी गरेको आरोपमा ईलाका वन कार्यालय सुरूङ्गाले पक्राउ गरी **०५२ फागुन २४ गते** देखि ०५३ वैशाख ७ गतेसम्म थुनामा राखेर यातना दियो। हाल धरौटीमा छुटेका पीडितले बताए अनुसार लठ्ठीले हानेर उनको शरीर सिथिल बनाइएको थियो। पिठ्यूँमा निला दागहरू देखिन्थे। उनी त्यस दिन फेरी लगाएर आफ्नो घर फर्कदा पक्राउ परेका थिए।

डाँगीबारी गाविस-६ का ३५ वर्षीय नारायण प्रसाद उप्रेती **०५२ चैत १३ गते**को राती सुरूङ्गा प्रहरी कार्यालय भित्र प्रहरी सहायक निरीक्षक अग्नि नेपालको कुटाइबाट बेहोस भए। उनलाई उपचारार्थ तत्कालै काठमाडौं लगिएको थियो। यस घटनामा प्रहरीलाई कार्यवाही हुनुका साथै उपचार खर्च समेत तिराइएको थियो।

अनारमनी गाविस-६ का ३६ वर्षीय गौरीशंकर खड्का, इलाम जिल्ला आम्चोक गाविस घर भई अनारमनी डेरा गरी बस्ने १९ वर्षीय दीपक पौडेल र १८ वर्षीय प्रकाश पौडेललाई माओवादी भएको आरोपमा **०५२ चैत २२ गते** प्रहरीद्वारा पक्राउ गरी २४ दिनसम्म थुनामा राखेर हात हतियार सम्बन्धी झुटा मुद्दा लगाई तारेखमा छोडियो।

दमक नपा-७ का २६ वर्षीय प्रेम लामिछाने (विश्वकर्मा) लाई **०५३ जेठ ११ गते** ईलाका प्रहरी कार्यालय दमकले पक्राउ गरी औंलामा पिन रोपेर यातना दियो। पीडितलाई जिउ मास्ने बेच्ने मुद्दामा पक्राउ गरिएको थियो।

जलथल गाविस-९ का २१ वर्षीय सन्तबहादुर लिम्बुलाई **०५३ जेठ २५ गते** राती ईलाका प्रहरी कार्यालय राजगढका प्रमुख ईन्द्रभक्त सेढाईंले भुँडीमा टेकेर यातना दिए। पीडितलाई दीपेन्द्र गुरूङको हात काटेका कारण पक्राउ गरिएको थियो।

बेलडाँगी भूटानी शरणार्थी शिविर दमकका शरणार्थी ५२ वर्षीय डेगनाथ आचार्यलाई वन सुरक्षागार्ड रामप्रसाद दाहाललाई आक्रमण गरेको आरोपमा **०५३ साउन १० गते** पक्राउ गरी इलाका वन कार्यालय शुरूङ्गामा यातना दिइयो। यातनाका कारण उनको तिघ्रो फुटेको थियो। अहिले उनी धरौटीमा छुटेका छन्।

चारपाने गाविस-३ घर भई शमशेर गंगा टी इस्टेट अनारमनीमा कार्यरत मजदूर २८ वर्षीय नेपाल मुण्डालाई पत्नी कुटेको अभियोगमा

झापा जेलको बाहिरी दृश्य

०५३ भदौ २८ गते ईलाका प्रहरी कार्यालय काकरभिट्टाले पक्राउ गरी ल्याएको अवस्थामा प्रहरी नायव निरीक्षक विधिचन चौधरीले लठ्ठीले हानी निर्मम यातना दिए। पीडितलाई ३ दिन थुनामा राखेर छोडिएको थियो।

भद्रपुर लाईनमा चल्ने भाडाका बसहरूमा कार्यरत मजदूर र विद्यार्थी बीच भएको झगडाका कारण **०५३ असोज ३ देखि ६ गते**सम्म यातायात अवरुद्ध हुन पुग्यो। दुवै पक्षको झगडा साम्य पार्न भनी प्रहरीले लाठी चार्ज गर्दा मजदूर पक्षका ३ र विद्यार्थी पक्षका १ जना घाइते भए।

दमक नपा-११ घर भई कुमरखोद गाविस-७ मा खेती भएका ५३ वर्षीय हरि वानियालाई सोही ठाउँकी एक युवतीले आफूलाई करणी गर्न खोजेको आरोपमा दिएको उजुरीको आधारमा **०५३ मंसीर** ४ **गते**वाट १२ गतेसम्म ईलाका प्रहरी कार्यालय कुमरखोदले पक्राउ गरी राख्यो। उक्त आरोप झुटो भएको बताइन्छ।

बाहुनडाँगी गाविस-९ का २८ वर्षीय मोहन वस्नेनलाई **०५३ मंसीर २३ गते** ईलाका प्रहरी कार्यालय काकरभिट्टाले पक्राउ गरी कडा यातना दियो। उनलाई हर्कमाया तामाङको हत्या गरेको भनी वयान लिदा पिटिएको थियो।

सनासीधाम गाविस-७ का १७ वर्षीय प्रेम राई र मित्र रिमाललाई **०५३ पुस ३ गते** ईलाका प्रहरी कार्यालय दमकले पक्राउ गरी यातना दियो। यातनाका कारण पीडितको पैतालाको छाला सबै उप्किएको थियो। उनीहरूलाई शिवगञ्ज गाविस-९ का पर्शुराम वन्जराको हत्यावारे सोधपुछ गन पक्राउ गरिएको थियो।

अनारमनी गाविस-४ की ३४ वर्षीय विष्णु सुव्वालाई **०५३ पुस ८ गते** ईलाका प्रहरी कार्यालय विर्तामोडका प्रहरी निरीक्षक हेममणि प्रधानले एकपक्षमा लागेर कुरा गरेको आरोपमा लछारपछार पारेर पिटे।

१.४ वेपत्ता पारिएको

जानकारीमा आएन।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

शिवगञ्ज गाविसमा पर्ने श्री भानु माध्यमिक विद्यालय लालझोगमा गलत ढंगवाट नियुक्ति लिएर आएको भन्ने आरोपमा शिक्षकद्वय जिनलाल चौधरी र टिकाप्रसाद घिमिरेलाई विद्यालय हाजिर हुन आएको वेला **०५३ वैशाख ७ गते** स्थानीय गाउँलेहरुले कुटपिट गरे।

भद्रपुर नपा स्थित मेची वहुमुखी क्याम्पसभित्र नेपाल विद्यार्थी संघका कार्यकर्ताहरुले **०५३ असोज १८ गते** क्याम्पस प्रमुख चित्रबहादुर श्रेष्ठ र प्राध्यापक उमानाथ ओली, द्रोण उपाध्याय र रामनाथ वाँस्कोटालाई थुनेर राखे।

तोपगाछी गाविस अध्यक्ष ३८ वर्षीय पदम पौडेललाई मदन आश्रित स्मृति क्याम्पस संचालनमा प्रति विगाहा रू. ५० सहयोग लिने निर्णय गाविसबाट गराएको भन्ने आरोपमा **०५३ कार्तिक ३० गते** ने.का. र राप्रपाका कार्यकर्ताहरूले घर घेर्ने कार्य गर्दै ज्यान मार्ने धम्की दिए। उनीहरूले कार्तिक १५ गते गाविस कार्यालय पनि घेरेका थिए।

यी वाहेक कुटपिटका अन्य १२ वटा घटना भए। तिनमा १२ जना पीडित बने जसमा २ जना महिला छन्।

१.६ थुनामा मृत्यु

कसैको मृत्यु भएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

धुलावारी गाविसमा रहेको नेपाल वैंक लिमिटेडका कर्मचारी ४१ वर्षीय भरत कुमार राजभण्डारीलाई बैंक कर्मचारीहरूको आन्दोलन चल्दै गर्दा धर्ना कार्यक्रममा सामेल भएकै अवस्थामा **०५३ असार ४ गते** विना पूर्जी प्रहरीले गिरफ्तार गऱ्यो। उनलाई वैंक व्यवस्थापनले सेवावाट निस्काशन पनि गरेको थियो। हाल पुनर्वहाली गरियो।

भद्रपुरबाट प्रकाशित हिजोआज दैनिकका सम्पादक ५२ वर्षीय डिल्लीराम निर्भिकलाई भद्रपुर चौकीका प्रहरी पशुपति यादवले **०५३ साउन २ गते** बाटो हिड्दै गर्दा पक्राउ गरी वेइज्जती गरे। यस घटनाको प्रभावले गर्दा त्यसदिन अपरान्ह भद्रपुर वजार वन्द रह्यो। पीडकलाई तत्कालै विभागीय कार्यवाही भएको थियो।

राष्ट्रिय जनतान्त्रिक मोर्चाले आह्वान गरेको **०५३ भदौ २८ गते**को नेपाल वन्द कार्यक्रम सफल बनाउन वजार घुम्दै गरेको अवस्थामा वन्द आह्वान पक्षधर कार्यकर्ताहरू रत्न विक्रम प्यासी, कृष्ण तिवारी, नारायण खतिवडा, पदम सुव्वा र शंकर बस्नेतलाई पक्राउ गरी एकरात हिरासतमा राखियो।

जंगबहादुरका पालामा गाडिएका नेपाल भारत सीमा विन्दुभन्दा ९०० मिटर पश्चिममा गाडिएका नयाँ पिलरहरूका कारण झापाको मेची सीमाक्षेत्र निकै चर्चित हुन पुग्यो। धेरै संघ संस्था र मानवअधिकारवादीहरुले नेपाल सरकार समक्ष उक्त पिलर किन गाडिएको हो भन्दै आवाज उठाउँदा पनि सम्बन्धित क्षेत्रबाट सही सूचना प्रवाह गर्ने काम भएन। यदि नयाँ पिलरहरूलाई नै आधार मान्ने हो भने करीव २ हजार विगाहा जमिन भारतमा पर्दछ।

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

जानकारीमा आएन।

२.४ सरुवा / घटुवा / पक्षपात आदि

जानकारीमा आएन।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

चन्द्रगढी गाविस-२ का ६० वर्षीय वुदराई सतार र रामकुमार सतारको घर **०५३ वैशाख ८ गते** जिल्ला प्रहरी कार्यालयबाट आएका प्रहरीहरूले भत्काए। उक्त ठाउँको जग्गा अर्जुनधारा निवासी नरेन्द्रनाथ वाँस्तोलाले अदालतबाट मुद्दा जिती हक कायम गरेका हुन् भनेर छुट्याउन त्यसो गरिएको थियो।

राजगढ गाविस-४ का ४३ वर्षीय हिस्तु राजवंसीलाई उनले मोहीको रूपमा कमाउँदै आएको २ विगाहा जमिनबाट हटाउन जग्गाधनी वंशीया राजवंशी र उनका परिवारले **०५३ जेठ ३० गते** हलो जुवा काटेर पीडितलाई कुटपिट गरे।

महारानीझोडा गाविस-४ का ४९ वर्षीय धनबहादुर घतानीलाई **०५३ साउन १३ गते** स्थानीय राम विमली र सन्तोष विमलीले ४ विगहा जमिन हाम्रो हो भन्दै खेती गर्न दिएनन्। पीडितले उक्त जग्गा ०२२

सालदेखि भोग गर्दै आएका थिए।

गौरीगञ्ज गाविस-८ का दीपक श्रेष्ठले सोही ठाउँमा पर्ने ७ विगाहा जग्गामा बसोबास गर्ने ११ घर सुकुम्बासीहरूलाई **०५३ मंसीर १९ गते** जग्गा प्रयोग गर्न दिएनन्। पीडितहरू उक्त जग्गामा लामो समयदेखि बसोबास गर्दै आएका थिए।

बुधवारे गाविस-७ मा पर्ने डेढ विगाहा ऐलानी जग्गामा बसोवास गर्ने तीर्थबहादुर राईलाई सोही ठाउँका नन्दलाल दुलालले जग्गाबाट हटाउन घर भत्काउने र कुटपिट गर्ने कार्य गरे।

यस जिल्लामा सुकुम्बासी आयोगद्वारा विगत एमाले सरकारको कार्यकालमा वितरण गरिएका ६ हजार जग्गा धनी प्रमाणपूर्जाको हाल आएर मालपोत बुझिएको छैन।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

काँकरभिट्टा गाविस-८ की १९ वर्षीय टीका दाहाललाई ०५२ असोज ८ गते मकवानपुर जिल्ला घर बताउने राजेश पाठक नामको युवकले बम्बईमा पुऱ्याए। पीडित **०५२ फागुन १९ गते** घर फर्केर आइन्। पीडक फरार छन्।

सतासीधाम गाविस-२ की ११ वर्षीय एक वालिकालाई **०५२ चैत २ गते** सोही ठाउँका लालबहादुर लिम्बुले बलात्कार गरे। पीडक थुनामा छन्।

सताशीधाम गाविस-७ की २५ वर्षीय लक्ष्मी भित्रीकोटीलाई सोही ठाउँका चन्द्रबहादुर थापाले **०५२ चैत ५ गते** घरबाट भारतको सिलीगुडी लगेर विक्री गरे। पीडक फरार छन्।

काँकरभिट्टा गाविस-८ की ४ वर्षीय एक वालिकालाई सोही ठाउँका ४० वर्षीय गोपाल स्ववासले **०५२ चैत १८ गते** राती बलात्कार गरी सस्त घाइते बनाए। पीडकलाई अदालतबाट १० वर्ष जेल सजाय तोकिएको छ।

दमक नपा-७ की १९ वर्षीय दुर्गा ढकाललाई ०५० सालमा सोही ठाउँका प्रेम लामिछानेले भारत बम्बईमा विक्री गरेको कुरा पीडित घर फर्केर आएपछि **०५३ जेठ ११ गते** थाहा भयो। त्यसपछि पक्राउ परेका पीडकलाई कानूनी कारवाही चलाइएको छ।

तोपगाछी गाविस-५ की प्रेम कुमारी मुखिया २० वर्षीय अमृता राई र २१ वर्षीय रूपा मुखियालाई सोही ठाउँका मणिकुमार नेम्वाङ्गले ०४९ कार्तिक ११ गते बम्बईमा विक्री गरेको कुरा अमृता र प्रेम कुमारी **०५३ जेठ १४ गते** घर फर्केर आएपछि थाहा भयो। रूपाको भने बम्बईमा नै मृत्यु भयो। पीडक फरार रहेका छन्।

अनारमनी गाविस-४ की १८ वर्षीय युवती नेपाल राजवंशी **०५३ वैशाख ५ गते**बाट वेपत्ता भएकी छन्। उनलाई कसैले बम्बई पुऱ्याएको आशंका गरिएको छ।

गोलधाप गाविस-२ का भुपेन्द्र लिङ्देन र अनारमनी गाविस-८ का इन्द्रनारायण शाहले कन्काई क्याम्पसमा अध्ययनरत २१ वर्षीय दीपा राईलाई **०५३ असार २७ गते** अपहरण गर्न खोजेका थिए। पक्राउ परेका पीडकहरू धरौटी तिर्न नसकेर थुनामा रहेका छन्।

पृथ्वीनगर गाविस-९ की ११ वर्षीय एक वालिकालाई स्थानीय ५२ वर्षीय शिवशंकर रेग्मीले **०५३ साउन ३२ गते** बलात्कार गर्ने कोसिस गरे। पीडक हाल पुर्पक्षका लागि थुनामा छन्।

पाँचगाछी गाविस-९ की ११ वर्षीय एक वालिकालाई सोही ठाउँका कमल ओलीले **०५३ भदौ १८ गते** राती बलात्कार गरे। पीडकलाई थुनामा राखिएको छ।

दोलखा जिल्ला चरिकोट घर भएकी १७ वर्षीय पवित्रा कार्की, १६ वर्षीय माया तामाङ तथा काठमाडौं बुढानीलकण्ठकी १६ वर्षीय सरिता श्रेष्ठ र पार्वती के.सी.लाई गोरखा जिल्लाका कृष्ण श्रेष्ठ र धादिङ जिल्लाका अजय के.सी.ले भारततर्फ विक्री गर्न लैजादै गर्दा **०५३ भदौ २८ गते** इलाका प्रहरी कार्यालय काँकरभिट्टाले पक्राउ गरी पीडितहरूलाई आ-आफ्नो घर फर्काई पीडकलाई पुर्पक्षका लागि थुनामा राखेको छ।

काँकरभिट्टा गाविस-१ की १७ वर्षीय लता राजवंशीलाई **०५३ असोज ६ गते** ४ जना अपरिचित युवाहरूले अपहरण गरी भारत सिलिगुडी खालपाडा वेश्यालयमा लगी विक्री गरे। २०५३ असोज २१ गते उनी भागेर नेपाल आएकी छिन्।

बुधवारे गाविस-६ का १५ र १२ वर्षीय दुई वालिकालाई **०५३ कार्तिक ७ गते** दुवागढी गाविस-४ का १९ वर्षीय विक्रम क्षेत्री लगायत अन्य ४ जनाले बलात्कार गर्न खोजेको आरोपमा प्रहरीले पीडकलाई पक्राउ गऱ्यो।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

पृथ्वीनगर गाविस-२ का नारायण लुइँटेलले घरमा १ छोरी र पत्नी हुँदाहुँदै मोरङ राजघाटकी कमला पाण्डेसंग ०५३ जेठ १६ गते बहुविवाह गरे।

४.३ गर्भपतन

शान्तिनगर गाविस-१ की १९ वर्षीय मनमाया राईले ४ महिनाको गर्भ **०५२ माघ २८ गते** पतन गराएका कारण प्रहरीले पक्राउ गऱ्यो। हाल उनी धरौटीमा छुटेकी छन्।

अनारमनी गाविस- १ की १८ वर्षीय सरस्वती सुन्दासले सुरुङ्गा गाविस-३ का टंक श्रेष्ठसंगको यौन सम्पर्कबाट ७ महिने बच्चा जन्माई **०५३ जेठ ७ गते** नवजात शिशुलाई खाल्डोमा पुरिन्। दुवैजनालाई पक्राउ गरी अदालतमा बुझाउँदा टंक श्रेष्ठलाई धरौटीमा छोडियो तर सरस्वती

कुटपिटबाट घाइते लोकनाथ नेपाल

सुन्दासलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

यस वाहेक यो वर्ष दुई नवजात शिशु गर्भपतन गराई फालेको अवस्थामा फेला परे।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

घैलाड्व्वा गाविस-१ मा पर्ने विरिङ खोलाको किनारमा ०५३ वैशाख १० गते हत्या गरेर फालेको वेवारिसे अवस्थामा एक वच्चाको लाश फेला पर्यो।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

नेपाल चिया वगान श्रमिक संघ र केही मजदूरहरूले तलव वृद्धिको विषयलाई लिएर **०५३ असार ३० गते**वाट साउन ३ गतेसम्म अनशन वसे। त्यसपछि उनीहरुका माग पूरा भएका थिए।

चन्द्रगढी गाविस-२ मा पर्ने चिया वगानका मजदूरहरूले पारिश्रमिक वढाउनु पर्ने माग राख्दै **०५३ मंसीर** महिना भरी काम वन्द गरे।

भद्रपुर नपामा रहेको मोमेन्टो एपरेल्स गार्मेण्ट उद्योग संचालन भएदेखि यहाँ हालसम्म कुनै पनि कामदारहरूलाई श्रम नियम अनुसार नियुक्ति पत्र नदिनाले गर्दा **०५३ पुस १५ गते**देखि सवै महिला कामदारहरू आन्दोलनमा उत्रिएका थिए।

यस्तै यो वर्ष नक्कलवन्दा टि. इस्टेटका मजदूरहरूले पनि व्यवस्थापन पक्षवाट भेदभावपूर्ण व्यवहार भएको भनी पटक-पटक काम वन्द गरे।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

झापा जिल्लामा परापूर्व कालदेखि वसोवास गर्दै आएका आदिवासी मूलका सतार जातिहरू नागरिकता प्राप्त गर्न नसकेर मतदानवाट वंचित भएका छन्। हाल झापा जिल्लामा सतार जातिको संख्या १९, ०४९ रहेको छ।

शिवगंज गाविस-८ मा वसोवास गर्ने १० घरका ३८ जना सतार मूलका मान्छेहरूलाई स्थानीय शिव राजवंशीले बाँधा हलिया सरह राखेका कारण वन्धनभित्र परेका छन्।

७.२ अन्य अमानवीय व्यवहारहरु / छुवाछूत समेत

धाईजन गाविस-२ की २१ वर्षीय पार्वता खरेल र २२ वर्षीय रमेश महरा दर्जी वीच भएको प्रेम विवाह पार्वताका आफन्तलाई स्वीकार्य नभई **०५३ जेठ ७ गते**वाट छुटाई मोरङ सलकपुरमा राखेका छन्।

अनारमनी गाविस-१ की २२ वर्षीय कविता मुर्मु सतारलाई विवाह गर्दछु भन्ने प्रलोभन देखाएर गर्भ धारणा गराउने भीम चौधरीले उत्पीडित जाती भएकै कारण पीडितलाई स्वीकार नगरी **०५३ कार्तिक १७ गते**वाट फरार रहेका छन्।

शान्तिनगर गाविस-५ की २२ वर्षीय पवित्रा देवी खतिवडा र दीपक विश्वकर्मा वीच भएको प्रेम विवाहमा केटी पक्षधरहरूले छुटाउने प्रयत्न गरेपछि पीडितहरू त्यहाँ वस्न नसकेर भागेका छन्।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

मेची सीमा विवाद वारे जनतालाई सही सूचना प्रदान गर्न मानवअधिकार वातावरण र सामुदायिक विकास केन्द्र (हुरेक्ड) ले **०५३ साउन १२ गते** प्रेस वक्तव्य प्रकाशित गर्यो। त्यसैगरी अनेरास्ववियु मेची क्याम्पस प्रा.क.ले पनि ०५३ साउन १४ गते वक्तव्य प्रकाशित गरेको थियो।

९. अतिरिक्त जानकारीहरु (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

वालुवारी गाविस-१ की १७ वर्षीय लीला कुमारी राजवंशीलाई ०५३ असार १९ गते गलत ढंगवाट ज्वरोको इन्जेक्सन दिएका कारण मृत्यु भयो। पीडक स्वास्थ्य प्राविधिक भारत विहार इस्लामपुर निवासी हेमन्त शाहलाई प्रहरीले खोज गर्न थाले पछि उनी फरार भएका थिए।

ट्राफिक दुर्घटनावाट २१ जनाको मृत्यु भयो। मृत्यु हुनेहरुमा ३ वर्षदेखि ८१ वर्षसम्मका रहेका छन्। जसमा ७ जना महिला र १४ जना पुरूष छन्।

वाढीमा परी ३ जना नागरिकको मृत्यु भयो ०५३ वैशाख महिनामा आएको हुरीबतासका कारण १७ जनाको मृत्यु भयो। वाढीले १०३१ हेक्टर जमिन कटान गर्नुका साथै ४४६ हेक्टर धान वाली नोक्सान गर्यो। आगलागीका २३ वटा घटना भए।

हात्तीको आक्रमणवाट १ जना र सर्पको टोकाईवाट ७ जनाको मृत्यु भयो। त्यस्तै रेविज रोगका कारण ४ जनाको मृत्यु भयो।

आत्महत्यावाट ६७ जनाको मृत्यु भयो। जसमा पुरूष ३८ र महिला २९ जना रहेका छन्।

लागू औषधसंग सम्बन्धित २७ वटा मुद्दा परे। जसमा २१ जना पक्राउ परेका थिए भने १०७ वटा चोरी तथा डकैतीसंग सम्बन्धित घटनाहरू देखिए। जसमा चौपाया ८७ थान चोरी भएको पाइयो।

■



१. पूर्वाञ्चल

मेची

१.२ इलाम

जनसंख्या : २२९२१४
साक्षरता : ५२.३ प्रतिशत
महिला साक्षरता : ३८.८ प्रतिशत
क्षेत्रफल : १७०३ वर्ग कि.मी.
गाविस/नपा : ४७/१
निर्वाचन क्षेत्र : ३
विद्यालय/क्याम्पस : ३६४/१
अस्पताल/स्वास्थ्य चौकी: १/३७
टेलिफोन लाइन : २६२
सडक (कि.मि.) : १६१
प्रहरी कार्यालय : २८

यस जिल्लामा वहुदलीय व्यवस्थाको स्थापना भए पश्चात राज्य स्तरबाट हुने मानवअधिकार उल्लंघनका घटनाहरूमा कमी आएको पाइन्छ। तर पनि जेलमा बन्दीहरूको अवस्था भने जस्ताको तस्तै रहेको छ। विभिन्न घटनामा पक्राउ परी हिरासतमा राखिएका व्यक्तिहरूमाथि यातना दिने र उनीहरूमाथि हुने दुर्व्यवहारमा क्रमिक रूपमा कमी आएको छ। यस जिल्लामा जनस्तरबाट हुने मानवअधिकार उल्लंघनका घटनाहरू भने ०४६ सालपछि ०४९ सालसम्म अत्यन्तै बढी भए। विभिन्न रूपमा राजनीतिक विचारमा विभाजित जनसमुदायहरू राजनीतिक प्रतिशोधका कारण एक आपसमा लडाइँ झगडा गर्ने मात्र हैन हत्यासम्म गर्ने स्थितिमा पुगेका देखिन्छन्। ०४९ साल देखि यता हालसम्म जनस्तरबाट हुने मानवअधिकार हननको स्थितिमा केही सुधार आएको पाइन्छ।

१. सम्मानित रुपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

संखुवासभा जिल्ला नुम गाविस-४ घर भई भारतको दार्जलिङ्ग मिलन बस्ती भन्ने ठाउँमा डेरा गरी बस्ने २२ वर्षीय कमल राईलाई इलाम जिल्ला माइमजुवा गाविस-३ का ३४ वर्षीय मदन भन्ने शेरबहादुर राई र श्रीधन राईले सामान्य निहुँमा **०५३ वैशाख २० गते** छुरी प्रहार गरी हत्या गरे। पीडकहरू थुनामा छन्।

इलाम जिल्ला प्रहरी कार्यालयका हवल्दार ३६ वर्षीय नन्दकुमार राईलाई **०५३ साउन १ गते** राती गस्तीमा हिडिरहेका अवस्थामा इलाम नगरपालिका-२ का १९ वर्षीय छेतेन सेर्पाले छुरी प्रहार गरी हत्या गरे। उनीहरू बीच उक्त दिन होटलमा सामान्य विवाद भएको थियो। पीडक छेतेन सेर्पा र पीडककी आमा दावाफुरी सेर्पालाई कानूनी कार्वाही चलाई इलाम जेलमा राखिएको छ।

कन्याम गाविस-९ की ४० वर्षीय रत्नकुमारी राई **०५३ साउन १० गते** अज्ञात व्यक्तिद्वारा हत्या गरी फालिएको अवस्थामा फेला परिन्। मृतकको टाउकोमा चोट लागेको थियो। पीडित नेपाली कांग्रेसकी सक्रिय सदस्य थिइन्। उक्त घटनाको आशंकामा पक्राउ परेका पोमसिंह लाप्चा, वीरमान लाप्चा, भुवनसिंह लाप्चा, डिल्ली लाप्चा र रत्नबहादुर राईलाई पुर्पक्षको लागि थुनामा राखिएको छ। उनीहरू आफूले हत्या नगरेको दावी गरिरहेका छन्।

पंचकन्या गाविस-७ का २५ वर्षीय शुक्रबहादुर लिम्बुलाई **०५३ साउन १३ गते** सोही ठाउँका केशरबहादुर दर्जीले कुटपिट गरे। पीडित लिम्बुको ०५३ साउन १५ गते मृत्यु भयो। पीडकलाई थुनामा राखिएको छ।

इलाम नपा-६ का ३२ वर्षीय प्रेमबहादुर आचार्यको लाश **०५३ कार्तिक ९ गते** घरको तलामाथि फेला पर्‍यो। मृतकको टाउकोमा ठूलो चोट लागेको थियो। स्थानीय वासिन्दाहरू हत्या कै अनुमान गर्दछन् तर कसबाट हत्या भएको हो पत्ता लाग्न सकेको छैन।

१.२ जेल र बन्दीहरु

यहाँ "ग" श्रेणीको एक कारागार छ। ५० जना पुरूष र ५ जना महिला गरी कूल ५५ जनाको क्षमता भए पनि हाल ७५ जना पुरूष र ५ जना महिला गरी कूल ८० जना बन्दीहरू रहेका छन्। यी बाहेक १ जना आश्रित बालिका पनि रहेकी छिन्। कारागारमा वर्षको बीचतिर १०२ जना सम्म बन्दीहरू रहेको पनि पाइयो। यसरी क्षमताभन्दा झण्डै दोब्बर बढी संख्या रहँदै आएकोले जेलको साधन र स्रोत बन्दीहरूको लागि अपर्याप्त देखिन्छ। इलाम जेलमा खानेपानी र उज्यालोको व्यवस्था त छ, तर बन्दी गृह अगाडि नै धारो भएकोले वर्षायाममा बन्दीहरू सुत्ने कोठा निकै चिसो हुने गर्दछ। बन्दीहरूका लागि ४ वटा चर्पीहरूको व्यवस्था भए पनि ८० देखि १०२ जना सम्मका

लागि यो पर्याप्त छैन। जेलको क्षमता अनुसार ५५ जनालाई मात्र उपचार खर्च आउने गरेको छ।

जेलमा बन्दीहरूलाई कुनै सिपमूलक तालिम दिइएको छैन। जेलमा बन्दीहरूको लागि पत्रपत्रिका, खेलकूदका सामाग्री इत्यादि सुविधाहरूको कुनै व्यवस्था छैन। वहुदलीय व्यवस्थाको स्थापना पश्चात पनि जेल सुधारमा कुनै चासो नदेखाएकोमा बन्दीहरू आश्चर्य प्रकट गर्दछन्। बन्दीहरूको उपयुक्त स्वास्थोपचारको व्यवस्था गरिनु पर्ने, कारागारमा कसैलाई यातना दिन नहुने, यातना दिनेहरूमाथि उचित कार्वाही गरिनु पर्ने, बन्दीहरूप्रति गरिने भेदभाव हटाइनु पर्ने, उनीहरूले पाउनु पर्ने जति सुविधाससम्मान उपभोग गर्न पाउनु पर्ने, कानून बमोजिम अदालतमा पेश हुन पाउनु पर्ने आदि मागहरू बन्दीहरूले उठाएका छन्। यसै क्रममा बन्दीहरू पासाङ घिसिङ र विधर मुखिया, नरेन सुब्बा, सुरेन सुन्दास, इन्द्र लामा र चन्द्र अधिकारीले २६ महिनासम्म आफ्नो मुद्दाको सुनुवाई नभएकोले सुनुवाईको माग गर्दै कार्तिक १७-१९ सम्म आमरण अनशन समेत बसेका थिए। जेलका बन्दीहरू जेललाई सुधार गृहको रूपमा व्यवस्थित गर्नु पर्ने, बन्दीहरूप्रति उचित मानवीय आचरण निर्माणको निम्ति शिक्षा दिई असल नागरिक बनाएर समाजमा फर्काउनु पर्ने धारणा व्यक्त गर्दछन्।

१.३ गिरफ्तारी र यातना

शान्तिपुर गाविस-७ का २२ वर्षीय चन्द्रबहादुर निरौला र १५ वर्षीय अम्बिका प्रसाद विमलीलाई **०५३ वैशाख ४ गते** सोही गाविसको खारखोला भन्ने सार्वजनिक जंगलमा काठ काटेको आरोपमा वन पालेले पक्राउ गरी अमानवीय यातना दियो। चन्द्रको हातमा भाटाले हिर्काएर एउटा हात नचल्नुको साथै टाउकोमा चोट लागेको थियो। पीडितहरूलाई वनको हिरासतमा राखिएको थियो।

इलाम नपा-२ का छेतेन सेर्पा र उनकी आमा दावाफूरी सेर्पालाई **०५३ साउन १ गते** इलाम जिल्ला प्रहरी कार्यालयले पक्राउ गऱ्यो। प्रहरी हवल्दार नन्दकुमार राईलाई छुरी हानी हत्या गरेको आरोपमा गिरफ्तार गरी



इलाम कारागार

छुरी प्रहारबाट मारिएका प्रहरी हवल्दार नन्दकुमार राई

जिल्ला प्रहरी कार्यालयको हिरासतमा अमानवीय यातना दिइएको थियो। पीडित छेतेन सेर्पाको भनाइ अनुसार ४ दिनसम्म खाना खान दिइएन, एउटा अण्डरवियर मात्र लगाउन लगाएर चिसो सिमेन्टमा लडाइयो। चौविसै घण्टा खुट्टामा बाँधेर राखेको, जथाभावी बुटले हिर्काएको राती सुत्न नदिएको, हिरासतमा बसुन्जेल कसैसंग भेटघाट गर्न नदिएको भनी बताउँछन्। उनकी आमा दावाफूरीलाई समेत प्रहरीले चर्पि जाँदा कुटपिट गरेको, रातभर खुट्टामा बाँधेर डोरीले तन्काई बारको रडमा माथितिर बाँधी दिएको बताएका छन्। प्रहरी किशोर अधिकारीले सबैभन्दा बढी यातना दिएका थिए भन्ने उनीहरूको भनाई छ।

१.४ वेपत्ता पारिएको

जानकारीमा आएन।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

जिल्ला अस्पतालका मेडिकल सुपरिटेण्डेन्ट ४५ वर्षीय डा. बाबुलाल शाहलाई **०५२ माघ १० गते** कार्यालयमा आन्तरिक छलफल हुँदै गर्दा जनस्वास्थ्य कार्यालयका लेखापाल मनमोहन पोखेल, जनस्वास्थ्य कार्यालय विकास सम्बन्धी लेखापाल भीमसेन अधिकारी, अहेव भनक बस्नेत, एक्सरे प्राविधिक ईश्वर कार्की, परिवार नियोजन सहायक बलबहादुर बस्नेत तथा तालिम सहायक तेजबहादुर तुम्बाहाम्फेले सेतो इनामेल दली दिए। डा. बाबुलाल शाह आत्म सुरक्षाको लागि भागेर स्नानगृहमा पसी ढोका बन्द गरे। पीडितले स्नानगृहबाटै कराउँदा प्रहरी निरीक्षकद्वय जानकी भट्टराई र जनक खत्रीले पीडकहरूलाई पक्राउ गरी हिरासतमा लिए भने डा. बाबुलाल शाह इलामबाट सरूवा भए। यी बाहेक कुटपिट र ज्यान मार्ने धम्कीका अन्य ३ वटा घटनामा ३ जना पीडित बने।

प्ररायुसंघ इलामका अध्यक्ष ३३ वर्षीय गोपाल नेपाललाई **०५३ मंसीर ९ गते** गैरसरकारी संस्थाले आयोजना गरेको नेतृत्व विकास तालिम समाप्त गरी घर

फर्कंदै गर्दा धोविधारा भन्ने ठाउँमा ४ जना अपरिचित व्यक्तिहरूले एक्कासी कुटपिट गरी साथमा रहेको रू. ४ हजार १ सय ३५ र केही महत्वपूर्ण कागजातहरू समेत लुटेर लगे।

१.६ थुनामा मृत्यु

थुनामा मृत्यु भएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

०४९ सालको स्थानीय निर्वाचनमा नेकपा (एमाले) का साङगुम्बा गाविस अध्यक्षका उम्मेदवार चक्रबहादुर लिङदेनले मत गणनामा धाँधली भयो भनी जिल्ला अदालत इलाममा रिट निवेदन दिएका थिए। **०५३ असार १६ गते** अदालतले लिङदेनले चुनाव जितेको भन्ने फैसला दियो। केही ने.का. समर्थक व्यक्तिहरू फैसलाको विरूद्धमा लागे र शपथग्रहण गराउन दिएनन्। मुद्दा जितेपछि लिङदेनले जिविसमा खाता संचालनको लागि माग गरे तर दिइएन। त्यसपछि नेकपा (एमाले) जिल्ला कमिटीका प्रतिनिधिहरू स्थानीय विकास अधिकारी समक्ष गए। स्थानीय विकास अधिकारी रूद्र पौड्यालले लिङदेनलाई खाता संचालनको अधिकार दिए। तर जिविस सभापति हरि खनालले कानूनी एवं प्रक्रियागत रूपले गाविस अध्यक्ष नभै खाता संचालनमा रोक लगाए। त्यसपछि जिविसको बैठकद्वारा हरि खनालको निर्णयलाई अनुमोदन गरियो। अदालतले गरेको फैसलाको विरूद्ध जिविसले निर्णय गऱ्यो भनी लिङदेनले पुनः जिल्ला अदालतमा मानहानीको निवेदन दिएका छन्।

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

खुकरी प्रहारबाट घाइते लोकमाया थेबे

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

यस जिल्लामा पुनरावेदन अदालत र जिल्ला अदालत गरी २ वटा न्यायिक निकायहरू रहेका छन्। यो वर्ष इलाम जिल्ला अदालतमा दुनियावादी फौजदारी सम्बन्धी २०८, सरकारवादी फौजदारी ६४, देवानी २१७ वटा मुद्दा दायर भए भने दुनियावादी फौजदारी २१९ वटा सरकारवादी फौजदारी ४२ वटा र देवानी १६१ वटा मुद्दा फर्स्यौट भए। यसैगरी पुनरावेदन अदालत इलाममा देवानी ४१२, फौजदारी २४५ वटा मुद्दा दायर भए भने देवानी ३४६, फौजदारी २२६ वटा मुद्दा फर्स्यौट भए। जिल्लामा न्यायालय प्रतिको आम जनधारणा सकारात्मक नै पाइन्छ। तर कतिपय गुनासाहरू पनि सुन्न पाइन्छ। पुर्पक्षका लागि थुनामा राखिएका बन्दीहरू भने न्यायालयको ढिलासुस्ती प्रति गुनासो व्यक्त गर्दछन्।

२.४ सरुवा / घटुवा / पक्षपात आदि

जानकारीमा आएन।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

जानकारीमा आएन।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित महिला भएकै कारणले दिइने यातना

बाँफो गाविस-१ की १६ वर्षीय विष्णुमाया कोइराला, १५ वर्षीय विना दर्जी, १५ वर्षीय कमला सुब्बा १६ वर्षीय मतिमाया लिम्बु र १७ वर्षीय मनिता सुब्बालाई **०५३ मदी १६ गते** सोही ठाउँका २७ वर्षीय ललितबहादुर दर्जी, २५ वर्षीय सन्तोष धिमाल र १७ वर्षीय रामकुमारी धिमालले बम्बैमा लगी रू. १५ सयको तलव पाउने काममा लगाई दिन्छौं भन्ने प्रलोभन देखाई बेच्न लैजाँदै गर्दा विष्णुमाया कोइरालाका दाजु देवीप्रसाद कोइरालाले उर्लावारी बस बिसौनीमा भेट्टाई फर्काए। पीडकहरू तीनै जनालाई तत्काल पक्राउ गरी जिउ मास्ने बेच्ने ऐन अन्तर्गत मुद्दा चलाई इलाम जेलमा पुर्पक्षका लागि थुनामा राखिएको छ।

नाम्सालिङ-८ की १५ वर्षीय एक वालिकालाई नाम्सालिङ गाविस-८ का १९ वर्षीय राजेश देवान र झापा, गरामुनीका २५ वर्षीय सुरेश देवानले **०५३ कार्तिक १० गते** बलात्कार गरे। पीडित इलाम अस्पतालमा उपचार गराई घर फर्किन्। पीडकहरू दुवै फरार छन्।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

जानकारीमा आएन।

४.३ गर्भपतन

प्याङ गाविस-७ घर भई नयाँ बजार ८ मा पसल गरी बस्ने २२ वर्षीय आशमाया राईले **०५३ वैशाख २१ गते** नया बजार प्रहरी चौकीका प्रहरी जवान मनबहादुर श्रेष्ठसंगको यौन सम्पर्कबाट बच्चा जन्माई आफ्नै कोठामा हत्या गरिन्। पीडक थुनामा छिन्।

नाम्सालिङ गाविस-४ की २४ वर्षीय मेनुका नेपालले **०५३ जेठ २६ गते** सोही ठाउँका २२ वर्षीय भोला लिम्बुको

अवैध गर्भबाट बच्चा जन्मेपछि आफ्नै घरको कोठामा हत्या गरिन। पीडकलाई थुनामा राखिएको छ।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

जानकारीमा आएन।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

जानकारीमा आएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहारहरु / छुवाछूत समेत

जमुना गाविस-२ की मानसिक रोगी २३ वर्षीय पूर्णमाया गुरूङलाई सोही ठाउँका मेहेरमान गुरूङले **०५३ जेठ ९ गते** रोग निको पार्छु भनी चिन्ता बस्दा विरामीको जिउमा बोक्सी चढेको छ, त्यस्ता बोक्सीलाई कुटपिट गर्नु पर्छ, काट्नु पर्छ भनेर विमारीलाई कुटपिट गर्नुका साथै बोक्सी काटेको भनी विरामीको घुँडामा खुकुरीले काटी घाइते समेत बनाए। यसो गर्नमा विरामीका दाजुको समेत सहमति थियो। कुटपिट भैसकेपछि बहिनीको अवस्था चिन्ताजनक देखी पुनः उही दाजुले नै प्रहरी चौकीमा उजुरी गरे। तर गाविस र विभिन्न पार्टी प्रतिनिधिहरूले धामीलाई कार्यवाही गर्न नदिई उपचार खर्च बोकाई झगडा मिलाइ दिएका छन्।

खुकुरी प्रहारबाट घाइते मनोज बुढाथोकी

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

जानकारीमा आएन।

९. अतिरिक्त जानकारीहरु (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

ट्राफिक दूर्घटनाबाट ५ जना, पानीमा डुबेर ३ जना गरी जम्मा ८ जनाको मृत्यु भयो। बाढी पहिरोमा परी ३ जनाको मृत्यु भयो भने लडेर ४ जना मरे। यो वर्ष झुण्डिएर १० जना, विष सेवन गरेर २ जना र सेरिएर १ जना गरी जम्मा १३ जनाले आत्महत्या गरे। २ वटा चोरी र एउटा ठगीको घटना जानकारीमा आए।

■



१. पूर्वाञ्चल

मेची

१.३ पाँचथर

जनसंख्या : १७५२०६
साक्षरता : ४३.०६ प्रतिशत
महिला साक्षरता : २६.०६ प्रतिशत
क्षेत्रफल : १२४१ वर्ग कि.मी.
गाविस/नपा : ४५/०
निर्वाचन क्षेत्र : २
विद्यालय/क्याम्पस : २९०/०
अस्पताल/स्वास्थ्य चौकी: १/३५
टेलिफोन लाइन : १०९
सडक (कि.मि.) : ९१
प्रहरी कार्यालय : २७

नेपालको सुदूर पूर्वी पहाडी जिल्लामा पर्ने यो जिल्लामा विगत वर्षहरूको तुलनामा मानवअधिकार उल्लंघनका घटनाहरू कम हुँदै गएको छ। सन् १९९२ र १९९३ मा हिरासतमा यातनाका घटना २-२ वटा भएका थिए। सन् १९९३ मा ३ वटा भए पनि यस वर्ष त्यस्तो घटना एउटा मात्र भयो। त्यस्तै अन्य अपराधिक तथा घरायसी हिंसाका घटनाहरूमा पनि कमी आएको छ। जिल्लामा केही वर्ष यता मानवअधिकार सम्बन्धमा शिक्षा र प्रचारमा पनि वृद्धि भएको छ। अधिकांश लिम्बु जातिको बसोबास रहेको यस जिल्लाको मुख्य पेशा कृषि हो। गरीबी र अशिक्षाका कारण यस जिल्लामा मानवअधिकार विरोधी विभिन्न अन्ध परम्परा, जातीय छुवाछूत जस्तो कुप्रथा पनि रहेको छ।

१. सम्मानित रुपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

फिदिम गाविस-६ का केशव तुम्बाम्फोकी पत्नी मिनिमाया तुम्वाम्फोले **०५३ भदौ १३ गते** मलाई मार्न मन लाग्यो भनी आफ्नै २ महिनाको बच्चालाई हत्या गरिन्। उनको मानसिक स्थिति ठीक नभएको बताइन्छ।

फिदिम गाविस-५ का ३५ वर्षीय दलबहादुर श्रेष्ठ र उनकी पत्नी ३६ वर्षीय संगीता श्रेष्ठलाई **०५३ कार्तिक १ गते** रातको ९ बजे आफ्नै भाइ तथा देवर टिकाराम श्रेष्ठ, रामकुमार श्रेष्ठ र टेकबहादुर श्रेष्ठले १८ हजारको लोभमा हत्या गरे। पीडकहरूलाई प्रहरीले पक्राउ गऱ्यो।

१.२ जेल र बन्दीहरु

जेलको भौतिक अवस्था जीर्ण रहेको छ। यो जेलको क्षमता १५ जनाको हो। जेलमा महिलाको लागि २ वटा कोठा र पुरुषका लागि ४ वटा कोठा छन्। थुनुवा संख्या १० मध्ये २ महिला र ८ जना पुरूष तथा ५ जना कैदी गरी जम्मा १५ जना बन्दी यस कारागारमा रहेका छन्।

१.३ गिरफ्तारी र यातना

चोकमागु गाविस-९ का २२ वर्षीय इन्द्रबहादुर तामाङलाई **०५३ भदौ १२ गते** पूर्णिमा बजारमा दधिराम तामाङलाई कुटपिट गरेको आरोपमा विना पूर्जी गिरफ्तार गरियो।

१.४ वेपत्ता पारिएको

फिदिम गाविस-१ का चक्र सेढाईको छोरा ९ वर्षीय योगराज सेढाईलाई **०५३ असार ३ गते** विहान ६ बजे ताप्लेजुङ्ग आङखोप-४ का ३४ वर्षीय रूद्रप्रसाद ओलीले छलकपट गरी २० दिनसम्म वेपत्ता पारे। यस अतिरिक्त अन्य उल्लेख्य घटना पाइएन।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

प्राङ्गवुङ्ग गाविस-४ की ३३ वर्षीय सविता विश्वकर्मालाई **०५३ जेठ ६ गते** आफ्नै पति ३४ वर्षीय देउकुमार विश्वकर्मालें पेटमा छुरी प्रहार गरी घाइते बनाए। भात पस्किने कुरामा विवाद हुँदा उक्त घटना भएको बताइन्छ।

नाङ्गगीन गाविस-४ का डिल्ली विक्रम मेयोङ्गवालाई **०५३ असोज ९ गते** सोही गाविसका कमलप्रसाद सुवेदीको नेतृत्वमा आएका व्यक्तिहरूले खुकुरी प्रहार गरी घाइते बनाए। राजनैतिक प्रतिशोधका कारण उक्त घटना भएको बताइन्छ। पीडक नेपाली कांग्रेस र पीडित नेकपा (एमाले) समर्थक व्यक्तिहरू थिए।

प्रमुख जिल्ला अधिकारी मानप्रसाद प्रधानले **०५३ पुस ४ गते** विहान ८ बजे आफ्नै कार्यालयमा खाना पकाउने भान्से वालकृष्ण खवासलाई अफिसको सामान चोरिस् भनेर कुटपिट गरे। वालकृष्णले सामान चोरेका हुन् कि हैनन् भनी खानतलासी गर्दा चोरी नगरेको ठहर भयो।

यस बाहेक अन्य १२ वटा कुटपिटका घटनाहरू भए। व्यक्तिगत रीसइवीमा भएका ती घटनाहरूमा १५ जना पीडित भए जसमा ४ जना महिला छन्।

१.६ थुनामा मृत्यु

थुनामा मृत्यु भएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति/भेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

जानकारीमा आएन।

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा साधारण फौजदारी मुद्दा ३८२, सरकारीवादी फौजदारी मुद्दा ४१, दुनियाँवादी देवानी मुद्दा २३१ समेत ६५४ वटा मुद्दा दर्ता भए। ती मुद्दा मध्ये यसै वर्ष जम्मा ११४ वटा मुद्दा मात्र फैसला भए।

त्यस्तै यसै वर्ष जिल्ला प्रहरी कार्यालयमा ५७ वटा विभिन्न मुद्दा दर्ता भएका थिए।

२.४ सरुवा / घटुवा / पक्षपात आदि

जानकारीमा आएन।

कुटपिटबाट घाइते ददिराम तामाङ

दलबहादुर श्रेष्ठ र उनकी पत्नी संगीता श्रेष्ठको विवश हत्या

३. भूमिहीन तथा सुकुम्बासी समस्या

जानकारीमा आएन।

४. महिला अधिकार

४.१ महिला किनबेच/ बलात्कार/ एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

एकतिन गाविस-३ घर भई जोरपोखरी सेकेन्डरी बोर्डिङ स्कूलमा कार्यरत शिक्षक वेदनिधि खनालले **०५३ साल जेठ ६ गते** दिनको ४ बजे आफ्नै डेरामा लगी एक ६ वर्षीय वालिकालाई फकाई फुल्याई बलात्कार गरे। घटना पछि पीडक फरार भएका थिए।

नवमीडाँडा गाविस-९ का टंकप्रसाद चौलागाईकी छोरी १८ वर्षीय चन्द्रकला चौलागाई र ८ वर्षीय गंगादेवी चौलागाईलाई **०५३ मदी ५ गते** फिदिम निवासी बद्री पाण्डेको छोरा १९ वर्षीय खेमराज पाण्डेले बेहोस हुने औषधिलाई चक्लेट भनेर खुवाई बम्बैई वेश्यालय पुऱ्याए। भारतको मद्रास निवासी रफिक मोहम्मद उसमान भन्ने व्यक्तिले दिएको सुराकबाट जिल्ला प्रहरीले इन्टर पोलसंग सम्पर्क राखी ०५३ पुस १५ गते वर्ष ८ की गंगादेवी चौलागाईलाई फिर्ता ल्याएको छ भने पीडक खेमराज पाण्डेलाई ०५३ पुस ८ गतेदेखि नै हिरासतमा राखिएको थियो।

रानिटार गाविस-२ का युवराज नेपालीले **०५३ मंसीर २९ गते** ३ जना महिलालाई काठमाडौं गलैंचा बुन्न जाउँ भनी भगाएर लादै गर्दा फेला पारिएको छ। राष्ट्रिय अनुसन्धान विभागका शिरोमणि ओलीको सक्रियतामा फेला पारी महिला झुमा नेपाली, जसमाया विश्वकर्मा, कमला विश्वकर्मालाई अभिभावकको जिम्मा दिइएको छ।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

जानकारीमा आएन।

कुटपिटबाट घाइते टिकामाया श्रेष्ठ

४.३ गर्भपतन

जानकारीमा आएन।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

जानकारीमा आएन।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

जानकारीमा आएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहारहरु / छुवाछूत समेत

जानकारीमा आएन।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

जानकारीमा आएन।

९. अतिरिक्त जानकारीहरु (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

दुर्घटनाबाट २ जनाको मृत्यु भयो।

बाढीमा परी ३ जनाको मृत्यु भयो। आगलागीमा परी २ जना नावालकको मृत्यु भयो।

घरायसी झगडाका कारण १ महिलाले आत्महत्या गरिन्।

■



१. पूर्वाञ्चल

मेची

१.४ ताप्लेजुङ्ग

जनसंख्या	: १२००५३
साक्षरता	: ४६.० प्रतिशत
महिला साक्षरता	: ३०.५ प्रतिशत
क्षेत्रफल	: ३६४६ वर्ग कि.मी.
गाविस/नपा	: ५०/०
निर्वाचन क्षेत्र	: २
विद्यालय/क्याम्पस	: २२१/१
अस्पताल/स्वास्थ्य चौकी	: १/४१
टेलिफोन लाइन	: १४१
सडक (कि.मि.)	: २४
प्रहरी कार्यालय	: २४

ताप्लेजुङ नेपालको सुदूरपूर्वी एक दुगर्म पहाडी जिल्ला हो। यस जिल्लाको पूर्वमा सिक्किम, उत्तरमा तिब्बत, पश्चिममा संखुवासभा र दक्षिणमा पाँचथर र तेह्रथुम पर्दछ। यो जिल्लामा विश्वको तेस्रो उच्च हिम शिखर र नेपालको दोस्रो उच्च शिखर कञ्चनजंघा पर्दछ। अधिकांश जनता कृषक रहेको यस जिल्लामा अशिक्षा, गरीवि र अन्धपरम्परा मुख्य समस्याको रूपमा रहेको छ। विकाश निर्माणका दृष्टिमा पनि पछि परेको यो जिल्लामा मानवअधिकारको हनन जनस्तर, राज्यस्तरवाट पनि हुने गरेको पाइन्छ।

१. सम्मानित रुपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

हाङपाङ गाविस-१ का ६७ वर्षीय पुर्णसिं सेम्बुलाई सोही ठाउँका मक्करजङ सेम्बु, बलबहादुर सेम्बु, श्रीधोज सेम्बु र तेजबहादुर सेम्बु समेतका व्यक्तिहरू भई **०५३ वैशाख १४ गते** जग्गा अंशवण्डा सम्बन्धी रीसइवीमा टाउकोमा हिर्काई हत्या गरे। पीडकहरू फरार छन्।

खोक्लीङ गाविस-३ का ४१ वर्षीय केशव सावाँलाई सोही ठाउँका ३६ वर्षीय रूद्र थापाले **०५३ मंसीर ११ गते** बेलुकी ५ वजे जंगलमा शिकार खेल्न जाँदा गोली हानी हत्या गरे। मुद्दा चलिरहेको छ। पीडक रूद्र थापा पुर्पक्षको निम्ति थुनामा छन्।

१.२ जेल र बन्दीहरु

यहाँको जेल करीव १ सय वर्ष अगाडि निर्माण गरिएकोले पुरानो र जीर्ण छ। २५ जना बन्दी अटाउने क्षमता भएको यो जेलमा हाल थुनुवा १२ जना र बन्दी ७ जना गरी जम्मा १९ जना रहेका छन्। महिला बन्दीहरु छैनन्। जेलमा महिला बन्दीहरू भएका वेलामा पनि महिला थुनुवा वा बन्दीको निम्ति अलग्गै बस्ने घरको व्यवस्था छैन। बन्दीहरूलाई काम सिकाउने उद्देश्यले जेल भित्रै टोपी तथा घरेलु कपडा बुन्ने तान पनि राखिएको छ। बन्दीहरूलाई वाहिरको मानिससंग हप्तामा २ पटक भेट्न दिने गरेको कुरा जेलर बताउँछन्। जेलभित्र बत्ती, खानेपानी र पाइखानाको व्यवस्था सामान्य रहेको पाइएको छ।

१.३ गिरफ्तारी र यातना

फुङलिङ गाविस-४ का ३२ वर्षीय राजकुमार येङदेन र ३१ वर्षीय गजेन्द्र येङदेन लगायतका व्यक्तिहरूलाई जिल्ला प्रहरी कार्यालय ताप्लेजुङले **०५३ असार ३ गते** रूवीको अवैध कारोवार गरेको आरोपमा गिरफ्तार गरी हिरासतभित्र लाठीले शरीरमा पिटेर यातना दिएको थियो। हाल सबै पीडितहरू हिरासतबाट छुटिसकेका छन्।

हाङदेवा गाविस-७ का २४ वर्षीय शिक्षक संचपाल मादेनलाई **०५३ भदौ १३ गते** प्रहरीलाई कुटपिट गरेको आरोपमा गिरफ्तार गरी हिरासतमा ३ दिनसम्म लगातार लाठीले हिर्काएर यातना दिइयो। उनलाई १४ दिन पछि धरौटीमा छोडिएको छ। धेरै पछिसम्म पनि उनको शरीरमा निलडामहरू देखिन्थे।

१.४ वेपत्ता पारिएको

जानकारीमा आएन।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

लिपिप गाविस-२ का ५५ वर्षीय टेकवहादुर हाङ्गामलाई सोही गाविस-४ का २५ वर्षीय कर्मशम्शेर हाङ्गामले **०५३ साउन १ गते** राजनीतिक विवादमा खुकुरी प्रहार गरी घाइते वनाए। पीडक फरार छन्। पीडक र पीडित दुवै राप्रपाका कार्यकर्ता हुन्।

इस्वाबु गाविस-५ का ३० वर्षीय मदेन्द्र लावुङलाई सोही ठाउँका ३७ वर्षीय छत्रमणि लाबुङले **०५३ मंसीर ११ गते** राजनीतिक रीसइवीको कारण तापेथोकको मेलामा खुकुरी प्रहार गरी घाइते बनाए। पछि दुवै पक्ष वीच मिलापत्र भएको थियो। पीडित एमाले कार्यकर्ता हुन् भने पीडक नेपाली कांग्रेसका कार्यकर्ता हुन्।

यो वर्ष व्यक्तिगत रीसइवीमा भएका कुटपिटका अन्य १५ वटा घटनामा १६ जना पीडित भए।

१.६ थुनामा मृत्यु

थुनामा मृत्यु भएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

जानकारीमा आएन।

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

जानकारीमा आएन।

२.४ सरुवा / घटुवा / पक्षपात आदि

हाङदेवा गाविस-७ का ३८ वर्षीय डिल्लीराम महतारा र काकुम्वा गाविस-२ का ३६ वर्षीय हरिप्रसाद सिटौलालाई क्षेत्रीय निर्देशनालय धनकुटाले **०५३ मदौ २३ गते** राजनीतिक कारणले क्रमशः इलाम र धनकुटा सरुवा गरेको बताइन्छ।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

जानकारीमा आएन।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

जानकारीमा आएन।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

दोख्नु गाविस-१ की ४१ वर्षीय पुन्यमाता पालुंवाका पति ४१ वर्षीय संजुहाङ पालुंवाले नाङखोल्याङ-१ की २७ वर्षीय कल्पना खिम्दिङलाई दोस्रो पत्नीको रूपमा विवाह गरे। प्रहरीले कल्पनालाई पक्राउ गरी धरौटीमा छोड्यो।

४.३ गर्भपतन

डुम्रिसे गाविस-१ की सितामाया तामाङले गाईको ग्वालीमा गर्भपतन गरी स्वाल्डो खनेर पुरेको बताइन्छ। उनी हाल धरौटीमा छुटेकी छिन्।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

जानकारीमा आएन।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

जानकारीमा आएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहारहरु / छुवाछूत समेत

जानकारीमा आएन।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

जानकारीमा आएन।

९. अतिरिक्त जानकारीहरु (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

यो वर्ष खोलामा बगेर १ र हिउँले पुरेर १ जनाको मृत्यु भयो। ४ जनाले आत्महत्या गरे।

■



१. पूर्वाञ्चल

कोशी

१.५ मोरङ

जनसंख्या	: ६७४८२३
साक्षरता	: ४८.६ प्रतिशत
महिला साक्षरता	: ३५ प्रतिशत
क्षेत्रफल	: १८५५ वर्ग कि.मी.
गाविस/नपा	: ६५/१
निर्वाचन क्षेत्र	: ७
विद्यालय/क्याम्पस	: ५६१/१५
अस्पताल/स्वास्थ्य चौकी	: २/६७
टेलिफोन लाइन	: ४०००
सडक (कि.मि.)	: ३०८
प्रहरी कार्यालय	: ६७

सुदूर पूर्वी तराईमा पर्ने यो जिल्ला राजधानी पछिको सबैभन्दा बढी गतिविधि हुने जिल्ला हो। भारतसंग सीमा जोडिएको कारण र जनसंख्याको चापले गर्दा पनि यस जिल्लामा विभिन्न असामाजिक र गैरकानूनी क्रियाकलापहरू हुने गरेको पाइन्छ। मानवअधिकार विरोधी अपराधिक कार्यमा राजनीतिक, प्रशासनिक र न्यायिक क्षेत्रको समेत कमी कमजोरी देखिन्छ। ०४६ को प्रजातन्त्र प्राप्ति पछि पनि यस जिल्लामा विभिन्न अन्धपरम्पराका कारण र प्रहरी प्रशासनबाट पनि मानवअधिकार उल्लंघनका घटना भएका छन्।

१. सम्मानित रुपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

शनिश्चरे गाविसको महेन्द्र राजमार्गमा ३५ वर्षीय ट्रक चालक डम्बरबहादुर खवासलाई **०५२ चैत १२ गते** कुलबहादुर दमाई र मानबहादुर दमाईले छुरा प्रहार गरी हत्या गरे। पीडकहरू हाल पुर्पक्षका लागि जेलमा छन्।

विराटनगर उपमनपा-२ की १६ वर्षीय शोभा निरौलालाई **०५३ असार ७ गते** सोही घरमा बस्ने २१ वर्षीय किशोर के.सी.ले साँचोको झुत्तो नदिएको आरोपमा ढोकाको आग्लोले हानी हत्या गरे। पीडक किशोर हत्याको अभियोगमा पुर्पक्षका लागि थुनामा राखिएका छन्।

रंगेली गाविस-७ मा नाम नखुलेका दुई जना अज्ञात भारतीय **०५३ असार २६ गते** इलाका प्रहरी कार्यालयका प्रहरीहरूद्वारा चलाइएको गोलीबाट मारिए। रातीको समय भएको हुँदा प्रहरीले डाँका भएको आशंकामा अन्धाधुन्द ३६ राउण्ड गोली प्रहार गरेका थिए। डाँका भनिने पक्षबाट २५ राउण्ड गोली चलाएको कुरा प्रहरीले दावी गरेको छ। मृतकहरूको सनाखत विना नै प्रहरीले दाह संस्कार गरेको थियो।

शनिश्चरे गाविस-४ का ५९ वर्षीय प्रेमबहादुर माझीलाई **०५३ मदौ १८ गते** आफ्नै २६ वर्षीय छोरो गणेशबहादुरले घरायसी झगडामा राती चिरपटले हानी हत्या गरे। पीडक गणेशलाई पुर्पक्षको लागि थुनामा राखिएको छ।

विराटनगर उपमनपा-३ का कक्षा ८ मा पढ्ने १४ वर्षीय रूपेश कुमार ओझा **०५३ कार्तिक २८ गते** घरबाट ट्युशन पढ्न गएपछि बेपत्ता भए। उनी ०५३ मंसीर ३० गते विराटनगर विमानस्थल नजिक मृत अवस्थामा फेला परे। मृतक रूपेशको आँखा र कानमा गम्भीर चोट लागेको थियो। प्रहरीले रूपेशलाई हत्या गरिएको आशंका गरे पनि पीडकको बारेमा थाहा हुन सकेन।

लेटाङ्ग गाविस-८ का २३ वर्षीय रामदेव राईलाई आफ्नै भाइ एवं बहिनी वर्ष १८ र १५ का क्रमशः डिकमान राई र मीना राईले **०५३ पुस ७ गते** घर झगडाको निहुँमा खुकुरी र चिरपट प्रहार गरी हत्या गरे। अदालतले दाजु र बहिनी दुवैलाई पुर्पक्षका लागि थुनामा राखेको छ।

१.२ जेल र बन्दीहरु

जिल्लाको सदरमुकाम विराटनगरमा रहेको कारागार शाखा मोरङ "ख" श्रेणीको कारागारमा पर्दछ। २५० जना पुरूष र १५ जना महिला गरी कूल २६५ जनाको क्षमता भए पनि हाल ५१८ जना पुरूष र ३९ जना महिला गरी कूल ५५७ जना बन्दीहरू यो जेलमा रहेका छन्। यी बाहेक ८ जना बालबालिका आश्रित रूपमा जेलभित्र रहेका छन्। क्षमता भन्दा दोब्बर बढी बन्दी संख्या रहेकाले जेलको साधन र स्रोत बन्दीहरूका लागि अपर्याप्त देखिन्छ। जेलमा खाने पानी र उज्यालोको व्यवस्था राम्रो छैन। महिला बन्दी गृहमा टीनको छानोबाट वर्षामा पानी चुहिएर सुत्ने ओछ्यानसम्म पुग्छ। बस्ने ठाउँ छुट्टाछुट्टै कोठा नभई तीनतिर पर्खाल लगाई एकातिर खुल्ला रहेको गोदाम जस्तो लाम्चो छ। ४७ जनाको लागि एक धारा र एक चर्पी मात्र छ। उता ५१८ जना रहेको पुरूष

थुनामै मृत्यु भएका धनबहादुर पुलामी

बन्दी गृहमा तीन धारा र तीन ट्युवेल मात्र छ। त्यस्तै कुल १० वटा मात्र चर्पीको व्यवस्था भएकोले विहान चर्पी जाने समयमा एक अर्कामा तँछाड मछाड मात्र नभई कुटाकुटको स्थिति उत्पन्न हुन्छ। बन्दी क्षमताका आधारमा स्वास्थ सुविधा पर्याप्त छैन। जेलले औषधि साझा संस्थाबाट मात्र ल्याउन पाउने प्रावधान रहेको छ। ६ महिनाका लागि मात्र औषधिको बजेटले उपचारमा मद्दत पुऱ्याउँछ। बन्दी कोठाहरूमा झ्याल नभई स-साना भ्यान्टिलेशन मात्र हुनाले हावा यथेष्ट आउने स्थिति छैन। जेलको महिला तथा पुरूष गृहमा बन्दीहरूका लागि पत्रपत्रिका, खेलकुद, शिक्षा, सीपमुलक तालिम आदि कुनै कुराको पनि व्यवस्था छैन। बन्दीहरूको चारित्रिक विकासको कुनै कार्यक्रम छैन।

पूर्वाञ्चलकै बन्दीहरूलाई यो जेलमा राखिएकोले टाढाको अदालतमा मुद्दा रहेका थुनुवाहरू फैसलाको जानकारी ढिलो पाउने तथा कागजात नपाएकोले पुनरावेदन गर्ने म्याद समेत समाप्त हुने अवस्थामा रहेको कुरा बन्दीहरू बताउँछन्।

१.३ गिरफ्तारी र यातना

जँति गाविस-९ का अमरबहादुर मगर र बलबहादुरलाई सार्वजनिक मुद्दाको आरोपमा इलाका प्रहरी कार्यालय उर्लावारीले **०५३ असार १ गते** बाँसका भाटाले पैतालामा कुटपिट गरी शारीरिक र मानसिक यातना दिएको थियो। जिल्ला प्रशासन कार्यालय मोरंगले अमर र बलबहादुरलाई धरौटी लिई तारेखमा छाडेको थियो।

याङ्गशिला गाविस-९ का बौद्धमान पौड्याल र भीमबहादुर मगरलाई **०५३ असार ११ गते** सोही ठाउँका मकानसिंह योङवाङ्गको हत्या गरेको आरोपमा ०५३ कार्तिक महिनामा पक्राउ गरी इलाका प्रहरी कार्यालय केरावारीमा यातना दिइएको बताइन्छ। पीडित मध्येका बौद्धमान पौड्याललाई स्थानीय खदम खोलामा राती खाल्टो खनी चिसो पानीमा डुबाइएको थियो। प्रहरी हिरासतमा रहँदा काँचो बाँसको भाटा र तारले नाङ्गो पारी कुटपिट गरिएको कुरा बौद्धमान र भिमबहादुरले बताएका छन्।

विराटनगर उमनपा-६ का ३५ वर्षीय बेचु यादवलाई **०५३ असार १६ गते** जिल्ला प्रहरी कार्यालय मोरंङमा निर्मम रूपले शारीरिक र मानसिक यातना दिइयो। बेचुलाई चोरीको आरोपमा पक्राउ गरिएको थियो। उनलाई बाँसको भाटा, प्रहरी बुट, प्लाष्टिक पाइप आदिले ढाड, अनुहार, पैताला, छाती, हातका औंला आदि ठाउँमा कुटपिट गरिएको कुरा पीडितले बताए। तीन घण्टासम्म सूर्यको किरणमा हेर्न लगाइ तातो सिमेन्टमा उत्तानो पारेर सुताएका कारण बेचुका आँखा कमजोर भएका छन्। आँखा बन्द गर्न लाएर बुटले अनुहारमा कुल्चिने गरिन्थ्यो। जसले गर्दा बेचु बेलाबेला बेहोस हुन्थे। अदालतले उनको घाउ जाँच गराई १५ हजारको धरौटीमा छाडेको थियो।

टंकीसिनवारी गाविस-२ मा **०५३ असार १७ गते** प्रहरीले अच्युत गौतम, भुवनेश्वर मण्डल, मुकुन्द अधिकारी, पद्मा आचार्य, सीता अधिकारी लगायतका झण्डै ३० जनालाई यातायात अवरोध गरेको आरोपमा कुटपिट गऱ्यो। स्थानीय हुलास वायरबाट निस्केको विषाक्त पदार्थबाट स्थानीय जनजीवनलाई बाधा पुऱ्याएको विरोधमा सो अवरोध गरिएको थियो। प्रहरीले अश्रुग्याँस र लाठी चार्ज गरेको थियो।

लेटाङ्ग गाविस-२ स्थित रेञ्ज पोष्टका रेञ्जर ४५ वर्षीय मो. अलाउद्दिन मियाँलाई **०५३ साउन १७ गते** पूर्व क्षेत्रीय प्रहरी कार्यालय रानीका प्रहरीले कुटपिट गरी मार्ने धम्की समेत दिए। रेञ्ज पोष्टमा रहेको काठ प्रहरीले जवरजस्ती लान खोज्दा सो कुटपिट भएको थियो।

विराटनगर जेलका ३० वर्षीय बन्दी संजय गुप्तालाई एक अर्को मुद्दाको सोधपुछका लागि जिल्ला प्रहरी कार्यालय मोरङमा लगिएको बेला **०५३ असोज ८ गते** साविती बयानमा सही गर्न नमान्दा कुटपिट गरिएको थियो। संजयले सोको विरूद्ध जिल्ला अदालतमा एक निवेदन सहित घाउ जाँच गराए। यो विषयमा कारागारका बन्दीहरूले विरोध जनाए। नेपाल वार एशोशियसन मोरंगले तत्काल कारागारको निरीक्षण गरी संजयलाई कुटिएको प्रतिवेदन सार्वजनिक गरेको थियो।

डाँगीहाट गाविस-५ का ५६ वर्षीय शिवमाया र उनका छोरा ३५ वर्षीय रमेश अधिकारीलाई **०५३ असोज ११ गते** घरैमा आई कुटपिट गरियो। इलाका प्रहरी कार्यालय बेलवारीका प्रहरी जवान राजेश बस्नेत तथा अन्सारी थरका व्यक्तिले चोरीको आरोपमा रमेशलाई पक्राउ गर्दा जुत्तैजुत्ताले कुटे। सो कार्यको विरोध गर्दा आमा शिवमायालाई पनि प्रहरीले कुटपिट गरे।

१.४ वेपत्ता पारिएको

विराटनगर उपमनपा-१५ को जनपथ मा.वि. कक्षा १ मा पढ्ने ७ वर्षीय भवानी भगत नामकी वालिकालाई **०५२ माघ १७ गते** अपहरण गरी वेपत्ता पारियो। वालिकालाई विद्यालयबाटै अपहरण गरी लाने २८ वर्षीय रामकुमार शाहलाई थुनामा राखिएको छ। नेपाल भारतको सीमा पारी जोगवनीमा एक अज्ञात व्यक्तिले माग गरे अनुसार २८ हजार भारू बुझाए पछि अपहरण गरेको ४५ दिनमा ०५२ चैत २ गते ती वालिकालाई मुक्त गरिएको थियो।

विराटनगर उपमनपा-१६ को हनुमान जुट इण्डष्ट्रिज

(प्रा.) लि. मा काम गर्ने सुरक्षा गार्ड ४५ वर्षीय रामेश्वर बराललाई **०५३ मंसीर २३ गते** राती १० बजे कारखानाबाटै वेपत्ता पारियो। कारखानामा कार्यरत तीन सुरक्षा गार्ड गुणानन्द लाल दास, इन्द्रबहादुर बुढाथोकी र पुण्यबहादुर थापालाई प्रहरीले पक्राउ गरेकोमा सोही दिन प्रबन्धक लक्ष्मण चौधरीले हाजिरी जमानीमा छुटाए। वेपत्ता पारिएका रामेश्वरको खोजिका सम्बन्धमा छानवीन गर्न पूर्व क्षेत्रीय प्रहरी कार्यालयले कार्यदल गठन गरेको भनिए पनि हालसम्म रामेश्वर फेला परेका छैनन्।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

विराटनगर उपमनपा-१९ का ३७ वर्षीय रामखेलवान चौधरी सहित सुधामा, दरवारी, राजेश, मनोज र महेन्द्र चौधरीलाई **०५३ असार १८ गते** स्थानीय दयाराम, चरित्र, दीलिप, प्रदीप, सुवोध, सरला र फुच्चे चौधरीले संयुक्त रूपमा कुटपिट गरे। मन्दिर निर्माण कमिटीको विषयमा विवाद उठी कुटपिट भएको थियो। खुकुरी र तरवारको प्रहारबाट गम्भीर घाइते रामखेलवान चौधरीको कोशी अंचल अस्पतालमा उपचार गरियो।

जाँते गाविस स्थित जाँते मा.वि.का प्रधानाध्यापक ध्रुव न्यौपानेलाई **०५३ मंसीर ८ गते** विद्यालयको जग्गा खरिद विक्रीमा अनियमितता गरेको आरोपमा गाविस अध्यक्ष उपेन्द्र घिमिरेले कुटपिट गरे। अध्यक्ष घिमिरेलाई सार्वजनिक मुद्दामा एक दिन थुनामा राखी धरौटीमा छाडिएको थियो।

शनिश्चरे भुटानी शरणार्थी शिविर प्रहरी चौकीका प्रहरी नायव उपरीक्षक ३५ वर्षीय वासुदेव भट्टराई तथा प्रहरी जवानहरू प्रकाश बस्नेत, मोहन राई र दुर्गा खतिवडालाई **०५३ कार्तिक ७ गते** भुटानी शरणार्थीहरूले शिविर बाहिर जान नदिएको आरोपमा गम्भीर रूपमा कुटपिट गरे। प्रहरी नायव उपरीक्षक भट्टराईको एउटा हात भाँचियो। सो विषयमा शरणार्थी कमल गिरी र कमल खड्का सहित २० जनालाई थुनामा राखिएको थियो। पक्राउ परेका पीडकहरूलाई सार्वजनिक मुद्दा लगाइएको छ।

मोरंग क्याम्पसका छात्रहरू महेश गौतम, रामकुमार बस्नेत र राजन कार्कीलाई **०५३ मंसीर २० गते** रञ्जित झा, उमेश यादव, रोशन श्रेष्ठ, अर्जुन रायमाझी र विनोद भण्डारीले कुटपिट गरे। पीडित अनेरास्ववियु पक्षीय र पीडक रञ्जित झा लगायत ने.वि.संघ पक्षका रहेका थिए।

विराटनगर उपमनपा-१३ का ४० वर्षीय एकराज गिरीलाई **०५३ मंसीर २५ गते** तेह्रथुम जिरिखिम्ती-९ बस्ने जीना राई र रंगेली-२ का गोपाल राजवंशीले कुटपिट गरे। को.ले.नि.का. विराटनगरका लेखा नियन्त्रक गिरीले जीना र गोपाललाई डेराबाट निकालि दिएको आरोपमा गिरीलाई कार्यालयमै सार्वजनिक वेइज्जत गरी कुटपिट गरेका थिए। कुटपिट गर्ने जीना र गोपाललाई सार्वजनिक मुद्दामा थुनामा राखिएको थियो।

यस अतिरिक्त व्यक्तिगत रीसइवीमा भएका कुटपिटका अन्य ५ वटा घटनामा ६ जना पीडित बने।

१.६ थुनामा मृत्यु

लेटाङ्ग गाविस-७ का ४९ वर्षीय धनबहादुर पुलामी मगरको ०५२ पुस २९ गते जिल्ला प्रहरी कार्यालय मोरङको प्रहरी हिरासतमा मृत्यु भयो। उनलाई ऐलानी जग्गामा बसेको आरोपमा जिल्ला प्रशासन कार्यालय मोरंङले पक्राउ गरेको थियो। सो ऐलानी जग्गा आफ्नो नम्बरी जग्गा भएको दावी गर्ने लेटाङ्ग-२ का वडा सदस्य पृथ्वीबहादुर श्रेष्ठले राजनैतिक दबाब दिई धनबहादुरलाई पक्राएको बताइन्छ। सो घटनामा संलग्न कसैलाई कारवाही गरिएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

राष्ट्रिय प्रजातन्त्र पार्टी मोरङको कार्यालयमा प्रजातान्त्रिक विद्यार्थी संगठन जिल्ला समितिका ११ जना कार्यकर्ताहरू **०५२ फागुन १६ गतेदेखि १९ गतेसम्म** आमरण अनशनमा बसे। पार्टीले सो विद्यार्थी संगठनको जिल्ला सम्मेलन गर्न प्रतिबन्ध लगाएका कारण सम्मेलन गर्न पाउने अधिकारको माग गर्दै विद्यार्थीहरू अनशनमा बसेका थिए। अनशन बस्नेहरूमा भोलामान सिंह कार्की, अर्जुन खड्का, तुलाराम विष्ट, नविन कार्की, निर्मल शर्मा, दीपक सुवेदी, जीवन गौतम र भीमकुमार पराजुली थिए।

विराटनगर उपमनपाका किरण ओझा र राजकुमार बस्नेतलाई **०५३ मंसीर २८ गते** राष्ट्रिय जनतान्त्रिक मोर्चा नेपालको नेपाल बन्द कार्यक्रमका दिन प्रहरीले पक्राउ गरी कुटपिट गरेको थियो। सो बन्दका क्रममा राजमो मोरंङका अध्यक्ष मेघराज आचार्य सहित २४ जनालाई प्रहरीले पक्राउ गरेको थियो। पक्राउ परेका राजकुमार र किरणलाई प्रहरीले गालामा झापड हानेको, कठवाँसको लाठीले घोचेको, उठबस गर्न लगाएको कुरा पीडित पक्षले बताएको छ।

यातनाबाट पीडित बेचु यादव

सूचनाको हकबाट बंचित गराइएकोमा विराटनगरका निजी क्षेत्रका १८ जना पत्रकार तथा नेपाल पत्रकार महासंघ मोरङ शाखाले **०५३ मंसीर १४**

भूटानी शरणार्थीको आक्रमणबाट घाइते प्रहरी अधिकृत- वासुदेव भट्टराई

गते विरोध जनाएको थियो। सो दिन पूर्वाञ्चलका १६ जिल्लाका श्री ५ को सरकारसंग संबद्ध प्रहरी अधिकृत, अपराध अनुसन्धान विभागका प्रमुखहरूको तीन दिने सम्मेलनमा पत्रकारहरूलाई प्रवेश गर्न बंचित गराइएको थियो। सम्मेलनमा आमन्त्रित गृहमन्त्री खुमबहादुर खड्कालाई पत्रकारहरूले एक विरोधपत्र दिएका थिए। विरोधपत्रमा पत्रपत्रिकाको माध्यमबाट जनतालाई सरकारी नीतिको सूचना प्रवाह गर्ने कामबाट बंचित गरिएको बताइएको थियो।

२.२ **धार्मिक स्वतन्त्रता**

जानकारीमा आएन।

२.३ **सुगम र निष्पक्ष न्यायिक अधिकार**

जानकारीमा आएन।

२.४ **सरुवा / घटुवा / पक्षपात आदि**

जानकारीमा आएन।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

विराटनगर उपमनपा-९ का झण्डै ३०० जना सुकुम्बासीलाई **०५३ असार १ गते** प्रहरी लगाई जबरजस्ती हटाइयो। वर्षौंदेखि बसोबास गर्दै आएका केशव वाग्ले सहितका ३ सय सुकुम्बासीलाई हटाउने क्रममा सो जग्गा आफ्नो भएको हकदावी स्थानीय प्रदीप खनालले गरेका थिए। सुकुम्बासी बसेका घर टहराहरू स्थानीय नगरपालिका र सडक विभागले भत्काएका थिए।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

विराटनगर उपमनपा-३ की २७ वर्षीय देवीता राजवंशीलाई **०५२ माघ १० गते** राती पति दिनदयाल राजवंशीले यौन सन्तुष्टि गराउन नसकेको आरोपमा शरीरमा मट्टितेल खन्याई आगो लगाइदिए। देवीताको तत्काल कोशी अंचल अस्पतालमा उपचार भए पनि २ महिना पछि ०५२ चैत १ गते मृत्यु भयो। पीडक दिन दयाललाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

विराटनगर उपमनपा-१२ मा डेरा गरी बस्ने २५ वर्षीय सुमित्रा श्रेष्ठलाई **०५२ माघ २९ गते** महिला प्रहरी बन्दना श्रेष्ठ सहितका अन्य चार जना व्यक्तिहरूले जबरजस्ती कोठाबाट निकाली इनरूवा लगे। आफ्नी पत्नीलाई त्यसरी उठाएर लगेको विरोधमा चोरीको आरोपमा कारागारमा रहेका नवीन शाहले अदालतमा उजुरी दिए। ४ वर्ष अघि सुमित्रा र नवीन बीच अन्तरजातीय विवाह भएको थियो। सो सम्बन्ध तोड्नका लागि सुमित्रालाई कपालमा जगल्ट्याउँदै र पिट्दै डेराबाट निकालिएको बताइन्छ।

विराटनगर उपमनपा-११ मा डेरा गरी बस्ने २० वर्षीय एक युवतीलाई **०५२ फागुन १७ गते** घरधनीको छोरा वर्ष २८ को प्रवीण शर्माले बलात्कार गरे। प्रवीणले छुरी, चक्कु र कैंची देखाई होहल्ला गरेमा मार्ने धम्की दिई आफ्नै कोठामा लगी उनलाई बलात्कार गरेका थिए।

पथरी गाविस-१ का संचमाया लिम्बु र दिलकुमारी लिम्बुलाई **०५३ वैशाख २० गते** सोही ठाउँका सन्तबहादुर विश्वकर्मा र भारतका निमा लामाले बेचेको आरोपमा पीडक दुवैलाई थुनामा राखिएको छ।

वेलवारी गाविस-२ की ७ वर्षीय एक वालिकालाई **०५३ जेठ २१ गते** सोही ठाउँमा डेरा गरी बस्ने १५ वर्षीय सन्तोष कुमार राईले दिउँसो घरभित्रै बलात्कार गरे। तत्काल सन्तोषलाई स्थानीय बासिन्दाले पक्राउ गरे। अनिताको गुप्ताङ्गबाट रक्तश्राव भएकाले ४ टाँका लगाई उपचार गरिएको थियो। अभियुक्तलाई पुर्पक्षका लागि थुनामा राखियो।

गोविन्दपुर गाविस-६ की २३ वर्षीय उर्मिला खड्कालाई **०५३ जेठ ३१ गते** प्रमुख जिल्ला अधिकारी रामप्रसाद खतिवडाले पति पत्नी बीच नाता कायमका निम्ति जाँदा पक्राउ गरी सार्वजनिक मुद्दा लगाई थुनामा राखे। उर्मिलाले प्रकाश शाहसंग प्रेम गरेको बताउँदै नाता कायम गराउन माग गरेकी थिइन्।

रंगेली गाविस-२ स्थित एक झुप्रो घरमा लगी दर्वेशा-६ की १८ वर्षीय एक युवतीलाई ०५३ असार १९ गते स्थानीय २४ वर्षीय विक्रम शाह, भीम कोइराला र रवि खतिवडाले सामूहिक बलात्कार गरे। प्रहरीले विक्रम र भिमलाई पक्राउ गर्‍यो।

लेटाङ्ग गाविस-२ त्रिसुली चोककी १३ वर्षीय एक वालिकालाई **०५३ असार २९ गते** सोही ठाउँका दीपक श्रेष्ठले दिउँसो तीन बजे सिर्जनाकै घरमा हातपात गरे।

वयरवन गाविस-९ की १५ वर्षीय दिलकुमारी राईलाई ०५१ पुसमा लेटाङ-२ का दिनेश श्रेष्ठले गर्भवती बनाएपछि ०५२ पुस १४ **गते** दिलकुमारीले छोरा जन्माइन्। ०५३ भदौ ५ गते डेराबाट दिनेशले निकालिदिए। अदालतले नाता कायम गरी फैसला गरिदिएको छ तर दिनेशले दिलकुमारीलाई सार्वजनिक मुद्दा लगाई उजुरी दिएका छन्।

टंकी सिनुवारी गाविस-१ की १२ वर्षीय एक वालिकालाई **०५३ असोज १ गते** सोही ठाउँका १८ वर्षीय

रतिया मुसहर र झोना मुसहरले साँझ ८ बजे दीनाराम मन्दीरबाट घर फर्किरहेको अवस्थामा बलात्कार गरे। रतिया र झोनालाई पक्राउ गरी थुनामा राखिएको थियो।

लखन्तरी गाविस-९ की २५ वर्षीय उर्मिलादेवी माझी र तेतरीया-४ की २५ वर्षीय सजिया कुमारी सरदारलाई ०५२ कार्तिक २७ गते बम्वई लगी बेच्ने तेतरीया-४ का हरिनारायण सरदार र हरिनारायण माझीलाई **०५३ भदौ २६ गते** पक्राउ गरी थुनामा राखिएको छ। उर्मिला र रतियालाई भारू ३०/३० हजारमा बेचिएको थियो।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

विराटनगर उपमनपा-३ का ३५ वर्षीय राजकुमार ढकालले **०५३ जेठ २९ गते** तेस्रो विवाह गर्न लाग्दा वहुविवाहको आरोपमा राजकुमारकी पत्नी गीता ढकालले उजुरी दिएपछि उनलाई पक्राउ गरिएको थियो।

पथरी गाविस-१ पथरी बजारका न्यू राजु रेष्टुरेण्ट एण्ड कोल्ड सेन्टरका मालिक भक्तबहादुर मण्डारी र उनकी छोरी रेणुका भण्डारीलाई देहव्यापार गराएको अभियोगमा **०५३ साउन ४ गते** प्रहरीले पक्राउ गर्‍यो। उनीहरूले सोही ठाउँकी एक १४ वर्षीय वालिकालाई दुई महिनादेखि रेष्टुराँभित्र राखि देहव्यापार गराउँदै आएका थिए।

४.३ गर्भपतन

जानकारीमा आएन।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

सर्लाही जिल्ला वरथहवा गाविस-८ घर भई मोरङ शनिश्चरे-५ माइती घर आएकी २३ वर्षीय इन्दिरा सिंहले आफ्नी २० दिनकी छोरी रीता सिंहलाई **०५३ पुस १० गते** साँझ ८ बजे बारीमा खाल्डो खनी पुरी दिइन्। पतिले छोरी/छोरी जन्माएको आरोपमा कुटपिट गर्ने भयले उक्त कार्य गर्न बाध्य भएको इन्दिराले बताएकी छिन्। इन्दिरालाई प्रहरीले पक्राउ गरी थुनामा राखेको छ।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

विराटनगर ट्राफिक चोक स्थित राष्ट्रिय वाणिज्य बैंक कर्मचारी संघले पेशागत हकहितका लागि भनी ०५२ फागुन २१ गते देखि २४ गतेसम्म आन्दोलनका विविध कार्यक्रम संचालन गरेको थियो। सोही सन्दर्भमा बैंकका खजान्ची घनश्याम पौड्याललाई ०५२ फागुन २४ गते निलम्वन गरियो।

विराटनगर उपमनपा-२२ स्थित गणपति जुट मिलका ७ जना मजदूर कर्मचारी ०५३ असार ११ गते निस्कासित गरिए। निस्कासित हुनेहरूमा मुरारी भट्टराई, कुमार महत, अमृत थापा, नविन थापा, शहदेव राणा, शम्भु तिमिल्सिना र ओमकुमार सुधाकर रहेका छन्। दुई वर्ष अघिदेखि बन्द रहेको मिलका २०० जना मजदूर कर्मचारीले १३ महिनादेखि तलव नपाएकोले बाध्य भै आन्दोलन गर्दा सो कारवाही गरियो। मिलका बोर्ड अध्यक्ष सुशील शमशेर जवरा, प्रबन्ध निर्देशक चन्द्रकला आँचल र महाप्रबन्धक श्याम थापा सो घटनाका दोषी रहेको बताइन्छ। नेपाल स्वतन्त्र मजदूर युनियन र कारखाना कांग्रेसले सम्बन्धित मजदूर कर्मचारीलाई न्याय दिलाउनका लागि मानवअधिकार संघ संस्थाहरूमा पत्राचार गरी ध्यान आकृष्ट गराएका थिए।

विराटनगर जुटमिलका ८ जना मजदूर कर्मचारीहरू कारखाना संचालन र तलव भत्ता वितरण लगायतका माग राखी ०५३ असार २५ गतेदेखि ०५३ असार २८ गतेसम्म कारखाना भित्रै अनशनमा बसेका थिए। सो आमरण अनशनमा राष्ट्रिय प्रजातान्त्रिक मजदूर संघका होमबहादुर भुजेल, नेपाल स्वतन्त्र मजदूर युनियनका धर्मानन्द संजेल, कर्मचारी समितिका खगेन्द्र ठकुरी, नेपाल सद्भावना मजदूर मंचका दीपनारायण शाह, अखिल नेपाल मजदूर संघका नानीकाजी श्रेष्ठ, प्रगतिशील नेपाल मजदूर युनियनका किशोर सुब्बा तथा दीनानाथ सिंह र अवधेशकुमार सिंह रहेका थिए। सो आमरण अनशन स्थानीय प्रशासन र सांसद गुरू बरालको उपस्थितिमा समाप्त गरिएको थियो।

विराटनगर उपमनपा-१५ स्थित महेन्द्र चोकमा ०५३ पुस ८ गते विराटनगर-१३ का गाडी चालक २० वर्षीय मलिन राजवंशीलाई नेपाली कांग्रेसका केही सांसदले जबरजस्ती भारततर्फ गाडी लान ट्राफिक प्रहरी मार्फत दवाब दिए। सांसद अपहरण काण्डमा संलग्न गराई गाडी चालक मलिनलाई भारत पठाई असुरक्षित बनाइएको विरोधमा ०५३ पुस ९ र १० गते नेपाल यातायात स्वतन्त्र मजदूर संगठनले यातायात एवं वजार पूरै ठप्प गर्‍यो। जसले गर्दा विराटनगरमा दंगा प्रहरी र मजदूरहरू बीच झडपको स्थिति उत्पन्न भयो। ०५३ पुस १० गते साँझ गाडी चालक मलिनलाई प्रहरीले उपस्थित गराएपछि मजदूरहरूले आन्दोलन समाप्त गरेका थिए।

गणपति कटन मिल, विराटनगर जुटमिल र रघुपति जुटमिलका ९ जना मजदूरहरू जिल्ला प्रशासन कार्यालय मोरङ अगाडि ०५३ साउन २० गतेदेखि ०५३ साउन २४ गतेसम्म अनशनमा बसेका थिए। नेपाल कारखाना कांग्रेसको नेतृत्वमा काठमाडौं भद्रकालीमा बसेको आमरण अनशनको समर्थनमा यहाँ पनि सो अनशन बस्ने काम भएको थियो।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहारहरु / छुवाछूत समेत

वृधनगर गाविस- १ की ५० वर्षीय धनमाया मगरलाई **०५३ असार २० गते** बोक्सीको आरोपमा सोही ठाउँका मुलचन्द, फूलचन्द र गुलाफचन्द यादवले संयुक्त रूपमा कुटपिट गरे। धनमायाका पति राजकुमार मगरलाई समेत कुटपिट गरी मरणासन्न पारे।

मधुमल्ला गाविस-३ की अविवाहित २५ वर्षीय महिला सुकमाया तामाङलाई **०५३ साउन ३२ गते** सोही ठाउँका राममाया तामाङ र निर्मला श्रेष्ठले गुप्ताङ्गमा नून खोर्सानी हाली यातना दिए। स्थानीय निर्मला श्रेष्ठको पतिसंग अवैध शारीरिक सम्बन्ध राखेको आरोपमा स्थानीय जंगलमा लगी उक्त अमानवीय दुर्व्यवहार गरिएको थियो। पीडक राममाया र निर्मलालाई इलाका प्रहरी कार्यालय उर्लावारीले सार्वजनिक मुद्दाको कारवाही चलाएको थियो। दुवै जना धरौटी राखी तारेखमा छुटेका छन्।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

महेन्द्र मोरङ क्याम्पसका सहायक क्याम्पस प्रमुख खेमराज पोखरेलमाथि **०५३ असार ९ गते** कुटपिट गरिएको घटनाका विरूद्धमा प्रगतिशील प्राध्यापक समूह क्याम्पस ईकाई र अनेरास्ववियु जिल्ला समितिले प्रेस वक्तव्य निकाले। सहायक क्याम्पस प्रमुख पोखरेलमाथि रञ्जित झा र उमेश शाहले परीक्षामा चिट खोसेको आरोपमा कुटपिट गरेका थिए।

विराटनगर उपमनपा-४ का २५ वर्षीय पत्रकार मधुसुदन ज्ञवालीलाई **०५३ असार २१ गते** राप्रपाका जिल्ला सहसचिव गोपाल थापाले दिएको ज्यान मार्ने धम्की विरूद्धमा नेपाल सम्वाददाता संघ केन्द्रीय तयारी समितिका संयोजक यज्ञ शर्माले एक प्रेस विज्ञप्ति प्रकाशित गरेका थिए।

जाँते मा.वि.का प्रधानाध्यापक ध्रुव न्यौपानेलाई **०५३ मंदी ८ गते** विद्यालयको कोष हिनामिना गरेको आरोपमा गाविस अध्यक्ष उपेन्द्र घिमिरेले कुटपिट गरेको विषयमा नेपाल राष्ट्रिय शिक्षक परिषद्ले एक प्रेस विज्ञप्ति निकालेको थियो।

०५३ पुस २ गते व्यापारी प्रकाश सुरानालाई नेपाली कांग्रेसका कार्यकर्ता सुधिर रेग्मी, विजु कोइराला र भूषण तिमिल्सिनाले सामूहिक कुटपिट गरेको विरूद्ध नेकपा (एमाले) जिल्ला समिति मोरङले एक प्रेस विज्ञप्ति एवं पर्चा निकालेको थियो।

९. अतिरिक्त जानकारीहरु (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष सडक दूर्घटनाका घटनामा ८ जना नागरिकहरूको मृत्यु भयो। ती मध्ये ३ महिला र ५ पुरूष थिए। आत्महत्याका ३ घटनामा २ महिला थिए। यस वर्ष वैशाख महिनामा पूर्वाञ्चलमा आएको आँधी र अन्य विपत्तिका कारण १६ जना नागरिकको मृत्यु भयो। ती मध्ये ९ महिला र ७ पुरूष थिए।

यस वर्ष विभिन्न समयमा सवारी दुर्घटनाबाट १६ जना महिला र २५ जना पुरूषको मृत्यु भयो। त्यस्तै ३ जना पुरूष र ३ जना महिला घाइते भए। यो वर्ष ७२ जना व्यक्तिले आत्महत्या गरेका थिए। ती मध्ये ४१ महिला र ३१ पुरूष थिए। त्यसरी आत्महत्या गर्नेहरूमा विष सेवनबाट १५, झुण्डिएर ५४ र लडेर ३ जना थिए।

■



१. पूर्वाञ्चल
कोशी
१.६ सुनसरी

जनसंख्या :	४६३४८१
साक्षरता :	४४.५ प्रतिशत
महिला साक्षरता :	२९.८ प्रतिशत
क्षेत्रफल :	१२५७ वर्ग कि.मी.
गाविस/नपा :	५०/२
निर्वाचन क्षेत्र :	५
विद्यालय/क्याम्पस :	३४५/९
अस्पताल/स्वास्थ्य चौकी :	२/४३
टेलिफोन लाइन :	
सडक (कि.मि.) :	२२०
प्रहरी कार्यालय :	५१

कोशी अञ्चलको दक्षिण पश्चिम फाँट र कोशी नदीको सेरोफेरोमा फैलिएको सुनसरी जिल्ला दक्षिणमा भारतको विहारसंग जोडिएको छ। सप्तकोशीको अव्यवस्थित ठूलो बाँध र कोशी पुल यसैको दक्षिण पश्चिम कुनामा पर्दछ। यसको उत्तरी भागमा वन्यजन्तु आरक्षण केन्द्र छ। यहाँबाट बहुमूल्य काठ र जनावरहरू चोरी गरी जलमार्गबाट विहार पुऱ्याउन सजिलो भएको चर्चा छ। यस जिल्लाका धार्मिक र रमणीय स्थल बराह क्षेत्र र विष्णुपादुकालाई पर्यटकीय स्थल बनाउन प्रस्ताव गरिएको छ। मोरङपछि दोश्रो औद्योगिक विकासतर्फ लम्किएको यस जिल्लामा धेरै मानिसले रोजगारी पनि पाउन थालेका छन्। यहाँका मानिस कृषिपछि व्यापारमा निर्भर छन्। सुकुम्बासीलाई व्यवस्थित गर्ने काम नभएको धेरैको गुनासो छ।

१. सम्मानित रुपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

विष्णुपादुका गाविस-४ मा **२०५३ जेठ ८ गते** धरान निवासी युगलबहादुर भुजेलको लाश पटनालीको बगर छेउमा भेटिएपछि प्रहरी गस्तीले खोजी गर्दा, कुटपिट गरी मारेको भन्ने हल्ला समेतको आधारमा त्यही गाउँका इन्द्रबहादुर न्यौपाने, मेखबहादुर राई, हर्क राई समेत ४/५ जनालाई गिरफ्तार गरी इलाका प्रहरी कार्यालय धरान ल्याइयो। तर हत्याको किटानी जाहेरी नपरेको र यथेष्ट प्रमाणको अभावमा कार्यवाही अगाडि बढाइएन।

इनरूवा नपा-९ की राधादेवी खनाललाई **२०५३ असार ३० गते** आफ्नै पति कालीप्रसाद खनालले भतिजो र माहिली पत्नी समेतको मद्दतले राती घरको कोठाभित्र हत्या गरे। ज्यादै यातना पाएर बेग्लै बसेकी जेठी पत्नी र छिमेकीहरूको भनाइ अनुसार कान्छी पत्नी राधादेवी पनि अंश लिएर माइत गई शान्त जीवन बाँच्न चाहन्थिन्। सो रोक्ने क्रममा यो घटना भएको बताइन्छ।

रामनगरमुटाल गाविस-३ का २२ वर्षीय इशा साह मियाँलाई **२०५३ साउन ३१ गते** गौतमपुर-३ का सिद्धेश्वर भन्ने कृष्णकुमार मेहता लगायतले कोठाभित्रै कुटपिट गरी हत्या गरे। २/३ वर्ष अघिदेखि मेहताको घरमा नोकरको रूपमा बसेका मियाँलाई मेहताकी छोरीसंग घनिष्टता बढेको आरोपमा मरणासन्न हुने गरी कुटपिट गरिएको थियो।

बक्लौरी गाविस-२ का २२ वर्षीय शनिश्चर चौधरीलाई **२०५३ असोज २३ गते** बेलुका आफ्नै गाउँले साथी, दरीलाल चौधरीले दाउरा चिरेझैं बञ्चरोले चिरेर हत्या गरे। राजारानीको फोटो विष्णु भगवानको अवतार भन्न रूचाउने दरीलालसंग केही दिनअघि स्कूलमा शनिश्चरले "हामी जस्तै मान्छे त हो नि" भनेर फोटोलाई अवहेलना गरेको सह्य नभएपछि दरीलालले वञ्चरो उध्याउन थालेको थियो भनी गाउँले युवकहरू भन्छन्।

महेन्द्रनगर गाविस-२ की गीता पौडेललाई तकियाले मुख र घाँटी थिची **२०५० कार्तिक २३ गते** राती उनकै पति दामोदर पौडेलले हत्या गरे। गीताको नामको ७ लाख रूपैयाँ जीवन बीमा हात पार्न त्यसरी हत्या गरिएको बुझिएको छ। पीडकलाई ०५३ वैशाख १ गते प्रहरीले पक्राउ गऱ्यो।

डुम्राहा गाविस-७ का ३५ वर्षीय पडोरी सदालाई सामान्य झगडाको निहुँमा **२०५३ मंसीर २३ गते** श्रीपुर गाविस-३ का अवध सदा, सबुललि सदा, पहाडी सदा र श्याम सदा समेतले कुटपिट गर्दा पडोरीको मृत्यु भयो। पीडकहरूलाई जिल्ला प्रहरी कार्यालयले गिरफ्तार गरी कारवाही चलाएको छ।

धरान नपा-५ की १८ वर्षीय मुन्नी अग्रवालको २०५२ पुस १४ गते भएको रहस्यमय मृत्युलाई ढाकछोप गर्न लागेको बेला उनका दाजु विराटनगर-७ का श्यामसुन्दर अग्रवालले **२०५३ जेठ २९ गते** उजुरी दिएपछि स्थानीय मूलचन र भवानी अग्रवाल गिरफ्तार भए। मुन्नीका पति भवानी अग्रवाल र

कुटपिटका कारण मृत्यु : इशा साह मियाँ

घरका अन्य सदस्य समेतले दाइजोको निहुँमा मुन्नीको हत्या गरेको आरोप छ।

१.२ जेल र बन्दीहरु

यहाँ जेल छैन।

१.३ गिरफ्तारी र यातना

माओवादी प्रचारको आरोपमा धरानक प्राध्यापक र वकील सहित ७ जनालाई **२०५२ फागुन २१ र २२ गते** प्रहरीले गिरफ्तार गरी सोधपुछ गरेर छोड्यो।

मध्यहर्साहीका २९ वर्षीय श्रीलाल मेहता र २४ वर्षीय रामसुन्दर मेहतालाई **२०५२ चैत २९ गते** हरिनगर इलाका प्रहरी कार्यालयका स.ई. मिलनकुमारको टोलीले विनापूर्जी पक्राउ गरी ७/८ दिनसम्म यातना दियो।

मध्यहर्साही तथा गौतमपुर-७ का ११ वर्षीय मुर्कल पण्डितलाई सोही ठाउँका देवकुमार मेहता, शिवनारायण मेहता र रविन्द्र पालले अपहरण गरे। स्थानीय सदानन्द पण्डितको उजुरी अनुसार **२०५३ जेठ २३ गते** जिप्रका इनरूवाले उनीहरूलार्य गिरफ्तार गरी हिरासतमा केही दिन यातना दिई अदालत पठायो। शिवनारायण थुनाबाट छुटेका र रविन्द्रपाल भने विराटनगर कारागारमा छन्।

पकली गाविसका २६ वर्षीय केशवप्रसाद वाँस्तोलालाई **२०५३ मदौ १३ गते** ४ महिने बच्चीलाई बलात्कार गरेको आरोप लगाई स्थानीय दंगा प्रहरीका हवल्दार अरूण गुरूङ, उनकी पत्नी र पकलीका थानेदार समेतको मिलेमतोबाट कुटपिट गरी २ दिन थानामा राखियो। गुपचुप सर्जिमिन मिलाएर भुठा मुद्दा लगाई अदालत पठाएकोमा अदालतबाट २५ हजार धरौटी लिई तारेखमा छाडिएको छ। यो घटनाप्रति निष्पक्ष न्याय नभएको भनी गाउँलेहरू र वकीलहरू समेत बताउँछन्।

धरानका नेकपा मसालका कार्यकर्ताहरू दीप खड्का, लालबहादुर मल्ल समेत ५ जनालाई **२०५३ मदौ २८ गते** विहान ९ बजे इलाका प्रहरी कार्यालयले गिरफ्तार गरी बेलुका छाडिदियो। त्यस दिन राष्ट्रिय जनतादल र मसालको संयुक्त आव्हानमा नेपाल बन्द कार्यक्रमको सिलसिलामा उनीहरूलाई गिरफ्तार गरिएको थियो।

इटहरी गाविस-४ का १८ वर्षीय लेखनाथ वनलाई माओवादी प्रचारक हो भनी प्रहरीले **२०५३ मंसीर १० गते** बिनापूर्जी गिरफ्तार गरी इलाका प्रहरी कार्यालय इटहरीमा २०५३ मंसीर १६ गतेसम्म हिरासतमा राख्यो।

१.४ वेपत्ता पारिएको

जानकारीमा आएन।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

जिल्ला अदालतका न्यायाधीशको इजलाश अगाडि अधिवक्ता अर्जुन मेहतालाई **२०५३ मंसीर १४ गते** अदालतभित्रैका मानिसहरूको भीडबाट केही व्यक्तिहरूले लछारपछार पारी कुटे। मेहता २०५३ साउन ३१ गते हत्या गरिएका ईशा साह मियाँका हत्याराहरू सम्बन्धमा छलफल गरिरहेका थिए। प्रहरी टोलीले भीडबाट शिवनारायण शाह र जाकिर मियाँलाई पक्राउ गऱ्यो।

दुहवी बजारको ४१ वर्षीय बब्लु थापालाई ललितपुर नपा-२२ का बब्लुका पति वरिष्ठ प्रहरी उपरीक्षक रविराज थापा र सुनसरीका प्रहरी उपरीक्षक रमेश श्रेष्ठले **२०५३ पुस १० गते** माइतीघरमा बसेको अवस्थामा घिसार्दै सडकमा ल्याई लछार पछार गरे। उनका ३ जना बच्चाहरूलाई समेत लछार पछार गरी अपहरण गर्ने प्रयास गरे। घटनास्थलमा छिमेकीहरूको भीड बढेपछि प्रहरीहरू त्यहाँबाट भागेका थिए।

वरिष्ठ प्रहरी उपरीक्षक रविराज अन्तर्राष्ट्रिय तस्कर गिरोहसंग संलग्न भएर अनैतिक क्रियाकलाप गर्न थालेको थाहा पाई त्यसको विरोध गर्दा लठ्याउने औषधि प्रयोग गरी यातना साथ पागल सावित गर्न खोज्ने र ज्यान गायव गरी दिने षडयन्त्र बुझेपछि आफ्ना बच्चाहरूको भविष्य जोगाउन माइतमा आएर बसेको कुरा बब्लु बताउँछिन्। यसभन्दा अघि राज्यका विभिन्न सर्वोच्च निकायहरूमा आफूमाथि भएका अन्यायको बारेमा र तस्कर गिरोहदेखि सबैले होशियार रहनु पर्ने बारे निवेदन दिएको तर कतैबाट सुनवाई नभएको गुनासो पनि पीडितको छ।

वसन्तपुर गाविसका २४ वर्षीय फैयाज अन्सारीलाई त्यही ठाउँ बस्ने राजन मेहता लगायतका नेपाल विद्यार्थी संघका केही व्यक्तिहरूले कुराकानीको बहाना बनाई **०५३ पुस १४ गते** होटल ब्लुवर्डमा लगे। २४ घण्टासम्म त्यहाँ रोकेर भोलिपल्ट मधुवन गाविस उपाध्यक्षले बोलाएको भनी त्यहाँ पुऱ्याए। त्यसपछि फेरि तिम्रो आफन्त बी.पी. मेमोरियल हस्पीटल धरानमा सिकिस्त छ हेर्न जाउँ भनी जबरजस्ती धरानको एक होटलमा पुऱ्याए। फैयाज अन्सारी केही दिन अगाडि नेपाली कांग्रेस छाडेर नेकपा (एमाले) मा प्रवेश गरेका कारण उनलाई ने.का.मा फर्कन बारम्बार दबाव दिंदै नफर्के ज्यान अपहरणको धम्की समेत दिए। धरान होटलमा रक्सी किन्न लगाएर पीडकहरू खान थालेपछि फैयाज उम्कन सफल भए।

यी बाहेक व्यक्तिगत झै-झगडामा अन्य २७ वटा घटना भएर ३० जनाभन्दा बढी व्यक्ति पीडित बने।

१.६ थुनामा मृत्यु

थुनामा मृत्यु भएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

धरान हात्तीसार विज्ञान क्याम्पसको छात्रावासमा मदन भण्डारीको फोटो राखेको र बहुदलीय जनवादको चर्चा गरेको विषयलाई लिएर ने.वि.संघ र अखिल पक्षका विद्यार्थी बीच शुरू भएको विवाद **२०५३ बैशाख ४ गते** भिडन्तमा परिणत भयो। अखिलका पुष्प पाठकको नाक भाँचियो भने नेविसंघका अच्युत अधिकारी पनि घाइते भए।

२०५३ बैशाख ८ गते साँझपख दुवैपक्षका विद्यार्थीहरू पुनः भिडन्तमा उत्रिए। भिडन्तमा ९ जना विद्यार्थी र २ जना प्रहरी सामान्य घाइते भएपछि नेविसंघका २ जना र अखिलका ६ जना विद्यार्थीलाई गिरफ्तार गरी इलाका प्रहरी कार्यालय धरानमा राखेको बखत थानाभित्रै मुकेश थापाले अखिलका प्रदीप पण्डितलाई कुटे। २०५३ वैशाख १० गते गुण्डागर्दीको भण्डाफोर गरौं शैक्षिक अराजकताको विरूद्धमा संगठित होऔं भन्ने नाराका साथ १ दिन क्याम्पस बन्द गर्न आव्हान गरेपछि क्याम्पस प्रमुख तिलकमान श्रेष्ठले अखिलका विद्यार्थी खड्ग पौडेल, विमल कटुवाल र बन्धु पोखेललाई १ वर्षका लागि निलम्बन गरी अनिश्चित कालको लागि क्याम्पस बन्द गरे। केही दिनपछि क्याम्पस प्रशासन र विद्यार्थीहरूबीच भएको वार्ताबाट क्याम्पस खुल्यो।

धरान वि.पि. मेमोरियल मेडिकल कलेजको संचालक समितिले पूर्वशर्त र नियम विपरीत ५० प्रतिशतसम्म विविध शुल्क वृद्धि गरी विद्यार्थीहरूको पढाइलाई कठिनाईमा पारेको बारे विरोध जनाउँदै विद्यार्थीहरूले **२०५३ साउन २७ गते** क्याम्पस प्रशासनसंग वार्ता गर्न प्रयास गर्दा क्याम्पस प्रमुखले बेवास्ता गरी हप्काए। विद्यार्थीहरूले विरोध जनाउँदै प्रेस वक्तव्य जारी गरी क्याम्पसमा तालाबन्दी गरी दिए। क्याम्पस र छात्रवासमा प्रहरी तैनाथ गराई विद्यार्थीहरूलाई आतंकित गराई लाठी चार्ज समेत गरी, छात्रवासमा शान्तिपूर्वक बसेका विद्यार्थीहरूलाई रातारात प्रहरी भ्यानमा राखी विभिन्न दुर्गम ठाउँहरूमा लगेर छाडियो।

सुनसरी जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक रमेश भट्टराई र प्रहरी निरीक्षक सहदेव ढकाल समेतलाई **२०५३ असोज ६ गते** मुक्का हानी भाग्न खोज्ने इनरूवा नपा-७ का पारसमणि यादवलाई गिरफ्तार गरियो। यस अघि धेरै किसिमका अपराधमा अदालतबाट १ लाख ११ हजार रूपैयाँ जरिवाना र ३ वर्ष कैद तोकिसकेका पारसमणिलाई नेपाली कांग्रेसको बलियो कार्यकर्ता भएको डरले प्रहरीहरूले पक्रन सकेका थिएनन्। त्यो दिन नपा-७ मा राहत सामाग्री वितरण सम्बन्धमा पारसले विवाद मच्चाइरहेको सुराक पाई प्रहरी अधिकृतहरू गएर पक्रने प्रयास गर्दा निकै तनाब उत्पन्न भयो। धेरै दिनको प्रयासपछि गिरफ्तार भएका पारसमणिलाई हाल सार्वजनिक अपराध सम्बन्धी मुद्दा चलाइएको छ।

इटहरीमा **२०५३ कार्तिक १३ गते** राती ११ बजे बजारमा गस्ती गरिरहेका प्रहरी सहायक निरीक्षक नेत्र बरूवाल र उनको टोलीलाई जय नेपाल होटलमा मादक पदार्थ खाइरहेका लालबहादुर सुब्बा र गजेन्द्र बमजनले जिस्क्याउँदै प्रहरीको वर्दी च्यात्न अघिसरेपछि गिरफ्तार गरी रातभर इटहरी इलाका प्रहरी कार्यालयमा राखियो। १४ गते बिहान ७ बजेदेखि गिरफ्तारीको विरोधमा केही व्यक्तिले सम्पूर्ण यातायात अपरझट रोकी इटहरी बजार क्षेत्रलाई अस्तव्यस्त र आतंकित पारे। कैयौं बस यात्रुहरू तितरबितर भए। प्रहरी नायब उपरीक्षक घटना स्थलमा आएर १० बजेतिर उनीहरूलाई छोडी दिए।

२.२ धार्मिक स्वतन्त्रता

धरान बी.पी.मेमोरियल स्वास्थ विज्ञान प्रतिष्ठानको नयाँ भवन निर्माणाधीन क्षेत्रमा परम्परादेखि कायम रहेको राईहरूको चण्डीस्थान भत्काई दिएको विरोधमा २०५३ असार १४ देखि अनसन बसेका व्यक्तिहरूलाई प्रहरी लगाई हटाइयो।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा जम्मा २८१२ वटा मुद्दा दर्ता भएका मध्ये देवानी तर्फ १७१३, सरकारवादी फौजदारी २९७ र अन्य फौजदारी ८०२ वटा छन्। सबै खाले गरी जम्मा ८९३ वटा मुद्दा फैसला भए।

२.४ सरुवा / घटुवा / पक्षपात आदि

जानकारीमा आएन।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

यस जिल्लामा भूमिहीनहरूको संख्या करिब २६ हजार रहेको अनुमान छ। धरान, पाँचकन्या, हाँसपोसा, ईटहरी, सोनापुर, लौकही, कुसाहा, हरिपुर आदि क्षेत्रमा सुकुम्बासीहरूको बढी चाप देखिन्छ। राम्रा जग्गा ओगट्नेहरूमा केही नक्कली सुकुम्बासीहरू पनि रहेको र तिनीहरूले वास्तविक सुकुम्बासीहरूबाट पैसा समेत उठाइ विभिन्न बहानामा ठग्ने गरेको कुरा पनि चर्चामा आउने गरेको छ। सुकुम्बासीहरूलाई न्यूनतम जग्गा दिई व्यवस्थित बसोबास गराउन विगतमा एमालेको सरकारले करीव १६ सय परिवारलाई जग्गाधनी प्रमाणपूर्जा वितरण गरेको थियो।

सिमरिया गाविस-३ का सुकुम्बासी कुनकुन सादाको झुपडीमा ०५३ वैशाख १ गते आगो लगाउने र कुटपिटको धम्की दिने राजनारायण चौधरीलाई प्रहरीले ०५३ वैशाख १० गते गिरफ्तार गरे पनि राजनैतिक दबावको कारण छाडियो। सादाकी पत्नीलाई पनि चौधरीहरूले जग्गा खाली गर भनी कुटपिट गरेका थिए।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

सोनापुर गाविस-८ की ९ वर्षीय एक वालिकालाई रिक्सा चढाइ घर पुऱ्याई दिने बहाना सोनापुर-४ का रिक्सा चालक शिवु रिषिदेवले **२०५२ फागुन १७ गते** बलात्कार गरे। पीडक थुनामा छन्।

धरान नपा-१३ की १२ वर्षीय एक वालिका आफ्नै बाबु गणेश उदाशबाट बारम्बार बलात्कृत भएको पीडा थाहा पाई **२०५२ फागुन ३० गते** उनकी आमाले पीडित वालिकालाई उपचार गराउन लगिन्। पीडक गणेश उदाशलाई इलाका प्रहरी कार्यालय धरानमा पक्राउ गरेकोमा हाल विराटनगर कारागारमा राखिएको छ।

सिंगिया गाविस-७ की २९ वर्षीय उर्मिला पराजुलीलाई आफ्नै पति शालीग्राम पराजुली र सासु ससुरा समेतले बारम्बार शारीरिक र मानसिक यातना दिई **२०५२ चैत ९ गते** घरबाट निकाली दिए। १ वर्ष पहिले पनि उनलाई पतिले फलामे रडले टाउकोमा हिर्काई बेहोश पारी मानसिक यातना दिई पागल सावित गर्न खोजेका थिए।

धरान नपा-१५ की २० वर्षीय सञ्चमाया तामाङ र काभ्रेपलान्चोक घर बताउने गीता अधिकारी समेतलाई बिहे गर्ने बहाना गरी ओखलढुङ्गा केतुके-३ का कालुभाइ तामाङ र काले तामाङले **२०५३ बैशाख १ गते** कलकत्ताको वेश्यालयमा पुऱ्याइ बेचे।

पाँचकन्या गाविस-५ की १५ वर्षीय एक वालिकालाई भ्ज्ञङ्केलो बाबु कमल लिम्बुले फकाई, तर्साई, बारम्बार यौन सम्पर्क गरेको छिमेकीहरू र पीडितकी आमाले समेत थाहा पाई इलाका प्रहरी कार्यालय धरानमा **२०५३ बैशाख ११ गते** बुझाए। पीडितको गर्भमा ७ महिनाको गर्भ समेत रहेको भनी मामा तिलबहादुर बोहराले कारवाही अगाडि बढाउन उजुरी दिए। तर केही वकीलहरू र पीडितकी आमासंगको परामर्शपछि इलाका प्रहरी कार्यालयबाटै जरिवाना गराएर गुपचुप राखिएको बताइन्छ।

गौतमपुर गाविस-८ की २३ वर्षीय एक युवतीलाई खेतमा काम गरिरहेको अवस्थामा जबरजस्ती तानी **२०५३ जेठ २१ गते** सोही ठाउँका मनोजकुमारले बलात्कार गरे। पीडकले कसैलाई भनिस् भने मारी दिन्छु समेत भने। तर पीडितले प्रहरीमा उजुरी दिइन्। पीडक कारवाहीमा रहेका छन्।

डुम्राहा गाविस-५ की २४ वर्षीय एक महिलालाई झुम्का बजारबाट आफ्ना पतिसंगै साँझपख घरतिर जाँदै गरेको अवस्थामामा स्थानीय किर्तन लाल मण्डल र लटक मुसहरले **२०५३ असार ५ गते** सामुहिक बलात्कार गरे। पीडितका पतिलाई कुटपिट गरी भगाएका थिए।

धरानकी एड्स पीडित कुमारी विश्वकर्माको **२०५३ असार १० गते** मृत्यु भयो। विश्वकर्मा ७ महिना अघि बम्बईबाट फर्केकी थिइन्।

धरानकी १२ वर्षीय अनिता विश्वकर्मालाई **२०५३ असार ५ गते** अपरिचित व्यक्तिहरूले मिठाइ खुवाई बेहोश पारेर अपहरण गरेका थिए। पीडित ६/७ दिनपछि उम्केर धरान आइपुगेको बताउँछिन्।

छिटाहा गाविस-३ की ३० वर्षीय विधवा एक महिलालाई सोही ठाउँका राजेन्द्र यादवले घरको कामधन्दा गर्न राखी अनैतिक यौन सम्पर्क गरी गर्भ रहेपछि बेवास्ता गरे। अस्मिता लुटेर विचल्ली पारेको भनी **२०५३ साउन ८ गते** पीडितले जिल्ला अदालतमा उजुरी दिएकी छन्। पीडक फरार छन्। हाल पीडित बच्चा जन्माएर अलपत्र परेकी छन्।

बकलौरी गाविस-७ की सानुमाया चौधरीलाई राम्रो काम मिलाइ दिने प्रलोभनमा भारत-हर्दिया बजारको एक व्यक्तिलाई बेचेको अभियोगमा बकलौरी-७ का जुमदो खातुन र इनुस अन्सारीलाई **२०५३ साउन २८ गते** पक्राउ गरियो।

इटहरी गाविस-८ की २४ वर्षीय सविता सुन्दास, मीना राई र लोचन राई समेतलाई सोही ठाउँमा डेरा गरी बस्ने रेशम खेति विकास केन्द्र इटहरीका अधिकृत ध्रुव भट्टले ३/४ महिना अघिदेखि राती ११ बजेतिर सधैं फोनबाट जिस्क्याउने, अश्लील आग्रह गर्ने गरेर हैरान पारे। **२०५३ मंसीर १३ गते** हामी आयौं भन्दै पीडकको डेरामा महिलाहरू पुगेपछि लाचार भएका भट्टलाई प्रहरी समेत बोलाई इटहरी थानामा ल्याई दिनभरी राखेपछि जनसमुदायको सामुन्ने आफ्नो गल्ती स्वीकार गरे। पीडित महिलाहरूको खुट्टा ढोगेर माफी मागेपछि भट्ट छुटे।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

यस वर्ष बहुविवाहका ४ वटा घटना प्रकाशमा आए।

धरानको सैनिक होटलमा २०५३ पुस १८ गते देह व्यापारमा संलग्न इटहरीकी उर्मिला अधिकारी र धरान-९ की राजा लिम्बुलाई प्रहरीले रंगे हात पक्राउ गऱ्यो। यस सम्बन्धी भरपर्दो कानून नभएकाले एक-दुई दिन थुनेर छोडी दिने गरेको देखिन्छ।

४.३ गर्भपतन

धरान नपा-१४ मा डेरा गरी बस्ने २० वर्षीय बच्चुमायाले आफ्नै बाबुसंगको अनैतिक सम्पर्कबाट रहेको गर्भको बच्चा जन्मिएपछि तुरुन्तै धरान तिनधारेको पाखामा गाडिन्। यसअघि पनि २/३ पटक गर्भपतन गराई सकेको बताउने बच्चुमाया र उनका बाबु प्रेमबहादुर खड्कालाई **२०५३ असोज २ गते** पक्राउ गरी मुद्दा चलाइएको छ।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

भुटाहा गाविस-८ की २६ वर्षीय दयावती मलाहाले गरिबी र हिनतावोधका कारण आफ्नै २ जना साना छोरा जितेन्द्र र सुशीललाई २०५२ साल चैतमा घरमै विष खुवाइन्। जितेन्द्रको मृत्यु भयो। हाल दयावतीलाई थुनामा राखी कारवाही चलाइएको छ।

तनमुना गाविस-७ का शिवलाल चौधरीले मोरङका माने उराउको ५ वर्षे छोरालाई **२०५३ साउन ३ गते** जवरजस्ती आमावाट खोसेर ल्याई साइकलको चेन समेतले कुटे। बाबुसंगको लेनदेनको रीसमा बालकलाई कुटिएको थियो।

भेडेटार बस स्टेण्ड छेउको जङ्गलमा **२०५३ साउन २८ गते** राती ११ वजे सालनाल सहितै रूँदै गरेको वच्चा जमिनमा गाड्न ठीक पारेको अवस्थामा भेटियो। स्थानीय समाजसेवी महिला लोकमाया तामाङले वच्चा रोएको सुनेर खोजी गर्दै जाँदा त्यस्तो अवस्थामा भेटी ल्याएर पालेकी छिन्।

यस वर्ष अन्य २ वटा घटनामा विषको कारण नावालक मारिएका थिए।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

धरानमा २०५२ फागुन ११ गते नेपाल यातायात व्यवसायी महासंघले १९ सूत्रीय माग पूरा गराउन अनिश्चित कालका लागि चक्का जाम गऱ्यो। कार्यक्रमको आव्हानमा जुटेका केही यातायात मजदूरहरू मुठभेडमा घाइते समेत भएकोले क्षतिपूर्तिको माग राखेका थिए।

धरान-धनकुटा सडक निर्माण कार्यमा धेरै वर्षदेखि लागेका कर्मचारी र मजदूरहरू २०५२ फागुनदेखि काम नपाएर बिचल्लीमा परेका छन्।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहारहरु / छुवाछूत समेत

जानकारीमा आएन।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

जानकारीमा आएन।

९. अतिरिक्त जानकारीहरु (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष यो जिल्लामा सवारी दूर्घटनामा २२ जनाको मृत्यु भयो र २५ जना घाइते भएका थिए। चट्याङबाट २ जनाको मृत्यु र ७ जना घाइते भए।

यस वर्ष यो जिल्लामा १५ जना पुरूष र ८ जना महिलाले आत्महत्या गरे। यो जिल्लामा लागू औषध दुर्व्यशनीको संख्या बढ्दै गइरहेको छ।

सोनापुरमा रहेको अन्नपूर्ण रबर उद्योगमा ०५३ जेठ ३२ गते राती आगलागी हुँदा लाखौंको क्षति भयो। हरिपुर गाविस-२ मा ०५३ चैत २० गते आगलागी हुँदा १५ वटा घर नष्ट भए। आगलागीका अन्य ४ वटा घटना पनि यस वर्ष यो जिल्लामा भए।

■



१. पूर्वाञ्चल

कोशी

१.७ धनकुटा

जनसंख्या	१४६३८६
साक्षरता	४९.० प्रतिशत
महिला साक्षरता	३३.० प्रतिशत
क्षेत्रफल	८९१ वर्ग कि.मी.
गाविस/नपा	३५/१
निर्वाचन क्षेत्र	२
विद्यालय/क्याम्पस	२७२/१
अस्पताल/स्वास्थ्य चौकी	१/३२
टेलिफोन लाइन	४८६
सडक (कि.मि.)	७३.२
प्रहरी कार्यालय	१७

यो जिल्ला कोशी अंचलमा पर्ने पहाडी जिल्ला हो। अन्य पहाडी जिल्लाको तुलनामा यो जिल्ला विकसित नै मानिन्छ। विगतको निरंकुश पंचायती व्यवस्था विरूद्धको प्रजातान्त्रिक लडाईंमा यो जिल्ला पनि अग्रपंक्तिमा रहृयो। "छिन्ताङ काण्ड" नामले चिनिने नरसंहार यसै जिल्लामा भएको थियो। यस जिल्लामा मनवअधिकारप्रतिको सचेतनता बढ्न थालेको छ। यो वर्ष महिलामाथिको हिंसाका केही अप्रत्यक्ष घटना प्रमुख चर्चामा रहे।

१. सम्मानित रुपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

चानुवा गाविस-८ का ५३ वर्षीय गनबहादुर जिमी (राई) लाई **०५२ चैत १४ गते** उनकै पत्नी ४५ वर्षीय गोठुमाया जिमीले बञ्चरो प्रहार गरी हत्या गरिन्। आर्थिक विपन्नताबाट उत्पन्न पारिवारिक कलहका कारण उक्त घटना भएको बताइन्छ। पीडक हत्या गरी काठमाडौं गएकी थिइन्। प्रहरीले पक्राउ गरी हाल थुनामा राखेको छ।

डाँडाबजार गाविस-५ का ४१ वर्षीय सुरज परियारको **०५३ मदी १ गते** बन्दुकको गोली लागी मृत्यु भयो। आफ्नो छिमेकी सहरमान परियारले बन्दुकको केप खोल्दै गर्दा अकस्मात बन्दुक पड्किन गई सुरजको दाहिने गाला छेडेको थियो।

पाखीवास गाविस-३ की १८ वर्षीय सावित्री गुरूङ **०५३ मदी १८ गते** गाउँ नजिकैको जंगलको रूखमा झुण्डिएको मृत अवस्थामा फेला परिन्। उनी अघिल्लो दिन बेलुका देखि हराइरहेकी थिइन्। पीडित गुरूङको शवलाई पोष्टमार्टम गरियो। पोष्ट मार्टमको रिपोर्ट अनुसार उनको हत्या गरिएको आशंकामा उनके पति होमनाथ गुरूङलाई पक्राउ गरियो।

मूर्तिढुंगा गाविस-७ की ८३ वर्षीय इन्द्रमाया काफ्लेलाई **०५३ असोज ११ गते** आफ्नै पति केशव काफ्लेले बञ्चरो प्रहार गरी सख्त घाइते बनाए। वि.पि.मेमोरियल अस्पताल धरानमा उपचार गर्दा गर्दै ०५३ असोज १४ गते उनको मृत्यु भयो। पीडकलाई प्रहरीले पक्राउ गरी अदालत बुझाएकोमा हाल पुर्पक्षको लागि थुनामा राखिएको छ।

धनकुटा नपा-१ कुवापानी निगालेकी ३० वर्षीय माइसाङ्ग तमाङलाई **०५३ कार्तिक २१ गते** उनकै सहोदर दाजु बुद्धबहादुर तमाङ, भाइ धनबहादुर तमाङ र काका प्रेमबहादुर तमाङले हत्या गरे। माइसाङ्गका बाबुले आफू निधन हुनु अघि अविवाहित छोरीले दुःख नपाओस् भनेर ३ आना पाखो जमिन र १ हल गोरू अंश दिएका थिए। त्यही अंशले लोभमा उनको हत्या गरिएको थियो। हत्या गर्नु अघि पीडकहरूले आफ्नै चेलीमाथि अनुचित व्यवहार गर्नुका अतिरिक्त निर्मम यातना दिएका थिए। पीडकहरूलाई पक्राउ गरी प्रहरीले कारवाही चलाउँदै छ।

१.२ जेल र बन्दीहरु

यस जिल्लामा जेलको व्यवस्थित भवन छैन। त्यसैले महिला बन्दीहरू यहाँ राखिदैनन्। जिल्ला अदालत रहेको पुरानो भवन जेलका लागि प्रयोग गरिएको छ। बन्दीहरूलाई नियम बमोजिम लुगा कपडा र रासन उपलब्ध गराउने गरेको पाइन्छ। अतिनै सागुरो जेल भएकोले हावा र घामको लागि बन्दीहरू छटपटाउँदछन्। चिसोको कारण बन्दीहरू बिमारी भएको कुरा जेलर बताउँछन। ४० जनाको क्षमता भएको जेलमा यस वर्ष १० कैदी र २१ जना थुनुवा समेत ३१ जना रहेका थिए। जेलमा एक थान रेडियो, टेलिभिजन, चेस, लुडो र गोरखापत्र दैनिक रूपमा दिने गरिएको छ। टोपी बुन्ने ३ वटा चालु तान समेत रहेको पाइन्छ।

१.३ गिरफ्तारी र यातना
जानकारीमा आएन।

१.४ वेपत्ता पारिएको
जानकारीमा आएन।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट
यस वर्ष यो जिल्लामा कुटपिट र धम्की सम्बन्धी ७ वटा घटनाहरू चर्चामा आए। ती घटनाहरूमा ८ जना पीडित भए। जसमा १ जना महिला र अन्य पुरूषहरू थिए। पीडकहरू ३१ जना थिए। प्रायः घटनाहरू व्यक्तिगत तथा पारिवारिक रीसइवीका कारण भएका थिए भने एउटा घटना राजनैतिक रीसइवीका कारण भएको थियो।

हात्तिखर्क गाविस-५ का ६९ वर्षीय अडिमर्दन कार्की र ७३ वर्षीय चन्द्रमाया कार्कीलाई **०५३ कार्तिक २४ गते** आफ्नै छोरा रूद्रबहादुर कार्कीले कुटपिट गरी घरबाट निकालेको कुरा वृद्ध पीडित बताउँछन्।

धनकुटा नपा-७ मा डेरा गरी धनकुटा बहुमुखी क्याम्पसमा अध्ययनरत २१ वर्षीय पाशाङ शेर्पालाई **०५३ मंसीर २८ गते** धनकुटा नपा-७ का दिवस श्रेष्ठ, दिनेश श्रेष्ठ, सन्तोष लावती समेतका ४ जनाले कुटपिट गरे। पीडितले जिल्ला अदालतमा मुद्दा दायर गरेका छन्।

१.६ थुनामा मृत्यु
थुनामा मृत्यु भएन।

२. मौलिक अधिकार
२.१ अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)
जानकारीमा आएन।

२.२ धार्मिक स्वतन्त्रता
जानकारीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार
जानकारीमा आएन।

२.४ सरूवा / घटुवा / पक्षपात आदि
यस वर्ष आस्थाका आधारमा कर्मचारी तथा शिक्षकहरूलाई अपायक सरूवा गरिएका घटनाहरूले कर्मचारी वर्ग त्रसित बन्यो। जिल्ला सिंचाइ कार्यालयका खरिदार कृष्ण मिलन कार्की र आवास तथा शहरी विकास विभाग पूर्वाञ्चल क्षेत्रीय निर्देशनालयका ना.सु. देविबहादुर राईलाई सरूवा गरियो। दुवै कर्मचारी संगठनमा आबद्ध भएका कारण सरूवा गरिएको बताउँछन्।

३. भूमिहीन तथा सुकुम्बासी समस्या
जानकारीमा आएन।

४. महिला अधिकार
४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना
बेलाहारा गाविस-४ साउँवारीकी २३ वर्षीय एक युवतीलाई **०५२ फागुन ८ गते** सोही ठाउँका पूर्णबहादुर महतले बलात्कार गरे। यो घटना पछि बदनाम हुनबाट बच्न पीडित महिलाले आत्महत्या गरिन्। यो कुरा उनले लेखेको चिठीबाट पुष्टि भएको थियो।

जीतपुर गाविस-५ की १३ वर्षीय एक वालिकालाई **०५३ साउन १५ गते** सोही ठाउँका मोहन तेथुङले विभिन्न प्रलोभन देखाउँदै धरान पुऱ्याए। त्यहाँबाट कलकत्ता लाने योजना बनाइरहेकै अवस्थामा पीडकलाई प्रहरीले पक्राउ गरे। सत्ता पक्षीय व्यक्तिहरूको दबाबमा उनलाई छोडियो।

मूर्तिढुंगा गाविस-६ का १८ वर्षीय टिकामाया थापालाई **०५३ कार्तिक १२ गते** संखुवासभामा तुम्लिङटारको होटेलमा सँगै वास बसाई रहेको अवस्थामा प्रहरीले मोहनलाई पक्राउ गरेर जिउमास्ने बेच्ने मुद्दा चलायो। पछि ४० हजार धरौटीमा जिल्ला अदालत धनकुटाले छोडेको थियो।

बोधे गाविस-८ की १३ वर्षीय एक वालिकालाई **०५३ कार्तिक १३ गते** सोही ठाउँका रामबहादुर लिम्बुले बलात्कार गरे। पीडकलाई पुर्पक्षको लागि थुनामा राखिएको छ।

धनकुटा नपा-१ की एक महिलालाई **०५३ मंसीर ४ गते** राती सोही ठाउँका दानबहादुर तामाङ, बुद्धिमान तामाङ र प्रेमबहादुर तामाङले सामूहिक बलात्कार गरे। हाल पीडकहरू पुर्पक्षको लागि थुनामा रहेका छन्।

४.२ जारी / बहुविवाह / देउकी / वेह्व्यापार
भेडेटार गाविस-७ का टंकबहादुर रानाले घरमा पत्नी हुँदाहुँदै ०५३ मंसीर २८ गते १३ वर्षीय वालिकासंग दोस्रो विवाह गरे।

रहस्यमय मृत्यु : झकेन्द्रमान कार्की

कुटपिटबाट घाइते : भगिरथ विश्वकर्मा

मारेककटहरे गाविस-२ की २७ वर्षीय देवीमाया पौड्याललाई **०५२ जेठ ८ गतेदेखि** उनका पति महेन्द्र पौड्यालले खान लाउन नदिएर घरबाट निकाले। पीडकले ०५३ मंसीरमा सोही ठाउँकी अर्की युवतीलाई विहे गरेर जिल्ला बाहिर गएको बताइन्छ। पीडित देवीमाया गर्भवती अवस्थामा अलपत्र परेकी छन्।

तार्खुवा गाविस-३ का जुगलकुमार लिम्बुले घरमा पत्नी शान्ति लिम्बु हुँदाहुँदै **०५३ असार ११ गते** चन्द्रकला लिम्बुसंग दोस्रो विहे गरे।

४.३ गर्भपतन

जानकारीमा आएन।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

धनकुटा नपा-२ की रेणुका ठकुरीले ०५२ साउन २८ गते बच्चा जन्माएर फालिन्। उनलाई ०५३ साउन ३२ गते प्रहरीले गिरफ्तार गऱ्यो।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

जानकारीमा आएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहारहरु / छुवाछूत समेत

जानकारीमा आएन।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

जानकारीमा आएन।

९. अतिरिक्त जानकारीहरु (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष यो जिल्लामा ट्राफिक दुर्घटनामा परी १ जनाको मृत्यु भयो। ३ जनाको भिर र छतबाट खसेर मृत्यु भयो। आगलागीको एक घटना भयो। यस वर्ष ७ जनाले आत्महत्या गरे, ती मध्ये ३ जना महिला र ४ जना पुरूष रहेका छन्।

■



१. पूर्वाञ्चल
कोशी
१.८ तेह्रथुम

जनसंख्या	१०२८७०
साक्षरता	५५.४ प्रतिशत
महिला साक्षरता	३७.४ प्रतिशत
क्षेत्रफल	६७९ वर्ग कि.मी.
गाविस/नपा	३१/०
निर्वाचन क्षेत्र	१
विद्यालय/क्याम्पस	२०७/२
अस्पताल/स्वास्थ्य चौकी	१/३१
टेलिफोन लाइन	१६०
सडक (कि.मि.)	१०
प्रहरी कार्यालय	११

रमणीय पर्यटकीय स्थलहरूका साथै यस जिल्लामा नेपालको सबैभन्दा ठूलो झरना ह्याथुङ्ग, सम्दु गाविसमा पर्दछ। यस जिल्लामा ३२ वटा गाविस र एउटा मात्र निर्वाचन क्षेत्र छ। जनसंख्या थोरै भएता पनि यो जिल्लामा मानवअधिकारको स्थिति त्यनि राम्रो छ भनेर भन्न सकिने अवस्था रहेको छैन।

१. सम्मानित रुपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

फाक्चामारा गाविस-२ का डम्बरबहादुर भुजेललाई **०५२ चैत ९ गते** तेह्रथुम आम्बुङ्ग-२ का कुलबहादुर दमाई र मनकुमार दमाईले छुरी प्रहार गरी हत्या गरे। पीडितका साथी पदम भुजेललाई पनि दाहिने पिंडुलामा छुरी लागेको थियो। पीडकद्वयलाई प्रहरीले पक्राउ गरी पुर्पक्षका लागि थुनामा राखेको छ।

छातेढुंगा गाविस-८ की सीता संग्रौलाको लाश **०५३ असार ३ गते** उनकै घरछेउमा हत्या गरी झुण्ड्याएको अवस्थामा फेला परेको थियो। अनुसन्धानकै क्रममा प्रहरी र स्थानीय जनताको सक्रियतामा ईवा गाविस-२ का राजेन्द्र डाँगी, धनबहादुर वानिया र छातेढुंगा गाविस-८ की यशोदा संग्रौलालाई ०५३ कार्तिक ९ गते गिरफ्तार गरी अनुसन्धान र आवश्यक कानूनी कार्यवाहीको लागि थुनामा राखिएको छ। पीडित संग्रौलाले पीडक डाँगीसंग शारीरिक सम्पर्कबाट गर्भधारण गरेकी र डाँगीको यशोदा संग्रौलासंग पनि शारीरिक सम्पर्क बढेको हुनाले यशोदा संग्रौलाले सीता संग्रौलालाई हत्या गर्न प्रेरित गरेको कुरा सार्वजनिक भएको छ।

१.२ जेल र बन्दीहरु

यस जिल्लाको सदरमुकाममा रहेको जेलको क्षमता ३५ जनाको छ। यो वर्षको अन्तिमतिर ४ पुरुष १ महिला गरी ५ जना थुनुवा तथा १६ जना पुरूष र ६ जना महिला गरी २२ जना बन्दी एवं १ जना नावालक गरी २८ जना रहेको पाइयो। बन्दीहरूले ढाका कपडा वुनी विक्री वितरण गर्ने गरेका छन्। जेलभित्र चर्पीको राम्रो व्यवस्था हुन नसकेको कारणले बन्दीहरू दुर्गन्धबाट पीडित छन्।

१.३ गिरफ्तारी र यातना

तेह्रथुमको सदरमुकाम म्याङलुङ्ग बजारमा नेपाल राष्ट्रिय शिक्षक संगठनले अघि बढाएको ३३ सूत्रीय माग अन्तरगत **०५३ असार ३ गते** जिल्ला शिक्षा कार्यालय घेराउ कार्यक्रमलाई शान्तिपूर्ण तरिकाले सफल पार्न शिक्षा कार्यालय पुगेका शिक्षक प्रतिनिधि तथा जिल्ला शिक्षा अधिकारी बीच वार्तालाप भइरहेको अवस्थामा प्रहरीले लाठीचार्ज गर्‍यो। प्रहरीको लाठीचार्जबाट थुप्रै शिक्षक घाइते भए भने शिक्षक पुण्यप्रसाद स्वतिवडा, भीम बस्नेत, भक्त थापा, रामचन्द्र थपलिया र नारायण भट्टराईलाई गिरफ्तार गरियो। शिक्षक वीरबहादुर के.सी. र टंक निरौलालाई लाठी र बुटले हिर्काई सख्त घाइते बनाइयो। गिरफ्तार गरिएका शिक्षकहरूलाई साँझ छोडिएको थियो। घाइते शिक्षकहरूलाई उपचारार्थ तेह्रथुम अस्पताल लगिएको थियो भने धर्ना कार्यक्रम यथावत चलेको थियो।

ओयाकजुङ्ग गाविस-४ का केन्द्रप्रसाद सुवेदीको घर घेराउ गरेको अभियोगमा सोही ठाउँका हरिप्रसाद सुवेदी, हरिलाल सुवेदी, खगेन्द्र सुवेदी, हरिनारायण सुवेदी, छविलाल सुवेदी, तिलचन सुवेदी र जगन्नाथ अधिकारीलाई **०५३ साउन ६ गते** प्रहरीले पक्राउ गर्‍यो। उनीहरूलाई सार्वजनिक मुद्दा लगाई तारेखमा छोडिएको थियो।

म्याङलुङ गाविस-२ स्थित टुँडिखेल मैदानमा फुटवल खेल खेलिरहेका खेलाडी क्रमशः म्याङलुङ्ग गाविस-९ का वसन्त सुब्बा, तिलक योन्जन, कुमार तामाङ र म्याङलुङ्ग गाविस-२ का योगेश ढुंगानालाई **०५३ साउन १० गते** फुटवल

छुरी प्रहारबाट हत्या गरिएका डम्बरबहादुर भुजेल

प्रहरी एरियामा गएको भनी गिरफ्तार गरी यातना दिइयो। उनीहरूलाई भोलिपल्ट मात्र छाडिएको थियो।

म्याङलुङ क्याम्पसमा अध्ययनरत २० वर्षीय शम्भु सुवेदीलाई **०५३ साउन २१ गते** विना कारण प्रहरीले पक्राउ गरी जिल्ला प्रहरी कार्यालयमा पुऱ्याएर निर्मम यातना दिइयो। उनलाई सोही साँझ रिहाई गरिएको थियो।

१.४ बेपत्ता पारिएको

जानकारीमा आएन।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

यस सम्बन्धी ९ वटा घटना भए। व्यक्तिगत रीसइवी र घरायसी झगडामा भएका ती घटनामा ९ जना पीडित भए।

१.६ थुनामा मृत्यु

थुनामा मृत्यु भएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

जानकारीमा आएन।

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

यो वर्ष यस जिल्लाको जिल्ला अदालतमा ३५ शीर्षकमा जम्मा २०५ वटा मुद्दाहरू दर्ता भए। ती मध्ये ४५ वटा मात्र मुद्दाहरू फैसला भए भने १६० वटा मुद्दाहरू फैसला हुन बाँकी रहे।

२.४ सरुवा / घटुवा / पक्षपात आदि

जानकारीमा आएन।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

विघटित सुकुम्बासी समस्या समाधान आयोग समक्ष यस जिल्लाका ३२ वटै गाविसबाट जम्मा ६२० सुकुम्बासीहरूले आवेदन गरेका थिए।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

जानकारीमा आएन।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

वसन्तपुर गाविस-९ का खगेन्द्र पौडेललाई बहुविवाह गरेको भनी **०५३ कार्तिक ३० गते** कानूनी कार्यवाहीको लागि प्रहरीले गिरफ्तार गरेको थियो।

४.३ गर्भपतन

फाक्चामारा गाविस-२ की ३५ वर्षीय ठुलीमाया तामाङले **०५३ असार ३१ गते** गर्भपतन गराइन्। तामाङलाई प्रहरीले पक्राउ गरी थुनामा राखेको थियो।

सुङनाम गाविस-२ लसुने बजारमा संचालित ओमकलम होटलमा कार्यरत १७ वर्षीय लक्ष्मी खड्काले **०५२ माघ २ गते** बच्चा पैदा गरी घाँटी निमोठेर हत्या गरिन्। पीडक खड्कालाई ज्यान मारेको मुद्दामा थुनामा राखिएको छ।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

जानकारीमा आएन।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

जानकारीमा आएन।

तेह्रथुम जेलको अगाडिको भाग

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहारहरु / छुवाछूत समेत

जानकारीमा आएन।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

नेपाल राष्ट्रिय शिक्षक सगठनको राष्ट्व्यापी आन्दोलनको क्रममा शिक्षकहरूलाई कुटपिट गरी गिरफ्तार गरेको घटनालाई लिएर संगठनले प्रेस वक्तव्य निकालेको थियो भने अभिभावकहरूले ३ घण्टा बजार बन्द गरी प्रशासनिक दमनको विरोध जनाएका थिए।

९. अतिरिक्त जानकारीहरु (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

यस जिल्लामा दूर्घटनाका २ वटा घटना भए।
यो वर्ष ३ जनाले आत्महत्या गरे।

■

प्रहरीको लाठी प्रहारबाट घाइते वीरबहादुर के.सी.



१. पूर्वाञ्चल

कोशी

१.१ भोजपुर

जनसंख्या	१९८७८४
साक्षरता	४१.५ प्रतिशत
महिला साक्षरता	२५.९ प्रतिशत
क्षेत्रफल	१५०७ वर्ग कि.मी.
गाविस/नपा	६३/०
निर्वाचन क्षेत्र	२
विद्यालय/क्याम्पस	३३७/१
अस्पताल/स्वास्थ्य चौकी	१/४८
टेलिफोन लाइन	१५०
सडक (कि.मि.)	०
प्रहरी कार्यालय	१७

भोजपुर कोशी अंचलमा पर्ने पहाडी जिल्ला हो। यस जिल्लामा बिगतको तुलनामा यस वर्ष मानवअधिकार उल्लंघनका घटनाहरूमा कमी आएको देखिन्छ। यहाँ राज्य स्तरबाट भन्दा जनस्तरबाट व्यक्तिगत तथा राजनैतिक रीसइवीका कारणले मानवअधिकार उल्लंघनका घटनाहरू बढी हुने गरेको पाइन्छ। यस वर्ष माओवादी जनयुद्धका नाममा केही व्यक्तिहरूलाई गिरफ्तार गर्ने, यातना दिने जस्ता घटनाहरू भए।

१. सम्मानित रुपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

०५२ फागुन १२ गते जिल्ला प्रहरी कार्यालय भोजपुरका प्रहरी जवान श्याम राईलाई साङ्गपाङ्ग गाविस-५ का नेपाली कांग्रेसका कार्यकर्ता टेकबहादुर राईले भरूवा बन्दुकले दाहिने पातामा हानी घाइते बनाए। घाइतेलाई धरान स्थित घोपा क्याम्पमा ल्याइयो र त्यहाँ उपचार हुन नसकी वीरेन्द्र प्रहरी अस्पताल पुऱ्याइएको थियो। टेकबहादुर राईलाई सार्वजनिक मुद्दा लगाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

१.२ जेल र बन्दीहरु

भोजपुर कारागार "घ" श्रेणीको हो। यसको बन्दी क्षमता २५ जनाको छ। हाल यस जेलमा थुनुवा २७, कैदी १४ र नावालक ३ गरी जम्मा ४४ जना रहेका छन्। ती मध्ये ५ जना थुनुवा र ४ जना कैदी समेत ९ जना महिला बन्दी रहेका छन्। कारागारका बन्दीहरूले भाग्ने तयारी गर्दैछन् भन्ने निहुँ बनाएर ०५३ जेठ २ गते २ जना प्रहरी निरीक्षक सहित २६ जनाको प्रहरी टोली जेलभित्र पसेको थियो। त्यसबेला हेमराज राई, भविराज राई, गायत्री काफ्ले सहितका १८ जना कैदी बन्दीलाई हिरासतमा राखी उनीहरूका सरसामान खानतलासी गरिएको कुरा बन्दीहरूले बताए।

१.३ गिरफ्तारी र यातना

बोया गाविस-४ की २३ वर्षीय विष्णु कुमारी राईलाई **०५२ माघ २८ गते** बजारमा हिडिरहेको बेला प्रहरीले गिरफ्तार गरी हप्काई, गालामा एक थप्पड समेत हानेर छाड्यो।

साङ्गपाङ्ग गाविस-८ की तारा राई, ईश्वरी राई र विनुजा राईलाई **०५२ फागुन १८ गते** प्रहरीले माओवादी भएको आरोपमा घरघरबाट गिरफ्तार गऱ्यो। उनीहरूलाई यातना समेत दिएर एक महिनासम्म हिरासतमा राखी उनीहरूलाई जनही २८ हजार धरौटीमा छोडियो। उनीहरूलाई गिरफ्तार गरेको दुई दिन पछि मात्र पूर्जी दिइएको थियो।

साङ्गपाङ्ग गाविस-८ का बसन्त कुमार राई, शरण राई, ध्यानबहादुर राई र नन्दकुमार राईलाई **०५२ फागुन २५ गते** मसाल जुलुसमा हिडेको कारणले गिरफ्तार गरियो। उनीहरूलाई एक महिनासम्म हिरासतमा राखेर छाडियो।

तिवारीभञ्याङ्ग गाविस-९ का विन्दा ढकाल, नारायण श्रेष्ठ, ध्यानबहादुर श्रेष्ठ, वम किराँत र सोही गाविस-८ का प्रेम दर्जीलाई माओवादीको आरोपमा **०५३ वैशाख २५ गते** गिरफ्तार गरियो। उनीहरूलाई यातना समेत दिइएको थियो।

साङ्गपाङ्ग गाविस-२ का भक्तबहादुर कार्की, ऋषि कार्की, जीवन कार्की, राम कार्की, लक्ष्मण कार्की र वसन्त पराजुलीलाई माओवादीलाई घरमा खाजा खुवाएको आरोपमा **०५३ साउन १३ गते** गिरफ्तार गरिएको थियो।

१.४ वेपत्ता पारिएको

सानोदुम्मा गाविस-४ का महेन्द्र राईलाई सोही गाविसका देवराज राईको भाउजुसंग अनैतिक सम्बन्ध राखेको निहुँमा मनपाल राई र एक भारतीय सैनिकको समेत सहयोगमा स्थानीय विन्दुमान राईको घरमा ल्याई **०५३ कार्तिक ६ गते** बाँधेर कुटपिट गरियो। त्यसपछि उनी वेपत्ता भएका छन्।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

कुदाककाउले गाविस-१ का ४० वर्षीय नरवेतल राईलाई गाविस अध्यक्ष विरवल राईले **०५२ माघ २ गते** आफ्नै घरमा बोलाई झगडा मिलाउन आँगनमा धेरै मानिस भेला भएको अवस्थामा कोठामा लगी निर्घातसंग कुटपिट गरे।

देउराली गाविस-६ का २९ वर्षीय देवीराम चौलागाईलाई देउराली

गाविस-१ मा २० वर्षीय विनोद कार्कीले राजनीतिक प्रतिशोधको भावनाले कुटपिट गरेको बताइन्छ। उनलाई फलामे छडले हानी गम्भीर रूपमा घाइते तुल्याए।

यी बाहेक कुटपिटका अन्य ११ वटा घटना भए। तिनमा ३ जना महिला र ११ जना पुरूष गरी १४ जना पीडित भए।

१.६ थुनामा मृत्यु

खावा गाविस-५ का ५३ वर्षीय बन्दी ईश्वरमान राईको **०५३ साउन ३० गते** जेलभित्रै मृत्यु भयो। उनी कर्तव्य ज्यान मुद्दा अन्तरगत ०५० पुस ७ गतेदेखि कैद भुक्तान गर्दै थिए। उनलाई ५ वर्षको कैद तोकिएको थियो।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

वैकुण्ठे गाविस-६ का गणेश राई, देवराज राई र दिलबहादुर खत्रीले **०५३ कार्तिक २४ गते** राती सांस्कृतिक कार्यक्रम भैरहेको अवस्थामा कार्यक्रम विथोली माइक लगायत अन्य सामाग्रीहरू समेत तोडफोड गरी नोक्सानी गर्नुका साथै अनिल कुमार राईलाई कुटपिट गरी घाइते तुल्याए।

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

जानकारीमा आएन।

२.४ सरुवा / बढुवा / पक्षपात आदि

जानकारीमा आएन।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

जानकारीमा आएन।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

दलगाउँ गाविस-७ की २७ वर्षीय कौशिला श्रेष्ठलाई आफ्नै काका ससुराले सासुको निर्देशनमा **०५२ माघ २४ गते** हप्काउने, यो घरमा नबस तेरै बाउको घरमा जा भनी तीन दिनसम्म खान नदिए पछि उनी माइत गएकी थिइन्।

टक्सार गाविस-७ की १६ वर्षीय अनिल अधिकारीले **०५२ चैत १५ गते** ९ वर्षीय एक वालिकालाई बलात्कार गरे। पीडक पक्राउ परी कारागारमा पुर्पक्षमा थुनामा रहेका छन्।

भुक्ले गाविस-७ की १९ वर्षीय एक युवतीलाई **०५३ कार्तिक २६ गते** दलगाउँ गाविस-५ की २२ वर्षीय रामकुमार राईले पानी भर्न धारामा गएको मौका पारी बलात्कार गर्न खोज्दा पीडितले लातले हानी उम्किइन। पीडक फरार रहेका छन्।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

जानकारीमा आएन।

४.३ गर्भपतन

आम्नेक गाविस-३ की २१ वर्षीय असारी राईले **०५२ माघ २३ गते**, कंउरेनीपानी गाविस-९ की २० वर्षीय डम्बरकुमारी दर्जीले **०५२ चैत २७ गते** र श्यामसिला गाविस-७ की २३ वर्षीय विष्णुकुमारी कार्कीले अवैध गर्भधारण गरी **०५३ जेठ १८ गते** गर्भ पतन गरेका थिए।

भोजपुर गाविस-२ की ३७ वर्षीय देवीमायाले **०५३ मंसीर २६ गते** मरेको बच्चा जन्मिएको भनी नवजात शिशुलाई गाडिन्।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

भोजपुर गाविस-५ का ५ वर्षीय दा-तेन्जी शेर्पालाई **०५३ वैशाख ३० गते** सिद्धकाली बोर्डिङ्ग इङ्गलिस स्कूलका शिक्षक राजन राईले निलडाम हुने गरी गालामा पिटे।

भोजपुर गाविस-५ की ९ वर्षीय इन्दिरा श्रेष्ठलाई शिक्षक राजन राईले **०५३ असोज २ गते** गृहकार्य नगरेको आरोपमा कुटपिट गरे। उनी १३ घण्टासम्म बेहोस भएकी थिइन्।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

जानकारीमा आएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहारहरु / छुवाछूत समेत

जानकारीमा आएन।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

प्रहरी जवान श्याम राईमाथि गोली प्रहार गरिएको घटनाका सम्बन्धमा नेकपा (एमाले) र मानवअधिकारवादी संस्था (आशाहुर्ड) ले छुट्टाछुट्टै प्रेस वक्तव्य जारी गरेका थिए।

९. अतिरिक्त जानकारीहरु (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

दूर्घटनाबाट ३ जनाको मृत्यु भयो। बाढी पहिरोबाट ३४ जना र आगलागीबाट २ जनाको मृत्यु भयो। ८ जनाले आत्महत्या गरे।

■



१. पूर्वाञ्चल

कोशी

१.१० संखुवासभा

जनसंख्या : १४१९०३
साक्षरता : ४८.१ प्रतिशत
महिला साक्षरता : ३२.१ प्रतिशत
क्षेत्रफल : ३४८० वर्ग कि.मी.
गाविस/नपा : ३६/०
निर्वाचन क्षेत्र : २
विद्यालय/क्याम्पस : ३९०/३
अस्पताल/स्वास्थ्य चौकी : १/४१
टेलिफोन लाइन : १६८
सडक (कि.मि.) : ०
प्रहरी कार्यालय : १९

पूर्वी पहाडी जिल्ला संखुवासभा विविध कारणबाट पिछडिएको जिल्ला हो। यहाँ नागरिकहरू बीच हुने व्यक्तिगत झगडा र रीसइबीका कारण मानवअधिकार उल्लंघनका घटनाहरू हुने गरेका छन्।

१. सम्मानित रुपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

स्यावुन गाविस-१ का ३० वर्षीय चन्द्रबहादुर राईलाई **०५२ फागुन ११ गते** सोही ठाउँका तेज बहादुर लामिछाने बस्नेतले खुकुरी प्रहार गरी हत्या गरे।

सित्तलपाटी गाविस-३ का ३६ वर्षीय विदुर कटुवाललाई **०५२ चैत १५ गते** स्थानीय रूद्रबहादुर कटुवालले घाँटीमा खुकुरी प्रहार गरी हत्या गरे। ती दुई बीच अंश सम्बन्धी झगडा भएको थियो।

ताम्कु गाविस-८ का ३५ वर्षीय लक्ष्मण राईको **०५२ चैत २७ गते** स्थानीय भोलानाथ राईले मृग मार्न भनी प्रहार गरेको गोली लागी मृत्यु भयो।

पाथीभरा गाविस-८ का ५० वर्षीय दलबहादुर पराजुलीलाई **०५३ मंदी २ गते** सोही ठाउँका पेम्बा नुर्वु शेर्पाले तमसुक चोरेको झुट्टा आरोप लगाएको भनी खुकुरीले काटी हत्या गरे।

मादी मूलस्वर्क गाविस-६ का ३५ वर्षीय निमा तेम्बा शेर्पालाई **०५३ कार्तिक २६ गते** स्थानीय दारिञ्जे शेर्पाले चुप्पीले कोखामा हानी हत्या गरे।

१.२ जेल र बन्दीहरु

जिल्ला सदरमुकाम खाँदवारीमा "घ" श्रेणीको २५ जना बन्दी क्षमता भएको जेल छ। यो जेलमा हाल थुनुवा २२ जना, कैदी २८ जना र ३ जना नावालक समेत जम्मा ५३ जना रहेका छन्। ती मध्ये ४ जना थुनुवा र ६ जना कैदी समेत १० जना महिला छन्। जेल कर्मचारी, प्रहरी र कैदी बीच राम्रै सम्बन्ध रहेको पाइयो। पुरूष कैदी भएको कोठाहरूमा भित्री शौचालय नभएको कारणले राती दिसा पिसाव गर्नु पर्दा टोकरीमा गर्ने गरेका छन्। यस जेलमा क्षमताभन्दा बढी बन्दीहरू राख्ने गरिएको छ।

१.३ गिरफ्तारी र यातना

जानकारीमा आएन।

१.४ बेपत्ता पारिएको

जानकारीमा आएन।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

मंगलवारे चौकीका प्रहरी हवल्दार ईश्वरचन्द थनार, प्रहरी जवान जितन चौधरी, हितनारायण सरदार र हेमबहादुर खत्रीलाई **०५३ साउन २ गते** राती मोराहाङ गाविसका बालकुमार चौलागाई समेतका २१ जनाले कुटपिट गरे। प्रहरी हवल्दार गम्भीर रूपमा घाइते भए।

यस बाहेक अन्य ५ वटा कुटपिटका घटनामा ५ जना पीडित भए, जसमा २ जना महिला छन्।

१.६ थुनामा मृत्यु

थुनामा मृत्यु भएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

जानकारीमा आएन।

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

जानकारीमा आएन।

२.४ सरुवा / घटुवा / पक्षपात आदि

जानकारीमा आएन।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

यस जिल्लामा करीव १ हजार सुकुम्वासी परिवार भएको अनुमान छ। बिगतमा एमालेको सरकारको पालामा गठित सुकुम्बासी समस्या समाधान आयोगले ८५० परिवारको लगत लिएको थाहा भएको छ। सबभन्दा बढी मादी राम्बेनी गाविसमा १८० घर सुकुम्बासी छन्।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

मत्स्यपोखरी गाविस-४ की ६ वर्षीय एक नावालिकालाई **०५३ असार २० गते** स्थानीय ३८ वर्षीय आइतबहादुर दर्जीले बलात्कार गरे।

मत्स्यपोखरी गाविस-४ की एक युवतीलाई **०५३ साउन ७ गते** राती ११ बजे आफ्नै फङ्केलो बाबुले बलात्कार गरे।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

वाना गाविस-१ की २७ वर्षीय रमला श्रेष्ठ घरमा छँदै उनका पति जीवनकुमार श्रेष्ठले **०५२ माघ २६ गते** वाना गाविस-१ की १८ वर्षीय रेणुका श्रेष्ठसंग दोस्रो विवाह गरे।

खराङ गाविस-७ की २२ वर्षीय भगवती दाहालसंग ०५३ वैशाख १० गते सोही गाविस-६ का २२ वर्षीय टंकबहादुर राउतले प्रेम विवाह गरे। त्यसको १० दिन पछि अर्थात् **०५३ वैशाख २० गते** सोही ठाउँकी २२ वर्षीय सीता दाहालसंग उनको दोस्रो विवाह भयो।

४.३ गर्भपतन

माल्टा गाविस-९ की ३५ वर्षीय रामकुमारी राईले **०५३ साउन २५ गते** बच्चा जन्माई नवजात शिशुको हत्या गरिन्।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

जानकारीमा आएन।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

जानकारीमा आएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहारहरु / छुवाछूत समेत

जानकारीमा आएन।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

जानकारीमा आएन।

९. अतिरिक्त जानकारीहरु (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

खोलामा डुबेर ८ जना, पहिरोमा परेर १ जना, चट्याङमा परी १ जना, आगलागीमा १ जना र रूखबाट लडी १ जना गरी १२ जनाको मृत्यु भयो।

विभिन्न कारणबाट ५ जना पुरूषले आत्महत्या गरे।

■



१. पूर्वाञ्चल

सगरमाथा

१.११ सप्तरी

जनसंख्या : ४६५६६८
साक्षरता : ३४.७ प्रतिशत
महिला साक्षरता : १७.७ प्रतिशत
क्षेत्रफल : १३६३ वर्ग कि.मी.
गाविस/नपा : ११४/१
निर्वाचन क्षेत्र : ५
विद्यालय/क्याम्पस : ३६७/१
अस्पताल/स्वास्थ्य चौकी: १/४२
टेलिफोन लाइन : ९३४
सडक (कि.मि.) : २४५
प्रहरी कार्यालय : ३६

विगतको इतिहासलाई हेर्ने हो भने यस जिल्लाका नागरिकहरूले राणा शासन विरोधी आन्दोलन र सामन्त विरोधी किसान आन्दोलनमा महत्वपूर्ण भूमिका खेलेका थिए। सप्तरी जिल्ला मानवअधिकार हननका घटनाहरूका कारण पूर्वाञ्चलमा चर्चामा रहने गरेको छ।

१. सम्मानित रुपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

महदेवा गाविस-४ का रामनारायण मण्डललाई **०५२ माघ ११ गते** राती घरबाट बाहिर आएको अवस्थामा छाती र कपालमा भाला र छुरा हानी हत्या गरियो। उनको लाश घिसार्दै घरदेखि केही टाढा खेतमा लगी फालिएको थियो। उक्त घटनालाई लिएर महदेवा-४ का हरिश्चन्द्र ठाकुर, रामदेव ठाकुर, पकरी-१ का देवनारायण मण्डल समेतलाई प्रहरीले पक्राउ गरी कारवाहीको लागि सप्तरी जिल्ला अदालतमा पेश गर्दा रामदेव ठाकुर र देवनारायण मण्डल धन जमानी तारेखमा छुटेका छन् भने हरिश्चन्द्र ठाकुर पुर्पक्षका लागि सप्तरी कारागारमा थुनामा रहेका छन्।

हनुमाननगर गाविस-२ का १९ वर्षीय तफाज अलि मियालाई **०५२ फागुन २१ गते** दिउँसो पेटमा छुरा हानी हत्या गरियो। उनको हनुमानगर-५ का हरि कुमार श्रेष्ठ, सिपककुमार सिंह र सुनिल पाण्डे समेतसंग आर्थिक लेनदेन सम्बन्धी वादविवाद भै झगडा हुँदाहुँदै छुरा प्रहार गरिएको थियो। पीडित घाइते भई सडकमा लडे पछि उपचारको लागि राजविराज अस्पताल लैजाँदा बाटोमा नै मृत्यु भयो।

डाढा गाविस-६ का ४० वर्षीय मुक्ति रामलाई बाटो बन्द गरेको विवादमा स्थानीय हरिनारायण रायले **०५२ चैत २८ गते** धारिलो काठले टाउकोमा हिर्काउँदा घाइते भई राजविराज अस्पतालमा उपचार हुँदा हुँदै ०५३ वैशाख १ गते उनको मृत्यु भयो। पीडक फरार छन्।

धरमपुर गाविस-८ का ७५ वर्षीय कटकबहादुर बस्नेतलाई **०५३ वैशाख ३ गते** ९ बजे राती उनकै छोरा गोविन्द बहादुर बस्नेतले रक्सी सेवन गरी लाठी प्रहार गर्दा घाइते भई राजविराज अस्पतालमा उपचार हुँदाहुँदै १५ दिनपछि मृत्यु भयो। जिल्ला प्रहरी कार्यालयले गोविन्दबहादुरलाई पक्राउ गरी कार्वाही चलाएको छ।

इनर्वा गाविस-९ का भु.पु. प्रधानपंच सुब्बालाल यादवलाई **०५३ जेठ २० गते** ऐलानी जग्गा सम्बन्धी विवाद हुँदा स्थानीय रामनारायण यादव र देवराम यादव समेतले लाठी र भालाले प्रहार गरे। घाइते भई राजविराज अस्पतालमा उपचार हुँदाहुँदै ०५३ जेठ २३ गते उनको मृत्यु भयो। रामनारायण यादव र देवराम यादवलाई प्रहरीले पक्राउ गरी कार्वाही चलाएको छ।

फत्तेपुर गाविस-३ का राजकुमार कर्ण आफ्ना ५ जना साथी सहित फत्तेपुरदेखि पश्चिम पट्टिको बगहा खोलामा शिकार खेल्न गएकोमा आफ्नै शिकारी साथी भरत विश्वकर्माले **०५३ जेठ ३१ गते** चलाएको बन्दुकको गोली लागी राजकुमारको मृत्यु भयो।

छिन्नमस्ता गाविस-२ का शिवनारायण खत्वेलाई **०५३ असार १ गते** राती आफ्नो घरको आँगनमा सुतिरहेको अवस्थामा अज्ञात व्यक्तिहरूले धारिलो हतियारले शरीरको विभिन्न भाग र टाउकोमा समेत प्रहार गरी सख्त घाइते बनाए। बेहोस अवस्थामा उनलाई नजिकको डाक्टर कहाँ पुऱ्याउँदा पुऱ्याउँदै बाटोमा नै मृत्यु भयो।

मलेकपुर गाविस-८ मा फेला परेको मूर्ति ल्याउन गएको प्रहरीको जत्थाले **०५३ भदौ २ गते** चलाएको गोली स्थानीय सुगावती मण्डलको पेटमा लागी घटनास्थलमा नै उनको मृत्यु भयो। उक्त गोली काण्डमा विजुली यादव र शान्ति देवी साहको पाखुरा, निधार र कन्चटमा गोली लागी सख्त घाइते भए। सुगेश्वर मण्डल, दोरिक मण्डल, सुकदेव मण्डल, बौका सदा, पर्शुराम मण्डल, दोरिक यादव, जोगी मण्डल, पर्शुराम यादव, कुशेश्वर साह, नागो मण्डल, शिवनारायण यादव, राजी

मण्डल, देवसुन्दर मण्डल समेत प्रहरी गोलीबाट घाइते भएका थिए।

ठेलीया गाविसका उपाध्यक्ष एवं नेकपा (एमाले) का कार्यकर्ता महाविर खड्कालाई **०५३ मंसीर ३ गते** जग्गामा रहेको धानवाली लुट्न आएका कांग्रेस कार्यकर्ता राजेन्द्र जोसी लगायतका व्यक्तिहरूले बाँसको भाटाले टाउकोमा प्रहार गरी टाउको फुटाउनुका साथै शरीरको विभिन्न भागमा प्रहार गरी मरणासन्न पारेका थिए। महाविर खड्गाको सिलिगुढीमा उपचार हुँदाहुँदै मंसीर १३ गते मृत्यु भयो। उक्त घटना प्रहरी चौकीको छेउमा महाविर खड्गाले श्याम जोशीको पत्नीबाट खरिद गरेको जग्गाको विषयमा भएको थियो।

वरही विरपुर गाविस-२ का ५५ वर्षीय मौजेलाल यादवलाई अंश सम्बन्धी झगडामा **०५३ मंसीर ९ गते** स्थानीय राजेन्द्रप्रसाद यादवले बन्चरो प्रहार गरी हत्या गरे।

जगतपुर गाविस-९ का १५ वर्षीय अमित थापा भुजेल र १२ वर्षीय पुन्टे थापालाई चोरी गरेको आरोपमा स्थानीय दीप नारायण चौधरी र विलट चौधरी लगायतका व्यक्तिहरूले विजुलीको करेण्ट लगाई यातना दिंदा **०५३ पुस ९ गते** राती ११ बजे अमित थापाको मृत्यु भयो। कंचनपुर बजारको चौधरी पान पसलमा चोरी गरेको आरोपमा अमित थापा भुजेल र पुन्टे थापालाई समाती दीपनारायण चौधरी र विलट चौधरीले आफ्नो घरमा लगी खम्बामा बाँधी, मुखमा कपडाको बुजो हाली, जिउमा चिसो पानी खन्याई पटक-पटक करेण्ट लगाउँदा अमित बेहोस भए। बेहोस अवस्थामा उनलाई स्थानीय चिकित्सक कहाँ उपचारको लागि पुऱ्याउँदा चिकित्सकले बाहिर लग्ने सल्लाह दिए पछि बाहिर लग्दै गर्दा अमितको मृत्यु भै सकेकोले मृतकको लाशलाई सडक छेउमा फालि दिएका थिए। उक्त घटनामा दीपनारायण चौधरी, विलट चौधरी र पिप्रापूर्व-७ का सत्यनारायण चौधरीलाई प्रहरीले पक्राउ गरी कार्वाही चलाएको छ।

१.२ जेल र बन्दीहरु

यो जिल्लाको कारागार भवन राणाकालमै निर्माण भएको हो र भवन अति नै जीर्ण अवस्थामा रहेको छ। १२५ जना बन्दी क्षमता भएको यस कारागारमा हाल पुरुष ९७, महिला ७, नावालक केटा १, केटी १ गरी जम्मा १०६ जना बन्दीहरू रहेका छन्।

कैदीहरूलाई दिइने चामल र कपडा कम स्तरको रहने गरेको, कैदी संख्या र बढ्दो विरामीको चाप बमोजिम कैदीहरूको स्वास्थ्योपचार तर्फ औषधिमा दिइने रकम नपुग हुने गरेको, विभागबाट कैदीको लागि आउने कपडा र अन्य सहुलियत उपलब्ध हुन नसकेको साथै कारागार व्यवस्थापनमा बजेटको अभाव रहने गरेको जेलरको भनाइ छ।

कारागारभित्र कैदीहरूलाई आय आर्जनका लागि सीपमूलक तालिम, घरेलु सामाग्री उत्पादनको लागि आवश्यक साधन जुटाइ दिनु पर्ने, अनौपचारिक शिक्षा संचालन हुनु पर्ने, पत्रिका नियमित रूपमा उपलब्ध गराइनु पर्ने, आमाबाबुको

सांघातिक हमलाद्वारा मारिएका ठेलीया गाविस उपाध्यक्ष महावीर खड्का

काजक्रिया गर्न पाउने आवश्यक व्यवस्था हुनु पर्ने कैदीहरूको भनाइ रहेको छ।

कारागार वरिपरि सुँगुर पालन, फोहोर मैला पनि धेरै भएको हुँदा कारागार बाहिर कम्पाउण्ड वाल बनाइनु पर्ने कैदीहरूको माग छ।

१.३ गिरफ्तारी र यातना

फत्तेपुर गाविस स्थित प्रहरी चौकीका प्रहरी सहायक निरीक्षक जंगबहादुरले सोही गाविस-३ बस्ने रूद्रबहादुर विश्वकर्मालाई **०५२ पुस २१ गते** निर्मम रूपबाट कुटपिट गरेका थिए। कुटपिट पश्चात पीडितलाई कोशी अंचल अस्पतालमा भर्ना गरिएको थियो।

वरमझिया गाविस-७ का ४१ वर्षीय डम्बर तत्मालाई नेपाल कन्स्ट्रक्सन कम्पनीको मोटर साइकल चोरीको शंकाको आधारमा **०५३ साउन २४ गते** राती घरमा सुतिरहेको अवस्थामा कंचनपुर इलाका प्रहरी कार्यालयले पक्राउ गऱ्यो। उनलाई जिल्ला प्रहरी कार्यालय राजविराजमा ११ दिनसम्म हिरासतमा राखियो। हिरासतमा उनलाई हात खुट्टा बाँधेर लाठीले पैताला लगायत शरीरका विभिन्न भागहरूमा पिट्नुका साथै हात खुट्टा बाँधी उत्तानो पारेर धेरैबेरसम्म नाकमाथि भिजेको कपडा राखी पानीको छिटा हाली यातना दिइयो।

१.४ वेपत्ता पारिएको

जानकारीमा आएन।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

नेपाल युवा मंच सप्तरीद्वारा राजविराजमा आयोजित कार्यकर्ता भेलामा आपूर्ति सहायक मन्त्री अनिस अन्सारीको विषयलाई लिएर मन्त्रीकी पत्नी मन्जु अन्सारी र नेपाल महिला मंचकी केन्द्रीय अध्यक्ष ममता झाले विरोध जनाए। सोही विषयलाई लिएर युवा मंचका अध्यक्ष ललित कण्ठको समूहले दुवै महिलामाथि आक्रमण गरी कुटपिट गरे। सो घटनाकै भोलिपल्ट महिलाहरूको एक समूहले मन्त्रीको घर घेराउ गर्दा पुनः मन्त्रीका मानिसले महिलाहरूमाथि अभद्र व्यवहार गर्नुका साथै कुटपिट समेत गरे। जिल्ला प्रहरी कार्यालयले सो घटनाको उजुरी दर्ता गर्न नमाने पछि ०५३ असोज २२

गतेदेखि ०५३ कार्तिक १८ गतेसम्म महिलाहरूले जिल्ला प्रहरी कार्यालयमा धर्ना दिए। यसै बीच २ दिन प्रमुख जिल्ला अधिकारीको कार्यालयमा धर्ना दिनुका साथै ०५३ असोज २४ गते स्थानीय त्रिभुवन चोकमा विरोध सभाको पनि आयोजना गरिएको थियो।

सारस्वर गाविस-५ गौरागाउँमा **०५३ असोज १४ गते** भएको कुटपिटको घटनामा एकै परिवारका ४ जना घाइते भए। घर अगाडि बार लगाउने सम्बन्धी विवादमा मुनर यादव, जगदिश यादव, जमुना वती यादव र कमलीवती यादवको हात खुट्टा भाँचिनुका साथै टाउकोमा समेत चोट लागेको छ। पीडितहरूलाई उपचारार्थ अस्पताल भर्ना गर्नु पर्‍यो। सो घटनाका पीडक मध्ये भिण्डवार यादवलाई प्रहरीले पक्राउ गरी कार्वाही चलाएको छ।

१.६ थुनामा मृत्यु

सप्तरी कारागारमा थुनिएका बृद्ध व्यक्ति ६५ वर्षीय सोभीत चौधरीको मृत्यु भयो।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

जानकारीमा आएन।

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

सप्तरी जिल्ला अदालतमा ०५२ पुस १६ गतेदेखि ०५३ पुस १६ गतेसम्ममा देवानीतर्फ १२५१, साधारण फौजदारी तर्फ ४३४, संक्षिप्त फौजदारी तर्फ ७१, विशेष फौजदारी तर्फ ३१, विशेष देवानी तर्फ ४७ सरकारवादी फौजदारी तर्फ ८४ र संक्षिप्त देवानी तर्फ २ गरी जम्मा १९२० मुद्दा दर्ता भए।

२.४ सरुवा / घटुवा / पक्षपात आदि

जानकारीमा आएन।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

सिराहा सिगियौन गाविस-९ मा १२ वर्षदेखि ऐलानी जग्गामा बसोबास गरिरहेका मुसहर जातिका भूमिहीनहरूलाई उठीवास गराउनका लागि **०५३ असोज २५ गते** उक्त गाविसमा नेपाली कांग्रेसबाट विजयी अध्यक्ष देवनारायण यादव र नेपाली कांग्रेसका कार्यकर्ता अनुपसागर साहको नेतृत्वमा एक टोली पुग्यो। हुलले सुकुम्बासीहरूका घरको अगाडि पछाडिको ऐलानी जग्गामा लगाएको २५ परिवारका तरकारी खेती र धान वाली समेत नष्ट पारी दिई घर भत्काउने धम्की समेत दिए। पीडित सुकुम्बासीहरूले नष्ट पारिएको तरकारी खेती र धान वालीको लागि क्षतिपूर्ति पाउनको लागि आवाज समेत उठाउन सकेनन्।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

राजविराज नपा-३ की १० वर्षीय एक वालिकालाई **०५३ वैशाख २८ गते** ७० वर्षीय रामस्वरूप सोनारले अनुचित कार्य गरिरहेको अवस्थामा स्थानीय केही महिलाहरूद्वारा पक्राउ गरियो। रामस्वरूप सोनारले यस अघि पनि स्थानीय केही वालवालिकाहरूलाई विभिन्न प्रलोभन देखाई अनुचित कार्य गर्ने प्रयास गरेको कुरा स्थानीय वासिन्दाहरू बताउँदछन्। उनलाई स्थानीय वासिन्दाहरूले त्यस ठाउँबाट निष्काशित गरेका छन्।

भगवतपुर गाविस-२ की ललिता खत्वेलाई **०५३ असार १७ गते** दाइजोमा भैंसी नल्याएको भनी आफ्नै पति शम्भु मण्डल खत्वेले खुर्सानीको धुलो हाली धुँवा सुँघ्न दिने, हात खुट्टा बाँधेर तातो फलामले दुवै गालामा डामी दिने जस्ता कार्यहरू गरे। दुवैको बीचमा ०५३ असार १४ गते विहे भएको थियो। पीडितले जिल्ला प्रहरी कार्यालयमा निवेदन दिएपछि पीडक शम्भु मण्डल खत्वेलाई प्रहरीले पक्राउ गरी सार्वजनिक अपराध अन्तर्गत मुद्दा चलायो।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापा

जानकारीमा आएन।

४.३ गर्भपतन

झापा जिल्ला डाँगीवारी गाविस-५ घर भै महेन्द्र विन्देश्वरी बहुमुखी क्याम्पस राजविराजमा अध्ययनरत २६ वर्षीय नरमाया (नविना) सिटौलाको **०५२ फागुन ११ गते** गर्भपतनको कारण मृत्यु भयो। मृतक सिटौला र सोही क्याम्पसमा अध्ययनरत ३२ वर्षीय विनोददेव बीचको सम्बन्धबाट रहेको गर्भलाई पतन गराउन औषिध र इन्जेक्सनको प्रयोग गर्दा अधिक रक्तश्राव भएको कारण काठमाडौं ल्याई प्रसुती गृहमा उपचार गराउँदा गराउँदै उनको मृत्यु भएको थियो। सो घटनाका सम्बन्धमा पक्राउ परेका विनोददेव ६ महिना थुनामा राखिएपछि अदालतले मुद्दा चलाउन सकिने पर्याप्त प्रमाण नभएको कारण छोडिदिएको छ।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

जानकारीमा आएन।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

जानकारीमा आएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहारहरु / छुवाछूत समेत

हनुमाननगरमा काम गरी बस्ने १० वर्षीय वालक सत्यनारायण मेहेतालाई **०५३ मंसीर १२ गते** सोही ठाउँका सन्तोष दास, विजय कुमार साहले सामूहिक बलात्कार गरे। यस घटनाको उजुरी प्रहरीमा गरेपछि पीडकहरू फरार भएका थिए।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

जानकारीमा आएन।

९. अतिरिक्त जानकारीहरु (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

यो वर्ष सडक दुर्घटनाबाट ९ जना, करेण्ट लागेर १ जना र पानीमा डुबेर ७ जना गरी १७ जनाको मृत्यु भयो।

त्यस्तै यस वर्ष २ जना महिला, ४ जना पुरूष र १ जना १४ वर्षीय वालिका सहित ७ जनाले आत्महत्या गरे।

मलेठ गाविस-८ का २८ वर्षीय सत्यनारायण यादवलाई ०५२ फागुन १० गते राती १ बजे केही डाकाहरूले गोली हाने।

जण्डौल गाविस-५ का कासिम मियाँको घरमा ०५३ असार १६ गते राती १२ बजे केही डाकाहरू आउँदा वास बसेका पाहुनासंग मुठभेड हुँदा पाहुनामाथि गोली चलाइयो। गोलीका छर्राहरू सदिक मियाँको खुट्टामा लागी उनी घाइते भए। डाकाहरूले महिलालाई कुटपिट गरी सुन चाँदी कपडा ६० हजार नगद समेत लिएर गए। उक्त घटनामा संलग्न त्रिकौल-५ का मजिद मियाँ, फत्तेपुर-३ का जहुर मियाँ, त्रिकौल-५ का मन्जु मिया र तासर मियालाई प्रहरीले पक्राउ गरी कार्वाही चलायो।

■



१. पूर्वाञ्चल

सगरमाथा

१.१२ सिराहा

जनसंख्या : ४६०७४६
साक्षरता : २८.७ प्रतिशत
महिला साक्षरता : १३.३ प्रतिशत
क्षेत्रफल : ११८८ वर्ग कि.मी.
गाविस/नपा : ११२/१
निर्वाचन क्षेत्र : ५
विद्यालय/क्याम्पस : ३५५/२
अस्पताल/स्वास्थ्य चौकी : १/३७
टेलिफोन लाइन : ५५१
सडक (कि.मि.) : ९०
प्रहरी कार्यालय : ३३

तराईका जिल्लाहरू मध्ये मानवअधिकार उल्लंघन हुने जिल्लाहरूमा सिरहा पनि पर्दछ। ऐतिहासिक किसान आन्दोलनका कारण पहिलेदेखि नै चर्चामा रहँदै आएको यो जिल्लामा व्यक्तिगत झगडामा मानवअधिकारको हनन बढी हुने गरेको छ।

१. सम्मानित रुपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

सिक्रौन गाविस-७ का ४० वर्षीय मलिल मिया र सोही ठाउँका भिखारी दास, हरिकिसोर दास, सोभित दास, कारिदास र सिताशरण यादव समेत आ-आफ्ना खेतमा पानी लगाउने उद्देश्यले **०५२ पुस २६ गते** विहान ७ बजे पुग्दा कसले पहिले पानी लगाउने भन्ने विवाद शुरू भयो। झगडामा मलिलको टाउकोमा ठूलो चोट लाग्न गयो। सोही दिन जनकपुर अंचल अस्पतालमा उनको मृत्यु भयो। भिखारी दास, हरिकिसोर दास, सोभित दास, कारिदास पुर्पक्षमा सिरहा कारागारमा छन्।

गौरीपुर गाविस-२ का मकुन यादवलाई **०५२ माघ ९ गते** सोही ठाउँका वसन्तकुमार यादवले गरेको कुटपिटको कारण मृत्यु भयो। मकुन घरवाट निस्कने बित्तिकै वसन्त यादवले धान कुट्ने मुसलीले कपालमा प्रहार गरे। उपचरार्थ भारततर्फ लैजाँदै गर्दा बाटोमै मृत्यु भयो।

मुकसार गाविस-६ का रामदेव महतोको **०५२ फागुन १९ गते** राती सुतिरहेको अवस्थामा अज्ञात व्यक्तिको गोली प्रहारबाट मृत्यु भयो।

औरही गाविस-२ का राजकुमार यादवलाई **०५३ जेठ ६ गते** आफ्नै भाइ सूर्यनारायण यादवले अंशको निहुँमा घाँटी थिचि हत्या गरे। हाल सूर्यनारायण सिरहा कारागारमा छन् भने उनकी पत्नी सरितादेवी फरार रहेकी छिन्।

सारस्वर गाविस-७ का १४ वर्षीय दिपक महतोको लाश **०५३ जेठ ६ गते** सोही ठाउँमा जिउभरी छुरै छुरा रोपिएको अवस्थामा फेला पर्‍यो। हत्यारा पत्ता लाग्न सकेको छैन।

आसोपुर वलकवा गाविस नजिक धान खेतमा मोरङ जिल्ला विराटनगर तिनटोलियाका सोहन रजकको लाश **०५३ असार २८ गते** विहान फेला पर्‍यो। सोहन रजकको विराटनगरको ड्राइक्लिनरको पसलमा ९५ हजार बराबरको चोरी हुँदा किटानी जाहेरी दिएकोले र जाहेरीमा परेका मानिसहरूले मार्ने योजना बनाए। अतिक समेतको योजना अनुसार बाटोमा लुकेर बसेका विराटनगर-२२ रानी वस्तीका चैतु मिया, मोहमद अजिम, फुदिया मिया र झापा गौरीगंजका प्रेमबहादुर परियार समेत मिली धान खेतमा लगी जिउभरी छुरा रोपी हत्या गरेको बताइन्छ।

भगवतीपुर तामासुईया गाविसका नेपाली कांग्रेस तर्फबाट विजयी भएका गाविस अध्यक्ष वसन्तबहादुर खत्रीलाई आफ्नै भाइ टेकबहादुर खत्रीले **०५३ साउन १३ गते** ४ बजेतिर सुतिरहेको अवस्थामा वन्चरोको पासोले टाउकोमा प्रहार गरी हत्या गरे। वसन्तले भाइलाई अंश दिने मामलामा पक्षपात गरेको हुनाले पटक-पटक विवाद हुने गरेको थियो। टेकबहादुर खत्री सिरहा कारागारमा छन्।

भवानीपुर गाविस कालाबन्जरका जामुनदास तत्मालाई **०५३ साउन २६ गते** सोही ठाउँकै पृतमदास तत्माले कोदालोले काटी हत्या गरे। पीडित जामुनादासले पीडककी पत्नी मिनादेवीसंग यौन सम्बन्ध राख्दै आएको रिसमा सो घटना भएको थियो। हाल पीडक पृतमदास र पत्नी मिनादेवी सिराहा कारागारमा छन्।

राजपुर गाविस-२ की १५ वर्षीय सुश्री परितमा यादव र सोही ठाउँका रामएकवाल यादव मिली इन्द्रजात्रा हेर्न गएको कुराप्रति परितमाका पिताले गलत शंका गरी दुवैलाई मार्ने योजना बनाए। परितमालाई **०५३ असोज १२ गते** राती घरभित्रै थुनि भोलिपल्ट दिउँसो पिता जागेश्वर यादव र काकाको छोरा फुलगेन यादव दुवैजना मिली परितमाको घाँटी थिचे। त्यतिले नमरेपछि फुलगेनले गर्दनमा छुरा प्रहार गरी घरभित्रै हत्या गरेर दिउँसै आफ्नै फूलवारीमा जलाए। रामएकवाल फरार छन्।

गौतारी गाविस-२ का दाजुभाइ रामभरोस पासवान र गंगा पासवानले **०५३ असोज १६ गते** सोही गाउँका जतन पासवानलाई

छुरा प्रहार गरी हत्या गरे। रामभरोसकी पत्नी घर नजिकैको सार्वजनिक ट्यूवेलमा पानी लिन गएको बेला जतनकी पत्नी रामोदेवी र रामभरोसकी पत्नी बीच झै-झगडा हुँदा जतन त्यहाँ पुगी आफ्नी पत्नीको पक्ष लिदै रामभरोसकी पत्नीलाई सार्वजनिक बाटोमा गाली गलौज गरी हातपात गरे। सो कुरा सहन नसकी रामभरोस र गंगा दुवै जना गएर जतनमाथि छुरा प्रहार गरेका थिए।

चिकना गाविस-७ का प्रदीप यादव र जमुनीदेवी यादव **०५३ कार्तिक १८ गते** राती आफ्नो घरमा सुतिरहेको अवस्थामा एक्कासी गोली प्रहारद्वारा घाइते भए। प्रदीप यादवको दायाँ पेटमा र जमुनिदेवीको बायाँ पेटमा गोली लाग्यो। गोली प्रहार गर्ने व्यक्ति पत्ता लाग्न सकेको छैन।

स्विटौना गाविस- ८ का रामचन्द्र यादव र सोही गाउँका छिमेकी रघुविर यादव बीच जग्गा सम्बन्धी विवादका कारण **०५३ कार्तिक २० गते** राती रामचन्द्र आफ्नै घरमा सुतिरहेको बेलामा रघुविर यादवले कुटपिट गरी सख्त घाइते बनाए। २१ गते विहानै उनलाई अस्पताल पुर्‍याइयो। ५ दिनपछि कोशी अंचल अस्पतालमा रामचन्द्र यादवको मृत्यु भयो। पीडक रघुविर यादव फरार छन्।

इटाटार गाविस-२ का कुनाई यादवलाई **०५३ मंसीर ३ गते** सोही गाविसका दैतु यादवले खेतको साँध मिचेको आरोपमा गाली गरे। दुवैजना बीच घचेटा घचेट भयो। एकातर्फ ७० वर्षीय कुनाई यादव र अर्को तर्फ दैतु र कैलु यादव भएकोले दुवैतर्फको घचेटा घचेटबाट कुनाई उतानो परी आलीमा पछारिन पुगे। सोही क्रममा पछाडिको टाउकोमा चोट लागी उनको मृत्यु हुन पुग्यो।

१.२ जेल र बन्दीहरु

कारागार शाखा सिरहाको बन्दी क्षमता १५० जनाको रहेको छ। हाल कारागारमा महिला र पुरूष गरी १४५ जना बन्दी छन्। ती मध्ये ८३ जना कैदी र ६२ जना थुनुवा छन्। २ जना महिला सहित ४ जना वाल वालिका पनि जेलमै रहेका छन्। जेलबारे जेलर कुमार थापा बताउँछन्- कैदीको लागि २/३ वर्षमा दिइने कपडा समयभित्रै माथिबाट पठाउने काम हुँदैन।

१.३ गिरफ्तारी र यातना

बैंकमा कीर्ते गरिएको अभियोगमा पक्राउ परेका सुखीपुर गाविसका सहदेव महतोलाई जिल्ला प्रहरी कार्यालयको हिरासतमा ०५३ साउनको दोस्रो हप्ता उधुमुन्टो पारी झुण्ड्याएर कुटपिट गरी यातना दिइयो। पीडित हाल जेलमा छन्।

१.४ वेपत्ता पारिएको

जानकारीमा आएन।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

विष्णुपुरकट्टी गाविस-८ का नेकपा (एमाले) गाउँ कमिटीका सचिव राजकुमार कोइराला ०५३ साउन ३० गते आफ्नो खेतमा घुमिरहेको बेलामा सोही गाउँका नेपाली कांग्रेसका कार्यकर्ता दीपेन्द्र हमालले एक्कासी सार्वजनिक कुलो किन मासिस् भनी गाली गलौज गर्न थाले। हामालले राजकुमार विरूद्ध राजनैतिक पूर्वाग्रहका कारण

सिरहा जेल

सार्वजनिक मुद्दा दर्ता गरे। पछि सरकारी वकिलले सार्वजनिक कुलोको प्रमाण मागे पछि सार्वजनिक कुलो नै नभएको र कुलो पनि नमासिएको रिर्पोटको आधारमा विना जमानी राजकुमारलाई छोडियो।

कुटपिटका अन्य १७ वटा घटना भए। तिनमा १८ जना पुरूष र ३ जना महिला गरी २१ जना पीडित भए।

१.६ थुनामा मृत्यु

थुनामा मृत्यु भएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

जानकारीमा आएन।

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

यस जिल्लामा रहेको जिल्ला अदालतमा ०५२ पुस १६ देखि ०५३ पुस २१ गतेसम्म देवानी, फौजदारी र सरकारवादी मुद्दाको संख्या हेर्दा १२० देखिन्छ मने फछ्र्यौट भएका ८० र फछ्र्यौट हुन बाँकी ४० वटा रहेको देखिन्छ। देवानी मुद्दा तर्फ लेनदेन मुद्दा धैरै छन् भने दुनियावादी, फौजदारीमा कुटपिट र सरकारवादी फौजवादीमा कर्तव्य ज्यान बढी छन्।

२.४ सरुवा / घटुवा / पक्षपात आदि

जिल्ला हुलाक सिरहाका कर्मचारी राजकुमार मण्डल नेपाल निजामति कर्मचारी संगठनको जिल्ला अध्यक्ष भएकोले उनलाई सिरहा सदरमुकामबाट संगठनको कार्यालयको काममा वाधा पुर्‍याउने उद्देश्यले इलाका हुलाक मिरचैयामा सरूवा गरिएको बताइन्छ।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

जानकारीमा आएन।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

महोतरी गौरी डाँडाकी ३५ वर्षीय एक महिलालाई **०५३ असोज २ गते** गोलबजार आएका बेला राती केही हुल्याहा केटाहरूले बलात्कार गरे। त्यसको केही दिन पछि ०५३ असोज १८ गते उनको मृत्यु भयो।

असनपुर गाविस-७ गोलबजारकी ९ वर्षीया तारा लामालाई सर्लाही जिल्ला हरिऔन ६ का लालबहादुर लामाले ०४९ वैशाख १७ गते घरबाटै भारत लगी बेचेपछि उनकी आमा सोममायाले प्रहरीमा जाहेरी दिएकी थिइन्। **०५३ भदौ २१ गते** लालबहादुरलाई मिर्चैया चोकबाट गिरफ्तार गरियो।

धनुषा जिल्ला पौरेश्वर गाविस-५ की एक महिलालाई **०५३ मंसीर १० गते** सिरहा कारागारमा आफ्ना पतिलाई भेट्न आएको बेलामा कारागारका प्रहरी जवान राजु भेग्र्डाले हातपात गरे। पीडक प्रहरीमाथि जेल प्रशासनले कार्वाही गर्ने बताए पनि कुनै कार्वाही भएन।

असनपुर गोलबजार गाविस-६ का अशोक साहले सोही ठाउ डेरा गरी बस्ने सूर्यकला साफीसंग **०५३ साउन महिनामा** अर्न्तजातीय प्रेम विवाह गरे। तर अशोक साहको परिवारले उनकी पत्नीलाई घर भित्र पस्नै नदिई लखेटे।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

जानकारीमा आएन।

४.३ गर्भपतन

गौरीपुर गाविस-१ निवासी विनादेवी साह र सोही ठाउँकी राजोदेवी यादव बीच **०५३ असोज २४ गते** सार्वजनिक बाटोमा गोवरको गुइठा बनाउने बारे भनाभन हुँदा घरबाट राजोदेवीको पति देवनाथ यादव र छोरा ललितुकमार यादव आई विनादेवीलाई कुटपिट गरे। भोलिपल्ट विनादेवीले मरेको बच्चा जन्माइन्। पीडक बाबु छोरा रहेका छन्।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

जानकारीमा आएन।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

चतरी गाविसमा रिङ्ग बाँध बाँध्नको लागि **०५३ जेठ १५ गते** फरमान शेखको अध्यक्षतामा मनेजर मुखियालाई कोषाध्यक्ष रहेको उपभोक्ता समितिले सोही दिनदेखि काम शुरू गर्ने राममुखिया र बुधुवा मुखिया लगायत १५० जना मजदूरहरूले पाउनु पर्ने पारिश्रमिक दिएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहारहरु / छुवाछूत समेत

जम्दह गाविस-१ की २२ वर्षीय रामप्यारी ठाकुरलाई बोक्सीको आरोपमा लक्ष्मी साह, वेचु साह, इन्द्रमान श्रेष्ठ लगायतका मानिसहरू मिली **०५३ साउन ७ गते** गाउँबाट निकालिदिए। सोही गाउँकी अनिता कुमारी साह सुत्केरी हुन नसकी जनकपुर अस्पताल पुऱ्याएपछि उनको मृत्यु भयो। रामप्यारी वोक्सी लागेर उनको मृत्यु भएको हो भनी सो अमानवीय व्यवहार गरिएको थियो।

वर्छवा गाविस-३ का २ वर्षे वालक विरजु डोम **०५३ कार्तिक ६ गते** झाडापखाला लागी सिकिस्त भएपछि हजुर बा भदैया डोमले भोलिपल्ट विहानै सोही ठाउँको स्वास्थ्य उपचौकीमा पुऱ्याई बच्चालाई पानी चढाइरहेको अवस्थामा सोही ठाउँका मा.वि. प्रधानाध्यापक पाण्डव यादवले सिरिन तानी तिम्रो उपचार गराउने ठाउँ यो होइन भनी पठाइ दिए। अछूत जातिको बच्चा भनी त्यस्तो व्यवहार गरिएको थियो।

नरहा गाविस-४ का राजकुमार महतोकी छोरी मूर्तिदेवीको विवाहको सिलसिलामा **०५३ मंसीर २९ गते** गाउँका महिलाहरूसंगै मुल्लीदेवी पनि भेट गर्न गइन्। ३० गते मूर्तिदेवीको मुखबाट रगत बग्न थालेपछि झाँक्रीले बोक्सीले गर्दा त्यस्तो भएको हो भन्यो। त्यही आधारमा पुस १ गते राजकुमारकै घर नजिकको बाटो भएर धान कुटाउन हिडेकी ३५ वर्षीय मुल्लीदेवी महतोलाई दिसा घोलेर खुवाईयो।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

जानकारीमा आएन।

९. अतिरिक्त जानकारीहरु (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष यो जिल्लामा वर्षायाममा कमला नदीमा वाढी आई २७ वटा गाविसका ६८८ घरको ३६०४ जनालाई विचल्ली बनायो। वाढीबाट ३५४७-५-९ जग्गा र रू. १४,८३,६२, ४७१ मूल्य बराबरको धनमाल क्षति भएको बताइन्छ।

आगलागीमा परी ४ जनाको मृत्यु भयो भने ५०० घर नष्ट भए। त्यसैगरी जंगली जनावरबाट १ जना घाइते भए। रूखबाट लडेर ३ जनाको मृत्यु भयो। विजुलीको करेन्टबाट १ जनाको मृत्यु भयो। पानीमा डुबेर ३ जना मरे। त्यसै गरी झुण्डिएर ३ जनाले आत्महत्या गरे। डकैतीको १, चोरीको २ र लागू औषध सम्बन्धी ६ वटा घटनाहरू भए।

■



१. पूर्वाञ्चल

सगरमाथा

१.१३ उदयपुर

जनसंख्या : २२१२५६
साक्षरता : ३८.० प्रतिशत
महिला साक्षरता : २१.४ प्रतिशत
क्षेत्रफल : २०६३ वर्ग कि.मी.
गाविस/नपा : ४७/०
निर्वाचन क्षेत्र : २
विद्यालय/क्याम्पस : २०६/१
अस्पताल/स्वास्थ्य चौकी : १/११
टेलिफोन लाइन : १३७
सडक (कि.मि.) : २५०
प्रहरी कार्यालय : २०

उदयपुर जिल्लामा व्यक्तिगत रिसइवीमा मानवअधिकार उल्लंघनका घटनाहरू बढी हुने गरेको छ। यो वर्ष पनि त्यस्ता घटनाहरू प्रशस्तै देखा परे। माओवादी गतिविधिमा संलग्न भएको आरोपमा पक्राउ गरिएका मानिसलाई हिरासत यातना दिएको र गस्ती र गाउँले बीच भडपको घटना पनि यस वर्ष भएको छ।

१. सम्मानित रुपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

गाईघाट गाविस-१ स्थित बरूवा खोलामा **०५३ वैशाख ९ गते** जिल्ला खानेपानी कार्यालय खोटाङ दिक्तेलमा कार्यरत ओभरसियर नवल किशोर साहको लाश फेला पऱ्यो। मृतकको शरीरमा गोलगञ्जी र ट्राउजर मात्र थियो। यो घटना हत्याको रूपमा रहेको भए पनि पीडक फेला परेन।

बसाहा गाविस-३ का सन्काहा प्रवृत्तिका ४० वर्षीय नीरबहादुर राईले **०५३ जेठ १५ गते** आफ्नै पिता कालुमान राईलाई खुकुरी प्रहार गरेर सख्त घाइते पारे। त्यसपछि उनले दाजु धनप्रसाद राई, भाइ बुहारी तारा कुमारी राई, काका माथवरसिंह राई, छिमेकी बलबहादुर तामाङ समेत ४ जनालाई लखेटी-लखेटी खुकुरी प्रहार गरी हत्या गरेपछि आफै पनि भुण्डिई आत्महत्या गरे।

गाईघाट गाविस-३ का ३५ वर्षीय ईस्लाम मियाँले **०५३ जेठ १७ गते** छाती र टाउकोमा बाँसको लाठी र मसला पिस्ने लोहोरो प्रयोग गरी स्थानीय मोहम्मद दुःखीको हत्या गरे। पीडक र पीडितका बच्चाहरू दुई रूपियाँको निहुँमा अभिभावकहरू बीच भगडा परेको थियो। पीडक फरार छन्।

भुमरसुवा गाविस-३ का पृथ्वीबहादुर खत्री **०५३ जेठ २३ गते** घर नजिकै रूखमा भुण्डिरहेको अवस्थामा फेला परे। उनको लिङ्ग काटिएको र दाहिने अण्डकोस भिकिएकोले सो घटना रहस्यमय हत्याको रूपमा रहेको भए पनि पीडक पत्ता लागेन।

तपेश्वरी गाविस-१ का २० वर्षीय लालबहादुर तामाङले आफ्नै पत्नी १७ वर्षीय बालकुमारी तामाङलाई **०५३ साउन ३ गते** राती घाँटी थिचेर हत्या गरे। आपसी ख्याल ठट्टामै पत्नीको निधन भएपछि लालबहादुर आफै प्रहरी चौकीमा पुगे। उनी अहिले थुनामा छन्।

इलाका वन कार्यालय सुन्दरपुरका वन सुरक्षा कर्मीहरूले **०५३ साउन २३ गते** १२ राउण्ड हवाइ फायर गरे। ०५३ साउन १ गतेदेखि ३ दिनसम्म भएको अविरल वर्षा र बाढीका कारण विस्थापित गरी सुन्दरपुरका ३५ घर जनताले १५० विगाहा जति जग्गा फाँडे। वन कार्यालय सन्दरपुरले १५ वर्षीय रमेश बस्नेतलाई वन फाडेको आरोपमा ०५३ साउन २२ गते गिरफ्तार गरी गऱ्यो। वन हिरासतमा यातना दियो। साउन २३ गते जनताले वन कार्यालय घेराउ गरी रमेश बस्नेतलाई खोसे। वन कर्मचारी र जनता बीच विवाद हुँदा उक्त हवाइ फायर गरिएको थियो। रमेश बस्नेत र रामबहादुर बस्नेत लगायतका ६ जनालाई मुद्दा चलाएको छ।

मयाँख्रु गाविस- ६ का ५० वर्षीय हर्के दमाई र उनके १८ वर्षीय छोरा तेजबहादुर दमाईले **०५३ भदौ १ गते** मासुको पैसा रू. २० को लेनदेनमा विवाद हुँदा सोही ठाउँका २८ वर्षीय दुर्गाबहादुर सुनुवारको हत्या गरे। पीडकहरू थुनामा छन्।

१.२ जेल र बन्दीहरु

उदयपुर जिल्ला कारागारमा यस वर्ष ६७ जनासम्म बन्दीहरू थुनिए। ५० जना बन्दी क्षमताको यस कारागारमा वर्षको अन्तिममा ४६ जना बन्दीहरू थिए। जसमध्ये कैदी जम्मा ९ जना र थुनुवा ३७ जना रहेका छन्।

१.३ गिरफ्तारी र यातना

संयुक्त जनमोर्चा नेपाल, उदयपुरका जिल्ला अध्यक्ष मोहन बहादुर कटुवाललाई सोरूङ्ग गाविसका भरतबहादुर

निरबहादुर राईद्वारा खुकुरी प्रहार गरी हत्या गरिएका बल बहादुर तामाङ र तारा कुमारी राई

थापाको मिलमा **०५२ फागुन ३० गते** आगो लगाएको आरोपमा ०५३ साउन २५ गते प्रहरीले पक्राउ गऱ्यो। माओवादी गतिविधिमा लागेको आरोपमा टेकबहादुर राईलाई पक्राउ गरी यातना दिएर मोहनबहादुर कटुवाल पनि आगो लगाउनेमा थिए भन्न लगाएर पक्राउ गरिएको थियो। ६२ दिनको कारावास पछि कटुवाल १ लाख ३४ हजार २ सय ५० रूपियाँ धरौटी राखी छुटे।

सुन्दरपुर गाविसका १५० जना गाउँलेहरूलाई वन रक्षकले **०५२ चैत ४ गते** गिरफ्तार गरेका थिए। गस्तीमा हिडेका वन अधिकृत सहित १० जना कर्मचारीहरूले एउटी मुसहरनी महिलाको हात भाँची दिएपछि गाउँले र वन कर्मचारी बीच भएको झडपमा उक्त घटना घट्न गएको थियो।

कटारी गाविस-५ का सेर्पे भनिने धर्मबहादुर खड्कालाई चोरीको आरोपमा **०५२ चैत २२ गते** इलाका प्रहरी कार्यालय कटारीले पक्राउ गरी बेहोस हुने गरी पिट्यो। स.ई. हरिबहादुर ओलीले आफूलाई जिउमा खोर्सानीको धुलो हाल्दै पिट्दै गरेको, पानी माग्दा कपडा धोएको साबुन पानी समेत दिएको बताए। त्यस घटना पछि ओलीलाई गाईघाट सरूवा गरियो।

गाईघाट गाविस-४ का सपरबहादुर राईले **०५३ वैशाख ३१ गते** राती १ बजे दनुवारी खोलाबाट काठ बोक्न लगाई ल्याएका रवि सदा, शुभक सदा, रामेश्वर सदा, रामविलास

चार जनाको हत्या गरेपछि आफै आत्महत्या गरेका निरबहादुर राई

सदा र शिवनारायण साहलाई वन कर्मचारीले पक्राउ गऱ्यो। सपरबहादुर राई बाहेक अन्य पीडितहरूलाई चिसो भुईंमा राखी एक हप्तासम्म यातना दिइयो।

गाईघाट गाविस-२ का ४३ वर्षीय रतिलाल चौधरी र ४८ वर्षीय देवल चौधरीलाई **०५३ जेठ २६ गते** बेलुका जिल्ला प्रहरी कार्यालय उदयपुरले विना पूर्जी पक्राउ गरी यातना दियो।

गाईघाट गाविस-१ का कृष्णप्रसाद घिमिरेलाई **०५३ असार १ गते** गिरफ्तार गरी आफ्नै कोठामा प्रहरीले थुनेर राख्यो। उनलाई दिसा पिसाव समेत गर्न नदिई भोलिपल्ट प्रहरीले कोठा खोलेर हिरासतमा लगे। त्यसपछि सक्दो पिटेर प्रहरीले आफै माथि झगडा गर्न आएको भन्ने आरोपमा कृष्णप्रसाद घिमिरे, रूद्रबहादुर राई र देवीमाया राईलाई केही सार्वजनिक अपराधमा मुद्दा चलायो।

गाईघाट गाविस-३ का २५ वर्षीय साविर अन्सारी मिया र ३० वर्षीय जमाहिर अन्सारी मियाँलाई चोरीको आरोपमा **०५३ साउन ७ गते** प्रहरीले पक्राउ गरी यातना दिएर १४ गते छाड्यो। पीडितहरूलाई प्रहरी हिरासतमा घोप्टो पारेर दुवै हातमा बुटले थिचेर लठीले हिर्काउँदा शरीर भरी नीलडाम हुनुको साथै साविरको छातिमा रगत जमेको थियो। जमाहिरको दाहिने कानको जाली फुट्नुका साथै हातको औंला पिलिएको र खुट्टा मर्किएको थियो।

गाईघाट गाविस-८ का २७ वर्षीय बाबुनारायण चौधरी, लट्टु चौधरी र श्यामनारायण चौधरीलाई **०५३ मदौ ३ गते** चोरीको शंकामा राती ३ बजे पक्राउ गरी प्रहरीले निर्मम यातना दियो। गस्ती हिडेका प्रहरी टोलीले वरूवा खोलामा भेटेपछि गाली गर्दै गिरफ्तार गरिएको थियो। एकदिन प्रहरी कार्यालयमा यातना दिएपछि स्थानीय प्रेम राई जमानीमा छाडिएको थियो।

वन कार्यालयका सशस्त्र वन रक्षकहरू भवानी शंकर दुलाल, श्याम पोखरेल, गणेशबहादुर कार्की र उमेश कट्टेललाई **०५३ मदौ २७ गते** वन कार्यालय उदयपुरले गिरफ्तार गरी हिरासतमा राख्यो। वन हिरासतबाट ४ जना व्यक्तिहरू छड भाँचेर भागेपछि आफ्नो कर्तव्य पालना नगरेको आरोपमा ९ दिन हिरासतमा राखी विभागीय कार्वाही गरिएको छ। वन हिरासतबाट भाग्नेहरूमा हर्कबहादुर राई, रामलाल

राई, धनबहादुर तामाङ र टेकबहादुर तामाङ हालसम्म फरार छन्।

रामपुर ठोक्सिला गाविस-७ का ६० वर्षीय रञ्जन विश्वकर्मालाई वन कार्यालय सुन्दरपुरले वन फाँडेको आरोपमा **०५३ असोज २ गते** पक्राउ गरी अनुसन्धानको नाममा १० दिन तुरूङ्ग हालेर चिसो भुँईमा राखी यातना दियो। वन कार्यालय उदयपुरले थप १० दिन तुरूङ्गमा राखेर १० हजार रूपियाँ बराबर धितो तोकेर जेल हाल्यो। यातनाका कारण पीडितको जीउ पूरै सुन्निएको थियो।

गाईघाट गाविस-४ का जुनकृष्ण राईलाई शुभलक्ष्मी चित्रालय गाईघाटमा झगडा गरेको आरोपमा **०५३ असोज ११ गते** गाईघाट प्रहरी पोष्टका प्रहरी नायव निरीक्षक हरिबहादुर ओलीले गिरफ्तार गरी यातना दिए। त्यसरी प्रहरीकै साथ यातना दिनेमा चित्रालयका ठेकेदार भारतीय नागरिक अनवर पनि थिए। यातनाकै क्रममा पीडकले पीडितको केश काटेर जुँगा लगाई दिए। हरिबहादुर ओलीको यो उदण्डता विरूद्ध वर्ष पुस्तकका प्रतिनिधिको नेतृत्वमा एक स्थानीय युवा प्रतिनिधिमण्डल जिल्ला प्रशासन कार्यालय गई यथार्थ अवगत गराएपछि उनलाई उक्त प्रहरी पोष्टको इन्चार्जबाट हटाइएको छ।

१.४ बेपत्ता पारिएको

जानकारीमा आएन।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

भुमरसुवा गाविस-८ चुहाडेका ज्ञानेन्द्र खड्काले **०५३ जेठ २२ गते** आफ्नै बुहारी सीता खड्कालाई दाउराले हिर्काएर घाइते बनाए। पीडक ज्ञानेन्द्रले फलामको छड र चिरूवा दाउराले सीता खड्कालाई हानेका थिए। पीडितले इलाका प्रहरी कार्यालयमा निवेदन दिए।

कटारी गाविसका नरबहादुर थापाले **०५३ साउन ३१ गते** कालीप्रसाद गणमा कार्यरत सैनिक जवान श्यामबहादुर लुइँटेललाई बेलुका ९ बजे खुकुरी प्रहार गरे। पहिलेदेखि नै आफ्नी पत्नीसंग लसपस गर्न पल्केका श्यामबहादुर त्यसदिन पनि नरबहादुरको करेसाबारीमा लुकेर बसेका थिए। खुकुरी प्रहारबाट घाइते भएपछि तत्काल शाही सेनाको हेलिकप्टरले काठमाडौं पुर्‍याई उपचार गरियो। अहिले कालिप्रसाद गणले नरबहादुर थापा र उनकी पत्नीलाई ज्यानमार्ने उद्योगमा मुद्दा चलाएको छ।

रामपुर ठोक्सिला गाविस-२ का सुशील सेढाई र उनका साथीहरू संजय के.सी., मदन राई, सुवास के.सी र दीपेन्द्र थापा लगायनका व्यक्तिहरूले **०५३ कार्तिक २४ गते** राती ९ बजे रामपुरमा नाटक हेरिरहेको अवस्थामा सोही गाविसका दुर्गा तामाङ्ग, डम्बर खड्का, राजेन्द्र खड्का र अम्बिका काफ्ले लगायतका व्यक्तिहरूलाई कुटपिट गरे।

कटारी गाविसका नेपाली कांग्रेसका पूर्व जिल्ला अध्यक्ष अर्जुन खड्का र जिल्ला विकास समिति उदयपुरका सदस्य भीमप्रसाद गौतमले **०५३ मंसीर ९ गते र १७ गते** श्री ज.मा.वि. गुराँसेका शिक्षकहरूलाई गाली गलौज गरेर सरूवा र घटुवा गर्ने धम्की दिए। सो बारे शिक्षकहरूले शिक्षा शाखामा जानकारी गराएपछि उनीहरूलाई पुनः कुटपिट गर्ने धम्की दिए। धम्की दिनेमा स्थानीय दीपक कार्की, केशवप्रसाद धमला, अर्जुन खड्का, भिमप्रसाद गौतम लगायतका व्यक्ति थिए।

हडिया गाविस-७ का स्थानीय पत्रकार २७ वर्षीय भक्ति विलास पोखरेललाई **०५३ मंसीर १४ गते** साँझ गाईघाटमा अज्ञात व्यक्तिहरूले कुटपिट गरी घाइते बनाए। प्रहरी नायव निरीक्षक हरिबहादुर ओलीले उनलाई आँखा फुटाउने धम्की दिएकाले पीडितले प्रहरी नायव निरीक्षक हरिबहादुर ओली र प्रहरी जवान रामफल चौधरी विरूद्ध सार्वजनिक अपराधमा मुद्दा दिए। प्रहरी नायव निरीक्षकको सरूवा गरियो।

कटारी गाविस-१ स्थित कालीप्रसाद गणका ८ जना सैनिक जवानहरूले **०५३ मंसीर १९ गते** राती १२ बजे स्थानीय विष्णु माया गिरीको होटलमा ओखलढुंगा गाविस-४ का छत्रबहादुर राई र कटारी-५ का दिलबहादुर राईलाई कुटपिट गरी सख्त घाइते पारे। कुटपिटको क्रममा पीडकहरूले खुकुरी चलाउँदा दिलबहादुर राईको कुइनो काटिएको थियो भने छत्रबहादुर मरणासन्न बने। पीडकहरूलाई कारवाही भएन।

यस बाहेक कुटपिटका अन्य १७ वटा घटनामा २७ जना पीडित भए, जसमा ४ जना महिला थिए।

१.६ थुनामा मृत्यु

थुनामा मृत्यु भएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

जानकारीमा आएन।

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

रिस्कु गाविस-७ का ८८ वर्षीय जयबहादुर मस्राङी मगरले सोही ठाउँका जीवराज ढुंगानालाई **०५३ जेठ १ गते** किर्ते जालसाज गरी आफूलाई फसाएको आरोपमा मुद्दा दायर गरे। २०३० साल देखि आफ्नो नाममा भएको जग्गा ०३४ सालमा जीवराज ढुंगानाले जालसाज गरी आफ्नो बनाएको कुरा ०५३ सालसम्म पनि थाहा भएन। उक्त जग्गा पीडितले ०२८ सालमा पीडकसंगै किनेका थिए। अहिले किर्ते जालसाजीमा मुद्दा चलिरहेको छ।

जिल्ला अदालतमा यो वर्ष जम्मा ५०१ मुद्दाहरू रहेका छन्। ती जसमध्ये ३४६ वटा बिगत वर्षदेखि फैसला हुन बाँकी मुद्दाहरू मध्येबाट जिम्मेवारी सरेका र १५५ वटा यस वर्ष दर्ता भएका छन्। यस वर्ष देवानी मुद्दाहरू १२, फौजदारी १२६ र सरकारवादी १७ वटा दर्ता भए।

२.४ सरुवा / घटुवा / पक्षपात आदि

जानकारीमा आएन।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

यहाँ सुकुम्बासीहरूको संख्या निकै ठूलो छ। गतसालको सुकुम्बासी आयोगको अनुसन्धानले १० हजार ३ सय ८० परिवारका नाममा जग्गा नभएको ठहर गरी १७ हजार ७ सय ७७ जना सुकुम्बासी ठहर गरेको थियो। यस वर्षको बाढी पहिरोका कारण केही सुकुम्बासी थप भएका छन् भने सुकुम्बासीकै संयुक्त परिवार छुट्टिएर पनि सुकुम्बासीको संख्या थपिएको छ।

रौता गाविस-९ का गंगाबहादुर राना मगर र उनकै छोरा कृष्ण कुमार राना मगरले ०५३ कार्तिक ३० गते रौता-८ डिल्लीवरको कि.नं. १२६ को जग्गा अन्दाजी ६१-५-० रोपनी दर्ता छुट भएकोले दर्ता गरी पाउँ भन्ने व्यहोराको निवेदन मालपोत कार्यालयमा दर्ता गरी २६ जना कृषकका परिवारलाई त्यहाँबाट विस्थापित गर्ने प्रयास गरे। उक्त जग्गा दर्ता छुट नभई ऐलानी हो। ०३० सालदेखि त्यहाँ २६ जनाको स्वामित्व कायम रहेको छ। जग्गा दर्ता गर्न पीडकले भुमरसुवा गाविसका अध्यक्ष र सचिवसंग मिलेर किर्ते जालसाजको कागज बनाएका थिए। अहिले मालपोतमा उक्त जग्गाको दोहोरो मुद्दा परेको छ।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

पोखरी गाविस-२ की ४२ वर्षीय भक्तमाया खत्रीले आफ्ना पति ४५ वर्षीय एकबहादुर खत्रीलाई **०५३ वैशाख ६ गते** अंश मुद्दा हालिन्। एकबहादुरले दोस्रो विवाह गरेपछि भक्तमायालाई ज्यादै हेला गर्ने, कुटपिट गरिरहने, खान नदिने र घरबाट समेत बाहिर निकाल्ने गर्नाले उनले मुद्दा हालेकी हुन्।

बेलटार गाविस-२ की एक युवतीलाई **०५३ जेठ १४ गते** सोही ठाउँका सुन्दर शाह, निजु श्रेष्ठ र महेन्द्र रौनियारले सामूहिक बलात्कार गरे। यस सम्बन्धमा मुद्दा चलिरहेको छ। २ जना पीडक फरार छन्।

देउरी गाविस-२ की जलजले बजारमा डेरा गरी बस्ने १६ वर्षीय एक युवतीलाई **०५३ जेठ १४ गते** गाईघाट गाविस-२ का कुलबहादुर खड्काले बलात्कार गरे।

जोगीदह गाविस-९ का ३० वर्षीय रमेश नेपालले दुई वर्ष अघिदेखि सोही ठाउँकी गीता खतिवडालाई प्रेम सम्बन्ध राखी शारीरिक सम्बन्ध कायम भएको थियो। तर, रमेशले सुनसरी जिल्लाकी अर्कै युवतीसंग विवाह गरे। विवाहपछि पनि गीताको गर्भ पतन गराउन रमेश **०५३ जेठ २४ गते** अन्यत्र कतै लिएर गएका थिए, केही दिनपछि उनी फर्केर आए तर गीता भने अहिलेसम्म फर्केकी छैन।

गाईघाट गाविस-३ का बुद्धिमान तामाङकी छोरी २१ वर्षीय माया तामाङलाई **०५३ जेठ २८ गते** मितु सापकोटा नाम बताउने एक अपरिचित महिलाले विक्री गर्ने उद्देश्यले लाहान पुऱ्याइन्। मितुलाई प्रहरीले पक्राउ गरी काठमाडौं जाने गाडीमा हालेर जिल्ला बाहिर पठायो। अहिले माया आफ्नै घरमा छन् भने मितु कहाँ छन् थाहा छैन।

गाईघाट गाविस-९ का ४३ वर्षीय महिला र १५ वर्षीय एक युवतीलाई **०५३ असार १३ गते** स्थानीय भोला खड्का लगायतका व्यक्तिले बलात्कार गर्ने प्रयास गरे। तर उनीहरू कराउन थालेपछि पीडकहरू फरार भए।

गाईघाट गाविस-४ स्थित जन स्वास्थ्य कार्यालय उदयपुरका सह लेखापाल ४१ वर्षीय रामकुमार खड्काले **०५३ भदौ ७ गते** आफ्नै पत्नी विन्दा खड्कामाथि खुकुरी प्रहार गर्न असफल भएपछि पत्नीले लगाउने सम्पूर्ण कपडाहरू च्यातिदिएर मानसिक यातना दिए। नयाँ कपडा लगाएर हिडेपछि कसैसंग लाग्छे कि भन्ने शंका पालिरहने राम कुमारले पत्नीलाई १० वर्ष पहिले देखिनै कुटपिट गर्दै आएका थिए। विन्दा उनीसंग सम्बन्ध विच्छेद गर्न चाहन्छिन्। तर स्थानीय समाजले मिलापत्र गराइराखेको छ।

गाईघाट गाविस-४ का ३२ वर्षीय नेत्रप्रसाद रिजालले **०५३ भदौ १५ गते** स्थानीय एक युवतीलाई बलात्कार गर्ने कोसिस गरे। प्रहरी पोष्ट गाईघाटमा पीडकले माफी मागेपछि मिलापत्र भएको छ।

गाईघाट गाविस-२ का २० वर्षीय गिरिराज निरौलाले **०५३ असोज २० गते** सोही ठाउँकी १७ वर्षीय प्रमिला भट्टराईलाई हातपात गरे। यो भन्दा पहिले पनि राती अचानक गिरिराज प्रमिलाको कोठामा प्रवेश गरेका थिए। त्यसबेला प्रमिला चोर आयो भनेर चिच्याइन्। त्यसपछि २० गतेको घटनामा जोडेर उनले सार्वजनिक अपराधमा मुद्दा हालिन्। ०५३ कार्तिक २ गते १ हजार रुपियाँ धरौटीमा पीडक छुटे। त्यसपछि उनीहरूले ०५३ मंसीर १९ गते नै प्रेम विवाह गरे। हाल पीडक पीडित दुवै नव दम्पति बनेका छन्। तर मुद्दा चलिरहेको छ।

गाईघाट गाविस-१ की २६ वर्षीय शारदा श्रेष्ठले आफूलाई सधैं कुटपिट गरेको तथा सुत्केरी अवस्थामा घरबाट निकाली दिएको आरोपमा **०५३ असोज २४ गते** आफ्ना ४६ वर्षीय पति गणेश घिमिरेसंग सम्बन्ध बिच्छेद गरी पाउँ भन्ने निवेदन अदालतमा दर्ता गरिन्। गणेश घिमिरेका ३ वटी पत्नी मध्ये शारदा कान्छी हुन्।

देउरी गाविस-२ का सुदामा चौधरीका छोरा प्रेम चौधरीले विवाह गर्ने आश्वासनमा फकाएर **०५३ मंसीर १५ गते** भलायाडाँडा गाविस-३ की कृष्णकुमारी मगरलाई बेच्न लगे। प्रेमले कृष्णकुमारीलाई काठमाडौं-विराटनगर गर्दै फारबेसगञ्ज पुऱ्याए। त्यहाँ उनले रू. ८० हजारमा बेचेको बताइन्छ।

बेलटार गाविस-१ की १४ वर्षीय एक बालिकालाई सोही ठाउँका २५ वर्षीय अर्जुन राईले **०५३ मंसीर ३० गते** बलात्कार गरे। तर शिवराज राई लगायतका व्यक्तिहरूले

पीडकलाई भगाए। अनेमसंघ उदयपुरले वेलटार वजारमा जुलुस प्रदर्शन गरी वलात्कारीलाई कार्वाहीको माग गरेको थियो।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

गाईघाट गाविस-१ का ३१ वर्षीय गंगावहादुर भुजेलले आँपटार गाविस ज्यामिरे बस्ने १५ वर्षीय तारा कुमारीसंग **०५३ असार १० गते** नेस्रो विवाह गरे। गंगाबहादुर भुजेलका २ वटी पत्नी र ७ जना छोराछोरी छन्। गंगावहादुर भुजेल सुकुम्वासीका कथित नेता भएका कारण उनले तारा कुमारीलाई फसाउन सफल भए। तारा कुमारीकी आमा कुमारी राउतले वहुविवाहमा गंगावहादुरलाई मुद्दा दिइन्।

४.३ गर्भपतन

देउरी गाविस-२ की ४१ वर्षीय कुमारी राईले ०५३ भदौ ६ गते राती गर्भपतन गरिन्।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

जानकारीमा आएन।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

जानकारीमा आएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहारहरु / छुवाछूत समेत

गाईघाट गाविस-४ का ७० वर्षीय टीकाराम गौतमलाई **०५२ माघ ५ गते** घरबाट निकाला गरिएको छ। पारिवारिक आर्थिक विवादका कारण पीडितलाई आफ्नै ६५ वर्षीय पत्नी मनमाया गौतम र आफ्नै छोराले घरबाट निकालेका हुन्।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

जानकारीमा आएन।

९. अतिरिक्त जानकारीहरु (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

दुर्घटनामा परेर ४ जनाको मृत्यु भयो। त्यसमध्ये १ जना करेण्ट लागेर र ३ जना गाडी दुर्घटनामा परेर मरेका थिए।

बाढी र आगलागीमा परेर २ जनाको मृत्यु भयो। एउटा पसल नष्ट भयो र २ हजार ५ सय १० जना बाढीबाट प्रभावित बने।

सर्पको टोकाइबाट १ जनाको मृत्यु भयो।

यो वर्ष ७ जनाले आत्महत्या गरे। जसमा ५ जना महिला छन्। त्यस बाहेक २४ वर्षीय एक युवकले पत्नीले हेला गरेकोमा शरीरमा मट्टितेल खन्याएर आत्मदाह गरे।

धितुङ्ग गाविस-८ का ३८ वर्षीय जयबहादुरलाई र १९ वर्षीय भविन्द्र राईले डुगांमा हालेर लगी उदयपुर जिल्ला ताम्लिछा गाविस-८ का ४ जना केटाकेटीहरूलाई सुनकोशी नदीमा हालेर वेपत्ता पारे। वेपत्ता पारिएकाहरूमा रविन्द्र खत्रीका छोरा ७ वर्षीय सञ्जय खत्री, शुक्रराज माझीकी छोरी ६ वर्षीय कविता माझी, पदमवहादुर माझीका छोरा ६ वर्षीय कुमार माझी र शेरबहादुर खड्काका छोरा १२ वर्षीय तेजवहादुर खड्का रहेका छन्। डुंगाबाट भागेर ज्यान बचाउन ११ वर्षीय प्रकाश कार्की सफल भए। मृतक बालवालिका मध्ये एक जनाको लाश फेला पर्‍यो तर अरू फेला परेनन्।

■



१. पूर्वाञ्चल

सगरमाथा

१.१४ खोटाङ

जनसंख्या :	२१५९६५
साक्षरता :	३९.९ प्रतिशत
महिला साक्षरता :	२३.३ प्रतिशत
क्षेत्रफल :	१५९१ वर्ग कि.मी.
गाविस/नपा :	५२/०
निर्वाचन क्षेत्र :	२
विद्यालय/क्याम्पस :	३५७/१
अस्पताल/स्वास्थ्य चौकी :	१/६५
टेलिफोन लाइन :	१६
सडक (कि.मि.) :	२१
प्रहरी कार्यालय :	१८

यो जिल्ला पनि मानवअधिकार उल्लघनका दृष्टिले चर्चामा आइरहने जिल्ला हो। विशेष गरी यहाँ व्यक्तिगत झै-झगडाका कारण पनि मानवअधिकारको उल्लंघन हुने गरेको पाइन्छ।

१. सम्मानित रुपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

सुङ्देल गाविस-९ का २३ वर्षीय देउमान राईको **०५२ माघ ४ गते** आफ्नै बाबु यादव राईले विष खुवाएका कारण मृत्यु भयो। पीडकलाई खोटाङ कारागारमा पुर्पक्षका लागि थुनामा राखिएको छ।

ऐँसेलुखर्क गाविस-९ का रामचन्द्र राईलाई **०५३ मंदी २५ गते**स्थानीय वृजबहादुर राईले खेतमा पानी लाउने निहुँमा कुटपिट गरे। सोही कारणवाट विरामी भई ०५३ असोज ६ गते उनको मृत्यु भयो।

सुङ्देल गाविस-३ का ४८ वर्षीय जीवनकुमार राईलाई स्थानीय शेरबहादुर र बागधन राईले रक्सीको बोतल र छुरी प्रहार गरी **०५३ असोज १७ गते** हत्या गरे। पीडकहरूले मासु लैजाउ भन्दा पीडितले म लैजान्न भनेपछि झगडा शुरू भएको थियो।

१.२ जेल र बन्दीहरु

यहाँको जेल ३० जना अटाउन सक्ने क्षमताको छ। महिला र पुरूष गरी हाल ३५ जना बन्दी छन्। १५ जना थुनुवाहरू मध्ये १ जना महिला र २० जना कैदीहरू मध्ये ३ जना महिला रहेका छन्। साथै आफ्नो आमासंग बस्ने एक जना वालिका पनि छन्। पुरूष कक्षमा खानेपानी र ट्वाइलेटको असुविधा छ भन्ने गुनासो बन्दीहरूको छ। पुरूष तथा महिला दुवै कक्षमा रहेका बन्दीहरूले झोला, टोपी बुन्ने गरेको पाइन्छ। राजन खतिवडा, जोगवनी राई र दिपराज राईलाई गृहमन्त्रालयको कारागार शाखाले ऐन सातौं संशोधन अनुसार ५० प्रतिशत कैद भुक्तानी भैसकेका कैदीहरूलाई ०५२ फागुन ७ गते छोड्ने गरी पठाएकोमा हालसम्म छाडिएको छैन्।

१.३ गिरफ्तारी र यातना

नेर्पा गाविसका दिलकुमार खड्का, कृष्ण गुरूङ, धनप्रसाद सुवेदी, कृष्ण आचार्य र दिक्तेल गाविसका सागर जोशी, केशव अचार्यलाई माओवादीसंग सम्बद्ध भएको आरोप लगाई ०५२ फागुन ३० गते पक्राउ गरियो। उनीहरूलाई हिरासतमा खानेकुरा, ओड्ने ओछ्याउने, लुगा कपडा केही नदिई दुःख दिइयो।

१.४ वेपत्ता पारिएको

जानकारीमा आएन।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

जिल्लाको क्षेत्र नं. १ मा **०५३ वैशाख २३ गते** नेपाली कांग्रेसको क्षेत्रीय अधिवेशनको सिलसिलामा अर्खौले माध्यमिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरू पर्शुराम राई, पवित्रा राई, प्रकाश राई, अम्मरकुमार भुजेल, नेत्रप्रसाद सुवेदी र मैया श्रेष्ठलाई नेपाली कांग्रेसका कार्यकर्ताहरू केदार श्रेष्ठ, छत्र श्रेष्ठ, युवक श्रेष्ठ, बद्री काजी श्रेष्ठ, फट्टीक श्रेष्ठ, नरेश श्रेष्ठ लगायतका व्यक्तिहरूले कुटपिट गरे। विद्यालयमा अध्यापन कार्य भई रहेको बेलामा बाधा नपार्न भन्दा तिमीहरूले यस्तो आदेश दिने भन्दै कुटपिट गरेको कुरा पीडित पक्षबाट थाहा भएको छ।

यस बाहेक अन्य ५ वटा कुटपिटका घटना भए। जसमा १० जना पीडित भए। पीडित हुनेमा ३ जना महिला र १ जना लाटा व्यक्ति पनि थिए।

१.६ थुनामा मृत्यु

थुनामा मृत्यु भएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

जानकारीमा आएन।

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा यस वर्ष जम्मा ५५ वटा मुद्दाहरू दर्ता भए। जिल्ला प्रशासन कार्यालयमा सार्वजनिक अपराध सम्बन्धी ७ र हातहतियार प्रयोग सम्बन्धी १ मुद्दा परेका छन्। अदालतमा परेका मुद्दाहरू मध्ये चोरी निकाशी, कर्तव्य ज्यान, गौ हत्या, वन मुद्दा, ज्यानमार्ने उद्योग, भवितव्य ज्यान र जबरजस्ती करणी जस्ता मुद्दाहरू रहेका छन्।

२.४ सरुवा / घटुवा / पक्षपात आदि

प्रमुख जिल्ला अधिकारी गणेशकुमार राईले खरिदार चित्रास्वर आचार्यलाई ०५३ भदौ १६ गते विना कारण पदबाट निलम्बन गरेको बताइन्छ।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

जानकारीमा आएन।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

चिउरीडाँडा गाविस-८ का ३३ वर्षीय निलकबहादुर चौहानले **०५३ असार ३० गते** सोही ठाउँकी एक महिलालाई बाटोमा हिडिरहेको अवस्थामा बलात्कार गर्न खोज्दा स्थानीय गोविन्द श्रेष्ठ र तिलकबहादुर श्रेष्ठले देखेपछि गोविन्द चौहान भागे। पीडकलाई पक्राउ गरी २० हजारको जेथाजवानी तारेखमा छाडिएको छ।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

जानकारीमा आएन।

४.३ गर्भपतन

लफ्याङ गाविस-३ की देवी राईले **०५३ मंसीर ३ गते** बच्चा जन्माई उक्त नवजात शिशुको घाँटी थिची हत्या गरिन्। देवी राईको स्थानीय कुमार विश्वकर्मासंगको शारीरिक सम्पर्कको कारण गर्भ रही बच्चा जन्मिएको थियो।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

जानकारीमा आएन।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

जानकारीमा आएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहारहरु / छुवाछूत समेत

जानकारीमा आएन।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

जानकारीमा आएन।

९. अतिरिक्त जानकारीहरु (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

हिड्दाहिड्दै लडेर मूर्छा परी १ महिलाको मृत्यु भयो।

खोलामा डुबेर १ जना, हिउँमा कठ्याँग्रिएर १ जना र पहिरोमा परी २ जना गरी ४ जनाको मृत्यु भयो।

यो वर्ष ९ जनाले विभिन्न कारणबाट आत्महत्या गरे। आत्महत्या गर्नेमा ३ जना महिला छन्। वाकाचोल गाविस-६ का १२ वर्षीय नाबालक काजी सुनारले पनि आत्महत्या गरे। उनले आत्महत्या गर्नुको कारण भने थाहा हुन सकेन।

■



१. पूर्वाञ्चल

सगरमाथा

१.१५ ओखलढुंगा

जनसंख्या	१३९४५७
साक्षरता	३८.६ प्रतिशत
महिला साक्षरता	२२.८ प्रतिशत
क्षेत्रफल	१०७४ वर्ग कि.मी.
गाविस/नपा	५६
निर्वाचन क्षेत्र	२
विद्यालय/क्याम्पस	२६२/२
अस्पताल/स्वास्थ्य चौकी	१/९
टेलिफोन लाइन	-
सडक (कि.मि.)	०
प्रहरी कार्यालय	१६

यस जिल्लाले नेपालको प्रजातान्त्रिक आन्दोलनमा अग्रणी भूमिका खेलेको थियो। निरंकुश पंचायत व्यवस्था विरूद्धको लडाईंमा ओखलढुंगाका थुप्रै योद्धाहरूले शहादत प्राप्त गरे। नेपालको इतिहासमै चर्चित घटना ०३१ सालको टिंबुरबोटे कण्ड यसै जिल्लामा भएको थियो। अन्य पहाडी जिल्लाको तुलनामा राजनैतिक रूपले सचेत भए पनि यस जिल्लामा व्यक्तिगत तथा राजनैतिक प्रतिशोधका कारण मानवअधिकार उल्लंघनका घटनाहरू हुने गरेका छन्।

१. सम्मानित रुपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

ठूलाछाप गाविसका १७ वर्षीय विनोदकुमार कटुवालको लास **०५२ माघ २ गते** भदौरे गाविस मगर गाउँमा फेला पर्‍यो। यस घटनाका सन्दर्भमा प्रहरीले चेतबहादुर दमाई, खिलबहादुर भुजेल, डम्बरबहदुर भुजेल, बुद्धीबहादुर सार्कीलाई पक्राउ गरी तारेखमा छोडेको छ।

पात्ले गाविस-४ की मिठुमाया विश्वकर्माले आफ्नो पति विदेशमा भएको समयमा जन्मेको छोरालाई **०५२ फागुन १५ गते** घाटी निमोठी खुट्टाले किचेर हत्या गरिन्। उनलाई अदालतले २० वर्ष कारावासको सजाय तोकेको छ।

नारायणस्थान गाविस-७ का ४७ वर्षीय नरबहादुर राईको लाश पीडकलाई प्रहरीले पक्राउ गर्‍यो। **०५३ असार २ गते** जंगले भन्ने ठाउँमा फेला पर्‍यो। प्रहरीले यसलाई भवितव्य ज्यान भने पनि मृतकका दिदी र भाइ कनक राई, डिल्लीबहादुर राई भने गाविस उपाध्यक्ष मनराज राईले हत्या गरेको बताउँछन्।

नारायणस्थान गाविस-९ का १७ वर्षीय देवराज भन्ने शान्तबहादुर राईले **०५३ साउन २६ गते** आवेशमा आफ्ना १३ वर्षीय भाइ राजकुमार राईलाई ढुंगाले हानेर हत्या गरे। पीडकलाई प्रहरीले पक्राउ गर्‍यो।

कटुञ्जे गाविस-४ की २६ वर्षीय मिठुमाया तामाङले आफ्नी ११ महिनाकी छोरी ढोक्सी माया तामाङलाई **०५३ भदौ २१ गते** आफ्नो घर नजिकै रहेको काफलको रूखमा नाइलनको डोरीले बाँधी झुण्डाएर हत्या गरिन्। तत्काल पीडक आफैंले पनि आत्महत्या गरिन्।

रगनी गाविस-६ का मानबहादुर भुजेलले सोही ठाउँकी कृष्ण कुमारी विश्वकर्मासंग यौन सम्पर्कबाट गर्भ रहन गएपछि **०५३ कार्तिक २२ गते** राती ११ बजे जंगलमा लगी कृष्ण कुमारीको हत्या गरे।

रागादिप गाविस-८ का कर्मावाङवु शेर्पा, दागेल्जे शेर्पा, सुतेम्बा शेर्पा र पासाङ दिकी शेर्पाले **०५३ मंसीर १ गते** आफ्नै वहिनी ज्वाई स्रिङिमा शेर्पाको हत्या गरे। पीडकहरू मध्ये पासाङ हिकी शेर्पा धरौटीमा छुटे भने अन्य थुनामा छन्।

१.२ जेल र बन्दीहरु

५० जना बन्दी रहने क्षमता रहेको यस कारागारमा हाल २४ बन्दीहरू छन्। तिनीहरू मध्ये १७ जना थुनुवा र ७ जना बन्दी रहेका छन्। जसमा ५ जना महिला बन्दीहरू रहेका छन्। यस कारागारमा महिला ३ र पुरूष कक्षमा १ नावालक पनि छन्। पुरूष तर्फका नावालक ०५२ सालमा जेलमा नै जन्मिएका र आमाको मृत्यु भएकाले बाबुसंग हुर्कदै छन्। भेटघाट गर्ने अवसर दिंदा सुरक्षा खुकुलो हुने कुरा उहाँले बताउनु भयो।

१.३ गिरफ्तारी र यातना

यसम गाविस-९ का हब्बु भन्ने खड्गबहादुर राईलाई **०५२ माघ २३ गते** अवैध हतियार राखी शिकार खेलेको अभियोगमा विनापूर्जी पक्राउ गरी हिरासतमा राखियो।

पोकली गाविस-६ का ७० वर्षीय वुदवीर तामाङलाई गोवधको अभियोगमा **०५२ चैत १२ गते** विना पूर्जी पक्राउ गरी १५ दिन पछि मात्र अदालत समक्ष हाजिर गराइयो।

कालिका गाविस-३ का ३५ वर्षीय मानबहादुर दहाललाई गाविस अध्यक्ष विरुद्ध वनमुद्दा दिएको रीसमा **०५३ मंसीर २९ गते** गिरफ्तार गरियो। तारेखमा राखेर मुद्दा फिर्ता नलिए सार्वजनिक मुद्दा लगाउने धम्की दिई उनलाई मुद्दा फिर्ता लिन लगाइयो।

मानेभञ्ज्याङ गाविस-३ की ३० वर्षीय प्रेम कुमारी लिम्बुलाई केही सार्वजनिक अपराध मुद्दामा **०५३ वैशाख ५ गते** विनापूर्जी पक्राउ गरी कुटपिट गरियो। स्थानीय प्रधानाध्यापक सुधन ओझासंगको झगडाको कारण उनलाई त्यस मुद्दामा फसाएको बताइन्छ।

रानिवन गाविस-७ का ६८ वर्षीय भिमबहादुर कार्कीलाई **०५३ वैशाख २७ गते** घोराखोरी प्रहरी चौकीका प्रहरी सहायक निरीक्षक दीपबहादुर वानियाले विना कारण साँझ ५.४५ बजे देखि भोलिपल्ट विहान ७ बजेसम्म आफ्नै घरमा हत्कडी लगाई बाँधी राखे।

फुलवारी गाविस-६ को जलकिनी प्रा.वि. का प्र.अ. तेजबहादुर भुजेललाई माओवादी गतिविधिमा संलग्न रहेको आशंकामा **०५३ असार १५ गते** घरैबाट पक्राउ गरी ७ दिनसम्म विनापूर्जी हिरासतमा राखी २३ गते गोवध र आगलागी मुद्दा लगाई अदालत समक्ष हाजिर गराउँदा अदालतले १० हजार धरौटीमा तारेखमा छोडेको छ।

फुलवारी गाविसका उपाध्यक्ष ३० वर्षीय खड्गबहादुर कार्कीलाई सदरमुकाम आएको मौकामा **०५३ असार १७ गते** विनाकारण प्रहरीले गिरफ्तार गरी ३ दिनसम्म दैनिक तारेखमा राखी छोडिएको छ।

प्राप्चा गाविस-२ स्थित उपस्वास्थ्य चौकी फोरिएको निहुँमा सोही ठाउँका लेखनाथ फुयल, भुवानीशंकर फुयल, ईश्वरीप्रसाद फुयल, लेखनाथ दाहाल, मेखबहादुर भुजेल, घनश्याम दहाल, लिलानाथ दहाल, प्रभुनाथ दहाल र कर्णबहादुर मगरलाई विनापूर्जी **०५३ भदौ १० गते** पक्राउ गरी १४ दिनसम्म अमानवीय यातना साथ हिरासतमा राखी ०५३ भदौ २४ गते छोडियो।

प्राप्चा गाविस- ६ को कालिका नि.मा.वि.का प्रधानाध्यापक घनश्याम दहाललाई **०५३ भदौ १३ गते** विना पूर्जी पक्राउ गरी ९ दिन पछि मात्र केही सार्वजनिक अपराध अन्तरगत मुद्दा चलाई अदालत समक्ष हाजिर गराइएको छ। हिरासतमा अमानवीय यातना दिएको कुरा पीडित बताउँछन्।

नर्मदेश्वर गाविस-४ का फौदसिं मगरलाई **०५३ भदौ २० गते** पक्राउ गरी यातना दिएर कागजमा सही गराइ ५ दिनपछि छोडियो। कस्तो कागजमा सही गराइयो भन्ने बारेमा प्रहरीले कागज उपलब्ध गराउन चाहेन।

मानवअधिकार संरक्षण मंच जिल्ला उपाध्यक्ष मोहन खड्कालाई **०५३ भदौ २९ गते** माओवादीलाई बास दिएको आशंकामा पक्राउ गरी ७ दिन पछि कागज गराई छोडियो।

पोकली गाविस-२ का पुष्कर गौतम, वालकृष्ण ढुंगेल, प्रल्हाद गौतम, केशव गौतम र प्रेमप्रसाद गौतमलाई **०५३ कार्तिक २९ गते** भाइटीकाको दिन प्रहरी र टारकेरावारी-५ का रमेश पौडेल, पोकली-२ का कृष्ण घिमिरे समेतको संलग्नतामा घरमै मरणासन्न हुने गरी पिटी हत्कडी र गोरूको दाम्लोले ३ जनालाई एक ठाउँमा बाँधी १६ कोससम्म घिसार्दै लगियो। उनीहरूलाई राती नाङ्गेझार पारी यातना दिइयो। गोवध र केही सार्वजनिक अपराध मुद्दामा फसाइयो।



ओखलढुंगा कारागार

पोकली गाविस-२ का १२ वर्षीय माधव हरी ढुंगेल, ४२ वर्षीय शम्भु गौतम, १९ वर्षीय शंकर घिमिरे र ३४ वर्षीय लक्ष्मी गौतमलाई माओवादी कार्यकर्ताको नाता परेका कारण **०५३ मंसीर २ गते** पक्राउ गरी केही सार्वजनिक अपराध मुद्दा लगाई ०५३ पुस १७ गते धरौटीमा छोडियो।

१.४ वेपत्ता पारिएको

जानकारीमा आएन।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक मिङमार लामाले प्रहरी सहायक निरीक्षक ईश्वर बस्नेत, प्रहरी हवल्दार हिरा थापा, प्रहरी हवल्दार सन्तोष पौडेल, प्रहरी हवल्दार देवान सिं राई र प्रहरी जवान लक्ष्मण पोखरेललाई **०५३ असोज ६ गते** घाइते हुने गरी कुटपिट गरे।

यस बाहेक कुटपिटका अन्य ६ वटा घटनामा ६ जना व्यक्ति पीडित बने।

१.६ थुनामा मृत्यु

यस जिल्लाको कारागारमा रहेकी टारकेराबारी गाविस-८ की ४० वर्षीय खेमकुमारी बस्नेतको कर्तव्य ज्यान मुद्दामा थुनामा रहेकै अवस्थामा **०५३ वैशाख १४ गते** मृत्यु भयो।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

जानकारीमा आएन।

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

सार्वजनिक मुद्दामा गिरफ्तार गरी हत्कडी लगाइएका पुष्कर गौतम र वालकृष्ण ढुंगेल

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

०४९ सालदेखि कर्तव्य ज्यान मुद्दामा थुनामा रहेकी पासाङ ल्हामु शेर्पिनीलाई सोलुखुम्बु जिल्ला अदालतको ०४९ असार २३ गतेको फैसलाले ७ वर्ष कैद तोकेकोमा पुनरावेदन अदालत राजविराजले शुरू अदालतको फैसला सदर गऱ्यो। तर पुनरावेदनको उक्त फैसलामा २० वर्ष कैद भन्ने शब्द उल्लेख भएको छ। पुनरावेदनको सो आदेशबाट ७ वर्ष कैद भुक्तान गर्न लागेकी शेर्पिनी अन्यायमा परेकी छन्।

२.४ सरुवा / घटुवा / पक्षपात आदि

जानकारीमा आएन।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

जानकारीमा आएन।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

जानकारीमा आएन।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

जानकारीमा आएन।

४.३ गर्भपतन

जानकारीमा आएन।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

पोकली गाविस-१ का १२ वर्षीय वालक माधवहरि ढुंगेललाई माओवादी कार्यकर्ताको भाइ भएको आरोपमा गिरफ्तार गरिएको थियो। **०५३ मंसीर २ गते** गिरफ्तार गरी २१ दिन हिरासतमा र १४ दिन जेलमा राखी छोडिएको छ।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

जानकारीमा आएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहारहरु / छुवाछूत समेत

जानकारीमा आएन।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

जानकारीमा आएन।

९. अतिरिक्त जानकारीहरु (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

भीरबाट लडेर ७ जनाको मृत्यु भयो। ९ जनाले आत्महत्या गरेकोमा ३ जना महिला थिए।

■



१. पूर्वाञ्चल

सगरमाथा

१.१६ सोलुखुम्बु

जनसंख्या : ९७२००
साक्षरता : ३८.५ प्रतिशत
महिला साक्षरता : २१.३ प्रतिशत
क्षेत्रफल : ३३१२ वर्ग कि.मी.
गाविस/नपा : ३४/०
निर्वाचन क्षेत्र : १
विद्यालय/क्याम्पस : ३१३/१
अस्पताल/स्वास्थ्य चौकी: २/६०
टेलिफोन लाइन : ५८
सडक (कि.मि.) : ०
प्रहरी कार्यालय : १६

विश्वकै सर्वोच्च शिखर सगरमाथा रहेको यो जिल्ला उच्च हिमाली जिल्ला हो। शेर्पा र राई जातिको जनसंख्या बढी भएको यस जिल्लामा जनताको आर्थिक स्थिति सामान्य छ। यस जिल्लाको पर्यटन क्षेत्रबाट आर्जित रकमको न्यूनतम उपयोग पनि यही जिल्लामा नभएको गुनासो जिल्लावासी गर्दछन्।

मानवअधिकारका पक्षमा यो जिल्लामा जनचेतनामा क्रमशः चेतना आउन थालेको छ। बिगत वर्षहरूको तुलनामा यो वर्ष त्यस्ता घटनारूमा कमी आएको छ।

१. सम्मानित रुपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

मुक्ली गाविस-२ का ३६ वर्षीय उग्रबहादुर राईलाई सोही गाविस-७ का १९ वर्षीय प्रभुराम राई, २७ वर्षीय तुलवीर राई, १७ वर्षीय दन्तवीर राईले **०५२ माघ २६ गते** कुटपिट गरी हत्या गरिदिए। पीडकहरू हाल थुनुवामा रहेका छन्।

जुमिङ्ग गाविस-३ का आङ कामे शेर्पालाई **०५३ असोज १३ गते** स्थानीय आइबहादुर राई, कर्णबहादुर राई, रेणुका राई, संचमाया राई,पंचे विश्वकर्मा र वीरबहादुर राईले हत्या गरे। रेणुका राई बाहेक अन्य ५ जनालाई थुनामा राखिएको छ।

१.२ जेल र बन्दीहरु

सोलु कारागारमा जम्मा ३२ जना बन्दी छन्। कैदीतर्फ ज्यान मारेको अभियोगमा ९ पुरूष २ महिला, चोरीमा १ पुरूष, ज्यान मार्ने उद्योगमा १ पुरूष र ठगीमा १ पुरूष रहेका छन्। त्यस्तै थुनुवाहरू १८ जना रहेकोमा कर्तव्य ज्यानमा ९ पुरूष, १ महिला, गर्भपतनमा १ महिला, कस्तुरी चोरीमा १ पुरूष, सार्वजनिक अपराधमा १ पुरूष र चोरीमा ५ पुरूष छन्।

१.३ गिरफ्तारी र यातना

मुक्ली गाविस-५ का नरेशकुमार राई, पर्शुधन राई, यामबहादुर राई, मौलीधन राई, धनकुमार राई, तिलकबहादुर बस्नेत, प्रेमबहादुर राई, विन्द्रमान राई, नौलाबहादुर राई, यारमान राई, ग्याल्जे राई र रामकुमार राईलाई काठ काटेको आरोपमा इलाका वन कार्यालय नेलेका रेन्जर दण्डलाल यादवको नेतृत्वमा आएको टोलीले ०५३ जेठ २८ गते पक्राउ गर्‍यो।

१.४ बेपत्ता पारिएको

जानकारीमा आएन।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

कुटपिटका १४ वटा घटना भए। ती घटनामा १७ जना व्यक्ति पीडित भए, जसमा ४ जना महिला छन्।

१.६ थुनामा मृत्यु

थुनामा मृत्यु भएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

जानकारीमा आएन।

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा देवानी मुद्दा १३३ परेकोमा १०५ वटा, सरकारवादी २२ वटामा २० वटा र दुनियावादी १४९ मा १०५

फैसला हुन बाँकी छन्। जिल्ला प्रशासन कार्यालयमा परेका सरकारवादी मुद्दाहरू १२ वटा मात्र देखिए। तिनमा ४ वटा फैसला भएका र ८ वटा फैसला हुन बाँकी रहेका छन्।

२.४ सरुवा / घटुवा / पक्षपात आदि

यस जिल्लामा खानेपानी कार्यालयमा कार्यरत ओभरसियर बुद्धि नारायण श्रेष्ठलाई **०५२ चैत २७ गते** सरूवा गरी धनकुटा पठाइएको थियो। पहिलो सरूवा भएको १ महिना नबित्दै ०५३ वैशाख २८ गते फेरी ओख्लढुंगा जिल्ला खानेपानी कार्यालयमा सरूवा गरिएको छ।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

जानकारीमा आएन।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

जानकारीमा आएन।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

तिङ्ला गाविस-१ का २५ वर्षीय कर्णबहादुर भुजेलले **०५३ जेठ १५ गते** घरमा पत्नी हुँदाहुँदै गंगा बस्नेतसंग दोस्रो विवाह गरे।

४.३ गर्भपतन

चौलाखर्क गाविस-७ का २७ वर्षीय दलबहादुर बस्नेत, ४३ वर्षीय लिलामाया बस्नेत नाताले काकी भतिजा भएता पनि शारीरिक सम्पर्कमा आउँदा लिलामायाले गर्भधारण गरी **०५३ मदौ २५ गते** जन्मेको बच्चालाई दुवै मिली हत्या गरिदिए। हाल उनीहरू थुनामा छन्।

ओख्लढुंगा जिल्ला पात्लेकी २५ वर्षीय सानी सेर्पेनीले वेनी गाविस-७ सलुङमा आफैले जन्माएको वालकलाई **०५३ मंसीर २९ गते** हत्या गरी माटोमा गाडेर मारिन्। अविवाहित ती युवती हाल फरार छिन्।

केरुङ गाविस- १ की २५ वर्षीय गीतामाया खड्काले **०५३ पुस ५ गते** आफैले जन्माएको नवजात शिशुको घाटीमा थिची हत्या गरिन्। उनी प्रहरी हिरासतमा रहेकी छिन्।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

जानकारीमा आएन।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

जानकारीमा आएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहारहरु / छुवाछूत समेत

नेचावलसे-१ की ४५ वर्षीय चन्द्रमाया कट्टेललाई क्षेत्री सोही ठाउँका अन्य महिलाले रक्सी जाँड बेचेको भन्ने आरोपमा **०५३ मदौ २९ गते**बाट सामाजिक बहिस्कार गरे। चन्द्रमाया कट्टेलले राम कट्टेल, डिल्लीराम बास्तोला, लक्ष्मीप्रसाद कट्टेल, जगपति बास्तोला, डम्बरप्रसाद बास्तोला, अजम्मर बास्तोला, चित्रप्रसाद कट्टेल, योगेन्द्र आचार्य र शंकर बास्तोला विरूद्ध जिल्ला प्रशासन कार्यालयमा मुद्दा दायर गरेकी छिन्।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

जानकारीमा आएन।

९. अतिरिक्त जानकारीहरु (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

बाढीमा परी १ जना र भीरबाट लडेर १ जनाको मृत्यु भयो भने ८ वटा घर तथा ३२ वटा टहरा आगलागीमा परे।

यो वर्ष विभिन्न कारणबाट ८ जनाले आत्महत्या गरे, तिनमा ४ जना महिला छन्। १३ वटा चोरीका घटना भए।

■

मध्यमाञ्चल

२.१ धनुषा
२.२ महोत्तरी
२.३ सर्लाही
२.४ सिन्धुली
२.५ रामेछाप
२.६ दोलखा
२.७ रौतहट
२.८ बारा
२.९ पर्सा
२.१० चितवन
२.११ मकवानपुर
२.१२ ललितपुर
२.१३ काभ्रेपलान्चोक
२.१४ भक्तपुर
२.१५ काठमाडौं
२.१६ धादिङ्ग
२.१७ सिन्धुपाल्चोक
२.१८ नुवाकोट
२.१९ रसुवा



२. मध्यमाञ्चल

जनकपुर

२.१ धनुषा

जनसंख्या	५४३६७२
साक्षरता	२९.९ प्रतिशत
महिला साक्षरता	१६.० प्रतिशत
क्षेत्रफल	११८० वर्ग कि.मी.
गाविस/नपा	१०२/१
निर्वाचन क्षेत्र	५
विद्यालय/क्याम्पस	३६५/३
अस्पताल/स्वास्थ्य चौकी	३/५५
टेलिफोन लाइन	
सडक (कि.मि.)	१७०
प्रहरी कार्यालय	४०

जनकपुर अञ्चलको तराई क्षेत्रमा पर्ने यो जिल्ला धार्मिक र ऐतिहासिक दृष्टिकोणले महत्वपूर्ण मानिन्छ। मिथिलाको प्राचीन राजधानी जनकपुरधाम कला, साहित्य र संस्कृतिका दृष्टिले चर्चामा रहे पनि राजनीतिक र सामाजिक कारणले पछाडि छ। जनताले आफ्नो अधिकार निर्वाध रूपमा प्रयोग गर्न पाएको देखिदैन। भारतीय सीमासंग जोडिएको यस जिल्लामा अपराधिक घटनाको बृद्धि भइरहेको छ। राजनीतिक प्रतिस्पर्धाका कारणले पेशेवर अपराधीलाई प्रयोग गरी प्रतिद्वन्दी मास्ने प्रवृत्ति बढ्दै गएको छ। मानव अधिकारप्रति जनता सचेत नहुनुको मुख्य कारण शिक्षाको अभाव नै मानिन्छ।

१. सम्मानित रुपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

दिगम्बरपुर गाविस–८ की सुनितादेवी चौधरीलाई **०५२ माघ २१ गते** केही अज्ञात व्यक्तिले हत्या गरे। पीडकहरूले बलात्कार पछि उनको हत्या गरिएको आशंका गरिएको छ।

बेंगाडावर गाविस–४ मा आफ्नो माइतीमा बसिरहेकी २६ वर्षीय सुकमाया लामाको **०५२ फागुन २४ गते** हत्या भयो। जंगलको झाडीभित्र बलात्कार पछि हत्या गरेको अभियोगमा प्रहरीले वारा जिल्ला डुमरवानाको प्रेम भन्ने मानबहादुर बुढाथोकीलाई पक्राउ गऱ्यो। सुकमायाको पेटमा ९ महिनाको गर्भ रहेको थियो।

जनकपुर नपा–२ का ४० वर्षीय अधिवक्ता अशोककुमार गुप्ताको **०५२ चैत ३ गते** राती हत्या गरियो। जनकपुरको भानुचौकमा जि.एस. वाच नामक घडी पसल गरी बसेका भारतीय नागरिक गुरूशरण साहले जिब्रो, घाँटी र हातका औंलाहरू काटेर विभत्स हत्या गरी लाशलाई सोही घरको कम्पाउण्डको वालुवामा पुरेका थिए। यस सम्बन्धमा अनुसन्धानकै क्रममा दिनेश साह, रामदेव ठाकुर, सुशील कोइराला तथा गिरी होटेलका मालिक कमल गिरीलाई सोधपुछ गरी छाडिएको थियो।

ढल्केवर गाविस–४ की १८ वर्षीय विना कुमारी कार्कीको बलात्कारपछि हत्या गरियो। **०५२ चैत २३ गते** बाख्रा चराउन गएकी विनाको लाश ०५२ चैत २७ गते फेला परेको थियो। यस घटनाका सम्बन्धमा पनि प्रहरीले प्रेम भन्ने मानबहादुर बुढाथोकीलाई पक्राउ गऱ्यो।

नकटाझिज गाविसकी ६१ वर्षीय मनमाया बुढाथोकीको **०५३ जेठ ६ गते** बलात्कार पछि हत्या गरियो। उनको लाश नंकटाझिज गाविस–९ स्थित सामुदायिक वन विकासको नर्सरी क्षेत्र सातपत्रे दमारमा हात, मुख र घाँटी बाँधिएको अवस्थामा फेला परेको थियो। यस घटनाका पीडक पनि मानबहादुर नै थिए।

बेंगाडावर गाविस–७ की २६ वर्षीय सोविता राना मगरलाई **०५३ साउन २१ गते** सामूहिक बलात्कार गरी हत्या गरियो। यस घटनाका पीडक पनि प्रेम बहादुर नै थिए। यसरी प्रेम भन्ने मानबहादुरले पटक-पटक गरी ४ जना महिलालाई बलात्कार गरेपछि हत्या गरी फरार थिए। तर पीडकलाई प्रहरीले ०५३ असोज २ गते मात्र पक्राउ गरेको थियो।

दुहवी गाविस–६ का ९ वर्षीय वालक चन्दन झाको लाश गाउँकै पोखरीमा **०५३ असार ३ गते** फेला पऱ्यो। प्रहरी अनुसन्धानको क्रममा समातिएका सोशील कापड, ब्रम्हदेव कापड तथा ब्रम्हदेव दास तत्माले जामुन टिपेर भूइँमा खसाए पछि जामुन टिपेर खाइ दिएकोले रिसाएर घाँटी निमोठे पछि वेहोस भएको देखेर परालको थुप्रोमा छोपिदिएको र राती पोखरीमा फालिएको बताइएको छ।

बालाबाखर गाविस–४ का जोगाई यादवको **०५३ असार २२ गते** कुटपिट गरी हत्या गरियो। पूर्वी नहर उपभोक्ता गठन सम्बन्धमा विवाद सृजना भएपछि सोही गाविस–३ का रामचन्दर साहु, भरत यादव, जीवछ्छ यादव र रामेश्वर यादवले कुटपिट गरी मारेको आरोप लगाइएको छ। अहिलेसम्म पीडकहरू फरार छन्।

गुरूशरण साहद्वारा मारिएका अशोक कुमार गुप्ताको लाश र इन्सेटमा उनकै फोटो

सोनिगामा गाविस-७ मोडहा गाउँमा कृषि मजदूरहरूले ज्याला बढाउन माग गरी हडताल गरेकाले सोही गाउँका भूमिपतिहरूद्वारा **०५३ असार २६ गते** गोली चलाई ४ जनालाई सख्त घाइते बनाइयो। घटनामा तिलकेश्वर मण्डल, हरिदेव पासवान, हृदय पासवान र रामप्यारी मण्डल घाइते भएका थिए। जगदीश साह र उमेश मण्डल लगायतका व्यक्तिले गोली चलाएका थिए।

उमाप्रेमपुर गाविस-९ का रामआशिष रामलाई **०५३ साउन ७ गते** धारिलो हतियारले घाँटी काटेर हत्या गरियो। पीडकहरू फरार रहेका छन्।

फुलगामा गाविस-८ का शोभित साह तथा किशोरी साहलाई **०५३ साउन १३ गते** अज्ञात व्यक्तिको आक्रमणबाट घाइते भएपछि काठमाडौं वीर अस्पतालमा ल्याउनु परेको थियो। गम्भीर घाइते अवस्थामा ल्याइएका दुई मध्ये किशोरी साहको मृत्यु हुन पुग्यो। यस सन्दर्भमा प्रहरीले सोही गाविसका छठु कवाडी, रद्दिमान कवारी रसुल कवारी, नरेश साह र लठु कवारीलाई पक्राउ गरेको छ।

घोडघास गाविस-६ की २५ वर्षीय अम्बिका देवीको **०५३ साउन ३१ गते** मट्टितेल खन्याएर आगो लगाई हत्या गरियो। माइतीबाट दाइजो नल्याएको भनी पति सुभाषचन्द्र झा, ससुरा लुटन झा तथा सासु फलोदेवी झाले पहिला-पहिला पनि प्रताडना दिने गरेका थिए। मासुको टुक्राको रूपमा अवशेष मात्र बाँकी रहेको अवस्थामा गाउँलेलाई भ्रममा पारेर प्रहरीलाई सूचना नदिई अन्तिम संस्कार गराउन समेत पीडकहरू सफल भएका थिए।

वरमझिया गाविस-१ का ३० वर्षीय सैनिया मण्डललाई एउटा हुलले **०५३ मंदी १६ गते** कुटपिट गरी हत्या गर्‍यो। अँध्यारो भइसकेपछि हाटबाट फर्किरहेको बेलामा मृतकले महिलाहरूलाई जिस्क्याएपछि "चोर-चोर" भनेर हल्ला गर्दा मानिसहरू जम्मा भई कुटपिट गरेकोले उनको मृत्यु भएको थियो। यस घटनामा चन्देश्वर साह, श्रवण साह, रामनारायण साह र गमी हलुवाई पक्राउ परेका छन्।

हट्टिपुर हड्वाडा गाविस-१ का रामनारायण मण्डललाई **०५३ असोज १ गते** राती सुतिरहेको बेलामा आक्रमण गरी गम्भीर घाइते बनाइयो। उनलाई उपचारको लागि काठमाडौं ल्याए पछि ०५३ असोज ४ गते उनको मृत्यु भयो। उनको घाँटी थिचेको, कान तथा टाउकोमा धारिलो हतियार प्रहार गरिएको थियो। मृतक नेकपा (एमाले) का स्थानीय नेता तथा सो क्षेत्रका मजदूरहरूद्वारा चलाइएको बनि आन्दोलनका समर्थक व्यक्ति हुन्। उक्त घटनामा भारतीय नागरिक महेश्वर यादव, हट्टिपुर हड्वाडा-१ का चन्द्रनारायण मण्डल, कालिचरण मण्डल लगायत पाँच जनालाई प्रहरीले पक्राउ गरेको छ।

लक्कड गाविस-७ का नेवालाल पासवानमाथि **०५३ असोज १३ गते** गोली प्रहार गरी ज्यान मार्ने प्रयास गरियो। नेपाली कांग्रेस समर्थक विन्दे यादव, गुनेश्वर यादव, परन यादव लगायतका १२ जनाको जत्थाले नेकपा (एमाले) बाट निर्वाचित गाविस अध्यक्ष शिबु पासवानको हत्या गर्न आएको तर उनी घरमा नरहेकाले उनका भाइ नेवालाल पासवानमाथि आक्रमण गरिएको थियो। पासवानको शरीरमा ३ वटा छर्रा लागेको र एउटा आँखा समेत फुटेको थियो।

काठमाडौं सितापाइला-४ की १५ वर्षीय सावित्री कार्की तथा सोही ठाउँका २० वर्षीय उत्तम बाँस्कोटाको लाश सोनिया धर्मशालामा **०५३ असोज २० गते** फेला पर्‍यो। दुवै अर्धनग्न अवस्थामा रहे पनि केटीको लाश खाटमा र उत्तम बाँस्कोटाको लाश हुकमा झुण्डिएको अवस्थामा भेटिएको थियो। कक्षा ९ की छात्रा सावित्री कार्की र कक्षा ६ सम्म पढेका उत्तम बास्कोटा सीतापाइलाबाट संगै भागेका थिए। पारिवारिक अवस्था नमिलेको हुँदा केटाले आतंकित भएर पहिला केटीको हत्या गरेको र पछि आफै आत्महत्या गरेको आशंका गरिएको छ।

नुवाकोट जिल्ला घर भई सवैला गाविस स्थित प्रहरी थानामा कार्यरत प्रहरी सहायक निरीक्षक यमबहादुर के.सी.को **०५३ कार्तिक ३ गते** हत्या भयो। दुर्गा पूजामा भारतबाट मगाइएको "आर्केष्ट्रा" हेर्न आएका हजारौं दर्शक भेला भएको समयमा एक्कासी बत्ती निभ्यो र जेनेरेटर स्टार्ट हुनु भन्दा पहिले गोली चल्यो। गोली प्रहरी सहायक निरीक्षक यमबहादुर के.सी.लाई लागेपछि घटनास्थलमै उनको मृत्यु भयो। प्रहरीले घटनास्थलभन्दा अलिपर परालको थुम्को नजिक दुई वटा थ्रि नट रिबल्बर, नलकटुवा लोड अवस्थामा, एउटा गम्छा र एक जोडा चप्पल बरामद गरेको थियो। उक्त घटनामा सतोस्वर गाविसका अध्यक्ष राम पदारथ कापडलाई अदालतले पुर्पक्षमा थुनामा राख्ने आदेश दिएको छ। त्यसैगरी मातृका यादव लगायत दर्जनौंलाई कार्वाहि चलाइएको छ।

हरिहरपुर गाविस-५ का २६ वर्षीय कुश्मी देवी महतोलाई **०५३ कार्तिक २३ गते** दाइजोको निहुँमा आफ्नै पति, ससुरा तथा अन्य व्यक्ति मिलेर हत्या गरे। मृतकका पति सतेन्द्र सिंह बाहेक अन्य पाँच जनालाई प्रहरीले पक्राउ गरी कार्वाहि चलाएको छ।

जनकपुर नपा-४ गोपाल धर्मशालाको कम्पाउण्डमा **०५३ मंसीर १२ गते** करीब ३ वर्षको बच्चाको टाउको फेला पर्‍यो।

केटा वा केटी छुट्याउन नसकिने उक्त वेवारिसे टाउको धारिलो हतियारद्वारा काटिएको थियो।

१.२ जेल र बन्दीहरु

यस जिल्लामा जेल छैन।

१.३ गिरफ्तारी र यातना

सतोखर गाविस अध्यक्ष रामपदारथ कापडलाई **०५३ कार्तिक ८ गते** पक्राउ गरी यातना दिइयो। उनलाई सबेला थानाका प्रहरी सहायक निरीक्षक यमबहादुर के.सी.को ०५३ कार्तिक ५ गते भएको हत्या पश्चात छानवीनको लागि जिल्ला प्रहरी कार्यालय धनुषामा बोलाइएको थियो। उनलाई हात, खुट्टामा पिट्दै अमानवीय यातना दिई हत्याको स्वीकारी बयान दिन लगाइएको बताइन्छ।

१.४ वेपत्ता पारिएको

जानकारीमा आएन।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

इनरवा गाविस-८ की लक्ष्मी सहनीलाई **०५३ जेठ २५ गते** खुकुरी प्रहार गरी ज्यान मार्ने प्रयास गरिएको थियो। सो घटनामा वीरेन्द्रप्रसाद गोइत, राम स्वेलाउन सहनी, धर्मनाथ गोइत, देवी गोइत, सुरेश यादवलाई पक्राउ गरियो।

पौरेश्वर गाविसका उपाध्यक्ष उपेन्द्र चौधरी र उनका भाइ विजय चौधरीमाथि **०५३ असार ३१ गते** फर्साले प्रहार गरी सख्त घाइते बनाइयो। उक्त घटना नेपाली कांग्रेसका कार्यकर्ता कुशेश्वर विन, केदार यादव, चेथु यादव, डिजेल यादव, रामसेवक यादव लगायतका व्यक्तिले गरेका थिए। घटना राजनीतिक प्रतिस्पर्धाको कारणले भएको बताइन्छ।

कजरा-रमौल गाविसका उपाध्यक्ष राम एकवाल यादवमाथि गोली, भाला र गडासा प्रहार गरी **०५३ मदौ ३० गते** घाइते बनाइयो। बैठक गरिरहेको अवस्थामा राष्ट्रिय प्रजातन्त्र पार्टीका कार्यकर्ताहरूद्वारा राजनीतिक प्रतिस्पर्धाकै कारणले आक्रमण गरिएको बताइन्छ।

जनकपुर अंचल अस्पतालका मेडिकल सुपरिन्टेन्डेन्ट डा. तारानन्द झामाथि उनकै कार्यकक्षमा **०५३ पुस ३ गते** केही व्यक्तिले कुटपिट गरे। क्रिकेट खेल्दा खेल्दै घाइते हुन पुगेका खेलाडीलाई उपचार गराउन अस्पतालमा ल्याउँदा सम्पूर्ण औषधि र बेन्डेज समेत बिरामी पक्षले नै व्यवस्था गर्नु परेको र डाक्टर पनि समयमा नआइदिएको निहुँमा सो घटना भएको थियो। प्रहरीले जनकपुर-६ बस्ने अजय पौडेल, जनकपुर नगरपालिका- १० का मुन्ना खान तथा दीपक कर्णलाई पक्राउ गरी सार्वजनिक अपराध ऐन अन्तर्गत मुद्दा चलाइएको छ।

यस बाहेक अन्य ४ वटा कुटपिटका घटनामा ६ जना पीडित बने।

१.६ थुनामा मृत्यु

थुनामा मृत्यु भएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

जानकारीमा आएन।

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

प्रहरीकाअनुसार मध्यमाञ्चल क्षेत्रमा हुने अपराधका घटनामा ६.२ प्रतिशत घटना यस जिल्लामा हुन्छन्। आर्थिक वर्ष ०५२/५३ मा धनुषा जिल्लामा खुन डाका-१, खुन १५, ज्यान मार्ने उद्योग १२, गोवध १, जवर्जस्ती करणी १, डाका १०, चोरी २१, लागू औषधि १५, आगलागी १, केही सार्वजनिक अपराध २, जिउ मास्ने बेच्ने १ मुद्दा दर्ता भए।

२.४ सरुवा / घटुवा / पक्षपात आदि

जानकारीमा आएन।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

जानकारीमा आएन।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

यस वर्ष बलात्कार गरी यस जिल्लामा सुकमाया लामा, विना कार्की, मनमाया बुढाथोकी, सोविता राना मगरलाई हत्या गरिएको घटना सार्वजनिक भएको थियो। दहेज नल्याएका कारण दुई वटी बुहारीहरू पनि मारिएका थिए।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

जानकारीमा आएन।

४.३ गर्भपतन

बलहा-सधारा गाविसका बेचन महराकी पत्नीलाई **०५३ असार ३ गते** केही व्यक्तिले कुटपिट गरी ४ महिनाको गर्भ पतन गराई दिए। सतलाल यादव, रतना मरवैता र चलितर मरवैताले अमानवीय ढंगले कुटपिट गरी गर्भ तुहाएको आरोप लगाइएको छ।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

देवपुरा-रूपैढा गाविसका ७ वर्षीय बालक अजमल करवारीको **०५३ असार १ गते** विहे गराइयो। सोही गाविसका

① 223555

हुसेनी कवारीले आफ्नी छोरी रोशन खातुनसंग विहे गराएको भनी जिल्ला प्रहरी कार्यालयमा सोही गाउँका सहदली कवारीले जाहरी दिए। केही व्यक्तिलाई प्रहरीले पक्राउ गरेको थियो।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

जनकपुर चुरोट कारखानामा वर्षौंदेखि कार्यरत क्रिकेट खेलाडीहरूलाई निस्काशन गरियो। जनकपुर स्थित आशा चलचित्र मन्दिरमा कर्मचारीहरूलाई हटाइएको थियो। नेपाल विद्युत प्राधिकरणमा १० देखि १५ वर्षसम्म अस्थायी रूपमा काम गरिरहेका कर्मचारी स्थायी गर्नु पर्नेमा आन्तरिक प्रतियोगितामा असफल गराई सेवाबाट वंचित गरियो।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहारहरु / छुवाछूत समेत

जानकारीमा आएन।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

जनकपुर चुरोट कारखानाका अध्यक्ष हरि गौतममाथि नेपाली कांग्रेस धनुषाका अध्यक्ष स्मृतिनारायण चौधरीले हातपात गरेको घटनाका सन्दर्भमा नेपाली कांग्रेसका पूर्व महामन्त्री महेन्द्रनारायण निधि, ट्रेड युनियन कांग्रेस धनुषाका अध्यक्ष लालकिशोर साह, राप्रपाका प्रवक्ता उदयकान्त ठाकुर, नेकपा (एमाले) का मनोज खड्का, सद्‌भावनाका अध्यक्ष रामनरेश साह, उद्योग वाणिज्य संघका अध्यक्ष प्रकाशचन्द्र साहद्वारा अध्यक्ष माथि भएको अभद्र व्यवहारको विरोध गर्दै एक वक्तव्य प्रकाशित भयो।

कृषि मजदूरहरूले शुरू गरेको बनी आन्दोलनको सन्दर्भमा प्रशासनले जतातते मजदूरलाई समाती मुद्दामा फसाउने कार्य गरेपछि नेकपा (एमाले) धनुषाले यसको विरोध गर्दै सर्वदलीय सहमतिको आधारमा मजदूरलाई दमन गर्न नपाउने भनी प्रेस वक्तव्य प्रकाशित गरेको थियो।

९. अतिरिक्त जानकारीहरु (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

दुर्घटनामा परेर ४ जना र पानीमा डुबेर ४ जनाको मृत्यु भयो। आगलागीमा परेर २ जनाको मृत्यु भयो।

पुरूष ७ जना र महिला ४ जना गरी ११ जनाले आत्महत्या गरे भने डकैतीको एउटा घटना प्रकाशमा आयो। साथै गोवध १, डाका १०, चोरी २१, लागू औषधि १५, आगलागी १, जुवा १, ठगी २, मानिस दुर्घटना १५, चौपाया २, भवितव्य ४३ र फुटकर १३ मुद्दा प्रहरीमा दर्ता भए।

■



२. मध्यमाञ्चल

जनकपुर

२.२ महोत्तरी

जनसंख्या : ४४०१४६
साक्षरता : २५.७ प्रतिशत
महिला साक्षरता : १३.७ प्रतिशत
क्षेत्रफल : १००२ वर्ग कि.मी.
गाविस/नपा : ७६/१
निर्वाचन क्षेत्र : ४
विद्यालय/क्याम्पस : २२६/२
अस्पताल/स्वास्थ्य चौकी : १/४६
टेलिफोन लाइन :
सडक (कि.मि.) : १८२
प्रहरी कार्यालय : ५८

यस जिल्लामा यादव जातिको वाहुल्यता रहेको छ। करीव १५ प्रतिशन जनसंख्या भूमिहीन सुकुम्बासीको रहेको अनुमान छ। मानवअधिकार चेतनाको स्तर ज्यादै न्यून भएकोले यस जिल्लामा विशेष गरी दाइजो प्रथाका कारण पनि मानवअधिकारको हनन हुने गरेको पाइन्छ।

१. सम्मानित रुपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

हतिसर्वा गाविस-१ का ११ वर्षीय राजकिशोर यादवलाई **२०५२ पुस २५ गते** आफ्नै बाबु विन्देश्वर यादवले घाँटी थिची हत्या गरे र स्थानीय बेचन यादवलाई फसाउन बेचनको खरियानमा राखी दिए। पछि उनले नै हत्या गरेको खुल्न आई हाल ज्यान मुद्दामा कारवाही भइरहेको छ।

बर्दिवास गाविस-८ की १८ वर्षीय निला तामाङ्नीलाई गाई हेर्न जाँदा अज्ञात व्यक्तिले **२०५३ असार ९ गते** बलात्कार गरी हत्या गरे। पीडकको खोजी गर्ने तर्फ प्रहरी सक्रियता देखिएन। हालसम्म अपराधी पत्ता लागेको छैन।

फुल्काहा गाविस-७ का २५ वर्षीय विन्देश्वर साहलाई **२०५३ असार १३ गते** सर्लाही वसन्तपुर गाविस-४ का राजाराम मण्डल, वसन्तपुर गाविस-३ का किशुल साह र सुकदेव रायले हत्या गरे।

एकरहिया गाविस-४ की १७ वर्षीय देवनाकुमारी मौवारको **२०५३ असार २६ गते** हत्या भयो। प्रेम विवाह गर्न लागेपछि घर परिवारले नै हत्या गरी लाश भारतमा पुऱ्याई नदीमा फ्याँकिएको बताइन्छ।

फुलहट्टा गाविस-७ की १८ वर्षीय वेवीकुमारी सिंह (नन्ही) लाई माईतिबाट सुन, टि.भी. र पंखा दाइजो नल्याएको निहुँमा **२०५३ साउन ३ गते** राती आफ्नै परिवारका सदस्यहरूले विष खुवाई हत्या गरेको बताइन्छ।

खोपी गाविस-४ का लालदेव यादव र ईन्दल यादवको **२०५३ भदौ १३ गते** सोही ठाउँका राम चन्दर यादव, राजकुमार यादव लगायतका मानिसहरूले कुटपिट गर्दा मृत्यु भयो। गाविसको विकास बजेट सम्बन्धमा विवाद भई कुटपिट हुँदा उनीहरूको मृत्यु भएको थियो। पीडकहरू फरार छन्।

महोत्तरी गाविस-६ का चन्दर मण्डलको **२०५३ असोज १० गते** जनकपुर अञ्चल अस्पतालमा मृत्यु भयो। सामान्य कुरामा विवाद भई २०५३ असोज ४ गते गाउँमा कुटपिट हुँदा सोको चोटबाट उनको मृत्यु भएको बताइन्छ। घटनामा संलग्न मध्येका रामनाथ मण्डल, भुवनेश्वर चौधरी र लक्ष्मी मण्डललाई प्रहरीले पक्राउ गरी कारवाही चलाएको छ।

पिप्रा गाविस-९ की विभा पाण्डेको लाश **२०५३ कार्तिक १७ गते** झुण्डिएको अवस्थामा फेला पऱ्यो। लाशको प्रकृति हेर्दा कसैले हत्या गरी झुण्डाएको आशंका गर्न सकिन्थ्यो।

१.२ जेल र बन्दीहरु

यहाँ "ख" श्रेणीको जेल छ। यसको क्षमता १२५ जनाको भए पनि १८० जनालाई राखिएको छ। वर्षातमा पानीले जेल भवन जलमग्न बनाउँछ। कुनै शीप सदुपयोग गर्ने कारखाना वा कुटीर उद्योग भइदिएको भए राम्रो हुन्थ्यो भन्ने बन्दीहरूको भनाई छ। हाल यहाँ महिला २ र पुरूष १७८ जना छन्। जसमा ५६ जना थुनुवा र १२४ जना वन्दी छन्।

१.३ गिरफ्तारी र यातना

रतौली गाविस-६ का सुवध मुखियालाई **२०५३ असार ७ गते** गाविस पदाधिकारीको भ्रष्टाचारको विरोध गरेको कारण गाविसका उपाध्यक्षको निर्देशनमा हर्दिया चौकीका प्रहरी नन्दकिशोर सिंहले हिरासतमा कुटपिट गरी यातना दिए। पीडितलाई झूठो मुद्दामा जिल्ला प्रहरी कार्यालय महोत्तरीमा बुझाइएको थियो।

हाथीलेट सागरनाथ वन विकास परियोजनाको वृक्षारोपण क्षेत्रमा मजदुरी गरी खाने मानवहादुर राई, मंगलबहादुर राना, धनमाया तामाङ र श्यामबहादुर तामाङलाई सोही परियोजनाका

अज्ञात व्यक्तिद्वारा हत्या गरी फलिएकी तीला तामाङ

रेञ्जर विष्णुकान्त मिश्रले **०५३ असार २० गते** गिरफ्तार गरी इलाका वन कार्यालय माईस्थानमा यातना दिएको कुरा पीडितहरूले बताए।

सिन्धुली सिद्धेश्वर निवासी अर्जुन थापा र कर्णबहादुर खड्कालाई प्रहरीले माओवादीको शंकामा **२०५३ मदौ ११ गते** पक्राउ गर्‍यो। उनीहरूलाई वर्दिवास इलाका प्रहरी कार्यालयमा पुर्‍याएपछि कुटपिट गरी यातना दिइयो।

१.४ वेपत्ता पारिएको

किसाननगर गाविस-४ की ५५ वर्षीय महमाया कटुवाललाई **२०५३ साउन २९ गते** राती आफ्नै घरवाट उठाई लगेर वेपत्ता पारिएको छ। पीडक रामप्रसाद महतो र जगदिश राउत समेतलाई प्रहरीले पक्राउ गरी कारवाही चलाएको छ।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

जलेश्वर अस्पतालका डा. श्यामराज उप्रेतीलाई **२०५३ साउन १३ गते** नैनही निवासी सुवोध झाले जलेश्वर बजारमा कुटपिट गर्ने र ज्यानै मार्ने जस्ता धम्की दिई बेइज्जति गरे। प्रशासनले यसमा कारवाही गर्न नमानेपछि साउन १७ गते जिल्लाभरका स्वास्थ्य संस्थाहरूका कर्मचारीले हडताल गरे। प्रशासनले सार्वजनिक अपराधमा मुद्दा दर्ता गरेको छ।

विजलपुरा गाविस-६ का सोनेलाल महतो, रामप्रसाद महतो सहितका नेका कार्यकर्ता एमालेमा प्रवेश गरेको विषयलाई लिएर **२०५३ पुस २ गते** विहान कुटपिट हुँदा नेका तर्फका नथुनी महतो सहित ५ जना र एमाले तर्फका ९ जना घाइते भए।

यस बाहेक यस वर्ष यो जिल्लामा अन्य छ वटा घटनामा ७ जना पीडित भए जसमा १ जना महिला छिन्।

१.६ थुनामा मृत्यु

महोत्तरी कारागारमा फौजदारी अभियोगमा थुना अन्तर्गत रहेका अवधेश ठाकुरको २०५३ मंसीर ५ गते, व्रम्हदेव यादवको २०५३ मंसीर १४ गते र रामस्वरूप महतोको २०५३ मंसीर ३ गते मृत्यु भएको कुरा कारागारका अधिकारीबाट थाहा भएको छ।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

जानकारीमा आएन।

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

जानकारीमा आएन।

२.४ सरुवा / घटुवा / पक्षपात आदि

जानकारीमा आएन।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

जानकारीमा आएन।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

ससौला गाविस-९ की एक युवतीलाई सोही ठाउँका राम श्रेष्ठ साह सुडीले जबरजस्ती विवाह गर्न खोज्दा नमानेपछि **२०५३ बैशाख ९ गते** छुरी देखाई स्थानीय रामविनोद साह र महेन्द्र साहको सहयोगमा बलात्कार गरे। पीडकहरू फरार छन्।

श्रीपुर गाविस-२ की सिकिलिया देवी यादवलाई **२०५३ असार १ गते** राती उनको सम्पत्ति हत्याउन बलजफ्ती विवाह गर्न खोज्दा नमानेपछि रिसले तिघ्रा र स्तनमा छुरा प्रहार गरी सोही ठाउँका लक्ष्मी रायले घाइते बनाए। पीडक विरूद्ध हाल ज्यान मार्ने उद्योगमा मुद्दा चल्दैछ।

माईस्थान गाविस-८ की एक महिलालाई **२०५३ साउन ३० गते** सोही ठाउँका रसिलाल यादवले मुख थुनी बलात्कार गरे। पीडकलाई कुनै कारवाही गरिएन।

वर्दिवास चौकमा होटल व्यवसाय गरी बस्ने हरिबहादुर कार्की (शम्भु) की छोरी मिठुलाई खैरमाराका लालु तामाङ र झापा घर भई वर्दिवास बस्ने टिका दाहालले **२०५३ मदौ २६ गते** वेपत्ता पारे। हरिबहादुरको उजुरीमा प्रहरीले झापा विर्तामोड पुगी पक्राउ गरी ल्याएर हरिबहादुर कार्कीलाई जिम्मा लगाई दिए।

मनरा गाविस-७ की ७ वर्षीय वालिकालाई सोही ठाउँका धीरेन्द्र भन्ने व्यक्तिले **२०५३ असोज २० गते** दिउँसो ३ बजे जबरजस्ती अनुचित कार्य गरे। पीडकले उल्टै विभिन्न धाकधम्की देखाई उजुरी गर्न नदिएको कुरा पीडित पक्षबाट जानकारीमा आएको छ।

बर्दिवास गाविस-२ का सुशील मिश्रले सोही ठाउँकी एक महिलालाई **२०५३ मंसीर २३ गते** बलात्कार गर्ने प्रयास गरे।

छोरालाई उपचार गराउन बर्दिवास हेल्थपोष्टमा आउँदा म नै डाक्टर हुँ भनी आफ्नो घरमा लगी रात परेपछि अनुचित कार्य गर्न खोजेका थिए।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

भरतपुर गाविस-२ का रामबाबु सिंहले जेठी पत्नी घरमा छँदाछँदै दाइजोको लोभमा २०५३ साउन ११ गते सरस्वती देवीसंग विवाह गरे। पीडित जेठी पत्नी गीतादेवी सिंहले बहुविवाह विरूद्ध जाहेरी दिएकी छिन्।

४.३ गर्भपतन

जानकारीमा आएन।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

जानकारीमा आएन।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

जानकारीमा आएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहारहरु / छुवाछूत समेत

मटिहानी-९ की ६२ वर्षीय पारोदेवी सोनारलाई सोही ठाउँ विन्दा खत्वे, किशोरी ठाकुर, शत्रुघन ठाकुर समेतले

कुटपिटबाट घाइते ७२ वर्षीय दानीराम महतो

२०५३ साउन १४ गते बोक्सीको आरोप लगाई दिसा खुवाए। समाजका केही मानिस बसी पीडकलाई गल्ती महशूस गराई छाडियो।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

जानकारीमा आएन।

९. अतिरिक्त जानकारीहरु (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

दुर्घटनामा ९ जनाको मृत्यु भयो। एकजनाले आत्महत्या गरेको कुरा प्रकाशमा आयो। डकैतीका ३ वटा घटना भए।

■

२. मध्यमाञ्चल

जनकपुर

२.३ सर्लाही

जनसंख्या :	४९२७९८
साक्षरता :	२५.८ प्रतिशत
महिला साक्षरता :	१३.२ प्रतिशत
क्षेत्रफल :	१२५९ वर्ग कि.मी.
गाविस/नपा :	१००/१
निर्वाचन क्षेत्र :	५
विद्यालय/क्याम्पस :	२५५/२
अस्पताल/स्वास्थ्य चौकी :	१/३५
टेलिफोन लाइन :	२१०
सडक (कि.मि.) :	११५
प्रहरी कार्यालय :	२६

यस जिल्लामा अहिले पनि सुकुम्बासी समस्या विद्यमान छ। गरीवी र अशिक्षाका कारण पनि जनताको पंक्ति मानवअधिकारका बारेमा अनभिज्ञ छ। भारतसंग सीमाना जोडिएको यस जिल्लाको सिमावर्ती क्षेत्रमा बढी हत्या, बलात्कार जस्ता घटनाहरू हुने गर्दछन्। गरीव तथा निर्धालाई बोक्सीको आरोप लगाएर गरिएका अमानवीय दुर्व्यवहारका घटनाहरू यस वर्ष पनि भए।

१. सम्मानित रुपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

मानपुर गाविस-६ का ५८ वर्षीय जोगेन्द्र रायको **०५२ माघ ३ गते** हत्या भयो। पीडितको लाश गाउँकै उखु बारीमा फेला परेको थियो। पीडकहरूको बारेमा केही थाहा हुन सकेको छैन।

लक्ष्मीपुर गाविस-८ का २३ वर्षीय रामपृत मण्डलको **०५३ जेठ १२ गते** धारिलो हसियाको प्रयोगबाट हत्या भयो। उक्त घटनामा सोही गाविसका कृष्णप्रसाद चौधरी, राम फिकर महतो, राजनारायण चौधरी, रामप्रसाद चौधरी समेतलाई प्रहरीले पक्राउ गर्‍यो।

औरही गाविस-६ की २५ वर्षीय नैमुन खातुनको **०५३ असार ५ गते** राती हत्या भयो। उक्त घटनामा सोही ठाउँका विलास, मुरीचारी मुस्तफिक लहेरी र किशोर यादवको संलग्नता भएको बताइन्छ। उनको काखमा रहेको ३ महिने वालकलाई खोसेर पीडालु बारीमा लगी हत्या गरिएको थियो।

नेत्रगंज गाविस-१ का २२ वर्षीय कृष्णा नन्दन पासवानलाई **०५३ साउन २१ गते** सोही ठाउँका रामानन्दन पासवान, चन्देश्वर पासवान र लक्ष्मण पासवानले हत्या गरे। पुरानो पारिवारिक रिसइवीका कारण पीडकहरूले छुरा प्रहार गरेका थिए।

खैर्वा गाविस-८ की ५५ वर्षीय शिवकली देवीको **०५३ मंदी १ गते** घाँस काट्न गएको समयमा धारिलो हतियार प्रहार गरी हत्या गरियो। हत्या गरेको अभियोगमा सोही ठाउँका ओमप्रकाश सिंह र हरिश चन्द्रलाई प्रहरीले पक्राउ गर्‍यो।

वलरा गाविस-९ की ३ वर्षीय सोनाकुमारी **०५३ मंदी १ गते** राती डाकाहरूले प्रहार गरेको कटुवा बन्दुकको छर्रा लाग्न गई घाइते भइन्।

गम्हरीया गाविस-८ का ४५ वर्षीय विक्रम पासवानलाई **०५३ असोज १६ गते** सोही ठाउँका गुदर पासवानले हत्या गरेको आरोपमा उनलाई पक्राउ गरियो। आरोपित पीडकले लेनदेनको कुरामा विवाद हुँदा मुक्का प्रहार गरी हत्या गरेको बताइन्छ।

पिपरीया गाविस-२ की २५ वर्षीय नागिनादेवी मिश्रको लाश **०५३ कार्तिक २६ गते** मलंगवा नगरपालिका-१० नजिकै सीमा क्षेत्रमा फेला पर्‍यो। पीडित महिलालाई दाइजो तिलक कम ल्याएको भनी आफ्नै पति पवनकुमार मिश्रले हत्या गरेको बताइन्छ। पीडक पवनकुमारलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

गडहीया गाविस-८ का परमेश्वर साहलाई **०५३ मंसीर ८ गते** मुरी कचडी उधारो नदिएको झोंकमा सोही ठाउँका लक्ष्मी राय र विजय पासवानले छुरा प्रहार गरी हत्या गरे। पीडकहरूलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

हरिपुर्वा गाविस-१ का ५० वर्षीय आनन्दराम यादवको **०५३ मंसीर १८ गते** राती सोही ठाउँका रामप्रताप राय विगन राय समेतले भारतबाट ल्याइएका पेशेवर हत्याराहरूद्वारा गोली हानी हत्या गरियो।

यसका अतिरिक्त यो जिल्लामा भारतीय नागरिकले एक जना भारतीय नागरिकको हत्या गरे। एक जना अज्ञात महिलाको पनि लाश फेला परेको थियो।

१.२ जेल र बन्दीहरु

यस जिल्लामा राणा कालमा बनेको सर्लाही कारागार हाल जीर्ण अवस्थामा छ। १ सय बन्दी अटाउन सक्ने

क्षमताको यस कारागारमा महिला ४ जना र पुरूष ९४ समेत गरी ९८ जना बन्दी रहेका छन्। २० वर्षदेखि ७३ वर्षसम्म उमेरका बन्दीहरू रहेकोमा दुई जना गाविस अध्यक्ष र नक्कली डाक्टर भनिएका १ जना लगायत अन्य विभिन्न अभियोगका बन्दीहरू रहेका छन्।

कारागारका बन्दीहरू भन्छन्- " कैदीको रासनभत्ता बढेन।" कारागारमा कुनै पनि सीपमूलक काम भने हुँदैन। यस जेलमा रहेका वृद्धहरू असलमान लामा, जगदेव राय, भर्खरै जेल पर्नु भएका भवानीपुर गाविस अध्यक्ष चन्नु राय, रामप्रसाद पासवान, राम आशिष महतो, पंचमाया वि.क. र निरमाया लामा लगायतका बन्दीहरू वृद्ध भत्ता नपाएको गुनासो गर्छन्। कारागारका जेलर लगायतका कर्मचारीहरूले चौबीसै घण्टा कारागार हाताभित्रै बस्नु पर्ने बाध्यता छ, यसको बदला अन्य थप सरकारी सुविधा केही छैन तसर्थ हामी कारागारका कर्मचारीहरूलाई केही थप सुविधा होस् भन्ने विचार व्यक्त गरे।

ज्यान सम्बन्धी मुद्दामा ०४१ भदौ ७ गते थुनिएका २६ वर्षका भोला रायको हालसम्म मुद्दा फैसला नभएको गुनासो उनी पोख्दछन्।

१.३ गिरफ्तारी र यातना

जानकारीमा आएन।

१.४ बेपत्ता पारिएको

ज्यान बेपत्ता बनाइने गम्भीर घटनाहरू यस जिल्लामा दिन-दिनै बढिरहेको पाइन्छ। ०५१/५२ मा सात जनालाई बेपत्ता पारिएको थियो भने ०५२/५३ मा १३ जनालाई बेपत्ता पारिएको छ। यस मध्ये महिलाको संख्या बढी रहेको छ।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

पत्थरकोट गाविसका अध्यक्ष ३५ वर्षीय शम्भुलाल श्रेष्ठसंग सिंचाई गर्ने पम्पीङ्ग सेट सम्बन्धी विवादका कारण **०५३ साउन १६ गते** हरिप्रसाद उप्रेती, शंकर उप्रेती, विष्णुप्रसाद

गोली हानी हत्या गरिएका आनन्द राम यादव

हत्या गरी फ्याकिएकी नैमुन खातुन

उप्रेती, समेतको विवाद हुँदा दुवै पक्ष बीच कुटाकुट भयो। गाविस अध्यक्ष शम्भुलाल घाइते भए। उनी नेपाली कांग्रेसबाट निर्वाचित भएका र अर्को पक्ष नेकपा (एमाले) समर्थकहरू थिए।

सर्लाही जिल्लामा यस वर्ष कुटपिट र धम्कीका ६१ वटा घटना भएका छन्। यी घटनाहरूमा ५० जना पुरूष र १९ जना महिला गरी कूल ६९ जना पीडित छन्। जसमध्ये २ जनाको राजनीतिक कारणले र अन्य ६८ जनाको व्यक्तिगत रिसइवीका कारणले भएको कुटपिटमा घाइते भएका थिए।

१.६ थुनामा मृत्यु

थुनामा मृत्यु भएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

कर्मैया गाविस-६ का ४६ वर्षीय विर्ता शाहलाई **०५३ जेठ २० गते** सोही ठाउँका कमल बडालले कुटपिट गरे। पीडक नेपाली कांग्रेस र पीडित नेकपा (एमाले) समर्थक भएकोले उनीहरू बीच राजनीतिक कुरामा विवाद भएको थियो।

कालिन्जोर गाविस-२ का ३५ वर्षीय कृष्ण ढुंगेललाई **०५३ असार ४ गते** सोही ठाउँका मोहन ढुंगेल लगायतका व्यक्तिहरूले कुटपिट गरी सख्त घाइते बनाए। पीडित ढुंगेल नेकपा (एमाले) गाउँ कमिटीका सचिव भएको र पीडकहरूले आफ्नो पार्टी नेपाली कांग्रेसमा प्रवेश गर्न आग्रह गर्दा नमानेको निहुँमा उक्त दिन क्षेत्रीय समन्वय कमिटीको वैठकमा भाग लिन जाँदै गर्दा कुटपिट गरिएको थियो।

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

जानकारीमा आएन।

२.४ सरुवा / घटुवा / पक्षपात आदि

लालबन्दी जिल्ला वन अधिकृत शेखर यादवले तत्कालीन मन्त्री शेष इद्रिसको सिफारिसमा आएकालाई वन पाले पदमा वहाल नगरी दिएको कारण अधिकृत शेखरलाई अन्यत्र सरूवा गरियो।

मलंगवा जिल्ला खानेपानी कार्यालयका प्रमुख नारायण यादवले तत्कालीन सहायक मन्त्री खोभारी रायको आफ्नो मान्छेलाई नियुक्ति नगरी दिएको कारण अधिकृत नरमानलाई दुर्गम स्थानमा सरूवा गरियो।

मलंगवा जिल्ला खानेपानी कार्यालयका खानेपानी सहायक टेक्निसियन चुन्नुदेवी चौधरीलाई खरिदार सरह पदमा बढुवा हुने पहिलो प्रतियोगी भएता पनि उनलाई आस्थाका कारण जिल्ला इन्जिनियर राम निवास चौधरीले बढुवा हुन दिएनन्।

मलंगवा नेपाल वाल संगठनका शिक्षिका विद्या वैद्यलाई आस्थाका कारण सरूवा गरियो।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

जानकारीमा आएन।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

हजरिया गाविस-१ घर भै काठमाडौं गार्मेन्टमा काम गर्ने १७ वर्षीय मञ्जु खत्री र ओखलढुंगा घर भै सोही ठाउँमा काम गर्ने १९ वर्षीय सीता गौतमलाई **०५२ माघ ४ गते** भारत सीतामढीका शम्भु साह र अहम्मद सगीरले ललाई फकाई बम्बई तर्फ विक्री गर्न लाँदै गर्दा मलंगवा नपा-८ को सीमा प्रहरी चौकीमा पक्राउ परे। पीडकहरूलाई पुर्पक्षको लागि थुनामा राखिएको छ।

शंकरपुर गाविस-३ की ८ वर्षीय वालिकालाई **०५२ फागुन ४ गते** सोही ठाउँका २३ वर्षीय वुधन राय यादवले बलात्कार गरे।

हरिऔन गाविस चापानी नजिकै खेतमा २८ वर्षीय एक महिलालाई **०५३ जेठ ११ गते** राती करीब ७ जना अपरिचित व्यक्तिहरूले सामूहिक बलात्कार गरे।

सुन्दरपुर गाविस-३ की २० वर्षीय एक महिलालाई **०५३ असार ४ गते** आफ्नो घरमा निदाइ रहेको अवस्थामा सोही ठाउँका २० वर्षीय वासुदेव कोइरीले बलात्कार गर्ने प्रयास गरे।

चोहर्वा गाविस-३ की एक महिलालाई **०५३ असार ४ गते** घरमा एक्लै सुतिरहेको अवस्थामा बलात्कार गर्न खोज्ने सोही ठाउँका राजेन्द महतोको लिङ्ग पीडित महिलाले काटिदिइन्। घाइते बनेका महतोले स्थानीय स्वास्थ्य केन्द्रमा उपचार गरेका थिए।

ईश्वरपुर गाविस-७ की १५ वर्षीय एक वालिकालाई **०५३ साउन २५ गते** बेलुका नवलपुर बजारबाट घरतर्फ फर्कंदै गर्दा नवलपुर गाविस-६ का राजेश पोखरेल र विष्णु गोपाल श्रेष्ठले मकै बारीमा लगी सामूहिक बलात्कार गरे।

हरिऔन गाविस-६ की २२ वर्षीय एक महिलालाई **०५३ मंसीर २८ गते** राती आफ्नै ससुरा ५५ वर्षीय गणेशराज चमारले बलात्कार गरे। पीडकले यस अघि पनि पटक-पटक आफूलाई बलात्कार गरेको र कसैलाई भनेमा मार्ने धम्की दिएको कुरा पीडित महिलाले प्रहरी चौकीमा बताइन्। पीडकलाई पक्राउ गरिएको छैन।

श्रीपुर गाविस-३ की रामकली देवीलाई दाइजो कम ल्याएको निहुँमा उनका पति जुगल किशोर महतोले दिनहुँ कुटपिट गर्ने गरेका छन्। यही निहुँमा उनलाई **०५२ पुस २५** मा घरबाट निकाली दिए। पीडक जुगल किशोरले ३० हजार रूपैया मागेकोमा ससुराले १५ हजार मात्र दिएका थिए।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

दुग्रेखोला गाविस-१ का सनबहादुर राना मगरले घरमा ४ वटा छोराछोरी सहितकी पत्नी हुँदाहुँदै **०५२ माघ २२ गते** सोही ठाउँकी कान्छीमाया रानालाई दोस्रो विवाह गरे।

रानीगंजा गाविस-२ रानीगंजका गोकर्ण घिमिरेले घरमा पत्नी हुँदाहुँदै **०५२ माघ २६ गते** दोस्रो विवाह गरे।

दुग्रेखोला गाविस-८ का कृष्णप्रसाद तिमिल्सिनाले घरमा पत्नी र ३ छोराछोरी हुँदाहुँदै **०५२ फागुन २१ गते** दोस्रो विवाह गरे।

समनपुर गाविस-३ का ५० वर्षीय रूपनारायण महतोले **०५३ साउन १३ गते** सोही गाउँकी ३१ वर्षीय जमुनी कुमारीसंग दोस्रो विवाह गरे।

४.३ गर्भपतन

अर्नाहा गाविस-४ की नन्दकली महतो र रामेश्वर रामको अनुचित यौन सम्पर्कबाट रहेको ७ महिनाको गर्भ **०५२ पुस २२ गते** पतन गराए।

सक्रौल गाविस-२ की २१ वर्षीय जैदा खातुनको ३ महिनाको गर्भ सोही ठाउँ बस्ने बाबुजान शेष र नजिर शेषको कुटाइबाट **०५३ वैशाख १ गते** पतन भयो।

जब्दी गाविस सिसुवाकी १९ वर्षीय सुगिया देवीको ६ महिनाको गर्भ **०५३ वैशाख २५ गते** सोही ठाउँ बस्ने चितेरिया देवी, लिलावती देवी र फूल कुमारी चौधरीको कुटाइबाट पतन भयो।

लौकट गाविस-९ की ४१ वर्षीय देववती देवीको ७ महिने गर्भ सोही ठाउँ बस्ने ५५ वर्षीय वुधन मुखिया वीन र वनारसी देवीको कुटाइबाट पतन भयो।

पडरिया गाविसकी एक महिलाको ३ महिनाको गर्भ सोही ठाउँका ब्रमदेव सिंहले औषधि खुवाएर **०५३ साउन १९ गते** पतन गर्न लगाए।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

कर्मैया गाविस-१ की ४ जना छोराछोरीका आमा

विष्णुमाया मल्लले **०५३ वैशाख २३ गते** अर्कैसंग विवाह गरी गएपछि ती बालबालिकाहरू अलपत्र परेका छन्।

बरहथवा गाविस-८ का ३ वर्षीय रमेश भन्ने कमलेश मण्डलको लाश **०५३ कार्तिक २७ गते** गाउँकै उखु बारीमा फेला पऱ्यो। उनी कार्तिक २४ गतेदेखि बेपत्ता भएका थिए। लाशको पोष्टमार्टम रिर्पोट अनुसार बालकलाई अप्राकृतिक यौन दुर्व्यवहार गरिएको थियो।

बोक्सीको आरोपमा अमानवीय व्यवहारको शिकार- समरीयादेवी महतो मुनिया

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

दुंग्रेखोला गाविस-५ का जन बुढाथोकी, लिलाबहादुर बुढाथोकी र झलक बहादुर बुढाथोकीले आफ्नो घरमा काम गर्ने मिठेप्रसाद पन्तले पारिश्रमिकको माग गरेपछि **०५३ असार २५ गते** कुटपिट गरे।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहारहरु / छुवाछूत समेत

हरिपूर्वा गाविसका १५ वर्षीय श्यामकुमार शाहलाई **०५३ जेठ ६ गते** हरिपुर्वा गाविसका महेश राय यादवले बलात्कार गरे। पीडित शाहको मेडिकल जाँच गराई गुदद्वारको भित्री झिल्ली फाटेको पाइयो। समलिङ्गी बलात्कार सम्बन्धी कानून नभएको कारण पीडकलाई कुनै कार्वाही भएन।

ईश्वरपुर गाविस-३ धनपति डाँडाकी ५० वर्षीय समरीया देवी महतो नुनियालाई **०५२ जेठ १५ गते** बोक्सीको आरोप लगाई सोही ठाउँका रामनारायण सिंहको बिसुनिया माझी, सनातन माझी, रामप्रसाद महतो, बाबुसिंह दनुवार, राजकिशोर भन्ने राम किशोर, राम गगन कापड, तेजवा साह, सोनामनीलाल कापड, दुखा सिंह दनुवार, कृष्ण शर्मा, राधे श्रीवास्तव र सुनिल थापाले चारपाटा मुडी दिसा ख्वाई गाउँ निकाला गरे।

पिपरीया गाविस-७ की ३० वर्षीय वृजानी देवी ठाकुरलाई बोक्सीको आरोप लगाई **०५३ साउन ३ गते** जनक मण्डल र सुरेश मण्डलले कुटपिट गरी गाउँ निकाला गरे।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

०५३ जेठ १५ गते ईश्वरपुर-३ धनपति डाँडा बस्ने समरीया देवीलाई बोक्सीको आरोप लगाई चारपाटा कपाल मुडी, दीसा ख्वाई गाउँ निकाल गरेको घटनालाई नेकपा (एमाले) ले घोर आपत्ति जनाउँदै उक्त घटनाको न्यायिक छानवीन गरी दोषीमाथि कडा कानूनी कार्यवाही गर्ने सम्बन्धमा माग गर्दै प्रेस वक्तव्य प्रकाशित गऱ्यो।

०५३ भदौ ३ गते जिल्ला कृषि विकास कार्यालयका प्रमुख डा. कौशल किशोरलाल लाई कुटपिट गरेको सन्दर्भमा ०५३ भदौ ४ गते नेपाल निजामति कर्मचारी संगठन, सर्लाहीले उक्त घटनाको घोर भत्सर्ना गर्दै प्रेस वक्तव्य प्रकाशित गरेको थियो।

९. अतिरिक्त जानकारीहरु (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष यो जिल्लामा भएका ३ वटा आगलागीका घटनाहरूमा ४ जना र डुबेर ३ जनाको मृत्यु भयो। ६ जना महिला र १ जना पुरूष समेत ७ जनाले आत्महत्या गरेका घटना सार्वजनिक जानकारीमा आए। यसैगरी डकैतीका ३ वटा घटनाहरू भए।

■



२. मध्यमाञ्चल

जनकपुर

२.४ सिन्धुली

जनसंख्या	२२३९००
साक्षरता	३२.६ प्रतिशत
महिला साक्षरता	१७.४ प्रतिशत
क्षेत्रफल	२४९१ वर्ग कि.मी.
गाविस/नपा	५५/०
निर्वाचन क्षेत्र	३
विद्यालय/क्याम्पस	३४७/२
अस्पताल/स्वास्थ्य चौकी	१/१२
टेलिफोन लाइन	
सडक (कि.मि.)	३७
प्रहरी कार्यालय	१८

नेकपा (माओवादी) ले संचालन गरेको जनयुद्धले यस वर्ष यो जिल्ला पनि प्रभावित रह्यो। ०५३ फागुन १ गते नै सिन्धुलीगढी चौकी तोडफोड भयो। ०५३ वैशाख २५ गते एकै परिवारका दुई जना दाजुभाइलाई प्रहरीले गोली हानी हत्या गरे। माओवादीको आक्रमणमा कार्तिक ७ गते दलबहादुर क्याप्छाकी मगरको हत्या भयो। केही आगलागीका घटना र धान लुट्ने कामहरू पनि भए। यी घटनाहरूलाई निहुँ बनाएर थुप्रै व्यक्तिहरूलाई गिरफ्तार गरी निर्मम यातना समेत दिएका घटनाहरूले पनि यो जिल्ला यस वर्ष चर्चित रह्यो।

१. सम्मानित रुपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

अमले गाविस-१ का २६ वर्षीय गेहेन्द्र देवकोटा र ३३ वर्षीय टीका देवकोटालाई **०५३ वैशाख २५ गते** प्रहरीले घरबाटै गिरफ्तार गरी सदरमुकाम पुऱ्याउने बहानामा सोही दिन हात्तिगौंडा भन्ने ठाउँमा पालैपालो गोली हानी हत्या गरे। उनीहरूलाई माओवादी गतिविधिमा संलग्न भएको बताइन्छ।

लम्पटार गाविस-७ का ५५ वर्षीय मीनबहादुर रावतको **०५३ जेठ २१ गते** हत्या गरियो। ०५३ जेठ २४ गते विहान मृतकको लाश गोठमा झुण्डिएको अवस्थामा फेला परेको थियो। आफ्नै छोरा पदमबहादुरले दाउरा र छुरा प्रहार गरी उनको हत्या गरेको आरोप लगाइएको छ।

महेन्द्र झाडी गाविस-९ का ३५ वर्षीय दलबहादुर क्याप्छाकी मगरलाई **०५३ कार्तिक ७ गते** राती केही अज्ञात व्यक्तिहरूले घरमै खुकुरी प्रहार गरी हत्या गरे। यस घटनामा माओवादीको संलग्नता भएको आशंका गरिएको छ।

१.२ जेल र बन्दीहरु

सिन्धुली जिल्ला कारागार "ग" श्रेणीमा पर्दछ। बन्दी क्षमता २५ जनाको रहेको भए पनि अहिले ३९ जना बन्दीहरू यस कारागारमा राखिएका छन्। तिनीहरू मध्ये थुनुवा ३२ र ७ जना कैदी छन्। महिला ५ जना बन्दीमा १ कैदी र ४ थुनुवा छन्। जेल प्रशासनले कुनै पनि व्यक्ति राजनीतिक बन्दी नभएको बताए पनि यहाँका अधिकांश बन्दीहरू आफूलाई राजनीतिक आस्थाका कारण झुठा मुद्दामा फसाइएको बताउँछन्। जेलमा प्रवेश गर्ने व्यक्तिलाई एउटा मान्द्रो अनिवार्य रूपमा दिइने र त्यसपछि २ वर्षमा मात्र अन्य कपडा दिइने गरेको छ। कारागारभित्र सामान्य सिलाई बुनाइको काम बन्दीहरूले गर्ने गरेका छन्। गर्मी समयमा जेलभित्र पानीको समस्या हुने गर्दछ। बन्दीहरूका लागि एक गैर सरकारी संस्थाले एउटा टेलिभिजन उपलब्ध गराउन चाहेको भएता पनि प्रमुख जिल्ला अधिकारी नेत्रबहादुर कार्कीले रोक लगाएको बन्दीहरू बताउँछन्।

१.३ गिरफ्तारी र यातना

यस वर्ष यो जिल्लामा गिरफ्तारी र यातनाका थुप्रै घटनाहरू भए। ती घटनाहरू प्रायः माओवादी गतिविधिमा संलग्न भएको भनी आगजनी गरेको, डकैती गरेको आरोपमा भएका थिए।

जलकन्या गाविसको कार्यालयबाट ०५२ फागुन १ गते २७ वर्षीय विश्वमान विश्वकर्मा, ४५ वर्षीय जगबहादुर लुंगोलीलाई प्रहरीले गिरफ्तार गरे।

सिद्धेश्वर गाविस अध्यक्ष ४५ वर्षीय दीर्घराज श्रेष्ठलाई ०५२ फागुन ५ गते, भिमान गाविसका उपाध्यक्ष ४३ वर्षीय पुण्यहरि घिमिरे र जलकन्या गाविस-२ का ३५ वर्षीय कमल दहाल, सिद्धेश्वर गाविस-४ का ५० वर्षीय प्रमोद चन्द्र गजुरेल र कपिलाकोट गाविसका ४० वर्षीय अर्जुनलाई ०५३ फागुन १ गते प्रहरीले पक्राउ गऱ्यो।

कपिलाकोट गाविसका ३७ वर्षीय रामकुमार पौडेललाई ०५२ फागुन १९ गते महादेव स्थान गाविसका २३ वर्षीय ज्ञानबहादुर गोले र ३५ वर्षीय वीरबहादुर गोलेलाई ०५२

फागुन १५ गते, अमले गाविसका ३४ वर्षीय ढक देवकोटालाई ०५२ फागुन १ गते प्रहरीले विभिन्न ठाउँबाट गिरफ्तार गरे। हिरासतमा राखिसकेपछि मात्र उनीहरूलाई पक्राउ पूर्जी दिइएको थियो।

सिन्धुली वार एशोसियसनका सचिव ४० वर्षीय विश्वप्रकाश मण्डारीलाई ०५२ चैत ३ गते, भद्रकाली गाविस-६ का ३८ वर्षीय कृष्णप्रसाद गौतमलाई ०५२ चैत ६ गते र सिद्धेश्वर गाविसका ३७ वर्षीय प्रतिमान बम्जनलाई ०५२ चैत ४ गते प्रहरीले गिरफ्तार गरे।

उक्त गिरफ्तारी ०५२ फागुन १ गते जलकन्या गाविस-१ सिन्धुलीगढीको प्रहरी चौकीमा आक्रमण गरेको, ०५२ फागुन १३ गते टिकाजंग थापाको घरमा गरिएको आगजनी तथा ०५२ फागुन २६ गते रत्नबहादुर माझीलाई गरिएको आक्रमणकै निहुँमा विभिन्न मुद्दामा गरिएका थिए।

कपिलाकोट गाविस-४ का चन्द्रबहादुर तुम्सीन मगर र इमानसिं घिसिङलाई ०५२ चैत २ गते, सोही ठाउँकै रिपु कुमारी सिंजाली, लाटीमाया ठाडा मगर र रणथापा मगरलाई ०५३ चैत २६ गते प्रहरीले गिरफ्तार गरे।

कपिलाकोट गाविस-४ का मीमबहादुर यसमाली मगरलाई ०५३ वैशाख १२ गते, सिद्धेश्वर गाविसका गंगा श्रेष्ठ, रामबहादुर रायमाझी, भिमान गाविसकी कल्पना सुवेदी, बन्दना सुवेदी, कपिलाकोट गाविसका रूद्रबहादुर ठाडा, तिलकबहादुर मुक्तान तथा अमले गाविसका भरत देवकोटा र कविन्द्र गौतमलाई ०५३ वैशाख २४ गते, अमले गाविसको एक गोठबाट प्रहरीले सामूहिक रूपमा गिरफ्तार गरे। ती सबैलाई हिरासतमा निकै यातना दिइयो। गिरफ्तार गरिएका सबैलाई ०५२ चैत १७ गते कल्पवृक्ष गाविसमा रहेको गैरसरकारी संस्था स्पेसको धान लुटेको आरोप लगाइएको छ।

कपिलाकोट गाविस-५ का तारा थापा मगर, कुमार मोक्तान, महेन्द्र झाडी गाविसका लिलाबहादुर ठाडा मगरलाई ०५३ जेठ २५ गते प्रहरीले महेन्द्र झाडी गाविसबाट गिरफ्तार गरे। हिरासतमा दिएको निर्मम यातनाको कारण तारा थापाको खुट्टा भाँचिएको बताइन्छ।

सिद्धेश्वर गाविस-९ घर भै जिल्ला जनस्वास्थ्य कार्यालयमा कार्यरत कर्मचारी मेखबहादुर श्रेष्ठलाई ०५३ असार ६ गते आफूमाथि लगाइएको मुद्दाको क्रममा जिल्ला प्रशासन कार्यालय जाँदा त्यहींबाट गिरफ्तार गरियो। उनीमाथि माओवादीलाई सहयोग गरेको आशंकामा हातहतियार खरखजाना मुद्दा लगाइएको छ।

बेलघारी गाविस-६ का वलबहादुर मोक्तान, हत्पते गाविस-२ का धनबहादुर र भिमान गाविस-५ का प्रेमबहादुर वञ्जन मगरलाई प्रहरीले क्रमशः ०५३ पुस ८ गते, ०५३ पुस १० गते र पुस १६ गते गिरफ्तार गरी मानसिक तथा शारीरिक यातना दिएको कुरा पीडितहरू बताउँछन्। पीडितहरूलाई नेकपा (माओवादी) द्वारा संचालित जनयुद्धमा संलग्न भएको आरोपमा गिरफ्तार गरिएको थियो।

महादेवस्थान गाविस-२ का जिरमान गोले, नैन गोले, अम्मर गोले, विष्णुबहादुर बन्जन र सुरज थिङलाई ०५३ भदौ ६ गते, वेलधारी गाविस-६ का बलबहादुर मोक्तानलाई ०५३ पुस ८ गते, हत्पते गाविस-२ का धनबहादुर आले मगरलाई ०५३ पुस १० गते, प्रहरीले गिरफ्तार गरे।

१.४ वेपत्ता पारिएको

जानकारीमा आएन।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

भिमान गाविस-१ का चन्द्रबहादुर खड्का, कमल थापा लगायतका व्यक्तिहरूलाई **०५२ फागुन २१ गते** सोही ठाउँका राजेश श्रेष्ठ, उज्वल पोखरेल, गिर्वाण घिमिरे लगायतका व्यक्तिहरूले कुटपिट गरे। यी बाहेक कुटपिटका अन्य ३ वटा घटना सार्वजनिक भए। ती घटनाहरूमा ४ जना पीडित भए।

महादेवस्थान गाविस-५ का रत्नबहादुर माझीलाई **०५२ फागुन २६ गते** केही अज्ञात व्यक्तिहरूले कुटपिट गरी सख्त घाइते बनाए। उनीमाथि आक्रमण गर्ने नेकपा (माओवादी) का कार्यकर्ताहरू भएको आशंका गरिएको छ।

१.६ युनामा मृत्यु

जानकारीमा आएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

जानकारीमा आएन।

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

जानकारीमा आएन।

माओवादीको आरोपमा प्रहरीद्वारा मारिएका देवकोटा दाजुभाइ

२.४ सरुवा / घटुवा / पक्षपात आदि

जानकारीमा आएन।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

जानकारीमा आएन।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले विइने यातना

डुँडे गाउँका ६३ वर्षीय वृद्ध प्रतापसिंह घलानले ०५३ साउन ३० गते जंगलमा बाख्रा चराउन गएकी ८ वर्षीय एक वालिकालाई बलात्कार गरे। पीडक फरार छन्।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

जानकारीमा आएन।

४.३ गर्भपतन

जानकारीमा आएन।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

जानकारीमा आएन।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

जानकारीमा आएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहारहरु / छुवाछूत समेत

जानकारीमा आएन।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

०५२ फागुन १ गतेदेखि नेकपा (माओवादी) ले संचालन गरेको जनयुद्ध र त्यसलाई दमन गर्ने नाममा निर्दोष व्यक्तिहरूको हत्या गरिनु तथा विभिन्न मुद्दामा फसाएर जनतालाई गिरफ्तार गरी यातना दिएको विषयलाई लिएर ०५३ जेठ २६ गते नेकपा (एमाले) ले प्रेस विज्ञप्ति प्रकाशित गर्‍यो। त्यस्तै मानवअधिकार चेतना केन्द्र तथा अन्य वाम पार्टीहरूले समय-समयमा प्रेस विज्ञप्ति प्रकाशित गरे।

९. अतिरिक्त जानकारीहरु (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

सिन्धुलीमाडीको स्वड्का होटेलमा ०५३ जेठ २० गते विमला कार्कीको विष सेवन गरेका कारण मृत्यु भयो। उनले आफै विष सेवन नगरी अरूले नै गराएको भन्ने कुराले यो घटना आत्महत्या नभै हत्या गरेको हुन सक्ने आशंका गरिएको छ।

अन्य २ जनाले पनि आत्महत्या गरे।

■



२. मध्यमाञ्चल

जनकपुर

२.५ रामेछाप

जनसंख्या : १८८०६४
साक्षरता : २९.९ प्रतिशत
महिला साक्षरता : १२.७ प्रतिशत
क्षेत्रफल : १५४६ वर्ग कि.मी.
गाविस/नपा : ५५/०
निर्वाचन क्षेत्र : २
विद्यालय/क्याम्पस : ३३२/०
अस्पताल/स्वास्थ्य चौकी: १/४१
टेलिफोन लाइन :
सडक (कि.मि.) :
प्रहरी कार्यालय : १३

जनजाति समुदायको प्रमुख बसोबास रहेको रामेछाप जिल्लामा मादक पदार्थ सेवन गरी हुने घरेलु हिंसाहरू नै प्रमुख रूपमा रहेका छन्। बिगतका वर्षहरूको तुलनामा मानवअधिकार उल्लंघनका घटनाहरू पनि दिनदिनै बढ्दै गएका छन्। यस वर्ष यो जिल्लामा कुटपिटका घटनाहरू नै बढी भएको पाइयो।

१. सम्मानित रुपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

प्रिति गाविस-९ की २७ वर्षीय इन्द्रकुमारी सुनुवारलाई **०५२ फागुन १४ गते** आफ्नै पति जीवनकुमार सुनुवारले विप खुवाई हत्या गरेको आशंका गरिएको छ। आरोपित पीडक सुनुवारलाई पुर्पक्षका लागि जिल्ला कारागार शाखा रामेछापमा राखिएको छ।

सोलुखुम्बु जिल्ला **गोली गाविस-१** का ४४ वर्षीय प्रेमबहादुर बस्नेतलाई सोही गाविस-२ बस्ने पर्शुराम बस्नेतले **०५२ फागुन २४ गते** बाम्ती गाविसको कोटेधारा भन्ने स्थानमा कुटपिट गर्दा घटनास्थलमै मृत्यु भयो। घटनामा संलग्न पर्शुराम बस्नेतलाई थुनामा राखिएको छ।

ठोसे गाविस-२ की २५ वर्षीय माया तामाङलाई **०५२ चैत १५ गते** पारिवारिक झगडाको कारण आफ्नै पति २९ वर्षीय श्याम तामाङले आफ्नै घरमा हत्या गरे।

१.२ जेल र बन्दीहरु

रामेछाप जिल्लाको पुरानो सदरमुकाम रामेछाप बजारमा रहेको कारागारको अवस्था दयनीय रहेको छ। ०३१ सालमा स्थापना भएको यस कारागारमा २४ जना बन्दी अट्न सक्ने क्षमता छ। स्थापनादेखि मर्मत नभएकोले कर्कटपाताको छानो चुहने भएको छ। वर्षाको पानीको कारण ढलेको कारागार कम्पाउण्ड पर्खाल निर्माण हुन सकेको छैन। हाल ७ जना महिला कैदी, ७ जना पुरुष र १२ जना थुनुवा पुरुषहरू समेत २६ जना बन्दीहरू रहेको यस कारागारमा २ वटा महिला कक्ष र पुरूष कक्ष छन्। महिला र पुरूषको एउटै कम्पाउण्ड भएको कारणले दिनको २ घण्टामात्र कोठाबाट बाहिरिन दिइन्छ। यही कारणले महिलाहरू अत्यन्त पीडित छन्। कारागार र अदालतको दूरी पनि ४ घण्टाको अन्तरमा रहेकोले थुनुवाहरूलाई अदालतमा हाजिर हुन जान ठूलो समस्या रहेको छ।

१.३ गिरफ्तारी र यातना

गुन्सी गाविस-२ का नेपाल राष्ट्रिय शिक्षक संगठनका जिल्ला अध्यक्ष रेशम चौलागाईं, लखनपुर गाविस-३ घर भएका शिक्षक डुण्डु तिवारी र लखनपुर गाविस-२ का प्रेमप्रसाद चौलागाईंलाई माओवादी गतिविधिमा लागेको आरोपमा **०५२ फागुन १६ गते** प्रहरीले गुन्सीमा गिरफ्तार गऱ्यो। ती व्यक्तिहरूलाई विना पूर्जी गिरफ्तार गरिएको र आवश्यक प्रमाण जुटाउन नसकेपछि चैत ७ गते रिहाइ गरिएको थियो।

जिल्ला सदरमुकाम मन्थलीमा नेपाली कांग्रेसको निर्वाचनको क्रममा भएको झगडालाई साम्य पार्न **०५३ वैशाख १५ गते** प्रहरीले उपस्थित भीडमा अकस्मात लाठीचार्ज गर्दा नामाडी गाविस अध्यक्ष पूर्णबहादुर खड्का, मन्थली गाविस उपाध्याक्ष गुणराज सुवेदी, वेताली गाविसका अध्यक्ष होमप्रसाद घिमिरे लगायत कांग्रेसका कार्यकर्ता सामान्य घाइते भए।

१.४ वेपत्ता पारिएको

जानकारीमा आएन।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

यस वर्ष यो जिल्लामा कुटपिट सम्बन्धी १० वटा घटना चर्चामा आए। ती घटनाहरूमा महिला समेत १३ जना व्यक्तिहरू पीडित भए। जसमा ३ जना प्रहरी समेत परेका

थिए। प्राय घटनाहरू व्यक्तिगत रिसइवीले भएको पाइए तापनि २ वटा घटना राजनैतिक मतभिन्नताका कारण भए।

गुन्सी गाविस घर भई शतलिङ्गेश्वर मा.वि.मा प्रधानाध्यापक केदार चौलागाईले महेन्द्रोदय मा.वि. मन्थलीमा अध्यापन गर्ने देवर्षी सापकोटालाई **०५२ माघ ७ गते** शिक्षक संघको सदस्यता नलिएकोमा टर्चले हानी घाइते बनाए। पीडित सापकोटाको तामाकोशी सेवा समितिमा तत्काल उपचार गरिएको थियो।

१.६ थुनामा मृत्यु

थुनामा मृत्यु भएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

गेलु गाविस स्थित श्री शारदा मा.वि. गेलुका अनेरास्ववियु समर्थक विद्यार्थीहरूले **०५३ जेठ १४ गते** निकालेको जुलुसमाथि सोही विद्यालयका शिक्षक रामेश्वर मंडल लगायत नेपाली कांग्रेसका केही कार्यकर्ताहरूले ढुंगा र लाठी प्रहार गर्दा पशुपति भण्डारी, केदार तामाङ, केशव चौहान लगायतका विद्यार्थीहरू घाइते भए। घटनामा संलग्न व्यक्तिहरूमाथि कुनै कारवाही नभएको गुनासो पीडितहरूको रहेको छ।

सदरमुकाम मन्थलीमा **०५३ वैशाख १५ गते** नेपाली कांग्रेसको पार्टी सभापति पदको निर्वाचनमा भएको मतगणनाको क्रममा भएको विवादमा सो पदका उम्मेदवार विद्यासागर योञ्जन पक्षधर केही व्यक्तिहरूले गरेको आक्रमणबाट चन्द्रबहादुर राउत घाइते भए। सो घटनालाई साम्य पार्न प्रहरीले हल्का लाठीचार्ज गर्नु परेको थियो।

वेथान गाविसमा ०५३ असोज ३ गतेको नेकपा (एमाले) १० नं. इलाकाको इलाका भेला तथा प्रशिक्षण कार्यक्रममा संयुक्त जनमोर्चा नेपालका जिल्ला अध्यक्ष पेमा लामा लगायतका जनमोर्चाका कार्यकर्ताहरूले अवरोध खडा गरी कार्यक्रम हुन दिएनन्।

रामेछाप जेलको पछाडिको भाग

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

जानकारीमा आएन।

२.४ सरुवा / घटुवा / पक्षपात आदि

जानकारीमा आएन।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

जानकारीमा आएन।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

मटौली गाविस-१ की ३८ वर्षीय एक महिलालाई **०५२ पुस २४ गते** डडुवा-४ का भक्तबहादुर रानाले बलात्कार गरे। पीडक रानामाथि कुनै कारवाही भएन।

वेथान गाविस-४ का १६ वर्षीय विष्णुबहादुर श्रेष्ठ र १४ वर्षीय नानीबाबु श्रेष्ठले सोही ठाउँकी ७ वर्षीय एक वालिकालाई **०५३ जेठ १५ गते** च्यूरी दिएर फकाई बलात्कार गरे। पीडकहरू हाल पुर्पक्षका लागि थुनामा रहेका छन्।

पिङ्खुरी गाविस-४ का २३ वर्षीय बसमाया तामाङ, १७ वर्षीय सुन्तली तामाङ र सिन्धुपाल्चोक जिल्लाको ठूलोपास्वर गाविस घर भई सदरमुकाम मन्थलीमा होटल गरी बस्ने १७ वर्षीय उर्मिला तामाङलाई बेच्ने उद्देश्यले सिन्धुपाल्चोक जिल्ला ठूलोपास्वर-४ घर भै मन्थलीमा साइकल मर्मत पसल खोली बस्ने ३६ वर्षीय तुलाराम पाखिन र ३४ वर्षीय फुलमाया पाखिनले **०५३ जेठ २० गते** भगाएका थिए। उनीहरूलाई ०५३ जेठ २७ गते काठमाडौंमा प्रहरीले गिरफ्तार गऱ्यो। रामेछाप ल्याएर सोधपुछ गर्दा घटना खुल्न आएपछि पीडित महिलाहरूलाई घर पठाइ पीडकहरू उपर जिउ मास्ने बेच्ने मुद्दा चलाई हाल पुर्पक्षका लागि थुनामा राखिएको छ।

प्रिति गाविस-९ की २२ वर्षीय युवतीलाई **०५३ मदौ १९ गते** ठोसे गाविसका फुर्वा तामाङले ठोसेको हिलेमा लाग्ने जात्रामा बलात्कार गरे। पीडक तामाङलाई प्रहरीले पक्राउ गरी आवश्यक कारवाही गरेको थियो।

वेथान गाविस-४ की १३ वर्षीय एक वालिकालाई हिलेदेवी-८ की २९ वर्षीय सानु भन्ने हुकुमबहादुर बस्नेत तामाङले **०५३ कार्तिक ८ गते** वस्तुलाई घाँस हालेर घर फर्कन लाग्दा बलात्कार गरे। पीडक उपर जबजरस्ती करणी ऐन अन्तरगत मुद्दा चलाइ थुनामा राखिएको छ।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

ओख्रिनी गाविस-५ का धावाराज तामाङले ०५२ मंसीर ९ गते विमला तामाङसंग दोस्रो विवाह गरेपछि भिमकुमारी तामाङले धावाराज तामाङ विरूद्ध जिल्ला अदालतमा मुद्दा दायर गरेकी छिन्।

४.३ गर्भपतन

वेताली गाविस-४ का २५ वर्षीय उषा कुमारी कार्कीले माइती नामाडीमा बसेका बेलामा नामाडीका चिरञ्जीवी खड्कासंग भएको लसपसबाट रहेको ५ महिनाको गर्भ **०५३ जेठ ४ गते** पतन गराइन्। हाल गर्भपतन गराउने महिलालाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

जानकारीमा आएन।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

जानकारीमा आएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहारहरु / छुवाछूत समेत

जानकारीमा आएन।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

जानकारीमा आएन।

९. अतिरिक्त जानकारीहरु (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष यो जिल्लामा ४ जनाको दुर्घटनामा परी मृत्यु भयो। यसैगरी विभिन्न विपत्तिमा परी ८ जनाको मृत्यु भयो। २ जना पुरूष र ४ जना महिला समेत ६ जनाले आत्महत्या गरे।

■



२. मध्यमाञ्चल

जनकपुर

२.६ दोलखा

जनसंख्या : १७३२३६
साक्षरता : ३४.४ प्रतिशत
महिला साक्षरता : १७.३ प्रतिशत
क्षेत्रफल : २१९१ वर्ग कि.मी.
गाविस/नपा : ५४/०
निर्वाचन क्षेत्र : २
विद्यालय/क्याम्पस : २७७/१
अस्पताल/स्वास्थ्य चौकी: २/२४
टेलिफोन लाइन :
सडक (कि.मि.) : १६८
प्रहरी कार्यालय : १९

जनकपुर अञ्चलको पहाडी जिल्ला दोलखा गौरीशंकर हिमालको काखमा रहेको जिल्ला हो। तामाकोशी चो रोल्पा हिमताल, कालिञ्चोक, शैलुङ र हनुमन्त्य जस्ता पर्यटकीय स्थलहरू यहाँ छन्। ऐतिहासिक शहर दोलखामा अवस्थित भीमेस्वर मन्दिर यस जिल्लाको अर्को चर्चित ठाउँ मानिन्छ। प्रशस्त जडीबुटी, खरिदुङ्गा म्याग्नेसाइट उद्योग, विणु ढुङ्गा खानी र अपार जल सम्पदा भए पनि यहाँ रोजगारको अवसर न्यून छ। यहाँका ९० प्रतिशत भन्दा बढी जनता कृषिमा निर्भर छन्। गरीवी, अशिक्षा, मादक पदार्थको सेवन र बिक्री वितरणका साथै सामाजिक र राजनैतिक कारण समेतले यस जिल्लामा मानवअधिकार हननका घटनाहरू हुने गरेको पाइन्छ।

१. सम्मानित रुपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

बोच गाविस-७ का ३४ वर्षीय भीमसेन वस्नेतलाई सोही ठाउँका ३६ वर्षीय होमबहादुर कार्कीले **२०५२ पुस २९ गते** भरूवा बन्दुकले गोली हानी हत्या गरे। मृतक र पीडक दुबै अत्यधिक मादक पदार्थ सेवन गर्दथे। खसि किन्ने कुरामा सामान्य झगडामै उक्त घटना भएको थियो। पीडक होमबहादुर कार्की थुनामा छन्।

सुस्माक्षमावती गाविस-६ का पुस्करबहादुर खड्कालाई **२०५२ फागुन १९ गते** आफ्नै पत्नी २२ वर्षीय सीता खड्काले खुकुरीले हानी हत्या गरिन्। खुकुरी प्रहार गर्दा सँगै सुतेकी पुस्कर बहादुरकी कान्छी पत्नी देवा खड्काको टाउको र ढाडमा पनि चोट लागेको थियो। देवा खड्कालाई गर्भ बोकाइ कान्छी पत्नी बनाए पछि जेठी पत्नी सीता खड्कालाई कुनै किसिमको आर्थिक, भौतिक सहयोग नगर्नुका साथै शारीरिक सम्पर्क समेत नगरेको हुँदा पति बाँच्नु र मर्नुमा केही फरक नदेखी हत्या गरेको कुरा सीता खड्का बताउँछिन्।

बराङ गाविस-४ का २५ वर्षीय इन्द्रबहादुर खत्रीले आफ्नै पत्नी रणकुमारी खत्रीलाई **२०५२ चैत १८ गते** कुटेर मारे। मृतक त्यो बेला २ महिनाकी सुत्केरी थिइन्। पीडक हाल थुनामा छन्।

ताम्चेत **दुधपोखरी गाविस-७** का ३४ वर्षीय लालबहादुर थापामगरले **२०५३ साउन १९ गते** सिरानमा राखेको खुकुरी झिकी अन्धाधुन्ध प्रहार गर्दै हिंड्दा स्थानीय सूर्यमान मोक्तानकी ५ वर्षीय छोरी सुजिता मोक्तानको मृत्यु भयो। धारामा खेल्दै गरेका मृतक सुजिता मोक्तानकै ३ वर्षीय भाइ कुमार मोक्तानलाई टाउकोमा गम्भीर चोट लाग्यो। सोही ठाउँका कालुमान तामाङ, रत्नबहादुर थापा मगर, शुभलक्ष्मी थापा मगर, मानबहादुर मोक्तान, इन्द्रमाया थापा मगर, वीरबहादुर थापा मगर र हिमांसु थापा मगर समेत ८ जना गम्भीर घाइते भए। पीडक लालबहादुरले एक व्यक्तिलाई ९ पटकसम्म खुकुरी प्रहार गरेका थिए। मानिस नभेटाउँदा ४ वटा बाख्रा, एउटा गोरू र एउटा भैंसी समेतलाई खुकुरी प्रहार गरी अन्त्यमा आफैले आफैलाई निधारमा ५ पटक खुकुरी हान्दा आएको आफ्नै रगत पिउँदै पीडक हिंडेका थिए। पीडक अत्यधिक मादक पदार्थ सेवन गर्दथे। उनी लालबहादुर थापा मगर हाल थुनामा छन्।

ताम्चेत **दुधपोखरी गाविस-४** का ३२ वर्षीय फुलाजी तामाङलाई **२०५३ असोज ८ गते** सोही ठाउँका २८ वर्षीय चलानसिंह तामाङले घोचाले हिर्काई हत्या गरे। पीडक र पीडित बीच घर छाउने ढुङ्गाको पैसा लेनदेन विषयमा उक्त दिन विहान सामान्य झगडा भएको थियो। पीडक चलानसिंह तामाङ फरार छन्।

लावगर गाविसको सीमा प्रहरी चौकीले **२०५३ मंसीर ३ गते** नेपाल भित्रिन लागेका ६०/६२ जना तिब्बतीहरूलाई रोक्न खोज्दा सीमा प्रहरी चौकीमाथि तिब्बतीहरूद्वारा एक्कासी ढुङ्गामुढा प्रहार भयो। जवाफमा सीमा प्रहरी चौकीले गोली चलाउँदा तीन जना तिब्बतीहरू पारीउ, सनता र छोङ्झीलाई गोली लागी घाइते भए। प्रहरी तर्फ भोला खड्का र चिरन्जीवी

आचार्य घाइते भए। दोहोरो भिडन्त पछि पक्राउ गरिएका ३२ जना तिब्बतीहरूलाई काठमाडौं अध्यागमन विभागमा बुझाइएको थियो। त्यसरी नेपाल प्रवेश गर्ने तिब्बतीहरूलाई न त तिब्बत फर्काइन्छ न त रोकावटको प्रभावकारी ऐन नियम र कानून छ। त्यसैले यो समस्या बारे राज्य स्तरबाटै समाधान खोजिनु पर्ने देखिन्छ।

काटाकुटी गाविस-१ का ७८ वर्षीय वीरबहादुर श्रेष्ठलाई **२०५३ मंसीर ५ गते** आफ्नै छोरा ४५ वर्षीय पदमबहादुर श्रेष्ठले खुकुरी प्रहार गरी हत्या गरे। पीडकको मानसिक सन्तुलन ठीक नभएको कुरा पारिवारिक सूत्रबाट थाहा भएको छ। पीडकलाई पुर्पक्षको लागि थुनामा राखिएको छ।

१.२ जेल र बन्दीहरु

चरीकोट जेल वि.सं. १९६५ तिर निर्माण भएको नेपालको चौथो जेल हो। यसको क्षमता ३८ जनाको भए पनि क्षमताभन्दा दोब्बर बढी बन्दीलाई राखिने गरेका कारण पनि ठूलो समस्या भएको छ। हाल १२ जना कैदी र ४१ जना थुनुवा रहेका छन्। तिनमा २ जना थुनुवा र १ जना कैदी महिला छन्। आमाहरूसंग २ जना बालबालिका पनि छन्। समेत कूल ५३ जना बन्दीहरू राखिएको छ। अत्यन्त पुरानो ढाँचामा निर्माण गरिएको यो जेलमा बत्ती र खानेपानी तथा

गोलीको शिकार भएका भीमसेन बस्नेत

आफ्नैद्वारा मारिएकी रनकुमारी खत्री

शौचालयको व्यवस्था गरिएता पनि भवन र कोठाहरू जीर्ण अवस्थामा छन्। बीचको चोक अत्यन्त सानो छ। कर्मचारी प्रशासन कार्यालय समेत एकै ठाउँमा राखिएको छ।

१.३ गिरफ्तारी र यातना

चरिकोट गाविस स्थित डिभिजन सडक विभागको डिटोनेटर स्टोर गर्ने बङ्कर घरबाट २०५२ माघ ३ गते राती ४१ हजार सातसय उनान्सय डिटोनेटर सहित फ्यूज तार र जिलेटिन समेत चोरी भएको अवस्थामा सोही बङ्कर घरका सुरक्षा गार्ड गणेशबहादुर खड्का र रेशमबहादुर के.सी.लाई २०५२ माघ ४ गते प्रहरीले गिरफ्तार गर्‍यो। यसैगरी सुरक्षा गार्डहरू देवबहादुर सुवेदी, भक्तबहादुर श्रेष्ठ, डम्बरबहादुर श्रेष्ठलाई गिरफ्तार गरियो। डिभिजन सडक कार्यालयकै खरिदार ज्ञानप्रसाद शर्मा पौड्याललाई २०५२ माघ ७ गते गिरफ्तार गरियो। प्रहरी हिरासतमा सबैलाई राती डोरीले बाँधी पालैपालो केप कहाँ फाल्यौ भन भनी पाइप, लौरोले पिटी यातना दिइयो र दिउँसो जिल्ला प्रहरी कार्यालय दोलखाको भवन निर्माण गर्ने काममा ढुङ्गा ईंटा बोक्न लगाइयो। सुरक्षा गार्ड गणेशबहादुर खड्का र रेशमबहादुर के.सी. तथा खरिदार मानप्रसाद शर्मालाई २०५३ बैशाख २३ गतेसम्म हिरासतमा राखी अत्यन्त अमानवीय यातना दिइएको कुरा पीडितहरूले बताए। त्यसैगरी ब्लाष्टर वीरबहादुर तामाङलाई पनि २०५२ माघ ५ गते हिरासतमा लिई १५ दिनसम्म लौरोले कुटी यातना दिइएको थियो। २०५२ माघ ३ गते चरिकोट बङ्कर घरबाट हराएको केप, जिलेटीन र फ्यूज खोज्ने नाउँमा प्रहरी प्रशासनबाट जथाभावी मानिसहरूलाई समाती हिरासतमा ल्याउने, घर खानतलासी लिने आदि काम गरिएको थियो। सुरक्षा गार्ड गणेशबहादुर थापा, रेशम बहादुर के.सी., डम्बरबहादुर श्रेष्ठ, भक्तबहादुर श्रेष्ठ र देवबहादुर सुवेदीलाई २०५२ माघ ४ गते देखि नै लागु हुने गरी अगाडिको मिति राखी २०५२ चैत महिनामा अवकाश दिइयो। ज्ञानप्रसाद शर्मालाई प्रजिअ कार्यालयले ५५ हजार रूपैयाँको जेथा जमानी लिई मासिक तारिखमा छोडेको छ।

माली गाविस-२ का सानु शेर्पाको १ लाख ५३ हजार रूपैयाँ चोरेको अभियोगमा **२०५२ फागुन ११ गते** पक्राउ परेका

माली-२ कै साङ्गेमा शेर्पा र दोपेम्बा शेर्पाले आफूहरूलाई घञ्जारूको लौरो, पाइप, लात्ती र बुटले कुटी कुटी कागजमा सही गराएको बताए। उनीहरूलाई अदालतले धरौटीमा छाडेको छ।

ताम्चेत **दुधपोखरी गाविस** ठेकलध्यू भन्ने ठाउँबाट **२०५३ वैशाख १६ गते** गिरफ्तार गरी ल्याइएका माओवादी कार्यकर्ता मानिएका दोलखा गाविस-६ का २६ वर्षीय हेमबहादुर श्रेष्ठ र मालु गाविस-२ का ४० वर्षीय **पूर्णबहादुर** खड्कालाई डिटोनेटर चोरेको भनी प्रहरीले जबरजस्ती कागज गराए। कागज गर्न इन्कार गर्दा लाठी र बुटले कुट्नुका साथै डोरीले खुट्टामा बाँधी उँधो मुन्टो पारी भुण्ड्याएर पाइपले पैतालामा पिटी-पिटी यातना दिएको कुरा पीडितहरूले बताए। दोलखा जिल्ला अदालतले उनीहरूलाई पुर्पक्षको लागि थुनामा राख्ने आदेश दिएको छ।

गैरीमुदी गाविस-५ का शंकर बम्जन, अमरबहादुर तामाङ, परशुराम तामाङ, केशरबहादुर गिरीलाई **२०५३ कार्तिक ११ गते** प्रहरीले गिरफ्तार गरी यातना दिएको कुरा पीडितहरूले बताए।

१.४ वेपत्ता पारिएको

जानकारीमा आएन।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

भिरकोट गाविसका नेपाली कांग्रेसका उपाध्यक्ष बद्री कटुवाल र नेका कार्यकर्ता कुलदीप के.सी.ले **२०५२ माघ १२ गते** सिन्धुपाल्चोक, बाह्रबिसे-३ घर भई भिरकोटमा कुल्ली काम गर्ने ३८ वर्षीय श्याम कार्कीलाई टर्चलाइटले टाउकोमा हिर्काइ घाइते बनाए। पीडक बद्री कटुवालको काम गरे वापत ८ हजार रूपैयाँ लिनु पर्ने भएकोले सो रकम माग्दा उल्टै पिटिएको कुरा पीडितले बताए।

रोल्वालिङ अनुसन्धान गर्न आएकी जापानी नागरिक मीहो मारूओका र उनका गाइडलाई **सुनखानी गाविस**को मलेपुको जङ्गलमा **२०५२ चैत २७ गते** अज्ञात व्यक्तिहरूले आक्रमण गरे। आक्रमणबाट सामान्य चोट लागेपछि पीडितहरू चिच्याएको हुँदा पीडक फरार भएको र आफूहरू सुरक्षित फर्किएको कुरा पीडितले बताइन्।

लालबहादुर थापाद्वारा खुकुरी प्रहार गरी हत्या गरिएकी ५ वर्षीय सुजिता मोक्तान

वोच गाविसका बाबु राम थापालाई गिरफ्तार गर्न **२०५३ वैशाख ५ गते** आएका महिला प्रहरी सहायक निरीक्षक थिमु विष्ट, प्रहरी कन्स्टेबल मुना के.सी. र जिल्ला प्रहरी कार्यालय चरीकोटका प्र.ह. कृष्णबहादुर थापा समेतले बाबुराम थापालाई गिरफ्तार गरी चरीकोट ल्याउन लाग्दा अपरिचित व्यक्तिहरूले प्रहरी टोलीमाथि आक्रमण गरी मुना के.सी.लाई सामान्य घाइते बनाएको कुरा पीडितहरूले बताए।

भिरकोट गाविसबाट मानिस उपस्थित गराउन गएका प्रहरी जवान गोविन्दकुमार थापालाई **२०५३ वैशाख ११ गते** सोही ठाउँका विजुले भन्ने जितबहादुर माझीले मादक पदार्थ खाई यूनिफर्म च्यात्नुका साथै लछारपछार गरेको कुरा पीडित प्रहरी जवानले बताए।

चरीकोट, **पशुपतिडाँडा**की १८ वर्षीय कृष्णकुमारी थामीलाई **२०५३ साउन २५ गते** प्रहरी जवान ओमबहादुर श्रेष्ठले कपाल समाती कुट्नुका साथै गाली बेइज्जती गरेको कुरा पीडितबाट थाहा भएको छ।

यस बाहेक कुटपिटका अन्य ९ वटा घटनामा १२ जना पीडित भए। तिनीहरू मध्ये २ जना महिला छन्।

१.६ थुनामा मृत्यु

थुनामा मृत्यु भएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

जानकारीमा आएन।

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

यो वर्ष दोलखा जिल्ला अदालतमा देवानी १०५, फौज्दारी ११० गरी २१५ वटा मुद्दा दर्ता भए। पुरानो देवानी ५१५, फौज्दारी २०८ समेत कूल ९३८ मुद्दामा यो वर्ष १७४ वटा फैसला भई ७६४ वटा मुद्दा बाँकी रहेका छन्। देवानीमा अंश र जग्गा खिचलो तथा फौज्दारीमा लुटपिट, कुटपिट र गाली बेइज्जती मुद्दाहरू अत्यधिक भएको पाइएको छ।

२.४ सरुवा / घटुवा / पक्षपात आदि

जानकारीमा आएन।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

जानकारीमा आएन।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

दूलोपातल गाविस-६ की २८ वर्षीय एक महिलालाई **२०५२ फागुन १९ गते** सोही ठाउँका २६ वर्षीय चित्रबहादुर तामाङले दिउँसो जङ्गलमा बलात्कार गरे। पीडक फरार छन्।

मकैवारी गाविस-५ की १८ वर्षीय देवीकुमारी शाहबाट **०५३ साउन १५ गते** जन्मिएको नवजात शिशुको न्वारान नहुँदा न्वारान गराई नाता कायम गरी पाउँ भनी सोही ठाउँका नहकुल कार्कीका विरूद्ध उनले दोलखा जिल्ला अदालतमा मुद्दा दायर गरेकी छिन्।

मागापौवा गाविस-९ की ६ वर्षीय एक बालिकालाई १७ वर्षीय कमल भन्ने राजेन्द्र दुङ्गेलले **२०५३ मंदी ५ गते** च्याउ खोजी दिन्छु भनी फकाएर बलात्कार गरे। पीडकलाई थुनामा राखिएको छ।

गोदावरी गाविस-५ का १४ वर्षीय डम्बरबहादुर क्षेत्रीले **०५३ असोज २९ गते** आफ्नै घरमा डेरा गरी बस्ने १० वर्षीय एक बालिकालाई बलात्कार गरे। पीडकलाई प्रहरीले पक्राउ गरी धरौटीमा छोड्यो।

४.२ जारी / बहुविवाह / बेउकी / देहव्यापार

जानकारीमा आएन।

४.३ गर्भपतन

जानकारीमा आएन।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

शैलुङ्गेश्वर गाविस-६ की २६ वर्षीय मानकुमारी वस्नेतले माइला ससुरा यज्ञबहादुर वस्नेतको सम्पर्कबाट गर्भ रही जन्मिएको नवजात शिशुलाई **२०५३ बैशाख १३ गते** जन्मनासाथ झ्यालबाट फाली हत्या गरिन्। ससुरा यज्ञबहादुर वस्नेत सहित मानकुमारी वस्नेत थुनामा छन्।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

जानकारीमा आएन।

घोचाले हिर्काएर हत्या गरिएका फुलाजी तामाङ

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहारहरु / छुवाछूत समेत

महिला विकास शाखा दोलखाकी प्रमुख महिला विकास अधिकृत मोती कमला खनालले २०५३ साउन ३० गते सम्पूर्ण प्रक्रिया पूरा भई भैंसी पालनमा ऋण प्राप्त गर्न लागेका चरीकोट-४ का शुकमाया वि.क., लिलामाया वि.क., बालकुमारी वि.क., मानकुमारी वि.क. र पात्रीका वि.क.को भैंसी पालन समूहलाई अछूतले बेचेको दुध कसले खान्छ र, हाम्रो लगानी उठ्दैन, बरू सुँगुर पालन गर लगानी गरी दिन्छु भनी छुवाछूतको व्यवहार गरेको कुरा पीडितहरूले बताएका छन्।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

जानकारीमा आएन।

९. अतिरिक्त जानकारीहरु (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

२०५३ असार २८, साउन ११ र साउन १९ गतेको अविरल वर्षाको कारण आएको पहिरो र बाढीमा परी ३५ जनाले ज्यान गुमाए भने ५ सय परिवार विस्थापित भए। १० करोड बराबरको क्षति भएको अनुमान गरियो। त्यस्तै खोलाले बगाएर १ जना र रूखबाट खसेर १ जनाको मृत्यु भयो। यो वर्ष विभिन्न कारणबाट १३ जनाले आत्महत्या गरे। आत्महत्या गर्नेमा ७ जना महिला छन्। डकैतीका एउटा घटना चर्चामा आयो।

■



२. मध्यमाञ्चल

नारायणी

२.७ रौतहट

जनसंख्या : ४१४००५
साक्षरता : २३.५ प्रतिशत
महिला साक्षरता : ११.८ प्रतिशत
क्षेत्रफल : ११२६ वर्ग कि.मी.
गाविस/नपा : ९६/१
निर्वाचन क्षेत्र : ४
विद्यालय/क्याम्पस : २२७/१
अस्पताल/स्वास्थ्य चौकी : १/३२
टेलिफोन लाइन : ५००
सडक (कि.मि.) : ११७
प्रहरी कार्यालय : ३४३

यस जिल्लामा व्याप्त सामन्ती शोषण, उत्पीडनका कारण यस भेगका जनताले स्वतन्त्र रूपमा मानवअधिकारको उपभोग गर्न पाएका छैनन्। जिल्लामा सामान्य वादविवादमा पनि जीवन मरणको लडाइँ हुने गरेको पाइन्छ।

१. सम्मानित रुपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

प्रेमपुर गोनाही-४ की देवपलिया देवीको ०५२ माघ १२ गते मृत्यु भयो। उनलाई आफ्नै पति जोगी महतोले कुटपिट गरी घाइते बनाएका थिए। उपचारार्थ अस्पतालमा भर्ना गरिएको थियो। पीडक पति थुनामा रहेका छन्।

जयनगर गाविस-५ का भैरो साहलाई सोही ठाउँका प्रभु चौधरी समेतका ३ जनाले कुटपिट गरी घाइते बनाएकोमा **०५२ माघ २० गते** पीडितको मृत्यु भयो। सो घटनाका सम्बन्धमा प्रभु चौधरीलाई प्रहरीले गिरफ्तार गरी अदालतमा पेश गर्दा धरौटी राखी तारेखमा छोडेको छ।

बरियापुर गाविस-५ की ३० वर्षीय प्रमिला देवी र उनका पति फुलचन राय यादव बीच भएको सानो भनाभनको कारण कुटाकुट भई **०५३ साउन १८ गते** राती प्रमिलादेवीको मृत्यु भयो। पीडक पति हालसम्म फरार छन्।

१.२ जेल र बन्दीहरु

यस जिल्लामा रहेको जेल भवन करीव ६० वर्ष पुरानो भएको र मर्मत सम्भारको अभावले यसको अवस्था साह्रै जीर्ण रहेको छ। जेलको बन्दी क्षमता ७५ जना मात्र भएता पनि यहा प्रायः ९० देखि १०० जनासम्म बन्दीहरूलाई राख्ने गरिन्छ। यस जेलमा महिलाको लागि ३ वटा र पुरूषहरूका लागि १६ वटा कोठाहरू छन्। माओवादीको आरोपमा ईश्वरवल्लव पोखरेललाई गोर्खा जिल्लाबाट जेल सरूवा गरी ल्याइएको छ। ४ जना राजनैतिक बन्दी सहित यहाँ ९५ जना बन्दीहरू रहेका छन्। जसमा ६३ जना थुनुवा र २२ जना बन्दी छन्। जेलमा बन्दीहरूलाई "ख" श्रेणीको सिधा दिने गरिएको छ। कैदीहरूको उपचारको लागि एक जना अ.हे.व. खटाइएको छ। तर उनी महिनामा एक पटक पनि जेलमा कैदी बन्दीहरूको परीक्षण गर्न जाँदैनन् भन्ने गुनासो पाइयो।

१.३ गिरफ्तारी र यातना

चन्द्रनिगाहापुर इलाका प्रहरी कार्यालयका इन्सपेक्टर कृष्णबहादुर कार्की र बारा जिल्ला अन्तर्गत निजगढको इलाका प्रहरी कार्यालयका प्रहरी सहायक निरीक्षक विकास श्रेष्ठले ०५३ असोज १९ गते साँझतिर चन्द्रनिगाहपुर अन्तर्गत हाइवे रोडमा पर्ने भट्टी पसलमा बसी रक्सी खाई मात्तिएर शेर्पा निर्माण सेवाका ठेकेदारका भतिजा गोपाल शेर्पालाई विना कारण समातेर कुटपिट गरी १० हजार चन्दा मागे। चन्दा नदिएको भनी मोटर साइकलको ब्लु बुक लाइसेन्स खोसेर थानामा उनलाई पनि सँगै लगी अमानवीय ढंगले कुटेको कुरा पीडितले बताए।

१.४ वेपत्ता पारिएको

जानकारीमा आएन।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

पतौरा गाविस-३ का बाबुलाल साहलाई **०५३ जेठ ३१ गते** अज्ञात व्यक्तिहरूद्वारा लाठी, गडौसा प्रहार गरी घाइते बताए। ज्यान मार्ने उद्योगमा कमल राय यादवलाई आरोप लगाई हाल पुर्पक्षको लागि थुनामा राखिएको बताइन्छ।

रौतहट जिल्लाका जिल्ला शिक्षा अधिकारी मोहनप्रसाद उपाध्यायलाई ०५२ चैत ४ गते प्रमुख जिल्ला अधिकारी टिकाराम उपाध्यायले बोलाउनु भएको छ भनी राप्रपा र नेका पक्षका मानिसहरूले अस्थायी शिक्षकको भर्ना सम्बन्धी लिष्टमा आफ्ना पक्षको नाम नपरेको भनी मरणासन्न हुने गरी कुटपिट गरेको कुरा नेपाल राष्ट्रिय शिक्षक संगठनका जिल्ला सचिव मणिशंकरलाल निधिले बताए।

यस बाहेकका अन्य ८ वटा कुटपिटका घटनामा १० जना घाइते भए।

१.६ थुनामा मृत्यु

थुनामा मृत्यु भएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

पोठीया गाविसका नेकपा (एमाले) का कार्यकर्ता राजदेव चौधरी एमालेले शुरू गरेको राष्ट्रिय गाउँ जागरणको सिलसिलामा **०५३ जेठ २१ गते** पिपरीया दोस्तिया गाविस जाँदा सोही क्षेत्रका नेपाली कांग्रेस सांसद हरिहर प्रसाद यादवका जेठा छोराको सक्रियतामा रामदेव राय यादव लगायतका व्यक्तिहरूलाई विना कारण नै समातेर मरणासन्न हुने गरी कुटपिट गरे।

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

जानकारीमा आएन।

२.४ सरुवा / घटुवा / पक्षपात आदि

जानकारीमा आएन।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

जानकारीमा आएन।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

जनकपुर नपा-१० का रणजीत सिंहले **०५२ माघ ५ गते** जिल्ला मकवानपुर हाँडीखोला गाविस-४ की एक युवतीलाई विभिन्न प्रलोभन देखाई गौर बजारमा रहेको आफ्नो डेरामा लगी २ पटक जबरजस्ती करणी गरी फरार भए। मुद्दा दायर गरी रौतहट जिल्ला अदालत गौरमा पेश गर्दा अदालतबाट वारेण्ट पूर्जी जारी गरिएको तर पीडक भने अझै नपरेको बताइन्छ।

विश्रामपुर गाविस-२ का रामबहादुर श्रेष्ठकी १७ वर्षीय छोरी फूलकुमारी श्रेष्ठलाई चन्द्रनिगाहापुर गाविस-९ का अमरबहादुर सार्कीले विवाह गर्ने विश्वास दिलाई गौर नपा-१३ का नारायण सिंह राजपुतलाई रू. १ हजार ७ सयमा बिक्री गरे। पछि पीडितका पिताले प्रहरीमा उजुर गरेपछि प्रहरीद्वारा कानूनी कार्वाही शुरू गरियो।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

लक्ष्मीनियाँ गाविस-९ बुटुवाखोरका प्रकाश दहालले **०५३ असार १७ गते** दोस्रो विवाह गरे। पीडक प्रकाश दाहालले केही समय पहिले रूकुमायासंग अन्तर्जातीय प्रेम विवाह गरेका थिए।

राजनैतिक विवादमा कुटिएका राजदेव चौधरी

उनले अर्को विवाह गरेपछि पीडित रूकुमायाले जिल्ला प्रशासनमा उजुरी गरिन्। तर उजुरी उपर प्रशासनले कुनै चासो नदेखाएको बताइन्छ।

४.३ गर्भपतन

जानकारीमा आएन।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

जानकारीमा आएन।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

जानकारीमा आएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहारहरु / छुवाछूत समेत

जानकारीमा आएन।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

०५३ जेट २१ गते नेकपा (एमाले) को राष्ट्रिय गाउँ जागरणको अभियानको सिलसिलामा एमाले कार्यकर्ताहरूको टोली पिपरीया दोस्तिया गाविस पुग्दा सांसद हरिहरप्रसाद यादवका भाइ भतिजाले झुक्याएर आफ्नो घरभित्र लगी एमाले कार्यकर्ता राजदेव चौधरीलाई मरणासन्न हुने गरी गरिएको सांघातिक हमलाको कुरालाई लिएर नेकपा (एमाले) ले जुलुस प्रदर्शन गर्‍यो। साथै सो सम्बन्धमा नेकपा (एमाले) का पार्टी सचिव रामकुमार भट्टराईले गुण्डागर्दी गर्ने सांसदका आफन्तहरूलाई तुरून्त कारवाहीको माग गर्दै प्रेस वक्तव्य जारी गर्नु भएको थियो।

९.अतिरिक्त जानकारीहरु (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

दुर्घटनाबाट १ जनाको मृत्यु भयो र २४ जना घाइते भए।

बाढी पहिरोमा परी ३ जनाको मृत्यु भयो।

विभिन्न कारणले ३ जनाले आत्महत्या गरेको कुरा सार्वजनिक जानकारीमा आयो। ■



२. मध्यमाञ्चल

नारायणी

२.८ बारा

जनसंख्या : ४१५७१८
साक्षरता : २७.९ प्रतिशत
महिला साक्षरता : १३.५ प्रतिशत
क्षेत्रफल : ११९० वर्ग कि.मी.
गाविस/नपा : ९८/१
निर्वाचन क्षेत्र : ४
विद्यालय/क्याम्पस : ३०३/१
अस्पताल/स्वास्थ्य चौकी: १/१४
टेलिफोन लाइन :
सडक (कि.मि.) : ११५
प्रहरी कार्यालय : २८

अन्य जातिको तुलनामा थारू जनजातिको बढी संख्या रहेको यस जिल्लामा राजनैतिक कारणले भन्दा सामाजिक र सांस्कृतिक कारणले बढी मानवअधिकार उल्लंघनका घटनाहरू हुने गर्दछन्। विशेष गरी दक्षिणी क्षेत्रमा वालविवाह, दाइजो प्रथा, छुवाछूत जस्ता सामाजिक कु-प्रथा व्याप्त देखिन्छ। दाइजो प्रथाको कारण धेरै महिलाहरूले आफ्नो घर परिवारको दुर्व्यवहार सहिरहेका हुन्छन्। यस बाहेक हत्या, आतंक, लुटपाटको घटना पनि प्रशस्तै देखिन्छन्।

१. सम्मानित रुपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

अमाव गाविस-५ का लखन माझीले **०५२ पुस २८ गते** राती छोरी भगाएर लगेको झोंकमा २५ वर्षीय रामवरन माझीलाई आफ्नै घरमा टाउकोमा लाठी प्रहार गरी हत्या गरे। पीडकलाई प्रहरीले पक्राउ गरी कार्वाही चलाएको छ।

कलैया नपा-११ का पूर्णप्रसाद यादवलाई चोरीको आरोपमा सुभाष मेस्तरको घर अगाडि **०५३ असार ६ गते** राती समाती वडा अध्यक्ष किसुनप्रसाद यादव, सुभाष मेस्तर, कोदाईप्रसाद यादव, चोकट राउत अहिर, सिताराम साहकानु र महेन्द्र राउत अहिरले कुटपिट गर्दा मृत्यु भयो।

विराटनगर उपमनपा-५ का २५ वर्षीय विष्णु रेग्मीको लाश **०५३ असार ९ गते** पिपरा सिमरा गाविस-१ पथलैया जंगलमा फेला पर्‍यो। लाशको प्रकृति हेर्दा कसैले हत्या गरेको हुन सक्ने देखिन्थ्यो।

डुमरवाना गाविस-८ राजघट्टाका अनुप चौधरीलाई **०५३ साउन १० गते** डकैतीको आरोपमा पक्राउ गर्न जाँदा भिडन्त भै प्रहरीको एउटा राइफल भाँचियो। लक्ष्मण चौधरीले चलाएको गोलीले लागी सिमरा इलाका प्रहरी कार्यालयका प्रहरी सहायक निरीक्षकहरू भुपाल के.सी., काशीनाथ ओली, प्रहरी जवान भीमसिंह राजपुत र सोही ठाउँका उजुरी दिन आएका मोहमद आयस घाइते भए। यस घटनामा पीडकहरू अनुप चौधरी, राजेन्द्र चौधरी र मङ्गरू चौधरीलाई पक्राउ गरियो। पीडक लक्ष्मण चौधरी फरार भए।

बलिरामपुर गाविस-३ का जादुलाल साह कुर्मि लगायत चार जना अज्ञात व्यक्तिहरूले **०५३ भदौ २५ गते** वरिरामपुर-१ का कमरूद्दिन मिया र हकबुद्दिन मियालाई बन्दुकको छर्रा र छुरीले हानी फरार भए। टाउकोमा छर्रा परी कमरूद्दिन तीन दिन सम्म अचेत भए भने हकरूद्दिनलाई साधारण चोट लागेको थियो।

मोडाहा गाविस-५ का अन्दाजी ४२ वर्षीय छटुलाल यादवको लाश **०५३ अश्विन २२ गते** सोही गाउँ स्थित पसाहा खोलामा फेला पर्‍यो।

इनर्वामाल गाविस-२ का राम हजारालाई **०५३ कार्तिक १ गते** केही अज्ञात व्यक्तिहरूले डेढाकट्टी गाविस-९ रूवैलियामा छुरी हानी हत्या गरे।

महेशपुर गाविस घर भै ज्योति स्पिनिङ्ग मिल्समा काम गर्ने महेन्द्रप्रसाद यादवलाई आफ्नै घरमा **०५३ कार्तिक १ गते** गोली लाग्यो। पीडकहरूको बारेमा थाहा हुन सकेन।

पोखरा उपमनपा-१५ का अर्जुन गुरूङ र चितवन भण्डाराका नवराज सिलवाललाई **०५३ मंसीर १५ गते** नक्कली नागमणि बनाई अवैध कारोबार गर्दै आएका भतौडा गाविस-४ का नगिमा साहकानु, भगेलु साहकानु, माधव साहकानु र भवानीपुर जीतपुर-३ मा अस्थायी रूपमा बसेका दयाकिशोर साहले घाटी रेटी भतौडा गाविस-४ मा हत्या गरे। पीडकहरूलाई पक्राउ गरिएको छ।

यसै वर्ष अन्य २ वटा अज्ञात व्यक्तिको लाश पनि फालिएको फेला पर्‍यो।

१.२ जेल र बन्दीहरु

यस जिल्लामा जेल छैन। यहाँका थुनुवा तथा कैदीहरूलाई वीरगञ्ज जेलमा लगिन्छ। यस वर्ष कर्तव्यज्यान,

ठगी, जीउमास्ने बेच्ने, लागू औषध अभियोगमा ३५ व्यक्तिलाई वीरगञ्ज जेल चलान गरियो।

१.३ गिरफ्तारी र यातना

डुमरवाना गाविस-७ का शंकर बहादुर न्यौपानेलाई **०५२ चैत ८ गते** वन अतिक्रमण गरेको आरोपमा वन सुरक्षाकर्मीले घरैबाट गिरफ्तार गरी यातना दिए

निजगढ गाविस-५ का कुलबहादुर लामा र उनका छोरा सूर्यबहादुर लामालाई अवैध रूपमा जंगल कटान गरेको आरोपमा ईलाका वन अधिकृत सम्पैन यादवको नेतृत्वमा आएका वन सुरक्षाकर्मीहरूले **०५३ चैत १० गते** घरैबाट गिरफ्तार गरी यातना दिए।

निजगढ गाविस-२ का तीर्थ गौतम, तीर्थ चौलागाई र हरि चौलागाईलाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा **०५३ जेठ २७ गते** घरैबाट ईलाका प्रहरी कार्यालय निजगढले गिरफ्तार गऱ्यो।

छतवा गाविस-८ का २४ वर्षीय विनोद हजारा र २५ वर्षीय निर्मल हजारालाई प्रहरीको बर्दी च्याती गुण्डागर्दी गरेको आरोपमा प्रहरीले **०५३ असार १ गते** घरैबाट गिरफ्तार गरी निर्मम यातना दिए। पीडितहरू माथि सार्वजनिक अपराधको मुद्दा लगाई जनही ५-५ हजार धरौटीमा रिहा गरियो।

पिपरा-सिमरा गाविस-३ का राम कार्कीलाई व्यक्तिगत रिसइवीका कारण वनसुरक्षा कर्मी हसिम मियाले **०५३ असार ९ गते** हात, पैताला सुनिने गरी पिटे। उनलाई पिसाव समेत ख्वाई हिरासतमा निर्मम यातना दिइएको थियो।

पर्सौना गाविसको गण्डकनहर नजिकै बाटो हिडिरहेका पर्सा जिल्लाको **लखापुर-३** का पासपत साह, बेलवा-८ का राजकिशोर साह र छौडादाना विहारका गजाश्वर शाहलाई प्रहरीले हतियार बोकी हिडेको भनी **०५३ मंसीर १५ गते** पक्राउ गरे। उनलाई २४ दिनसम्म हिरासतमा राखी यातना दिइयो। पीडितहरूलाई जिल्ला प्रशासन कार्यालयले प्रतिव्यक्ति २४ हजार धरौटी माग गर्दा तिर्न नसकेकोमा जेल चलान गऱ्यो।

१.४ वेपत्ता पारिएको

उचिडी गाविसको गण्डक नहर नजिकै **वीरगञ्ज नपा-१४** का लक्ष्मण प्रसाद कलवारको रगत लागेको कमिज **०५२ माघ २८ गते** फेला पऱ्यो। पीडित हालसम्म वेपत्ता रहेका छन्।

पिपरा-सिमरा गाविस-३ का मोला गुरागाई **०५३ जेठ २४ गते** देखि वेपत्ता भएका छन्। पीडितलाई सोही ठाउँका विष्णु चौधरी र अनवरत राउतले वेपत्ता पारेको भनाई पीडितकी पत्नीको छ।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

ईटाही गाविस-८ का महेन्द्र साह सोनार र भागमणिया साह सोनारलाई **०५३ असार २६ गते** खेतमा बाख्रा लगाएको आरोपमा सोही ठाउँका गोपी साह सोनार लगायत ८-१० जनाले निर्मम यातना दिए।

आफ्नै ससुराद्वारा हत्या गरिएका रामवरण माझी

इटीयाही गाविस अध्यक्ष सहित सोही ठाउँका हिरामान महतो, चन्दिका यादव, बच्चु यादव, अम्बिका यादव लगायतका २०-२५ जनाले **०५३ कार्तिक १४ गते** सोही गाविस-७ मा वैठक चलिरहेको अवस्थामा हलीम मिया, भिखम यादव, डोमाई सोनार र आमोद प्रसादलाई कुटपिट गरे।

डुमरवाना गाविस-७ का वालकृष्ण आलेमगरले **०५३ चैत ८ गते** होटलको उधारो पैसा मागेको आरोपमा सोही ठाउँका गोरे श्रेष्ठलाई गाली बेइज्जती र कुटपिट गरे।

यस बाहेक कुटपिटका अन्य १० वटा घटनामा १४ जना घाइते भए। घाइते हुनेमा ४ जना महिला थिए।

१.६ थुनामा मृत्यु

थुनामा मृत्यु भएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

बंजरीया गाविस-३ को राष्ट्रिय प्रा.वि.को चउरमा **०५३ चैत २५ गते** मिटिङ्ग चलिरहेको अवस्थामा शिक्षकहरूलाई एमालेको राजनीति गरेको आरोप लगाई सोही ठाउँका नेपाली कांग्रेसका कार्यकर्ताहरू विनोद राउत, मनोज कुमार महतो र रामजी राउतले लाठी र छुरी लिई आक्रमण गरे। उक्त घटनामा एमाले गाविस अध्यक्षको टाउकोमा छुरी लाग्यो भने शिक्षक संगठनका अध्यक्ष शहीद हवारी र सहायक शिक्षक सुरेन्द्र पासवान घाइते भए।

नेपाल सद्भावना पार्टीबाट विजयी विसुनपुर्वा गाविस अध्यक्ष सत्यनारायण प्रसाद यादवको निर्देशन र सोही पार्टीका कार्यकर्ताहरू ताजुदिन अन्सारी, आवास अन्सारी र ग्यासुदिन

अन्सारीको दबावमा सोही गाविस ६ र ७ का ४० जना एमाले कार्यकर्ता तथा समर्थकहरूको मतदाता नामावलीबाट नाम काटेको कुरा **०५३ भदौ १५ गते** पत्ता लाग्यो। मतदाता नामावलीमा नाम काटेको विरोध जनाएको कारण पीडितहरूलाई सार्वजनिक मुद्दा समेत लगाइयो।

२.२ धार्मिक स्वतन्त्रता

०५२ माघ १२ गते बडनिहारपुर गाविसको देवापुर कचहरिया स्थित पोखरीको डिलमा सरस्वतीको मूर्ति सेलाउन खोज्दा हिन्दू र मुस्लिमहरू बीच झडप मै तीन राउण्ड गोली समेत चल्यो। गोलीबाट मुस्लिम हफिज मिया र सफिद मिया सख्त घाइते भएका थिए।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

जानकारीमा आएन।

२.४ सरुवा / घटुवा / पक्षपात आदि

जानकारीमा आएन।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

जिल्लाको **डुमरवाना गाविस-७** मा टागिया वृक्षारोपण क्षेत्रमा १०० धुरीभन्दा बढी सुकुम्बासीहरू बसोबास गर्दै आएका छन्।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

लिपनिमाल गाविस-८ का मनोज पटेलले सोही ठाउँकी ७ वर्षीय मोनु त्रिपाठीलाई बेच्ने उद्देश्यले **०५२ पुस २९ गते** भारतको मोतिहारी लैजाँदै गर्दा पक्राउ गरी मनोज पटेललाई जीउ मास्ने बेच्ने अभियोगमा ३ वर्षको लागि कारागार चलान गरिएको छ।

कवहीगोठ गाविस-४ की १० वर्षीय एक वालिकालाई **०५२ फागुन १९ गते** बाख्रा चराउन जाँदा सोही गाविसको प्रहरी चौकीका सिपाही कर्णबहादुर खड्काले बलात्कार गरे।

रतनपुरी गाविस-२ की १२ वर्षीय एक वालिकालाई **०५२ चैत १३ गते** हेमबहादुर थापाले सोही ठाउँको जंगलमा बलात्कार गरे।

अमाव गाविस-४ का झगरू चौधरीले सोही टोलकी एक युवतीलाई **०५३ वैशाख २० गते** राती बलात्कार गर्न खोज्दा गाउँलेले पक्राउ गरी माफी माग्न लगाए।

निजगढ गाविस-५ का रामशरण तिमिल्सिनाले रातोदिन कुटपिट गरेको कारण कान्छी पत्नी आफ्नो ज्यान जोगाउन **०५३ वैशाख २१ गते** देखि घर छोडी माइतमै बस्न विवस छन्।

कोहल्वी गाविस-५ की १४ वर्षीय एक वालिकालाई **०५३ वैशाख २५ गते** सोही गाविसको जंगलमा दाउरा काट्न जाँदा निर्मम यातना दिई वन सुरक्षा कर्मीहरू दीपक के.सी र केशव श्रेष्ठले बलात्कार गरे। पीडकहरूलाई गाउँलेले समाई प्रहरीमा बुझाउँदा पनि प्रहरीबाट कुनै कारवाही भएन।

कोहल्वी गाविस-५ की १५ वर्षीय वालिकालाई आफ्नै बाबुले बलात्कार गरी ७ महिनाको गर्भ रहेको कुरा स्थानीय मानिसहरूले थाहा पाए। **०५३ वैशाख २८ गते** पीडकलाई थानामा बुझाएकोमा खड्काराज मैनालीले थानाबाटै भगाएको बताइन्छ।

बेलैया गाविस-५ की १५ वर्षीय इन्द्रकुमारी डाँगीलाई **०५३ साउन १० गते** सोही ठाउँकी मिना साहले बम्बैमा बेच्नको लागि घरैबाट फकाएर लैजान लागेकोमा पीडक पक्राउ परिन्।

कचोर्वा गाविस-९ की १२ वर्षीय आरती कुमारी हजामलाई भारतमा लगी बेच्ने उद्देश्यले लगिरहेको अवस्थामा **०५३ साउन १६ गते** सोही ठाउँका दामोदर साह सोनारले फेला पारे। पीडकलाई जीउ मास्ने बेच्ने अभियोगमा जेल चलान गरियो।

रतनपुरी गाविस-६ का टेकबहादुर गोलेलाई **०५३ असोज ४ गते** सोही ठाउँकी एक महिलालाई बलात्कार गरेको आरोपमा वडा अध्यक्ष सानुकान्छा लामाले पीडितलाई बोलाई आफ्नो र पीडितको खुट्टा ढोग्न लगाए।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

भरतगंज-सिंगौल गाविसका एमालेबाट विजयी गाविस अध्यक्ष कृष्णप्रसाद सापकोटाले सोही गाविस-५ अखिल नेपाल महिला संघ गाउँ कमिटी अध्यक्ष तीर्थकुमारी लामालाई **०५२ चैत ३० गते** भगाई वहुविवाह गरे।

पिप्रा-सिमरा गाविस-२ का एमालेबाट विजयी सोही वार्डका वडा अध्यक्ष गोपाल साहकी २५ वर्षीय पत्नी रमा साहलाई **०५३ मंसीर १५ गते** सोही गाविस-१ का श्रीमान गिरीले जारी गरी लगे। रमा साहका एक छोरी र एक छोरा छन्।

४.३ गर्भपतन

पर्सौना गाविसको पर्सौना खोलामा **०५३ साउन २५ गते** करीब ६ महिनाको शिशुको लाश फेला पऱ्यो।

गण्डकनहर नजिकै हत्या गरी फालेको एउटा नवजात शिशुको लाश **०५३ कार्तिक १९ गते** फेला पऱ्यो।

काठमाडौं बसेका **सिन्धुली रतनचुरा-८** का सीता थापा र काठमाडौं मै बस्ने रामेछाप सुकजोरका शिवबहादुर कार्की बीच यौन सम्बन्ध हुँदा गर्भ रहन गयो। गर्भपतन गराउन शिवबहादुरले आफूसंग काम गर्ने पद्मबहादुर बुढाथोकीलाई साथ लिई ०५२ चैत १८ गते सीतालाई बारा जिल्लाको पर्सौना-८ अन्धवा बजारमा डा. सेरज अन्सारीको मेडिकल हलमा ल्याए। गर्भपतन गराउन खोज्दा बच्चाको एउटा खुट्टानै चुँडिएर रगत बग्न थाल्यो। रगत नथामिएपछि ०५२ चैत १९

गते पत्नी शोभा कार्कीको नामले वीरगञ्ज प्रसुती गृहमा भर्ना गराई पीडकहरू अस्पतालबाटै फरार भए। सीता थापाको ०५२ चैत २५ गते साँझ अस्पतालमै मृत्यु भएको थियो।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

कोहल्वी गाविस-४ खैराटोलका भक्तिप्रसाद खनालले सोही टोलका ढकबहादुर थापाका छोरा १२ वर्षीय धनबहादुर थापालाई खेतमा भैंसी लगाएको आरोपमा **०५३ वैशाख १७ गते** कुटपिट गरी ११ पटक पानीमा चोपलेर यातना दिए।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

नरही गाविस-९ मा संचालित प्रौढ शिक्षाकी शिक्षिका निशुपति देवी थरूनी **०५३ साउन ७ गते** आफ्नो तलव माग्न सरस्वती क्लवका अध्यक्ष पारस कलवारको घरमा पुगिन्। उनलाई पारस कलवार लगायत जोगेन्द्र साह, प्रेम साह, धनुक साह, अक्षेलाल साह र लालबाबुले गाली गरी कुटपिट समेत गरे। त्यस क्लवले संचालन गरेको प्रौढ कक्षमा पढाउने कुनै पनि शिक्षक शिक्षिकाहरूलाई तलव दिएको थिएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहारहरु / छुवाछूत समेत

भलुही मखलिया गाविस-६ त्रिवेणी टोलकी ४० वर्षीय राजकुमारी तत्मालाई बोक्सीको आरोपमा **०५३ साउन २५ गते** सोही ठाउँका मोहीचन दास, गोपीचन महतो, रामेश्वर लगायतका व्यक्तिहरूले घोक्र्याई मुन्ट्याई कपालकाटी फोहर वस्तुहरू खुवाए र झुण्ड्याए। यस घटनामा पीडकहरू गोपिचन महतो, मोहीचन दास र रामेश्वरलाई सार्वजनिक अपराधको अभियोगमा जनही दश-दश हजार धरौटीमा छोडियो।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

नेपाल बुद्धिजीवी परिषद् बारा जिल्ला शाखाले **नारायणी डिष्टीलरीका** कामदारहरूले **०५३ असार २१ गते** कलैया नगरपालिकाको "बारा ल च्याम्बर" बाट डुमरवाना-७ का विष्णु हरि खड्कालाई अपहरण गरी कुटपिट गरेकोमा एक प्रेस वक्तव्य प्रकाशित गरेको थियो।

९. अतिरिक्त जानकारीहरु (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

ट्राफिक दुर्घटनामा परी ३ जनाको मृत्यु भयो। यसैगरी करेण्ट लागेर २ जना र चट्याङ्गमा परी १ जनाको मृत्यु भयो।

यो वर्ष यस जिल्लामा ७ जनाले आत्महत्या गरे। तिनमा ३ जना महिला छन्।

क्षेत्रीय ईलाका प्रहरी कार्यालय वीरगञ्जका गस्ती टोलीले डाकाको आरोपमा गोली चलाउँदा भरतगंज **सिंगौल गाविस-१** को जंगलमा रौतहट जिल्ला कटहरिया-९ का शान्ति साह तेली लगायत अन्य २ जना अज्ञात व्यक्तिहरूको **०५३ असोज २७ गते** राती मृत्यु भयो।

■



२. मध्यमाञ्चल

नारायणी

२.९ पर्सा

जनसंख्या	३७२५२४
साक्षरता	३२.३ प्रतिशत
महिला साक्षरता	१७.५ प्रतिशत
क्षेत्रफल	१३५३ वर्ग कि.मी.
गाविस/नपा	८२/१
निर्वाचन क्षेत्र	४
विद्यालय/क्याम्पस	२५६/३
अस्पताल/स्वास्थ्य चौकी	१/४२
टेलिफोन लाइन	
सडक (कि.मि.)	५२
प्रहरी कार्यालय	४९

पर्सा जिल्ला नेपाल भारत प्रवेशद्वारको रूपमा चिनिन्छ। जिल्लाको दक्षिणी पश्चिममा भारतसंग जोडिएको हुँदा नेपाल-भारत दुवै तर्फका अपराधीहरूले यस क्षेत्रलाई आश्रयस्थलको रूपमा उपयोग गर्दै आएका छन्। यो वर्ष पनि हत्या, डकैती, कुटपिटका घटनाहरूमा कुनै कमी आएन। कार्तिक ११ गते सामान्य घटनाका सम्बन्धमा भारतीय जनता र प्रहरीहरूले रक्सौल गएका नेपालीहरूलाई कुटपिट गरे। उनीहरू ढुंगामुढा गर्दै हातहतियार सहित नेपाल प्रवेश गरे र नेपाली प्रहरीको पेस्तोल लुटेर लगे। यो घटना वर्षकै प्रमुख घटना बन्न पुग्यो।

१. सम्मानित रुपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

पिडारी गाविस-१ का लालतुन साहको **०५२ माघ १२ गते** वन्यजन्तु आरक्षणमा दाउरा काटिरहेको अवस्थामा आरक्षणका सुरक्षा गार्डले हानेको गोली लागेर मृत्यु भयो।

वीरगञ्ज नपा-९ कुम्हालटोलमा डेरा गरी बस्ने २४ वर्षीय गंगादेवी रसाललाई **०५२ फागुन ९ गते** राती सुतिरहेको अवस्थामा उनकै पति खुमराज रसालले सिलौटाले टाउकोमा हिकाई हत्या गरे। पीडकले गंगादेवी र परपुरुष बीच अनैतिक सम्बन्ध रहेको शंकामा हत्या गरेको छिमेकीहरू बताउँछन्। पीडक फरार छन्।

अरौहा गाविस-३ का मोहनप्रसाद कुर्मीको **०५२ चैत १ गते** नारायणी उपक्षेत्रीय अस्पतालमा मृत्यु भयो। सोही ठाउँका चन्द्रदेव यादवले आफ्ना सहयोगी सहितको हुल लिई मोहनप्रसादलाई लाठी, भाला समेत प्रहार गरेर कुटपिट गरेका थिए।

निर्मलवस्ती गाविस-९ का १८ वर्षीय भक्ति पट्टेलको लाश **०५३ वैशाख ७ गते** विजय वस्ती खोलामा ट्याक्टरले किचिएको अवस्थामा फेला पर्‍यो। भारत इनरूवा निवासी ट्याक्टर ड्राइभर काशी मियाले अघिल्लो दिन हेल्परमा जागिर दिने भनी मृतकलाई आफूसँगै लगेका थिए। पीडितका बाबुले छोराको हत्या भएको भनी प्रहरीमा उजुरी दिएका छन्। ड्राइभर काशी मिया सोही दिन देखि वेपत्ता भएका छन्।

वगडी गाविस-८ का ४५ वर्षीय सुखी राउत कुर्मीलाई सुतिरहेको अवस्थामा **०५३ जेठ २ गते** काकाका छोरा भुनर राउत कुर्मीले घाँटी रेटी हत्या गरे। उनीहरू बीच अंश सम्बन्धी झगडा थियो। पीडक फरार छन्।

महादेवपट्टि गाविस-६ का सतीलाल थारू पत्नी लिन ससुराली गएकोमा **०५३ जेठ २३ गते** वीरूवागुठी गाविस-१ को सेती पैनीको डिलमा हत्या गरी गाडिएको अवस्थामा फेला परे। मृतककी पत्नी गान्धी देवी थरूनीको परपुरूषसंग अनैतिक सम्बन्ध कायम भएकोले उनी माइतमा नै बस्ने गरेको बताइन्छ। मृतकका पिता परमेश्वर थारूले मृतककी पत्नी गान्धीदेवीबाट नै उक्त हत्या भएको भनी जाहेरी दिएका छन्।

विरूवागुठी गाविस-१ का छोटेलाल थारूको लाश **०५३ जेठ २४ गते** गाउँभन्दा २ कि.मि. उत्तर जंगलमा बोरामा हाली फालिएको अवस्थामा फेला पर्‍यो। मृतककी पत्नीसंग अनुचित व्यवहार गर्ने व्यक्ति समेतको सहयोगमा पत्नीबाट नै उनको हत्या गराइएको कुरा मृतकका छोराको बयानबाट थाहा भएको छ। पीडकहरू हालसम्म फरार छन्।

वागेश्वरी तित्रौना गाविस-१ का ब्रम्ह साह कलवारलाई **०५३ जेठ ३० गते** खुजरीया र समथल गाउँको बीचमा रक्सी खाएर बसेका दिनदयाल थारूले गोली हानी हत्या गरे। खोलाबाट बालुवा झिकी लैजानेसंग केही शुल्क लिने गरेको विषयमा वादविवाद हुँदा उक्त घटना भएको थियो।

धोबिनी गाविस-७ का ३० वर्षीय वलदेव पण्डितको **०५३ साउन २ गते** तुलसीवर्वामा लाश फेला पर्‍यो। अस्पतालको पोष्टमार्टम रिपोर्ट अनुसार उनको मृत्यु विषालु औषधिको प्रयोगबाट भएको जनाइएको छ। पत्नी राम कलीया देवी कुम्हाल्नीसंगको वेमेलबाट नै उनको हत्या भएको पीडित पक्षको आरोप छ। आरोपित पीडक राम कलीया देवी फरार

छिन्।

साजहा गाविस-८ का वडा सदस्य २८ वर्षीय किशोरी महतोलाई अपहरण गरी लैजाने रामचन्द्र सहनीलाई **०५३ साउन १० गते** स्थानीय नागरिकहरूले लाठी भाला सहित घेराउ गरी कुटपिट गरे। अरू अपहरण कारीहरू फरार भए। रामचन्द्र सहनीको उपचार गर्दा गर्दै मृत्यु भयो।

महादेवपट्टि गाविस-९ की २० वर्षीय इन्दुदेवीको लाश **०५३ साउन २४ गते** मकैबारीमा फेला पर्‍यो। डाक्टरी पोष्टमार्टममा घाँटी थिची मारेको जनाइएको छ। ससुरा भरोसी महतो र जेठानी बीचको अनैतिक सम्बन्ध बारे मृतकलाई थाहा भएकोले उनको हत्या गरिएको शंका प्रहरीले गरेको छ।

वीरगञ्ज नपा-१० नयाँ बसपार्कमा काठमाडौं जान आएका इटहाई गाविस निवासी बृजलाल यादवलाई **०५३ साउन २६ गते** बेलुका ८ बजे पिसाव फेर्न गएको बेला केही अज्ञात व्यक्तिहरूले गोली हाने। पीडितको कोखामा गोली लागेको भएता पनि काठमाडौं वीर अस्पतालको उपचार पछि स्वास्थ्यमा सुधार भयो। पीडकहरू अझै पत्ता लाग्न सकेका छैनन्।

मिस्वा गाविसका टिटु सिंह कंचटमा गोली लागी मरेको अवस्थामा **०५३ मदौ ८ गते** उनको आफ्नै कोठामा फेला परे। मृतकको लाशसँगै अमेरिकाको सिक्सर रिभल्वर पनि वरामद भयो। मृतक विदेशी सामान चोरी निकासी धन्दामा संलग्न भएकोले उनीसँगै धन्दामा संलग्न व्यक्तिहरूबाट हत्या भएको शंका स्थानीय बासिन्दाले गरेका छन्। प्रहरीले अनुसन्धानको सिलसिलामा भारत सिक्टाका हरेन्द्र सिंहलाई केही दिन थुनामा राखी छाड्यो।

वीरगञ्ज नपा-१८ का ३५ वर्षीय वीरबहादुर तामाङलाई **०५३ असोज ५ गते** राती १ बजे केही अज्ञात व्यक्तिहरूले गोली हानी हत्या गरे।

वीरगञ्ज नपा-१६ का १६ वर्षीय वीरेन्द्र तिवारीलाई **०५३ पुस ३ गते** लेनदेनको विवादमा आफ्नै मामा नर्मदा मिश्रले घाँटीमा खडसाले काटी हत्या गरे।

पटहरा सुगौली गाविस- १ रामनगरीका जोगी भन्ने

आफ्नै परिवारद्वारा हत्या गरिएकी इन्दु देवी

मामाद्वारा हत्या गरिएका वीरेन्द्र तिवारी

गेनालाल साह तेलीको **०५३ पुस ९ गते** निचुटा गाविसको पश्चिम नदी किनारामा लाश फेला पर्‍यो। पोष्टमार्टम रिपोर्ट अनुसार गेनालालको दाहिने कन्चटमा गोली लागी मृत्यु भएको थियो। गाँजाको खेती कुर्न बसेका गेनालाललाई गाँजा लुटेराहरूले हत्या गरिएको बताइन्छ।

१.२ जेल र बन्दीहरु

यस जिल्लामा १ हजार ५ सय बन्दी क्षमता भएको जेल छ। तर यो संख्यामा बन्दीहरू राख्ने हो भने बस्न पनि कठिन हुन सक्छ। यो वर्षको अन्त्यमा यस जेलमा ४ सय ५६ जना पुरुष, २८ जना महिला समेत कूल ४ सय ८४ जना बन्दीहरू रहेको पाइयो। यस जेलमा १ सय ७८ जना पुरुष र ८ जना महिला थुनुवाको रूपमा छन् र कैद तोकिएका २ सय ९८ जना छन्। आफ्ना आमासंग बस्दै आएका २ जना वालिका र १ बालक छन्। जेलमा कक्षा पाँचसम्मको स्कूल संचालन मैआएको छ। डाक्टरको दरबन्दी भएता पनि लामो समयदेखि डाक्टर विदामा बसेका छन्। धेरै पुरानो र अति जीर्ण अवस्थामा रहेको यस जेलमा प्रजातन्त्र पुनर्स्थापना पछि पनि कुनै सुधार हुन सकेको पाइदैन। जेल प्रशासनले कोही पनि राजबन्दी नभएको दावी गरेता पनि पंचायत कालमा झुट्टा मुद्दामा फसाइएको दावी गर्ने धनकुटा पाख्रीवासका वलबहादुर राई र भोजपुरका अगम सिंह राई यसै कारागारमा छन्। यहाँका बन्दीहरुले पनि विभिन्न मागहरू राखी केही समय अगाडि हडताल गरेका थिए। बन्दीहरू आफैले पुस्तकालय संचालन गरेका छन् र नयाँ वर्षको उपलक्ष्यमा खेलकूद प्रतियोगिताको पनि आयोजना हुने गरेको छ।

१.३ गिरफ्तारी र यातना

पोखरीयाको **उचाङ्गल माध्यमिक विद्यालयमा ०५२ माघ २ गते** भएको एस.एल.सी. परीक्षामा कडा गरिएको विषयलाई लिएर प्रहरी र विद्यार्थी बीच दोहोरो भिडन्त भयो। प्रहरीले गरेको लाठी चार्जबाट मनोजप्रसाद साह, अमोद प्रसाद र राजेन्द्र श्रेष्ठ घाइते भए। यसरी नै प्रहरी जवान फौदबहादुर श्रेष्ठको टाउको फुट्यो।

जिल्ला सहकारी संघ पर्सामा मलखरिद गर्न आएका किसानहरूले **०५२ माघ २१ गते** मल नपाएपछि बाटामा हिंडेका

सवारी साधनको आवागमन बन्द गरे। प्रहरीले मलको माग गरिरहेका किसानहरूमाथि लाठी चार्ज गऱ्यो। यो घटनामा हरपुरका रामभरोसी साह, अठराह सुगौलीका भागवत दुवे र वारा इटिहाईका शम्भु गुप्ता घाइते भए।

वीरगञ्ज नपा-१३ मा डेरा गरी ना.अ.ख्रको २५३७ नम्बरको ट्याङ्कर चालक नवराज श्रेष्ठलाई **०५२ चैत ३ गते** जितपुरको लक्ष्मी आयल निगममा गाडी रोकी दिसा पिसाव गरी फर्कदा तेल चोरेको आरोप लगाई प्रहरी सहायक निरीक्षक सचिन्द्र राय मुनिहारले पक्राउ गरी ७ दिनसम्म थुनामा राखी यातना दिए। आयल निगमबाट ट्याङ्कर चालक श्रेष्ठले तेल झिकेको प्रमाणित नभएपछि ट्याङ्कर चालक संघले दोषी प्रहरीमाथि कार्वाही र चालकलाई रिहा गर्ने माग गर्दै १ दिन ट्याङ्कर हडताल गरेपछि प्रहरीले चालकलाई छोडेको थियो।

वीरगञ्ज नपा-१० का धीरज श्रेष्ठलाई दाजु-भाइ बीचको सामान्य झगडाका कारण **०५३ जेठ ५ गते** वडा प्रहरी कार्यालयले पक्राउ गरी निर्ममता यातना दिएको छ। पीडित धीरजको जीउभरी निलडाम थियो।

१.४ वेपत्ता पारिएको

जानकारीमा आएन।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

ठाकुरराम बहुमुखी क्याम्पसका प्राध्यापक विश्वनाथ प्रसादलाई विद्यार्थी सन्तोष झाले कुटपिट गरेको विषयमा प्राध्यापक संघले विद्यार्थी माथि कार्वाही गर्ने माग गर्दै विभिन्न कार्यक्रमको आयोजना गऱ्यो। **०५२ माघ २४ गते** प्राध्यापकहरू ज्ञापन पत्र दिन जिल्ला प्रशासन कार्यालयमा जाने तयारी गरिरहेको बेला विद्यार्थीहरूले प्राध्यापकहरूलाई लखेटे। सुरक्षामा खटिएका प्रहरीले विद्यार्थीहरूमाथि लाठी चार्ज गऱ्यो। सो लाठी चार्जबाट क्याम्पस प्रमुख विश्व विलास जोशीलाई सामान्य चोट लाग्यो।

वीरगञ्ज नपा-५ बस्ने मालिङ्गो साप्ताहिकका सम्पादक ज्ञानबहादुर बस्नेतलाई **०५३ जेठ २४ गते** बेलुका घर फर्कदा संजय राउत कुर्मीले बाटामा रिक्सा रोकी छुरा प्रहार गरे।

मृतक सुखी राउत कुर्मी

घटना षडयन्त्रमूलक देखिएकोले पीडितले संजय राउत, बाबुलाल शर्मा समेतको नाममा सार्वजनिक अपराध ऐन अन्तरगत कार्वाहीको माग गरेकोमा प्रहरीले संजय राउतलाई मात्र कार्वाही गऱ्यो।

प्रभातवाणी साप्ताहिकका सम्पादक रामराज्य यादवले **०५३ साउन १६ गते**को अंकमा निर्दलीय व्यवस्था फर्काउन चाहनेहरूका विरूद्ध मोसो दल्ने तयारी शीर्षक अन्तरगत समाचार छापेपछि पटक-पटक ज्यान मार्ने धम्की आएकोले सुरक्षाको निम्ति सम्बन्धित निकायमा जानकारी दिएका थिए।

वीरगञ्ज नपा-१० माईस्थानको बीच बाटामा आनन्द द्विवेदीले मोटर साइकल रोक्दा **०५३ मदी ३ गते** १ घण्टा बाटो अवरूद्ध भयो। त्यहाँ ड्युटीमा खटिएका ट्राफिक हवल्दार श्याम सुन्दर उप्रेती माथि द्विवेदीले अभद्र व्यवहार गरे। स्थिति नियन्त्रणमा लिन प्रहरीले सामान्य लाठी चार्ज समेत गऱ्यो। प्रहरीले पक्राउ गरेका द्विवेदीलाई सत्ता पक्षीय नेताहरूको सिफारिसमा छोडियो।

वीरगञ्ज नपा-३ नारायणी उपक्षेत्रीय अस्पतालका डाक्टर गोपालप्रसाद गजुरेललाई **०५३ मदी १७ गते** जरो आई अस्पतालमा भर्ना भएका ठाकुराम वहुमुखी क्याम्पस नेवि संघ इकाई समितिका सचिव जलान्धर सिंहले मेरो जरो किन निको भएन भनी एक्कासी कुटपिट गरे। यसको विरूद्धमा डाक्टरहरूले लामो समय आन्दोलन गरे तापनि दोषीमाथि कार्वाही भएन।

यस बाहेक धम्की, ज्यान मार्ने धम्की र कुटपिटका ९ वटा घटनाहरू भए। ती घटनाहरूमा ४ जना महिला र ७ जना पुरूष पीडित भए।

१.६ थुनामा मृत्यु

थुनामा मृत्यु भएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

स्थानीय प्रतिक साप्ताहिकको **०५२ चैत २ गते**को अंकमा प्रकाशित "पत्नीलाई लिएर नगर प्रमुख हनिमुन टुर" शीर्षकको समाचारलाई आपत्ति जनाउँदै विर्ताका राधा कार्की समेतका महिलाहरूले सम्पादक जगदीश शर्मालाई आफ्नै कार्यालयमा ०५२ चैत ५ गते कुटपिट गरे। प्रहरीले दुवै पक्षलाई गल्ती स्वीकार्न लगाए। सम्पादक शर्माले चैत १४ गते प्रकाशित समाचारको खण्डन छापी माफी मागे।

जनतान्त्रिक मोर्चा नेपालको **०५३ मदी २८ गते** नेपाल बन्दको सिलसिलामा प्रहरीले मोर्चाका सदस्यहरू कमल चौधरी, शम्भु पौड्याल, टेकबहादुर थापा र चिन्तामणि पौड्याललाई वसपार्कबाट गिरफ्तार गऱ्यो। जिल्ला प्रहरी कार्यालय पर्सामा दिन भरी राखी बेलुका सबैलाई छोडियो।

२.२ धार्मिक स्वतन्त्रता

मुस्लिम इतेहद संघका अध्यक्ष सलिम मिया अन्सारीले

नेपालगञ्जको फैजन्नवी जामे मस्जिदमा हिन्दू धर्म विरुद्ध भाषण गरेको भनी **०५३ मंसीर २० गते** शिवसेना वीरगञ्जले "सलिम मिया होसियार" शीर्षकमा एक पर्चा प्रकाशित गरी मोसो र जुत्ताको माला लगाइ दिने चेतावनी दिएको थियो।

भारतको रक्सौल स्थित नागामठका नागाबाबाहरूले **०५३ पुस ९ गते** बाजागाजा सहित नाङ्गै नेपाल प्रवेश गरी वीरगञ्ज नगर परिक्रमा गरेका थिए।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

जानकारीमा आएन।

२.४ सरुवा / घटुवा / पक्षपात आदि

प्राथमिक शिक्षक संघर्ष समितिबाट जिल्ला शिक्षा अधिकारी टेकेन्द्रबहादुर कार्कीले शिक्षकहरूले पाउनु पर्ने तालिम भत्तामा भ्रष्टाचार भयो भनी आन्दोलन गर्दा **०५३ कार्तिक १३ गते** संघका समितिका अध्यक्ष उमेश चन्द्र ठाकुर र शिक्षक मुक्तिनाथ दुवैलाई निलंवित गरी कार्वाही गरेको बताइन्छ।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

जानकारीमा आएन।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

वीरगञ्ज नपा-२ की एक महिलालाई **०५३ जेठ ७ गते** रक्सौल बजारबाट घरायसी सामान खरिद गरी फर्किरहेको अवस्थामा भकुवा कुनामा नानुशेष लगायतका व्यक्तिहरूले लछारपछार पारी बलात्कार गर्ने कोसिस गरे। पीडित महिलाले पीडकको नाम किटान गरी प्रहरीमा उजुरी गर्दा पनि कुनै कार्वाही हुन सकेन।

वीरगञ्ज नपा-६ स्थित जेलको क्वाटरबाट १८ वर्षीय संगीता लामा र २० वर्षीय पार्वती सापकोटालाई विक्री गर्न भारततर्फ लैजान राखेको अवस्थामा **०५३ असार ५ गते** प्रहरीले पक्राउ गऱ्यो। काठमाडौं प्याफलका पतिसंग झगडा गरी आ-आफ्नो माइत आएका यी दुई महिलाहरूलाई हेटौडा पदम पोखरी-७ का राजकुमार मोक्तान र महेन्द्र गुरूङले फेला पारी जागीर लगाई दिन्छौं भनी रक्सौल पुऱ्याएका थिए। रक्सौल जाने क्रममा टांगावालाले गुरूङ र मोक्तानलाई धम्क्याउँदै तिमीहरू केटी बेच्न लगिरहेका छौ, साथमा भएको सबै पैसा देऊ हैन भने प्रहरीलाई खवर गर्छु भनेपछि उनीहरूले साथमा भएको ३ हजार रूपैयाँ टांगावालालाई दिएका थिए। त्यसपछि बेखर्ची भएका मोक्तान र गुरूङ वीरगञ्ज फर्की जेल नाइके वीरबहादुर लामासंग सो दिन वास बसी खर्च लिई दुवै महिलालाई विक्री गर्ने चाँजो मिलाउन जेलको क्वाटरमा बास बसे। राती दुवै महिलामाथि हातपात

पतिद्वारा मारिएकी गंगादेवी रसाल

गर्न खोज्दा महिलाहरू कराएपछि प्रहरीले पक्राउ गरेको थियो।

टिउकी गाविस-७ की १७ वर्षीय एक युवतीलाई खेतमा घाँस काट्न गएको बेला **०५३ असार ३१ गते** अजय साह कानुले बलात्कार गरे।

निर्मलवस्ती गाविस-७ की १२ वर्षीय एक बालिकालाई **०५३ मंसीर २० गते** सोही ठाउँका २० वर्षीय आलोक नेउपानेले बलात्कार गरे।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

वीरगञ्ज नपा-१२ स्थित महालक्ष्मी लजबाट देहव्यापारमा संलग्न सेढवा गाविसकी १४ वर्षीय गीता चौधरी र नवलपरासीकी १६ वर्षीय विनु थापालाई **०५३ भदौ १८ गते** प्रहरीले पक्राउ गऱ्यो।

वीरगञ्ज नपा-१३ आदर्शनगर पुरानो बसपार्कबाट बर्दिया खैरीचन्दन-२ घर भएकी २१ वर्षीय शर्मिला शर्मालाई **०५३ असोज ४ गते** प्रहरीले पक्राउ गऱ्यो। देहव्यापार कै सिलसिलामा एक जना व्यापारीसंग वीरगञ्ज आइपुगेको बताउने शर्मिलाले आफू सानै उमेरदेखि शरीर बेच्दै आएको स्वीकार गरिन्।

४.३ गर्भपतन

वीरगञ्ज नपा-३ नारायणी उपक्षेत्रीय अस्पतालमा गर्भपतन गराउँदा असफल भएपछि **०५२ चैत २१ गते** सिन्धुली रतनचुरा गाविसकी १९ वर्षीय सीता थापालाई शाही नेपाली सेनामा कार्यरत शिवबहादुर कार्कीसंग यौन सम्पर्कबाट भएको गर्भधारण छिपाउन शिवबहादुरले डुमरवाना हेल्थपोष्ट लगी सीतालाई गर्भपतन गर्न बाध्य बनाएका थिए।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

जानकारीमा आएन।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

जानकारीमा आएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहारहरु / छुवाछूत समेत

जानकारीमा आएन।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

नेपाल वार एशोसियसन पर्साले जिल्ला अदालतका न्यायाधीश गिरिशकुमार शर्माले कानून व्यवसायीको बहसमा ध्यान नदिएको, कानून व्यवसायीहरू मुद्दा मामिलाको सिलसिलामा अदालत जाँदा अपमानित ढंगले निर्देशन जारी गर्ने गरेको लगायत विभिन्न मुद्दामा परेका समान निवेदनहरूमा फरक-फरक मापदण्डले फैसला गरेको आरोप लगाउँदै ०५३ पुसमा प्रेस वक्तव्य प्रकाशित गरेको थियो।

९. अतिरिक्त जानकारीहरु (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष यहाँ ट्राफिक दुर्घटनाका ९ वटा घटनाहरू जानकारीमा आए। १३ वटा आत्महत्याका घटना भए। आगलागीबाट १९२ घर नष्ट भए।

गादी गाविस-५ का नेत्रबहादुर चापागाईको घरमा **०५३ साउन ३१ गते** डाकाहरूले चलाएको गोलीबाट नेत्रबहादुर घाइते भए। डकैती सम्बन्धमा प्रहरीले खबर पाई डाका भाग्ने बाटोमा घेरा हाली बसे। दोहोरो मुठभेड भयो, सो मुठभेडमा प्रहरीले चलाएको गोलीले एक जना डाँकाको घटना स्थलमा नै मृत्यु भयो।

बनिहारी गाविसको मनुवा जंगलमा पुरनीया चौधरीलाई **०५३ भदौ ९ गते** केही अज्ञात व्यक्तिहरूले खुकुरी प्रहार गरी हत्या गरे। मृतक डकैती धन्दामा संलग्न थिए। उनीसंग एउटा अत्याधुनिक दुई नाले बन्दुक रहेकोले सो हत्याउन डाकाहरूले नै चौधरीको हत्या गरेको बताइन्छ।

■



२. मध्यमाञ्चल
नारायणी
२.१० चितवन

जनसंख्या	: ३५४४४८
साक्षरता	: ५२.९ प्रतिशत
महिला साक्षरता	: ४०.७ प्रतिशत
क्षेत्रफल	: २२१८ वर्ग कि.मी.
गाविस/नपा	: ३६/२
निर्वाचन क्षेत्र	: ४
विद्यालय/क्याम्पस	: ३९८/९
अस्पताल/स्वास्थ्य चौकी	: ६/४८
टेलिफोन लाइन	:
सडक (कि.मि.)	: ५१०
प्रहरी कार्यालय	: २६

यो जिल्ला राजनैतिक रूपले सचेत जिल्लाका रूपमा चिनिन्छ। नेपालको प्रजातान्त्रिक आन्दोलनमा यस जिल्लाले निभाएको भूमिका महत्वपूर्ण छ। राजनैतिक प्रतिशोधका कारण यहाँ मानवअधिकार उल्लंघनका थुप्रै घटनाहरू हुने गर्छन्। यस वर्ष यो जिल्लामा क्याम्पसहरूमा भएका घटना तथा देहव्यापार सम्बन्धी घटनाहरू निकै चर्चामा रहे।

१. सम्मानित रुपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

फुलवारी गाविसकी ४८ वर्षीय विष्णुमाया वि.क.लाई **२०५२ चैत २९ गते** आफ्नै पति ५१ वर्षीय वुद्धमवहादुर वि.क.ले खुकुरी प्रहार गरी हत्या गरे। गाउँका केही व्यक्तिहरूले उनको चरित्रको बारेमा नकारात्मक कुरा सुनेका कारण हत्या गरिएको बताइन्छ।

भरतपुर नपा-१ सुकुम्बासी टोलका सन्तवहादुर श्रेष्ठको वन सुरक्षाकर्मीहरूको आक्रमणद्वारा **२०५३ साउन ५ गते** मृत्यु भयो। आफ्ना साथीहरू कृष्ण सिंखडा, बुधे लामा, पिङ्के लामा र राम परियारसंगै काठ दाउरा लिन भनी भरतपुर नपा-१ चिहानघारी पुगे र गोलाइ घिसार्दै गर्दा वन सुरक्षाकर्मीहरूले देखेपछि सबैजना नदीमा हाम्फाले। नदीमै दुईपटक फायरिङ्ग भयो। सन्तबहादुर बाहेक तीनजना पौडेर बाहिर निस्के तर नदीमै वेपत्ता भएका सन्तबहादुरको झन्झने जङ्गलमुनि लाश भेटियो। भरतपुर अस्पतालमा गरिएको पोष्टमार्टम रिपोर्टमा गोली नलागेको तर टाउकोमा सानो चोट लागेको कुरा उल्लेख थियो।

कुमरोज गाविस-८ का देवीप्रसाद कडेंलले आफ्नो घरमा चोरी गर्न आएको एक अपरिचित व्यक्तिलाई **२०५३ मंसीर ७ गते** राती हिलोमा थिचेर मारे। दलबलसहित आएका ३ जना चोरहरू उनीसंग भिड्न असफल भए पछि चोरहरू भाग्ने क्रममा यो घटना भएको हो। कडेंललाई पक्राउ गरिए पनि जीउधन रक्षाको लागि मारेको कारण जिल्ला अदालतले सफाइ दिएको छ।

जुटपानी गाविस-३ की २५ वर्षीय चन्द्रमाया कुमालले **२०५३ मंसीर ९ गते** राती १२ बजे आफ्नी ४ महिने बच्चीलाई हत्या गरिन्। पीडकको मानसिक अवस्था ठीक नभएको बताइन्छ।

१.२ जेल र बन्दीहरु

०२५ सालमा स्थापित जिल्ला कारागार शाखा चितवनको जग्गा एक बिगाहा बाह्र कठ्ठा, साढे नौ धुर क्षेत्रफल रहेको छ। जीर्ण अवस्थामा रहेको सो भवनमा २७ वटा कोठाहरू छन्। २ वटा महिला वार्ड र ५ वटा पुरुष वार्ड भएको सो भवन ७५ जना बन्दी अट्न सक्ने क्षमताको रहेको छ। साना-साना कोठा, झ्याल र भेन्टीलेशनको राम्रो व्यवस्था नभएको, साँघुरोको कारण दूषित वातावरण र हिउँदमा बढी चिसो भै महिला बन्दीहरूले घाम देख्न नपाउने अवस्था उक्त जेलको रहेकोछ। शुरूमा महिला वार्ड १० जना अट्ने क्षमताको थियो। ०४८/४९ मा भवन बिस्तार गरी २० जना अट्ने महिला वार्ड बनाइयो भने शौचालयको पनि थप व्यवस्था भयो।

जेलर हेमराज पाण्डेका अनुसार जेल भवन बिस्तार गरी जेलको अवस्थामा सुधार ल्याउन व्यवस्थापनको तर्फबाट विभागमा सुझाव प्रस्तुत गरेको निकै भैसक्यो। तर हालसम्म पनि सोको कार्यान्वयन हुन सकेको छैन। सुझावमा उल्लेख गरिएका विषयहरुमा ३०० जना क्षमताको भवन बनाउनु पर्ने, कम्पाउण्डको व्यवस्था गर्नु पर्ने, शिप विकास भवन निर्माण गर्नु पर्ने र नयाँ प्रहरी व्यारेक बनाउनु पर्ने आदि रहेका छन्।

यस वर्षको अन्त्यतिर थुनुवा महिला १२ र पुरुष ११५, बन्दी महिला ४ र पुरुष २२ जना समेत १ सय ५३ जना रहेका छन् भने नावालिका १ केटी पनि छन्। यो वर्ष १७ जना बन्दी अन्यत्र गए भने ३ जना बन्दी सरूवा भै आए।

सामान्यतः जेलका बन्दीहरू र जेल प्रशासन बीच सम्बन्ध

वन सुरक्षा कर्मीको आक्रमणमा परी मरेका सन्तबहादुर श्रेष्ठ

राम्रो रहेको देखिन्छ। सुरक्षाकर्मी र बन्दीहरू बीच भने यो वर्ष एउटा घटनाले गर्दा केही समय तिक्तता बढायो। लक्ष्मी खड्का र संगीता खड्का बीचको झगडाले महिला बन्दीहरू दुई समूहमा बाँडिन गई ०५३ साउन २९ गते दुई पटकसम्म झगडा र कुटपिट भयो। दोस्रो पटकको झगडा अलि गम्भीर भएको कारण सुरक्षाकर्मीहरूले झगडा छुट्याउने क्रममा प्रहरी हवल्दार तोयनाथ अधिकारीले लाठीले हिर्काउँदा हिरामाया लामाको दाहिने हात भाँचियो। भदौ ५ गते बन्दीहरूले ३ सूत्रीय माग राखी जेल प्रशासनलाई ज्ञापनपत्र दिए। १२ गते सम्ममा माग पूरा नगरिए आन्दोलन अघि बढाउने भनिएको थियो। भदौ ६ गते पीडक हवल्दारलाई जिल्ला प्रहरी कार्यालयमा सरूवा गरेपछि बन्दीहरू र जेल प्रशासन बीच समझदारी कायम भयो।

१.३ गिरफ्तारी र यातना

भरतपुर नपा-२ का शिवबहादुर गुरूङ्गको घरबाट गोरखा जिल्ला आँपपिपल र हार्मी गाविसका टेकबहादुर वानियाँ, खड्गबहादुर वानियाँ, दिवाकर मरहठ्ठा, मोदनाथ मरहठ्ठा र राजेन्द्र ढकाललाई जिल्ला प्रहरी कार्यालय चितवनले **२०५२ फागुन १६ गते** पक्राउ गर्‍यो। माओवादी आन्दोलनसंग सम्बन्धित भएको आशंकामा पक्राउ गरिएका उनीहरूलाई सोही दिन जिल्ला प्रहरी कार्यालय गोरखामा पठाइयो।

जिल्ला प्रहरी कार्यालय चितवनले **२०५३ मंसीर १० गते** अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी यूनियन (क्रा.) को केन्द्रीय विस्तारित बैठक भइरहेको अवस्थामा जिल्ला रेडक्रस भवनमा छापा मार्‍यो। कार्यक्रममा सहभागी लगभग एकसय जनालाई माओवादी आन्दोलनसंग जोडेर गिरफ्तार गरिएकोले सम्पूर्ण सहभागीहरूको स्थायी, अस्थायी ठेगानाको साथै तीन पुस्ते पुर्ख्यौली विवरण लिनुका साथै एक एक प्रति फोटो समेत खिचेर रिहा गरिएको थियो।

१.४ वेपत्ता पारिएको

जानकारीमा आएन।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

नारायणी कला मन्दिर नारायणगढका कार्यालय सचिव पुष्प श्रेष्ठ, नृत्य प्रशिक्षक चरण प्रधान र विक्रम श्रेष्ठमाथि **२०५२ चैत १२ गते** स्थानीय च्याङ्वा तामाङ, सुनिल श्रेष्ठ र लक्ष्मीनारायण जोशी लगायतका व्यक्तिहरूले कुटपिट गरे। नृत्य प्रशिक्षण भइरहेको बेलामा महिला कलाकारहरूलाई जिस्क्याउँदा कार्यालय सचिव र प्रशिक्षकहरूले सम्झाउँदा आफूहरूको अपमान भएको भन्ने निहुँमा उनीहरूले हातपात गरे। पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए पछि लक्ष्मीनारायण जोशीलाई गिरफ्तार गरेर छोडियो भने अन्य फरार भए।

भरतपुर नपा स्थित किरण मा.वि. का शिक्षक लिलानाथ रेग्मीलाई **०५३ वैशाख १८ गते** विद्यार्थी दीपक चापागाईंले आक्रमण गरेर मुडकी प्रहार गरी अगाडिका दुई वटा दाँत झारी दिए। विद्यालय प्रशासनले आफ्नो सुरक्षा नगरेको निहुँमा आक्रमण गरेको भनी बताउँछन्। पीडकलाई विद्यालयबाट निश्कासन गरिएको छ।

वीरेन्द्र बहुमुखी क्याम्पसका प्रमुख डा. भृगुनाथ सिंहलाई **२०५३ साउन २३** गते सोही क्याम्पस स्वतन्त्र विद्यार्थी यूनियनका सदस्य केशव सिग्देलले क्याम्पस प्रमुखको कोठाभित्रै कुटपिट गरे। क्याम्पस प्रमुखका अनुसार २१ गते परीक्षा भइरहेको बेला उनको चिट खोसिएको थियो।

प्रतिपक्ष साप्ताहिकका चितवन प्रतिनिधि रमेश भुषाल **२०५३ भदौ १९ गते** लेनदेन सम्बन्धी सामान्य विवादका कारण नारायणगढ निवासी विश्वलाल चुकेबाट पिटिए। पछि स्थानीय शैलेन्द्र पियाको मध्यस्थतामा कानूनी कार्वाही नगर्ने र औषधि खर्च स्वरूप ५ हजार रूपैयाँ पीडितलाई दिने निर्णय भयो।

भरतपुरका रिक्सा चालक भुप लडानलाई **२०५३ कार्तिक १६ गते** केही अपरिचित युवाहरूले भाडा सम्बन्धी विवादमा भरतपुर मा.वि. अगाडि निर्घातसंग पिटेर नजिकैको झाडीमा फालिदिए। भरतपुर मा.वि.का विद्यार्थी, शिक्षक र प्रहरीहरूको सहयोगमा उनलाई अस्पताल लगियो। पीडकहरू पत्ता लाग्न सकेका छैनन्।

वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुरमा बी.एस्सी. प्रथम वर्षमा अध्ययनरत चितवन बोर्डिङ्ग स्कूलका शिक्षक कृष्ण सिग्देललाई स्थानीय रमेश जोशीसहित तीन जना व्यक्तिहरूले **२०५३ मंसीर २० गते** कुटपिट गरे।

सप्तगण्डकी बहुमुखी क्याम्पस भरतपुरमा निर्मित "श्रीमती कृष्णकुमारी स्मृति पुस्तकालय" को उद्घाटन कार्यक्रममा भाग लिनु भएका त्रि.वि.वि.का उपकुलपति डा. कमलकृष्ण जोशीलाई ०५३ पुस ३ गते विहान नेविसंघका विद्यार्थीहरूले कालो झण्डा देखाउन र विरोध-पत्र दिन लाग्दा वातावरण उत्तेजित भयो र अनेरास्ववियू एवं नेविसंघ बीच झडप भएको थियो। त्यसमा नेविसंघका ४ जना र अनेरास्ववियूका २ जना घाइते भए। **२०५३ पुस ३ गते** विहान भएको सो घटनामा उपकुलपति र स्थानीय उद्योगपति चित्रलाल शेरचनको गाडी समेत नेविसंघका विद्यार्थीहरूले तोडफोड गरे।

कृषि तथा पशु विज्ञान अध्ययन संस्थान रामपुर क्याम्पसमा अध्ययनरत अनेरास्ववियू प्रा.क. सचिव तेजबहादुर

वस्नेतलाई **२०५३ पुस १२ गते** राती नेविसंघका विद्यार्थीहरूले सस्त घाइते हुने गरी पिटे।

१.६ थुनामा मृत्यु

थुनामा मृत्यु भएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

जानकारीमा आएन।

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालनमा यो वर्ष देवानी ३६०, सरकारी फौजदारी १३१ र साधारण फौजदारी अन्तरगत २४० वटा मुद्दा दर्ता भए।

२.४ सरुवा / घटुवा / पक्षपात आदि

वीरेन्द्र वहुमुखी क्याम्पस भरतपुरमा अध्ययनार्थ रीतपूर्वक फारम भरेका १९ जना विद्यार्थीहरूको नाम काटेर अन्य विद्यार्थीहरूको नाम लेख्ने काम **२०५३ भदौ १० गते** सोही क्याम्पसको परीक्षा शाखामा भएको थियो। शाखामा कार्यरत कर्मचारीहरूका अनुसार ज्यालादारी कर्मचारीको रूपमा काम गरिरहेका जगदीश्वर खनालले कर्मचारीहरू वाहिर गएको बेलामा त्यसो गरेको वताइन्छ।

मोडर्न इङ्लिस वोर्डिङ्ग स्कूल पर्सामा अध्यापनरत दशजना शिक्षकहरूलाई विद्यालय प्रशासनलाई सहयोग नगरेको भनी **२०५३ साउन ३० गते** विद्यालय प्रशासनले निश्कासन गरिएको मौखिक जानकारीको आधारमा सेवा मुक्त गरियो। शिक्षकहरू लोकराज कुँवर, सुरेन्द्र अमागाई, हरिशरण पाठक, कुलप्रसाद सापकोटा, कुलचन्द्र रिजाल, योगमाया कडेंल, शैलेश आमात्य, शोभा सापकोटा र विनोद अधिकारीलाई नेपाल राष्ट्रिय शिक्षक संगठनको सक्रिय सहयोग र जिल्ला शिक्षा कार्यालयको सकारात्मक भूमिकाको कारण विद्यालय प्रशासन र सञ्चालक समितिको समझदारीमा ती शिक्षकहरूलाई भदौ १ गतेदेखि पुनर्वहाली गरियो।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

२०४८ मा नेका सरकारले गठन गरेको सुकुम्वासी समस्या समाधान आयोगले सुकुम्बासीहरूको विवरण लिने काम गरेको थियो। २०५१ सालमा नेकपा एमाले सरकारले गठन गरेको आयोगले सुकुम्वासीहरूको पुनरपहिचान गरी लगभग १५ हजार ३ सय २७ सुकुम्बासी संख्याको पहिचान गऱ्यो। ती मध्ये १ हजार ४ सय ४९ जना सुकुम्वासी एवं अव्यवस्थित वसोवासीहरूलाई जग्गाधनी प्रमाण पुर्जा विनरण गरियो। संयुक्त सरकारको गठनपछि सो कार्यमा निरन्नरता नरहेकोले आम सुकुम्बासी, जनसमुदायमा आक्रोस छाएको छ। यसै सन्दर्भमा २०५३ मंसीर ५ गते नेपाल सुकुम्बासी संगठन संघर्ष समिति चितवनको नेतृत्वमा सुकुम्बासीहरूको एक जुलुसले आठ सूत्रीय मागहरू उल्लेख भएको ज्ञापनपत्र प्रमुख जिल्ला अधिकारी मार्फत श्री ५ को सरकारलाई बुझायो। प्रमुख मागहरूमा सुकुम्बासीहरूको पहिचान गरी बसोबासको व्यवस्था मिलाउनु पर्ने, अव्यवस्थित बसोबासलाई व्यवस्थित गर्नु पर्ने, सुकुम्बासी वस्तीमा निःशुल्क शिक्षा र स्वास्थ्यको व्यवस्था गर्नु पर्ने, विना धितो ऋणको व्यवस्था गर्नु पर्ने, रोजगारीको व्यवस्था गर्नु पर्ने र वस्तीलाई आतंकित पार्न नहुने रहेका छन्। सुकुम्बासी संगठन संघर्ष समितिका संयोजक धनप्रसाद गुरूङ्ग "सरकारले समस्यालाई ध्यान नदिए अभियान जारी रहने" बताउँछन्।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

गुञ्जनगर गाविस-८ की सेतुमाया सर्किनी र मकवानपुर जिल्ला मनहरी गाविसकी कृष्णमाया वि.क.लाई बेचेको अभियोगमा मकवानपुर जिल्ला हाँडीखोला निवासी पूर्णमाया दहाल र मकवानपुर चौकी टोलकी हिरामाया तामाङ्गलाई **२०५२ पुस १३ गते** प्रहरीले पक्राउ गऱ्यो। अदालत समक्ष उनीहरूले दिएको बयानअनुसार बम्बई स्थित पत्थर गल्लीको ७३० नं.को कोठीमा रू. ६० हजार भा.रू.मा २०५२ मंसिर १६ गते पीडितहरूलाई वेंचेको बुझिएको छ।

भरतपुर नपा-१० मा डेरा गरी बाबुसँगै बसेकी १८ वर्षीय गोमा परियारलाई ठेगाना थाहा हुन नसकेको राजु विश्वकर्माले बिक्री गर्न लगिरहेको बखत पीडितका नातेदारहरूले **०५२ पुस २७ गते** भैरहवामा भेट्टाए। गोमाका नातेदारहरू आएको थाहा पाई पीडक तत्काल भाग्न सफल भए र हालसम्म पत्ता लागेको छैन।

सुनवल नवलपरासीकी १४ वर्षीय एक वालिकालाई **२०५२ फागुन २३ गते** राती १ बजेतिर भरतपुर नपा-२ का उमेश श्रेष्ठ लगायत पाँचजना व्यक्तिहरूले क्याम्पाचौर नारायणगढमा लगी सामूहिक वलात्कार गरे। आफ्नो घर जाने सिलसिलामा अनुप श्रेष्ठसँगै नारायणगढमा टिकट लिन लाग्दा अनुपलाई घेरामा पारी उमेशले ती वालिकालाई रिक्सामा राखी क्याम्पाचौर पुऱ्याए। भरतपुर नपा-२ का प्रविण श्रेष्ठ, भरतपुर नपा-१० का हरि कार्की, रिक्सा चालक कृष्ण वि.क. र विजय लामाले बलात्कार गरी छोडे।

धादिङ्ग जिल्ला जीवनपुर गाविस-९ घर भई **शक्तिखोर गाविस-९** मा बस्दै गरेकी विन्दा थापालाई गोरखा जिल्ला तारानगर गाविस घर भई पञ्चकन्या गाविस-४ का लक्ष्मण हमालले कलकत्ताको खिद्रेपुरमा बिक्री गरेकोले **२०५२ चैत १२ गते** प्रहरीले गिरफ्तार गऱ्यो। हाल उनलाई जीउ मास्ने

बेच्ने अभियोगमा कारागार चलान गरिएको छ।

चैनपुर गाविस-६ की २५ वर्षीय कविता ढुङ्गानाको **२०५३ जेठ ४ गते** राती सुस्वास्थ नर्सिङ्ग होम भरतपुरमा मृत्यु भयो। सोही दिन विहान ६ बजे खैरहनी गाविसस्थित विष्णु फार्मेसी, पर्सामा आनन्दकुमार वर्माले लापरवाही किसिमले गर्भपतन गराउन लाग्दा पाठेघर र पिशाव थैली बिग्रिइ गम्भीर अवस्थामा उपचारार्थ लगिएको थियो। शुरूमा डा. सुदर्शन शर्माले प्राथमिक उपचार र पछि स्त्री रोग विशेषज्ञ डा. किरण रेग्मीले अप्रेशन गरेकी थिइन्। डा. किरण रेग्मीका अनुसार भतभह राखी रूयकिभाग्फि समेत प्रयोग गरिएकोले अति रक्त श्राव भई पाठेघरमा रगत जमेको र क्षतविक्षत भएकोले विमारी बाँच्ने अवस्थामा नै थिएन। आनन्द कुमार वर्मा हाल जिल्ला कारागारमा राखिएका छन्।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

दासढुङ्गास्थित एक होटलमा छापा मारी वेश्यावृत्ति कार्यमा संलग्न भएको कारण प्रहरीले ४ जना महिलाहरूलाई गिरफ्तार गर्‍यो। काठमाडौं स्युचाटारकी १८ वर्षीय संगिता खड्का, चाबहिलकी सोनु लामा, चितवन खैरहनी गाविसकी १९ वर्षीय पूजा खड्का र नारायणगढकी सुजिता परियारलाई हिरासतमा लिइएकोमा **२०५३ साउन १४ गते** सार्वजनिक अपराध ऐन अन्तरगत कारागार चलान गरियो।

हिमालय लज नारायणगढबाट १८ वर्षीय गोमा के.सी. र १७ वर्षीय सविता शाहलाई **२०५३ साउन ३१ गते** देह व्यापारमा संलग्न भएको कारण जिल्ला प्रहरी कार्यालय चितवनले गिरफ्तार गर्‍यो। जनही २५ हजारका दरले धरौटी तिर्न नसक्दा उनीहरूलाई भदौ ६ गते जेल चलान गरियो।

कास्की सिमपानी घर भई दारेचोक गाविस कुरिनटारस्थित भगवती नेपालको घरमा होटल गरी बसेकी लक्ष्मी खड्काले करीब १४ वर्षीय संगिता रूम्बा तामाङ्गलाई जबरजस्ती वेश्यावृत्तिमा लगाएको कारण २०५२ चैत महिनामा प्रहरीले पक्राउ गर्‍यो। रक्सी सेवन गराई जबरजस्ती वेश्यावृत्तिमा लगाउने लक्ष्मीलाई जिल्ला अदालतको फैसला अनुसार २०५३ बैशाख ४ गतेदेखि दश वर्षको कैद तोकिएको छ।

४.३ गर्भपतन

जानकारीमा आएन।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

भरतपुर नपा-१० सिचाइँ चोकका मानिसहरूले **२०५३ भदौ २२ गते** कर्कलाको पातमाथि पातले छोपी इँटाले थिचेर राखेको अवस्थामा एउटा नवजात शिशुलाई भेट्टाए। सालनाल काटिएको अवस्थामा भएको सो बालकलाई कमिलाले टोक्दा रोएको हुँदा मानिसहरूले देखे। स्थानीय विकास श्रेष्ठलाई उनकै इच्छा अनुसार सुरक्षा र पालनपोषणको लागि जिम्मा दिइएको सो बालक सोही स्थानकी अविवाहित १७ वर्षीय राधा अधिकारीको भएको पत्ता लागेकोले उनलाई प्रहरीले पक्राउ गर्‍यो। सो बच्चा अवैध भएकोले शौचालयमा जन्माएर कर्कलो बारीमा छोपेर राखेकी थिइन्।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

गैंडा वाइल्ड लाइफ क्याम्प प्रा.लि. सौराहा चितवनका मजदूरहरूको १२ सूत्रीय माग पूरा गराउन नेपाल स्वतन्त्र होटल मजदूर यूनियन प्रारम्भिक कमिटीले २१ दिने अल्टिमेटम सहित २०५३ कार्तिक १५ गते एक मागपत्र व्यवस्थापन समक्ष पेश गर्‍यो। माग पत्रमा केही विनियम बनाउने, शर्त लागु गर्ने, मजदूरहरूलाई तलबबाट ५० प्रतिशतको दरले कट्टा हुने गरी बढीमा ६ महिनाको तलब बराबरको निर्ब्याजी ऋण दिने, वोनस मुनाफाको १० प्रतिशत दिनु पर्ने, २०५२ चैत १९ बाट लागु भएको रू. १५०/- भत्ता शुरूदेखि नै दिनु पर्ने कुराहरू उल्लेख गरिएको छ।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहारहरु / छुवाछूत समेत

गुञ्जनगर गाविसका दलित जनजातिहरूले ल्याएको दूध लिन नमानेकोले शान्ति दूध सहकारी संस्था लि. माथि परियार सेवा समाज, विश्वकर्मा सेवा मुक्ति समाज र जातिय मुक्ति विद्यार्थी संगठनको तर्फबाट रूद्रबहादुर नेपालीले **२०५२ फागुन ९ गते** जिल्ला अदालत भरतपुरमा मुद्दा दायर गरे। संस्थाका प्रतिनिधिहरू हरिदाश सापकोटा, शिवदत्त सापकोटा, प्रजापति सापकोटा र डिल्लीप्रसाद रिजाललाई प्रतिवादी बनाई दर्ता गरिएको सो मुद्दाको फैसला असोज २२ गते सुनाइयो। माननीय जिल्ला न्यायाधीश फणिन्द्रदत्त शर्माको इजलासले गरेको सो फैसलामा आइन्दा यस्तो नगर्नु भन्ने चेतावनी सहित जनही रू.५ का दरले जरिवाना गरिएको छ।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

जानकारीमा आएन।

९. अतिरिक्त जानकारीहरु (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

इनारमा डुबेर ३ जनाको मृत्यु भयो।

छोरी मात्र पाएको, प्रेममा असफल भएको र मानसिक स्थिति ठीक नभएको कारणबाट ९ जनाले आत्महत्या गरे। आत्महत्या गर्नेमा ५ जना महिला थिए।

आतंक, ब्ल्याकमेल, डकैती सम्बन्धी ३ वटा घटना भए।

■



२. मध्यमाञ्चल

नारायणी

२.११ मकवानपुर

जनसंख्या	: ३१४५९९
साक्षरता	: ३८.३ प्रतिशत
महिला साक्षरता	: २४.५ प्रतिशत
क्षेत्रफल	: २४२६ वर्ग कि.मी.
गाविस/नपा	: ४३/१
निर्वाचन क्षेत्र	: ३
विद्यालय/क्याम्पस	: ४०२/३
अस्पताल/स्वास्थ्य चौकी	: २/४३
टेलिफोन लाइन	: ३०००
सडक (कि.मि.)	: २५७
प्रहरी कार्यालय	: ३०

राजधानीसंग जोडिएको र सुगम क्षेत्र भनेर घोषणा गरिएको भए पनि दुर्गम जिल्लाको रूपमा रहेको यस मकवानपुर जिल्ला औद्योगिक क्षेत्रको नामले चिनिँदै आएको छ भने ऐतिहासिक स्थल मकवानपुर गढी, चित्लाङ्ग, चिसापानी गढी र हालै निर्मित शहीद स्मारकले यसलाई थप परिचय दिलाउने काम गरेका छन्। राजनीतिक घटना क्रमका दृष्टिले पनि महत्वपूर्ण मानिएको यस जिल्लामा मानवअधिकार हननका घटनाहरू निरन्तर देखा पर्ने गरेका छन्।

१. सम्मानित रुपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

नामटार गाविस-७ का सञ्जय लामालाई **०५२ फागुन १७ गते** पर्सा जिल्लाको भिमान जंगलमा अज्ञात व्यक्तिले गोली हानी घाइते बनाए। पीडकहरूले उनीसंग भएको रूपैया पनि लुटेर लगेका थिए।

हेटौंडा नपा-८ का २६ वर्षीय कुमार लामालाई **२०५२ फागुन २० गते** चुरेमाई गाविस-५ की २६ वर्षीय गोपीनी श्रेष्ठको भट्टी पसलमा स्थानीय बासिन्दाहरूले कुटपिट गरी हत्या गरे। सो घटनामा संलग्न रहेको अभियोगमा पञ्चमान लामा, हर्कबहादुर डिम्डुङ्ग, टेकबहादुर थिङ र सानो कान्छा डिमडुङ्गलाई पुर्पक्षको लागि भीमफेदी कारागारमा राखिएको छ।

हेटौंडा नपा-४ की ३४ वर्षीय मंगलमाया जोशीलाई **२०५३ जेठ २९ गते** राती सुतिरहेको अवस्थामा पति धनबहादुर जोशीले अरू लोग्ने मानिससंग बोलेको भन्ने निहुँमा घाँटीमा नाइनलको डोरी कसी हत्या गर्नुको साथै आफूले पनि सोही ठाउँमा आत्महत्या गरे।

फापरबारी गाविस-४ का १३ महिने नावालक भीमबहादुर दर्लामीलाई **०५३ असार २८ गते** आफ्नै आमा पद्मकुमारी दर्लामीले रूखमा झुण्ड्याई हत्या गरिन्। आफू पनि सोही रूखको अर्को हाँगामा झुण्डिएर आत्महत्या गरिन्।

वसामाढी गाविस-९ की ३५ वर्षीय लालुप्रसाद घिमिरेले **२०५३ असार ३० गते** जङ्गलमा सँगै हिंडिरहेकी पत्नी यमकुमारी घिमिरेलाई घरायसी झगडाको निहुँमा मुडकीले गर्धनमा हिर्काई हत्या गरे। लालुप्रसाद घिमिरेलाई पुर्पक्षको लागि भीमफेदी कारागारमा राखिएको छ।

छतिवन गाविस-७ का ६० वर्षीय ठूलीमाया घिसिङ्गलाई **२०५३ असोज ६ गते** राती सुतेको अवस्थामा अज्ञात व्यक्तिहरूले गालामा र गर्धनमा वञ्चरो प्रहार गरी हत्या गरे।

हेटौंडा नपा-४ की ७६ वर्षीय बुद्धिमाया वललाई **२०५३ कार्तिक २९ गते** राती अज्ञात व्यक्तिहरूले सुतिरहेको अवस्थामा हातखुट्टा बाँधी हत्या गरे।

गोगने गाविस-४ का ताराबहादुर वाइवाको घरमा **२०५३ मंसीर ८ गते** राती अपरिचित २ जनाले मालसामान चोरेर लान लागेको अवस्थामा चोरसंग भिडन्त भयो। ताराबहादुर वाइवाले ढिंडो पकाउने दाबिलोले अपरिचित चोरलाई हिर्काउँदा घटनास्थलमै मृत्यु भएको थियो।

हटिया गाविस-३ की २२ वर्षीय विजय भुजेललाई **२०५३ पुस १४ गते** राती सोही ठाउँका साहिंला थिङले छुरी प्रहार गरी हत्या गरे। पीडक हालसम्म फरार छन्।

१.२ जेल र बन्दीहरु

भीमफेदीमा रहेको कारागार राणाकालीन ग्यारेज हो र २०३२ सालदेखि यसलाई जेलको रूपमा प्रयोग गरिएको हो। जीर्ण भइसकेको यो कारागार भवन यस वर्ष मर्मत गर्नुको साथै महिला बन्दी र पुरूष बन्दीको लागि अलग अलग कोठा निर्माण गरिएको छ। विगत वर्षहरूको तुलनामा भीमफेदी कारागारमा अहिले धेरै सुधार ल्याइएको छ। खानेपानीको सुविधा उपलब्ध गराइएको छ। जेलमा रहेका पुरूष बन्दी र कैदीहरूलाई टेलीभिजन हेर्न पाउने सुविधा उपलब्ध गराइए पनि महिला बन्दीहरू यो सुविधाबाट वञ्चित रहेका छन्। यस वर्षको महिला वार्ड निर्माणपछि ५० जना अट्ने क्षमता रहेको

पत्नीको हत्या गरेपछि पतिद्वारा आत्महत्या

यस कारागारमा अहिले ३ महिला र ३ वर्षीय एक बालक सहित ९३ जना बन्दीहरू रहेका छन्। यस जेलमा ९ जना दोष प्रमाणित भएका र ८४ जना दोष प्रमाणित नभएका थुनुवा रहेका छन्। यस कारागारमा ८३ जना पुरूष बन्दीहरू ३५ जना क्षमता भएको २ वटा कोठामा निकै कठिनका साथ जेल जीवन बिताइरहेका छन् भने १५ जनाको क्षमता भएको महिला वार्डमा जीउ मास्ने बेच्ने अभियोगमा ३ जना महिला र एक नाबालक बस्ने गर्दछन्। क्षमताभन्दा पनि बढी मानिस राखेकोले सुत्न पनि निकै कठिन भएको कुरा एक वर्षदेखि बन्दी जीवन बिताउँदै आएका पञ्चमान घिसिङ्ग बताउँछन्। कारागारको कम्पाउण्डभित्र खुला आकाशमुनि भात पकाउनु पर्ने बाध्यता रहेको कारागारका बन्दीहरू बताउँछन्।

शीपमूलक कामहरू सिक्न नपाउने र सिकेर आएकाले पनि आफ्नो आयस्रोतको निम्ति गर्न पाउने व्यवस्था पनि नभएकोमा कारागारका बन्दीहरू चिन्तित देखिन्छन्। कारागारभित्र स-साना घरेलु उद्योगको स्थापनाको लागि सम्बन्धित निकायहरूमा अनुरोध गरिएको कुरा जेलका कर्मचारी शेषकान्त सापकोटाले बताए।

१.३ गिरफ्तारी र यातना

फापरबारी गाविसका अमरबहादुर तुम्सीङ्गलाई गाउँको सामान्य झगडामा फापरवारी चौकीका प्रहरीहरूले **२०५३ मंसीर २० गते** गिरफ्तार गरी २१ गते बेलुका ठिंगुरा, हतकडी, नेल लगाई निर्मम ढङ्गले यातना दिए। सो यातना सहन नसकी ठिंगुरा र नेल भाँची अमरबहादुर तुम्सीङ्ग उक्त चौकीबाट फरार भएका थिए। अम्बरबहादुर तुम्सीङ्ग फरार भएपछि प्रहरीले उनको पितालाई चौकीमा ल्याई एक रात थुनी उनीसंग रहेको १ हजार ८ सय ५० रूपैयाँ पनि प्रहरीले खोसेको पीडित बताउँछन्।

राष्ट्रिय जनआन्दोलन संयोजन समितिको राष्ट्रिय कार्यक्रम अनुसार **२०५३ मंसीर २७ गते** शान्तिपूर्ण ढङ्गले नेपाल बन्द गर्न आव्हान गर्दै सडकमा हिंडेका राजनैतिक कर्मीहरूलाई विनाकारण प्रहरीले गिरफ्तार गऱ्यो। गिरफ्तारमा पर्नेहरूमा गोपालकृष्ण पोखरेल, तिर्थमाया मुक्तान, राममाया पाखिन, दिनेश माझी सहित २० जना थिए। गिरफ्तार गरेका व्यक्तिहरूलाई प्रहरीले दिनभरी केही पनि खान नदिई राखेको थियो।

१.४ वेपत्ता पारिएको

जानकारीमा आएन।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

जानकारीमा आएन।

१.६ थुनामा मृत्यु

थुनामा मृत्यु भएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

जानकारीमा आएन।

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष मकवानपुर जिल्ला अदालतमा महिला अधिकार सम्बन्धी ११, डाँका २, चोरी १३, मानवअधिकार सम्बन्धी ३, लुटपिट र डाँका २, बलात्कार ३, लागू औषध कारोवार २१, ज्यानमार्ने उद्योग ४, हत्या ४ र जीउ मास्ने बेच्ने १३ वटा मुद्दा दायर गरिए। पुर्पक्षका लागि कारागारमा बसेका बन्दीहरू अदालतले समयमै मुद्दा किनारा नलगाएकोमा गुनासाहरू व्यक्त गर्दछन्।

२.४ सरुवा / घटुवा / पक्षपात आदि

जानकारीमा आएन।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

यस जिल्लामा पहिलेदेखि सुकुम्बासीहरू बन्दै आएका व्यक्तिहरू करिब ३ हजार रहेको अनुमान गरिएको छ। २०५० सालको बाढीबाट सुकुम्बासी बनेका करिब ४ सय व्यक्तिहरूलाई ताइवानीहरूले पदमपोखरी गाविसमा पक्की घर बनाई आश्रय दिने काम गरेका छन् तर कमाई गर्ने खेती, शीप केही नभएको कारणले विहान बेलुका हातमुख जोड्न सो वस्तीका वासिन्दाहरूलाई कठिनाई परिरहेको छ। बस्तीका बासिन्दाहरू पानीको निम्ति जसरी तड्पिई रहेका छन्, त्यसैगरी रोजगारको निम्ति पनि भौंतारी रहेका छन्।

हेटौंडा नपा-११ स्थित राप्ती खोलाले बगर बनाएर छोडेको पर्ती जग्गामा हेटौंडा नपा भित्र रिक्सा चलाउने, ठेलागाडा चलाउने, मकै पोलेर जीविका गर्ने र तरकारी बेच्नेहरूले बाँसको छाप्रो हालेर दिन गुजारी रहेका छन् र

अहिले त्यसरी बस्नेहरू ७५ घर धुरी रहेको छ। आफू बसेको जमिनको संरक्षण गर्नको लागि उक्त सुकुम्बासी बस्तीका बासिन्दाहरूले प्रत्येक शनिवार तटवन्ध बाँध्ने काम गर्दै आइरहेका छन्। २०३९, ०४२, ०४४ सालमा आएको बढी पहिरोले घरबार विहीन भएका सुकुम्बासीहरू मनहरी र लोथर सडकको दायाँबायाँको भागमा छाप्रो हाली कष्टकर जीवन बिताइरहेका छन्।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

यस जिल्लाको पदमपोखरी, चुरियामाई, हर्नामाडी, छतिवन, हाँडीखोला, भैसे, सरीखेत, काकडा, मनहरी, बसामाढी, वजुवराही, कालिकाटार गाविसहरूमा महिला किनवेचका घटना हुने गरेका छन्। यस जिल्लाले महिला किनवेचमा दोश्रो स्थान ओगटेको छ भने यस जिल्लाको पदमपोखरी गाविसले मकवानपुर जिल्लामा पहिलो स्थान ओगटेको छ। यहाँबाट लगिने महिलाहरू भारतको वेश्यालयमा पुऱ्याउने गरिन्छ। विगत समयमा विवाह गर्ने भनी फकाएर लाने प्रचलन व्यापक थियो भने अहिले सर्कसमा खेलाउन, भारत घुमाउन लाने भनी फुक्याएर लगी बेच्ने प्रचलन रहेको छ। चेलीबेटी बेचबिखनका घटनाहरू सबै प्रहरीमा पनि आउँदैनन् र सार्वजनिक पनि हुने गर्दैनन्। पदमपोखरी गाविसमा केही आमा, बाबुले छोरीहरूलाई खुसी साथ बम्बई पठाउने काम पनि गर्न थालेका छन्। यस वर्ष मकवानपुर जिल्लाबाट १७ जना युवतीहरू हराएको जानकारीमा आएको छ, त्यसमध्ये पदमपोखरीबाट मात्रै १० जना हराएको कुरा प्रकाशमा आएको छ। तर प्रहरी कार्यालयमा भने जम्मा ९ जना मात्र हराएको उजुरी परेको थियो।

हर्नामाडी गाविस-८ की १५ वर्षीय सीता परियारलाई **२०५२ माघ १४ गते** वीरगञ्ज घुम्न जाने भनी दिदी लक्ष्मी परियार र भिनाजु विष्णु परियारले बम्बईको कोठीमा लगेर बेचे। लक्ष्मी र विष्णुलाई प्रहरीले पक्राउ गरेको छ।

फापरबारी गाविस घर भई **हेटौंडा नपा-४** की १७ वर्षीय विमला विश्वकर्मालाई विभिन्न प्रलोभनमा पारी कालिकाटार गाविसका बच्चु वर्तौलाले २०५० मंसीर महिनामा बम्बईको वेश्यालयमा बेचेका थिए। पछि विमला उक्त वेश्यालयबाट फुत्की हेटौंडा आई **२०५२ माघ २५ गते** हेटौंडामा नै बच्चु वर्तौलालाई समातेर प्रहरीलाई बुझाएकी थिइन्।

हर्नामाडी गाविस-६ की १७ वर्षीय लाटी एवं अपाङ्ग युवतीलाई **२०५२ फागुन २६ गते** सोही गाविस-६ का प्रेमबहादुर घिमिरेले बलात्कार गरे। घिमिरेलाई पक्राउ गरिएको थियो।

पदम पोखरी गाविस-२ की ९ वर्षीय वालिकालाई **०५२ चैत १ गते** दाउरा लिन जंगलमा गएको अवस्थामा सोही ठाउँका २१ वर्षीय प्रतापसिंह वाइवाले बलात्कार गरे।

पदमपोखरी गाविस-१ सुकुम्बासी टोलकी १७ वर्षीय तारामाया स्याङवोलाई **२०५३ बैशाख १९ गते** नामटार गाविस-४ का २७ वर्षीय शंकर मुक्तान र पदमपोखरी गाविसका २९ वर्षीय सञ्चमान जिम्माले २० हजार भा.रू.मा बम्बईको वेश्यालयमा बेचे। शंकर मुक्तान पुर्पक्षको लागि भीमफेदी कारागारमा रहेका छन् भने तारामाया स्याङवो भारतको वेश्यालयमा नारकीय जीवन बिताइरहेकी छन्।

मनहरी गाविस-२ की २८ वर्षीय कान्छी माया वि.क.को एड्स रोगका कारणले **२०५३ जेठ ९ गते** मृत्यु भयो। मृतक वि.क. २०४२ सालमा भारतको बम्बई स्थित वेश्यालयमा १८ हजारमा बेचिएका कारणले त्यहाँको नारकीय जीवन बिताउन वाध्य हुँदाकै अवस्थामा एड्सबाट प्रभावित भई ६ महिना अगाडि मात्र घर फर्केकी थिइन्।

हेटौंडा नपा-१ राप्ती रोडमा रहेको हिमालय लजमा बसेकी नुवाकोट निवासी २४ वर्षीय एक महिलालाई **२०५३ मदौ २२ गते** राती जिल्ला प्रहरी कार्यालय हेटौंडाका हवल्दार दिलबहादुर लामा, वीरबहादुर मुक्तान सहित ४ जनाले बलात्कार गरे। सो अभियोगमा दिलबहादुर लामा अहिलेसम्म कारागारमा छन् भने उनलाई हवल्दार पदबाट निलम्बन गरिएको छ।

हेटौंडा नपा-६ की ८ वर्षीय बालिकालाई **२०५३ असोज ५ गते** सोही ठाउँका २३ वर्षीय श्यामकर्ण नगरकोटीले बालिकाको घरमा कोही नभएको मौका पारी दिउँसो बलात्कार गरे।

हाँडीखोला गाविस-४ की २० वर्षीय लक्ष्मी विष्टको **२०५३ पुस ३ गते** एड्स रोगका कारण मृत्यु भयो। मृतक २०४९ सालमा भारतको वेश्यालयमा बेचिएकी थिइन्। एड्स रोगबाट प्रभावित भएर फर्केको ५ महिनामा नै उनको मृत्यु भयो।

यस जिल्लामा अहिले एड्सका रोगीहरू बढ्दै छन्। हालै प्राप्त भएको तथ्याङ्क अनुसार यहाँ २४ जना एड्स रोगी छन्।

भीमफेदी जेलको बाहिरी भाग

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

जानकारीमा आएन।

४.३ गर्भपतन

जानकारीमा आएन।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

राक्सीङ्ग गाविस-९ स्थित सुन्दर प्राथमिक विद्यालयका शिक्षक अशोक जैसवालले आफू दिशा गर्न गएपछि सोही विद्यालयमा पढ्ने कक्षा ३ का विद्यार्थीहरूलाई पालैपालो शिशिमा पानी बोक्न लगाई हातले आफ्नो गुदद्वार धुन लगाएर बालबालिकामाथि अत्याचार गर्ने गरेका छन्। कक्षा ३ सम्म अध्ययन हुने उक्त विद्यालयमा कक्षा ३ मा पढ्ने बालबालिकाहरूलाई शिक्षक जैसवालले दैनिक कार्यतालिका बनाएर गुदद्वार धुन लगाउँथे। उक्त कार्यतालिका अनुरूप बालबालिकाले नगरे कठोर यातना दिने गरेका छन्।

पदमपोखरी गाविस-१ र हेटौडा नपा-११ का सुकुम्बासी र बाढी पीडित परिवारका करीब ४ सय बालबालिका विद्यालयको अभावका कारण शिक्षा हासिल गर्नबाट बंचित भएको बताइन्छ।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

मकवानपुर जिल्लामा करिब ४६ वटा ठूला उद्योग एवं प्रतिष्ठानहरू रहेका छन्। ती प्रतिष्ठान एवं उद्योगहरूमा आर्थिक माग लगायत विभिन्न सुविधाको लागि हडताल हुने गरेका छन्। उद्योग एवं प्रतिष्ठान स्तरमा आधिकारिक ट्रेड यूनियनका निर्वाचनहरू करिब, करिब सम्पन्न भइसकेका छन्। यस क्षेत्रमा रहेको सबभन्दा ठूलो उद्योग कपडा उद्योग कच्चा पदार्थको अभावको कारणले झण्डै २ महिना बन्द रह्यो।

बसामाढी गाविसमा रहेको नेपाल लिभर लिमिटेडका मजदूरहरूले सोही उद्योगका मजदूर विष्णु पहरीको बहाली लगायत विभिन्न आर्थिक माग राखी झण्डै एक महिना उद्योग हडताल गरे। व्यवस्थापन, उद्योग वाणिज्य संघ र मजदूर बीचको वार्ताद्वारा केही मागहरू पूरा गरियो। २०५३ असार ७ गतेदेखि संचालन गरिएको हडताल साउन ८ गते टुङ्गिएको थियो।

हेटौडा औद्योगिक क्षेत्रमा अवस्थित महाशक्ति सोप एण्ड केमिकल इण्डष्ट्रिजको व्यवस्थापन पक्षले सोही उद्योगका आधिकारिक ट्रेड यूनियनका अध्यक्ष बद्रीप्रसाद आचार्यलाई गैर कानूनी ढङ्गले अवकाश दिएकोले उनको बहाली लगायत ५ सूत्रीय माग राखी २०५३ मंसीर १४ गतेदेखि हडतालमा उत्रिए।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहारहरु / छुवाछूत समेत

२०५३ असार २० गते हेटौडा नपा-११ का सुकदेव विश्वकर्मालाई घरको ढोका हाल्न लाग्दा सानो जाति भएर घरभित्र पस्यो भनी सोही ठाउँका ६० वर्षीय कृष्ण वर्तौलाले कुटपिट गरे। पछि उत्पीडित दलित जातीय मुक्ति समाजले प्रहरी कार्यालयमा मुद्दा हाली कृष्ण वर्तौलालाई माफी मगाएको थियो।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

नेपाल राष्ट्रिय शिक्षक संगठनले आफ्ना ३३ सूत्रीय मागहरू पूरा गर्न सरकार समक्ष एक ज्ञापन-पत्र पेश गरेको थियो।

९. अतिरिक्त जानकारीहरु (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

यातायात दुर्घटनामा ३८ जनाको, करेण्ट लागेर २ जनाको र पानीमा डुबेर वा बगाएर ८ जना गरी जम्मा ४८ जनाको मृत्यु भयो। विभिन्न कारणले गर्दा यो वर्ष ४३ जनाले आत्महत्या गरे। तिनमा ३१ जना महिला र १२ जना पुरुष थिए।

हेटौडा नपा-११ का ४६ वर्षीय रामबहादुर प्रजाको **०५२ फागुन १७ गते** आफैले बोकी राखेको बन्दुक पड्किंदा गोली लागी मृत्यु भयो।

हेटौडा नपा-३ का ७ वर्षीय स्वर्णीम श्रेष्ठको **०५३ असार १५ गते** खेलाउँदा खेलाउँदैको बन्दुक पड्किएर गोली लागी मृत्यु भयो।

■



२. मध्यमाञ्चल
वागमती
२.१२ ललितपुर

जनसंख्या : २५७०८६
साक्षरता : ६२.२ प्रतिशत
महिला साक्षरता : ६७.८ प्रतिशत
क्षेत्रफल : ३८५ वर्ग कि.मी.
गाविस/नपा : ४०/१
निर्वाचन क्षेत्र : ३
विद्यालय/क्याम्पस : ५४४/५
अस्पताल/स्वास्थ्य चौकी : २/२१
टेलिफोन लाइन :
सडक (कि.मि.) : १६४
प्रहरी कार्यालय : २३

पर्यटकहरूको आकर्षणको केन्द्रविन्दु रहेको ललितपुर जिल्ला पाटन दरबार, गोल्डेन मन्दिर, कृष्ण मन्दिर, बौद्ध विहार र बङ्गलामुखी मन्दिरका कारण पनि चर्चित छ। यो जिल्ला अति सुगम र अति दुर्गम क्षेत्रहरू भएको जिल्लामध्येमा पर्दछ। यहाँका अधिकांश नागरिकहरू अशिक्षा, गरीबी र शोषणबाट पीडित छन्। त्यसैले मानवअधिकार उल्लंघनको दृष्टिले यो जिल्ला पनि चर्चामा रहँदै आएको छ।

१. सम्मानित रुपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

लेले गाविस-४ का ६५ वर्षीय ठूलीमाया तामाङलाई **२०५२ फागुन ५ गते** आफ्नै पति ७२ वर्षीय कृष्णबहादुर तामाङले महादेव खोलाको किनारमा लगी कुटपिट गरी हत्या गरे। हाल पीडक कृष्णबहादुर नख्खु कारागारमा छन्।

चापागाउँ गाविस-६ का हर्कबहादुर महर्जनलाई **२०५२ चैत २६ गते** चापागाउँ सेराकोटका २५ वर्षीय रामचन्द्र महर्जन र पुन्टे भन्ने चिनिया तामाङले छुरा प्रहार गरी हत्या गरे।

गोदावरी गाविसकी २५ वर्षीय जानुका खड्का (सिलवाल) को **२०५३ बैशाख १५ गते** रहस्यमय मृत्यु भयो। पीडितका बाबुले छोरीको मृत्यु नभई हत्या गरिएको उजुरी गरेपछि घनश्याम र मिनाकुमारीलाई प्रहरीले पक्राउ गरेको थियो।

संखु गाविस-६ का २० वर्षीय गोविन्द घिमिरेलाई **२०५३ जेठ ११ गते** नल्लुका प्रधान स्याङतान लगायत ३ जनाले उनको साथमा रहेको ५८ हजार ८ सय रूपैयाँ लुट्ने उद्देश्यले कुटपिट गरी हत्या गरे। मृतकको साथमा रहेको धनमाल पनि उनीहरूले लुटेका छन्। पीडकहरूलाई प्रहरीले पक्राउ गरेको थियो।

कुपण्डोल डेरा गरी बस्ने धरान नपा-१ का वजरङ्ग अग्रवाललाई **२०५३ साउन २६ गते** भारत कटिहार महादेवपुर घर भई हाल कुपण्डोल डेरा गरी बस्ने सुनिल अग्रवालले गोली हानी हत्या गरे।

चापागाउँ गाविस-८ की १९ वर्षीय रेणुका विष्टको रहस्यमय तरिकाबाट **२०५३ मदौ १९ गते** मृत्यु भयो। सो घटनामा पति प्रल्हाद विष्ट र आमालाई पुर्पक्षका लागि थुनामा राखिएको थियो।

चन्दनपुर गाविस-८ का ४३ वर्षीय तुलबहादुर थोकर **२०५३ असोज २५ गते** स्थानीय नागबेली खोलामा मृत अवस्थामा फेला परे। उनको हत्या भएको आशंका गरिएको छ।

इमाडोल गाविस-८ का २२ वर्षीय केदार के.सी.ले **२०५३ असोज ३० गते** आफ्नै पत्नी १८ वर्षीय सरस्वती के.सी.लाई भनाभनको कारण खुकुरी प्रहार गरी हत्या गरे। पीडकलाई पक्राउ गरी थुनामा राखिएको छ।

लेले गाविस-३ का ४५ वर्षीय पदमबहादुर नगरकोटीलाई **२०५३ कार्तिक ६ गते** बडिखेल-६ का २८ वर्षीय काँइला भन्ने भरिपूर्ण पहरीले पुरानो रिसइबीका कारण कुटपिट गरी हत्या गरे।

१.२ जेल र बन्दीहरु

देशमा रहेका जेलहरूमध्ये चर्चित जेलको रूपमा गनिएको नख्खु कारागार यसै जिल्लामा पर्दछ। यो राजनीतिक बन्दीहरू राख्ने गरेको कारागारमा हो। तर हाल यस जेलमा एकजना पनि आस्थाका बन्दी नरहेको बताइन्छ। सामाजिक अपराध र गैर कानूनी कार्य गरेको आरोपमा सजाय भोगिरहेका यहाँका बन्दीहरू कुनै उद्यम गर्न नपाएकोमा गुनासो व्यक्त गर्दछन्। १५० जना बन्दी राख्न सकिने क्षमता रहेको यस जेलमा हाल १६८ जनालाई राखिएको छ। जसमा १०४ जना थुनुवा र ६४ जना कैदी रहेका छन्। ज्यान मुद्दामा रहेका कालुबहादुर तामाङ्ग २०५३ साउन ९ गते सामान किन्न जान्छु भनी फरार भएका थिए। हालसम्म उनलाई फेला पार्न नसकिएको थाहा भएको छ।

१.३ गिरफ्तारी र यातना

राष्ट्रिय जनतान्त्रिक मोर्चाको आव्हानमा **२०५३ भदौ २८ गते** गरिएको नेपाल बन्द कार्यक्रममा कुपण्डोलबाट २४ जना, लगनखेलबाट १६ र नःटोलबाट ८ जना गरी जम्मा ४८ जनालाई प्रहरीले गिरफ्तार गऱ्यो।

राष्ट्रिय जनतान्त्रिक मोर्चाको आयोजनामा गरिएको **२०५३ असोज ६ गते**को बन्द कार्यक्रमको दिनमा गाबहाल टोलको संजमोको कार्यालयबाट जनमोर्चाका केन्द्रीय सदस्य चण्डेश्वर श्रेष्ठ लगायत २५ जनालाई प्रहरीले गिरफ्तार गऱ्यो। सोही दिन गिरफ्तार भएका अनेरास्ववियू (क्रान्तिकारी) का केन्द्रीय सदस्य उज्वल शुक्ल र अखिल नेपाल जनवादी युवा लिग ललितपुर नगर सदस्य कुमार कपालीलाई सार्वजनिक मुद्दा लगाई असोज ११ गतेदेखि १६ दिनसम्म नख्खु कारागारमा राखी ५०० धरौटीमा छोडिएको थियो।

१.४ वेपत्ता पारिएको

जानकारीमा आएन।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

यस सम्बन्धी ६ वटा घटनामा ६ जना पीडित भए। तिनीहरू मध्ये एकजना महिला छन्।

१.६ थुनामा मृत्यु

थुनामा मृत्यु भएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

महाकाली सन्धिको विरोधमा २०५३ भदौ ५ गते निकालेको मसाल जुलुसलाई प्रहरीले तितर-बितर पार्नुका साथै संजमो जिल्ला अध्यक्ष अष्टमान महर्जन र सचिव दिपेन्द्र श्रेष्ठ लगायत १४ जनालाई गिरफ्तार गऱ्यो।

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

अदालतप्रति सबैको धारणा सकारात्मक रहे पनि ढिलासुस्तीप्रति भने आम जनताको गुनासो छ। अघिल्लो वर्षबाट यस वर्षमा सर्न आएका समेत १४०८ वटा मुद्दा मध्ये १०१ वटा फछ्र्यौट भइसकेका छन् र यो वर्षको अन्त्यसम्ममा १३०७ वटा मुद्दा फछ्र्यौट हुन बाँकी रहेको पाइयो। यसरी दायर मुद्दामध्ये दुनियावादी देवानी ८६३, संक्षिप्त देवानी ५, दुनियावादी फौजदारी ३३०, संक्षिप्त फौजदारी २९ र सरकारवादी फौजदारी १८१ गरी जम्मा १४०८ वटा मुद्दा रहेका छन्।

२.४ सरुवा / घटुवा / पक्षपात आदि

जानकारीमा आएन।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

जानकारीमा आएन।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

सिन्धुली, वस्तीपुर गाविस-८ घर भई काठमाडौं महानपा चाबहिल बस्ने १९ वर्षीय पाल्मु लामालाई सोही जिल्लामा घर भई **ललितपुर उपमनपा -२** सानेपा डेरा गरी बस्ने रेशम तामाङले विवाह गरी ल्याएर **२०५२ पुस २७ गते** आफ्नै कोठामा बस्ने अन्य २ जनाको सहयोगमा भारतको बम्बईमा लगी बिक्री गर्ने योजना बनाए। पीडितले त्यो चाल पाई त्यहाँबाट भागेको बताइन्।

गोदामचौर गाविस-५ वददह घर भई ललितपुर कुपण्डोल स्थित एभरेष्ट फेसनमा कार्यरत १८ वर्षीय एक युवतीलाई **२०५२ माघ १७ गते** सोही गाविस-६ का २५ वर्षीय दीपक शर्माले बलात्कार गरेको बताइन्छ। पीडकलाई प्रहरीले पक्राउ गरेको थियो। उनलाई धरौटीमा छोडिएको छ।

रामेछाप भटौली-७ घर भई **ललितपुर उपमनपा-८** लुम्ती टोल डेरा गरी बस्ने ५ वर्षीय एक वालिकालाई **२०५२ चैत ५ गते** मकवानपुर घर भई पिन्छेटोलमा डेरा गरी बस्ने कान्छा दाहालले मिठाई दिन्छु भनी फकाएर बलात्कार गरे।

काभ्रेपलान्चोक कानपुर-२ घर भई **ललितपुर उपमनपा -८** डेरा गरी बस्ने ७ वर्षीय एक वालिकालाई **२०५२ चैत ५ गते** सोही ठाउँमा बस्ने अमृत हुमागाईंले मिठाई दिन्छु भनी फकाएर बलात्कार गरे। पीडक थुनामा रहेका छन्।

काभ्रे पनौती गाविस-९ घर भई **ललितपुर उपमनपा-१९** अगिनसालमा डेरा गरी बस्ने १० वर्षीय एक वालिकालाई **२०५२ चैत ६ गते** काभ्रे सुनथान गाविस-६ घर भई ललितपुरमा डेरा गरी बस्ने २६ वर्षीय लक्ष्मीनारायण थापाले बलात्कार गरे।

सिन्धुपाल्चोक धैबुङ्ग गाविस घर भई **ललितपुर उपमनपा-२२** मा डेरा गरी बस्ने ३८ वर्षीय कान्छीमाया मगरलाई **२०५३ जेठ १५ गते** मकवानपुर दामन गाविस-२ का कृष्ण तामाङ, भक्तपुरका पूर्णबहादुर तामाङ र मकवानपुर पालुङ्ग-२ घर भई काठमाडौं नारायणस्थान डेरा गरी बस्ने माया श्रेष्ठले विक्री गर्न भारतको बम्बईमा पुऱ्याए। पीडकमध्ये २ जना गिरफ्तारीमा परेका छन् र अन्य २ जना फरार रहेका छन्।

भारत पश्चिम बङ्गाल जदगाउँ घर भई हाल ठैब स्थित आर.आर. टेक्सटाइलमा काम गर्ने १८ वर्षीय मजबुर स्लामले **२०५३ जेठ २३ गते** धादिङ्ग सतीदेवी गाविस-८ घर भई ठैब मानसरोवर कार्पेटमा काम गर्ने कामदारकी ८ वर्षीय छोरीलाई बलात्कार गरे। पीडकलाई थुनामा राखिएको छ।

काभ्रेपलान्चोक चापाखोरी गाविस-७ घर भई **काठमाडौं कोटेश्वर**मा डेरा गरी बस्ने १९ वर्षीय कमल तामाङले **२०५३ मदौ १२ गते** एक बालिकालाई बलात्कार गरे। पीडक तामाङलाई नख्खु कारागारमा राखिएको छ।

भक्तपुर सिपाडोल-२ घर भई **ललितपुर उपमनपा-१३** मा डेरा गरी बस्ने २८ वर्षीय रमेशराज थापाले **२०५३ मदौ २३ गते** आफूले काम गर्न राखेकी १२ वर्षीय एक बालिकालाई बलात्कार गरे।

गोदावरी गाविस-५ को आफ्नै घरमा डेरा गरी बस्ने १४ वर्षीय डम्बरबहादुर क्षेत्रीले **२०५३ असोज २९ गते** १० वर्षीय एक बालिकालाई बलात्कार गरे। पीडकलाई धरौटीमा छोडिएको छ।

माल्टा गाविस-३ घर भई पाटन ढोकामा डेरा गरी बस्ने २६ वर्षीय आइतेसिंह स्याङतानले **२०५३ कार्तिक ६ गते** आफ्नी १२ वर्षीय सालीलाई बलात्कार गरे।

काठमाडौं लासेभ्रुंरी-३ घर भई **ललितपुर उपमनपा -१९** इटीटोलमा बस्ने ठूलीमाया तामाङ्गलाई **२०५२ मंसीर १२ गते** मकवानपुर पदमपोखरी-८ का विरबहादुर लामाले भारतको बम्बईमा बिक्री गरेको थाहा पाएपछि २०५२ फागुन ३ गते पीडक वीरबहादुरलाई थुनामा राखिएको छ।

काभ्रेपलान्चोक मिल्चे गाविस-४ घर भई काठमाडौं स्वयम्भू बस्ने ३० वर्षीय रामबहादुर तामाङ, रामेछाप पैयाकोट-२ घर भई ललितपुर ठैब गाविस-९ बस्ने २२ वर्षीय कुमार तामाङ, उनकी पत्नी कुमारी भन्ने वुद्धिमाया तामाङ र मकवानपुर वसामाडी-२ घर भई ल.पु. च्यासल बस्ने ३२ वर्षीय विरे भन्ने कान्छा तामाङले २०५३ साउन १८ गते ललितपुर ठैव-९ का धर्मराज थापाकी १५ वर्षीय भाञ्जीलाई विक्री गर्ने उद्देश्यले भारत पुऱ्याए। हाल पीडकहरूलाई नख्खु कारागारमा राखिएको छ।

खोटाङ्ग च्यानडाँडा-४ घर भई **ललितपुर उपमनपा -३** पुल्चोक बस्ने १९ वर्षीय आइत्रा गुरुङ र उनकी १७ वर्षीय बहिनी दिलमया गुरुङलाई २०५२ कार्तिक १२ गते भारतको बम्बई १३ नं. गल्ली फरासरोडको ७०५ नं. को वेश्यालयमा जनही ५० हजारको दरमा मकवानपुर शिखरपुर गाविस-१ का दशरथ तामाङ्ग, पदमपोखरी-४ का ज्ञानु तामाङ्ग र गोपाल तामाङ्गले विक्री गरेको थाहा हुन आएको छ। पीडितहरू स्वयम त्यहाँबाट भागेर आई २०५२ माघ २६ गते मुद्दा दायर गरेपछि ती पीडकहरूलाई गिरफ्तार गरिएको थियो।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

जानकारीमा आएन।

४.३ गर्भपतन

सुनाकोठी गाविस-२ की १९ वर्षीय एक युवतीले सोही ठाउँका किरण थापासंगको संसर्गबाट रहन गएको गर्भ **२०५३ बैशाख १९ गते** पतन गराइन्।

सर्लाही कर्मैया-९ घर भई ललितपुर उपनपा-८ डेरा गरी बस्ने २२ वर्षीय एक युवतीले **२०५३ मदौ ९ गते** बच्चा जन्माई बालकुमारी पिन्छे टोलमा फालिन्।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

ललितपुर उपमनपा-१० कुपण्डोलमा पर्ने बागमती नदीको किनारमा **२०५२ माघ २ गते** एउटा नवजात बच्चाको लाश फेला पऱ्यो। सो बच्चा कसको थियो हालसम्म थाहा हुन आएको छैन।

ललितपुर उपमनपा-१० कुपण्डोलमा पर्ने बागमती खोलाको पुल नजिक **२०५३ जेठ १४ गते** नवजात शिशु फेला पऱ्यो। सो बच्चा कसैले जन्म दिई फालेको आशंका गरिएको छ।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

जानकारीमा आएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहारहरु / छुवाछूत समेत

जानकारीमा आएन।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

नेपाली कांग्रेसका जिल्ला स्तरीय कार्यकर्ताहरूले २०५३ साउन १९ गते दूरसंचार संस्थान ललितपुर शाखामा गरेको अभद्र व्यवहारको एमाले ललितपुर जिल्ला कमिटीले २०५३ साउन २० गते एक विज्ञप्ति जारी गरी विरोध गऱ्यो। आन्दोलनकारी कर्मचारीहरूमाथि आक्रमण गरेको, कार्यालयका झ्यालहरू तोडफोड गरेको कर्मचारीहरूको चिया नास्ता खोसेर खाई दिएको उल्लेख गर्दै राष्ट्रिय तथा पेशागत हितका लागि लडिरहेका कर्मचारीहरूमाथि गरिएको यस्तो व्यवहार न्यायसंगत नभएको कुरा विज्ञप्तिमा उल्लेखित थियो।

९. अतिरिक्त जानकारीहरु (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

यो वर्ष यस जिल्लामा जम्मा १८ जनाले विष सेवन गरी आत्महत्या गरेको जानकारीमा आएको छ। जसमध्ये १० जना महिला र ८ जना पुरुष रहेका छन्। आत्महत्या गर्नेहरूको उमेर १५ वर्षदेखि ६० वर्षसम्म रहेको छ। पानीमा डुबेर ६ जना, ट्राफिक दुर्घटनामा परेर ४ जना, आतंकबाट २ जना, आगो लागेर ३ जना, भवितब्यमा परी १० जना र अन्य घटनामा ७ जनाको ज्यान गएको छ।

■



२. मध्यमाञ्चल

वागमती

२.१३ काभ्रे

जनसंख्या	३२४३२९
साक्षरता	३९.२ प्रतिशत
महिला साक्षरता	२३.४ प्रतिशत
क्षेत्रफल	१३९६ वर्ग कि.मी.
गाविस/नपा	९३/२
निर्वाचन क्षेत्र	३
विद्यालय/क्याम्पस	५७३/१
अस्पताल/स्वास्थ्य चौकी	२/२०
टेलिफोन लाइन	*
सडक (कि.मि.)	११४
प्रहरी कार्यालय	१९

यस जिल्लामा यो वर्ष माओवादीको नाममा केही हिंसात्मक घटना भए। प्रहरीको गोलीद्वारा एमाले कार्यकर्ताको हत्या गरिएको घटना यस जिल्लामा सार्वजनिक चासोको विषय रह्यो। मल्पी गाविसका भू.पू. सेनानी वेजप्रताप कार्कीको अन्त्येष्टी र काजक्रिया उनका छोरीहरू अम्बु भवानी कार्की, इन्देवी कार्की र यमुना कार्कीले गरेको कुरा यस जिल्लामा यो वर्ष चर्चित रह्यो।

१. सम्मानित रुपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

बालुवा गाविस-८ रानीपानीकी ४२ वर्षीय रमा लुईंटेलको बनेपा स्थित शिर मेमोरियल अस्पतालमा **२०५२ चैत २८ गते** साधारण कर्मचारीले अप्रेशन दोहऱ्याएका कारण मृत्यु भयो। अस्पतालमा गरिएको लापरवाहीलाई ढाकछोप गर्दै अस्पतालका निर्देशक डा. भिग्ना र दक्षिण एसिया डिभिजनका प्रमुख डा. चेरियनले अस्पतालमा त्यस्तो कार्य नभएको स्पष्टीकरण दिए।

डुंखर्क गाविस-६ की गोपिनी तिमिल्सिनालाई **२०५३ जेठ ८ गते** आफ्नै पति केदारप्रसाद तिमिल्सिनाले हत्या गरे। पीडितको दाजु गोविन्द घिमिरेको जाहेरीको आधारमा पीडकलाई पुर्पक्षको निम्ति थुनामा राखिएको छ भने पोष्टमार्टम विना लाश जलाउन सहयोग गर्ने प्रेमबहादुर तिमल्सिना, भगवान घिमिरे, तारानाथ तिमल्सिना, सूर्यप्रसाद तिमल्सिना र नरहरि तिमल्सिनाहरूमध्ये ४ जनालाई ५/५ सय धरौटीमा अदालतले छोडेको छ।

गोठपानी गाविस-६ का रामबहादुर तामाङ्गकी १२ वर्षीय छोरी कुमारी तामाङ्गको **२०५३ बैशाख १० गते** सोही गाविस-५ मा लक्ष्मण तामाङ्गको विवाहको साइत जुराउन ६१ वर्षीय कृष्णबहादुर तामाङ्गले भरूवा वन्दुक पड्काउँदा अचानक गोली लागी मृत्यु भयो। बन्दुक पड्काउने कृष्णबहादुर तामाङ्गलाई प्रहरीले हिरासतमा लिएको छ।

मुम्लुसल्ले गाविस-९ स्थित सुप्तकन्या प्रा.वि.का शिक्षक वद्रीराज गिरीलाई **२०५३ मदौ २८ गते** स्थानीय ३० वर्षीय नारायणप्रसाद खरेलले सोही गाविसको वडा नं. ७ स्थित मुलावारीको भीरबाट लडाएर हत्या गरे। उक्त दिन मृतक र खरेल सगै बसेर रक्सी खाएको र काठमाडौं जान्छु भनी हिंडेका गिरीलाई लडाएर मारेको भनी मृतकका दाजु ध्रुवराज गिरीको किटानी जाहेरीको आधारमा प्रहरीले पीडकलाई पक्राउ गरी कार्तिक १२ गतेको अदालतको फैसला अनुसार नारायणप्रसाद खरेललाई पुर्पक्षको निम्ति जेल चलान गरिएको छ। उक्त घटनामा आफू संलग्न नभएको र शंकाको आधारमा प्रहरीले पक्राउ गरी हिरासतमा यातना दिएको गुनासो पीडक खरेलको छ।

शिखर आम्बोटे गाविस-६ की सुमित्रा खत्रीलाई **२०५३ कार्तिक ३ गते** आफ्नै पति खड्गबहादुर खत्रीले हत्या गरे। प्रहरीले पीडकलाई पक्राउ गरी थुनामा राखेको छ।

मेच्छे गाविस-९ मा पर्ने मुक्पाटारमा **२०५३ कार्तिक १५ गते** सोही ठाउँका ४६ वर्षीय चलाक सिंह दोङले स्थानीय मिनबहादुर लामालाई गोली हानी घाइते बनाए। माओवादी जनयुद्धका क्रममा गंगाबहादुर दोङ र चलाक सिं दोङ पुर्पक्षका निम्ति जेलमा रहेका छन् भने १३ जना व्यक्तिहरूलाई उक्त घटनामा संलग्न रहेको आशंकामा पक्राउ गरिएको छ।

घर्तिछाप गाविस-१ की ६२ वर्षीय माइली माया पाख्रिनलाई **२०५३ मंसीर २३ गते** आफ्नै पति ८२ वर्षीय विगबहादुर पाख्रिनले हत्या गरे। पीडित महिलाको आफ्नै छोरा आनन्द पाख्रिनको किटानी जाहेरीका आधारमा जिल्ला प्रहरी कार्यालय काभ्रेले पीडकलाई पक्राउ गरी आवश्यक कारवाही चलाएको छ।

सालधारा गाविस-७ का २६ वर्षीय शन्तबहादुर भुलुनलाई **२०५३ मंसीर १४ गते** साँझ प्रहरी जवान रामशरण गिरीले गोली हानी हत्या गरे। २०५२ असोज २६ गते नेपाली कांग्रेस परित्याग गरी एमालेमा प्रवेश गरेका मृतक भुलुन सोही दिन साल्मे

रेञ्जरपोष्टद्वारा आयोजित वन कार्ययोजना गोष्ठीमा सरिक भई घरतर्फ जान लाग्दा करिब तीनसय मिटर पारी खानीखोलाको बगरमा गोली हानी हत्या गरियो। मृतक भुलुनको टाउकामा ढुङ्गाले हानेको ठूलो चोट थियो भने मृतकका दाजु रामबहादुर भुलुन गोलीको छर्राबाट गम्भीर रूपमा घाइते भए। घटनामा प्रत्यक्ष संलग्न नेपाली कांग्रेसका कार्यकर्ता रेशमबहादुर वल, कुमार वल, थिरबहादुर वाइवा, नेत्रबहादुर वल, पद्‌मबहादुर वल, बुद्धबहादुर वललाई कुनै कारवाही भएन। प्रहरी नायब महानिरीक्षक कृष्णमोहन श्रेष्ठका अनुसार गोली काण्डमा संलग्न प्रहरी निरीक्षक चन्द्रबहादुर अधिकारी, प्रहरी जवानहरू रमेशबाबु वस्नेत, ज्ञानबहादुर भट्टराई, रामशरण गिरी, चिनबहादुर गुरूङ्ग र विश्वेश्वर कोइरालालाई जागिरबाट निलम्बन गरिएको छ।

यस वर्ष यो जिल्लामा २ वटा वेवारिसे लाश फेला परे। ती लाशहरूको प्रकृत्ति हेर्दा कसैले हत्या गरी फालिएको हुन सक्ने आशंका गर्न सकिन्थ्यो।

१.२ जेल र बन्दीहरु

धुलिखेलमा रहेको धुलिखेल जेलको स्थापनाको तथ्यगत तिथिमितिको अभिलेख नभए पनि राणाकालमै निर्माण भएको कुरा स्थानीय बासिन्दाहरू बताउँछन्। जेलको कूल क्षेत्रफल तीन रोपनी आठ आना तीन पैसा भएकोमा बन्दीले दुई रोपनी आठ आना जग्गा मात्र प्रयोग गर्दछन्। "घ" श्रेणीको यस जेलको बन्दी अट्ने क्षमता ४५ भएकोमा हाल ५४ जना पुरुष बन्दीहरू मात्र रहेका छन्। अदालतबाट कैद सजाय तोकिएका १० बन्दीहरू छन् भने पुर्पक्षका निम्ति थुनामा रहेका बन्दीहरूको संख्या ४४ छ। घोषित राजनैतिक बन्दीहरू नभए पनि माओवादी जनयुद्धका क्रममा डाँका गरेको अभियोग, ज्यान मार्ने उद्योग, हातहतियार खरखजाना, आगलागी जस्ता अभियोगमा १२ जना व्यक्तिहरू जे.बी.आले, गणेश चौलागाईं, बुद्धिमान तामाङ, नुर्वु लामा, मानकाजी दोङ, रंगवीर दोङ, तीर्थमान दोङ, वुद्धिलाल श्रेष्ठ, अर्जुन किङरिङ मगर, डुब्साङ लामा, गंगा दोङ र चलाक सिंह दोङ पुर्पक्षका निम्ति थुनामा रहेका छन्। यस जेलमा लामो समयसम्म रहने बन्दीमा २०४३ माघदेखि ज्यान मार्ने अभियोगमा २० वर्षको कैद सजाय भोगिरहेका २४ वर्षीय तीर्थ थापा छन्। जेलभित्र थान्का लेख्ने, प्रौढ साक्षरता जस्ता क्रियाकलापहरू सञ्चालन भए पनि शीपमूलक तालिमहरू संचालन भएको छैन। जेलको भवन मर्मत संभार गरिनु पर्ने, बन्दीहरूलाई खेलकूदको प्रवन्ध मिलाइनु पर्ने, उत्तरतर्फ बुर्जा बनाइनु पर्ने र जेल सफा सुग्घर गर्नुपर्ने देखिन्छ। गत वर्षदेखि यस जेलमा मानसिक रोगीहरू नराखिएको बताइए पनि १७ जना थुनुवा र बन्दीहरूको मानसिक स्थिति ठीक देखिँदैन। उनीहरूलाई केशपागल भन्ने गरिन्छ।

१.३ गिरफ्तारी र यातना

चौरीपोखरी गाविस-७ की ३८ वर्षीय विन्दा चौलागाईंलाई **२०५३ वैशाख २२ गते** राती पक्राउ गरी कात्तिके देउराली इलाका

प्रहरीको गोलीद्वारा मृत्यु सन्तबहादुर ब्लोन

प्रहरी कार्यालयमा निर्ममतापूर्वक यातना दिएको कारण २०५३ कार्तिक २ गते मृत्यु भयो। आफ्नो पति र छोरीहरूलाई माओवादीको नाममा गिरफ्तार गरी चौकीमा लगेपछि खाना पुऱ्याउन गएकी गर्भिणी चौलागाईंलाई प्रहरीले घर फर्कन नदिई तेरो पेटमा पनि माओवादी छ भनी टाउको, पिडौला र पेटमा नराम्ररी कुटपिट गर्दा बच्चा समेत निलै डाम सहित जन्मिएको थियो र अत्याधिक रक्त श्रापका कारण कार्तिक २ गते उनको मृत्यु भएको थियो। प्रहरीले उक्त महिलाको मृत्यु प्रहरीको यातनाबाट नभएको कुरा बताउँछन्।

१.४ वेपत्ता पारिएको

जानकारीमा आएन।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

साल्मे तालढुङ्गा गाविसस्थित वन कार्यालय रेञ्ज पोष्टमा कार्यरत रेञ्जर डिल्लीप्रसाद भट्टराईलाई **२०५२ चैत**मा गाविस अध्यक्ष हरिबहादुर वलको निर्देशनमा जनविकास मा.वि. तालढुङ्गाका शिक्षक रेशमबहादुर वल, थिरबहादुर वाइवा, नेत्रबहादुर वलले वन कार्यालय भित्र पसी सांघातिक हमला गरी कुटपिट गरे। वन मुद्दामा परेका व्यक्तिहरूको मिसिल च्याती, विपक्षीहरूलाई वन मुद्दा लगाउने प्रस्तावलाई इन्कार गरेपछि रेञ्जर भट्टराईले पिटाइ खानु परेको थियो।

जैसीथोक गाविस-५ का नेपाली कांग्रेसका विजयी वडा सदस्य गंगाबहादुर तामाङ्गले सोही ठाउँका ६० वर्षीय सानुकाजी तामाङ्गलाई जालसाजी कीर्ते मुद्दा हारेको झोंकमा **२०५३ असार २३ गते** कुटपिट गरे। पीडक गंगाबहादुर तामाङ्गलाई प्रहरीले पक्राउ गरेकोमा राजनैतिक दबावले छोडिएको बताइन्छ भने उनको विरूद्ध ४ वटा मुद्दा सर्वोच्च अदालतमा पेश भएको थाहा हुन आएको छ।

कुशादेवी गाविसकी अनेमसंघ जिल्ला समिति काभ्रेकी एक सदस्यलाई बनेपा शिर मेमोरियल अस्पतालमा आमाको उपचार गर्न आएको समयमा **२०५३ साउन २७ गते** जनागाल गाविस-४ घर भई बनेपा मेलम्ची चल्ने बा.अ.ख ४१३९ गाडीका खलासी राधाकृष्ण के.सी.ले गहना लुटी हातपात गरे। विरामी भेट्न आएको भानपारी अस्पतालको शौचालयमा पिशाव फेर्न लागेको

समयमा अस्पताल हाताभित्रै आक्रमण गर्ने पीडकलाई कारवाही भएन।

साँगा गाविस स्थित महेन्द्र मा.वि.मा संगठन निर्माण गर्न गएका अनेरास्ववियू १४ औं जिल्ला सम्मेलन आयोजक कमिटीका गणेश तिमल्सिना, सुरेश हुमागाईं लगायतका विद्यार्थीलाई **२०५३ साउन ३१ गते** नेपाली कांग्रेसका स्थानीय कार्यकर्ताहरूले कुटपिट गरे।

पाल्लेखेत गाविसका नेपाली कांग्रेसबाट विजयी उपाध्यक्ष रामबहादुर सिमु सौगालीले **२०५३ मदौ २३ गते** बेलुकी ५ बजे मादक पदार्थ सेवन गरी दुग्ध संस्थाका कर्मचारीलाई कुटपिट गर्नुका साथै सोही ठाउँमा चिया पसल गरी बस्ने एक महिलालाई अपशब्द प्रयोग गरी धम्की दिए। महिलाहरूले मादक पदार्थ रोक्ने अभियान संचालन गरेको रिसमा उक्त व्यवहार गरिएको कुरा गाउँलेहरू बताउँछन्।

डाँडागाउँ गाविस-४ बाट राप्रपाका विजयी वडा सदस्य वुद्धिमान तामाङले **२०५३ कार्तिक ४ गते** आफ्नै प्रतिद्वन्दी एमाले उम्मेद्वार तीर्थ लामालाई सामान्य भनाभनको विषयलाई लिएर खुकुरी प्रहार गरी घाइते बनाए।

कानपुर गाविसस्थित कानपुर मा.वि.मा अध्ययनरत विद्यार्थी चेतबहादुर लामाले आफू टेष्टमा अनुत्तीर्ण भएको तथा परीक्षामा चिट खोसी फेल गराएको भनी **२०५३ पुस ७ गते** सोही विद्यालयका शिक्षक ईश्वरीप्रसाद पाण्डेलाई कुटपिट गरे।

च्यासिङखर्क गाविस-५ का चन्द्र लामाको घर राप्रपाका कार्यकर्ता रामबहादुर तामाङ्ग लगायतका मानिसहरूले तोडफोड गरी चन्द्र लामालाई कुटपिट गरे। कुटपिट गर्नेहरूलाई कानूनी कारवाही भएन।

यस बाहेक कुटपिटका अन्य ७ वटा घटनामा १ महिला र ६ पुरूष गरी ७ जना घाइते भए।

१.६ थुनामा मृत्यु

थुनामा मृत्यु भएन।



काभ्रे जेलको अगाडिको भाग

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

जानकारीमा आएन।

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

२०५२ पुसदेखि २०५३ मंसीरसम्म काभ्रे जिल्ला अदालतमा देवानी ३ सय ४९ थान, दुनियावादी फौजदारी १७७ थान, सरकारवादी फौजदारी ५३ थान गरी जम्मा ५७९ थान मुद्दाहरू परे भने गत वर्षको समेतको गरी ४६२ थान मुद्दाहरू फछ्र्यौट भए।

२.४ सरुवा / घटुवा / पक्षपात आदि

जानकारीमा आएन।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

टुकुचा गाविस-५ मा सुकुम्बासी समस्या समाधान आयोगले सुकुम्बासीहरूलाई लालपूर्जा वितरण गरेको लालपूर्जा भित्रको जमिन खनजोत गर्दा जिल्ला वन कार्यालयले रोक्का गरेको छ। तत्कालीन नेकपा (एमाले) सरकारको पालामा वितरित जग्गालाई वन कार्यालयले २०४६ माघ ८ गते नै ढुङ्गापाखा वन उपभोक्ता समितिलाई हस्तान्तरण गरिसकेको र स्वीकृत बिना कुनै कार्य गर्न नपाउने भनी सुकुम्बासीलाई उठाउने काम गरेको छ। हाल यस जिल्लामा ४ सय ९८ सुकुम्बासीहरू रहेका छन्। जिल्लाका अन्य ठाउँहरूमा भने एमाले शासनकालमा जग्गा वितरित सुकुम्बासीलाई उठाएको पाइन्छ।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

धुलिखेल नपा-७ का कृष्णबहादुर अधिकारीकी १७ वर्षीय छोरी गीता अधिकारीलाई **२०५२ मंसीर ११ गते** भारतमा लगी बेचेको अभियोगमा सरस्वती विश्वकर्मालाई **२०५३ जेठ ३ गते** पीडित महिलाका बाबु कृष्ण अधिकारीले दिएको किटानी जाहेरीको आधारमा प्रहरीले पक्राउ गऱ्यो। खेतमा काम गर्न लागेकी गीतालाई ललाइ-फकाई काठमाडौं घर बताउने दीपक तामाङलाई जिम्मा लगाएको र दीपक तामाङले भारतको एक कोठीमा ६० हजार रूपैयाँमा बिक्री गरेका थिए।

साठीघर भगवती स्थान गाविस-३ माइती भई गत २ वर्षदेखि माइती मै बस्दै आएकी २१ वर्षीय विन्दा कुँवरलाई २०५१ माघ २७ गते बालुवा-४ माइती भएकी २१ वर्षीय सानी कुँवरले ललाइफकाई बेपत्ता बनाइन्। विन्दाको भाइ नरबहादुर कुँवरका अनुसार **२०५३ बैशाख १३ गते** प्रहरीमा उजूरी दर्ता

गरिएको तर पीडकलाई कारवाही भएको छैन। प्रहरीले भने उक्त घटना दर्ता नभएको जानकारी गराएको छ।

धुलिखेल नपा-७ का ४० वर्षीय भुवन दमाईले **२०५३ असार ११ गते** एक बालिकालाई फकाई बलात्कार गरे।

बनेपा नपा-६ मा डेरा गरी बस्ने एक युवतीलाई गुप्तचर प्रहरी सहायक निरीक्षक ऋषि सापकोटाले २०५३ असारमा कोठामा सुतिरहेको अवस्थामा झ्याल ढोका थुनी घाँटी थिचेर बलात्कार गरेको दाबी पीडित महिलाले गरिरहेकी छिन्। राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय काभ्रेमा कार्यरत ऋषि सापकोटाले उक्त आरोप निराधार र कपोकल्पित हो भनेका छन्।

बनेपा नपा-१ स्थित शिर मेमोरियल अस्पतालमा विरामीलाई खाना पुऱ्याउन गएकी कक्षा ८ मा अध्ययनरत एक छात्रालाई **२०५३ भदौ ११ गते** भिमसेन स्थान मन्दिर नजिकै एक मगन्तेले बलात्कार गर्ने प्रयास गरे। उक्त अवस्थामा पीडित छात्रा कराएपछि अरनिको भवनमा काम गर्नेहरूले छुट्याई मगन्तेलाई भगाएका थिए।

दुखर्क गाविस-१ घर भई काठमाडौं त्रिपुरेश्वरमा डेरा गरी बस्ने २० वर्षीय एक महिलालाई **२०५३ मंसीर १७ गते** राती तत्कालीन मन्त्री खोभारी रायले ठमेलको आँगन रेष्टुरेन्टमा वियर ख्वाई मिनभवन स्थित घरमा लगी बलात्कार गर्न खोजेको दाबी पीडितले गरेकी छिन्। पीडित महिलाका अनुसार ६ महिना अगाडिदेखि ल्याब असिस्टेण्ट ट्रेनिङ लिइरहेकी ती महिला र उमेशकुमार साहको परिचय ट्रेनिङ कक्षामा भयो। विश्व सामाजिक सेवा केन्द्र नामक संस्था दर्ता गराउन मन्त्रीको तोक चाहिने झूठ कुरा वताएर उनलाई उमेशकुमार साहले मन्त्री खोभारी रायलाई सुम्पिए। त्यहाँ बेहोश हुने औषधि प्रयोग गरी ठमेलको आँगन रेष्टुरेन्टमा लगी वियर ख्वाएर घरमा लगी बलात्कार गर्ने प्रयास गरे। आफ्नो कर्तुतको पोल खुल्ने डरले महिला प्रहरी लिला खरेलको घरमा लगी विभिन्न धाक धम्की दिएको बताइन्छ।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

भिमखोरी गाविस-१ घर भई **दोलालघाट-३** ससुराली घरमा बस्ने २६ वर्षीय हर्कबहादुर विश्वकर्माले आफ्नै सालाकी पत्नी १८ वर्षीय दुर्गा विश्वकर्मालाई दोस्री पत्नीको रूपमा **२०५२ माघ १४ गते** भित्र्याए। २०५२ माघ १७ गते जेठी पत्नी शुक्रमाया विश्वकर्माको जाहेरीमा जिल्ला प्रहरी कार्यालय काभ्रेले पक्राउ गरी अदालतले जनही ३ हजार ५ सय रूपैयाँ धरौटी राख्ने आदेश दिएकोमा धरौटी राख्न नसकी हाल पीडक दुबै थुनामा रहेका छन्।

४.३ गर्भपतन

बनेपा नपा-१ स्थित ढकाल खोलामा पर्ने भैरवकुण्डमा **२०५३ पुस १२ गते** नवजात शिशुको वेवारिसे लाश फेला परेको थियो।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

जनागाल गाविस-८ को जनज्योति मा.वि.का कक्षा ७ का १३ वर्षीय छात्र रामबहादुर विसुङ्के गत ३ वर्ष देखि बनेपाको बसपार्क अगाडि जुत्ता सिलाएर बसेका छन्। बालअधिकार र बाल शोषण बारेमा थाहा नभएको बताउने ती बालक आफ्नो फोटो खिचेर लगे पनि कसैले केही नगरेको बताउँछन्।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

जानकारीमा आएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहारहरु / छुवाछूत समेत

जानकारीमा आएन।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

सालधारा गाविस-७ का एमाले कार्यकर्ता शन्तबहादुर भुलुनलाई प्रहरी जवान रामशरण गिरीले गोली हानी हत्या गरेको घटना प्रति भर्त्सना गर्दै पूर्वाग्रहपूर्ण तरिकाले निहत्था जनतामाथि गोली हानी जनजीवनलाई अस्तव्यस्त पार्ने प्रहरी कारवाहीप्रति २०५३ कार्तिक १५ मा सांसदत्रय शिवबहादुर देउजा, केशव वडाल, गोविन्दनाथ उप्रेती, जि.वि.स. सभापति कृष्णप्रसाद सापकोटा र मानवअधिकार तथा वातावरणीय शिक्षा केन्द्रले छुट्टाछुट्टै प्रेस वक्तव्य प्रकाशित गरी दोषीमाथि अविलम्ब कारवाहीको माग गरे।

मेंच्छे गाविसमा फागुन १ गते भएको कुटपिट घटनाप्रति राजनैतिक पूर्वाग्रह राखी पक्राउ गरी थुनामा रहेका ७ जनालाई थुनामा गरिएको व्यवहारप्रति मानवअधिकार संरक्षण मञ्च, जनसरोकार अभियान र ग्रिन्सो नेपालका प्रतिनिधिहरूले सरकारसंग न्यायिक आयोग गठन गरी मानवअधिकार उल्लंघनकर्तामाथि कानूनी कारवाही गर्न माग गरे।

साल्मे तालढुङ्गा रेञ्ज पोष्टमा कार्यरत रेञ्जर डिल्लीप्रसाद भट्टराईलाई कुटपिट गरेकोमा निजामति कर्मचारी संगठन काभ्रे जिल्ला कार्य समितिले २०५३ चैतमा एक वक्तव्य प्रकाशित गरी दोषीमाथि कार्वाहीको माग गरे।

९. अतिरिक्त जानकारीहरु (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

पाँचखाल भेगका महिलाहरूले २०५३ बैशाख देखि संगठित रूपमा मदिरा विरोधी अभियान संचालित गरे।

दुर्घटनामा परेर ७ जनाको मृत्यु भयो भने ११ जना घाइते भए। वाढी र आगलागीमा परी ८ जनाको मृत्यु भयो। जंगली जनावरको आक्रमणबाट २ जनाको मृत्यु भयो। यो वर्ष विभिन्न कारणले १८ जनाले आत्महत्या गरे, तिनमा ७ जना महिला छन्। ■



२. मध्यमाञ्चल

वागमती

२.१४ भक्तपुर

जनसंख्या	१७२९५२
साक्षरता	५८.५ प्रतिशत
महिला साक्षरता	४२.४ प्रतिशत
क्षेत्रफल	११९ वर्ग कि.मी.
गाविस/नपा	२१/१
निर्वाचन क्षेत्र	२
विद्यालय/क्याम्पस	२१९/७
अस्पताल/स्वास्थ्य चौकी	२/९
टेलिफोन लाइन	
सडक (कि.मि.)	११९
प्रहरी कार्यालय	१९

काठमाडौं उपत्यका भित्रका तीन जिल्ला मध्ये एक भक्तपुर नेपालको सबैभन्दा सानो जिल्ला हो। यस जिल्लामा विश्व सम्पदा सूचीमा पर्ने ऐतिहासिक महत्वका मन्दिरहरू तथा देवलहरू छन्। घरेलु हिंसा र हत्याका घटनाद्वारा हरेक वर्ष उल्लेख्य संख्यामा मानिसहरू मर्ने मारिने गरेको पाइन्छ।

१. सम्मानित रुपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

रामेछाप जिल्ला घर भै भक्तपुर **मौस्वेल-७** डेरा गरी बस्ने २८ वर्षीय रामजी माझीले **०५२ पुस २६ गते** छोरीलाई हातपात गरेको भनी आफ्नै साथी रामेछाप घर भएका नेत्रबहादुर माझीलाई दाउरोले टाउकोमा हिर्काएर हत्या गरे। उनलाई प्रहरीले पक्राउ गरी कारवाही चलाएको छ।

गुण्डु गाविस -४ का १७ वर्षीय बसन्तकुमार केसीलाई **०५२ माघ २३ गते** सोही ठाउँका २४ वर्षीय ज्ञानबहादुर के.सी.ले एक मुक्का कन्चटमा हिर्काएर हत्या गरे। पीडकलाई जिल्ला अदालत भक्तपुरले ०५३ असोज १९ गते २० वर्ष कैदको सजाय तोकेको छ।

काभ्रे टुकुचा घर भै **भक्तपुर नपा-५** डेरा गरी बस्ने ३० वर्षीय सुरेश श्रेष्ठलाई **०५३ जेठ २४ गते** सिन्धुपाल्चोक जिल्ला घर भै सँगै डेरा गरी बस्ने शम्भु बस्नेतले खुकुरीले हानी हत्या गरे। पीडकलाई प्रहरीले पक्राउ गरी कारवाही चलाएको छ।

भक्तपुर दधिकोट-४ को जंगलमा पाल्पा घर भै काठमाडौं डेरा गरी बस्ने २४ वर्षीय ज्योति नेपाललाई **०५३ जेठ २८ गते** पाल्पा जिल्ला घर भै काठमाडौं डेरा गरी बस्ने ४० वर्षीय कमलप्रसाद बस्याल सहितका व्यक्तिहरूले कुटपिट गरी हत्या गरे। पीडक कमलप्रसाद बस्याललाई प्रहरीले पक्राउ गरी कारवाही चलाएको छ। अन्य आरोपित पीडक केशव नेपाल र कृष्ण राना हालसम्म फरार रहेका छन्।

नगरकोट गाविस-८ का ३५ वर्षीय बहादुर तामाङलाई **०५३ कार्तिक २८ गते** सोही स्थानका ३५ वर्षीय सोमार सिं तामाङले हत्या गरी लाश झुण्ड्याएको आरोपमा सोमार सिंलाई जिल्ला प्रहरी कार्यालय भक्तपुरले पक्राउ गरी ज्यान मुद्दा चलाएको छ।

१.२ जेल र बन्दीहरु

यस जिल्लामा जेल छैन। प्रहरी हिरासतमा राखिएका बन्दीहरूलाई यातना दिने गरेको केही पीडितहरूको गुनासो छ।

१.३ गिरफ्तारी र यातना

वालकुमारी गाविस-९ का २२ वर्षीय रमेश प्रजापतिलाई जिल्ला प्रहरी कार्यालय भक्तपुरले माओवादीको आरोपमा **०५२ फागुन २७ गते** पक्राउ गरी १३ दिनसम्म थुनामा राखेर छाड्यो। पीडित नेपाल बैंक लिमिटेड भक्तपुरमा काम गर्न आउँदा भक्तपुर नपा-८ त्रिपुरासुन्दरीबाट प्रहरीले पक्राउ गरेको थियो।

०५३ मंदी २८ गते राष्ट्रिय जनतान्त्रिक मोर्चा नेपालले विभिन्न ३४ सूत्रीय माग राखी नेपाल बन्द कार्यक्रमको आह्वान गरेको थियो। उक्त नेपाल बन्दको सिलसिलामा सूर्य विनायक ट्लीपार्क भक्तपुरबाट संजमो वैद्य समूह भक्तपुरका जिल्ला अध्यक्ष ज्ञानेन्द्रमान श्रेष्ठ सहित ३८ जना आन्दोलनकारीहरूलाई जिल्ला प्रहरी कार्यालय भक्तपुरले पक्राउ गरी छाडेको थियो।

०५३ असोज ६ गते नेमकिपा र राष्ट्रिय जनतान्त्रिक मोर्चा नेपालको संयुक्त आह्वानमा महाकाली सन्धि संसदबाट अनुमोदन भएकोमा विरोध गर्दै "उपत्यका बन्द" कार्यक्रमको आह्वान गरेको थियो। उक्त उपत्यका बन्दको सिलसिलामा जिल्ला प्रहरी कार्यालय भक्तपुरले सल्लाघारीबाट राजकुमार बखुन्छे लगायत ५ जनालाई गिरफ्तार गरी सोही दिन छाडेको थियो।

०५३ मंसीर २७ गते राष्ट्रिय जनआन्दोलन संयोजन समितिले महाकाली सन्धि खारेज गर्न र संयुक्त सरकारको राज्य आंतक विरूद्ध नेपाल बन्दको कार्यक्रमको आह्वान गरेको थियो। नेपाल बन्दको सिलसिलामा ०५३ मंसीर २४ गते राती

सूर्यविनायक ट्रलीपार्कबाट बन्दको आह्वान गरेको पोष्टर टास्ने संजमो वैद्य समर्थक कमानसिं लामा र प्रेमसागर लामालाई जिल्ला प्रहरी कार्यालय भक्तपुरले गिरफ्तार गरी २ दिनपछि छाडेको थियो।

१.४ वेपत्ता पारिएको

जानकारीमा आएन।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

बारा जिल्ला घर भै **कदुन्जे गाविस-६** चुनदेवी बस्ने १८ वर्षीय नारायण कृष्ण श्रेष्ठले **०५३ मंदी १३ गते** आफ्नै पत्नी फुलमाया श्रेष्ठ (क्षेत्री) लाई फ्रुटीमा विष हालेर ख्वाई हत्या गर्ने प्रयास गरे। श्रेष्ठलाई प्रहरीले पक्राउ गरी ज्यान मार्ने उद्योगमा कारवाही चलाएको छ।

भक्तपुर नपा-४ का ६० वर्षीय लोक रत्न शाक्यले **०५३ कार्तिक ९ गते** सोही स्थान बस्ने ५० वर्षीय अष्ट काजी बुद्धाचार्यलाई टाउकोमा तेजाव ख्वन्याएर हत्या गर्ने प्रयास गरेका थिए। उनीहरू बीच जग्गा मुद्दामा विवाद भएको थियो। पीडकलाई प्रहरीले पक्राउ गरी ज्यान मार्ने उद्योगमा कारवाही चलाएको छ।

गुण्डु गाविस-३ का २८ वर्षीय श्यामबहादुर तामाङ सहित २ जनाले **०५३ कार्तिक १३ गते** सोही स्थान बस्ने ३० वर्षीय शंकर गिरीलाई खुकुरी प्रहार गरी हत्या गर्ने प्रयास गरेका थिए। उनीहरूलाई जिल्ला प्रहरी कार्यालय भक्तपुरले पक्राउ गरी ज्यान मार्ने उद्योगमा मुद्दा चलाएको थियो। उनीहरू बीच तास खेल्दा झगडा भएको थियो।

व्यक्तिगत रिसइवीमा यस सम्बन्धी १८ वटा घटनाहरू भए। ती घटनामा २० जना पीडित बने।

१.६ थुनामा मृत्यु

थुनामा मृत्यु भएन ।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

जानकारीमा आएन।

खुकुरी प्रहार गरी हत्या गरिएका सुरेश श्रेष्ठ

हत्या गरी फालिएका ज्योति नेपाल

२.२ धार्मिक स्वतन्त्रता

भक्तपुर विस्केट जात्रामा ढुंगा हानेको भनी ०५२ चैत २७ गते भक्तपुरका विभिन्न ठाउँबाट १८ जनालाई प्रहरीले पक्राउ गरी २ दिनपछि छाडेको थियो।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालत भक्तपुरमा ५ सय ३७ वटा मुद्दा दर्ता भएकोमा ४६ वटा मुद्दा फछ्र्यौट भए। जिल्ला प्रशासन कार्यालय भक्तपुरमा १३ सय ठाडो उजुरी र ३७ वटा अन्य मुद्दा दर्ता भएको मौखिक जानकारी पाइयो। जिल्ला प्रहरी कार्यालय भक्तपुरले १३४ वटा मुद्दा दर्ता भएको जानकारी दिएको छ।

२.४ सरुवा / बढुवा / पक्षपात आदि

जिल्ला प्रहरी कार्यालय भक्तपुरका प्रहरी जवान डम्बर पराजुलीलाई ०५३ वैशाख ७ गते हवल्दार पदमा मध्यमाञ्चल क्षेत्रीय प्रहरी कार्यालयले बढुवा गरेको थियो। हवल्दार भएको १० दिनपछि ०५३ वैशाख १७ गते प्रहरी प्रधान कार्यालयले प्रक्रिया नपुगेको भनी बढुवा रद्द गऱ्यो।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

जानकारीमा आएन।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

भक्तपुर नपा-१७ सल्लाघारी बस्ने १७ वर्षीय एक महिलालाई **०५३ जेठ १९ गते** सल्लाघारी स्थित आर.एन.एन. कार्पेट उद्योगका मास्टर श्यामकुमार माझी र रेशम माझी सहितका व्यक्तिहरूले बलात्कार गरे। पीडकहरूलाई पक्राउ गरी मुद्दा चलाइयो।

सिपाडोल गाविस-१ डेरा गरी बस्ने ट्रलीपार्क सूर्यविनायक सिटी कार्पेट उद्योगमा काम गर्ने २८ वर्षीय बुद्धीमाया तामाङलाई **०५३ जेठ ३१ गते** रामेछाप घर भै सिपाडोल गाविस-१ सूर्यविनायक बस्ने सुकुमान तामाङ र उसको पत्नी डोल्मा

तेजाव खन्याएर घाइते बनाइएका अष्टकाजी बुद्धाचार्य

तामाङले भारतको बम्बईमा लगी बेचे। उनीहरूलाई प्रहरीले पक्राउ गरी कारवाही चलाएको छ।

भक्तपुर नपा-१३ की १४ वर्षीय एक वालिकालाई **०५३ जेठ ३२ गते** छालिङ गाविस घर भै नेपाल बैंक लिमिटेड भक्तपुर शाखाका प्रधान सहायक ४० वर्षीय सानुभाइ पुरीले बलात्कार गरे। पीडकलाई प्रहरीले पक्राउ गरी कार्वाही चलाएको छ ।

भक्तपुर नपा-१ स्थित एक गलैंचा कारखानाको साहुकी ६ वर्षीय छोरीलाई **०५३ मदी १० गते** सोही कारखानाका कामदार २२ वर्षीय जीतबहादुर तामाङले बलात्कार गरे।

चाँगुनारायण गाविस-७ की १३ वर्षीय एक छात्रा र सोही स्थान बस्ने १२ वर्षीय अर्को छात्रा स्कूल छुट्टि भएर घर जाँदा **०५३ मंसीर ३ गते** रामेछाप घर भै काठमाडौं बस्ने ट्याक्सी ड्राभइर ३० वर्षीय प्रकाश थापाले भक्तपुर नपा-१० महाकाली स्थानमा हातपात गरे।

दुवाकोट बसस्टपमा जिल्ला प्रहरी कार्यालय भक्तपुरमा कार्यरत महिला प्रहरी जवानलाई **०५३ मंसीर ३ गते** चपाचो घर भएका ड्राइभर तुलसीराम प्रजापति र वालकुमारी-९ का सूर्यकृष्ण प्रजापतिले मिनीबस भित्रै हातपात गरे।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

जानकारीमा आएन।

४.३ गर्भपतन

जानकारीमा आएन।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

कटुञ्जे गाविस-६ सल्लाघारी स्थित गलैंचा कारखानामा काम गर्ने ८ वर्षीय राजकुमार लामालाई **०५३ जेठ २७ गते** सोही ठाउँका ४० वर्षीय यज्ञबहादुर श्रेष्ठले गुप्ताङ्ग चुस्न लगाए। पीडित वालकका अनुसार यस अघि पनि उनले यस्तै कार्य गरेका थिए।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

वालकुमारी गाविस नयाँ ठिमीको पशुपति स्पिनिङ्ग मिल्स प्रा.लि.का मजदूरहरू शेरबहादुर मल्ल लगायत ८ जनालाई **०५३ पुस २ गते** कारखानाको सुपरभाइजर विष्णु खनाललाई कुटपिट गरेको भनी जिल्ला प्रहरीले पक्राउ गरी ६ दिनसम्म थुनामा राख्यो। मजदूरहरूले १० सूत्रीय माग राखेका थिए।

भक्तपुर नपा-१५ स्थित ऋद्धि तथा समृद्धि टेक्सटायलका मजदूरहरूले आफ्ना १२ सूत्रीय माग राख्दा वैकुण्ठ खत्री समेत १२ जना मजदूरहरूलाई मिल मालिक पवनकुमार मित्तलले हटाए। हटाइएका मजदूरहरूको पुनर्वहाली गर्न र १२ सूत्रीय माग पूरा गर्न **०५३ असार २६ गते**देखि कपडा कारखानामा हडताल भयो। अन्तमा ०५३ असोज १० गतेसम्म ७६ दिन हडताल भै दुवैपक्ष बीच सम्झौता भयो तर ७६ दिनको पारिश्रमिक मजदूरहरूले पाएनन्।

कटुञ्जे गाविस-६ स्थित सुरेन्द्र कार्पेट कारखानामा काम गर्ने २५ वर्षीय धनबहादुर मलान लामालाई **०५३ मदी ९ गते** मालिक सुरेन्द्र राना मगरको आदेशमा केही व्यक्तिहरूले सिक्रिले बाँधेर थुने। पीडितलाई मजदूर भगाएको आरोप लगाइएको थियो।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहारहरु / छुवाछूत समेत

काभ्रे जिल्ला च्यासिङखर्क घर भै भक्तपुर डेरा गरी बस्ने २४ वर्षीय रेशम लामालाई **०५२ फागुन १६ गते** भक्तपुर नपा - १ च्यामासिं बस्ने ३० वर्षीय केदारमान ज्याखले ४ हजार ६ सय रूपैया नतिरेको भनी खुट्टामा सिक्रीले बाँधी कोठामा ४ दिनसम्म थुनेर राखे। जिल्ला प्रहरी कार्यालयमा पीडितको पत्नीले उजुर गरेपछि केदारमान ज्याखलाई प्रहरीले पक्राउ गरी सार्वजनिक मुद्दा चलाएको थियो।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

जानकारीमा आएन।

९. अतिरिक्त जानकारीहरु (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

ट्राफिक दुर्घटनाका १२० घटना भए र ८ जना मरे। ४६ वटा आगलागीका घटना भए, जस्मा १ जनाको मृत्यु भयो। घरायसी झगडाको कारणबाट २५ जनाले विष सेवन गरी आत्महत्या गरे भने १४ जनाले झुण्डिएर आत्महत्या गरे। आत्महत्या गर्ने महिलाहरूको संख्या १८ रहेको छ। यस जिल्लामा भवितव्य ज्यान १४, प्रकार नखुलेको ज्यान ६ र अन्य ज्यान सम्बन्धी मुद्दा २ जिल्ला प्रहरी कार्यालयमा दर्ता भए।

यस वर्ष १० पुरूष र १४ महिलाले विष सेवनबाट र ७ पुरुष र ७ महिलाले झुण्डिएर आत्महत्या गरेका थिए। त्यसरी आत्महत्या गर्नेहरूमा १५ वर्षदेखि ७० वर्षसम्मका महिला र १४ वर्षदेखि ७० वर्षसम्मका पुरूष रहेका थिए। ■



२. मध्यमाञ्चल
वागमती
२.१५ काठमाडौं

जनसंख्या : ६७५३४१
साक्षरता : ६९.६ प्रतिशत
महिला साक्षरता : ५६.६ प्रतिशत
क्षेत्रफल : ३९५ वर्ग कि.मी.
गाविस/नपा : ७७/१
निर्वाचन क्षेत्र : ७
विद्यालय/क्याम्पस : ७८७/३५
अस्पताल/स्वास्थ्य चौकी: १५/१०
टेलिफोन लाइन :
सडक (कि.मि.) : ४४०
प्रहरी कार्यालय : ४१

काठमाडौं जिल्ला देशको राजधानी पनि भएकोले मानवअधिकारको क्षेत्रमा उल्लेख्य प्राप्ति हुँदा र मानवअधिकारको दुःखद हनन हुँदा पनि यो जिल्ला स्वतः चर्चामा आउने गर्दछ। यस वर्ष मानवअधिकारको क्षेत्रमा उल्लेख्य प्राप्तिका रूपमा सदनबाट पारित र लालमोहर प्राप्त मानवअधिकार आयोग सम्बन्धी विधेयक र क्षतिपूर्ति विधेयक हुन्। त्यस्तै यस वर्ष देशको राजधानी हुँदाहुँदै राज्यस्तरबाट नै केही मानवअधिकार हननका दुःखद घटना पनि भए। प्रहरी हिरासतमा मृत्यु, यातना र मनोमानी ढंगले गरिएका गिरफ्तारीहरू उल्लेख्य रहेका छन्।

१. सम्मानित रुपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

यस वर्ष यस जिल्लामा ४३ वटा हत्याका घटनाहरू भए। त्यस्तै अन्य २३ वटा हत्याका प्रयास भने असफल भएका थिए।

काठमाडौं मनपा- २८ कालधारामा **०५२ चैत १६ गते** करीव ४० वर्षीय भोटे भन्ने नामले चिनिने मजदूरी गर्ने व्यक्ति मृत अवस्थामा फेला पऱ्यो। शरीर भरी निलडाम र चोटपटक भएकाले उसको हत्या गरेको अनुमान गरियो तर पीडकको बारेमा थाहा हुन सकेन।

काठमाडौं मनपा-११ थापाथलीको एक घरमा काम गर्ने २२ वर्षीय कान्छी तामाङ्नीलाई सोही ठाउँको राजु श्रेष्ठले **०५२ चैत २० गते** बलात्कार गरी हत्या गरेकोमा पीडकलाई प्रहरीले पक्राउ गऱ्यो।

धादिङ जिल्ला गजुरी-४ की ४४ वर्षीय धनमाया खरेललाई टेकुमा डेरा गरी बसेको अवस्थामा केही व्यक्तिले **०५२ चैत २३ गते** हत्या गरी गरगहना समेत चोरेर भागेका थिए। पीडकहरू फेला परेनन्।

सिंहदरवार अगाडि भद्रकाली मन्दिर दक्षिण शाही नेपाली जंगी अड्डा पश्चिमको चौरमा **०५३ जेठ ११ गते** अन्दाजी १४-१५ वर्षीय एक अज्ञात वालिकाको लाश फेला पऱ्यो। दुवै हात पछाडि बाँधेर ४-५ दिन अघिदेखि फालेको र गन्हाएको सो लाश बलात्कार पछि हत्या गरिएको अनुमान गरिए पनि पीडक फेला पर्न सकेन।

काठमाडौं मनपा-९ वत्तीस पुतलीकी पार्वती भण्डारी (श्रेष्ठ) को लाश **०५३ जेठ २१ गते** घरमै कोठाभित्र झुण्डिएको अवस्थामा फेला पऱ्यो। ४ दिनदेखि उनको घरको ढोका बन्द थियो। आफ्ना पति कृष्णप्रसाद श्रेष्ठसंग केही समयदेखि झगडा शुरू भएको र झगडा प्रहरी समक्ष पनि पुगिसकेको थियो। तनहुँ जिल्ला भानु गाविस घर भएको कृष्ण प्रसादले नै आफ्नी पत्नीको हत्या गरेकोले पीडकलाई प्रहरीले खोजिरहेको छ।

सितापाइला स्थित **निसा गेष्ट हाउस**मा १७ वर्षीय शशी कार्कीलाई **०५३ असार १३ गते** बलात्कार गरी हत्या गरेकोमा प्रहरीले रमेश थापा, राजकुमार मल्ल र मनोज उप्रेतीलाई पक्राउ गऱ्यो। ०५३ साउन २९ गते काठमाडौं जिल्ला अदालतले मनोज उप्रेतीलाई तारेखमा र अरूलाई थुनामा राख्ने आदेश दियो। पीडक मध्ये राजकुमार मल्ल चलचित्र कर्मी कृष्ण मल्लको छोरा र मनोज उप्रेती म्याग्दीका प्रमुख जिल्ला अधिकारी इन्द्रराज उप्रेतीको छोरा हुन्।

काठमाडौं मनपा-३१ धोवी खोलामा **०५३ असार ३१ गते** एउटा टाउको विनाको लाश फेला पऱ्यो। प्रहरीको सक्रिय अनुसन्धान पछि सो लाश वालुवाटारमा सैलुनमा काम गर्ने १८ वर्षीय रामबाबु ठाकुरको भएको र मृतकलाई लेनदेनको विषयमा झगडा हुँदा महोत्तरी घर भै विशालनगर बस्ने २३ वर्षीय रामछविला ठाकुर र धनुषा घर भै चावहिल बस्ने १७ वर्षीय देवनन्दन ठाकुरले हत्या गरी फालेको पत्ता लाग्यो। पीडकहरू दुवैलाई प्रहरीले पक्राउ गरी कारवाही चलायो।

लमजुङ जिल्ला घर भै **काठमाडौं मनपा-२९** बस्ने शिक्षक हरिभक्त लामिछानेको **०५३ साउन १६ गते** हत्या गरियो। राती २ बजेतिर मोटर साइकल चोर्न गएका लमजुङ्गको ३३ वर्षीय विदुर अधिकारी, सिन्धुपाल्चोकको गोपाल खाती र गोर्खाको

पतिद्वारा हत्या गरिएकी देवी कार्की

तुलबहादुर गुरूङ मध्येको तुलबहादुरले शिक्षक लामिछानेलाई खुकुरीले हानी हत्या गरी भागेको थियो। पीडक मध्ये अन्य २ जनालाई हाजिरी जमानीमा छोडिएको छ भने तुलबहादुरलाई ०५३ असोज ८ गतेको काठमाडौं जिल्ला अदालतको आदेशमा थुनामा राखी कारवाही चलाइदै छ।

दल्कु डुडेचौर बस्ने ४९ वर्षीय धनबहादुर स्याङ्तानलाई सोही ठाउँ बस्ने २८ वर्षीय हर्कबहादुर स्याङताले जग्गा विवादमा सख्त रूपमा **०५३ भदौ ३ गते** कुटपिट गरे। पीडितलाई उपचार गर्न अस्पताल लैजाँदा लैजाँदै सोही दिन मृत्यु भयो। पीडकलाई प्रहरीले पक्राउ गरी अदालतको आदेशमा थुनामा राख्यो।

गंगवुकी २६ वर्षीय देविका विश्वकर्मालाई आफ्नै पति ३२ वर्षीय श्रीप्रसाद विश्वकर्माले **०५३ भदौ ६ गते** खुकुरीले हानी हत्या गरे। पीडकलाई प्रहरीले पक्राउ गरी कारवाही चलाएकोमा ०५३ असोज १ गते काठमाडौं जिल्ला अदालतको आदेशमा थुनामा राखियो।

झापा जिल्ला घर भै **काठमाडौं मनपा** नयाँ बसपार्क बस्ने २४ वर्षीय श्रीप्रसाद कार्कीले **०५३ भदौ ६ गते** आफ्नै पत्नी २० वर्षीय देवी कार्कीलाई छुरा हानी हत्या गरेकोमा पीडकलाई प्रहरीले पक्राउ गऱ्यो।

रसुवा केरूङ्ग घर भै काठमाडौं **स्वयम्भू** बस्ने ४० वर्षीय पासाङ्ग लामा कामीले ३८ वर्षीय पत्नी डोल्मा लामा कामीलाई **०५३ भदौ ६ गते** फलामे हतियारले टाउकोमा हानी हत्या गरे। पीडकलाई प्रहरीले भाग्न लाग्दालाग्दै पक्राउ गरी कारवाही चलाएकोमा ०५३ असोज ३ गतेको अदालतको आदेशमा थुनामा राखियो।

रामेछाप घर भै धापासी बस्ने ३० वर्षीय नीरबहादुर श्रेष्ठलाई हत्या गरी फालेको अभियोगमा सिन्धुलीका लालबहादुर नेपाली र नुवाकोटका गोकुल लामिछानेलाई प्रहरीले **०५३ भदौ १७ गते** पक्राउ गऱ्यो। ज्यामी काम गर्ने नीरबहादुरलाई पैसा लेनदेनमा झगडा हुँदा पीडकहरूले हत्या गरी ०५३ भदौ १३ गते फालेका थिए।

स्वयम्भूमा बस्ने मनाङका २८ वर्षीय पासाङ्ग लामा भनिने भोटे कामीले २४ वर्षीय आफ्नै पत्नी मिङ्मा डोल्मा लामालाई **०५३ भदौ ६ गते** आगो फुक्ने ढुँग्रीले हानी हत्या गरेकोमा पीडकलाई प्रहरीले पक्राउ गऱ्यो।

गोलढुंगा गाविस-६ का २० वर्षीय दीपकराज रिमाललाई **०५३ कार्तिक २७ गते** लिङ्गेपिङको विषयमा भएको झगडामा केही व्यक्तिहरूले छुरा हानी हत्या गरे। सो घटनाका पीडकहरूमध्ये वालाजुको २२ वर्षीय कोकले श्रेष्ठ, १८ वर्षीय रामशरण नेपाली, गणेश तामाङ र सानुबावु गरूङलाई पक्राउ गरियो।

गोगंबु बस्ने ४० वर्षीय बलराम घिमिरेलाई **०५३ मंसीर ९ गते** हत्या गरेको अभियोगमा प्रहरीले नुवाकोटको २६ वर्षीय कृष्णबहादुर लामा, झापा जिल्ला धरमपुरका वीरवल सुब्बा, रूकुम जिल्ला काक्रीका ३१ वर्षीय आसमाया बुढा मगरलाई पक्राउ गऱ्यो।

काठमाडौं मनपा-३५ निवासी २३ वर्षीय राजु मगरलाई **०५३ पुस ११ गते** केही अज्ञात व्यक्तिहरूले भूगोल पार्कमा आक्रमण गरी सख्त घाइते बनाए। ५ दिनपछि पीडित राजुको वीर अस्पतालमा उपचार गर्दागर्दै मृत्यु भयो। पीडकहरू फेला पर्न सकेनन्।

१.२ जेल र बन्दीहरु

राजधानी काठमाडौंमा केन्द्रीय कारागार र भद्रबन्दी गृह, महिला कारागार सदरखोर, महिला कारागार चारखाल रहेका छन्। यस वर्षको अन्त्यतिर केन्द्रीय कारागारमा कैदी ३ सय ४८ जना, थुनुवा २ सय २४ जना नावालक ७ समेत जम्मा ५ सय ७९ जना रहेका छन्। ती मध्ये ५७जना विदेशी नागरिकहरू छन्। भद्रबन्दी गृहमा २ सय ६ जना कैदी, ३ सय ७० जना थुनुवा समेत जमा ५ सय ७६ जना रहेका छन्। ती मध्ये २४ जना विदेशी नागरिक छन्। यसैगरी महिला बन्दी गृहमा ६६ जना कैदी, १३ जना थुनुवा समेत जम्मा ७९ जना रहेका छन्। ती मध्ये ५ जना विदेशी हुन्। यसरी यस केन्द्रीय कारागार अन्तर्गतका ३ वटै जेलमा १ हजार २ सय ३४ बन्दी रहेका छन्।

भद्रबन्दी गृहमा चौकिदार, जेलर तथा प्रहरीद्वारा बन्दीहरूलाई दमन गरेका तथा दुःख दिने गरेका छन् भनी ०५३ कार्तिक १२ गते पीडित बन्दीहरूका तर्फबाट एक पर्चा वितरण गरियो। त्यस सम्बन्धी समाचार प्रकाशमा आएपछि उक्त समाचार गलत हो भनी खण्डन पनि गरिएको थियो।

त्यसरी नै सदरखोर चारखालमा १ सय ७७ बन्दी रहेकोमा १ सय १३ थुनुवा र ६४ कैदी छन्। यसै सदरखोर अन्तर्गत रहेको महिला कारागारमा ११ जना थुनुवा र ६९ जना कैदी गरेर ८० जना बन्दी रहेकोमा २ ज्यान, ७ लागु औषध, ८७ जना देहव्यापार सम्वन्धी र अन्य विभिन्न अभियोगमा रहेका छन्।

काठमाडौंमा रहेका कारागारमा विशेष गरी खानेपानीको समस्या सबैभन्दा प्रमुख रहेको छ। त्यस्तै सदरखोर चारखाल र केन्द्रीय कारागारमा शौचालय सम्बन्धी पनि समस्या छ। कारागारमा रहेका कतिपय बन्दीहरूले कानूनतः चौखण्डी सजाय माफी मिनाहा पाउने व्यवस्था भएर पनि आफूले नपाएको गुनासो गरे।

१.३ गिरफ्तारी र यातना

साहित्यकार शक्ति लम्साललाई **०५२ फागुन ९ गते** प्रहरीले आफ्नै निवासबाट पक्राउ गऱ्यो। उहाँलाई २२ दिन प्रहरी हिरासतमा, १ महिना डिल्लीबजार खोरमा र त्यसपछि भद्रबन्दी गृहमा राखी ०५३ वैशाख २७ गते २८ हजार धरौटीमा रिहाइ गरियो। उहाँमाथि सार्वजनिक स्थानमा अशान्ति गरेको आरोपमा केही सार्वजनिक अपराध ऐन अनुसार कार्वाही चलाइएको थियो।

एम्नेष्टी इन्टरनेशनल नेपाल शाखाले निकालेको एक जुलुसबाट प्रहरीले सहभागी मानवअधिकार कार्यकर्तालाई **०५२ चैत ५ गते** पक्राउ गऱ्यो। प्रहरीले जुलुसबाट स्वतन्त्र तिब्बतसंग सम्बन्धित मानिसहरू सम्मिलित भएकोमा सो गिरफ्तारी गरेको जनाएको थियो।

नेपाल शिक्षक संगठनले आह्वान गरेको शिक्षा मन्त्रालयमा **०५२ चैत २० र २१ गते**को धर्ना कार्यक्रममा प्रहरीले लाठी चार्ज गऱ्यो। सो घटनामा ५० औं शिक्षकलाई चोटपटक लागेको थियो भने महेन्द्र रत्न प्रा.वि. म्याग्दीका शिक्षक रूद्रबहादुर रोकालाई सख्त घाइते अवस्थामा अस्पताल भर्ना गर्नु पऱ्यो। सोही क्रममा प्रहरीले संगठनका अध्यक्ष सुशीलचन्द्र अमात्य, अर्जुन पौडेल, माधव मरहट्ठा, रामकुमार वान्तवा, श्रीमती चन्द्रकला पन्त लगायतका ९१ जना शिक्षक पक्राउ गरेको थियो।

भोटाहिटीबाट **०५२ चैत २४ गते** शालिकराम कुइँकेल, कृष्ण पोखरेल, दिनमणि पोखरेल, कृष्णध्वज खड्का, प्रमोद वानिया, विष्णु न्यौपाने, रामबाबु कार्की र बाबु तामाङलाई प्रहरीले पक्राउ गऱ्यो। जनआन्दोलन दिवस मनाउने क्रममा उपस्थित भएका व्यक्ति मध्ये पक्राउ परेकाहरूमाथि केही सार्वजनिक अपराध ऐन अन्तर्गत पक्राउ गरिएकोमा ६ दिन पछि रिहाई गरिएको थियो।

नेपाल नेत्रहीन संघले पेशागत तथा मानवीय माग राख्दै **०५३ वैशाख १३ गते** निकालेको जुलुसबाट प्रहरीले संघका ८ जना व्यक्ति पक्राउ गर्नुका साथै पुतली सडकमा नेत्रहिनको जुलुसमाथि बल समेत प्रयोग गऱ्यो।

०५३ वैशाख १६ गते प्रहरीले पुतलीसडकबाट ३७ जना अपाङ्गहरुलाई पक्राउ गऱ्यो। राष्ट्रिय अपाङ महासंघले ३३ सूत्रीय माग राखी शुरू गरेको आन्दोलनकै क्रममा ०५३ जेठ ६ गते समाज कल्याण मन्त्रालय लैनचौरमा धर्ना दिन गएका अपाङ्गहरूलाई पनि प्रहरीले बल प्रयोग गर्दा केहीलाई चोटपटक लाग्यो। त्यस्तै ०५३ साउन २ गते पनि प्रहरीले सिंहदरवार अगाडिबाट २९ जना अपाङ्गलाई पक्राउ गऱ्यो।

एशियाली जनजाति सम्मेलनमा भाग लिन नेपाल आएका मानवअधिकारवादी संस्था एशिया इन्डीजेनिस पिपुल फ्याक्टका अध्यक्ष लुईथुई लिङ्गमलाई **०५३ वैशाख १६ गते** प्रहरीले पक्राउ गरी बैंकक नै फर्कायो। लुइथुई २ दिन पहिले काठमाडौं आइ पुगेका थिए। उनको गिरफ्तारी र फिर्ता बोलाउने कार्यको नेपाल जनजाति महासंघ र इन्सेक लगायतका मानवअधिकार संस्थाहरूले विरोध गरे।

मई दिवस मनाउन भेला भएका व्यक्तिहरूलाई **०५३**

प्रहरी हिरासतमा मारिएका दर्पण बर्मा

वैशाख १९ गते इटुम्बहालबाट प्रहरीले पक्राउ गऱ्यो। तिनमा राजनीतिक कार्यकर्ता, मजदूर र विद्यार्थीहरू थिए। तिनीहरू मध्ये पुरूषोत्तम कार्की, कुमार दाहाल, मिलन वि.क., रवि कार्की, गिता गुरूङ, एकबहादुर लामा, ज्ञानबहादुर योन्जनलाई मागेको धरौटी दिन नसक्दा थुनामा राखियो। पक्राउ परेकाहरूलाई सार्वजनिक स्थानमा अशान्ति गरेको अभियोगमा केही सार्वजनिक अपराध ऐन लगाइएको थियो।

०५३ जेठ ११ गते १५ सूत्रीय माग राखी प्रधानमन्त्रीलाई ज्ञापनपत्र दिन सिंहदरबारतर्फ हिडेका ५०-५५ जना नेत्रहीनहरूको जुलुसलाई प्रहरीले पुतलीसडकबाट अगाडि बढ्न दिएन। उक्त घटनामा प्रहरीले नेत्रहीनमाथि लाठी प्रहार गर्दा केही नेत्रहीन घाइते भए भने ३५ जना नेत्रहीनहरूलाई प्रहरीले पक्राउ गरी ४ घण्टा पछि रिहाई गऱ्यो। त्यस्तै जेठ १४ गते अपाङ्ग संघको आह्वानमा ३४ सूत्रीय माग राखी निस्केको जुलुसलाई पनि प्रहरीले प्रधानमन्त्रीको कार्यालय तर्फ जान दिएन। यस घटनामा पनि प्रहरीको लाठी चार्जबाट १६ जना अपाङहरू घाइते हुनुका साथै ४२ जना अपाङ्गलाई प्रहरीले हिरासतमा राखी सोहि दिन अपरान्ह छोड्यो।

सिन्धुली जिल्ला वस्तिपुर गाविस-३ का ३८ वर्षीय भरतबहादुर बुर्जा मगर र तनहुँ जिल्ला खैरेनी गाविस-७ का धनबहादुर मगरलाई **०५३ साउन २० गते** प्रहरीले काठमाडौं भोछेंबाट पक्राउ गऱ्यो। काठमाडौंमा सामान्य पत्रपत्रिका विक्रेता काम गर्ने दुवै जनालाई प्रहरीले माओवादीको आशंकामा केही सार्वजनिक अपराध अन्तर्गत मुद्दामा पक्राउ गरी कारवाही चलाएको थियो। ०५३ भदौ १७ गते काठमाडौं जिल्ला अदालतको आदेशमा रू. ७ हजार ५ सय धरौटीमा भरतबहादुर छुटे भने धनबहादुर धरौटी दिन नसक्दा थुनामा राखिए।

गोर्खा जिल्ला गोरखकाली गाविस-४ का २१ वर्षीय उत्तमबहादुर श्रेष्ठ, रामेछाप जिल्ला खनियापानी गाविस-८ का २६ वर्षीय दलबहादुर मगर नेपाली र शारदानगर गाविस-८ का २८ वर्षीय सन्तबहादुर नेपालीलाई **०५३ साउन २८ गते** प्रहरीले सिंहदरवार अगाडि अशान्ति गरेको अभियोगमा प्रहरीले पक्राउ गऱ्यो। नेकपा (माओवादी) को आशंकामा पक्राउ गरिएका यी ३ जनालाई ०५३ भदौ १८ गते काठमाडौं जिल्ला अदालतको आदेशमा ८ हजार ५ सय धरौटी माग गर्दा तत्काल सन्तबहादुर

छुट्न सकेनन्।

राष्ट्रिय जनआन्दोलन संयोजन समितिको आह्वानमा **०५३ मदौ ५ गते** भएको उपत्यका बन्दको कार्यक्रममा प्रहरीले काठमाडौं जिल्लामा १४३ जनालाई पक्राउ गऱ्यो। पक्राउ गरिएका व्यक्तिहरूमा पूर्व प्रधानमन्त्री कीर्तिनिधि विष्ट, लीलामणि पोखरेल, शक्ति लम्साल लगायतका व्यक्तिहरूलाई सोही दिन राती ११ बजे छोडिएको थियो। बन्दका क्रममा केही सवारी साधनहरू तोडफोड भएका थिए भने केही सार्वजनिक स्थानहरू (भोटाहिटी र सुन्धारा) मा प्रेट्रोल बम पनि प्रहार भएको थियो।

०५३ मदौ ५ गतेको उपत्यका बन्दका क्रममा प्रहरीले पक्राउ गरेका रामेछाप जिल्ला मजुवा गाविस-४ का ३४ वर्षीय कृष्णबहदुर के.सी., काठमाडौं कालोपुल ज्ञानेश्वर बस्ने ४३ वर्षीय पूर्णविराम र २५ वर्षीय केदारनाथ गौतमलाई सार्वजनिक स्थानमा होहल्ला गरी अशान्ति फैलाएको अभियोग लगाई हिरासतमा राखी निर्मम यातना दिइयो। कवि तथा साहित्यकार पूर्णविरामलाई यातनाकै कारण उपचारको लागि अस्पताल भर्ना गर्नु पऱ्यो। ०५३ मदौ ११ गतेको काठमाडौं जिल्ला अदालतको आदेशमा रू. ५ हजार ५ सय धरौटी राखी ८ दिनपछि रिहाई भएका कवि पूर्ण विरामको ३-४ दिनसम्म बोली पनि बन्द भएको थियो।

काठमाडौं मनपा-१४ डल्लुबाट सडकमा हिडिरहेका ८ जना युवकलाई प्रहरीले माओवादीको आशंकामा **०५३ मदौ ५ गते** पक्राउ गरी ३ दिनसम्म हिरासतमा राख्यो। पक्राउ पर्नेहरूमा रामहरि रिमाल, पेमा तामाङ, काइला तामाङ, अमृत तामाङ, आइते तामाङ, रामबहादुर तामाङ र नकुल अधिकारी थिए।

नेपाल राष्ट्रिय शिक्षक संगठनले ३३ सूत्रीय माग राखी गर्दै आएको आन्दोलनका क्रममा प्रधानमन्त्री कार्यालयमा विरोध प्रदर्शन गर्न र चेतावनी घण्टी बजाउन लाग्दा सिंहदवार अगाडि **०५३ मदौ १९ गते** प्रहरीले ५३ जना शिक्षकहरू पक्राउ गरी सोही दिन साँझ छोड्यो। त्यस्तै मदौ २० गते भद्रकालीमा धर्ना दिएका शिक्षकहरूमाथि प्रहरीले लाठी चार्ज गरी २७ जना शिक्षकलाई घाइते बनायो भने करीब २०० शिक्षकहरूलाई गिरफ्तार गरेको थियो।

०५३ मदौ २७ गते महाकाली सन्धिको विरोधमा



सिंहदरबार अगाडि नेराशि संगठनका अध्यक्ष सुशील चन्द्र अमात्य

उपत्यका बन्दमा गिरफ्तार गरिदैको अवस्थामा पत्रकार शक्ति लम्साल

प्रधानमन्त्रीलाई ज्ञापनपत्र दिन निस्केको जुलुसलाई प्रहरीले भद्रकाली भन्दा अगाडि जान दिएन। प्रहरी र जुलुस बीच विवाद हुँदा प्रहरीले पूर्व प्रधानमन्त्री कीर्तिनिधि विष्ट, लीलामणि पोखरेल, रामहरी शर्मा, निर्मल लामा, श्रीभद्र शर्मा, चित्रबहादुर के.सी., शक्ति लम्साल लगायत ८७ जना व्यक्तिलाई पक्राउ गऱ्यो। सोही घटनामा इन्सेक मानवअधिकार वर्ष पुस्तक काठमाडौं जिल्ला प्रतिनिधि लेखनाथ भण्डारीलाई पनि प्रहरीले गिरफ्तार गरेको थियो।

त्यसैगरी राष्ट्रिय जनतान्त्रिक मोर्चाले महाकाली सन्धिको विरोधमा **०५३ मदौ २८ गते** आह्वान गरेको नेपाल बन्दको कार्यक्रममा काठमाडौं जिल्लामा प्रहरीले ११३ जना व्यक्तिलाई विभिन्न स्थानबाट पक्राउ गऱ्यो। पक्राउ पर्नेहरूमा लीलामणि पोखरेल, अमिक शेरचन, चित्रबहादुर के.सी., गिरिराजमणि पोखरेल लगायतका नेता तथा कार्यकर्ताहरू रहेका थिए। त्यसै क्रममा काठमाडौंको सुन्धारा, पुतलीसडक, ठमेल आदि केही ठाउँमा भाडाका र निजी सवारी साधनहरूमाथि ढुंगा प्रहार गर्दा केही क्षति भएको थियो।

महाकाली सन्धिको विरोधमा **०५३ मदौ ३० गते** निस्केको जुलुसबाट प्रहरीले असनमा जुलुसका सहभागी मध्ये ११ जनालाई गिरफ्तार गऱ्यो। पक्राउ पर्नेहरूमा शक्ति लम्साल, कृष्णध्वज खड्का, लेखनाथ नेउपाने, लक्ष्मी मुडभरी र सुनिता लामा लगायतका व्यक्तिहरू थिए। उनीहरूलाई २ दिन पछि छोडिएको थियो।

त्यसरी नै जनतान्त्रिक मोर्चाद्वारा **०५३ असोज ५ गते** आह्वान गरेको नेपाल बन्दका दिन काठमाडौंमा प्रहरीले २०० भन्दा बढी व्यक्तिहरूलाई पक्राउ गऱ्यो। पक्राउ गरिएका मध्ये सिंहदरवार अगाडिबाट ८७ जनालाई ३ घण्टासम्म महेन्द्र पुलिस क्लबमा राखेर छोडिएको थियो। पक्राउ पर्नेहरूमा पूर्व प्रधानमन्त्री कीर्तिनिधि विष्ट, पूर्व सांसद लीलामणि पोखरेल, राष्ट्रिय जनता परिषद्का महासचिव श्रीभद्र शर्मा लगायतका व्यक्तिहरू थिए। यो बन्द कार्यक्रम पनि महाकाली सन्धिको विरोधमा आयोजना गरिएको थियो।

पद्मकन्या क्याम्पस बागबजारका सहायक क्याम्पस

प्रमुख माधव सापकोटालाई **०५३ मंसीर ८ गते** छात्राहरूमाथि हातपात गरेको आरोपमा प्रहरीले पक्राउ गर्‍यो। यस अघि सहायक क्याम्पस प्रमुख सापकोटामाथि क्याम्पसबाट ५ जना छात्र निष्काशनको विषयलाई लिएर उत्पन्न विवादमा छात्राहरूले उनलाई कुटपिट गर्नुका साथै कुर्सीबाट लडाएका थिए। सहायक क्याम्पस प्रमुखले आफूमाथि रिसइवीले झुठा मुद्दा लगाइएकोमा प्रहरीले सोधपुछका लागि लगेको बताइयो।

०५३ मंसीर २७ गतेको नेपाल बन्दका दिन पक्राउ गरिएका मध्ये १३ जना व्यक्तिमाथि प्रहरीले केही सार्वजनिक अपराध ऐन अन्तर्गतको मुद्दा चलायो। कार्वाही चलाइएकाहरूलाई बन्दका क्रममा ना.अ.ख. २६२ नं. को ट्रक र ना.अ.ख. ७७१ नं. को बस र वा.अ.ज. ३२३४ को ट्याक्सी माथि ढुंगामुडा गरी क्षति पुर्‍याएको अभियोग लगाइएको थियो। त्यसरी पक्राउ पर्नेहरूमा विद्यार्थी नेता लेखनाथ नेउपाने, नवलसिंह घर्ती, कृष्ण पराजुली, रविन्द पराजुली, अच्युत पराजुली, कमल तिमिल्सिना, राजेन्द्र अधिकारी, रमेश बन्जारा, कल्पना ढकाल, सीता ढकाल, जुना ढकाल, रूपेन्द्र थापा र गोपाल कार्की रहेका थिए। उनीहरूलाई दुई हप्ता हिरासतमा राखेपछि अदालतको आदेशमा धरौटीमा छोडियो। सो दिन प्रहरीले काठमाडौंबाट करीब ४८ जना व्यक्तिलाई पक्राउ गरेको थियो।

१.४ वेपत्ता पारिएको

तेह्युम घर मै स्वयम्भू कर्मतारा कार्पेटमा काम गर्ने २१ वर्षीय दिलकुमारी श्रेष्ठलाई **०५३ साउन ६ गते**देखि वेपत्ता पारेको अभियोगमा प्रहरीले रामबहादुर मगर, ओमबहादुर मिजार र पवित्रा मिजारलाई पक्राउ गर्‍यो। उनीहरूले सो दिन दिलकुमारीलाई बसपार्क लिएर गएका थिए।

पाँगा गाविस-६ का राजेन्द्र मर्हजनलाई **०५३ साउन २० गते** लेनदेनको विषयलाई लिएर केही व्यक्तिहरूले अपहरण गरेका थिए। आफ्नै निवासबाट अपहरण गरी वेपत्ता पारिएका महर्जनलाई ४ दिन पछि प्रहरीले अपहरणकारीको कब्जाबाट मुक्त गरेको थियो। प्रहरीले सो घटनामा संलग्न भएको आरोपमा महाबौद्धका ५४ वर्षीय स्वर्गमान सिंह, स्वर्ण श्रेष्ठ, दहचोक गाविसका राजेन्द्र गिरी, सिन्धुलीका रत्नबहादुर श्रेष्ठ र सीताराम श्रेष्ठलाई पक्राउ गर्‍यो।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

उपत्यकाका अपराध अनुसन्धान शाखा काठमाडौंमा कार्यरत प्रहरी हवल्दार कमला लामा र प्रहरी मुन्ना के.सी. लाई **०५३ जेठ ११ गते** ललितपुरका रमेश अवाले र रामेश्वर अवालेले ललितपुर जिल्ला स्थित जावलाखेलमा कुटपिट गरे। पीडकमाथि काठमाडौं जिल्ला प्रहरीले पक्राउ गरी कारवाही चलायो।

कामनपा नयाँ बजार बालाजुमा केही अज्ञात व्यक्तिले ०५३ साउन २८ गते वरिष्ठ अधिवक्ता मुकुन्द रेग्मीलाई कुटपिट गरी घाइते बनाए। सो सम्बन्धमा प्रहरीले अधिवक्ता राजन अधिकारीलाई ०५३ भदौ ५ गते पक्राउ गरी ०५३ भदौ १४ गते जमानीमा छोडेको थियो। तर अधिवक्ता अधिकारीको गिरफ्तार गैर कानूनी भएको भनी सर्वोच्च अदालतले ०५३ मंसीर २६ गते आदेश गर्‍यो।

जनसेवा वडा प्रहरी कार्यालय न्यूरोडमा कार्यरत प्रहरी जवान अर्जुन राईलाई राती ड्युटीमा बसिरहेको बेला काठमाडौं मनपा-२३ का सुरज मानन्धर र काठमाडौं मनपा-१७ का आकाश श्रेष्ठले कुटपिट गरे। पीडकलाई पक्राउ गरी कारवाही चलाएकोमा दुवै पीडक धरौटीमा रिहाई भए।

काठमाडौं मनपा-२७ ज्याठाका रविन श्रेष्ठ र सुनिल श्रेष्ठलाई काठमाडौं मनपा-१६ कालधाराका मुखिया गुरूङ, प्रकाश गुरूङ, सानुराज गुरूङ र विपिन शाहले कुटपिट गरी घाइते बनाए। पीडकहरूमध्ये सानुराज गुरूङ, रत्न शाह, विपिन शाह र विरबहादुर गुरूङलाई प्रहरीले पक्राउ गर्‍यो। उनीहरूलाई काठमाडौं जिल्ला अदालतले ५०-५० हजार धरौटी मागेकोमा दिन नसक्दा थुनामा राखियो।

यस बाहेक यस जिल्लामा अन्य विभिन्न १६ वटा कुटपिटका घटनामा १८ जना पीडित भए।

१.६ थुनामा मृत्यु

केन्द्रीय कारागारमा रहेका बन्दी ४८ वर्षीय विश्वप्रसाद शाहको **०५३ साउन १७ गते** जण्डिसको कारण उपचार गर्दागर्दै वीर अस्पतालमा निधन भयो। त्यस्तै यसै वर्ष जेलमा रहेका अन्य १ पुरूष र १ महिला बन्दीको पनि मृत्यु भएको थियो।

काठमाडौं मनपा-४ वालुवाटारका २९ वर्षीय दीपक पराजुलीको **०५३ असोज ३ गते** प्रहरी हिरासतबाट उपचारका लागि अस्पताल पुर्‍याइएको १ घण्टा भित्रै मृत्यु भयो। मृतक पराजुली ०५२ भदौ १४ गते डकैती मुद्दामा पक्राउ परेका थिए। उनको लाशको प्रकृति हेर्दा र आफन्त तथा साथीहरूले बताए अनुसार उनलाई हिरासतमा दिएको यातनाकै कारण मृत्यु भएको हो।

काठमाडौं मनपा-७ चुच्चेपाटी निवासी १९ वर्षीय दर्पण

अपाङ्गको जुलुसमाथि प्रहरी दमन

दृष्टिविहीनहरू अनशनमा

बर्माको **०५३ असोज ३० गते** प्रहरी हिरासतमा मृत्यु भयो। चावहिल गोपिकृष्ण सिनेमा हल अगाडि लंगुरबुर्जा खेलमा उत्पन्न विवादमा प्रहरीले अपरान्ह २.३० बजे पक्राउ गरिएका दर्पणलाई प्रहरीले नै सोही दिन बेलुका ५.३० बजे मृत अवस्थामा वीर अस्पताल पुऱ्याएको थियो। मृतक वर्मा पनि प्रहरी हिरासतमा दिइएको यातनाकै कारण मरेको कुरा उनको लाशको अवस्थाबाट अनुमान गर्न सकिन्थ्यो। दर्पण बर्माको कपाल उखेलिएको, रगत बगेको, दुवै हात गोडामा डोरीले बाँधेको, हात भाँचिएको, खुट्टामा चोट, निलडाम र कानमा तिखो हातियारले रोपिएको थियो।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

त्रिभुवन विश्व विद्यालयको मूल गेटमा **०५२ फागुन २८ गते** विभिन्न माग राख्दै धर्नामा बसेका प्राध्यापकहरूलाई केही व्यक्तिहरूले संगठित हुन पाउने अधिकार हनन गर्नुका साथै केही प्राध्यापकहरूलाई हातपात गरेका थिए।

नेपाल राष्ट्रिय शिक्षक संगठनका सदस्यलाई **०५३ चैत १८ गते** प्रहरीले शिक्षामन्त्रालय केशर महल अगाडि धर्ना बस्नबाट रोक लगायो।

पत्रकार गोपाल प्रसाईंलाई **०५३ जेठ २९ गते** मैतीदेवीमा मेरिना व्युटि पार्लरका संचालक रीमा पौडेल र मेरिना पौड्यालले कुटपिट गरे।

श्री रूपरेखा साप्ताहिकमा प्रकाशित समाचारलाई लिएर **०५३ असार ४ गते** केही व्यक्तिले सो पत्रिकाका सम्पादक कुमार यात्रुमाथि हातपात गरे।

नेपाल समाजवादी दल **०५३ असार १४ गते**देखि एक हप्तासम्म भद्रकालीमा अनिश्चित कालीन अनशन बस्यों। अनशनमा सांसद हृदयेश त्रिपाठी, रामेश्वर राय यादव, राजेन्द्र महतो, सरिता गिरी र दिलिप धाडेवा थिए। उनीहरूले नागरिकता, महंगी बृद्धि, कर्मचारीको तलव, वन फडानी, अनिवार्य शिक्षा, सुकुम्बासी समस्या, पिछडिएका जाति र जनजातिको उत्थान आदि विषयमा सरकारको ध्यानाकर्षण गराएका थिए।

०५३ असार १६ गते निर्वाचन आयोगले एक पत्रकार मेलाको आयोजना गरी मतदाता नामावली सम्बन्धी सम्पूर्ण प्रक्रिया पूरा भएको जानकारी गरायो। तर निर्वाचन आयोगको सो निर्णयले काठमाडौं जिल्लामा अस्थायी बसोबास गर्दै आएका र बिगतदेखि नै मतदाता नामावलीमा नाम भएकाहरू करीब ६० हजार भन्दा बढी सो अधिकारबाट बंचित भएको पनि आयोगले नै जनाएको थियो। यस सम्बन्धमा नेकपा (एमाले) लगायतका अन्य राजनीतिक दलहरूले नागरिकलाई संविधानले प्रदान गरेको अधिकारबाट बंचित गर्न नहुने बताउँदै विरोध जनाएका थिए।

नेपाल नेत्रहीन संघले नेपाली अपाङ्गहरूप्रति भेदभाव गरिएको सम्बन्धमा विरोध जनाउँदै अपाङ्गहरूको हकहित संरक्षण र अधिकारको माग गर्दै **०५३ असार २८ गते**देखि रिले अनशन शुरू गरेको थियो। रिले अनशनको २३ औं समूहको पालो सकिएपछि ०५३ साउन १९ गतेदेखि भद्रकालीमा ११ जना नेत्रहीन महिलाहरूले अनिश्चितकालीन अनशन शुरू गरेका थिए। संघले ३४ सूत्रीय माग राख्दै आएको थियो।

राष्ट्रिय अपाङ्ग महासंघका पदाधिकारीहरूले अपाङ्गहरू प्रति सरकारले भेदभावपूर्ण नीति अपनाएकोले विभिन्न माग राख्दै **०५३ साउन ४ गते**देखि भद्रकालीमा रिले अनशन र ०५३ साउन २ गतेदेखि आमरण अनशन बसेर सरकारको ध्यानाकर्षण गराएका थिए।

०५३ साउन २० गते संसद भवन बाहेकका अन्य संसदीय समितिको कार्यालय र चमेना गृहमा पत्रकारलाई जान रोक लगाएकोमा समस्त पत्रकारले संसद सम्बन्धी समाचार बहिष्कार गरे।

गोरखापत्र संस्थानमा कार्यरत वरिष्ठ अधिकृत भीम खरेललाई **०५३ साउन २१ गते** संस्थानकै कर्मचारीहरूले मोसो दली कुटपिट गरे। संस्थानका राजेश दुंगाना, शिवकुमार भट्टराई समेतका व्यक्तिले केही दिन पहिले गोरखापत्र संस्थानभित्रको भ्रष्ट क्रियाकलाप सम्बन्धी समाचार "दृष्टि" साप्ताहिकमा प्रकाशित भएकोमा सोही विषयलाई लिएर उक्त व्यवहार गरेको कुरा पीडितले बताए।

वर्षपुस्तक काठमाडौं जिल्ला प्रतिनिधि लेखनाथ भण्डारीलाई केन्द्रीय कारागार स्थित भद्रबन्दी गृहमा रोल्पा जिल्ला विकास समितिका सभापति झक्कुप्रसाद सुवेदीलाई भेट गरी कागजमा लेखेको निहुँमा **०५३ भदौ १८ गते** जेल अधिकृत नारायण रिमाल र अन्य व्यक्तिले डायरी च्याती दिनुका साथै हप्कीदप्की गरे।

निर्मल प्रिण्टिङ्ग प्रेस भीमसेन स्थानबाट **०५३ साउन २५ गते** प्रहरीले०५३ भदौ ५ गतेको नेपाल बन्दको आह्वान गर्दै प्रकाशित करीब २ लाख पर्चा र ५० हजार पोष्टर जफत गऱ्यो। त्यस्तै सोही दिन प्रहरीले उपत्यका बन्दको आह्वान गर्दै हिडेका र पोष्टर टाँस्दै गरेका सन्त नेपाली, उत्तमबहादुर श्रेष्ठ, भरत बुर्जा मगर र केशव सिंहलाई सिंहदरवार अगाडिबाट पक्राउ गरी १२ दिनसम्म हिरासतमा राख्यो। /

निर्वाचन आयोगले निर्वाचन आयोग ऐन ०४७ (संशोधित)

ले दिएको अधिकार प्रयोग गर्दै **०५३ मंसीर २३ गते** निर्वाचनलाई स्वच्छ र निष्पक्ष गराउन निर्वाचन आचार संहिता ०५३ प्रकाशित गर्‍यो।

२.२ धार्मिक स्वतन्त्रता

काठमाडौं जिल्लामा विभिन्न देशका र देशकै पनि विभिन्न समुदायका मानिसहरू बस्ने गरेकाले विभिन्न धर्म मान्नेहरू रहनु स्वभाविक छ। यहाँ धार्मिक स्वतन्त्रता र सद्भाव राम्रो हुँदाहुँदै पनि विभिन्न आश्वासन र आर्थिक प्रलोभनमा क्रिश्चियन धर्मको गतिविधि बढ्दै गएको छ। धर्म प्रचारका नाममा अवैध संस्था खोलेको र नेपाली केटीहरूलाई त्यस्ता संस्थामा काम दिने वहानामा भर्ना गरी दुर्व्यवहार हुने गरेको बताइन्छ। यस वर्ष डि.टि.सी. डब्लु र जस्फेल फर एशिया नामका संस्थाले त्यस्तो गलत कार्य गरेकोमा प्रहरी कारवाही समेत भएको थियो।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

सर्वोच्च अदालतले प्रकाशित गरेको यस वर्षको पछिल्लो प्रतिवेदन अनुसार सर्वोच्च अदालतमा करीब ११ हजार मुद्दा एक वर्षभन्दा बढी समयदेखि फैसला हुन नसकेर थन्किएका छन्। ती मध्ये ४५ सय मुद्दा पुनरावेदन परी विचाराधीन रहेका छन्।

त्यस्तै अधिराज्यभरिमा आर्थिक वर्ष ०५१/५२ मा सबै जिल्ला अदालतहरूमा ९१ हजार ४९६ मुद्दा रहेकोमा ३९ हजार ६०२ (४३.२८ प्रतिशत) फैसला भए र अन्य ५१ हजार ८९४ मुद्दा बाँकी रहे। त्यसरी मुद्दाहरू थपिने तर किनारा नलाग्नुमा न्याय क्षेत्रमा यसको ढिलासुस्ती र विभिन्न जिल्लामा ३५ जना न्यायाधीशहरूको पदपूर्ति हुन नसक्नु भएको बताइएको छ।

नेपाल विद्युत प्राधिकरण अन्तर्गत साना जलविद्युत विभाग पुलचोकमा कार्यरत नासु हरिप्रसाद पौडेलले आफूले निजामति कर्मचारी नियमावली अनुसारको सुविधा नपाएको र सो हकबाट बंचित गरिएको बताए। उनलाई १५ वर्ष सेवा गरिसकेको कर्मचारीले पाउने सुविधा उपलब्ध गर्नबाट रोकिएकोमा अदालतले समेत म्याद गुज्रेको हुँदा अदालतलाई हस्तक्षेप गर्न मिल्दैन भनी उनको मुद्दाको सुनवाई गरिएन।

राष्ट्रिय अनुसन्धान विभागका डिआइजी हरिबाबु चौधरीले आफ्नै ठूलीआमा र आफ्ना पिताको दाजुकी विधवा पत्नी राधिकादेवीलाई जालसाजी गरी अन्यायमा पारेको र सम्बन्धित न्यायिक निकायहरूले पनि सुनवाई नगरेको गुनासो पीडित राधिकादेवीले गरेकी छन्। ७० वर्षीय राधिका देवीका अनुसार उनका भतिजा हरिबाबुले उनीहरूको काठमाडौं र बारा जिल्लामा भएको जग्गा एकलौटी गरेको र घरमा पनि बस्न नदिई अनेकौं यातना दिने गरेका छन्।

पैतृक सम्पत्तिबाट अंश पाउँ भन्ने माग गर्दै अन्नपूर्ण राणाले काठमाडौं जिल्ला अदालतमा मुद्दा दिएकी थिइन्। उनकी आमा अम्बिका राणाले आफ्नी छोरीले अंश पाउन अविवाहित अर्थात् कुमारी नै हुनु पर्ने माग गरेकी थिइन्। त्यस सम्बन्धमा ०५३ जेठ ३१ गते काठमाडौं जिल्ला अदालतले अन्नपूर्ण राणाले अंश पाउन उनकी आमाको माग बमोजिम पाठेघर र योनी जाँच गरी कुमारी भएको प्रमाणित गर्नु आदेश गर्‍यो। त्यस आदेश विरूद्ध अन्नपूर्णले ०५३ असार २७ गते रिट निवेदन दिएकोमा अदालतले सो आदेश खारेज गरिदियो। अहिले सो मुद्दा सर्वोच्च अदालतमा पुगेको छ।

२.४ सरुवा / बढुवा / पक्षपात आदि

महोत्तरी जिल्लाको गौरीवासमा भएको वस दुर्घटनामा घाइते कृष्ण अधिकारी र सोही घटनाका घाइते सिन्धुली जिल्ला वन कार्यालयका रेन्जर नागेश्वर साहलाई ०५३ साउन १४ गते काठमाडौं स्थित वीर अस्पतालमा भर्ना नगरिएको कारण वरण्डामा नै राख्नु परेको कुरा पीडितका आफन्तले बताए। सिकिस्त अवस्थाका घाइतेलाई घटनाको भोलिपल्ट काठमाडौं ल्याइ पुर्‍याउँदा पनि भेदभाव पूर्ण व्यवहार गरी स्वास्थ्य उपचार गर्न नदिएको गुनासो पीडितहरूले गरे।

नेपाल विद्यालय कर्मचारी परिषदले विद्यालय कर्मचारीलाई निजामति सेवा सरहको सुविधा नदिई पक्षपात गरेको कुरा ०५३ भदौ ६ गते एक भेलाबाट सार्वजनिक गरे।

प्रहरी नायव महानिरीक्षक कृष्णमोहन श्रेष्ठले मध्यक्षेत्र प्रहरीभित्र प्रहरी नियम विपरित काम गर्ने प्रहरी अधिकृत २० जनालाई ०५३ मंसीर १० गतेदेखि विभागीय कार्वाही र ३० जनालाई बर्खास्त गरिएको जानकारी गराएका थिए।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

जानकारीमा आएन।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

काठमाडौं स्थित केन्द्रीय कारागार अन्तर्गत महिला जेलमा ५ वर्षदेखि बन्दी बनाएकी २१ वर्षीय सावित्री चौधरी आफू झुठा अभियोगमा फसाइएको बताउँछिन्। उनले बताए अनुसार प्रहरी

राजधानीमा निस्किएको जुलुसमाथि प्रहरी हस्तक्षेप

हवल्दार हरि कुँवरले प्रेम विवाह गरी इनरूवाबाट काठमाडौं ल्याइएकी सावित्रीमाथि काठमाडौं वल्खु बस्ने १६ वर्षीय सानुमैया चौधरीलाई भारतमा लगी बेचबिखन गरेको अभियोगमा काठमाडौं जिल्ला अदालतले ०५२ मंसीर २० गते १० वर्ष कैद र ५० हजार धरौटी मागेको छ।

काभ्रे जिल्ला दाप्चाचोक गाविस-४ का २८ वर्षीय किरणप्रसाद ख्वनालले कास्की जिल्ला घाचोक गाविस-१ घर भै लैनचौर बस्ने २१ वर्षीय रसकुमारी गुरूङसंग मासिक डेढलाख रूपियाँ बराबरको वैदेशिक रोजगार लगाउने प्रलोभनमा रू. १ लाख ८० हजार लिई भारत लगी बेचेका थिए। उक्त अभियोगमा ०५२ जेठदेखि फरार रहेका पीडक ख्वनाललाई प्रहरीले **०५२ चैत ३ गते** पक्राउ गऱ्यो।

रामेछाप भुजी गाविस-५ की १९ वर्षीय गिता थापालाई ०५२ असोजमा बम्बै लगी बेचेको अभियोगमा प्रहरीले धादिङ जिल्ला मुलपानी गाविस-५ को २८ वर्षीय कृष्ण अधिकारी र सोही जिल्ला आइन्चोक-७ का ४५ वर्षीय वीरबहादुर वि.क.लाई प्रहरीले पक्राउ गऱ्यो। काठमाडौं जिल्ला अदालतको आदेशमा अधिकारीलाई थुनामा राखिएको छ भने वीरबहादुर धरौटीमा छुटेका छन्।

झापा, घैलाडुब्बा-९ घर भै काठमाडौं महाराजगंज बस्ने १४ वर्षीय सरिता भण्डारीले काठमाडौं जिल्ला प्रहरीमा एक जाहेरी दिइन्। उनलाई **०५२ चैत**मा मकवानपुर पद्म पोखरी-१ का समीर लामा र विक्रम लामाले भारतको बम्बैमा लगी ५० हजार भारतीय रूपियाँमा विक्री गरेर भागेका थिए। पीडकहरूलाई यस अघि नै प्रहरीले अन्य महिला बेचबिखनकै घटनामा पक्राउ गरिसकेको थियो।

सुनसरी, इटहरी घर भै स्वयम्भू बस्ने २३ वर्षीय एक युवतीलाई **०५३ जेठ १ गते** स्वयम्भूको जंगलमा बलात्कार गरेको अभियोगमा प्रहरीले तेह्रथुमका २८ वर्षीय राम बास्कोटा र स्वयम्भूका २५ वर्षीय छिरिङ्ग दावालाई पक्राउ गरी कानूनी कारवाही चलाउँदैछ। पीडित युवतीलाई १३ दिनसम्म उपचारको लागि प्रसुती गृहमा भर्ना गर्नु परेको थियो।

प्रहरी यातनाका कारण मृत्युभएका दिपक पराजुली

भद्रकाली गाविस-५ चपलीका वीरसिंह तामाङले आफ्नै ठूली आमालाई **०५३ जेठ १२ गते** घरायसी झगडामा कुटपिट गरी शरीरमा आगो लगाइदिए। प्रहरीले पीडितलाई उपचारका लागि अस्पताल भर्ना गरायो भने पीडकलाई पक्राउ गऱ्यो।

काठमाडौं मनपा-३ वसुन्धराका ४४ वर्षीय राजेन्द्रप्रसाद श्रेष्ठले आफ्नै पत्नी ३० वर्षीय चन्द्रलक्ष्मी श्रेष्ठलाई **०५३ कार्तिक ९ गते** कुटपिट गरी औंला समेत छिनाइ दिएकोमा प्रहरीले राजेन्द्रलाई पक्राउ गरी ०५३ कार्तिक ९ गते रू. १० हजार धरौटीमा छोड्यो।

गोंगबु गाविस-९ की १६ वर्षीय प्रभा गौलीलाई भारत बम्बै लगी बिक्री गरेको अभियोगमा नुवाकोट जिल्ला सुन्दरादेवी गाविसकी कान्छी थापालाई प्रहरीले **०५३ वैशाख ६ गते** पक्राउ गऱ्यो। प्रभा गौली ०५२ माघ १५ गतेदेखि हराएकी थिइन्।

धादिङ, मार्पाक-७ की २४ वर्षीय सीता ठकुरीले काठमाडौं जिल्ला प्रहरी कार्यालयमा एक उजुरी दिइन्। उनलाई **०५२ माघ १५ गते** धादिङ धार्केका ३२ वर्षीय सुशील थापाले ०५३ वैशाख १२ गते काठमाडौं नारायणस्थानमा विवाह गरी बम्बै लगी ६० हजारमा बेचेका थिए। पीडक फेला पर्न सकेका छैनन्।

मकवानपुर जिल्ला चुरियामाई-६ को कुमार लामा र पद्म पोखरीको विकास लामा, समिर लामा र सिन्धुली जिल्ला सुनाखरी घर भै सुन्धारा बस्ने ३५ वर्षीय मीना गुरूङलाई प्रहरीले महिला किनबेचको अभियोगमा ०५३ जेठ ३ गते पक्राउ गऱ्यो। उनीहरूले रामेछाप, बाम्तीकी २६ वर्षीय सुस्मा कार्की र नुवाकोट त्रिशुलीकी १५ वर्षीय उमा बस्नेतलाई ०५२ चैत २५ गते भारतको बम्बैमा लगी ४०-४० हजार रूपियाँमा विक्री गरेका थिए। त्यस्तै तिनै पीडकहरूले ०५२ चैत १० गते झापा, ढुकुरपानीकी १६ वर्षीय कुमारी थापा र सिन्धुपाल्चोककी १६ वर्षीय आशा लामालाई भारतमा लगी रू. ५०-५० हजारमा विक्री गरेका थिए। पीडितहरूले त्यहाँबाट भागेर आई ०५३ वैशाख २२ गते काठमाडौं आई प्रहरीमा जाहेरी दिएका थिए।

नुवाकोट, चाउथे-१ घर भै बौद्ध बस्ने १८ वर्षीय साईली तामाङलाई ०५३ जेठ २ गते बम्बै लगी ०५३ माघ ९ गते बेचेको अभियोगमा प्रहरीले जितपुर गाविस-२ की चिनी माया लामालाई पक्राउ गऱ्यो।

उदयपुर, कटारी-२ घर भै असन बस्ने ४० वर्षीय कृष्णमाया मालीलाई ०५३ वैशाख २२ गते नुवाकोट गणेशस्थान-६ घर भै काठमाडौं मनमैजु-९ मा बस्ने २८ वर्षीय पूर्णबहादुर थापाकी २२ वर्षीय पत्नी सीता र साथमा रहेकी साढे २ वर्षकी छोरीलाई बम्बै लगी विक्री गरेको अभियोगमा प्रहरीले ०५३ जेठ ९ गते पक्राउ गऱ्यो।

नेपालको सरकारी तथ्यांक अनुसार ०५३ कार्तिक १४ गतेसम्ममा ४५७ जना नेपालीमा एड्स देखिएको छ। जसमध्ये ३१ जनाको मृत्यु भइसकेको छ। सम्बन्धित क्षेत्रको सर्वेक्षण एवं अध्ययन अनुसार सन् २००० सम्ममा नेपालमा १ लाख व्यक्तिमा एड्स एच.आइ.भी. पोजेटिभ देखा पर्ने चेतावनी दिइएको छ। यसै बीच विश्व स्वास्थ्य संगठनका अनुसार हाल नेपालमा १० हजार व्यक्ति एच. आइ.भी. पीडित छन्।

काठमाडौं जिल्ला प्रहरी कार्यालयले ०५२ चैत २५ गते पासपोर्ट नं. ०१६९५३ को डि. माचौल नामक इटालियन

नागरिकलाई पक्राउ गर्‍यो। उनले नेपाली केटीहरूलाई विवाह गर्ने प्रलोभनमा नग्न तस्वीर खिचाई अवैध कारोवार गर्ने गरेकोमा अदालतको आदेशमा थुनामा राखि कारवाही चलाइयो।

मकवानपुर जिल्ला घर भै काठमाडौं बस्ने २२ वर्षीय धनबहादुर लामा र २४ वर्षीय श्यामबहादुर लामालाई ०५३ साउन १४ गते प्रहरीले महिला बेचबिखन गरेको अभियोगमा पक्राउ गर्‍यो। उनीहरूले ०५३ असारमा रसुवा घर भै काठमाडौं, जोरपाटी वस्ने १६ वर्षीय छिरिङ्ग ल्हेदोलाई बम्बै लैजाने उद्देश्यले हेटौंडा पुर्‍याए पछि पक्राउ गरिएको र रू. १० हजार धरौटी राख्न नसक्दा थुनामा राखियो।

नुवाकोट, राउतबेसी-४ घरभै काठमाडौं बस्ने २५ वर्षीय विन्दा नेपालीलाई विवाह गरी उपचार गर्न भारतमा लगी आफूमात्र फर्केकोले बेचेको अभियोगमा ०५३ साउन १५ गते नुवाकोट, शिखरबेसी-६ का ३२ वर्षीय धुर्व नेपालीलाई प्रहरीले पक्राउ गर्‍यो। उनलाई ०५३ भदौ ५ गते काठमाडौं जिल्ला अदालतको आदेशमा पुर्पक्षका लागि थुनामा राखियो।

मकवानपुर, हाँडीखोला-१ का १८ वर्षीय ज्ञानु तामाङलाई ०५३ असार ४ गते प्रहरीले पक्राउ गर्‍यो। उनले ०५२ माघमा सर्लाही घर भै बौद्ध बस्ने १८ वर्षीय हिरामाया पुलामीलाई एक कार्पेट फ्याक्ट्रीबाट निकाली बम्बै लगी बेचेका थिए। सो घटनाका अन्य पीडकहरू किरण लामा, मदन लामा, विकास तामाङ, विक्रम तामाङ र विरे तामाङ भने फरार छन्।

मकवानपुर, नामटारका २१ वर्षीय कर्म लामा स्याङ्तानलाई काठमाडौं जिल्ला प्रहरीले ०५३ जेठ २२ गते सोही ठाउँकी १४ वर्षीय माला लामा तिलुङ्गा र १४ वर्षीय सरी लामा स्याङ्तानलाई भारत बम्बै लगी बेचेको अभियोगमा ०५३ असार १४ गते पक्राउ गर्‍यो।

सुन्धारामा वसेर महिलाहरू माथि अभद्र व्यवहार गर्ने गरेको अभियोगमा ०५३ साउन २८ गते प्रहरीले नुवाकोटका २५ वर्षीय विकास श्रेष्ठ, तनहुँका २९ वर्षीय सोमनाथ दौलीया, मकवानपुरका २० वर्षीय विक्रम खड्का, ललितपुरका २५ वर्षीय राजन विष्ट र काठमाडौंका २७ वर्षीय रोशन थापालाई पक्राउ गर्‍यो। उनीहरूलाई ०५३ भदौ २० गते काठमाडौं जिल्ला अदालतले ९-९ हजार धरौटी माग गरेकोमा विकास गुरूङ बाहेक अन्यले धरौटी दिन नसकेकोले थुनामा राखियो।

धापासी गाविस-७ का १७ वर्षीय राजु परियार र १६ वर्षीय सानु परियारले सोही ठाउँकी ५ वर्षीय वालिकालाई बलात्कार गरेको आरोपमा ०५३ साउन २७ गते प्रहरीले पक्राउ गरी थुनामा राख्यो।

झापा पाँचगाछी-६ का ३३ वर्षीय जनादेव ताजपुरियाले ०५३ साउन २८ गते दोलखा जिल्ला घर भै काठमाडौं मनपा-३४ शान्तिनगरकी १७ वर्षीय एक युवतीलाई जोरपाटी स्थित दुर्गा ताजपुरियाकहाँ लगी बलात्कार गरेको अभियोगमा प्रहरीले दुवै जनालाई पक्राउ गर्‍यो। ०५३ भदौ २५ गते काठमाडौं जिल्ला अदालतको आदेशमा दुर्गालाई थुनामा राखियो भने जनार्दनलाई तारेखमा छोडियो।

थानकोटकी २४ वर्षीय एक युवतीलाई ना.अ.ख. ५०४५ को बसमा ०५३ पुस ७ गते केही व्यक्तिले सामूहिक बलात्कार गरे। पीडित युवती थानकोटबाट मैतीदेवी जान लाग्दा हामी पुर्‍याई दिन्छौं भनी बसमा चढाई चक्रपथ जाउलाखेलतर्फ लगी बलात्कार गरेका थिए। पीडकहरू मध्ये नैकाप-८ का २३ वर्षीय अशोक श्रेष्ठ र २९ वर्षीय अनिल श्रेष्ठलाई पक्राउ गरी ०५३ मै छोडियो भने सोही ठाउँका राजकुमार महर्जन र जितेन्द्र नेपाली फरार भए।

काठमाडौं मनपा-१६ बालाजुकी १४ वर्षीय नानीमैया फुयल र मनमैजुकी १५ वर्षीय तारामाया तामाङलाई भारतमा लगी बिक्री गरेको अभियोगमा ०५३ साउन २२ गते प्रहरीले नुवाकोट घर भै ल्हेपी बस्ने २३ वर्षीय रामबहादुर भन्ने राम सिंह लामा र मनमैजुकी२५ वर्षीय बुद्धिमान तामाङ र सोही ठाउँकी २० वर्षीय कान्छी तामाङलाई पक्राउ गर्‍यो। पीडक मध्ये ०५३ असोज १० गते काठमाडौं जिल्ला अदालतको आदेशले रामसिंहलाई थुनामा राखियो भने अन्यलाई तारेखमा छोडियो।

चितवन घर भै बौद्ध बस्ने २३ वर्षीय एक युवतीलाई ०५३ मंसीर ६ गते स्वयम्भूमा एक्लै फेला पारी ६ जनाले सामूहिक बलात्कार गरे। सो अभियोगमा प्रहरीले इचुङ्ग गाविस-६ का २२ वर्षीय शिवराम बराल र १६ वर्षीय विषे तामाङलाई पक्राउ गर्‍यो।

यसै वर्ष भारतको महाराष्ट्र राज्यको अदालतले देह व्यापारमा संलग्न विभिन्न क्षेत्रमा छापा मार्दा पक्राउ परेका व्यक्ति मध्ये २१८ जना नेपाली महिला थिए। ती मध्ये ५ जनाको भारतमै निधन भयो भने बाँकीलाई नेपाल फर्काइयो। त्यसरी फर्काइएका महिलाहरूलाई विभिन्न गैर सरकारी संस्थाहरू र आफन्तको संरक्षणमा राखिएको छ।

काठमाडौं मनपा-३५ कोटेश्वरकी एक ८ वर्षीय वालिकालाई सोही ठाउँका २२ वर्षीय दिपक थापाले ०५३ मंसीर १८ गते बलात्कार गरेको अभियोगमा थापालाई प्रहरीले पक्राउ गर्‍यो।

चितवनकी एक युवतीलाई ०५३ मंसीर ५ गते सामाखुशीमा पुर्‍याइदिने भनी ककनी लगी बलात्कार गरेको अभियोगमा प्रहरीले इलाम घर भै ककनीमा एवाउट रेष्टुरेण्ट एण्ड रिर्सोटमा काम गर्ने २८ वर्षीय उदय लामालाई पक्राउ गर्‍यो।

नयाँ बसपार्क स्थित ओसिलु गेष्ट हाउसमा एक २२ वर्षीय युवतीलाई बलात्कार गरेको अभियोगमा प्रहरीले ०५३ वैशाख २५ गते रमेश रानामगर र उनलाई सहयोग गर्ने बसन्ती राईलाई पनि प्रहरीले पक्राउ गर्‍यो।

धादिङ, बेनीघाट घर भै कोटेश्वर बस्ने १३ वर्षीय एक वालिकालाई ०५३ जेठ ३ गते बलात्कार गर्ने भक्तपुर चाँगुनारायण-९ का ३१ वर्षीय रामकुमार के.सी.लाई प्रहरीले पक्राउ गर्‍यो।

आवास तथा भौतिक योजना मन्त्री वालाराम घर्ती मगरका निजी सहायक तथा भानिज नाता पर्ने खगेन्द्र बुढाले रोल्पा जिल्लाकी एक १८ वर्षीय युवतीलाई काम लगाई दिने प्रलोभनमा ललाई फकाई ०५३ वैशाख २७ गते बलात्कार गरेको र विवाह समेत गर्छु भनेकोमा विवाह नगरी अभद्र

व्यवहार गरी छोडेको गुनासो पीडितले नै गरिन्। उनका अनुसार पीडकले अर्को एक युवतीलाई पुनः लिएर हिड्न थालेको तर पनि प्रहरीद्वारा कुनै कारवाही गरिएन।

काठमाडौं मनपा-१० वानेश्वरकी ६ वर्षीय एक वालिकालाई बलात्कार गरेको अभियोगमा प्रहरीले **०५३ मंसीर** १८ गते काभ्रे घर भै कोटेश्वर बस्ने १९ वर्षीय कमल तामाङलाई पक्राउ गऱ्यो।

नैकाप नयाँ भञ्ज्याङ्गका मुगल बस्नेतले आफ्नी पत्नी २५ वर्षीय विमला बस्नेत, छोरी ८ वर्षीय सुधा र ५ वर्षीय छोरा सुवास समेतलाई ०५३ मंसीर २७ गते कुटपिट गरेको र छुरा प्रहार गरी घाइते बनाएकोमा पिडकलाई प्रहरीले पक्राउ गऱ्यो।

उल्लेखित घटना समेत महिला किनबेचका ३१ वटा घटना यो वर्ष प्रहरी कार्यालयमा दर्ता भएका थिए। त्यस्तै बलात्कारका अन्य १३ वटा घटना प्रकाशमा आए।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

वालाजु स्थित स्टार गेष्ट हाउस र ठमेल स्थिति हिमगिरी होटलमा छापामारी प्रहरीले वेश्यावृत्तिमा संलग्न केही व्यक्तिलाई **०५३ वैशाख ६ गते** पक्राउ गरी कारवाही चलायो। पक्राउ पर्नेहरूमा काठमाडौं त्यौडका रविन वलामी, रसुवाकी मुङ्माया घले र स्टारगेष्ट हाउसका मालिक रामशरण पटेवाल तथा हिमगिरीबाट टासी सुम्जुङ्ग छिरिङ्ग लाटेन, निर्मला राई, टासी लामा र मनोज पौडेल छन्।

कास्की, पोखरा नपा-४ का काजी गुरूङ र मनोज पौडेल, सुनसरी धरान नपा-११ का निर्मला राई, सिक्किमको धुम्नुङ्ग तिब्बतीयन र टासी भुटियालाई **०५३ जेठ ११ गते** प्रहरीले पक्राउ गऱ्यो। उनीहरूलाई ठमेल स्थित हिम गिरी गेष्ट हाउसमा बाहिरबाट युवती ल्याई देहव्यापार गरेको अभियोग लगाइएको थियो। त्यस्तै अभियोगमा सामाखुशीमा स्टार गेष्ट हाउसका व्यवस्थापक रसुवा, स्याप्रु-९ की मुङमाया घले, १७ वर्षीय नविन बलामी र ३४ वर्षीय रामशरण पोखरेललाई पनि प्रहरीले पक्राउ गऱ्यो।

मकवानपुर जिल्ला घर भै काठमाडौंमा विभिन्न स्थानमा देहव्यापारमा संलग्न भएको अभियोगमा प्रहरीले २२ वर्षीय लक्ष्मी बस्नेतलाई **०५३ जेठ ११ गते** पक्राउ गऱ्यो। उनले आफूलाई प्रहरी सहायक निरीक्षक वताएर विभिन्न नाम विष्णु विष्ट, सीता के.सी. आदि वताएर ठगी गरेकोमा समेत प्रहरीले कारवाही चलायो। सो दिन प्रहरीले उनीसँगै काठमाडौं वाफल बस्ने २३ वर्षीय अनिल गुप्तालाई बा.अ.फ. ७६४० नं. को भ्यानमा पक्राउ गरी कारवाही चलाएको थियो।

झापा, राजगढका १७ वर्षीय एक युवतीलाई झापा, गोलधाप-४ घर भै वालकुमारीमा बस्ने २६ वर्षीय कमला लुइँटेलले देहव्यापारमा लगाएको अभियोगमा **०५३ जेठ १५ गते** प्रहरीले पक्राउ गऱ्यो। पीडकलाई काठमाडौं जिल्ला अदालतको आदेशमा थुनामा राखी कारवाही चलाइयो।

जोरपाटी गाविस-६ का २७ वर्षीय प्रेमराज कुलुङ्गलाई **०५३ जेठ २७ गते** वहुविवाह गरेको अभियोगमा प्रहरीले पक्राउ गऱ्यो। श्रीमती कमला राईसंग विवाह भएका कुलुङ्गले ०५२ पुसमा मन्जु राई नामकी अर्को युवतीसंग विवाह गरेकोमा ०५३ असार ६ गते रू. ३५ हजार धरौटीमा रिहाइ भए।

नैकाप गाविस-२ की ४० वर्षीय सरस्वती दमिनीलाई प्रहरीले देहव्यापार गराएको आरोपमा **०५३ साउन ११ गते** पक्राउ गऱ्यो। उनले ०५३ जेठदेखि सोही ठाउँकी एक १४ वर्षीय वालिकालाई राम्रो काम लगाउँछु भन्ने प्रलोभनमा घरमा राखी वेश्यावृत्ति गराएकोले जीउ बेच्ने मास्ने नियन्त्रण ऐन ०४३ को दफा ८ (१) अनुसार अपराध गरेकोमा थुनामा राखियो।

नुवाकोट, घर भै काठमाडौं सोह्रखुट्टे बस्ने २५ वर्षीय दिपक पाण्डेले २२ वर्षीय पत्नी सरस्वती हुँदाहुँदै ०५३ साउन १० गते सोही ठाउँकी १९ वर्षीय उषा नेउपानेलाई विवाह गरेकोमा **०५३ मदी १० गते** प्रहरीले दुवैलाई पक्राउ गरी कारवाही चलायो। उनीहरू दुवैलाई ०५३ असोज १ गते रू. २-२ हजार धरौटीमा छोडियो।

काठमाडौं मनपा शंखमुलमा प्रहरीले वेश्यावृत्तिमा संलग्न ५ व्यक्तिलाई **०५३ असोज १६ गते** पक्राउ गऱ्यो। पक्राउ पर्नेहरूमा बबरमहलका सत्यानारायण श्रेष्ठ, काभ्रेका राजु पाठक, हेटौंडाकी निर्मला तामाङ, रामेछापकी कान्छी तामाङ र सो घरमा ४-५ महिनादेखि वेश्यावृत्ति संचालन गर्ने हेटौंडाका वासुदेव जोशी थिए।

काठमाडौं उपत्यकामा सि.पि.सि.नामको एक गैर सरकारी संस्थाको देहव्यापार सम्बन्धी सर्वेक्षण अनुसार ४ हजार ८ सय महिला यस पेशामा छन्। ती मध्ये ८ सय खुला वेश्यावृत्ति गर्ने र अन्य अर्ध गोप्य र गोप्य वेश्यावृत्ति गर्दछन्। त्यसरी देहव्यापार गर्नेहरूमा ११-१७ वर्ष बीचको उमेरका बढी रहेका छन्।

यो वर्ष यो जिल्लामा ८ वटा वहुविवाहका घटना प्रहरी कार्वाहीमा परे।

४.३ गर्भपतन

स्वयम्भू किमाडोलमा ३-४ महिनाको एक गर्भस्थ शिशु गर्भपतन गरी फालिएको अवस्थामा **०५३ पुस ४ गते** फेला पऱ्यो।

काठमाडौं जिल्ला प्रहरी कार्यालयले जोरपाटीकी एक २० वर्षीय युवतीलाई **०५३ साउन २ गते** बौद्ध वडा प्रहरी कार्यालय मार्फत गर्भपतन गरेको अभियोगमा पक्राउ गऱ्यो। ती युवतीलाई स्वास्थ्य परीक्षणको लागि प्रसुती गृहमा भर्ना गरी प्रहरीले तारेखमा छोड्यो। गर्भपतन सम्बन्धी २ वटा घटना प्रहरी कार्यालयमा कार्वाहीका लागि उजुरी परेको थियो।

काठमाडौं मनपा- १२ टेकुमा फोहर मैलाको थुप्रोमा ५-६ महिनाको गर्भस्थ शिशु गर्भपतन गरी फालिएको अवस्थामा **०५३ मदी ६ गते** फेला पऱ्यो। सो गर्भपतन कसले गऱ्यो वा गरायो थाहा हुन सकेन।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

काठमाडौंमा वालअधिकारको स्थिति सन्तोषजनक नरहेको

कुरा यससंग सम्बन्धित गैर सरकारी संस्थाहरूले विभिन्न सर्वेक्षणहरूबाट पुष्टि गर्दै आएका छन्। उपत्यकाका ३ जिल्ला मध्ये काठमाडौंमा हजारौंको संख्यामा वाल मजदूरहरूको शोषण हुने गरेको छ। सयौंको संख्यामा वालिकाहरूलाई देहव्यापारमा लगाउने र वालकहरूको पनि यौन शोषण गरेका घटनाहरू यस वर्ष प्रकाशमा आए।

यस वर्ष युनिसेफ तथा राष्ट्रिय योजना आयोगले प्रकाशित गरेको तथ्यांक अनुसार दयनीय वातावरणीय अवस्था, खाना, झाडा पखाला, संक्रामक रोग जस्ता कारणले ६-१७ महिना उमेरका वालवालिकाहरूलाई सबभन्दा बढी असर पुऱ्याउँदछ। सन् १९९०-१९९५ बीच गरिएको विभिन्न विकासोन्मुख देशहरूको सर्वेक्षण अनुसार नेपालमा ६ महिनादेखि ३ वर्ष समूहका ६३ प्रतिशत वालवालिकाहरू कुपोषणबाट प्रभावित छन्। त्यसरी कुपोषणले प्रभावित वालवालिकाहरूमा ग्रामीण क्षेत्रमा ६४ प्रतिशत र शहरी क्षेत्रमा ४९ प्रतिशत तथा पूर्वाञ्चल विकास क्षेत्रमा ५७ प्रतिशत र पश्चिमाञ्चल क्षेत्रमा ७४ प्रतिशत रहेको छ।

पाल्पा, तानसेन नपा-३ घर भै काठमाडौंमा औषधि व्यवसाय गर्ने ३२ वर्षीय मधुसुधन मुनाकर्मीले १२ वर्षीय वालक धिरज के.सी.लाई घरमा राखी काम लगाउने र सिक्रीले समेत बाँध्ने गरेको अभियोगमा ०५३ भदौ ७ गते प्रहरीले पक्राउ गऱ्यो। पीडक मुना कर्मीलाई ०५३ भदौ १४ गते रू. २८ हजार धरौटीमा छोडियो।


मधुसुदन मुनाकर्मी

वाल यौन दुराचार गरेको आरोपमा ०५३ असार ११ गते वेलायती नागरिक निकोलास हेवार्डलाई प्रहरीले पक्राउ गरेको थियो। त्यस्तै डेनिस नागरिक डा. लुकाशलाई पनि सोही अभियोगमा पक्राउ गरिएको थियो। प्रहरीले त्यस सम्बन्धी कानूनको अभाव भएको देखाएपछि उनीहरू दुवै जनालाई केही समयसम्म हिरासतमा राखी छोडिएको छ। निकोलास हेवार्ड ०५३ कार्तिक १४ गते रिहाइ भए। गैरकानूनी गतिविधिमा संलग्न भएको अभियोगमा डा. लुकाशलाई भने थुनामा राखिएको छ। वाल विकाससंग सम्बन्धित गैर सरकारी संस्था मार्फत यी व्यक्तिहरूले विभिन्न ठाउँका खाते वालकहरूलाई जम्मा गरेर यौन शोषण गर्ने गरेको सम्बन्धमा पीडितले उजुरी दिएका थिए।

अर्थ मन्त्रालयको सिफारिसमा काठमाडौं जिल्ला प्रशासन कार्यालयको आदेशमा धनुषा, तुलसी-६ घर भै जोरपाटीमा गलैंचा कारखाना खोली बस्ने ५० वर्षीय अम्वर बहादुर कार्कीले नावालक वालवच्चाहरूलाई घरभित्र थुनेर काममा लगाई श्रम शोषण समेत गरेको अभियोगमा **०५३ असोज ३ गते** प्रहरीले पक्राउ गऱ्यो। पीडक कार्कीलाई ०५३ असोज २२ गते काठमाडौं जिल्ला अदालतको आदेशमा रू. २८ हजार धरौटीमा छोडियो।

काठमाडौं मनपा- ९ गैरी गाउँका कृष्णराम खत्रीले ०५३ वैशाख १६ गते आफ्नो घरको गाई गोठमा एक ६ महिनाकी वालिका कसैले फालेको फेला पारे। सो वालिकाको साथमा एउटा कागजमा यसको आमा मरेको र बाबुले रक्सी खाएर वेवास्ता गरेकाले कसैले त्रिशुलीमा लगिदिनु भनी लेखिएको थियो। ती वालिकालाई प्रहरीले वालमन्दिरमा बुझायो।

नेपालले यसै वर्ष वालअधिकार सम्बन्धी संयुक्त राष्ट्र संघीय महासन्धिलाई अनुमोदन गरेको ६ वर्षपछि सो सम्बन्धी प्रतिवेदन राष्ट्रसंघीय आयोगमा पठायो। नेपालमा त्यस्ता वालवालिकाको जनसंख्या ४३ प्रतिशत रहेको छ।

यस वर्ष बन्दी सहायता नियोग पामले आफ्ना अभिभावकसंग जेलमा रहेका ६४ जना वालवालिकामध्ये ३४ जनालाई अमृत स्कूल म्हेपीमा भर्ना गराई व्यावसायिक शिक्षा दिएको र ५ जनालाई आवासीय रूपमा संरक्षण दिएको थियो। त्यस्तै ४ जना स्काइलार्क विद्यालय र २१ जना सिविन ह्यापी होममा शिक्षा लिंदैछन्। अझै पनि १५ जना वालबच्चा केन्द्रीय कारागारमा छन्।

गैर सरकारी संस्थाहरूको सर्वेक्षण अनुसार नेपालमा हाल १ हजारमा १ सय ८ वालक र ८ सय ५४ वालिकामात्र विद्यालय भर्ना हुन्छन्। ती मध्ये कक्षा ४ सम्म पुग्दा ५५ प्रतिशतले विद्यालय छोड्ने र त्यसभन्दा माथि ४१ प्रतिशत वालक १४ प्रतिशत वालिकाले मात्र पढ्ने अवसर पाउँछन्। नेपालमा वाल अधिकार सम्बन्धी १०० भन्दा बढी गैर सरकारी संस्था रहेकोमा ५ वटा भन्दा बढी सक्रिय छैनन्।

यो जिल्लामा विभिन्न स्थानमा यस वर्ष ७ वटा नवजात शिशु मृत अवस्थामा फालिएको फेला पऱ्यो।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

यससंग सम्बन्धित प्रत्यक्ष उल्लंघनका घटनाहरू देखा नपरे पनि आर्थिक गतिविधिका राष्ट्रिय कारोवारमा यो जिल्ला अगाडि छ। यसै क्रममा यस वर्ष यहाँ आर्थिक अनियमितताका ठुल-ठूला घोटालाहरू प्रकाशमा आए।

यस वर्ष प्रतितपत्र घोटाला सबैभन्दा बढी चर्चाको विषय बन्यो। सरकारले लवराज शर्माको अध्यक्षतामा यस सम्बन्धी एक छानवीन समिति गठन समेत गऱ्यो। छानवीन आयोगले प्रतितपत्र घोटाला काण्डमा १ सय ७५ व्यापारिक फर्मबाट ५१ करोड रूपियाँ अपचलन भएको प्रतिवेदन अर्थमन्त्रीलाई बुझायो।

यस वर्ष माथिल्लो ओहोदामा रहेका शक्ति र सम्पत्ति सम्पन्न १२४ जना व्यक्तिले श्री ५ को सरकारको विशेष कोषबाट र गृहमन्त्रालयको सिफारिसमा रू. ६४ लाख बराबरको रकम स्वास्थ्य उपचारको नाममा लिए। त्यसरी रकम लिनेहरूमा मन्त्री, सांसद र त्यस्तै व्यक्तिका आफन्तहरू र राजनीतिक दलका नेताहरू थिए।

धनकुटा, चुङमा-६ घर भै काठमाडौं बस्ने २८ वर्षीय उमा थापा र झापा जिल्ला विर्तामोड घर भै काठमाडौं मनपा-३१ पुतलीसडक बस्ने २७ वर्षीय दुर्गा प्रसाई समेतका व्यक्तिले विभिन्न व्यक्तिहरूबाट करीब डेढ लाख भन्दा बढी

रकम लिएर वैदेशिक रोजगारमा लगाउँछु भनी ठगी गरेकोमा प्रहरीले ०५३ साउन १५ गते पक्राउ गर्‍यो। त्यसरी ठगी गर्नेहरू मध्ये पक्राउ परेका २ जनालाई ०५३ भदौ १७ गते रू. ५० हजार धरौटीमा छोडियो।

मैतीदेवीकी ५० वर्षीय शिला गुरूङलाई प्रहरीले वैदेशिक रोजगार सम्बन्धी ठगी कार्यको अभियोगमा ०५३ साउन १६ गते पक्राउ गर्‍यो। गुरूङले एभरेष्ट फोरेन इम्पलाइमेण्ट सेन्टर अफिस स्थापना गरी विभिन्न मानिसलाई ठगी गरेकोमा सोलुखुम्बु सल्लेरी-५ का लगनबहादुर विश्वकर्माले दिएको जाहेरीमा पक्राउ गरिएको थियो। काठमाडौं जिल्ला अदालतको ०५३ भदौ १४ गतेको आदेशमा २० लाख धरौटी दिन नसक्दा थुनामा राखियो।

पाल्पा, पोखराथोक-२ घर भै कुलेश्वर बस्ने ३० वर्षीय जनक थापा मगर र ३० वर्षीय वीरबहादुर राना मगरलाई ०५३ असोज २५ गते काठमाडौं जिल्ला अदालतले वैदेशिक रोजगारीको प्रलोभनमा ठगी गरेकोमा रू. ५० हजार धरौटी माग गर्‍यो। उनले विभिन्न १० जनाबाट ५ लाख ३५ हजार रुपियाँ लिई ठगी गरेको भनी प्रहरीमा उजुरी परेको थियो।

राष्ट्रिय वाणिज्य बैंक कर्मचारी संघले पेशागत हकहित र वाणिज्य बैंक व्यवस्थापन भित्र रहेका अनियमितता नियन्त्रण गरिनु पर्ने विषयलाई लिएर यस वर्ष पटक-पटक आन्दोलन गर्‍यो। तर ती आन्दोलनहरूमा प्रहरी हस्तक्षेप, दमन र गिरफ्तारी गरिएको थियो। संघका अनुसार बैंक व्यवस्थापनले ३८ जना कर्मचारीलाई निलम्बन गर्‍यो। यसै बीच ०५२ चैत ८ गते बैंकको केन्द्रीय कार्यालय टंगालमा धर्नारत सयौं कर्मचारीमाथि प्रहरीले लाठी चार्ज गर्दा ५ जना सख्त घाइते, ३१ जना सामान्य घाइते र ६४ जना गिरफ्तार भए।

नेपाल कपडा उद्योग संघले आर्थिक वर्ष ०५३/५४ को श्री ५ को सरकारको बजेटको कारण देशका कपडा उद्योगहरू संकटग्रस्त भएको, अरबौं बराबरको लगानी अवरूद्ध भएको र २० हजार कामदारको रोजगारी अनिश्चित भएको जनाएको थियो।

कास्की, घर भै काठमाडौं भोटेबहाल बस्ने ४६ वर्षीय तीर्थबहादुर तामाङलाई ०५३ असोज ३ गते प्रहरीले पक्राउ गर्‍यो। उनले विभिन्न व्यक्तिलाई जापान पठाइदिन्छु भनी ३ लाख बराबर रकम ठगेको अभियोगमा ०५३ असोज २० गते रू. ५० हजार धरौटी अदालतले माग गर्दा दिन नसकेकोले थुनामा राखियो।

झापा, पृथ्वीनगर-५ का ३५ वर्षीय टंक मिश्र र शरणामती गाविस- ५ को २० वर्षीय चन्द्रप्रसाद पाठकले केही व्यक्तिलाई ०५३ असोज २५ गते वैदशिक रोजगारीमा पठाउने भनी पैसा लिई ठगेकोमा ती दुवैलाई प्रहरीले पक्राउ गर्‍यो। ०५३ कार्तिक २० गते अदालतले माग गरेको १ लाख २५ हजार धरौटी दिन नसक्दा ती दुवै जनालाई थुनामा राखियो।

रोजगारीका लागि अरबमा पठाउने प्रलोभनमा विभिन्न १३ व्यक्तिहरूबाट रू. २३ लाख बराबरको रकम ठगी गर्नेहरू लोटस इन्टरनेशनल प्रा.लि. चाकुपाट निर्देशक कालध्ज लिम्बु भनिने गोसन सुब्बा र सोही संस्थाका विनोद सिंहलाई प्रहरीले ०५३ भदौ ३ गते काठमाडौं डिल्लीबजार स्थित सदरखोरमा कार्वाहीका लाथि थुनामा राख्ने गरी बुझायो।

एक हप्तासम्म नेपाल कारखाना मजदूर कांग्रेसका पदाधिकारीहरूले ३२ सूत्रीय विभिन्न पेशागत, श्रम र ट्रेड यूनियन सम्बन्धी माग राख्दै ०५३ साउन १७ गते भद्रकालीमा अनशन बसे।

ब्राइटर टुथपेष्ट उद्योग प्रा.लि.का कर्मचारीहरूले ०५३ भदौ १६ गते समयमा पारिश्रमिक नपाएको गुनासो गरे। कर्मचारी संचयकोष केन्द्रीय कार्यालयका अनुसार कारखाना मजदूरहरूले श्रम ऐनमा व्यवस्था अनुसार सुविधा प्राप्त गर्न नसक्दा करीब ४ लाख २० हजार मजदूर संचयकोष सेवा सुविधाबाट बंचित छन्।

त्रिपुरेश्वर स्थित नुरमहल रेष्टुरेण्टमा कामदार मजदूरले ०५३ भदौ १४ गते ट्रेडयुनियन गठन गर्दा रेष्टुरेण्ट व्यवस्थापनले कर्मचारी निस्काशन गरेको कुरा युनियनका सचिव राजेन्द्र हमालले बताए।

शिक्षण अस्पतालमा कार्यरत चिकित्सकहरूले चिकित्सक भत्ता नपाएकोमा ०५३ असार २० गते अस्पतालमा हड्ताल गरी विरोध जनाए।

उपत्यका गलैंचा मजदूर युनियनले श्रम ऐन लागु भए पनि सो ऐन व्यवहारमा कार्यान्वियन नगरिएको, पारिश्रमिकमा एक रूपता र स्तर निर्धारण नगरिएको, न्यून ज्याला रहेको र नियुक्ती नदिई काममा लगाउने गरेको जनाएको छ।

दैवी प्रकोप उद्दार राहत कोषबाट राजनीतिक क्षेत्रका प्रभावशाली व्यक्तिले लाखौं रूपियाँ लिई दुरूपयोग गरेको कुरा ०५३ मंसीर १३ गतेको "समकालीन" साप्ताहिकले जनाएको थियो। जसअनुसार युवा, खेलकूद तथा संस्कृति मन्त्री वलबहादुर के.सी. ले ३ लाख ५० हजार, नेका सोलुखुम्बुका सचिव आङगेलु शेर्पाले १ लाख, राज्यमन्त्री मोतिप्रसाद पहाडीले १ लाख ५० हजार लिएका छन्। प्रधानमन्त्रीको अध्यक्षतामा गठित यस कोषबाट यस वर्ष त्यसरी नै १ करोड १३ लाख खर्च भइसकेको छ।

नेपाल कारखाना मजदूर कांग्रेस मोरङ्गले विराटनगरमा रहेका तर बन्द अवस्थामा पुगेका गणपति कटन मिल, रघुपति जुटमिल र विराटनगर जुट मिल संचालन तथा मजदूरसंग सम्बन्धित अन्य ७ सूत्रीय माग राख्दै कारखानाका मजदूरहरू ०५३ साउन ४ गते काठमाडौं भद्रकालीमा १ हप्तासम्म अनशन बसे। कार्यक्रममा संघका पदाधिकारीहरूको सहभागिता रहेको थियो।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहारहरु / छुवाछूत समेत

काठमाडौं मनपा-१४ कालीमाटीका राजेश डंगोल र उनकी

आमा दिलशोभा डंगोलले ०५३ जेठ २२ गते १९ वर्षीय मीरा क्षेत्रीलाई मरणासन्न हुन्जेल कुटपिट गरी यातना दिए। राजेशले आफ्नी फुपुको घरमा काम गर्न बसेकी सर्लाही घर भएकी मीरालाई प्रेम विवाह गरेका थिए। तर त्यस अघि पनि विवाहित राजेशले आफ्नी आमाले जातीय अन्तर देखाई यातना दिन र पन्छाउन थालेपछि कुटपिट गर्ने, नग्न फोटो खिचाउने र गुप्ताङ्गमा नुन खोर्सानी दलिदिने जस्ता अमानवीय कार्य गर्दै आएका थिए। सो घटनामा संलग्न राजेश र दिलशोभा तथा फोटो खिच्न सहयोग गर्ने सुदामा गुप्तालाई प्रहरीले पक्राउ गरी कारवाही चलायो।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

राष्ट्रिय वाणिज्य बैंक कर्मचारी संघको शान्तिपूर्ण केन्द्रीय कार्यालय घेराउ कार्यक्रममा भएको प्रहरी हस्तक्षेपको विरोध गर्दै **०५२ चैत ८ गते** इन्सेकले वार्ताद्वारा समस्या हल गर्न माग गऱ्यो। यसै सम्बन्धमा बैंक कर्मचारी संघले पनि एक विज्ञप्ति जारी गर्दै प्रहरी हस्तक्षेपको घोर भर्त्सना गऱ्यो।

नेपाल मानवअधिकार संगठन, मानवअधिकार संरक्षण मंच, इन्सेक, सविन र अन्तर्राष्ट्रिय ऐक्यवद्धता समूहले **०५३ वैशाख २७ गते** एक प्रतिवेदन सार्वजनिक गर्दै रोल्पा, रुकुम, जाजरकोट लगायतका केही जिल्लामा मानवअधिकारको उल्लंघन राज्य पक्षले गरेको कुरा सार्वजनिक गरे।

०५३ असार ५ गते एम्नेष्टी इन्टरनेशनल नेपालले एक प्रेस वक्तव्य प्रकाशित गर्दै सन् १९९५ मा विश्वका ४१ वटा देशमा २ हजार ९ सय व्यक्तिलाई मृत्यु दण्ड दिएको जनाएको थियो।

मध्य क्षेत्रीय प्रहरी कार्यालयले **०५३ साउन ५ गते** एक पत्रकार भेटघाट कार्यक्रममा मध्य क्षेत्रमा आर्थिक वर्ष ०५१/५२ को तुलनामा ०५२/५३ मा ३.३६ प्रतिशत अपराधका घटनामा वृद्धि भएको जानकारी गरायो। ०५१/५२ मा एक हजार १ सय २४ घटना भएकोमा सबैभन्दा बढी काठमाडौंमा र त्यसपछि सबैभन्दा कम १२ वटा मात्र रसुवामा भएको थियो।

मानवअधिकारवादी संस्थाहरू इन्सेक, मासम, नेमाधि संगठन, सिविन, सिभिक्ट, इन्हुरेड लगायतका १० वटा संस्थाहरुद्वारा **०५३ साउन २० गते** प्रधानमन्त्री समक्ष एक ज्ञापन पत्र प्रस्तुत गरियो। त्यस अघि ०५३ साउन १७ गते न्यूरोडबाट निस्केको एक जुलुसले भद्रकालीसम्म पुगेर सार्वजनिक गरेको सो ज्ञापन पत्रमा नेपाल अधिराज्यको संविधान ०४७ ले ग्यारेण्टी गरेका मानवअधिकारको उपभोग गर्नबाट नागरिकहरू वंचित भएको र देखा परेका मानवअधिकार सम्वन्धी समस्याका सम्बन्धमा प्रधानमन्त्रीको ध्यानाकर्षण गरिएको थियो।

राष्ट्रिय सभा सांसद शिलुप्यारी कर्माचार्यले सदनमा **०५३ साउन ३१ गते** १ सय २४ युवती बम्बैबाट फर्काएर गैर सरकारी संस्थाले नेपाललाई डम्पिङ्ग साइड बनाएको वताउनु भएको थियो।

९. अतिरिक्त जानकारीहरु (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष काठमाडौंमा मात्र मध्यमाञ्चल क्षेत्रका १९ वटा जिल्ला मध्ये यस क्षेत्रमा हुने सामाजिक अपराधका घटनाहरूमा सबैभन्दा बढी ३२.२ अर्थात् एक तिहाई घटनाहरू भए। प्रहरी सूत्रका अनुसार जनसंख्याको बढ्दो चापले यस्ता घटनाहरू बढी हुने गरेको बताइए पनि सामान्यतया राज्यस्तरबाट हुने मानवअधिकार हननका घटना बाहेकका अन्य सामाजिक हिंसा र अपराधका घटनामा पनि ६० प्रतिशतमा भन्दा बढी मानवअधिकारको उल्लंघन हुने गरेको र बाँकी घटनामध्ये पनि १५ प्रतिशतले अप्रत्यक्ष मानवअधिकार हननको संकेत गर्ने तथा २५ प्रतिशतमात्र सामान्य प्रकारको घटना हुने गरेको पाइएको छ।

उपत्यकाको विभिन्न स्थानमा **०५३ वैशाख २५ गते** एकैदिन ६ जनाले आत्महत्याको प्रयास गरेकोमा ३ जनाको मृत्यु भयो भने ३ जनालाई उपचार पछि घर फर्काइएको थियो। त्यसरी नै ०५३ असार १ गते उपत्यकाका विभिन्न स्थानमा ४ जनाले आत्महत्या गरेका थिए।

आफूले पाउँदै नपाएको पगरी गुथी आफूलाई महान समाजसेवी तथा सम्माननीय व्यक्ति भएको बहानामा ठगी गर्दै हिडेको अभियोगमा ललितपुर निवासी जगदिश वैद्यलाई प्रहरीले **०५३ साउन २० गते** पक्राउ गऱ्यो। तर वैद्य तत्कालै प्रहरीलाई झुक्याएर भागेकोमा फेरि प्रहरीले कुनै चासो लिएको देखिएन।

काठमाडौं मनपा-१४ डल्लु आवास क्षेत्रमा स्वयम्भू वडा प्रहरीले **०५३ असार १ गते** एउटा सुटकेश रहस्यमय अवस्थामा फेला पाऱ्यो। सुटकेशभित्र संचार सेट १, प्लाष्टिक विष्फोटक पदार्थ आदि थियो। कतै आतंकवादी गतिविधिसंग सम्बन्धित गिरोहले सो सामान फालेको हुनु पर्ने प्रहरीको अनुमान छ।

यस वर्षको वर्षादमा नेपालको पूर्वी तराईमा विभिन्न जिल्लामा आएको बाढी र वर्षादले १३९ जना व्यक्तिको ज्यान गएको कुरा गृहमन्त्रालयले जनाएको थियो। त्यस्तै ८ हजार ४ सय ८१ घर क्षतिग्रस्त भए भने ७० जना व्यक्ति वेपत्ता भए।

यस वर्ष यस जिल्लामा आत्महत्याका घटनाहरू १ सय ८४ वटा भए। ती घटनाहरूले सामाजिक जनजीवनमा देखिएको विकृति र असन्तुलनलाई संकेत गरेको कुरा सम्बन्धित क्षेत्रका विशेषज्ञहरू बताउँछन्। त्यस्ता घटनामा विष सेवनबाट ६९, आगोमा जलेर २५, झुण्डिएर ८६, हामफालेर १ र हातहतियार प्रयोग गरी ३ जनाले आत्महत्या गरेका थिए।

यस वर्ष यस जिल्लामा ११ वर्षदेखि ७७ वर्षसम्मका विभिन्न व्यक्तिले आत्महत्या गरेकोमा **०५३ माघ ४ गते** ७४ वर्षीय पूर्व अंचलाधिश टेकबहादुर रायमाझीले पनि आफ्नै घरको कोठामा झुण्डिएर आत्महत्या गरेका थिए।

यस वर्ष यो जिल्लामा चोरीका १ सय ४ घटना प्रहरीमा दर्ता भए। सवारी दुर्घटनामा १ सय ४ जनाको मृत्यु भयो। लागु औषधका ७८ घटनामा प्रहरीले कारवाही चलायो। त्यस्तै ३ सय ३२ वटा मुद्दा केही सार्वजनिक अपराध अन्तर्गत चलाइए।

■



२. मध्यमाञ्चल

वागमती

२.१६ धादिङ्ग

जनसंख्या : २७८०६८
साक्षरता : ३२.० प्रतिशत
महिला साक्षरता : १८.४ प्रतिशत
क्षेत्रफल : १९२६ वर्ग कि.मी.
गाविस/नपा : ५०/०
निर्वाचन क्षेत्र : ३
विद्यालय/क्याम्पस : ४५२/१
अस्पताल/स्वास्थ्य चौकी : १/४८
टेलिफोन लाइन : २००
सडक (कि.मि.) : १२५
प्रहरी कार्यालय : १७

राजधानीसंग जोडिएको भए पनि धेरै कुरामा पछाडि परेको यो जिल्लामा पिछडिएको चेपाङ, दनुवार र तामाङ जातिको बसोबास रहेको छ। काठमाडौं प्रवेश गर्ने मूलद्वार यही जिल्लामा पर्दछ। यस जिल्लामा सडक दुर्घटना प्रशस्त हुने गरेका छन्। यो वर्ष पनि यस जिल्लामा मानवअधिकार हननका घटना भएका छन्।

१. सम्मानित रुपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

छत्रेदेउराली गाविसमा व्यापार गरी बस्ने २१ वर्षीय दामोदर कुँवरलाई **०५२ माघ ८ गते** सोही गाविसका १८ वर्षीय यादव गिरीले सुतिरहेको अवस्थामा पेट, घाँटी र टाउकोमा छुरीले घोची हत्या गरे। घटनाका विषयमा पीडकसंग बुझ्दा आफूले हत्या गरेको तर आफ्नो त्यस्तो रिसइवी केही नभएको र आफू अपराधी भएकोमा आफैप्रति घृणा जागेको बताउँछन्। पीडक थुनामा छन्।

दार्खा गाविसकी ६० वर्षीय नेवाङ छेउ तामाङलाई **०५२ चैत २७ गते** सोही गाविसका २० वर्षीय सुवसिं तामाङ र ४० वर्षीय चेन्जिङ तामाङले खुकुरीले गर्धनमा प्रहार गरी हत्या गरे। त्यसपछि टाउको बोकेर खोलातिर झरी कानको सुन सबै निकालेर टाउको खोलामा फाली उनीहरू मृतकको पैसा सहित चोरेर भागेका थिए। दुवै जना पीडक साविती बयानपछि थुनामा छन्।

रिगाउँ गाविसका २५ वर्षीय ज्ञानबहादुर तामाङ **०५३ जेठ ७ गते** स्थानीय जंगलमा भेडा चराइरहेको बेला अज्ञात व्यक्तिले प्रहार गरेको गोली लागी घाइते भएका थिए। उनलाई उपचारार्थ काठमाडौं ल्याई दुवै घुँडाबाट गोली झिकिएको थियो।

सल्यानकोट गाविस-७ की २० वर्षीय बुद्धिमाया नेपालीलाई **०५३ वैशाख १४ गते** आफ्नै पति २२ वर्षीय दिलिप नेपालीले घरको वारदलीबाट खसालेर हत्या गरे। पति कामबाट फर्किदा खाना समेत नबनाएको भनी वारदलीबाट खसाली हत्या गरेको बताइन्छ। पीडक पुर्पक्षको लागि थुनामा रहेका छन्।

पिंडा गाविस-१ घर भई राष्ट्रिय वाणिज्य बैंक गजुरी शाखामा कार्यरत ३७ वर्षीय उद्धव शर्मालाई **०५३ कार्तिक २२ गते** उनकै घर नजिक एक अज्ञात जड्याहाको भीडले हतियार प्रयोग गरी मरणासन्न अवस्थामा सडकमा लडाइ दिए। उपचारार्थ वीर अस्पताल लगिएकोमा ०५३ कार्तिक २४ गते उनको मृत्यु भयो।

१.२ जेल र बन्दीहरु

०३८ सालमा निर्मित धादिङ जिल्लाको कारागार भवन हाल जीर्ण अवस्थामा छ। आफैले कच्चा पदार्थ झिकाई नाम्लोसम्म बुन्न पाउने काम बाहेक अन्य कुनै आय आर्जन तथा सीपमूलक काम गर्न पाउने वातावरण छैन। पत्रपत्रिका तथा रेडियोको सुविधा छैन। यो वर्ष शिक्षा कार्यालयले एउटा प्रौढ कक्षा संचालन गराएको र आय आर्जन तथा सीपमूलक त्यस्ता कुनै संस्थाले संचालन गरिदिए त्यसको स्थानीय कानूनी प्रक्रिया आफूले मिलाउने कुरा जेलर बताउँछन्। जेल निरीक्षण गर्ने क्रममा वन्दीहरूले चामलमा आफूमाथि शोषण भएको बताए। बिगत वर्षको तुलनामा जेलमा केही सुधार भएको पनि पाइयो। जसमा बन्दीहरूले बेलुका ५ देखि विहान ७ बजेसम्म सुत्ने काठामै दिसा पिसाव गर्नु पर्ने अवस्था थियो भने हाल पुरुषहरूको कोठा भित्रै ट्वाइलेट निर्माण गरिएको पाइयो। महिला र पुरुषको छुट्टाछुट्टै कम्पाउण्ड बनेबाट महिलाहरूले पनि दिउँसो बाहिर घाम ताप्न पाउने भएका छन्। तर महिलाहरूको लागि राती कोठामै दिसा पिसाव गर्नु पर्ने बाध्यता छ। जम्मा २५ जनाको क्षमता भएको ३ कोठे यो जेलमा हाल २५ जना बन्दी रहेका छन्। ०५२ पुसदेखि ०५३ पुससम्म ३५ जना थुनामा परेकोमा २१ जना छुटेका र गत वर्षका ११ जना हालसम्म जेलमै रहेकोले २५ को संख्या पुगेको हो। जसमा ३ महिला र २२ पुरुष रहेका छन्।

१.३ गिरफ्तारी र यातना

साकोश गाविसको पंचकन्या देवीस्थानको जात्रामा **०५३ पुस ८ गते** सोही गाविसका २९ वर्षीय रमेश धमलालाई जात्रा हेर्न गएका केही व्यक्तिहरूले गालीगलौज गरेको आरोपमा हातपात गरे। यस घटनामा धमलाको टाउकोमा चोट लागेको थियो। उक्त घटनालाई लिएर पहिल्यैदेखि रिसइवीका कारण एमाले वडा सदस्य लिलाबहादुर गुरूङ र तिनका छोरालाई प्रहरीले गिरफ्तार गरी १० दिनसम्म हिरासतमा राखे। उनीहरूलाई सार्वजनिक अपराध ऐन अन्तरगत मुद्दा चलाई धरौटीमा छाडिएको छ।

१.४ वेपत्ता पारिएको

जानकारीमा आएन।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

नलाङ गाविस स्थित सिद्धेश्वर प्रस्तावित माध्यमिक विद्यालयमा कक्षा ९ मा अध्ययनरत छात्र सागर गुरूङलाई ०५२ चैत ८ गते एक समूहले विद्यालय हाताभित्र हतियार प्रयोग गरी रक्ताम्य हुने गरी कुटपिट गरे। यसले राजनैतिक रूप लियो। १५ वर्षदेखि उक्त विद्यालयमा प्रधानाध्यापक भै अध्यापन गराउँदै आउनु भएका विरेन्द अर्याललाई घटुवा गरी अन्य विद्यालयमा सरूवा गरिएको थियो। प्र.अ. विरेन्द अर्यालले घटुवा भए पनि आफ्नै विद्यालयमा पढाउने निर्णय गरी अध्यापन गराउन जाँदा ने.वि.संघ समर्थक विद्यार्थीले कक्षा बहिष्कार गरेका र अखिल समर्थकलाई पनि बाहिर निस्क भनेको र यसै विषयमा विवाद बढ्न गई उक्त घटना भएको थियो। यो घटना पछि उक्त विद्यालय ३ महिनासम्म बन्द हुन पुगेको थियो।

नलाङ गाविस स्थित सिद्धेश्वर प्रस्तावित मा.वि.मा दिउँसो करीब १ बजेतिर ०५२ चैत ८ गते देखि बन्द रहेको विद्यालय खोल्ने निर्णयका साथ ०५३ वैशाख ३० गते एमाले समर्थक अभिभावकहरू स्कूल तर्फ गएपछि ने.का. समर्थक अभिभावकहरू त्यसको विरूद्धमा संगठित भएर गए। झगडा हुने सम्भावनालाई बुझेर जिल्ला प्रहरी कार्यालयबाट ६-७ जना प्रहरी समेत उपस्थित भएको उक्त स्थानमा जब अभिभावक प्रेम सिलुवालले स्कूलमा लगाएको ताल्चा तोड्न लागेका थिए तत्काल नेपाली कांग्रेस समर्थित भीडले ढुंगामुडा र हातहतियार सहित आक्रमण गऱ्यो। त्यसपछि एमाले समर्थक अभिभावकले पनि लाठी सहित आक्रमण गरेपछि ठूलो भिडन्त भयो। उक्त घटनामा एमाले समर्थक प्रेम सिलुवाल, कृष्ण सिलुवाल, अर्जुन सिलुवाल, पूर्णबहादुर सिलुवाल लगायत र नेपाली कांग्रेस समर्थित चित्रबहादुर मगर, वासु भट्ट लगायत घाइते भए। प्रहरीको उपस्थितिमै भएको उक्त घटनामा प्रहरीको भूमिका न्यून देखियो। राजनैतिक पूर्वाग्रहबाट सिर्जित उक्त घटनामा हाल तत्कालीन प्रधानाध्यापक विरेन्द्र अर्याललाई माध्यमिक शिक्षक दरबन्दीमै सोही स्थानमा राख्ने, प्रधानाध्यापक बनाएर लगिएका रविन्द्र चौधरीलाई पनि मा.शि. मै कायम गर्ने र तेस्रो व्यक्ति कृष्णप्रसाद दाहाललाई यो शैक्षिक सत्रसम्म त्यहाँ लगी प्रधानाध्यापक दिने शर्तमा राजनैतिक पार्टीका नेता तथा सम्बन्धित निकायका व्यक्तिको रोहवरमा समझदारी कायम गरी स्थिति नियन्त्रणमा आएको थियो।

खुकुरी प्रहारबाट हत्या गरिएकी नेवाङ छेउ तामाङ

त्रिपुरेश्वर गाविस-२ का वडा सदस्य मुनाप्रसाद गौलीलाई ०५३ कार्तिक २४ गते ४/५ जनाको अज्ञात समूहले सुतिरहेको ठाउँबाट बाहिर बोलाई घरदेखि केही पर लगेर मरणासन्न हुने गरी कुट्यो। घटना थाहा पाएपछि परिवारका अन्य सदस्य त्यहाँ पुग्दा उनीहरूलाई समेत लछारपछार गरी यातना दिएका थिए। पछि गाउँलेहरू समेत पुगेपछि भागेका ती व्यक्तिहरू को थिए हालसम्म पत्ता लाग्न सकेको छैन।

धुषा गाविस-१ की ३६ वर्षीय सीता के.सी.लाई रक्सी विरोधी अभियान संचालन गरेको निहुँमा ०५३ साउन १ गते वेनीघाट-७ का हिरा थपलियाको नेतृत्वमा चरौदी बजार निवासी इन्द्रकुमारी गुरूङ, मिलन गुरूङ, माकनी साइला लगायतले शरीर भरी रक्सी खन्याई दिएर अमानवीय व्यवहार गर्न पुगेका थिए। यस विषयमा हाल जिल्ला प्रशासन कार्यालयमा मुद्दा चलिरहेको छ

यस बाहेकका अन्य ५ वटा व्यक्तिगत रिसइवीका कारण भएका कुटपिटका घटनामा ५ जना पीडित बने, जसमा २ जना महिला छन्।

१.६ थुनामा मृत्यु

थुनामा मृत्यु भएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाब समेत)

जानकारीमा आएन।

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

जानकारीमा आएन।

२.४ सरुवा / घटुवा / पक्षपात आदि

जानकारीमा आएन।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

जानकारीमा आएन।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

निलकण्ठ गाविस-४ की २७ वर्षीय रामकुमारी वस्तीलाई सोही ठाउँका भैरे ठकुरी समेतका ३ जनाले **०५३ असार ९ गते** सुतिरहेको अवस्थामा आक्रमण गरे। पीडकहरूसंग प्रतिकार गर्ने क्रममा उनको शरीर भरी चोट लागेको थियो। उनलाई हतियारले समेत आक्रमण गरेको बुझिन्छ। उनले किटानीका साथ प्रहरीमा घटना विवरणको जाहेरी दिएकी छन्। तर पीडकहरू फरार रहेका छन्।

गोगनपानी गाविस-३ की २५ वर्षीय विन्दा सुवेदीलाई **०५३ असोज १९ गते** उनकै पति २९ वर्षीय रामप्रसाद सुवेदीले घरमा खानाको निहुँबाट शुरू भएको सामान्य विवाद पछि लौराले मरणासन्न हुने गरी कुटे। महिला भएकै कारण हालसम्म पनि उनी आफ्नो हर नचल्ने अवस्थामा रहेकी छन्।

काठमाडौं, चावहिल घरभई नलाङ गाविस-९ मा माइत आएकी २३ वर्षीय सुशीला अधिकारीलाई सोही गाविसका कविराम क्षेत्रीले विभिन्न प्रलोभन देखाई माइजुलाई समेत भेटाउने वहानामा **०५३ मंसीर ५ गते** बेच्न लगेको भन्ने जिल्ला प्रहरी कार्यालयमा जाहेरी परेको थियो। तर सुशीला १२ दिन पछि घर फर्की आएकी र आफू माइजुकहाँ गएर आएको भन्ने विवरण दिएकी थिइन्। अभियुक्त भनिएका कविराम भारतबाट फर्किएका छैनन्। कविराम र सुशीला गाउँबाट सँगै हिंडेको, चितवनसम्म एउटै गाडीमा गएको र सुशीलाले घरमा केही नभनी हिडेकोले शंकाले मात्र उक्त जाहेरी गरेको बताइन्छ।

सल्यानटार गाविस-७ की ८ वर्षीय एक वालिकालाई सोही ठाउँका १९ वर्षीय प्रेमकुमार श्रेष्ठले ललाई फकाई **०५३ मंसीर ३० गते** बलात्कार गरे। पीडक कानूनी कार्वाहीमा रहेका छन्।

४.२ जारी / बहुविवाह / देउकी / वेह्व्यापार

जीवनपुर गाविस-३ का ईश्वरी भण्डारीले आफ्नो घरमा पत्नी र बच्चा हुँदाहुँदै मिना कुमारीसंग दोस्रो विवाह गरे।

खाल्टे गाविस-३ का २५ वर्षीय अन्त बहादुर सार्कीले **०५३ असार २८ गते** आफ्नो घरमा पत्नी र बच्चा हुँदाहुँदै सोही ठाउँकी रेशमबहादुर नेवारकी पत्नी २४ वर्षीय लालमाया नेवारसंग दोस्रो विवाह गरे।

नलाङ गाविस-३ का ३० वर्षीय रामबहादुर अर्यालले आफ्नो घरमा पत्नी र छोरा छोरी हुँदाहुँदै **०५२ पुस १६ गते** चितवनकी न्यौपाने थर भएकी अर्की महिलासंग दोस्रो विवाह गरे।

४.३ गर्भपतन

जानकारीमा आएन।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

जानकारीमा आएन।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

जानकारीमा आएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहारहरु / छुवाछूत समेत

जानकारीमा आएन।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

जानकारीमा आएन।

९. अतिरिक्त जानकारीहरु (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

यस जिल्लामा ४८ वटा दुर्घटनामा ५० जनाको मृत्यु भयो भने विपत्तिमा परी १५ जनाको मृत्यु भयो।

यस वर्ष मात्रै २२ जनाले आत्महत्या गरे। डकैतीको एउटा घटना भयो।

■



२. मध्यमाञ्चल

वागमती

२.१७ सिन्धुपाल्चोक

जनसंख्या	२६१०२५
साक्षरता	२९.२ प्रतिशत
महिला साक्षरता	१४.७ प्रतिशत
क्षेत्रफल	२५४२ वर्ग कि.मी.
गाविस/नपा	७९/०
निर्वाचन क्षेत्र	३
विद्यालय/क्याम्पस	३५२/०
अस्पताल/स्वास्थ्य चौकी	१/११
टेलिफोन लाइन	
सडक (कि.मि.)	१६१
प्रहरी कार्यालय	२१

सिन्धुपाल्चोक शहीद गंगालाल र नेपाल कम्युनिष्ट पार्टीका संस्थापक पुष्पलालले आफ्नो वाल्यकाल विताएको जिल्ला हो। इतिहासलाई स्मरण गर्ने यस्ता थुप्रै प्रसंगहरू सिन्धुपाल्चोकसंग छ। जनताको अधिकार र विवेकलाई खरीद गर्न खोज्ने प्रवृत्ति यहाँ अहिले पनि हावी छ। खासगरी पञ्चायती निरंकुशताका विरूद्ध २०४० सालमा पिस्करका वहादुर थामीहरूले जीवन वलिदान गरेको घटनालाई महत्वका साथ लिइन्छ। सिन्धुपाल्चोकको शैक्षिक तथा चेतनाको स्थिति निकै कमजोर छ। जिल्लामा विद्यमान रहेको परम्परागत शोषण र अन्धविश्वासले गर्दा वर्षेनी थुप्रै घटनाहरू हुने गरेका छन्। यस वर्ष सिन्धुपाल्चोकमा मानवअधिकार उल्लंघनका उल्लेख्य घटनाहरू भए। माओवादी जनयुद्धसम्वन्धी घटनाहरूको श्रृंखलाभित्र सिङ्गो वर्ष केन्द्रित रह्यो। विगतमा जस्तो जनताको पंक्तिमा मात्र यस्ता घटनाहरू सीमित भएनन्। यस पटकका कतिपय घटनामा राज्य समेत संलग्न रहेको पाइयो।

१. सम्मानित रुपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

कुभिन्डे गाविसस्थित सेतीदेवी पञ्चकन्या प्रस्तावित मा.वि.का एक शिक्षकलाई पक्राउ गर्न **०५२ माघ १८ गते** दिउँसो सो विद्यालयमा पुगेका तीन जना प्रहरी तथा संयुक्त जनमोर्चा (भट्टराई) समर्थित स्थानीय गाउँलेहरूबीच मुठभेड भई वेपत्ता भएका प्रहरी जवान सोमबहादुर सुनारको लाश २८ दिनपछि २०५२ फागुन १६ गते वलेफी खोलाको दहभित्र फेला पर्‍यो। प्रहरीले पक्रन गएका शिक्षक रूद्रप्रसाद कक्षा कोठाबाटै गाउँतिर भागेकोले उनलाई लखेट्ने क्रममा दुई पक्षवीच मुठभेड भएको थियो। सोमवहादुरमाथि गम्भीर आक्रमण भयो, उनलाई ढुंगामुढा गर्दै लखेटियो। भाग्ने क्रममा खोलासम्म पुग्दा पनि उनीमाथि आक्रमण भइरहेको थियो। यस घटनालाई लिएर मुद्दा चलाइएकामध्ये गोपाल पाण्डे, ऋषिराम वजगाईं, दिलप्रसाद सापकोटाआदि अहिले पुर्पक्षका निम्ति थुनामा रहेका छन्।

साँगाचोक गाविस- ४ का राप्रपा कार्यकर्ता ५३ वर्षीय वालकृष्ण श्रेष्ठलाई **२०५२ चैत २ गते** राती पसलबाट चीम किनेर फर्किँदै गर्दा अज्ञात व्यक्तिले गोली प्रहार गरी घाइते वनायो। उपचारका लागि काठमाडौं लैजाने क्रममा उनको मृत्यु भयो। सो घटनामा संलग्न रहेको आरोपमा मुद्दा चलाइएकामध्ये साँगाचोक-२ का सुब्बा तामाङ र प्रेमबहादुर तामाङलाई पुर्पक्षका निम्ति थुनामा राखिएको छ।

ठोकर्पा गाविस-९ का ३८ वर्षीय भरत भन्ने कुलबहादुर खत्रीको प्रहरी यातनाका कारण वीर अस्पतालमा उपचार गर्दागर्दै **२०५३ भदौ २६ गते** मृत्यु भयो। उनलाई सोही ठाउँ वस्ने लालबहादुर खत्रीको जाहेरीअनुसार मकै लुटेको आरोपमा २०५३ भदौ ११ गते गिरफ्तार गरी ठोकर्पा प्रहरी चौकी ल्याइएको थियो। चौकीबाहिर उनीमाथि चर्को यातना दिइयो। खुट्टा पसार्न लगाएर तिघ्रा र कोखामा लात्ती हानियो। त्यसपछि चौकीभित्र लगेर भूँईमा लडाइयो र माथिवाट पानी खन्याइयो। यातनाका कारण भदौ १९ गतेसम्म घरमै थलिएका कुलवहादुरलाई भदौ २० गते चौतारा र २२ गते वीर अस्पताल पुर्‍याइएको थियो। यस घटनाका पीडक प्रहरी असई भीमसेन जी.सी. माथि कुनै कारवाही भएन।

कुभिन्डे गाविस-७ का कांग्रेस कार्यकर्ता ७६ वर्षीय कृष्णप्रसाद सापकोटामाथि **२०५३ मंसीर २६ गते** साँझपख अज्ञात व्यक्तिहरूले खुकुरी प्रहार गरे। उपचारका निम्ति काठमाडौंतर्फ लैजाने क्रममा सोही रात उनको मृत्यु भयो। घटनाको समय उनी सदरमुकाम चौताराबाट घर फर्कँदै थिए। सापकोटाको हत्याको आरोपमा स्थानीय माओवादी कार्यकर्ताहरूलाई मुद्दा चलाइएको छ। मुद्दा चलाइएकामध्ये शिक्षक भोला सापकोटा, गणेश सापकोटा लगायत १० जना माओवादी कार्यकर्ताहरू पुर्पक्षका निम्ति थुनामा राखिएका छन्।

कुभिन्डेको घटनामा मारिएका प्रहरी जवान सोमबहादुर सुनुवार

१.२ जेल र बन्दीहरु

राणाकालको मध्यतिर निर्माण भएको चौतारा जेल अहिले अत्यन्तै जीर्ण अवस्थामा रहेको छ। ३५ जना बन्दी क्षमता रहेको चौतारा जेलमा हाल ४३ जना पुर्पक्षका निम्ति थुनामा राखिएका र ७ जना फैसला भएका गरी ५० जना बन्दीहरू छन्। जेलमा रहेका महिला बन्दीको संख्या दुई मात्र छ। उनीहरू दुबैलाई जनयुद्धसंग सम्बन्धित घटनाका क्रममा मुद्दा चलाइएको हो। अन्य १३ जना माओवादीको आरोपमा रहेका पुरुष बन्दीहरू जेलभित्र छन्। जनयुद्धसम्बन्धी मुद्दाका ७ जना बन्दीलाई भने वर्षको आखिरीतिर काठमाडौं सरूवा गरियो। बन्दी गृहभित्र उपचारको व्यवस्था नभएको कुरा बन्दीहरू व्यक्त गर्छन्। डाक्टरको रिपोर्टअनुसार बन्दी लीला सापकोटाको हड्डीको अप्रेशन गर्नुपर्ने देखिन्छ। सापकोटा भन्छन् - मैले अप्रेशन गर्ने अनुमतिका निम्ति निवेदन दिएँ, तर कारवाही भएन। यस सम्बन्धमा प्रश्न गर्दा जेलर रामचन्द्र न्यौपानेले पुर्पक्षका क्रममा रहेका बन्दीका लागि त्यस्तो व्यवस्था नभएको जानकारी दिए। जेलमा रहेका अधिकांश बन्दीले ओड्ने-ओछ्याउने समेत पाएका छैनन्। नियमानुसार दुई वर्ष नबिताई कुनै पनि बन्दीलाई त्यस्तो सुविधा दिन नमिल्ने बताइयो। ओड्ने-ओछ्याउनेकै अभावका कारण कतिपय बन्दीहरूले चीसो भूइँमा सुत्नु परेको गुनासो गरे।

यो वर्षभरि जेलको सुरक्षा स्थिति प्रायः अशान्त र तनावपूर्ण रह्यो। २०५२ साउन २४ गते बिहीबार साँझ ६ बजे बन्दीगृह नजिकै बन्दूक पड्कियो। आफ्नै सिरानी नजिक बन्दूक पड्किएको कारण बन्दीहरूले आफूलाई असुरक्षित अनुभव गरे र त्यसका लागि जेल प्रशासनप्रति विरोध जनाए। त्यसको एक हप्तापछि २०५३ साउन ३१ गते जेलका सुरक्षाकर्मी कुमार कार्कीले बन्दी शम्भु माझीलाई पेस्तोल तेर्साए। शम्भुले अनाहकमा आफूमाथि झम्टेको र आत्मरक्षाका लागि पेस्तोल तेर्साउनु परेको कुरा कुमार कार्की बताउँछन्। खासगरी माओवादी बन्दी र सुरक्षाकर्मीहरूबीच दिनहुँजसो झगडा हुने गरेको पाइयो। प्रहरीले आफूहरूप्रति अश्लिल शब्दबाट गाली गलौज गर्ने तथा शत्रुतापूर्ण व्यवहार गरेको आरोप माओवादी बन्दीहरूले लगाएका छन्। जेलर न्यौपानेका अनुसार, जेलको कम्पाउण्डभित्रै प्रहरी व्यारेक रहनु नै वर्तमान समस्याको मुख्य कारण हो।

प्रहरी र बन्दीबीच कायम रहेको अविश्वास र असुरक्षाको स्थितिलाई नियन्त्रणमा लिन जेल प्रशासनले साउनको अन्तिम सातादेखि बन्दीहरूलाई आगन्तुकसंग भेट्नसमेत कडाई गर्‍यो। तर प्रशासनको यस्तो कडाईप्रति चुनौति दिंदै बन्दीहरूले प्रशासनिक रवैयामा परिवर्तन नभएसम्म आगन्तुकसंग भेटघाट नगर्ने अडान कायम राखे।

वर्षको अन्त्यतिर बन्दीलाई सरूवा गर्ने विषयमा बन्दी र जेल प्रशासनबीच अत्यन्तै अप्रिय स्थिति पैदा भयो। यस घटनाका निम्ति दुबै पक्षले एक-अर्कालाई दोषारोपण गरेका छन्। जेल प्रशासनद्वारा बन्दीहरूको न्यायोचित मागलाई बलको आडमा दबाउन खोजिएको आरोप बन्दी पक्षले लगाएको छ। बन्दीहरूले जेलको दुरावस्था र कतिपय मागहरू समेत उल्लेख गरी २०५३ पुस ११ गते जेल प्रशासनसमक्ष एक अल्टिमेटम पत्र पेश गरेका छन्। ५० जना बन्दीहरूको हस्ताक्षरसहित पेश गरिएको सो पत्रमा "क" श्रेणीको सिधा पाउनु पर्ने, खाने र बस्ने व्यवस्थामा सुधार हुनुपर्ने, साप्ताहिक रूपमा उपचारको व्यवस्था मिलाउनुपर्ने जस्ता १४ वटा मागहरू उल्लेख भएको पाइयो। उनीहरूले ती माग पूरा नभए फागुन १ गतेदेखि विरोध कार्यक्रम शुरू गर्ने चेतावनी पनि दिए। बन्दीहरूको चर्को विरोधका कारण केही दिनयता बन्दी गृहभित्र छिर्न समेत असजिलो परेको अनुभव जेलर व्यक्त गर्छन्। जेलर भन्छन् - "बन्दीहरूले मलाई धम्कीपूर्ण खबर पठाएका छन्।" यसअघि २०५३ जेठ १० गते विहान खानेपानी समस्यालाई लिएर ६३ जना बन्दीहरूले एकछाक खाना छोडेका थिए।

चौतारा जेलमा आगन्तुक भेटघाटका निम्ति बन्दीहरूबीच असमान व्यवहार गरिन्छ। जेलका अधिकांश बन्दीलाई आगन्तुकसंग भेट गर्न कुनै प्रतिबन्ध रहेको पाइएन, तर कुभिन्डे घटनासंग सम्बन्धित बन्दीहरूलाई शुक्रबार र आइतबार मात्र उक्त सुविधा उपलब्ध गराएको पाइयो। जेलबाट बाहिर पत्र पठाउने अधिकारलाई समेत कुण्ठित गरेको बुझियो। खासगरी माओवादी बन्दीहरूले जेल प्रशासनमार्फत हुलाक पठाएका पत्रहरू हुलाकको सट्टा जिल्ला प्रशासन कार्यालय पुर्‍याइएको घटना पनि यो वर्ष जानकारीमा आयो।

१.३ गिरफ्तारी र यातना

कुभिन्डे घटनाका सिलसिलामा **२०५२ माघ १९ गते** विहान फुल्पीङकोट-४ बाट गिरफ्तार गरिएका ४५ वर्षीय हरिप्रसाद सापकोटा र २२ वर्षीय रेवतीप्रसाद सापकोटालाई हिरासतभित्र गम्भीर यातना दिइयो। चार दिनसम्मको यातनाका कारण रेवतीप्रसादको दुबै खुट्टाको बाहिरी गोलीगाँठोमा घाउ भयो भने हातको हर्थुङ्गोमा समेत चोट पुग्यो। प्रहरीको पिटाइबाट हरिप्रसादको पिसाब रातो भएको बताइन्छ।

नौबिसेस्थित आफ्नो घरभित्र पस्न लागेका प्रहरीहरूलाई रोक्न खोज्दा प्रहरीको बल प्रयोगबाट **२०५२ माघ १९ गते** ५५

वर्षीय यवमाया सापकोटा घाइते भइन्। उनलाई दुई दिन अस्पताल राखेर घर लगियो।

२०५३ माघ १९ गते सोही ठाउँमा प्रहरीसँग झडप र दोहोरो भिडन्त हुँदा प्रहरीको लाठी चार्जबाट राधिका सापकोटा, गोमा सापकोटा, उमा र बिन्दा बजगाई घाइते भए। त्यस क्रममा प्रहरीले ६ राउण्ड हवाई फायर गरेको कुरा घाइतेहरू बताउँछन्।

प्रहरी यातनाका कारण मारिएका कुलबहादुर खत्री

कुभिन्डे गाविसको घटनाको अनुसन्धानका नाममा **२०५२ माघ २५ गते** विहान सोही गाविसका ३८ जनालाई गिरफ्तार गरी चौतारा ल्याइयो। चौतारा ल्याइएका अधिकांशलाई हिरासतमा यातना दिइयो। यातनाका क्रममा कुभिण्डे-८ का शिक्षक ऋषिराम बजगाईंलाई २५ र २६ गते पैतालामा लौराले हिर्काइयो, २९ गते विहान फिलामा लाठाहरू राखेर चेपियो। यसैको कारणबाट उनको दुबै तिघ्रामा घाउसमेत हुन पुग्यो। यातना पाउने अर्का व्यक्ति सेतीदेवी पञ्चकन्या प्रस्तावित मा.वि.का प्रधानाध्यापक दीलप्रसाद सापकोटा हुन्। सापकोटालाई हिरासतभित्र हातखुट्टा बाँधेर झुण्ड्याइयो। सोही दिन गिरफ्तार भएकी १९ वर्षीय उमादेवी बजगाईंलाई शरीरभरि सिस्नु लगाएर यातना दिइयो। त्यस्तै २९ वर्षीय गृहणी यमुनादेवी सापकोटालाई हत्केला र ढाडमा लौराले पिटियो भने २२ वर्षीय मुरलीदेवी नेपाल, सावित्री बजगाई तथा जगमाया सापकोटालाई पनि हात बाँधेर पैतालामा लाठी हानियो। यातना पाउने २२ वर्षीय खड्गमाया हिरासतमै अस्वस्थ भएको कारण उनलाई अस्पताल लगियो। खड्गमाया दुईवटा छोराछोरीकी आमा हुन् र हिरासतमा रहँदा समेत तिनी गर्भवती थिइन्। २२ वर्षीय विन्दा बजगाईंले आफूलाई गिरफ्तार गरिएपछि पाँच महिनाकी छोरी माइतीमै छोड्नु पर्‍यो। हिरासतमा राखिएको भोलिपल्ट उनको दुबै हात बाँधियो र कुटपिट गरियो। प्रहरीले हिरासतभित्र ४० वर्षीय महानन्द बजगाईंलाई पनि लौराले हिर्काएर यातना दियो। यसरी गिरफ्तार भई यातना पाउने अधिकांशलाई माघ २८ गते मात्र पूर्जी दिइएको थियो। ३८ जनामध्ये १२ जनालाई भने यातनापछि तत्काल रिहा गरियो।

कुभिण्डे घटनाकै सन्दर्भमा प्रहरीले **२०५२ फागुन ९ गते** सेतीदेवी पञ्चकन्या मा.वि.को हाताबाट सोही विद्यालयका १७ वर्षीय विद्यार्थी प्रेमप्रसाद नेपाललाई गिरफ्तार गर्‍यो। बिनापूर्जी गिरफ्तार गरिएका प्रेमलाई चैत १ गतेसम्म हिरासतमा राखियो। हिरासतमा उनलाई यातना दिइएको र यातनाका कारण उनको हातको हर्थुङ्गो सुन्निएको पाइयो।

माङ्खा गाविस-७ का भूपेन्द्र चौलागाईं र नेत्रप्रसाद पराजुलीलाई **२०५२ फागुन १३ गते** कुभिण्डे घटनाको अनुसन्धानको नाममा गिरफ्तार गरियो। उनीहरूलाई हिरासतमा कुनै किसिमको यातना दिइएन र आवश्यक छानवीनपछि तत्काल छोडियो।

कुभिण्डेको हिंसात्मक घटनामा संलग्न रहेको आशंका गरी प्रहरीले **२०५२ फागुन १८ गते** स्थानीय लीला सापकोटा, मनोरस नेपाल र रमेश सापकोटालाई गिरफ्तार गर्‍यो। गिरफ्तारीपछि उनीहरूलाई सख्त यातना दिइयो र यातनाकै कारण लीलाको हाड भाँच्न पुग्यो।

चौतारा गाविस-८ बाट **२०५२ फागुन १९ गते** राती ११ बजेतिर गिरफ्तार गरिएका कुभिण्डे-६ का ३८ वर्षीय कमलबहादुर न्यौपानेको दाहिने आँखा प्रहरीको लाठी प्रहारका कारण फुटेको छ। आफ्नो घरतर्फ लागिरहेका न्यौपानेलाई माओवादी कार्यकर्ता भएको आशंकामा पक्राउ गरिएको हो। गिरफ्तारीपछि यातना दिएर उनलाई छोरा मेखबहादुर न्यौपानेको साथमा सुम्पिने काम भयो। परिवारका तर्फबाट कमललाई उपचारका निम्ति ४२ दिनसम्म त्रिपुरेश्वरस्थित आँखा अस्पताल राखियो, तर त्यहाँ निको भएन। उल्लेखनीय के छ भने पीडित न्यौपानेको अर्को आँखा धेरैअघि फुटिसकेको छ। अहिले उनी दुबै आँखा देख्न सक्दैनन्।

ठूलो सिरूवारी गाविसको बैंक लुट्ने घटनासँग सम्बन्धित भएको आशंकामा प्रहरीले **२०५३ असोज १९ गते** सोही गाविसका रत्नप्रसाद दुलाल, जीतबहादुर नेपाल, शर्मिला दुलाल, इन्द्रबहादुर वि.क. लगायतका व्यक्तिहरूलाई गिरफ्तार गर्‍यो। गिरफ्तार हुनेहरूलाई हिरासतमा दुई दिनसम्म खाना दिइएन।

ज्यामिरे गाविसको गुफाचाङखु नजिक **२०५३ असोज २२ गते** प्रहरीद्वारा संयुक्त जनमोर्चा (भट्टराई) का जिल्ला अध्यक्ष सूर्य दंगाल लगायत ६ जना माओवादी कार्यकर्ताहरू गिरफ्तार गरिए। गिरफ्तार हुनेमा एकजना महिला चन्द्रमाया गुरूङ्गसमेत छन्।

कुभिण्डे गाविसका कांग्रेस कार्यकर्ता कृष्णप्रसाद सापकोटाको हत्या सम्बन्धी घटनाको सिलसिलामा प्रहरीले **२०५३ मंसीर २७ गते** सोही गाविसबाट शिक्षकहरू भोला सापकोटा, गणेश सापकोटा, सूर्य पण्डित लगायत १८ जनालाई

कुभिन्डेको घटनामा पक्राउ परेका वालवालिकाहरू

गिरफ्तार गऱ्यो। त्यसमध्ये १२ जनामाथि मुद्दा चलाइयो भने सूर्य पण्डित समेत बाँकीलाई रिहा गरियो।

कुभिण्डे घटनाकै क्रममा प्रहरीले **२०५३ मंसीर २८ गते** श्रीकृष्ण रत्नगंगा उच्च मा.वि.को हाताबाट विद्यार्थी प्रेमप्रसाद सापकोटालाई गिरफ्तार गऱ्यो। गिरफ्तारीपछि मुद्दा चलाइएका प्रेमप्रसाद अहिले थुनामा राखिएका छन्।

माओवादी जनयुद्ध सम्बन्धी घटनालाई लिएर यो वर्ष गिरफ्तार गरिएका अन्य ३९ जना थिए। तिनीहरूमध्ये अधिकांशलाई कुभिण्डे, साँगाचोक, सानुसिरूवारी, ठूलोसिरूवारी, माङ्ग्वा, भोटेनाम्लाङ आदि गाविसबाट पक्राउ गरिएको पाइयो। गिरफ्तारीपछि उनीहरूलाई केही दिन हिरासतमा राखियो र मुक्त गरियो।

२०५२ चैत २८ गतेदेखि पुर्पक्षका निम्ति थुनामा राखिएका २१ वर्षीय गोपाल पाण्डेलाई चैत २९ गते र २०५३ वैशाख ६ गते पुनः प्रहरी कार्यालयमा लगेर यातना दिइयो। त्यस्तै २०५२ फागुन ३० गतेदेखि पुर्पक्षका लागि जेलमा रहेका २७ वर्षीय रमेश सापकोटालाई २०५३ वैशाख ४ गते प्रहरी हिरासतमा पुऱ्याएर सख्त कुटपिट गरियो। यी दुबै थुनुवाहरू कुभिण्डे घटनाका सन्दर्भमा मुद्दा चलाइएका माओवादी कार्यकर्ता हुन्। पुर्पक्षका क्रममा जेलभित्र रहेका थुनुवालाई पुनः प्रहरी हिरासतमा लगिनु र कुटपिट गरिनु न्यायोचित नभएको गुनासो तिनीहरूले व्यक्त गरे।

१.४ बेपत्ता पारिएको

जानकारीमा आएन।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

यस वर्ष माओवादी जनयुद्धका नाममा धम्कीपूर्ण भाषा प्रयोग गरी विभिन्न विचार र राजनीतिक पार्टीसंग सम्बन्धित स्थानीय कार्यकर्ताहरूलाई बेनामे पत्र पठाइएका थुप्रै घटनाहरू जानकारीमा आए। यस्तो पत्र आतंकबाट प्रभावित गाउँहरूमा कुभिण्डे, साँगाचोक, कदमवास, सानुसिरूबारी, माङ्ग्वा र ज्यामिरे मुख्य छन्। अधिकांश पत्रहरूमा माओवादी पार्टी परित्याग गर्नेलाई अङ्गभङ्ग गर्ने र फरक विचार राख्नेलाई सिध्याइदिने चेतावनी दिइएको पाइयो। तर कतिपय पत्रहरू माओवादीका नामबाट अन्य व्यक्तिद्वारा लेखिएको घटना पनि जानकारीमा आए।

कुभिण्डे गाविस-९ सिम्पानी घर भई सोही गाविसको सचिव पदमा कार्यरत कृष्णप्रसाद शर्मामाथि **२०५२ माघ २ गते** बेलुकी भाइको घरबाट खाना खाएर फर्कंदै गर्दा अनुहारमा नकाव लगाएका चार-पाँच जना व्यक्तिहरूले लाठी र खुकुरी प्रहार गरी घाइते तुल्याए। घाइते शर्माको जाहेरीका आधारमा मुद्दा चलाइएका टोपनाथ सापकोटालाई पुर्पक्षका निम्ति थुनामा राखिएको छ।

सानुसिरूवारी गाविसस्थित कल्लेरी घर भई श्रीकृष्ण रत्नगंगा उच्च मा.वि. चौतारामा कार्यरत शिक्षक यज्ञप्रसाद दंगाललाई **२०५२ माघ १७ गते** साँझपख घरतर्फ फर्कंदै गर्दा मेलचौर नजिक तीन जना अज्ञात व्यक्तिहरूले आक्रमण गरी घाइते बनाए। नेपाल शिक्षक संघ र नेपाली कांग्रेससंग सम्बद्ध रहेका ती शिक्षकले यस घटनाका निम्ति स्थानीय माओवादी कार्यकर्ताहरू जिम्मेवार रहेको बताएका छन्।

कुञ्चोक गाविस-५ की ३१ वर्षीय मीनकुमारी अधिकारीलाई **०५३ मंसीर २० गते** सोही गाविस-७ का आफ्नै बाबु प्रेमबहादुर आचार्यले कुटपिट गरे। पीडकले आफ्नी छोरीलाई पैसा तिर्नु पर्ने भएको र सो पैसा माग्न जाँदा सख्त घाइते हुने गरी कुटपिट गरेका थिए।

टेकनपुर गाविस-४ की ४८ वर्षीय मसली श्रेष्ठलाई **२०५३ पुस १३ गते** स्थानीय गाविस अध्यक्ष उत्तम बोहराको घरमा नेपाली कांग्रेस समर्थक व्यक्तिहरूले कुटपिट गरी घाइते बनाए। पीडित मसली श्रेष्ठ आफ्नो छोरो कुटिएको विषयलाई लिएर गाविस अध्यक्षकहाँ पुगेकी थिइन्। अध्यक्षबाट न्याय पाउनुको सट्टा उल्टो आफूसमेत कुटिन पुगेकी मसलीलाई केश फारामका निम्ति बाह्रबिसेस्थित इलाका प्रहरी कार्यालय र जिल्ला प्रहरी कार्यालय चौतारा पुऱ्याइयो। तर राजनीतिक दबावका कारण दुबै ठाउँमा केश फारम गर्न इन्कार गरियो। पछि जिल्ला अदालतमार्फत केश फारम गरिएको कुरा पीडित पक्ष बताउँछ।

नेपाली कांग्रेस र नेकपा (एमाले) समर्थित स्थानीय कार्यकर्ताहरूबीच **२०५३ पुस १३ गते** भएको मुठभेडका क्रममा टेकनपुर गाविसका अध्यक्ष उत्तम बोहरा घाइते भए। नेपाली कांग्रेसका कार्यकर्ताहरूद्वारा शिक्षक भूपेन्द श्रेष्ठ र उनकी आमामाथि सांघातिक आक्रमण गरिएको विषयमा वादविवाद हुँदा उक्त मुठभेड भएको थियो। मुठभेडपछि नेकपा (एमाले) का विष्णु बोहरा लगायतका कार्यकर्ताहरूलाई पक्राउ गरी मुद्दा चलाइयो।

१.६ थुनामा मृत्यु

थुनामा मृत्यु भएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

सिन्धुपाल्चोक जिल्ला अदालतबाट सुनसरी जिल्ला अदालत सरूवा भई **२०५३ वैशाख २८ गते** काठमाडौंतर्फ प्रस्थान गर्नु भएका जिल्ला न्यायाधीश इन्द्रमान कर्माचार्यलाई २० किलोमिटर पार गरेपछि साँगाचोक नजिक केही उच्छृंखल व्यक्तिहरूले अभद्र व्यवहार गरी चौतारातिरै फर्काइदिए। न्यायाधीश कर्माचार्य साँगाचोक पुग्दा व्यवधानकारीहरू उहाँमाथि एक्कासि खनिएका थिए।

नेपाल पत्रकार महासंघका जिल्ला सचिव एवं "श्री सगरमाथा" का समाचारदाता कञ्चन प्रियदर्शीमाथि **२०५३ जेठ १२ गते** विहान राष्ट्रिय प्रजातन्त्र पार्टीका कार्यकर्ता रमेश रायमाझी लगायतका व्यक्तिहरूले सदरमुकाम चौतारानजिक सांघातिक आक्रमण गरे।

चोकटी गाविसको सर्वसम्मत निर्णयअनुरूप वडा नं. ३ मा निर्माणाधीन गाउँ विकास समितिको भवनलाई लिएर राप्रपा गाउँ इकाईका अध्यक्ष खड्गबहादुर गुरुङ लगायत काठमाडौंबाट गएका २७ जना व्यक्तिहरूले **२०५३ जेठ २७ गते** भवन निर्माण समितिका अध्यक्ष मानबहादुर थामीमाथि सांघातिक आक्रमण गरे। प्रशासनिक निकायको मौनता र निस्क्रियताबाट उत्साहित ती व्यक्तिहरू पुनः २०५३ साउन २ गते जिल्ला विकास समितिका सदस्य मेघनाथ पौडेलको घरमा पुगी बार-बगैंचा तोडफोड गरे र ज्यान मार्ने खबर छोडेर हिंडे। त्यही दिन उनीहरूले निर्माणाधीन गाविस भवनको जगैसमेत भत्काएर फालिदिए। भवन भत्काएको सुनेर त्यहाँ पुगेका निर्माण समितिका अध्यक्ष मानबहादुर थामी, राधा थामी, थुप्री विश्वकर्मा, १२ वर्षीय बालक मेत्तर विश्वकर्मालाई कुटपिट गरी सख्त घाइते तुल्याइयो। त्यसपछि घा जाँचका निम्ति २०५३ साउन ३ गते इलाका प्रहरी कार्यालय बाह्रबिसे पुगेका पीडितहरूलाई मादक पदार्थ सेवन गरेका केही व्यक्तिहरूले चौकी हातामै अभद्र व्यवहार गरे। तर प्रहरीहरू मूकदर्शक बनिरहे। चौकीका नायब प्रहरी निरीक्षक नेत्रबहादुर बोहराद्वारा पीडितहरूलाई पुनः साउन ६ गते आउनु भनेर फर्काइयो। ६ गते पीडितहरू प्रहरी चौकी पुग्दा काठमाडौंबाट बा.अ.भ ३११० नं.को सरकारी गाडीमा पठाइएका व्यक्तिहरूले जिविस सदस्य मेघनाथ पौडेलमाथि चौकीभित्रै आक्रमण गर्न खोजे र मार्ने-काट्ने धम्की दिए।

ठोकर्पा गाविसका कुलबहादुर खत्रीमाथि भएको प्रहरी यातनाका विरुद्ध **२०५३ असोज ३ गते** विरोध कार्यक्रम संचालन गर्दा प्रहरीहरूले अवरोध खडा गर्न खोजे। सो विरोध सभा ठोकर्पा गाविसको कार्यालय हाताभित्र सञ्चालन गरिएको थियो।

ठूलोसिरूबारी गाविसको बैंक लुट्ने घटनासंग सम्बन्धित भएको आशंकामा **२०५३ असोज १९ गते** ७ जना राइफलधारी प्रहरीहरू सोही गाविसका २७ वर्षीय देवी दुलालको घरभित्र विनापूर्जी प्रवेश गरी सिङ्गै घर खानतलासी गरे। प्रहरीले खानतलासी गर्दा फेला परेको मार्क्स-लेनिनका ग्रन्थ तथा नेकपा (एमाले) को विधान समेत २२ थान पुस्तक आफ्नो कब्जामा लिएको थियो। ती पुस्तकहरू हालसम्म फिर्ता नगरिएको कुरा देवी दुलाल बताउँछन्।

चौतारास्थित श्रीकृष्ण रत्नगंगा उच्च मा.वि.का शिक्षक बसन्त बोहरामाथि **२०५३ पुस ९ गते** राती चौताराकै ज्ञानेन्द्र कक्षपतिले हातपात गरे। उनले आफ्नो भतिजालाई अनुत्तीर्ण गराएको भोकमा बोहरामाथि हातपात गरेका थिए। यस घटनाप्रति विरोध जनाउँदै श्रीकृष्ण रत्नगंगा उच्च मा.वि.का शिक्षकहरूले तीन दिनसम्म अध्यापन कार्य नगर्दा विद्यालयको पठनपाठन ठप्प रह्यो।

टेकनपुरस्थित कालिका मा.वि.का शिक्षक भूपेन्द्र श्रेष्ठलाई कक्षामा अध्यापन गराइरहेको बेला **२०५३ पुस १२ गते** दिनको ११ बजे गाविस अध्यक्ष उत्तम बोहरा, वडा सदस्य मीठू बोहरा समेतको जत्थाले कक्षा कोठाभित्रै प्रवेश गरी चेन, लाठी र छुरीको प्रहारबाट सख्त घाइते तुल्याए। भूपेन्द्र पहिले नेपाली कांग्रेससंग सम्बद्ध रहेकोमा सो दल परित्याग गरी नेकपा (एमाले) प्रवेश गरेको आरोपमा उनीमाथि आक्रमण गरिएको बताइन्छ।

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष सिन्धुपाल्चोक जिल्ला अदालतमा ५२ वटा फौजदारी मुद्दा दर्ता भए। ती मुद्दाहरूमा कर्तव्य ज्यान ७, ज्यान मार्ने उद्योग ६, जीउ मास्ने बेच्ने ५, जबर्जस्ती करणी २ र बहुविवाह सम्बन्धी १४ वटा छन्। त्यसमध्ये ९ वटा मुद्दाको फछ्र्योट भइसकेको छ। देवानीतर्फ वर्षको आखिरीसम्म जम्मा १४५ वटा मुद्दाहरू जिल्ला अदालतमा दर्ज भएको पाइयो।

जिल्ला प्रशासन कार्यालयमा यो वर्ष १७ वटा सार्वजनिक अपराध सम्बन्धी र २ वटा हातहतियार खरखजाना सम्बन्धी गरी जम्मा १९ वटा मुद्दाहरू दर्ता भए। तर कुनै पनि मुद्दाको फैसला हुन सकेन।

जिल्ला भूमिसुधार कार्यालयमा समेत भूमिसम्बन्धी उल्लेख्य मुद्दाहरू दर्ता भएको पाइयो। २०५२ चैत २८ गते दर्ता भएका ४५ वटा र त्यसपछि दर्ता भएका भण्डै १ सय वटा मुद्दाहरू मोहियानी हक स्थापित गर्ने विषयसंग सम्बन्धित छन्। तर भूमिसुधार कार्यालयले मुद्दाहरूको निर्णयतर्फ खासै चासो नदेखाएको कुरा पीडितहरू गुनासो गर्छन्।

यो वर्ष जनताको निष्पक्ष न्यायिक अधिकारमाथि आँच पुग्ने कतिपय घटनाहरू समेत हुन पुगे। सिन्धुपाल्चोकका प्रमुख जिल्ला अधिकारी रामकृष्ण भूर्तेलले २०५२ चैत २४ गते मेलम्चीस्थित इन्द्रेश्वरी मा.वि.का १५ वर्षीय छात्र अणबहादुर दुलालको मुखभरि थुकिदिए। मेलम्ची नजिकको एउटा कूलो विवाद मिलाउने क्रममा त्यस्तो घटना भएको हो।

जीउ मास्ने बेच्ने अपराधका निम्ति कुख्यात सिमला नामाङ सिन्धुपाल्चोक जिल्ला अदालतबाट निर्धारित कैद सजायसमेत भुक्तान नगरी २०५३ कार्तिकमा जेलमुक्त भइन्। यसरी जेलमुक्त गरिएकी सिमला र उनीजस्ता पेशेवर अपराधीहरू यस घटनापछि अझ प्रोत्साहित हुन सक्ने आशंकाले जिल्लावासीहरू भयभित देखिन्छन्।

२०५३ पुस १३ गते टेकनपुरमा सख्त कुटिएको कारण न्याय माग्न जिल्ला प्रहरी कार्यालय पुगेकी मसली श्रेष्ठको केश फारम गर्न समेत इन्कार गरियो। प्रनाउ सुरथबहादुर शाहले उजुरीमा उल्लेखित व्यक्ति भोला बोहराको नाम हटाए मात्र केश फारम गर्ने निर्णय दिए। भोलाले आफूलाई फोन गरेको बताउँदै प्रहरी नायब निरीक्षक शाहले पीडितसंग भने - "तिमीलाई हात हाल्ने को-को हुन् - कालीको थानमा गएर भन, अनि मात्र केश फारम गरौंला।" प्रहरी नायब उपरीक्षक शाहले आफ्नो जिद्दी नत्यागेपछि अन्ततः जिल्ला अदालतबाट केश फारम गरियो।

२.४ सरुवा / घटुवा / पक्षपात आदि

ज्यामिरे गाविसका स्थायी सचिव गोपी अधिकारीलाई राजनीतिक आस्थाका कारण २०५३ साउन १७ गतेदेखि एक महिनाभित्र तीनवटा जिल्लामा सरूवा गरियो। विगत १२ वर्षयता सोही गाविसमा कार्यरत गोपीलाई पहिलो पटक जिल्ला विकास समितिले साउन १७ गते जिल्लाकै लाँगर्चे गाविस सरूवा गऱ्यो। तर सरूवाको पत्रसमेत बुझ्न नभ्याउँदै स्थानीय विकास मन्त्रालयको मध्यमाञ्चल क्षेत्रीय निर्देशनालयले उनलाई पहिले धादिङ र त्यसपछि रसुवा सरूवा गरिएको जानकारी सिन्धुपाल्चोक जिविसमा पठाएको थियो।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

नेकपा (एमाले) को नौ महिने सरकारद्वारा वितरित जग्गाधनी प्रमाणपूर्जा पाउने सुकुम्बासीसंग जिल्लास्थित मालपोत कार्यालय तथा सम्बन्धित गाविसले तिरो बुझ्न मानेनन्। त्यस्तो जग्गा भोगचलन गर्न खोज्दा कतिपय ठाउँमा अवरोध समेत खडा गरियो। लालपूर्जा पाउने ठूलो सिरूवारी-१ रातमाटाका तिलकबहादुर विश्वकर्मा, वडा नं. २ पीपलचौरका कृष्णबहादुर सार्की, वडा नं. ६ हर्रेका कृष्णबहादुर मगर, तेजमाया श्रेष्ठ र गोरिनी ढुङ्गेललाई स्थानीय गाविस अध्यक्ष क्षेत्रबहादुर दुलाल लगायतका व्यक्तिहरूले जग्गा खनजोत गर्न दिएनन्। अवरोध खडा गर्ने अन्य व्यक्तिहरूमा वडा नं. ६ का वडा सदस्य दलबहादुर श्रेष्ठ र वडा नं. ३ का राप्रपा कार्यकर्ता दलबहादुर राना मुख्य छन्। अवरोधकै कारण पीडितहरूले हालसम्म जग्गाको भोगचलन गर्न पाएका छैनन्।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

चौतारा गाविस-८ घर भई जुगल बोर्डिङ हाइस्कूलमा अध्ययनरत १७ वर्षीय एक किशोरीलाई **२०५२ पुस ३० गते** जबर्जस्ती करणी गरेको अभियोगमा मुद्दा चलाइएका सोही ठाउँका राजन थापा अहिले पुर्पक्षका निम्ति थुनाभित्र राखिएका छन्।

तालामाराङ गाविस-२ का बुद्धि तामाङ र थकनी गाविस-३ का कालु तामाङले जागीर लगाइदिने प्रलोभन देखाएर **२०५२ माघ १२ गते**देखि वेपत्ता पारेका महांकाल-२ की २२ वर्षीय माइली तामाङ र १७ वर्षीय सुब्बा तामाङ माघ १४ गते काठमाडौंस्थित वौद्ध दक्षिण ढोकाको एउटा गोठमा फेला परे। प्रहरीले तिनीहरू सहित वुद्धि तामाङलाई पनि फेला पारेको तर कालु तामाङ फरार भएको कुरा जनाएको छ।

सिन्धुकोट गाविसस्थित सिन्धु पुराना मा.वि.का तत्कालीन प्रधानाध्यापक रवि घिमिरेले आफ्नै विद्यालयमा अध्ययनरत १६ वर्षीय छात्रालाई **२०५३ वैशाख २२ गते** साँझ बत्ती निभेको मौका पारी बलात्कार गर्ने प्रयास गरे। तर छात्रा चिच्याएपछि घिमिरेको प्रयास सफल हुन सकेन। स्थानीय गाउँलेहरू छात्राको आवाज सुन्ने बित्तिकै घटनास्थल पुगेका थिए। घटनालाई लिएर स्थानीय अभिभावक तथा विद्यार्थीहरूले चर्को विरोध गरे। विरोधकै कारण जिल्ला शिक्षा कार्यालयद्वारा उनलाई कुभिण्डेस्थित सेतीदेवी पञ्चकन्या मा.वि. मा सरूवा गरियो। उनलाई साविककै विद्यालयमा राख्न शिक्षा मन्त्रालयले ठाडो आदेश समेत गरेको थियो। घिमिरे नेपाल शिक्षक संघसंग सम्बद्ध छन्।

स्याङ्जा घर भई हाल हैबुङ-६ खैरेकोटमा अस्थायी बसोबास गर्ने सोमबहादुर गुरूङ्ग र उनकी पत्नी माइली तामाङ्ले **२०५२ वैशाख २७ गते** सोही ठाउँकी २० वर्षीय इरमाया तामाङ र १६ वर्षीय मुइसानी तामाङलाई फकाई-फुल्याई भारतको एक कोठीमा पुऱ्याए। खसाँडबाट २०५३ जेठ १५ गते हैबुङ फर्केका सोमबहादुरलाई पीडित मुइसानीका दाजु पूर्णबहादुर तामाङको जाहेरीका आधारमा पक्राउ गरी मुद्दा चलाइयो। हाल सोमबहादुरलाई पुर्पक्षका निम्ति थुनामा राखिएको छ।

महांकाल गाविस-२ का सञ्च तामाङ र इचोक-६ का छर्पेन तामाङले महांकाल-२ ग्याल्थुमस्थित आफन्तको घरमा निम्तो मान्न आएकी सोही गाविस-२ की चोक्टे तामाङ्लाई **२०५३ जेठ ३ गते**देखि बेपत्ता पारेकोमा त्यसको ७-८ दिनपछि गोल्फुभञ्ज्याङ्ग नजिक चोक्टे र छर्पेन फेला परे। चोक्टेका पति आइमानलाई देख्नेबित्तिकै छर्पेन फरार भए। यता प्रहरीले आइमानको जाहेरीका आधारमा सञ्च तामाङलाई गिरफ्तार गऱ्यो। सञ्च तामाङले पहिले नै छर्पेनको हातमा चोक्टे तामाङ् सुम्पेको बताएको छ। हाल सञ्च पुर्पक्षका क्रममा थुनामा छन्।

यस वर्ष पनि जिल्लाको पश्चिमी भेगबाट महिलाहरू वेपत्ता पारिएका घटनाहरू चर्चामा आए। ती महिलाहरू कुनै अपराधी गिरोहको षडयन्त्रबाट विदेशमा बेचिएका हुन् अथवा स्वयं कतै वेपत्ता भएका हुन्, त्यो भने यकीन हुन सकेन। सम्बन्धित अभिभावकले चासो नराखेकै कारण त्यस्ता घटनाबारे सही सूचना सार्वजनिक हुन नसकेको धारणा स्थानीय जनप्रतिनिधिहरू व्यक्त गर्छन्। यस सम्बन्धमा धेरैको भनाई थियो - महिलाहरू बेचिएको जानकारी वर्षौंपछि सार्वजनिक हुने परिपाटी यहाँ कायम छ।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

यो वर्ष बहु विवाहका १४ वटा मुद्दाहरू जिल्ला अदालतमा दर्ता भए। त्यसमध्ये ४ वटा मुद्दा फछ्र्यौट गरिए। फछ्र्यौट भएका मुद्दाका प्रतिवादीलाई कानून बमोजिम कैद सजाय समेत तोकियो।

तालामाराङ-५ का विदुर अर्यालले घरमा जेठी पत्नी पार्वती अर्याल हुँदाहुँदै **२०५२ माघ १० गते** ज्यामिरे-३ की कान्छी विष्टसंग दोस्रो विवाह गरे।

थुम्पाखर गाविस-९ का पशुपति कार्कीले जेठी पत्नी देवकी कार्की हुँदाहुँदै **२०५२ फागुन १८ गते** जेठल गाविस बर्नाकी नाम थाहा नभएकी कान्छी कार्कीलाई दोस्रो पत्नी

बनाएर घरमा भित्र्याए।

ज्यामिरे गाविस-६ का केदार भन्ने खड्गबहादुर गिरीले घरमा जेठी पत्नी गंगा गिरी हुँदाहुँदै सोही ठाउँ बस्ने नक्कली गिरीसंग दोस्रो विवाह गरे।

४.३ गर्भपतन

जानकारीमा आएन।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

कुभिण्डे घटनासम्बन्धी अनुसन्धानका नाममा प्रहरीले **२०५२ माघ २५ गते** ९ देखि १५ वर्ष भित्रका १० जना विद्यार्थीलाई गिरफ्तार गऱ्यो। गिरफ्तार हुने विद्यार्थीहरूमा ९ वर्षीय दुर्गाप्रसाद सापकोटा, १० वर्षीय उद्धव सापकोटा, ११ वर्षीय मीनु सापकोटा, खिलप्रसाद नेपाल, शुभद्रा सापकोटा, भोला सापकोटा, गोमादेवी काफ्ले, १५ वर्षीय लक्ष्मी पराजुली, लक्ष्मी तिमिल्सिना र जुना तिमिल्सिना छन्। यिनीहरू प्रायः सेतीदेवी पञ्चकन्या मा.वि.का कक्षा ३ देखि १० सम्मका विद्यार्थी हुन्। नाइलनको डोरीले बाँधेर सदरमुकाम लगिएका ती विद्यार्थीहरूलाई सोधपुछका क्रममा छडीले पिटिएको थियो।

कुभिण्डे घटनाकै विषयलाई लिएर **२०५२ फागुन २ गते** सेतीदेवी पञ्चकन्या मा.वि. को हातावाट १३ वर्षीय भोजप्रसाद नेपाल, १४ वर्षीय लक्ष्मीप्रसाद शर्मा, कुश्माखर शर्मा, कुश्माखर सापकोटा, १५ वर्षीय राजु ठकुरी, रेवती नेपाल लगायतका विद्यार्थीहरू गिरफ्तार गरिए।

महांकाल गाविस-९ स्थित ग्याल्थुम खोला र त्यसको वरपर ९-१० वर्षका केटाकेटीहरू बाटो खन्ने काममा लागेका पाइए। उक्त बाटो मेलम्ची खानेपानी आयोजनाको पूर्वाधारका रूपमा खनिन थालेको हो। २०५२ फागुन १३ र चैत २७ गते त्यहाँ पुग्दा त्यस्ता बालवालिकाको संख्या ११ जना रहेको पाइयो। तिनीहरूलाई यस्तो काममा लगाउने रोल्पाका मेखबहादुर के.सी. हुन्। के.सी. लगायत ती सबैको घर रोल्पा जिल्लाको अरेश गाविसमा पर्छ। आफूलाई बाबुआमाले पठाएको बताउने बालश्रमिक भेगबहादुर रोक्का अरूभन्दा अलि ठूलो र छिप्पिएका जस्ता लाग्दछन्। उनी अहिले ११ वर्ष पुगे। आफूले बाटो खनेबापत प्रतिदिन ५० रूपैयाँ पाउने गरेको कुरा भेगबहादुरले बताए। उनीहरू कम्मरमा डोरी बाँधेर पहरा पनि फुटाउँछन्।

चोकटी गाविस-३ मा निर्माणाधीन गाविस भवन केही उच्छृंखल व्यक्तिद्वारा भत्काइएको खबर सुनेर सोही दिन **२०५३ साउन २ गते** घटनास्थल पुगेका १२ वर्षीय मेत्तर विश्वकर्मामाथि राप्रपा गाउँ इकाइका अध्यक्ष खड्गबहादुर गुरूङ लगायतका व्यक्तिहरूले छुरी प्रहार गरे। छुरी प्रहारबाट उनको पेटमा तीन इञ्च लामो र गहिरो घाउ लाग्नुका साथै आन्द्राभुँडी समेत निस्किएको थियो। पीडकहरूउपर प्रशासनिक कार्यवाही भएको पाइएन।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

नेपाल राष्ट्रिय शिक्षक संगठन सिन्धुपाल्चोकले पेशागत हकहित तथा अन्य विविध समस्याहरूलाई लिएर **२०५२ माघ ४ गते** जिल्ला शिक्षा कार्यालयमा दिनभर धर्ना दियो। त्यसपछि २०५२ चैत १० गते विरोध जुलुश तथा चैत १८ गते पुनः धर्ना कार्यक्रम सञ्चालन गऱ्यो। पेशागत आन्दोलनकै क्रममा शिक्षकहरूले २०५३ जेठ ४ गतेदेखि लालटीन जुलुश, धर्ना, रिले अनशनजस्ता कार्यक्रमहरूलाई अगाडि बढाए।

गुठी संघर्ष समिति सिन्धुपाल्चोकद्वारा जिल्लाको गुठी समस्याप्रति सरकारी निकायको ध्यानाकर्षण गर्न **२०५३ असोज १२ गते** विरोध कार्यक्रमको आयोजना गरियो। सो दिन अरनिको राजमार्गको सम्पूर्ण यातायात आवागमन बन्द रह्यो भने ठूलो संख्यामा जम्मा भएको जनसमुदायले खाडीचौर बजारमा विरोध सभा सञ्चालन गऱ्यो।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहारहरु / छुवाछूत समेत

बाँसखर्क गाविस-६ की २४ वर्षीय सञ्चमाया तामाङलाई बोक्सीको आरोपमा पूर्व प्रधानपञ्च लक्ष्मण दोङ लगायतका व्यक्तिहरूले **२०५२ चैत १५ गते** दिउँसो बेइज्जति गरे। त्यस दिन बाटो ढुकेर बसेका केही व्यक्तिद्वारा सञ्चमायालाई समातियो र लक्ष्मण दोङको घरमा पुऱ्याइयो। त्यहाँ रहेका व्यक्तिहरूले उनको मुखमा दूबो र तामाको पैसा हाल्न लगाएर अनुहारभरि गोबर पोतिदिए। त्यसपछि सञ्चमायाको मुखमा "दोमङ्" भन्ने पुस्तक च्याप्न लगाई किरिया खुवाए। "दोमङ्" लामा जातिको धार्मिक पुस्तक हो। यसरी सञ्चमायालाई अपमानित र बेइज्जति गर्नेमा तारदेउ दोङ, दावा दोङ र फुर्वा दोङ पनि रहेका छन्।

माङ्खा गाविस-३ उपल्लो गाउँकी ६५ वर्षीय मइसाङ तामाङलाई बोक्सीको आरोप लगाएर आफ्नै छोरा ३० वर्षीय आइतमान तामाङले **२०५३ वैशाख ५ गते** मानातीर्थ औंशीका दिन कुटपिट गरे। त्यसको केही दिनपछि ०५३ वैशाख १० गते दिउँसो सोही ठाउँ बस्ने पिंगे तामाङकी छोरी १८ वर्षीय कान्छी तामाङले समेत माइसाङमाथि ढुङ्गामुढा गरिन्। यस सम्बन्धमा पीडित पक्षले गाविसमार्फत लामोसाँघु प्रहरी चौकीमा न्यायका निम्ति ताकेता गरेको पाइयो।

फटकशीला गाविस-२ का युवक गोकुल श्रेष्ठलाई सोही गाविसकी पम्फा दमाईसंग अन्तरजातीय विवाह गरेको कारण स्थानीय व्यक्तिहरूले ०५३ जेठ २० गते बाबुको दाहसंस्कारमा समेत सामेल हुन दिएनन्।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

सानु सिरूवारीको मेलचौरनजिक **२०५२ माघ १७ गते** शिक्षक यज्ञप्रसाद दंगालमाथि अज्ञात व्यक्तिहरूद्वारा आक्रमण गरिएको घटना सम्बन्धमा एक वक्तव्य प्रकाशित गर्दै नेपाल शिक्षक संघ सिन्धुपाल्चोकले सो घटनालाई कायरतापूर्ण भएको बतायो।

कुभिण्डे गाविसमा **२०५२ माघ १८ गते** भएको हिंसात्मक मुठभेडबाट उत्पन्न परिणामप्रति दुःख व्यक्त गर्दै गतिशील ग्रामीण उत्थान समूहले एक प्रेस विज्ञप्ति प्रकाशित गरेर प्रहरी-प्रशासन कुभिण्डे घटनाको सत्यतथ्य खोज्ने नाममा कतिपय राजनीतिक व्यक्तिको उक्साहटबाट प्रेरित भएको आरोप लगायो।

ठोकर्पा गाविसस्थित अस्थायी प्रहरी चौकीमा **२०५३ भदौ ११ गते** भएको यातनासम्बन्धी घटना र त्यसबाट उत्पन्न परिणामबारे वक्तव्य प्रकाशित गरी गतिशील ग्रामीण उत्थान समूहले सो घटनाका सन्दर्भमा प्रहरी प्रशासनद्वारा प्रदर्शित व्यवहारप्रति दुःख व्यक्त गऱ्यो।

यी वक्तव्य र विरोधपत्र बाहेक यो वर्ष भूमि तथा गुठीसम्बन्धी समस्यालाई लिएर गुठी संघर्ष समिति, अखिल नेपाल किसान संघ जिल्ला समिति आदिले वक्तव्य जारी गरे।

९. अतिरिक्त जानकारीहरु (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष सवारी दुर्घटनाबाट २ जनाको मृत्यु भयो, अर्को एकजना व्यक्ति बसभित्र यात्रा गर्ने क्रममा मरे। त्यस्तै खोलामा परेर २ जना, नहरमा डुबेर १ जना र अन्य प्रकृतिको आकस्मिक घटनाबाट २ जनाको मृत्यु हुन पुग्यो।

बाढीपहिरोमा परी ५७ जनाको मृत्यु भयो। दुईवटा पुल, एउटा प्रहरी व्यारेक र ५ सय जति घर बाढी-पहिरोबाट प्रभावित भए। आगलागी तथा अन्य प्राकृतिक प्रकोपबाट २१ घर प्रभावित बने।

यो वर्ष २८ जनाले आत्महत्या गरे। त्यसमध्ये २० जनाले झुण्डिएर, ५ जनाले खोलामा हाम्फालेर तथा ३ जनाले विष सेवन गरेर आफ्नो जीवन समाप्त पारे। आत्महत्या गर्नेहरूमा १७ महिला र ११ पुरूष छन्।

ठूलो सिरूवारी गाविसस्थित कृषि विकास बैंक तथा साना किसान विकास आयोजनालाई केही अज्ञात व्यक्तिहरूले २०५३ असोज १८ गते राती ११ बजे तोडफोड गर्नुका साथै आगो लगाएर कागजपत्र, लालपूर्जा र रसिदहरू जलाए।

■



२. मध्यमाञ्चल
वागमती
२.१८ नुवाकोट

जनसंख्या : २४५२६०
साक्षरता : ३१.४ प्रतिशत
महिला साक्षरता : १७.८ प्रतिशत
क्षेत्रफल : ११२१ वर्ग कि.मी.
गाविस/नपा : ६०/१
निर्वाचन क्षेत्र : ३
विद्यालय/क्याम्पस : ३३२/०
अस्पताल/स्वास्थ्य चौकी : १/११
टेलिफोन लाइन :
सडक (कि.मि.) : १०७
प्रहरी कार्यालय : १७

देशकै ठूल-ठूला विद्युत केन्द्र यहाँ भएर पनि कतिपय क्षेत्रका जनता अँध्यारोमै बस्न बाध्य छन्। व्यक्तिगत रिसइवी र अज्ञानताले गर्दा यहाँका जनताले निर्वाध रूपमा मानवअधिकारको प्रयोग गर्न पाइरहेका छैनन्। यस जिल्लाका महिलाहरूले मदिरा निषेधित जिल्ला बनाउन प्रहरी प्रशासनसंग सहयोग गर्नको लागि अनुरोध गर्दै आएका छन्। यो जिल्लामा यसवर्ष मदिरा निषेधित क्षेत्र बनाउने सवाल नै चर्चित रह्यो।

१. सम्मानित रुपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

विदुर नपा-८ का ३० वर्षीय सूर्यकुमार श्रेष्ठको **०५३ भदौ १८ गते** राती मोटर साइकल दुर्घटना भई मृत्यु भयो। तर पीडितको हत्या भएको आशंका गरिएको छ।

१.२ जेल र बन्दीहरु

नुवाकोट जेल जीर्ण अवस्थामा रहेको छ। बन्दीहरूको लागि दुईवटा मात्र कोठाको व्यवस्था गरिएको छ। एउटामा पुरूष र अर्कोमा महिला गरी २५ जनाका क्षमता भएको भएता पनि त्यसभन्दा बढी बन्दीहरू राखिने गरिएको छ। हाल जेलमा पुरूष २७ र महिला ४ जना छन्। जसमा २२ थुनुवा र ९ जना कैदी समेत जम्मा ३१ जना छन्। भने विगत वर्षदेखि नै आमाको साथमा रहेकी ५ वर्षीय एक बालिका पनि छन्। जेलमा ओढ्ने ओछ्याउने सरसामान छैन, चर्पी दुईवटा मात्र छन्। अन्य भौतिक सुविधा छैन। कुहिएको चामल र काँचो दाउरा दिने गरेको कुरा बन्दीहरू बताउँछन्। महिलाहरूको लागि राती दिसा पिसाव गर्न असुविधा भएकोले जेलमा महिला प्रहरी दरबन्दी हुनु पर्ने देखिन्छ।

१.३ गिरफ्तारी र यातना

रालुका गाविस-१ का ६० वर्षीय गणेशबहादुर परियारलाई जिउ मास्ने बेच्ने अभियोगको अनुसन्धानको क्रममा प्रहरीले **०५३ साउन २६ गते** पक्राउ गरी यातना दियो। यातनाबाट गणेशबहादुर परियार बिरामी भएपछि उपचारार्थ जिल्ला अस्पताल त्रिशुलीमा भर्ना गराई उपचार गरिएको थियो। उपचारपछि उनलाई प्रहरीले तारिखमा छोडेको थियो।

विदुर नपा-२ का २५ वर्षीय महेन्द्रलाल श्रेष्ठलाई विना कारण प्रहरीले ०५३ मंसीर २१ गते गिरफ्तार गरी चार घण्टाको अनुसन्धानपछि मुक्त गऱ्यो।

१.४ बेपत्ता पारिएको

जानकारीमा आएन।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

बर्सुनचेत गाविस-१ मेगाङ भन्ज्याङमा ०५३ भदौ १५ गते सामरी गाविस-४ का ३९ वर्षीय भरतप्रसाद सापकोटालाई देउराली गाविस-७ का २९ वर्षीय सिंहबहादुर तामाङले राजनीतिक विषयमा वादविवाद गरी कुटपिट गरे।

सूर्यमति गाविस-४ मा पर्ने तादी खोलाको बगर खेत छुट्याउने क्रममा शान्ति सुरक्षा गर्न भनी ढिकुरे प्रहरी चौकीबाट ०५३ मंसीर १३ गते त्यस बगरमा गएका प्रहरी हवल्दार रामबहादुर बस्तीले बेलुका दाँई सकेर त्यही बाटो गरी घर आइरहेका सूर्यमति गाविसकै जीतबहादुर राईलाई कुटपिट गरे।

यस बाहेक कुटपिटको अन्य ६ वटा घटनामा ६ जना पीडित भए।

१.६ थुनामा मृत्यु

थुनामा मृत्यु भएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

अनेरास्ववियू (क्रान्तिकारी) नुवाकोटको जिल्ला सम्मेलन ०५२

कुटपिटबाट घाइते भरतप्रसाद सापकोटा

चैत ३ गते हुने सिलसिलामा वेत्रावति बजारमा ०५२ फागुन १७ गते प्रचार प्रसार गरिरहेको अवस्थामा धर्मप्रसाद अधिकारी र राधा कृष्ण मुडवरीलाई प्रहरीले पक्राउ गरी सार्वजनिक मुद्दा लगाइयो। उनीहरू धरौटीमा छुटे। सोही अभियोग लगाई ०५२ फागुन २६ गते मुकुन्दराज पौड्याललाई पनि पक्राउ गरी धरौटीमा छोडियो। रामकृष्ण वानिया र दिनेशमान डंगोललाई पनि ०५२ फागुन २३ गते पक्राउ गरेपछि दिनेशमानलाई भोलि पल्ट रिहा गरियो भने रामकृष्ण वानियालाई ७ दिनपछि मात्र रिहा गरिएको थियो।

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

जानकारीमा आएन।

२.४ सरुवा / घटुवा / पक्षपात आदि

जानकारीमा आएन।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

जानकारीमा आएन।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

कल्याणपुर गाविस-३ की १८ वर्षीय सरस्वती र विदुर नपा-९ की १९ वर्षीय भगवतीलाई ना.अ.ख. ८३५९ नं. को रात्री बसका खलासी १९ वर्षीय कुमार श्रेष्ठले ०५३ भदौ ७ गते नुवाकोटबाट भगाई हेटौंडा पुऱ्याई छाडिदिए। ०५३ भदौ २३ गते ती दुवै जनालाई प्रहरीले फेला पारी नुवाकोट ल्याई सम्बन्धित अभिभावकहरूलाई जिम्मा लगाई दिएको थियो।

समुन्द्रादेवी गाविसका इन्द्रबहादुर दमाईकी २६ वर्षीय पत्नी पंफादेवी दमाईलाई ०४६ सालमा सोही ठाउँका ४७ वर्षीय गंगाबहादुर तामाङले भारतको कमाडीपुर पुऱ्याई रू. २० हजारमा बिक्री गरेका थिए। सो कुरा इन्द्रबहादुर दमाईले थाहा पाएर पनि सो सम्बन्धमा मौन बसी ०५३ असोजमा मात्र प्रहरीमा उजुरी गरे। प्रहरीले गंगाबहादुर तामाङलाई ०५३ असोज ३० गते र पम्फादेवी दमाईलाई ०५३ कार्तिक १६ गते पक्राउ गरी बयान गरायो। गंगाबहादुर सोही अभियोगमा थुनामा छन्।

कालुका गाविसकी २१ वर्षीय चन्द्रिका नेपाली ०५३ साउन २६ गतेदेखि हराएकी छिन्। उनी सो दिन आफ्नै पतिसंग आँपरह भन्ने ठाउँमा गएकी थिइन्। उनलाई गाउँकै मेलिट्री माइलो भन्ने व्यक्तिले बेचेको आशंका गरिएको छ।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

विदुर नपा-९ का २८ वर्षीय रामहरी वस्नेतले ०५१ साल फागुनमा विवाह गरेकी पत्नी सानुमैयाँ हुँदाहुँदै काठमाडौं नयाँ बजारकी सुनितासंग प्रेम विवाह गरे। सोही विषयलाई लिएर ०५३ मंसीर १४ गते सानुमैयाँले जिल्ला प्रहरी कार्यालयमा बहुविवाहको उजुरी दिएकी छिन्।

४.३ गर्भपतन

जानकारीमा आएन।

५. बाल अधिकार (बाल बालिकाउपरको अत्याचार)

जानकारीमा आएन।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

जानकारीमा आएन।

कुटपिटबाटघाइते सिंहबहादुर तामाङ

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहारहरु / छुवाछूत समेत

जानकारीमा आएन।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

जानकारीमा आएन।

९. अतिरिक्त जानकारीहरु (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

मोटर दुर्घटनामा परेर ११ जनाको मृत्यु भयो। पानीमा डुबेर ४ जनाको मृत्यु भयो। नदीमा हाम्फालेर २ जनाले आत्महत्या गरे। झुण्डिएर २ जनाले आत्महत्या गरे। शरीरमा मट्टितेल खन्याएर १ जनाले आत्महत्या गरेकी थिइन्। विष सेवन गरेर १ जनाले आत्महत्या गरेकी थिइन्। आत्महत्या गर्नेहरूमा ४ जना पुरुष र २ जना महिला छन्। बाढी पहिरोमा परेर २ जनाको मृत्यु भयो। चट्याङमा परेर १ जनाको मृत्यु भएको थियो। भीरबाट लडेर १ जनाको मृत्यु भएको थियो। ■

२. मध्यमाञ्चल

वागमती

२.१९ रसुवा

जनसंख्या : ३६७४४
साक्षरता : २२.९ प्रतिशत
महिला साक्षरता : ११.३ प्रतिशत
क्षेत्रफल : १५४४ वर्ग कि.मी.
गाविस/नपा : १८/०
निर्वाचन क्षेत्र : १
विद्यालय/क्याम्पस : ९६/०
अस्पताल/स्वास्थ्य चौकी : १/९
टेलिफोन लाइन :
सडक (कि.मि.) : १०५
प्रहरी कार्यालय : ११

प्राकृतिक सुन्दरताले भरिपूर्ण यो जिल्लामा पातलो वस्ती रहेको छ। गोसाईकुण्ड, पार्वती कुण्ड, रसुवागढी, उत्तरगया, बेत्रावती जस्ता ऐतिहासिक एवं सांस्कृतिक महत्वका ठाउँहरू यहाँ रहेका छन्। सन् १९९२ देखि हालसम्मका यस जिल्लाका मानवअधिकार उल्लंघनका घटनाहरूलाई हेर्दा यस जिल्लामा मानवअधिकारको स्थितिमा सुधार हुँदै आएको पाइएको छ।

१. सम्मानित रुपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

जानकारीमा आएन।

१.२ जेल र बन्दीहरु

१० रोपनी १२ आना क्षेत्रफल ओगटेको यहाँको जेल बाहिर र भित्र गरी जम्मा ३ वटा शौचालय छन्। हाल यस जेल भित्र १ जना महिला कैदी र १ जना पुरूष कैदीको रूपमा रहेका छन् भने बाँकी ४ जना पुरुष र १ जना महिला पुर्पक्षको लागि थुनामा रहेका छन्। महिला बन्दीहरू महिला शौचालयको राम्रो व्यवस्था नभएको बताउँछन्। उनीहरू शीपमूलक कामको व्यवस्था नभएकोमा पनि दुःख व्यक्त गर्दछन्।

जेल भित्र पढ्ने र पत्र पत्रिका हेर्ने व्यवस्था छैन। बन्दीहरूको माग अनुसार हुसेक रसुवाले मानवअधिकार सम्बन्धी प्रकाशन र केही पत्रिका दिँदै आएको छ।

१.३ गिरफ्तारी र यातना

धैवुङ गाविस-५ कालिकास्थानका ३६ वर्षीय सूर्यलाल डंगोललाई माओवादीले चलाएको आन्दोलनमा भाग लियो भनेर २०५२ फागुन २८ गते जिल्ला प्रहरी कार्यालयबाट आएका प्रहरी टोलीले अनुसन्धानको सिलसिलामा पक्राउ गऱ्यो। अनुसन्धानको क्रममा ३ दिन हिरासतमा राखी माओवादीले चलाएको आन्दोलनमा भाग लिने नलिने, जिल्ला बाहिर जाँदा सोधेर मात्र जाने र दैनिक कालिकास्थान चौकीमा हाजिर हुने गरी कागज गराएर छोडेको कुरा पीडित बताउँछन्।

धैवुङ गाविस-५ का २३ वर्षीय मेघनाथ ढकाललाई घरमा बसिरहेको अवस्थामा २०५२ फागुन २९ गते प्रहरी आई केही कुरा बुझ्नु छ भनी जिल्ला प्रहरी कार्यालय धुन्चेमा लगे। माओवादीले चलाएको आन्दोलनमा भाग लिने छैन, जिल्ला छोडेर बाहिर जानु पऱ्यो भने प्रहरीसंग सोधर मात्र जानेछु भनेर कागज गराएको र आफ्नो फोटो समेत खिचेर जिल्ला प्रहरी कार्यालय रसुवामा राखेको कुरा पीडित बताउँछन्।

१.४ वेपत्ता पारिएको

जानकारीमा आएन।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

सामान्य कुटपिटका ३ वटा घटनामा ३ जना पीडित बने।

१.६ थुनामा मृत्यु

थुनामा मृत्यु भएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

जानकारीमा आएन।

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

जानकारीमा आएन।

२.४ सरुवा / घटुवा / पक्षपात आदि

स्वास्थ्य मन्त्रालय अन्तरगत लहरेपौवा आयुर्वेदिक औषधालयमा कार्यरत पियन राजकुमार थापालाई २०५३ मंसीर महिनामा राजनीतिक आस्थाकै कारण रूकुम जिल्लाको आयुर्वेदिक औषधालयमा सरूवा गरियो। उनलाई सरूवा गरी रिक्त हुन आएको दरबन्दीमा स्वास्थ्य मन्त्री अर्जुन नरसिंह के.सी.ले आफ्नो मानिस ल्याएको बताइन्छ।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

जानकारीमा आएन।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

यार्सा गाविस-१ का ३६ वर्षीय पासाङदावा तामाङले २०४२ बैशाख १ गते सरमथली गाविसकी २९ वर्षीय लक्की तामाङ र ३० वर्षीय पोडे तामाङलाई ललाई फकाई भारतको बम्बईमा बिक्री गरी आफू घर फर्केको घटना प्रकाशमा आएको छ। पीडक पासाङ दावा तामाङलाई काठमाडौं बालाजु चौकीले २०५३ असोज ११ गते पक्राउ गरी रसुवा जिल्ला धुन्चेमा चलान गरेको छ। हाल पीडकलाई पुर्पक्षको निम्ति थुनामा राखिएको छ।

सरमथली गाविसकी २२ वर्षीय सुकुमाया तामाङले पतिको यातनाका कारण २०५२ चैत ४ गते आफ्ना पति आइतराम पाखिनसंग सम्बन्ध विच्छेद गरी पाउँ भनी जिल्ला अदालतमा मुद्दा दायर गरिन्। सुकुमाया २०५० सालदेखि माइतीघरमा बसेकी र उनीसंग १ छोरा पनि छन्।

भोर्ले गाविस-४ की २७ वर्षीय श्याममाया तामाङले आफ्ना पति सन्तबहादुर तामाङले हेला गरी अर्की पत्नी समेत ल्याएकोमा ०५३ असार ११ गते सम्बन्ध विच्छेद गरी पाउँ भनी मुद्दा दायर गरिन्।

लाङटाङ गाविस-७ की २५ वर्षीय ज्ञानु तामाङले आफ्ना पति ५० वर्षीय मिङ्गुर तामाङसंग सम्बन्ध विच्छेद गरी पाउँ भनी २०५३ असोज २० गते मुद्दा दायर गरेकी छिन्।

गोल्जुङ गाविस-६ की २७ वर्षीय निमा साङ्गी तमाङ्ले आफ्ना पति फुपुतेन्जेन तामाङसंग सम्बन्ध विच्छेद गरी पाउँ भनी २०५३ कार्तिक १६ गते जिल्ला अदालता मुद्दा दायर गरेकी छिन्। २०५३ जेठदेखि पतिले घरबाट निकाली दिएको कुरा पीडित बताउँछिन्। हाल उनी १ छोरा १ छोरीसाथ माईतीघरमा बसेकी छिन्।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

जानकारीमा आएन।

४.३ गर्भपतन

जानकारीमा आएन।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

जानकारीमा आएन।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

कुनै घटना प्रकाशमा आएको पाइएन। यस सम्बन्धी उल्लेख्य घटनामा प्रकाशमा आएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहारहरु / छुवाछूत समेत

जानकारीमा आएन।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

जानकारीमा आएन।

९. अतिरिक्त जानकारीहरु (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

एउटा ट्रक दुर्घटनामा ५ जना घाइते भए। भीरबाट लडी १ जनाको मृत्यु भयो। एकजना पुरूष र एकजना महिलाले आत्महत्या गरे।

■

पश्चिमाञ्चल

३.१ तनहुँ
३.२ गोरखा
३.३ लमजुङ्ग
३.४ स्यांग्जा
३.५ कास्की
३.६ मनाङ्ग
३.७ नवलपरासी
३.८ रूपन्देही
३.९ पाल्पा
३.१० कपिलवस्तु
३.११ अर्घाखाँची
३.१२ गुल्मी
३.१३ वाग्लुङ्ग
३.१४ पर्वत
३.१५ म्यागदी
३.१६ मुस्ताङ्ग



३. पश्चिमाञ्चल

गण्डकी

३.१ तनहुँ

जनसंख्या : २६८०७३
साक्षरता : ५०.० प्रतिशत
महिला साक्षरता : ३५.८ प्रतिशत
क्षेत्रफल : १५४६ वर्ग कि.मी.
गाविस/नपा : ४६/१
निर्वाचन क्षेत्र : ३
विद्यालय/क्याम्पस : ७८६/३
अस्पताल/स्वास्थ्य चौकी : १/४७
टेलिफोन लाइन : २७९
सडक (कि.मि.) : २१९
प्रहरी कार्यालय : १७

बिगतको तुलनामा यस जिल्लामा प्रहरी प्रशासनबाट हुने मानवअधिकार उल्लंघनका घटनाहरूमा कमी आएको पाइन्छ। व्यक्तिगत तथा राजनीतिक रीसइवीबाट मानवअधिकार हनन गर्ने कार्यमा भने बृद्धि भएको पाइएको छ। भारतको श्रीनगर कास्मीरमा नोकरी गर्न गएका **तनहुँ काहुँ गाविस- २** का गंगाबहादुर थापा, मानबहादुर थापा, बलबहादुर थापा, यामबहादुर थापा, पलबहादुर थापा, डोलबहादुर थापा, भिर्कोट गाविस-६ का प्रेमबहादुर थापा र कोटदरवार गाविस-२ का मनबहादुर थापालाई कास्मिरी उग्रवादीले कास्मीर बजारबाट २ कि.मि. टाढाको घनघोर जंगलमा लगी **०५३ वैशाख १९ गते** राती १२ बजे पालैपालो गोली हानी हत्या गरे। काहुँ गाविस-२ का पदमबहादुर थापा गोली प्रहारबाट बाँची आफ्नो घरमा आउन सफल भए। यो घटना यस वर्ष निकै चर्चित रह्यो।

१. सम्मानित रुपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

भिरकोट गाविस-१ का ३९ वर्षीय डोलनाथ रानाभाटलाई आफ्नै पत्नी २१ वर्षीय कान्छी पत्नी मिठु भन्ने देविमाया रानाभाटले **०५२ पुस २५ गते** खानासँगै मुसाको विष राखी खुवाएर हत्या गरिन्। पीडक देवीमाया रानाभाट र डोलनाथ दुई हप्ता अगाडिमात्र वैवाहिक सम्बन्धमा बाँधिएका थिए। पीडक देवीमायालाई कानूनी कार्वाही चलाइएको छ।

खैरेनीटार गाविस-८ खैरेनीटार बजारमा **०५२ पुस २६ गते** राती ८.३० बजे नवलपरासी घर भई ना.अ.ख. ४१३९ नं को गाडी चालक २६ वर्षीय तिलक के.सी. लाई गाडी नरोकेको सामान्य निहुँमा कुटपिट गरी उनको हत्या गरियो। आरोपित पीडक ढोरफिर्दी गाविसका भेषबहादुर खत्री, खैरेनीटार-८ का दीपक श्रेष्ठ र खैरेनीटार सिमलचौरका रामबहादुर वि.क. हालसम्म फरार छन्। प्रहरीबाट अनुसन्धानको लागि खैरेनीटार-८ का शिवकुमार श्रेष्ठ, अर्जुन सापकोटा, सोमबहादुर थापा, दिपक थकाली र दिलकुमार थकाली समेतका व्यक्तिलाई पक्राउ गरी जिल्ला अदालतमा बुझाए पछि अदालतबाट दिल कुमार थकाली, सोमबहादुर थापा र दिपक थकाली छुटेका छन् भने शिवकुमार श्रेष्ठ र अर्जुन सापकोटालाई पुर्पक्षको लागि तनहुँ कारागारमा राखिएको छ।

मानुमती गाविस-७ का ६६ वर्षीय धमलाल श्रेष्ठ **०५२ माघ ६ गते** ढोरफिर्दी गाविस- ६ स्थित खोरादीको खोल्सामा मृत अवस्थामा फेला परे। पीडक पत्ता लगाउन सकिएको छैन। भारतीय भू.पू. सैनिक धमलाल पोखराबाट पेन्सन लिएर घर फर्किंदै थिए।

ढोरफिर्दी गाविस-५ का २० वर्षीय चित्रबहादुर खाँणलाई **०५२ चैत २२ गते मानुमती-९** का ठानबहादुर शाही, ऋषिराम उचै, मदन शाही, फत्तबहादुर शाही र ऋषिराम खनालले **राइपुर गाविस-१** जहरे बगरमा हत्या गरे। स्थानीय महिला निर्मला सेन र सुना गुरुङलाई जिस्काएको आरोपमा दुवै पक्ष बीच झगडा हुँदा उक्त घटना हुन गएको थियो। पीडकलाई पक्राउ गरी कानूनी कारवाही चलाइएको छ।

नवलपरासी डेढगाउँ गाविस-९ का १९ वर्षीय माधव बोहरालाई **०५३ वैशाख १८ गते** नवलपरासी भारतीपुर गाविस-३ का २२ वर्षीय ओमनारायण श्रेष्ठ, २० वर्षीय भोजनारायण श्रेष्ठ, १८ वर्षीय चन्द्रलाल श्रेष्ठ र डेढगाउ गाविसका २३ वर्षीय टेकबहादुर कुमालले तनहुँ राम्जाकोट गाविस-२ पिपलटारमा कुटपिट गरी हत्या गरे। रामनवमी मेलामा भलिवल खेल खेल्दा झगडा शुरू भएर उक्त घटना हुन गएको हो। घटनामा डेढगाउँ गाविसका गमबहादुर घर्ती मगर, लक्ष्मण ओझा र बेलबहादुर सोती मगर पनि घाइते भएका थिए। पीडक ओमनारायण श्रेष्ठ, भोजनारायण श्रेष्ठ र चन्द्रलाल श्रेष्ठ हालसम्म फरार छन् भने टेकबहादुर कुमाललाई ०५३ साउन १२ गते मृतकका काका रामेश्वर बोहराले पक्री जिल्ला प्रहरी कार्यालय तनहुँमा बुझाएका थिए।



अज्ञात व्यक्तिद्वारा हत्या गरिएका दयाराम सुनार र उनका छोरा अन्जन सुनार

व्यास नपा-२ स्थित शिव रेष्टुरेण्ट एण्ड लजको कोठा नं. १४ मा पोखरा उमनपा-१ का ५२ वर्षीय दयाराम वि.क. (सुनार) र उनकै छोरा १९ वर्षीय रञ्जन सुनार **०५३ जेठ २१ गते** विहान ९.३० बजे मृत अवस्थामा फेला परे। उनीहरूको हत्या गरेको आशंका गरिएका भगवतीपुर-२ घर भई पोखरा उपमनपा भेडी फारम बस्ने २८ वर्षीय भिमबहादुर सार्की भन्ने जसबहादुर थापा फरार छन्। शिव रेष्टुरेण्ट एण्ड लजका साहु शिवचन्द्र पौडेल अदालतबाट तारेखमा छुटेका छन्।

ढोरफिर्दी गाविस- ६ का ३८ वर्षीय नामबहादुर नेपाली (सार्की) लाई सोही ठाउँका आफ्नै मामा पदमबहादुर नेपाली र कान्छी माइजुले **०५३ साउन १३ गते** डोरीले हात खुट्टा बाँधी पिटेर हत्या गरे। दुवै पक्ष रक्सीले मातेका थिए। पीडक पदमबहादुर र उनकी कान्छी पत्नी घटना पश्चात फरार छन् भने उक्त घटनामा सामेल भएको आशंकामा स्थानीय कुलबहादुर, खीमबहादुर, दिनकुमार र बाटुली नेपालीलाई पुर्पक्षको लागि थुनामा राखिएको छ।

आँबुखैरेनी गाविस-३ का ७२ वर्षीय संते गुरूङलाई आफ्नै छोरा ४५ वर्षीय प्रेमबहादुर गुरूङले **०५३ साउन १५ गते** बाँसको घारीमा चढेको वेला भरूवा बन्दुकको गोलीले हानेर हत्या गरे। पीडक प्रेमबहादुर गुरूङलाई पक्राउ गरी कानूनी कारवाही गरिएको छ।

कुटपिटबाट हत्या गरिएका चालक तिलक के.सी.

१.२ जेल र बन्दीहरु

यस जिल्लामा २५ जना बन्दी राख्न सकिने "घ" श्रेणीको एउटा जेल छ। यस वर्षको अन्त्यतिर जेलमा थुनुवा १५ जना र कैदी १३ जना गरी २८ जना पुरूष बन्दी रहेका छन्। जेलमा गर्मी समयका लागि पंखाको अभाव रहेको छ। खाने पानीको लागि एउटा मात्र धारो हुनाले असुविधा भएको बन्दीहरू बताउँछन्। पत्रपत्रिकाको व्यवस्था छैन। "यस कारागारमा पनि बन्दीहरूलाई स-साना कार्यहरू कार्यालयको तर्फबाट उपलब्ध गराउन सके राम्रो हुने" कुरा जेलर बताउँदछन्। कसैले आफ्नै ओढ्ने ओछ्याउने कपडाको व्यवस्था गर्न नसकेको देखियो।

१.३ गिरफ्तारी र यातना

व्यास नपा-१० का कृष्ण घिमिरेलाई **०५३ वैशाख १३ गते** र **खैरेनीटार गाविस-८** का श्रीराम घिमिरेलाई **०५३ वैशाख १४ गते** विना पूर्जी ज्यान मार्ने उद्योग र आगलागी गरेको अभियोगमा प्रहरीले पक्राउ गऱ्यो। उनीहरूलाई प्रहरी हिरासतमा बढी निगरानी गर्ने, पत्रपत्रिका पढ्न नदिने साथै आफन्त मानिसलाई भेटघाट गर्न समेत दिइएको थिएन। पीडित कृष्ण घिमिरे र श्रीराम घिमिरेलाई ०५३ जेठ १० गते जिल्ला अदालतबाट रू. ७ हजार धरौटी राखी तारेखमा छोडिएको छ। पीडितहरू संयुक्त जनमोर्चाका कार्यकर्ता भएको हुँदा झुट्टो मुद्दा लगाई फसाउने नियतले दुःख दिइएको बताइन्छ।

१.४ वेपत्ता पारिएको

जानकारीमा आएन।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

भानु गाविस-९ का ४५ वर्षीय पद्मबहादुर रानालाई सोही गाउँका रिठ्ठे गुरूङ, भरत गुरूङ, घसे गुरूङ र प्रेम गुरूङले गुरूङ गाउँलाई कामी गाउँ भन्यो भन्ने आरोपमा **०५३ मदौ १७ गते** कुटपिट गरी घाइते बनाए।

यो वर्ष धम्की / ज्यानमार्ने धम्की र कुटपिटका ४ वटा घटना भए। ती घटनाबाट ५ जना व्यक्ति पीडित भए जसमा २ वटी महिला छन्।

१.६ थुनामा मृत्यु

थुनामा मृत्यु भएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

आदिकवि भानुभक्त बहुमुखी क्याम्पसको हाताभित्र अनेरास्ववियुका विद्यार्थी अमृत मिश्र, ठाकुरप्रसाद पन्थ र महेश पौडेललाई अनेरास्ववियु तनहुँ जिल्लाको १२ औं अधिवेशनको सिलसिलामा क्याम्पस हाताभित्र पर्चा पोष्टर

टाँसेको आरोपमा ने.वि.संघका विद्यार्थी पदमबहादुर आले, चेतनारायण श्रेष्ठ, सुरेस भट्टराई, शेषराज गौली र सुजन वाग्लेले **०५२ फागुन ३० गते** कुटपिट गरी घाइते बनाए। स्थानीय अभिभावक, क्याम्पस प्रशासन, स्ववियु, ने.वि.संघ र अनेरास्ववियु बीच छलफल भई पीडकलाई माफी माग्न लगाएपछि स्थिति शान्त भएको थियो।

आदिकवि भानुभक्त क्याम्पस दमौलीमा अध्ययनरत विद्यार्थीहरू बीच **०५३ असोज १७, १८ र २० गते** पटक-पटक झडप भयो। स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचनको विषयलाई लिएर अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन र नेपाल विद्यार्थी संघ बीच भएको सो झडपमा ५ जना विद्यार्थी घाइते भएका थिए। घाइते हुने विद्यार्थीहरूमा ४ जना अखिल पक्षीय र १ जना राष्ट्रिय प्रजातान्त्रिक विद्यार्थी संगठनका थिए।

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्षको अन्त्यसम्ममा देवानी र फौजदारी गरी कुल ६२८ वटा मुद्दा जिल्ला अदालत तनहुँबाट फैसला हुन बाँकी रहेका छन्। जिल्ला प्रशासन कार्यालयमा शान्ति सुरक्षा र सार्वजनिक अपराध सम्बन्धी १० वटा मुद्दा दर्ता भएका छन्। जसमध्ये २ वटा फैसला भइसकेका र ८ वटा बाँकी रहेका छन्। जिल्ला वन कार्यालयमा अघिल्लो वर्षका ४६ वटा मुद्दा फैसला हुन बाँकी रहे भने ०५२ पुस १६ गते देखि यस वर्षको अन्त्यसम्ममा १३ वटा वन सम्बन्धी मुद्दा परेका छन्।

२.४ सरुवा / घटुवा / पक्षपात आदि

जानकारीमा आएन।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

जानकारीमा आएन।

४.महिला अधिकार

४.१महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले बिइने यातना

मानु गाविस-२ की ८ वर्षीय एक बालिकालाई आफ्नै घरमा बसिरहेको अवस्थामा **०५३ साउन ५ गते** सोही ठाउँका

तनहुँ जेलको एक दृश्य

१९ वर्षीय सिताराम अधिकारीले बलात्कार गर्ने प्रयास गरिरहेकै अवस्थामा पीडितका दाजु आएपछि पीडक भागेका थिए। यस घटनालाई ढाकछोप गर्न खोजिएकोले पीडकलाई कुनै कार्वाही भएन।

घाँसीकुवा गाविस-६ की १५ वर्षीय एक युवतीलाई चलचित्र हेर्न आउँदा व्यास नपा-२ स्थित बुल्दी खोलामा **०५३ मदौ ४ गते** स्थानीय १७ वर्षीय दिनेश आले, गोरे परियार र कृष्णबहादुर गुरूङले सामूहिक बलात्कार गरे। पीडकहरूलाई पक्राउ गरियो र जिल्ला अदालतबाट प्रत्येकलाई रू. ३५ हजारका दरले धरौटीमा छोडिएको छ।

हत्या गरी फ्याकिएका माधवबहादुर बोहरा

रिसिङ्ग रानीपोखरी गाविस-९ की ३० वर्षीय एक महिलालाई सोही ठाउँका ३२ वर्षीय हरिभक्त गैरेले **०५३ मदौ २३ गते** जंगलमा घाँस काटिरहेको अवस्थामा बलात्कार गर्ने प्रयास गरे। पीडित भाग्न सफल भइन् र इलाका प्रहरी कार्यालय भिमादमा उजुरी गरिन्। पीडकलाई प्रहरीले गिरफ्तार गरी १२ घण्टा थुनामा राखेपछि रू. ५ सय जरिवाना गरेर छाडेको थियो।

रिसिङ्ग रानीपोखरी गाविस-९ की २२ वर्षीय अप्सरादेवी गैरेलाई **०५३ कार्तिक २८ गते** आफ्नै पति हरिश्चन्द्र गैरेले आफू विदेश गएको बेलामा अन्य व्यक्तिसंग अनैतिक सम्बन्ध राखेको निहुँमा १२ घण्टा इलाका प्रहरी कार्यालय भिमादमा थुनामा राखे। भोलिपल्ट स्थानीय वासिन्दा प्रहरी कार्यालयमा आइ झुटो र विना प्रमाणको कुरा भनी थुनाबाट निकाले र हरिश्चन्द्रलाई माफी मगाए। हाल पीडितलाई घरमा लाउन खान नदिएकोले माइतमा गइ बसेकी छन्।

व्यास नपा-१० मा डेरा गरी बस्ने १८ वर्षीय एक युवतीलाई आफ्नै डेरामा बसिरहेको अवस्थामा **०५३ मंसीर ५ गते** आँबुखैरेनी-३ का ३५ वर्षीय रामकुमार लामाले बलात्कार गरे। पीडितले आफू बलात्कृत भएपछि आफ्नी आमाको सहयोग लिई तुरून्तै जिल्ला प्रहरी कार्यालयमा उजुरी गरिन्। पीडक रामकुमारलाई प्रहरीले गिरफ्तार गरेता पनि विना धरौटी तारेखमा छोडियो।

४.२जारी / बहुविवाह / देउकी / देहव्यापार

जानकारीमा आएन।

४.३गर्भपतन

पुर्कोट गाविस-३ की १७ वर्षीय संझना श्रेष्ठले भानु गाविस-८ का २२ वर्षीय सुवास श्रेष्ठसंग अनुचित सम्बन्ध

रास्दा रहन गएको ५ महिनाको गर्भ **०५३ साउन १७ गते** पतन गराइन्। प्रहरीले दुवैलाई गिरफ्तार गरी अदालतमा मुद्दा पेश गरे। दुवै नारिस्वमा छुटे।

व्यास नपा-१० व्यासगुफा नजिकै मादी नदीको किनारामा **०५३ पुस १२ गते** एक नवजात शिशु मृत अवस्थामा फेला परेको थियो।

५.बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

जानकारीमा आएन।

६.आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

जानकारीमा आएन।

७.मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१दासत्व / कमैया / बाँधा / हलिया आदि

जानकारीमा आएन।

७.२अन्य अमानवीय व्यवहारहरु / छुवाछूत समेत

माझकोट गाविस-१ की ३२ वर्षीय जगमाया वि.क.लाई **०५३ वैशास्व २ गते** सोही ठाउँ बस्ने चन्द्रबहादुर वि.क र उनकी कान्छी पत्नीले बोक्सीको आरोप लगाईन्। पीडित जगमाया तत्काल गाविस कार्यालयमा गई उजुरी गरिन्। गाविसबाट बेवास्ता गरेपछि पीडितले जिल्ला प्रशासन कार्यालयमा उजुरी गरेकी छन्।

व्यास नपा-१० का विष्णु न्यौपानेको दोकानमा कोइदिम सामुदायिक वन उपभोक्ता समूहका महिलाहरूले **०५३ मदौ १० गते** दिउँसो १ वजे ८४ वटा टपरीमा कुहिएको जाँड, कोदो, चामल, फोहर सडेगलेका चिजहरू रास्वी दिएर अमानवीय व्यवहार गरे। उक्त समूहले कोइदिम वन गोड्दा रासन लगी स्वाएका थिए। सो रासनको पैसा नतिर्नको लागि सडेगलेको सामान टपरीमा लगी दोकानको अगाडि रास्वी बेइज्जत गरेको कुरा पीडित बताउँछन्।

८.घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

०५२ साल पुस २६ गते चालक तिलक के.सी.को हत्याको विषयलाई लिएर दोषीलाई कार्यवाही गर्न र घटनाको छानवीन गर्न माग गर्दै यातायात व्यवसायीले यातायात ठप्प पारिदिएका थिए।

९.अतिरिक्त जानकारीहरु (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष तनहुँ जिल्लामा २८ वटा ट्राफिक दुर्घटना भएको पाइयो। यी दुर्घटनाहरूबाट २१ जनाले ज्यान गुमाउनु पऱ्यो।

यस वर्षको अन्त्यमा तनहुँ जिल्ला भरी ६ वटा ठाउँमा आगलागी हुन गएको जानकारीमा आयो। जसबाट १८ जना व्यक्ति पीडित भए भने केही घर र सम्पत्ति पनि नष्ट हुन पुग्यो।

बाघको आक्रमणबाट १० जना घाइते भए।

यस वर्षको अन्त्यसम्ममा आत्महत्या सम्बन्धी २८ वटा घटना सार्वजनिक जानकारीमा आएको पाइयो। जसमध्ये झुण्डिएर १९ जना, पानीमा हामफाली ४ जना र विष सेवन गरी ५ जना समेत २८ जनाले आत्महत्या गरेको पाइयो। तिनीहरू मध्ये १६ जना पुरूष र १२ जना महिला थिए। प्रेमको असफलता, वेरोजगारी, पारिवारिक दिक्दारी, दीर्घ रोगी साथै गरीवीको कारणले आत्महत्या गरेको पाइयो।

दमौलीको नालामा लम्जुङ टक्सार गाविस-६ का ५३ वर्षीय केशरबहादुर मल्लको **०५३ मदौ २८ गते** अज्ञात व्यक्तिले विषाक्त फ्रुटी स्वान दिई वेहोस पारी भा.रू. ७ हजार रूपयाँ लुट्यो।

■



३. पश्चिमाञ्चल

गण्डकी

३.२ गोरखा

जनसंख्या	२५२५२४
साक्षरता	४३.३ प्रतिशत
महिला साक्षरता	३०.९ प्रतिशत
क्षेत्रफल	३६१० वर्ग कि.मी.
गाविस/नपा	६९/०
निर्वाचन क्षेत्र	३
विद्यालय/क्याम्पस	८२०/२
अस्पताल/स्वास्थ्य चौकी	२/४६
टेलिफोन लाइन	१५०
सडक (कि.मि.)	
प्रहरी कार्यालय	३५

मानवअधिकार हननका दृष्टिले यो जिल्ला पनि चर्चामा आइरहने गर्दछ। यस वर्ष यो जिल्ला माओवादी जनयुद्धका कारण अझ बढी चर्चामा रह्यो। कक्षा ४ मा पढ्ने १२ वर्षीय विद्यार्थी दिलबहादुर रम्तेलको प्रहरीको गोलीद्वारा भएको हत्याको घटना यो वर्षको प्रमुख घटना बन्न पुगेको थियो।

१. सम्मानित रुपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

छोप्राक गाविस-३ की ५ दिनकी एक बच्चीलाई **०५२ माघ २३ गते** उनकै पिता २७ वर्षीय रेसमबहादुर बरामुले हसियाले पेटमा चिरेर आन्द्रा भुँडी निकाली हत्या गरे। पीडकको मानसिक स्थिति ठीक नभएको बताइन्छ।

पन्दुङ गाविस-३ मा घर भई कक्षा ४ मा पढ्ने १२ वर्षीय दिलबहादुर रम्तेल र सोही गाविस-४ मा घर भई कक्षा ७ मा पढ्ने १४ वर्षीय विद्यार्थी रामप्रसाद भट्टलाई **०५२ फागुन १४ गते** पन्दुङ भन्ने ठाउँमा प्रहरीले गोली प्रहार गर्दा दिलबहादुर रम्तेलको घटनास्थलमा मृत्यु भयो भने रामप्रसाद भट्ट घाइते भए। माओवादीद्वारा सिमजुङ गाविसमा रहेको सेभ द चिल्ड्रेनको कागजपत्रहरू जलाएको आरोपमा सूर्य ज्योति मा.वि.का प्रधानाध्यापक वीरबहादुर गुरूङलाई हातहतियार सहितका प्रहरीले पक्राउ गरेपछि विद्यार्थी र प्रहरी बीच मुठभेड हुँदा सो घटना भएको थियो।

केरौजा गाविस-७ की ५९ वर्षीय सुदानी गुरूङलाई **०५२ फागुन २३ गते** सोही ठाउँका ३१ वर्षीय सुनबहादुर गुरूङले हत्या गरे।

नामजुङ गाविस-३ की १८ वर्षीय तुलसी घिमिरेलाई **०५३ कार्तिक ९ गते** लमजुङ जिल्ला भलायखर्क गाविस-४ घर भै नामजुङ गाविसको जनशक्ति मा.वि.मा कक्षा १० मा अध्ययनरत १८ वर्षीय नवराज घिमिरे र १७ वर्षीय देवराज पौडेलले कुटपिट गरी हत्या गरे। नवराजले यौन सम्पर्क गरी तुलसीलाई गर्भधारण गराएको र सो घटनाका कारण बद्नाम हुने डरले हत्या गरेको बताइन्छ।

१.२ जेल र बन्दीहरु

यहाँको जेलको क्षमता ५५ जना रहेको छ। हाल महिला ४ र पुरूष २६ गरी ३० जना बन्दीहरू रहेका छन्। लामो समयदेखि बिरामी परिरहेका सुन्तान खाँन र ईश्वरबहादुर कुमालले स्वास्थ्य उपचारको माग राखी कारागार समक्ष आफ्नो माग पत्र प्रस्तुत गरेकोमा माग पूरा नगरेपछि ०५२ पुस २१ गतेदेखि आमरण अनशनमा बसी माग पूरा हुने बचन पाएपछि मात्र अनशन तोडेका थिए। हाल उनीहरूलाई सरूवा गरिएको छ। बन्दीहरूको उपचारार्थ स्वास्थ्यकर्मीको दरबन्दी नभएकाले उपचारको व्यवस्था जेल भित्र हुन सकेको छैन।

१.३ गिरफ्तारी र यातना

गोरखा जिल्ला प्रहरी कार्यालयको अनुरोधमा **०५२ फागुन १६ गते** चितवनबाट पक्राउ गरिएका टेकबहादुर वानियाँ, खड्गबहादुर वानियाँ, दिवाकर मरहठ्ठा, मोदनाथ मरहठ्ठा र राजेन्द्र ढकाललाई निर्घात पिटिएको थियो।

ताम्लुङ गाविस-१ का माधवप्रसाद खनाललाई सोही ठाउँका विष्णुप्रसाद खनालको उजुरीमा पक्राउ गरी **०५३ साउन ४ गते** प्रहरीले हिरासतमा यातना दिएको कुरा पीडित बताउँछन्। उनी राजनैतिक प्रतिशोधको उद्देश्यबाट आफूलाई फसाउन झुठो आरोप लगाइएको बताउँछन्।

नेकपा माओवादीको गतिविधिमा संलग्न भएको आरोपमा ०५३ भदौ ८ गते अ.ने.रा.स्व.वि.यु.का पूर्व अध्यक्ष देवगुरूङर भक्ति लामिछानेलाई प्रहरीले पक्राउ गऱ्यो। उनीहरू दुवैलाई गोरखाबाट वीरगञ्ज जेलमा पुऱ्याइएको थियो।

रानिश्वारा गाविस-७ का ४३ वर्षीय छाँयादत्त खनाललाई **०५३ भदौ १० गते** अभियोग पत्र विना गिरफ्तार गरी एक रात प्रहरी हिरासतमा राखियो। उनलाई त्यसपछि पनि

पटक-पटक प्रहरीले मौखिक तारेखमा प्रहरी कार्यालयमा हाजिर गराउने गरेको थियो। माओवादी जनयुद्धमा संलग्न भएको आरोपमा पक्राउ गरिएका अधिकांश मानिसहरूलाई हिरासतमा अमानवीय यातना दिइएको बताइन्छ।

प्रहरीद्वारा पक्राउ गरिएका देव गुरूङ

१.४ वेपत्ता पारिएको

जानकारीमा आएन।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

हर्मी गाविस-६ का ५० वर्षीय भीमबहादुर भण्डारीलाई **०५२ फागुन १० गते** सोही ठाउँका माओवादी समर्थकहरूले आक्रमण गरी घाइते बनाए। उक्त आक्रमणको आरोपमा राजेन्द्र ढकाल र नरनाथ मरहट्ठालाई पक्राउ गरिएको थियो।

थमी गाविस-५ आर्खेतमा जग्गा जमिन भएका ५३ वर्षीय तुम्बलाल सिंखडालाई थमी गाविस-५ का मानबहादुर अधिकारीले **०५२ चैत २५ गते** कुटपिट गरे। उनीहरू बीच जग्गा सम्बन्धी विवाद पनि रहेको बताइन्छ।

१.६ थुनामा मृत्यु

थुनामा मृत्यु भएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

घ्याम्पेसाल गाविसमा **०५२ साल माघ १२ गते** नेकपा (एमाले) का नेता बाचस्पति देवकोटा, कमल चौलागाई, मुक्ति खनाल, बलराम बाँस्कोटा र बाबुराम थापालाई सोही गाविसका अध्यक्ष हरिश्चन्द्र श्रेष्ठ लगायतका व्यक्तिहरूले नियोजित रूपबाट आक्रमण गरे। बाबुराम थापा समेत अन्य चारजना संयुक्त जनमोर्चा छोडी एमालेमा प्रवेश गरेको रीसले उक्त आक्रमण गरेको बताइन्छ।

च्याङली गाविस-८ मा पर्ने चुमिधार कृषि विकास बैंक साना किसान आयोजनाको कार्यालयमा **०५२ फागुन १ गते** आक्रमण गरी कर्मचारीलाई समेत कुटपिट गरेर कार्यालयको कागजपत्रहरू जलाएको भनी संयुक्त जनमोर्चा नेपालका कार्यकर्ता भक्तिप्रसाद लामिछानेलाई गिरफ्तार गरियो। हाल उनलाई मुद्दा लगाई थुनामा राखिएको छ।

नारेश्वर गाविस-३ का भरतबहादुर सार्कीलाई बाख्रा चोरी गरी लगेको आरोपमा केही व्यक्तिहरूले **०५३ असार ५ गते** जिल्ला प्रहरी कार्यालयमा बुझाए। उनलाई बाख्राको खुट्टा र टाउकोको माला पनि लगाइ दिएका थिए। पीडित एमालेमा लागेको हुनाले राजनैतिक प्रतिशोधको कारणबाट उक्त आरोप लगाइएको बताइन्छ। हाल पीडित तारेखमा छुटेका छन्।

छोप्राक गाविसका अध्यक्ष ३२ वर्षीय बलराम पोखरेललाई **०५३ असोज ५ गते** राती ३ जना अज्ञात व्यक्तिहरूले आक्रमण गरी घाइते बनाए। यस घटनामा नेकपा (माओवादी) को संलग्नता रहेको आशंका गरिएको छ।

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

जानकारीमा आएन।

२.४ सरुवा / घटुवा / पक्षपात आदि

जानकारीमा आएन।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

जानकारीमा आएन।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

नारेश्वर गाविस-४ की २१ वर्षीय कमला अधिकारीलाई **०५३ मदी २० गते** आफ्नै लोग्ने नारायण अधिकारी, सासु इन्द्रकुमारी अधिकारी र फुपु नरमाया भट्ट मिली बेलुका दुवै हात बाँधेर आँगनमा घिसार्दै पिढीको दलिनमा झुण्डाइदिए। पीडितको मुखमा कपडा पनि कोचिएको थियो। तत्काल स्थानीय बलबहादुर बोगटीले देखी डोरी फुकाइ दिएका थिए।

आरुपोखरी गाविस-४ की ४ वर्षीय एक बालिकालाई **०५३ कार्तिक २७ गते** सोही गाविसका १८ वर्षीय चोकबहादुर परियारले बलात्कार गरे। पीडक चोकबहादुर परियार ३ वर्ष कैद बराबरको धरौटी राखी तारेखमा छुटेका छन्।

घ्यालचोक गाविस-९ की १७ वर्षीय सविता नेपालीलाई **०५२ मंसीर १० गते** धादिङ जिल्ला बेल्खु गाविसका आफ्नै भानिजदाइ रामकृष्ण सार्की, श्याम कृष्ण सार्की र फुपु पुतली सार्की मिलि रू. ५० हजारमा बम्बईमा लगी बेचेका थिए। भारतीय प्रहरीले पीडितलाई ०५२ पुस ५ गते नेपालको तालिम तथा परामर्श सेवा केन्द्रमा बुझाएको थियो। पीडितले ०५३ पुस ९ गते प्रहरीमा उजुरी दिएपछि पीडक श्यामकृष्ण सार्कीलाई प्रहरीले कारवाही चलाएको छ भने अन्य पीडक फरार छन्।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

बगुवा गाविस-९ का २६ वर्षीय प्रेमबहादुर भट्टले घरमा जेठी पत्नी ढालमाया भट्ट छँदाछँदै गोरखा नारेश्वर गाविस-१ की २८ वर्षीय विधवा इन्द्रकुमारीसंग **०५२ माघ १६ गते** दोस्रो विवाह गरे।

४.३ गर्भपतन

जानकारीमा आएन।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

दरवुङ गाविस-६ की १२ वर्षीय सीना पोखरेललाई **०५२ फागुन ९ गते** घ्याल्चोक गाविस-५ का नवराज अधिकारीले विवाह गरे। पीडितकी आमाले धेरै बालबच्चा भएकोले आर्थिक कठिनाइको कारणबाट पाल्न नसकी चाँडै छोरीको विवाह गरिदिएको बताइन्। बाल विवाहको उजुरी परी कारवाहीमा रहेका नवराज अधिकारी, सीताराम घिमिरे र तोयनाथ खनाल तारेखमा रहेका छन्।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

जानकारीमा आएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७. १दासत्व / कमैया / बाँधा / हलिया आदि

जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहारहरु / छुवाछूत समेत

जानकारीमा आएन।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

जानकारीमा आएन।

९. अतिरिक्त जानकारीहरु (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

यो वर्ष दुर्घटनामा १ जनाको मृत्यु भयो।

■



३. पश्चिमाञ्चल

गण्डकी

३.३ लमजुङ्ग

जनसंख्या : १५३६९७
साक्षरता : ४६.८ प्रतिशत
महिला साक्षरता : ३३.८ प्रतिशत
क्षेत्रफल : १६९२ वर्ग कि.मी.
गाविस/नपा : ६१/०
निर्वाचन क्षेत्र : २
विद्यालय/क्याम्पस : ४४३/२
अस्पताल/स्वास्थ्य चौकी: १/५०
टेलिफोन लाइन : ११२
सडक (कि.मि.) : ८४
प्रहरी कार्यालय : ९

मनास्लु र अन्नपूर्ण (दोस्रो) हिमचुलीको सुन्दरतासँगै रहेको यस जिल्लामा गुरूङ, ब्राम्हण, क्षेत्री, नेवार, मगर, तामाङ, थकाली, ठकुरी, कामी, दमाई जातिका मानिसहरू बसोबास गरेता पनि गुरूङ जातिको बाहुल्यता छ। यस जिल्लाको पश्चिमी भेगमा दुरा जाती बसोबास गर्दछन्। मुख्यतया खेतीपाती र पशुपालन नै यहाँको मुख्य पेशा बनेको छ। मानवअधिकारको उल्लंघनको दृष्टिले यो जिल्ला चर्चामा रहँदै आएको छ।

१. सम्मानित रुपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

गौडा गाविस-१ का ९६ वर्षीय बृद्ध रत्नमान गुरूङलाई **०५२ पुस ३० गते** सोही ठाउँका खड्कराज गुरूङले हत्या गरे। पीडकलाई प्रहरीले गिरफ्तार गरी कारवाही चलाएको छ।

मर्ति गाविस-२ की १९ वर्षीय जुना थापा **०५३ कार्तिक २५ गते** मर्स्याङ्दी जलविद्युत आयोजनाको बाँधमा मृतअवस्थामा फेला परिन्। ७ महिना पहिले स्वास्थको कारण गर्भपतन गराएकी जुना थापालाई उनका पति लेखबहादुर थापाले पटक-पटक माइत जान दवाव दिँदै आइरहेका थिए। त्यही क्रममा ०५३ असोज १३ गते बेलुकी ९ बजे सामान्य विवाद र झगडा पछि घरवाट निस्केकी जुना एकै चोटी मृत अवस्थामा फेला परिन्। उनको मृत्युलाई लिएर पीडितका दाजुहरूले हत्याको आशंका गरेका छन्। घरबाट निस्केको भोलिपल्ट मर्स्याङ्दीमा जुनाका केही सामान फेला परेको थियो।

वेंशीशहर गाविस-९ का ७२ वर्षीय प्रसाद सार्की **०५३ मंसीर १७ गते** सोही गाविस-२ मजुवाभिरमा मृत अवस्थामा फेला परे। अघिल्लो दिन सोही ठाउँको नातेदारको विवाहमा जान भनेर घरबाट हिडेका थिए।

१.२ जेल र बन्दीहरु

"घ" श्रेणीको जेलको क्षमता २५ जनासम्म बन्दी अटाउन सक्ने रहेको छ। हाल जेलमा पुरूष थुनुवा ४, महिला १ र पुरूष बन्दी ७, महिला १ तथा २ बच्ची, १ बच्चा गरी १६ जना रहेका छन्। स्वास्थ सहायकबाट स्वास्थ्य उपचार गर्ने गराइन्छ। बन्दीहरूले आवश्यक सुविधा पाउन सकेका छैनन्। यस कारागारमा थुनामा रहेका अशोक अधिकारीले आफू विमारी रहेको र आफ्नो छातीको एक्सरे गराउने व्यवस्था मिलाई पाउँ भनी ०५३ भदौमा दुई दिनसम्म अनशन बसेका थिए। तर उनको समस्या समाधान भएन। ०५३ कार्तिक २६ गते मादक पदार्थ सेवन गरी जेलभित्र पसी थुनामा रहेका पाण्डु लामालाई प्रहरी जवान पूर्ण थापा र लोकनाथ भट्टले कुटपिट गरेको कुरा पाण्डु लामा लगायतका कैदीहरूले जानकारी गराएका छन्।

१.३ गिरफ्तारी र यातना

इमानेश्वर प्रमोद मा.वि. मोर्लेटारका शिक्षक रामकृष्ण पौडेललाई क्षेत्रीय शिक्षा निर्देशनालय पोखरामा तालिममा भाग लिइरहेको अवस्थामा ०५३ कार्तिक २९ गते लमजुङमा बैंक लुट्ने कार्यमा संलग्न भएको भनी पोखराबाटै **०५३ मंसीर ३ गते** पक्राउ गरी २३ दिन हिरासतमा राखियो। हाल उनी तारिखमा छुटेका छन्। त्यसैगरी सोही विद्यालयका अर्का शिक्षक जनकराज पौडेललाई सोही कार्यमा संलग्न भएको भनी ०५३ मंसीर १० गते प्रहरीले पक्राउ गरी १५ दिन हिरासतमा राखी तारेखमा छोडियो।

१.४ वेपत्ता पारिएको

जानकारीमा आएन।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

बाहुनडाँडा गाविस-५ का गोविन्दबहादुर घिमिरेलाई माओवादीको आरोप लगाई **०५३ वैशाख ८ गते** सोही ठाउँका

लमजुङ जेल

नेपाली कांग्रेसका कार्यकर्ताहरू विश्वनाथ घिमिरे, देवीप्रसाद घिमिरे, प्रेमनाथ घिमिरे, रामचन्द्र न्यौपाने लगायतका ३२ जनाले प्रहरी चौकीमा उजुरी दिए। उजुरीपछि गोविन्द बहादुर घिमिरेलाई प्रहरी चौकीले कागज गरी छोडिदिएको छ। आफू नेकपा (एमाले) को इलाका-७ को इलाका सदस्य रहेको कुरा पीडित बताउँछन्।

चन्देश्वर गाविस च्यानपाटामा रहेको नेपाल बैंक लिमिटेडका सुरक्षा गार्ड वालकृष्ण नेउपाने तथा स्थानीय व्यक्तिहरू विलबहादुर भूजेल, हरिओम राज श्रेष्ठ लगायतका व्यक्तिमाथि **०५३ कार्तिक २९ गते** साँझ आक्रमण गरी घाइते बनाइयो। सो घटनाको अभियोगमा गोरखा जिल्ला मिर्कोट गाविसका अध्यक्ष रामभक्त पौडेल, कास्की जिल्ला रास्वी गाविस-४ का वडा सदस्य झलकमणि तिवारीलाई स्थानीय व्यक्तिहरूले कुटपिट गरी सख्त घाइते बनाए।

गाउँशहर गाविस-३ का रमेश खड्कालाई **०५३ पुस ३ गते** राती केही मुकुण्डोधारीहरूले ढुंगा हानी घाइते बनाए। पीडित खड्का नेपाली कांग्रेस जिल्ला कार्यालयका सहसचिव र नेपाल विद्यार्थी संघका पूर्व जिल्ला अध्यक्ष पनि हुन्।

१.६ थुनामा मृत्यु

थुनामा मृत्यु भएन।

२ .मौलिक अधिकार

२.१ अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

जानकारीमा आएन।

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

२.३सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा १ सय वटा मुद्दाहरू परेकोमा १४ वटाको फैसला भयो। जिल्ला प्रशासन कार्यालयमा १७ वटा सार्वजनिक अपराध, हातहतियार खरखजाना सम्बन्धी १ र विष्फोटक पदार्थ सम्बन्धी १ गरी जम्मा १९ वटा मुद्दाहरू परे। जिल्ला वन कार्यालयमा वन कटानी सम्बन्धी २ वटा मुद्दा परेका छन्।

२.४ सरुवा / घटुवा / पक्षपात आदि

जानकारीमा आएन।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

जानकारीमा आएन।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

वेंशीशहर डेरा गरी बस्ने गोरखा जिल्ला मानुवा गाविस-२ का १७ वर्षीय ज्ञानेन्द्र अधिकारीलाई स्थानीय ३ वर्षीय एक वालिकामाथि दुर्व्यवहार गरेको आरोपमा **०५२ माघ १९ गते** प्रहरीले पक्राउ गऱ्यो।

अस्थायी प्रहरी चौकी खुदी बजारका प्रहरी जवान रणबहादुर सुनारले स्थानीय विवाहित २८ वर्षीय महिलासंग यौन सम्पर्क गर्दै आएको आरोपमा स्थानीय गाउँलेले ०५३ साउन २० गते पक्राउ गरी जिल्ला प्रहरी कार्यालयमा कार्वाहीका लागि बुझाए।

गाउँशहर गाविस-९ की ७ वर्षीय श्रीकुमारी गुरूङलाई ०५३ कार्तिक ४ गते राती अवेर घरमा भात पस्केर नदिएको रीसमा उनकै छोरा ३३ वर्षीय धनराज गुरूङले कुपी (वत्ती) को मट्टितेल मुखमा खन्याएर आगो लगाइदिए। पीडित वृद्धालाई उपचारको लागि अस्पताल भर्ना गर्नु पऱ्यो।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

पुरानोकोट गाविस-६ का नारायण गुरूङले १८ वर्षीय पत्नी सीतामाया गुरूङलाई **०५३ कार्तिक ९ गते** घरबाट निकाली सोही दिन अर्की महिलालाई पत्नीको रूपमा घरमा भित्र्याए। पीडित सीता न्याय माग्न न्यायालय पुगेकी छिन्।

कुटपिटबाट घाइते धमिलि गाविसका बाबुलाल भुजेल

४.३ गर्भपतन

श्रीमञ्ज्याङ गाविस-८ की विधवा दुर्गामाया सार्कीले **०५३ असार १२ गते** बेलुका बच्चा जन्माई नवजात शिशुको हत्या गरिन्। पीडक दुर्गामाया थुनामा छिन्।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

जानकारीमा आएन।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

जानकारीमा आएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहारहरु / छुवाछूत समेत

जिल्लाको प्रसिद्ध मन्दिरको रूपमा रहेको गाउँशहर कालिकाको मन्दिरमा अछूत मानिनेहरूलाई प्रवेश निषेध गरिएको छ।

वेंशीशहर गाविस-२ मा डेरा गरी बस्ने २२ वर्षीय खिममाया रिमालले **०५३ साउन ६ गते** जुम्ल्याहा बच्चा जन्माइन्। आफ्ना पति तिलकबहादुर रिमाल अरब देशमा गएका बेला ६ महिनामा बच्चा जन्मिएको कारण उनका ससुराले न्वारान गर्न अस्वीकार गरिदिए।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

जानकारीमा आएन।

९. अतिरिक्त जानकारीहरु (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

वाग्लुङ पानी गाविस-८ मुक्ति मिलन प्राथामिक विद्यालयका शिक्षक ४० वर्षीय सुरेश बहादुर बस्नेतको लाश ०५२ चैतको दोस्रो हप्ता ३-४ दिनदेखि झुण्डिएको अवस्थामा फेला पर्‍यो। मृतक बढी रक्सी सेवन गर्थे।

यस वर्ष सुन्दरबजार गाविसमा रहेको पाउदी ढिकबाट ना.अ.ख. ७६ नं. को बस **०५३ कार्तिक २९ गते** पल्टिएर पाउदी खोलामा दुर्घटनाग्रस्त हुँदा घटनास्थलमा १८ जना, खोलाले बगाएर २ जना र अस्पतालमा उपचारका लागि लैजाँदा ४ जना गरी २४ जनाको मृत्यु भयो। त्यस बाहेक ट्रकले किचेर एक जनाको मृत्यु भयो।

यो वर्ष यहाँका ६८ वटा घरहरू पहिरोमा परे।

आतंक र ब्लाक मेलिङका २ वटा घटना जानकारीमा आए।

■



३. पश्चिमाञ्चल

गण्डकी

३.४ स्याङ्जा

जनसंख्या : २९३५२६
साक्षरता : ५१.१ प्रतिशत
महिला साक्षरता : ३८.२ प्रतिशत
क्षेत्रफल : ११६४ वर्ग कि.मी.
गाविस/नपा : ६८/०
निर्वाचन क्षेत्र : ३
विद्यालय/क्याम्पस : ४६५/१
अस्पताल/स्वास्थ्य चौकी : ०/१२
टेलिफोन लाइन :
सडक (कि.मि.) : ९५
प्रहरी कार्यालय : १८

विकट पहाडी जिल्ला मध्ये पर्ने स्याङ्जामा प्रत्यक्ष मानवअधिकार उल्लंघनका घटनाहरू कमै हुने गरेका छन्! अधिकांश जनता कृषि पेशामा संलग्न रहेको यो जिल्लामा अशिक्षा, गरीबी, अन्धपरम्परा र पछौटेपन विद्यमान रहेको छ। विगत वर्षहरूको तुलनामा यस वर्ष मानवअधिकार उल्लंघनका घटनाहरूमा केही कमी आएको छ। विकास निर्माण र रोजगारी यस जिल्लाका प्रमुख समस्या हुन्!

१. सम्मानित रुपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

सातुपसल गाविस-६ का २१ वर्षीय स्यामबहादुर अधिकारीको एक वर्ष अघि **०५२ असार २२ गते** चण्डिकालिका गाविस-५ का ५६ वर्षीय हरिप्रसाद ढकाल, २२ वर्षीय तारा बहादुर ढकाल, ५० वर्षीय यामप्रसाद पौडेल, ४९ वर्षीय ओमबहादुर अधिकारी समेत भै हत्या गरेको रहस्य ०५३ असार २ गते खुल्यो। मृतक र पीडकहरू बीच जग्गा सम्बन्धी झगडा थियो। पीडकहरूलाई पुर्पक्षको लागि थुनामा राखिएको छ।

सातुपसल गाविस घर भै दहथुम गाविसका सचिव कमलपति अर्यालको **०५३ साउन १ गते** हत्या भयो। पीडकको बारेमा थाहा हुन सकेन।

धनुवासे गाविस-६ घर भै ग.अ.ख. ७३१ नं.को बस चालक रनबहादुर थापा मगरलाई सोही बसका बैकल्पिक चालक अर्जुन गुरूङ, कण्डक्टर र खलासी समेत भई **०५३ कार्तिक २ गते** हत्या गरेर सिरकमा गुटुमुटु पारी राखी दिए। भोलिपल्ट बिहानै लाईनमा बस लैजाँदा रनबहादुरको लासलाई समेत किच्यो। रनबहादुरलाई मारेपछि अर्जुनले बसको चालकमा काम पाउने र बस मुनि राखेर कुल्चे पछि दुर्घटनाबाट मृत्यु भएको भन्न मिल्ने हुँदा यसो गरिएको हो भनी पीडकहरूले बताएका छन्। हाल तीनै जनालाई थुनामा राखिएको छ।

१.२ जेल र बन्दीहरु

यस जिल्लामा "ङ" श्रेणीको ३५ जना बन्दी अटाउन सक्ने क्षमताको कारागार छ। हाल यहाँ थुनुवा २२ र कैदी १९ गरी ४१ जना बन्दी छन्। बन्दीहरूलाई नाम्लो र ढाका बनाउन दिइन्छ। गोरखापत्र बाहेक अन्य पत्रिका दिइने गरेको छैन। दैनिक रुपमा दिइने खर्च बढाउनु पर्ने माग बन्दीहरूको रहेको छ। यो जेलमा महिला बन्दी राख्ने गरिएको छैन।

१.३ गिरफ्तारी र यातना

जानकारीमा आएन।

१.४ बेपत्ता पारिएको

जानकारीमा आएन।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

अर्जुनचौपारी प्रहरी चौकीका प्रहरी सहायक निरीक्षक स्थानेश्वर शर्मालाई सातुपसल-१ का ३७ वर्षीय रीतबहादुर रोकाहाले **०५३ असार २० गते** कुटपिट गरी हात भाँचिदिए। तर रीतबहादुर प्रहरी सहायक निरीक्षकको हात लडेर भाँचिएको बताउँछन्। धरौटी राख्न नसकेकोले रोकाहा थुनामा छन्।

यस वर्ष जागीर खोस्ने धम्कीको एउटा र कुटपिटका ३ वटा घटनाहरू भए।

१.६ थुनामा मृत्यु

थुनामा मृत्यु भएन।

२. मौलिक अधिकार

२.१अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

जानकारीमा आएन।

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

२. ३सुगम र निष्पक्ष न्यायिक अधिकार

जानकारीमा आएन।

२.४ सरुवा / घटुवा / पक्षपात आदि

जानकारीमा आएन।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

जानकारीमा आएन।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

पुतलीबजार गाविस-१ की जमुना मरासिनीले गर्भधारण गरेपछि उक्त गर्भ सोही गाविस-९ का २२ वर्षीय दीपेन्द्र श्रेष्ठको हो भनी **०५३ वैशाख १६ गते** दावी गरिन्। तर दीपेन्द्रले त्यो स्वीकार नगरेपछि नाता कायम गरी पाउँ भनी अदालतमा नालेस दिएकी छन्। हाल उनको छोरा जन्मिएको छ।

सातुपसल गाविस-९ की २६ वर्षीय गीता कोइरालालाई **०५३ पुस ८ गते** उनका पति मोतीराज कोइराला, ससुरा कमलकान्त र जेठाजु लोकप्रसाद भै गुप्तांगमा समेत जुत्ताले हानी रक्ताम्मे पारी बेहोस अवस्थामा छोडेर हिंडे। गीताको तर्फबाट ज्यान मार्ने उद्योगमा उजुरी दिएता पनि पछि मिलापत्र भयो।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

चापाकोट घर भै **स्याङ्जा बजार**मा होटल गरी बस्ने २९ वर्षीय देवका पगेनीलाई **०५३ असार १४ गते** प्रहरी सहायक निरीक्षक स्थानेश्वर शर्माले दोस्रो पत्नीको रूपमा विवाह गरे।

४.३ गर्भपतन

आरूचौर गाविस-८ की २० वर्षीय कमला पौडेलले आफूले जन्माएको नवजात शिशुलाई **०५३ असार २९ गते** स्थानीय डिलाखोलाको किनारमा मारेर गाडिन्। आफ्नो लोग्ने भारतमा रहेको बेला अरूसंगको यौन सम्पर्कबाट गर्भधारण गरी सो बच्चा जन्मिएको थियो। जिल्ला अदालतले उनलाई धरौटी लिई तारेखमा छोडेको छ।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

जानकारीमा आएन।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

जानकारीमा आएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहारहरु / छुवाछूत समेत

रापाकोट गाविस-५ का २८ वर्षीय जीतबहादुर क्षेत्रीको विवाह **०५३ वैशाख २१ गते** थुमपोखरा-६ की २१ वर्षीय मानसिक सन्तुलन बिग्रिएकी उमादेवी क्षेत्रीसंग भयो। उमाले मण्डपमा नै अस्वाभाविक गतिविधि देखाएकोले सोधपुछ गर्दा गहना र लुगाफाटो राम्रो नभएको र बाजा नबजाएकोले रिसाएकी हुन् भनियो। तर उनी बौलाएकी नै प्रमाणित भएपछि उनीलाई माइतमा नै फिर्ता गरियो।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

खिलुङ देउरालीका देवीप्रसाद कोइरालाको **०५० चैत १९ गते** भएको हत्या प्रकरण सम्बन्धमा अदालतबाट गरिएको फैसला विरूद्ध ०५३ मंसीर १२ गते राती जिल्ला न्यायाधीश वीरसिंह महराको विरोधमा स्याङ्जाका जनताको तर्फबाट भनी एक पर्चा छरिएको थियो। तर सो पर्चा स्याङ्जाका जनताको तर्फबाट नभै तेजप्रसाद कोइरालासंग रीसइवी भएकाहरूले निकालेको बताइन्छ।

९. अतिरिक्त जानकारीहरु (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

यो वर्ष यस जिल्लामा सडक दुर्घटनाबाट १ जनाको मृत्यु भयो। अर्को एउटा विस्फोटको घटनामा कोही पनि पीडित भएन। यो वर्ष निवुवाखर्क, पीडिखोला र सिर्सेकोट गाविसमा ५ जना व्यक्तिहरूलाई बाघले मार्‍यो र १ जनालाई चिथर्‍यो। यो वर्ष यस जिल्लामा ३ जना पुरुष र १ जना महिलाले आत्महत्या गरे।

यो वर्ष ठगीका ३ वटा र लुटपिटका २ वटा घटनाहरू भए।

■



३. पश्चिमाञ्चल

गण्डकी

३.५ कास्की

जनसंख्या	२९२९४५
साक्षरता	५६.८ प्रतिशत
महिला साक्षरता	४४.२ प्रतिशत
क्षेत्रफल	२०१७ वर्ग कि.मी.
गाविस/नपा	४७/१
निर्वाचन क्षेत्र	३
विद्यालय/क्याम्पस	४११/९
अस्पताल/स्वास्थ्य चौकी	१/४०
टेलिफोन लाइन	
सडक (कि.मि.)	२००
प्रहरी कार्यालय	२९

मानवअधिकार उल्लंघनका घटनाले चर्चामा आइरहने यो जिल्लामा यस वर्ष पनि १३ वटा हत्याका घटना भए। यद्यपि यहाँ राज्य हिंसाका घटनाहरूमा भने कमी आएको पाइएको छ।

१. सम्मानित रुपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

पोखराको पृथ्वीचौकस्थित शर्मा होटेल नजिकको एक घर कम्पाउण्ड भित्र **०५२ माघ २ गते** पर्वत जिल्ला कुर्घा गाविसका २३ वर्षीय देवेन्द्र गुरूङको लास भेटियो। मृतक रोजगारको लागि विदेश जाने सिलसिलामा २५ हजार रकम लिई घरबाट निस्केका थिए। पीडकको पत्ता लाग्न सकेको छैन।

देउराली गाविस- ७ मा **०५२ फागुन ५ गते** अन्दाजी ६०-७० वर्ष जतिकी महिलाको लाश भेटियो। मृतक को हो र कसबाट हत्या भयो भन्ने थाहा हुन सकेको छैन।

पोखरा उपमनपा-३ का १९ वर्षीय कविराज उदासलाई **०५२ चैत १७ गते** रक्सीको सामान्य निहुँमा स्थानीय प्रविण थापा, भीम गुरूङ र सुजन के.सी.ले कुटपिट गरी सख्त घाइते बनाए। पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा उपचार हुँदाहुँदै सोही दिन उनको मृत्यु भयो। पीडकलाई गिरफ्तार गरी थुनामा राखिएको छ।

पोखरा उपमनपा-१७ की ३० वर्षीय रमादेवी वि.क.लाई आफ्नै पति ३५ वर्षीय इन्द्रबहादुर वि.क.ले **०५३ जेठ १६ गते** सामान्य मनमुटाव भएको कारण पासो लगाई झुण्डाएर हत्या गरे। पीडक हाल कारागार शाखा कास्कीमा थुनामा छन्।

पुम्दीभुम्दी गाविस- ५ की ६५ वर्षीय नन्दकला घर्तीको लाश **०५३ असार १० गते** उनकै घरको कोठाभित्र भेटियो। उनको हत्या गरी ढोका बन्द गरेर ताल्चा लगाइएको थियो। उक्त घटनामा संलग्न भएको आशंकामा सानो प्रकाश परियार, ठूलो प्रकाश परियार, तारा परियार र मैरूम गुरूङलाई प्रहरीले पक्राउ गरी थुनामा राखेको छ।

पोखरा स्थित फेवातालको किनारामा ठेगाना थाहा नलागेको १९ वर्षीय नरबहादुर थापा **०५३ असार १३ गते** मृत अवस्थामा भेटिए। पीडित सामान्य मजदूरी गरी खाने युवा थिए। उनलाई हत्या गरी तालमा फालिएको हुन सक्ने आशंका गरिएको छ।

पोखरा उपमनपा-९ पृथ्वीचोककी मानसिक स्थिति ठीक नभएकी २६ वर्षीय एक महिलाको लाश **०५३ असार २५ गते** भेटियो। रातको समयमा अज्ञात व्यक्तिहरूले बलात्कार गरी उनको हत्या गरेको हुन सक्ने आशंका गरिएको छ।

पोखरा उपमनपा- ६ की ८० वर्षीय वृद्ध महिला माया पहारीलाई ज.अ.ख. ७३ नं. को ट्रक चालक २५ वर्षीय भरतप्रसाद चौधरीले **०५३ असार २७ गते** नियतवस ट्रकले ठक्कर दिई हत्या गरेको आरोपमा प्रहरीले तत्काल गिरफ्तार गरी कानूनी कारवाही चलाएको छ।

बेगनास तालमा **०५३ साउन २८ गते** दुई जना युवतीको लाश भेटियो। ती दुई युवतीहरूलाई सामूहिक बलात्कार गरी हत्या गरेर तालमा फालिएको हुन सक्ने आशंका गरिएको छ। घटनास्थलमा कापी, घडी र जुत्ता समेत भेटिएको थियो।

पोखरा उपनपा-१० स्थित नहरमा **०५३ असोज १ गते** अन्दाजी ४५ वर्ष जतिको एक पुरुषको लाश भेटियो। उनी को हुन् र कसले हत्या गरी नहरमा फ्याँक्यो भन्ने थाहा हुन सकेको छैन।

पुम्दीभुम्दी स्थित ट्रेकिङ्ग क्याम्पमा **०५३ असोज २७ गते** राती झापा अनारमनी घर भई नट्रास ट्रेकिङ प्रा.लि. काठमाडौंमा कार्यरत ३० वर्षीय शेरबहादुर तामाङको लाश फेला पर्‍यो। उनलाई कसले के कारणले हत्या गर्‍यो, थाहा हुन सकेको छैन।

धिताल गाविस- ७ का १८ वर्षीय आजित गुरूङ साँझ खाना खाई आफ्नै कोठामा सुतेकोमा भोलिपल्ट **०५३ मंसीर २१ गते** बिहान हेर्दा मृतक अवस्थामा भेटिए। उनलाई धारिलो

कास्की जेलको अगाडिको भाग

हतियार प्रहार गरी हत्या गरिएको बताइन्छ। उक्त घटनामा प्रहरीले स्थानीय शिव परियार र शिवबहादुर गुरूङलाई पक्राउ गरी कानूनी कार्वाही अगाडि बढाएको छ।

अर्मला गाविस- ३ का १३ वर्षीय लिला बहादुर परियारलाई ०५३ पुस १३ गते हत्या गरी स्थानीय जंगलमा झुण्डाइएको अवस्थामा पाइयो। उनलाई वडा नं. ३ को मानिसले वडा नं. ४ को जंगलमा गई दाउरा घाँस काटेको रिसमा हत्या गरी हत्यालाई आत्महत्यामा परिणत गर्न झुण्डाइएको हुन सक्ने आशंका गरिएको छ। ३ फिट अग्लो रूखमा ४ फिट अग्लो मान्छे झुण्डाइएकोले पनि हत्या कै आशंका गरिएको छ।

१.२ जेल र बन्दीहरु

पोखरामा रहेको जेलको जम्मा ६० जना बन्दी राख्न सकिने क्षमता छ। हाल यो जेलमा १११ जना बन्दीहरू राखिएको छ। तिनीहरू मध्ये ७ जना महिला छन्। ४ जना थुनुवा महिला छन् भने ३ जना कैदी। यहाँ एक आगलागी मुद्दाका केशव पराजुलीका ५ वर्षीय बालक पनि बाबुसँगै कारावासमा रहेका छन्। यस कारागारमा पीडित बन्दीहरूको तर्फबाट यो वर्षको अन्त्यतिर प्रक्रिया पूरा गरेका मुद्दाहरू छिटो फैसला गर्ने माग सहित सम्बन्धित निकायमा निवेदन दिइएको थियो। र समयमा फैसला नभएमा आमरण अनशन गर्ने जानकारी समेत दिइएको थियो। उनीहरूले सहयोगको लागि आह्वान गर्दै पर्चा समेत निकालेका थिए।

१.३ गिरफ्तारी र यातना

हंसपुर गाविस- १ का ४२ वर्षीय बलराम पौडेललाई **०५२ फागुन ९ गते** माओवादीको आरोपमा प्रहरीले गिरफ्तार गरे। पीडितलाई यातना दिई २४ दिनसम्म हिरासतमा राखेर ०५२ चैत २ गते छाडिएको थियो। उनलाई ०५२ फागुन ८ गते परालको टौवामा आगो लगाएको आरोपमा माओवादी भन्दै पक्राउ गरिएको थियो।

पुम्दीभुम्दी गाविस- ५ का १५ वर्षीय सानो प्रकाश परियार, ठूलो प्रकाश परियार, तारा परियार र मैरूम गुरूङलाई **०५३ असार १३ गते** आफ्नै घरबाट सुतिरहेको अवस्थामा रातको १० बजे पक्राउ पुर्जी विना गिरफ्तार गरी प्रहरी हिरासतमा यातना दिइयो। पीडित सानो प्रकाश परियारले पक्राउ पूर्जी विना गिरफ्तार गरी हिरासतमा निर्मम यातना दिएको कारण बन्दी प्रत्यक्षीकरणको रिट समेत दिएका थिए।

१.४ बेपत्ता पारिएको

जानकारीमा आएन।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

कास्की जिल्लाका प्रमुख जिल्ला अधिकारी ध्रुवराज वाग्लेलाई **०५२ फागुन २८ गते** कास्की मालपोत कार्यालय प्रमुखको निवासमा बैठक भैरहेको बेला जिल्ला विकास समिति कास्कीका सभापति महादेव गुरूङले कुटपिट गरे। पीडकलाई कुनै कार्वाही भएन।

यो बाहेक यस वर्षका अन्य ५ वटा कुटपिटका घटनामा ६ जना पीडित भए। तिनमा १ जना महिला र १ जना फ्रेन्च नागरिक जेराले पसी नेट्टी पनि छन्। **०५३ मंसीर १४ गते** घान्द्रुक नजिक उनलाई केही अज्ञात व्यक्तिले कुटपिट गरी ३ हजार रूपियाँ लुटेको बताइन्छ।

१.६ थुनामा मृत्यु

थुनामा मृत्यु भएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

जानकारीमा आएन।

प्रहरी यातनाका शिकार वलराम पौडेल

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

जानकारीमा आएन।

२.४ सरुवा / घटुवा / पक्षपात आदि

जानकारीमा आएन।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

जानकारीमा आएन।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

पोखरा स्थित शान्ति वन बाटिकामा एक महिलालाई **०५२ माघमा** ३ जना युवकहरूले बलात्कार गरी छाडिदिए। उनलाई बेहोस अवस्थामा स्थानीय वासिन्दाहरूले फेला पारेका थिए।

जिविस सभापतिद्वारा पिटिएका प्रमुख जिल्ला अधिकारी ध्रुवराज वाग्ले

पोखरा घुमफिर गर्न आएकी काठमाडौं, कुलेश्वरकी १८ वर्षीय एक युवतीलाई **०५२ चैत २ गते** होटल स्काइलैण्ड बैदाम पोखरामा एक्लै भएको मौका छोपी हेम्जा गाविस- ३ का नारायणसिं थापा र पोखरा उपनपा-९ का कुमार गुरुङले सामुहिक बलात्कार गरे। प्रहरीले पीडकहरूलाई तत्काल गिरफ्तार गरी कानूनी कार्वाहि चलाएको छ।

पोखरा उपमनपा-१ का २७ वर्षीय राजन ओलीले **०५३ जेठ १४ गते** राती धादिङ घर भई पोखरा उपमनपा- १ डेरा गरी बस्ने १५ वर्षीय कमला वि.क, १४ वर्षीय कल्पना वि.क. र १३ वर्षीय राधिका वि.क.लाई बेच्ने नियतले फकाई फुलाई काठमाडौं स्थित म्याग्दी होटलमा पुऱ्याए। युवतीहरू हराएको सम्बन्धमा प्रहरीलाई जानकारी गराएपछि पीडकलाई प्रहरीले पक्राउ गऱ्यो र युवतीहरूलाई आ-आफ्नो घरमा पुऱ्याएपछि पीडकलाई छाडियो। पीडकलाई कुनै कार्वाहि नगरेकोमा पीडितहरूको पक्षबाट जिल्ला प्रहरी कार्यालय विरूद्ध परमादेशको आदेश जारी गरी पाउँ भनी ०५३ असार १९ गते पुनरावेदन अदालतमा रिट दिइएको थियो।

पोखरा उपमनपा- १३ की ८ वर्षीय एक वालिकालाई **०५३ असार १२ गते** आर्वा खोलामा नुहाइरहेको अवस्थामा पोखरा उपनपा-१३ का जगतबहादुर वि.क.ले बलात्कार गरे। पीडकलाई गिरफ्तार गरी कार्वाही चलाइएको छ।

सराङकोट गाविस- ८ की ९ वर्षीय एक वालिकालाई **०५३ असार १० गते** स्थानीय शिवबहादुर वानियाले बलात्कार गरे। पीडकले पीडित वालिकालाई सराङकोट स्कूलको चौरमा भैंसी चराइरहेको अवस्थामा बलात्कार गरेका थिए।

पोखरा उपमनपा-१८ का भरत गुरूङको घरमा काम गरी बस्ने १३ वर्षीय एक वालिकालाई **०५३ कार्तिक १३ गते** जंगलमा घाँस काटिरहेको अवस्थामा स्थानीय फणिन्द कार्की र होमबहादुर के.सी.ले सामुहिक बलात्कार गरे। पीडकलाई स्थानीय मानिसहरूले पक्राउ गरी प्रहरीलाई बुझाएका थिए। पीडकलाई पुर्पक्षको लागि कारागार शाखा कास्कीमा थुनामा राखिएको छ।

४.२ जारी / बहुविबाह / देउकी / देहव्यापार

जानकारीमा आएन।

४.३ गर्भपतन

ल्वाङघलेल गाविस- १ की तेजमाया दाहालले जन्माएको नवजात शिशु स्थानीय डिल्लीराम दाहालको घरको पिढीमा **०५३ असार १४ गते** मृत अवस्थामा भेटियो। उक्त शिशु तेजमाया दाहाल र चेतनारायण दाहाल बीच अनैतिक सम्बन्ध कायम भई जन्मेको बताइन्छ।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

जानकारीमा आएन।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

जानकारीमा आएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहारहरु / छुवाछूत समेत

जानकारीमा आएन।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

जानकारीमा आएन।

९. अतिरिक्त जानकारीहरु (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

यो वर्ष डकैती र चोरीका २ वटा घटना भए। त्यसमा २ जना व्यक्ति पीडित बने।

यो वर्ष ट्राफिक दुर्घटनाका २४ वटा, वाढी पहिरो, आगलागीका १७ वटा घटनाहरू भए। ट्राफिक दुर्घटनाबाट ३ जना र अन्य विपत्तिबाट ३ जनाको मृत्यु भयो। केही धन सम्पत्तिको नोक्सानी भयो।

आत्महत्याका ३४ वटा घटनाहरू जानकारीमा आए। आर्थिक विपन्नता, मानसिक असन्तुलन, प्रेम विछोड, घरायसी झै-झगडाका कारण विभिन्न व्यक्तिले आत्महत्या गरेको पाइयो। आत्महत्या गर्नेहरूमा १४ जना महिला र २० जना पुरूष रहेका थिए।

■



३. पश्चिमाञ्चल

गण्डकी

३.६ मनाङ्ग

जनसंख्या : ५३६३
साक्षरता : ४२.९ प्रतिशत
महिला साक्षरता : २९.९ प्रतिशत
क्षेत्रफल : २२४६ वर्ग कि.मी.
गाविस/नपा : १२/०
निर्वाचन क्षेत्र : १
विद्यालय/क्याम्पस : २७/०
अस्पताल/स्वास्थ्य चौकी: १/१०
टेलिफोन लाइन : ४
सडक (कि.मि.) :
प्रहरी कार्यालय : ६

मनाङ जिल्ला देशको विकट दुर्गम जिल्ला मध्ये एक हो। देशको सबैभन्दा कम जनसंख्या भएको यस जिल्लामा मानवअधिकार हननका घटनाहरू कम देखिन्छन्।

१. सम्मानित रुपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

धारापानी गाविस-१ तालको शिरानमा गोरखा जिल्ला घ्याल्चोक गाविस-६ का रणबहादुर गुरूङलाई **०५३ वैशाख ६ गते** गोरखा जिल्ला कुण्ड गाविस-२ का शेरबहादुर गुरूङ र कान्छा गुरूङले आफ्नो भारी बेचेको रीसमा हत्या गरी मर्स्याङ्दी नदीमा फाली दिए। पीडकहरूलाई पक्राउ गरिएको छ।

१.२ जेल र बन्दीहरु

जेलको अवस्था नाजुक छ। हाल जेलमा १ जना पनि बन्दीहरू छैन।

१.३ गिरफ्तारी र यातना

जानकारीमा आएन।

१.४ वेपत्ता पारिएको

जानकारीमा आएन।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

अन्नपूर्ण मा.वि. मनाङका शिक्षक खिलबहादुर घलेलाई **०५३ असार १९ गते** प्रहरी जवानहरूले भिडियो हल बाहिर कुटपिट गरी घाइते बनाए। यस सम्बन्धी उजुरी गर्न अन्नपूर्ण मा.वि. का प्रधानाध्यापक रामजी पन्त, शिक्षक भरत घिमिरे र अन्य व्यक्तिको समूहले जिल्ला प्रहरी गेट खोली प्रवेश गर्दा मनाङ गाविस निवासी ग्याम्चे गुरूङ र शिक्षक प्रेमराज घिमिरेलाई सख्त घाइते हुने गरी कुटपिट गरियो। ०५३ असार २१ गते प्रहरी र शिक्षक बीच मिलापत्र भएको थियो। यस बाहेक यो वर्ष कुटपिटका अन्य ४ वटा घटनामा ६ जना पीडित भए।

१.६ थुनामा मृत्यु

थुनामा मृत्यु भएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

जानकारीमा आएन।

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

जानकारीमा आएन।

२.४ सरुवा / घटुवा / पक्षपात आदि

जानकारीमा आएन।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

जानकारीमा आएन।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

मनाङ जिल्ला विकास समितिका उपसभापति साङ्दो

लामा र स्थानीय महिला ल्हन्चम लामाको यौन सम्बन्धका कारण ती महिलाले ०५३ जेठमा छोरी जन्माइन्। पीडित महिलाका तर्फबाट उपसभापतिलाई बच्चाको नाता कायम गर्न दबाब दिएपछि ०६५३ वैशाख १७ गते रू. १० हजार दिई स्थानीय परम्परा अनुसार मिलापत्र गरे। उपसभापतिका यस अघि ३ छोरा र १ छोरी भइसकेका छन्।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

विवाह भइसकेका **धारापानी गाविस-४** धारापानी प्रा.वि.का प्रधानाध्यापक लालबहादुर गुरूङले स्थानीय चोकाली गुरूङलाई विवाह गर्ने विश्वास दिलाई यौन सम्पर्क गरी एक बच्चाको जन्म समेत भएकोमा पछि लालबहादुर गुरूङले चोकाली गुरूङलाई पत्नीका रूपमा स्वीकार गरेनन्। अदालतमा मुद्दा दर्ता गरेता पनि समाजद्वारा मिलापत्र गराउने भनी मुद्दा निस्क्रिय पारियो।

४.३ गर्भपतन

जानकारीमा आएन।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

जानकारीमा आएन।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

जानकारीमा आएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहारहरु / छुवाछूत समेत

जानकारीमा आएन।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

जानकारीमा आएन।

९. अतिरिक्त जानकारीहरु (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

सीमा प्रहरी चौकीका प्रहरी जवान शिवप्रसाद काफ्लेको **०५३ साउन १५ गते** दाउरा खोज्ने काममा मर्स्याङ्दी नदी नजिक जाँदा ढुंगाबाट चिप्लेर मृत्यु भयो।

बाटो निर्माण गर्दा ढिस्को खसेर २ जनाको मृत्यु भयो।

■



३. पश्चिमाञ्चल

लुम्बिनी

३.७ नवलपरासी

जनसंख्या : ४३६२१७
साक्षरता : ३९.० प्रतिशत
महिला साक्षरता : २५.० प्रतिशत
क्षेत्रफल : २१६२ वर्ग कि.मी.
गाविस/नपा : ७७/०
निर्वाचन क्षेत्र : ४
विद्यालय/क्याम्पस : ३६३/३
अस्पताल/स्वास्थ्य चौकी : १/
टेलिफोन लाइन : २३८
सडक (कि.मि.) : १९५
प्रहरी कार्यालय : ३३

नवलपरासी जिल्लामा सन् १९९२ मा हत्याका घटनाहरू कम देखिएका भए पनि १९९६ मा आइपुग्दा बढेको पाइन्छ। तर प्रहरी प्रशासनको गोलीबाट १९९२-१९९३ मा केहीको हत्या पनि १९९६ सम्म आइपुग्दा कम भएको छ। गिरफ्तारी र यातनाका घटनाहरू पनि घट्दो देखिन्छ भने धम्की / ज्यानमार्ने धम्की / कुटपिटका घटनाहरू बढेको देखिन्छ। महिला किनबेचको प्रक्रिया क्रमिक रूपमा कम हुँदै गएको छ तर बलात्कारका घटनाहरू बढ्दो अवस्थामा रहेका छन्।

१. सम्मानित रुपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

सोमनी गाविस-८ का २६ वर्षीय पडलालाल कक्करलाई **०५२ माघ २१ गते** सोही गाविसका पारस कक्कर र भारत फैजाबाद निवासी सिताराम भारले गोली प्रहार गरे। पीडित बच्न सफल भए भने पीडकलाई पुर्पक्षको लागि थुनामा राखिएको छ।

पाल्ही गाविस-५ का २५ वर्षीय परदेशी हरिजनको **०५३ वैशाख १० गते** सोही गाविसका रामवृक्ष पटनावारको पिटाइले मृत्यु भयो। रामवृक्षको उखु खेतमा पीडितको भैंसी जानु नै हत्याको मूल कारण बन्यो। हाल पीडक पुर्पक्षको निम्ति थुनामा रहेका छन्।

सनही गाविस-७ का सिरेन्द्र भारलाई **०५३ वैशाख २९ गते** राती गेर्मी गाविस-४ का बद्री थारू, भुईडोल थारू, फकत थारू र तुफानी अहिरले कुटपिट गरी हत्या गरे। पीडकहरू पुर्पक्षको निम्ति थुनामा रहेका छन्।

अरूण खोला बजारको नजिकै जंगलमा मकवानपुरका ३२ वर्षीय ट्रक ड्राइभर रामप्रसाद उप्रेतीको **०५३ जेठ ४ गते** विभत्स हत्या गरियो। मृतकको टाउको गिंडिएको, खुट्टा काटिएको, हात भाँचिएको र अनुहारको छाला निकालिएको थियो। पीडितको ट्रकले अरूण खोला निवासी ५६ वर्षीय देवीप्रसाद लामिछानेलाई ठक्कर दिई घटनास्थलमा मृत्यु भएको र स्थानीय जनताले खेद्दै जाँदा रामप्रसाद मारिएका थिए। अरूणखोलाका कुवेर मल्ल, केशबहादुर श्रेष्ठ, गणेश नेपाल, धनबहादुर श्रेष्ठ, ध्रुवबहादुर श्रेष्ठ र हरि सेनलाई पुर्पक्षको लागि थुनामा राखिएको छ।

रूपौलीया गाविस-७ वनदेवी डाँडामा अन्दाजी ३५ वर्षको पुरूषलाई **०५३ असार ७ गते** अज्ञात व्यक्तिहरूले हत्या गरी फरार भए।

जमुनीया गाविस-१ उखुबारीमा **०५३ साउन ९ गते** एक अज्ञात व्यक्तिको अस्थिरपञ्जर फेला परेको थियो।

पञ्चनगर गाविस-४ का ४० वर्षीय विष्णुप्रसाद चौधरीको लाश **०५३ भदौ १२ गते** झुण्ड्याइएको अवस्थामा फेला पऱ्यो। लाश सानो सिसौको बोटमा खुट्टा खुम्चिएको अवस्थामा झुण्डिएको थियो। घटनास्थलको वरिपरि रगत देखिनु, उनीसंग त्यो दिन ५ हजार नगद हुनु र उनको कान्छी पत्नीको अरूसंग नाजायज सम्बन्ध रहनु आदिबाट हत्याको आशंका गरिएको बताइन्छ।

देउराली गाविस-५ का ३५ वर्षीय गणेश पोखरेललाई **०५३ असोज ११ गते** राती सोही ठाउँका लालबहादुर पाईजाले दाउराले हानी हत्या गरे। पीडक पुर्पक्षका लागि थुनामा छन्।

कुडिया गाविस-४ की ४० वर्षीय इस्लामी उल्लाहलाई आफ्नै पति ३० वर्षीय सफेल उल्लाहले **०५३ कार्तिक १० गते** हत्या गरे। राती ११ बजे छिमेकी असिन मुसलमान (डाक्टर) संग नाजायज यौन सम्पर्क गरिरहेको देखेकोले पिटेको कुरा पीडक बताउँछन्। पीडकलाई पुर्पक्षको निम्ति थुनामा राखिएको छ।

मिथुकरम गाविस-६ की ७० वर्षीय लीला कुमारी न्यौपानेलाई **०५३ कार्तिक १८ गते** डेडगाउँ गाविस-९ का टेकबहादुर नेपालीले कुटपिट गर्दा मृत्यु भयो। पीडक थुनामा छन्।

यो वर्ष यस जिल्लामा विभिन्न समयमा विभिन्न गाविसहरूमा १० वटा अज्ञात व्यक्तिहरूको लाश फेला पऱ्यो। केही लाशहरू हत्या गरिएको हुन सक्ने प्रकृतिका थिए भने केही लाशहरू सडिसकेका पनि थिए।

१.२ जेल र बन्दीहरु

यहाँको कारागार अत्यन्त दयनीय अवस्थामा छ। ३५

जनाको क्षमता रहेको कारागारमा हाल एक जना नावालक सहित ५७ जना रहेका छन्। जस मध्ये चार ४ महिला र ५२ जना पुरूष छन्। मुद्दा फैसला भएका बन्दी जम्मा ८ जना रहेका छन् भने फैसला नभएका ४८ जना रहेका छन्। यी सबै थुनुवाहरूलाई त्यहाँ रहेका जम्मा चार कोठामा राखिएको छ। कहिलेकाहीं १०० जना भन्दा पनि बढी बन्दीहरू राख्ने गरिएको र बन्दीहरूलाई सुत्न बस्न अति अप्ठेरो परेको कुरा बन्दीहरू बताउँछन्।

१.३ गिरफ्तारी र यातना

तम्सरिया गाविस चोरमारामा संचालित **ग्रिनहिल बोर्डिङ स्कूल**का संचालक रामचन्द्र मल्ललाई **०५२ फागुन ३० गते** आफ्नै निवासमा बसिरहेको अवस्थामा सशस्त्र प्रहरी टोली गई गिरफ्तार गऱ्यो। माओवादीको आरोपमा मल्लले एक रात हिरासतमा बिताउनु पऱ्यो भने पटक-पटक जिल्ला प्रहरी कार्यालयमा हाजिर हुनु पऱ्यो। बेला-बेला प्रहरी आई घरमा सताएको कुरा उनकी पत्नी बताउँछिन्।

तम्सरिया गाविस-७ का केदार पराजुलीको घर **०५३ वैशाख १८ गते** सशस्त्र प्रहरी गई खानतलासी गरेको थियो भने ०५३ असार १ गते उनलाई हिरासतमा लिइयो। उनको घरमा रातको समयमा आइमाई केटाकेटी मात्र सुतेको अवस्थामा सशस्त्र प्रहरी आई आतंकित पारिएको कुरा उनकी पत्नी कला पराजुली बताउँछिन्।

नवलपरासी जिल्ला खानेपानी कार्यलयका खानेपानी सरसफाई टेक्नीसियन शक्तिबल्लभ पोखरेललाई आफ्नो कोठामा सुतिरहेको अवस्थामा **०५३ मंसिर ४ गते** सशस्त्र प्रहरी गई गिरफ्तार गरे। उनलाई तुरून्तै गोर्खा जिल्लामा पठाइएको थियो। माओवादीको आशंकामा गोर्खा जिल्ला प्रशासनले गिरफ्तार गरी पठाइ दिनु भनेकोले गिरफ्तार गरी पठाइएको बताइन्छ।

१.४ वेपत्ता पारिएको

जानकारीमा आएन।

१.५धम्की / ज्यानमार्ने धम्की / कुटपिट

व्यक्तिगत रीसइवीमा धम्की, ज्यानमार्ने धम्की र कुटपिटका ४ वटा घटनाहरू भए। तिनमा ५ जना व्यक्ति पीडित बने। प्राय सबै पीडकहरूलाई कानूनी कारवाही चलाइयो।

१.६ थुनामा मृत्यु

थुनामा मृत्यु भएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

प्रगतिनगर गाविस-७ की ३० वर्षीय पुतली गिरीको घर **०५२ फागुन ७, ९ र १२** गते राती सशस्त्र प्रहरी गई खानतलासी गरेको थियो। प्रहरी प्रशासनको आतंकबाट साना केटाकेटीलाई मात्र घर छाडी १५ दिनसम्म आफू लुकेर बस्नु परेको कुरा पीडित पुतली

नवलपरासी जेलको बाहिरी भाग

गिरी बताउँछिन्। उनलाई माओवादीको आशंकामा आतंकित पारिएको थियो।

प्रगतिनगर गाविस-३ का सोमलाल रानाभाटको घर **०५२ फागुन २७ गते** राती सशस्त्र प्रहरी गई खानतलास गरेको थियो। प्रहरीले दराज खोल्ने, कोठा-कोठा हेर्ने, अपशब्द बोल्ने गरेको कुरा पीडित बताउँछन्। उनलाई माओवादीको आशंका गरिएको थियो।

प्रगतिनगर गाविस-३ का वालकृष्ण रानाभाटको घर **०५२ फागुन २७ गते** राती खानतलास गरिएको थियो। त्यसपछि पनि ४/५ पटक सशस्त्र प्रहरी गई पटक-पटक खानतलासी गरिएको थियो। प्रहरीले विना सोधपुछ विना कसैको रोहवर केटाकेटी र महिला मात्र रहेको घरको ढोका राती जबरजस्ती खोल्न लगाउने, दराज खोल्ने, केटाकेटी तथा महिलाले ओडेको सिरक फालिदिने, अपशब्द बोल्ने आदि काम गरेको कुरा पीडित बताउँछन्।

नेपाल सद्भावना पार्टी जिल्ला कार्य समितिको आयोजनामा संचालित "परासी चलो जेल भरो" आन्दोलनको क्रममा **०५३ साल असोज १० गते** अपरान्ह २.१५ बजे जिल्ला प्रशासन कार्यालय परासीको गेट अगाडि प्रहरीले लाठी चार्ज गऱ्यो। करीब २०० जनाको सहभागिता रहेको उक्त आन्दोलनमा नेपाल सद्भावना पार्टीका नेता तथा कार्यकर्ताले पहाडिया र मधेशिया बीचमा भेदभाव भएको बताउँदै प्रहरी प्रशासनको विरूद्धमा विभिन्न नारा लगाउँदै जिल्ला प्रशासन कार्यालय पुगेका थिए। जिल्ला अध्यक्ष लगायतका ५/६ जना गेटभित्र पसी प्रमुख जिल्ला अधिकारीलाई ज्ञापन पत्र बुझाए भने अन्यले गेटभित्र पस्न गेट ठेलिरहेका थिए। यसै बीच निषेधित क्षेत्रभित्र पस्न जबरजस्ती गरेको भनी लाठीचार्ज गरिएको थियो। जसमा केन्द्रीय उपाध्यक्ष दुर्गा चौधरी, जिल्ला अध्यक्ष गोविन्द चौधरी, सुवास कौशल, राधे गौठा, ओमप्रकाश चौधरी, नरसिंह चौधरी, शिवनाथ प्रसाद, परशुराम थारू आदि घाइते भए।

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष ८ सय ८८ मुद्दाको फैसला भएता पनि अझ जिल्ला अदालत नवलपरासीमा १ हजार २ सय ४८ मुद्दा बाँकी छन्।

२.४ सरुवा / घटुवा / पक्षपात आदि

जानकारीमा आएन।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

जानकारीमा आएन।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

परासी गाविस-२ की ११ वर्षीय एक वालिकालाई सुतिरहेको अवस्थामा मुख थुनेर **०५२ माघ १२ गते** राती ११ बजे परासी-६ का किसुन चौधरीले बलात्कार गरे।

रामनगर गाविस-६ की एक महिलालाई **०५२ फागुन १५ गते** परासी गाविस-८ का ४० वर्षीय छोटेलाल गुप्ताले बलात्कार गरे।

हरपुर गाविस-६ की १२ वर्षीय एक वालिकालाई ५० वर्षीय आफ्नै पिता जंगी हरिजनले मुख थुनेर **०५२ चैत १९ गते** बलात्कार गरे। उनले यसभन्दा अगाडि पनि ३/४ पटक बलात्कार गरेको, डरको कारणले पीडितले नभनेको र अत्यन्त पीडावोध भएपछि डराएरै भए पनि अरूलाई भनेको कुरा पीडित बताउँछिन्। पीडक थुनामा रहेका छन्।

सुक्रौली गाविस-१ की १० वर्षीय एक वालिकालाई **०५३ जेठ २ गते** दिउँसो २५ वर्षीय शंकर कुँवर (क्षेत्री) ले पीडित कै घरमा बलात्कार गरे।

उनवच गाविस-१ की २५ वर्षीय एक महिलालाई **०५३ साउन १४ गते** उनवच-३ का भजन कहार, अशोक चौधरी र मणीराम बेल्दारले सामुहिक बलात्कार गरे।

प्रतापपुर गाविस- ४ की ५५ वर्षीय प्रौढलाई **०५३ असोज ११ गते** भारत, महाराजगञ्ज निवासी २५ वर्षीय सुरेश मुसहरले बलात्कार गरे।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

शिवमन्दिर गाविस- ९ का १९ वर्षीय हेमबहादुर के.सी.ले **०५३ जेठ २० गते** पहिलो विवाहको २ वर्षको अन्तरालमै दोस्रो विवाह गरे। जेठी पत्नी सीता खड्कासंग वहुविवाहको कारण बारे बुझ्दा आफूले धेरै दाइजो ल्याउन नसकेकोले यस्तो परिस्थिति भोग्न परेको हो भनी बताउँछिन्।

४.३ गर्भपतन

रामपुरवा गाविस-७ स्थित झरही नदीको किनारमा **०५२ माघ १२ गते** साँझ एक नवजात शिशु मृत अवस्थामा फेला पऱ्यो।

डेडगाउँ गाविस-२ की २७ वर्षीय जौ माया राना मगरले नाजायज यौन सम्बन्धका कारण रहन गएको गर्भ **०५३ असार ११ गते** पतन गराइन्।

सुनवल गाविस-१ की २८ वर्षीय खेमकुमारी रिङ्गजालीले नाजायज रूपमा रहेको गर्भ **०५३ कार्तिक २३ गते** पतन गराइन्।

वेणीमणिपुर गाविस-३ की १७ वर्षीय इन्दु वैदवारले नाजायज रूपमा रहेको गर्भ **०५३ मंसीर २३ गते** पतन गराइन्। कक्षा ९ मा अध्ययनरत इन्दु वैदवार आफूलाई विवाह गर्ने लोभ देखाई आमा घरमा नभएको बेला आफ्नै छिमेकी २२ वर्षीय सुरज श्रेष्ठले यौन सम्पर्क गरेको र पछि उ भारत भागेको बताउँछिन्।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

जानकारीमा आएन।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

जानकारीमा आएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१दासत्व / कमैया / बाँधा / हलिया आदि

जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहारहरु / छुवाछूत समेत

गेर्मी गाविस-९ की २८ वर्षीय कोइली ठाकुरलाई सोही ठाउँका ध्रुव नारायण शर्माको नेतृत्वमा **०५३ कार्तिक ४ गते** चारपाटा मुडियो। गाविस अध्यक्षसंग बुझ्दा जे गरियो ठिकै गरियो, यसको चारित्रिक व्यवहार सुधार्न यसो गरिएको हो र यो समाजको निर्णय हो भन्दछन्। पीडित आफू गरीब भएकोले उनीहरूले भनेको माने ठीक अन्यथा वेठिक हुने हुनाले त्यसैको परिणाम भोगिरहेकी छु भन्दछिन्।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

जानकारीमा आएन।

९. अतिरिक्त जानकारीहरु (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष सवारी दुर्घटनामा परी ३७ जना, पानीमा डुबेर ७ जना, आगोमा परेर २ जना, जंगली जनावरबाट ५ जना, भीरबाट खसेर १ जना, अत्यधिक मादक पदार्थ सेवन गरी १ जना, ताती रहेको डाल्डा घ्यूमा परी १ जनाको मृत्यु भयो। यो वर्ष पासो लगाएर, विष सेवन गरेर र पानीमा हाम्फालेर ५६ जनाले आत्महत्या गरे, जसमा ३७ जना पुरूष र १९ जना महिला रहेका छन्। आर्थिक विपन्नता मानसिक असन्तुलन, प्रेम असफलता र घरायसी झै-झगडाका कारण आत्महत्याका घटना भएको देखिन्छ।

■



३. पश्चिमाञ्चल
लुम्बिनी
३.८ रुपन्देही

जनसंख्या : ५२२१५०
साक्षरता : ३९.८ प्रतिशत
महिला साक्षरता : २६.१ प्रतिशत
क्षेत्रफल : १३६० वर्ग कि.मी.
गाविस/नपा : ६९/२
निर्वाचन क्षेत्र : ५
विद्यालय/क्याम्पस : २८४/६
अस्पताल/स्वास्थ्य चौकी : ३/२४
टेलिफोन लाइन :
सडक (कि.मी.) : ५८६.५
प्रहरी कार्यालय : ६४

यस जिल्लामा सन् १९९२ मा प्रहरी प्रशासन तथा प्रशासनिक निकायबाट प्रत्यक्षरूपमा मानवअधिकारलाई चुनौति दिने काम भएको देखिन्छ भने १९९३ मा गिरफ्तारी र यातनाका घटनामा वृद्धि भएको छ। १९९४ मा गिरफ्तारी र यातनाका घटनामा केही कमी आएको महसूस हुन्छ। त्यसरी नै १९९५ मा गिरफ्तारी र यातनाका घटना भएको पाइदैन भने १९९६ मा पनि त्यस्ता घटनाहरू देखा परेनन्। तर यो वर्ष वन मुद्दा अन्तरगत गिरफ्तार गरिएको एउटा घटनामा यातनाबाटै पीडितको मृत्यु भयो।

१. सम्मानित रुपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

सुनवल गाविस-४ का कृष्णप्रसाद पौडेलको लाश **०५२ माघ ३ गते** बुटवल नपा-८ क्षेत्रीय मेडिकल स्टोरको अगाडि फेला पऱ्यो। ०५३ पुस २८ गते घरबाट बाहिर निस्केका पौडेल ५ दिनपछि मृत अवस्थामा फेला पर्नुको कारण खुल्न सकेको छैन।

रामनगर गाविस-१ का ४५ वर्षीय मुन्नर केवटलाई **०५२ माघ १२ गते** उनकै भतिजा ३६ वर्षीय तुलसी केवटले बाँसको लठ्ठी प्रहार गरेर सख्त घाइते बनाए। घाइते केवटको भीम अस्पताल भैरहवामा उपचार गर्दागर्दै सोही दिन साँझ मृत्यु भयो। पीडकलाई थुनामा राखिएको छ।

बुटवल नपाकी ३५ वर्षीय मीनाकुमारी कार्कीको लाश बुटवलको तिनाउ नदीको पुलमुनि **०५२ फागुन ३० गते** फेला परेको थियो। लाशको प्रकृति हेर्दा हत्या भएको आशंका गरिएको छ।

बुटवल नपा-८ का १९ वर्षीय मनोज शेरचनलाई **०५२ चैत २२ गते** सोही ठाउँका २२ वर्षीय खड्कबहादुर कार्की, १७ वर्षीय विशालबहादुर क्षेत्री र २४ वर्षीय रुक्मागत डुम्रेले कुटपिट गरी सख्त घाइते बनाए। पीडितको पाल्पा मिसन अस्पतालमा उपचार हुँदाहुँदै वैशाख १८ गते मृत्यु भयो।

वसन्तपुर गाविस-९ का ६० वर्षीय धनै हरिजनलाई सोही ठाउँका ४० वर्षीय भोला हरिजन, ३० वर्षीय श्रीराम हरिजन र २० वर्षीय रामकृष्ण हरिजनले अंश सम्बन्धी झगडामा कुटपिट गरी सख्त घाइते बनाए। पीडितको लुम्बिनी अंचल अस्पताल बुटवलमा उपचार गर्दागर्दै **०५३ जेठ २ गते** मृत्यु भयो।

सेमरा गाविसका ३९ वर्षीय रहम तुल्लाह खानलाई भैरहवाबाट सेमरा तर्फ आउँदा **०५३ जेठ ६ गते** हटिवनगाई डारकट्टीमा मर्चवारका ३० वर्षीय हाफिज अली मुसलमानको मिलोमतोमा भारतीयहरू राकेश सिं र पहलमान चुइजनोले मोटर साइकल रोकी गोली हानेर १ लाख भारतीय रूपैयाँ र मोटर साइकल समेत लुटी भागे। पीडितको गोरखपुरमा उपचार हुँदाहुँदै सोही दिन मृत्यु भयो। हाल अफिम अलीमुस लमानलाई अनुसन्धानका निम्ति हिरासतमा लिइएको छ।

असुरैना गाविस-१ की २० वर्षीय प्रभावती केवटलाई **०५३ जेठ २८ गते** स्थानीय ३० वर्षीय सदानन्द केवट, उनकी पत्नी लक्ष्मीना केवट र उनका पिता सन्तोषी केवटले व्यक्तिगत रीसइबीमा हत्या गरे। पीडक मध्ये सदानन्द र उनकी पत्नी थुनामा छन् भने सन्तोषी केवट फरार छन्।

मोतिपुर गाविस-८ की १७ वर्षीय देवी थारूलाई **०५३ असार ४ गते** निदाइ रहेको अवस्थामा आफ्नै पति किरण थारूले हसियाले घाँटीमा काटी हत्या गरे। अर्केको गर्भ बोकेकी देवीलाई अभिभावकको करकापबाट विवाह गर्नु परेकोले हत्या गरेको बताइन्छ। पत्नीको हत्या पछि पीडक किरणले आत्महत्या गर्ने प्रयास गरेको तर डोरी चुडिएपछि भोलिपल्ट आफैले प्रहरी समक्ष आत्मसमर्पण गरेका थिए।

जिरूवगाहा गाविस-४ का ५५ वर्षीय सीताराम यादवलाई सोही ठाउँका ६० वर्षीय कमला काहार, उनका छोरा २० वर्षीय चिन्नु काहार र सोही घरमा बस्ने भारत नौतनवा महाराजगंज सेलीहवा स्थायी घर भएका उनको ज्वाई यादव काहारले **०५३ भदौ २५ गते** घरायसी झगडामा लाठीले टाउकोमा हानी हत्या गरे। पीडक मध्ये कमला काहार थुनामा छिन् भने अरू दुई जना फरार छन्।

सिद्धार्थनगर नपा-१२ स्थित वसपार्कमा ३७ वर्षीय धनकुमारी वि.क.लाई **०५३ कार्तिक २ गते** उनकै पनि ४० वर्षीय मानबहादुर वि.क. ले धारिलो हतियार प्रहार गरी हत्या गरे। पत्नीको हत्यापछि पीडकले पनि विषालु औषधि सेवन गरी आत्महत्या गरे। मानबहादुरले धेरै रक्सी पिएका कारण यो घटना भएको बताइन्छ।

शंकरनगर गाविस-२ मा डेरा गरी बसेका २५ वर्षीय दीपक जी.सी.लाई **०५३ कार्तिक १० गते** अज्ञात व्यक्तिले छुरी हानी हत्या गरे।

सिद्धार्थनगर नपा- १ का ४० वर्षीय जलेस्वा पठानीलाई **०५३ पुस १६ गते** अज्ञात व्यक्तिले हत्या गरे। पीडक हालसम्म पत्ता लागेको छैन।

१.२ जेल र बन्दीहरु

रूपन्देही जिल्लाको सिद्धार्थनगर नपामा रहेको जिल्ला कारागार वि.सं. १९९० सालमा निर्माण भएको हो। यस जेलको भवन अत्यन्त पुरानो र जीर्ण छ। जेलको बन्दी क्षमता ६० जनाको भएता पनि हाल १७६ जना बन्दीहरू रहेका छन्। ती मध्ये थुनुवा १२८ र कैदी ४८ जना छन्। पूर्वी र पश्चिमी भागमा विभाजित र निर्मित यस जेलमा भित्री र बाहिरी गरी जम्मा ९ वटा चर्पी, ट्युवेल र खानेपानी धारा जम्मा ६ वटा छन्। यस जेलका बन्दीहरू विभिन्न माग राखी ०५३ पुस १५ गतेदेखि २ दिनसम्म आमरण अनशन बसेका थिए। उठाइएका मागहरूप्रति सकारात्मक आश्वासन पाएपछि १७ गते अनशन तोडे।

१.३ गिरफ्तारी र यातना

जानकारीमा आएन।

वन कार्यालयको हिरासतमा मरेका पूर्णबहादुर हमाल

१.४ बेपत्ता पारिएको

क्षेत्रीय कृषि अनुसन्धान केन्द्र रूपन्देहीका लेखा अधिकृत ओमप्रसाद श्रेष्ठकी १५ वर्षीय छोरी नितु श्रेष्ठलाई कास्की पोखरा उपमनपा घर भई पडसरी गाविस-१ मा बस्ने राजेश थापा सिद्धार्थनगर नपा-१ का कपिलदेव हरिजन, टेकबहादुर कार्की समेतले ०५३ कार्तिक १३ गते अपहरण गरी लु.अ.ज. ३३० नं. जीपमा राखी बेपत्ता पारे। हाल पीडकहरू मध्ये कपिल देव हरिजन र टेकबहादुर कार्कीलाई पक्राउ गरी पुर्पक्षका निम्ति थुनामा राखिएको छ।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

यो वर्ष यहाँ व्यक्तिगत रीसइबी र झैंझगडामा ६ वटा कुटपिट एवं ज्यान मार्ने धम्कीका घटनाहरू भए।

१.६ थुनामा मृत्यु

देवदह गाविस-२ का ४१ वर्षीय पूर्णबहादुर हमालको ईलाका वन कार्यालयको हिरासतमा **०५३ असोज १२ गते** मृत्यु भयो। असोज ८ गते ८ हजार बिगो बराबरको काठ तस्करी गरेको अभियोगमा उनलाई पक्राउ गरिएको थियो। पक्राउ पर्दा उनी पूर्ण स्वस्थ अवस्थामा थिए। अचानक हिरासतभित्र उनको मृत्यु भएकोमा रूपन्देहीका नागरिकहरूले आक्रोशित भई चक्का जाम गरे। ईलाका वन कार्यालयको कम्पाउण्ड भत्काइयो र कार्यालय तोडफोड समेत भयो। घटनाको यथाशिघ्र छानवीन गरी पर्याप्त विवरण सार्वजनिक गर्नु पर्ने माग उनीहरूले गरेका थिए। संबन्धित निकायले दमको विमारी भएको हुँदा हिरासतको चिसोको कारण मृत्यु भएको हो भने पनि मृतकको हात भाँचिनु, शरीरमा निलडाम हुनु आदिबाट यो मृत्यु यातनाबाट भएको पुष्टि हुन्छ।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार
(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

जानकारीमा आएन।

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालत रूपन्देहीमा सरकारवादी फौजदारी मुद्दा १५२, दुनियावादी फौजदारी ३२८ र देवानी ७८८ मुद्दा दर्ता भए। गत वर्ष देखि फैसला हुन बाँकी सरकारवादी फौजदारी ३०९ दुनियावादी फौजदारी ६४१, देवानी १५२७ गरी २४७७ मुद्दाहरू रहेका छन्।

यो वर्ष फैसला भएका मुद्दाहरू सरकारवादी फौजदारी ११२, दुनियावादी फौजदारी १६१, देवानी ४१५ गरी जम्मा ६८८ छन्। यस वर्ष फैसला हुन बाँकी रहेका मुद्दाहरू सरकारवादी फौजदारी ३४९, दुनियावादी फौजदारी ८०८ र देवानी १९०० गरी जम्मा ३०५७ वटा देखिन्छ। त्यस्तै यो वर्ष जिल्ला प्रशासन कार्यालयमा १०९ वटा मुद्दा, जिल्ला प्रहरी कार्यालयमा ४१५ वटा घटना र वन कार्यालयमा २७ दर्ता भए।

२.४ सरुवा / बढुवा / पक्षपात आदि

जानकारीमा आएन।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

जानकारीमा आएन।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

सिद्धार्थनगर नपा-३ स्थित राइस मिलको कम्पाउण्डभित्र डेरा गरी बस्ने १८ वर्षीय एक महिलालाई **०५२ फागुन २५ गते** राती स्थानीय २० वर्षीय राजन वि.क., राजन गुरूङ र १८ वर्षीय शंकर श्रेष्ठले सामूहिक बलात्कार गरे। पीडकहरूले पीडितका पतिलाई छुरी देखाई कुटपिट गरेका थिए। पीडकहरु थुनामा रहेका छन्।

बुटवल नपा-५ चिडिया खोलामा स्याङ्जा जिल्ला दहथुम-३ की १७ वर्षीय एक युवतीलाई **०५३ जेठ ३१ गते** बुटवल नपा- ५ का झपेन्द्र थापा र संजोक श्रेष्ठले बलात्कार गरे। दुवै पीडकलाई पक्राउ गरिएको छ।

मणीग्राम गाविसकी एक महिलालाई **०५३ असार ५ गते** बुटवल नपा-९ मा लु.अ.ख. १४६ नं. का रात्री बसका चालक गोविन्द थापाले बलात्कार गरे। पीडकलाई प्रहरीले पक्राउ गऱ्यो।

कहरीया गाविस-७ की १४ वर्षीय उर्मिला भण्डारीलाई बसन्तपुर गाविस-९ का २२ वर्षीय शंकर चौधरीले टि.भि. हेर्ने वहाना बनाई बिक्री गर्ने उद्देश्यले **०५३ साउन २ गते** भारत पुऱ्याए। तर पीडित उर्मिला भाग्न सफल भै नेपाल फर्किइन् र रूपन्देही जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। हाल पीडक कानूनी कारवाहीमा छन्।

देवदह गाविसकी १८ वर्षीय एक युवतीलाई **०५३ साउन १५ गते** बुटवल धागो कारखानाको उत्तरमा पर्ने जंगलमा शिवनगर रेन्जर कार्यालयका कर्मचारी गणेश कुमार पाठक र श्रीबहादुर थापाले बलात्कार गरे। पीडकहरूलाई ०५३ साउन ३२ गते प्रहरी पक्राउ गऱ्यो।

स्याङ्जा जिल्ला घर भै बुटवल नपा-२ साठीमुला डेरा गरी बस्ने १६ वर्षीय एक युवतीलाई बलात्कार गर्ने पीडितको आफ्नै झङ्केलो बाबुलाई **०५३ साउन २२ गते** प्रहरीले पक्राउ गऱ्यो।

बुटवल नपा- १२ की ३५ वर्षीय सपना वि.क.लाई सोही ठाउँमा बस्ने विष्णु घिमिरे र ललित बांगटीले **०५३ भदौ ८ गते** भारत लगी भारू. १५ हजारमा बिक्री गरे। हाल पीडक थुनामा छन्।

बुटवल नपा-१३ देवीनगरकी ६० वर्षीय वृद्ध एक लाटी महिलालाई **०५३ मंसीर २८ गते** बेलुका शंकरनगर गाविस डिंगरका २५ वर्षीय विष्णु थापा र युवराज राणाले बलात्कार गरे। पीडक दुवैमाथि कुनै कार्वाही भएन। नी वृद्ध महिला मागेर खाने गर्दथिन्। उनलाई उपचारका लागि अस्पताल भर्ना गर्नु पऱ्यो।

यो वर्ष चेलीबेटी बेचबिखनका ५५ वटा मुद्दा जिल्ला प्रहरी कार्यालयमा दर्ता भएका थिए।

४.२जारी / बहुविवाह / देउकी / देहव्यापार

जानकारीमा आएन।

४.३गर्भपतन

जानकारीमा आएन।

५.बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

जानकारीमा आएन।

६.आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

जानकारीमा आएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहारहरु / छुवाछूत समेत

बुटवल बहुमुखी क्याम्पसका सह-प्राध्यापक तथा नेपाल प्राध्यापक संघका सदस्य गोपाल परियारले सोही क्याम्पसमा आई. ए. दोस्रो वर्षमा पढ्ने छात्र टेकबहादुर जी.सी.लाई आफ्नै कोठामा लगी पटक-पटक समलिङ्गी बलात्कार गरे।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

बुटवल बेलहीया रूटमा चल्ने लु.अ.ख. २०७ नं. को बसका कन्डक्टर गमबहादुर थापालाई भाडा सम्बन्धी विषयलाई लिई सामान्य विवाद उत्पन्न हुँदा शंकरनगर स्थित जानकी नगरका राधिका शर्मा तिवारी र चक्रबहादुर थापा लगायतका ४-५ जना व्यक्तिहरूले अंगभङ्ग हुनेगरी कुटपिट गरेकोमा उक्त घटनाको छानबीन सहित क्षतिपूर्तिको माग गरी यातायात मजदूरहरूले चक्काजाम गरे। सो घटनाको विरोधमा नेपाल यातायात स्वतन्त्र मजदूर संगठनद्वारा एक प्रेश वक्तव्य निकालिएको थियो।

९. अतिरिक्त जानकारीहरु (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

यो वर्ष ७ जनाले आत्महत्या गरेको जानकारी पाइयो, जसमा ४ पुरुष र ३ महिला रहेका थिए।

यो वर्ष दुर्घटनाबाट ६५ जनाको मृत्यु भयो।

■



३. पश्चिमाञ्चल

लुम्बिनी

३.१ पाल्पा

जनसंख्या : २३६३१३
साक्षरता : ४८.० प्रतिशत
महिला साक्षरता : ३४.७ प्रतिशत
क्षेत्रफल : १३७३ वर्ग कि.मी.
गाविस/नपा : ६५/१
निर्वाचन क्षेत्र : ३
विद्यालय/क्याम्पस : ३८९/४
अस्पताल/स्वास्थ्य चौकी: ३/३५
टेलिफोन लाइन :
सडक (कि.मि.) : १७२
प्रहरी कार्यालय : २०

यस जिल्लामा बिगत वर्षहरूको तुलनामा हत्याका घटनाहरूमा केही कमी हुँदै आएको पाइन्छ। प्रहरीबाट गोली चलाइएको घटना १९९२ पछि भएन। हिरासतका बन्दीहरू र थुनुवाहरूमा मानवअधिकारप्रति संचेतना बढ्दै गएको छ। जेलमा दिइने यातनामा कमी हुँदै आएको छ। सन् १९९४ मा बढी गिरफ्तारीका घटना भएका थिए। कुटपिटका घटना यथावत रूपमा हुँदै गएको भएता पनि राजनीतिकरण गर्ने र विवाद चर्काउने प्रवृत्तिमा कमी हुँदै आएको छ। राजनीतिक मेला, भाषण कार्यक्रममा हुलदंगा हुने र सांस्कृतिक कार्यक्रम विथोल्ने जस्ता घटना बिगत वर्षहरूमा बढी हुने गर्थे तर १९९४ पछि त्यस्ता घटनामा कमी आएको छ।

१. सम्मानित रुपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

सिलुवा गाविस-१ का आफ्नै छोरा खिमबहादुर नेपालीले बाबु वीरसिंह नेपालीलाई **०५३ असार १४ गते** हत्या गरे। भैंसी राम्रोसंग बाँधेर राख्न नसकेको विषयलाई लिएर बाबु छोरा बीचको विवादमा दाउराले हिर्काउँदा वीरसिंहको मृत्यु भयो। पीडकलाई पक्राउ गरी थुनामा राखिएको छ।

गेफा गाविस-८ की सविता भण्डारीको लाश **०५३ असार १८ गते** घरको माथिल्लो तलामा आफ्नै चुन्नीको पासो लगाएर झुण्डिएको अवस्थामा फेला पऱ्यो। प्रहरीमा खवर गरी आत्महत्या हो भनी सत्गत भयो। त्यसको एक हप्तापछि सविताले आत्महत्या गरेकी होइन, उसकी सौतेनी आमाले हत्या गरेको हो भनी जाहेरी पऱ्यो। सौतेनी आमा सीता भण्डारीलाई पक्राउ गरी धरौटीमा छाडिएको छ।

१.२ जेल र बन्दीहरु

कारागार शाखा पाल्पाको बन्दी अटाउन सक्ने क्षमता ३ सय ५० जनाको छ। हाल यस कारागारमा १३६ जना थुनुवा र बन्दी छन्। त्यस मध्ये ३ बालक र १ बालिका, ५३ पुरूष र १७ महिला गरी ७० जना थुनुवा एवं ५५ पुरूष र ७ महिला गरी ६२ जना बन्दी रहेका छन्। यस वर्ष जेलबाट १ जना थुनुवा पुरूष, १० बन्दी पुरूष समेत ११ जना अन्य कारागारमा सरूवा भए भने अन्य कारागारबाट २ पुरूष थुनुवा र ७ पुरूष बन्दी सरूवा भई यहाँ आए। यहाँ ज्यान सम्बन्धी ६४, डाका ९, चोरी ८, ज्यान मार्ने उद्योग १, खुनडाँका ४, जीउ मास्ने बेच्ने २७, लागू औषध १०, बलात्कार ५, आगो लगाई ज्यान मार्ने उद्योग १, सुनचोरी १, खोटा टक १ गरी विभिन्न मुद्दाका बन्दी छन्।

यस जेलमा हाल कुनै जल्दोबल्दो विषयमा चर्चा चलेको वा विवाद परेको पाइएन। ०५३ असार ३० गते धनबहादुर वि.क. को अचानक उच्च रक्तचापका कारण मृत्यु भएपछि बन्दीहरूले उपचार गर्न ढिलाई गरेको भनी आवाज उठाएका थिए। प्रमुख जिल्ला अधिकारी कारागार गई अबदेखि समयमै उपचार गर्न सतर्कता अपनाउने आश्वासन दिएपछि बन्दीहरूले चित्त बुझाएका थिए। सजाय कट्टी भएर समयमै रिहाइ पूर्जी नआउनाले बढी समय जेलमा बस्नु पर्ने र मुद्दाको बारे अन्यौलमा परिरहेको बन्दीहरूको गुनासो छ। बन्दीहरूबाटै चर्को ब्याजमा ऋण लेनदेन भैरहेकोले त्यसले पनि सोझा बन्दीहरू आफू मर्कामा परेको गुनासो गर्दछन्।

१.३ गिरफ्तारी र यातना

तानसेन नपा-३ मा **०५३ जेठ ३१ गते** राती ११ बजे नविन लामगादे र लालबहादुर हिमचुरी लगायत १३ जना व्यक्तिलाई प्रहरीले गिरफ्तार गऱ्यो। उक्त दिन बेलुका ६ बजेतिर आर्यभञ्ज्याङबाट आएका एक हुल व्यक्ति र

तानसेन नपा वडा नं. ४ लहरे पिपलका व्यक्तिहरू बीच रमेश हिमचुरीको घरमा झगडा हुँदा तेजाब फालाफाल चलेपछि ७ जना घाइते भएका थिए। घाइते भएका विरामीहरूलाई मिशन अस्पतालमा भर्ना गरियो।

तानसेन नपा-४ बाट **०५३ मदौ २८ गते** नेपाल बन्द कार्यक्रमको सिलसिलामा लिला थापालाई प्रहरीले गिरफ्तार गऱ्यो। पसल बन्द गराउँदै हिडेका राष्ट्रिय जनतान्त्रिक मोर्चाको एक हुल मस्वन टोल सजरा श्रृङ्गार पसलमा पुगेपछि पसल बन्द गर्ने नगर्ने विषयमा विवाद चल्यो। विवाद चर्केर हातपात हुन थालेपछि प्रहरीले नारायण ढकाल र काशी बुढाथोकीलाई पनि दिनभर प्रहरी कार्यालयमा राख्यो।

१.४ वेपत्ता पारिएको

जानकारीमा आएन।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

अर्गली गाविस-८ का पूर्णवहादुर रानाले **०५३ जेठ १५ गते** त्यही ठाउँमा बस्ने उमानाथ पाण्डेलाई कुटपिट गरी धम्की समेत दिए। गाउँ जागरण अभियान अन्तरगत सांसद विष्णु पौडेल अर्गली जाने कार्यक्रम भएकोले त्यसको प्रचार-प्रसार गर्न माइकिङ्ग गरी केशव भट्टराई र उनका साथीहरू नास्ता खान उमानाथको होटलमा बसेका थिए। त्यतिबेला माइकबाट मदन भण्डारीको भाषण सुनाइएको हुनाले पूर्ण वहादुर रानाले क्यासेट बन्द गर्न भनेपछि विवाद चलेको थियो। यो घटनाले राजनीतिक रूप लिएपछि जिल्ला प्रहरी कार्यालयमा नेकपा (एमाले) र ने.का. दुवै पक्षका प्रनिनिधि बोलाई सम्झौता गराइएको थियो।

यस बाहेक अन्य १० वटा कुटपिटका घटना भए। ती घटनामा २० जना पीडित भए। जसमा ६ जना महिला छन्।

१.६ थुनामा मृत्यु

पाल्पा जेलमा रहेकी ४० वर्षीय विष्णु माया नेपालीको **०५२ पुस २२ गते** जेलमै मृत्यु भयो। उनी टि.वि.रोगकी विरामी थिइन्। त्यसैगरी ०५३ असार ३० गते उच्च रक्तचापका कारण धनवहादुर वि.क.को जेलमै मृत्यु भयो।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

जानकारीमा आएन।

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष न्याय सम्पादनमा निष्पक्षता भएन भनी ०५३ असोज ९ गते एक पर्चा पनि निस्केको थियो। जिल्ला न्यायाधीशले वदनाम गर्ने नियतले मात्र त्यस्तो वेवारिसी पर्चा निकालिएको हो भन्ने विचार व्यक्त गर्नु भएको थियो।

२.४ सरुवा / घटुवा / पक्षपात आदि

जानकारीमा आएन।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

जानकारीमा आएन।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

खालीवन गाविस-४ की मीरा गुरूङलाई अरवमा नोकरी लगाइ दिन्छु भनी नेपालगञ्ज हुँदै रूपैडीयामा पुऱ्याएपछि प्रहरीले फेला पाऱ्यो। स्याङ्जाकी महिमु मुसलमानले तनहुँ बेलचौताराकी चिजा नामाङ र कास्की सिसवाकी गङ्गी गुरूङ सहित मीरा गुरूङलाई **०५३ माघ ११ गते** त्यहाँ पुऱ्याएकी थिइन्। पीडक फरार रहेको बुझिएको छ।

नायर नमतलेस गाविस-५ का बद्रीबहादुर कुँवरले **०५२ फागुन ११ गते** सोही गाविसकी एक युवतीलाई तानसेनमा ल्याई बलात्कार गरे। पीडकलाई थुनामा राखी कारवाही चलाइएको छ।

गौडाकोट गाविसका रामकुमार वि.क.ले **०५३ साउन २३ गते** आफ्नै छिमेकीकी ७ वर्षीय वालिकालाई बलात्कार गर्ने प्रयास गरे। पीडकका विरूद्ध उजुरी परेपछि हालसम्म फरार छन्।

खस्यौली गाविस-३ की १० वर्षीय एक वालिकालाई **भैरवस्थान गाविस-७** का चनुरमान रूचालले बलात्कार गर्ने प्रयास गरे। **०५३ कार्तिक १० गते** पूर्णिमाको दिनमा बन्दी पोखराको लिपनदेवी भन्ने ठाउँमा मेला हेर्न गएर फर्कदा जुगेपानी नेर आइपुगेपछि चुतरमानले जंगलतिर लगी बलात्कार गर्न खोजेका थिए। पीडकलाई थुनामा राखी कारवाही चलाइँदै छ।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

जानकारीमा आएन।

४.३ गर्भपतन

जानकारीमा आएन।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

जानकारीमा आएन।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

जानकारीमा आएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहारहरु / छुवाछूत समेत

जानकारीमा आएन।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

जानकारीमा आएन।

९. अतिरिक्त जानकारीहरु (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

दोभान गाविस-५ चिडिया खोलामा लु.अ.ख. ८८९ नंको बस **०५३ असार २३ गते** दुर्घटना हुँदा २७ जनाको मृत्यु भयो। दुर्घटनामा पर्ने अधिकांश घाइते व्यक्ति मिशन अस्पताल पाल्पामा उपचार गराएर फर्किएका थिए। यस बाहेक अन्य ८ जनाको विभिन्न दुर्घटनामा परी मृत्यु भयो।

आगलागी र भ्काडावान्ताबाट १० जनाको मृत्यु भयो। भ्काडावान्ताबाट १ सय ८४ जना विरामी परे।

१५ जनाले विभिन्न कारणमा आत्महत्या गरे, जसमा २ जना महिला छन्।

गल्घा गाविस बुढीकोट जंगलमा **०५२ पुस २६ गते** दुई वटा वेवारिसे लाश फेला परे। गोरखपुर गई पेन्सन बुझेर आएका गल्घाका १२ जना व्यक्ति ०५२ पुस १५ गते गल्घा, वेलडाँडामा पुगेपछि अरू त्यहीं बसे। पदमबहादुर बयम्चु र विक्रम सोती घरमै जान हिंडे। तर उनीहरू घरमा नपुगेपछि खोजतलास गर्दा मृत अवस्थामा फेला परेका थिए।

■



३. पश्चिमाञ्चल
लुम्बिनी
३.१० कपिलवस्तु

जनसंख्या : ३७१७७८
साक्षरता : २३.३ प्रतिशत
महिला साक्षरता : २६.० प्रतिशत
क्षेत्रफल : १७३८ वर्ग कि.मी.
गाविस/नपा : ७७/१
निर्वाचन क्षेत्र : ४
विद्यालय/क्याम्पस : २२४/१
अस्पताल/स्वास्थ्य चौकी: २/५१
टेलिफोन लाइन : ६३८
सडक (कि.मि.) : २७०
प्रहरी कार्यालय : ३२

जिल्लामा विद्यमान जातीय उत्पीडन, छुवाछूत र अपराधिक मनोवृत्ति र राजनीतिक असहिष्णुता निरूत्साहित हुन थालेको छ। भारतीय सीमासंग जोडिएको यस जिल्लामा सामाजिक अपराध र हिंसाका घटनाहरू बाहेक चोरी, तस्करी पनि निक्कै हुने गर्दछ। यहाँको राजनीतिक गतिविधिमा पनि भारतीय प्रवृत्तिको प्रभाव परेको छ।

१. सम्मानित रुपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

धन्कौली गाविस- ७ कर्माहाको जंगलमा **०५२ माघ १८ गते** वेवारिसे लाश फेला पर्‍यो। गोलीद्वारा हत्या गरिएको सो लाश र पीडक पत्ता लाग्न सकेन।

वीरपुर गाविस-९ मा होटल खोलेर बसेका ३५ वर्षीय भारतीय नागरिक ठाकुर सिंहको **०५२ फागुन ६ गते** हत्या भयो। मृतकको घरमा काम गर्ने १९ वर्षीय देवेन्द्र पंजावी र छिमेकी कुखुरा पालक व्यापारी ४४ वर्षीय रविन्द्र शाहीलाई कारवाही चलाइएको छ। मृतक र पीडक दुवै अवैध व्यापारको कारोवार गर्दथे। त्यही कारोवारमा झगडा परेपछि यो घटना हुन गएको बताइन्छ।

निग्लिहवा गाविस -७ का २० वर्षीय टेकबहादुर थारूले **०५२ फागुन १२ गते** आफ्नी १६ वर्षीय जेठी पत्नी शिवकुमारी थरूनीलाई मट्टितेल छर्केर आगो लगाई हत्या गरे। हाल उनी कान्छी पत्नी वसन्ती थरूनीका साथ फरार छन्।

महाराजगंज गाविस- ७ का कन्चन कुर्मीले **०५३ जेठ १५ गते** रातो आफ्नै ६० वर्षीय आमा सुरा कुर्मीको हत्या गरिन्। मृतकका १५ वर्षीय नाती विष्णुप्रसाद कुर्मी र कञ्चनको प्रेमी २१ वर्षीय रामप्रसाद कुर्मीले पनि साथ दिएको बताएका छन्। पीडकहरूलाई थुनामा राखिएको छ।

वलरमवापुर गाविस- ७ की १८ वर्षीय कलावती गुप्ताको **०५३ जेठ २१ गते** हत्या भयो। मृतककी नन्दले घरका सबै पुरूषहरू मलामी गएको मौका पारी मट्टितेल छर्केर भाउजु कलावतीलाई आगो लगाइ दिएकी थिइन्। उनको विवाह भएको ३ वर्ष भए पनि निसन्तान थिइन्। मृतक माइतबाट पहिलो पल्ट घर आउँदा जेठाजुको छोराको मृत्यु भएको थियो। दोस्रो पल्ट ०५३ जेठ १९ गते माइतबाट घर आउँदा जेठाजुको अर्को छोराको पनि मृत्यु भएको थियो। त्यसैको रीसमा मारिएको हुनसक्ने आशंका प्रहरीले गरेको छ। पीडक फरार छन्।

रंगपुर गाविस- ५ की १४ वर्षीय रूक्मिणी उपाध्यायलाई **०५३ साउन १९ गते** सोही ठाउँका शिवकुमार उपाध्यायले जिस्काए। रूक्मिणीको कारण बाबु त्रिपुरेश्वर उपाध्यायले सोही दिन साँझ ७/८ बजेको समयमा ओमप्रकाश उपाध्याय लगायतका ८/९ जना मान्छे लगाएर शिवकुमार उपाध्यायमाथि आक्रमण गरे। शिवकुमारलाई तालु, मुख, खुट्टा, आँखा र छातीमा गम्भीर चोट लाग्यो। गोरखपुरमा उपचार भइरहेको अवस्थामा चोटकै कारणले ०५३ साउन २३ गते विहान शिवकुमार उपाध्यायको मृत्यु भयो। २९ गते प्रहरीले रूक्मिणी र नर्मदेश्वर उपाध्यायलाई पक्राउ गर्‍यो।

शिवपुर गाविस- ६ महेन्द्र राजमार्गको किनारमा बस्ने ५४ वर्षीय गाजली वि.क.को **०५३ भदौ १५ गते** हत्या भयो। यस हत्याको विषयलाई लिएर प्रहरीले मृतकको छोरा ३१ वर्षीय कृष्णबहादुर वि.क. र ५५ वर्षीय प्रदेशी थारूलाई पक्राउ गरेको छ। घटनामा संलग्न ५५ वर्षीय आगाफकिर मुसलमान फरार छन्।

खुरहुरिया गाविस- ६ का १३ वर्षीय राजेन्द्र कुर्मीको **०५३ भदौ २१ गते** हत्या भयो। सोही ठाउँका जमिन्दार ३२ वर्षीय अमृका चाई, २६ वर्षीय चन्द्रिका चाई र वनवारी भन्ने रामप्रसाद कुर्मीले आफ्नो धानको खेतमा भैंसी चराएको आरोपमा कुटपिट गरी मारेर पोखरीमा फालिदिएका हुन् भनी मृतकका बाबु भगौती कुर्मीले ०५३ भदौ २२ गते प्रहरीमा किटानी दरखास्त दिएका छन्। पीडकहरू फरार छन्।

कपिलवस्तु कारागार र विभिन्न मागहरू राखी अनशन बसेका बन्दीहरू

बरकुलपुर गाविस- ४ चंपापुरको जंगलमा पर्ने महेन्द्र राजमार्गको बीच बाटोमा ना.अ.ख. ७७४७ नं. को ट्रक चालक वीरगंज नपा-१३ निवासी २३ वर्षीय वीरेन्द्र यादवको **०५३ असोज १६ गते** हत्या भयो। उक्त ट्रक नेपालगंज तिरबाट आइरहेको थियो। पीडकहरू सोही ट्रकमा आएका थिए। भुवनेश्वरी गाविस- ४ का २३ वर्षीय शम्भुकुमार श्रेष्ठ, जेना गाविस-३ का २२ वर्षीय कर्ने भन्ने रामबहादुर कामी, ठेलिया गाविस-१ का २१ वर्षीय विष्णुबहादुर थापा, दुलारी गाविस-४ मोरङका २३ वर्षीय ध्रुव कुमार चौधरीले हत्या गरेको कुरा स्वीकारेका छन्। हाल चारै जना पीडक पुर्पक्षको लागि थुनामा रहेका छन्।

शिवगढी गाविस- ३ का २७ वर्षीय मानबहादुर बुढाथोकीको **०५३ मंसीर १४ गते** मृत्यु भयो। यसै विषयलाई लिएर प्रहरीले मंसीर ३० गते मृतककी सौतेनी आमा ३५ वर्षीय तीजादेवी बुढाथोकी क्षेत्री र काका ४४ वर्षीय देवबहादुर बुढाथोकी क्षेत्रीलाई पक्राउ गर्‍यो।

यस वर्ष अन्य २ वटा हत्या गरिएको हुन सक्ने वेवारिसे लाश समेत फेला परेका थिए।

१.२ जेल र बन्दीहरु

कपिलवस्तुको जेलमा हाल ७३ जना पुरूष र २ जना महिला रहेका छन्। जसमा ०५३ वैशाख ३१ गते सल्यानको सल्लेरीखोलामा पक्राउ परेका २० जनालाई मंसीर २० गते तौलिहवा ल्याइएको छ। जेलको भौतिक अवस्था अत्यन्तै जीर्ण छ। पूर्वतर्फको पर्खाल भत्किन थालेको छ। ९ कोठा रहेको यस जेलमा २ कोठा राजबन्दीको लागि, १ कोठा महिलाको लागि र ६ कोठा अन्य थुनुवा कैदीको लागि छुट्याइएको छ। सबै कोठामा वर्षाको बेला पानी चुहिन्छ। कोठा नं २ को छत खस्नै लागेको छ। ०४५ सालदेखि सिनियर अ.हे.व.को पद रिक्त रहेको छ। २ वर्ष यतादेखि स्वीपरको कुनै व्यवस्था भएको छैन। भित्र बाहिर गरी २६ वटा चर्पी भए पनि ढक्कन छैनन्। जेल दुर्गन्धित छ। यस जेलमा ६० वर्षीय रामकरण पाठक नामका हिडडुल गर्न नसक्ने, बिछौनामै दिसा पिसाव गर्ने, प्यारालाइसिसको रोगले ग्रस्त कैदी छन्। उनको उपचार हुन सकेको छैन।

०५२ माघ १० गतेदेखि १५ गतेसम्म राजेशकुमार सिंह र छाङ्गुर प्रसाद उपाध्यायले जेल नियम अनुसार पाउनु पर्ने सुविधाको माग राखी भोक हडताल गरेका थिए। अनशनमै बसेको अवस्थामा दुवैलाई जेलर र प्रहरीद्वारा नेल लगाई यातना दिइयो। तर जेलर रोहितकुमार श्रेष्ठका अनुसार "उनीहरूले जेल नियम तोडेर नेल लगाइएको अवस्थामा अनशन बसेका हुन्, अनशन बसेपछि नेल लगाइएको होइन।" ०५३ साउन १९ गते राती कैदी अमजल खानको पेट दुख्दा उपचारको लागि सम्पूर्ण बन्दीहरूले लगातार दुई घण्टासम्म प्रमुख जिल्ला अधिकारी र जेल प्रशासनको विरूद्ध नारा लगाएका थिए। त्यसपछि विरामीलाई राती नै अस्पताल लगी उपचार गराई फर्काइएको थियो। ०५३ पुस १ गतेका दिन पनि सम्पूर्ण कैदीले चौकीदारको अत्याचारको विरूद्धमा आन्दोलन गरेका थिए र जेल प्रशासनले तुरून्तै चौकीदार खारेज गरेको थियो। राजनीतिक आस्थाका कारण थुनिएका २० जना भन्दा बढी व्यक्ति यस जेलमा छन्।

१.३ गिरफ्तारी र यातना

वाणगंगा गाविस- ९ उप्टाहा गाउँको किनारमा बसेका सुकुम्बासी गंगाप्रसाद थारू, टिकाराम थारू, भीखु थारू, लालबहादुर थारू, रामप्रसाद थारू, शेरबहादुर थारू, रामबहादुर थारू, लहनु बोटेलाई **०५२ फागुन १८ गते** पक्राउ गरी वन सम्बन्धी विशेष अदालत ऐन अनुसार थुनामा राखियो। उनीहरूलाई वन क्षेत्र अतिक्रमण गरेको भनी यातना दिइयो। उनीहरूका टहराहरू भत्काइयो। उनीहरू संजमो समर्थक भएकोले गैरकानूनी रूपमा सताउने कार्य भएको बताइन्छ।

शिवगढी गाविस- २ का उपेन्द्रकुमार चन्द, गोविन्द चन्द र प्रताप विक्रम शाहीलाई **०५२ फागुन १९ गते** प्रहरीले पक्राउ गर्‍यो। इलाका प्रहरी कार्यालय चन्द्रौटामा हिरासतमा राखी यातना दिइयो र सार्वजनिक अपराध अन्तरगत मुद्दा चलाइयो। उनीहरू संजमोका कार्यकर्ता भएकोले गिरफ्तार गरी यातना दिइएको बताइन्छ।

वाणगंगा गाविस- १ मा औषधि पसल गरी बस्ने डा. जयवन्त विक्रम शाहलाई **०५२ फागुन २० गते** घरमै बसिरहेको अवस्थामा ६ जना प्रहरीले पक्राउ गरे। संजमो भट्टराई समर्थक बुद्धिजीवी शाहलाई २ दिन प्रहरी हिरासतमा राखी जेल चलान गरियो। पीडितकी पत्नीले गैरकानूनी थुनाको विरोधमा पुनरावेदन अदालत बुटवलमा निवेदन दिएपछि ०५३ वैशाख ३ गते १९ हजार धरौटी लिई तारेखमा छोडिएको थियो।

शिवगढी गाविस- ६ का राजेन्द प्रताप शाह, सोही गाविस वडा नं. ८ का पूर्णबहादुर सुनुवार, अनेरास्ववियूका विद्यार्थी कार्यकर्ता प्रेमबहादुर परियार र महितबहादुर वि.क.लाई माओवादीको आरोपमा **०५२ फागुन २३ गते**

घरबाटै प्रहरीले पक्राउ गऱ्यो। अर्को दिन ३ जनालाई रिहा गरियो भने राजेन्द्रबहादुर शाहलाई यातना दिई प्रहरी हिरासतमै राखियो र सार्वजनिक अपराध अन्तर्गत मुद्दा लगाइयो।

१.४ वेपत्ता पारिएको

लवनी गाविस-१ का ६५ वर्षीय विधवा सुनरा कलवारीलाई उनकै पहिलो लोग्नेका छोरा ५० वर्षीय कल्लु कलवारले **०५३ मंसीर १६ गते** उपचार गराउन भनी गोरखपुर लगेर वेपत्ता पारे। उनलाई भगाउन नन्दलाल पासी, यदुवंशी, रघुवंशीले मद्दत गरेका थिए भनी सुनराकी छोरी आरतीले बताएकी छन्। १७ गते आरतीले खोजनलास गरी पाउँ भनी जिल्ला प्रशासन कार्यालय र प्रहरीमा उजुर गर्न जाँदा निवेदन नलिएकोले हुलाक मार्फत जिल्ला अदालत, जिल्ला प्रहरी र विशेष प्रहरीमा उजुरी निवेदन पठाएकी थिइन्। वेपत्ता पारिएकी सुनराको नाममा ७ विगाहा जग्गा छ। प्रहरीले निवेदन आएपछि खोजी कार्य जारी गरे पनि कसैलाई पक्राउ नगरिएको बताएको छ।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

डुमराको सिसवा गाउँका धर्मराज बनिया र कृष्ण गडरियाले **०५२ माघ ११ गते** राती सूर्ती लैजादा प्रहरीले पक्रने कोशिस गरे। दुवै जनाले डाँका भनेर हल्ला गरेपछि गाउँले जम्मा भई सादा पोशाकका प्रहरी जवान जगजीवन यादव र तिलकबहादुर अधिकारीलाई कुटपिट गरे। जगजीवन यादवलाई गाउँलेले थुनेर राखे। तिलकवहादुर भागेर जिल्ला प्रहरी कार्यालय गई दलबल सहित घटनास्थलमा पुगेर जगजीवनलाई छुटाए। प्रहरीलाई कुटपिट गर्ने परशुराम बाँनिया, मुन्ना खाँ र सत्तार मुसलमान पक्राउ परे। धर्मराज बाँनिया र कृष्ण गडरीया फरार भए। मुन्ना खाँ र सत्तारलाई सामान्य सोधपुछ पछि छाडियो। परशुराम बाँनियालाई सार्वजनिक अपराधमा मुद्दा चलाइएको छ।

घरेलु तथा साना उद्योग कार्यालय कपिलवस्तुमा कार्यरत ना.सु. काशीराज पन्तलाई **०५३ मदौ ३ गते** ने.वि.संघका जिल्ला अध्यक्ष प्रदीप ठाकुरले कार्यकक्ष भित्रै कुटपिट गरे। पन्तको टाउको, हातमा चोट लाग्यो। पीडित पक्षले सार्वजनिक अपराध अन्तरगत मुद्दा दायर गरेका छन्। पीडकले फर्म नविकरण गराउन जाँदा सबैका सामुन्नेमा घुस मागेकोले पिटेको हुँ भनी बताएका छन्। पीडक १० हजार धरौटी राखी तारेखमा रिहा भएका छन्।

१.६ थुनामा मृत्यु

यस जिल्लाको जेलमा बन्दी जीवन बिताइरहेका २२ वर्षीय दुधराम यादवको ०५३ वैशाख ५ गते जेलमै मृत्यु भयो।

२ .मौलिक अधिकार

२.१ अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

जहदी गाविस- ४ का ४० वर्षीय अब्दुल जब्बार अलि मुसलमानलाई **०५३ असार ५ गते** एमाले भएको आरोपमा राप्रपाका तर्फबाट निर्वाचित गाविस अध्यक्ष, उपाध्यक्ष र सदस्य क्रमशः गोविन्द बहादुर सिंह, विष्णु कुर्मी र सलिम मियाले पठाएका राप्रपा समर्थकको एक हुलले कुटपिट गऱ्यो। जब्बारले गाविस अध्यक्षले गरेको भ्रष्टाचारको विरोध गरेकोले उक्त घटना भएको बताइन्छ। तर पीडकहरू भने जब्बारले गाविसको जग्गामा बाहिरबाट मान्छे ल्याएर राख्न खोजेकोले गर्दा त्यसो गर्नु परेको बताउँछन्।

२.२ धार्मिक स्वतन्त्रता

जहदी गाविस- २ मा लालबहादुर कुर्मीको ३ वर्षको गाईको बाच्छो **०५३ वैशाख ३ गते** काटेर गाउँको पूर्व पट्टिको खेतमा फालिएको भेटिएपछि प्रहरीले त्यस क्षेत्रका मुस्लिम समुदायका मनिसलाई पक्राउ गऱ्यो। राप्रपा समर्थित गाविस अध्यक्षले त्यस क्षेत्रका ६ गाउँका करीब ५ सय घर परिवारलाई सताउने काम गरे। प्रशासनले आतंकको वातावरण सृजना गऱ्यो। २४ गते देखि धरपकड शुरू भए पनि ३० गते मात्र लालबहादुर कुर्मीको जाहेरी दर्खास्त पऱ्यो। जेठ ५ गते अब्बु हरेरा मुसलमानलाई पक्राउ गरियो। जेठ १४ गते कपिलवस्तु जिल्ला अदालतबाट अब्बु हरेराका साथमा सफि महम्मद धोवी, अनवर अलि मुसलमानलाई पुर्पक्षका लागि थुनामा राख्ने आदेश भयो। जेठ ३२ गते पुनरावेदन अदालतको आदेशले अब्बु हरेरा तारेखमा रिहा भए। अन्य १२ वर्षको कैदको माग दावी गरिएकाहरू फरार छन्।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

यस जिल्लामा ०५३ माघ मसान्तसम्ममा १८१५ देवानी र ८३७ फौजदारी मुद्दाहरू रहेका थिए। ती मुद्दामध्ये पछिल्लो ६ महिनामा ४१० वटा फैसला भई २२४२ वटा मुद्दा बाँकी छन्। ती मुद्दा मध्ये ४८२ वटा २ वर्ष भन्दा बढि समयदेखि फैसला हुन नसकी हदम्याद नाघेका रहेका छन्।

यसै जिल्लामा १६५ वटा मोहियानी सम्बन्धी मुद्दा भूमिसुधार कार्यालयमा दर्ता छन्। यस जिल्लामा मोहीहरूको संख्या ५३५५ रहेको छ। मालपोत कार्यालयकै अनुसार यस जिल्लामा मोही लागेको जग्गा ४३८० विघा १३ कठा १२ धुर रहेको छ। त्यस्तै यस वर्षको अन्त्यसम्ममा वन सम्बन्धी ३६० मुद्दा वन कार्यालयमा दर्ता भएका छन्। त्यसरी नै जिल्ला प्रशासन कार्यालयमा ३८ वटा मुद्दा दर्ता भएकोमा सार्वजनिक अपराध, हातहतियार आदि रहेका थिए।

२.४ सरुवा / घटुवा / पक्षपात आदि

राघवेन्द्र प्रा.वि. मडेहरमा ०४५ सालदेखि पढाइरहेका शिक्षक नारायण बहादुर थापालाई जिल्ला शिक्षा कार्यालयले

०५३ जेठ ६ गते प्रकाश नि.मा.वि. सुन्दरी डाँडामा सरूवा गऱ्यो। अपायक सरूवाको विरूद्धमा नेपाल राष्ट्रिय शिक्षक संगठन र शिक्षक संघ दुवैले दबाव दिइरहेका छन्।

नेपाल परिवार नियोजन संघ भिजन २००० परियोजनाले **०५३ भदौ ४ गते** निकालेको सामुदायिक कार्यकर्ताको नतिजा पक्षपातपूर्ण भएकोले त्यसको विरूद्धमा भदौ ६ गते ने.का. अध्यक्ष रमेश शर्मा, सांसदहरू दीपकुमार उपाध्याय, विष्णुराज आचार्य, कमलेशकुमार शर्माको नाम लेखी सबैको पुत्ला जलाइयो। जिल्लाका युवा कांग्रेसहरू आन्दोलित भए। भदौ १३ गतेसम्म ने.का. पार्टी कार्यालयमा कार्यकर्ताहरूले धर्ना दिए। पीडित ५ जना कार्यकर्ता भदौ १७ गतेदेखि असोजसम्म आमरण अनशनमा बसे। असोज १ गते गृहमन्त्री खुमबहादुर खड्काको उपस्थितिमा पक्षपात नगरिने आश्वासन दिएपछि अनशन तोडियो।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

वाणगंगा गाविस- ९ का रामप्रसाद थारू, चुनु माझी, गंगाप्रसाद चौधरी लगायत १३ जना सुकुम्बासीलाई **०५३ असार १३ गते** १५ जना जति सशस्त्र वन रक्षकले छापा मारी गिरफ्तार गरे। सुकुम्बासीका तर्फबाट असार २५ गते दिइएको निवेदनलाई पुनरावेदन अदालत बुटवलले समेत खारेज गऱ्यो। उनीहरूका छाप्रा उतारिएको छ, परिवारहरू आश्रयहीन छन्। ०५३ साउन ४ गते डा. जयवन्त विक्रम शाहको जमानतमा सबै रिहा भए पनि हाल उनीहरू घरवार विहीन छन्।

धन्कौली गाविस- १ भन्सारपुर डिहीमा बिगत १० वर्षदेखि बसोबास गर्दै आएका १८ घर सुकुम्बासीलाई त्यहाँका जमिन्दार रामजी कुर्मी, राम चैतर कुर्मी, गोकर्ण कुर्मी लगायतका करीब १०० जना व्यक्तिले **०५३ असार १८ गते** घर भत्काइ दिने, महिलाहरूप्रति दुर्व्यवहार गर्ने, पकाएको खानामा खरानी हालिदिने, भाँडा फालिदिने, डेहरी (धान राख्ने माटाको भकारी) फोरी दिने र लखेट्ने काम गरे। उक्त समयमा १८ घरका पुरूषहरूलाई तिनै जमिन्दारले बाटो खन्न पठाएका थिए। गाविस अध्यक्ष केदारप्रसाद चौधरीले पनि जमिन्दारकै पक्ष लिएको कुरा पीडित पक्षले बताएका छन्। १९ गते जिल्ला प्रशासन कार्यालयमा उजुरी दिइयो। ३ दिन पछि मिलापत्र गराइए पनि क्षतिपूर्ति दिइएन।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

तौलिहवाको एक होटलमा ०५३ वैशाख २५ गते रूपन्देही अमुवा-४ का १६ वर्षीय सविता रेग्मी र सुकमाया वि.क.लाई लु.अ.ख. ७१५ नं. बसका चालक प्रेम सिंह घर्ती र कन्डक्टर टेकबहादुर पौडेलले वेश्यावृत्ति गराएको आरोपमा पौडेललाई प्रहरीको टोलीले पक्राउ गऱ्यो।

बुटवल पाल्पापानीकी २० वर्षीय लक्ष्मी थापाले मोतिपुर गाविस-२ की २० वर्षीय पुतली भन्ने श्यामकला वि.क. र १७ वर्षीय दुर्गा पुनलाई फकाएर **०५३ साउन २९ गते** भारत लैजाने प्रयत्न गर्दा स्थानीय जनताको उजुरीले प्रहरीले लक्ष्मीलाई पक्राउ गऱ्यो। दुवै जनालाई आफ्ना अभिभावकका साथमा प्रहरीले जिम्मा लगाएर लक्ष्मी थापालाई कानूनी कार्यवाहीको लागि अड्डासार गरी बुटवल पठाएको थियो। पीडक लक्ष्मी थापा ०५२ फागुनमा भारतको पुनामा बेचिएकी थिइन्।

पकडी गाविस- ७ को १८ वर्षीय एक महिलालाई **कपिलवस्तु नपा- ९** की मायाराम पासी, बौका पासी र रामधनी गुप्ताले **०५३ भदौ १४ गते** रातीदेखि २० गतेसम्म भगाई औषधि खुवाएर बेहोस पारी अनुचित कार्य गरे। पीडित महिला घरमा झगडा भएर १४ गते दिउँसो आफ्नो ५ महिनाको वालकलाई छाडी मावल मलवा भन्ने गाउँमा जान निस्केकी थिइन्। बीच बाटोमा मायाराम पासीले भेटी अपहरण गरेका थिए। पीडकहरूलाई प्रहरी प्रशासनले कार्यवाही गर्ने विषयमा चासो नलिएको बताइन्छ।

कपिलवस्तु नपा- ११ का ८ वर्षीय एक वालिकालाई **०५३ कार्तिक १६ गते** सोही ठाउँका १७ वर्षीय सुरज गजरियाले धानको खेतमा लगी बलात्कार गरे। वालिका चिच्याउँदा पीडकले मुख थुनिदिएर चेतावनी दिएका थिए। पीडकलाई प्रहरीद्वारा तत्कालै पक्राउ गरी कानूनी कार्यवाही चलाइयो।

बलत्कारी सुरज गडरीया

कपिलवस्तु नपा- १० का १७ वर्षीय गुँगे भन्ने रामचन्द्र नाउले **०५३ पुस ५ गते** सोही गाउँकी ५ वर्षीय वालिकालाई बदम, सुन्तला खान दिने प्रलोभन दिई आफ्नो घर लगी बलात्कार गरे। पीडित वालिका चिच्याउँदा गाउँलेहरू जम्मा भई पीडकलाई पक्राउ गरी प्रहरीलाई बुझाए।

मिल्मी गाविस- ६ का एक पुरूषलाई एड्स रोग लागेको कुरा पाल्पा मिसन अस्पतालले जनाएको छ। गत भाद्र देखि उनी झाडा पखाला र क्षयरोगले ग्रस्त छन्। रोगीले आफू बम्बैमा काम गर्न जाँदा एड्स रोग लागेको कुरा बताएका छन्।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

महाराजगंज गाविस- ५ का २३ वर्षीय रहिस धुनियाले गितिरखी गाविस- ६ की १८ वर्षीय सादा धुनियासंग **०५२ चैत १८ गते** विवाह गरे। रहिस धुनियाकी घरकी पहिली पत्नी नुरजहाँ धुनियाले वहुविवाहमा मुद्दा दर्ता गरेपछि हाल दुवै जना फरार छन्।

४.३ गर्भपतन

गोरुसिंहिया स्थित प्रतिक्षालयको पछाडि **०५३ कार्तिक २२ गते** विहान महिना नपुगेको नवजात शिशु फालिएको अवस्थामा फेला पऱ्यो।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

कृष्णनगरमा **०५३ असोज ६ गते** साँझ ५.४५ वजे वम पड्क्यो। सो विस्फोटनमा परी कृष्णनगर नपा-२ का ८ वर्षीय वालक अब्दुल रफिक दर्जीको घटनास्थलमै मृत्यु भयो। वम कृष्णनगर बजारको वडा नं. १ र २ मा पर्ने बाटोको फोहरको थुप्रोमा विस्फोटन भएको थियो। मृतकका साथमा खेल्दै गएका १२ वर्षीय रामकुमार पत्थरकट्टा र १० वर्षीय राममुरत पत्थरकट्टा घाइते भए। उनीहरूले फोहरको थुप्रोमा फलामको लोहोरो जस्तो आकारको वस्तु फेला पारेपछि बाटोमा पछार्दा उक्त विष्फोटन भएको हो। घाइते राममान पत्थरकट्टाको दाहिने खुट्टा भाँचिएको थियो। रामकुमारको पनि खुट्टाको नलीहाड र छातीमा चोट लागेको थियो। उक्त घटना पछि पनि कृष्णनगरमा अरू २ पटक वम विष्फोटन भएको थियो।

६.आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

जानकारीमा आएन।

७.मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहारहरु / छुवाछूत समेत

कपिलवस्तु नपा- ५ सागरटोलका मेघनाथ सापकोटाले छोरा थानेश्वर सापकोटालाई छोरा नै होइन भनी अधिकारबाट बंचित गराएकोले **०५३ जेठ ९ गते** स्थानीय जनताले बाबुलाई जिल्ला प्रशासन कार्यालयमा बुझाए। जनताको दबावमा परेपछि छोरा स्वीकार गर्न बाध्य भई नागरिकता प्रमाणपत्रमा सनाखत गरे। मेघनाथले १ छोरा र १ छोरीको जन्म भएपछि जेठी पत्नीको मृत्यु भएकोले अर्को विवाह गरेका थिए।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

जानकारीमा आएन।

९. अतिरिक्त जानकारीहरु (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

ट्राफिक दुर्घटना र पानीमा डुबेर यो वर्ष १३ जनाको मृत्यु भयो।

वाढीका कारण १ जनाको मृत्यु भयो।

यो वर्ष २३ जनाले आत्महत्या गरे, जसमा १३ जना महिला छन्। गरीवी, घरायसी झगडा र दिक्दारीका कारण उनीहरूले आत्महत्या गरेका थिए।

■



३. पश्चिमाञ्चल

लुम्बिनी

३.११ अर्घाखाँची

जनसंख्या : १८०८८४
साक्षरता : ४३.० प्रतिशत
महिला साक्षरता : २९.५ प्रतिशत
क्षेत्रफल : ११९३ वर्ग कि.मी.
गाविस/नपा : ४२/०
निर्वाचन क्षेत्र : २
विद्यालय/क्याम्पस : ३१४/१
अस्पताल/स्वास्थ्य चौकी: १/४३
टेलिफोन लाइन : १२३
सडक (कि.मि.) : ५७
प्रहरी कार्यालय : १२

यस जिल्लामा १९९२ मा प्रहरीद्वारा चलाइएको गोलीले नागरिकको मृत्यु भएको थियो तर १९९३ देखि यता यस्ता घटना भएका छैनन्। अर्घाखाँची जिल्ला पहिलेदेखि राजनैतिक रूपले पनि सचेत जिल्ला हो। प्रशासनिक निकायहरू तथा प्रहरीहरूको व्यवहारमा सुधार आएको छ। यस जिल्लामा मानवअधिकार उल्लंघनका घटनाहरू कम हुँदै आएको देखिन्छ।

१. सम्मानित रुपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

वाङला गाविस-६ का १३ वर्षीय कमलप्रसाद अर्याललाई **०५३ कार्तिक १७ गते** टाउकोमा खुर्पाले हानी सोही ठाउँका कुलप्रसाद अर्यालले हत्या गरे। मृतक कमलप्रसाद अर्यालकी सौतेनी आमा माया अर्याल र पीडक कुलप्रसाद अर्याल बीच भएको यौन सम्पर्क बारे मृतकले थाहा पाएकोले सौतेनी आमा र पीडकको मिलोमतोमा उनको हत्या भएको बुझिएको छ। पीडकहरूलाई ज्यान सम्बन्धी मुद्दामा पुर्पक्षको लागि गुल्मी जिल्ला कारागारमा थुनामा राखिएको छ।

मैदान गाविस-९ का २७ वर्षीय नारायणप्रसाद घिमिरे **०५३ कार्तिक २६ गते** देखि घरबाट हराएकोमा ०५३ कार्तिक ३० गते भर्तापुरमा उनको लास फेला पर्‍यो। अनुसन्धानका क्रममा मैदान गाविस-९ का ३८ वर्षीय नमकान्त घिमिरे, २९ वर्षीय गजबहादुर सूर्यवंशी र ३४ वर्षीय गजबहादुर स्वाम्चाली मगरलाई पक्राउ गरिएको छ।

१.२ जेल र बन्दीहरु

यो जिल्लामा जेल छैन।

१.३ गिरफ्तारी र यातना

जानकारीमा आएन।

१.४ बेपत्ता पारिएको

छत्रगंज गाविस-६ का २० वर्षीय सन्तोष पन्थीको अस्थिपञ्जर **०५३ असोज ९ गते** सोही ठाउँको खेतमा फेला पर्‍यो। बुटवलबाट घर आइरहेको बखत बेपत्ता बनाइएका पन्थीको मृत्युका बारेमा अनुसन्धान जारी छ।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

धम्की / ज्यानमार्ने धम्की र कुटपिट सम्बन्धी ११ वटा घटना भए। व्यक्तिगत रीसइवीमा भएका ती घटनामा ११ जना नै पीडित भए जसमा ८ जना महिला छन्। त्यस बाहेक बाँडाला गाविस-१ का २२ वर्षीय जैहिर मियालाई ०५३ जेठ १३ गते डिमर्ना गाविस-५ का दिपक कुँवर लगायतका करीब २०/२५ जनाले कुटपिट गरी घाइते बनाए। उनीहरू बीच राजनीतिक विषयमा विवाद भएको थियो।

१.६ थुनामा मृत्यु

थुनामा मृत्यु भएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

जानकारीमा आएन।

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

जानकारीमा आएन।

२.४ सरुवा / घटुवा / पक्षपात आदि
जानकारीमा आएन।

३. भूमिहीन तथा सुकुम्बासी समस्या
जानकारीमा आएन।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना
जानकारीमा आएन।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

नुवाकोट गाविस-५ का शेरबहादुर रायमाझीले घरमा छोरा सहितकी पत्नी हुँदाहुँदै **०५२ पुस १८ गते** २२ वर्षीय पुतली घर्तीसंग बहुविवाह गरे। शेरबहादुरलाई प्रहरीले कार्वाही चलायो।

डिमर्ना गाविस-३ का ३० वर्षीय रूद्रबहादुर क्षेत्रीले आफ्नी २५ वर्षीय पत्नी भागीरथी क्षेत्री घरमा हुँदाहुँदै **०५३ जेठ २५ गते** मरेगु गाविस-१ की चमेला पाण्डेसंग वहुविवाह गरे। रूद्र बहादुरले भागीरथी क्षेत्रीलाई छोराछोरी नभएको आरोप लगाई वहुविवाह गरेका थिए। भागीरथी क्षेत्रीको उजुरी अनुसार पीडकलाई प्रहरीले कार्वाही चलायो।

४.३ गर्भपतन

वाह्ला गाविस- ६ की १९ वर्षीय सीता अधिकारीले **०५३ जेठ १३ गते** राती ७ महिनाको गर्भपतन गरिन्। सीता अधिकारीको घरमा सोही गाउँका २८ वर्षीय ईश्वरी न्यौपाने ट्युसन पढाउन आइरहन्थे। उनीहरू बीच दुई वर्षदेखि अवैध यौन सम्बन्ध थियो। यस सम्बन्धमा कानूनी कार्वाही चलिरहेको छ।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)
जानकारीमा आएन।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)
जानकारीमा आएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७. १दासत्व / कमैया / बाँधा / हलिया आदि
जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहारहरु / छुवाछूत समेत
जानकारीमा आएन।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि
जानकारीमा आएन।

९. अतिरिक्त जानकारीहरु (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

एउटा वस दुर्घटनामा २ जनाको मृत्यु भयो र ३७ जना घाइते भए।

आगलागीका २ वटा घटनाबाट २ वटा घर र तिनमा रहेको धन मम्पत्ति नष्ट भयो। पहिरोमा परेर भीरबाट लडेर २ जनाको मृत्यु भयो।

यो वर्ष विभिन्न कारणबाट ९ जनाले आत्महत्या गरे जसमा ४ जना महिला छन्।

चारवटा अपराधिक स्वालका घटना भए। ती घटनाबाट ५ जना व्यक्ति पीडित बने।

■



३. पश्चिमाञ्चल

लुम्बिनी

३.१२ गुल्मी

जनसंख्या	२६६३३१
साक्षरता	४६.७ प्रतिशत
महिला साक्षरता	३९.० प्रतिशत
क्षेत्रफल	११४९ वर्ग कि.मी.
गाविस/नपा	७९/०
निर्वाचन क्षेत्र	३
विद्यालय/क्याम्पस	४४३/३
अस्पताल/स्वास्थ्य चौकी	१/७०
टेलिफोन लाइन	१४०
सडक (कि.मि.)	७८
प्रहरी कार्यालय	१४

यस जिल्लामा बिगत ५ वर्षमा राज्यद्वारा मानवअधिकारका हननका घटना धेरै भए। तुलनात्मक रूपमा १९९२ र १९९३ मा राजनैतिक प्रतिशोधका कारण सयौं झुट्टा मुद्दा दर्ता गरी विपक्षी कार्यकर्ताहरूलाई फसाउने, आस्थाका आधारमा शिक्षक, कर्मचारीहरूलाई खोसुवा, सरूवा र घटुवा गर्ने थुप्रै घटना देखा परेका थिए। १९९४, १९९५ र १९९६ मा उक्त प्रकृतिका घटनामा कमी देखिएको छ। १९९२-१९९३ मा राजनैतिक दलहरू एक आपसमा जति आक्रामक देखिन्थे, जति आपसी भिडन्त गर्थे, त्यसको तुलनामा यो वर्ष यस्ता क्रियाकलापहरूमा कमी आएको देखिन्छ।

१. सम्मानित रुपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

सिर्सेनी गाविस-७ का ७२ वर्षीय विशे घर्तीलाई **०५२ माघ २६ गते** सोही ठाउँका २६ वर्षीय गीताराम अर्यालले हत्या गरे। पीडक गीतारामले विशे घर्तीको गर्धन र लिङ्ग छिनालिदिनुका साथै अण्डकोष फुटालि दिएका थिए। गीतारामले घर्तीसंग २ हजार ऋण लगेको कुरा उनकी पत्नीले बताएकी छिन्। पीडक गीतारामलाई प्रहरीले तत्काल पक्राउ गरेको थियो।

रूरू गाविस- ३ का ६५ वर्षीय राजकुमार गुभाजु (चौधरी) को लास **०५२ चैत १२ गते** विहान पहराको ओडारमा फेला पऱ्यो। उनलाई ११ गते राती हत्या गरिएको थियो। मृतकको शरीर र टाउकोमा ढुंगा, सिसाका बोतल र लाठीले हानेका चोटहरू थिए। यस हत्यामा संलग्न भएको आशंकामा प्रहरीले स्याङ्जा जिल्ला कारीकोटका सूर्यबहादुर गल्याङ, पोसबहादुर गल्याङ, धनबहादुर थापा, ओमबहादुर गल्याङ, नुरवीर घर्ती, रामबहादुर चौतारे, प्रेमबहादुर चौतारे, खड्गबहादुर घर्ती लगायत १९ जनालाई गिरफ्तार गऱ्यो। उनीहरूलाई अदालतको आदेशमा छोडियो।

हस्तिचौर गाविसका २३ वर्षीय हुमकला जि.सी.को **इस्मा रजस्थल गाविस- १** का १९ वर्षीय गंगाबहादुर घर्तीले **०५३ मंसीर ३ गते** राती हत्या गरे। मृतक हुमकलाको लाश मंसीर ५ गते फेला पऱ्यो। ७ गते मात्र लाश सनाखत भएको थियो। पीडक गंगबहादुर घर्तीलाई प्रहरीले तत्काल गिरफ्तार गरेको थियो। गंगाबहादुर घर्तीसंगको अनुचित सम्बन्धबाट हुमकला गर्भवती भएकी र उनलाई विवाह गर्न भन्दा हत्या गर्न उचित ठानी हत्या गरेको बताइन्छ।

१.२ जेल र बन्दीहरु

यस जिल्लाको कारागार घाम नदेखिने चिसो ठाउँमा छ। अत्यन्त साँगुरो, पुरानो र जीर्ण अवस्थामा रहेको यस कारागारमा कुनै सुधार आएको छैन। २५ जनाको क्षमता भएकोमा ४०-४५ जनासम्म बन्दीहरू राख्ने गरिन्छ। हाल यस कारागारमा १२ पुरुष र २ महिला गरी १४ जना थुनुवा, २० पुरुष र ३ महिला गरी २३ जना बन्दीहरू तथा आश्रित नावालक वालिका समेत गरी जम्मा ३८ जना रहेका छन्। जेलभित्र घुम्ने खेल्ने ठाउँ नभएको, पत्रपत्रिका, खेलकूदको सुविधा नरहेको, कुनै काम गर्ने अवसर नपाएको गुनासो बन्दीहरूको छ। आफ्ना समस्याहरू बारे सम्बन्धित निकायले कुनै चासो नदेखाएकोमा बन्दीहरू चिन्तित छन्।

१.३ गिरफ्तारी र यातना

आँपचौर गाविस- ९ का नेपाल राष्ट्रिय शिक्षक संगठनका कार्यकर्ता रामेश्वर अर्याललाई **०५२ पुस २८ गते** प्रहरीले गिरफ्तार गऱ्यो। उनले आँपचौरको सरस्वती प्रा.वि.का प्रधानाध्यापक ऋषिराम भट्टराईले गरेको आर्थिक अनियमितता बारे अभिभावक दिवसमा कुरा उठाएको हुँदा प्र.अ. भट्टराईले उनका विरूद्ध जिल्ला प्रहरी कार्यालयमा सार्वजनिक अपराधको मुद्दा दायर गरेका थिए। उनलाई ११ दिनसम्म हिरासतमा राखी प्रमुख जिल्ला अधिकारीबाट ५ सय रूपैया धरौटी लिई तारेखमा छोडिएको थियो। यस घटनाको विरोधमा नेपाल राष्ट्रिय शिक्षक संगठनले शिक्षा, प्रहरी, प्रशासन कार्यालयमा विरोध पत्र दिएको

थियो।

हस्तिचौर गाविस- ८ का २२ वर्षीय वैकुण्ठबहादुर सारूलाई **०५२ माघ ३ गते** प्रहरीले गिरफ्तार गर्‍यो। उनलाई तम्घास गाविस- १ का पद्‍मबहादुर कुँवरले ट्र्याक्टरको सामान चोरी गर्‍यो भन्ने उजुरी गरेकाले गिरफ्तार गरिएको थियो। उनलाई माघ ४ गते निर्दोष भनी प्रहरीले छोडिदियो। त्यसपछि पुनः माघ ८ गते गिरफ्तार गरी १७ दिन प्रहरी हिरासतमा राखियो र ५ सय धरौटी लिइ अदालतले तारेखमा छोडिदिएको छ।

नयाँगाउँ गाविस- ६ का लिलबहादुर विश्वकर्मा र स्वागत श्रेष्ठलाई **०५३ वैशाख २० गते** प्रहरीले घरबाटै गिरफ्तार गरी हातमा हत्कडी लगाएर जिल्ला प्रहरी कार्यालयमा ल्याए। सोही ठाउँका गणेश मल्लले दिएको जाहेरीलाई आधार मानी उनीहरूलाई गिरफ्तार गरी २७ दिन हिरासतमा राखियो र प्रति व्यक्ति रू. १० हजार धरौटी लिएर तारेखमा छोडिएको छ।

कुर्घा गाविस- ५ का गोपाल थापालाई **०५३ वैशाख २१ गते** प्रहरीले गिरफ्तार गरी ३ दिनसम्म हिरासतमा राखेर छोडिदिएको थियो। वैशाख १८ गते साँझ दुई जना बटुवाहरू बीच झगडा हुँदा गोपाल थापाले छुट्ट्याएका थिए। पछि त्यही घटनालाई प्रहरीमा जाहेर गरी उनलाई गिरफ्तार गरिएको थियो।

नयाँगाउँ गाविस- ७ का नेकपा (एमाले) का जिल्ला कमिटी सदस्य तथा नयाँगाउँ गाविस अध्यक्ष नारायण पोखरेललाई **०५३ असार २२ गते** प्रहरीले गिरफ्तार गरी २ दिनसम्म प्रहरी हिरासतमा राख्यो। जिल्ला अदालतले म्याद पठाएकोमा एकाएक डी.एस.पी. ले ५/५ जना सशस्त्र प्रहरी घरमा पठाई गिरफ्तार गरी हिरासतमा राख्ने काम राजनैतिक प्रतिशोधका कारण राखेको पीडितले बताएका छन्।

बर्दिया जिल्ला मह्रागाढी गाविस- ५ का रामलाल पुरीलाई **०५३ साउन १९ गते** बर्दिया प्रहरी थानाले पक्राउ गरी गुल्मी जिल्ला प्रहरी कार्यालयमा पठायो। उनलाई ४० दिनसम्म गुल्मी हिरासतमा राखी अदालतले तारेखमा छोडेको छ। तम्घास गाविस- १ का लिलाराम पुरीको जेठो छोरा ०३८ सालमा भारतमा गएको र ०४५ सालमा पत्नी सहित आफू छोरा हुँ भनी अंश मागेकोले आफ्नै सक्कली छोरा ठानी बर्दियाको एक विघा जमिन र घर दिएका थिए। ०५३ वैशाख १४ गते भारत गएको आफ्नो सक्कली छोरा रामलाल पुरी घरमा अचानक आएपछि लिलाराम पुरीले अंश खाने व्यक्ति नक्कली भएकोले उनलाई गिरफ्तार गरी अंश फिर्ता पाउँ भनी उजुरी दिएकाले नक्कली रामलाल पुरीलाई गिरफ्तार गरिएको हो।

पल्लिकोटका ५८ वर्षीय लिलबहादुर रास्कोटीलाई **०५३ कार्तिक ९ गते** प्रहरीले गिरफ्तार गरी २८ दिनसम्म प्रहरी हिरासतमा राखेर ८ हजार धरौटी लिई तारेखमा छोडेको छ। दशैंको मेलामा कोटघरमा गाविसका अध्यक्ष धनबहादुर सोमैसंग भएको विवादलाई निहुँ बनाई उनलाई गिरफ्तार गरिएको थियो।

वामी गाविस- ६ का महेशबहादुर जि.सी., हरिलाल घिमिरे र टेकबहादुर रायमाझीलाई **०५३ पुस १६ गते** प्रहरीले गिरफ्तार गर्‍यो। उनीहरूलाई खानेपानीको पाइप काटेको उजुरीमा थुनामा लिइएको थियो। पीडितहरूले आफूमाथि अन्यायपूर्वक गिरफ्तार गरिएको भनी २ दिन हिरासतमा अनशन समेत बसेका थिए। सार्वजनिक अपराधको मुद्दा दर्ता गरी कार्वाही चलाइयो।

हत्या गरिएका विशे घर्ती

पौदी अमराई गाविस- ३ का रनबहादुर गलामी, मीनबहादुर के.सी., दुर्गाबहादुर पुन र नरबहादुर खत्रीलाई ०५३ वैशाख २४ गते जिल्ला वन कार्यालयको आदेशमा १४ दिनसम्म हिरासतमा राखी दुर्गाबहादुर पुनलाई विना धरौटी र अन्यलाई प्रतिव्यक्ति रू. १० हजार धरौटी लिई तारेखमा छोडिएको छ। उनीहरूलाई वन कटानी गरेको अभियोगमा मुद्दा चलाइएको छ।

१.४ बेपत्ता पारिएको

जानकारीमा आएन।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

अर्जै निवासी अनेरास्ववियुका राष्ट्रिय परिषद सदस्य शेषकान्त गौतमलाई ०५३ वैशाख १७ गते नेपाली कांग्रेसका कार्यकर्ता डम्बरबहादुर जि.सी.ले बाटोमा हिड्दै गर्दा आँखा, मुख र टाउकोमा चोट लाग्ने गरी कुटपिट गरे।

यसबाहेक व्यक्तिगत रीसइवीमा कुटपिटका अन्य ९ वटा घटनाहरू भए। तिनमा ९ जना पीडित मध्ये २ जना महिला छन्।

१.६ थुनामा मृत्यु

थुनामा मृत्यु भएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

अनेरास्ववियु **अर्जै मा.वि.** प्रारम्भिक कमिटीले "मदन आश्रित स्मृति दिवस" को अवसरमा **०५३ जेठ ३ गते** सांस्कृतिक कार्यक्रम आयोजना गरेको थियो। कार्यक्रम चलेकै अवस्थामा राती १२ बजे नेपाली कांग्रेसको जमातले मंचमा ढुंगा प्रहार गरेपछि दुवै पक्षवीच भिडन्त भयो। जसमा नेकपा (एमाले) का कार्यकर्ताहरू जगतबहादुर अधिकारी, लीलबहादुर विष्ट र नेपाली कांग्रेसका जुद्धबहादुर जि.सि र जयलाल अर्याल लगायतलाई चोट लाग्यो। जसमध्ये जगतबहादुर अधिकारीको थाप्लोमा ठूलो चोट लागी रगताम्मै भएका थिए। कार्यक्रम बीचमै स्थगित भयो।

कुटपिटबाट घाइते उत्तम कुँवर

दुवै पक्षले प्रशासनमा उजुरी गरे पछि दुवै पक्षलाई एक पक्षले कार्यक्रम आयोजना गर्दा अर्को पक्ष त्यस ठाउँमा नजाने गरी मिलापत्र गराएको छ।

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

जानकारीमा आएन।

२.४ सरुवा / घटुवा / पक्षपात आदि

जानकारीमा आएन।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

जानकारीमा आएन।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार /एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

सिमिचौर गाविस- ७ का कृष्णप्रसाद घिमिरेले आफ्नी पत्नी बसुन्धरा घिमिरेलाई **०५३ असार २ गते** कुटपिट गर्दै घरबाट निकाल्ने प्रयास गरे। उनले घरमा कर्मी काम गर्ने ढालबहादुर ढेंगासंग अनैतिक सम्बन्ध भएको आशंकामा उक्त काम गरेका थिए।

बलेटक्सार गाविस- ६ की तुलसा विश्वकर्मालाई माइतबाट घर आउँदा उनका पति नेत्रबहादुर विश्वकर्माले **०५३ असार १० गते** घरबाट धपाउने काम गरे। तुलसा गर्भवती भएपछि उनले गर्भ मेरो होइन भनी कुटपिट गर्ने र घरबाट धपाउने काम पटक-पटक गर्दै आएका थिए। बिचल्लीको अवस्थामा रहेकी पीडित तुलसाले जिल्ला अदालतमा अंश मुद्दा दिइएकी छन्।

तम्घास गाविस- ८ की देवकला पन्थी र उनका साथमा रहेका तीन वटी छोरीलाई उनका पतिले ३ वर्ष अघिदेखि छुट्याएर अलग राखी कान्छी पत्नी कमला पन्थीसंग सम्पत्ति सहित बसेका छन्। देवकला पन्थीलाई अंश दिनुको त कुरै छैन, लाउन खानको समेत कुनै व्यवस्था नमिलाई दिएकोले आफूले अर्काको मजुरी गरेर आफू र छोरीहरू कष्टले बाँचेको, सासु र सौताले डर धम्की देखाउने, कुट्ने गर्दा पनि पतिले कुनै सरोकार नराखेको कुरा पीडित देवकलाले बताएकी छन्।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

हस्तीचौर गाविस- ८ निवासी जीवन के.सी.ले सोही ठाउँकी फुलसरा सार्कीसंग **०५३ वैशाख १६ गते** दोस्रो विवाह गरेका छन्।

अर्खले गाविस- ७ का यदुराम मरासिनीले आफ्नी जेठी पत्नी चन्द्रकला मरासिनी घरमा छँदाछँदै छोरा छोरी नभएको निहुँमा ०४४ सालमा अम्बिकासंग दोस्रो विवाह गरे। तर कान्छी पत्नी अम्बिकाबाट पनि बालबच्चा नभए पछि ४ वर्ष अगाडिदेखि उनलाई खान नदिने, घरमा बस्न नदिने, कुटपिट गर्ने आदि काम हुँदै आएको छ।

४.३ गर्भपतन

जानकारीमा आएन।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

जानकारीमा आएन।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड युनियन / श्रम सम्बन्धी अधिकार)

आदर्श मा.वि. दिगामको व्यवस्थापन समितिले सो विद्यालयमा बिगत ७ वर्षदेखि मा.वि. स्तरमा अध्यापन गर्दै आएका शिक्षक शोभाखर पन्त र बिगत ८ वर्षदेखि प्रा.वि. स्तरमा अध्यापनरत शिक्षक ध्रुव भण्डारीलाई **०५३ वैशाख ६ गते** शिक्षण पेशाबाट विना कारण अवकाश दिने निर्णय गऱ्यो। उक्त निर्णयको विरोधमा विद्यार्थीहरूले कक्षा बहिस्कार, तालाबन्दी, धर्ना कार्यक्रम गरेका थिए।

त्रिभुवन मा.वि. भुवाचिदी कुर्घामा अध्यापनरत शिक्षक कुलराज शर्माले सोही विद्यालय व्यवस्थापन समितिका अध्यक्ष ईश्वरीप्रसाद शर्मासंग ०५२ पुसदेखि ०५३ वैशाख सम्मको तलव पाउँ भन्दा ईश्वरी शर्माले कुलराजलाई **०५३ माघ ७ गते** कुटपिट गरे। शिक्षक वैठकले सो घटनाको निन्दनीय कार्य भनी खेद व्यक्त गऱ्यो।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहारहरु / छुवाछूत समेत

जानकारीमा आएन।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

जानकारीमा आएन।

९. अतिरिक्त जानकारीहरु (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

पानीमा डुबेर र ट्र्याक्टर दुर्घटनामा परेर २ जनाको मृत्यु भयो। बाढीबाट २ जनाको मृत्यु भयो। आगलागीबाट १३ वटा घर र ३७ वटा गोठ नष्ट भए भने झण्डै १ सय व्यक्ति घरवार विहीन बने। यस वर्ष विभिन्न कारणबाट १० जनाले आत्महत्या गरे जसमा ४ जना महिला छन्। लुटपिटका २ वटा घटनामा २ जना पीडित भए। ■



३. पश्चिमाञ्चल

धवलागिरी

३.१३ वाग्लुङ

जनसंख्या	२३२४८६
साक्षरता	४०.५ प्रतिशत
महिला साक्षरता	२७.१ प्रतिशत
क्षेत्रफल	१७८४ वर्ग कि.मी.
गाविस/नपा	६२/०
निर्वाचन क्षेत्र	३
विद्यालय/क्याम्पस	४४०/१
अस्पताल/स्वास्थ्य चौकी	१/५२
टेलिफोन लाइन	१३६
सडक (कि.मि.)	१५
प्रहरी कार्यालय	१८

वाग्लुङ राजनीतिक हिसावबाट अगाडिदेखि नै परिचित जिल्ला हो। यो जिल्लाको समग्र स्थितिलाइ हेर्दा १९९२ मा प्रशासनिक वर्वरताबाट गम्भीर रूपमा मानवअधिकार उल्लंघन भएको थियो भने १९९३ मा हिरासतमा यातनाको एउटा घटना भयो। प्रहरी प्रशासनबाट यस वर्ष माओवादीको नाममा गिरफ्तार र यातना दिइएका घटनाहरू प्रमुख रहेका छन्।

१. सम्मानित रुपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

मिमगिठे गाविस- १ का २५ वर्षीय टेकबहादुर घर्तीलाई **०५२ फागुन २५ गते** सोही गाविस-७ का २६ वर्षीय गिरीप्रसाद काउचा, २२ वर्षीय मनप्रसाद काउचा, २६ वर्षीय हेमप्रसाद काउचा, २१ वर्षीय चुडाबहादुर काउचा, २० वर्षीय वमबहादुर घर्ती र २८ वर्षीय दुर्गाबहादुर थापाले पूर्व रीसइवीका कारण खुकुरी प्रहार गरी विभत्स ढंगले हत्या गरे। हत्यामा संलग्न व्यक्ति मध्ये गिरिप्रसाद काउचा, मनप्रसाद काउचा, हेमप्रसाद काउचा, चुडाबहादुर काउचा, दुर्गाबहादुर थापालाई वाग्लुङ जिल्ला अदालतको आदेश अनुसार पुर्पक्षको लागि थुनामा राखिएको छ भने हर्कबहादुर दमाई तारेखमा छुटेका छन्।

कालिका गाविस-७ का ४० वर्षीय धनबहादुर वि.क.लाई **०५३ असार १६ गते** सोही गाविस-५ का वालकुमारी श्रेष्ठ र शिवकुमार श्रेष्ठले कुटपिट गरे। घाइते धनबहादुरलाई वाग्लुङ अस्पताल ल्याइयो र त्यहाँ उपचार हुन नसकी गण्डकी अस्पताल पोखरा पुर्‍याइयो। ०५३ असार १९ गते अस्पतालमै उनको मृत्यु भयो। पीडकहरू अदालतको आदेश अनुसार ३ महिनाको कारावास सजाय भोगी मुक्त भए।

बोवाङ गाविस- ९ का ३६ वर्षीय प्रतिमान वि.क.लाई **०५३ साउन १ गते** सोही ठाउँका ५७ वर्षीय सनजित वि.क.ले आफ्नी पत्नीसंग पैसाको विषयमा छलफल हुँदा बाउसोको बिडले हान्यो भन्ने निहुँमा बन्चरोले हानी हत्या गरे। हाल सनजित वि.क. कारागार शाखा वाग्लुङमा बन्दीको जीवन बिताइ रहेका छन्।

नारायणस्थान गाविस- ३ का सोमबहादुर सार्कीको सोही ठाउँका १३ वर्षीय योगेन्द्रबहादुर सार्कीले प्रहार गरेको ढुंगाले लागी **०५३ मदौ ७ गते** मृत्यु भयो। मृतकका बाबुले जाहेरी दिएपछि योगेन्द्रबहादुरलाई अदालतले तारेखमा छोडेको छ।

निसी गाविस- ३ का २३ वर्षीय टेकबहादुर घर्तीलाई **०५३ मदौ १० गते** केही व्यक्तिहरूले कुटपिट गरे। पिटाइकै कारण ०५३ भदौ ११ गते टेकबहादुरको मृत्यु भयो। पीडकहरूमध्ये डम्बरबहादुर घर्ती र यामबहादुर पुनलाई पक्राउ गरी कारवाही चलाइएको छ।

१.२ जेल र बन्दीहरु

यस जिल्लामा २५ जनाको बन्दी क्षमता भएको "ग" श्रेणीको जेल जीर्णोद्वार गर्नु पर्ने अवस्थामा पुगिसकेको छ। यस वर्षको अन्तिमसम्ममा कारागार शाखा वाग्लुङमा ३ जना महिला सहित १० कैदी र १ जना नावालक सहित २० थुनुवा छन्।

१.३ गिरफ्तारी र यातना

हटिया गाविस- ३ भातिचौर स्थित कृषि विकास बैंकको हाताभित्र **०५३ जेठ ५ गते** जिलेटिन वम विस्फोटन गरेको आरोपमा माओवादी समर्थकहरू वेलु थापा, दिनेश पन्त र प्रेम मरासिनीलाई ०५३ जेठ ७ गते फरक-फरक समयमा पक्राउ गरी हरिचौर ईलाका प्रहरी कार्यालय गल्कोटमा राखी ९ गते जिल्ला प्रहरी कार्यालय ल्याइयो। उनीहरूलाई ११ गते मात्र ९ गतेको मिति राखी थुनुवा पूर्जी दिइएको थियो। हिरासतमा वेलु थापालाई यातना दिइएको थियो भने वयान नसकिने वेलासम्म बाहिरी मान्छे कसैलाई पनि भेट्न दिइएको थिएन। उनीहरूलाई वम विष्फोट गराई आतंक फैलाउने अभियोगमा चलाइएको मुद्दामा अदालतले तारेखमा छोडे पछि पनि पुनः हातहतियार खर खजाना सम्बन्धी अर्को मुद्दामा जिल्ला प्रशासन कार्यालयबाट १० हजार धरौटी माग गरियो।

सोही घटनामा माओवादी भनी महेन्द्र मा.वि. बरेठाँटीका

प्रधानाध्यापक ४७ वर्षीय रामप्रसाद पाण्डेलाई, गल्कोट मा.वि. गल्कोटका विद्यार्थी १८ वर्षीय विष्णु पाण्डेलाई र हरिचौर-९ का ३० वर्षीय डम्बरबहादुर थापालाई **०५३ जेठ ९ गते** सोधपुछको लागि पक्राउ गरियो। विष्णु पाण्डे र डम्बरबहादुर थापालाई हतकडी लगाइयो र ११ गते मात्र पूर्जी दिइयो। हिरासतमा विष्णु पाण्डेलाई यातना दिइयो र मुद्दा चलाउने आधार नभएपछि ०५३ जेठ २५ गते रेडक्रसका अध्यक्ष विश्वनाथ रेग्मीको जमानीमा उनीहरूलाई छाडियो।

माओवादीको आशंकामा **नवदुर्गा प्राणवृक्षति तारास्वोला**का शिक्षक २९ वर्षीय छमबहादुर स्वड्का, तारा स्वोला कर्मीलाका २२ वर्षीय चन्द्रबहादुर बुढा, जनहित मा.वि. महमका शिक्षक ४० वर्षीय लालबहादुर साहनीलाई **०५३ जेठ ११ गते** सोधपुछको लागि भनी पक्राउ गरियो। पृथ्वी मा.वि. हरिचौरका प्रधानाध्यापक घनश्याम पाठकलाई शिक्षकहरूलाई तालिम दिनको लागि प्रशिक्षकको रूपमा वाग्लुङ बजारमा भएको अवस्थामा ०५३ जेठ ११ गते विहान बोलाएर एक्लै ९ दिनसम्म कसैसंग भेटघाट गर्न नदिई थुनियो। छमबहादुर स्वड्का, चन्द्रबहादुर स्वड्का र लालबहादुर साहनीलाई यातना दिइयो। यातना दिंदा छमबहादुर स्वड्का मुर्छा परेको बताइन्छ। हिरासतमा कसैलाई भेट गर्न दिइएन।

कालिका गाविस- १ का वीरबहादुर भन्ने ज्ञानेन्द्र स्वत्रीलाई **०५३ असार ३१ गते** राती प्रहरी नायव निरीक्षक थमबहादुर बस्नेत र प्रहरी सहायक निरीक्षक कुमार के.सी.को नेतृत्वमा जिल्ला प्रहरी कार्यालय वाग्लुङबाट गएको प्रहरी गस्ती टोलीले स्वाना स्वाँदै गरिरहेको अवस्थामा रक्सी स्वाएको छस् मेडिकल जाँच गर्छौं भनी वाग्लुङ अस्पतालमा ल्याइयो। एकछिन पछि प्रहरीले भ्यानमा राखी कुटपिट गरी बेहोस अवस्थामा अस्पतालमा लगी भर्ना गरे। १२ बजे ज्ञानेन्द्र होसमा आएपछि अस्पतालबाट फरार भएर ओडारमा पुगी २ रात बिताए। ०५३ साउन ३ गते उनी वाङ्गेचौरमा घरतिर आउँदै गरेको अवस्थामा देखेपछि उनलाई कालिका गाविसको कार्यालयमा लगियो र प्रहरीले औषधि उपचार स्वर्च दिने शर्तमा मुद्दा समाधान गरियो।

१.४ वेपत्ता पारिएको

जानकारीमा आएन।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

कुस्मीसेरा बजारमा नेकपा (एमाले) को शुद्धीकरण-सुदृढीकरण अभियानको सिलसिलामा सांस्कृतिक कार्यक्रमको आयोजना गरिएकोमा नेकपा (मसाल) को तर्फबाट धम्की दिने कार्य गरियो। सम्झाउन गएका नारायण पौडेललाई मसाल पक्षबाट हानिएको ढुंगाले देब्रे आँस्वामा चोट लागेको थियो। यस बाहेक कुटपिटका अन्य ६ वटा घटना भए। व्यक्तिगत रीसइवीका कारण भएका ती घटनाहरूमा ३ पुरुष र ३ महिला घाइते भए।

१.६ थुनामा मृत्यु

थुनामा मृत्यु भएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत) -

बुर्तिवाङ बजारमा **०५३ असोज १८ गते** अनेरास्ववियुको दशौं जिल्ला सम्मेलन भइरहेको समयमा नेकपा (एमाले) का नेता पशुपति चौलागाई र रक्तिम सांस्कृतिक अभियानका जीवन शर्मालाई नेकपा (मसाल) समर्थक कमला अर्यालले अश्लील शब्द प्रयोग गर्दै मोसो लगाइदिइन्। कार्यक्रम विथोल्ने समूहको नेतृत्व स्थानीय तुलसीराम अर्यालले गरेका थिए, जसमा ३०-४० जनाको हुल थियो। हुलले पशुपति चौलागाईं, रामहरी भुसाल र कमल घिमिरेलाई समेत हातपात गर्‍यो।

सुस्वौरा गाविस- ५ स्थित महेन्द्र मा.वि. मा ने.वि.संघ ले **०५३ कार्तिक १० गते** राती सांस्कृतिक कार्यक्रम आयोजना गरिरहेको अवस्थामा अज्ञात व्यक्तिद्वारा विद्यालयको छानामा स-साना ढुंगा फाल्दा कार्यक्रममा स्वैलावैला भयो। नेपाली कांग्रेस समर्थक यमबहादुर पुनले सुस्वौरा गाविस- ५ का ३० वर्षीय प्रेमबहादुर पुर्जालाई छुरीले दाइने कोस्वामा हाने। उनको त्यहाँ उपचार हुन नसकी गण्डकी अस्पताल पोस्वरामा लगी उपचार गरिएको थियो। पीडितका बाबुले यमबहादुरका विरूद्धमा ज्यान मार्ने उद्योगमा मुद्दा दर्ता गराए। कांग्रेसको तर्फबाट पनि ज्यान मार्ने उद्योगमा कार्यवाहीको माग गर्दा प्रशासनले कार्वाही गरेन।

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा दुनियावादी देवानी १७२, श्री ५ को सरकार वादी फौजदारी १८, दुनियावादी फौजदारी ६४ गरी जम्मा २५४ वटा मुद्दा दर्ता भए। जसमध्ये गत वर्षदेखि बाँकी मुद्दा समेत गरी दुनियावादी देवानी १२२, श्री ५ को सरकारवादी फौजदारी २८ र दुनियावादी फौजदारी ६५ गरी जम्मा २१५ वटा मुद्दा फर्स्यौट भए र फैसला हुन बाँकी मुद्दाहरू दुनियावादी देवानी २२२, श्री ५को सरकारवादी फौजदारी २० र दुनियावादी फौजदारी ७० गरी जम्मा ३१२ वटा छन्।

२.४ सरुवा / घटुवा / पक्षपात आदि

जानकारीमा आएन।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

जानकारीमा आएन।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

बिहुँ गाविस- ८ रूम्छेकी ४२ वर्षीय महिलालाई स्थानीय ४८ वर्षीय रणबहादुर वि.क.ले **०५३ जेठ ६ गते** आफ्नै जाँतो पिसी बसेको अवस्थामा अनुचित कार्य गर्न स्वोजे। पीडित लाटी

भएकीले घरबाट भागिन्। पीडितको नफबाट वाग्लुङ जिल्ला अदालतमा जवरजम्ती करणी उद्योगमा मुद्दा चलाइएको छ।

कालीका गाविस- ८ की १७ वर्षीय कोपिला आचार्यले आफ्नो कोठामा पटुकाको पासो लगाई झुण्डिएको देखी देवर रमेश आचार्यले **०५३ साउन २० गते** वेलुका पासो काटेपछि कोपिलाले एक चम्चा पानी खाई प्राण त्यागिन्।

कालिका गाविस- १ वाग्लुङकी १३ वर्षीय एक वालिकालाई स्थानीय २५ वर्षीय रनवहादुर थापाले **०५३ साउन ३० गते** बलात्कार गरे। भोलिपल्ट पीडितले आमालाई उक्त कुरा वताएपछि पीडकलाई पक्राउ गरियो।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

सकुर्वा गाविस- ८ का हेमवहादुरले १८ वर्षीय पत्नी रूपा सार्की र १ छोरी छँदाछँदै सोही ठाउँकी १७ वर्षीय जमुना सार्कीसंग अनुचित सम्वन्ध कायम गरी वसेको गर्भ **०५२ माघ २४ गते** पतन गराए। उनीहरू दुवैलाई गर्भपतन र वहुविवाहमा मुद्दा चलाइएको छ।

प्रहरी चौकी धम्जा विहुँ देउरालीका इन्चार्ज प्रहरी सहायक निरीक्षक ३५ वर्षीय लक्ष्मीप्रसाद भट्टले आफ्नो घर गोर्खा जिल्ला ताप्ले गाविस-७ मा २ पत्नी चन्द्रकुमारी भट्ट र ध्रुव कुमारी भट्ट र छोरा छोरी छँदाछँदै **०५२ फागुन २१ गते** विहुँ-६ देउरालीकी २२ वर्षीय विवाहित शारदा वस्नेतसंग पनि विवाह गरे। शारदाको पनिले लक्ष्मीप्रसादबाट रू.२० हजार लिए। लक्ष्मीप्रसाद भट्टलाई पदबाट निलम्वन गरी कानूनी कार्यवाही चलाइएको छ।

हरिचौर गाविस- ४ का हर्कवहादुर दर्जीले घरमा विवाहिता पत्नी यमुना कुमारी दर्जी छँदाछँदै जागिरको सिलसिलामा भारतको मणिपुरमा विवाह गरी ०५२ चैत महिनामा घर आई पत्नीलाई कुटपिट गरी घरबाट निकाले। यमुना कुमारी दर्जीले **०५३ कार्तिक २९ गते** वहुविवाहमा मुद्दा दिएकी छिन्।

विहुँ गाविस- २ का ३४ वर्षीय डिलाराम कडेलले जेठी पत्नी ३१ वर्षीय सावित्री कडेल छँदाछँदै विवाह गरेको ६ वर्ष सम्म वच्चावच्ची नभएको भनी **०५३ असार १२ गते** गैंडाकोट-८ नवलपरासीकी २२ वर्षीय जमुना रिजालसंग दोस्रो विवाह गरे। जेठी पत्नी सावित्री कडेलले वहुविवाह विरूद्ध उजुरी गरेकी छिन्।

हटिया गाविस- १ का २६ वर्षीय टेकवहादुर अधिकारीले विवाहिता पत्नी २१ वर्षीय भगवती छँदाछँदै **०५३ कार्तिक १७ गते** गुल्मी अर्लाङकोट-१ की २० वर्षीय कृष्णा के.सी.संग दोस्रो विवाह गरे। ०५३ पुस २ गते भगवती अधिकारीले वहुविवाह विरूद्ध मुद्दा दिएकी छन्।

सिगान गाविस- ३ का ३५ वर्षीय शेष नारायण गौतमले घरमा विवाहिता पत्नी ३० वर्षीय इन्दिरा गौतम छँदाछँदै २४ वर्षीय विजुला शर्मासंग दोस्रो विवाह गरे। इन्दिरा गौतमले शेषनारायण गौतम र विजुलाका विरूद्ध **०५३ मंसीर १८ गते** वहुविवाहमा मुद्दा दिएकी छन्।

४.३ गर्भपतन

धुल्लुबाँस्कोटा गाविस-२ का ४० वर्षीय डम्बरवहादुर थापासंगको यौन सम्पर्कबाट सोही ठाउँकी शिलाकुमारी थापाले गर्भधारण गरिन्। **०५२ चैत १४ गते** मृत अवस्थामा छोरी जन्माइन्। अवैध गर्भ भएकोले गर्भपतन गराएको भनी शिलाका जेठाजु नरबहादुर थापाले उजुर दिएपछि डम्बरबहादुर र शिला थापालाई पक्राउ गरी तारेखमा छोडिएको छ। शिला कुमारीका पति विदेशमा काम गर्छन्।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

बुङ्गादोमान गाविस- ४ का ६ वर्षीय सुरेश वि.क. र ३ वर्षीय सुनिल वि.क. **०५३ असार १७ गते** आफ्नै घरको आटीको वाकस भित्र वन्द भै मृत अवस्थामा भेटिए। उनीहरूकी आमा प्रेमकुमारी वि.क. आफूले खाना ख्वाई ०५३ असार १५ गते काममा गएको र वेलुका घर आउँदा नदेखिएको तर १७ गते मृत अवस्थामा भेटिएकोमा खेल्ने क्रममा वाकसको विर्को बन्द भै निसासिएर मृत्यु भएको बताइन्।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

जानकारीमा आएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहारहरु / छुवाछूत समेत

मालिका-७ की चन्द्रकला वि.क.को मलामी गएकोमा वितप्रसाद सापकोटा र कृष्णप्रसाद शर्मालाई स्थानीय समाजले कामीको मलामी गई कमिनी वोक्ने मान्छे अछूत नै हुन्छ भन्ने जस्ता अमानवीय व्यवहार गरिएको थियो।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

त्यसैगरी रामडाँडा गाविस-१ का दीपेन्द्र थापाको मिलमा **०५३ जेठ १५ गते** राती वम विस्फोटन गरिएकोमा नेपाली कांग्रेस रामडाँडा गाउँ समितिका सचिव भूमिश्वर गौतमद्वारा हस्ताक्षरित एक प्रेस वक्तव्य जारी गरिएको थियो। जसमा प्रशासनिक व्यक्तिवाट सो विस्फोटन गराउने व्यक्तिको खोजविन गरियोस् भन्ने थियो।

९. अतिरिक्त जानकारीहरु (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

यो वर्ष वाढी, पहिरो र अन्य विपत्तिमा परी १४ जनाको मृत्यु भयो। यो वर्ष ७ जनाले विभिन्न कारणबाट आत्महत्या गरे। ती मध्ये ४ जना महिला र ३ जना पुरूष थिए। अपराधिक घटनासंग सम्वन्धित ३ वटा घटना भए। ■



३. पश्चिमाञ्चल

धवलागिरी

३.१४ पर्वत

जनसंख्या	१४३५४७
साक्षरता	५१.७ प्रतिशत
महिला साक्षरता	३८.० प्रतिशत
क्षेत्रफल	४९४ वर्ग कि.मी.
गाविस/नपा	५४/०
निर्वाचन क्षेत्र	२
विद्यालय/क्याम्पस	२६८/१
अस्पताल/स्वास्थ्य चौकी	१/११
टेलिफोन लाइन	१२७
सडक (कि.मि.)	
प्रहरी कार्यालय	१७

पश्चिमाञ्चल क्षेत्रका पहाडी जिल्लाहरू मध्येको एक पर्वत जिल्लाले आफ्नै ऐतिहासिक महत्व पनि बोकेको छ। केही समय अगाडिसम्म यातायातको समस्या रहेको यस जिल्लामा अहिले पोखरा वाग्लुङ राजमार्ग चालु भएपछि त्यति दुर्गम मानिदैन। वहुदलीय व्यवस्थाको स्थापना पछि केही समयसम्म राजनीतिक पार्टीहरू बीच विवाद र असहिष्णुता देखिए पनि अहिले यहाँका जनतामा क्रमशः परिपक्व राजनीतिको संस्कार र मानवअधिकार प्रति सचेतनता बढिरहेको छ।

१. सम्मानित रुपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

शिवालय गाविस- १ का ६० वर्षीय देविराम दमाई लगायतका तीन जना व्यक्तिहरूले सोही ठाउँका ३६ वर्षीय गणेश क्षेत्रीलाई **०५२ माघ १३ गते** पिटेर हत्या गरे। देविराम दमाई, वलराम आर सी, नरबहादुर घर्तीलाई कर्तव्य ज्यान मुद्दामा कार्वाही चलाइएको छ। नरबहादुर घर्ती र गणेश क्षेत्रीकी पत्नी मिठु घर्तीका बीचमा भएको अनुचित सम्बन्धको पोल खुल्न गएकोले ३ जनाको मिलेमतोमा हत्या गरिएको बताइन्छ।

नाइलिवाङ गाविस- ३ का शान्तबहादुर दर्जीलाई ०५३ असोज १५ गते सोही गाविस-४ का शान्तलाल दर्जी र भोलाबहादुर दर्जीले कुटपिट गरे। त्यसको २२ दिन पछि **०५३ कार्तिक ७ गते** शान्तबहादुर दर्जीको मृत्यु भयो। उनीहरू बीच ठेक्कामा काम गर्दा ज्यालाको विषयमा झगडा हुन गएको थियो। पीडकहरूलाई हिरासतमा राखी जनही रू. ५/५ हजार धरौट लिई तारेखमा छोडिएको छ।

१.२ जेल र बन्दीहरु

यस जिल्लाको सदरमुकाम कुश्मा बजारमा रहेको कारागार "घ" श्रेणी**को** छ। २० पुरूष र ५ महिला अटाउन सक्ने क्षमता भएको यस जेलमा यस वर्ष १३ पुरूष र ८ जना महिला रहेका छन्। जेलभित्र २ वटा धारा छन्।

१.३ गिरफ्तारी र यातना

सर्कुवा गाविस-२ सिल्नी निवासी २२ वर्षीय दुर्गादेवी सुवेदीलाई जिल्ला प्रहरी कार्यालय पर्वतका प्रहरीहरूले **०५३ भदौ १० गते** गिरफ्तार गरी ७ दिनसम्म हिरासतमा राखे। उनका पति नोकरी गर्न भारत गई २ वर्ष पछि आएका थिए। उनैले काम गर्ने कम्पनीको एक जना भारतीय व्यक्ति कुश्मा आई दश बाह्र लाख रूपैया चोरी गर्‍यो भन्ने उजुरी दिएपछि र प्रहरीले उनका पति मोतिप्रसाद सुवेदीलाई फेला नपारेपछि पत्नीलाई पक्राउ गरेका थिए।

१.४ वेपत्ता पारिएको

जानकारीमा आएन।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

यस वर्ष व्यक्तिगत झै-झगडाको कारण भएको कुटपिटका ८ वटा घटनामा १५ जना व्यक्ति पीडित भए। तिनमा १ जना महिला छन्।

देउपुर गाविस-५ का सुरेश राज चापागाईले विवादित जग्गाको मुचुल्का गर्न भनी पर्वत जिल्ला अदालतका कर्मचारी विचारी कोमलप्रसाद शर्मा र अमिनी विनोद कुमार यादवलाई **०५३ भदौ १९ गते** सोही ठाउँको पिपलडाँडा चौतारीमा कुटपिट गरेका छन्। कर्मचारी माथि भएको हातपात विरूद्ध पर्वत जिल्ला अदालतमा उजुरी परेको छ। हाल सुरेश राजलाई तारिखमा छाडिएको छ।

देउपुर गाविस-३ निवासी केशवराज चापागाई, तीर्थ राज शर्मा, रूद्रप्रसाद पौडेल, वडा नं. ६ का भीमनाथ शर्मा लगायतका व्यक्तिहरूले सोही गाविसको वार्ड नं. ५ पिपलडाँडाको पर्ति जग्गा आफ्नो निजी हो भनी दावा गरी

पर्वत जिल्ला अदालतबाट सोही गाविस-३ का झलक शर्मा, मोहदत्त चापागाई, विष्णु चापागाई र हिम शर्माहरूले कर्मचारी विचारी र अमिनलाई मुचुल्का गर्ने समयमा झलक लगायतका व्यक्तिहरूलाई **०५३ मदी १९ गते** कुटपिट गरे। हाल आएर उनीहरू विरूद्ध पनि सार्वजनिक मुद्दा दायर गरिएको छ। पीडक दुवैले पर्वत जिल्ला अदालतमा ४ / ४ हजार धरौटी राखी तारिखमा छुटेका छन्।

१.६ थुनामा मृत्यु

थुनामा मृत्यु भएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

जानकारीमा आएन।

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

जानकारीमा आएन।

२.४ सरुवा / घटुवा / पक्षपात आदि

जानकारीमा आएन।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

जानकारीमा आएन।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

नाङ्लीवाङ गाविस- ६ का २२ वर्षीय नरसिङ दमाईले **०५२ चैत १९ गते** दिउँसो सार्वजनिक चौरमा बाख्रा चराइरहेकी सोही ठाउँकी ३० वर्षीय एक महिलालाई अश्लिल शब्द बोल्दै र अंग प्रदर्शन गर्दै करणी गर्ने आशय व्यक्त गरेपछि राधिकाले गुहार मागिन्। त्यसपछि गाउँलेले पीडकलाई समाती प्रहरी चौकीमा बुझाए।

राम्जा गाविस- ६ मा डेरा गरी बस्ने काजी गुरूङ र रणबहादुर के.सी. की छोरी पर्वतमाला के.सी. बीच एक डेढ वर्ष अगाडिबाट प्रेम शुरू भै **०५३ असार १९ गते** प्रेम विवाह गरी गाउँबाट अन्यत्र गएपछि जात नमिलेको कारण रणबहादुर के.सी.ले ०५३ साउन २९ गते ज्यान बेच्ने मास्ने मुद्दा लगाइ ती व्यक्तिहरूलाई गिरफ्तार गराएका थिए।

चित्रे गाविस- ६ का १९ वर्षीय अम्मरबहादुर रेग्मीले ९ वर्षीय बालिकालाई **०५३ मदी ७ गते** मिठाइ दिई फकाएर बलात्कार गर्ने प्रयास गर्दा उनकी आमाले थाहा पाइन्। ०५३

पर्वत जेल

मदी १३ गते उजुरी परेपछि पीडकलाई जिल्ला प्रहरी कार्यालयमा झिकाई कागज गरी छोडिएको छ।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

ठूलोपोख्री गाविस- ६ का २६ वर्षीय शिव आचार्यले **०५३ वैशाख १६ गते** कार्कीनेटा गाविस- ३ की २२ वर्षीय भगवती आचार्यसंग दोस्रो विवाह गरे। स्याङ्जा माइत भएकी २१ वर्षीय पत्नी माया आचार्यले ३ वर्षसम्म सन्तान नजन्माएको निहुँमा उनले बहुविवाह गरेका छन्। हाल उनी बहुविवाह ऐन अन्तर्गत कार्वाहीमा परेका छन्।

होश्राङ्दी गाविस- ४ का २२ वर्षीय तुलाबहादुर रानाले **०५३ वैशाख २४ गते** उराम गाविस- २ की १९ वर्षीय माया रानासंग विवाह गरेको छैन भनी झुक्याई बहुविवाह गरे। उनकी १८ वर्षीय पत्नी राधा राना र १ वर्षको छोरा समेत छन्।

देउपुर गाविस-९ का ३३ वर्षीय लालशर्मा सुवेदीले घरमा पत्नी फुलमाया हुँदाहुँदै गीता चापागाईसंग **०५३ असार १० गते** अर्को विवाह गरे। इन्सेकका जिल्ला प्रतिनिधि समेत रहेका शर्मालाई जिम्मेवारीबाट मुक्त गरिएको छ।

होश्राङ्दी गाविस- ९ का १९ वर्षीय मोहनीलाल भुषालले सोही गाविसकी १५ वर्षीय विष्णु कुमारी न्यौपानेलाई ८-९ महिना अगाडि पत्नी बनाउने शर्तमा यौन सम्पर्क गरी गर्भाधारण गराए। तर **०५३ मदी १ गते** उनी भुषालको घरमा जाँदा

कुटपिटबाट घाइते भूपिन्द्रकुमार के.सी.

अस्वीकार गरे। सोही दिन तुरुन्त प्रहरी चौकीमा उजुरी गरेपछि भुषाललाई झिकाउँदा पत्नी स्वीकार त गरे तर हाल उनी फरार भएका छन्।

४.३ गर्भपतन

जानकारीमा आएन।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

जानकारीमा आएन।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

जानकारीमा आएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहारहरु / छुवाछूत समेत

जानकारीमा आएन।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

जानकारीमा आएन।

९. अतिरिक्त जानकारीहरु (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष विभिन्न दुर्घटनामा १५ जनाको मृत्यु भयो र ३४ जना घाइते भए। चोरी र लुटपिटका ३ वटा घटनाहरू भए।

त्यस्तै **शिवालय गाविस- ९** का कक्षा ९ मा पढ्ने प्रतिभाशाली विद्यार्थी विदुरबहादुर हमालले **०५३ जेठ २६ गते** केही रूपियाँ माग्दा आमाले छैन भने पछि सोही दिन घरको तलामा नाम्लो लगाई आत्महत्या गरे। यी बाहेक आत्महत्याका अन्य ४ वटा घटना यो वर्ष भए। तिनमा २ जना पुरूष र २ जना महिला थिए।

यो वर्ष नदीले बगाएर १ जनाको र भीरबाट लडेर १ जनाको मृत्यु भयो र आगलागीका ३ वटा र पहिरोको एउटा घटनाबाट केही धनमाल नष्ट भयो।

■



३. पश्चिमाञ्चल

धवलागिरी

३.१५ म्याग्दी

जनसंख्या	१००५५२
साक्षरता	३९.५ प्रतिशत
महिला साक्षरता	२६.० प्रतिशत
क्षेत्रफल	२२९७ वर्ग कि.मी.
गाविस/नपा	४०/०
निर्वाचन क्षेत्र	१
विद्यालय/क्याम्पस	३४४/१
अस्पताल/स्वास्थ्य चौकी	१/३७
टेलिफोन लाइन	४
सडक (कि.मि.)	
प्रहरी कार्यालय	१०

यस जिल्लामा विगतमा झैं व्यक्तिगत रीसइवीमा व्यक्तिले व्यक्तिलाई गर्ने हत्याका घटना यस वर्ष पनि दोहोरिएका छन्। प्रहरीको गोलीद्वारा हत्या भएको छैन। जेलमा बन्दीहरू र थुनुवाहरूमा मानवअधिकारप्रति सचेतनता वृद्धि हुँदै गएको छ। जेलमा १९९३ पछि कुनै प्रकारको यातना दिइएको छैन। यस वर्ष गिरफ्तारीको घटना पाइएन। कुटपिटका घटना यथावत रूपमा रहे पनि राजनीतिकरण गर्ने र विवाद चर्काउने प्रवृत्ति प्रकट भइनै रहेका छन्। प्रशासकहरू पनि कतै मानवअधिकार उल्लंघन भएर आफ्नो नाम त बदनाम हुँदैन भनेर चनाखो भएका छन्।

१. सम्मानित रुपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

दग्नाम गाविस-५ का ६४ वर्षीय थबहादुर गर्बुजालाई **०५३ कार्तिक २० गते** आफ्नै छोरा ओम बहादुर गर्बुजाले करीब २ हात लामो गलले तालुमा प्रहार गरी हत्या गरे।

१.२ जेल र बन्दीहरु

बन्दी क्षमता २५ जना भएको यहाँको जेलमा थुनुवा र कैदी गरेर ४३ जना रहेका छन्। तिनीहरूमध्ये ४ जना महिला रहेका छन्। क्षमताभन्दा बढी बन्दीहरू राखिएकोले उनीहरूले विविध कष्ट व्यहोर्नु परेको छ। जेल भवन राम्रो रहे पनि जेलभित्र चर्पी नहुनाले रातीका लागि असुविधा भएको कुरा बन्दीहरू बताउँछन्।

१.३ गिरफ्तारी र यातना

भगवती गाविस-६ का सूर्यनारायण मल्लको जाहेरीमा इलाका प्रहरी कार्यालय र पिलेले गाविस-७ का विष्णु पाण्डे र भगवती गाविस-९ का खिमबहादुर भण्डारीलाई गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालय म्याग्दीमा ल्याई सार्वजनिक अपराध अन्तर्गत मुद्दा चलाइयो। जाहेरवालालाई **०५३ जेठ १९ गते** शिव भण्डारीले कुटपिट गर्दा उनीहरूले पनि कुटपिट गरेका हुन् भन्ने जाहेरी दिएका थिए। तर दुवै जना घटना स्थलमा भएको र कुटपिट गर्न लागेकोमा सूर्य नारायण र शिव भण्डारीले छुट्टाएका मात्रै थिए। हाल दुवै जना सार्वजनिक अपराध अन्तर्गतको मुद्दामा धरौटीमा छुटेका छन्।

मगवती गाविस-६ का देवेन्द्र मल्ल र जीवन मल्लले कुटपिटको घटनामा पक्राउ परेका पिप्ले गाविस-६ का शिव भण्डारीलाई **०५३ जेठ २० गते** इलाका प्रहरी कार्यालय, भगवती, राखुमा चप्पलले कुटी यातना दिए। प्रहरीले लिइसकेको व्यक्तिलाई बाहिरी व्यक्तिले यातना दिंदा पनि प्रहरी चुपचाप हेरिरहे।

पुलाचौर निवासी भीमबहादुर बाँनियाको जाहेरीमा **अर्थुङे गाविस-७** का गोविन्दप्रसाद पौडेललाई **०५२ साउन १४ गते** प्रहरीले पक्राउ गरी भीमबहादुरको परालको टौवा र दाउरामा आगो लगाएको आरोपमा सार्वजनिक अपराध सम्बन्धी मुद्दा चलाइयो। गोविन्द पौडेललाई प्रहरी हिरासतमा पाइपको छडीले पिठ्युँमा कुटी यातना दिइयो। म्याग्दीका प्रमुख जिल्ला अधिकारीले गोविन्द पौडेललाई सार्वजनिक अपराध गरेको ठहर गर्दै उनलाई ६ महिना कैद, २ हजार ५ सय जरिवाना र ६ हजारको क्षतिपूर्ति व्यहोर्नु पर्ने फैसला गरे। ०५३ असोज २१ गते पुनरावेदन अदालत बाग्लुङले गोविन्दप्रसाद पौडेललाई मुद्दाबाट सफाई दिई जेलबाट रिहा गर्ने आदेश दियो। पीडित संयुक्त जनमोर्चा नेपाल (भट्टराई) का जिल्ला कार्य समिति म्याग्दीका संयोजक हुन्।

१.४ बेपत्ता पारिएको

जानकारीमा आएन।

कुटपिटबाट घाइते कविप्रसाद घर्ती

१.५ धम्की/ ज्यानमान धम्की / कुटपिट

विम गाविसका दुर्गाप्रसाद जुग्जाली, मोहन पुन, नारायण पाइजा र पोखरा उनपा वैदामका लेखमान गुरूङले **रानेचौर-२** का नेकपा (एमाले) जिल्ला कमिटी, म्याग्दीका सदस्य सोमबहादुर बोगटी र उनका छोरा चिन्तन बोगटीलाई **०५२ फागुन ४ गते** रगताम्य हुने गरी कुटपिट गरे। हालसम्म पीडक मध्ये नारायण पाइजा फरार छन् भने अन्य ३ जनालाई जनही २२ हजार धरौटी लिई तारेखमा छोडिएको छ।

मुदी गाविस खिवाङका रामबहादुर पुनले सोही ठाउँका जिविस सदस्य कविप्रसाद घर्तीलाई **०५३ मंसीर २ गते** फुटेको बियरको बोतलले प्रहार गरी गम्भीर घाइते बनाए। कविप्रसाद घर्तीलाई दाहिने आँखानेर गम्भीर चोट लागेको छ। रामबहादुरले केही दिन अगाडि मेरो नागरिकता निकालि दिनु पर्‍यो भनी कविप्रसादलाई भनेका र कविप्रसादले गाविसको सिफारिस लिएर जिल्ला प्रशासन कार्यालयमा गई निकाल्नु पर्छ भनी सम्झाएका थिए। तर रामबहादुरले जिविस सदस्य भएर पनि नागरिकता ननिकाली दिएको भनी उनलाई घरमै गई बियरको बोतलले कुटेका थिए। पीडकलाई सार्वजनिक अपराध अन्तर्गत मुद्दा चलाइएको छ। यस बाहेकका अन्य ५ वटा कुटपिटका घटनामा ६ जना घाइते भएका थिए।

१.६ थुनामा मृत्यु

थुनामा मृत्यु भएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

कुहुँ गाविस-६ का देवराज घिमिरे आफ्ना साथीहरूलाई भेट्न ज्यामरूककोट गाविस-१ बगर फाँटमा हिड्दै गर्दा अर्थुङे गाविस-२ का राप्रपाका कार्यकर्ता चन्द्रबहादुर कुवँरले **०५३ जेठ ५ गते** पक्री जिल्ला प्रहरी कार्यालयमा ल्याई बुझाए। बाटोमा देवराजसंग चन्द्रबहादुरको भेट भएपछि देवराजको झोला खाली हेर्दा झोलामा रक्तिम परिवारका २ वटा क्यासेट, नेपाली क्रान्तिका समस्या भन्ने पुस्तक थान ३ र एक खुकुरी फेला पारेपछि माओवादी हो भन्दै जिल्ला प्रहरी कार्यालयमा बुझाइएको थियो। जिल्ला प्रहरी कार्यालय, म्याग्दीले देवराज सुवेदीलाई नाङ्गो खुकुरीले गस्ती प्रहरीमाथि आक्रमण गरेको भन्ने आरोप लगाई सार्वजनिक मुद्दा चलायो। देवराज ०५३ जेठ २३ गते ९ हजार धरौटी राखी तारेखमा छुटे। उनलाई प्रहरी हिरासतमा पनि यातना दिइएको थियो।

बरजा गाविस-८ का राप्रपा कार्यकर्ता कर्णबहादुर रोकाले **०५३ मंसीर ८ गते** सांसद निलबहादुर तिलिजालाई तथानाम गाली गर्दै नेकपा (एमाले) को स्थानीय रूपमा आयोजित कार्यक्रम भाँड्न आतंक मच्चाउने काम गरे।

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

जानकारीमा आएन।

२.४ सरुवा / घटुवा / पक्षपात आदि

जानकारीमा आएन।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

जानकारीमा आएन।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

पुलचौर गाविस-३ की ५८ वर्षीय सुरतकुमारी भण्डारीलाई ०५३ साउन ८ गते सोही ठाउँका मुरारी शर्मा र कृष्णप्रसाद शर्माले कुटपिट गरे। पीडकहरूले पतिको रीसको कारण उनलाई पिटेका थिए।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

जानकारीमा आएन।

४.३ गर्भपतन

जानकारीमा आएन।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

ज्यामरूककोट गाविस-८ की अम्बिका घिमिरेले आफूले जन्माएको नवजात शिशुलाई **०५३ जेठ १४ गते** घाँटीमा डोरीले बाँधी हत्या गरिन्। परपुरूष जयबहादुर खत्रीसंग शारीरिक सम्पर्कका कारण उनको गर्भ रहन गएको थियो। पीडकलाई पुर्पक्षका निम्ति थुनामा राखिएको छ।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

जानकारीमा आएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहारहरु / छुवाछूत समेत

कुइने मंगले गाविस- ९ की १८ वर्षीय कुमारी वि.क.लाई सोही ठाउँका १८ वर्षीय भीमप्रसाद छन्त्यालले गर्भवती बनाएपछि **०५२ फागुन ९ गते** कुमारी वि.क. ले बच्चा जन्माइन्। महिला अछूत जातिकै भएको कारण पीडकले केही पैसा दिई अन्यलाई पन्छाउन खोजे, तर महिलाले मानिनन्। उनले जिल्ला अदालत म्याग्दीमा नाता कायम सम्बन्धी मुद्दा दायर गरेकी छिन्।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

जानकारीमा आएन।

९. अतिरिक्त जानकारीहरु (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

मानसिक स्थिति ठीक नभएकी एक महिलाले झुण्डिएर आत्महत्या गरेको घटना प्रकाशमा आयो।

विभिन्न अपराध सम्बन्धी ३ वटा घटनामा चार जना विदेशी पर्यटक सहित थुप्रै व्यक्ति पीडित भए। नेपाल भ्रमणमा आएका स्वीडेनका नागरिकहरू च्याटिस्टर इस्किन, जोन इरिक्सन, योन्नाडोवर्ग र नेदरल्याण्डका क्यारिन इस्किनलाई शिख गाविस-१ को घोडेपानीमा **०५२ माघ १५ गते** पर्वत जिल्ला देउराली गाविस-३ का प्राणकुमार गुरूङ, ज्ञानकाजी गुरूङ, यामबहादुर गुरूङ, मिलनकाजी गुरूङ लगायतले खुकुरीले आक्रमण गरी करीब २ लाख ५० हजार नगद र अन्य जिन्सी समेत लुटे, लुट्ने पीडकहरूमाथि कानूनी कारवाही भइरहेको छ।

■



३. पश्चिमाञ्चल

धवलागिरी

३.१६ मुस्ताङ

जनसंख्या	१४२९२
साक्षरता	४८.४ प्रतिशत
महिला साक्षरता	२४.७ प्रतिशत
क्षेत्रफल	३५७३ वर्ग कि.मी.
गाविस/नपा	१६/०
निर्वाचन क्षेत्र	१
विद्यालय/क्याम्पस	६७/०
अस्पताल/स्वास्थ्य चौकी	१/१६
टेलिफोन लाइन	२
सडक (कि.मि.)	
प्रहरी कार्यालय	१३

यो जिल्ला नेपालका दुर्गम हिमाली जिल्ला मध्ये एक हो। भौगोलिक विकटता र यातायातको समस्या हुँदाहुँदै पनि यस जिल्लामा वर्षेनी थुप्रै विदेशी पर्यटकहरू र मुक्तिनाथको यात्राको निम्ति नेपाली तीर्थयात्रीहरू आउने गर्छन्। यहाँ अहिले पनि परम्परागत झुमा प्रथा र बहुपति प्रथा प्रचलित छ। मुस्ताङे राजाले आफ्नै किसिमको शासन चलाउँदै आएका छन्। जनघनत्वको कमी, शिक्षित जनशक्तिको न्यूनता र आर्थिक विपन्नताको कारणले यहा अहिले पनि कतिपय मानिसमा नवीन चेतना आउन सकेको छैन। मानवधिकार र सामाजिक न्याय प्रति जनताको अभिरूची र जागरण क्रमशः बढ्दै गइरहेको छ।

१. सम्मानित रुपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

जानकारीमा आएन।

१.२ जेल र बन्दीहरु

यस जिल्लाको जेल **मार्फा गाविस-८** को जोमसोममा रहेको छ। यो ६ रोपनी ३ आना क्षेत्रफलमा फैलिएको छ। यहाँको जेलमा आठ कोठा भए पनि बन्दीलाई एउटै कोठामा नेल लगाएर राखिएको छ। हाल यहाँ गौ हत्या २, कस्तुरी मारे बापत ३ र चोरीका २ गरी जम्मा ७ जना पुरूष बन्दी छन्। जेलका बन्दीहरूलाई नेल लगाएको बारेमा प्रतिक्रिया माग्दा तुलसीराम सापकोटा, डी.एस.पी. विजयदेव पाण्डे र प्रमुख जिल्ला अधिकारी, जेलर न्हिमा वाङ्से शेर्पाको एउटै भनाइ यस्तो छ- "गत साल २ जना बन्दी कारगार फोडी भागेकोले जेलभित्रै बाध्यता बस नेल लगाउनु परेको हो, पक्की जेल भवन बनेपछि नेल हटाइने छ।" पक्की भवन बनाउने बारेमा विभागमा पत्राचार भैरहेको भए पनि हालसम्म कुनै जानकारी नपाइएको कुरा प्रमुख जिल्ला अधिकारी बताउँछन्।

१.३ गिरफ्तारी र यातना

होसेर गाविस- १ का ३२ वर्षीय सुवर्ण कुमार विष्टको जाहेरीमा लोमथाङ- १ का २६ वर्षीय इन्द्रधारा विष्ट, पेमा गुरूङ, विष्णु दुक्के गुरूङ, चराङ्ग छि पेम्वा गुरूङलाई **०५३ असोज ११ गते** गिरफ्तार गरियो। उनीहरूलाई ०५३ असोज ११ गतेदेखि ०५३ असोज १६ गतेसम्म जिल्ला प्रहरी कार्यालयमा हिरासतमा राखी जिल्ला प्रशासन कार्यालय मुस्ताङले सार्वजनिक अपराध मुद्दा लगाई प्रत्येकबाट ५/५ हजार रूपैयाँ धरौटी लिई तारेखमा छाडेको छ।

१.४ बेपत्ता पारिएको

जानकारीमा आएन।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

व्यक्तिगत रीसइवी र अंशका कारण यस सम्बन्धी ४ वटा घटना भए। तिनमा ७ जना व्यक्ति पीडित बने।

१.६ थुनामा मृत्यु

थुनामा मृत्यु भएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)
जानकारीमा आएन।

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

अधिकांश मुद्दा उपल्लो मुस्ताङमा मिलेसम्म गाउँका मुखियाले मिलाउँछन्, त्यहाँ नमिलेमा गाविस वा मुस्ताङ राजाकहाँबाट टुङ्गो लगाइन्छ भने तल्लो मुस्ताङमा पहिले मुखियाकहाँ जाने चलन छ। त्यहाँबाट टुङ्गो नलागेमा गाविसमा र त्यहाँबाट पनि टुङ्गो नलागेमा मात्र अदालत लैजाने गरिन्छ। यसरी जाँदा अदालतमा कमै मुद्दा पर्दछन्। गाउँका मुखिया र मुस्ताङ राजाले मुद्दा छिन्दा वादी र प्रतिवादी दुवैबाट जरिवाना लिने गरेको पाइन्छ। न्यायिक अधिकारबाट जनता वंचित छन्। जिल्ला अदालतमा न्यायाधीश हुँदैनन्। अन्यत्र काजमा राखिएका छन्। हाल मुस्ताङ जिल्ला अदालतमा मुस्ताङी राजा जिग्मी पलवर विष्ट र उनकी भाउजु डिकी डोल्कर विष्ट बीचको अंश मुद्दा विशेष चर्चामा छ। सो बाहेक अदालतको मानहानी र सम्बन्ध विच्छेद गरी हाल उक्त अदालतमा जम्मा ३ वटा मुद्दा छन्। यस जिल्लामा एकजना पनि कानून व्यवसायी छैनन्।

मुस्ताङ्ग राजा जिग्मी परवर विष्ट र उनकी भाउजु डिकी डोल्कर विष्टको अंश मुद्दामा साक्षी वस्ने काममा आएका मानिसहरू मध्ये ०५३ असोज ११ गते त्यहाँ उपस्थित ४०-४५ जनाको ठूलो हुलले वादीका वकील मातृकाप्रसाद निरौलालाई मोसो दलेको भनी वकील निरौलाले मानहानी मुद्दा दायर गरे। इन्द्रधारा विष्ट र पेमा गुरूङ सहित ४०-४५ जनाको समूहले मुस्ताङ जिल्ला अदालत अगाडि न्याय निष्पक्ष र स्वतन्त्र हुनुपर्छ भनी शान्तिपूर्ण नारा जुलुस गरेका थिए।

२.४ सरुवा / घटुवा / पक्षपात आदि

जानकारीमा आएन।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

जानकारीमा आएन।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

मातृसतात्मक समाज भए पनि यहाँका महिलाहरूले आफ्नो स्वविवेकीय अधिकार उपयोग गर्न पाएका छैनन्। माहिली छोरी झुमा वस्नु पर्ने धार्मिक कुप्रथा र वहुपति प्रथाले गर्दा महिलाहरूमाथि शोषण भइरहेको छ। यद्यपि महिला किनबेच र वलात्कारका घटनाहरू प्रकाशमा आएको पाइएन।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

यस जिल्लामा वहुविवाहको प्रचलन भएको पाइएन। वरू कागवेनी देखि उपल्लो क्षेत्रमा वहुपति प्रथा रहेको छ। अझै पनि १ पत्नीका २ पति भएकाहरू प्रशस्तै छन् भने ३ देखि ५ जनासम्म पति भएका पत्नीहरू पनि पाइन्छन्।

सुर्खाङ गाविस-४ की याङकी गुरूङका ४ पतिहरू क्रमशः कर्म लोकछे गुरूङ, लाक्पा टसी गुरूङ, लोप्साङ, छेम्पेल गुरूङ, छिरीङ मिग्मर गुरूङ र कर्साङ गुरूङ रहेका छन्। त्यस्तै सुर्खाङ-६ याराका पेमा रिन्जिन गुरूङ, लोकटे गुरूङ, झयाँङ तेन्जिक गुरूङ र चुङला गुरूङका एउटै पत्नी छेची गुरूङ छिन्। सुर्खाङ गाविस-४ की लाक्पा छोजुङ गुरूङ आफ्ना ३ पतिहरूसंगसँगै वसेकी छिन्। सुर्खाङ-३ की कर्मा गुरूङका ३ पतिहरू रहेका छन्। सुर्खाङ- ४ का ताक्ला गुरूङ, तर्को गुरूङ र टे सेसाङ गुरूङहरू एउटै पत्नी न्हिमा आङ्मो गुरूङ रहेकी छन्।

४.३ गर्भपतन

जानकारीमा आएन।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

उपल्लो मुस्ताङमा अभिभावकहरूले पढेर केही पाइदैन, व्यापार एवं चौरी र भेडाको गोठालो हुनु ठीक हुन्छ भन्ने मानसिकता बोकेका छन्। अधिकांश वालवालिकाहरू उचित शिक्षाको अवसरबाट वंचित रहेका छन्।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

मुस्ताङ राजा जिग्मी परवर विष्टको काम सकेपछि मात्र आफ्नो काम गर्नु पर्ने यहाँको वाध्यता छ। राजाको काममा गए वापत दिनको १ फाकटिन (करीब २ माना) गहुँ पाउने नियम छ। काम गर्न नगएमा प्रतिदिन रू. ५० का दरले छेपा (जरिवाना) तिर्नु पर्छ।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहारहरु / छुवाछूत समेत

जानकारीमा आएन।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

यसै वर्ष नेपाल राष्ट्रिय शिक्षक संगठनले जिल्लाको शैक्षिक स्थिति सुधार गर्नु पर्ने भन्दै ३३ सूत्रीय माग राखी जिल्ला शिक्षा कार्यालय मुस्ताङमा ज्ञापन पत्र दिएका थिए।

९. अतिरिक्त जानकारीहरु (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

यो वर्ष पहिरोमा परी ३ जनाको मृत्यु भयो।

■

मध्य पश्चिमाञ्चल

४.१ दाङ्ग
४.२ प्युठान
४.३ रोल्पा
४.४ सल्यान
४.५ रूकुम
४.६ बाँके
४.७ बर्दिया
४.८ सुर्खेत
४.९ जाजरकोट
४.१० दैलेख
४.११ डोल्पा
४.१२ जुम्ला
४.१३ कालिकोट
४.१४ मुगु
४.१५ हुम्ला

४. मध्यपश्चिमाञ्चल

राप्ती

४.१ दाङ्ग

जनसंख्या	३५४४१३
साक्षरता	३९.७ प्रतिशत
महिला साक्षरता	२४.२ प्रतिशत
क्षेत्रफल	२९५५ वर्ग कि.मी.
गाविस/नपा	३९/२
निर्वाचन क्षेत्र	४
विद्यालय/क्याम्पस	३२९/४
अस्पताल/स्वास्थ्य चौकी	६/१२
टेलिफोन लाइन	५१०
सडक (कि.मि.)	६०४.५
प्रहरी कार्यालय	३७

राप्ती अञ्चलमा पर्ने यो जिल्ला सुगम र सक्षम मानिन्छ। थारू राजा दंगीशरणले राज्य गरेकाले नै यो जिल्लाको नाम दाङ रहन गएको हो भनिन्छ। यस जिल्लाका ८० प्रतिशत जनता कृषि व्यवसायमा नै आश्रित छन्। तर सिंचाइ व्यवस्थाको कमीले उत्पादन सन्तोषजनक हुन सकेको छैन। यहाँ जनता रूढीवादी, अन्धविश्वासले अझै ग्रस्त छन्। यो जिल्लामा कमैया प्रथा, दाइजो प्रथा, देहव्यापार आदिले मानवअधिकारलाई चुनौति दिइरहेको छ। जिल्लामा हुने गरेका अपराधिक घटनाहरूमा संलग्न हुनेहरूलाई राजनैतिक संरक्षण दिने प्रवृत्ति बढ्दो छ।

१. सम्मानित रुपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

शान्तिनगर गाविस-८ की १८ वर्षीय चन्द्रकला सोती मगरको **०५२ फागुन ४ गते** हत्या भयो। हत्या गरेको अभियोगमा जीनबहादुर सोती मगरलाई गिरफ्तार गरी पुर्पक्षका लागि थुनामा राखिएको छ।

त्रिभुवन नपा- ११ का १२ वर्षीय जमिल अहमदलाई **०५२ फागुन १६ गते** कुटपिट गरी हत्या गरियो। हत्याको अभियोगमा सोही नपा-११ का विमल श्रेष्ठलाई गिरफ्तार गरी पुर्पक्षका लागि थुनामा राखिएको छ।

उरहरी गाविस-५ का २० वर्षीय शान्ता रावतको **०५२ फागुन १९ गते** हत्या भयो। हत्याको अभियोगमा सोही गाविसका २३ वर्षीय माधव वली र २४ वर्षीय पारेश्वर बस्नेतलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

कपिलवस्तु जिल्ला कृष्णनगरका २५ वर्षीय कृष्ण कुमार गुप्तालाई **०५२ फागुन २७ गते** गोविर्डिहा गाविस-९ मा केही व्यक्तिहरूले कुटपिट गरी हत्या गरे। हत्याको अभियोगमा सोही गाविसका २७ वर्षीय प्रेमबहादुर चौधरीलाई पुर्पक्षका लागि थुनामा राखिएको छ। पीडित गुप्ता आफ्नी पत्नी घरमा लैजानका लागि ससुराली आएको समयमा उक्त घटना भएको थियो।

श्रीगाउँ गाविस-८ का २७ वर्षीय थम्मन भण्डारीको **०५२ चैत ११ गते** हत्या भयो। हत्या गरेको आरोपमा सोही गाविसका तुलसी चौधरीलाई गिरफ्तार गरिएको थियो।

तुलसीपुर नपा-२ की १६ वर्षीय तुलसा घर्तीको **०५२ चैत २५ गते** हत्या भयो। हत्याको अभियोगमा सोही नपाका १९ वर्षीय छविलाल डेसुवाललाई पुर्पक्षका लागि थुनामा राखिएको छ। पीडितले विवाहको प्रस्तावलाई अस्वीकार गरेपछि उक्त घटना भएको बताइन्छ।

काठमाडौं ढोकाटोलकी ४५ वर्षीय पूर्णलक्ष्मी शाक्यको **०५३ जेठ ६ गते** लमही बजारमा रहस्यमय मृत्यु भयो। हत्याको आशंकामा महेन्द्रनगर नपा-८ का २८ वर्षीय दिलानन्द जोसी, चौलाही गाविस-२ लमहीका भोजराज ज्ञवाली समेत ६ जनालाई गिरफ्तार गरिएको थियो।

हलवार गाविस-४ का १७ वर्षीय भानुप्रताप सिं चौधरीको **०५३ भाद्र १५ गते** अस्थायी प्रहरी चौकी स्वाद्रेका चौकी इन्चार्ज अशोक झाको कुटाइका कारण मृत्यु भयो। सार्वजनिक जग्गा सम्बन्धी विवादलाई सुल्झाउनका लागि ०५३ भाद्र १३ गते उक्त चौकीभित्र छलफलकै समयमा पीडितउपर कुटपिट गरिएको थियो।

१.२ जेल र बन्दीहरु

यस जिल्लामा २ वटा जेलहरू रहेका छन्। तुलसीपुरको जेल अंचलस्तरीय जेलको रूपमा रहेको छ। यसको क्षमता १०० जना राख्न सकिने छ। तर यहाँ हाल १३८ जना बन्दीहरू रहेका छन्। अर्को जेल जिल्ला सदरमुकाम घोराहीमा रहेको छ। यसको बन्दी क्षमता २५ जनाको भएता पनि यस वर्षको अन्त्यतिर ६२ जना बन्दीहरू रहेका थिए। ती मध्ये ४६ जना पुरूष, २ जना महिला थुनुवा र १४ जना पुरुष बन्दीहरू रहेका छन्। यस वर्ष यो जेलमा रहेका ठाकुर नेपाली र वीरबहादुर रावतले आफूलाई तुलसीपुर



प्रहरी यातनाका कारण मर्ने भानुप्रताप सिंह चौधरी

कारागारमा सरूवा गरियोस् भनी हडताल एवं अनशन गरेका थिए र प्रशासनको दबाबद्वारा ०५३ वैशाख ११ गते अनशन तोडेका थिए। यो जेलको भौतिक अवस्था ज्यादै जीर्ण छ।

कारागार शाखा घोराहीका बन्दी २३ वर्षीय ठाकुर नेपाली र गिरबहादुर रावत ०५३ वैशाख ११ गते प्रशासनको दबाबद्वारा अनशन तोड्नु परेको बताउँछन्। उनी तुलसीपुर कारागारमा सरूवा माग राखी अनशन कुमन थिए।

१.३ गिरफ्तारी र यातना

शान्तिनगर गाविस-२ का ३३ वर्षीय जितेन्द्रबहादुर के.सी. लाई **०५२ माघ २५ गते** प्रहरीले गिरफ्तार गरे। पीडित नेपाल निजामति कर्मचारी संगठन समर्थक भएकोले रीसइवीका कारण बर्दिया खैरी चन्दनपुरका वीरबहादुर मल्लको उजुरीमा उनलाई गिरफ्तार गरेको बताइन्छ।

गढवा गाविस-४ का २४ वर्षीय नरीश्वर भुसाल र सिसनीया गाविस-३ का ४० वर्षीय देवीजान चौधरीलाई **०५२ फागुन ८ गते** प्रहरीले माओवादी जनयुद्धमा संलग्न भएको आरोपमा गिरफ्तार गर्‍यो।

त्रिभुवननगर नपा-३ का ४१ वर्षीय फणिन्द्र घिमिरेलाई **०५२ फागुन २२ गते** माओवादीको नाममा प्रहरीले गिरफ्तार गर्‍यो। फागुन २६ गते २ जना, २७ गते ६ जना, ३० गते ३ जनालाई माओवादीको आशंकामा गिरफ्तार गरिएको थियो।

त्रिभुवननगर नपा- १० का ३५ वर्षीय हरि बन्जाडे समेत ४ जनालाई **०५२ फागुन २४ गते** माओवादीको आरोपमा प्रहरीले गिरफ्तार गर्‍यो। हरि बन्जाडे, मधुसुदन वैद्य र तारा अधिकारीले ५-६ महिनासम्म पनि दैभिक तारेख खेप्नु परेको थियो।

चैलाही गाविस- २ का २८ वर्षीय क्रमशः नेत्रप्रसाद ज्ञवाली र महेन्द्रनगर नपा-८ का २५ वर्षीय दिलानन्द जोशीलाई **०५३ जेठ ७ गते** इलाका प्रहरी कार्यालय लमहीद्वारा गिरफ्तार गरी यातना दिएको थियो। पीडितहरूलाई लजमा रहस्यमय मृत्युको घटनाको सिलसिलामा विष्णु कार्कीको जाहेरीमा गिरफ्तार गरिएको थियो र ७ दिन पछि छोडिएको थियो।

चैलाही गाविस-२ का ४३ वर्षीय लीला के.सी. र ३६ वर्षीय राजेश क्षेत्रीलाई **०५३ असार २ गते** इलाका प्रहरी कार्यालय लमहीले विनापूर्जी गिरफ्तार गरेको थियो। पीडितलाई जग्गा विवादकै कारण गिरफ्तार गरिएको बताइन्छ। पछि उनीहरूलाई धरौटीमा छाडिएको थियो।

लालमटीया गाविस- ५ र सोनपुर गाविस-६ का ४५ वर्षीय रश्मी नेपाली र ३६ वर्षीय लेखराज रेग्मी समेत ९ जनालाई **०५३ साउन ३१ गते** प्रहरीले गिरफ्तार गरे। उनीहरूलाई दुई घण्टा पछि छाडिएको थियो। पीडितहरूलाई राजमोको केन्द्रीय नीति अनुरूप कालो झण्डा टांग्दा गिरफ्तार गरिएको थियो।

सोनपुर गाविस-६ र त्रिभुवननगर नपा-११ का ३६ र २६ वर्षीय लेखराज रेग्मी र सूर्य पौडेल लगायत ५१ जनालाई **०५३ मदौ २८ गते** प्रहरीले गिरफ्तार गर्‍यो। पीडितहरूलाई साँझ ६ बजे पछि छाडिएको थियो। पीडितहरूलाई महाकाली सन्धिको विरोधमा नेपाल बन्दमा सक्रिय भूमिका निर्वाह गरेको कारण गिरफ्तार गरिएको थियो।



कुटपिट गरी मारिएका जमिल अहमद

रूकुम कार्की गाविस-५ का ५२ वर्षीय रामजित घर्ती समेत १३ जनालाई **०५३ असोज ११ गते** जिल्ला प्रहरी कार्यालय दाङले गिरफ्तार गरी हिरासतमा निर्मम यातना दियो। पीडितहरू सहित २१ जनालाई लागू औषध चरेस ओसार-पसार गरेको अभियोगमा पक्राउ गरिएको थियो। हाल उनीहरूलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

तुलसीपुर नपा-११ का २३ वर्षीय घनश्याम पाण्डेलाई **०५३ मंसीर १३ गते** ईलाका प्रहरी कार्यालय तुलसीपुरले विनापूर्जी गिरफ्तार गरेको थियो। पीडितलाई राजनैतिक प्रतिशोधकै कारण वडा सदस्य पदमबहादुरको उजुरीमा गिरफ्तार गरिएको थियो।

त्रिभुवननगर नपा-१० र हापुर गाविस-८ का २८ र ६४ वर्षीय सूर्यप्रसाद पौडेल र शिवराज गौतमलाई **०५३ मंसीर २६ गते** जिल्ला प्रहरी कार्यालयले गिरफ्तार गरेको थियो। मंसीर २७ को नेपाल बन्द कार्यक्रममा सक्रिय रहेको कारण उनलाई गिरफ्तार गरियो। पीडितहरूलाई भोलिपल्ट साँझ छोडिएको थियो।

हापुर गाविस-८ का ६४ वर्षीय शिवराज गौतम समेत ३ जनालाई **०५३ मंसीर २७ गते** विहानै जिल्ला प्रहरी कार्यालयले नेपाल बन्दको क्रममा पुनः सक्रिय रहेको कारण गिरफ्तार गरेको थियो। पीडितहरूलाई साँझ छोडिएको थियो।

तुलसीपुर नपा-१ का ४४ वर्षीय खिमलाल वि.क.लाई **०५३ मंसीर ३० गते** ईलाका प्रहरी कार्यालय तुलसीपुरले गिरफ्तार गरी यातना दियो। पीडितलाई आत्महत्याको घटनामा हत्याको शंका गरी हिरासतमा लिइएको बताइन्छ।

सैघा गाविस-९ का शिक्षक ३५ वर्षीय मीनराज लम्साल र मा.वि. श्रीवारीका विद्यार्थी १६ वर्षीय होताराम

वि.क.लाई माओवादीको आरोपमा ०५२ चैत १ गते प्रहरीले गिरफ्तार गरे। उनीहरूलाई हिरासतमा यातना दिइएको थियो।

१.४ वेपत्ता पारिएको

विजौरी गाविस-१ का २३ वर्षीय जगुराम चौधरी **०५३ असोज १८ गते** जिल्ला प्रहरी कार्यालयबाट वेपत्ता भएका छन्। उनलाई चोरीको घटनामा पक्राउ गरिएको थियो।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

यस वर्ष यो जिल्लामा ३ वटा राजनैतिक प्रतिशोधका कारण र अन्य व्यक्तिगत रीसइवीका कारण भएका कुटपिटका घटनाहरूमा १ जना महिला समेत १६ जना पीडित भए। ती घटनाहरू मध्ये हेकुली गाविसमा **०५२ फागुन १६ गते** मानवअधिकार कार्यकर्ताहरू भरतमणि ढकाल, चामु चौधरी र जमेरा चौधरीलाई ज्वाला गिरी सहितका व्यक्तिहरूद्वारा कुटपिट गरिएको घटना चर्चित रह्यो।

चैलाही गाविस-२ का ४७ र ३७ वर्षीय क्रमशः तुलसा वि.क. र रामकुमार गुप्तालाई **०५३ वैशाख २२ गते** लमही नगर विकास समितिका अध्यक्ष जइन्द्रबहादुर समेनले कुटपिट गरे। लमही कोइलावास बाटो किनारमा बनेका झुपडीलाई भत्काउने क्रममा उक्त घटना भएको थियो।

१.६ थुनामा मृत्यु

थुनामा मृत्यु भएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

कृषि सामाग्री संस्थानका ३८ वर्षीय मोहन के.सी.लाई **०५३ साउन ६ गते** सोही संस्था अन्तरगतका ३६ वर्षीय मुक्तबहादुर रजौरेले राजनीतिक आस्था भिन्न भएकै कारण युरिया मलको वहानामा कुटपिट गरेको बताइन्छ।

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

जानकारीमा आएन।

२.४ सरुवा / घटुवा / पक्षपात आदि

जानकारीमा आएन।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

जानकारीमा आएन।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

हलवार गाविस-५ की १८ वर्षीय एक युवतीलाई **०५२ माघ २८ गते** तुलसीपुर नपा-५ का धनबहादुर नेपालीले महिला भएकै कारण यातना दिएका थिए। पीडितको काखमा १ बच्चा छ र हाल उनी माइतीमा बस्न विवस छन्।

नारायणपुर गाविस-७ की १८ वर्षीय देवी डि.सी.लाई **०५२ चैत २८ गते** सोही ठाउँकी शारदा के.सी.ले वेपत्ता पारेको अभियोगमा जिल्ला प्रहरी कार्यालयमा मुद्दा दायर गरिएको थियो।

मानपुर गाविस-४ की १२ वर्षीय एक वालिकालाई धनको लालचमा विक्री गरेको अभियोगमा **०५३ वैशाख ११ गते** सोही स्थान वस्ने ४० वर्षीय राजकुमारी बस्नेतलाई गिरफ्तार गरिएको थियो। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

सौडियार गाविस-१ की ६ वर्षीय एक वालिकालाई **०५३ जेठ २७ गते** सोही ठाउँका १० वर्षीय भीमबहादुर वली समेत ३ जनाले सामूहिक बलात्कार गरेको अभियोगमा पीडकलाई गिरफ्तार गरिएको थियो।

मानपुर गाविस-६ की २३ वर्षीय दिपा थापालाई **०५३ असार ३ गते** २५ वर्षीय पति ओम प्रकाश चौधरीले घरबाट निकाली यातना दिए।

पंचकुले गाविस-२ की १७ वर्षीय एक युवतीलाई **०५३ साउन ३० गते** प्रहरी हवल्दार रामबहादुर थापाले बलात्कार गरे।

सैंधा गाविस-७ की १८ वर्षीय एक युवतीलाई **०५३ भाद्र १३ गते** चौलाही गाविस-५ का २३ वर्षीय श्रीराम चौधरीले वेहोस पार्ने औषधि प्रयोग गरी बलात्कार गरे। पीडित औषधि उपचारका लागि घोराही आएकी थिइन्।

ढिकपुर गाविस-४ की १७ वर्षीय एक युवतीलाई **०५३ भाद्र १३ गते** आफ्नो बाबु नेपबहादुर बस्नेतले बलात्कार गरे। यस घटनाले पति पत्नी बीच कुटाकुट भई स्वास्थ्य चौकी धाउनु समेत परेको थियो।

सिसनीया गाविस-५ की २४ वर्षीय एक महिलालाई **०५३ असोज १४ गते** सोही ठाउँका ४२ वर्षीय टीकाराम पौडेलले बलात्कार गरे।

नारायणपुर गाविस-१ की २९ गोमा चौधरीलाई **०५३ पुस १० गते** ३० वर्षीय रमेश चौधरीले महिला भएकै कारण यातना दिइएको बताइन्छ। पीडितलाई तँ पत्नी नै होइनस् भनी दोस्रो विवाह गरी मानसिक यातना दिइएको थियो।

शान्तिनगर गाविस-३ की ३१ वर्षीय एक महिलालाई **०५३ पुस १२ गते** पवननगर गाविस-४ का ४६ वर्षीय विजे कुमालले बलात्कार गरेको अभियोगमा प्रहरी चौकी चिराघाटले गिरफ्नार गरेको थियो। पीडितले उनलाई झारफुक गर्न भनी बोलाएका थिए। १४ गते दुवै पक्षलाई मिलापत्र गराइएको थियो।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

पवननगर गाविस-८ की २५ वर्षीय नर्मदा पाठक घरमा हुँदाहुँदै **०५२ फागुन २९ गते** ३१ वर्षीय पति ढकप्रसाद पाठकले दोस्रो विवाह गरेको अभियोगमा जिल्ला अदालतबाट कारवाही हुँदैछ।

विजौरी गाविस-९ का २२ वर्षीय प्रेमबहादुर खड्काले ०५३ कार्तिक २८ गते लालमतिसंग दोस्रो विवाह गरे। जेठी पत्नी भीमा खड्का हाल न्यायालय पुगेकी छिन्।

गढवा गाविस-६ का २५ वर्षीय ओमप्रकाश चौधरीले **०५३ जेठ १६ गते** नारायणपुर गाविसकी शर्मिला चौधरीसंग दोस्रो विवाह गरे। जेठी पत्नी दिपा थापा हाल अलपत्रमा परेकी छन्।

पवननगर गाविस-४ का चन्द्रबहादुर आलेले लक्ष्मी लोहनीसंग **०५३ मंसीर ११ गते** दोस्रो विवाह गरे।

४.३ गर्भपतन

तुलसीपुर नपा-२ की २१ वर्षीय मतीसरा सिंह ठकुरीले **०५३ मंसीर १५ गते** गर्भपतन गरेको अभियोगमा गिरफ्तार गरी पुर्पक्षका लागि थुनामा राखिएको छ।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

लक्ष्मीपुर गाविस-२ का १३ वर्षीय रामु चौधरी र सौडियार गाविस-९ की १५ वर्षीय चिल्लु चौधरी बीच **०५३ वैशाख ८ गते** बाल विवाह भएको थियो। केटाकेटीका बाबु आमाको सहमतिमा विहे भएको बताइन्छ।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

जानकारीमा आएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

सौडियार-६ का ४५ वर्षीय चुलुवा चौधरी र पत्नी ३९ वर्षीय दर्शनी थरूनीलाई त्रिभुवन नपा-१ का शेरबहादुर बस्नेतले दासत्व स्वीकार नगरेको कारणले **०५३ असोज ६ गते** लुटपिटको झुठ्ठा मुद्दा अदालतमा दायर गरे।

७.२ अन्य अमानवीय व्यवहारहरु / छुवाछूत समेत

चौलाही गाविस-२ की जयन्ती वि.क. र सूर्य वि.क.लाई सोही ठाउँका २४ वर्षीय विष्णु शर्माले होटलमा हात हालेको भनी **०५२ पुस २३ गते** गाली गलौज गरेकी थिइन्।

त्रिभुवननगर नपा- ५ का २५ वर्षीय गोविन्द नेपालीलाई **०५२ साउन १७ गते** अपरिचित व्यक्तिले बेहोस पारी अपहरण गरेको थियो। पीडितले अन्तरजातीय विवाह गरेकोले उक्त घटना भएको बताइन्छ ।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

यस वर्षको प्रमुख घटनाको रूपमा हलवार गाविस-४ का १७ वर्षीय भानुप्रताप सिं चौधरीलाई **०५३ मदौ १५ गते** अस्थायी प्रहरी चौकीका इन्चार्ज अशोक झाको कुटाइबाट भएको मृत्युको घटना रह्यो। यही घटनालाई लिई मानवअधिकार जागरण मंच र मासमको संयुक्त अनुसन्धान टोली बन्यो। सो टोलीले घटनाको बारेमा छानवीन गरी प्रतिवेदन सार्वजनिक गरेको थियो।

९. अतिरिक्त जानकारीहरु (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष यो जिल्लामा ६० जनाले आत्महत्या गरे। ती मध्ये २४ महिला र ३६ जना पुरूषहरू थिए। तिनमा धेरै पुरूषहरूले विष खाएर र धेरै महिलाहरूले झुण्डिएर आत्महत्या गरेका थिए।

■



४. मध्यपश्चिमाञ्चल

राप्ती

४.२ प्युठान

जनसंख्या	१७५४६९
साक्षरता	३२.५ प्रतिशत
महिला साक्षरता	१६.९ प्रतिशत
क्षेत्रफल	१३०९ वर्ग कि.मी.
गाविस/नपा	४९/०
निर्वाचन क्षेत्र	२
विद्यालय/क्याम्पस	१९७/१
अस्पताल/स्वास्थ्य चौकी	१/४०
टेलिफोन लाइन	३५
सडक (कि.मि.)	९५
प्रहरी कार्यालय	१०

यो जिल्ला राप्ती अंचलको पहाडी क्षेत्रमा पर्दछ। अन्य पहाडी जिल्लाहरूको तुलनामा यस जिल्लामा साक्षरताको प्रतिशत बढी रहेको छ। यद्यपि यहाँका अधिकांश जनता मानवअधिकारप्रति भने त्यति सचेत हुन सकेका छैनन्। राजनीतिक पार्टीहरूले यसप्रति गम्भीरताकासाथ चासो देखाएको पाईदैन।

१. सम्मानित रुपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

स्याउलीबाङ्ग गाविस-५ का ५२ वर्षीय दलसिं बुढा मगरलाई **०५३ मदी १७ गते** आफ्नै भाइ कीर्तिमान बुढा र प्रतिमान बुढाले ढुंगाले हिर्काइ हत्या गरे। पीडकहरू मध्येका कीर्तिमान बुढा र उनकी पत्नीलाई प्रहरीले पक्राउ गरी हाल पुर्पक्षका लागि थुनामा राखिएको छ। अन्य पीडकहरू फरार छन्।

बाँगेसाल गाविस-५ की २६ वर्षीय फोडाकली के.सी. (सावित्री) लाई **०५३ असोज १ गते** आफ्नो पति उदयबहादुर के.सी.ले खुर्पा प्रहार गरी हत्या गरे। पीडक आफै प्रहरी कार्यालयमा पुगेर साविती बयान दिएका थिए। ०५३ असोज १७ गते अदालतमा पेश गरिएकोमा अदालतको आदेशले हाल पुर्पक्षको लागि थुनामा राखिएको छ।

फप्ली गाविस र लुङ गाविसको सीमामा **०५३ मंसीर २० गते** प्रहरी र नकावधारीहरू बीच दोहोरो गोली हानाहान भयो। उक्त घटनामा नजिकैको मिलमा बसेका लिलाबहादुर गिरी गोली लागी घाइते भए। उनको बायाँ खुट्टामा गोली लागेको थियो। नकावधारीहरू नेकपा (माओवादी) का कार्यकर्ता भएको बताइन्छ।

स्वैरा गाविस-२ का ५६ वर्षीय तारादेवी सुनारलाई **०५३ पुस ११ गते** आफ्नै बुहारी कमलादेवी सुनारले बञ्चराको पासोले हिर्काएर हत्या गरिन्। पीडकका पति विष्णुबहादुरको जाहेरी दर्खास्तका आधारमा पीडकलाई प्रहरीले पक्राउ गऱ्यो। हाल उनलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

१.२ जेल र बन्दीहरु

यस जिल्लामा रहेको जेलको भवन ज्यादै जीर्ण छ। चर्पी र पानीको राम्रो व्यवस्था छैन। यस वर्षको अन्त्यतिर यस जेलमा २१ जना पुरूष र ९ जना महिला रहेका थिए। ती मध्ये थुनुवा पुरूष १६ र महिला ७ तथा कैदी ५ पुरुष र २ महिला छन्। कुनै सिपमूलक तालिम तथा साक्षरता कक्षा संचालन हुन नसकेको बन्दीहरूको गुनासो छ।

१.३ गिरफ्तारी र यातना

गाम गाविस-९ का वेलबहादुर पुन, उडबहादुर पुन, खिमबहादुर पुन, शमशेर बहादुर पुन र काले पुन समेत ५ जनालाई **०५३ जेठ २८ गते** पूजा गाविसको इलाका प्रहरी कार्यालयले माओवादीको आरोपमा गिरफ्तार गऱ्यो। उनीहरूलाई अड्डा सार गर्दै रोल्पा पुऱ्याइएको थियो।

रोल्पा गाम गाविस-५ का दलविर बुढा

आफ्नै पतिद्वारा हत्या गरिएकी फोंडाकली के.सी.

मगर, हस्तबहादुर बुढा मगरलाई **०५३ जेठ ३२ गते** इलाका प्रहरी कार्यालय पूजाले माओवादीको आरोपमा पक्राउ गरेर अड्डा सार गर्दै रोल्पा पुऱ्यायो।

१.४ बेपत्ता पारिएको

जानकारीमा आएन।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

सांसद नवराज सुवेदी र जिविस सभापति कर्णध्वज के.सी. लाई **०५३ कार्तिक २९ गते** राती विजुवार गाविस-६ मा मैलो खेलिरहेको अवस्थामा केही व्यक्तिहरूले गाली बेइज्जती गरी धम्की दिएका थिए।

यस वर्ष यो जिल्लामा ८ वटा कुटपिटका घटनाहरू सार्वजनिक जानकारीमा आए। ती घटनाहरूमा ७ जना पुरुष र २ जना महिलाहरू पीडित भए। पीडित पुरुषहरू मध्ये एकजना आफ्नै पत्नीको खुकुरी प्रहारबाट घाइते भएका थिए।

१.६ थुनामा मृत्यु

थुनामा मृत्यु भएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

जानकारीमा आएन।

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा १ सय ९० मुद्दा दर्ता भए ती मध्ये १३ वटा प्रहरीबाट आएका थिए।

२.४ सरुवा / घटुवा / पक्षपात आदि

जिल्ला जनस्वास्थ्य कार्यालयका सहलेखापाल मधुसुदन पौडेललाई **०५२ पुस २४ गते** सम्ममा ५ महिनाको अवधिमा ३ ठाउँ सरूवा गरियो। नेपाल निजामति कर्मचारी संगठनमा लागेकै कारण दुःख दिएको कुरा पीडित बताउँछन्।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

जानकारीमा आएन।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

स्वाङ गाविस-१ की एक महिलालाई **०५३ वैशाख १९ गते** २ जना अपरिचित व्यक्तिहरूले बलात्कार गरी लुटपिट समेत गरे।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

खुङ गाविस-३ का खिमबहादुर के.सी ले घरमा पत्नी हुँदाहुँदै सोही ठाउँकी १४ वर्षीय शान्ता न्यौपानेसंग ०५२ फागुन २८ गते दोस्रो विवाह गरे।

विजुवार गाविस-६ का सुवर्ण कुमार श्रेष्ठले ०५३ कार्तिक १५ गते घरमा पत्नी हुँदाहुँदै **०५३ कार्तिक १५ गते** सुनिता कार्कीसंग दोस्रो विवाह गरे।

४.३ गर्भपतन

रजवारा गाविस-१ को मुगाकुमारी मल्लले **०५३ वैशाख १ गते** बच्चा जन्माएर फ्याँकिदिइन्। आफ्ना पति विदेश गएको अवस्थामा परपुरूषसंगको संसर्गबाट उनी गर्भवती भएको बताइन्छ। पीडक मुगा कुमारीलाई हाल पुर्पक्षका लागि थुनामा राखिएको छ।

ओखरकोट गाविस-२ की फुर्सी सुनारनीले **०५३ वैशाख २१ गते** बच्चा जन्माएर मिल्काइन्। पीडकलाई प्रहरीले पक्राउ गरी पुर्पक्षका लागि थुनामा राखेको छ।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

जानकारीमा आएन।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

जानकारीमा आएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहारहरु / छुवाछूत समेत

जानकारीमा आएन।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

जानकारीमा आएन।

९. अतिरिक्त जानकारीहरु (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष दुर्घटनामा परी यस जिल्लामा ६ जनाको मृत्यु भयो। विपत्तिमा परी ११ जनाको मृत्यु भयो।

आत्महत्याबाट १३ जनाको मृत्यु भयो। ती मध्ये ७ जना पुरुष र ६ जना महिलाहरू थिए।

■



४. मध्यपश्चिमाञ्चल

राप्ती

४.३ रोल्पा

जनसंख्या	१७९६२१
साक्षरता	२७.५ प्रतिशत
महिला साक्षरता	१०.१ प्रतिशत
क्षेत्रफल	१८७९ वर्ग कि.मी.
गाविस/नपा	५०/०
निर्वाचन क्षेत्र	२
विद्यालय/क्याम्पस	२७३/०
अस्पताल/स्वास्थ्य चौकी	१/३७
टेलिफोन लाइन	३३
सडक (कि.मि.)	३९
प्रहरी कार्यालय	२८

यो जिल्ला मध्यपश्चिममा पर्ने पहाडी जिल्ला हो। यस वर्ष नेकपा (माओवादी) ले संचालन गरेको "जनयुद्ध" को कारण भएका हिंसापूर्ण गतिविधिहरूले यो जिल्ला चर्चित रह्यो। जनयुद्ध र त्यसलाई दमन गर्ने नाममा सरकारी पक्षबाट भएका कार्वाहीमा चार दर्जनभन्दा बढी व्यक्तिले आफ्नो ज्यान गुमाउन पर्‍यो। "जनयुद्ध" मा संलग्न भएको आरोपमा कैयौं निर्दोष नागरिकहरूलाई प्रहरीले गिरफ्तार गरी निर्मम यातना दिएका घटनाहरू पनि सार्वजनिक भए। जिल्ला विकास समितिका सभापति झक्कुप्रसाद सुवेदीलाई लगाइएको आरोप र उहाँलाई गरिएको गिरफ्तारी तथा यातनाले समेत यस कुराको पुष्टि गर्दछ।

१. सम्मानित रुपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

होमा गाविस-९ रिसवाङका २८ वर्षीय मिठ्ठु भन्ने दिलबहादुर घर्तीको **०५२ फागुन १५ गते** बेलुका कोटगाउँबाट घरतिर आउँदै गर्दा होमा गाविस-९ रिसवाङमा नकावधारीहरूले आक्रमण गरी कुटपिट गरेको कारणबाट फागुन १६ गते बिहान मृत्यु भयो। आक्रमणकारीहरू माओवादीसंग सम्वद्ध रहेको बताइन्छ।

करेटी गाविस-२ तुक्लाका ३४ वर्षीय दिलबहादुर घर्तीलाई सिवाङको गोठमा सुतिरहेको अवस्थामा **०५२ फागुन १९ गते** कुटपिट गरी हत्या गरे। पीडक माओवादी समर्थक भएको आशंका करेटी गाविसका उपाध्यक्ष कृष्ण वहादुर वलीले वताए।

मिभिङ गाविस-५ सुलिचौर बजारमा **०५२ फागुन १९ गते** राती विष्फोटक पदार्थ विष्फोट हुँदा सारी गाविस-२ का २३ वर्षीय विष्णुप्रसाद पौडेल र तालवाङ गाविसका ३८ वर्षीय भाजिमान बुढाको मृत्यु भयो। पीडितहरू मध्ये विष्णु पौडेलको फागुन २० गते विहान र ३० वर्षीय भाजिमान बुढाको काठमाडौंमा उपचार गर्दागर्दै मृत्यु भएको थियो। सोही घटनामा अन्य २ जना पनि घाइते भएका थिए। माओवादीका कार्यकर्ताहरूले उक्त विष्फोटन गराएको आशंका गरिएको छ।

होमा गाविस-८ का २९ वर्षीय जयधन थापा, सोही गाविस-५ का २४ वर्षीय इन्द्रजित पुन र ३४ वर्षीय लहरे पुनलाई **०५२ चैत ६ गते** घरभित्रबाट बाहिर ल्याई राती प्रहरीले गोली हानी हत्या गरे। उक्त घटना हुँदा माओवादीहरूले जंगलमा प्रहरीलाई पासो थापेको, सो पासोमा प्रहरी परेपछि माओवादीले प्रहरीमाथि आक्रमण गरेको प्रहरीले सुरक्षाका लागि गोली चलाउँदा ती ३ जनाको मृत्यु भएको र अरू भाग्न सफल भएको प्रहरी नायव उपरीक्षक जितबहादुर पुन बताउँछन्।

गैरिगाउँ गाविस-९ का ३० वर्षीय चोपबहादुर डाँगी र दाङ जिल्ला तुल्सीपुर नपा-११ का २१ वर्षीय गेहेन्द्र गिरीलाई **०५२ चैत १३ गते** राती दुविडाँडा-४ र ५ सीमानामा प्रहरीद्वारा गोली हानी हत्या गरियो। प्रहरी स्वयंले दुवै लाश जलाएका थिए। पीडितहरूलाई अघिल्लो दिन प्रहरीद्वारा माओवादी जनयुद्धमा लागेको अभियोगमा पक्राउ गरिएको थियो।

मिरूल गाविस-५ का ३६ वर्षीय मुलमान बुढालाई **०५२ चैत १५ गते** राती प्रहरीले गोली हानी हत्या गर्‍यो। माओवादी जनयुद्धमा संलग्न भएको आशंकामा ०५२ चैत १४ गते उनलाई प्रहरीले पक्राउ गरेको थियो। गोली हान्नु भन्दा पहिला निर्मम यातना दिएको हुन सक्ने कुरा पीडितको लाश देख्नेहरू बताउँछन्।

खुङ्ग्री गाविस-३ का ३२ वर्षीय विनबहादुर परियारलाई **०५२ चैत १९ गते** राती प्रहरी चौकी खुङ्ग्रीमा प्रहरी सहायक निरीक्षक परमानन्द जोसीले पेस्तोल प्रहार गरी हत्या गरे। पीडितले बोका नदिएको झोंकमा माओवादी भन्दै प्रहरीद्वारा उनलाई पक्राउ गरिएको थियो। हत्या गरिनु पूर्व उनलाई सख्तसँग कुटपिट गरिएको थियो । उनी नेकपा (मसाल) संग सम्बद्ध थिए।

लिवाङ गाविस-३ का ९ वर्षीय फर्कराज घर्तीलाई **०५२ चैत २४ गते** सौतेनी बाबु प्रेमबहादुर बुढाले वन्चरोले हानी हत्या गरे। हाल पीडक पुर्पक्षका लागि थुनामा रहेका छन्।

कोटगाउँ गाविसका उपाध्यक्ष ३८ वर्षीय तिलकराम

बुढालाई **०५२ चैत २९ गते** बेलुका प्रहरीले घरको नजिक वृक्षारोपण गरिएको वननेर गोली हानी हत्या गरे। तिलकराम मसाल जुलुसमा गएको र अटेर गर्दा शान्ति सुरक्षाका लागि गोली चलाउँदा मृत्यु भएको प्रहरीको भनाइ छ। उनी संजमो नेपालवाट निर्वाचित भएका थिए।

राङसी गाविस-९ का २० वर्षीय दिपक पुन घरमा आमाको किरिया बसेको समयमा **०५३ वैशाख १४ गते** विहान ४ बजे प्रहरीले गोली हानी घाइते बनाइ गिरफ्तार गरेको थियो। उनलाई हेल्थसेन्टर लिवाङमा साधारण औषधि उपचार मात्र गरिएको थियो। हाल हात हतियार खरखजाना मुद्दामा पूर्पक्षका लागि थुनामा राखिएको छ।

गाम गाविस-८ झारसानीका ३२ वर्षीय दुजविर घर्तीलाई झारसानीको जंगलमा **०५३ जेठ ३ गते** विहान प्रहरीले गोली हानी हत्या गरे। सो घटना पछि पोष्टमार्टम नगरी प्रहरीले उक्त लाशलाई जलाएका थिए।

गाम गाविस-४ डाँडाधाराका ३० वर्षीय टेकबहादुर बुढालाई **०५३ साउन २० गते** सोही गाउँको कार्जङ भन्ने जंगलमा गएको समयमा प्रहरीले गोली हानी हत्या गरे। सो घटना भएपछि लाशको पोष्टमार्टम नगरी नातेदारहरूलाई नबुझाई प्रहरीले नै जलाएका थिए।

उवा गाविस-२ का २३ वर्षीय नरेन्द रोका र सोही गाविस-५ का २४ वर्षीय अमर झाक्री (गोरे घर्ती) लाई सेरम गाविस-९ का ४५ वर्षीय मैते पुनको घरमा सुतेको समयमा **०५३ साउन २२ गते** राती १२ बजे प्रहरीले गोली हानी हत्या गरे।

जेलवाङ गाविस-९ का १४ वर्षीय दुते बुढा, सोही गाविस-९ का २९ वर्षीय पर्मान बुढा, १८ वर्षीय विरबहादुर बुढा, सोही गाविस- ४ का १९ वर्षीय लालबहादुर बुढा र वडा नं. ७ का ३२ वर्षीय हस्तबहादुर बुढा समेत ५ जनालाई **०५३ साउन २४ गते** जेलवाङ गाविस-९ वाट पक्राउ गरी ०५३ साउन २६ गते जिल्ला सदरमुकाम ल्याउने क्रममा जैमाकसला गाविस-१ मा पर्ने नारावाङको धुरीनेर ४ जनालाई प्रहरीले गोली हानी हत्या गरे। हस्तबहादुर बुढालाई भीरवाट लडाएर हत्या गरे। प्रहरी र ३५ जना माओवादीहरूसंग भिडन्त हुँदा उक्त घटना भएको हो भनी प्रहरीले जनाएको थियो। सो घटना पछि प्रहरीले उनीहरूको लाश पोष्टमार्टम नगरी अलि-अलि जलाएर एउटै खाडलमा पुरेका थिए।

उवा गाविस-८ का ३७ वर्षीय कालीबहादुर घर्तीलाई **०५३ भदौ ७ गते** बेलुका नकावधारीहरूले कुटपिट गरी हत्या गरे। हत्या भएपछि लासको पोष्टमार्टम गरिएन। यस घटनामा माओवादी कार्यकर्ताको हात रहेको आशंका गरिएको छ।

मिरूल गाविस-८ का ३५ वर्षीय कर्णबहादुर बुढालाई आफ्नो घरवाट **०५३ कार्तिक ७ गते** बेलुका प्रहरीले पक्राउ गरे। सदरमुकाम लिवाङ्ग ल्याउने क्रममा बाटोमै गोली हानी उनको हत्या गरिएको थियो। घर परिवारलाई उनको हत्या भएको थाहा दिइएन र पोष्टमार्टम पनि नगरी प्रहरीहरूले लाश जलाएका थिए।

जैमकसला गाविस-२ का २५ वर्षीय आइते रोकालाई आफ्नो घरमा बसिरहेको समयमा **०५३ कार्तिक २३ गते** राती केही नकावधारीहरूले हत्या गरे। नकावधारीहरू माओवादी भएको आशंका गरिएको छ।

मिरूल गाविस-४ का ४६ वर्षीय मनबहादुर रोका, थवाङ गाविसका ३५ वर्षीय विष्णु रोका, मनबहादुर रोकाको घरमा बसेको समयमा नकावधारीहरूले **०५३ कार्तिक २७ गते** बेलुका गोली हानी हत्या गरे। गोलीबाट मनबहादुर रोकाको छोरा १८ वर्षीय हितबहादुर रोका सख्त घाइते भएका थिए।

मिरूल गाविस-५ का ७६ वर्षीय वर्दान रोका, सोही गाविसका ४५ वर्षीय वलप्रसाद रोका, ५७ वर्षीय सिंहबहादुर बुढा, २२ वर्षीय कुमारी बुढा र ४० वर्षीय दिलमान रोकालाई **०५३ मंसीर २ गते** आ-आफ्नो घरवाट प्रहरीले पक्राउ गरी प्रहरी चौकी मिरूलतर्फ लैजाँदा सोही गाविस-८ रेउघाली खोलानेर गोली हानी हत्या गरे। तर प्रहरीले जंगल अप्रेशन गर्ने क्रममा ६० जना माओवादीहरू र प्रहरी बीच भीडन्त हुँदा ती ५ जनाको हत्या भएको र अरू भाग्न सफल भएको बताउँछ।

जेलवाङ गाविस-४ का ३५ वर्षीय भरत रोका आफ्नो परिवार सहित सदरमुकाम लिवाङ जादै गर्दा जेलवाङको भुर्तिवाङ भन्ने ठाउँमा आइपुग्दा **०५३ मंसीर ४ गते** विहान अचानक चलाइएको २ फायर गोलीबाट आफ्नो २ वर्ष ६ महिनाको छोरा नविन रोका र आफू सख्त घाइते भएका थिए। उक्त गोली चलाउने व्यक्ति हालसम्म खुल्न सकेको छैन। भरत रोका नेपाली कांग्रेसका कार्यकर्ता हुन्। माओवादीले आक्रमण गरेको हुनु पर्ने आशंका गरिएको छ।

होमा गाविस-२ मा **०५३ मंसीर ५ गते** मिरूलबाट गस्ती गरी फर्केका प्रहरीहरूले गाउँदेखि तल ४ राउण्ड गोली फायर गरेर जनतालाई तर्साएका थिए।

सेरम गाविस-६ डाँकीवाङका ३८ वर्षीय गंगाराम घर्तीलाई **०५३ मंसीर १३ गते** सोही गाउँको लिपुङ भन्ने ठाउँमा अज्ञात व्यक्तिले गोली हानी हत्या गरे। हत्या माओवादी कार्यकर्ताबाट भएको आशंका गरिएको छ।

मिरूल गाविस-८ का ४६ वर्षीय जकबहादुर बुढा र सोही गाविस-९ का ३० वर्षीय प्रेमबहादुर डाँगीलाई **०५३ मंसीर १५ गते** सोही गाविस-६ भेडाखोर भन्ने ठाउँमा अज्ञात व्यक्तिहरूले आक्रमण गरी हत्या गरे। हत्या कसले गरेको हो हालसम्म खुल्न सकेको छैन। तर दुवै राप्रपा समर्थक थिए। उक्त आक्रमण माओवादीले गरेको आशंका गरिएको छ।

मिरूल गाविस-४ का २५ वर्षीय जानबहादुर पुन र सोही गाविस-६ की २२ वर्षीय सुनसरा बुढालाई **०५३ मंसीर २० गते** मिरूल गाविस चैते खुटीमा गएको समयमा राती प्रहरीले पक्राउ गरी गोठ बाहिर ल्याएर गोली हानी हत्या गरे।

१.२ जेल र बन्दीहरु

यस जिल्लामा रहेको जेलमा ५० जना बन्दी राख्न सकिने क्षमता छ। यस वर्षको अन्त्यतिर यहाँ ७५ पुरूष र ४ जना महिला सहित ७९ थुनुवा, कैद तोकिएका २ जना र नावालक केटा १ जना र केटी १ जना गरी जम्मा ८३ जना रहेका छन्। कहिलेकाँही १०० जनासम्म राखिन्छ। यहाँ नअटाएमा अन्यत्र कारागारमा स्थानान्तर गर्ने गरिन्छ। यस पटक दाङ तुलसीपुर, नेपालगञ्ज र अन्यत्र गरी

२२ जनालाई स्थानान्तर गरिएको थियो भने १ जना स्थानान्तर गरी ल्याइएको थियो। यस जेलको क्षमता कम र थुनुवा धेरै भएकोले जेल प्रशासनले चाहे बमोजिमको सहुलियत दिन सकेको छैन। यस जेलमा स्नान, बस्न, सुत्न निकै अप्ठेरो रहेको बन्दीहरू बताउँछन्। पानी संचय गर्ने ट्याङ्की नभएको हुँदा खानेपानीको पाइप बिग्रिदा र कहिलेकाँही धारो बन्द हुँदा खानेपानीको अभाव हुने गरेको छ।

प्रहरी यातनाका कारण अस्पतालको शैय्यामा झक्कुप्रसाद सुवेदी

१.३ गिरफ्तारी र यातना

लिवाङ्ग गाविस-७ का २४ वर्षीय रूद्रबहादुर महरालाई प्रहरीले माओवादी जनयुद्धमा संलग्न भएको आरोप लगाई **०५२ फागुन १५ गते** लिवाङ्गको टुँडीखेलबाट गिरफ्तार गऱ्यो। उनलाई ३० दिनसम्म विनापूर्जी हिरासतमा राखेको थियो। उनलाई संजमोका केन्द्रीय उपाध्यक्ष तथा पूर्व सांसद कृष्णबहादुर महराको बारेमा जानकारी माग्दै शारीरिक तथा मानसिक यातना दिएको कुरा पीडित बताउँछन्।

गजुल गाविस-४ पानी पोखरा बस्ने रोल्पा जिल्ला विकास समितिका सभापति ३४ वर्षीय झक्कुप्रसाद सुवेदीलाई होलेरी चौकी तोडफोड गरेको, विष्फोटक, हातहतियार खरखजाना र ज्यान मार्ने उद्योग गरेको आरोप लगाई **०५२ फागुन ३ गते** सदरमुकाम लिवाङबाट प्रहरीले गिरफ्तार गऱ्यो। हिरासतमा उनलाई कुटपिट गरेर गम्भीर यातना दिइएको थियो। ०५२ चैत १२ गते जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा राख्ने आदेश दिए पछि उनलाई लिवाङबाट तुलसीपुर कारागारमा सरूवा गरियो। हिरासतको समयमा दिइएको शारीरिक यातनाको कारण उनको स्वास्थ्य बिग्रदै गएपछि मानवअधिकारवादी संस्थाहरू समेतको दबावमा भद्रबन्दी गृह काठमाडौंमा सरूवा गरियो।

होमा गाविस-९ रिसवाङका ३५ वर्षीय कृतिमान कामीलाई दाङ घोराहीबाट घरतिर आइरहेको समयमा **०५२ फागुन ३ गते** प्रहरीले पक्राउ गरेको थियो। उनलाई विभिन्न मुद्दामा फसाइएको छ। उनलाई हिरासतमा निकै यातना दिइएको थियो।

खुमेल गाविस-४ का २९ वर्षीय नरेन्द्र थापालाई **०५२ फागुन ५ गते** माओवादी गतिविधिमा संलग्न भएको आरोपमा खुमेल-५ सातदोबाटो चौकीका प्रहरीले पक्राउ गरे। उनलाई हिरासतमा यातना दिइएको थियो। जिल्ला अदालतको आदेशमा पुर्पक्षका लागि थुनामा राखेको छ।

दाङ जिल्ला लक्ष्मीपुर गाविस-२ घर मै होलेरीमा पसल गरी बस्ने २६ वर्षीय विनोद शर्मालाई **०५२ फागुन १९ गते** प्रहरी चौकी तोडफोड गरी ज्यान मार्ने उद्योग गरेको आरोपमा प्रहरीले पक्राउ गऱ्यो। हिरासतमा यातना दिइएको थियो। पछि अदालतको आदेशमा पुर्पक्षको लागि थुनामा राखियो।

कोटगाउँ गाविस-१ का १७ वर्षीय दिलबहादुर घर्ती, १८ वर्षीय कुलबहादुर घर्ती, २० वर्षीय गोविन्द घर्ती, २० वर्षीय धनबहादुर घर्ती, २६ वर्षीय लालबहादुर घर्ती, १७ वर्षीय लाले घर्ती र जंकोट गाविस-१ का ५२ वर्षीय लेखबहादुर पुन, २६ वर्षीय लिलबहादुर पुन, २० वर्षीय जानसिं पुनलाई प्रहरीले माओवादीको आरोप लगाई **०५२ फागुन २२ गते** ढोका फोरी सुतिरहेको अवस्थामा पक्राउ गऱ्यो। हिरासतमा उनीहरूलाई यातना दिएको थियो।

धवाङ गाविस-३ का ५५ वर्षीय चुनलाल रोका सोही गाविसका ६२ वर्षीय मैते रोका, ५२ वर्षीय पंचबहादुर रोकालाई प्रहरीले **०५२ फागुन २६ गते** राती माओवादीद्वारा निकालिएको मसाल जुलसको क्रममा गिरफ्तार गरी कुटपिट गरे।

लिवाङ गाविस-३ का १७ वर्षीय मानबहादुर बुढा र चन्द्रबहादुर घर्ती, दाङ घोराहीबाट घरतिर आइरहेको समयमा रोल्पाको होलेरी बजारमा प्रहरीले **०५२ फागुन ३० गते** गिरफ्तार गऱ्यो। उनीहरूलाई हातहतियार खरखजना लगायतका ४ वटा मुद्दा लगाइएको थियो र हाल जिल्ला अदालतको आदेशमा पुर्पक्षका लागि थुनामा राखिएको छ।

राङसी गाविस-५ का २५ वर्षीय नौसरा घर्तीलाई प्रहरीले आफ्नो पति लुकाई राखेको आरोप लगाई **०५३ जेठ १५ गते** राती घर भित्र पसेर तेरो पति कहाँ छ भन्दै कुटपिट गरेका थिए।

धवाङ्ग गाविस-६ का ५६ वर्षीय मिउराज बुढालाई प्रहरीले रमन पुनको जाहेरीमा आगलागी र कर्तव्य ज्यानको मुद्दा लगाई **०५३ असार १४ गते** बिहान विनापूर्जी गिरफ्तार गरे।

बुढागाउँ गाविस-३ का ३२ वर्षीय कर्णबहादुर घर्तीलाई प्रहरीले माओवादी गतिविधिमा लागेको आरोप लगाई **०५३ साउन ४ गते** घरमा छापामारी गिरफ्तार गरे।

जंकोट गाविस-१ का ४० वर्षीय खुमबहादुर पुनलाई प्रहरीले आफ्नो घर नजिक मकै खनिरहेको अवस्थामा होलेरी प्रहरी चौकीमा आक्रमण गरेको आरोप लगाई **०५३ मंदी २९ गते** दिउँसो पक्राउ गरे। हिरासतमा प्रहरीद्वारा निकै यातना दिएको कुरा पीडित बताउँछन्।

धवाङ्ग गाविस-६ का १८ वर्षीय कुलबहादुर घर्तीलाई **०५३ कार्तिक ५ गते** प्रहरी गस्तीमाथि आक्रमण गऱ्यो भन्ने आरोप लगाई पक्राउ गरी कुटपिट गरे।

लिवाङ्ग गाविस-६ का ३० वर्षीय भीमकान्त आचार्यलाई **०५३ कार्तिक १५ गते** घरतिर आउँदै गर्दा प्रहरीमाथि आक्रमण गरेको आरोप लगाई ५ बजे प्रहरीले पक्राउ गऱ्यो। उनीहरूलाई बेसरी कुटपिट गरी जिल्ला प्रहरी कार्यालयमा राखिएको थियो।

लिवाङ्ग गाविस-६ का जितकुमार शर्मालाई **०५३ कार्तिक १७ गते** प्रहरीमाथि आक्रमण गरेको आरोपमा घरमै सुतिरहेको अवस्थामा राती कुटपिट गर्दै गिरफ्तार गऱ्यो।

धवाङ्ग गाविस-६ का २४ वर्षीय हरिबहादुर बुढालाई

प्रहरीले सदरमुकाम लिवाङ्ग आइरहेको समयमा प्रहरीमाथि आक्रमण गरेको आरोप लगाई **०५३ कार्तिक २१ गते** कुटपिट गर्दै जिल्ला प्रहरी कार्यालयमा पुऱ्याएका थिए।

दाङ डुरूवा गाविस-८ का २९ वर्षीय राजेश धितालालाई प्रहरी सहायक निरीक्षक विजयप्रताप शाहले **०५३ मंसीर १३ गते** माओवादीको आरोप लगाई शिक्षक संघको एकता गोष्ठीबाट फिर्ता भैरहेको अवस्थामा कुटपिट गर्दै प्रहरीले चौकीमा पुऱ्यायो।

इरिवाङ्ग गाविस-९ का ५१ वर्षीय हरिप्रसाद दाहाललाई **०५३ मंसीर १६ गते** डाका गरेको आरोप लगाई प्रहरीले विनापूर्जी गिरफ्तार गऱ्यो।

घर्तीगाउँ गाविस-४ का ५० वर्षीय देवसिंङ घर्तीलाई **०५३ मंसीर १६ गते** प्रहरी हवल्दार हर्कबहादुर निरौलाले माओवादीको आरोप लगाई नास्ता खाइरहेको अवस्थामा कुटपिट गरे।

१.४ बेपत्ता पारिएको

जानकारीमा आएन।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राङसी गाविस-१ झिवाङ्गधाराका ३२ वर्षीय सालिकराम पुन र उनकी पत्नीलाई घरमा बसेको बेला नकावधारीहरूले घरभित्र गई **०५२ फागुन १ गते** कुटपिट गरी सख्त घाइते बनाएका थिए। आक्रमणकारीहरू माओवादी भएको आशंका गरिएको छ।

राङसी गाविस-७ स्वरगाउँका ४५ वर्षीय जयबहादुर घर्तीलाई घरमा सुतेको अवस्थामा नकावधारीहरूले **०५२ फागुन १ गते** राती घरभित्र गई कुटपिट गरी सख्त घाइते बनाए। नकावधारीहरू माओवादी भएको आशंका गरिएको छ।

पाछावाङ गाविस-५ का ३४ वर्षीय खड्कबहादुर बुढा र सोही गाउँका ५१ वर्षीय धनवीर बुढालाई घरमा सुतेको अवस्थामा **०५२ फागुन १ गते** राती नकावधारीहरूले कुटपिट गरी सख्त घाइते बनाए। पीडक को हुन थाहा हुन सकेको छैन तर उनीहरू माओवादी भएको आशंका गरिएको छ।

इरिवाङ गाविस-७ का ३० वर्षीय नरबहादुर डाँगीलाई घरमा सुतेको समयमा नकावधारीहरूले **०५२ फागुन १ गते** राती ११ बजे घरभित्र गई कुटपिट गरी सख्त घाइते बनाएका थिए। नकावधारीहरू माओवादी भएको आशंका गरिएको छ।

धवाङ गाविस-४ धाङसीका १८ वर्षीय पर्सन रोका, उनको बुबा ५० वर्षीय कुलविर रोका, आमा ४५ वर्षीय विनी रोका र २० वर्षीय जीवनप्रसाद रोकालाई **०५२ फागुन १२ गते** घरभित्र सुतेको अवस्थामा नकावधारीहरूले राती कुटपिट गरे। पर्सन रोका र कुलविर रोका सख्त घाइते भएका थिए। नकावधारी को हुन हालसम्म थाहा हुन सकेको छैन तर पर्सन रोका संजमो त्याग गरी नेपाली कांग्रेसमा प्रवेश गरेका थिए। कुटपिट गर्ने माओवादी हुन सक्ने आशंका गरिएको छ।

धवाङ गाविस-४ धाङसीका ५० वर्षीय केशमान घर्ती र आफ्नो पत्नी बेलु घर्ती घरमा सुतेको समयमा **०५२ फागुन १२ गते** राती १ बजे नकावधारीहरूले कुटपिट गरेका थिए। केशमान घर्ती सख्त घाइते भएका थिए। उक्त कुटपिट गर्ने व्यक्ति को हुन हालसम्म थाहा हुन सकेको छैन। तर पीडित नेपाली कांग्रेस समर्थक हुन्। पीडकहरू माओवादी हुन सक्ने आशंका गरिएको छ।

गाम गाविस-१ का ४५ वर्षीय लिलबहादुर बुढा **०५२ चैत ९ गते** राती आफ्नो घरमा सुतेको समयमा नकावधारीहरू घरभित्र गई कुटपिट गरेर हात खुट्टा भाँचि दिएका थिए।

सिर्प गाविसका उपाध्यक्ष ५९ वर्षीय चुडाबहादुर खड्का र उनका भाइ ४० वर्षीय डोरबहादुर खड्का लगायत अरू १६ जना सहित वडाचौर गाविस नाम्जाबाट आएर घरतिर फर्कदा सिर्प गाविसमा पर्ने भिङ्ग्री पाटीनेर आइपुग्दा नकावधारीहरूले **०५२ चैत २१ गते** बेलुका आक्रमण गरे। कुटपिटबाट खड्काद्वय सख्त घाइते भएका थिए। नकावधारीहरू माओवादी भएको आशंका गरिएको छ।

गाम गाविसका उपाध्यक्ष ४८ वर्षीय साउने बुढालाई **०५२ चैत २३ गते** सोही गाउँको लुङछुङको गोठमा सुतेको समयमा अज्ञात व्यक्तिहरूले कुटपिट गरी सख्त घाइते बनाएका थिए। तेवाङ गाविस-३ का ३४ वर्षीय चिन्तबहादुर रोका, ५४ वर्षीय दाईराज रोका, मिफिङ गाविस-८ का ४० वर्षीय जमान सिं पुनलाई नकावधारीहरूले ०५२ फागुन ३ गते राती कुटपिट गरेका थिए र सबै जना सख्त घाइते भएका थिए। ती नकावधारीहरू माओवादी भएको आशंका गरिएको छ।

उवा गाविस-४ का ३२ वर्षीय रेवतीबहादुर घर्ती, सोही गाविस-७ जन्तरे लेखको गोठमा सुतेको समयमा **०५३ असार २६ गते** राती नकावधारीहरूले आँखामा विषालु पदार्थ हाली बेसरी कुटपिट गरी बायाँ आँखा फुटाइ दिए।

सिउरी गाविस-२ भाङ्गलीका २९ वर्षीय पहले रोका आफ्नो घरमा बुबा र बहिनी सहित ३ जना सुतेको समयमा **०५३ मंसीर २९ गते** राती ९ बजे मोसो लगाएको अपरिचित व्यक्तिले आक्रमण गरे। उनलाई खुकुरीले घाँटीमा काटी सख्त घाइते बनाइएको थियो।

१.६ यातनामा मृत्यु

उवा गाविस-४ पुसवाङका २० वर्षीय इमानसिं रोकालाई **०५२ चैत ११ गते** ज्यान मार्ने उद्योग मुद्दाको तारेख लिन जिल्ला अदालतमा गएको समयमा प्रहरीले पक्राउ गरी हिरासतमा राख्यो। १२ गते राती प्रहरी हिरासतमा यातना दिई उनको मृत्यु भयो। प्रहरीले उनको लाश आफन्तलाई दिएनन्। इमान सिङलाई जन्डिस रोग लागेको र सोही कारणबाट इमानसिं रोकाको मृत्यु भएको डि.एस.पी. जितबहादुर पुनले बताए।

तेवाङ गाविस-४ का ३१ वर्षीय भक्तबहादुर सुनारलाई **०५३ साउन १० गते** आफ्नो घरबाट प्रहरीले गिरफ्तार गरेको थियो। ०५३ साउन ११ गते राती प्रहरीले बेसरी यातना दिंदा उनको हिरासतमा मृत्यु भयो। ०५३ साउन १२ गते राती मिफिङ गाविस-४ मा पर्ने जुतुङ खोलाको नजिकमा प्रहरीले नौ फायर अन्धाधुन्धा गोली चलायो र त्यसै दिन माओवादीसंग भिडन्त हुँदा भक्तबहादुर सुनारको मृत्यु भएको कुरा प्रहरीले बताएको थियो। तर हिरासतमा मृत्यु भएपछि लाश रातारात सुलिचौर पुऱ्याइयो र प्रहरीसंग भीडन्त भएको बहाना बनाएको थियो। उक्त लासलाई पोष्ट मार्टम नै नगरी, घर परिवारलाई मृत्यु भएको जानकारी नदिइ प्रहरीले नै जलाएका

थिए।

इरिवाङ गाविस-७ का २४ वर्षीय लक्ष्मणसिं डाँगीलाई **०५३ मंसीर १७ गते** प्रहरी चौकी घर्ती गाउँको हिरासतमै गोली हानी हत्या गरियो। पीडित खड्कालाई ०५३ मंसीर १५ गते दिउँसो प्रहरी चौकी बागमाराले पक्राउ गरी अड्डासार गर्दै घर्तीगाउँ पुऱ्याएको थियो। हत्या गरिसकेपछि पीडितको लासलाई अलि-अलि जलाएर खाडलको पुरिएको थियो। तर उनलाई लिवाङ ल्याउँदै गर्दा भाग्न खोजेकोले गोली हान्नु परेको प्रहरी सूत्रको दावी छ। पीडित अनेरास्ववियूका कार्यकर्ता भएको बताइन्छ।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

सदरमुकाम लिवाङमा **०५३ वैशाख ११ गते** आयोजित नेकपा (एमाले) को जनसभामा आउँदै गरेका केही सहभागीहरूलाई लिवाङ गाविस-३ मा पर्ने हुम्जा खोलामा नकाब लगाएका केही व्यक्तिहरूले बाटो छेकेर ढुंगा प्रहार गरी आउन दिएनन्।

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा जम्मा १ सय ५४ वटा मुद्दा दर्ता भए। जसमा ५० मुद्दा किनारा लागे। यसै गरी जिल्लाको प्रशासन कार्यालयमा ३२ वटा मुद्दा दर्ता भएकोमा ७ वटाको मात्र फैसला भयो। सार्वजनिक अपराधका मुद्दामात्र १५ वटा दर्ता भए। यस वर्ष जिल्ला प्रशासन कार्यालयमा दर्ता गरिएका सार्वजनिक अपराध सम्बन्धी मुद्दाहरू माओवादी जनयुद्ध दमन गर्ने नाममा प्रहरीबाट लगाइएका मुद्दा हुन्। यसैगरी जिल्ला अदालतमा दायर गरिएका मुद्दाहरू पनि उक्त घटनासंग नै सम्बन्धित बनाइएका छन्। प्रहरीले एउटै व्यक्तिलाई एउटै घटनामा ४ किसिमका मुद्दा दायर गरेको छ।

२.४ सरुवा / घटुवा / पक्षपात आदि

जानकारीमा आएन।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

जानकारीमा आएन।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

जेदवाङ गाविस-२ की ४६ वर्षीय एक महिला र उनकी २१ वर्षीय छोरीलाई **०५२ चैत २ गते** राती प्रहरीहरू घरभित्र पसी सामूहिक बलात्कार गरे। पीडितहरू पछि घर छोड्न बाध्य भए। प्रहरीले बाबु छोरालाई पक्राउ गर्न चाहेको थियो, नभेटेपछि आमा छोरी माथि यस किसिमको दूर्व्यवहार गरेको बताइन्छ।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

गुम्चाल गाविस-८ तल्लो गुम्चालका २७ वर्षीय प्रजापति विष्टले घरमा पत्नी र छोराछोरी हुँदाहुँदै **०५२ माघ १२ गते** दोस्रो विवाह गरेका थिए।

लिवाङ गाविस-५ सिउधाराका २७ वर्षीय हरिबहादुर के.सी.को पत्नी २६ वर्षीय स्विर्मा के.सी र २ छोरा, १ छोरी हुँदाहुँदै **०५३ असार ५ गते** २२ वर्षीय कृष्णा के.सी.संग दोस्रो विवाह गरे।

४.३ गर्भपतन

लिवाङ गाविस-८ तिम्ली खर्ककी अविवाहित २० वर्षीय लालमनि गुरूङले **०५३ वैशाख १७ गते** गर्भपतन गरिन्। आफ्नो घरको तल लगी फालेको भनी गाउँलेहरूले अभियोग लगाए पछि उनलाई प्रहरीले पक्राउ गरी अदालतमा पेश गऱ्यो। अदालतले धरौटीमा छोड्ने आदेश गरेकोमा सो रकम बुझाउन नसकेर उनी हाल जेलमै बसेकी छन्।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

जानकारीमा आएन।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

जानकारीमा आएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहारहरु / छुवाछूत समेत

जानकारीमा आएन।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

यस जिल्लामा माओवादी जनयुद्ध नियन्त्रण गर्ने प्रहरीले सर्वसाधारण नागरिकहरूलाई घरमा बसेको अवस्थामा पक्राउ गरी हत्या गर्ने गरेको, हिरासतमा पनि मानिस मारिएको, नेपाली कांग्रेस र प्रहरीको मिलोमतोबाट गाउँमा कुखुरा खाने, महिला, बृद्ध, नाबालकहरूलाई पक्राउ गरी गोली हानी मारेको भनी नेकपा (एमाले) जिल्ला कमिटीले यस्तो क्रियाकलाप रोक्ने माग गर्दै विज्ञप्ति जारी गरेको थियो।

९. अतिरिक्त जानकारीहरु (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष यो जिल्लामा ट्राफिक दूर्घटनामा १ जनाको मृत्यु भयो। आगलागीका २ वटा घटनाहरू भएकोमा १ जना घाइते भए। यस वर्ष ४ जना पुरुषले झुण्डिएर आत्महत्या गरे भने पहिरोमा परी २ जनाको मृत्यु भयो। जंगली जनावरको आक्रमणबाट १८ जनाको मृत्यु भयो। ■



४. मध्यपश्चिमाञ्चल

राप्ती

४.४ सल्यान

जनसंख्या : १८१७८५
साक्षरता : २९.६ प्रतिशत
महिला साक्षरता : १२.४ प्रतिशत
क्षेत्रफल : १४६२ वर्ग कि.मी.
गाविस/नपा : ४७/०
निर्वाचन क्षेत्र : २
विद्यालय/क्याम्पस : २९५/1
अस्पताल/स्वास्थ्य चौकी : १/२४
टेलिफोन लाइन : ६
सडक (कि.मि.) : ४६
प्रहरी कार्यालय : ९

सल्यान राप्ती अंचलमा पर्ने पहाडी जिल्ला हो। अशिक्षा र अन्धविश्वासले यहाँका जनतालाई आक्रान्त पारेको छ। केही वर्ष यता मानवअधिकारप्रति जिल्लावासीहरू विस्तारै सजग बन्दै गइरहेका छन्। राजनैतिक प्रतिशोध तथा व्यक्तिगत रीसइवीका कारण कुटपिट तथा हत्या गर्ने वा झुठा मुद्दामा फसाउने क्रम भने अझै रोकिएको छैन।

१. सम्मानित रुपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

थारमारे गाविस-४ का २० वर्षीय शिवराज के.सी.को लास **०५३ असार १३ गते** छुरी र खुकुरी प्रहारबाट अङ्गभङ्ग अवस्थामा नजिकैको च्याङ्ग्रे खोलामा भेटियो। हत्याको अभियोगमा पुर्पक्षका लागि थारमारे गाविस-५ का टेकबहादुर डि.सी., सोही गाविस-४ का लिला के.सी., लिलाबहादुर के.सी. लगायतका ९ जनालाई प्रहरीले पक्राउ गरे। उनीहरूलाई पुर्पक्षको लागि थुनामा राखिएको छ।

मर्मपरिकाँडा गाविस-६ की ४२ वर्षीय भद्रकली रानालाई **०५३ असार २० गते** आफ्नै सौतेलो छोरा लुके रानाले बन्चरो प्रहार गरी हत्या गरे। सम्पत्तिको विषयमा उत्पन्न विवादका कारण उक्त घटना भएको बताइन्छ।

दाङ तुल्सीपुर नपा-५ का २९ वर्षीय जमुनाप्रसाद गुप्ताको **०५३ असोज १२ गते** हत्या भयो। हत्यामा संलग्न भएको आरोपमा स्यानीखाल गाविसका खड्गबहादुर वलीलाई प्रहरीले पक्राउ गरे। हाल उनी पुर्पक्षका लागि जिल्ला कारागार सल्यानमा थुनामा रहेका छन्।

खीकोट गाविस-९ का ४५ वर्षीय धनबहादुर बुढाथोकीलाई **०५३ कार्तिक १० गते** स्थानीय मेलामा अपरिचित व्यक्तिले खुकुरी प्रहार गरी हत्या गरे। यस घटनामा माओवादीको संलग्नता रहेको आशंका गरिएको छ।

कालिमाटी रामपुर गाविस-८ का ६४ वर्षीय भक्तबहादुर वली **०५३ कार्तिक २१ गते** कटवीर खोलामा मृत अवस्थामा फेला परे। पीडित अघिल्लो दिन बेलुकी खाना खाएर गोठघरमा सुत्न गएका थिए। उक्त घटनाका पीडकहरू पत्ता लाग्न सकेका छैनन्।

१.२ जेल र बन्दीहरु

यहाँको जेल धेरै पुरानो र जीर्ण अवस्थामा रहेको छ। २० जना राख्न सकिने क्षमता भएको यो कारागारमा ४७ जना पुरुष, १ महिला गरी ४८ जना कोचिएको छ। थुनुवा र कैदीहरू भन्छन्- "कपडा, भाडा, औषधि उपचार समयमा पाइदैन। हातमा सिप भएर के गर्नु कामको व्यवस्था पनि छैन, ठाउँ पनि छैन" कारागार शाखाका कर्मचारीहरू पनि कारागार भवनको अवस्थाप्रति र कारागार व्यवस्थापन विभागबाट ढिलासुस्तीबाट प्राप्त हुने असुविधाप्रति दिक्दारी प्रकट गर्दै सानो भूकम्प आएमा जीउ ज्यानको खतरा भएको बताउँछन्।

१.३ गिरफ्तारी र यातना

कालागाउँ गाविस-२ का २८ वर्षीय प्रेमबहादुर शाह र सोही गाविस-१ का ३० वर्षीय प्रतापसिं राठौरलाई **०५२ फागुन ८ गते** माओवादी गतिविधिमा संलग्न भई सार्वजनिक अपराध गरेको अभियोगमा गिरफ्तार गरी यातना दिइयो। उनीहरूलाई पुर्पक्षको लागि थुनामा राखिएको छ।

कोरवाङ झिम्पे गाविस-४ का १७ वर्षीय तेजबहादुर खड्का र १८ वर्षीय देवबहादुर डाँगीलाई **०५२ फागुन १० गते** आगलागी र डकैती अभियोगमा गिरफ्तार गरियो।

बाँफुखोला स्थित दुर्गा प्रा.वि.का शिक्षक तथा नेपाल राष्ट्रिय शिक्षक संगठन केन्द्रीय प्रतिनिधि ३० वर्षीय दिलबहादुर वलीलाई **०५२ फागुन ११ गते** संगठनको वैठक बसेको समयमै प्रहरीद्वारा गिरफ्तार गरियो र तुरुन्तै छोडियो। उनलाई माओवादीको आशंकामा गिरफ्तार गरेको बताइन्छ।

कोटमौला गाविस-३ का २१ वर्षीय अ.हे.व. गंगाराम

बुढाथोकीलाई **०५२ फागुन १४ गते** विनापूर्जी थारमारे प्रहरी चौकीका प्रहरीहरूले गिरफ्तार गरी यातना दिए। पीडित माओवादी समर्थक भएको आशंकामा यातना दिएको बताइन्छ।

थारमारे गाविस-६ का ३७ वर्षीय नीमबहादुर डाँगीलाई माओवादी गतिविधिमा संलग्न भएको आशंकामा **०५२ फागुन १४ गते** राती ९ बजे गिरफ्तार गरी निर्ममता पूर्वक यातना दिइयो।

कोटमौला गाविस-३ का २८ वर्षीय लोकमान बुढाथोकीलाई **०५२ फागुन १४ गते** प्रहरीहरूले विनापूर्जी गिरफ्तार गरी यातना दिए।

दार्माकोट गाविस-७ का २८ वर्षीय टंकप्रसाद वली, २४ वर्षीय डम्बर रोका, २२ वर्षीय झिमबहादुर समेतलाई मिलमा वम प्रहार र आगलागी अभियोगमा **०५२ फागुन १५ गते** गिरफ्तार गरी यातना दिइयो। किटानी उजुरी झरेन्द्र चन्दले दिएका थिए। उनीहरूलाई कारागारमा पठाइयो।

दार्माकोट गाविस-७ का २८ वर्षीय टंक वलीलाई थारमारे प्रहरी चौकीका प्रहरीले माओवादी जनयुद्धमा संलग्न भएको आशंकामा **०५२ फागुन १६ गते** विनापूर्जी गिरफ्तार गरी यातना दिएको पीडित बताउँछन्।

बडागाउँ गाविस-४ का ३८ वर्षीय उमाकान्त शर्मा लगायत अन्य ४ जनालाई **०५२ फागुन २२ गते** माओवादीको जनयुद्धमा सहभागी भएको अभियोगमा गिरफ्तार गरी यातना दिइयो र ०५२ चैत १९ गते चोरी, डकैती आदिको मुद्दा लगाई जेल चलान गरियो।

दार्माकोट गाविस-८ का ५२ वर्षीय सदु वलीलाई प्रहरीहरूले **०५३ असोज १९ गते** निर्ममता पूर्वक यातना दिए।

१.४ वेपत्ता पारिएको

जानकारीमा आएन।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

यस वर्ष यो जिल्लामा कुटपिटका ३ वटा घटनाहरू चर्चामा आए जसमा ३ जना पीडित भएका छन्। एउटा कुटपिटको घटना राजनीतिक व्यक्तिद्वारा गरिएको थियो भने अर्को चर्चित घटना वाँफू गाविसका अध्यक्ष ५५ वर्षीय जीतबहादुर वलीलाई ०५२ फागुन ६ गते अज्ञात व्यक्तिद्वारा कुटपिट गरिएको थियो। पीडितलाई हेलिकप्टरद्वारा उपचारार्थ काठमाडौं पुऱ्याइएको थियो।

१.६ थुनामा मृत्यु

थुनामा मृत्यु भएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

भल्चौर- फारूल चौरमा **०५३ वैशाख १७ गते** नेकपा (एमाले) को पार्टी इलाका अधिवेशन सम्पन्न गरी सोही रात

हत्या गरिएका शिवराज के.सी.

सांस्कृतिक कार्यक्रम देखाउँदा सुरेश चन्द समेतका केही व्यक्तिहरूले कार्यक्रम विथोल्ने लाग्दा धरपकड भएको थियो। सो हमलामा नेकपा (एमाले) जिल्ला सचिव प्रकाश ज्वाला समेत थुप्रैका नाममा कुटपिट मुद्दा लगाइएको छ।

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

जानकारीमा आएन।

२.४ सरुवा / घटुवा / पक्षपात आदि

जानकारीमा आएन।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

जानकारीमा आएन।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

सेजवालटाकुरा गाविस-६ की ४२ वर्षीय एक महिलालाई **०५३ कार्तिक २७ गते** सोही ठाउँका चक्रबहादुर खत्रीले बलात्कार गरे। गाउँलेहरूको सहयोगमा पीडकलाई पक्राउ परियो। अदालतको आदेशमा उनी धरौटीमा छुटेका थिए।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

जानकारीमा आएन।

४.३ गर्भपतन

जानकारीमा आएन।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

जानकारीमा आएन।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

जानकारीमा आएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहारहरु / छुवाछूत समेत

खलंगा गाविस-६ की २१ वर्षीय लक्ष्मी नेपालीलाई **०५३ साउन ८ गते** मिलघरमा पीठो छोइदिइन् भन्ने दोष लगाई खलंगा-५ की हिमा राणा र शान्ति हमालले गाली गलौज गर्नुका साथै पीठो समेत जिम्मा लगाएका थिए।

सेजवालटाकुरा गाविस-७ की २२ वर्षीय सिता नेपाली ०५२ मंसीर महिनादेखि सोही ठाउँको २३ वर्षीय बुद्धबहादुर सुनारसंग संसर्गबाट गर्भधारण गरिन्। सार्की र सुनार जातको अन्तरबाट बुद्धबहादुरले नस्याहारेकोले माइतीमै बस्न बाध्य भएकी छन्।

मार्के गाविस-४ की २२ वर्षीय सुमित्रा वि.क.लाई **०५३ पुस १० गते** कुवामा पानी ल्याउन गएको बखत पानीको छिटा परी छोइ दिएको भन्ने निहुँमा सोही गाउँकी भगवती के.सी. समेत ३ जनाले सार्वजनिक बाटोमा कुटपिट गरे। पीडितले जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएकी छन्।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

जानकारीमा आएन।

९. अतिरिक्त जानकारीहरु (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष यो जिल्लामा सवारी दुर्घटनामा परी एक जनाको मृत्यु भयो। यसै गरी डुबेर १ जनाको मृत्यु भयो। आगलागीमा २ वटा घटना भए।

■



४. मध्यपश्चिमाञ्चल

राप्ती

४.५ रूकुम

जनसंख्या : १५५५५४
साक्षरता : २८.७ प्रतिशत
महिला साक्षरता : ११.३ प्रतिशत
क्षेत्रफल : २८७७ वर्ग कि.मी.
गाविस/नपा : ४३/०
निर्वाचन क्षेत्र : २
विद्यालय/क्याम्पस : २२७/१
अस्पताल/स्वास्थ्य चौकी: १/१५
टेलिफोन लाइन : ४
सडक (कि.मि.) :
प्रहरी कार्यालय : २४

रूकुम जिल्ला पहाडी तथा दुर्गम जिल्ला हो। यो वर्ष नेकपा माओवादीहरूको जनयुद्धले रूकुम जिल्ला पनि चर्चाको केन्द्रमा रह्यो। माओवादी जनयुद्ध नियन्त्रण गर्ने नाउँमा प्रहरीको गोलीद्वारा यो वर्ष २० जना मानिस मारिएका छन् भने माओवादीहरूका आक्रमणबाट १२ जनाको मृत्यु भएको छ। यसका साथै गिरफ्तारी, यातना र झुटा मुद्दाका अनेकौं घटनाहरू भए।

१. सम्मानित रुपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

महत गाविसका पूर्व उपप्रधानपञ्च कृष्णबहादुर बुढालाई **२०५२ फागुन १३ गते** आफ्नै घरमा सुतिरहेको समयमा केही अज्ञात व्यक्तिहरूले कुटपिट गरी हत्या गरे। पीडकहरूको बारेमा थाहा हुन सकेको छैन। यो घटना माओवादी आन्दोलनकारीबाट भएको भनी सजमो (डा.) समूहका शोभा गाविसका उपाध्यक्ष मानबहादुर हमाल, शोभा गाविस-३ का हरिबहादुर थापा, महत गाविसका गणेशमान लगायतका व्यक्तिहरूलाई गिरफ्तार गरी पुर्पक्षका लागि जेल चलान गरिएको थियो। हाल मानबहादुर हमाल, हरिबहादुर थापा र गणेशमानलाई पुनरावेदन अदालत दाङ, तुल्सीपुरले तारेखमा छोड्ने आदेश दिएको छ।

पिपल गाविस मेलगैरीमा **२०५२ फागुन १५ गते** राती २६ वर्षीय कलबहादुर के.सी., २५ वर्षीय मनबहादुर के.सी., १५ वर्षीय खड्कबहादुर के.सी., ३० वर्षीय पशुपति के.सी., २१ वर्षीय नरबहादुर (लालबहादुर) के.सी. र ३० वर्षीय दलबहादुर के.सी.लाई बाँफीकोटबाट गएको प्रहरी टोलीले गोली हानी हत्या गऱ्यो।

प्वाङ्ग गाविस-१ छिपखोलाका १८ वर्षीय जोखबहादुर पुन र ४८ वर्षीय दलबहादुर पुनलाई **२०५२ फागुन २९ गते** राती आफ्नै घरबाट बाहिर ल्याई प्रहरीले गोली हानी हत्या गरे। दिलबहादुर पुनका छोरा गणेशमान पुन संजमोका कार्यकर्ता भएको कारण छोरो कहाँ छ? भनी मानसिक यातना दिंदा थाहा छैन भनेको हुँदा घरबाट आगनमा ल्याई गोली हानी हत्या गरेको र जोखबहादुर पुनलाई आफ्नै घरको डिलमा उभिएको बेला गोली हानेको बताइन्छ।

कात्री गाविस त्रिवेणी बजारमा दिउँसो व्यापार गरी बस्ने ३५ वर्षीय धनमाया श्रेष्ठ, सोही गाउँका ५० वर्षीय जयबहादुर बुढा महत, सोही गाविस-५ का जग्गा नापी गर्न गएका ६७ वर्षीय चक्रबहादुर श्रेष्ठलाई **२०५२ चैत ५ गते** प्रहरीले गोली हानी हत्या गरे। पीडितहरूलाई माओवादी भनेर प्रहरीले गोली चलाएको थाहा भएको छ। चक्रबहादुर श्रेष्ठ राप्रपाका जिल्ला नेता तथा पूर्व जिल्ला उपसभापति हुन्।

हुकाम गाविसका २२ वर्षीय भर घर्तीलाई **२०५२ चैत १६ गते** नेकाका कार्यकर्ता कुमवीर घर्तीले प्रहरीको बन्दुक मागेर गोली हानी हत्या गरे।

कात्री गाविसका गाविस अध्यक्ष ४६ वर्षीय दुधबहादुर पुनमगरलाई **२०५२ चैत १७ गते** आफ्नो गोठमा सुतिरहेको समयमा प्रहरीले गोली हानी हत्या गरे। उनी सजमो (डा.) समूहबाट गाविसमा निर्वाचित जनप्रतिनिधि हुन्। प्रहरीले माओवादी आन्दोलनमा संलग्न रही प्रहरीसंग दोहोरो भिडन्त गर्दा गोली लागेको बताउँछ।

विजेश्वरी गाविस-६ का प्रा.वि. शिक्षक ३० वर्षीय जनकप्रसाद पोखे्रलालाई **२०५३ बैशाख ७ गते** केही व्यक्तिहरूले हत्या गरे। उक्त हत्याको अभियोगमा सोही ठाउँका नरबहादुर वटाला, तुलाराम वटाला र मेगबहादुर कुमालेलाई जिल्ला अदालत रूकुमले पुर्पक्षका निम्ति जेल चलान गर्ने आदेश गरेको छ।

चुनवाङ गाविस-७ का २० वर्षीय मस्तबहादुर विष्टलाई **२०५३ बैशाख १३ गते** प्रहरीले गोली हानी हत्या गरे। पीडित सोही गाउँको एउटा घरमा बसेर गीत गाइरहेको समयमा प्रहरी टोली पुग्यो। प्रहरी देखी भाग्दा उनलाई पछाडिबाट गोली हानिएको थियो। पीडित सजमो (भट्टराई) पक्षीय विद्यार्थी संगठनका प्रतिभाशाली कलाकार हुन्।

रूकुम जेल

सिम्ली गाविस-१ का ३७ वर्षीय धनसिङ खड्कालाई **२०५३ वैशाख २१ गते** अज्ञात व्यक्तिले खुकुरी प्रहार गरी हत्या गरे। पीडितलाई माओवादी कार्यकर्ताबाट हत्या गरिएको आशंका गरिएको छ।

तकसेरा गाविस-७ मा आगलागी भयो भनेर **०५३ वैशाख २३ गते** घटनास्थल तर्फ गइरहेको प्रहरी र केही नकाबधारी व्यक्तिहरू बीच झडप भयो। त्यही क्रममा अज्ञात नकाबधारीहरूले भरूवा बन्दुकबाट चलाएको गोली लागी प्रहरी हवल्दार झगेन्द्र मल्ल र प्रहरी जवान सूर्यबहादुर खड्काको मृत्यु भयो।

प्याङ गाविस-१ का सुतिरहेका व्यक्तिहरूलाई **०५३ जेठ १७ गते** माओवादी आन्दोलनमा लागेको भनी प्रहरीले गोली हान्दा सोही गाविस-१ का १९ वर्षीय हर्कबहादुर पुनको घटनास्थलमै मृत्यु भयो। नरहरी पुन, कर्णबहादुर पुन, हसमान पुन लगायत ६ जनालाई प्रहरीले गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालयमा पुऱ्यायो।

विजेश्वरी गाविस-८ का ३९ वर्षीय सरजन दमाईलाई **२०५३ असार ३१ गते** खुकुरीले हानी हत्या गरेको आरोपमा सोही ठाउँ बस्ने २५ वर्षीय पुने कामीलाई जिल्ला अदालत रूकुमले पुर्पक्षका निम्ति जेल चलान गर्ने आदेश दिएको छ। घरायसी वादविवादका कारण सो घटना भएको बताइन्छ।

पिपल गाविसका अध्यक्ष ४० वर्षीय देउचन वस्नेतलाई **२०५३ असार ३० गते** अज्ञात व्यक्तिले खुकुरी प्रहार गरी हत्या गरे। उनलाई माओवादीहरूले हत्या गरेको आशंका गरिएको छ।

मग्मा गाविस-१ का ३५ वर्षीय मनिराम खत्रीलाई **२०५३ साउन २३ गते**का दिन दिउँसो १ बजे आफ्नै गाउँको पसलमा चुरोट किन्न जाँदा अज्ञात व्यक्तिले खुकुरी प्रहार गरी हत्या गरे। उक्त हत्यामा नेकपा माओवादीको संलग्नता भएको आशंका गरिएको छ।

दुली गाविस-३ की ३३ वर्षीय तुलसी पुनको **२०५३ मङ्सीर १७ गते** हत्या भयो। यस घटनाको आरोपमा पीडितका देवर प्राणे पुनलाई प्रहरीले पक्राउ गरी पुर्पक्षको लागि थुनामा राखिएको छ।

घेत्मा गाविस-१ का २४ वर्षीय तस्वीरे कामीलाई **२०५३ असोज १० गते** सोही ठाउँका २८ वर्षीय भरूने कामीले मारेको अभियोगमा जिल्ला अदालत रूकुमले पीडकलाई पुर्पक्षका निम्ति जेल चलान गर्ने आदेश गरेको छ।

खारा गाविसका अध्यक्ष ३० वर्षीय टेकबहादुर ओलीलाई **२०५३ असोज २६ गते** अज्ञात व्यक्तिले खुकुरी प्रहार गरी हत्या गरे। पीडित नेकाबाट गाविसमा निर्वाचित भएका थिए। उनलाई माओवादीले हत्या गरेको बताइन्छ।

हुकाम गाविसका २५ वर्षीय कुमवीर घर्तीलाई **२०५३ कार्तिक १८ गते** अज्ञात व्यक्तिले खुकुरी हानी हत्या गरे। उनको हत्या माओवादीद्वारा भएको बताइन्छ।

विजेश्वरी गाविस-२ का २२ वर्षीय दलबहादुर वनगोसाहीलाई **२०५३ पुस २ गते** खुकुरी प्रहार गरी हत्या गरियो। उक्त हत्या गरेको अभियोगमा सोही गाउँका शिबे वनगोसाही, प्रेमबहादुर वनगोसाही, डिलेबहादुर वनगोसाही, सुरे वनगोसाही, वीरबहादुर वनगोसाही, झुपबहादुर वनगोसाही र थिम्पे वनगोसाहीलाई प्रहरीले गिरफ्तार गरेको थियो।

१.२ जेल र बन्दीहरु

रूकुम जेल जीर्ण अवस्थामा रहेको छ। वर्गीकरण अनुसार "घ" श्रेणीमा पर्दछ। यसको बन्दी क्षमता १५ जनाको छ। यस वर्षको अन्त्यतिर पुर्पक्षका निम्ति रहेका ६७ थुनुवा र ७ जना कैद तोकिएका गरी जम्मा ७४ जना रहेका छन्। जसमा पुर्पक्षका निम्ति रहेका ३ जना महिला छन्। २ जना महिलाका १/१ जना छोरा र छोरी साथमा छन्। बन्दीलाई नियमित तरिकाले कपडा लुगाफाटा नदिएको गुनासो बन्दीको रहेको छ। औषधि उपचारको राम्रो व्यवस्था छैन। यस सम्बन्धमा जेलरसंग कुरा राख्दा उनको भनाइ यस्तो छ- "एक महिनामा औषधि खर्च २०० रूपैयाँ मात्र उपलब्ध गराइने गरिएको र डाक्टरी सिफारिसमा २ दुईहजारको औषधि किन्नु पर्ने हुन्छ। मैले कसरी पुऱ्याउने? चामल निम्न स्तरको दिइने गरेको कुरा बन्दी बताउँछन्। खेलकुद, मनोरञ्जनका सामान जेलमा उपलब्ध छैन। जनादेश साप्ताहिक पनि जेलमा पढ्न नदिएको कुरा बन्दी बताउँछन्। पानी, धारा र चर्पी १/१ वटा मात्र छ। लुगा-कपडा धुन र दिसा गर्न लाईनमा लाग्नु पर्ने बाध्यता छ।

माओवादी आन्दोलनमा संलग्न भएको आरोपमा थुनामा परेकाहरूको संख्या ४५ रहेको छ। बन्दी विद्यार्थीहरूले परीक्षा दिन नपाएको गुनासो गरे। हालसम्म पनि रूकुम जेलका १८ जना बन्दीहरूलाई नेल लगाइएको छ। यस सम्बन्धी प्रश्न जेलरसंग राख्दा सुरक्षाका निम्ति नेल लगाइएको बताउँछन्।

१.३ गिरफ्तारी र यातना

जिल्ला प्रहरी कार्यालय रूकुमका केही प्रहरीहरूले **२०५३ जेठ ४ गते** राती सल्यान कोटमौला गाविसका २३ वर्षीय मेगराज डाँगी, कास्की जिल्ला सिन्दुर गाविसका २६ वर्षीय तुलसीप्रसाद आचार्य र बाँके जिल्ला सीतापुर गाविस-९ ए गाउँका ३७ वर्षीय गणबहादुर वि.क.लाई सदरमुकाम जिल्ला प्रहरी कार्यालय अगाडिको होटेलमा वास बसेको समयमा कोठाभित्र पसी कुटपिट गरे। केही सामान, नगद समेत लुटेर लगे। यो कुरा कसैलाई भनेमा तिमीहरू माओवादी हौ भनी हामी जिल्ला प्रहरी

कार्यालयमा पु-याएर कारवाही गर्छौं भनी भागेका थिए। भोलिपल्ट स्थानीय जनताको सहयोगमा पीडकलाई फेलापारी प्रहरी नायव उपरीक्षक लाई बुझाई लुटिएका सामान फिर्ता गराएका थिए। पीडकलाई विभागीय कारवाही गर्ने वचन प्रहरी नायव उपरीक्षकले दिएका थिए।

पिपल गाविस-७ का २४ वर्षीय कलवहादुर पौडेललाई **२०५३ जेठ १० गते** पिपल प्रहरी चौकीका प्रहरीले गिरफ्तार गरी यातना दिए। पीडितका वावु नन्दराम पौडेल र अध्यक्ष देउचन वस्नेतवीच जग्गा सम्वन्धी सर्वोच्चमा मुद्दा चलिरहेको छ। सोही रीसइवी साध्न माओवादी हो भनी प्रहरीलाई पोल लगाएका थिए।

माध्यमिक विद्यालय कोलका शिक्षक २६ वर्षीय गोकुल गुरूङ्गलाई **२०५३ असार ४ गते** प्रहरीले गिरफ्तारी गरी पक्राउ पूर्जी नदिएर जिल्ला प्रहरी कार्यालय पु-याई अमानवीय यातना दिइयो। पीडितको गुदद्वारवाट लामो समयसम्म रगत वग्यो। पीडकलाई माओवादी भएर प्रहरी मारेको आरोप लगाइएता पनि अदालतले साधारण तारेखमा छोडेको छ।

काक्री गाविसका २५ वर्षीय करवहादुर रोका **२०५३ असार १८ गते** आफै प्रहरीमा पुगे। माओवादीहरूद्वारा प्रहरी मारिएको घटनामा संलग्न भएको आरोपमा उनलाई मुद्दा लगाइएको थियो। प्रहरीले सदरमुकाम जिल्ला प्रहरी कार्यालयमा ल्याई गम्भीर यातना दियो, छातीमा वुटले हान्दा उनको मुखवाट रगत वग्न थाल्यो। मुटु दुख्न थालेपछि अन्तिम अवस्थामा जिल्ला अस्पतालमा उपचार गराई उनलाई कारागारमा राखिएको थियो।

रूकुम जिल्लामा ०५२ फागुनदेखि शुरू भएको माओवादी आन्दोलनमा लागेको आरोपमा दर्जनौं मान्छेलाई प्रहरी हिरासतमा यातना दिइयो। शिक्षक लालसिंह अधिकारीलाई हिरासतमा नै मारेको चर्चा भयो। उनलाई गम्भीर यातना दिइएको थियो। कसैसंग १ महिनासम्म भेट गर्न दिइएन। शोभा गाविस-२ का मानवहादुर हमाल, शोभा गाविस उपाध्यक्ष, टेकवहादुर वुढा, जिविस सदस्य ओमप्रकाश घर्ती, सजमो जिल्ला अध्यक्ष विशेश्वर पोखरेल, राजकुमार विष्ट, गणेश पुन, लिलाप्रसाद सुनुवार, पेवाराज चन्द्र, हंसमान पुन, मोते चनारा, ललित ओली, धने विष्ट लगायतका व्यक्तिहरूको फिलाबाट मासु निकाली पेल्ने, छातीमा वुटले हिर्काउने, पिन ठोक्ने, पैतालामा हिर्काउने आदि यातना दिइएको कुरा पीडितहरू वताउँछन्। महत गाविस अध्यक्ष देववहादुर वुढा, श्यालापाखा गाविस-२ का इन्दवहादुर वुढा, पिपल गाविस-५ का शेरवहादुर के.सी., मा.वि. कोलका शिक्षक वरराज वुढा, जाङ्ग गाविस-८ का रामवहादुर रोका, पिपल गाविस-७ का थलविर नाथ, जाजरकोट जिल्ला खगेनकोट गाविस-२ दल्लीका महेन्द्र परियार र प्रतीप जैसी लगायतका व्यक्ति पनि हिरासतमा यातनाका शिकार बने।

माथिका सवै व्यक्तिलाई माओवादी क्रियाकलापमा संलग्न रहेको आरोपमा गिरफ्तार गरिएको वताइन्छ।

१.४ वेपत्ता पारिएको

जानकारीमा आएन।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

मोरावाङ्ग गाविस सीमाका ३५ वर्षीय जमलाल पुनलाई **२०५२ फागुन ५ गते** आफ्नै घरमा अज्ञात व्यक्तिको जमातले कुटपिट गरी खुट्टा भाँचिदिए।

पिपल गाविस घर भई प्रा.वि. अमलाचौरका शिक्षक २८ वर्षीय नरजित वस्नेतलाई **२०५२ फागुन १३ गते** केही अज्ञात व्यक्तिहरूले कुटपिट गरी एउटा हात काटी दिए। यस घटनामा नेकपा माओवादीहरू संलग्न रहेको वताइन्छ।

कोल गाविस-७ का २८ वर्षीय झट्टबहादुर गरूङ्गलाई **२०५३ जेठ १६ गते** अज्ञात व्यक्तिले कुटपिट गरे। उनी नेकपा (एमाले) वाट वडा नं. ७ का वडा सदस्य थिए। केही स्थानीय व्यक्तिको मकै हराएकोमा उनले स्थानीय केही व्यक्ति उपर प्रहरीलाई उजुरी दिएर पैसा असुल्न लगाएको कारण त्यो कारवाही गरिएको वताइन्छ। यो घटनामा माओवादी कार्यकर्ता संलग्न भएको कुरा पीडित वताउँछन्।

हुकाम गाविस-६ का तुलवहादुर घर्तीलाई **२०५३ असार ६ गते** केही अज्ञात व्यक्तिहरूले कुटपिट गरी भरुवा वन्दुकले हानी घाइते वनाए। उनलाई उपचारार्थ काठमाडौं पु-याइएको थियो। यस घटनामा नेकपा माओवादीको संलग्नता रहेको वताइन्छ।

उपरोक्त घटनाका अतिरिक्त चुनवाङ्ग गाविस-१ का लालवहादुर पुन, झुला गाविस-४ का चन्द्रवहादुर खत्री, मोरावाङ्ग गाविस-१ का गवन पुनलाई पनि सामान्य कुटपिट गरेको वताइन्छ।

१.६ थुनामा मृत्यु

थुनामा मृत्यु भएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार
(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

रूकुम जिल्लाका केही गाविसहरूमा मतदाता नामावली लिने क्रममा पक्षपात भएको राजनीतिक पार्टीहरू वताउँछन्। नेकपा (एमाले) र राप्रपाका जिल्ला नेताहरू क्रमशः हस्तबहादुर के.सी. र कुमारजङ्ग मल्लले राजनैतिक पूर्वाग्रहका कारण मतदानाको नाम लिन छुटाइएको हो वताउछन्। सचिव र गाविस अध्यक्ष यसको पूर्ण जिम्मेवारी भएको बताइन्छ। विजेश्वरी गाविसका अधिवक्ता यदुकुमार गौतम र उनका परिवारको पूरै नाम छुटाइएको छ। आठाविसकोट, महत, मग्मा, विजेश्वरी, काँडा, स्यालापाखा, मोरावाङ्ग, खलङ्गा आदि गाविसहरूमा यस्तो भएको गुनासो छ। यसलाई राजनीतिक पूर्वाग्रहको रूपमा लिइएको पाइन्छ।

संजमो समर्थकलाई आस्थाकै आधारमा गिरफ्तार गर्ने, कुटपिट गर्ने, संगठित हुन नदिने, गाउँमा भेला हुन नदिने एक-अर्को घरमा बस्न नदिने र सार्वजनिक बाटो-घाटोमा हिंड्दा अनुसन्धान गर्ने जस्ता ज्यादती प्रहरीबाट भयो।

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

यो वर्ष विशेष अदालततिरका ६ वटा, सरकारवादी २९ वटा, साधारण फौजदारी ३९ वटा र देवानी ५७ वटा मुद्दा परेका थिए। अदालतप्रति आम जनताको सकारात्मक धारणा रहे पनि त्यहाँ हुने ढिलासुस्तीले गर्दा आम जनतामा नकारात्मक भावना विकसित भएको पाइन्छ। हाल रूकुम जिल्ला अदालतमा चलेका केही मुद्दा ४ वर्ष बितिसक्दा पनि फैसला नभएको कुरा तर्फ बन्दीहरूको गुनासो गरिरहेका छन्।

२.४ सरुवा / घटुवा / पक्षपात आदि

०५२ फागुनमा संचालित महिला शिक्षकको परीक्षा शुरू हुने समयभन्दा १ घण्टा अगाडि स्थगित गरियो। आफ्ना पक्षका मान्छेहरूलाई राख्न नपाउने भए पछि क्षेत्र नं. १ का सांसदको दबावमा प्रमुख जिल्ला अधिकारी मार्फत जिल्ला शिक्षा अधिकारीलाई धम्की दिएर परीक्षा बन्द गरिएको बताइन्छ।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

यस जिल्लाका विभिन्न गाविसमा धेरै नभए पनि थोरै संख्यामा सुकुम्बासी समस्या देखिन्छ। एमाले सरकारको पालामा सुकुम्बासी आयोग गठन भए पनि खासै काम हुन सकेन।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

पिपल गाविस-६ की १४ वर्षीय एक बालिका, १८ वर्षीय एक युवती, १७ वर्षीय अर्की एक युवतीलाई **२०५३ फागुन १५ गते** राती प्रहरीले बलात्कार गरे। फागुन १३ गते शिक्षक नरजित वस्नेतलाई अज्ञात व्यक्तिले कुटपिट गरेपछि त्यहाँ पुगेका प्रहरीहरूले १५ गते ६ जनालाई गोली हानी हत्या गरेर लाशकै अगाडि गिरफ्तारीमा परेका महिलाहरूलाई सामुहिक बलात्कार गरेको बताइन्छ।

मुरू गाविस-७ बस्ने डिला पुनलाई सुर्खेत कान्छाबुबाकहाँ पुऱ्याई दिन्छौं भनी भारत लैजाँदै गर्दा मुरू गाविस-९ का १९ वर्षीय चित्रबहादुर दमाई र सोही ठाउँ बस्ने १८ वर्षीय शेरबहादुर दमाईलाई प्रहरीले गिरफ्तार गऱ्यो। डिला पुनका दाजुले आफ्नी बहिनीलाई बिक्री गर्न लागेको भनी प्रहरीमा जाहेरी दिएका थिए।

सिराहा जिल्ला मझेरा गाविस-८ घर भएका रूकुम पशुसेवा कार्यालयमा कार्यरत वालेश्वर यादवले आफ्नी पत्नी १९ वर्षीय कल्पना वि.क.लाई कुटपिट गरी नदीमा फाल्छु भनी धम्काउने गरेको र खान लाउन नदिने गरेको कारण जिल्ला प्रशासनमा उजुरी गरेकी छिन्।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

जानकारीमा आएन।

४.३ गर्भपतन

छिवाङ्ग गाविस-६ की २४ वर्षीय कली विष्टले **२०५३ जेठ २८ गते** गर्भपतन गरेको आरोपमा पुर्पक्षका निम्ति जेल चलान गरियो। उनीसंग शारीरिक सम्बन्ध राख्ने भीमबहादुर विष्टलाई पनि जेल चलान गरियो।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

मोरावाङ्ग गाविस-४ का ९ वर्षीय गोपाल सुनुवारलाई माओवादी आन्दोलनमा संलग्न भएको आरोपमा र मोरावाङ्गकै पूर्व प्रधानपञ्च जमलाल पुनलाई ०५२ फागुन ५ गते ज्यान मार्ने उद्योग गरेको आरोपमा प्रहरीले वारेन्ट जारी गऱ्यो। उनका बाबुले बोकेर सदरमुकाम पुऱ्याई अदालतमा हाजिर गराएका थिए। उनलाई अदालतले तारेखमा छोडी दिएको छ। पीडित गोपाल सुनार मोरावाङ्ग प्रा.वि.मा कक्षा ३ मा अध्ययन गर्दछन्।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

नेपाल राष्ट्रिय शिक्षक संगठनले ०५३ असारमा राखेको धर्ना कार्यक्रममा प्रहरी हस्तक्षेप भयो।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहारहरु / छुवाछूत समेत

२०५३ असोज २६ गते नेपाल उत्पीडित दलित जातिय मुक्ति समाज जिल्ला कमिटी रूकुमको बैठक बसिरहेको समयमा खलङ्गा गाविस-१ का पृथ्वीबहादुर महत र पशुपति होटेल रूकुम मुसिकोटका मालिकले बैठक पुस्तिका च्यातेर फ्यालिदिए। उक्त पुस्तिका प्रहरीले लिएर गयो। अहिलेसम्म सो पुस्तिका दिएको छैन भन्ने कुरा सो समाजका सचिव चेताराम नेपाली बताउँछन्।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

नेपाल राष्ट्रिय शिक्षक संगठनले एक प्रेस वक्तव्य प्रकाशित गरी वर्तमान सरकारले शिक्षकहरूमाथि पूर्वाग्रही व्यवहार गरेको भनी सरकारको आलोचना गरेको छ।

९. अतिरिक्त जानकारीहरु (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष यो जिल्लामा ६ जनाले आत्महत्या गरे। तीमध्ये ४ जना महिला र २ जना पुरुषहरू थिए।

■



४. मध्यपश्चिमाञ्चल

भेरी

४.६ बाँके

जनसंख्या : २८५६०४
साक्षरता : ३४.३ प्रतिशत
महिला साक्षरता : २१.६ प्रतिशत
क्षेत्रफल : २३३७ वर्ग कि.मी.
गाविस/नपा : ४६/१
निर्वाचन क्षेत्र : ३
विद्यालय/क्याम्पस : २१७/३
अस्पताल/स्वास्थ्य चौकी: ३/११
टेलिफोन लाइन : २१११
सडक (कि.मि.) : १९२
प्रहरी कार्यालय : २८

भेरी अञ्चलको बाँके सुगम जिल्ला मानिन्छ। यो जिल्लामा अवधि, उर्दू, थारू तथा नेपाली भाषी जनताको बसोवास रहेको छ। अवधि भाषी समुदायको केही जातिमा चौधरी प्रथा छ। यो प्रथामा न्यायमूर्ति त्यो समुदायको चौधरी हुन्छ। कमैया समस्या यो जिल्लाको जल्दोबल्दो समस्या हो। यो जिल्लामा विस्तारै मानवअधिकारप्रतिको सचेतनता बढ्दै गइरहेको छ।

१. सम्मानित रुपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

नेपालगञ्ज प्रहरी तालिम केन्द्रका प्रहरी नायव निरीक्षक ३८ वर्षीय ईश्वरवहादुर शाहलाई सोही केन्द्रका क्वाटर गार्ड प्रहरी हवल्दार कुवेर गुरूङ्गले **०५२ चैत २७ गते** राती गोली हानी हत्या गरे। राती विना पास निषेधित क्षेत्रमा गएका कारण गोली हानिएको वुझिन्छ। पीडक प्रहरी हवल्दार कुवेर गुरूङ्गलाई पुर्पक्षको लागि थुनामा राखिएको थियो।

मनिकापुर गाविस-६ की ३८ वर्षीय आनन्ददेवी दीक्षितलाई **०५३ वैशाख ८ गते** राती अज्ञात व्यक्तिहरूले गोली प्रहार गरे। उक्त घटनाको अभियोगमा सोही गाविसका रामवनारस कुर्मी, रामगोपाल, फौजदार लगायतका व्यक्तिहरुलाई जिल्ला अदालनमा मुद्दा चलाइएको थियो।

वागेश्वरी गाविस-८ का ४२ वर्षीय सार्के सुनारलाई **०५३ जेठ ४ गते** सोही गाविसका नन्दवीर पुनमगरले खाटको डाँडीले ढाड र कञ्चटमा हिर्काई हत्या गरे। पुरानो भगडाका कारण हत्या गरेको वुझिन्छ। पीडक नन्दवीर पुनमगर जेल सजाय भोगिरहेका छन्।

वसुदेवपुर गाविस-१ राँफाकी ६५ वर्षीय सीतादेवी थापाको **०५३ जेठ २५ गते** हत्या भयो। सो अभियोगमा राँफा छाउनीका प्यूठ चोकवहादुर श्रेष्ठलाई गिरफ्तार गरी पुर्पक्षको लागि जेल चलान गरिएको छ। पीडित सीता देवीकी छोरीसंगको अनैतिक सम्वन्धका कारण उक्त घटना भएको वताइन्छ।

नेपालगञ्ज नपा बाँके बगियाकी २५ वर्षीय गीता गुप्तालाई आफ्नै घरमा **०५३ साउन १ गते** राती सोही ठाउँका भुन्नुराम यादवले बलिरहेको लेम्पले प्रहार गरे। गीता गुप्ताको भेरी अञ्चल अस्पतालमा उपचार हुँदाहुँदै ६ दिनपछि मृत्यु भयो। पीडकलाई गिरफ्तार गरी छोडिएको थियो।

नेपालगञ्ज नपा-१७ की २० वर्षीय कमला चमारलाई आफ्नै पति पुनपुन चमारले **०५३ साउन १३ गते** बञ्चरोले कञ्चटमा प्रहार गरी हत्या गरे। खाना समयमा नवनाएका निहुँमा उनको हत्या गरेको बताइन्छ। पीडक हाल फरार छन्।

फत्तेपुर गाविस-५ का ४५ वर्षीय अन्सार अलि सेख्लाई **०५२ माघ २५ गते** सोही गाविसका वाबुलाल मुराउ, अमेरिका मुराउ, अमरलाल मुराउ, अन्सार अलि सेखले कुटपिट गरे। उनको भेरी अञ्चल अस्पतालमा उपचार गर्दा गर्दै मृत्यु भयो। जग्गा सम्वन्धी भगडाका कारण कुटपिट भएको थियो। पीडकहरूलाई पुर्पक्षको लागि थुनामा राखिएको छ।

१.२ जेल र बन्दीहरु

यस जिल्लाको नेपालगञ्ज जेल राणा कालमा बनाइएको हो। यसको पर्खाल, भ्यालहरू जीर्ण अवस्थामा छन्। १ सय २५ वन्दी क्षमता भएको जेलमा हाल १ सय ३३ पुरूष, ११ महिला र ४ नावालक रहेका छन्। ती मध्ये पुरूषमा ६८ कैदी र ६६ थुनुवा तथा महिलामा ४ कैदी र ७ थुनुवा रहेका छन्। औषधि उपचारको राम्रो व्यवस्था नभएको गुनासो थुनुवा महिला तथा अन्य बन्दीहरू गर्दछन्। भ्यालमा पल्ला नभएकोले खुल्ला छ र जाडोमा कष्ट भोग्नु परेका गुनासो उनीहरूको छ। जेलभित्र पुस्तकालय स्थापना गरिएको छ। बुद्ध जयन्ती, मोति जयन्ती, भानु जयन्तीमा यस वर्ष यो जेलमा बन्दीहरूवीच कार्यक्रमहरू सम्पन्न भए। ढाका, कपडा बुन्ने काममा केही पुरूष सहभागी रहेका छन् भने महिलाहरू ढकिया बुन्ने काम गर्दछन्।

१.३ गिरफ्तारी र यातना

नेपालगञ्ज प्रहरी तालिम केन्द्रका अन्दाजी ३८ वर्षीय प्रहरी हवल्दार कुवेर गुरूङ्गलाई **०५३ वैशाख २ गते** देखि २६ गतेसम्म जिल्ला प्रहरी कार्यालयमा दुवै खुट्टामा करेन्ट लगाई, लठ्ठीले हानी शारीरिक तथा मानसिक यातना दिइयो। प्रहरी नायव निरीक्षक ईश्वरबहादुर शाहलाई गोली हानेको अभियोगमा गिरफ्तार गरिएको थियो।

बैजापुर गाविसका ४० वर्षीय शिक्षक ढाकाराम पाठक, कोहलपुर गाविस-४ का २३ वर्षीय प्रकाश सुवेदी, रफ्नेना गाविस-४ का ४० वर्षीय रूपलाल थारू, कोहलपुर गाविस-४ का ४५ वर्षीय तिलक परियार, कोहलपुर गाविस-३ का ४३ वर्षीय वलराम काफ्ले, ४६ वर्षीय गणवहादुर खत्री, विनौना गाविस-७ का नैनबहादुर खड्का, कचनापुर गाविस-२ का रामवहादुर के.सी., रफ्नेना गाविसका राजु कँडेल, विनौना गाविस-१ का वीरबहादुर खत्री, बैजापुर गाविस-३ का भुपाल पाठक, विनौना गाविस-३ का जङ्गबहादुर गिरी, ३८ वर्षीय जितबहादुर चौधरी, खासकुस्मा गाविस-४ का ३६ वर्षीय मोहन रिजाल, विनौना गाविस-५ का कमल खड्का लगायत १५ जनालाई ०५२ फागुन १० गतेदेखि चैत ६ गतेभित्र प्रहरीले माओवादीको नाममा विनापूर्जी गिरफ्तार गरी सार्वजनिक अपराधमा मुद्दा चलायो। उनीहरूलाई २८ हजार धरौटीमा छाडियो।

नेपालगञ्ज नपा १२ का नेपाली कांग्रेस जिल्ला उपाध्यक्ष सुनिल नरसिंह राणा **०५३ असोज २४ गते** प्रहरीको लाठी चार्जबाट सख्त घाइते भए। उनको टाउकोमा गहिरो चोट र दाहिने हात भाँचिएको थियो। नेपालगञ्ज नपा-८ गगनगंज वेश्यावृत्ति थलो बनेकोले स्थानीय जनता त्यसको विरूद्ध विगत ८ महिनादेखि लागेका थिए। ती वादी महिला र स्थानीय वासिन्दा बीच तनाव बढ्न गएको थियो। उक्त घटनालाई शान्त बनाउने क्रममा प्रहरीले लाठी चार्ज गर्‍यो। जसको कारण प्रहरी लगायत करिब २० जनालाई चोट पटक लाग्न गयो।

महादेवपुरी गाविस-७ की अन्दाजी २९ वर्षीय होटल व्यवसायी भूमि खड्का र सोही गाविस-७ की अन्दाजी ५५ वर्षीय मइमी बुढालाई शम्शेरगञ्ज प्रहरी चौकीका इन्चार्ज प्रहरी सहायक निरीक्षक गणेशबहादुर भट्टराईले **०५३ कार्तिक १२ गते** राती अगुल्टोले हानी यातना दिए। ग्राहक खानाको विषयमा विवाद हुँदा प्रहरीले हातपात गरेको पीडित बताउँछन्।

१.४ वेपत्ता पारिएको

जानकारीमा आएन।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

यस वर्ष यो जिल्लामा कुटपिटका ७ वटा घटनाहरू चर्चामा आए। ती घटनाहरूमा १ जनाको मृत्यु समेत भयो भने अन्य ८ जना घाइते भए। जसमा एकजना प्रहरी निरीक्षक, एकजना महिला पनि परेका थिए। २ वटा घटना राजनैतिक रिसइबीका कारण भएका थिए।

नौवस्ता गाविस-९ का ३२ वर्षीय कमैया हाउराम थारूलाई सोही गाविस बस्ने याक ढकालले **०५३ मंसीर २८ गते** ज्यान मार्ने धम्की दिए। कमैया हाउरामले उनको दाजुको करिब १ विगाहा जमिनमा मोही कायम गराई पाउँ भनी मुद्दा चलाएकै कारण ज्यान मार्ने धम्की दिएको बताइन्छ।

१.६ थुनामा मृत्यु

जानकारीमा आएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

नेपालगगञ्जमा **०५३ भदौ २५ गते** महाकाली सन्धिको विरोधमा राष्ट्रिय जनतान्त्रिक मोर्चाले नेपालले भारतका प्रधानमन्त्रीको पुत्ला जलाउन लाग्दा प्रहरीले हस्तक्षेप गरी मसालका केन्द्रीय प्रतिनिधि के.बी. गुरूङ्ग र मसाल समर्थित विद्यार्थी नेता २८ वर्षीय मनोज भट्ट लगायत ११ जनालाई गिरफ्तार गर्‍यो।

नेपालगञ्ज नपामा **०५३ मंसिर २७ गते** नेपाल बन्दको समर्थनमा जुलुस निकालिरहेका कोहलपुर गाविस-३ का ४३ वर्षीय बलराम काफ्ले, सोही गाविस-४ का ४५ वर्षीय तिलक परियार, डम्मर रानामगर, गोम चालिसे, तीर्थ ज्ञवाली, कुलानन्द उपाध्याय, सीताराम चौधरी, गणेश भुसाल, लक्टन चौधरी लगायत २८ जनालाई प्रहरीले गिरफ्तार गर्‍यो।

२.२ धार्मिक स्वतन्त्रता

कारकादो गाविसमा **०५३ जेठ २४ गते** राती मुस्लिमहरूको मोहरंम (ताजिया) पर्व मनाइरहेका बखत केही व्यक्तिहरूले माइक लगाएको ठेला तोडफोड गरे। उक्त घटनामा ७ जनालाई सार्वजनिक अपराध ऐन अन्तरगत मुद्दा चलाइएको थियो।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

जानकारीमा आएन।

२.४ सरुवा / घटुवा / पक्षपात आदि

जानकारीमा आएन।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

जानकारीमा आएन।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

उदयपुर जिल्ला वेलटार गाविस-७ की १८ वर्षीय कुमारी श्रेष्ठलाई मकवानपुर जिल्ला रम्जाटार गाविस-८ की ३९ वर्षीय वुद्धिमाया तामाङ सहित उनैका देवरले **०५२ फागुन ३० गते** भारततर्फ बेचबिखन गर्न लगिरहेको अवस्थामा प्रहरी चौकी जमुनाहाले पक्राउ गर्‍यो। युवक फरार रहेको छ भने वुद्धिमाया

तामाङ पुर्पक्षको लागि थुनामा रहेकी छन्।

भेरी अञ्चल अस्पतालमा मानसिक रोगको उपचार गराउन आएकी वेड नं. १०५ मा रहेकी २३ वर्षीय एक युवतीलाई **०५३ वैशाख २३ गते** नेपालगञ्ज नपा-३ का ४० वर्षीय राजु अग्रवालले बलात्कार गरे। पीडकलाई पुर्पक्षको लागि थुनामा राखिएको थियो।

सुनसरी जिल्ला कालाबजारकी १७ वर्षीय युवती पशुपति कटुवाललाई आफ्नै काका २४ वर्षीय वीरवहादुर कटुवालले **०५३ जेठ १५ गते** बेचबिखनको लागि भारत तर्फ लगिरहेको अवस्थामा प्रहरी चौकी जमुनाहाले पक्राउ गर्‍यो। पीडकलाई पुर्पक्षको लागि थुनामा राखिएको थियो।

कोहलपुर गाविस-४ की १८ वर्षीय लालसरा हमाल र १७ वर्षीय दिलसरा पुनलाई **०५३ असार २७ गते** नेपालगञ्ज नपा-५ की विजयाकुमारी सिंह ठकुरीले भारतको बहराइच जिल्ला सिमरी गाउँमा २० हजार रूपैयाँमा वेचेकी थिइन्। पीडित युवतीहरू त्यहाँबाट भाग्न सफल भएका थिए। पीडकलाई पुर्पक्षको लागि थुनामा राखिएको छ।

वनकटवा गाविस-८ की ११ वर्षीय एक वालिकालाई **०५३ असोज १ गते** सोही गाविसका ३० वर्षीय चन्द्रबहादुर बुढा मगरले बलात्कार गरे। पीडक हाल फरार छन्। पीडककी आमाले इलाका प्रहरी कार्यालयका कोहलपुरमा उजुरी गरेकी थिइन्।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

नौवस्ता गाविस-८ का २० वर्षीय तारा थापाले **०५३ वैशाख ७ गते** जेठी पत्नी छँदाछँदै सुर्खेत मेलकुना गाविसकी विद्या रोकालाई विवाह गरे। पीडित जेठी पत्नीबाट उजुरी पर्‍यो। तारा थापाले जरिवाना र कैद सजाय समेत भोगी सके।

रनियापुर गाविस-८ का २८ वर्षीय कमाल अहमद खाँले १ छोरा १ छोरी हुँदाहुँदै **०५३ वैशाख ८ गते** वेतहनी गाविस-२ की खातुमुल्ला वेगमलाई विवाह गरे। जेठी पत्नीको तर्फबाट जिल्ला प्रहरी कार्यालयमा उजुरी परेको छ।

४.३ गर्भपतन

जानकारी आएन।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

रनियापुर गाविस-३ की ८ वर्षीय पार्वती थरूनीलाई नेपालगञ्ज नपा-१३ का भिमभक्त उप्रेतीले दुईहजार रूपैयाँ वार्षिकमा घरमा काम गराउँथे। हाल बालिका उक्त घरमा छैनन्। भिमभक्तसंग पीडितका छोरीको बारेमा सोध्न जाँदा पारिश्रमिक पनि नदिएको र उल्टै धम्क्याएको कुरा पीडित बताउँछन्।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

सोनपुर गाविस-९ का १९ वर्षीय रामप्रसाद अहिरको **०५२ पुस २५ गते** खजुराखुर्द गाविसस्थित सोलभेक्स मिलमा एसिडको ग्याँस दुर्घटनामा परी भेरी अञ्चल अस्पतालमा उपचार गराउँदा गराउँदै मृत्यु भयो। उक्त कारखानाका व्यवस्थापकले ऐन अनुसार क्षतिपूर्ति नदिएको गुनासो पीडित पक्षको छ।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

नौवस्ता गाविस-१ का ३५ वर्षीय कमलप्रसाद थारू (कमैया) ३० वर्षीय लखु रजिया थरूनी (बुकरही) र १२ वर्षीय कालु थरूनी (कमलरी) लाई ०५३ कार्तिक महिनादेखि सोही गाविसका अन्दाजी ४० वर्षीय खड्‌कमान सिंहले कामबाट निष्काशन गरी ३ महिनाको ज्याला दिएनन्। छोरो विरामी भई कमैया कमलप्रसाद थारू उपचार गराउन जाँदा उक्त घटना भएको थियो।

७.२ अन्य अमानवीय व्यवहारहरु / छुवाछूत समेत

शमशेरगञ्ज गाविस-४ का ५५ वर्षीय किसुन थारू र उनकी पत्नी ५१ वर्षीय सुमति थरूनीलाई **०५३ साउन ३१ गते** बोक्सा बोक्सीको आरोपमा सोही गाविसका कल्लुराम थारू, लल्लु थारू, रामकुमार थारू लगायतका व्यक्तिहरूले पिठोमा दिसा घोलेर खुवाए। पीडकहरूलाई कुनै कार्वाही हुन सकेन।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

नेपाली कांग्रेस जिल्ला कार्य समिति बाँकेले जिल्ला उपाध्यक्ष राणाको गिरफ्तारीको विरोधमा **०५३ असोज २५ गते** प्रेस विज्ञप्ति प्रकाशित गरेको थियो।

९. अतिरिक्त जानकारीहरु (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष यो जिल्लामा ५ जनाले आत्महत्या गरेको कुरा सार्वजनिक जानकारीमा आयो। तीमध्ये ४ जना महिला र १ जना पुरुष थिए।

होलिया गाविस-२ र ३ मा **०५३ जेठ १ गते** आगलागी हुँदा १ सय ५५ घर जलेर नष्ट भए। दिउँसो करिब २ वजे लागेको आगोले ५७५ व्यक्तिलाई पीडित बनायो।

बैजापुर गाविस-७ को जंगलमा शिकार खेल्न गएका ३६ वर्षीय नेपबहादुर शाहीको आफ्नै बन्दुकद्वारा गोली लागी मृत्यु भयो। बाँदरको शिकार गर्न रूख चढेका शाहीले बन्दुक सहित तल खस्दा गोली लागेको थियो।

जिल्ला वन कार्यालय नेपालगञ्ज अतिथि गृहमा बास बसेका पोखरा वन विज्ञान अध्ययन संस्थानका प्राध्यापक अर्जुन श्रेष्ठ, मेघनाथ काफ्ले, विनयकुमार झा, प्रेम दवाडी, हरिशरण लुइँटेल, गिरिश पाठक र पूर्ण कुँवरलाई ०५२ चैत ५ गते प्रहरीले लाठी चार्ज गरी घाइते बनायो। जिल्ला वन कार्यालयका वन नियन्त्रक राजन पोखरेल र वन तथा भू-संरक्षण कार्यालय जुम्लाका अधिकृत लोकराज सापकोटा राती मादक पदार्थ सेवन गरी महिला विद्यार्थी सुतिरहेको कोठामा प्रवेश गर्ने कोशिस गर्दै थिए। यसै विषयमा विद्यार्थीहरू सोधपुछ गर्न वन नियन्त्रकसंग जाँदा "आतङ्ककारी आएको भनी" प्रहरीलाई वन नियन्त्रकले खबर गरेको बताइन्छ।

■



४. मध्यपश्चिमाञ्चल

भेरी

४.७ बर्दिया

जनसंख्या : २८९८४०
साक्षरता : २९.९ प्रतिशत
महिला साक्षरता : १७.२ प्रतिशत
क्षेत्रफल : २०२५ वर्ग कि.मी.
गाविस/नपा : ३४/०
निर्वाचन क्षेत्र : ३
विद्यालय/क्याम्पस : १८९/१
अस्पताल/स्वास्थ्य चौकी: १/११
टेलिफोन लाइन :
सडक (कि.मि.) : १०७
प्रहरी कार्यालय : १६

बर्दिया भेरी अंचलको तराईको एक जिल्ला हो तर पनि यो जिल्ला अझै पिछडिएको छ। यो जिल्लामा कायम रहेको कमैया प्रथा मानवअधिकार र प्रजातन्त्रकै लागि चुनौतिका विषय बनेको छ। मानवअधिकार वर्ष पुस्तकमा मानवअधिकार उल्लंघनका घटनाहरू प्रकाशित हुन थालेपछि केही हदसम्म सचेतनता बढेको पाइन्छ। यद्यपि यस वर्ष निकुञ्जका सेनाहरू र भारतीय प्रहरीहरूका गोलीबाट नागरिकहरूले ज्यान गुमाउनु परेको छ।

१. सम्मानित रुपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

डेउडाकला गाविस-१ का ४ वर्षीय प्रकाश वि.क. र ६ वर्षीय सावित्री वि.क.लाई **०५२ फागुन ३ गते** आफ्नै आमा ३५ वर्षीय वालकुमारी वि.क.ले पति दलबहादुर वि.क.संगको सामान्य झगडाको रीसले मुसा मार्ने विष खुवाई हत्या गरेकी छन्। पीडक वालकुमारी हाल थुनामा रहेकी छन्।

खैरी चन्दनपुर गाविस-५ मंगलपुरकी ३५ वर्षीय भीमकुमारी शर्मालाई **०५२ फागुन ८ गते** सामान्य लेनदेनको विषयलाई लिएर सोही गाविस-३ का १८ वर्षीय कृष्ण थारूले सुतिरहेको अवस्थामा धारिलो हतियार प्रयोग गरी हत्या गरे। पीडक हाल पुर्पक्षका लागि थुनामा रहेका छन्।

राजापुर गाविस-१ की १५ दिनकी छोरी सन्तोषी थरूनीलाई **०५२ चैत २५ गते** आफ्नै आमा रिटिया थरूनीले खाडलमा फ्याँकी हत्या गरिन्। तर डाक्टरले उनको मगज नबिग्रेको बताएपछि हाल उनी पुर्पक्षको लागि थुनामा छन्।

बग्नाहा गाविस-७ का २७ वर्षीय अनुप शाहलाई **०५३ असार ३ गते** बाँके नेपालगञ्जका २५ वर्षीय प्रमोद सिं वेलदार, ३० वर्षीय जितेन्द्र सिं वेलदार र अन्य दुई उनीहरूकै नातेदार गोरखपुर उमरी होमपुर निवासी राजु सिं वेलदार, राजेन्द्र सिं वेलदारले पिटेर हत्या गरे। पीडकहरू हाल थुनामा रहेका छन्।

गुलरीया गाविस-८ तुलापुरका २७ वर्षीय गणेश बराललाई सूर्य पदुवा गाविस-६ पत्थरभौजीमा **०५३ असार २२ गते** रहस्यमय तरिकाले हत्या गरी फ्याँकियो। पीडकहरू हालसम्म पत्ता लागेका छैनन्।

मगरागाढी गाविस-६ का ५० वर्षीय प्रेमबहादुर बुढाथोकीलाई **०५३ साउन २८ गते** राष्ट्रिय निकुञ्ज बर्दिया भीमकाली गुल्मका सेनाले निकुञ्जको ठिनी खोलामा शिकार गरेको आरोपमा गोली हानी हत्या गरे। उक्त घटनामा सोही गाविसका ४२ वर्षीय रविलाल पुरीलाई उनको दाहिने हातको पाखुरा र देब्रे खुट्टाको घुँडाभन्दा माथि विना चेतावनी गोली हानी घाइते बनाए। उक्त घटनामा सेनाले ६३ राउण्ड गोली चलाएका थिए।

जमुनी गाविस-३ का १८ वर्षीय मंगले तमाङलाई **०५३ असोज १३ गते** भारतीय वन रक्षकले जंगलमा भैंसी चराएको र गार्डको बन्दुक खोस्न आएको आरोपमा कार्तोसले हानी हत्या गरे। उक्त घटनामा सोही गाविसका २४ वर्षीय पद्मबहादुर तामाङलाई देब्रे हातको कुहिनामा र ३८ वर्षीय सन्दमाया तामाङलाई देब्रे खुट्टाको घुडी खोप्रोमा गोली लागेको थियो।

सानोश्री गाविस-३ की २१ वर्षीय दुई छोरीकी आमा मञ्जु अधिकारीलाई **०५३ कार्तिक २० गते** आफ्नै पति सुरज अधिकारी भन्ने यामनारायण अधिकारीले छोरी मात्रै जन्माएको आरोपमा आफ्नै घरमा खुकुरी, छुरी प्रयोग गरी हत्या गरे। उक्त घटनामा पीडकको घर परिवारमा बाबुको समेत मिलिमतो भएको भनी बाबु रमाकान्त अधिकारी, भाइ कृष्णप्रसाद अधिकारी र रामप्रसाद अधिकारी समेत ४ जनालाई पुर्पक्षको लागि थुनामा राखेको छ।

महम्मदपुर गाविस-३ की १८ वर्षीय कुण्डिलीया भन्ने हसिना साइलाई **०५३ मंसीर ११ गते** आफ्नै पति नन्कौउ भन्ने सहाबुद्दिन साइले पर पुरुषसंग सम्पर्क राखेको आरोपमा घाँटीमा डोरीले कसी हत्या गरे। पीडक सहाबुद्दिन हाल

पुर्पक्षको लागि थुनामा रहेका छन्।

ललितपुर जिल्ला घर भई प्रहरी कार्यालय गुलरीयामा कार्यरत प्रहरी सहायक निरीक्षक ३८ वर्षीय केशरबहादुर विष्टलाई **०५३ पुस २ गते** गुलरीया-१ होटल गरी बस्ने ३८ वर्षीय मुकुन्द बुढा र हाल जिल्ला प्रहरी कार्यालयमा कार्यरत प्रहरी सहायक निरीक्षक ३५ वर्षीय चक्रबहादुर रावलले डेरामा सुतिरहेको अवस्थामा पेस्तोलद्वारा हत्या गरे। पीडकहरू दुवैलाई अनुसन्धानका लागि थुनामा राखिएको थियो।

१.२ जेल र बन्दीहरु

यस जिल्लाको जेल "ग" श्रेणीको रहेको छ। यो जेलको बन्दी क्षमता ११० रहेको छ। यो वर्ष यस जेलमा ६ जना महिला, ८२ जना पुरूष गरी जम्मा ८८ जना बन्दी रहेका छन्। ती मध्ये ३४ जना थुनुवा र ५४ जना फैसला भइ सजाय घोषित भएका बन्दीहरू रहेका छन्। बन्दीलाई दिइने सिरक डसना राम्रो नभएको भनी समय-समयमा नारावाजी भएको पाइन्छ। औषधि उपचारको सुविधा नभएको गुनासो बन्दीहरूको छ। जेलका नाइके ०५३ असोज १८ गते सर्वस्व सहित २० वर्षको कैद भोगिरहेका विष्णु क्षेत्री जेलबाट फरार भएका छन्।

१.३ गिरफ्तारी र यातना

गुलरिया गाविस- ६ की ३५ वर्षीय कमला ज्ञवाली, गुलरीया-६ की ३२ वर्षीय सरस्वती गौतम, बग्नाहा-५ विन्दा जोशी, गुलरिया-६ की २६ वर्षीय मेनका ज्ञवाली, गुलरिया-७ की २५ वर्षीय भवानी रानालाई मदिरा विक्री वितरण गर्न पाइदैन भन्दै निकालिएको एक जुलुसले डिस्ट्रीलरीमा ताला लगाउन जाँदा प्रहरीले **०५२ माघ १० गते** अन्धाधुन्ध लाठी चार्ज गरी घाइते बनायो र उनीहरूलाई गिरफ्तार गरी रातको १२ बजे छोडिएको थियो।

सानोश्री गाविस- ६ का ३२ वर्षीय शिवदत्त लामिछानेलाई माओवादी भएकै कारण **०५२ फागुन ११ गते** गिरफ्तार गरी ०५२ चैत ८ गते ५ हजार धरौटी लिई छोडियो।

सूर्यपटुवा गाविस- ४ का २६ वर्षीय जगन्नाथ योगीलाई माओवादी भनी **०५२ फागुन ११ गते** गिरफ्तार गरी ०५२ चैत ८ गते १५ हजार धरौटी लिई तारेखमा छोडियो।

सूर्यपटुवा गाविस- ४ का ३० वर्षीय वालकराम ठाकुरलाई **०५२ फागुन ११ गते** गिरफ्तार गरी ०५२ चैत ८ गते १५ हजार धरौटी लिई तारेखमा छोडियो।

सूर्यपटुवा गाविस- २ का २५ वर्षीय ज्ञानप्रसाद चालिसेलाई **०५२ फागुन ११ गते** माओवादी भनी प्रहरीले गिरफ्तार गरे। ०५२ चैत ८ गते १ लाख ७३ हजार धरौटी राख्न नसकेपछि कारागार चलान गरियो। उनलाई वि.एल.को परीक्षा दिनबाट पनि बंचित गरियो। एक दिन भरी नेल लगाएर राखियो। एक महिना पछि धरौटी लिई तारेखमा छुटे। पीडित अ.ने.रा.स्व.वि.यु. छैठौंका केन्द्रीय सदस्य पनि हुन्।

मोतिपुर गाविस- ७ का १८ वर्षीय गोविन्द चौधरीलाई

महिलाहरूको धर्ना कार्यक्रममा प्रहरी हस्तक्षेप

०५२ फागुन १२ गते माओवादी भनी प्रहरीले गिरफ्तार गरे। ०५२ चैत ८ गते १ लाख ३५ हजार धरौटी तिर्न नसकेपछि कारागार चलान गरिएको थियो। पछि धरौटी लिई तारेखमा छोडियो।

पशुपतिनगर गाविस- ८ का ५० वर्षीय कर्णबहादुर क्षेत्रीलाई **०५२ फागुन १२ गते** माओवादी भनी गिरफ्तार गरी ०५२ चैत ८ गते २८ हजार धरौटी लिई तारेखमा छोडियो।

मगरागाडी गाविस- १ का २३ वर्षीय विष्णुप्रसाद चौधरीलाई माओवादी भएकै कारण आफ्नै घरबाट **०५२ फागुन १२ गते** विनापूर्जी गिरफ्तार गरियो। ०५२ चैत १३ गते १ लाख ७३ हजार धरौटी लिई तारेखमा छोडियो।

गुलरिया गाविस- १ का २० वर्षीय मेघराज सिग्देललाई माओवादी गतिविधिमा संलग्न भएको आरोप लगाई घरबाटै **०५२ फागुन १८ गते** गिरफ्तार गरियो। ०५३ चैत १६ गते ४४ हजार ५ सय धरौटीमा तारेखमा छोडियो।

मैनापोखर गाविस-६ का २५ वर्षीय प्रजातान्त्रिक राष्ट्रिय युवा संघका सचिव भोजराज त्रिपाठीलाई प्रहरीले सार्वजनिक मुद्दा लगाई **०५३ असार १० गते** गिरफ्तार गरे। उनलाई हिरासतमा छडीले पिट्ने र कपाल उखेल्ने गरिएको कुरा पीडित बताउँछन्।

१.४ बेपत्ता पारिएको

जानकारीमा आएन।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

मोतिपुर गाविस-१ का ४७ वर्षीय यवुलाल सुनार र उनकी पत्नी मोति सुनारलाई **०५३ कार्तिक ७ गते** इलाका

निकुञ्ज सेनाको गोली प्रहारबाट घाइते रविलाल पुरी

प्रहरी चौकीमा कार्यरत ३८ वर्षीय प्रहरी सहायक निरीक्षक कृष्णप्रसाद शर्माले राती घरमा गई कुटपिट गरे। पीडक शर्मालाई त्यहाँबाट सरूवा गरियो।

१.६ थुनामा मृत्यु

थुनामा मृत्यु भएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

आस्थाको आधारमा ज्ञानप्रसाद चालिसे, विष्णु चौधरी लगायत ९ जनालाई विभिन्न मितिमा गिरफ्तार गरी सार्वजनिक मुद्दा लगाएको घटनाले मौलिक अधिकार कुण्ठित भएको पाइयो।

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

जानकारीमा आएन।

२.४ सरुवा / घटुवा / पक्षपात आदि

जानकारीमा आएन।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

जानकारीमा आएन।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

जमुनी गाविस- ४ की १३ वर्षीय वालिकालाई **०५३ असार ७ गते** सोही ठाउँका २५ वर्षीय चिन्कु चमारले बलात्कार गरे।

कालिका गाविस-६ का २५ वर्षीय एक महिलालाई **०५३ असार २७ गते** गुलरिया-१ का २७ वर्षीय अशोक बोहराले शितला बजारमा हातपात गरे।

खैरिचन्दनपुर गाविस- ४ की १८ वर्षीय एक युवतीलाई **०५३ भदौ २३ गते** सोही गाविस-३ का २४ वर्षीय शरद कुमार अधिकारीले खेतमा मकै हेर्न गएको बेला बलात्कार गर्ने प्रयास गरे तर उनले हल्लाखल्ला गरेपछि अन्य मानिस आई बचाएका थिए। पीडकलाई कुनै कार्वाही भएन।

बदालपुर गाविस- ९ की १६ वर्षीय एक युवतीलाई **०५३ असोज १३ गते** सोही ठाउँका २२ वर्षीय सूर्य बसौलाले आफ्नै घरमा लिपपोत गर्न लाग्दा बलात्कार गर्ने प्रयास गरे। तर पीडित महिला भाग्न सफल भइन्। पीडकलाई कुनै कार्वाही हुन सकेन।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

यस जिल्लामा राजापुर, वनघुस्री, पत्थरमौजी, ताराताल आदि क्षेत्रहरूमा वादी जातिका महिलाहरू खुलेआम देह व्यापार गर्ने गर्दछन्। यस कार्यमा १३ वर्षदेखि ४५ सम्मका महिला संलग्न रहेको पाइन्छ।

४.३ गर्भपतन

जानकारीमा आएन।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

जानकारीमा आएन।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

जानकारीमा आएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

यहाँ प्रशस्त बाँधा मजदूरको रूपमा रहेका कमैया पाइन्छन्। यिनीहरूलाई प्रत्येक वर्षको माघ महिनामा किनबेच गरिन्छ।

७.२ अन्य अमानवीय व्यवहारहरु / छुवाछूत समेत

जानकारीमा आएन।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

जानकारीमा आएन।

९. अतिरिक्त जानकारीहरु (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष यो जिल्लामा गोरू गाडा, बस, ट्रकले किचेर ३० जनाको मृत्यु भयो।

यस वर्ष ४२ वटा आत्महत्याका घटना भएको कुरा प्रहरीले जनाएको छ। ती मध्ये १ जना ९१ वर्षीय बृद्ध महिला र अर्को एक जोडी पतिपत्नीले पनि आत्महत्या गरे भने १ जना वालक डुबेर मरे।

■



४. मध्यपश्चिमाञ्चल
भेरी
४.८ सुर्खेत

जनसंख्या : २२५७६८
साक्षरता : ४२.४ प्रतिशत
महिला साक्षरता : २५.४ प्रतिशत
क्षेत्रफल : २४५१ वर्ग कि.मी.
गाविस/नपा : ५०/१
निर्वाचन क्षेत्र : ३
विद्यालय/क्याम्पस : ३३६/२
अस्पताल/स्वास्थ्य चौकी: १/२१
टेलिफोन लाइन :
सडक (कि.मि.) : ३०३
प्रहरी कार्यालय : १६

सुर्खेत जिल्ला मानवअधिकारको चेतनाको दृष्टिले पछाडि नै छ। यस जिल्लामा हुने अधिकांश घटनाहरू व्यक्तिगत रीसइवीका कारण हुने गरेका पाइन्छन्। पीडकहरूलाई राजनैतिक संरक्षण दिइनुले समस्या उत्पन्न गर्ने गरेको छ।

१. सम्मानित रुपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

जर्बुटा गाविस-५ का २५ वर्षीय हरिकला लामिछानेलाई **०५२ चैत ४ गते** धारिलो हतियारले हिर्काई हत्या गरेको अभियोगमा आफ्नै पति जयलाल लामिछानेलाई पुर्पक्षको लागि थुनामा राखिएको छ। पीडित हरिकला लामिछाने नौ महिनाकी गर्भवती थिइन्।

रामघाट गाविस-२ का २२ वर्षीय भरत लम्सालको लाश **०५२ चैत २८ गते** लाटिकोइली गाविसमा पर्ने तल्लो बुलबुले तालमा फेला पऱ्यो। उनले ६ दिन अगाडि आफ्नो डेरा छोडेका थिए। उनको हत्या भएको आशंका गरिएको छ।

१.२ जेल र बन्दीहरु

२५ जनामात्र राख्न सकिने क्षमता भएको सुर्खेत कारागारमा हाल जम्मा कैदी १७ जना र थुनुवा १९ जना गरी जम्मा ३६ जना रहेका छन्। थुनुवा मध्ये २ जना माओवादी जनयुद्धमा संलग्न भएका भनिएका महिला पनि छन्। पानी, मनोरञ्जन, शिक्षा आदिको अभाव छ। जेलमा २ जना नावालक रहेका छन्।

१.३ गिरफ्तारी र यातना

वीरेन्द्रनगर नपा-८ का ३६ वर्षीय खगेन्द्र दाहाललाई **०५२ चैत १८ गते** जिल्ला प्रहरी कार्यालयको मुद्दा फाँटमा काम गर्ने प्रहरीले सम्वेदनशील अङ्गमा हिर्काइ यातना दिएको कुरा पीडित दाहाल बताउँदछन्।

१.४ वेपत्ता पारिएको

जानकारीमा आएन।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

मालारानी गाविस-३ का ३० वर्षीय शिक्षक रामबहादुर शाहीलाई **०५३ मंसीर ७ गते** बेलुकातिर केही अपरिचित व्यक्तिहरुले सुर्खेत बसपार्कको नजिकै हिड्दै गरेको समयमा कुटपिट गरे। आफूसंग भएको पैसा पनि लिएर गएको कुरा पीडित बताउँदछन्।

यस वर्ष यो जिल्लामा ११ वटा कुटपिटका घटना सार्वजनिक जानकारीमा आए। ती घटनाहरूमा ११ जना पीडित भए। घटनाहरू मध्ये धेरैजसो व्यक्तिगत रीसइवीका कारण भएको पाइयो।

१.६ थुनामा मृत्यु

थुनामा मृत्यु भएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

जानकारीमा आएन।

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा दुनियावादी साधारण फौजदारी ७५ वटा, दुनियावादी संक्षिप्त फौजदारी ४९ वटा, सरकारवादी फौजदारी २२ वटा, विशेष अदालत ऐन अन्तर्गतको फौजदारी मुद्दा ३२ वटा, दुनियावादी साधारण

देवानी मुद्दा १३२ वटा, संक्षिप्त देवानी ७ वटा र विविध २ वटा मुद्दा समेत गरी जम्मा ३ सय १९ वटा मुद्दा दर्ता भए। ती मध्ये २२ वटा मुद्दा प्रहरी तर्फबाट दर्ता भएका थिए।

२.४ सरुवा / घटुवा / पक्षपात आदि

जानकारीमा आएन।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

सुर्खेत जिल्ला पनि पहाडबाट बसाई सराई समस्याले बढी प्रभावित हुने प्रमुख जिल्लाहरू मध्ये एक हो। यहा लगभग १० हजार ८० घरपरिवार सुकुम्बासी रहेका छन्। ०३६ सालको गोली काण्डमा शहीद भएका न्याउले कामीका छोराहरू पनि सुकुम्बासी नै छन्।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

जानकारीमा आएन।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

वीरेन्द्र नपाका स्वीपर पप्पु वाल्मीकीले मोतीया वाल्मीकीलाई दोस्रो पत्नीको रूपमा विवाह गरे।

रामघाट गाविस-२ का ३० वर्षीय रत्नबहादुर चन्दले **०५३ मदौ १ गते** दोस्रो विवाह गरे।

४.३ गर्भपतन

जानकारीमा आएन।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

जानकारीमा आएन।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

जानकारीमा आएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

यस जिल्लामा लगभग ५०० जति हलियाहरू छन्।

७.२ अन्य अमानवीय व्यवहारहरु / छुवाछूत समेत

तरंगा गाविसकी कली नेपालीको ०५३ चैत १ गते मृत्यु भएपछि उनको लाशलाई घाटमा लाँदा शंख बजाइएको थियो। घाटतिर गैरहेको बेला सोही गाविसका ठूला भनिने जातिका बृखबहादुर शाही, लोकबहादुर शाही, शान्ता शाही, प्रेम शाही, देवु शाही लगायत केही व्यक्तिहरूले मलामीलाई शंख बजाएको आरोपमा सांघातिक आक्रमण गरी कुटपिट गरे।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

न्यायिक पेशागत मागप्रति सरकारले बेवास्ता गर्दै अपायक सरूवा, घटुवा गरेकामा नेपाल राष्ट्रिय शिक्षक संगठन सुर्खेतले ०५२ पुस १९ गते संघर्षको कार्यक्रम घोषित गरेको वक्तव्य प्रकाशित गऱ्यो।

९. अतिरिक्त जानकारीहरु (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष सडक दुर्घटनामा परेर यस जिल्लामा ७ जनाको मृत्यु भयो। त्यस्तै सर्पले टोकेर १, खोलाले बगाएर २, रूखले किचेर १, विद्युत करेण्टबाट १, पहिरोबाट १ जनाको मृत्यु भयो। आगलागीका ३ वटा घटनामा केही धनमालको क्षेती भयो। यसै वर्ष ७ जना महिला र ५ जना पुरूषले आत्महत्या गरे।

■



४. मध्यपश्चिमाञ्चल

भेरी

४.१ जाजरकोट

जनसंख्या : ११३९५८
साक्षरता : २३.५ प्रतिशत
महिला साक्षरता : ९.० प्रतिशत
क्षेत्रफल : २२३० वर्ग कि.मी.
गाविस/नपा : ३०/०
निर्वाचन क्षेत्र : २
विद्यालय/क्याम्पस : २१९/१
अस्पताल/स्वास्थ्य चौकी : १/२४
टेलिफोन लाइन :
सडक (कि.मि.) : ११२.६
प्रहरी कार्यालय : १३

दुर्गम जिल्लाको रूपमा परिचित जाजरकोट पनि एक हो। भेरी अञ्चलका ५ वटा जिल्ला मध्ये यस जिल्लामा हालसम्म मोटर बाटो पुगेको छैन। शिक्षा एवं चेतनाका अभावका कारण जन समुदाय आफ्नो हक र अधिकारका बारेमा सजग रहेको पाइदैन। मानवअधिकारको प्रत्यक्ष उल्लंघन गर्ने प्रहरी, प्रशासन लगायतका निकाय र व्यक्तिहरूमा मानवअधिकारलाई सम्मान गर्ने प्रवृत्तिको विकास भइसकेको छैन। यस वर्ष माओवादी जनयुद्ध नियन्त्रण गर्ने प्रवृत्तिको विकास भइसकेको छैन। यस वर्ष माओवादी जनयुद्ध नियन्त्रण गर्ने नाममा प्रहरीबाट चलाइएको गोलीले मानिस मारिएका घटना उल्लेखनीय छन्।

१. सम्मानित रुपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

लहँ गाविस-३ का निर्वाचित वडा सदस्य मानबहादुर रावत र सोही ठाउँ-४ का मानबहादुर वलीलाई **०५२ फागुन १५ गते** प्रहरीले पक्राउ गरी गैरेनीभिरबाट धकेलेर हत्या गरे। माओवादीको आरोपमा उनीहरूलाई हतकडी लगाई खलंगातर्फ ल्याइरहेको अवस्थामा भिरबाट लडाई हत्या गरियो।

नायकवाडा गाविस-२ का शिक्षक कालीबहादुर बस्नेत र सोही गाविस-३ का ३१ वर्षीय रतीलाल खत्रीलाई **०५३ असार ८ गते** सशस्त्र प्रहरी टोलीले गोली हानी हत्या गरे। पीडित माओवादी गतिविधिमा संलग्न भएको बताइन्छ।

खलंगा गाविस-८ मैदे भन्ने ठाउँमा सशस्त्र प्रहरी टोलीले **०५३ मदौ १६ गते** ९ राउण्ड हवाई फायर गर्दा सोही ठाउँका ४७ वर्षीय डोइलो वीर राना घाइते भए। गाउँको लागि तेल पेल्ने कोल बनाउने गाउँलेहरू बेलुकी ८ बजे तिर खाना खान लाग्दा प्रहरीले उक्त ठाउँमा माओवादी भएको आशंका गरी गोली चलाएको थियो। हाल जिल्ला प्रहरी कार्यालयले डोइलो वीर रानालाई पुर्पक्षका लागि थुनामा राखेको छ।

खलंगा गाविस-८ का २१ वर्षीय लक्ष्मण खड्कालाई **०५३ असोज ६ गते** घरबाट अर्को गाउँ पिपेतर्फ जान लाग्दा खलंगा तर्फबाट गएको प्रहरी गस्ती टोलीले माओवादीको आशंकामा लखेट्यो। भाग्दा-भाग्दै भेरी नदीमा परी उनको मृत्यु भयो।

१.२ जेल र बन्दीहरु

यस जिल्लामा "घ" श्रेणीको जेल छ। यो जेलमा २५ जनासम्म राख्न सक्ने क्षमता छ। श्री ५ को सरकारबाट दिने गरेको सुविधा पाएता पनि चित्त बुझ्दो किसिमले नपाएको गुनासो बन्दीहरू गर्दछन्। स्वास्थ्य सहायकबाट औषधि उपचार गरायता पनि सामान्य औषधि दिइने गरिन्छ। बाहिरी पर्वाल नभएको कारणले बन्दीहरू २४ घण्टा कोठाभित्र बस्नु परेको छ। यस वर्षको अन्त्यसम्ममा यस जेलमा थुनुवा १७ जना र बन्दी संख्या ९ गरी जम्मा २६ जना कारागारमा छन्। केही समय अधिसम्म केही महिला बन्दी भएता पनि हाल एक जना पनि छैन।

१.३ गिरफ्तारी र यातना

खलंगा गाविस-२ का शिवप्रसाद शर्मालाई **०५२ फागुन ५ गते** प्रहरीले पक्राउ गरेको थियो। उनी अनेरास्ववियू क्रान्तिकारीका जिल्ला अध्यक्ष हुन्। हिरासतबाट छुटेका एक प्रत्यक्षदर्शीका अनुसार शिवप्रसादलाई हिरासतमा चेपुवाले निर्मम ढंगले चेप्दै पैतालामा लाठीले बारम्बार पिटिएको थियो। निरन्तरको यातनाबाट शर्माको जीउ पहेंलो भएको थियो।

जक्तीपुर गाविस-१ बस्ने गणेश प्रा.वि.का शिक्षक खड्गविक्रम शाहलाई विद्यालयको काममा सदरमुकाम गएको बेला सदरमुकाममै प्रहरीले **०५२ फागुन ८ गते** पक्राउ गरी हिरासतमा राखेर १३ दिन पछिमात्र बयान लिएको थियो। २७ दिनसम्म हिरासतमा राख्दा पनि पक्राउ पूर्जी वा थुनुवा पूर्जी केही दिइएन।

खलंगा गाविस-८ का ३८ वर्षीय जयबहादुर रानाको

घरमा **०५२ फागुन १७ गते** राती ३ बजे प्रहरी टोलीले छापा मार्‍यो। त्यसपछि ३२ वर्षीय विष्णुमाया रना, ८ वर्षीय छोरी चुरा राना, ६ वर्षीय गुलाफी रानालाई पक्राउ गरी हिरासतमा पैतलामा पिट्ने, नाङ्गो बनाई सिस्नो लगाउने जस्ता यातना दिई ३ दिनपछि छोडियो।

खलंगा गाविस-८ रिम्ना गाउँकी २८ वर्षीय श्रीमती वली रानालाई अस्थायी प्रहरी चौकी इन्चार्जका प्रहरी सहायक निरीक्षक धनबहादुर वि.के.ले **०५३ वैशाख १३ गते** निर्ममता पूर्वक यातना दिए। विहान १० बजे देखि ४-५ फिटको लाठीले पटक-पटक कुटपिट गरी ३ घटासम्म यातना दिंदा उनी बेहोस भएकी थिइन्। हाल पीडित वलि रानाले कुटपिट गरेको कारण प्रहरी सहायक निरीक्षक धनबहादुर वि.के. विरूद्ध जिल्ला अदालत जाजरकोटमा मुद्दा दर्ता गराएकी छन्। उनलाई उनका संजमो समर्थक पतिको सोधखोज गर्न भनी चौकीमा लगी कुटपिट गरिएको थियो।

लहँ गाविस-६ बस्ने १८ वर्षीय दुधकली दमैनीलाई **०५३ वैशाख १५ गते** माओवादीलाई सहयोग र समर्थन गरेको आरोपमा प्रहरीले पक्राउ गर्‍यो। हाल उनलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

खलंगा गाविस-१ का प्रजातान्त्रिक राष्ट्रिय युवा संघ जिल्ला सचिव २३ वर्षीय मित्र गणेश श्रेष्ठलाई **०५३ जेठ १३ गते** माओवादीलाई सहयोग गरेको आरोप लगाई गैरकानूनी तरिकाले प्रहरीले पक्राउ गरी हिरासतमा यातना दिइएको छ।

तपोभूमि निम्न माध्यमिक विद्यालयका प्रधानाध्यापक राजेन्द्रप्रसाद चौधरीलाई **०५३ जेठ २३ गते** जिल्ला शिक्षा कार्यालय जाजरकोटबाट प्रहरीले पक्राउ गर्‍यो। पीडित चौधरीलाई संजमो समर्थक शिक्षकलाई सहयोग गरेको आरोपमा पक्राउ गरिएको थियो। हाल उनलाई जिल्ला प्रहरी कार्यालय जाजरकोटले तारेखमा छोडेको छ।

पैक गाविस-४ का १८ वर्षीय रमेशकुमार आर.सी.लाई **०५३ असार ४ गते** खलंगा गाविस-२ वाट गैरकानूनी तरिकाले पक्राउ गरी हिरासतमा राखिएको थियो।

खलंगा गाविस-८ मैदेका ४५ वर्षीय ठण्डवीर रानालाई **०५३ भदौ १७ गते** खलंगा गाविस-३ वाट एक प्रहरी टोलीले गैर कानूनी तरिकाले पक्राउ गरेको थियो। उनलाई माओवादी भएको आशंकामा पक्राउ गरेको कुरा बुझिएको छ।

खलंगा गाविस-१ का १६ वर्षीय दिनेश चौधरीलाई **०५३ असोज १४ गते** राती ९ बजे दोबाटोमा मादक पदार्थ सेवन गरेका महेश्वर चौधरी लगायत ५ जना प्रहरीहरूले कुटपिट गरी घाइते बनाए।

पैंक गाविस-८ का २५ वर्षीय नन्दबहादुर रोकायालाई **०५३ मंसीर २४ गते** पैंक प्रहरी चौकी इन्चार्ज प्रहरी सहायक निरीक्षक कृष्णप्रसाद वेलवासेले हिरासतमा निर्ममतापूर्वक यातना दिई सख्त घाइते बनाए।

१.४ वेपत्ता पारिएको

जानकारीमा आएन।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

सकला गाविस स्थित छुतीपाल्ती प्रा.वि.का शिक्षक टकबहादुर थापालाई **०५२ फागुन १० गते** केही अपरिचित व्यक्तिले कुटपिट गरी घाइते बनाएका थिए। कुटपिट गर्ने व्यक्ति माओवादी भएको आशंका गरिएको छ।

सकला गाविस-२ सेपुवाका जिविस सदस्य मानबहादुर सिंहको घरमा **०५२ फागुन ७ गते** ५०-६० जनाको हुलले आगो लगाई दिएको थियो। उनको घरबाट आगो लगाउनुभन्दा अगाडि नगद र जिन्सी समेत लुटिएको थियो। उक्त घटनालाई माओवादीहरूको आक्रमण बताइन्छ।

लहँ गाविसका गगन विटालु, कालिबहादुर रोकाया र वीरबहादुर सिंहलाई **०५२ फागुन १२ गते** घरमै आएर केही व्यक्तिहरूको हुलले आक्रमण गरी कुटपिट र लुटपाट गरेको थियो।

डाँडागाउँ गाविस-९ बस्ने गोबर्द्धन नेपालीलाई र उनकी पत्नीलाई **०५२ फागुन २५ गते** करीब २८ जना अज्ञात व्यक्तिहरूले कुटपिट गरी सख्त घाइते बनाए। पीडक माओवादी भएको आशंका गरिएको छ।

कार्की गाउँ गाविसका अध्यक्ष यज्ञबहादुर खत्रीलाई **०५३ वैशाख १८ गते** एक पत्र मार्फत् ३ दिन भित्र हत्या गर्ने धम्की दिइयो। उक्त पत्र माओवादीले लेखेको आशंका गरिएको छ।

१.६ थुनामा मृत्यु

थुनामा मृत्यु भएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार
(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

जानकारीमा आएन।

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला प्रहरी कार्यालयमा कर्तव्य ज्यानका ३, ज्यानमार्ने उद्योगका ३, गर्भपतनका २, जबर्जस्ती करणीका १, वहुविवाह १, डाँका मुद्दा ८, चोरी सम्बन्धी २, आगलागी हात हतियार खरखजना १० र केही सार्वजनिक अपराधका ६ वटा मुद्दा दर्ता भएका थिए।

२.४ सरुवा / घटुवा / पक्षपात आदि

जिल्ला शिक्षा कार्यालय जाजरकोटले पक्षपातपूर्ण तरिकाले शिक्षक नियुक्ति गरेको भनी जाजरकोट जिल्लाका युवाहरूले ०५३ वैशाख ५ गते कार्यालय घेराबन्दी गरेका थिए।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

जानकारीमा आएन।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

खलंगा गाविस-९ का ३५ वर्षीय भद्रकुमारी नाउलेले आफ्ना पतिले दिन दिनै यातना र अमानवीय व्यवहारका गरेको कारण सम्बन्ध विच्छेद मुद्दा जिल्ला अदालत जाजरकोटमा दिएकी छिन्। पीडित भद्रकुमारी ताउलेका २ छोरा २ छोरी छन्।

खलंगा गाविस-२ का ३९ वर्षीय एक महिलालाई भिमकाली गुल्म काठमाडौंमा कार्यरत सम्पूर्ण जंग साहले **०५३ पुस २ गते** राती बलात्कार गरे। जिल्ला प्रहरी कार्यालय जाजरकोटमा जाहेरी गर्दा शाही नेपाली सेनालाई कारवाही गर्न नमिल्ने भनी रू. ३ हजारमा मिलापत्र गराइएको छ।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

जानकारीमा आएन।

४.३ गर्भपतन

खलंगा गाविस-९ का २६ वर्षीय पानमनि नेपालीले **०५२ माघ १२ गते** गर्भपतन गराइन्। पानमति नेपाली र मने दमाईको बीच वैवाहिक सम्बन्ध भएपछि माइती पक्षले घरमा जान नदिई जात नमिलेका कारण गर्भपतन गराउन दबाव दिएपछि गर्भपतन गरेको बताइन्छ। हाल जिल्ला अदालत जाजरकोटले रू. ५ हजार धरौटी लिई छोडेको छ।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

जानकारीमा आएन।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

जानकारीमा आएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहारहरु / छुवाछूत समेत

जानकारीमा आएन।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

नेकपा (एमाले) जिल्ला कमिटी जाजरकोटले **०५३ असार ८ गते** एक प्रेस वक्तव्य प्रकाशित गरी आफ्नो आय आर्जनका लागि व्यक्तिगत काम गरिरहेका निर्दोष व्यक्तिहरूलाई पक्राउ गरी हत्या गरेको तथा प्रशासनबाट साधारण जनतालाई दुःख दिएको कुराको विरोध गर्दै वक्तव्य प्रकाशित गऱ्यो।

नेपाल निजामति कर्मचारी संगठन जिल्ला कार्य समितिले **०५३ साउन २५ गते** आ.ब. ०५३/०५४ को लागि पेश भएको बजेट वक्तव्यमा निजामति कर्मचारीलाई बृद्धि गरिएको महंगी भत्ताको सन्दर्भमा आम कर्मचारीहरूलाई उपेक्षित गरेको भनी एक प्रेस वक्तव्य प्रकाशित गरेको थियो।

९. अतिरिक्त जानकारीहरु (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष यो जिल्लामा नदीमा डुबेर एक जनाको मृत्यु भयो। यसै गरी आगलागीका कारण ३ जनाको मृत्यु भयो। खलंगा गाविस ठाँटीमा ०५३ वैशाख १ गते बम पड्केको घटना निकै चर्चित रह्यो। यस वर्ष यो जिल्लामा आत्महत्याको घटना भएन।

■



४. मध्यपश्चिमाञ्चल

भेरी

४.१० दैलेख

जनसंख्या	१८७४६
साक्षरता	२९.५ प्रतिशत
महिला साक्षरता	११.१ प्रतिशत
क्षेत्रफल	१५०२ वर्ग कि.मी.
गाविस/नपा	६०/०
निर्वाचन क्षेत्र	२
विद्यालय/क्याम्पस	२९९/०
अस्पताल/स्वास्थ्य चौकी	१/४८
टेलिफोन लाइन	६
सडक (कि.मि.)	
प्रहरी कार्यालय	९

यो जिल्ला भेरी अञ्चलका पाँच जिल्लाहरूमध्ये सबैभन्दा सानो छ। यो जिल्ला प्रकृतिको वरदानको रूपमा रहेको भए पनि सबै किसिमबाट पिछडिएको छ। मानवअधिकारका बारेमा सीमित व्यक्तिहरूलाई मात्र थाहा छ। राज्यको तहबाट हुने मानवअधिकार उल्लंघनका घटनाहरूमा कमी आएको भए पनि जनस्तरबाट हुने घटनामा भने यो वर्ष पनि कमी आएन।

१. सम्मानित रुपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

ल्याटीविदासैनी गाविस-४ का ४८ वर्षीय सौरे दमाईलाई जम्बुकाहा गाविस-१ का ३२ वर्षीय पर्से दमाई, १४ वर्षीय वृषे दमाई र ३२ वर्षीय गोले दमाईले **२०५२ फागुन ४ गते** पादुका गाविस-२ मा लाग्ने मेलामा कुटपिट गरेकै कारण आफ्नै घरमा मृत्यु भयो। पर्से दमाई फरार रहेका छन् भने वृषे दमाई र गोले दमाई पुर्पक्षको लागि थुनामा रहेका छन्।

गमौडी गाविस-८ का ५० वर्षीय नन्ने दमाईलाई **२०५२ चैत ५ गते** सोही ठाउँका विष्णुबहादुर थापाले बिक्रीको जग्गा नदिएकै कारणले साँझ बाटोमा ढुङ्गा, लठ्ठीले टाउकोमा प्रहार गरी हत्या गरे। पीडक विष्णुबहादुर थापा फरार रहेका छन्।

रावतकोट र सरस्वती गाविसको सीमाना धामघाट खोलाको बगरमा २२ वर्षीय रत्नाकुमारी सिजापतिलाई **२०५३ असार ३ गते** राती रहस्यमय तरिकाबाट हत्या गरी फालिएको लाश २०५३ असार ४ गते श्री स्थानका पूजारी गोकर्ण योगीले फेला पारेका थिए। पोष्टमार्टम गर्दा पेटमा बच्चा भेटिएपछि पीडितका बाबु दलबहादुर बुढाले २०५३ चैत ७ गते नारायण-९ का २२ वर्षीय हरेन्द्रजङ्ग सिजापति, २० वर्षीय महेन्द्रजङ्ग सिजापति र नारायण गाविस-५ का ईश्वरजंग थापाका नाममा किटानी जाहेरी दिए। हाल हरेन्द्रजङ्ग सिजापति पुर्पक्षमा थुनामा रहेका छन् र ईश्वरजङ्ग थापा, महेन्द्रजङ्ग सिजापति तारेखमा रहेका छन्।

कालभैरव गाविस-७ का ४३ वर्षीय रूद्रबहादुर पन्तलाई **२०५३ असार ९ गते** सोही ठाउँका ३८ वर्षीय गणेशबहादुर पन्तले कपडा पसलको ढोका फोडी कपडा बाहिर फालिदिएकोले डोरीले बाँधी कुटपिट गरे। उपचार गराउँदा गराउँदै २०५३ असार १२ गते विहान अस्पतालमा मृत्यु भयो। यस घटनाको आरोपमा पुर्पक्षमा थुनामा रहेका गणेशबहादुर पन्तलाई अदालतले ३ महिना कैद तोकी फैसला गरेको थियो। कैद काटी कारागारबाट २०५३ असोज महिनामा छुटे।

बालुवाटार गाविस-८ की २० वर्षीय गौरी रोकामगरलाई **२०५३ असार ९ गते** साँझ सोही ठाउँका २९ वर्षीय हर्कबहादुर घर्ती, २७ वर्षीय खगे पुन, १६ वर्षीय गंगबहादुर पुनले कुटपिट गरी हत्या गरे। पीडितलाई गहुँ वारीमा बलात्कार गरी हत्या गरेको आशंका गरिएको छ। हाल पीडकहरूलाई प्रहरीले पक्राउ गरेको छ।

१.२ जेल र बन्दीहरु

यस जिल्लामा "घ" श्रेणीको जेल रहेको छ। १६ जना बन्दी राख्ने क्षमता भएको यो जेलमा यस वर्षको अन्त्यसम्म ९ पुरूष बन्दी, १ महिला बन्दी, ४ पुरूष थुनवा, १ महिला थुनुवा र महिला थुनुवासंग रहेको नाबालक १ जना गरी जम्मा १५ जना रहेका छन्। जेलको भौतिक अवस्था जीर्ण र वर्षा याममा पानी चुहिने गरेको र आँगनमा पानी ट्यांकी रहेकोले सुत्ने ठाउँमा चिसो हुने गरेको बन्दीहरू बताउँछन्। कुनै शीपमूलक कार्यक्रम, खेल्ने सामान, पत्रपत्रिका नभएको गुनासो पनि उनीहरूको छ।

कारागार शाखा दैलेखका बन्दी भुसे सार्की र थुनुवा बमबहादुर शाहीलाई प्रहरी थाना दुल्लुका प्रहरी जवान कैलाश भण्डारीले मदिरा सेवन गरेर भित्र पसी पत्रकार हुँ भन्दै २०५३ पुस ९ गते साँझको समयमा गाली गलौज गरे। कैलाश

भण्डारीले बन्दी थुनुवाको मर्का बुझ्छु भन्दै पीडितलाई गाली गलौज गरेका थिए। दुबै पक्षको भनाभनको क्रम बढ्दै जाँदा हात हालाहाल भएपछि जेलको कोठाको सरिया भाँचियो।

१.३ गिरफ्तारी र यातना

बेलासपुर गाविस-९ का २९ वर्षीय निरकुमार सुब्बालाई वयान गरेन भनी प्रहरी निरीक्षक रामसुन्दर शाहले **२०५२ पुस २३ गते** राती प्रहरी हिरासतमा लाठी र बुटले हानी यातना दिए। पीडित हातहतियार खरखजाना अपराधमा पक्राउ भएका थिए। हाल जिल्ला प्रशासन कार्यालयबाट १० हजार धरौटी राखी तारेखमा छुटेका छन्।

बेलासपुर गाविस-७ का ५२ वर्षीय खड्गबहादुर सार्कीलाई प्रहरीले **२०५२ पुस २९ गते** साँझ अवैध मदिरा राखेको कारण बिनापूर्जी खानतलास गरी गिरफ्तार गरी २०५२ पुस ३० गते १ हजार रूपैयाँ जरिवाना गरेको थियो।

बाँकें, कोहलपुर गाविस-३ का ४२ वर्षीय प्रकाश सुवेदीलाई प्रहरीले दुल्लु-१ पटाङ्गिनीमा माओवादी हो भनी विनापूर्जी **२०५२ फागुन १७ गते** पक्राउ गरी जिल्ला प्रहरी कार्यालयको हिरासतमा पुऱ्याइयो। पीडितको भनाई अनुसार प्रहरी नायब उपरीक्षक प्रेमबहादुर चन्दले सोधपुछ गर्ने क्रममा "तेरो को छ? तँलाई यहीं हिरासतमा सडाई दिन्छु" भनी मानसिक यातना दिएको प्रकाश सुवेदीले लेखेको पत्रमा उल्लेख गरेका छन्। उनलाई फागुन २२ गते राती अड्डासार गर्दै नेपालगञ्ज लगी सार्वजनिक अपराध मुद्दा लगाइएको छ।

नेपा गाविस-५ का ३४ वर्षीय थिरबहादुर कार्कीलाई **२०५२ चैत १९ गते** प्रहरी सहायक निरीक्षक रामबहादुर के.सी.को प्रतिवेदन अनुसार माओवादीसंग संलग्न भएको आरोप लगाई गमौडी गाविस सातखम्ब बजारमा बिनापूर्जी पक्राउ गरियो। हिरासतमा बयान लिने क्रममा प्रहरीद्वारा लाठीले कुटपिट र मानसिक यातना दिएको पीडित बताउँछन्। उनलाई राजकाज अपराध सम्बन्धी मुद्दा लगाइएको छ। हाल ५ हजार रूपैयाँ धरौटी राखी अदालतबाट तारेखमा छुटेका छन्।

अनुसन्धानको क्रममा प्रहरी हिरासतमा रहेका कालभैरव गाविस-७ निवासी ७२ वर्षीय मानबहादुर पन्तलाई प्रहरीले औषधि उपचार गर्ने क्रममा **२०५३ असार १८ गते** जिल्ला अस्पताल दैलेख लैजाँदा हतकडी लगाई लगेएका थिए। पीडितको शारीरिक अवस्था कमजोर रहेको थियो। हतकडी लगाएको हल्ला फैलिएपछि र इन्सेक प्रतिनिधिले फोटो लिएपछि राती हतकडी खोलिएको थियो।

कट्टी गाविस-१ का ३० वर्षीय जनकराज शर्मा, वसन्तमाला-९ का २६ वर्षीय सुरत रावत, सरस्वती-९ का २८ वर्षीय ओमबहादुर रावल, नारायण गाविस-१ का २४ वर्षीय पदम थापा र सोही गाविस-२ का २६ वर्षीय राधेश्याम श्रेष्ठलाई प्रहरीले अनेराजमोको **२०५३ मदी ५ को** नेपाल बन्द कार्यक्रमको सिलसिलामा नारायण गाविस-२ पुरानो बजारमा गिरफ्तार गऱ्यो।

नेल सहित अस्पतालमा राखिएका मानबहादुर पन्त

१.४ बेपत्ता पारिएको

जानकारीमा आएन।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

यस जिल्लामा यो वर्ष ६ वटा कुटपिटका घटनामा ६ जना व्यक्तिहरू पीडित भए। प्रायः घटनाहरू व्यक्तिगत रिसइबीका कारण भएको पाइयो।

१.६ थुनामा मृत्यु

थुनामा मृत्यु भएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

अखिल नेपाल युवक संघ दैलेखका कार्यकर्ता ३१ वर्षीय जनकराज शर्मा, २७ वर्षीय खगीराम वि.क., १७ वर्षीय सिताराम शर्मा, १९ वर्षीय यामराज श्रेष्ठलाई प्रहरी सहायक निरीक्षक सुरेन्द धमलाको नेतृत्वमा गस्ती गरिरहेको टोलीले राजतन्त्र मुर्दावाद लेख्यो भन्ने अभियोगमा २०५२ फागुन १५ गते बेलुका पक्राउ गरी हिरासतमा लियो। उनीहरूले भित्तामा अनेयू संघ जिन्दावाद भनी लेखेको हुँदाहुँदै पनि राज्य विरूद्ध अपराध मुद्दा लगाइएको थियो। पीडितहरू अदालतको

आदेशमा ५ हजार रूपैयाँ धरौटी राखी छुटे।

दैलेखका सांसद विनोदकुमार शाह एमालेका कार्यकर्ताहरू नारायण गाविसका ३० वर्षीय रविन्द्रराज शर्मा, सोही गाविस-१ का २४ वर्षीय डेकेन्द्र राज थापा, सोही गाविस-८ का ३२ वर्षीय पुष्कर शर्मा र सरस्वती गाविस-९ का २८ वर्षीय निरक रावललाई २०५२ फागुन १५ गते नेमकिपाका कार्यकर्ता चामुका गाविस-५ का ४८ वर्षीय हर्कबहादुर शाही, सोही गाविस-३ का टिकाराम विष्ट, सोही गाविस-८ का ३२ वर्षीय निरकबहादुर शाहीले आक्रमण गरे। सांसद शाह नेमकिपा छोडी एमालेमा प्रवेश गरेकै कारण गाउँ घुम्ने क्रममा हाडाकोट पुगेको बेला उक्त आक्रमण गरिएको थियो। प्रहरीले उक्त घटना थाहा पाई सम्झाउँदा नमानी होहल्ला गरेकोले ५ राउण्ड हवाई फायर गरी भीडलाई नियन्त्रण गरेको थियो।

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

आर्थिक वर्ष २०५२/५३ मा यस अदालतमा कूल ५ सय ४८ मुद्दा मध्ये ४ सय २४ वटा मुद्दा फछ्र्यौट भए। फौजदारी भन्दा देवानी (दुनियावादी) मुद्दा बढी दर्ता भएका थिए।

यस आर्थिक वर्षमा ज्यान सम्बन्धी जम्मा ६ वटा मुद्दाहरू चालु अवस्थामा रहेकोमा ४ वटा फछ्र्यौट भई २ वटा बाँकी रहेका छन्।

२.४ सरुवा / घटुवा / पक्षपात आदि

जानकारीमा आएन।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

जानकारीमा आएन।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

लाकुरी गाविस-८ की २१ वर्षीय पार्वती थापालाई वसन्तमाला गाविस-८ का २७ वर्षीय डम्बरबहादुर खड्काले विवाह गर्छु भनी फकाई **०५३ बैशाख २१ गते** माईती घरबाट लगी आफ्नै घर छिमेकमा १० दिनसम्म राखी भारतको सिमला भन्ने ठाउँमा पुऱ्याई बिक्री गरे। पीडकले सिमलामा पुऱ्याई सुर्खेतको केटालाई सिमलाकोटमा लगी विवाह गरी दियो भनी कागज र फोटो देखाउँदै हिंडेकोले पीडितकी आमाले जिल्ला प्रहरी कार्यालयमा निवेदन दिंदा दर्ता गरिएन।

बेलासपुर गाविस-५ की २२ वर्षीय महिलालाई **२०५३ असोज ७ गते** सोही गाविसका ३० वर्षीय प्रत्य सार्कीले कपानाउलीमा बलात्कार गर्ने उद्देश्यले लछार-पछार गरे। पीडित चिच्याएर हारगुहार गरेपछि पीडितका पति पदमे सार्की घटनास्थलमा पुग्दा उनी भागेका थिए। प्रहरीको रोहवरमा अबदेखि यस्तो किसिमको व्यवहार गर्ने छैन भनी प्रत्य सार्कीले कागज गरिदिएपछि मिलापत्र भएको थियो।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

रावतकोट गाविस-९ की २४ वर्षीय पूर्णबहादुर कार्कीले श्रीमती हुँदाहुँदै नारायण गाविस-७ की २१ वर्षीय पद्मा भण्डारीलाई **२०५३ साउन ४ गते** बहुविवाह गरी घरमा ल्याए।

४.३ गर्भपतन

भैरीकालिकाथुम गाविस-८ की २५ वर्षीय नन्दाकला वि.क. ले **२०५२ फागुन २० गते** काठपाते औषधि सेवन गरी ६ महिनाको गर्भ पतन गराइन्। उक्त भ्रूणलाई मलखादमा लगी गाडेपछि गाउँघरमा हल्ला भई प्रहरीले उनलाई २३ गते पक्राउ गरेको थियो। मलाई रूघाखोकी लागेकोले गना कमेनीले काठपाते औषधि दिई सेवन गरेकी हुँ भनी बयान गरेपछि गना कमेनीलाई प्रहरीले हिरासतमा लिएकोमा २०५२ चैत ९ गते अदालतले तारेखमा छोड्यो।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

पादुका गाविस-२ की १४ वर्षीय कमलाकुमारी उपाध्यायलाई चामुण्डा गाविस-४ का ३० वर्षीय पूर्णप्रसाद उपाध्यायले वडलम्जी गाविस-४ को पादुकामा मेला हेर्न गएको मौका पारी विवाह गर्ने उद्देश्यले **२०५३ भदौ ३१** गतेका दिन जबरजस्ती घरमा लिएर गए।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

जानकारीमा आएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहारहरु / छुवाछूत समेत

जानकारीमा आएन।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

जानकारीमा आएन।

९. अतिरिक्त जानकारीहरु (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष यो जिल्लामा भिरबाट लडेर र ट्रक दुर्घटनामा परी १/१ जना व्यक्तिको मृत्यु भयो भने यसै वर्ष १४ जनाले आत्महत्या गरे, तीमध्ये ६ जना महिला र ८ जना पुरुष थिए।

■



४. मध्यपश्चिमाञ्चल

कर्णाली

४.११ डोल्पा

जनसंख्या : २५०१३
साक्षरता : २३.२ प्रतिशत
महिला साक्षरता : ८.४ प्रतिशत
क्षेत्रफल : ७८८९ वर्ग कि.मी.
गाविस/नपा : २३/०
निर्वाचन क्षेत्र : १
विद्यालय/क्याम्पस : १०५/०
अस्पताल/स्वास्थ्य चौकी: ०/१२
टेलिफोन लाइन : ७
सडक (कि.मि.) :
प्रहरी कार्यालय : १३

कर्णाली अञ्चलमा पर्ने डोल्पा जिल्ला क्षेत्रफलको हिसाबले नेपालको सबैभन्दा ठूलो जिल्ला हो। यस जिल्लामा परम्परागत कुरीतिको रूपमा झुमा, बहुपति प्रथा, बहुविवाह, बाल-विवाह, जारी प्रथा अझै पनि कायमै छ। यस जिल्लामा जनचेतना शिक्षाको अभावले मानवअधिकार र उपभोग हुन सकेको छैन।

१. सम्मानित रुपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

त्रिवेणी अस्थायी प्रहरी चौकीका प्रहरी जवान ३० वर्षीय पूर्णबहादुर शाहलाई **०५३ मंसीर ३० गते** नेकपा (माओवादी) का कार्यकर्ताहरूले गोली प्रहार गरी घाइते बनाए। प्रहरीबाट पनि गोली चलाइएको थियो। यसरी दोहोरो भिडन्त हुँदा रूकुम स्वारा गाविसका विजय घले भनिने दौलतराम घर्तीको मृत्यु भयो। दौलत घर्ती माओवादी जनयुद्धका केन्द्रीय स्तरका कमाण्डर रहेको बताइन्छ।

१.२ जेल र बन्दीहरु

डोल्पा जिल्लामा जेलको स्थापना २०२६ सालमा भए पनि २०३१ सालबाट मात्र संचालन भएको हो। यस जेलमा २५ जना बन्दी अट्न सक्ने क्षमता छ। हाल यस जेलमा ३ जना बन्दी रहेका छन्। जसमध्ये हत्याको आरोपमामा परेका डोल्पा, त्रिपुराकोट गाविस-१ का धनविर दमाई र कस्तुरी चोरी गरेको आरोपमा धादिङ्ग, सेर्तुङ्ग गाविस-६ का विरबहादुर तामाङ्ग र मानबहादुर लामिछाने रहेका छन्। यस जेलमा बन्दीहरूलाई जनही १० रूपैयाँ दिने गरिएको र त्यसबाट उनीहरूलाई चामल बाहेकका सम्पूर्ण सामाग्री खरिद गर्नु पर्ने भएकोले दुई छाक टार्न समेत निकै मुश्किल परिरहेको छ। यहाँ दिने भनिएको ओढ्ने विस्तरा र लगाउने कपडा समयमा प्राप्त हुन सक्दैनन्। जाडो समयमा त्यसै कठ्याँग्रिएर बस्नु पर्छ। उपचारको कुनै व्यवस्था छैन। हप्काउने, दप्काउने गरेको र दिएको सुविधा समेत उचित समयमा नपाएको बताउँछन्।

१.३ गिरफ्तारी र यातना

डोल्पा जिल्ला सर्मि गाविस-३ का २३ वर्षीय चन्द्रबहादुर बुढालाई **०५२ माघ १५ गते** जाजरकोट जान लाग्दा त्रिवेणी चौकीले माओवादी भनी गिरफ्तार गर्‍यो।

२०५३ कार्तिक ५ गतेका दिन प्रहरी नायव उपरीक्षक लगायतका १७ जना प्रहरी जवान गई राती सुतिरहेकी पेमा बुढाको घरमा २१ वर्षीय मङ्गली रोकाय र १८ वर्षीय प्यारी रोकायलाई घरबाट पक्राउ गरी जिल्ला प्रहरी कार्यालयमा लगियो।

१.४ वेपत्ता पारिएको

जानकारीमा आएन।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

यस जिल्लामा हुने गरेका कुटपिटका घटनाहरूमा धेरैजसो व्यक्तिगत रिसइबीका र मादक पदार्थ सेवनका कारण हुने गरेका छन्। यस वर्ष कुटपिटका ५ वटा घटना चर्चामा आए। यी घटनाहरूमा २ जना कर्मचारी, १ जना शिक्षक र ८ जना अन्य पुरुष पीडित भए। एउटा घटनामा राजनैतिक पार्टीको संलग्नता भएको बताइन्छ।

रिमी गाविस-९ का २८ वर्षीय कालेसिंह वस्नेत र १९ वर्षीय प्रेमबहादुर रोकायलाई **०५३ कार्तिक ५ गते** स्थानीय आमा समूह र राप्रपाका कार्यकर्ताहरूले कुटपिट गरे। वन सम्बन्धी कुरामा विवाद हुँदा सो घटना भएको बताइन्छ।

१.६ थुनामा मृत्यु

थुनामा मृत्यु भएन।

डोल्पा जेलका बन्दीहरू

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

रूकुम जिल्ला नुवाकोट गाविस-७ घर भई हाल कालिका मा.वि.मा अध्ययनरत विद्यार्थी २५ वर्षीय लिलाराम के.सी. र १८ वर्षीय स्विमबहादुर निर्मोहीलाई **०५३ मदौ १६ गते** अनेरास्ववियूको प्रारम्भिक कमिटी गठन गर्न जाने क्रममा लिक मा.वि.मा जाँदा माओवादीको आरोपमा प्रहरीले गिरफ्तार गरी एक रात हिरासतमा राखी भोलिपल्ट छाडि दिएका थिए।

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष डोल्पा जिल्ला अदालतमा ७ वटा दुनियावादी फौजदारी, १५ वटा सरकारवादी फौजदारी र ९ वटा दुनियावादी देवानी गरी जम्मा ३१ वटा मुद्दा दर्ता भए भने अघिल्ला वर्षका समेत गरी ५६ वटा मुद्दा फैसला भए। यस जिल्लामा धेरैजसो गाली बेइज्जती, कुटपिट जस्ता मुद्दा दर्ता हुने गरेका छन्।

२.४ सरुवा / बढुवा / पक्षपात आदि

जुम्ला जिल्ला घर भई हाल मालपोत कार्यालय डोल्पामा कार्यरत मुखिया ४० वर्षीय पुरिचन्द्र एडी २०४४ सालदेखि हालसम्म यहीं नै कार्यरत छन्। अरू जिल्लामा सरूवा पाउ भनी उनले धेरै पहिलेदेखि माग गरेका थिए। २ वर्ष भन्दा बढी हिमाली क्षेत्रमा बसेपछि सरूवा मागेमा जान पाउने कुरा निजामति सेवा नियमावली २०५० मा व्यवस्था गरेको छ।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

जानकारीमा आएन।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

जानकारीमा आएन।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

पहाडा गाविस-४ का २२ वर्षीय विष्णुबहादुर शाहीले विवाह गरेको १ वर्ष नपुग्दै आफ्नै भाउजु पर्ने २७ वर्षीय फूलाचंद शाहीलाई **२०५३ असोज १५ गते** दोश्रो विवाह गरे। हाल सुनमति शाहीले जिल्ला प्रहरी कार्यालय डोल्पामा उजुरी गरेकी छिन्।

४.३ गर्भपतन

जानकारीमा आएन।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

जानकारीमा आएन।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

जानकारीमा आएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहारहरु / छुवाछूत समेत

जानकारीमा आएन।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

जानकारीमा आएन।

९. अतिरिक्त जानकारीहरु (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

०५३ कार्तिक ६ गते शे-गुम्बा भ्रमण गर्न गएका २ जना अमेरिकन नागरिक र २ जना नेपाली भरिया एवं १ जना गाईड समेत गरी ५ जनाको विशाल हिमपात पर्न गई हिउँले पुरेर (च्यापिएर) मृत्यु भयो। मृतकहरूको शव हेलिकप्टरद्वारा सम्बन्धित स्थानमा लगियो।

डोल्पा दुनैका २ महिलाको ०५३ असोज १८ गते माटो खन्न जाँदा माटोले पुरिएर मृत्यु भयो।

■



४. मध्यपश्चिमाञ्चल

कर्णाली

४.१२ जुम्ला

जनसंख्या : ७५९६४
साक्षरता : २५.२ प्रतिशत
महिला साक्षरता : ८.४ प्रतिशत
क्षेत्रफल : २५३१ वर्ग कि.मी.
गाविस/नपा : ३०/०
निर्वाचन क्षेत्र : १
विद्यालय/क्याम्पस : ११४/१
अस्पताल/स्वास्थ्य चौकी: ३/२५
टेलिफोन लाइन :
सडक (कि.मि.) :
प्रहरी कार्यालय : ८

कर्णाली अञ्चलका अन्य जिल्लाहरूको तुलनामा जुम्ला सुगम मानिन्छ। यहाँका अधिकांश जिल्लावासी शिक्षा र चेतनाका दृष्टिले पिछडिएका छन्। यसै कारणले नै चुनावका समयमा देवताको फोटो वा घण्ट छुवाइ किरिया खुवाएर पैसा बाँडी चुनावमा मत माग्ने चलन छ। छोटकरीमा भन्ने हो भने मानवअधिकारको बारेमा यहाँको जनसमुदायले बुझ्न सकेको छैन।

१. सम्मानित रुपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

जानकारीमा आएन।

१.२ जेल र बन्दीहरु

यस जिल्लामा रहेको कारागार महत गाविसको राटेउ भन्ने एकान्त स्थानमा रहेको छ। यो जेल "घ" श्रेणीमा पर्दछ र ३० जना अटाउने क्षमता छ। यसको भौतिक अवस्था पर्खाल, छत आदि जीर्ण अवस्थामा छ। बन्दीहरू वर्षा याममा पानी चुहिएर सुत्न पाउँदैनन्। ११ जना थुनुवा पुरूष, ५ जना कैदी मध्ये १ जना महिला छन् र जीर्ण भवन कति बेला भत्किन्छ भनी डराएर बस्न बाध्य हुनुपर्दछ भन्छन्।

१.३ गिरफ्तारी र यातना

कुडारी गाविस-९ का नरबहादुर शाही, धनबहादुर शाही, हस्तबहादुर शाही र नरबहादुर सिंह चारजनालाई माओवादीको आरोपमा **०५३ कार्तिक १६ गते** राती प्रहरीले पक्राउ गरे। प्रहरी चौकी कुडारीमा पुर्‍याएपछि उनीहरूलाई चौकीका प्रहरी सहायक निरीक्षक प्रेमबहादुर बम स्वयमले यातना दिए। यातनाको कारण बेहोश भएपछि प्रहरीहरूले उनीहरूलाई घर पुर्‍याएका थिए।

१.४ बेपत्ता पारिएको

जानकारीमा आएन।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

यस वर्ष यो जिल्लामा १२ वटा कुटपिट र धम्कीका घटना भए। ती घटनाहरूमा १५ जना पीडित भए। जसमा ११ जना पुरूष, ३ महिला र १ बालक रहेका छन्। प्रायः घटनाहरू व्यक्तिगत रिसइबीका कारण भएको पाइयो।

१.६ थुनामा मृत्यु

थुनामा मृत्यु भएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

जानकारीमा आएन।

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

जानकारीमा आएन।

२.४ सरुवा / घटुवा / पक्षपात आदि

जानकारीमा आएन।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

जानकारीमा आएन।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

जानकारीमा आएन।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

यस वर्ष जारी सम्बन्धी ७ वटा घटना चर्चामा आए। जसमा ३१ हजार सम्म जारी वापत लेनदेन गरियो।

रारा लिहि गाविस-७ का बिस्वल रोकायाले सोही गाविसका मुनिलाल बुढाकी पत्नी प्याउरी बुढालाई विवाह गरेपछि मुनिलाललाई **०५३ मदौ १३ गते** जारी स्वरूप ३१ हजार बुझाए।

४.३ गर्भपतन

कालिका खेतु गाविस-२ की सलिता शाहीले **२०५३ बैशाख ८ गते** गर्भपतन गराइन्। आफ्ना पतिको मृत्युपछि ससुरासंगको यौन सम्पर्कका कारण उनी गर्भवती भएका बताइन्छ। यस घटनाको सम्बन्धमा सलिता र उनका ससुरा ६२ वर्षीय जजराजलाई पक्राउ गरी कानूनी कार्वाही गरिएको थियो।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

जानकारीमा आएन।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

जानकारीमा आएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहारहरु / छुवाछूत समेत

जानकारीमा आएन।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

जानकारीमा आएन।

९. अतिरिक्त जानकारीहरु (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष यस जिल्लामा दुर्घटना र विपत्तिमा परी ४ जनाको मृत्यु भयो। ती मध्ये १ जनाको नदीमा डुबेर र ३ जनाको पहिरोमा परी मृत्यु भएको थियो। २ जनाले झुण्डिएर आत्महत्या गरे।

■



४. मध्यपश्चिमाञ्चल

कर्णाली

४.१३ कोलिकोट

जनसंख्या	: ८८८०५
साक्षरता	: १९.४ प्रतिशत
महिला साक्षरता	: ५.१ प्रतिशत
क्षेत्रफल	: १७४१ वर्ग कि.मी.
गाविस/नपा	: २९/०
निर्वाचन क्षेत्र	: १
विद्यालय/क्याम्पस	: १२०/०
अस्पताल/स्वास्थ्य चौकी	: ०/३०
टेलिफोन लाइन	: १८
सडक (कि.मि.)	:
प्रहरी कार्यालय	: ५

कालिकोट जिल्ला कर्णाली अञ्चलमा पर्ने विकट जिल्ला हो। परंपरागत रूपमा चल्दै आएका कतिपय कुप्रथाहरू र व्यक्तिगत रिसइवीका कारण हुने घटनाहरूले भने मानवअधिकारलाई चुनौति दिएको पाइन्छ।

१. सम्मानित रुपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

मान्मा खाडाचक्र गाविस–८ का १८ वर्षीय प्रजापति पाण्डेलाई **२०५२ चैत १२ गते** राती सोही गाविस–३ का २३ वर्षीय रत्नप्रसाद पाण्डे र २१ वर्षीय पुरिलाल पाण्डेले सुन चोरेको आरोप लगाई कुनापानी भन्ने भिरबाट धकेली हत्या गरे। पीडक पुरिलाल पाण्डे थुनामा र रत्नप्रसाद पाण्डे धरौटीमा छुटेका छन्।

अछाम जिल्ला सान्नारा गाविस–७ की २१ वर्षीय अङकुसरा शाहीको लाश **२०५३ असार २ गते** कालिकोट जिल्ला कालाभिर चौरमा भेटियो। मृतकसँग एउटा कुकुर मरेको र मृतकको बच्चा जिउँदो अवस्थामा देखिंदा हत्या गरिएको आशंका गरिएको छ।

बदालकोट गाविस–९ की २४ वर्षीय रिङली लुवारलाई **२०५३ मंदी २७ गते** आफ्नै पति पदमे लुवारले माइतबाट ढिलो आएको निहुँमा कुटपिट गरी हत्या गरे।

१.२ जेल र बन्दीहरु

यस जिल्लाको जेलको क्षमता २५ जना राख्न सकिने छ। जेलमा यस वर्ष थुनुवा एवं बन्दी गरी जम्मा १७ जना राखिएको छ। त्यसमा ८ जना कैदी र ९ जना थुनुवा मध्ये १ जना महिला छन्। भौतिक अवस्था जीर्ण रहेको, कार्यालय राख्ने ठाउँ नभएको साथै थुनुवा तथा बन्दी बस्ने ठाउँ र सुरक्षाकर्मीको क्वाटर एउटै हुँदा कुनै पनि समयमा अप्रिय घटना घट्न सक्ने सम्भावना छ। चर्पीको उचित व्यवस्था नहुँदा राती समस्या देखिएको पाइयो। शीपमूलक केही कार्यक्रम सञ्चालन भएमा राम्रो हुने कुरा बन्दी बताउँछन्। साथै बन्दीले पाउनु पर्ने लुगा अहिलेसम्म नपाएको गुनासो बन्दीहरूको छ।

१.३ गिरफ्तारी र यातना

नानिकोट गाविस कोशेलाका कटकबहादुर शाहीलाई **२०५३ साउन २९ गते** अखिल नेपाल किसान मोर्चा (मसालसंग सम्बन्धित) पत्रिका बोकेको आधारमा माओवादी भनेर खुलालु चौकी प्रहरीले गिरफ्तार गऱ्यो

कोटबाडा गाविस–९ का २८ वर्षीय परेक दमाई र २५ वर्षीय विर्क दमाईलाई सुकटिया गाविस–३ का किट्टो सुनार र जङ्ग सुनारले सोही गाविस–२ राराघाटको पुलमा **२०५३ मंदी २३ गते** कुटपिट गरे। परेक दमाई र विर्क दमाईलाई माओवादीको झुठ्ठा आरोप लगाई प्रहरी चौकी हाउडीमा पक्राउ जारी सम्बन्धी ३० हजारको पैसा तिर्ने कागज गराए।

१.४ बेपत्ता पारिएको

जानकारीमा आएन।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

जिल्ला विकास समितिका सबओभरसियर मनिजर शाही र प्राथमिक तथा आधारभूत शिक्षा परियोजनाका सव ओभरसियर २५ वर्षीय बदीलाल दासलाई **२०५३ मंदी २० गते** धौलाकोट गाविस–२ का कालेबहादुर रोकाया, वडा नं. २ का सर्जनबहादुर वम, वडा नं. १ का शिवलाल रोकाया, वडा नं. ३ का केशरसिंह वम र परेकबहादुर रोकाया समेतले कुटपिट गरे। ५ लाख भ्रष्टाचार सम्बन्धी मुद्दाको छानवीन गर्न गएका कर्मचारीले लुकेर मुचुल्का तयार गरी फर्केको सुनी सोधपुछ गर्दा तपाईंहरूलाई के मतलब भन्ने जवाफ दिई भनाभन भएको हो र सामान्य चोटपटक लागेको कुरा पीडक

कालिकोट जेल

बताउँछन्। हाल सबै पीडक सार्वजनिक मुद्दाको धरौटीमा छुटेका छन्।

प्रहरी चौकी थिर्पुका प्रहरी भीमबहादुर बि.के. र हवल्दार कलबहादुर थापालाई **२०५३ मंसीर २४ गते** बाजुरा जिल्ला गोत्री गाविस-७ का २१ वर्षीय जैमल सार्कीले कुटेका थिए। हाल जैमल सार्कीलाई सार्वजनिक मुद्दा लगाइएको छ र उनी धरौटीमा छुटेका छन्।

१.६ थुनामा मृत्यु

थुनामा मृत्यु भएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

मालकोट गाविसका अध्यक्ष विष्णुबहादुर विश्वकर्मालाई दलित जाति सम्बन्धी संस्था खोल्न पाईंदैन भनी २०५३ पुस ६ गते गिरफ्तार गरियो। उनलाई कागज गराई रिहा गरिएको थियो।

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष न्याय माग्दै देवानी दुनियावादी ७१ वटा र दुनियावादी फौजदारी ७२ वटा मुद्दा दर्ता भएका छन्। जिल्लामा न्यायाधीश उपस्थित नभएका कारण फैसला भएर्को हुने गरेको गुनासो रहेको पाइयो।

२.४ सरुवा / घटुवा / पक्षपात आदि

जानकारीमा आएन।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

जानकारीमा आएन।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

जुविधा गाविस-८ की २१ वर्षीय एक महिलालाई **२०५३ मंसीर २५ गते** दाहाँ गाविस-५ का कमलबहादुर शाही र रत्नबहादुर शाहीले घाँस काट्न गएको बेला पारी बलात्कार गरे। पीडितलाई लछार-पछार समेत गरेकोले फुपाकुमार सख्त घाइते भएकी थिइन्।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

यस जिल्लामा बहुविवाह तथा जारी लिने दिने क्रम परम्परागत प्रथाकै रूपमा चल्दै आएको छ। यस वर्ष जारी र बहुविवाह सम्बन्धी १३ वटा घटना सार्वजनिक जानकारीमा आए। तीमध्ये केही अदालतमा पुगे त केही गाउँमै मिलाइए। यो वर्ष १५ हजार रूपैयासम्म जारी तिरेको सार्वजनिक जानकारीमा आयो।

४.३ गर्भपतन

जानकारीमा आएन।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

चिल्खाम गाविस-५ का १४ वर्षीय दिवराज उपाध्याय र १२ वर्षीय धर्मदत्त उपाध्यायलाई एक व्यक्तिले ५० रूपैयाँ दिएर कस्तुरीका डल्ला बोक्न लगाएका थिए। ती बालकहरू ०५३ मंसीर १८ गते वन कार्यालयको कारवाहीमा परी हाल दुईलाख रूपैयाँ धरौटी राखी छुटेका छन्।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

जानकारीमा आएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहारहरु / छुवाछूत समेत

जानकारीमा आएन।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

जानकारीमा आएन।

९. अतिरिक्त जानकारीहरु (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष यो जिल्लामा विषालु रक्सीको सेवनबाट २ जनाको मृत्यु भयो। प्राकृतिक विपत्तिमा परी ३ जनाको मृत्यु भयो। आत्महत्याका घटना सार्वजनिक जानकारीमा आएन।

■



४. मध्यपश्चिमाञ्चल
कर्णाली
४.१४ मुगु

जनसंख्या : ३६३६४
साक्षरता : २१.७ प्रतिशत
महिला साक्षरता : ५.१ प्रतिशत
क्षेत्रफल : ३५३५वर्ग कि.मी.
गाविस/नपा : २४/०
निर्वाचन क्षेत्र : १
विद्यालय/क्याम्पस : ११३/०
अस्पताल/स्वास्थ्य चौकी: -/२९
टेलिफोन लाइन :
सडक (कि.मि.) :
प्रहरी कार्यालय : ९

प्राकृतिक सौन्दर्यको धनी मुगु जिल्लाको स्थिति आर्थिक दृष्टिले ज्यादै कमजोर छ। यहाँका अधिकांश युवाहरू जीवन जिउन भारतमा जान बाध्य छन्। सामाजिक कुरीति, धार्मिक अन्धविश्वासग्रस्त जनजीवनमा बहुविवाह, बाल विवाह, जारी, बोक्सी र छुवाछूत प्रथा जस्ता कुरीति अहिले पनि कायम छ। प्रशासनिक व्यवहारबाट भन्दा राजनैतिक दृष्टिकोण तथा सामाजिक कुचलनका कारण बढी मानवअधिकार हनन भएको देखिन्छ। साधारण घटनालाई राजनीतिक नेताद्वारा प्रहरी प्रशासनलाई बाध्य गराई सार्वजनिक अपराध अन्तर्गत दर्ता गर्न लगाई दुःख दिलाउने संस्कारमा बृद्धि भएको छ। यो जिल्लामा जेल छ तर प्रायजसो खाली नै रहन्छ।

१. सम्मानित रुपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

जानकारीमा आएन।

१.२ जेल र बन्दीहरु

गमगढी बजारमा अवस्थित मुगु कारागार भवनमा हाल कुनै पनि थुनुवा वा कैदी छैनन्। हाल सो कारागार भवनमा सुरक्षा कर्मी पनि छैनन्। यी विभिन्न स्थितिलाई अवलोकन गर्दा मुगु कारागार हाल साइनबोर्डले मात्र देखिन्छ। कारागार भित्र रहेको पानीको धारामा लाग्ने गरेको भिडलाई हेर्दा पँधेरो जस्तै देखिन्छ। अन्य घरसंग संगै जोडिएकोले कैदी र अन्य व्यक्तिको निवासमा केही फरक छैन। उक्त कारागारका जेलर जयबहादुर हितानका अनुसार सुरक्षित र व्यवस्थित कारागार भवन निर्माण हुनु पर्ने कुरामा जोड दिन्छन्। यस्तै अवस्थामा रहेमा कैदी सुरक्षित गर्न नसकिने बताउँछन्। गत वर्षका जबरजस्ती करणीमा परेका वृद्ध तैजेल ऐडी करीब २ वर्ष पछि ०५३ वैशाख २३ गते सफाई लिई मुक्त भए भने किर्ते चोरीमा परेका राजेश कुमार शाह साढे एक वर्ष कैद भुक्तान गरी ०५३ असोज ११ गते छुटेर गएपछि उक्त कारागार रित्तिएको छ।

१.३ गिरफ्तारी र यातना

बाँके चिसापानी गाविस-३ पृथ्वी मेडिकल हलका चिकित्सक २४ वर्षीय प्रेमबहादुर सुनारलाई **०५३ मंसीर १३ गते** गिरफ्तार गरियो। जिल्ला प्रहरी कार्यालय मुगुका प्रहरी निरीक्षक प्रद्युम्न कुमार कार्कीले उनलाई तीन दिन भित्र जिल्ला छोड्न धम्की दिएको बताइन्छ। अदालतमा चलिरहेको दुनियावादी फौजदारी मुद्दाको विषयमा उनलाई पक्राउ गरिएको थियो।

१.४ बेपत्ता पारिएको

जानकारीमा आएन।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

कोटडाँडा स्थित महादेव मस्टा मा.वि.का प्रधानाध्यापक ४० वर्षीय प्रेमनारायण शर्मा, शिक्षक धिरजङ शाही समेत कोटडाँडा गाविस अध्यक्ष, उपाध्यक्ष लगायत सबैलाई **०५२ चैत १२ गते** लोकबहादुर रावल समेतका विद्यार्थी र स्थानीय युवाले कुटपिट गरे। विद्यालय भवन कुन ठाउँमा राख्ने भन्ने सवालमा वादविवाद भएको थियो।

माँग्री गाविस अध्यक्ष घिरिङ छोमेल तामाङलाई **०५३ वैशाख ७ गते** गाविसको बैठक भैरहेको अवस्थामा गाविस भवन कहाँ राख्ने भन्ने विषयमा वादविवाद हुँदा कुटिएको थियो।

यस वर्ष यो जिल्लामा सार्वजनिक भएका अन्य ३ वटा कुटपिटका घटनामा ३ जना पीडित भए। प्राय घटनाहरू व्यक्तिगत रीसइवीका कारण भएको पाइयो।

१.६ थुनामा मृत्यु

पुर्पक्षको निम्ति मुगु कारागारमा थुनामा रहेका मिजुर एडीको **०५२ पुस १५ गते** मृत्यु भयो।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

जानकारीमा आएन।

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष पनि जिल्लामा जिल्ला न्यायाधीश नहुनाको कारण न्याय पाउन ढिलाई भैरहेको जनगुनासो छ। जिल्लामा न्यायाधीश नभएकै कारण जबरजस्ती करणी मुद्दामा पुर्पक्षका लागि थुनामा परेका तैजेल ऐडीले ०५३ वैशाख २३ गते करीब २ वर्ष पछि सफाई पाए। उनको भनाइ अनुसार आफूले लामो समयसम्म जेल सजाय अनाहकमा भोग्नु पर्‍यो। उनीसँगै जेल परेका मिजुर ऐडीको ०५२ पुस १५ गते जेलमा नै मृत्यु भयो। तर मृत्युपछि फैसला हुँदा उनलाई निर्दोष ठहराइएको थियो।

यस वर्ष जिल्ला अदालतमा प्रहरीबाट सरकारवादी कुनै पनि मुद्दा आएनन्। दुनियावादी फौजदारी अन्तरगत गाली बेइज्जती १७, मिलापत्र बदर १ , नाताकायम १, जारी ६, कुटपिट १, लुटपिट १, इलाज गर्ने १ समेत जम्मा २८ मुद्दा दर्ता भए। देवानी तर्फ जग्गा २१ र धनमाल तर्फ ६ वटा मुद्दा दर्ता भए। यस वर्ष जिल्ला अदालतमा इलाज गर्ने मुद्दा जिल्ला अदालत बसेबाट पहिलो पटक अदालतमा दर्ता भएको विचारी भिमबहादुर शाही बताउँछन्। जिल्ला प्रहरी कार्यालयमा केही सार्वजनिक अपराध ५ वटा, आगलागी २ वटा, भवितव्य ज्यान सम्बन्धी २ वटा दर्ता भए। जिल्ला प्रशासन कार्यालय मुगुमा जिल्ला प्रहरी कार्यालयबाट आएको केही सार्वजनिक अपराध ५, पुनरावेदन १ र भ्रष्टाचार गत वर्षसम्मका ६ वटा कार्वाहीको सिलसिलामा रहेको खरिदार रामनाथ बताउँछन्।

२.४ सरुवा / घटुवा / पक्षपात आदि

जानकारीमा आएन।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

जानकारीमा आएन।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

कोटडाँडा-१ रिखियाका ३१ वर्षीय नानी शाहीलाई कोटडाँडा गाविस-३ का शिक्षक रामबहादुर शाहीले प्रलोभन देखाई यौन सम्बन्ध राखी छोरी समेत जन्माए। पीडकले पुनः **०५३ असोज ११ गते** वहुविवाह गरे। हाल नानी शाहीलाई वेवास्ता गरिएको कारण गाउँमा अपहेलित अवस्थामा बसेकी छन्।

धैनकोट गाविस-२ खनायकी ३० वर्षीय हरिनि नेपालीलाई सौता ध्रुव छाया नेपालीले **०५२ पुस २४ गते** खाने पिठोमा विष मिसाइ उक्त पिठोको रोटी खुवाइन्। उनलाई छिमेकीहरूले औषधि उपचार गरी बचाएका थिए। पीडकलाई प्रहरीले गिरफ्तार गरी मिलापत्र गराए।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

जारी र वहुविवाह प्रथा यस जिल्लाको कुचलन हो। सबैभन्दा बढी यस जिल्लाको सोरूक्षेत्रमा जारी र वहुविवाह घटना हुने गर्दछन्। यस वर्ष जारी लिने उद्देश्यले ५ वटा जारीका मुद्दा जिल्ला अदालतमा दर्ता भए।

पुलु गाविस-९ दाउरा गाउँ निवासी पेशा कुन डुल तामाङकी पत्नी पासाङ पुटिक लामालाई सोनाम तामाङले भगाएर लगे। उनीलाई कुटपिट गरी रू. १० हजार जारी र ३ हजारको खसी गरी **०५२ माघ ११ गते** जारी तिराइयो।

भिई गाविस-९ भिई गाउँ निवासी कर्णबहादुर वुमीकी पत्नी रेलु वुमीलाई सोही गाविस-८ निवासी पुन्न वुमीले भगाउँदा **०५२ फागुन १२ गते** रू. ३५ हजार जारी र गहना समेत बुझाएका थिए।

जुम्ला घर भै हाल राष्ट्रिय वाणिज्य बैंक मुगुका गार्ड विठन बहादुर रोकायाले जेठी पत्नीबाट ५ छोरी मात्र जन्मेको कारणले नै **०५३ जेठ ९ गते** रोवा गाविस-५ का धनलाल रेडीकी पत्नी चस्मा ऐडीलाई दोस्रो पत्नीको रूपमा भित्र्याए। प्रहरीमा जाहेरी परे पछि रू. १० हजार वरावर जारी समेत तिरेका थिए।

कालै गाविस-२ खनायाका शिक्षक जनकबहादुर शाहीले आफ्नी पत्नी तारा शाहीलाई भगाएको कारण कालिकोट घौलागोह-२ पनेरा निवासी हर्कबहादुर हमालबाट रू. ४० हजार जारी बापत ल्याए। **०५३ असोज २१ गते** घर गहनाको धनमाल ७६ हजार ५ सय बराबरको दावी गरी उजुरी गरेका थिए।

भिई गाविस-७ का अशोकलाल वुमीले पति मरिसकेका केटी कौसिला वुमीलाई विहे गर्दा ५ हजार र ३० हजार जारी र गहना समेत बुझाई ३५ हजार पति विनाकी केटी विवाह गर्दा तिर्नु परेको थियो। उक्त जारी लिने भिईका केटीका ससुरा काँसी थामी थिए। उक्त जारी महँगो हुनुको कारण छोरी र बुहारी दुवैले अपहेलना गरेको बताउँछन्।

कार्कीवाड गाविस-४ भामवाडाका प्रदीप रावलले घरकी जेठी पत्नीबाट लगातार ६ वटी छोरी मात्र जन्मेको कारण छोरा जन्माउने शोखमा ०५३ वैशाखमा वेलपुरा भामलाई दोस्रो विवाह गरे।

कोटडाँडा-३ रिखिया निवासी शिक्षक रामबहादुर शाहीले जेठी पत्नी नाती शाहीलाई मन नपराई दोस्रो विवाह

गरे। वहु विवाहको मुद्दा दिन आएकी पत्नीलाई पैसाको प्रलोभन देखाई फिर्ता गराए। हाल गाउँमा अपहेलित रूपमा बसेकी छन्।

यी बाहेक जारीको लागी दावी गरिएका अन्य ८ वटा घटनाहरू चर्चामा आए।

४.३ गर्भपतन

जानकारीमा आएन।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

जानकारीमा आएन।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

कोटडाँडा गाविसका उपाध्यक्ष देवीलाल शाहीले आर्थिक वर्ष ०५१/०५२ को जिल्ला विकास समितिवाट प्राप्त बजेटबाट निर्माण गरिएको रिगादेखि रानकोटीवाडा पुलसम्मको मोटर बाटोको काम गर्ने श्रमिकलाई ज्याला नदिएको गुनासो सो निर्माण कार्यमा संलग्न श्रमिकहरूले गरे। उपाध्यक्षले त्यसरी करीब रू. अढाइ लाख बराबरको रकम हिनामिना गरेका थिए।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहारहरु / छुवाछूत समेत

यस वर्ष ०५३ असार १ गते सरूवा भै जान लागेका प्रमुख जिल्ला अधिकारी देशिराम पियालाई आफ्नो व्यक्तिगत रीसइवीका कारण तेन्जीङ्ग गुरू लामाले मुखमा मोसो लगाई दिएका थिए। पीडकलाई सार्वजनिक अपराधको मुद्दा लगाइ १३ दिन थुनामा राखियो। उनी रू. १० हजार धरौटीमा छुटे। लामा नेपाल राष्ट्रिय शिक्षक संगठनका जिल्ला कार्य समितिका सदस्य हुन्।

फोतु गाविस-८ नेरगाउँकी ४० वर्षीय अमृता शाहीलाई **०५३ मंसीर १२ गते** सांढी गाविसकी तारा शाहीले आफ्नो वच्चालाई दुध खुवाउन स्तनबाट दुध नआएको कारण बोक्सीको आरोप लगाई अपमान गरिन्। उनलाई पछि आरोप लगाउन नजानेको भनी रू. ५ सय जरीवाना गरी माफी मगाइयो।

छुवाछूत प्रथा समाजमा पर्याप्त भए पनि उल्लेख्य घटना जानकारीमा आएन।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

जानकारीमा आएन।

९. अतिरिक्त जानकारीहरु (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष यो जिल्लामा खोला र पहिरोले गर्दा ३ जनाको र आगलागीमा परी २ जनाको मृत्यु भयो। आगलागीकै कारण २८ घर नष्ट भए र ५ जना मानिस घाइते भए। ३ वटा भैंसी, २० वटा गाई, ९ वटा बाख्रा सहित २६ परिवार घरवार विहीन भए। शिकार खेल्न हिंडेका एक शिकारीको आफ्नै बन्दुकको गोली लागी मृत्यु भयो।

■



४. मध्यपश्चिमाञ्चल

कर्णाली

४.१५ हुम्ला

जनसंख्या : ३४३८३
साक्षरता : १९.५ प्रतिशत
महिला साक्षरता : ४.५ प्रतिशत
क्षेत्रफल : ५६५५ वर्ग कि.मी.
गाविस/नपा : २७/०
निर्वाचन क्षेत्र : १
विद्यालय/क्याम्पस : ९५/०
अस्पताल/स्वास्थ्य चौकी: ०/२७
टेलिफोन लाइन :
सडक (कि.मि.) :
प्रहरी कार्यालय : १४

हुम्ला कर्णाली अञ्चलमा पर्ने विकट जिल्ला हो। यहाँका अधिकांश मानिसहरू अहिले पनि अशिक्षा र अचेतनाका कारण आफ्ना अधिकारका बारेमा सजग हुन सकेका छैनन्। मानवअधिकारका बारेमा थोरै मानिसहरूलाई मात्र थाहा छ। यस जिल्लामा हुने मानवअधिकार सम्बन्धी उल्लेख्य घटनाहरू जारी प्रथा, बहुविवाह जस्ता परम्परागत कुरीतिका कारण पनि हुने गरेका छन्।

१. सम्मानित रुपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

कालिका गाविस बारी गाउँका तुलाराज सिंहले आफ्नी कान्छी पत्नी झिमु सिंहबाट जन्मेका ५ वर्षीय छोरा तारा सिंहलाई **०५३ साउन ७ गते** कुटपिट गरी हत्या गरे। मृतकका मावली पक्षले पीडकमाथि कार्वाही गर्न साउन १२ गते गल्फागढ प्रहरी चौकीमा निवेदन दिए पनि गाउँका ठूला ठालुहरूसंग मिली प्रहरीले कुनै कार्वाही नगरेको बताइन्छ।

मष्टा गाविस-१ की १२ वर्षीय बालिकालाई २०५३ असोज २७ गते गाई चराउन एक्लै वन गएको समय पारी हुम्ला सिमिकोट गाविस-३ का गोपाल रावतले बलात्कार गरे। आफ्नो अपराध कसैले थाहा नदिन १२ वर्षीय बालिकालाई हत्या गरे। पीडक हाल कारागारमा छन्।

१.२ जेल र बन्दीहरु

हुम्ला जेलको अवस्था ज्यादै दयनीय छ। यो जेलमा हाल १ जना थुनुवा गोपाल रावत मात्र छन्। गत सालको एउटा ज्यान केश मुद्दामा पुर्पक्षको लागि थुनिएका लोप्चाङलामा र उनका दुई छोरा सुनाम लामा र गोर्ख लामाको मुद्दा फैसला हुँदा लोप्चाङ लामा छुटेका छन् र उनका छोरा सुनाम र गोर्ख १०/१० वर्षको सजायका लागि यहाँ थुनिएका छन्। यहाँ पठन पाठन र अन्य तालिमको कुनै व्यवस्था छैन। पठन पाठन र अन्य तालिमको लागि कैदी सुनाम र गोर्ख लामाले सरूवाको लागि माग गरेकाले हाल उनीहरूलाई केन्द्रीय कारागार काठमाडौंमा पठाइएको छ।

१.३ गिरफ्तारी र यातना

बाजुरा जिल्ला रूगाने गाविस-२ फैती गाउँका ३२ वर्षीय विष्णुलाल पाण्डे र ३० वर्षीय नन्दप्रसाद पाण्डेलाई **२०५३ भदौ २७ गते** हुम्लाका प्रमुख जिल्ला अधिकारी डिकबहादुर गुरूङ्गको आदेशबाट हुम्ला जिल्ला प्रहरी कार्यालयले १ दिन हिरासतमा राखेको थियो। उनलाई ठेक्का सम्बन्धी कार्य समयमा पूरा नगरेकोले गिरफ्तार गरेको बताइन्छ।

मिमि गाविस-५ का ३५ वर्षीय गाविस अध्यक्ष सूरविर ऐंडी, २० वर्षीय मनवीर ऐंडी, ३० वर्षीय नरबुढा, दर्मा गाविस-७ रिमीका ३० वर्षीय असवीरे बुढा, दार्मा गाविसका अध्यक्ष ३८ वर्षीय रछाने बोहरा, ३५ वर्षीय चन्द्र भण्डारी, मुगु वाहुँ गाविसका ४० वर्षीय धनलाल वढुवाल समेत ७ जनालाई २०५३ पुस १२ गते हुम्ला जिल्ला प्रहरी कार्यालयले हिरासतमा राखेको थियो। उनीहरूलाई ४ फिट ५ इञ्च लम्बाई भएको पाइपलाई बन्दुकको नाल बनाउन प्रयोग गरेको भनी अवैध हात हतियार ओसार-पसारको आरोप लगाइएको थियो।

१.४ वेपत्ता पारिएको

जानकारीमा आएन।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

यो जिल्ला ज्यादै दुर्गम र चेतनामा पछि भए पनि यहाँ प्रायः जसो धम्की, ज्यान मार्ने धम्की जस्ता घटनाहरू भएको पाईदैन। तर जग्गा सम्बन्धी, पार्टी सम्बन्धी, जारी सम्बन्धी भने सामान्य कुटपिट भइरहेको पाइन्छ।

गोठी गाविसमा **२०५३ असार ३ गते** एमाले कार्यकर्ता र

नेकाका कार्यकर्ता बीच आपसी कुटपिट भएको थियो। नेपाली कांग्रेस कार्यकर्ता रूद्रबहादुर शाही गम्भीर घाइते भएका थिए। सो घटनालाई लिएर नेकपा एमाले कार्यकर्ता लालवहादुर शाही, शिवराज शाही, रामराज शाही, पारसवहादुर शाही र दानहादुर शाहीमाथि जिल्ला प्रशासन कार्यालय हुम्लामा कुटपिटको निवेदन दायर गरिएको थियो। पछि दुवैवीच मेलमिलाप पनि भयो।

१.६ युनामा मृत्यु

जानकारीमा आएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

हुम्ला मैला गाविसका केशरे जैसी र उनका भाइले आफ्नो इच्छाले एमालेमा प्रवेश गरी कम्युनिष्ट पार्टीको झण्डा गाडेको रिसमा सोही ठाउँका राष्ट्रिय अनुसन्धान हुम्लाका सहायक वावुरत्न जैसी, शिक्षक शिवराज जैसी, सर्पलाल जैसी र सर्पनन्द जैसीले दाजुभाइमाथि कुटपिट **२०५३ जेठ १९ गते** गरेका थिए।

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

यस जिल्लामा रूढीवादी र अचेतनताको कारणले गर्दा गाउँ घरमा हुने घटनाहरू न्यायालयसम्म नपुगी गाउँके ठालु र भलादमी भनिनेको मुखमा परी खसी, बोकाको आधारमा टुङ्गिन्छन्। कैयौं मुद्दाहरू धामी र झाँक्रीको रोहवरमा पनि टुङ्गिने गरेको पाइन्छ। कैयौं मुद्दाहरू अदालत समक्ष पुगेको तर ठालुहरूले फिर्ता गराउन लगाई पुनः गाउँमै मिलाउने काम गरेको पाइन्छ। अदालतमा दर्ता भएका मुद्दाहरू पनि मिलापत्रबाटै फैसला भएको देखिन्छ।

यो वर्ष यस जिल्लाको अदालतमा जम्मा १७० वटा मुद्दाहरू दर्ता भए। त्यसमध्ये २५ वटा मुद्दाहरू किनारा लागे। हाल १४५ वटा बाँकी छन्। भौगोलिक कठिनाईको कारणले र जिल्लामा न्यायाधीश लामो समयसम्म नरहेको कारणले पुर्पक्षमा रहेकाहरूको ढिलो सुस्ती हुने गरेको छ।

२.४ सरुवा / घटुवा / पक्षपात आदि

जानकारीमा आएन।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

जानकारीमा आएन।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

मछिला गाविस-३ की ४५ वर्षीय छ्यउँकला लुहार आफ्नो पति जोखे लुहारबाट अपहेलित छन्। यसरी अपहेलित भएर ८ वर्षसम्म लोग्नेको घरमा बस्न नसकेर हाल माईतीघर कालिका गाविस कर्गे गाउँमा नै जीवन बिताएकी छन्। उनको साथमा ८ वर्षीय एउटी बालिका पनि छन्। ती बालिका परपुरूषबाट जन्माएकी हो भन्ने आरोपमा पीडित छ्याउँकलालाई जोखे लुहारले अपहेलित गरेका थिए।

सर्किदेउ गाविस-१ रिपका २४ वर्षीय झुपी रोकाया पनि विगत ४ वर्षदेखि अपहेलित जीवन बिताइ रहेकी छन्। उनी माईतिघरमा नै छन्। पीडित झुपी रोकायालाई तिनका पति लोगे रोकायाले परपुरुषसंग सम्बन्ध राखेको आरोप लगाएर घरबाट निकाली दिएका थिए।

सर्किदेउ गाविस-९ का २५ वर्षीय होईजाली कार्की केही वर्षदेखि यता माइतिघरमा नै आफ्नो जीवन बिताइरहेकी छन्। पीडित कार्कीको पति प्रेमबहादुर कार्कीले परपुरूषसंग अनैतिक सम्बन्धको आरोप लगाई घरबाट निकालेका थिए।

श्रीनगर गाविस-४ का ३० वर्षीय नौरता मियाँले आफ्नो पति रूद्रवीर भियालबाट केही वर्षदेखि अपहेलित जीवन बिताइरहेकी छन्। नौरताले बच्चा नपाएपछि रूद्रवीर भियालले दोश्रो पत्नी ल्याएका थिए।

डाँडा फया गाविसकी ३० वर्षीय कलसरा मल्ल विगत ४ वर्षदेखि माईतिघरमा नै अपहेलित जीवन बिताइरहेकी छन्। कलसरालाई मुगु जिल्ला श्रीनगर गाविस-५ का दिपवहादुर मल्ल (वनपाले) ले विवाह गरी ५ वटा सन्तान जन्माएका थिए। हाल बनपाले मल्ल मुगुमा नै छन्। उनी हुम्ला नआएको र बच्चा पत्नीलाई खान लाउन नदिएको ५ वर्ष भइसकेको पीडित बताउँछिन्।

मदाना गाविस-६ का २० वर्षीय महिलालाई २०५३ भदौ १० गते ४० वर्षीय आफ्नै ससुरा चन्द्र स्याङ्कुले बलात्कार गरे।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

जारी र बहुविवाह यो जिल्लाका जटिल समस्याहरू हुन्। तर जारी र बहुविवाह सम्बन्धी मुद्दाहरू न्यायालय समक्ष आएनन्। अन्य श्रोतबाट यो वर्ष जारीका घटनाहरू ८ वटा भएको थाहा पाइयो। बहुविवाह, देहव्यापार आदिका घटनाहरू प्रकाशमा आएनन्।

कालिका गाविस-७ का २५ वर्षीय जौमती टमटालाई श्रीनगर-३ का २८ वर्षीय दत्त कुलालाले २०५२ माघ १० गते प्रेम विवाह गरेकाले परम्परा अनुसार मेरी मागेकी स्वास्नी लिने भन्ने आरोपमा कालिका गाविस-७ का चिनारे टमटाले २०५२ फागुन १ गते १० हजार रूपैयाँ जारी लिए।

श्रीनगर गाविस-१ का २४ वर्षीय हजारी भण्डारीलाई सोही गाविस-२ का परेगलाल बुढाले २०५३ पुस २० गते प्रेम

विवाह गरेका थिए। सोही गाविस-५ का २५ वर्षीय बल बुढाले मागेकी केटी लगेको आरोपमा २०५२ फागुन ५ गते १२ हजार जतिको जारी लिए।

यस जिल्लामा जारी प्रथा सामान्य रूपमा चलिरहेकै छ। माथि उल्लेखित घटना बाहेक ५ वटा जारी सम्बन्धी अन्य घटनाहरू पनि चर्चामा आए। ती घटनाहरूमा १२ हजारदेखि ३० हजारसम्म जारी वापत लिने दिने गरेको पाइयो।

४.३ गर्भपतन

जानकारीमा आएन।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

जानकारीमा आएन।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

जानकारीमा आएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहारहरु / छुवाछूत समेत

हुम्ला कालिका गाविस-१ की २३ वर्षीय सरूपा भिमालसंग सोही ठाउँका ३० वर्षीय हर्के शाहीले यौन सम्बन्ध राखी छोरा जन्मेको छ। सरूपा भिपाल अछूत जाति र हर्के शाही ठकुरी हुनाले पीडित सरूपा अहिले अलपत्र परेकी छिन्।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

जानकारीमा आएन।

९. अतिरिक्त जानकारीहरु (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

यो वर्ष यो जिल्लामा १ जनाको भिरबाट लडेर १ जनाको माटोमा पुरिएर मृत्यु भयो। २०५२ माघ/फागुन महिनामा निमोनियाको कारण यस जिल्लामा मात्र ४२ जनाको मृत्यु भयो भने २ वटा आगलागीका घटनाहरू पनि भए।

■

सुदूर पश्चिमाञ्चल

५.१ कैलाली
५.२ अछाम
५.३ डोटी
५.४ बाजुरा
५.५ बझाङ्ग
५.६ कञ्चनपुर
५.७ डडेलधुरा
५.८ बैतडी
५.९ कञ्चनपुर

५. सुदूरपश्चिमाञ्चल

सेती

५.१ कैलाली

जनसंख्या : ४१७८९१
साक्षरता : ३०.० प्रतिशत
महिला साक्षरता : १४.९ प्रतिशत
क्षेत्रफल : ३२३५ वर्ग कि.मी.
गाविस/नपा : ४४/१
निर्वाचन क्षेत्र : ४
विद्यालय/क्याम्पस : ३७४/१
अस्पताल/स्वास्थ्य चौकी : २/१३
टेलिफोन लाइन : ७४
सडक (कि.मि.) : १९७
प्रहरी कार्यालय : २६

थारू जातिहरूको बाहुल्यता रहेको यो जिल्ला कमैया प्रथाका कारण पनि चर्चित छ। यहाँ मानवअधिकार उल्लंघनका घटनामा कमी आएको छैन। हिउँदमा यातायातको दृष्टिले सुगम लागे पनि वर्षातमा एक ठाउँबाट अर्को ठाउँमा जान कठिन हुन्छ। यस क्षेत्रका अन्य जिल्लाको तुलनामा यहाँ हत्या, आत्महत्या, जस्ता घटनाहरू बढी हुने गरेको पाइन्छ।

१. सम्मानित रुपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

धनगढी नपा-८ सेतोपुल नजिकका ३० वर्षीय पाना आउजीलाई ०५२ फागुन २ गते राती भारतीय नागरिक मुलचनले छातिमा छुरीले हानी हत्या गरे। पीडकले मृतकको ११ वर्षीय छोरा दिपक ऐर र मृतकको पीडक र पीडित पति पत्नी भए पनि केही वर्षदेखि पीडितको मुन्नासंग विवाह गरेकी थिइन्। पति मुन्ना सिद्धिकीलाई छुरीले हानी गम्भीर घाइते बनाई भागेका थिए।

साडेपानी गाविस-६ का ४२ वर्षीय झपट रावललाई ०५३ कार्तिक ४ गते आफ्नै साथीहरू आइते रोकाया, रतनपति अवस्थी, कोडवेल रोकाया, प्रेमराज भट्ट र चन्द्र रोकायाले कुटपिट गर्दा घटना स्थलमै मृत्यु भयो। पीडक र पीडितहरूको बीचमा रक्सी खाई झगडा भएको थियो। प्रहरीले आइते रोकायालाई थुनामा राखी अन्यलाई छोडिदिएको छ।

धनगढी नपा-१ क्याम्पस रोडकी ४० वर्षीय राजमती गुरूङलाई ०५३ असोज २३ गते सोही ठाउँका चन्द्रबहादुर प्याकुरेलले छातीमा छुरी हानी हत्या गरे। पीडक फरार छन्।

बेलादेवीपुर गाविस-६ का ४५ वर्षीय मुनरी राना ०५३ असोज २१ गते साँझ घरबाट सकुशल निस्केकी तर २२ गते विहान उनको लाश बीच गाउँको सडकमा भेटिएको थियो। लाशको प्रकृति हेर्दा कसैले हत्या गरे जस्तो थियो।

फूलवारी गाविस-७ की ३७ वर्षीय मनसरा मगरलाई ०५२ चैत २० गते आफ्नै पति दानबहादुर मगरले धान कुट्ने मुसलले टाउकोमा हिर्काई हत्या गरे। हत्या पछि पीडक स्वयं जिल्ला प्रहरी कार्यालय कैलालीमा आई आफूलाई थुन्न अनुरोध गरेका थिए।

साडेपानी गाविस-५ की ३० वर्षीय मनसरा दमाईलाई ०५३ जेठ १० गते आफ्नै पति रतन दमाईले जंगलमा भाटा काट्न गएको अवस्थामा हँसियाले काटी हत्या गरे र आफू पनि झुण्डिएर आत्महत्या गरे।

दोधारा गाविस-८ का २१ वर्षीय मानबहादुर चौधरीको लाश ०५३ कार्तिक १० गते गाउँ नजिकको जंगलमा मृत अवस्थामा फेला परेको थियो। मृतक कार्तिक ४ गतेबाट हराएका थिए। उनको हत्या कसले गरेको हो थाहा हुन सकेन।

चुहा गाविस-९ का २५ वर्षीय शेरबहादुर बुढालाई ०५२ फागुन १५ गते आफ्नै दाजु तुलबहादुर बुढाले टाउकोमा हिकाई हत्या गरे। पीडक र पीडित बीच अंश सम्बन्धी विवाद हुँदा सो घटना भएको थियो। पीडकलाई प्रहरीले पक्राउ गऱ्यो।

पहलवानपुर गाविस-३ का २२ वर्षीय मानबहादुर चौधरीलाई ०५२ फागुन २४ गते दरख गाविस-५ बस्ने दलबहादुर बोहोरा, रामबहादुर बोहोरा, वेलबहादुर बोहोरा र पत्नी मैनादेवी बोहोरा मिलि कुटपिट गर्दा पीडितको मृत्यु भयो। मैनादेवी बोहोरालाई पुर्पक्षका लागि थुनामा राखिएको थियो।

दार्जिलिङ घर भएका अन्दाजी २२ वर्षीय पूर्ण कुमारलाई ०५२ चैत २३ गते अत्तरीया चौराहामा हुलले कुटपिट गरी हत्या गऱ्यो।

थापापुर गाविस-५ का ३ वर्षीय मनोज चौधरीलाई ०५३ असोज १४ गते आफ्नै आमा २५ वर्षीय भगवती चौधरीले झुण्डाई हत्या गरिन् र आफू पनि झुण्डिएर आत्महत्या गरिन्। गाउँलेहरूका अनुसार पारिवारिक झगडाबाट वाक्क भएर भगवतीले त्यसो गरेकी बताइन्छ।

उर्मा गाविस-७ का ४५ वर्षीय खुसीराम चौधरीको लाश ०५३ मंसीर ७ गते विहान गाउँको जंगलमा भेटियो। मृतक साँझमा झाँक्री बोलाउन भनी घरबाट निस्केका थिए। उनको हत्या कसले गरेको हो थाहा हुन सकेन।

यस जिल्लामा यस वर्ष २ वटा वेवारिसे लाश फेला परे। एउटा धनगढी नगरपालिकाभित्र रूखमा झुण्डिएको थियो भने अर्को वलिया गाविसमा फेला परेको थियो।

१.२ जेल र बन्दीहरु

यस जिल्लामा ७५ जना बन्दी क्षमता भएको एक कारागार रहेको छ। कारागारमा प्राय १ सय भन्द बढी बन्दीहरू रहने गरेको पाइएको छ। यस वर्षको अन्तिम समयमा यस कारागारमा ७५ जना थुनुवा पुरूष र ८ जना थुनुवा महिला रहेका छन्। त्यस्तै २१ जना बन्दी पुरूष र २ जना बन्दी महिला समेत गर्दा १०६ जना थुनुवा र बन्दी रहेका छन्। जेल कम्पाउण्ड भित्र साना ठूला गरी जम्मा ९ कोठा छन्। जेलभित्र २ जना वाल वालिका छन्। जेलमा रहेका बन्दी तथा थुनुवाहरूले शिपमूलक तालिम, प्रौढ शिक्षा र पढ्न पाउने सुविधाबाट आफूहरू बंचित भएको बताउछन्। जेलभित्र बन्दीहरूले आफ्नै सेयर बजारको स्थापना गरी दैनिक उपभोगका केही सरसामानको पसल राखेका छन्। त्यस्तै जेलभित्र पुस्तकालयको पनि व्यवस्था गरिएको छ।

१.३ गिरफ्तारी र यातना

धनगढी नपा-२ का मजदूरहरू ४० वर्षीय शंकर मण्डल, ३२ वर्षीय तपेश्वर मण्डल र १७ वर्षीय रमेशबहादुर बलायरलाई ०५२ माघ १४ गते वडा प्रहरी कार्यालय धनगढीले गिरफ्तार गरी ३ दिनसम्म सोही कार्यालय र २७ दिनसम्म जिल्ला प्रहरी कार्यालय कैलालीमा थुनामा राखी यातना दिइएको थियो। पीडितहरूलाई रू. ५० हजार चोरी गरेको आरोपमा गिरफ्तार गरिएको थियो भने ०५२ फागुन २४ गते कैलाली जिल्ला अदालतले पीडितहरूले त्यो रकम नचोरेको ठहर गर्दै छोड्ने आदेश गरेको थियो। चोरीको आरोप लगाउने ड्राइभर पदमबहादुर गुरूङलाई अदालतले रू. ५० हजार तिरेर छुट्न सक्ने गरी जेल पठाएको छ।

बलिया गाविस-३ का शेखर शर्मालाई ०५२ फागुन २७ गते माओवादी गतिविधिमा संलग्न भएको आरोपमा आफ्नै घरबाट गिरफ्तार गरी ०५२ चैत ११ गतेसम्म जिल्ला प्रहरी कार्यालयको खोरमा थुनिएको थियो।

मसुरीया गाविस-५ की २२ वर्षीय रेखाकुमारीलाई टिकापुर आफ्नो काकाको घरबाट ०५२ फागुन २३ गते राती सुतिरहेको अवस्थामा माओवादी भएको आरोपमा गिरफ्तार गरी रातभरि इलाका प्रहरी कार्यालय टिकापुरमा थुनेर राखिएको थियो। विवाहको छिनोफानो गर्न आएकी पाहुना चेलीलाई राती सुतिरहेको अवस्थामा जबर्जस्ती घर घेरी लछारपछार गर्दै अमानवीय तरिकाले प्रहरीले गिरफ्तार गरेपछि भोलिपल्ट विहान टिकापुरका स्थानीय जनताले थाना घेरी इन्स्पेक्टरलाई माफ माग्न लगाएर पीडितलाई छुटाएका थिए।

मसुरीया गाविस-१ का दीर्घ सोडारीलाई ०५३ मंसीर ११ गते बजार बन्द कार्यक्रम राखिएकोमा अपरान्ह शान्तिपूर्ण जुलुसबाट प्रहरीले गिरफ्तार गऱ्यो। पीडितलाई ९ घण्टापछि छोडिएको थियो।

१.४ वेपत्ता पारिएको

जानकारीमा आएन।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

यस जिल्लामा कुटपिट र ज्यान मार्ने धम्की सम्बन्धी ५ वटा घटनाहरू प्रकाशमा आए। त्यस्ता घटनाहरू मध्ये केही व्यक्तिगत रीसइवीका र केही मद्यपान सेवनका कारण भएका थिए। यस्ता घटनाका पीडितहरू ८ जना थिए भने पीडक ११ जना थिए।

डडेल्धुरा खलंगाका २० वर्षीय हरिप्रसाद भट्टलाई ०५२ फागुन १२ गते धनगढी नपा-१ जेल पछाडि केही अज्ञात हुल्याहाहरूले कुटपिट गरे। भट्टको खुट्टा भाँची रिक्सामा राखी सेती अंचल अस्पताल पुऱ्याएर छोडि दिएका थिए।

धनगढी नपा-७ देवरीयाका २५ वर्षीय सोनु चौधरीलाई ०५२ फागुन २२ गते जिल्ला वन कार्यालय कैलालीका वेदप्रकाश चौधरी र जितबहादुर चौधरी लगायत २०-२५ जनाको जमातले राती सुतिरहेको अवस्थामा घरबाट घिसार्दै लगेर नजिकको जंगलमा कुटपिट गरेका थिए। पीडितको टाउको फुटी टाँका लगाउनु परेको थियो। दाइने आँखामा समेत चोट लागेको थियो। वन विभागले समातेका ४० भारी दाउरा जिल्ला वन कार्यालय नलगी दिएकोमा साँझ ५ बजे घरमा आई डर धम्की देखाएर पीडकहरूले एक घ्याम्पो जाँड र कुखुरा समेत खाई पीडितको दाजुसंग झगडा गरी पछि ठीक पार्ने धम्की दिएर गएका थिए।

धनगढी नपा- जुगेडाका १८ वर्षीय गोपाल ऐरलाई ०५३ कार्तिक ३ गते सोही ठाउँ बस्ने तुलाराम थापाले रक्सी सेवन गरी ज्यान मार्ने उद्देश्यले छुरी प्रहार गरी सख्त घाइते बनाए। पीडित ऐरको सेती अंचल अस्पतालमा उपचार गरियो भने पीडकहरूलाई रू. १० हजार धरौटीमा छोडियो।

१.६ थुनामा मृत्यु

कैलाली जिल्ला कागारमा बन्दी जीवन बिताइरहेका ३८ वर्षीय मझुल कठरीयाको ०५३ असार ३० गते मृत्यु भयो। उनलाई कमलपित्त भएकोले ०५३ असार २३ गते अस्पताल भर्ना गरिएको थियो।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

जानकारीमा आएन।

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

जानकारीमा आएन।

२.४ सरुवा / घटुवा / पक्षपात आदि

जानकारीमा आएन।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

जानकारीमा आएन।

कमैयाहरूको जुलुस

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

मालाखेती गाविस-३ की १४ वर्षीय ताराकुमारी दमाईलाई ०५१ जेठ १३ गते धनगढी नपा-३ का धर्म सुनारले विवाह गरेपछि बम्बई पुऱ्याएर भारू. ४० हजारमा बिक्री गरी घर फर्केका थिए। पीडित ०५३ असार १९ गते धनगढी फर्की पीडक उपर जिउ मास्ने बेच्ने अभियोगमा जिल्ला प्रहरी कार्यालय कैलालीमा उजुर गरेपछि प्रहरीले पीडकलाई गिरफ्तार गरी पुर्पक्षका लागि थुनामा राख्यो। पीडितका अनुसार ०५३ वैशाखमा उनलाई यौन रोग लागेको ठहर गरी कोठीबाट निकाली दिएपछि उपचार गर्न यताउता हिडिरहेको अवस्थामा बम्बैमा गाउँलेसंग भेट भएर गाउँलेले घर पुऱ्याई दिएको कुरा तारा कुमारी बताउँछिन्।

मसुरीया गाविस-७ का १८ वर्षीय मिना कार्की र १८ वर्षीय गोमा गुरागाईलाई ०५३ जेठ १३ गते भारत सिक्किम बस्ने दुर्गाप्रसाद कार्कीले ललाई फकाई भगाएर लगिरहेको अवस्थामा पहलवानपुर बस्ने दुर्गा मिश्रले फेला पारी सुखड प्रहरी चौकीमा बुझाए पछि पीडकलाई प्रहरीले गिरफ्तार गरेको छ। पीडितहरू आ-आफ्नो घर फर्केका छन्।

धनगढी नपा-२ की ४ वर्षीय वालिकालाई ०५२ फागुन १२ गते ललाई फकाई धनगढी १ बस्ने ३८ वर्षीय जितेन्द्र भण्डारीले योनीमा औंला घुसारी योनी च्यातिदिएको हुनाले पीडितलाई अस्पतालमा भर्ना गर्नु परेको थियो। पीडकलाई प्रहरीले गिरफ्तार गरी १० दिन पछि धरौटीमा छोडेको थियो।

गदरीया गाविस-८ की १० वर्षीय वालिकालाई ०५३ वैशाख ४ गते चौमाला गाविस-१ का १८ वर्षीय भक्तबहादुर विष्टले ललाई फकाई तालको किनारमा लगेर बलात्कार गरेको आरोपमा गाउँलेहरूले पीडकलाई पक्राउ गरी प्रहरी चौकी चौमालामा बुझाएका थिए।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

धनसिंहपुर गाविस-१ का ३८ वर्षीय प्रेमबहादुर साउदले ०५३ जेठ १ गते घरमा पत्नी हुँदाहुँदै सोही ठाउँ बस्ने वर्ष २४ की इन्द्रा अधिकारीसंग दोस्रो विवाह गरे। पतिले दोस्रो विवाह गरेर घरमा कुटपिट समेत गरेको बताउने २६ वर्षीय आशादेवी साउदले आफ्नो पति विरूद्ध जिल्ला प्रहरी कार्यालयमा ०५३ साउन २२ गते उजुरी दिएकी थिइन्। प्रहरीले प्रेमबहादुर र इन्द्रालाई आवश्यक कारवाहीका लागि पक्राउ गरेको थियो।

फूलवारी गाविस-४ का ३२ वर्षीय इन्द्रबहादुर बस्नेतले ०५३ असार १४ गते आफ्नी पत्नी छोड्की घरमा हुँदाहुँदै गदरीया गाविस छोड्की मुसुरीयाकी शारदा हमालसंग दोस्रो विवाह गरे। ०४६ सालमा इन्द्र बस्नेत र सोही ठाउँ बस्ने मनमाया महतका बीच वैवाहिक सम्बन्ध भई हाल एक छोरा र एक छोरी भैसकेका छन् तर दाइजोको कमीले गर्दा घरबाट अपमानित भई माइत आइ बस्नु परेको कुरा पीडित बताउँछिन्। पीडितले पति विरूद्ध जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएपछि प्रहरीले पीडकलाई गिरफ्तार गरी धरौटीमा रिहा गरेको थियो।

वेलादेवीपुर गाविस-१ का २२ वर्षीय झगडु रानाले ०५३ भदौ २ गते सोही ठाउँ बस्ने २० वर्षीय इनाका रानासंग दोस्रो विवाह गरे। दोस्रो विवाह पश्चात पतिले घरमा कुटपिट गर्न थालेपछि पहिलाकी पत्नी २० वर्षीय रामकुमारी रानाले पति विरूद्ध जिल्ला प्रहरी कार्यालयमा उजुरी दिंदा प्रहरीले पीडकलाई गिरफ्तार गऱ्यो।

४.३ गर्भपतन

पथरीया गाविस-५ की ४० वर्षीय लालेश्वरी लुहारले ०५२ फागुन १७ गते गर्भपतन गराई कटाक्ष बजारको उत्तरपट्टिको जंगलमा लगी फ्याँकेकी थिइन्। नवजात शिशुको मरेको लाश भेट्टाई हल्ला भई खोजतलास गर्दा पीडक रगताम्मे भई आफ्नो घरमा सुतिरहेको अवस्थामा गाउँले तथा प्रहरीले फेला पारी सेती अंचल अस्पतालमा उपचारका लागि भर्ना गरेका थिए।

फूलवारी गाविस-८ की १७ वर्षीय संगीता पौड्यालले ०५३ असोज १५ गते शिशुलाई जन्म दिई सामाजिक अपमानका डरले खाल्टो खनी गाडेकी थिइन्। पीडकलाई जिल्ला प्रहरी कार्यालय कैलालीले पुर्पक्षका लागि थुनामा राख्यो।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

जानकारीमा आएन।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

जानकारीमा आएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

भजनी गाविस पृथ्वीपुरका २० वर्षीय चुत्रुलाल चौधरी, ३५ वर्षीय रामप्रसाद चौधरी, १८ वर्षीय विष्णुप्रसाद चौधरी, २८ वर्षीय कृष्णबहादुर चौधरी लगायतका कमैयाहरू मालिकको घर छोडी ०५२ फागुनमा सो ठाउँको ऐलानी पर्ति जग्गामा आई झुप्रा बनाएर बसोबास गरेका थिए। भजनी रेन्जर पोष्टले ०५३ जेठ ७ गते पीडितहरूको घरमा आगो लगाई भगाएका थिए। सोही दिन पीडितहरूले विरोध जनाउँदा पीडित कमैयाहरूलाई वन अतिक्रमणको आरोप लगाई यातना दिँदै जिल्ला वन कार्यालय धनगढीको हिरासतमा राखिएको थियो। ०५३ जेठ ३० गते जिल्ला वन कार्यालय कैलालीले वन मुद्दा लगाई अदालत चलान गरेको थियो। ०५३ असार ११ गते अदालतले जनही १० हजारका दरले धरौटी लिई तारेखमा छोडेको छ।

बलीया गाविस-३ का ३२ वर्षीय कमैया धनबहादुर चौधरीलाई ०५३ कार्तिक २९ गते जमिन्दार विरूद्ध नाटक मंचन गरेको आरोप लगाई सोही ठाउँ बस्ने करंगा थारूले आफ्नो घरमा बोलाई कोठामा थुनी कुटपिट र गाली गरेका थिए। पुनः ०५३ पुस ३ गते राती पीडक करंगा थारूले सोही ठाउँ बस्ने ५२ वर्षीय कमैया तेतराम चौधरीको घरमा त्यही नाटक देखाएकै आरोपमा गाउँको मलनसा, रामगुलाम चौधरी र करंगा मिली कुटपिट गरेका थिए।

दुर्गौली गाविस-५ दार्मापुरका ३१ वर्षीय जगतराम चौधरीलाई पर्थैया गाविस-५ खैरेपुर बस्ने देवबहादुर सुनारले ०५२ वैशाख १९ गते रू. ५ हजार २ सय दिएको र हाल आएर त्यसको व्याज सहित रू. ३६ हजारको जाली तमसुक बनाई विविध डर धम्की देखाएर सताउने गरिरहेको बताइन्छ।

७.२ अन्य अमानवीय व्यवहारहरु / छुवाछूत समेत

बेला गाविस-३ की ३५ वर्षीय गंगा चौधरीलाई ०५३ असार २४ गते बोक्सीको आरोप लगाएर स्थानीय व्यक्तिहरूले कपाल काटी कुटपिट समेत गरेर घाइते बनाए। पीडित गंगा चौधरी उपचारार्थ ७ दिनसम्म अस्पतालमा बस्नु परेको थियो।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

जानकारीमा आएन।

९. अतिरिक्त जानकारीहरु (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

१८ वटा गाडी दुर्घटनामा २३ जना व्यक्ति पीडित भए। २ व्यक्तिको मृत्यु भएको थियो। रागाले किचेर पनि अन्य १ जनाको निधन भएको थियो।

यस वर्ष आत्महत्याका ५६ वटा घटना भए। वीष सेवन गरेर २५ जनाले आत्महत्या गरे भने झुण्डिएर २७ जनाले र २ जनाले पानीमा हामफाली आत्महत्या गरे। त्यसरी आत्महत्या गर्नेहरूमा महिला १३ र पुरूष १२ जना छन्। विष सेवन गरी ६ जना वृद्धहरूले आत्महत्या गरे भने १६ जना युवाहरूले आत्महत्या गरे।

झुण्डिएर आत्महत्या गर्नेहरूमा महिला ११ जना छन् भने पुरूष १६ जना रहेका छन्। वृद्ध १२ जना थिए भने १५ जना युवाहरू थिए। १ जना महिला र १ जना पुरूषले पानीमा हामफाली आत्महत्या गरे।

त्यसरी नै आत्महत्या गर्ने मध्ये १ महिलाले आफ्नो बच्चाको हत्या गरेर र १ पुरूषले पत्नीको हत्या गरी आत्महत्या गरेका थिए।

■



५. सुदूरपश्चिमाञ्चल

सेती

५.२ अछाम

जनसंख्या : १९८१८८
साक्षरता : २३.४ प्रतिशत
महिला साक्षरता : ५.४ प्रतिशत
क्षेत्रफल : १६८० वर्ग कि.मी.
गाविस/नपा : ७५/०
निर्वाचन क्षेत्र : २
विद्यालय/क्याम्पस : २९२/२
अस्पताल/स्वास्थ्य चौकी : २/३५
टेलिफोन लाइन : ७
सडक (कि.मि.) : १८०
प्रहरी कार्यालय : १२

यो जिल्ला अन्धविश्वास र रूढीवादी संस्कारबाट ग्रस्त छ। अहिले पनि यहाँका मठमन्दिरमा ठूला जाति भनिनेहरूले साना भनिने जातिहरूलाई प्रवेश गर्न दिँदैनन्। साथै अछूत भनिने जातिका मानिसहरूलाई विहे, पर्व आदिमा ठूला जातिका मानिसले वाजा बजाउनबाट बँचित गर्ने गरेका घटनाहरू समेत चर्चामा आउने गर्दछन्। सांघातिक आक्रमणद्वारा हुने कुटपिट र हत्याका घटनामा कमी आएको छैन।

१. सम्मानित रुपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

सिद्धेश्वर गाविस-३ की २५ वर्षीय भगवती कुँवरलाई ०५३ असोज १७ गते घरभित्रै टाउकोमा हसियाले हिकाई उनकै पति चेतमान कुँवरले हत्या गरे। हत्या पश्चात पीडकले मृतकको शरीरमा मट्टितेल खन्याई लाशमा आगो लगाई फरार भएका छन्। पत्नीले सुनको गहना बेच्न नदिएको कारण हत्या गरेको बताइन्छ।

मलाटीकोट गाविस-७ की ५० वर्षीय इस्सरा लुहारलाई ०५३ जेठ ९ गते सौताका छोरा मोती लुहारले टाउकोमा छुरीले हिकाई घरभित्रै हत्या गरे। हत्या पश्चात पीडक फरार छ।

नन्देगडा गाविस-२ रिठागाउँकी २० वर्षीय रत्नादेवी साउदलाई ०५२ फागुन १५ गते राती उनकै पति टेके साउदले घर नजिकैको जंगलमा हत्या गरे। पीडकलाई प्रहरीले पक्राउ गरी अदालतमा बुझाएकोमा अदालतले पुर्पक्षका लागि थुनामा राख्ने आदेश दिएको थियो।

विरपथ गाविस-४ का ४५ वर्षीय रणबहादुर शाहीको सोही ठाउँको भवाने कामी र अम्मरे कामीले ०५२ चैत १६ गते ढुंगा र हसियाले टाउकोमा हिकाई सोही ठाउँको वण्डाली भानको खोलामा हत्या गरे। पैसा लेनदेनको विषयलाई लिएर उक्त खोलामा दुवै पक्षबीच भनाभन हुँदा उक्त घटना भएको थियो। पीडकहरूलाई अदालतको आदेशमा थुनामा राखिएको छ।

१.२ जेल र बन्दीहरु

यहाँको जेलको भौतिक अवस्था ठिकै छ। २५ जनाको क्षमता भएको यस जेलमा यो वर्षको अन्त्यमा १० पुरूष र ४ महिला गरी १४ कैदी, ३ जना पुरूष थुनुवा र २ जना आश्रित नावालक गरी जम्मा १९ जना थुनुवा बन्दी र आश्रित रहेका छन्। जेलभित्र विजुली बत्तीको व्यवस्था छैन।

१.३ गिरफ्तारी र यातना

सिउडी गाविस-४ का ३३ वर्षीय तुलाराम साउदलाई ०५३ असोज २४ गते राती जिल्ला प्रहरी कार्यालयको हिरासतमा प्रहरीहरूले लाठीले पैताला र घुँडामुनि हिकाई निर्मम यातना दिएका थिए। ०५३ असोज १० गते सिउडी गाविसको गैरीलेक मेलामा प्रहरीमाथि भएको आक्रमणको घटनाको सिलसिलामा पक्राउ गरेर जिल्ला प्रहरी कार्यालयको हिरासतमा राखिएको समयमा उक्त यातना दिइएको थियो। उनी यस घटनाको आरोपमा पक्राउ भएका तर घटना भएको दिन घटनास्थलमा नभएको र पायल गाविसमा भैंसी किन्न गएको बताइन्छ।

सिउडी गाविस-१ का २३ वर्षीय लालबहादुर कामीलाई पनि जिल्ला प्रहरी कार्यालय अछामले ०५३ असोज ११ गते देखि २७ गतेसम्म हिरासतमा राखी सार्वजनिक मुद्दामा कार्वाही गरिरहेको छ।

कालिकेश्वरी माध्यमिक विद्यालयका कक्षा ९ का छात्र कविराम विक र कक्षा १० का छात्र दिलबहादुर वयाकलाई ०५२ चैत २० गते दिउँसो ढुंगा चाल्न प्रहरी चौकीका प्रहरीहरूले कक्षा कोठाबाटै बिनापूर्जी पक्राउ गरी जिल्ला प्रहरी कार्यालय अछामसम्म पुऱ्याए र जिल्ला प्रहरी कार्यालय अछामले बिना सर्त रिहा गरिदियो। उक्त मा.वि.का प्रधानाध्यापक लोकेन्द्रबहादुर शाहको सरूवाको माग गरिरहेका विद्यार्थीहरूलाई प्रधानाध्यापकले आफूलाई कुटपिट गरेको झुट्टा उजुरी गरेको कारण प्रहरीले उक्त गैरकानूनी गिरफ्तारी गरेको थियो।

१.४ बेपत्ता पारिएको

जानकारीमा आएन।

हत्या गरिएका रणबहादुर शाही

१.५ धम्की/ज्यानमार्ने धम्की/कुटपिट

कालिकेश्वरी माध्यमिक विद्यालय तुर्माखाँदमा कक्षा ३ मा अध्यनरत ८ वर्षीय भीमबहादुर वयकलाई ०५२ माघ १९ गते उक्त स्कूलकी शिक्षिका रमादेवी शाह र गौरी शाहीले कक्षा कोठामा पिट्दा वयकको कानको जाली समेत फुटेको थियो। पीडित कान नसुन्ने भएका छन्। उक्त विद्यार्थीलाई प्रश्न सोद्धा सही उत्तर भन्न नसकेपछि शिक्षिका रमा शाहले कुटपिट गरिन्। वयकले गाली गरेर दुवै जना शिक्षिकाले हात र चप्पलले हिर्काएकी थिइन्।

सिउडी गाविस अन्तर्गत चौरपाटी प्रहरी चौकीका प्रहरी हवल्दार धनबहादुर खड्का, प्रहरी जवान प्रेम चन्द, कृष्णबहादुर कठायत, देवान सिं कार्कीमाथि ०५३ असोज १० गते राती उक्त गाविसको मेलामा शान्ति सुरक्षाको लागि ड्युटी गएको बेला सिउडी गाविस-४ का मानबहादुर साउद, तुलाराम साउद, बजीर सिंह साउद परमीने साउद, करिसिंह साउद र प्रताप सिंह साउदले आक्रमण गरी प्रहरी जवान कृष्णबहादुर कठायतलाई सख्त घाइते बनाएका थिए। जात्रामा रक्सी खाएर अशान्ति गर्ने एकजनालाई प्रहरीले पक्राउ गर्दा प्रहरीलाई उक्त आक्रमण गरिएको थियो।

मंगलसेन गाविस-६ की १३ वर्षीय बालिका भगवती विष्टलाई सोही गाविसका लक्ष्मी खड्का, दुर्गा खड्का, रतन बोगटी र मोतीसरा खड्काले सामान्य भनाभनको निहुँमा बेहोस हुने गरी पिटे। पीडितलाई काठमाडौं ल्याई वीर अस्पतालमा उपचार गर्नु पर्‍यो।

पुल्लेखोला गाविस-३ का २२ वर्षीय जयरूप पुनलाई सोही गाविस-५ का कमल वटाला, जीतबहादुर रावल, मानबहादुर रावलले ०५३ कार्तिक १० गते स्थानीय जात्रामा पूर्व रीसइवीका कारण ढुंगाले हानी खुट्टा भाँची दिए। पीडकमध्ये कमल बटालालाई प्रहरीले पक्राउ गर्‍यो।

यस जिल्लामा कुटपिट र ज्यान मार्ने धम्की सम्बन्धी ८ वटा घटना प्रकाशमा आएका थिए। त्यस्ता घटनामा व्यक्तिगत रीसइवी, रक्सी सेवन र राजनीतिक प्रतिशोधका कारण भएका थिए। ती घटनाहरूमा १९ जना पीडित भएका थिए।

१.६ थुनामा मृत्यु

थुनामा मृत्यु भएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

जानकारीमा आएन।।

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

जानकारीमा आएन।

२.४ सरुवा / घटुवा / पक्षपात आदि

जानकारीमा आएन।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

जानकारीमा आएन।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

जानकारीमा आएन।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

जानकारीमा आएन।

४.३ गर्भपतन

जानकारीमा आएन।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

जानकारीमा आएन।।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

जानकारीमा आएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहारहरु / छुवाछूत समेत

वास्ला गाविस-५ का २४ वर्षीय सुरत सार्कीलाई उक्त गाविस-२ का हिरण्य कुँवर र टंक कुँवरले ०५३ साउन २८ गते साँझ ५ बजेतिर कलधाराको पानी छोएको कारण मुक्का र लातको प्रयोग गरी कुटपिट गर्दा मुखबाट रगत समेत निस्किएको थियो

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

जानकारीमा आएन।।

९. अतिरिक्त जानकारीहरु (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष जिल्लामा ४ वटा आत्महत्याका घटना भए। ती मध्ये २ महिला र १ पुरुष थिए। त्यस्तै गाडी दुर्घटनामा १ जनाको मृत्यु र विष्फोटक पदार्थले १ जनाको मृत्यु भयो। त्यस्तै अन्य ३ वटा अपराधका घटना प्रकाशमा आए। ■



५. सुदूरपश्चिमाञ्चल

सेती

५.३ डोटी

जनसंख्या : १६७१६८
साक्षरता : २८.३ प्रतिशत
महिला साक्षरता : ९.८ प्रतिशत
क्षेत्रफल : २०२५ वर्ग कि.मी.
गाविस/नपा : ५१/१
निर्वाचन क्षेत्र : २
विद्यालय/क्याम्पस : २३१/१
अस्पताल/स्वास्थ्य चौकी : १/९
टेलिफोन लाइन : ४११
सडक (कि.मि.) :
प्रहरी कार्यालय : १४

यो जिल्ला पहिलेदेखि नै राजा रजौटा ठूला-ठालुको दबदबामा रहेको जिल्ला हो। यो खालको मानसिकता प्रजातन्त्रको पुर्नवहाली पछि ७ वर्ष बितिसक्दा पनि हटन् सकेको देखिंदैन। परम्परागत कुरीतिहरू पनि मानवअधिकारका बाधक बनेका छन्। गरीब र निर्धाहरूलाई अनावश्यक झुट्टा मुद्दा लगाएर पनि दुःख दिने गरेको गुनासो यत्रतत्र सुन्न पाइन्छ।

१. सम्मानित रुपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

कलना गाविस-२ का २१ वर्षीय राईमान साउदलाई ०५३ वैशाख १८ गते हत्या गरेको आरोप दिपायल सिलगढी नपा-८ का शंकर साउदमाथि लगाइएको छ। साथै आरोपित पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ। नी दुवै उक्त दिन राती सँगै जन्ती गएको अवस्थामा उक्त घटना भएको बताइन्छ।

छतिवन गाविस-८ की २३ वर्षीय जमुनादेवी कामीलाई ०५३ जेठ ७ गते आफ्नै ससुरा दलबहादुर कामी र दानबहादुर कामीले कुटपिट गरी हत्या गरे। हत्या गरिसकेपछि पीडितको लाशलाई घरमै ल्याएर झुण्डि मरेको जस्तो पारेका थिए। पीडकहरू भागेर गएको अवस्थामा प्रहरीले पक्राउ गरी पुर्पक्षका लागि थुनामा राखेको छ।

खतिवडा गाविस-२ का ३२ वर्षीय शेरबहादुर खड्कालाई ०५३ असोज ११ गते सोही ठाउँका धर्मसिंह खड्काले दाउराले हिर्काएर हत्या गरे। उनीहरू बीच आपसी विवादमा उक्त घटना भएको बताइन्छ।

१.२ जेल र बन्दीहरु

यस जिल्लामा ४० जना पुरुष र ५ जना महिला सहित ४५ जना बन्दी राख्न सकिने क्षमता भएको "ख" श्रेणीको जेल छ। यस वर्ष यो जेलमा ६ जना थुनुवा, ३१ जना कैदी पुरूष र १ जना महिला बन्दी समेत जम्मा ३८ जना रहेका छन्। आफ्नी आमासंग १ बालिका पनि रहेकी छन्। जेलभित्र झ्याल समेत नहुँदा अँध्यारोमा बस्नु परेको गुनासो बन्दीहरू गर्छन्। अन्य भौतिक सुविधामा पनि कमी भएको गुनासो बन्दीहरूको रहेको छ।

१.३ गिरफ्तारी र यातना

सानागाउँ गाविसका शेरबहादुर धानुकलाई गाउँमा भएको झगडाको विषयमा ०५३ वैशाख २४ गते सानागाउ प्रहरी चौकीका प्रहरीहरूले गिरफ्तार गरे। उनलाई चौकीमा पुऱ्याएर निकै यातना दिइएको कुरा पीडित बताउँछन्। यो कुराको पुष्टि उनको शरीरमा देखिने निलडामले पनि गर्दथ्यो।

मुडभरा गाविस-१ का २५ वर्षीय धर्मदेव शर्मालाई ०५२ माघ १७ गते सोही ठाउँमा एक प्रहरीको घरमा चोरी भएको घटनालाई लिएर गिरफ्तार गरियो। उनलाई हिरासतमा यातना दिई परिवारका कसैलाई पनि भेट्न समेत नदिएको बताइन्छ।

१.४ वेपत्ता पारिएको

जानकारीमा आएन।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

यस वर्ष यो जिल्लामा चर्चामा आएका २ वटा घटनाहरू मध्ये एउटा सत्तापक्षीय व्यक्तिहरूले ०५३ साउन २८ गते ने.वि.संघ इकाई गठन गर्दा कागजपत्र चोरेको आरोप लगाई धम्की दिएका थिए।

दिपायलमा दुर्गादेवीको गाजे लोरे वा गाज सम्बन्धमा विवाद हुँदा ०५३ मंसीर ११ गते स्थानीय व्यक्तिहरूलाई प्रमुख जिल्ला अधिकारीले थुनेर हतकडी लाउने धम्की दिएको कुरा पीडितहरू बताउँछन्।

१.६ थुनामा मृत्यु

थुनामा मृत्यु भएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

दिपायल सिलगढी नपा-३ थापाथली भन्ने ठाउँमा बाटोको उद्घाटन गर्न ०५३ जेठ ९ गते प्रधानमन्त्री शेरबहादुर देउवा पुग्नु हुँदा कालो झण्डा देखाउने अनेरास्ववियू पक्षीय विद्यार्थीलाई नेविसंघ पक्षबाट ढुंगा प्रहार भयो। उक्त घटनामा कालिदास श्रेष्ठलाई गम्भीर चोट लागेको थियो।

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

प्रधानमन्त्री शेरबहादुर देउवासंग ०५३ जेठ ९ गते न्याय माग्दै पुगेका कलेना गाविस-४ की ५५ वर्षीय खिरी आउजी र स्थानीय व्यक्तिहरू माथि नै प्रहरीले लाठीचार्ज गरी घाइते बनाए।

२.४ सरुवा / घटुवा / पक्षपात आदि

दिपायल सिलगढी नपा-४ घर भै कृषि शाखामा कार्यरत नायव प्राविधिक सहायक नवराज श्रेष्ठलाई ०५३ मदौ ४ गते आस्थाको आधारमै धनगढी सरूवा गरिएको बताइन्छ।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

जानकारीमा आएन।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

मुडेगाउँ गाविस-३ की १८ वर्षीय एक युवतीलाई ०५३ जेठ १ गते जंगलमा गाई चराउन गएको अवस्थामा बाफ ककानी गाविस-३ का शंकर खड्काले बलात्कार गरे।

दौढ गाविस-२ की १५ वर्षीय धौलीकुमारी सिंहलाई ०५३ वैशाख ६ गते कर्णबहादुर सिंहले अंशवण्डा सम्बन्धी कुरालाई लिएर गाउँलेहरूकै अगाडि कुटपिट गरे।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

जानकारीमा आएन।

४.३ गर्भपतन

जानकारीमा आएन।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

जानकारीमा आएन।।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

जानकारीमा आएन।।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहारहरु / छुवाछूत समेत

धिकामाण्डौं गाविस दार्जाकोट प्रा.वि.का शिक्षकले ०५३ असार १४ गते विद्यालयमा पौष्टिक आहार वितरण गर्ने क्रममा अछूत भनिने जातिका विद्यार्थीहरूलाई अन्य विद्यार्थीको समूहभन्दा अलग्गै राखी भेदभाव पूर्ण व्यवहार प्रदर्शन गरेको बताइन्छ।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

जानकारीमा आएन।।

९. अतिरिक्त जानकारीहरु (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष जिल्लामा भएका २ वटा ट्राफिक दुर्घटनामा ५३ जनाको मृत्यु भयो भने अन्य ५० जना व्यक्ति घाइते भए।

यस वर्ष ३ जनाले आत्महत्या गरे। ती मध्ये १ जना महिला र २ जना पुरूषहरू थिए। आगलागीका २ वटा घटना पनि भए।

■



५. सुदूरपश्चिमाञ्चल

सेती

५.४ बाजुरा

जनसंख्या : ९२०१०
साक्षरता : २४.९ प्रतिशत
महिला साक्षरता : ७.६ प्रतिशत
क्षेत्रफल : २१८८ वर्ग कि.मी.
गाविस/नपा : २७/०
निर्वाचन क्षेत्र : १
विद्यालय/क्याम्पस : २११/
अस्पताल/स्वास्थ्य चौकी: १/११
टेलिफोन लाइन : ५
सडक (कि.मि.) :
प्रहरी कार्यालय : ६

यो जिल्ला सदूर पश्चिमाञ्चल क्षेत्रको सेती अंचलमा पर्ने पिछडिएको पहाडी जिल्ला हो। यस जिल्लामा परम्परागत रूपमा कुरीतिहरूले अझै छाडेको छैन। अशिक्षा तथा अज्ञानताका कारण मानवअधिकारप्रति यस जिल्लाका जिल्लावासीहरू अनभिज्ञ नै छन्। यस वर्ष यहाँ दुई वटा हत्याका घटना भए भने अज्ञात रोग महामारीको रूपमा फैलिएर झण्डै ३ सय जनाले ज्यान गुमाए।

१. सम्मानित रुपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

गुदुरखाली गाविस-७ का ९ वर्षीय शंकरबहादुर सुनारलाई ०५३ कार्तिक १७ गते सोही ठाउँका गणेशबहादुर सुनारले बञ्चरो प्रहार गरी हत्या गरे। उनीहरू दुवै दाउरा लिन जंगलमा गएको समयमा गणेशबहादुरले काटेको रूखको हाँगो खसी शंकरको खुट्टामा लागेर खुट्टा भाँचिएपछि गाउँमा थाहा भयो भने आफूलाई कार्वाही हुने डरले पीडितको गर्दनमा बञ्चरो प्रहार गरी हत्या गरेको बताइन्छ। पीडक थुनामा छन्।

छतारा गाविस-७ का २३ वर्षीय लाल विश्वकर्मालाई ०५३ मंसीर १० गते सोही गाविसका जोगां वि.क., रंगविर वि.क., गंग वि.क., तुल्या वि.क. र भिक वि.क. समेतले कुटपिट गरी हत्या गरे। पीडकहरूले स्थानीय मेलामा आक्रमण गरी लखेट्दै रंग विरको आँगनमा पुऱ्याएर हत्या गरेको बताइन्छ।

१.२ जेल र बन्दीहरु

यस जिल्लामा रहेको जेल २५ जना क्षमता भएको "ख" श्रेणीको छ। यो वर्षको अन्त्यनिर यो जेलमा ७ जना पुरूष र १ जना महिला समेत ८ जना बन्दीहरू रहेका थिए। आवश्यकता अनुसार बन्दीहरुलाई आफन्तहरूसंग भेट गर्न दिइन्छ।

१.३ गिरफ्तारी र यातना

जानकारीमा आएन।

१.४ वेपत्ता पारिएको

जानकारीमा आएन।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

यस वर्ष यो जिल्लामा ६ वटा घटनाहरू भएको सार्वजनिक जानकारीमा आए। ती घटनाहरूमा ८ जना पीडित भए। जसमा १ जना प्रहरी समेत रहेका छन्।

दार्चुला जिल्ला घर भै जिल्ला प्रहरी कार्यालय बाजुराका प्रहरी हवल्दार देवराज जोशीलाई ०५३ असार १६ गते वुद्धतोला गाविस-१ का वल बहादुर थापाले कुटपिट गरी घाइते बनाए।

१.६ थुनामा मृत्यु

थुनामा मृत्यु भएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

जानकारीमा आएन।

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

जानकारीमा आएन।

२.४ सरुवा / घटुवा / पक्षपात आदि

जानकारीमा आएन।।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

जानकारीमा आएन।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

जानकारीमा आएन।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

जानकारीमा आएन।

४.३ गर्भपतन

जानकारीमा आएन।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

जानकारीमा आएन।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

जानकारीमा आएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहारहरु / छुवाछूत समेत

जानकारीमा आएन।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

जानकारीमा आएन।

९. अतिरिक्त जानकारीहरु (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष यो जिल्लामा महामारीको रूपमा फैलिएको अज्ञात रोगबाट करीब ३ सय जना मानिसहरूको मृत्यु भयो। १ जना पुरूष र १ जना महिला समेत २ जनाले आत्महत्या गरे।

■



५. सुदूरपश्चिमाञ्चल

सेती

५.५ बझाङ

जनसंख्या : १३९०९२
साक्षरता : २७.३ प्रतिशत
महिला साक्षरता : ६.९ प्रतिशत
क्षेत्रफल : ३४२२ वर्ग कि.मी.
गाविस/नपा : ४७.०
निर्वाचन क्षेत्र : २
विद्यालय/क्याम्पस : १९४/१
अस्पताल/स्वास्थ्य चौकी : १/३९
टेलिफोन लाइन : १६
सडक (कि.मि.) :
प्रहरी कार्यालय : ११

यो जिल्ला सेती अंचलका अन्य जिल्लाहरूको तुलनामा विकट मानिन्छ। मानवअधिकार सम्बन्धी चेतनाको पनि यहाँ कमी छ। यो जिल्लामा राज्य स्तरबाट भन्दा पनि राजनैतिक तथा व्यक्तिगत रीसइवीका कारण समाजबाटै मानवअधिकार उल्लंघनका घटनाहरू भएको देखिन्छ। जातीय छुवाछूत जस्ता कुप्रथा पनि यहाँ अझै विद्यमान छ।

१. सम्मानित रुपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

पाराकाटने गाविस-६ का ३८ वर्षीय जीतबहादुर रोकायालाई ०५२ चैत १३ गते कुटपिट गरी भिरबाट लडाएर हत्या गरियो। सो घटनाको सम्बन्धमा सोही ठाउँका २६ वर्षीय हर्कदेव जैसीलाई प्रहरीले पक्राउ गरे। उनलाई पुर्पक्षको लागि थुनामा राखिएको छ। उक्त घटना भएको दिन पीडक र पीडित दुवैले सँगै रक्सी सेवन गरेका थिए।

मष्टा गाविस-१ की ५५ वर्षीय भेकुडी खड्कालाई ०५३ मंसीर ४ गते कुटपिट गरी भिरबाट लडाएर हत्या गरियो। उक्त हत्याको सम्बन्धमा सोही ठाउँकी २६ वर्षीय भगवती खड्कालाई प्रहरीले पक्राउ गरी पुर्पक्षको लागि हिरासतमा राखिएको र हाल जिल्ला अदालतबाट धरौटी तारेखमा छोडिएकी छन्।

१.२ जेल र बन्दीहरु

यस जिल्लामा "घ" श्रेणीको जेल रहेको छ। २५ जना बन्दी क्षमता भएको यस जेलमा यो वर्षको अन्त्यतिर ९ जना थुनुवा र ४ जना कैद तोकिएका समेत १३ जना पुरूष बन्दीहरू मात्र रहेका छन्। यस जेलको भौतिक अवस्था सामान्य छ।

१.३ गिरफ्तारी र यातना

चैनपुर गाविस-१ का १८ वर्षीय मटुजेबहादुर सिंह, सोही ठाउँका मोति सिंह विष्ट, नरेश छन्त्याल, गोकर्ण बहादुर सिंह र सुवर्ण बहादुर सिंहलाई ०५२ चैत १४ गते प्रहरीले पक्राउ गरी हिरासतमा यातना दिएर सार्वजनिक मुद्दा समेत लगाइएको थियो। उक्त घटना रिठापाटा गाविस-६ मा पर्ने अष्टमी मेलामा सुरक्षाको दृष्टीकोणबाट खटी गएका प्रहरीहरू मदिरासेवन गरी मेलाका दर्शकहरूलाई गिज्याउने जस्ता क्रियाकलाप गरेको निहुँमा स्थानीय जनसमुदाय र प्रहरीको भिडन्तका कारण उक्त घटना घटेको थियो।

मौलाली गाविस-४ का ४० वर्षीय अग्नी खत्रीलाई ०५३ असार ५ गते सोही ठाउँका नन्नु धामीसंग सामान्य भनाभन र कुटपिट हुँदा नन्नु धामीको उजुरीले खत्रीलाई प्रहरीहरूले पक्राउ गरी हिरासतमा यातना दिएका थिए। बिगतमा खत्री र प्रहरी भाष्कर दत्तको आपसी भिडन्त हुँदा खत्रीले प्रहरीलाई कुटपिट गरेका थिए।

सुनकुडा गाविस-५ का २७ वर्षीय गडे धामी र ४० वर्षीय गंभीर धामीलाई ०५३ भदौ ११ गते सोही गाविस अध्यक्ष प्रमानन्द अवस्थी र सडकमा सुरक्षाको निम्ति खटिएका प्रहरीहरूले कुट्ने पिट्ने र डर, धाक देखाई पीडितहरूबाट जबरजस्ती रू. ४० हजारको कबुलियत कागज गराएका थिए। पीडितहरूका भाइ झुसे धामी गाविस भवन निर्माण समितिका अध्यक्ष भएका र गाविसबाट भुक्तानी लिएको पैसाको निर्माण काम गरी कालगतिले मृत्यु भएको हुनाले तिम्रो भाइले लिएको पैसा तिमीहरूले नै तिर्नु पर्छ भनेपछि उक्त घटना भएको हो।

१.४ बेपत्ता पारिएको

जानकारीमा आएन।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

वाज गाविस-५ का ३३ वर्षीय गोरे भाटलाई ०५२ फागुन १२ गते सोही गाविस अध्यक्ष गणेशबहादुर भण्डारीले सख्त घाइते हुने गरी कुटे। क्षेत्र नं. २ का सांसद नरेशबहादुर सिंहलाई अध्यक्षले विकास निर्माणको काममा ध्यान दिएका छैनन्। विकास अनुदानको रकम जथाभावी हिनामिना गरेका छन् भनी सांसदसंग भनेका हुनाले उक्त घटना भएको थियो।

मौलाली गाविस-६ की ३२ वर्षीय प्रेमजला कामीलाई ०५३ भदौ ५ गते सोही ठाउँका रनबहादुर कामीले हसिया प्रहार गरी सख्त घाइते बनाए। सो घटना जग्गाको सीमाना सम्बन्धी विवादबाट भएको थियो।

रायल गाविस-२ का २६ वर्षीय प्रकाश अधिकारी र २८ वर्षीय हर्कबहादुर भण्डारी ०५३ कार्तिक ५ गते सोही गाविस- १ कटकबहादुर मल्लको घरमा सख्त घाइते हुने गरी कुटिए।

१.६ थुनामा मृत्यु

थुनामा मृत्यु भएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

जानकारीमा आएन।।

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा २९६ वटा मुद्दा विचाराधीन रहेका छन्। ती मध्ये दुनियावादी देवानी १९०, सरकारवादी फौजदारी २४, दुनियावादी फौजदारी ८२ रहेका छन्। २ वर्ष अवधि गुज्रिसकेका मुद्दा १०५, एक वर्ष अवधि गुज्रेका फौजदारी २९ र दुनियावादी देवानी ५७ वटा रहेका छन्।

२.४ सरुवा / घदुवा / पक्षपात आदि

जानकारीमा आएन।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

जानकारीमा आएन।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

व्यासी गाविस-१ की २१ वर्षीय सुनिता कुमारी वि.क.लाई ०५३ असोज १६ गते लेकगाउँ गाविस-८ का कालु मुहरले समाती लछार पछार गरे। विवाह गर्ने उद्देश्यले त्यसो गरेको बताइन्छ। मन परेकी महिलालाई जबर्जस्ती लतारेर विवाह गर्ने प्रचलन यस जिल्लामा कायम नै छ।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

जानकारीमा आएन।

४.३ गर्भपतन

रिलु गाविस-५ की १८ वर्षीय वेलादेवी रोकायालाई ०५२ चैत २ गते सोही ठाउँका रामगिरी बोहरा समेतका ४ जनाको कुटाइ पिटाइबाट गर्भपतन भएको थियो। उनका विदेश भारतमा गएको बेला दिलबहादुर रोकयासंग प्रेम सम्पर्क कायम गरी गर्भधारण गरेकी थिइन्। पीडक रामगिरी बोहरा जारी लिने भनेर गएका बेला कुटपिट गरेका थिए।

भाते खोला गाविस-९ की २२ वर्षीय देवु थापाले ०५३ साउन १९ गते ८ महिनाको गर्भपतन गरेकी थिइन्। उनको ससुराले गर्भपतन गऱ्यो भन्ने उजुरी गरेका हुनाले प्रहरीले पक्राउ गरी बयान लिंदा ससुराको नै हो भन्ने बयान गरेको आधारमा प्रहरीले दुवै ससुरा बुहारीलाई पक्राउ गरी धरौटीमा छोड्यो।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

वाज गाविस-५ की गिरिजादेवी मल्लले अवैध गर्भधारण गरी ०५२ पुस १६ गते पूरा महिना पुगेको वच्चा जन्माइन्। बच्चाको बाबुको अहिलेम्म ठेगान छैन। गिरिजादेवीका पतिको ०४४ सालमै निधन भएको थियो।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

जानकारीमा आएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहारहरु / छुवाछूत समेत

जानकारीमा आएन।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

जानकारीमा आएन।

९. अतिरिक्त जानकारीहरु (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

यस जिल्लामा विभिन्न दैवी प्रकोपका घटनाहरू भए। कैलाश गाविसको जंगलमा ०५३ साउन १४ गते चट्याङ पर्दा ७ घरका १६० वटा भेडा मरेका थिए। त्यस्तै बाढी पहिरो, आगलागीका घटनाहरू पनि धेरै भए। आत्महत्याका ३ घटना



५. सुदूरपश्चिमाञ्चल
महाकाली
५.६ कञ्चनपुर

जनसंख्या	२५७९०६
साक्षरता	४०.५ प्रतिशत
महिला साक्षरता	२२.८ प्रतिशत
क्षेत्रफल	१६१० वर्ग कि.मी.
गाविस/नपा	१९/१
निर्वाचन क्षेत्र	३
विद्यालय/क्याम्पस	२२२/४
अस्पताल/स्वास्थ्य चौकी	३/२०
टेलिफोन लाइन	१३४२
सडक (कि.मि.)	२०७
प्रहरी कार्यालय	२६

कञ्चनपुर महाकाली अञ्चलमा पर्ने नेपालको पश्चिम सीमावर्ती क्षेत्रको तराई जिल्ला हो। दास प्रथाको अवशेषको रूपमा रहेको कमैया प्रथा यस जिल्लामा अझै पनि कायमै छ। यहाँका कमैयाहरू बाँधा मजदुरको रूपमा काम गर्न विवश छन्। कमैया प्रथाले मानवअधिकारलाई चुनौति दिइरहेको छ। केही वर्षयता यस जिल्लामा पनि कमैयाहरू संगठित हुँदै आइरहेका छन्।

प्रहरीद्वारा प्रहरीकै हत्या गरिएको घटना र आफ्नो सतित्व बचाउन एक महिलाले पीडकको लिङ्ग नै काटिदिएको घटना यस वर्ष यहाँ चर्चित रहे।

१. सम्मानित रुपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

श्रीपुर गाविस-४ वेलौरीमा वैनडी जिल्लाका खन्टे भट्ट भन्ने लिलाधर भट्टलाई २०५२ माघ १८ गते स्थानीय ललित बोहोराले कुटपिट गरी हत्या गरे। पीडकलाई प्रहरीद्वारा पक्राउ गरी पुर्पक्षको लागि थुनामा राखिएको छ।

रैकवार गाविस-८ का ३० वर्षीय दिर्घवहादुर नेगीलाई २०५२ चैत २३ गते सोही ठाउँका चन्द्रवहादुर महराले दाउराले हिर्काएर हत्या गरे। आफ्नो आमासंगको अवैध सम्वन्धको कारण पीडकले हत्या गरेको बताइन्छ। पीडक हाल पुर्पक्षका लागि थुनामा राखिएका छन्।

पिपलाडी गाविस-८ का २५ वर्षीय चन्द्र रानालाई २०५३ वैशाख २ गते वनरक्षक मीनबहादुर जि.सी.ले गोली हानी हत्या गरे। पीडितका भाइ १२ वर्षीय साधुराम राना पनि सोही घटनामा घाइते भएका थिए। कुखुरा नदिएको निहुँमा उक्त घटना भएको बताइन्छ। गोली हान्ने आदेश दिएको भनी रेञ्जर राजेशकुमार शाह र मीनवहादुर जि.सी.लाई प्रहरीद्वारा पक्राउ गरी पुर्पक्षको लागि थुनामा राखिएको छ।

जिल्ला प्रहरी कार्यालय कञ्चनपुरका प्रहरी हवल्दार कृष्णनन्द पन्तको २०५३ कार्तिक ८ गते शरीरमा मट्टितेल खन्याई आगो लगाएर हत्या गरियो। उक्त घटनामा संलग्न भएको आरोपमा सोही कार्यालयका प्रहरीहरू हिरा वल्लभ भट्ट, डम्बर चौधरी, पिपा तिलक चन्द र देवकी जोशीलाई प्रहरीद्वारा पक्राउ गरी पुर्पक्षको लागि थुनामा राखिएको छ। देवकी जोशीसंगको अवैध सम्बन्धको कारण उक्त घटना हुन पुगेको बताइन्छ।

यस वर्ष बेलडाँडीमा १ बेवारिसे लाश भुण्डिएको अवस्थामा भेटिएको थियो।

१.२ जेल र बन्दीहरु

यस जिल्लामा ७५ जना अटाउन सक्ने क्षमता भएको "ख" श्रेणीको जेल छ। यस जेलमा प्रायः क्षमता भन्दा बढी बन्दीहरू राख्ने गरिन्छ। यस वर्षको अन्त्यतिर ५१ जना पुरूष र २ जना महिला गरी ५३ जना कैदी र ४६ जना पुरूष, १ जना महिला गरी ४७ जना थुनुवा समेत १०० जना बन्दीहरू रहेका छन्।

जेलको भौतिक अवस्था राम्रो नै छ। जेलको भौतिक अवस्था सुधार तथा मर्मतका लागि जिविस कञ्चनपुरबाट राम्रो सहयोग भएको कुरा जेलर टेकबहादुर दियाल बताउँछन्। ३-४ वर्षसम्म पनि मुद्दाको किनारा लाग्न सकेको छैन भन्ने थुनुवा बन्दीहरूको गुनासो रहेको छ।

१.३ गिरफ्तारी र यातना

वेलौरीमा २०५३ असोज ११ गते प्रहरीले पत्रकार खेम सुवेदी समेत दिनेश सुवेदी, हृदयराज बजगाईं लगायतका २६ जनालाई पक्राउ गरे। श्रीपुर गाविस-४ बस्ने भारतीय नागरिक कुलदिपसिं भटियाले अवैध सामानको ओसार-पसार गरेकोमा विरोध गर्दै गरेका स्थानीय विद्यार्थी तथा जनतालाई प्रहरीले पक्राउ गरेका थिए। पक्राउ गरिएका सबै व्यक्तिहरूलाई भोलिपल्टै छोडिएको थियो।



कञ्चनपुर जेल

१.४ वेपत्ता पारिएको

जानकारीमा आएन।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

कुटपिट सम्बन्धी घटनाको क्रममा घनश्याम जोशी २०५३ साउन १३ गते खुकुरी प्रहार गरी घाइते बनाइए।

१.६ थुनामा मृत्यु

थुनामा मृत्यु भएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

जानकारीमा आएन।

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत कञ्चनपुरमा यस वर्ष ३ सय ३८ दुनियाँवादी मुद्दा दर्ता भएकोमा ५० वटा फैसला भए। सरकारवादी ९६ वटा मुद्दामा परेका मध्ये १९ वटा फैसला भए भने अन्य बाँकी छन्। फौजदारी तर्फ १ सय ४३ मुद्दा परेका मध्ये ३४ वटा मात्र फैसला हुन सके। ३-४ वर्षअघि मुद्दा परेर पुर्पक्षका लागि थुनामा परेकाहरू मुद्दा फैसला हुन नसकेर आफूहरूमाथि अन्याय भएको गुनासो गर्दछन्।

२.४ सरुवा / घटुवा / पक्षपात आदि

जानकारीमा आएन।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

कञ्चनपुर, वेलडाँगी उत्तर पिपलारी गाविसको पश्चिमतिर पर्ने धमौनी फाँटाका सुकुम्बासीहरूलाई त्यहाँबाट हटाइएपछि उनीहरूले समस्याको समाधान गर्न माग राख्दै २०५३ पुस १० गतेदेखि जिल्ला प्रशासन कार्यालयमा धर्ना समेत दिएका थिए।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

रैकवार विचवा गाविस-५ की १२ वर्षीय एक बालिकालाई २०५२ चैत २७ गते होली पर्वको सांस्कृतिक कार्यक्रम हेरेर घर फर्किरहेको अवस्थामा सोही ठाउँका डमरू राना, सागर राना र राजु रानाले सामूहिक रूपमा बलात्कार गरे। प्रहरीमा उजुरी गर्दा पनि पीडकमाथि कार्वाही भएन।

कृष्णपुर गाविसकी २२ वर्षीय एक महिलालाई २०५३ असार १ गते राती आफ्नै घरमा सुतिरहेको अवस्थामा सोही ठाउँका जगतबहादुर टमाटाले बलात्कार गर्ने प्रयास गरे। पीडित महिला चिच्याएपछि पीडक भागेका थिए। पछि उनलाई पक्राउ गरी आवश्यक कार्वाही चलाइएको थियो।

महेन्द्रनगर नपा-४ की ८ वर्षीय वालिकालाई ०५३ असार १९ गते वैतडी जिल्ला दशरथचन्द गाविस-४ का ३० वर्षीय किसन थापाले बलात्कार गरे। पीडित वालिका चिच्याएपछि पीडकलाई पक्राउ गरी कार्वाहीका लागि जिल्ला प्रहरी कार्यालय मार्फत कारागारमा थुनामा राखिएको छ।

दैजी गाविस-३ की ४५ वर्षीय एक महिलालाई २०५३ असोज ४ गते दाउरा लिन जंगलमा गएको अवस्थामा सोही ठाउँका ६५ वर्षीय हिनसिं भण्डारीले बलात्कार गर्ने प्रयास गरे। पीडकलाई प्रहरीले पक्राउ गरेको थियो।

परासन गाविस-६ की ७ वर्षीय एक बालिकालाई २०५३ मंसीर १२ गते सोही ठाउँका मीनबहादुर खड्काले बलात्कार गर्ने प्रयास गरे। बालिका गाई-गोरू चराउन जङ्गलमा गएको मौका पारी पीडकले उक्त कार्य गर्न खोज्दा पीडित बालिका चिच्याएपछि अरूले थाहा पाए। पीडकलाई प्रहरीले पक्राउ गरी पुर्पक्षका लागि थुनामा राखिएको छ।

महेन्द्रनगर नपा-८ की २९ वर्षीय एक महिलालाई २०५३ मंसीर १२ गते सोही ठाउँका आनसिं ठगुन्नाले बलात्कार गर्ने प्रयास गरे। महिला घरमा एक्लै भएको मौका

पारी बलात्कार गर्न खोज्दा आफूलाई बचाउन पीडित महिलाले पीडकको लिंग काटिदिइन्। आनसिं ठगुन्नाले अञ्चल अस्पतालमा उपचार समेत गराउनु परेको थियो।

४.२ जारी / बहुविवाह / देउकी / वेहव्यापार

जानकारीमा आएन।

४.३ गर्भपतन

महेन्द्रनगर नपा-४ स्थित कवर्ड हलको दक्षिणी भागमा २०५२ चैत २३ गते गर्भपतन गराइ फालेको करिब ७ महिनाको शिशुको लाश भेट्टिएको थियो।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

जानकारीमा आएन।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

जानकारीमा आएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहारहरु / छुवाछूत समेत

जानकारीमा आएन।

जिल्ला प्रशासन कार्यालय अगाडि सुकुम्बासीहरूको धर्ना

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

जानकारीमा आएन।

९. अतिरिक्त जानकारीहरु (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष यो जिल्लामा ट्राफिक दुर्घटनामा परी ८ जना र डुबेर ३ जनाको मृत्यु भयो। यसै गरी १७ वटा आत्महत्या भए। ती मध्ये ९ पुरुष र ८ महिला थिए।

■



५. सुदूरपश्चिमाञ्चल

महाकाली

५.७ डडेलधुरा

जनसंख्या	: १०४६४७
साक्षरता	: ३६.१ प्रतिशत
महिला साक्षरता	: १२.८ प्रतिशत
क्षेत्रफल	: १५३८ वर्ग कि.मी.
गाविस/नपा	: २५/०
निर्वाचन क्षेत्र	: १
विद्यालय/क्याम्पस	: १९७/२
अस्पताल/स्वास्थ्य चौकी	: २/२७
टेलिफोन लाइन	: १५८
सडक (कि.मि.)	: २००
प्रहरी कार्यालय	: २०

डडेलधुरा नेपालको सुदूर पश्चिममा पर्ने पहाडी जिल्ला हो। अन्य पहाडी जिल्लाको तुलनामा यातायातको सुविधा भएको यो जिल्लामा राजनैतिक चेतना र मानवअधिकारप्रतिको सचेतनता एवं ज्ञान बढ्दै गएको पाइन्छ। राज्यबाट हुने मानवअधिकार हननका घटनामा कमी आए पनि व्यक्तिगत रीसइवीका कारण हुने हिंसात्मक कुटपिटका घटना प्रशस्तै भएका छन्।

१. सम्मानित रुपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

डोटीघटाल गाविस-५ जोइसिनाका ३० वर्षीय भोजराज पाण्डेयको ०५२ फागुन १६ गते हत्या भयो। कैलपाल प्रा.वि. किमाडमा कार्यरत शिक्षक पाण्डेयलाई स्कूल नजिक सानो कुवामा हत्या गरी फालिएको थियो। प्रहरी अनुसन्धानका क्रममा धेरै व्यक्तिहरूलाई गिरफ्तार गरी कार्वाही गरियो तर हालसम्म पीडक पत्ता लागेको छैन।

हत्या गरी कुवामा फालिएका परेका भोजराज पाण्डेय

भागेश्वर गाविस-२ बोगटाका चक्रबहादुर शाहीलाई ०५३ जेठ १२ गते कारकोट गाविस-५ का सिराड ढुंगाका धर्मसिं महराले आफ्नै घर नजिक सल्लाको काठले टाउकोमा हानी हत्या गरे। चक्रबहादुर लगायतका ४ व्यक्ति भैंसी किन्न भनी त्यहाँ आएर मदिरासेवन गरेका थिए । प्रदिप शाहीले धर्म सिंका भाइ बुहारी माथि हातपात गर्न खोजेको आरोपमा कुटपिट हुँदा प्रदिप भागेका र चक्रबहादुरको हत्या भएको थियो। हाल धर्मसिं महरा पुर्पक्षको लागि कारागारमा छन् र हत्या भएको थाहा पाएर पनि जाहेरी नदिएको आरोपमा धर्मसिंका भाइ जयसिं महरा र लालबहादुर गुरुङलाई अदालतले क्रमश २० हजार र १० हजार नगद धरौटी लिई तारेखमा छोडेको छ।

देवल गाविस-२ बुडिलेककी देवी मल्ललाई ०५३ कार्तिक २२ गते आफ्नै पति गोरखबहादुर मल्लले हसियाले हानी हत्या गरे। पीडकले मृतकको चरित्र ठीक नभएको भनी हत्या गरेका थिए। हाल पीडकलाई पुर्पक्षको लागि थुनामा राखिएको छ।

१.२ जेल र बन्दीहरु

"घ" श्रेणीको यहाँको जेलमा बन्दी क्षमता २५ जनाको छ । यो वर्षको अन्तसम्ममा यो जेलमा ६ जना थुनुवा र १९ जना कैदी गरी २५ जना बन्दीहरू रहेका छन्। तिनीहरू मध्ये १७ जना पुरूष र ८ जना महिला छन्। जेलको भौतिक अवस्था सामान्य छ।

१.३ गिरफ्तारी र यातना

प्रहरी चौकी भात्काडाका प्रहरी सहायक निरीक्षक तेजबहादुर बमले ०५३ असार १९ गते घटाल डोट गाविस-१ दुधकाडेका मनबहादुर ऐरलाई गाउँलेहरू बीचको सामान्य झगडामा गिरफ्तार गरेका थिए। मानबहादुर ऐरले जिल्ला प्रशासन कार्यालयमा उजुर दिएका थिए।

१.४ वेपत्ता पारिएको

जानकारीमा आएन।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

यस जिल्लामा यस वर्ष कुटपिट सम्बन्धी अन्य ४ वटा घटना भए। त्यस्ता घटनामा १२ जना पीडक र ५ जना पीडित रहेका थिए।

१.६ थुनामा मृत्यु

जानकारीमा आएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

माओवादीको आरोपमा गिरफ्तार खगराज भट्ट

चिपुर गाविस-६ का खगराज भट्टलाई ०५२ फागुन २४ गते सदरमुकामबाट घर जाँदा प्रहरीले पक्राउ गऱ्यो। माओवादी जनयुद्धमा संलग्न रहेको आरोपमा पक्राउ परेका भट्टलाई ३ दिनपछि २७ गते थुनुवा पूर्जी दिई राजद्रोही मुद्दा चलाई कारागार पठाइएको थियो। हाल उनी आफ्नो समय पूरा गरी जेल मुक्त भएका छन्। त्यस्तै सोही दिन नेकपा (एमाले) कार्यकर्ता खलंगा १ का विक्रम आलेमाथि पनि शंका गरी घर खानतलास गरी एकरात थुनामा राखेको थियो।

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा सरकारवादी फौजदारी मुद्दा १८ वटा, दुनियावादी देवानी मुद्दा २२ वटा र दुनियावादी फौजदारी मुद्दा ४२ वटा समेत जम्मा ८२ वटा दर्ता भए। यस वर्ष फैसला भएका विभिन्न मुद्दाहरूको संख्या भने ५५ रहेको छ।

२.४ सरुवा / घटुवा / पक्षपात आदि

जानकारीमा आएन।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

जानकारीमा आएन।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले बिइने यातना

यस जिल्लामा महिलाहरू हरेक दृष्टिकोणबाट पिछडिएका र शोषित पीडित भए पनि यस सम्बन्धी खासै उल्लेखनीय घटना प्रकाशमा आएन।

४.२ जारी / बहुविवाह / वेउकी / वेहव्यापार

जानकारीमा आएन।

४.३ गर्भपतन

यस सम्बन्धी कुनै घटना भएको पाइएन।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

मढिलेक गाविस-७ वकालकी २० वर्षीय धर्मादेवी लुहारले ०५३ असोज २६ गते आफ्नै घरमा आफूले जन्माएको बच्चाको हत्या गरिन्। माइतमा नै गर्भ रहेको आशंका गरिएको छ। धर्मा देवीका पति भारतमा थिए। उनी पहिलेदेखी माइती घर कोटेली गाविस-२ नितोलामा बसेकी थिइन्।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

जानकारीमा आएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहारहरु / छुवाछूत समेत

मष्टामाण्डौ गाविसका दानबहादुर देउवाले आफ्नै छिमेकी हरूवा देउवालाई ०५२ पुसमा आफ्नी छोरी फकाई डोटी जिल्ला वाफगाउँमा पठाएको आरोप लगाई प्रहरीमा उजुर गरे। त्यसै घटनालाई लिएर घरमा धम्काई रू. ४ हजार लिइएको थियो। उक्त रकमबाट गाउँलेहरूले खसी भात खाएका थिए।

शिर्ष गाविस-७ कालीगाइमा ०५३ असोज २४ गते किसन सिं मालको चिया पसलमा तल्लो जाति मानिनेहरू गोरखबहादुर स्नेही, माइले कोली, बोडे दमाई, रगुट मटा, धने ओखडा, माने कोली, हरि वि.क., शिवी टमटा, कलाक बहादुर सोव लगायतका व्यक्तिले चिया पिए पश्चात गिलास नधोई जाँदा पसललेले उग्रवादी हुन् यिनीहरूले मेरो चियाको पैसा समेत नदिई गिलास चोरी लगे भनी गाविसमा उजुर दिएका थिए। गाविस अध्यक्ष तारीसी बोहरा समेतले इलाका प्रहरी चौकी जोगपुरमा पनि उजुर दिएको बताइन्छ।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

जानकारीमा आएन।

९. अतिरिक्त जानकारीहरु (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष यस जिल्लामा ठूलो सडक दुर्घटना भयो। जोगपुरबाट सिलगढी तर्फ आइरहेको मे.अ.ख. २४२ नं. को बस घण्टेश्वर गाविसमा दुर्घटनाग्रस्त हुँदा घटना स्थलमा १७ जना, ८ जना धनगढी अस्पताल लैजादा र काठमाडौ उपचारार्थ लैजाँदा हेलिकप्टरमा नै १ जनाको मृत्यु भएको थियो। घटनामा ५१ जना घाइते भएका थिए। त्यस्तै अन्य २ वटा सवारी दुर्घटनामा ४ जना र अन्य एक दुर्घटनामा १ जनाको मृत्यु भएको थियो। यस वर्ष यो जिल्लामा ७ वटा आत्महत्याका घटनाहरू भएकोमा ४ पुरूष र २ महिला थिए। त्यस्तै अन्य १ लागु पदार्थ र १ विष्फोटक पदार्थ सम्बन्धी घटना पनि भएको थियो।



५. सुदूरपश्चिमाञ्चल

महाकाली

५.८ बैतडी

जनसंख्या	२००७१६
साक्षरता	३५.३ प्रतिशत
महिला साक्षरता	१३.४ प्रतिशत
क्षेत्रफल	१५१९ वर्ग कि.मी.
गाविस/नपा	६४/०
निर्वाचन क्षेत्र	२
विद्यालय/क्याम्पस	२९७/२
अस्पताल/स्वास्थ्य चौकी	१/
टेलिफोन लाइन	९५०
सडक (कि.मि.)	२०
प्रहरी कार्यालय	२७

बैतडी नेपालको सुदूरपश्चिमाञ्चलको मध्य पहाडी जिल्ला हो। बैतडी सदरमुकाम सडक, दार्चुला सडक, बझाङ सडकले गर्दा केही गाविसमा यातायातको सुविधा भएता पनि अधिकांश गाविस यातायातको सुविधाबाट बंचित छन्। अधिकांश जनता गरीबी, अशिक्षा, पछौटेपनका कारण समाजमा जातीय छुवाछूत, देउकी प्रथा, धामी झांक्री आदि अन्धविश्वास कायमै छ।

१. सम्मानित रुपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

दुर्गास्थान गाविस-९ का ४९ वर्षीय गगन चन्द र ५८ वर्षीय परि चन्दलाई ०५२ माघ २५ गते सोही ठाउँका शंकर चन्दले पुरानो रीसइवीले घाँटी र टाउकोमा खुकुरी प्रहार गरी. हत्या गरे। जिल्ला अदालतले पीडकलाई अपराध ठहर गरेर कैद तोकी कारागार पठायो।

गाँजरी गाविस-६ का ३६ वर्षीय कालुसिंह धामी ०५३ साउन २० गते डल्ली खोलामा मृत अवस्थामा फेला परे। उनलाई हत्या गरेको अभियोगमा नारायणदत्त भट्ट, गंगादत्त भट्ट, गोपालराम लुहारलाई प्रहरीले पक्राउ गर्‍यो।

उदयदेव गाविस-४ का ८० वर्षीय महिला बच्चुदेवी धनाडीलाई ०५३ भदौ २८ गते सुरत सिंह धनाडीले काठको दाउराले टाउकोमा प्रहार गरी हत्या गरे। पीडकको मानसिक स्थिति असन्तुलन भएको बताइन्छ। पीडक हाल थुनामा रहेका छन्।

शंकरपुर गाविस-८ का २० वर्षीय पार्वती भट्टलाई आफ्नै पति गोपालदत्त भट्टले काठको दाउराले कुटपिट गरेका थिए। सोही कुटपिटकै कारणबाट ०५३ मंसीर १७ गते पीडितको मृत्यु भयो। पीडकलाई हत्या गरेको अभियोगमा पुर्पक्षको लागि थुनामा राखिएको छ।

१.२ जेल र बन्दीहरु

यहाँको जेल "घ" श्रेणीमा पर्दछ। २५ जना क्षमता भएको यो जेलमा क्षमताभन्दा बढी बन्दी राखिएको छ। ४ जना थुनुवा र २७ जना कैदी समेत ३१ जना पुरूष र १ महिला रहेका छन्।

१.३ गिरफ्तारी र यातना

जानकारीमा आएन।

१.४ बेपत्ता पारिएको

जानकारीमा आएन।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

त्रिपुरासुन्दरी गाविस-२ का ३० वर्षीय नारायण दमाईलाई ०५३ मंसीर २८ गते उनकै नातेदार सोही ठाउँ बस्ने पदम दमाई, स्वजन दमाई, रामुराज औजी लगायतका व्यक्तिहरूले सख्त रूपमा कुटपिट गरी घाइते बनाएपछि पीडितलाई उपचारको लागि भारतको पिथौरागढ लैजानु पर्‍यो।

यस वर्ष यस जिल्लामा कुटपिट सम्बन्धी ५ वटा घटना प्रकाशमा आए। ती घटनामा ७ जना पीडक र ४ जना पीडित रहेका थिए।

१.६ थुनामा मृत्यु

जानकारीमा आएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

जानकारीमा आएन।

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

जानकारीमा आएन।

२.४ सरुवा / घटुवा / पक्षपात आदि

जानकारीमा आएन।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

जानकारीमा आएन।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

नगिगुन गाविस-२ की १८ वर्षीय एक युवतीलाई ०५२ माघ २० गते राती सोही ठाउँका शिक्षक लालसिंह भण्डारीले बलात्कार गरे। जिल्ला अदालतले दुई वर्ष कैद तोकेको थियो।

रौलेश्वर गाविस-६ माइती घर सिंहपुर गाविस-६ की एक २० वर्षीय युवतीलाई ०५३ भदौ २५ गते सोही ठाउँका कृष्ण मडै र दिपेन्द्र मडैले बलात्कार गर्न खोजे। पीडक हालसम्म फरार रहेका छन्।

४.२ जारी / बहुविवाह / वेउकी / देहव्यापार

जानकारीमा आएन।

४.३ गर्भपतन

जानकारीमा आएन।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

जानकारीमा आएन।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

जानकारीमा आएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहारहरु / छुवाछूत समेत

शिवनावा-६ तोल्चा बस्ने चन्द परिवारहरूले ०५३ साउन १६ गते त्यसै ठाउँ बस्ने तल्लो जातिका मानिने लुहार, सार्कीहरूलाई सार्वजनिक कुलोको पानी समेत खान नदिएको पीडितले बताए। पीडितका अनुसार वैशाख, जेठमा पानी खाने कुवाको मूल सुक्ने भएकोले उनीहरू कुलोको पानी खान्छन्। तर पीडक चन्द परिवार पनि त्यही पानी खाने भएकाले छुवाछूतको भावना लिई सार्वजनिक कुलोको पानी खानबाट बंचित गरियो।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

जानकारीमा आएन।

९. अतिरिक्त जानकारीहरु (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

यो वर्ष पानीको ट्याङ्कीमा डुबेर १ जना, रूखबाट लडेर १ जना, बाघको आक्रमणबाट १ जनाको मृत्यु भयो भने ३ जना महिलाले झुण्डिएर आत्महत्या गरे। १ जना महिलाले नदीमा हाम फालेर आत्महत्या गरिन्, १ जना पुरूषले पनि मानसिक स्थिति कमजोरका कारण आत्महत्या गरे।

■



५. सुदूरपश्चिमाञ्चल

महाकाली

५.१ दार्चुला

जनसंख्या : १०१६८३
साक्षरता : ४०.९ प्रतिशत
महिला साक्षरता : १७.६ प्रतिशत
क्षेत्रफल : २३२२ वर्ग कि.मी.
गाविस/नपा : ४१/०
निर्वाचन क्षेत्र : १
विद्यालय/क्याम्पस : २५१/
अस्पताल/स्वास्थ्य चौकी : १/४१
टेलिफोन लाइन : १५०
सडक (कि.मि.) :
प्रहरी कार्यालय : १९

सुदूर पश्चिमाञ्चलको दार्चुला जिल्ला यस वर्ष भारतीय प्रहरीद्वारा भएको सीमा अतिक्रमणका कारण राष्ट्रिय स्तरमा पनि चर्चित रह्यो। यहाँ भारतीय पक्षबाट नेपालको सीमा मिचिएको बताइन्छ। समाज अन्धविश्वासले जकडिएको छ।

१. सम्मानित रुपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

रानिसिस्वर गाविस-७ का ३२ वर्षीय पार्वतीदेवी बोहरालाई ०५३ साउन १८ गते आफ्नै पति विश्राम बोहराले हँसियाले घाँटी काटेर हत्या गरे। हाल उनी फरार भएका छन्।

भारत पिथौरागढ जिल्ला सिमान्त धारचुला ग्राम कुटिगाउँ बस्ने २५ वर्षीय उप्ररसिंह कुटियालको ०५३ असोज ६ गते प्रहरीको गालीबाट मृत्यु भयो। उनले अवैध सामान सीमा पार गरिरहेको बेला प्रहरीलाई गोली चलाएपछि त्यसको प्रतिवादमा प्रहरीले गोली चलाउँदा उनको मृत्यु भएको थियो।

सुन्सेरा गाविस-५ का २७ वर्षीय महेन्द्र राजभट्टलाई ०५३ कार्तिक १५ गते सोही गाविस-४ का चन्द्रसिंह कुँवरले टाउकोमा ढुंगाले हिर्काई हत्या गरे। प्रहरीले पीडकलाई भारतको तवाघाटबाट पक्राउ गऱ्यो।

दत्तु गाविस-६ थापला बस्ने ६० वर्षीय मुनरादेवी धामीलाई ०५३ मंसीर १९ गते आफ्नै छोरा हरविर सिंह धामीले हत्या गरे। गहना सम्बन्धी विवादका कारण उनको हत्या गरिएको बताइन्छ, पीडकलाई आवश्यक कारवाहीका लागि थुनामा राखिएको छ।

१.२ जेल र बन्दीहरु

यस जिल्लामा जिल्ला सदरमुकाम खलंगामा "घ" श्रेणीको जेल छ। ८० जना कैदी बस्न सक्ने क्षमता भएको यस जेलमा २३ जना कैदी र ३ जना थुनुवा गरी जम्मा २६ जना रहेका छन्। तिनीहरू मध्ये १ जना महिला, ज्यानसम्बन्धी मुद्दामा कैदी छन्। उनी यौन सम्बन्धी रोगबाट ग्रसित भएको बताइन्छ। आफन्तहरूसंग हप्तामा २ पटकसम्म भेटघाट गर्न दिइन्छ। जेल प्रशासनबाट कुनै सिप सिकाउने कार्य नगरिएता पनि जेलभित्र आफै सुइटर बुन्ने कार्य कैदीहरूले गरिरहेका छन्। जेलको भौतिक अवस्था सामान्यतया राम्रै छ।

१.३ गिरफ्तारी र यातना

मालिकार्जुन गाविस-७ का मदनसिंह धामी, डम्बर सिंह धामी लगायत ९ जनालाई प्रहरीले तोडफोड गरेको अभियोगमा ०५२ माघ १ गते पक्राउ गऱ्यो। हाल तिनीहरूलाई सार्वजनिक अपराध सम्बन्धी मुद्दा लगाइएको कुरा पीडितले बताए।

हुति गाविस-८ का अमीर सिंह धामी र रामसिंह बोहरालाई नेपाल दूरसंचार टावरबाट सोलार पावर चोरी गरेको अभियोगमा ०५३ जेठ २२ गते प्रहरीले गिरफ्तार गऱ्यो। टावरको साँचो अमर सिंह बोहरासंग भएको र उनीहरूले चोरी गरेको आशंकामा गिरफ्तार गरिएको थियो।

बोहरीगाउँ गाविस-२ का १७ वर्षीय प्रकाश सिं धामीलाई ०५३ चैत १४ गते चोरी गरेको अभियोगमा इलाका प्रहरी कार्यालय गोकुलेश्वरले गिरफ्तार गरी यातना दिइएको पीडित पक्षले बताए।

रानिशिस्वर गाविस-८ का नेकपा (एमाले) जिल्ला कमिटी सदस्य ३५ वर्षीय कृष्णानन्द भट्टलाई भारतीय प्रहरीले ०५३ मंसीर ५ गते भारतको जौलजीवीमा गिरफ्तार गऱ्यो। पीडितले महाकाली सन्धि र पार्टी सु-सु अभियान पुस्तक बोकी हिडेको बखत महाकालीको बारेमा "बात करने वाला" भनी गिरफ्तार गरी बेलुका छोडेको थियो। गिरफ्तारीको क्रममा भारतीय पुलिसले अमानवीय व्यवहार गरेको कुरा पीडित बताउँछन्।

हुती गाविस-८ भुनसिंह कुँवर, गगन सिंह कुँवर,

करन सिंह कुँवरलाई ०५३ वैशाख २१ गते जिल्ला प्रहरी कार्यालय दार्चुलाले गिरफ्तार गऱ्यो। रामसिंह बोहराले टावरबाट सोलर पावर चोरीको शंका ती व्यक्तिमाथि छ भनी दिएको निवेदन अनुसार उनीहरूलाई आवश्यक कुरा बुझ्न ७ दिनसम्म हिरासतमा राखिएको थियो।

१.४ बेपत्ता पारिएको

जानकारीमा आएन।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

यस वर्ष यो जिल्लामा कुटपिट र धम्कीका ३ वटा घटना सार्वजनिक जानकारीमा आए। ती घटनाहरूमा ३ जना पीडित भए। प्राय सवै घटना व्यक्तिगत रीसइवीका कारण भएको पाइयो।

१.६ थुनामा मृत्यु

थुनामा मृत्यु भएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

जानकारीमा आएन।।

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

जानकारीमा आएन।

२.४ सरुवा / घटुवा / पक्षपात आदि

जानकारीमा आएन।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

यस जिल्लामा सुकुम्बासी समस्या रहेको छ। खास गरी उत्पीडित जातिहरू र देवकी परिवारहरूमा यो समस्या छ। नेकपा (एमाले) को सरकारको पालामा १२० वटा लालपूर्जा वितरण गरिए पनि त्यसको उपभोग सुकुम्बासीले गर्न पाएका छैनन्।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले विइने यातना

खलंगा गाविस-४ की एक १५ वर्षीय युवतीलाई सोही ठाउँका २६ वर्षीय माधवराज भट्टले ०५२ चैत ८ गते बलात्कार गरेको बताउँदै पीडितले जिल्ला अदालतमा उजुरी दिएकी थिइन्।

मृत अवस्थामा फेला परेका महेन्द्रराज भट्ट

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

बोहरी गाउँ गाविस-३ अम्तोलीका ३९ वर्षीय गोविन्दीदेवी पन्तलाई ०५३ असार २२ गते रिठाचौपाता गाविस-८ का धरम सिंह धामीले दोस्रो विवाह गरे। दुवै जना घरबाट भागेर भारत तर्फ गए।

४.३ गर्भपतन

जानकारीमा आएन।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

जानकारीमा आएन।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

जानकारीमा आएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहारहरु / छुवाछूत समेत

जानकारीमा आएन।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

०५३ कार्तिक १५ गते प्ररायुसंघ दार्चुलाका सचिव महेन्द्रराज भट्टको हत्याका सम्बन्धमा न्यायिक छानवीन गर्न प्ररायुसंघ जिल्ला कमिटी दार्चुला र नेकपा (एमाले) जिल्ला कमिटी दार्चुलाले तत्काल अपराधी पत्ता लगाई उचित कारवाहीको माग गर्दै प्रेस वक्तव्य जारी गरेका थिए।

९. अतिरिक्त जानकारीहरु (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष यो जिल्लामा चोरीको १ घटना चर्चामा रहयो। नदीमा डुबेर २ जनाको मृत्यु भयो भने यस वर्ष ३ आत्महत्या गरे। ■

अनुसूची ८

क्रिया-प्रतिक्रिया

मानवअधिकार वर्ष पुस्तक १९९५ को प्रकाशन पछि विभिन्न पत्रपत्रिकामा पुस्तक सम्बन्धी चर्चा परिचर्चा प्रकाशित भएका थिए। वर्ष पुस्तक बारे जिल्ला-जिल्लामा समीक्षा गोष्ठीहरू आयोजना गरियो। पुस्तक सम्बन्धी प्रतिक्रिया स्वरूप हामीलाई थुप्रै चिठीहरू पनि प्राप्त भए। यिनै टिप्पणी, समीक्षा गोष्ठीमा प्रस्तुत समीक्षा पत्रका अंशहरू र चिठीपत्रका प्रतिक्रियाहरू यहाँ प्रस्तुत गरिएको छ।

पञ्चायती व्यवस्थामा जसरी थुनामा रहेका व्यक्तिहरूलाई सम्म अमानवीय यातना दिने गरिन्थ्यो त्यसरी नै वर्तमान सरकारले यातना दिने गरेको छ। प्रधानमन्त्रीदेखि तल्लो तहका कर्मचारीसम्मलाई मानवअधिकार उल्लंघन गरेमा दण्ड दिन सक्ने अधिकार सम्पन्न आयोग गठन नभएसम्म मानवअधिकारको संरक्षण हुन सक्तैन।

– पूर्व प्रधानमन्त्री मनमोहन अधिकारी
(मानवअधिकार वर्ष पुस्तक १९९५ को विमोचन मन्तव्यबाट)

सन् १९९५ मा अभिव्यक्ति स्वतन्त्रताको हनन सम्बन्धी ३४ वटा घटना भए। जसबाट १ सय ४० जना पीडित हुन पुगेका छन्। आर्थिक प्रलोभनमा परी केही जिल्लामा क्रिश्चियन धर्मप्रति आकर्षित बनाइएको र ०५२ साल कार्तिक ८ गतेदेखि ११ गतेसम्म नेपालगंजमा भएको हिन्दू मुस्लिम दंगा बाहेक अन्य धार्मिक घटना नभएको कुरा मानवअधिकार वर्ष पुस्तकमा उल्लेख छ।

महिला अधिकारको नारा सन् १९९५ भरी नै घन्की रह्यो। तर बलात्कारका १ सय ५१ वटा घटना मध्ये प्रहरीले ६ जनालाई बलात्कार गर्‍यो। बलात्कारको घटनाबाट १ सय ५७ जना पीडित भएकोमा १५ वर्ष मुनिका बालिकाहरूको संख्या ६९ रहेको छ।

बोक्सीको आरोपमा तीन जना महिलाको ज्यान गएको, व्यक्तिबाट गर्भपतन गराउँदा सयौं महिलाको ज्यान गएको, तराईमा दाइजोको विरुद्ध बुहारी मार्ने गरिएको तथा महिला श्रमिकलाई पुरुषको तुलनामा कम ज्याला दिएको पाइएको छ।

महिलाहरूकै प्रसंगमा महिला किनबेच अन्तर्गत भएका घटनामा एकसय ३३ महिलाहरू पीडित हुन पुगे। देहव्यापारका एकसय २ घटना मध्ये २ सय ४० महिला र १० जना वालवालिका पीडित भएका छन्। भारतमा मात्रै वर्षेनी ५ हजार महिलाहरू बेचिने गरेका छन्।

प्रतिवेदनमा पुरानो सरकार रहँदा मानवअधिकार उल्लंघनका घटनाहरू कम हुनु र संयुक्त सरकार आएको साढे तीन महिनामा नै घटनाहरू बढ्नु सरकारी आचरणमा आएको परिवर्तन हो वा प्रतिवेदन प्रस्तोताहरूको नियत खराब भएको हो भन्ने अर्को अनुसन्धानको विषय भएको छ।

– समकालीन साप्ताहिक
(०५३ वैशाख ६ गते)

प्रस्तुत वर्ष पुस्तक मानवअधिकार क्षेत्रमा कार्य गर्नेहरूको लागि मात्र उपयोगी नभएर सम्पूर्ण सचेत नागरिकहरूको लागि उपयोगी छ। यसले देशको सम्पूर्ण कुनाकन्दराका विकृतिजन्य अपराधिक घटनाहरूलाई जनसमक्ष ल्याई त्यस्ता घटनाहरूबाट नागरिकहरूलाई सजग र सचेष्ट पार्न सहयोग गर्दछ। पुस्तकको कभर र अन्य प्राविधिक कुरा मात्र आकर्षक होइन मित्री सामाग्री पनि उपयोगी र आकर्षक छन्। विगत लामो समयदेखि मानवअधिकारको क्षेत्रमा कार्यरत संस्था अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले लगनशीलताका साथ गरेको यो कार्य प्रशंसनीय छ।

– छलफल साप्ताहिक
(०५३ वैशाख २ गते)

मानवअधिकारको उल्लंघनमा अन्य सरकार भन्दा नेकपा (एमाले) को सरकार कमी देखिएको छ। तापनि जनताले

आशा गरेको कुरा हुन सकेन। मुलुकका जेलहरूको स्थिति दयनीय छ। आस्थाका बन्दीहरू अझै पनि रहेका छन्। मानवअधिकारवादी संस्थाहरू पनि प्रायः जसो पार्टीसँग नजिक रहेको सुनिँदै आएको छ। जसले गर्दा दबावमूलक कार्यक्रमप्रति सरकारले चासो देखाएको छैन।

सो वर्ष पुस्तकमा समावेश गरिएका सूचनामूलक कुराहरूको संकल सर्न कम मेहनत परेको देखिन्न। थुप्रै शक्ति प्रयोग गरेर मानवअधिकारको उल्लंघनको स्थितिलाई जस्ताको तस्तै उतार्न अनौपचारिक क्षेत्र सेवा केन्द्र सफल भएको देखिन्छ।

– मातृभूमि साप्ताहिक

(०५३ वैशाख ११ गते)

पुस्तकको अनुसूची १ मा यस वर्षको उल्लेख्य शहीद र शहीदका परिवार भनी लामो परिभाषा र पृष्ठभूमि दिइएको छ। तर उक्त विवरणमा सन् १९९५ मा भएका शहीदहरूको कुनै उल्लेख छैन। पुस्तकमा नेपाल एकीकरण अभियानदेखि ०४६ सालको जनआन्दोलन पूर्व भएका शहीदहरूको मात्र उल्लेख गरेको छ। मानवअधिकारको विवरण सम्बन्धी पुस्तकमा अप्रासांगिक रूपले अरूण तेस्रो जलविद्युत आयोजना र विश्व बैंक भन्ने लेख घुसारिएको छ। त्यस्तै अनुसूची ३ मा उल्लेखित नेपालमा किसान आन्दोलन शीर्षकको लेख पनि उक्त पुस्तकमा कुनै प्रसंग मिलेको छैन।

– विमर्श साप्ताहिक

(०५२ चैत ३० गते)

नव वर्ष ०५३ को आगमन संगसंगै यतिबेला ०५२ मा मानिसद्वारा मानिसमाथि गरिएका अत्याचार, हत्या, यातना, बलात्कार जस्ता अपराधिक क्रियाकलापहरूको फेहरिस्त तयार गरी अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले मानवअधिकार वर्ष पुस्तक १९९५ प्रकाशित गरेको छ।

दृष्टि साप्ताहिक

(०५३ वैशाख ४ गते)

जनआन्दोलन पछिका ६ वर्षमा भएको सरकारी दमनमा गोलीबाट १०४ जनाको हत्या, प्रहरी यातनामा ८ जनाको मृत्यु र ४६७ जना गोलीद्वारा घाइते भएको तथ्य देखा परेको छ। यस बाहेक यो अवधिमा ७६५९ व्यक्ति सरकारी गिरफ्तारीको चपेटामा परिसकेका छन् भने प्रहरीको लाठी चार्जमा ५६९ व्यक्ति घाइते भएका छन्। यस बाहेक ८८३ व्यक्तिले प्रहरी यातना भोग्न पुगेका छन्।

नेपाली जनताले जनआन्दोलन यता ३ वटा निर्वाचित सरकार देख्ने मौका पाइसकेका छन्। नेपाली कांग्रेस, एमाले र वर्तमान संयुक्त सरकार मध्ये नेपाली कांग्रेसको सरकार र संयुक्त सरकारको कार्यकालमा जनतामाथि व्यापक दमन गरिएको र डरलाग्दो रूपमा मानवअधिकारमाथि आक्रमण भएको देखिएको छ। जबकि एमालेको कार्यकालमा न्यून रूपम मात्र मानवअधिकारको उल्लंघन हुन पुगेको छ। अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा प्रकाशित मानवअधिकार वर्ष पुस्तक १९९५ मा तीनवटा सरकारका अवधिमा राज्यद्वारा भएका मानवअधिकार उल्लंघनको तुलनात्मक स्थिति पेश गरिएको छ।

प्रतिपक्ष साप्ताहिक

(०५२ चैत ३० गते)

महिला अधिकारको कुरा गर्दा यस वर्ष बलात्कारका वीभत्स घटनाहरू सर्वाधिकार रहेको पाइयो। दुःखद स्थिति के रहेको छ भने यस वर्ष प्रहरीले हिरासतमा र हिरासत बाहिर पनि बलात्कार गरे। जम्मा बलात्कारका घटना १५१ वटा मध्ये प्रहरीद्वारा महिला बलात्कृत भएका घटना ६ वटा रहेको पाइयो। १५१ वटा घटनामा कुल पीडित १५७ जना पाइए भने यिनीहरू मध्ये पनि ८८ जना १५ वर्ष भन्दामाथिका किशोरी वा महिलाहरू छन् भने १५ वर्षभन्दा मुनिका बालिकाहरूको संख्या ६९ रहेको छ। बलात्कार जस्तो पाशविक अत्याचारको शिकार ३ वर्षसम्मका बालिकादेखि ६२ वर्षीय वृद्धहरू समेत बन्न पुगेको पाइयो।

महिला अधिकार र बेचबिखन : वर्ष समीक्षा नामक शीर्षकमा

०५२ चैत २१ को जनमंचको टिप्पणी

शहीद र शहीदका परिवारको अद्यावधिक स्थितिको जानकारी दिएर शहीदप्रति सम्मान गर्न सिकाएको छ। देशमा भएका प्रजातान्त्रिक आन्दोलनमा अग्रणी भूमिका निर्वाह गर्ने किसान आन्दोलनको विवरण प्रकाशित गरेर सो आन्दोलनप्रति जनचासो बढाएको छ, देशमा सर्वाधिक जनचर्चा र चासोको विषय बनेको अरूण तेस्रो जलविद्युत आयोजना दाता राष्ट्रहरूबाट खारेजी भएकोमा यथार्थ सूचना प्रवाहित गरेर राष्ट्र र राष्ट्रियता सम्बन्धमा सबैलाई पुनः ध्यान दिन सचेत पारेको छ, तथा हाल नेपालमा कानूनी आकार लिने तयारीमा रहेको मानवअधिकार आयोग बारे सही रूपमा जनधारणा विकसित भै आवश्यक जनदबाब सृजना होस् भन्ने पवित्र उद्देश्यले यथार्थ व्याख्या साथ विवरण प्रकाशित गरेर संग्रहणीय दस्तावेजको रूप लिन पुगेको देखिन्छ।

वासुदेव घिमिरे

उपाध्यक्ष, मानवअधिकार संरक्षण मंच, दाङ

दाङ घोराहीमा ०५३ जेठ १८ गते आयोजित समीक्षा गोष्ठीमा प्रस्तुत समीक्षा पत्रबाट

वर्ष पुस्तक १९९५ ठूलो आकारमा निक्लेको भए पनि यसको बाहिरी आकर्षक जिल्ला, भित्री राम्रा पाना छापाई, आवश्यक चित्र वा फोटो आदि बढी लगानी परेको सहजै बताउँछ तापनि यसको मूल्य रू. १५० समयानुसार ठीकै भए पनि सर्वसाधारणलाई किनेर पढ्न गाह्रो भएको प्रतीत हुन्छ।

सर्वसाधारण जनतालाई मानवअधिकार बारे बढी जानकारी गराउन पाँच तारे होटल, शहर तथा बजारमा केन्द्र र जिल्ला सदरमुकाममा मात्रै गोष्ठीहरू नगरी यो आवाज हरेक गाउँगोठ र पधेरामा पुग्नु आवश्यक छ, जसले सर्वसाधारण

निरक्षर र निरपेक्ष जनतालाई पनि केही न केही ज्ञान दिलाउन सकोस्।

भीष्मराज ढुंगेल

सहायक प्रध्यापक, त्रिभुवन क्याम्पस, स्याङ्जा
स्याङ्जा बजारमा ०५३ भदौमा आयोजित समीक्षा गोष्ठीमा प्रस्तुत समीक्षा पत्रबाट

कुनै घटनाको विवरण ज्यादै छोटो भए पनि स्पष्ट देखिन्छ। सो घटना घट्नुको कारण उल्लेख नभएकोमा भने अधुरो विवरण भन्नु पर्ने भएकोले आइन्दा सुधार गर्नु पर्ने देखिन्छ।

वर्ष पुस्तकको पृष्ठ ३२९ मा स्याङ्जा गाविस-९ का शरणकुमार राना परियारलाई ०५२ भदौ २ गते छाङ टाङ्दी गाविसको मेलाबाट घर फर्कदा कुटपिट गरी हत्या भयो। शरणकुमार रानाको घर स्याङ्जा पुतली बजार गाविस-९ मा होइन र उनी परियार पनि होइनन्। सरासर यस किसिमको भूल देखिनु मौकामा घटनाको विवरण संकलन गर्दा यथार्थ के हो भन्ने पट्टि ध्यान नपुगेकोले यसो हुन गएको हुनुपर्दछ। ठूलो लगानी र परिश्रम लगाएर तयार गरिएको पुस्तिकामा यस्तो ठाडै गल्ती देखिनु शोभनीय होइन।

अधिवक्ता डोलराज पौडेल

स्याङ्जा बजारमा ०५३ भदौमा आयोजित समीक्षा गोष्ठीमा प्रस्तुत समीक्षा पत्रबाट

प्रस्तुत पुस्तकमा राज्यसत्ताले थिचोमिचो गरी मानवअधिकारको हरण गरेको प्रशस्त उदाहरण उल्लेख भएको पाइन्छ। ती उल्लेखित तथ्यले यो स्पष्ट गर्छ कि संवैधानिक एवं कानूनी व्यवस्था हुँदाहुँदै पनि सत्ता बलको अनुचित प्रयोग गरी मानवअधिकारको हरण गरिएको छ। यस कपिलवस्तु जिल्लामा शिवगढी गाविस अन्तर्गतको आदिवासी जातिको प्रल्हाद थारू नामक व्यक्तिलाई बलात्कार गर्ने प्रयास गरिएको, सो कुटपिट विषयमा कपिलवस्तु जिल्ला अदालतमा मुद्दा परी कुटपिट समेत ठहर भैसकेको छ। सत्ताबलको प्रयोग गरी मानवअधिकार हनन गरिएको पर्याप्त उदाहरण छन्।

मदनप्रसाद गुप्ता (राप्रपा जिल्ला अध्यक्ष)

कपिलवस्तु तौलिहवामा ०५३ भदौ १५ गते आयोजित समीक्षा गोष्ठीमा प्रस्तुत समीक्षापत्रबाट

वर्ष पुस्तकमा गिरफ्तारी, यातना र जारी जस्ता विषयहरूलाई जति गम्भीरतम रूपमा उठाइएको छ, शिक्षा प्राप्त गर्न पाउने कुरालाई र सडकको पेटीका खातेहरूलाई त्यति महत्वपूर्ण स्थान दिइएको छैन। देहव्यापारको प्रसंगलाई त उठाइएको छ। स्वभाविक पनि छ तर पेटको मर्ममा परी मूल सडकमा लम्पसार परेर आफ्नो माग्ने जिन्दगी देखाएका किशोरीको बारेमा तथ्यांक संकलन अभिमुख छैन।

वर्ष पुस्तकले कर्मचारीहरूले दिएको रिट र सर्वोच्च अदालतको समानताको हक प्रचलन सम्बन्धी आदेशको दृष्टान्त राखेको पाइयो तर कर्मचारी उपर हालै भएको मर्यादाहीन आक्रमणको बारेमा भने कुनै टिप्पणी गरेको पाइदैन।

महम्मद जुनेद आजाद

जिल्ला सरकारी अधिवक्ता
कपिलवस्तु तौलिहवामा ०५३ भदौ १५ गते आयोजित समीक्षा गोष्ठीमा प्रस्तुत समीक्षापत्रबाट

यस पुस्तकको समष्टीगत अध्ययनबाट इन्सेकले नेपालमा मानवअधिकारप्रतिको आम सचेततालाई थप उर्जा प्रदान गर्ने प्रशंसनीय कार्य गरेको पुष्टि हुन्छ।

धर्मराज पौडेल

जिल्ला सरकारी अधिवक्ता, म्याग्दी
म्याग्दी, वेनीमा ०५३ असोज १४ मा आयोजित समीक्षा गोष्ठीम प्रस्तुत समीक्षा पत्रबाट

वर्ष पुस्तक १९९५ लाई सर्सर्ती पढ्दा मात्रै पनि के कुरा स्पष्ट ठम्याउन सकिन्छ र मुक्त कण्ठले भन्न सकिन्छ भने यो संग्रह नेपालमा मानवअधिकारको स्थितिबारे बुझ्न अत्यन्त उपयोगी साधन हो। सूचना साधनको न्यूनताको बाबजुद संकलन राम्रो छ। प्रस्तुत गरिएका घटना विवरण तथ्यमूलक नै लाग्छन्। अनुसन्धान इतिहास, संस्थापन र चेतना बृद्धिका निम्ति उपयोगी छ, पक्षपात रहित र पारदर्शी छ, भाषा सरल छ।

शहीदका बारेमा जसरी जानकारी गराइएको छ त्यसरी नै नेपाली प्रजातान्त्रिक आन्दोलनका योद्धाहरूका सम्बन्धमा पनि जानकारी गराउन सकेमा उपयुक्त नै हुनेछ।

वर्ष पुस्तकका प्रतिनिधिहरूमा व्यावसायिक प्रतिबद्धता र तत् सम्बन्धमा अझ व्यवस्थित रूपमा प्रशिक्षित पार्न सकेमा इन्सेक वर्ष पुस्तक र यस मार्फत मानवअधिकारको पक्षमा व्यापक सहभागिता जुटाउन सकिनेछ।

धनश्याम कोइराला

परासी बजारमा ०५३ भदौ १७ मा आयोजित वर्ष पुस्तक समीक्षा गोष्ठीमा प्रस्तुत कार्यपत्रबाट

कतिपय वैधानिक रूपमा प्राविधिक शब्दावलीको प्रयोग उपयुक्त सन्दर्भ र स्थानमा हुन नसकेको पाइयो। प्रहरीले मुद्दा चलाइएको छ, हिरासतमा छ, थुनामा पठायो, कैदमा बसेका छन्, थुनामा राख्ने आदेश गऱ्यो आदि। यहाँ मुद्दा चलाउने अधिकारी जस्तै सरकारी वकिल अप्रत्यक्ष लुप्त भएको देखिन्छ। हिरासत थुना र कैद फरक-फरक अवस्थामा प्रयुक्त हुने शब्द भएकोले तिनको समुचित प्रयोग गर्न सके राम्रो हुन्छ।

टेकबहादुर घिमिरे

जिल्ला सरकारी अधिवक्ता, डडेलधुरा
डडेलधुरामा ०५३ भदौ २४ गते आयोजित वर्ष पुस्तक समीक्षा गोष्ठीमा प्रस्तुत कार्यपत्रबाट

शहीद र शहीदका परिवार सम्बन्धी सत्य र तथ्ययुक्त तथ्यांक एवं वृहत खोज र अनुसन्धानबाट नेपालको एकीकरण कालका शहीदहरूदेखि लिएर हालसम्म शहीदको सूचीमा पर्नु

भएका शहीदहरूको महत्वपूर्ण तस्वीरहरू र वेपत्ता पारिएका व्यक्तिहरूको नामांकन सूची प्रस्तुत गरेर यो पुस्तक खोज र अनुसन्धानको क्षेत्रमा समेत एउटा उदाहरण बन्न पुगेको छ।

यस पुस्तकले हाम्रो देशमा विद्यमान अनेक अन्धविश्वासहरू महिला प्रतिका शोषणहरू, प्रहरी प्रशासनबाट उल्लंघन भैरहेका मानवअधिकारका पक्षहरूलाई देखाइ दिएर सम्बन्धित पक्षलाई पछाडि फर्केर हेर्नु पर्ने स्थितिमा पुऱ्याइएको छ।

रोहितप्रसाद भण्डारी

क्याम्पस प्रमुख, अछाम क्याम्पस
अछाममा ०५३ मा आयोजित समीक्षा गोष्ठीमा प्रस्तुत कार्यपत्रबाट

मौलिक मानवअधिकारहरू नागरिकहरूले निशर्तरूपमा उपभेग गर्न पाउनु पर्ने एउटा सर्वमान्य र शाश्वत कुरालाई यस पुस्तकले उजागर बनाएको छ।

खड्गबहादुर के.सी.

जिल्ला सरकारी अधिवक्ता, डोटी

शहीदका सम्बन्धमा इन्सेकले जुन आधारभूमि बनाएको छ, सो अनुरूप नेपालको इतिहास लेख्नदेखि लिएर हालसम्म शहीद हुनेहरूको फिहरिस्त तयार गर्नु पर्ने देखिन्छ भने यस किसिमको वृहत अभियानलाई कसरी एउटा पुस्तक भित्रको अनुसूचीमा कैद गर्न सकिन्छ र?

०४६ सालको ऐतिहासिक आन्दोलनताका शहीद हुनेहरूमा कैलाली जिल्लाका तात्कालीन अवस्थामा काठमाडौंमा अध्ययनरत शहीद लालबहादुर बम ०४६ साल चैत महिनामा काठमाडौं पुरानो बानेश्वरमा प्रहरीले कुटपिटबाट मृत्यु भई सोही ठाउँको फोहर कन्टेनरमा फेला परेका थिए। हाल धोबीखोला पुलदेखि गौशाला जाने चोकसम्मको सडकलाई स्थानीय जननाहरूले "लालबहादुर मार्ग" को रूपमा नामांकन समेत गरेका छन्। निजको नाम शहीदको दर्जामा दर्ज भएको पाइएन।

शहीदहरू सम्बन्धी एउटा छुट्टै गहन अध्ययन र विश्लेषण गरी तथ्यपरक अलग पुस्तक नै प्रकाशित गर्न सके सुनमा सुगन्ध हुने थियो।

राजेन्द्रबहादुर साउद, अधिवक्ता

बैतडीमा ०५३ मंसीर १० गते आयोजित वर्ष पुस्तक समीक्षा गोष्ठीमा प्रस्तुत कार्यपत्रबाट

यसको मुख्य उद्देश्य मानवअधिकार उल्लंघनका घटनाहरूलाई प्रचारमा ल्याउने, त्यस्ता घटनाहरूको उजागर गरी नागरिकहरूलाई सचेत गराउने र मानवअधिकारको तथ्य कुरालाई सकारात्मक दिशातिर उन्मुख गराउने स्पष्ट भएको छ।

श्रीमती देवी बोहरा

कंचनपुरमा ०५३ मा आयोजित वर्ष पुस्तक समीक्षा गोष्ठीमा प्रस्तुत समीक्षापत्रबाट

भारतमा विभिन्न ठाउँ, विशेष गरी दार्चुलामा भारतर्फ नियन्त्रित क्षेत्र भएको निहुँबाट नेपालीहरू माथि हुने अमानवीय व्यवहारप्रति चासो राखी प्रकाशन गरेको खण्डमा जनताको मानवअधिकार संरक्षणमा अझ बढी सफल पाउने हुँदा त्यसतर्फ पनि ध्यानाकर्षण गराइन्छ।

योगेन्द्रबहादुर बम, अधिवक्ता

दार्चुलामा ०५३ मंसीर ८ गते आयोजित वर्ष पुस्तक समीक्षा गोष्ठीमा प्रस्तुत कार्यपत्रबाट

नेपालमा भएको किसान आन्दोलनको इतिहास अरूण सम्बन्धी विभिन्न अवधारणाको विवेचना गर्नुको साथै विभिन्न राजनीतिक दल, संस्थाहरूबाट वर्ष पुस्तक १९९५ प्रति व्यक्त गरिएका धारणाहरूबाट जनतालाई सुसूचित गर्ने काम एकातिर भएको छ भने अर्कातिर १४ अंचल ७५ जिल्लामा भएका घटनाहरूको तथ्यपूर्ण तथ्यांक विस्तृत रूपमा उल्लेख गरी जनसमक्ष ल्याउने काम बहुत कष्टपूर्ण र अप्ठारो भए पनि त्यसता अप्ठ्याराहरूलाई चिर्दै वर्ष पुस्तक १९९५ प्रकाशित गरी जनसमक्ष ल्याउनु एटा प्रशंसनीय कदम भएको कुरा निर्विवाद छ।

दयाकृष्ण पन्त, अधिवक्ता

दार्चुलामा ०५३ मंसीर ८ गते आयोजित वर्ष पुस्तक समीक्षा गोष्ठीमा प्रस्तुत कार्यपत्रबाट

प्रस्तुत पुस्तकको प्रकाशन पछि वर्षभरी देशमा भएका मानवअधिकार उल्लंघनका घटनाहरू बारे जनस्तरसंग सुसूचित हुन सजिलो भएको छ, जसबाट मानवअधिकारको संरक्षणमा जनस्तरबाट अपनाउनु पर्ने सचेततामा बृद्धि हुने आशा गरिन्छ। साथसाथै, राज्यस्तरबाट हुनसक्ने उल्लंघनको विरूद्ध खबरदारी गर्ने क्रममा पनि प्रस्तुत पुस्तक प्रकाशनले निकै ठूलो सहयोग पुऱ्या भन्ने आशा राख्न सकिन्छ।

विनोद लुईंटेल

सहायक प्राध्यापक- धनकुटा क्याम्पस
धनकुटामा ०५३ जेठ ३० गते आयोजित समीक्षा गोष्ठीमा प्रस्तुत समीक्षापत्रबाट

बिगत वर्षहरूमा जस्तै अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा प्रकाशित मानवअधिकार वर्ष पुस्तक १९९५ अर्को एउटा थप प्रयास हो, यसले नेपालमा मानवअधिकारको उद्भव, विकास र वस्तुस्थितिका बारेमा एउटा ठोस, रचनात्मक प्रस्तुति दिएको छ। १९९५ को मानवअधिकार सम्बन्धी नेपालको वस्तुस्थितिको ज्ञान प्राप्त गर्न पुस्तकले आधारभूत सामाग्रीको रूपमा महत्व राख्दछ।

नृसिंह कुमार क्षेत्री

अधिवक्ता एवं उपप्राध्यापक, महेन्द्ररत्न क्याम्पस इलाम

संसदप्रति सरकार उदासीन हुँदै अधिवेशनका बेला मन्त्रीहरूको न्यून उपस्थिति, प्रधानमन्त्रीको लगभग शून्य

उपस्थिति, सम्बन्धित मन्त्रीहरूको अनुपस्थिति, गणपूरक संख्याको अभावले पटक-पटक बैठक स्थगन जस्ता घटनाले संसदप्रति जनताको विश्वास घट्न गएको छ। झन दर्शक दीर्घाबाट उफ्रेर आई सांसदमाथि नै हातपात गर्ने प्रयासबाट मुलुकमा शान्ति सुरक्षाको स्थिति आफैं स्पष्ट हुन्छ।

सैनिक, जातीय, धार्मिक, एकदलीय, निर्दलीय जस्तै प्रजातान्त्रिक व्यवस्था पनि पेशागत संलग्न व्यक्तिहरूलाई पेशागत, शारीरिक, मानसिक दुःख दिइन्छ भन्ने कुरा यस वर्ष पुस्तकमा उल्लेखित घटनाबाट बुझिन्छ। चुनावमा धाँधली गर्न नपाएको झोकमा धनुषा निर्वाचन क्षेत्र नं. ५ का निर्वाचन अधिकृतलाई सरूवा, अमृत, सुर्खेत र इलाम क्याम्पसका प्राध्यापक माथि हातपात, चक्षु साप्ताहिकका कार्यकारी सम्पादकलाई कुटपिट, धादिङ जीवनपुरस्थित महेश धर्म मा.वि.का संस्थापक सदस्य तथा प्रअमाथि आक्रमण, इन्सेका प्रतिनिधिमाथि निरीक्षणका क्रममा लुटपिट, कास्कीका शिक्षकहरूलाई अपायक सरूवा गरिनाले दिउँसै लालटिन बालेर जुलुस गर्नु पर्ने बाध्यता, रेडियो नेपाल, रासस, गोरखापत्रबाट कामदार पत्रकारहरूको निष्काशन, संयुक्त जनमोर्चाका कार्यकर्ताहरूको व्यापक गिरफ्तारी जस्ता घटनाले पंचायतमा झैं राजनीति प्रतिशोधको निरन्तरता देखिन्छ।

यस वर्ष २६०७ मानवअधिकार उल्लंघन घटना संख्या मध्ये ४९ राजनीतिक दलबाट, १७७ राज्यबाट र १२३१ जनता वा समाजबाट भएका छन्। स्वतन्त्रताको हनन, कुटपिट र धम्कीमा राज्यलाई राजनीतिक क्षेत्रले उछिनेको छ। यसको कारण ०४७ सालपछि सबै दलहरूमा पुराना मण्डले र उग्रवादीहरूलाई दक्षिणपन्थीलाई भित्र्याउने काममा होडबाजी चल्नु हो। नेपाली कांग्रेसको नेतृत्वमा संचालित २००७ सालको जनक्रान्ति, ०१८ सालको सशस्त्र संघर्ष गर्ने पाँचथर र इलाम तिरका शहीदहरूलाई यस पुस्तकले पूरै बिर्सिएको छ। यस्ता शहीदहरूको सूची लामो छ भनी पन्छनु न्याय होइन। स्मरणका लागि केही नामहरू निम्नलिखित छन् -

क. पाँचथरमा ०१९ मा गोली हानी हत्या गरिएका लालबहादुर राई, बलबहादुर तामाङ, जीतबहादुर घिसिङ, नरबहादुर अधिकारी, चूढामणि वास्तोला, धनरूप थाम्सोहाङ्ग, भीमबहादुर रूम्दाली, डिकबहादुर गुरूङ, रनबहादुर गुरूङ, बमबहादुर गुरूङ, पद्मबहादुर, शेरबहादुर नेम्वाङ्ग, नरबहादुर राई, डिमा शेर्पा, रामसिंह राई, भरतध्वज साँवा, नरबहादुर थाम्सोहाङ्ग, हर्कबहादुर नेम्वाङ्ग, पहलमान दाहाल, कनकवीर राई, वद्रीबहादुर चेम्जोङ्ग, दलबहादुर राई, पद्मबहादुर राई, पद्मसिंह राई, डाकमान तामाङ, अजयसिंह मुखिया (सुनुवार), मानसेर भनिने भर्तलाल राई, बाग्दल राई, देवान सिंह चेम्जोङ्ग, अकलबहादुर गुरूङ, सन्तकुमार चेम्जोङ्ग, भीमदत्त राय, दलशेर, खड्गबहादुर राई, तेजबहादुर राइ, श्रीभक्त लिम्बु, राना माइला भनिने डिल्लीराम राई र राध्वज नेम्वाङ।

ख. इलामका माष्टर पूर्णबहादुर राई, खड्गबहादुर राई, तेजबहादुर राई, जीतबहादुर राई, वलबहादुर गुरूङ, तुलाबहादुर राई र अमृतमान राई (०१८ सालमा माइपोखरीमा जिउँदै गाडिएका) नरबहादुर साम्पाङ्ग, लालबहादुर राई, विश्वनाथ घिमिरे, देवीप्रसाद पाठक (च्याङ थापु) सु.मे.छत्रमान राई, लक्ष्मण सुनचुरी, उदय साङ्देन, ओममाया सुनुवार, नरबहादुर राई।

विराटनगरमा श्री ५ वीरेन्द्रमाथि वम प्रहार गर्ने रामकृष्ण श्रेष्ठ र झोरामा मण्डलेद्वारा मारिनु भएका नारदमुनि थुलुङ्ग, वीरगञ्जका भागवत द्विवेदीको नेतृत्वमा प्रजातन्त्र सेनानी बलबहादुर तामाङ, छेजु तामाङ, सुलेमान मियाँ, भुवनसिंह लामा र ०३५ मा कंचनपुर ने.वि.संघका उपाध्यक्ष सुरेशकुमार गुप्ता जस्ता शहीदहरूलाई बिर्सिदिनाले पुस्तकको विश्वासनीयतामाथि नै शंका बढेको छ। आगामी वर्ष पुस्तकमा यसप्रति गम्भीर ध्यान दिइने विश्वास छ।

मानवअधिकार उल्लंघनका यस्ता घटनाहरूको एकै ठाउँ संकलन, त्यसको विवरण तथा प्रासंगिक अनुसन्धानात्मक लेखहरू प्रस्तुत गरेर इन्सेकले प्रजातन्त्रको सवलीकरणको निम्ति सक्रिय योगदान दिएकोमा पुन बधाई छ तर यस पुस्तकमा नजानिदो पाराले, चलाखीपूर्वक कुनैलाई ओझेल पार्न खोजिएको छ र कुनैप्रति विशेष झुकाउ, स्नेह प्रदर्शित गरिएको छ। ... सबै राजनीतिक दलहरूले पनि यस्ता संस्थालाई सहयोग नगर्दा टाढाकै ठानिरहँदा झन् बाध्य भए उनीहरू राजनीति पार्टीका भरपर्न बाध्य हुन सक्छन्। गृहमन्त्रालय, मानवअधिकार तथा परराष्ट्र समिति, नेपाली कांग्रेस र राप्रपाहरूले इन्सेकले मागेका विवरण र राय नदिएर यही गल्ती गरेका छन्।

टंकप्रसाद न्यौपाने, सहप्राध्यापक
महेन्द्रबहुमुखी क्याम्पस, धरान
धरान सुनसरीमा ०५३ भदौ १५ गते आयोजित वर्ष पुस्तक समीक्षा गोष्ठीमा प्रस्तुत कार्यपत्रबाट

संसद र मानवअधिकार सम्बन्धी तेस्रो परिच्छेद संसदका विभिन्न सभाका कारवाही र मन्त्रीहरूले दिनु भएको सरकारी नीति वक्तव्य वरिपरि सीमित छ। प्रतिनिधि सभाको विघटन र सर्वोच्च अदालतद्वारा गरिएको पुनर्स्थापना बारे पनि निकै लामो चर्चा छ। जुन इन्सेकको घोषित वाम रूझानको बावजूद पनि निष्पक्ष, सन्तुलित तथा तथ्यगत बोली विस्तार लगाउने प्रशंसनीय अथक प्रयास गरिएको छ। तर खट्किदो कुरो के भने संसदले संविधान प्रदत्त अधिकार तथा श्री ५ को सरकारले स्वीकार गरेको अन्तर्राष्ट्रिय सन्धि प्रचलन गराउन के कस्तो ऐन कानून बनायो, यसबारे भने यो परिच्छेदले आश्चर्यजनक रूमपा मौनव्रत धारणा गरेको छ।

बिलाउन र बिर्सन लागेका विभिन्न भाषा, लिपी तथा संस्कृतिको पहिचान, संकलन र सम्बर्द्धनको लागि गरिने संघर्षहरू राष्ट्रका विभिन्न निकायमा समुचित प्रतिनिधित्व पाउन गरिएका विभिन्न जातीय संस्था वा दलहरूको गतिविधि तथा संविधानमा प्रत्याभूत गरिएका भाषिक र जातीय अधिकारप्रति उदासीन सरकारी दृष्टिकोणको पोल खोल्ने जस्त कार्यको लागि पनि एउटा छुट्टै परिच्छेदको सामाजिक, सांस्कृतिक अधिकारको संघर्षको आवश्यकता हुन लागिसकेको तर्फ ध्यानाकर्षण गराउँछु। प्रवासमा रहेका नेपाली नागरिक वा नेपाली मूलका नागरिकहरूले आफ्नो जातीय, भाषिक वा सामान्य मानवअधिकारको लागि गरेका

विविध प्रकारका संघर्षप्रति ऐक्यबद्धता जनाउने कार्यको साथै ती विषयमा पूर्ण सूचना प्रवाह गर्न पनि बांछनीय भएको छ।

कृष्णप्रसाद श्रेष्ठ

धरानमा ०५३ भदौ २५ गते आयोजित प्रस्तुत कार्यपत्रबाट

अरूण तेस्रो जलविद्युत आयोजना र विश्व बैंकको नया शीर्षबाट पुस्तकको गरिमा बढ्न गएको छ। बडो निर्भिकतापूर्वक पुस्तकमा विश्व बैंकको चरित्र उद्घाटन गरिएको छ। अरूण तेस्रो परियोजनाद्वारा प्रभावित हुने संवेदनशील र संरक्षित भू-भागहरू जलाधार तथा आयोजना स्थल मकालु वरूण आरक्षको र अरूण परियोजनाको बाटोले आगट्ने भू-भागको तथ्यांक सहित आयोजनाको पहिचानदेखि अध्ययन, उत्पन्न विवाद र अन्ततः रद्द हुने कारणहरू समेतको स्पष्ट र निर्भिकतासाथको धारणाले दातृ संस्था, देशका राजनीतिक पार्टीहरूको मानसिकता, निश्चित शक्ति राष्ट्रहरूको स्वार्थ अनुरूप हैकमी शर्तहरू लाद्न खोज्ने विश्व बैंकको सक्कली अनुहार उदाहरणीय रूपले नंग्याउन सफल भएको छ।

प्रस्तुत पुस्तक आर्थिक स्वतन्त्रताको क्षेत्रमा गौण देखिन्छ। भोक, रोग, कुपोषण पनि मानवअधिकारको विषय क्षेत्र अन्तर्गत पर्दछ।

डा. अयोध्याप्रसाद यादव

म.वि.व. क्याम्पस, राजविराज

राजविराजमा ०५३ कार्तिक १८ गते आयोजित वर्ष पुस्तक समीक्षा गोष्ठीमा प्रस्तुत कार्यपत्रबाट

कम्युनिष्ट आन्दोलन र किसान आन्दोलन नेपालमा अन्योन्याश्रित रूपले गासिएको यथार्थ कुरा देखाइएको छ तर नेपालको किसान आन्दोलनमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने ठुल-ठूला किसान संघर्ष गर्ने सप्तरी जिल्लाको घटना बारे चर्चा परिचर्चा चलाइएको छैन। धर्म भकारी संघर्ष र मोहीलाई हटाउन नपाइने नाराका साथ संचालित किसान आन्दोलनमा सामन्तद्वारा अघोरी पासवान र कच्छु यादव मारिएको, हालको कविलासा गाउँका किसान संघको भेलामा ४०० मन चामल पाकेको, किसान संघर्षको चर्किएको ज्वालाबारे वी.वी.सी. ले "नेपालमा २ वटा सरकार छन्, एउटा काठमाडौंमा अर्को सप्तरीमा सामन्त जमिन्दारहरूको विरूद्ध किसानहरूको" भन्ने कुराहरूले यहाँ ठूलो संघर्ष संचालन भएको स्पष्टिन्छ।

००८ सालमा अनेकसिंघको स्थापना पश्चात सप्तरीमा गुजाई यादव, पुनित यादव, कमर साह, महन्थी राजधोव, प्रथमलाल चौधरी जस्ता किसान नेताहरूको महत्वपूर्ण भूमिका रहेको सप्तरीका घटनाबारे पनि चर्चा हुनुपर्दथ्यो।

मनोहर पोखरेल, अभिवक्ता

राजविराजमा ०५३ कार्तिक १८ गते आयोजित वर्ष पुस्तक समीक्षा गोष्ठीमा प्रस्तुत कार्यपत्रबाट

व्यक्ति तथा समूहले हतियार प्रयोग गरी हत्या गरेको घटनाको पोल खुल्ने डरले कसैलाई गरिएको हत्या, रीसइवीका कारण पतिले गरेको पत्नी हत्या, सामूहिक बलात्कार आदि घटनाले के सिद्ध गर्दछ भने वास्तवमा मानवअधिकारको गम्भीर उल्लंघन व्यक्तिहरूबाट पनि प्रशस्त भएको छ।

००८ सालमा वेपत्ता पारिएका रामप्रसाद राईदेखि ०४२ सालको वम काण्डका सिलसिलामा गिरफ्तार भै पुस्तक प्रकाशन हुँदा बखतसम्म फेला नपरेका ईश्वर लामा, सत्यनारायण साह, साकेत चन्द्र मिश्र, महेश्वर चौलागाई र ०४७ सालमा वेपत्ता पारिएका प्रभाकर सुवेदीका बारे हालसम्म फेला नपर्नु, मरे बाँचेको कुनै जानकारी आउन नसक्नु मानवअधिकार उल्लंघनको सन्दर्भमा यो घटना अत्यन्त चिन्ताको विषय बनेको छ। वास्तवमा यी व्यक्तिहरूको बारेमा शक्तिको संयन्त्र लिएर बस्ने सरकार जवाफदेही हुनै पर्छ।

गोविन्द गुरागाई

क्याम्पस प्रमुख, पाँचथर बहुमुखी क्याम्पस, फिदिम

पाँचथर फिदिममा ०५३ मा आयोजित वर्ष पुसतक समीक्षा गोष्ठीमा प्रस्तुत कार्यपत्रबाट

पुस्तकको सबैभन्दा र सबैलाई उल्लेखनीय पक्ष भनेको शहीद र शहीदका परिवार भन्ने अनुसूची नै हो।

देशको अति घृणित र लाजमर्दो यथार्थ जातपात, छुवाछूत प्रथालाई अझ उल्लेखनीय रूपमा उल्लेख गर्दै महाविद्यालय, विद्यालय आदिको पढाइ समेत त्यसको कारणबाट छोड्नु पर्ने अनि कुट यथार्थ उजागर गरेर पुस्तक मर्मयोग्य बनेको छ।

वर्ष पुस्तकमा उल्लेख गरेका कुराहरूलाई सम्बन्धित निकायहरूले गम्भीरतापूर्वक मनन गरी व्यवहारमा लागु गर्न सकेमा देशमा अन्तर्राष्ट्रिय जगतमै नेपालमा मानवअधिकार सम्बन्धी राम्रो स्थिति रहने थियो।

चन्द्रप्रसाद पोखरेल, अधिवक्ता

पाँचथर फिदिममा ०५३ असोज ९ गते आयोजित प्रस्तुत वर्षपुस्तक समीक्षा गोष्ठीमा प्रस्तुत कार्यपत्रबाट

सार्वजनिक अपराध मुद्दा जिल्ला प्रशासन कार्यालयले हेर्ने गर्दछ। कानूनी सिद्धान्त वा भनौं प्राकृतिक न्यायको सिद्धान्तले भन्छ- "अर्को पक्षको कुरा सुन अनिमात्र फैसला गर" तर प्रशासनमा बयान, बकपत्र र फैसला गर्दा सुनुवाइको मौका दिइदैन। अर्को शब्दमा वकिलहरूको बहस, अघोषित रूपमा पूर्णतः बन्देज छ। फाँटवालाले पेश गरेको रायमा दस्तखत गर्ने प्रक्रियाले मानवअधिकारमा प्रत्यक्ष असर परिरहेको छ। तीन महिनामा टुंग्याउनु पर्ने सार्वजनिक अपराधका मुद्दाहरू आज २ वर्षसम्म पनि नटुंगेका यसै जिल्लामा मात्रै पनि दर्जनौ उदाहरण छन्।

वर्ष पुस्तकमा धम्की र अपहरण तथा यातनाका घटनाहरू उल्लेख्य रूपमा अनगिन्ति भएका छन्। आजसम्म पनि हामी कहाँ अपहरण सम्बन्धी कानून आउन सकेको छैन। वर्ष पुस्तकमा दिइएको तथ्यांकले त्यस्ता कानून आउनु पर्ने औचित्य सावित गरिदिएको छ।

वर्ष पुस्तक समस्या देखाउने भाँडो मात्र नबनी समाधानको उपाय पत्ता लगाउने मार्गदर्शक पनि बन्नु जरूरी छ।

गोपालराज देवकोटा, अधिवक्ता

वीरगञ्जमा ०५३ पुस ३ गते आयोजित वर्ष पुस्तक समीक्षा गोष्ठीमा प्रस्तुत कार्यपत्रबाट

समग्रमा मानवअधिकार वर्ष पुस्तक १९९५ लाई गम्भीरताका साथ पूर्ण रूपमा अध्ययन गर्दा १९९५ वर्षको पूर्वार्धमा नेकपा (एमाले) को ९ महिनाको शासनकालमा देशको शान्ति सुरक्षा र मानवअधिकारको अवस्था राम्रो भएको पाउँछौं। तर १९९५ को उत्तरार्द्धमा आएको वर्तमान संयुक्त सरकार संचालन यता मुलुकको शान्ति सुरक्षाको अवस्था क्षतविक्षत भएको, मानवअधिकार उल्लंघनका वीभत्स घटनाहरू प्रशस्त दिनानुदिन बढ्दै गएको पाउँछौं।

पुस्तक अत्यन्त उपयोगी र महत्वपूर्ण हुनुका साथै मानवअधिकार सम्बन्धी प्रचार प्रसार तथा सचेतना जगाउने मात्र होइन, गहन अध्ययन, विश्लेषण, चिन्तन र अन्वेषणको कार्यको लागि सहयोगी हुनका साथै मानवअधिकार सम्बन्धी डिक्सनरी र हैण्डबुकको रूपमा यसलाई मान्न सकिन्छ।

सम्राट तुम्बाहाम्फे

मकवानपुरमा ०५३ पुस ४ गते आयोजित समीक्षा गोष्ठीमा प्रस्तुत कार्यपत्रबाट

अनि दुर्गम र पिछडिएको ठानिएका जिल्लाहरूको तुलनामा सुगम र विकसित जिल्लाहरूमा मानवअधिकार उल्लंघनका घटनाहरू घटेको कुरा प्रस्तुत तथ्यांकले औंल्याउँछन्। त्यसमा पनि हिरासतमा यातना र बलात्कारका घटनाहरूले प्रश्रय पाएको देखियो।

महिनाको आधारमा हेर्दा सबभन्दा बढी मानवअधिकार उल्लंघन भएको समय वैशाखको पछिल्लो आधादेखि जेठको पहिलो आधासमय हो र सबभन्दा कम घटना भएको समय माघ फागुन हो।

सिङ्गो पुस्तक अध्ययन गर्दा वैचारिक आग्रह समेत कतैतिर कोल्टे परेको आभास हुन्छ, तथापि मानवअधिकार संरक्षण कार्यमा यो पुस्तकको प्रकाशन आफैमा एक उपलब्धी हो र यसमा रहेका त्यस्ता सामान्य कमी कमजोरीहरू लिलिपुटका वासिन्दा जस्तै हुन्। कम्प्युटर प्रविधिद्वारा डिजाइन गरेर बण्ड पेपरमा छापिएको यो कृतिको मूल्य सामान्य पाठकको क्रयशक्तिभित्र पर्न असजिलो देखिने भएता पनि महत्वका दृष्टिले भने यो निकै सस्तो महसूस हुन्छ।

प्राध्यापक हरिहर खनाल

चितवन भरतपुरमा ०५३ मंसीर ४ गते आयोजित वर्ष पुस्तक समीक्षा गोष्ठीमा प्रस्तुत कार्यपत्रबाट

मानवअधिकार वर्ष पुस्तकले मानवअधिकार उल्लंघन घटनाहरूलाई तथ्यपरक रूपमा समावेश गरी आम जनतासमक्ष पुऱ्याउने महत्वपूर्ण कार्य गर्नुकासाथै मानवअधिकारको सुरक्षाको सम्बन्धमा सचेतपूर्वक लागि परेको हुँदा मानवअधिकार सम्बन्धी सवालमा यस पुस्तकको आफ्नै महत्व र गरिमा छ।

राजेश कुमार कटुवाल, अधिवक्ता

सर्लाही मलंगवामा ०५३ मंसीर २५ गते आयोजित समीक्षा गोष्ठीमा प्रस्तुत कार्यपत्रबाट

यो पुस्तकले भूतकालको स्मरण गर्दै वर्तमानमा उभिएर भविष्यप्रति सचेत हुन प्रथ प्रदर्शकको काम गरेको छ। जिल्लामा वा विभिन्न क्षेत्रमा रोजगारको स्थिति, बेरोजगारी अवस्था, आय आर्जन, वालवालिकाका शिक्षा, स्वास्थ्य आदिका बारे उल्लेख हुनु अति आवश्यक मानिन्छ।

किसान आन्दोलन पनि एकै ढंगले विस्तार गरिएको हुँदा केवल एक समूहको मात्र देखिन खोजेको आभास मिल्छ। वास्तवमा महत्वपूर्ण किसान आन्दोलनको खासै उति चर्चा पाइएन। यस्ता कमी कमजोरीहरू समयमै सच्याउँदै जानु सान्दर्भिक मानिन्छ।

फाल्गुणी शर्मा

सिन्धुलीमा ०५३ मा आयोजित समीक्षा गोष्ठीमा प्रस्तुत कार्यपत्रबाट

इन्सेकले आफ्नो अथक र अत्यन्त कडा परिश्रमका साथ नेपाल अधिराज्यका सबै दुर्गम सुगम जिल्लाहरूमा घटित सबै वारदातहरूको बारेमा प्रस्तुत तथ्यहरू सहित संकलन र समीक्षा गरेर पुस्तकमा संहिताबद्ध गर्नु भनेको चानचुने काम होइन।

वर्ष पुस्तक १९९५ लाई एउटा महत्वपूर्ण दस्तावेज र अधिराज्यव्यापी घटनाहरूको संहिताकरणको रूपमा मैले लिएको छु। यो पुस्तकले विभिन्न विषयमा शोधकर्ताहरूलाई चाहिने सामाग्रीहरू जुटाउन सक्ने ग्रन्थको रूपमा पनि काम गरेको छ। त्यस्तै सर्वसाधारण जनताले बुझ्ने किसिमले सरल र स्पष्ट भाषा प्रस्तुत पुस्तकमा प्रयोग भई दिनाले यसको लोकप्रियता ज्यादै बढेको पाइएको छ।

डिल्लीरमण आचार्य

जिल्ला सरकारी अधिवक्ता, सर्लाही
मलंगवामा ०५३ मंसीर २५ गत आयोजित वर्ष पुस्तक समीक्षा गोष्ठीमा प्रस्तुत समीक्षपत्रबाट

नेपाल जस्तो भौगोलिक विकटता र यातायात संचारको पर्याप्त सुविधा नभएको मुलुकमा स्वयं सूचना संकलन गर्नु पर्ने कठिनाइ र सूचना प्राप्त गर्दा आइपर्ने पर्याप्त अप्ठ्याराहरूका वावजुद पनि सूचनाहरू संकलन गरी पुस्तक प्रकाशन गरिनुले प्रकाशक संस्थाको मानवअधिकारप्रतिको गम्भीरता र प्रतिबद्धतालाई झल्काएको प्रतित हुन्छ।

मानवअधिकार उल्लंघन सम्बन्धी घटनाहरूको संकलन अधिराज्यव्यापी रूपमा गरी त्यसलाई पुस्तकमा चित्रित गरिनु पुस्तकको महत्वपूर्ण सकारात्मक पक्ष हो। जसले एकातिर यसप्रति चासो राख्ने आम जनता र संघ संस्थाको आकांक्षालाई पूर्ति

गरेको छ भने अझ बढी सजग बनाएको छ।

सूचना एवं तथ्यांक संकलन गर्ने कार्यमा गरिएको हेलचक्र्याई एवं त्रुटीले पुस्तकको उपयोगितालाई कम मात्र गर्दैन त्यसको प्रामाणिकता समेत प्रश्न उठाउन सक्छ। यस अर्थमा पुस्तकमा संकलित कतिपय तथ्यांकहरू यथार्थभन्दा बिलकुल फरक रूपमा प्रकाशित छन्।

संजीव राज दुंगेल

जिल्ला सरकारी अधिवक्ता, नुवाकोट

विदुरमा ०५३ मा आयोजित समीक्षा गोष्ठीमा प्रस्तुत कार्यपात्रबाट

९ शीर्षक १५ उपशीर्षकमा समावेश गरिएका घटनाहरूलाई ध्यान दिंदा कतिपय घटनाहरू समावेश हुन नसकेको, केही घटनाहरूको पूर्ण रूपले उल्लेख नभएको, समसामयिक घटनामा उल्लेख गर्न नसकिएको मैले पाए। वर्ष पुस्तक १९९५ मा गाविसको दृष्टिकोणले यस जिल्लामा मानवअधिकार उल्लंघन गर्ने संख्या २१ तथा नगर्ने संख्या ५५ मैले पाएको छु।

उद्धवबहादुर के.सी.

कानून व्यवसायी, जलेश्वर

जलेश्वरमा ०५३ मा आयोजित वर्ष पुसतक समीक्षा गोष्ठीमा प्रस्तुत कार्यपत्रबाट

वर्ष पुस्तकमा संकलित मानवअधिकार उल्लंघन सम्बन्धी घटनाहरू सरसर्ती अध्ययन गर्दा के देखिन्छ भने कति राज्यमा शान्ति सुरक्षाका जिम्मेवारी लिएर बसेका प्रहरीद्वारा महिलाहरू बलात्कृत भएका छन् भने केही आफ्नै जन्म दिने बुबाद्वारा चेलीबेटिहरू बलात्कृत भएका घटना देखिन्छ।

हाम्रो समाजको नैतिक मूल्य र मान्यताको स्तर कतिहदसम्म तल खस्की रहेको छ र हाम्रो समाज कति निर्दयी र निष्ठुर भैसकेको छ भन्ने कुराको प्रमाण वर्ष पुस्तकमा उल्लेखित ३ वर्षकी वालिकादेखि लिएर ६२ वर्षकी बुढ्ढा बलात्कार भएको घटना वर्णन पढेर थाहा हुन्छ।

चन्द्रेश्वर प्रसाद यादव

उपप्राध्यापक सिराहा क्याम्पस

सिराहामा ०५३ पुस ९ गते आयोजित वर्ष पुस्तक समीक्षा गोष्ठीमा प्रस्तुत कार्यपत्रबाट

यो पुस्तकले नेपाल अधिराज्य भित्रमा सन् १९९५ मा भएका राजनीतिक र फौजदारी न्याय एवं कानुनसंग सम्बद्ध मानवअधिकार उल्लंघनका घटनाहरूको सूची प्रकाशित गरी सर्वसाधारण जनतालाई आफ्नो अधिकार हेतु सचेत गराएको छ।

बिडम्बना के छ भने प्रस्तुत पुस्तकमा राजनीतिक एवं नागरिक अधिकारको हनन भएको कुरा मात्र उल्लेख भएको देखिन्छ। जब कि मानव जीवनमा आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको परिपालन हुनु पनि नितान्त आवश्यक छ।

नेपाली समाजमा गैर कानूनी व्याज लिने पद्धति पनि विद्यमान छ। उच्च घरानाका र कथित उच्च हैसियत भएका व्यक्तिहरूले विभिन्न राजनीतिक दलहरूको आडमा संरक्षित रही ५, ६, ७, ८ प्रतिशतसम्म (मासिक) व्याज असुल गरी धनपति भएको तथ्य पनि लुकेको छैन। त्यस्ता तत्वले विवश पारी साँवाको तेब्बर तमसुक बनाई नेपालका अड्डा खानाबाट तत्कालै रोक्का राख्ने कार्य भइरहेको छ। यसले गर्दा शोषित पीडित जनताको कानूनप्रति अनास्था उत्पन्न भइरहेको छ। तर सो कुरामा यो पुस्तक मौन छ।

मल्लिक आयोग प्रतिवेदनको कार्यान्वियन नगरिएकोबाट सक्षम सार्वजनिक पदाधिकारी दुरूत्साहित भएका छन् भने भ्रष्टाचारीतत्वको बेलवाला बढेको छ। यस्ता प्रवृत्तिले अधिकांश नेपाली नागरिक गरीव र कंगाल भएका छन् तर प्रस्तुत पुस्तकमा सो कुराको विवेचना गरिएको छैन।

यस पुस्तकले नेपाली समाजमा चेतना प्रवाह गरेको छ। अपराधिक तत्व निरूत्साहित भएका छन्। सत्य र न्यायका पक्षधरहरू आ-आफ्नो हकाधिकार संरक्षण हेतु सचेत भएका छन्। जनाधिकार जगेर्नामा सरकार र सरकारी निकायहरू समेतलाई थप उर्जा प्राप्त भएको छ।

जयकुमार गोइत, अधिवक्ता

सिराहामा ०५३ पुस ९ गते आयोजित वर्ष पुस्तक समीक्षा गोष्ठीमा प्रस्तुत समीक्षा पत्रबाट

यद्यपि मानवअधिकार हननका घटनाहरूको निर्मूल भने हुन सकेको छैन, क्रमिक रूपमा घटाउँदै लैजानमा इन्सेकको प्रयास सहानीय छ।

यस साल आएका यातना क्षतिपूर्ति ऐन र मानवअधिकार आयोग जस्ता नयाँ धारणाहरूले मानवअधिकार संरक्षणमा अवश्य पनि महत्वपूर्ण परिवर्तन ल्याउने छ, यदि त्यसको कार्यान्वियन पक्ष निष्पक्ष र सकृय भयो भने। त्यसको कार्यान्वियन पक्षलाई पनि इन्सेकले प्रत्यक्ष र परोक्ष रूपबाट घचघचाई रहने छ भन्ने विश्वास लिएको छु।

मेदिनीप्रसाद पौडेल

जिल्ला सरकारी अधिवक्ता, सिराहा

सिराहामा ०५३ पुस ९ गते आयोजित वर्ष पुस्तक समीक्षा गोष्ठीमा प्रस्तुत कार्यपत्रबाट

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) बाट प्रकाशित मानव अधिकार बर्ष पुस्तक १९९५ पढ्न पाउदा म ज्यादै हर्षित छु। त्यसमा धेरै शहीदहरूका बारेमा पढ्न पाए तापनि २०१५ सालको आम निर्वाचनमा सांसद भै मन्त्री पद समेत सभाल्नुभएका स्व. राम नारायण मिश्र (शहीद) महोत्तरीको नाम कतै नपाउनाले आश्चर्य लाग्यो। पिपरा गाविस महोत्तरीका नेपाली कांग्रेसका वीर योध्दा स्व मिश्रको बारेमा पनि आगामी अंकमा प्रकाशित होस्।

बिष्णुदेव चौधरी

प्रधानाध्यापक, मच्छिन्द्र माध्यमिक बिद्यालय

केरावारी,मोरंग

१. मानव अधिकार बर्ष पुस्तक -१९९५ नेपालमा मानव अधिकार उल्लंघनको संगालो मात्र हैन,अपितु मानव अधिकारको विकासमा व्यबस्थापिका, कार्यपालिका र न्यायपालिकाको क्षेत्रबाट भएका विकास एवं कमी कमजोरी र मानव अधिकारको संरक्षण र संबर्धनमा चालिएका कदमको विश्लेषण पनि गरिएको छ।इन्सेकको यस कार्यले मानव अधिकारको सम्मान गर्ने कार्यमा जनचेतना अभिवृद्धि गर्ने काम भएको छ।

२. राज्य,व्यक्ति र राजनीतिक संगठित समूहबाट भएका मानव अधिकार उल्लंघनका तथ्यांक र पीडितहरू मध्ये पनि महिला, पुरुष र बाल बालिका समेतको वर्गीकरण गरी तथ्यांक प्रस्तुत गरिएको छ र क्षेत्रगत एवं जिल्लागत रूपमा भएका उल्लंघनका घटनाहरू समावेश गरिएको छ।

३. यस पुस्तकको अझ महत्वपूर्ण कुरा के छ भने मानव अधिकार उल्लंघनको प्रतिवेदनमा गैरकानूनी गिरफ्तारीको बिरोध र पीडितलाई राहत उपलब्ध गराउने कुराको आवाज उठाएर यसले राजनीतिक तथा नागरिक अधिकारको मात्र आवाज मात्र उठाएको छैन यसको साथसाथै आर्थिक एवं वातावरणीय अधिकारको कुरा र महिला एवं बाल अधिकारको कुरा पनि उठाएको छ।

४. देशको मानव अधिकार स्थितिको बारेमा बिभिन्न राजनीतिक पार्टीहरूको प्रतिक्रिया प्राप्त गर्न इन्सेकले प्रयास गरेको देखिएको छ।

५. पुस्तक प्रकाशित गरे पछि विभिन्न ठाउँमा बर्ष पुस्तकको समीक्षा गोष्ठी आयोजना गरी सरकारी अधिकारीहरू, न्यायिक निकायका व्यक्तिहरू र प्रहरीको तर्फबाट प्राप्त सुझावहरू संकलन गरिएको छ।

६. इन्सेकले प्रजातान्त्रिक संस्कार विकसित गर्नको निम्ति बर्षपुस्तकको प्रकाशनले जनसहभागिता अभिवृद्धि गर्न महत्वपूर्ण भूमिका निर्वाह गरेको छ। संक्षेपमा माथि लेखिएका यी कुराहरूले यसको उपयोगिता,औचित्य र यसको गरिमा बढाइदिएको छ।

७. देशका बिभिन्न जिल्लामा रहेका यसका संबद्ध संस्थाहरू र ७५ जिल्लामा रहेका आफ्ना बर्ष पुस्तक प्रतिनिधिहरूले प्रेषण गरेका सूचनालाई आधार मानी तथ्यांक प्रस्तुत गरिएको छ।

८. घटनाको स्थलगत अध्ययन, प्रत्यक्षदर्शीहरूका भनाईहरू,पीडित र उनीहरूका संबद्धव्यक्तिहरूका भनाइहरू र सरकारी निकायका धारणाहरूलाई व्यवस्थित किसिमले संकलन गरी स्थानीय तहमा मानव अधिकारको सुपरीवेक्षण गर्ने काम पनि भएको छ।

कमी कमजोरीहरु

१. मानव अधिकारको उल्लंघनको बिषयमा राज्य,नागरिक र राजनीतिक समूहबाट उल्लंघन गरेको लेखेर मात्र पर्याप्त हुदैन। तिनीहरूका के कस्ता काम कार्वाहीबाट उल्लंघन भयो र को कति मात्रामा जिम्मेवार छ भनेर पनि लेखिनुपर्दथ्यो।

२ राज्यबाट मानव अधिकारको उल्लंघन हुन्छ भनेर प्रस्तवनामा लेखिएको छ र राज्य भन्नाले सरकार र नागरिक दुवैलाई लिएको भनी उल्लेख गरिएको छ। यसबाट समस्या आउन सक्छ। यसको साथै बाढी पैह्रो जस्ता प्राकृतिक बिपत्ति र हात्ती जस्ता जंगली जनावरबाट भएका नोक्सानी समेतलाई समेटिएको छ।

३. संसद एवं मानव अधिकार र संचार माध्यमको शिर्षकका लेखहरू आबश्यक भन्दा बढी लामो देखिन्छ। बरू संसद र मानव अधिकार बिषयमा चर्चा गर्दा अभिव्यक्ति स्वतन्त्रताको चर्चागरिनुपर्दथ्यो। संसदीय गतिविधिमा यसको के कस्तो प्रयोग भयो भन्ने कुरा पनि उल्लेख गरिनुपर्दछ।

४. यसमा देखिएका केही प्राविधिक त्रुटी कमजोरी को पनि चर्चा गर्ने हो भने कतिपय अप्रासांगिक शव्दहरूको प्रयोगले गर्दा कतिपय वाक्यहरू बुझ्न नै अप्ठ्यारो भएको छ। नेपालीबाट अंग्रेजी भाषामा अनुवाद गर्दा पनि केही भद्दापन देखिएको छ र भाषागत मिठास फेलापार्न अप्ठ्यारो पनि भएको छ।

निष्कर्ष:

वर्ष पुस्तकले मानवअधिकारको उल्लंघन मात्रको हाइनकी यस क्षेत्रको विकासको सन्दर्भमा पनि सूचनाहरूको संकलन र प्रवाह गरेको छ। यसले नेपालको मानवअधिकार स्थितिको निष्पक्ष तस्वीर प्रस्तुत गर्ने जमर्को गरेको छ। मानवअधिकारको क्षेत्रसंग सम्बन्धित सूचनाहरूको संकलन, अनुगमन र प्रचारका लागि प्रयुक्त गरिएको तरिका नै मानवअधिकार वर्ष पुस्तकको मूल तत्व हो। यसकारणले नै वर्ष पुस्तकको ख्याती र विश्वसनीयता कायम छ। तथापि वर्ष पुस्तकले स्वीकारे सरह यसमा अझै परिमार्जन र सुधारका कामहरू बाँकी छन्। यसलाई बढी सूचना मूलक, सटिक, छरितो र अन्तर्राष्ट्रिय मापदण्ड अनुसारको बनाउनु पर्ने देखिन्छ। राज्यको परिभाषाबारे स्पष्ट हुनु जरूरी छ।

मानवअधिकार संकाय, ओस्लो विश्वविद्यालय
नर्वेबाट प्राप्त मूल्यांकनका आधारमा नर्वेजीयन राजदुतावास,
भारतको १५ जुलाई, १९९६ को पत्रबाट

मानवअधिकार वर्ष पुस्तक १९९५ मा प्रकाशित रामेछाप जिल्ला, महिला अधिकार शीर्षक अन्तर्गत प्रिति गाविसकी १७ वर्षीय युवतीलाई बलात्कार गरेको घटनामा मेरो नाम पनि समावेश गरिएको रहेछ। तर सो घटनामा म संलग्न नभएको जानकारी गराउदै मानवअधिकार वर्ष पुस्तकले मेरो चरित्र हत्या गर्ने किसिमले समाचार प्रकाशित गरेकोमा गहिरो दुःख प्रकट गर्दछु। साथै सो समाचारको खण्डन गरिदिनु हुन अनुरोध गर्दछु।

भवदीय

सुरेश कुमार श्रेष्ठ, ठोसे गाविस- रामेछाप

उल्लेखित विवरणमा अन्यथा पर्न गएकोमा हामी दुःखी छौं - मानवअधिकार वर्ष पुस्तक

अनुसूची ९

चिठी पत्र र कागजात

सर्वोच्च अदालत

(प्रशासन शाखा)

रामशाहपथ, काठमाण्डौ ।
फोन नं. २-१२०४६
२-१४७७९

कृपया, जवाफ पत्र संख्या र मिति स्पष्ट उल्लेख गर्नु होला ।

पत्र संख्या:- ०५३।५४ च.नं. ३२
प्राप्त पत्र संख्या र मिति:-

मिति:-

विषय:- सहयोग सम्बन्धमा ।

श्री अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ।

उक्त विषयमा त्यस सेवा केन्द्रको च.नं. ४०५ मिति २०५३।३।२४ को प्राप्त पत्रानुसार मानव अधिकार सम्बद्ध मुद्दा मामिलाहरू लगायत आवश्यक तथ्यांक सम्बन्धित शाखा कर्मचारीहरूको सम्पर्कमा रही सहयोग लिनु हुन आदेशानुसार अनुरोध गरिन्छ ।

२०५३।४।१

श्री ५ को सरकार
गृह मन्त्रालय
(जिल्ला प्रशासन शाखा)

पत्र संख्या :- जि.प्र.परि ३१^५३।५४ | सिंहदरबार ।
च नं. १०५ | मिति :- ०५३।४।१४

विषय :- सहयोगका निम्ति परिपत्र जारी गराई दिनु हुन ।

जिल्ला प्रशासन कार्यालय , सबै ।
प्रहरी प्रधान कार्यालय, नक्साल ।
कारागार व्यवस्थापन विभाग, मिनभवन ।

यस अनौपचारिक क्षेत्र सेवा केन्द्र(इन्सेक) ले विगत चार वर्ष (१९९२,१९९३, १९९४ र १९९५) को मानवअधिकार वर्ष पुस्तक प्रकाशन कार्य सम्पन्न गरिसको छ । मानव-अधिकार वर्ष पुस्तक प्रकाशनको क्रममा गृह मन्त्रालय र मन्त्रालय अन्तर्गतका निकायहरूबाट प्राप्त भएको सहयोगप्रति सर्वप्रथम कृतज्ञता ज्ञापन गर्दछौं ।

यस वर्ष अर्थात १९९६ को वर्ष पुस्तक प्रकाशन कार्यमा यो संस्था जुटिसकेको छ । तसर्थ गृह मन्त्रालय अन्तर्गतका निकायहरू ७५ वटै जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालय हरूलाई वर्ष पुस्तक जिल्ला प्रतिनिधिहरूलाई आवश्यक सहयोग गरी दिने निर्देशन जारी गरी दिनु हुन सादर अनुरोध गर्दछौं । वर्ष पुस्तक तयारीका क्रममा विभिन्न क्षेत्रहरू जस्तै जेलहरू बाट पनि तथ्य संकलन गर्नु पर्ने भएकोले कारागार व्यवस्था विभाग लगायत सबै कारागारहरूमा वर्ष पुस्तक जिल्ला प्रतिनिधिहरूले अवलोकन गर्न अनुमति सहित परिपत्र जारी गरिदिनु हुन समेत अनुरोध गर्दछौं ।

विगत वर्षहरूमा त्यस निकायबाट जारी गरिएका परिपत्रहरूका १।१ प्रति प्रतिलिपि यसैसाथ संलग्न गरी अनुरोध गर्दछौं भनि अनौपचारिक क्षेत्र सेवा केन्द्र(इन्सेक) को च नं.५०७ मिति ०५३।३।२४ को पत्र प्राप्त हुन आएकोले पत्रमा उल्लेख भए बमोजिम आवश्यक सहयोग गरि दिनु हुन आदेशानुसार अनुरोध छ ।

बोधार्थ :-
अनौपचारिक क्षेत्र सेवा केन्द्र
(इन्सेक) काठमाडौं ।

शाखा अधिकृत

श्री ५ को सरकार
गृह मन्त्रालय
प्रहरी प्रधान कार्यालय

प्रशासन शाखा उप-शाखा

नक्साल,
काठमाडौं, नेपाल ।

पत्र संख्या:- २०५३।४।२।(०५३।५४) ७ च.नं.:- ४२

मिति ५३।४।८।१२

विषय:- आवश्यक सहयोग उपलब्ध गराउने ।

श्री क्षेत्रीय प्रहरी कार्यालय, विराटनगर ।
श्री क्षेत्रीय प्रहरी कार्यालय, काठमाण्डौं ।
श्री क्षेत्रीय प्रहरी कार्यालय, पोखरा ।
श्री क्षेत्रीय प्रहरी कार्यालय, नेपालगंज ।
श्री क्षेत्रीय प्रहरी कार्यालय, दिपायल ।

१९९६ को मानव अधिकार वर्ष पुस्तक प्रकाशनको तयारीको सिलसिलामा मानव अधिकार उल्लङ्घन एवं संरक्षणका निमित्त भएका कार्यहरू बारे सूचना संकलन र सर्भेक्षण गर्न ७५ वटै जिल्लाहरूमा हाम्रा प्रतिनिधिहरू कार्यरत हुनुहुन्छ । उहाँहरूलाई जिल्ला प्रहरी कार्यालय एवं मातहतका प्रहरी कार्यालयहरूबाट आवश्यक सहयोग प्रदान गर्न परिपत्र जारी गराई दिन हुन अनुरोध गर्दछौं भनी अनौपचारिक क्षेत्र सेवा केन्द्र(इन्सेक) बाट लेखी आएको हुँदा सुरक्षा एवं अनुसन्धानका दृष्टिकोणले दिन नहुने कुराहरू बाहेक अन्य किसिमको सहयोग दिन मातहतलाई निर्देशन दिन हुन निर्देशानुसार अनुरोध गरिएको छ ।

प्रहरी वरिष्ठ उपरीक्षक
(श्याम भक्त थापा)

श्री ५ को सरकार
गृह मन्त्रालय

मध्य क्षेत्र प्रहरी कार्यालय

([illegible] शाखा)

फोन नं. २-२४००१

पो. ब. नं. :- [illegible]

पत्र संख्या ०५३।०५४ (२०५३-०५४)। च. नं. [illegible]

[illegible]
[illegible]

मिति..२०५३।४।८ गते---

विषयः- आवश्यक सहयोग उपलब्ध गराउने ।

श्री जिल्ला प्रहरी [illegible] कार्यालय, काठमाण्डौं ।
श्री जिल्ला प्रहरी [illegible] कार्यालय, [illegible] ।
श्री जिल्ला प्रहरी [illegible] कार्यालय, [illegible] ।

१९९५ को [illegible] अधिकार [illegible] [illegible] [illegible] [illegible] [illegible] [illegible] अधि- [illegible] [illegible] [illegible] [illegible] [illegible] [illegible] [illegible] संकलन र [illegible] गर्ने ७० घण्टे [illegible] [illegible] [illegible] कार्यरत हुनु हुन्छ । उहाँहरूलाई जिल्ला प्रहरी कार्यालय [illegible] [illegible] प्रहरी कार्यालयहरूबाट आवश्यक सहयोग प्रदान गर्न परिपत्र जारी गराई दिन हुन - अनुरोध गर्दछौं भनि अनौपचारिक क्षेत्र सेवा केन्द्र ([illegible]) बाट लेखि आएको हुँदा मुद्दा एवं अनुसन्धानका दृष्टिकोणले [illegible] [illegible] [illegible] [illegible] [illegible] सहयोग दिन [illegible] निर्देशन दिन हुन निर्देशानुसार अनुरोध गरिएको र [illegible] [illegible] श्री प्रहरी प्रधान कार्यालय, [illegible] को च. नं. ४५ मिति २०५३-४-८ गतेको पत्र प्राप्त हुन आएको हुँदा [illegible] आएको आदेशानुसार [illegible] गर्न हुन तथा सहयोग गर्न मातहत [illegible] निर्देशन दिन हुन निर्देशानुसार अनुरोध गरिए- को छ ।

प्रहरी निरीक्षक
([illegible])

श्री ५ को सरकार
गृह मन्त्रालय
कारागार व्यवस्थापन विभाग

पत्रसंख्या:-
च.नं.:- 62

कुपण्डोल, ललितपुर ।
मिति:-

विषय:- सहयोग प्रदान गर्ने बारे ।

श्री प्रमुख जिल्ला अधिकारीज्यू,
जिल्ला प्रशासन कार्यालय, सबै
(जुम्ला, लाम, मकवानपुर र सुनसरी बाहेक) ।

अनौपचारिक क्षेत्र सेवा केन्द्रले मानव अधिकार वर्ष (१९९६) पुस्तक प्रकाशन कार्यमा समावेश गरिने सामाग्रीहरु कारागार र हिरासतमा बन्दी एवं कैदीहरु संग प्रति सम्बन्धित हुने हुँदा मानव अधिकार वर्ष पुस्तकका जिल्ला प्रतिनिधिलाई सहयोग उपलब्ध गराउने सम्बन्धमा उक्त केन्द्रको मिति २०५३।३।२४ को पत्रबाट अनुरोध भै आएको ।

यस सम्बन्धमा कारागारको गोपनीयता, सुरक्षा र कारागार ऐन नियमावलीलाई समेत दृष्टिगत गरी उक्त केन्द्रका जिल्ला प्रतिनिधिहरुलाई उचित सहयोग प्रदान गर्नु हुन निर्देशानुसार अनुरोध गरिएको छ ।

२०५३/४/१३
(सीताराम रिजाल)
उप-निर्देशक
उप-निदेशक

RECEIVED
26/053/4/14
Date:
For Human Rights and Social Justice
Informal Sector Service Centre (INSEC)

INSEC

च. नं. २४४

मिति ०५३ माघ ८ गते

श्री सचिव ज्यू,
गृह मन्त्रालय, सिंहदरबार।

विषय :- १९९६ को स्थितिबारे।

महोदय,

उपरोक्त विषयमा यस संस्थाद्वारा विगत सन् १९९२ देखि मुलुकको मानवअधिकार स्थितिको आकलन गर्दै वार्षिक रूपमा मानवअधिकार वर्ष पुस्तकको प्रकाशन भइरहेको कुरा यहाँमा विदितै नै छ। १९९२ देखि १९९५ सम्ममा चारवटा श्रृंखला प्रस्तुत भैसकेका छन् र १९९६ को वर्ष पुस्तक प्रकाशनको अन्तिम तयारीमा हामी जुटीसकेका छौं। मानवअधिकारका दृष्टिकोणले सन् १९९६ कस्तो रह्यो, मानवअधिकार उल्लंघनको सन्दर्भ र हनन रोकन तथा मानवअधिकार सम्वर्धनको दिशामा श्री ५ को सरकारले निर्वाह गरेको भूमिका बारे आधिकारिक धारणा समेत उक्त पुस्तकमा समावेश गर्नु सान्दर्भिक हुने हुँदा यो पत्राचार गरिएको छ। तत्सम्बन्धी आधिकारिक धारणा आगामी ०५३ माघ मसान्त सम्ममा उपलब्ध गराई दिनु भई पुस्तक प्रकाशनमा अमूल्य सहयोग पु-याइ दिनु हुन सादर अनुरोध गर्दछौं।

यसै व्यहोराको एक प्रति प्राप्त भयो!

०५३/१०/१४

सुशील प्याकुरेल
अध्यक्ष

For Human Rights and Social Justice
Informal Sector Service Centre (INSEC)
P O Box 2726, Kalanki, Kathmandu, Nepal
Tel: +977-1-270770/278770 • Fax: +977-1-270551

INSEC

च. नं. २३६

मिति ०५३ माघ ८ गते

श्री महानिरीक्षक ज्यू

प्रहरी प्रधान कार्यालय।

विषय :- सन् १९९६ को मानवअधिकार स्थितिबारे।

महोदय,

उपरोक्त विषयमा यस संस्थाद्वारा सन् १९९२ देखि हरेक वर्ष मुलुकको मानवअधिकार स्थिति बारे समग्र आकलन गरी मानवअधिकार वर्ष पुस्तक प्रकाशित हुँदै आएको कुरा यहाँलाई विदित नै छ। १९९२ देखि १९९५ सम्म चारवटा श्रृंखला प्रकाशित भइसकेका छन् र अहिले १९९६ को वर्ष पुस्तक प्रकाशनको अन्तिम तयारीमा हामी जुटिराकेका छौं। गत वर्ष झैं यो वर्ष अर्थात सन् १९९६मा मुलुकको मानवअधिकार स्थिति बारे प्रहरी क्षेत्रको धारणा समावेश गरी पुस्तक प्रकाशन गर्न सान्दर्भिक भएको हुँदा यो पत्राचार गरिएको छ। अतः तत्सम्बन्धी धारणा आगामी माघ मसान्त भित्रैमा उपलब्ध गराइ दिनु हुन सादर अनुरोध गर्दछु।

यसै बमोजिमको एकप्रति प्राप्त भयो।

सुशील प्याकुरेल
अध्यक्ष

For Human Rights and Social Justice
Informal Sector Service Centre (INSEC)
P O Box 2726, Kalanki, Kathmandu, Nepal
Tel: +977-1-270770/278770 • Fax: +977-1-270551

INSEC

च. नं. २३५

मिति ०५३ माघ ८ गते

श्री सभापति ज्यू
मानवअधिकार तथा परराष्ट्र समिति
प्रतिनिधि सभा, सिंहदरवार।

विषय :- सन् १९९६ को मानवअधिकार स्थिति बारे।

महोदय,

उपरोक्त विषयमा यस संस्थाद्वारा विगत सन् १९९२ देखि हरेक वर्ष मुलुकको मानवअधिकार स्थिति बारे समग्र आकलन गरी मानवअधिकार वर्ष पुस्तक प्रकाशित हुदै आएको कुरा यहाँलाई विदितै छ। सन् १९९२ देखि १९९५ सम्ममा चारवटा श्रृंखला प्रकाशित भइसकेका छन्। यस वर्ष अर्थात् सन् १९९६ को वर्ष पुस्तकको अन्तिम तयारीमा हामी जुटीसकेका छौं। यो वर्ष अर्थात सन १९९६ मा मुलुकको मानवअधिकार स्थिति बारे मानवअधिकार तथा परराष्ट्र समितिको आधिकारिक धारणा समेत समावेश गरी पुस्तक प्रकाशन गर्नु सान्दर्भिक हुने हुँदा यो पत्राचार गरीएको छ। अतः तत्सम्बन्धी समितिको आधिकारिक धारणा आगामी माघ मसान्त भित्रैमा उपलब्ध गराइ वर्ष पुस्तक प्रकाशन कार्यमा सहयोग पु-याइदिनुहुन सादर अनुरोध गर्दछौं।

यसै बमोजिमको रुफ प्रति प्राप्त भयो

सुशील प्याकुरेल
अध्यक्ष

For Human Rights and Social Justice
Informal Sector Service Centre (INSEC)
P O Box 2726, Kalanki, Kathmandu, Nepal
Tel: +977-1-270770/276770 • Fax: +977-1-270551

insec

चं.नं. २३८

मिति ०५३ माघ ८ गते

श्री अध्यक्ष ज्यू

~~नेपाली कांग्रेस पार्टी~~

~~टेकु, काठमाडौं~~

विषय :– मानवअधिकार स्थितिबारे अधिकारिक धारणा उपलब्ध गराइदिनु हुन।

महोदय,

उपरोक्त विषयमा यस संस्थाद्वारा विगत सन् १९९२ देखि मानवअधिकार वर्ष पुस्तक प्रकाशन हुँदै आएको कुरा विदितै नै छ। यस वर्ष अर्थात् सन् १९९६ को वर्ष पुस्तक प्रकाशनको अन्तिम तयारीमा हामी जुटिसकेका छौं। गत वर्षहरूमा झैं यस वर्ष पनि मुलुकमा मानवअधिकारको स्थितिबारे यहाँको पार्टीले कसरी मूल्यांकन गरेको छ, सो सम्बन्धी आधिकारिक धारणा मानवअधिकार वर्ष पुस्तक १९९६ मा समावेश गरी प्रकाशन गर्नु सान्दर्भिक हुने हुँदा यो पत्राचार गरिएको छ। उक्त आधिकारिक धारणा आगामि माघ मसान्त भित्रै उपलब्ध गराई वर्ष पुस्तक प्रकाशनमा अमूल्य सहयोग पु-याइदिनु हुन सादर अनुरोध गर्दछु। उल्लेखित समयावधी नाघेपछि प्राप्त भएको धारणा प्राविधिक कठिनाईका कारण वर्ष पुस्तकमा समावेश गर्न असमर्थ हुने छौं।

सहयोगको अपेक्षा सहित।

यसै बमोजिमको एक प्रति बुझि लियौं

सुशील प्याकुरेल
अध्यक्ष

मानवअधिकार र सामाजिक न्यायका निमित्त
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
पोष्ट बक्स : २७२६, कलंकी, काठमाडौं, नेपाल
टेलिफोन : [illegible] • फ्याक्स : [illegible]
e-mail : insec@wlink.com.np

insec

च.नं. ४३८

मिति ०५३ माघ ८ गते

श्री अध्यक्ष ज्यू

शान्तिपूर्ण प्रजातन्त्र पार्टी

[illegible], काठमाडौं।

बिषय :- मानवअधिकार स्थितिबारे आधिकारिक धारणा उपलब्ध गराइदिनु हुन।

महोदय,

उपरोक्त बिषयमा यस संस्थाद्वारा विगत सन् १९९२ देखि मानवअधिकार वर्ष पुस्तक प्रकाशन हुँदै आएको कुरा विदितै नै छ। यस वर्ष अर्थात् सन् १९९६ को वर्ष पुस्तक प्रकाशनको अन्तिम तयारीमा हामी जुटिसकेका छौं। गत वर्षहरूमा झैं यस वर्ष पनि मुलुकमा मानवअधिकारको स्थितिबारे यहाँको पार्टीले कसरी मूल्यांकन गरेको छ, सो सम्बन्धी आधिकारिक धारणा मानवअधिकार वर्ष पुस्तक १९९६ मा समावेश गरी प्रकाशन गर्नु सान्दर्भिक हुने हुँदा यो पत्राचार गरिएको छ। उक्त आधिकारिक धारणा आगामि माघ मसान्त भित्रै उपलब्ध गराई वर्ष पुस्तक प्रकाशनमा अमूल्य सहयोग पु-याइदिनु हुन सादर अनुरोध गर्दछु। उल्लेखित समयावधी नाघेपछि प्राप्त भएको धारणा प्राविधिक कठिनाईका कारण वर्ष पुस्तकमा समावेश गर्न असमर्थ हुने छौं।

सहयोगको अपेक्षा सहीत।

यसै कमीशिनको एकप्रति प्राप्त

सुशील प्याकुरेल
अध्यक्ष

मानवअधिकार र सामाजिक न्यायका निमित्त
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
पोष्ट बक्स : २७२६, कलंकी, काठमाडौं, नेपाल
टेलिफोन : २७०७७०/२७८७७० · फ्याक्स : २७०५५१
e-mail : insec@wlink.com.np

insec

च.नं. ४३८

मिति ०५३ माघ ८ गते

श्री अध्यक्ष ज्यू

नेपाल सद्भावना पार्टी

त्रिपुरेश्वर, काठमाडौं

विषय :- मानवअधिकार स्थितिबारे आधिकारिक धारणा उपलब्ध गराइदिनु हुन।

महोदय,

उपरोक्त विषयमा यस संस्थाद्वारा विगत सन् १९९२ देखि मानवअधिकार वर्ष पुस्तक प्रकाशन हुँदै आएको कुरा विदितै नै छ। यस वर्ष अर्थात् सन् १९९६ को वर्ष पुस्तक प्रकाशनको अन्तिम तयारीमा हामी जुटिसकेका छौं। गत वर्षहरूमा झैं यस वर्ष पनि मुलुकमा मानवअधिकारको स्थितिबारे यहाँको पार्टीले कसरी मूल्यांकन गरेको छ, सो सम्बन्धी आधिकारिक धारणा मानवअधिकार वर्ष पुस्तक १९९६ मा समावेश गरी प्रकाशन गर्नु सान्दर्भिक हुने हुँदा यो पत्राचार गरिएको छ। उक्त आधिकारिक धारणा आगामि माघ मसान्त भित्रै उपलब्ध गराई वर्ष पुस्तक प्रकाशनमा अमूल्य सहयोग पु-याइदिनु हुन सादर अनुरोध गर्दछु। उल्लेखित समयावधी नाघेपछि प्राप्त भएको धारणा प्राविधिक कठिनाईका कारण वर्ष पुस्तकमा समावेश गर्न असमर्थ हुने छौं।

सहयोगको अपेक्षा सहीत।

यसै बमोजिम एक प्रति प्राप्त भयो।

०५३ १०।१४

सुशील प्याकुरेल
अध्यक्ष

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
e-mail : insec@wlink.com.np

insec

च.नं. ३३८

०५३ माघ ८ गत

श्री अध्यक्ष ज्यू

संयुक्त जनमोर्चा नेपाल

....

विषय :- मानवअधिकार स्थितिबारे आधिकारिक धारणा उपलब्ध गराइदिनु हुन।

महोदय,

उपरोक्त विषयमा यस संस्थाद्वारा विगत सन् १९९२ देखि मानवअधिकार वर्ष पुस्तक प्रकाशन हुँदै आएको कुरा विदितै नै छ। यस वर्ष अर्थात् सन् १९९६ को वर्ष पुस्तक प्रकाशनको अन्तिम तयारीमा हामी जुटिसकेका छौं। गत वर्षहरूमा झैं यस वर्ष पनि मुलुकमा मानवअधिकारको स्थितिबारे यहाँको पार्टीले कसरी मुल्यांकन गरेको छ, सो सम्बन्धी आधिकारिक धारणा मानवअधिकार वर्ष पुस्तक १९९६ मा समावेश गरी प्रकाशन गर्नु सान्दर्भिक हुने हुँदा यो पत्राचार गरिएको छ। उक्त आधिकारिक धारणा आगामि माघ मसान्त भित्र उपलब्ध गराई वर्ष पुस्तक प्रकाशनमा अमूल्य सहयोग पु-याइदिनु हुन सादर अनुरोध गर्दछु। उल्लेखित समयावधी नाघेपछि प्राप्त भएको धारणा प्राविधिक कठिनाईका कारण वर्ष पुस्तकमा समावेश गर्न असमर्थ हुने छौं।

सहयोगको अपेक्षा सहीत।

यसै बमोजिम एक प्रति
प्राप्त भयो।
निरञ्जन वैद्य

....
सुशील प्याकुरेल
अध्यक्ष

मानवअधिकार र सामाजिक न्यायका निम्ति
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
पोष्ट बक्स : २७२६, कलंकी, काठमाडौं, नेपाल
टेलिफोन : २७०७७०/२७८७७० ॥ फ्याक्स : २७०५५१
e-mail : insec@wlink.com.np

अनुसूची १०

वर्ष पुस्तक १९९६ तयारीका क्रममा संलग्न व्यक्तिहरू

परिच्छेद तथा अनुसूची लेखन

१. डा. राजेश गौतम
२. सुबोधराज प्याकुरेल
३. नरनाथ लुइँटेल
४. शार्दूल भट्टराई
५. कुन्दन अर्याल
६. काशिराज दाहाल
७. गोपाल शिवाकोटी
८. गोपाल गुरागाईं
९. माधव पन्थी
१०. हरि फुयाँल
११. सुशन मास्के
१२. शिव ढकाल
१३. किरण माली
१४. नेपाल ट्रेड यूनियन महासंघ (जीफण्ट)
१५. नेपाल वाल मजदुर सरोकार केन्द्र (सीवीन)
१६. यातना पीडित सरोकार केन्द्र (सीभिक्ट)

जिल्ला प्रतिवेदन परिमार्जन

१. नरनाथ लुइँटेल
२. कृष्ण गौतम
३. शार्दूल भट्टराई
४. लेखनाथ भण्डारी

जिल्ला प्रतिवेदन रुजु

१. माधव पन्थी
२. युवराज काफ्ले
३. प्रकाश ज्ञवाली

जिल्ला प्रतिनिधिहरू

१. पूर्वाञ्चल

१.१	झापा	- कमल मिश्र
१.२	इलाम	- शोभा पराजुली
१.३	पाँचथर	- कृष्ण ओझा
१.४	ताप्लेजुङ	- धनेन्द्र मादेन
१.५	मोरङ	- दिपेन न्यौपाने
१.६	सुनसरी	- इन्दिरा गौतम
१.७	धनकुटा	- गुरुप्रसाद खतिवडा
१.८	तेह्रथुम	- ललित श्रेष्ठ
१.९	भोजपुर	- चित्राङ्गत चौलागाई
१.१०	संखुवासभा	- नेत्रप्रसाद गौतम
१.११	सप्तरी	- उपेन्द्रनारायण शाह
१.१२	सिरहा	- जिवच्छ शाह
१.१३	उदयपुर	- लिलाप्रसाद निरौला
१.१४	खोटाङ	- कुमार तिवारी
१.१५	ओखलढुंगा	- पेशलकुमार खतिवडा
१.१६	सोलुखुम्बु	- बुद्धिकुमार राजभण्डारी

२. मध्यमाञ्चल

२.१	धनुषा	- रमेशरञ्जन झा
२.२	महोत्तरी	- कुर्महरि सुवेदी
२.३	सर्लाही	- नारायणी ढुंगाना
२.४	सिन्धुली	- सुनिता नेपाल
२.५	रामेछाप	- नवराज पथिक
२.६	दोलखा	- वालकृष्ण शर्मा
२.७	रौतहट	- विवेक वाइवा
२.८	बारा	- कृष्ण लामा
२.९	पर्सा	- प्रेम कार्की
२.१०	चितवन	- मुकुन्द दाहाल
२.११	मकवानपुर	- प्रताप विष्ट
२.१२	ललितपुर	- युवराज काफ्ले
२.१३	काभ्रेपलान्चोक	- भोजराज तिमल्सिना
२.१४	भक्तपुर	- अकुर न्यौपाने
२.१५	काठमाडौं	- लेखनाथ भण्डारी
२.१६	धादिङ	- पुष्प रूपाखेती
२.१७	सिन्धुपाल्चोक	- कञ्चन प्रियदर्शी
२.१८	नुवाकोट	- नारायणराज के.सी.
२.१९	रसुवा	- अशोककुमार घिमिरे

३. पश्चिमाञ्चल

३.१	तनहुँ	- प्रेमप्रसाद पौडेल
३.२	गोरखा	- कुमारसिंह वस्नेत
३.३	लमजुङ	- युवराज अधिकारी
३.४	स्यांग्जा	- शंकर कार्की
३.५	कास्की	- लक्ष्मीराज पौडेल
३.६	मनाङ	- कर्साङ लामा
३.७	नवलपरासी	- माधव अधिकारी
३.८	रूपन्देही	- शिवराज सुवेदी/जंग नेपाली

३.९ पाल्पा - कर्णबहादुर वानियाँ
३.१० कपिलवस्तु - नारायणप्रसाद पौडेल
३.११ अर्घाखाँची - बोमबहादुर वि.क.
३.१२ गुल्मी - दिलशोभा पुन
३.१३ वाग्लुङ - गोविन्द गौतम
३.१४ पर्वत - लालशर्मा सुवेदी/भक्त बहादुर कुँवर
३.१५ म्याग्दी - भूपेन्द्र थापा
३.१६ मुस्ताङ - चुडामणि शर्मा

४. मध्यपश्चिमाञ्चल

४.१ दाङ - भरतमणि ढकाल
४.२ प्युठान - करूणा श्रेष्ठ
४.३ रोल्पा - घनश्याम आचार्य
४.४ सल्यान - चरणकमल आचार्य
४.५ रूकुम - दामोदर गौतम
४.६ बाँके - पूर्णचन्द्र उपाध्याय
४.७ बर्दिया - लोकनारायण पोखरेल
४.८ सुर्खेत - दिपक गौतम
४.९ जाजरकोट - राजकुमार शाक्य
४.१० दैलेख - बालकृष्ण के.सी.
४.११ डोल्पा - भक्तबहादुर थापा/ भोजराज भूसाल
४.१२ जुम्ला - विष्णुबहादुर महत
४.१३ कालिकोट - जजराज शाही
४.१४ मुगु - गोपालबहादुर बम
४.१५ हुम्ला - देवीशरण फडेरा

५. सुदूर पश्चिमाञ्चल

५.१ कैलाली - जनक भण्डारी
५.२ अछाम - भरतसिंह रावल
५.३ डोटी - विजय श्रेष्ठ
५.४ बाजुरा - लालबहादुर थापा
५.५ बझाङ - मोहनराज जोशी
५.६ कंचनपुर - भोलानाथ पोखरेल
५.७ डडेलधुरा - गणेशबहादुर कठायत
५.८ बैतडी - राजबहादुर विष्ट
५.९ दार्जुला - गंगादत्त जोशी

क्षेत्रीय कार्यालयमा संलग्न

पूर्वाञ्चल

१. दशरथ बुढाथोकी
२. टंक निरौला
३. गोपाल घिमिरे
४. शकुन्तला बराल
५. टिका पराजुली
६. राजेन्द्र दाहाल

पश्चिमाञ्चल

१. देवी बास्कोटा
२. जंग नेपाली
३. रमेशराज पौड्याल
४. शवनम शर्मा

मध्यपश्चिमाञ्चल

१. सूर्यप्रकाश भट्टराई
२. भोजराज भूसाल
३. सुरेश चौधरी
४. कृष्ण लुइँटेल
५. श्रुती रेग्मी
६. भीमबहादुर थापा

सुदूर पश्चिमाञ्चल

१. कुलराज घिमिरे
२. भोलानाथ महत क्षेत्री
३. विक्रम चौधरी

फोटो स्रोत

१. वर्ष पुस्तकको आफ्नै संकलन

रेखा चित्र

१. जीवन राजोपाध्याय
२. महेन्द्र श्रेष्ठ (आइडियल डिजाइनर्स)

सामाग्री सहयोग

१. शक्ति लम्साल
२. नवराज सुवेदी
३. ओम ढुङ्गाना
४. शंकर श्रेष्ठ (सर्लाही)
५. ईश्वरी ज्ञवाली

केन्द्रमा कार्यरत

१. मुकुन्द कट्टेल २. सीसम मिश्र
३. दीप सिलवाल ४. नरनाथ लुइँटेल
५. कृष्ण गौतम ६. माधव पन्थी
७. प्रकाश ज्ञवाली ७. गोविन्द त्रिपाठी
९. किरण माली १०. प्रेम पराजुली
११. नारायण दाहाल १२. प्रेक्षा ओझा
१३. आत्माराम शर्मा १४. अनिल मिश्र
१५. उपेन्द्रराज पौडेल १६. कृष्ण उपाध्याय
१७. कमला पराजुली १८. कविता अर्याल
१९. इन्दिरा फुयाँल २०. समीर नेपाल
२१. गीता माली २२. देविका तिमिल्सिना
२३. राजनारायण नेपाली २४. जगदीश दाहाल
२५. रमेश अधिकारी २६. विजय पाण्डे
२७. सिताराम लम्साल २८. श्याम महर्जन
२९. सरस्वती नेपाली

उत्कृष्ट जिल्ला प्रतिनिधिहरु

गत वर्ष झैं यस वर्ष पनि अधिराज्यका सबै विकास क्षेत्रका जिल्ला प्रतिनिधि मध्येबाट एक जनालाई राष्ट्रिय स्तरको "सर्वोत्कृष्ट सूचना प्रेषक" पुरस्कारले, अन्य चार जनालाई क्षेत्रीय स्तरको "उत्कृष्ट सूचना प्रेषक" पुरस्कारले र एकजनालाई "सान्त्वना" पुरस्कारले पुरस्कृत गर्ने निर्णय भए अनुरूप निम्नानुसारका जिल्ला प्रतिनिधि छानिनु भएको छ। "सर्वोत्कृष्ट सूचना प्रेषक" पुरस्कार प्रशंसा पत्र सहित रू. ५०००।-, "उत्कृष्ट सूचना प्रेषक" र "सान्त्वना" पुरस्कार प्रशंसा प्रत्र सहित रू. ३०००।- को रहेको छ। पुरस्कृत प्रतिनिधिहरूलाई वर्ष पुस्तक समितिको हार्दिक बधाई।



सर्वोत्कृष्ट - घनश्याम आचार्य - कार्यक्षेत्र : रोल्पा जिल्ला (मध्यपश्चिमाञ्चल)

उत्कृष्ट - कमलप्रसाद मिश्र - कार्यक्षेत्र : झापा जिल्ला (पूर्वाञ्चल)

उत्कृष्ट - भोजराज तिमल्सिना - कार्यक्षेत्र : काभ्रेपलान्चोक जिल्ला (मध्यमाञ्चल)

उत्कृष्ट - गोविन्द गौतम - कार्यक्षेत्र : बाग्लुङ जिल्ला (पश्चिमाञ्चल)

उत्कृष्ट - भरत सिंह रावल - कार्यक्षेत्र : अछाम जिल्ला (सुदूर पश्चिमाञ्चल)

सान्त्वना - शोभा पराजुली - कार्यक्षेत्र : इलाम जिल्ला (पूर्वाञ्चल)

अनुसूची ११

मानवअधिकार उल्लंघन पात्रो १९९६



यो संकेत भित्रको अंकले मानवअधिकार उल्लंघनका प्रमुख घटना संख्या जनाउँछ, पीडितको संख्या जनाउँदैन ।

घटना संख्या महिनामा



	कूल दिन	उल्लंघन दिन	उल्लंघन संख्या
१९९२	३६६	२०९	३६३
१९९३	३६५	३१७	१०३३
१९९४	३६५	३४७	१३९१
१९९५	३६५	३५५	१४५७
१९९६	३६६	३४०	२१४६

गते नछुट्टिएको ६७५

"

यो वर्षभरीको कूल घटना संख्या २१४६

हालसम्म प्रकाशित मानवअधिकार वर्ष पुस्तकहरू

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
स्युचाटार, कलंकी
पोष्ट वक्स २७२६, काठमाडौं
फोन : २७०७७०/२७८७७०